चौथो योजना
(२०२७–२०३२)

श्री ५ को सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरवार
नेपाल २०२७ श्रावण

श्री प्रमुख निजी सचिव
राजदरबार

नेपाल ।

श्री ५ महाराजाधिराज सरकारबाट वक्सेको सन्देश

नेपाली जनताको आर्थिक र सामाजिक स्तर उठाउने उद्देश्यले मेरो सरकारले अपनाएको योजनावद्ध विकास कार्यक्रमको सिलसिलामा तयार गरिएको यो चौथो योजनाको आरम्भका साथसाथै देशले योजनाबद्ध विकासको चौध बर्ष समाप्त गरी पन्द्रहौं बर्षमा प्रवेश गरेको छ । गत चौध वर्षमा भएको प्रगति सन्तोषजनकै भए तापनि देश विकासको कार्य अझ द्रुततर गतिले गर्नुपर्ने कुरा हामी सबैले महसूस गरेका छौं । देशको सीमित साधनको बढी से बढी मात्रामा सदुपयोग गर्ने हेतुले योजना कार्यान्वयन र प्रगति मूल्याङ्कन तर्फ पनि विशेष रूपले बढी मात्रामा दिनु पर्ने आवश्यक देखिन आएको छ ।

चौथो योजनाको अवधिमा राष्ट्रिय उत्पादनमा प्रतिवर्ष ४ प्रतिशतका दरले बृद्धि हुने अनुमान गरिएको छ । यस बृद्धिदरलाई हामीले हाम्रो अवस्थामा ज्यादै न्यून मान्नु पर्दछ तापनि पञ्चायत प्रणालीका निर्देशक सिद्धान्त अनुकूलदेशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई खेर ..... जनशक्तिको बढी से बढी अंश देश निर्माण कार्य निमित्त अनुशासित ढङ्गले ..... गराउन सकिएमा राष्ट्रिय उत्पादन दरमा ठूलो बृद्धि गर्न सकिन्छ भन्ने मेरो ..... । यस्तो कार्यमा सदैव देशका सबै वर्ग, विभिन्न तहका पञ्चायत, वर्गीय सङ्गठन, निजी क्षेत्र र सर्वसाधारण जनताको सहयोग आवश्यक हुन्छ । त्यसकारण देश निर्माणको पुनीत कार्यमा प्रत्येक देशवासीको पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने मलाई दृढ विश्वास छ र यस चौथो योजना तयार गर्नमा कुशल परिश्रम गर्ने सबैलाई धन्यवाद दिई यस योजनाको सफलताको निमित्त कामना गर्दछु ।

भूमिका

देशको गत १४ वर्षको योजनाबद्ध विकासको अनुभवको आधारमा योजना तर्जुमा र कार्यान्वयन बीचको अन्तर कम गर्ने एवं योजनालाई बढी व्यावहारिक र प्रभावशाली बनाउने हेतुले चौथो योजनाको तर्जुमा गरिएको छ । देशका अर्थशास्त्री, उद्योगपति, व्यापारी तथा कृषकहरूका प्रतिनिधिहरूलाई समेत योजना तर्जुमा कार्यमा सरीक गराइयो । राष्ट्रिय योजना आयोगले चौथो योजनाको तर्जुमाको आरम्भमा नै देशका प्रायः सबै स्तानकस्तरीय महाविद्यालयहरूमा "योजना चर्चापीठ"हरूको गठन गरी तिनीहरूको प्रतिनिधिहरू मध्येबाट निर्वाचित अर्थशास्त्रीहरूको सल्लाहकार समितिको गठन गरेको थियो । एवं रीतले उद्योगपति र व्यापारीहरूको र कृषकहरूको प्रतिनिधित्व भएको " उद्योपगति र व्यापारीहरूको समिति" र "कृषक समिति" को पनि गठन गरेको थियो । प्राप्त सहयोग निमित्त राष्ट्रिय योजना आयोग उक्त समितिहरू प्रति धन्यवाद प्रकट गर्न चाहन्छ । त्यस्तै गाउँ र जिल्ला पञ्चायतहरूबाट प्राप्त सुझाव र सहयोगको लागि पनि आयोग यी निकायहरू प्रति अनुगृहित छ ।

राष्ट्रिय योजना आयोगले चौथो योजनाको मसौदा श्री ५ को सरकारमा पेश गर्नु अगावै जन प्रतिकृया निमित्त प्रकाशित गरी प्राप्त भएका सुझावहरूको आधारमा यो अन्तिम मसौदा तयार गरी श्री ५ को सरकारमा पेश गरेको छ । जन प्रतिकृया निमित्त एक महिनाको अवधि कम भएको कुरा राष्ट्रिय योजना आयोगले पनि महसुस नगरेको होइन । बढी से बढी देशवासीहरूले छिटो र छरितो तरिकाले मसौदा हेर्न पाउन् भन्ने उद्देश्यले मसौदाको मुद्रालिखित प्रति वितरणको साथै दैनिक "गोरखापत्र" मा ज्येष्ठ १० गतेदेखि ऐ २६ गतेसम्म मसौदा प्रकाशित गरिएको हो । समय बढी भएको भए अवश्य पनि बढी जन प्रतिकृया पाइदो हो । जे जति पाइएको छ त्यसका लागि राष्ट्रिय योजना आयोग आभारी छ । योजना लागू भैसके पछि पनि योजनाअन्तर्गतको बार्षिक कार्यक्रम विनियोजन (बजेट) प्रणालीको माध्यमबाट नै लागू गरिने हुँदा चौथो योजना सम्बन्धी सुझावहरू भविष्यमा पनि प्राप्त भएमा राष्ट्रिय योजना आयोग अनुगृहित हुनेछ र प्राप्त सुझावहरू उपर यथाशक्य ध्यान दिइनेछ ।

अन्तमा, राष्ट्रिय योजना आयोग श्री ५ को सरकारका विभिन्न मन्त्रालय र विभागहरू तथा अन्य कार्यालयहरूबाट पाएको निरन्तर सहयोग निमित्त आभार प्रकट गर्न चाहन्छ । योजना तर्जुमा गर्दा कार्यान्वय गर्ने सम्बन्धित मन्त्रालय र विभागहरूको बढी से बढी सहयोग प्राप्त गर्ने उद्देश्य राष्ट्रिय योजना आयोगले सदैव लिएकोले सम्बन्धित विभागहरूबाट योजनाको कार्यान्वयन पनि राम्ररी सम्पन्न हुनेछ भन्ने आशा र विश्वास राष्ट्रिय योजना आयोगले लिएको छ ।

आषाढ, २०२७

राष्ट्रिय योजना आयोग

बिषय सूचि

भाग १

परिच्छेद	१:	चौथो योजनाको उद्देश्य र नीति	पाना सङ्ख्या
परिच्छेद	२:	चौथो योजनामा लाग्ने खर्च र त्यसको बाँडफाँट	
परिच्छेद	३:	वित्तीय साधनको व्यवस्था	
परिच्छेद	४:	जनसङ्ख्या र जनशक्ति	

भाग २

परिच्छेद	५:	कृषि
परिच्छेद	६:	कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखन व्यवस्था
परिच्छेद	७:	सिँचाइ
परिच्छेद	८:	नापी, भूमिसुधार र भूमि प्रशासन
परिच्छेद	९:	वन-वनस्पति
परिच्छेद	१०:	सडक यातायात
परिच्छेद	११:	हवाई यातायात
परिच्छेद	१२:	दूर सञ्चार
परिच्छेद	१३:	हुलाक
परिच्छेद	१४:	नेपाल अभियान्त्रिक प्रशिक्षालय (इञ्जिनियरिङ्ग इन्स्टिच्यूट)
परिच्छेद	१५:	उद्योग
परिच्छेद	१६:	घरेलु उद्योग
परिच्छेद	१७:	वाणिज्य
परिच्छेद	१८:	पर्यटन
परिच्छेद	१९:	भौगर्भिक सर्वेक्षण तथा खानी
परिच्छेद	२०:	विद्युत
परिच्छेद	२१:	जलस्रोत तथा जलवायु
परिच्छेद	२२:	शिक्षा
परिच्छेद	२३:	स्वास्थ्य
परिच्छेद	२४:	खानेपानी र ढल निर्माण
परिच्छेद	२५:	पञ्चायत
परिच्छेद	२६:	आवास तथा भौतिक परियोजना
परिच्छेद	२७:	सूचना प्रसार
परिच्छेद	२८:	प्रशासन सुधार
परिच्छेद	२९:	तथ्याङ्क

परिशिष्ट

परिशिष्ट	१	राष्ट्रिय उत्पादनको बृद्धि दर
परिशिष्ट	२:	विकास खर्चको वर्गीकरण
परिशिष्ट	३:	प्रादेशिक विकास योजना

परिच्छेद १

चौथो योजनाको उद्देश्य र नीति

देश विकास निरन्तर जारी रहने एक प्रकृया हो । विकासको उद्देश्य जनकल्याणमा निरन्तर बृद्धि गर्न सक्नु र भविष्यमा विकासको गतिलाई अझ तीव्र गतिमा लैजान चाहिने आधार खडा गर्नु हो । विकासको लक्ष्य पूरा गर्न सर्वप्रथम उत्पादनमा बृद्धि ल्याउनु पर्दछ । तर हाम्रो जस्तो मौजुदा विकासको चरणबाट एकै पटक उत्पादन बढाउने लक्ष्य मात्र कायम गरेर जन आकांक्षा पूरा हुने होइन । उत्पादन बृद्धिका साथै त्यसको न्यायोचित बितरण हुनसक्ने आधारलाई विस्तार गर्नुकासाथै वाह्य संसारसँग विकासको गतिलाई क्रमशः बढाउन चाहिने सरसामग्री तथा प्राविधिक ज्ञान उपलब्ध गर्ने उद्देश्यले पनि व्यापारको विस्तार गर्दै लैजानु नितान्त आवश्यक छ ।

चौथो योजना तर्जुमा गर्ने अवधिसम्म देशले धेरै वर्षको विकास कार्यक्रम सञ्चालन गरेको अनुभव प्राप्त गरेको छ । यस अवधिमा गरिएका आर्थिक तथा सामाजिक उपलब्धिहरूको जगमाथि नै भविष्यको विकास खडा हुने हो । वास्तवमा चौथो योजनाको लागि उपलब्ध गरिने साधनहरूको अधिकांश भाग पनि विगत योजनाकाल देखि चालू रहेका वा प्रारम्भ गरिएका योजनाहरूलाई नै आवश्यक पर्ने हुँदा चौथो योजनाकालमा नयाँ आयोजनाहरूमा हात हाल्नु भन्दा चालू योजनाहरूलाई बढी उपयोगी तुल्याउनु पर्ने स्थिति अन्तर्गत हालसम्म प्राप्त अनुभवको आधारमा भविष्यको विकासको गतिविधिलाई मोड दिने तथा सफल अनुभवहरूलाई अगाडि बढाउने प्रयास आगामी योजनामा सर्वोपरी रहने कुरा स्वतःसिद्ध छ ।

चौथो योजनाको उपलब्धि पनि विगत योजनाहरूको जस्तै विकास कार्यलाई उपलब्ध हुनसक्ने साधनलाई विभिन्न विकास कार्यक्रम र आयोजनामा गरिने लगानीमा निर्भर गर्दछ । कार्यक्रम र आयोजनाहरूको उद्देश्य राष्ट्रिय लक्ष्य र नीतिमा आधारित विभिन्न क्षेत्रीय योजनाहरूको आधारमा निर्धारित गरिनुपर्दछ । तसर्थ, योजना तर्जुमा गर्दा सर्वप्रथम राष्ट्रिय उद्देश्य र नीतिहरू निर्धारित गरी सोही अनुरूप क्षेत्रीय लक्ष्य र नीतिहरूको तर्जुमा गरिनुपर्दछ । साथै यी दुबैको बीचमा पारस्परिक सामञ्जस्य कायम हुनु जरुरी छ ।

चौथो योजनाकालमा उपलब्ध साधनलाई विकास कार्यक्रम तथा आयोजनामा लगानी गर्दा निम्न लिखित उद्देश्यहरू पूर्ति गर्न सहायक हुने किसिमबाट गरिनेछ । देश विकासको लागि वाञ्छनीय उद्देश्यहरू धेरै छन् र सबैको न त व्याख्या गर्न सम्भव छ न त सबैको एकेचोटी परिपूर्ति नै गर्न सकिन्छ । पञ्चायत व्यवस्थासँग आवद्ध तथा संविधानमा निर्दिष्ट लक्ष्यहरूको दृष्टिकोणबाट चौथो योजनाकालमा बढी प्राथमिकता दिनुपर्ने देखिएका केही मूलभूत उद्देश्यहरूबाट निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

१. **उत्पादनमा अधिकतम बृद्धि गर्ने**

जनकल्याणको अभिबृद्धि बढ्दो आर्थिक उन्नतिको आधारमा मात्र हुनसक्छ र यसको लागि देशको सर्वोपरि लक्ष्य उत्पादनमा बृद्धि गर्नु हुनजान्छ । हुनत आर्थिक शोषणको अन्त्य गर्न उत्पादनमा बृद्धि गर्नुको साथै वितरण विनिमय सम्बन्धी संगठन र व्यवस्थामा पनि आवश्यक परिवर्तन गर्नु जरुरी छ । तर, अनुचित आर्थिक दवाव र शोषणका सम्भावना हाम्रो जस्तो गरीब देशमा धेरै मात्रामा रहने हुनाले शोषण र अनुचित आर्थिक दवाबलाई हटाउन सर्वप्रथम गरीबीको मूलजडलाई नै निर्मूल गर्ने हाम्रो प्रयास हुनुपर्दछ । गरीबीको मूल कारण कम उत्पादन भएकोले शोषण रहित समाजको सृजना गर्न सर्वप्रथम उत्पादनमा अधिकतम बृद्धि गर्नु आवश्ययक छ । वर्तमान अर्थ व्यवस्थालाई ठोस आधारमा आधुनिकीकरण गर्ने दृष्टिकोणबाट मात्र होइन योजना र विकास कार्यबाट सर्वसाधारण जनताको सामान्य दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याई विकास कार्यमा जनताको विश्वास र सहयोग बढाउन पनि यो उद्देश्य अपनाउनु उपयुक्त छ । आवश्यक तथ्याङ्कको अभावमा चौथो योजनाअन्तर्गत राष्ट्रिय उत्पादनमा हुने वास्तविक बृद्धि यकिन गर्न सकिने स्थिति नभए तापनि चौथो योजनाको तर्जुमाकालमा उपलब्ध हुनसकेका तथ्याङ्कको आधारमा गरिएको मोटामोटी अनुमानलाई नै आधार मान्ने हो भने प्रस्तावित लगानी र त्यसबाट सम्पन्न हुने आयोजनाहरूबाट योजनाकालमा राष्ट्रिय उत्पादन बर्षिक चार प्रतिशतका दरले बृद्धि हुने सम्भावना देखिन्छ ।[८]

---

* पूरा विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

२. **निरन्तर विकासको लागि आवश्यक आधारहरू तयार गर्ने (जस्तै यातायात, सञ्चार, विद्युत, इत्यादी)**

जनसाधारणको जीवनस्तरमा न्यूनतम बृद्धिका साथै दीर्घकालीन विकासको निमित्त आधार पनि तयार गर्ने उद्देश्यले यातायात, विद्युत जस्तो देश विकासको लागि चाहिने साधनहरू ज्यादै अविकिसित अवस्थामा रहेको देशमा भविष्यको लागि विकासको गतिमा तीव्रता ल्याउनुको साथै उत्पादित वस्तुहरूको उचित विक्रीवितरणको व्यवस्था गर्नको लागि पनि विकासका आधारहरू खडा गरिनु पर्दछ, जुन कुरालाई विकासको प्रारम्भिक चरणहरूमा बढ्दो मात्रामा ध्यान दिइनुपर्दछ । तसर्थ, चौथो योजनाकालमा कार्यक्रम र आयोजनाहरूको छानवीन गरी लगानी गर्दा तुरून्त उत्पादन वढाई प्रतिव्यक्तिको आय बृद्धि गर्ने उद्देश्य र दीर्घकालीन विकासलाई चाहिने आधार स्थापित गर्ने लक्ष्यबीच उपयुक्त सन्तुलन कायम गर्ने प्रयास गरिएको छ ।

३. **अन्तर्राष्ट्रिय व्यापारको बिस्तार तथा विविधीकरण गर्ने**

नेपाल भू-परिवेष्ठित देश हुनाको कारण र अर्थ व्यवस्थामा लामो बैदेशिक व्यापारको अनुभव नभएको हुनाले अन्तर्राष्ट्रिय व्यापारको विस्तार र विविधीकरण आर्थिक विकासको एक मुख्य लक्ष्य हुन गएको छ । निर्यात व्यापारमा अपेक्षित बृद्धि र विविधीकरण ल्याउन सकिएमा त्यसबाट आर्थिक विकासमा गतिशीलता आउन सकी बढ्दो विकास कार्यका निमित्त आवश्यक सरसामानहरू आयात गर्ने क्षमतासमेत बढ्न जाने हुन्छ । नेपाल र भारतको बीचमा निकटतम आर्थिक सम्बन्ध कायम रहीरहने भए तापनि व्यापारको निमित्त एउटै देशमा मात्र निर्भर रहनु आर्थिक दृष्टिकोणबाट वाञ्छनीय नभएकोले नेपालको वैदेशिक व्यापारमा अनेकता ल्याउनु जरुरी भएको छ ।

४. **विकासको गतिसँग मेलखाने गरी मूल्य बृद्धिमा नियन्त्रण गरी यथासम्भव आर्थिक स्थिरताको वातावरणमा विकासको क्रममा गतिशीलता ल्याउने**

आर्थिक विकास र आर्थिक स्थिरतालाई साथै विचार नगरिएमा विकासको प्रतिकूल असर पर्न सक्ने अवस्था उत्पन्न हुन्छ । यसकारण आर्थिक उन्नति हुनुको साथै आर्थिक स्थिरता पनि एक लक्ष्यको रूपमा लिइनु पर्दछ । चौथो योजनाकाल मा उपयुक्त मौद्रिक तथा वित्तीय नीतिहरूको माध्यमबाट देशमा सामान्य आर्थिक स्थिरता कायम गर्न मूल्य बृद्धिमा नियन्त्रण र अन्तर्राष्ट्रिय व्यापार निबन्धनमा समेत सुधार ल्याउन आवश्यक छ । आर्थिक स्थिरताको अर्थ मूल्य स्थिरता मात्र होइन आर्थिक स्थिरताले योजनामा निर्धारित लक्ष्य र उद्देश्य अनुरूप सरकारद्वारा अपनाइने सम्पूर्ण आर्थिक नीतिलाई समेत जनाउँछ । आर्थिक नीतिहरू अनियमित र अस्थिर तरिकाबाट हेरफेर भई रहनाले योजनाबद्ध रूपमा सञ्चालित विकास प्रक्रियामा प्रतिकूल प्रभाव पर्ने तथ्यलाई समेत विचारगर्दा गतिशील विकासलाई आर्थिक स्थिरताको वातावरणमा कायम हुनु जरुरी छ ।

५. **श्रम शक्तिको प्रभावकारी उपयोग तथा जनसङ्ख्याको बृद्धिलाई नियन्त्रण गर्ने**

आर्थिक विकासको लक्ष्य कायम गर्दा देशमा रहेको श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने र जनसङ्ख्या बृद्धि दरको गतिलाई पनि आवश्यक नियन्त्रण गर्नेतर्फ पनि ध्यान दिनु जरुरी हुन आएको छ । नेपालको जनसङ्ख्या बृद्धि दर अरु कैयन देशको दाँजोमा कम देखिए तापनि जनसङ्ख्याको तुलनामा उपलब्ध साधन, खास गरी खेतीयोग्य जमिनको अनुपात सन्तोषप्रद छैन । परिवार नियोजन कार्यक्रमबाट यस स्थितिमा सुधार ल्याउन र प्रत्येक व्यक्तिको जीवनस्तर उठाउन मद्दत मिल्नेछ । साथै अत्यधिक मात्रामा श्रमशक्तिको उपयोग गर्ने उद्देश्य पूरा गर्न श्रमप्रधान कार्यविधिहरू अपनाउनाको साथै आर्थिक दृष्टिकोणबाट उपयुक्त देखिएसम्म स्थानीय सामग्रीहरूको उपभोगबाट हुने गुणक प्रभावले गर्दा पनि रोजगारीमा बृद्धि हुन जानेछ । यसका साथै योजनाकालमा कृषिमा बढ्ने उत्पादकत्व बृद्धिबाट प्रत्येक जनशक्तिको प्रभावकारी उपयोग हुन सक्ने गुञ्जायस देखिन्छ । तर कृषि र उद्योग वाणिज्य अन्य निर्माण कार्यमा सरकारी तथा गैर सरकारी लगानीको कृषि क्षेत्रमा श्रमशक्तिको स्थानान्तर बृहत रूपमा गर्न राष्ट्रिय अर्थ व्यवस्थाको आधारभूत ढाँचामा नै विविधीकरण गर्नु आवश्यक छ, जुन आगामी पाँच वर्ष अप्राप्य हुने कुरा स्वतः सिद्धछ ।

६. **शोषणरहित समाजको सृजना गर्नमा सहायक हुने स्थिति तयार गर्ने**

पञ्चायत व्यवस्थामा कुनै व्यक्ति वा वर्गले कुनै वर्गमाथि अनुचित आवश्यक दवाव दिन नपाउने शोषणरहित समाजको परिकल्पना गरिएको छ । वास्तवमा यो व्यवस्थाको दीर्घकालीन लक्ष्य निश्चय नै चौथो योजनाको पाँच वर्षको छोटो अवधिमा पूरा हुने होइन । तर, प्रत्येक विकास योजना व्यवस्थाको यस निर्दिष्ट लक्ष्यतर्फ देशलाई अघि वढाउने हिसाबले निर्धारित गरी सोही अनुरूप कार्यक्रमको तर्जुमा हुनु

आवश्यक छ । यस दृष्टिकोणबाट नै विगत वर्षहरूमा सामाजिक न्याय तथा आर्थिक उन्नतिको लागि भूमिसुधार, मुलुकी ऐनलगायत आधारभूत सडक निर्माणको साथै चौतर्फी विकासको लागि कृषि, उद्योग, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरूमा विकासका कार्यक्रमहरू देशव्यापी रूपमा सञ्चालन गरिएका हुन् । चौथो योजना कालमा पनि शोषणरहित समाजको सृजना गर्नमा सहायक हुने स्थिति तयार गर्न चाहिने आधारलाई अझ व्यापक र सुदृढ गरिनेछ ।

उपर्युक्त राष्ट्रिय उद्देश्यहरूको पूर्तिका लागि अपनाउनु पर्ने नीतिका सम्बन्धमा निश्चित रूपमा निम्नलिखित कुराहरू माथि ध्यान दिइनेछ ।

१. आन्तरिक साधनको परिचालन

आगामी पाँच वर्षमा द्रुत गतिले देशको विकास गर्ने र भविष्यमा अझ बढी दरमा विकास गर्न चाहिने आधारभूत स्थितिको श्रृजनासमेत साथ साथै गर्ने हो भने पुँजी निर्माणको दर वा लगानी दरमा यथासम्भव अधिकतम वृद्धि गर्नु अत्यावश्यक छ । यसको निमित्त लगानीयोग्य पुँजी आवश्यक मात्रामा उपलब्ध हुनु जरुरी छ । चौथो योजनाकालमा वैदेशिक सहायताको स्थान महत्वपूर्ण रहने भए तापनि विकास खर्चको वृद्धि आन्तरिक साधनको परिचालन मै निर्भर गर्नेछ । वास्तवमा वैदेशिक सहायता माथिको निर्भरता क्रमशः कम गर्दै लैजान पनि आन्तरिक साधनको परिचालनमा वृद्धि गर्नु जरुरी छ । सरकार तर्फबाट सामयिक कदमहरू उठाई आन्तरिक साधनको परिचालनमा प्रत्यक्ष रूपले वृद्धि गर्न सकिन्छ । यसको लागि कर वृद्धिको साथै सालबसाली खर्चमा मितव्ययिता हुनु जरुरी छ । सरकारी औद्योगिक तथा व्यावसायिक संस्थाहरूबाट पनि साधनको परिचालनमा योगदान पुऱ्याउन अत्यावश्यक देखिन आएकोछ ।

निजी क्षेत्रमा पनि वचतको परिचालनमा वृद्धि गर्नु जरुरी छ । यसको लागि संस्थागत सुधार गर्नुको साथै निजी क्षेत्रलाई आफ्नो आम्दानीबाट बढी मात्रामा वचत गर्न प्रोत्साहन गर्ने नीतिहरू अपनाउनु आवश्यक छ । यसका अतिरिक्त परिचालित वचतलाई लगानी गर्ने उपायहरू अहिले भन्दा बढी आकर्षक तथा प्रभावकारी बनाउन जरुरी छ ।

उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देश्यको पूर्तिको लागि लगानीमा वृद्धि गर्नुको साथै लगानीको किसिममा समेत सुहाउँदो परिवर्तन गरी यसको अधिकांश भाग बढी उत्पादनशील क्षेत्रमा लगाउने प्रयास हुनुपर्दछ । हाम्रो वर्तमान आर्थिक अवस्थामा कम लगानीबाट उत्पादनमा छिटो र अधिकतम वृद्धि गर्ने दृष्टिबाट अहिलेको निमित्त कृषि विकासमा नै जोड दिइनु पर्ने तथ्य निर्विवाद छ । शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाको विस्तार क्षेत्रमा बिस्तारवादी नीतिलाई भन्दा उपलब्ध भइरहेको सुविधाहरूको सुदृढीकरण गर्नमा जोड दिई योजनाअन्तर्गतका कार्यक्रमलाई विकासका अन्य क्षेत्रहरूका उद्देश्यहरू पूरा गर्नमा सहायता पुऱ्याउने हिसाबले निर्धारित गरिएको छ । उद्योगतर्फ गैर सरकारी लगानी आकर्षित गर्न सक्ने किसिमको अनुकूल वातावरणको सृजना गर्नेतर्फ बढी ध्यान दिनु बढी उपयुक्त हुनेछ । साथै कृषिजन्य उद्योगहरूलाई उत्साहित गर्नका साथ साथै चौथो योजनाका उद्देश्यहरू अनुरूप औद्योगिक विकास गर्नको लागि हालको नीतिको पुनरावलोकन गरी औद्योगिक प्राथमिकता क्रममा परिवर्तन गर्नु जरुरी हुन आएको छ । यातायात र सञ्चारको क्षेत्रमा पनि थप सुविधाहरूको विकास विस्तार दीर्घककालीन आवश्यकताको साथै चौथो योजनाअन्तर्गत निर्धारित विभिन्न क्षेत्रीय कार्यक्रमको आवश्यकतालाई ध्यान दिई ठोस र प्रत्यक्ष रूपबाट विकासलाइ सहायक हुने हिंसाबाट निर्धारित गरिनु पर्दछ । साथै विभिन्न क्षेत्रको खर्चमा हरसम्भव मितव्ययी हुन जरुरी छ । तसर्थ भवन निर्माण जस्ता उपरी व्ययमा आवश्यकतानुसार वाञ्छनीय मात्रामा मात्र खर्च गरिनु पर्दछ । एक अर्को सित सम्बन्धित आयोजना र कार्यक्रमको हकमा एक आयोजनाको क्षमता अर्को आयोजनाको क्षमतासित सन्तुलन नभएमा पनि सीमित साधनको दुरूपयोग हुने हुँदा आयोजना र कार्यक्रमहरूको साथै भौगोलिक वा प्रादेशिक दृष्टिकोणबाट पनि के कस्तो सम्बन्ध रहने हो सो कुरा ध्यान दिइनेछ । यसो भएमा चौथो योजनाकालमा कतै क्षमताको अभाव वा कतै क्षमताको प्रचूरताबाट साधनको दुरूपयोग हुने सम्भवना घट्न जानेछ ।

२. सीमित साधनको केन्द्रीकरण

सीमित साधनको अनेकौ आयोजना र कार्यक्रममा तितरवितर हुने गरी छरिँदा साधनको सदुपयोग नहुने हुनाले सीमित साधनको उपयोग उत्पादनमा अधिकतम वृद्धि हुन सक्ने केही क्षेत्रमा केन्द्रीभूत गरिने छ[1] । केही महत्वपूर्ण क्षेत्रहरूमा विकास कार्य केन्द्रीभूत गर्नाले त्यसको परिणामस्वरूप अन्य क्षेत्रहरूमा पनि

---

1 परिशिष्ट ३ हेर्नुहोस ।

अनुकूल प्रतिक्रिया पर्न गई त्यसबाट भविष्यमा द्रुततर विकास गर्न व्यापक रूपमा आधार तयार हुन सक्दछ । प्रशासकीय दृष्टिकोणबाट पनि सीमित साधनको केन्द्रीभूत गर्नु आवश्यक देखिन्छ ।

चौथो योजनाकालमा प्रादेशिक दृष्टिकोणबाट विकास कार्य तर्जुमा गर्दा पनि साधन केन्द्रीभूत गर्ने नीतिलाई सर्वोपरि राखिएको छ । अधिराज्यका विभिन्न प्रदेशको विकासको स्तरमा जो असमानता रहेको छ, त्यसलाई कम गर्दै लैजानु पर्ने कुरामा दुइ मत हुन सक्दैन । तर योजनामा प्रादेशिक दृष्टिकोणको अर्थ देशका सबै इलाकाहरूमा समान रूपबाट साधनको बाँडफाँट गर्नु वा समान विकास गर्नु होइन । प्रत्येक क्षेत्रमा उपलब्ध साधन र जनशक्तिको समुचित उपयोग गरी विकास कार्यहरूबाट प्राप्त हुने फल यथाशक्य बढी इलाकाहरूमा पुऱ्याई राष्ट्रिय र प्रादेशिक विकासमा सकभर छिटो सन्तुलन ल्याउने उद्देश्य रहनु आवश्यक छ तापनि विकासको प्रारम्भिक कालमा यी दीर्घकालीन उद्देश्यहरू हासिल गर्नमा सहायक हुने केही कदमहरू मात्र उठाउन सकिने कुरा स्पष्ट छ ।

साधन सीमित रहेको वर्तमान अवस्थामा देशका सबै इलाकालाई समान रूपबाट महत्व दिई समान रूपमा विकास गर्न नसकिने हुनाले चौथो योजनाअन्तर्गत केही चुनिएका प्रदेशमा विकास केन्द्रहरू श्रृजना गर्ने प्रयास गरिने छ । भौगोलिक तथा आर्थिक एवं सामाजिक पृष्ठभूमिमा केही प्रदेशमा विकासको सम्भावना अपेक्षाकृत बढी मात्रामा हुनु स्वभाविक छ । त्यसकारण द्रुततर आर्थिक प्रगतिका निमित्त यस्ता प्रदेशहरू पहिल्याउन जरुरी छ । तर राष्ट्रिय अर्थ व्यवस्था निरन्तर प्रगति गर्न सक्ने स्थितिमा पुऱ्याउन दुर्गम क्षेत्रको समेत समुचित विकास गर्नुपर्ने कुरा निर्विवाद छ । जनसङ्ख्याको अनुपातमा उपलब्ध साधन कम भएका पहाडी प्रदेशहरूमा बढ्दो जनसङ्ख्यालाई रोजगार दिलाई उनीहरूको आर्थिक जग बलियो पार्न चौथो योजनामा पहाडी क्षेत्रको दीर्घकालीन विकास गर्ने नीति अपनाउनु अनिवार्य भएको छ । यस नीतिको आधारमा प्रादेशिक विकास योजनाको क्रमिक कार्यान्वयनबाट पहाड र तराईको पारस्परिक आर्थिक सम्बन्ध बढाई यथासम्भव दुई क्षेत्रको एकीकरण गर्नेतर्फ ध्यान दिइनेछ । तदनुसार चौथो योजनाकालमा केही चुनिएका इलाकाहरूमा प्रादेशिक विकास कार्यक्रम प्रारम्भ गर्ने सिलसिलामा यस्ता इलाकाहरूको छनौट गर्दा परिवहन तथा अन्य आधारभूत सुविधाहरूको मौजुदा स्थिति र यी सुविधाहरूलाई गर्न सकिने सम्भावना लगायत देशको पहाडी तथा तराई प्रदेशहरूलाई एकीकरण गर्ने नीतिलाई पनि ध्यानमा राखिएको छ ।

३. निजी क्षेत्रमा लगानी गर्ने प्रोत्साहन

आर्थिक विकासको प्रारम्भिक चरणमा रहेको नेपालमा विकास कार्य सञ्चालन गर्न सरकारी क्षेत्रबाट सक्रिय भाग लिनुपरेको छ । सरकारतर्फबाट आधारभूत कुराहरूको श्रृजना गरी निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गर्ने नीति धेरै आकर्षक छ तापनि यदि उक्त आधारभूत कुराहरूको श्रृजनाबाट उत्पन्न अनुकूल लगानीको वातावरणको वावजूद पनि उत्पादनशील लगानीको परिमाण बढेन भने औद्योगिक आयोजनाहरू सोझै सरकारले नै स्थापना गर्नेतर्फ पनि सक्रिय हुनु पर्दछ । तर, यसो गर्दा यस्ता उद्योगहरूमा आइपर्ने व्यवस्था तथा सञ्चालनसम्बन्धी समस्याहरूलाई कुनै हालतमा पनि विर्सन हुन्न । सरकारी क्षेत्रमा रहेका उद्योग व्यवसायहरूको सञ्चालन दक्ष भएन भने उपभोक्ताहरूले अवाञ्छित कठिनाइहरूको भोग गर्नपर्ने सरकारी आयमा ठूलो ह्रास हुने र उल्टो निजी क्षेत्रलाई समेत निरुत्साहित हुने हुन्छ ।

निजी पुँजी नेपालमा नभएको होइन तर भएको पुँजी उत्पादक क्षेत्रमा लगानी हुन पाएको छैन । भूमिसुधार कार्यक्रम लागू भएपछि जग्गावालाहरूबाट कृषिमा लगाई आएको पुँजीले अन्य आर्थिक क्षेत्रमा लगानी गर्ने मौका पाउन नसकी उपलब्ध निजी पुँजीको प्रभावकारी उपयोग हुन नसकेकोले कुनै प्रकारबाट जग्गावालाहरूलाई लगानीको बाटो खोली दिन सकेमा निजी क्षेत्रमा लगानी वृद्धि हुने देखिन्छ । यसको लागि पनि औद्योगिक तथा व्यावसायिक लगानी आकर्षित गर्न सक्ने किसिमको अनुकूल वातावरणको श्रृजना गर्नु पर्ने हुन्छ ।

निजी क्षेत्रमा लगानी वृद्धि गर्ने उद्देश्यले चौथो योजनाकालमा निम्न लिखित उपायहरू अपनाइने छन् ।

(क) नेपाल औद्योगिक विकास करपोरेशनलाई बढी सुसंगठित र प्रभावकारी तुल्याउने,

(ख) नेपालको औद्योगिक नीति र प्राथमिकताहरूको पुनरावलोकन गरी चौथो योजनाको उद्देश्य अनुरूप बढी स्पष्ट तथा प्रभावकारी तुल्याई यसरी निर्धारित प्राथमिकता अनुरूप उद्योगहरूलाई प्रोत्साहित गर्न चाहिने सबै प्रकारका सुविधा सहुलियतहरू स्पष्ट जनाइ सरल र सुलभ गराउने व्यवस्था मिलाउने,

(ग) भावी औद्योगिक विकासको लागि चाहिने विभिन्न प्रकारका तालिम प्राप्त जनशक्तिको आयोजना तयार गरी सोही अनुरूप आवश्यकता अनुसार तालिम कार्यक्रम र सुविधाहरू पुऱ्याउने,

(घ) जग्गावालाहरूले आफ्नो जग्गा जोताहालाई बेच्न चाहेमा त्यस्तो जग्गा धितो रहने गरी खास खास उद्योग कार्यको लागि ऋण सुविधा उपलब्ध गराउने र यसको लागि हालका वित्तीय संस्थाहरूलाई अग्रसर गराउने,

(ङ) हाल स्थापना भइसकेका उद्योगहरूको विकास र बिस्तारको लागि पनि वित्तीय संस्थाहरूको अभिरुचि बढाउने,

(च) घरेलु तथा साना उद्योगहरूको योजनाबद्ध विकास तथा बिस्तारको लागि हालसम्म अपनाई आएको नीति र कार्यक्रमको मूल्याङ्कन गरी छानिएका केही उद्योगहरूलाई प्रभावकारी सहयोग र सहुलियतको आधारमा जुन स्थानको लागि सुहाउँदो हुन्छ सोही अनुसार घरेलु उद्योग व्यावसायलाई प्रोत्साहित गर्ने ।

विगत केही वर्ष यता रकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट व्यापारको क्षेत्रमा पनि हात हाल्दैछ । व्यापारको क्षेत्रमा सरकारले हात हाल्नुपर्ने दुई मुख्य कारणहरू छन् । प्रथमतः उपभोक्ताहरूलाई सुपथ मूल्यमा उपभोग्य सामानहरू नियमित र पर्याप्त मात्रामा पुऱ्याउने र दोस्रो, उचित नाफा लिई विकास कार्यको लागि खर्च गर्नेगरी सरकारी आम्दानी बढाउने । उपर्युक्त दुई उद्देश्यहरूसित मेल नखाने वा सरकारी सुविधाहरू प्राप्त गरी निजी क्षेत्रसित प्रतिस्पर्धा गर्ने किसिमका सरकारी व्यापारिक व्यवसाय न्यायोचित हुँदैन् । जहाँ निजी क्षेत्र सरकारको नियम बमोजिम सामाजिक हितप्रति उत्तरदायी रही काम गरिहेको छ, त्यहाँ सरकारले असमान आधारमा व्यापारिक क्षेत्रभित्र प्रतिस्पर्धा गर्नु उचित हुँदैन । चौथो योजनाकालमा सरकारी व्यापारिक व्यवसायसम्बन्धी कदमहरू उठाउँदा उपर्युक्त तथ्यलाई ध्यानमा राखिनेछ । वास्तवमा सरकारी र निजी क्षेत्र एउटै प्रक्रियाका दुई अभिन्न अङ्गहरू हुन र देशको आर्थिक विकास दुबै क्षेत्रको उन्नति र योगदानमा आधारित रहन्छ ।

४. व्यापार सम्बन्धी नीति

नेपालको वैदेशिक व्यापारलाई विस्तार गरी व्यापारको किसिममा अनेकता ल्याउने उद्देश्यको अनुरूप चौथो योजनाको लगानी कार्यमा सबभन्दा बढी निर्यातयोग्य बस्तुहरूको उत्पादनमा जोड दिइनेछ । खास गरी कोरा कच्चा वस्तुको तुलनामा प्रशोधित वस्तुहरूको निर्यात मूल्य बढी हुने हुनाले र त्यसबाट आम्दानी बढी मात्रामा बढाउन सकिने हुनाले यसको निम्ति कृषिजन्य उद्योगहरूको स्थापना गर्ने प्रयास हुनु जरुरी हुन आएको छ । नेपालको अन्तर्राष्ट्रिय व्यापार बिस्तार गर्ने सम्बन्धमा नेपाल भारत वाणिज्य सन्धि विषयमा २०२७ सालमा हुने वार्ताको परिणाम महत्वपूर्ण हुनेछ । त्यसकारण यस वार्ताको लागि भारतसित रही आएको आर्थिक सम्बन्धको समुचित पुनरावलोकनको साथै कुन प्राथिमकताको आधारमा सो सम्बन्ध सुदृढ गर्ने भन्ने कुराको पनि निर्धारण गर्नु जरुरी छ ।

निर्यात प्रवर्द्धनको निमित्त आर्थिक दृष्टिकोणबाट उपयुक्त र सामञ्जस्यपूर्ण व्यवस्था गर्न हालको निर्यात बोनस प्रणालीमा सुहाउँदो परिवर्तन गरिनेछ र यसै सन्दर्भमा विदेशी बिनिमय सम्बन्धी निश्चित नीति पनि अपनाइनेछ । यस नीतिअन्तर्गत विदेशी विनिमय कोषको अनुकूलतम स्तर निर्धारित गरी सङ्कलित विदेशी विनिमयको सदुपयोग गर्नेतर्फ कदम चालिनेछ ।

५. चौथो योजनाकालमा सामाजिक न्यायको आधार विस्तार गर्ने र अनुचित आर्थिक दवाव घटाउन अरु बढी प्रभावकारी ढङ्गबाट भूमिसुधार कार्यक्रम सञ्चालन गरी मुख्यतः वास्तविक किसानलाई उत्पादन बढाउने कार्यतिर सक्षम र सबल तुल्याइनेछ । निजी उद्योग तथा अन्य व्यवसायहरूलाई पनि आवश्यक प्रोत्साहन दिनुका साथै सार्वजनिक हितलाई ध्यानमा राखी उत्पादन मूल्य, उत्पादित बस्तुको गुण आदि यथोचित रूपबाट नियमित गरिनेछ । साथै, साना-साना उद्योगहरूको व्यवस्थित ढङ्गबाट विकास र बिस्तार गरी सहकारी संस्थाहरूको पनि आर्थिक क्षमताको आधारमा सुदृढ गरी राष्ट्रिय उत्पादन सम्बन्धमा बढी से बढी जनताले सरिक भई निर्णयात्मक कार्य गर्न सक्षम तुल्याइनेछ । श्री ५ को सरकारको कर व्यवस्थामा पनि बढी न्याय र समानता ल्याई मालपोतको आधारमा समेत समयानुकूल परिवर्तन गरिनेछ । देशको आर्थिक उन्नतिमा जन साधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराउन पञ्चायत प्रणालीको आर्थिक लक्ष्य अनुरूप योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यमा विभिन्न तहका पञ्चायतहरूलाई प्रभावकारी ढङ्गबाट सम्मिलित गराई स्थानीय विकास कार्यमा जनतालाई अझ बढी सक्रिय र क्रियाशील तुल्याउने प्रयत्न गरिनेछ ।

परिच्छेद २

चौथो योजनामा लाग्ने खर्च र त्यसको बाँडफाँट

तेस्रो योजनाको खर्च सम्बन्धी लक्ष्य र प्रगति

तेस्रो योजनामा कुल राष्ट्रिय उत्पादनमा १९ प्रतिशत बृद्धि गर्नका लागि रु. २५० करोड लाग्ने अनुमान गरी सरकारी क्षेत्रमा रु. १७४ करोड, पञ्चायत क्षेत्रमा २४ करोड र गैर सरकारी क्षेत्रमा रु. ५२ करोड खर्च हुने लक्ष्य तोकिएको थियो । तर, श्री ५ को सरकारबाट पञ्चायत क्षेत्रलाई ४ करोडको अनुदान र २ करोड विभिन्न स्वशासित व्यावसायिक संस्थानहरूमा लगानीको रूपमा उपलब्ध गरिने हुनाले विकास बजेटबाट व्यहोर्नु पर्ने रकम रु. १८० करोड पुग्दछ । यसको अतिरिक्त सरकारी वित्तीय संस्थाहरू मार्फत गैर सरकारी क्षेत्रलाई ऋणको रूपमा १५ करोड उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

तेस्रो योजना अवधिमा श्री ५ को सरकारको विकास कार्यक्रमअन्तर्गत पहिलो तीन वर्षमा भएको यथार्थ खर्च, २०२५।२६ को संशोधित अनुमान र २०२६।२७ को अनुमानसमेत गरी करिब १७८ करोड सरकारी क्षेत्रमा खर्च भएको अनुमान गरिएको छ । उक्त योजना अवधिमा पञ्चायत र गैर सरकारी क्षेत्रहरूमा भएको खर्चसम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेको छैन । श्री ५ को सरकारको विकास बजेटअन्तर्गत विभिन्न क्षेत्रमा भएको खर्च सम्बन्धी विवरण तालिका नं. १ मा दिइएको छ ।

तालिका नं. १

तेस्रो योजनाकालमा भएको -खर्च

(रु. हजारमा)

विषय	योजनाको लक्ष्य २०२२-२७	२०२२-२३		२०२३-२४		२०२४-२५		२०
		अनुमान	यथार्थ +	अनुमान	यथार्थ +	अनुमान	यथार्थ +	अनुमान
१. यातायात सञ्चार विद्युत	८७,५०,००	१३०६७८	११७०२७	१५२४५१	११६९३९	१४७३७१	१२८०५६	१७३०३
२. कृषि तथा ग्रामीण विकास	३७७५००	६३८८३	५६९६६	१०४७५५	७४३६२	९८५६१	७०६६५	१०११४
३. उद्योग विकास	१२५०००	२१३२६	२१७२६	१८७५९	१७५०७	२०३३३	१३६२८	१६४९
४. सामाजिक सेवा	२९२५००	५५०५८	४४९१०	५०६२०	४३७३०	५०२३७	३९३९६	५६१५७
५. विविध	७००००	३७८०९	२२३२५	४९८४७	१९८३६	३१५८४	१७७१९	५८१५
६. अन्य (शीर्षक नखुलेको)		१००	१००	५००	५०००	११००	११००	५३४०
जम्मा	१,७४००,०० ग	३०,८८,५४	२६,३०,५४	३७,६९,३२	२७,२८,०४	३४,९१,८६	२६,९५,६४	४५,८३,७

+ राष्ट्रिय योजना आयोगको सचिवालयमा उपलब्ध विवरणमा आधारित ।

ग यसमा पञ्चायतलाई अनुदान रु. ४ करोड र सरकारी संस्थानमा लगानी रु. २ करोड समावेश भएको छैन ।

उपर्युक्त खर्चको रकम श्री ५ को सरकारको विकास बजेटअन्तर्गत परे तापनि त्यसमा साधारण खर्च पनि समावेश भएकोले पूर्णतया विकास खर्चमा मान्नु अनुपयुक्त हुने भएकोले वास्तविक विकास खर्चको यकिन गर्नु जरूरी छ । यसका निमित्त राष्ट्रिय योजना आयोगको सिफारिस बमोजिम अर्थ मन्त्रालयद्वारा अपनाएको विकास खर्च र साधारण खर्चको नयाँ वर्गीकरण अनुसार तेस्रो योजना अवधिमा हुने वास्तविक विकास खर्च जम्मा १४२ करोड हुने अनुमान गरिएको छ । यो अनुमान मुख्यत: २०२५।२६ को बजेट विश्लेषणमा आधारित रहेको छ । प्रचलित परिपाटी र नयाँ वर्गीकरण तेस्रो योजना अवधिको प्रत्येक वर्षमा भएको विकास खर्चको तुलनात्मक विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २
तेस्रो योजना अवधिमा भएको विकास खर्च

(रु.करोडमा)

आर्थिक वर्ष	प्रचलित परिपाटी अनुसार विकास खर्च	नयाँ वर्गीकरण अनुसारको विकास खर्च
२०२२-२३	२६.३	२३.२
२०२३-२४	२७.३	२१.७
२०२४-२५	२७.०	२२.५
२०२५-२६	३६.६	३०.०
२०२६-२७	६०.८	४५.०
जम्मा	१७८.०	१४२.४

उपर्युक्त तालिकाबाट तेस्रो योजना अवधिमा सरकारी क्षेत्रमा भएको वास्तविक विकास खर्च प्रचलित परिपाटी अनुसारको विकास खर्च भन्दा करिब रु.३६ करोड कम हुने देखिन्छ । फेरि राष्ट्रिय उत्पादनमा भएको बृद्धिलाई खर्चसँग सम्बन्धित गर्दा उसमध्ये वास्तविक पूँजी लगानीको परिमाण यकिन गर्नु जरुरी हुन आउँदछ । नयाँ वर्गीकरण अनुसारको विकास खर्चमा सालबसाली खर्च पनि सम्मिलित हुने हुनाले पुँजी लगानीको परिमाण मात्र १४२ करोड भन्दा पनि कम हुने कुरा स्पष्ट छ ।

चौथो योजनामा लाग्ने खर्चको अनुमान गर्दा विकास खर्चको नयाँ वर्गीकरणलाई आधार मानिएको छ । यस अनुसार योजनको पहिलो वर्षदेखि नयाँ वर्गीकरण अनुसार विकास र साधारण बजेटको तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ । यस सम्बन्धमा विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

चौथो योजनाको प्राथिमकता:-

चौथो योजनाको लागि उपलब्ध हुने साधनको अधिकांश भाग विगत योजनामा चालू रहेका र पूरा नभएका आयोजनाहरूका साथै विदेशी सहायतासित सम्बन्धित आयोजनाहरूलाई नै आवश्यक पर्ने कुरालाई ध्यानमा राखी योजनाको उद्देश्य र नीति अनुरूप प्राथिमकता तोकिएको छ । भविष्यमा आर्थिक विकासको गतिमा तीव्रता ल्याउन सकिने आधारभूत स्थिति तयार गर्न सहायक हुने गरी चौथो योजनाअर्न्तगत उत्पादनमा अल्पसमयान्तरमा अधिकतम बृद्धि गर्ने उद्देश्यअनुसार यातायात र सञ्चारजस्ता आधारभूत क्षेत्रको विकास गर्न प्राथिमकता दिइएको छ । आर्थिक विकासको क्रममा गतिशीलता ल्याउनमा यातायातको अभाव एक प्रमुख अवरोधको रूपमा देखापरेको छ । यातायतको पर्याप्त सुविधा विना वृहत रूपमा कृषि र उद्योगको पनि विकास हुन सक्तैन । तसर्थ तेस्रो योजनाकालमा प्रारम्भ गरिएका तर पूरा भैनसकेका आयोजनाहरूका साथै प्रादेशिक विकासको लागि आवश्यक केही नयाँ आयोजनाहरूलाई समेत समावेश गर्नुपर्ने भएकाले चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रमा हुने खर्चको अधिकांश भाग यातायात र सञ्चार सुविधाको विकास कार्यलाई दिइएको छ ।

नेपालजस्तो देशमा जहाँ ९३ प्रतिशत भन्दा बढी जनशक्ति कृषिमा नै लागेका छन्, कृषि विकास महत्वपूर्ण छ र कृषि उत्पादनमा बृद्धि गरिए मात्र बहुसंख्यक जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । विकासको गतिलाई अघि बढाउनुका साथै आइपर्ने अवरोधहरू हटाउन विशेषत: खाद्यान्नको उत्पादनमा बृद्धि गर्नु अनिवार्य हुन्छ । देशमा रहेका उद्योगहरूको निमित्त चाहिने कच्चा पदार्थ पनि कृषि पैदावार नै हुन् । यसकारण योजनामा कृषि विकास कार्यक्रममा महत्वपूर्ण स्थान रहेको छ ।

प्राथमिकताको क्रममा यातायात र कृषि पछि उद्योगलाई स्थान दिइएको छ । उद्योगहरूको विकास गर्ने मुख्य अभिभारा निजी क्षेत्रको भए तापनि केही खास आधारभूत उद्योगहरूको विकास गर्न निजी क्षेत्र पूर्णतया समर्थ नभएमा यस्ता उद्योगहरूमा श्री ५ को सरकारले हात हाल्नेछ । साथै सरकारी क्षेत्रमा स्थापना भैसकेका उद्योगहरूको सुदृढीकरण गर्ने दिशातर्फ यस योजनाकाल मा ठोस सुधार कार्यहरू गरिनेछन् ।

शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाहरू व्यापक रूपमा विस्तार गर्नु वाञ्छनीय भएतापनि यसबाट सालबसाली पर्ने खर्चको बढ्दो बोझको विचार गरी बिस्तारवादी नीतिभन्दा उपलब्ध सुविधाहरूको सुधार र सुदृढीकरण गर्ने नीति बढी उपयुक्त मानिएको छ

चौथो योजनामा लाग्ने खर्च र त्यसको वाँडफाँट:

उपर्युक्त प्राथमिकताअनुरूप योजनामा निर्धारित विभिन्न क्षेत्रको लक्ष्य र कार्यक्रम पूरा गर्नको निमित्त जम्मा रु.३५४ करोड खर्च निर्धारित गरिएको छ। यसमध्ये सरकारी क्षेत्रमा रु.२५५ करोड, पञ्चायत क्षेत्रमा रु.१२ करोड र गैर-सरकारी क्षेत्रमा रु. ८७ करोड खर्च हुने अनुमान गरिएको छ। योजनामा हुने जम्मा रु.३५४[?] करोड मध्ये रु.२९३ करोड पुँजी लगानीको रूपमा हुनेछ, जसमध्ये सरकारी क्षेत्रमा रु.२१६ करोड, पञ्चायत क्षेत्रमा रु.१२ करोड र गैर-सरकारी क्षेत्रमा रु.६५ करोड हुने अनुमान छ।

योजनामा लाग्ने जम्मा रु.३५४ करोडमध्ये विभिन्न क्षेत्रमा हुने खर्चको वाँडफाँट तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ३

चौथो योजनामा खर्चको वाँडफाँट

(रु. **करोडमा**)

विषय	सरकारी क्षेत्र		पञ्चायत क्षेत्र		गैर-सरकारी क्षेत्र		जम्मा	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१. यातायात र सञ्चार	१०५.०	४१.२	५.२०	४३.३	१५.०	१७.३	१२५.२०	३५.४
२. कृषि, भूमिसुधार, सिँचाइ, वन तथा वनस्पति	६६.२८	२६.०	३.९०	३२.५	४७.०	५४.०	११७.१८	३३.१
३. उद्योग, वाणिज्य विद्युत र खानी	४७.०	१८.४	-	-	२५.०	२८.७	७२.०	२०.०
४. पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवा	३५.२५	१३.८	२.९०	२४.२	-	-	३८.१५	१०.८
५. तथ्याङ्क	१.४७	.६	-	-	-	-	१.४७	.४
जम्मा	२५५.०[Z]	१००[X]	१२.०	१००.	८७.०	१९०.	३५४.०	१००.

सरकारी क्षेत्रमा गरिने खर्च

चौथो योजनामा निर्धारित कुल खर्चमध्ये सरकारी क्षेत्रमा रु. २५५ करोड खर्च हुने अनुमान गरिएको छ। यसका अतिरिक्त श्री ५ को सरकारबाट पञ्चायत क्षेत्रलाई विकास अनुदानको रूपमा रु.२ करोड उपलब्ध गराइने छ। यसरी श्री ५ को सरकारबाट चौथो योजनाको लागि विकास बजेटअन्तर्गत रु.२५७ करोड व्यहोरिने छ।

सरकारी क्षेत्रमा हुने उपर्युक्त खर्चसम्बन्धी लक्ष्यअनुसार योजना अवधिमा प्रति वर्ष औसत ५० करोड भन्दा बढी खर्च गर्नुपर्ने हुन्छ। यो रकम तेस्रो योजना अवधिमा विकास खर्चको नयाँ वर्गीकरण अनुसार प्रतिवर्ष २९ करोड मात्र खर्च हुनसकेको तुलनामा उल्लेखनीय रूपबाट बृद्धि भएको देखिन्छ। तर, आर्थिक वर्ष २०२६।२७ मा रु.४५ करोड खर्च हुन सक्ने अनुमान गरिएको छ। यसको अतिरिक्त प्रशासकीय यन्त्रमा प्रस्तावित सुधारहरू भई यसलाई अरु बढी सुसंगठित र सुव्यवस्थित गर्दै जान सके मात्र बढ्दै जाने योजनाको कार्यक्रमहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्ने क्षमता प्रशासकीय यन्त्रमा सँचय हुनेछ। सरकारी क्षेत्रमा निर्धारित खर्चको रकम जुटाउन आन्तरिक तथा वाह्य स्रोतबाट योजना अवधिमा उपलब्ध हुने साधनको विस्तृत विवरण "वित्तीय साधनको व्यवस्था" सम्बन्धी परिच्छेदमा उल्लेख गरिएको छ।

पञ्चायत क्षेत्रमा हुने खर्च:-

देशको योजनाबद्ध विकास कार्यमा विभिन्न तहका पञ्चायतहरू महत्वपूर्ण माध्यमको .... ?

४. पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवा: ३७,२५,००

पञ्चायत ४,१०,८४न

< यसमा आवास घरमा हुने खर्च समावेश गरिएको छैन।

X यसमा कृषि विकास बैङ्कलाई तथा नेपाल औद्योगिक विकास कर्पोरेशनलाई शेयर पुँजी बढाउन चाहिने रू.२ करोड समावेश गरिएको छ।

Z यस मध्ये २ करोड सरकारी स्रोतबाट प्राप्त गरिनेछ।

	शिक्षा	११,९७,५२	
	स्वास्थ्य	१५,१२,३६	
	खानेपानी	३७,२६०	
	आवास	१२,८००	
	प्रशासन सुधार	२,५९७	
	सूचना तथा प्रसार	७७,७१	
५.	तथ्याङ्क		१४,७००
	जम्मा		२,५७,००,००

न्पञ्चायत क्षेत्रलाई दिइने रु.२ करोडको विकास अनुदान समेत ।

परिच्छेद ३

वित्तीय साधनको व्यवस्था

चौथो योजनाका निर्धारित लक्ष्यहरू पूरा गर्न चाहिने कुल वित्तीय साधन रु.३५४ करोडमध्ये सरकारी क्षेत्रको विकास कार्यलाई रु.२५५ करोड र सरकारी स्रोतबाट पञ्चायत क्षेत्रको विकास कार्यलाई चाहिने रु.२ करोड समेतको हिसाव गर्दा योजनाकालमा श्री ५ को सरकारबाट जम्मा रु.२५७ करोडको व्यवस्था मिलाउनु पर्ने कुरा माथि उल्लेख भइसकेको छ । उपलब्ध हुनसक्ने साधनका साथै न्यूनतम विकासको आवश्यकता पूरा गर्न चाहिने थप साधन जुटाउने प्रयासबाट योजनाको रूपरेखा तथा विकासका लक्ष्यहरू निर्धारित गरिएका छन् । तसर्थ, साधन परिचालन गर्न अपनाई आएको वर्तमान सरकारी नीति यथावत् रूपमा निश्चित रहने नमानी यसमा आवश्यक परिवर्तन तथा सुधार गर्नु पर्ने आवश्यकतालाई समेत दृष्टिगत राखी योजनाकालमा उपलब्ध हुनसक्ने र हुनु पर्ने वित्तीय साधनको व्यवस्था मिलाइएको छ । गैर-सरकारी तथा पञ्चायत क्षेत्रहरूका निर्धारित उद्देश्य पूरा गर्न उपलब्ध हुनसक्ने साधनको लेखाजोखा गरी चाहिने साधन पूरा हुन आउने कुरा माथि उल्लेख भइसकेको छ ।

सरकारी क्षेत्रः–

आर्थिक विकासको क्रममा साधन र लगानीबीच सम्पूर्ण अर्थ व्यवस्थाको दृष्टिकोणले सकभर सन्तुलित स्थिति कायम गर्ने उद्देश्यबाट विचार हुन वाञ्छनीय छ । तर न्यूनतम आवश्यकतालाई ध्यानमा राखी विकासको गतिविधिलाई अगाडि बढाउन चाहिने लगानीको लागि उपलब्ध वचत अपर्याप्त भएमा यसबाट उत्पन्न हुने असन्तुलनबाट अर्थ व्यवस्थामा पर्ने सम्भावित प्रभावको पनि विचार हुनु जरुरी छ । तर, नेपालमा हालसम्म राष्ट्रिय आय तथा शोधनान्तरसम्बन्धी तथ्याङ्कको अभाव हुँदा सम्पूर्ण अर्थ व्यवस्थाको आधारमा वचत र लगानी बारे आवश्यक जानकारी नहुनु स्वाभाविकै हो । यसकारण उपलब्ध तथ्याङ्कको आधारमा कमसेकम वित्तीय सन्तुलन अर्थ व्यवस्थामा कायम होस् भन्ने धारणाबाट चौथो योजनाकालमा सरकारी क्षेत्रको लागि उपलब्ध हुन सक्ने वित्तीय साधनको अनुमान गरिएको छ ।

विगत वर्षहरूमा श्री ५ को सरकारको राजस्व र साधारण खर्चमा भएको परिवर्तन, भविष्यमा तिनीहरूमा हुनसक्ने सम्भावित परिवर्तन, राजनैतिक दृष्टिकोणबाट व्यावहारिक हुनसक्ने थप करभारका साथै अर्थ व्यवस्थामा प्रतिकूल प्रभाव नपर्ने गरी सामान्य स्थिरताको उद्देश्य अनुरूप उपयुक्त हुनसक्ने हिसाबले आन्तरिक ऋण, बैदेशिक ऋण तथा घाटा अर्थव्यवस्था तथा सञ्चित विदेशी विनियको सदुपयोग गर्ने आधारमा चौथो योजनाकालमा सरकारी क्षेत्रको विकासका लागि उपलब्ध हुनसक्ने साधनको अुनमान गरिएको छ । विकासको गतिविधिलाई बढाउनका साथै विदेशी सहायता माथिको निर्भरतालाई क्रमशः घटाउँदै लैजाने दीर्घकालिन उद्देश्यअनुरूप चौथो योजनाकालमा विदेशी सहायताको अनुपात वर्तमान स्तरबाट घटाउने प्रयास गरिएको छ । यसकारण साधन र स्रोतको सारांश तल प्रस्तुत गरिएको छ ।

चौथो योजनाका लागि साधन

	स्रोत	रु.करोड	प्रतिशत
आन्तरिक स्रोतः		१०८.००	४२.०
(क)	राजस्वको बचत	३३.००	१२.८
(ख)	कर परिवर्तनबाट हुने थप राजस्व	३०.००	११.७
(ग)	आन्तरिक ऋण	१५.००	५.८
(घ)	घाटा अर्थ व्यवस्था	२०.००	७.८
(ङ)	न्यून (शोधानान्तर रकम)	१०.००	३.९
विदेशी सहायत		१४९.००	५८.०
(च)	सहायता	१२९.००	५०.२
(छ)	ऋण	२०.००	७.८
जम्मा		२५७.००	१००.०

(क) राजस्वको बचतः- आर्थिक वर्ष २०२६।२७ को अनुमानित राजस्व रु.४३ करोडबाट चौथो योजनाकालमा वार्षिक ५ प्रतिशतका दरले राजस्वमा बृद्धिहुने र साधारण खर्च वार्षिक १० प्रतिशतका दरले बढ्ने अनुमानको आधारमा विस्तृत रूपले हिसाब गर्दा चौथो योजनाको लागि राजस्वको बचतबाट रु.३३ करोड उपलब्ध हुन आउने देखिन्छ ।

आर्थिक वर्ष २०२०।२१ देखि २०२६।२७ सम्मको ७ वर्षको अवधिमा कुल राजस्व वार्षिक १९प्रतिशतले बृद्धि भएको देखिन्छ । यो उल्लेखनीय बृद्धि कर प्रशासनमा सुधार, करको बढी फैलावट र वार्षिक विकासजस्ता अर्थ

व्यवस्थाको सामान्य विकासको प्रक्रियाको कारणले भन्दा समय समयमा विभिन्न करहरूमा भएको बृद्धिको कारणबाट सम्भव हुन आएको देखिन्छ । तसर्थ, भविष्यमा हुने राजस्वको बृद्धि दर अनुमान गर्दा अर्थ व्यवस्थाको सामान्य विकासको प्रक्रियाको कारण र कर दरमा भएको बौद्धिका कारणबाट विगत वर्षहरूमा कुन अनुपातले राजस्व बढ्न गएको छ सो छुट्टा छुट्टै रूपमा विश्लेषण हुन जरुरी छ । माथि उल्लेखित ७ वर्षको अवधिमा विकासको प्रक्रियाको कारणले मात्र राजस्वमा वार्षिक ८ प्रतिशत भन्दा बढी दरले बृद्धि भएको देखिदैन । वास्तवमा ८ प्रतिशतका दरले बृद्धि हुनाको कारण पनि त्यस अवधिमा भएको मूल्य बृद्धि देखिन्छ । अनुमानित स्थिर मूल्यको आधारमा हिसाब गर्दा सामान्य बिकासको प्रक्रियाबाट बार्षिक ८ प्रतिशतले मात्र राजस्व बढ्न सकेको देखिन्छ । तसर्थ आर्थिक वर्ष २०२६।२७ को अनुमानित राजस्व रु.४३ करोडको स्तरबाट चौथो योजनाकालमा स्थिर मूल्यको हिसाबले बार्षिक ५ प्रतिशतका दरले राजस्वमा बृद्धिहुने अनुमान बिगत वर्षहरूको अनुभवले हेर्दा आशाबादी मान्नु पर्दछ । राजस्व बृद्धि ५ प्रतिशत भन्दा कम तुल्याउन सकिने कतिपय कारणहरू छन् जुन परिमाणात्मक रूपमा यकिन गर्न सकिदैन । भारतमा कृषि उपजको मूल्य सूची हेर्दा निर्यात क्षेत्रबाट नेपालको राष्ट्रिय आयमा प्रतिकूल प्रभाव परी अन्य क्षेत्रहरूबाट समेत राजस्व बढाउनमा कठिनाई पर्ने सम्भावना छ । त्यस्तै निर्यात व्यापारमा देखा परेका अवरोधका साथै गिफ्ट पार्सल व्यवस्थाको खारेजीले पनि राजस्वमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । तर योजनाकालमा प्रस्तावित बढ्दो लगानीबाट हुने आर्थिक विकासको कारणबाट राजस्वमा अनुकूल प्रभाव पर्ने तथ्यलाई पनि एक साथ विचार गरिनु आवश्यक छ ।

चौथो योजनाको प्रारम्भदेखि राष्ट्रिय योजना आयोगको सिफारिस बमोजिम अर्थ मन्त्रालयले साधारण र विकास खर्चको वर्गीकरण नयाँ परिभाषा अनुसार गर्ने छ[1] । नयाँ परिभाषा अनुसार वर्गीकरण गर्दा विकास बजेट अन्तर्गत परेका कतिपय खर्चका रकमहरू साधारण बजेट अन्तर्गत पर्न आउँछन् । प्रचलित परिपाटी र नयाँ वर्गीकरणको अन्तर उदाहरणको लागि आर्थिक वर्ष २०२५।२६ को आधारमा दर्शाउन सकिन्छ ।

नयाँ वर्गीकरण अनुसार २०२५।२६ को बजेट

(रु, करोडमा)

साधरण वजेट	प्रचलित अनुसार परिभाषा	नयाँ परिभाषा अनुसार
(क) सालवसाली खर्च	२०.१९	२६.९५
(ख) ऋण भुक्तानी	७.१७ २०.९०	४.४५ ३१.४०
विकास वजेट		
(क) सालवसालीको खर्च	६.७६	–
(ख) ऋण भुक्तानी	३.७४	–
(ग) विकास खर्च	३५.३४ ४५.८४	३५.३४ ३४.३४
कुल खर्च	६६.७४	६६.७४

आर्थिक वर्ष २०२०।२१ देखि २०२६/२७ सम्मको ७ वर्षको अवधिमा प्रचलित मूल्यअनुसार साधारण खर्च वार्षिक १२।१३ प्रतिशतले वृद्धि भएको देखिन्छ । तर २०२०/२१ को स्थिर मूल्यअनुसार १० प्रतिशतले मात्र भएको देखिन्छ । चौथो योजनाकालमा २०२६/२७ को स्थिर मूल्यअनुसार साधारण खर्च वार्षिक १० प्रतिशतले अनुमान गरिएको छ । यसका लागि प्रशासकीय क्षमता र मितव्ययितामा वास्तविक रूपले ध्यान दिनु जरुरी छ । तर, साधारण खर्चको ठूलो अनुपात तलव भत्ता नै भएको कुरा स्पष्ट छ । माथि उल्लिखित विवरणको आधारमा चौथो योजनाकालमा कुल राजस्व रु.२४९ करोड र कुल साधारण खर्च रु २१६ करोड हुने अनुमान छ र यस अनुसार चौथो योजनाको लागि राजस्व वचतबाट रु.३३ करोड उपलब्ध हुने आशा गरिएको छ ।

(ख) कर परिवर्तनबाट हुने राजस्वः

प्रचलित करहरूको दरमा परिवर्तन गरी राजस्वमा वृद्धि गर्ने कार्य व्यवहारिक दृष्टिकोणबाट तेस्रो योजनाकालमा भन्दा कठिन हुनेछ । विगत वर्षहरूमा भएको भन्सार, आयकर, विक्रीकर तथा मालपोतको वृद्धिले गर्दा यी करहरूको दरमा परिवर्तन गरी थप राजस्व उपलब्ध गर्ने गुञ्जाइस सीमित देखिन्छ । तर, प्रचलित कर दरमा केही परिवर्तन गर्नुका साथै कर प्रशासनलाई अझ बढी सुदृढ र सक्षम गरी विकासलाई आवश्यक न्यूनतम साधन आन्तरिक स्रोतहरूबाट उपलब्ध गराउन नसकिएमा विकासको गतिमा प्रतिकूल प्रभाव पर्ने वा विदेशी सहायता माथिको निर्भरता बढ्ने कुरा स्वतः सिद्ध छ । आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट विचार गर्दा कृषिबाट राजस्वमा बढी योगदान पुऱ्याउन नसकिने देखिदैन, तर यसका लागि हालको भूमिकर व्यवस्थालाई वैज्ञानिक आधारमा परिवर्तन गरी न्यायपूर्ण तुल्याउनु जरुरी छ । त्यस्तै सरकारी स्वामित्व भएका औद्योगिक, व्यवसायिक तथा वित्तीय संस्थानहरूको कार्यकुशलता बढाई मितव्ययिताको आधारमा सक्षम बाट सञ्चालन गरी राजस्वमा आशातीत योगदान

---

[1] विस्तृत विवरण अनुसूचि २ मा प्रस्तुत गन्छि ।

पुऱ्याउन अत्यावश्यक देखिन आएको छ । तसर्थ, प्रचलित करको दरमा परिवर्तन, कर प्रशासनमा सुधार सरकारी स्वामित्व भएका संस्थानहरूबाट हुने आर्जनसमेत गरी चौथो योजनाको लागि कुल रु.३० करोड साधन उपलब्ध हुने अनुमान गरिएको छ ।

(ग) आन्तरिक ऋण:

तेस्रो योजनाकालमा उठाइएको रु.५.९ करोडको आन्तरिक ऋणको दाँजोमा चौथो योजनाकालमा रु.१५ करोड उठाउन पर्ने देखिन्छ । देशका वाणिज्य बैङ्कहरू, बिमा कम्पनी तथा सञ्चयकोषजस्ता सरकारी क्षेत्रका वित्तीय संस्थाहरूको हालको स्थितिलाई विस्तार गर्दा चौथो योजनाकालमा आन्तरिक ऋणबाट रु.१५ करोड वा सोभन्दा केही बढी पनि उठाउन सकिने सम्भावना नभएको होइन, तर आन्तरिक ऋणको परिमाण ऋण उठाउन सकिने परिस्थितिले भन्दा सरकारले भविष्यमा कतिसम्म ऋणको भार वहन गर्न सक्छ र आन्तरिक ऋणको दाँजोमा अन्यान्य स्रोतहरूबाट चाहिने साधन जुटाउन पर्ने तुलनात्मक खर्चको हिसाबले निश्चित हुन वाञ्छनीय छ । हाल उपलब्ध लगानी योग्य वचतको विचार गर्दा प्रचलित व्याज तथा ऋणको अवधिसम्बन्धी सर्तहरूले आन्तरिक ऋणबाट साधन परिचालन गर्ने व्यवस्था सरकारी दृष्टिकोणबाट बढी खर्चिलो देखिन आएको छ । यसको साथै ऋणको बदलामा घाटा अर्थ व्यवस्थाबाट साधन जुटाउने तर्फ पनि विचार हुनु आवश्यक छ । घाटा अर्थ व्यवस्थाबाट विकास खर्च पूर्ति गर्ने सम्भावना सीमित भए तापनि वाञ्छनीय सीमा भित्र यस स्रोतबाट साधन जुटाउँदा सरकारलाई पर्ने दायित्व कम हुन्छ ।

(घ) घाटा अर्थ व्यवस्था:

चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रको विकास कार्यको लागि आवश्यक साधन जुटाउन अन्य स्रोतहरूबाट नपुग हुन आउने रकममध्ये रु.२० करोड घाटाको व्यवस्थाबाट पूर्ति गर्ने लक्ष्य राखिएको छ । यसबाट अर्थ व्यवस्थामा असन्तुलन आई प्रतिकूल प्रभाव पर्ने देखिँदैन । गैर-सरकारी क्षेत्रका लागि उपलब्ध तथा आवश्यक साधन सामान्यत: सन्तुलित रहने अनुमान गरिएमा सरकारी क्षेत्रमा उपलब्ध हुने साधन र खर्चबाट अर्थ व्यवस्थाको स्थिति निर्धारित गरिएको हुन्छ । वास्तवमा वाणिज्य बैङ्कहरू साथै अन्य सरकारी संस्थाहरूमा रहेको मौज्दात वचत रकमको विचार गर्दा गैर-सरकारी क्षेत्रमा अत्यधिक साधन उपलब्ध भएको संकेत मिल्दछ । यसकारण सरकारी क्षेत्रको खर्च राजस्वका साथै आन्तरिक ऋणबाट व्यहोरिएमा वित्तीय सन्तुलन भएको मान्नु पर्दछ । त्यस्तै, मालसामान तथा सेवाको रूपमा उपलब्ध हुने वैदेशिक सहायताबाट व्यहोरिने लगानी पनि सन्तुलित मान्नु पर्दछ । तसर्थ वचत र लगानी बीच हुनुपर्ने उपयुक्त सम्बन्ध सम्बन्ध बारे विचार गर्दा एउटै प्रश्न उपर विचार गर्न बाँकी हुन आउँदछ, त्यो हो घाटा अर्थ व्यवस्थाबाट व्यहोरिने लगानीको परिणाम ।

देशको मूल्य तथा शोधनान्तर स्थितिमा पर्ने प्रतिकूल प्रभावले स्वभावत: घाटा अर्थ व्यवस्थाको सीमा निर्धारित गरिएको हुन्छ । मूल्य बढ्ने अनेकन कारणहरूमध्ये घाटा अर्थ व्यवस्था पनि एक हो । तर, प्रस्तावित घाटा रकम मुख्यत: परिवर्त्य विदेशी विनिमयको बढ्दो सञ्चयलाई घटाई सोही अनुपातमा विकासका भौतिक साधनहरू बाहिरबाट जुटाउने हिसाबले खर्च गरिने हुँदा यसबाट आन्तरिक मूल्य स्थितिमा कुनै प्रतिकूल प्रभाव पर्ने सम्भावना देखिँदैन । विगत केही वर्षहरूमा मुद्रा प्रदायमा वृद्धि हुनाको एक मूलभूत कारण विदेशी विनिमयको सञ्चयमा भएको निरन्तर वृद्धि नै हो । वितेका केही वर्षहरूमा भएको विदेशी विनिमयको आर्जनको आधारमा चौथो योजनाकालमा हुने विदेशी विनिमयको आर्जनको अनुमान, हालको सञ्चय र आन्तरिक स्रोतबाट उपलब्ध हुने साधनको परिमाण, बढ्दो विदेशी व्यापारलाई चाहिने न्यूनतम विदेशी विनिमयको सञ्चय, देशको मुद्रा प्रदायको अनुपातमा सञ्चित हुनुपर्ने परिवर्त्य विदेशी विनिमयको परिमाणका साथै चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रमा सञ्चालन हुने विकास कार्यक्रमको लागि आवश्यक हुने विदेशी विनिमयको परिमाणसमेतको एक साथ विचार गर्दा प्रस्तावित रु.२० करोडको घाटा व्यवस्था विकासको गतिविधिलाई बढाउने दृष्टिकोणबाट आवश्यक देखिन आएको छ ।

(ङ) न्यून:

माथि उल्लेख गरिएका सबै आन्तरिक स्रोतहरूबाट उपलब्ध हुने साधनबाट विभिन्न क्षेत्रअन्तर्गत सञ्चालित हुने विकास आयोजनाहरूलाई चाहिने साधन जुटाउन रु. १० करोड कमी देखिन आएको छ । यसरी न्यून हुन आएको रकम विदेशी मुद्राको सञ्चित रकमबाट थप खर्च व्यहोर्न सकिने सम्भावना भए त्यसैबाट व्यहोरिने छ । साधनको अनुमान गर्दा आज विदेशी मुद्राको सञ्चय हाम्रो निकट भविष्यको आवश्यकताभन्दा बढी देखिन्छ तापनि विदेशी मुद्राको न्यून भए मात्र उक्त सञ्चयबाट खर्च गर्न मिल्ने हुन्छ अन्यथा आवश्यक रकम आन्तरिक साधनको परिचालनबाट नै जुटाउनु पर्ने हुन्छ ।

(च) विदेशी सहायता:

योजनाकालमा ऋण र अनुदान दुबै गरी प्राप्त भएको विदेशी सहायता रु.६५ करोड भनदा बढी हुने देखिँदैन । विदेशी सहायताबाट तेस्रो योजनाकालको पहिलो तीन वर्षमा प्राप्त भएको यथार्थ रकम र चौथो वर्षको संशोधित र अन्तिम वर्षको अनुमानित रकमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०२५।२६ को

तुलनामा २६।२७ मा विदेशी सहायताको अनुमान निकै बढी देखिन्छ तापनि वास्तवमा रु.२७ करोडभन्दा बढी प्राप्त नहुने देखिन्छ ।

विदेशी सहायता

(रु. करोडमा)

विदेशी सहायताको किसिम	यथार्थ २०२२।२३	यथार्थ २०२३।२४	यथार्थ २०२५।२५	संशोधित अनुमान २०२५।२६	अनुमान २०२६।२७	जम्मा
अनुदान	१७.५३	१४.२२	१५.८१	२१.४२	३२.९२	१०१.९०
ऋण	०.३३	०.३७	–	–	१२.५	१.९५
जम्मा	१७.८६	१४.५९	१५.८१	२१.४२	३४.१७	१०३.८५

चौथो योजनाको लागि विदेशी सहायताको रकम अगाडिबाटै अनुमान गर्न निकै कठिन छ तापनि तेस्रो योजनाको अनुभव, योजनाअन्तर्गत सञ्चालित हुने अयोजनाहरूको किसिम, स्थानीय खर्चको लागि उपलब्ध हुने आन्तरिक साधनको परिणाम आदि कतिपय कुराहरूको विचार गरी प्रारम्भिक रूपमा विदेशी सहायताको अनुमान गरिएको छ । यस अनुसार अनुदानको रूपमा रु. १२९ करोड र ऋणको रूपमा २० करोड गरी जम्मा विदेशी सहायता रु.१४९ करोड चौथो योजनाको लागि उपलब्ध हुने आशा गरिएको छ ।

माथिको विवरण अनुसार चौथो योजनाकालमा श्री ५ को सरकारबाट साधारण र विकास खर्चको लागि व्यहोरिनु पर्ने रकम र सो रकम प्राप्त हुने स्रोतहरूको जानकारी प्रस्तुत तालिकाबाट प्राप्त गर्न सकिन्छ । उक्त तालिकाबाट चौथो योजनाकाल मा सरकारी क्षेत्रको सम्पूर्ण वित्तीय स्थितिका साथै खर्च र साधनबीचको सम्बन्ध पनि स्पष्ट हुन्छ ।

चौथो योजना अन्तर्गत सरकारी क्षेत्रको खर्च र साधनका स्रोतहरू

विवरण	रु. करोड	प्रतिशत
खर्च		
(क) साधारण	२१६	४५.७
(ख) विकास	२५७	५४.३
जम्मा खर्च	४७३	१००.००
साधनको स्रोत		
आन्तरिक साधन	३२४	६८.५
(क) राजस्व	२७९	५९.०
(ख) आन्तरिक ऋण	१५	३.२
(ग) घाटा व्यवस्था	२०	४.२
(घ) न्यून	१०	२.१
विदेशी सहायता	१४९	३१.५
(क) अनुदान	१२९	२७.३
(ख) ऋण	२०	४.२
जम्मा	४७३	१००.००

परिच्छेद– ४

जनसङ्ख्या र जनशक्ति

जनसङ्ख्यामा वृद्धि

नेपाल अधिराज्यमा सर्वप्रथम वि. सं. १९६८ सालमा जनगणना भएको हो । वि. सं. १९६८ सालदेखि २०१८ सालसम्म जम्मा ३८,४१,६५० व्यक्तिको अर्थात् ६८.१२ प्रतिशत मात्र वार्षिक वृद्धि देखिन आए तापनि यो अवधिभित्र विभिन्न प्राकृतिक प्रकोप, दुइवटा विश्वयुद्ध, देशमा राजनैतिक उथलपुथल हुनु इत्यादि कारणहरूले गर्दा पनि कम वृद्धि हुन गएको हुनसक्दछ । २०११ साल र २०१८ सालको जनगणनाबाट उपलब्ध भएको जन्म र मृत्युको तथ्याङ्कबाट २.० प्रतिशतको वार्षिक वृद्धि भइरहेको देखिन्छ । २०१८ सालको जनगणनामा मृत्यु (वितेको एक वर्षभित्रको) को लगत गरिएको भए तापनि जन्म तथा मृत्यु दुबैको लगत त्यतिको भरपर्दो छैन । खास गरी मृत्युको लगत जन्मको लगतभन्दा कम भरपर्दो देखिन्छ । विभिन्न जनगणनाहरूबाट प्राप्त जम्मा जनसङ्ख्या तल तालिकामा देखाइएको छ ।

तालिका नं. १

विभिन्न गणनाकालको जम्मा जनसङ्ख्या

वर्ष	जम्मा जनसङ्ख्या
१९६८	५६,३८,७४९
१९७७	५५,७३,७८८
१९८७	५५,३२,५७४
१९९८	६२,८३,६४९
२००९।११	८४,७३,४७८
२०१८	९४,१२,९९६

अनुमानित जनसङ्ख्या

जन्म र मृत्युसम्बन्धी आवश्यक भरपर्दो लगतहरूको अभावमा भविष्यको जनसङ्ख्याको अनुमान गर्नु सजिलो छैन । देशको जनसङ्ख्याको परिवर्तनको प्रवृत्तिको भरपर्दो सूचनाका ज्ञान तथा रूपरेखा निर्धारण गर्न जन्म मृत्युको विश्वसनीय तथ्याङ्क तथा जन्म मृत्युमा विशेष असर पार्ने कार्यक्रमहरूको सम्भाव्य परिणामको ज्ञान भएमा नै हुनसक्ने हो । यस्ता साधनहरू आवश्यक मात्रामा अझ नजुटेकोले जनसङ्ख्याको वैज्ञानिक अध्ययन तथा विश्लेषणमा विशेष कठिनाइको अनुभव हुनु स्वभाविकै हो । तथापि प्राप्त लगतहरूको आधारमा मात्र २०१८ सालदेखि २०३८ सालसम्म लिङ्ग र उमेर ठीक मिलाइएको जन्म दर प्रतिहजार ४० नै कायम रहन्छ र मृत्यु दर घट्दै गई अनुमानित जन्मदर जीवनको प्रत्याशित औसत आयुमा प्रतिवर्ष ०.५ को दरले वृद्धि हुँदै जाने अनुमान गरी २०१८ देखि २०३८ सालसम्मको जनसङ्ख्या अनुमान गरिएको छ । २०१८ को जनगणनाबाट प्राप्त उमेर अनुसार मुत्युदर र जनसङ्ख्या सर्वेक्षण २०२० बाट प्राप्त उमेर अनुसार मृत्युदर, संयुक्त राष्ट्र संघको "मोडेल लाइफ टेवुल्स" मा दिइएको उमेर अनुसारको मृत्युदरसँग दाँजो गरी अनुमान गरिएको हो । उपर्युक्त प्रकारबाट अनुमान गरिएको जनसङ्ख्या तलको तालिकामा दिइएको छ ।

तालिका नं. २

अनुमानित जनसङ्ख्या २०१८–२०३८ सम्म उमेर अनुसार

उमेर वर्ष	२०१८	२०२३	२०२८	२०३३	२०३८
जम्मा	९४१२९९६	१०२७६५३३	११२४७६१६	१२३९२७९४	१३७७७६२
०-४	१४८७७८४	१५६१९३२	१६६८३१३	१८४७०९५	२०९७४६२
४-९	१२६४०९४	१३५४१०२	१४३७५१७	१५५०४३८	१७३१९१७
१०-१४	१०५९९३१	१२२८२१२	१३२०१९०	१४०५७५५	१५२०३६५
१५-१९	८५७३०३	१०२९७७८	१११७०४६	१२९०२९९	१३७७५०७
२०-२४	७९१४६७	८२२९७५	९९२६८९	१११५८२७३	१२५२९४६
२५-२९	७७२५२३	७५३०२५	७८७१४१	९५४०४२	१११७९६७
३०-३४	६६८४४५	७३१८८२	७१७७७८	७५४४४०	९१८८५०
३५-३९	५८०७८९	६३०१६३	६९३८२९	६८५४९५	७२४३७४
४०-४४	४७२७४४	५४३२८९	५९४२१६	६५८७२९	६५४६७५

४५-४९	३९४९४३	४३६६३७	५०६२९३	५५८२२७	६२२९३८
५०-५४	३२७४३७	३५७५८६	३९९४३०	४६७२५७	५१९४७१
५५-५९	२५७४४९	२८७८०६	३१८१८०	३५९१५३	४२४०४२
६०-६४	१९६९७९	२१६२३९	२४५२१०	२७४६१८	३१३५३२
६५-६९	१३२२२२	१५४११३	१७२१२१	१९८२५२	२२८२५४
७०-७४	८८४०७	९२४९२	११०१९३	१२५५११	१४७१७७
७५-७९	४२८३८	५२०९९	५६०६६	६८५७४	७९९५५
८०-८४	११४४०	१९५८१	१४७२६	२७५६४	३४८११
८५+	३२११	४६२२	६६७८	९०७२	११०१९

अनुमानित जनसंख्या वृद्धि

माथिको तालिका अनुसार २०१८ सालबाट प्रत्येक ५,५ वर्षहरूमा क्रमशः ८,६३ ५३७; ९,७१,०८३; ११,४५,१७८ र १३,८४४६८ जनसङ्ख्या वृद्धि हुने अनुमान छ । अर्थात् वार्षिक जनसङ्ख्या वृद्धि दर निम्न अवधिमा निम्न अनुसार हुने देखिन्छ ।

अवधि	वार्षिक वृद्धि दर (प्रतिशत)
२०१८-२०२३	१.७८
२०२३-२०२८	१.८१
२०२८-२०३३	१.९५
२०३३-२०३८	२.१४

माथिको तालिकामा देखाइएको वार्षिक जनसङ्ख्या वृद्धिदरमा र तेस्रो योजनाको जनसङ्ख्या र जनशक्ति परिच्छेदमा अनुमान गरिएको वृद्धि दरमा भिन्नता देखिन आएको छ । यस्तो भिन्नता भविष्यको जनसङ्ख्या अनुमान गर्ने भिन्न भिन्न विधि अपनाई गरिएबाट हुनगएको हो । तेस्रो योजनाको उक्त परिच्छेदमा भविष्यको जनसङ्ख्या अनुमानको लागि जनसङ्ख्याको वार्षिक वृद्धिदरको अति सरल वृद्धि हुने अनुमान गरी ५–५ वर्षको अन्तरमा हुने जम्मा जनसङ्ख्याको अनुमान गएिको र ०–१४ वर्ष, १५–५९ वर्ष र ६० + वर्ष उमेरको हदमा अनुमान गरिएको छ । वर्तमान अनुमान प्राप्त हुन सके जति जन्म र मृत्यु लगतको विश्लेषणात्मक अध्ययन गरी "कोहर्ट सरभाइवल" को आधारमा तयार गरिएको हुँदा निःसन्देह नै बढी भरपर्दो हुनआएको छ ।

अनुमानित जनसङ्ख्याको उमेरको वर्गीकरण

जन्म दर घटाउन विशेष प्रयत्न गर्नुपर्ने र धेरै समय लाग्ने तर मृत्यु दर भने विभिन्न प्रतीकारात्मक तथा चिकित्सासम्बन्धी नवीन वैज्ञानिक उपकरण तथा ज्ञानहरूको सुलभ उपलब्धिद्वारा विस्तारै घट्न जाने हुँदा हाम्रो जस्तो विकासोन्मुख देशहरूमा ०–१४ वर्षको उमेरको तहमा केटाकेटीहरू कुल जनसङ्ख्याको ४० प्रतिशतभन्दा केही बढी नै र ६० वर्ष र सोभन्दा माथिको उमेर तहको जनसङ्ख्या ५-६ प्रतिशत जतिभै काम गर्न सक्ने उमेरको तह (१५–५९ वर्ष) मा करिब ५४–५५ प्रतिशत जति जनसङ्ख्या मात्र हुन जाने कुरा इकाफे प्रदेशका धेरै छिमेकी राष्ट्रहरूले पनि अनुभव गरेकै कुरा हो हाम्रो देशमा विभिन्न उमेरको तहमा के कति प्रतिशत जनसङ्ख्या रहेछ तलको तालिकाबाट स्पष्ट हुन्छ ।

तालिका नं..३

विभिन्न उमेरको तहमा पर्ने जनसङ्ख्या प्रतिशतमा

नेपाल २०१८–२०३८ साल

उमेर	२०१८	२०२३	२०२८	२०३३	२०३८
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०
०-१४	४०.४५	४०.३	३९.४	३८.८	३८.७
१५-५९	५४.४	५४.४	५५.१	५५.५	५५.४
६०+	५.१	५.३	५.५	५.७	५.९

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थिर रहेको जनम दर र घट्दै गएको मृत्यु दरको फलस्वरूप अर्ध स्थिर अवस्थामा रहेको हाम्रो जनसङ्ख्यामा काम गर्न सक्ने उमेरको तहमा भएका जनसङ्ख्याको वृद्धि गरी जीविकाको लागि अरुमाथि निर्भर रहनु पर्ने जनसङ्ख्याको प्रतिशत कम गराउन जन्म दर घटाउनु अति आवश्यक हुनआउँछ । तर माथिनै उल्लेख भइसकेको जन्म घटाउन धेरै समय लाग्ने तथा विशेष प्रयत्न गर्नुपर्ने हुन्छ । अनि जस्तोसुकै भगीरथ प्रयत्न गरिए तापनि जन्म दर न यसको सम्भाव्य न्यूनतम नै हुन्छ न सम्भाव्य उच्चतमसम्म नै पुग्दछ ।

जुनसुकै देशको जुनसुकै देशको जुनसुकै कालको जन्म दरले पनि त्यस देश काल, परिस्थितिको अभिव्यक्ति स्वरूप यसको वृद्धि तथा ह्रासका कारणहरूको सन्तुलनले निर्धारित गरिएको तहमा स्थिर भएर रहने प्रवृत्ति देखाएको पाइन्छ । त्यसैले जन्म दरले कुनै प्रभावकारी परिवर्तन ल्याउन जनसङ्ख्याको आर्थिक तथा सामाजिक अवस्थाहरू सांस्कृतिक मान्यताहरू तथा जनजीवनप्रतिको आकांक्षाहरूमा नै वाञ्छित परिवर्तन गरिनु पहिलो आवश्यकता हुन आउँछ । यस्तो परिवर्तनबाट प्राप्त सफलताहरूलाई परिवार नियोजन कार्यक्रमले पर्याप्त सघाउ पुऱ्याउन सक्ने स्थितिको सृजना हुनु दोस्रो आवश्यकता ठहर्दछ ।

जनसङ्ख्याको वृद्धिको साथै देशको जनघनत्व पनि बढ्दै जान्छ । हुन त नेपाल अधिराज्यमा १७३.२ व्यक्ति प्रति वर्गमीलमा बस्ने गर्दछन्, तापनि नेपालको भौगोलिक स्थिति र बसोबास गर्न सकिने स्थान तथा खेतीयोग्य जग्गाको दृष्टिकोणले विचार गर्दा जनघनत्व धेरै नै बढी देखिन्छ । विभिन्न वर्षहरूको जनघनत्व तलको तालिकामा देखाइएको छ ।

तालिका नं.४
जनघनत्व वर्गमीलमा
२०१८–२०३८ साल नेपाल

वर्ष	जनघनत्व (प्रति वर्गमीलमा)
२०१८	१७३.२
२०२३	१८९.१
२०२८	२०७.०
२०३३	२२८.०
२०३८	२५३.५

माथिको तालिकाबाट नेपालको जनघनत्व २०१८ सालमा १७३.२ व्यक्ति प्रति वर्गमीलबाट २०३८ सालमा २५३.५ व्यक्ति प्रति वर्गमील पुग्ने अनुमान हुन्छ । विभिन्न प्रदेशहरूको जनघनत्व के कस्तो हुन्छ भन्ने अनुमान तलको तालिकाबाट स्पष्ट हुनआउँछ ।

तालिका नं. ५
जनघनत्व वर्गमीलमा, प्रदेश अनुसार
२०१८–२०३८ साल नेपाल

जनघनत्व र वर्ष **जनघनत्व (वर्गमीलमा)**

प्रदेश	२०१८ साल	२०२३ साल	२०२८ साल	२०३३ साल	२०३८ साल
नेपाल	१७३.२	१८९.१	२०७.०	२२८.०	२५३.५
पूर्व पहाड	१८६.५	२०३.२	२२२.४	२४५.१	२६२.४
पूर्व भित्री मधेश	१०५.९	११८.०	१२९.१	१४२.३	१५८.३
पूर्व तराई	४३२.३	४७२.१	५१६.८	५६९.४	६२२.१
काठमाडौं उपत्यका	२११०.०	२३०९.९	२५२८.१	२७८५.५	३०६९.७
पश्चिम पहाड	१५२.९	१६६.५	१८२.९	२०१.५	२२४.०
सुदूर पश्चिम पहाड	९९.६	१०८.५	११८.८	१३१.८	१४५.४
मध्य भित्री मधेश	१६९.०	१८४.९	२०२.४	२२३.०	२४७.९
पश्चिम तराई	३०६.३	३३०.२	३६१.४	३९८.२	४४२.७
पश्चिम भित्री मधेश	१३८.१	१५८.३	१७३.३	१९१.९	२१२.३
सुदुर पश्चिम तराई	९५.५	१०४.८	११४.७	१२६.४	१४१.५

माथिको तालिकाबाट भित्री मधेश प्रदेशहरू र पश्चिम तराई प्रदेशमा अरु प्रदेशहरूको अपेक्षा कम जनघनत्व भएको देखिन्छ । काठमाडौं उपत्यका प्रदेशको जनघनत्व अरु प्रदेशहरूको दाँजोमा नै धेरै देखिन्छ । देशको राजधानी काठमाडौं शहरको साथै देशका प्रमुख दुई शहरहरू (ललितपुर र भक्तपुर) पनि भएको यस प्रदेशमा जनघनत्व अरु प्रदेशहरूभन्दा केही बढी हुनु स्वाभाविकै भए तापनि बढ्दो शिक्षा, स्वास्थ्य, बसोवास, सांस्कृतिक र मनोरञ्जन जस्तो विभिन्न सामाजिक आर्थिक आवश्यकताहरूको उचित व्यवस्था गर्नु झन् झन् क्लिष्ट हुँदै जाने कुरा स्पष्ट हुन आउँछ

। धेरै जनघनत्व भएका प्रदेशको केही जनसङ्ख्यालाई कम जनघनत्व भएका खास गरी सुदूर पश्चिम तराई र भित्री मधेश प्रदेशहरूमा बसोबास गराउने कार्यक्रमको विकास हुन पनि वाञ्छनीय देखिन्छ ।

माथि उल्लेख भएअनुसार जनसङ्ख्या वृद्धि भएबाट दीर्घकालीन दृष्टिकोणले शिक्षा, स्वास्थ्य, घरवार आदिको सुविधा र आर्थिक विकासका विभिन्न क्षेत्रमा रोजगारीको सुविधा उपलब्ध गराउने समस्या अहिलेको भन्दा धेरै जटिल हुनजाने कुरा स्पष्ट छ । १५–५९ वर्षको उमेरको तहमा २०३८ सालमा २०१८ सालको भन्दा २५ लाख जनसङ्ख्या वृद्धि हुने अनुमान छ । यसले गर्दा हालको आर्थिक व्यवस्थाअनुसार भूमितर्फ जनसङ्ख्याको चापमा प्रशस्त वृद्धि हुन जान्छ र यस चापलाई घटाउन कृषितर्फ नयाँ जग्गा आवाद गर्ने तथा कृषिवाहेक अन्य क्षेत्रहरूमा कामको सुविधामा वृद्धि गर्नुपर्ने हुन्छ ।

जनसङ्ख्या वृद्धिको अनुमान माथि उल्लेख भए झैं भएमा शैक्षिक क्षेत्रमा पनि जनसङ्ख्याको बढ्दो शैक्षिक आवश्यकताहरूको खाँचो पूरा गर्न उत्तरोत्तर कठिन हुँदै जाने कुरा स्पष्ट नै छ । २०२३ सालबाट २०३८ सालसम्ममा प्राथमिक शिक्षाको तहमा स्कूल जाने उमेर (६–११ वर्ष) का केटाकेटीहरूको सङ्ख्या ४१,११९ बढी हुन जाने, माध्यमिक स्कूल जाने तहका जनसङ्ख्याको २५ प्रतिशत र उच्च शिक्षाको तहका जनसङ्ख्याको ३९ प्रतिशत वृद्धि हुने देखिन्छ ।

२०१८ सालको जनगणनामा कुल जनसङ्ख्याको ४८.८५ प्रतिशत र काम गर्न सक्ने उमेर (१५–५९ वर्ष) का जनसङ्ख्याको ८०.४५ प्रतिशत मात्र आर्थिक दृष्टिले काममा भएको देखिएबाट निकट भविष्यमै आर्थिक दृष्टिले काममा लाग्ने जनसङ्ख्यामा प्रभावकारी वृद्धि हुने अनुमान गर्न सकिँदैन । किनभने श्रमशक्तिको प्रभावकारी वृद्धिको लागि नयाँ नयाँ क्षेत्रहरूमा पर्याप्त कामको अवसर प्राप्त हुनु पर्दछ । परिवारको घर धन्दामा लागेका नारीहरू र विद्यार्थीहरूलाई पनि काम गर्न अनुकूल पर्ने किसिमका उद्योग व्यवसायहरूको विकास भएमा मात्र आर्थिक दृष्टिले काममा लाग्ने भै आर्थिक दृष्टिले काममा भएका जनसङ्ख्याको वृद्धि हुनसक्ने सम्भावना स्पष्ट हुने छ । २०१८ सालको जनगणनाले देखाएको अर्को चाखलाग्दो कुरा छ कृषिमा रोजगारीको स्तर । कुल ४३,०६,८३९ आर्थिक दृष्टिले काममा लागेका मध्ये ४०,४०,६०७ कृषि व्यवसायमा लागेकामा अरुलाई काममा लगाउनेहरू केवल ३०,३६५ भएको, निजी काममा लागेकाहरूको सङ्ख्या ३१,९३,२०७ भएको र काम सघाउनेहरूको सङ्ख्या २६३,९३४ भएबाट एकमात्र प्रमुख व्यवसाय भएको भए पनि हाम्रो देशमा कृषि औद्योगिक व्यवसायको रूपमा सञ्चालित नभई जीवन यापनको साधन मात्र भएर रहेको कुरा समेत स्पष्ट हुन आउँछ ।

चौथो योजनाको स्थिति

माथिको विश्लेषणको आधारमा अब चौथो योजनामा पर्ने जनसङ्ख्याको विभिन्न तहको प्रभाव अध्ययन गर्न सकिन्छ । चौथो योजना अवधि अर्थात् २०२७ सालदेखि २०३२ सालसम्म जनसङ्ख्याको उमेर अनुसारको अवस्था तल तालिकामा देखाइए बमोजिम हुनेछ ।

तालिका नं. ६

जनसङ्ख्याको उमेर अनुसार विभाजन

विवरण	०–४	५–१४	१५–५९	६०+	जम्मा
सङ्ख्या	१६,५०,५२०	२७,२४,३५१	६०,७१,७९०	६,००,९९२	१,१०,४७,६५३
२०२७					
प्रतिशत	१४.९४	२४.६६	५४.६६	५.४४	१००.००
सङ्ख्या	१८,०९,९९२	२९,२१,०२८	६७,३६,७२०	६,८८,०१६	१,२१,५५,७५६
२०३२					
प्रतिशत	१४.८९	२४.०३	५५.४२	५.६६	१००.००

उपर्युक्त तालिकाअनुसार चौथो योजना अवधिमा स्कूलजाने उमेर अर्थात् ५–१४ वर्षको समूहमा १,९६,६७७ व्यक्तिहरूको वृद्धि हुने देखिन्छ । तेस्रो योजनाको अन्त्यमा यस समूहमा पर्ने कुल केटाकेटीहरू मध्ये शिक्षाको सहुलियत पाएका करिब ३५ प्रतिशत हुनगएमा आउँदो योजना थप हुनेलाई मात्र त्यस्तो सहुलियत दिन सकेमा पनि जम्माको प्रतिशतको अङ्क ३९.३७ सम्म मात्र पुग्न सक्ने देखिन्छ । यसरी हेर्दा आगामी योजनामा शिक्षाको लक्ष्य खास गरी प्राथमिक र माध्यमिक शिक्षामा निकै बढाउनु पर्ने देखिन्छ ।

श्रम शक्तिको रूपमा लिइने १५ बर्षदेखि र ५९ वर्षसम्मको जनसङ्ख्यामा आगामी ५ वर्षभित्र ६,६४९३० बृद्धि हुनेछ । यस मध्ये आर्थिक दृष्टिले सक्रिय रहने करिब ७९ प्रतिशत अर्थात् ५,२५००० लाई चौथो योजनाकाल मा कामकोसिर्जना गर्नु अनिवार्य छ नत्रभने रोजगारीको अनुपात तेस्रो योजनामा भन्दा पनि घट्न जानेछ । प्रस्तुत सङ्ख्यामा हालसम्मको परम्पराअनुसार काम गरिरहेका १५ बर्ष मुनिका र ५९ बर्ष माथिका व्यक्तिहरूको सङ्ख्या

परेको छैन । कारण, श्रमशक्तिमा उत्पादकत्व बढाउने हेतुले अव त्यस प्रकारको परम्परालाई निरुत्साहित गरी त्यस्ताले गरेको काममा क्रमशः युवक श्रमिकलाई प्रबृत्त गराउने व्यवस्था बसालिनु पर्दछ । त्यसो गर्न नसकिएमा कामको खोजी गर्नेहरूको सङ्ख्या माथिको सङ्ख्या भन्दा अझै बढ्न जानेछ यस बाहेक तेस्रो योजनाको अन्त्यमा काम गर्न सक्ने तर सक्रिय नरहेका करिब ११,३५,४२४ जनसङ्ख्यालाई समेत सक्रिय गराउने महत्वकांक्षी योजना बन्न सकेमा अर्काको भरमा खाई जीवन बिताउनेहरूको सङ्ख्या घट्नेछ र जीवनस्तरमा वास्तविक बृद्धि हुनेछ ।

श्रमशक्तिको व्यवसाय अनुसारको वर्गीकरणले देशको जनसङ्ख्या कुल व्यवसायमा कति परिमाणमा आश्रित छ भन्ने कुरा देखाउँछ र यस्तो वर्गीकरण देश कति मात्रामा विकसित छ भन्ने कुरा देखाउने एउटा मुख्य मापदण्ड पनि हो । २०१८ सालमा भएको राष्ट्रव्यापी जनगणनाअनुसार आर्थिक दृष्टिले काममा लागेको जनसङ्ख्या ४५ लाख ९७ हजारमध्ये ९३.८३ प्रतिशत कृषि व्यवसायमा र बाँकी ६.१७ प्रतिशत मात्र अरु व्यवसायमा संलग्न देखियो । गत ९ वर्षको अवधिमा भएको आर्थिक विकासले कृषिमा मात्र अतिशय निर्भरता भएको हाम्रो अवस्थामा कति सुधार ल्यायो र कति प्रतिशत जनता कृषिबाट अन्य व्यवसायमा सारे भने देखाउन पूर्ण विश्वसनीय तथ्याङ्क छैंन । यस विषयमा भरपर्दे तथ्याङ्क आगामी २०२८ सालमा गरिने राष्ट्रव्यापी जनगणनाबाट प्राप्त हुनेछ तापनि नेपालको आर्थिक अवस्था ज्यादै अविकशित रूपमा भएको र आर्थिक विकासको दर ज्यादै न्यूनतम देखिन आएकोले श्रमशक्तिको व्यावसायिक विभागमा ठोस परिवर्तन आएको विश्वास गर्न सकिने स्थित अवश्यै छैन । चौथो योजनाकालमा हुने थप लगानीबाट कृषि क्षेत्रमा श्रमशक्तिको बढी प्रभावकारी उपयोग हुने गुञ्जायस रहेतापनि कृषि भिन्न क्षेत्रको व्यावसायिक ढाँचामा वाञ्छनीय परिवर्तन नहुने कुरा अन्यत्र उल्लेख भइसकेको छ ।

प्राविधिक जनशक्ति

चौथो योजनाको आधार बर्ष, २०२६।२७ सम्ममा इञ्जिनियरिङ्ग, स्वास्थ्य, शिक्षा, वाणिज्य आदि प्राविधिक र बैज्ञानिक विषयहरूमा हुने उच्च स्तरीय (स्नातक) जनशक्तिको सङ्ख्या २,८९७ पुग्ने अनुमान गरिएको छ । यसमा अरु अप्राविधिक वा कला विषयहरूमा स्नताकोपाधि प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या समेत मिलाउँदा स्नानतक स्तरका मानिसहरको कूल सङ्ख्या ७,६४८ पुग्ने छ । यस बाहेक, चौथो योजना सुरु भैसकेपछि योजनाको चौथो बर्ष सम्ममा क्रमशः उपलब्ध हुने सङ्ख्यालाई पनि योजना अवधिमै काम लगाउँदै जान सकिने भएकोले त्यस्तो थप सङ्ख्या २,३६४ हुने अनुमान छ । यस प्रकारको जनशक्तिको बिषय अनुसार वर्गीकरण तल दिइएको छ :-

तालिका नं. ७

उच्चस्तरीय प्राविधिक जनशक्तिको अनुमान

विषय	२०२६।२७ मा पुग्ने सङ्ख्या	२०२७।२८ देखि २०३०।३१ सम्ममा थप हुने सङ्ख्या	जम्मा
इञ्जिनियरिङ्ग	४६५	३०६	७७१
सिभिल इञ्जिनियरिङ्ग	२६०	१४१	४०१
मेकानिकल इञ्जिनियरिङ्ग	५७	५१	१०८
इलेक्ट्रिकल इञ्जिनियरिङ्ग	८१	३०	१११
अन्य इञ्जिनियरिङ्ग	६७	८४	१५१
स्वास्थ्य	३२६	१३४	४६०
शिक्षा	२४०	६८	३०८
वाणिज्य	७३०	२६४	९९४
कृषि	२६५	२४०	५०५
वन	९९	२०	११९
पशु चिकित्सा	४५	२०	६५
सामान्य विज्ञान	७२७	२८८	१,०१५
कला विषयहरू	४,७५१	१,०२४	५,७५५
जम्मा	७,६४८	२,३६४	१०,०१२

मध्य तथा निम्नस्तरीय प्राविधिक तालिमको सुविधा देश भित्रै उपलब्ध गराउने उद्देश्यले गत योजनाकाल हरूमा विभिन्न प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरू खुले । तिनबाट हालसम्म उत्पादन गरिएका तालिम प्राप्त व्यक्तिहरूको सङ्ख्या र २०२६।२७ सालसम्म पनि उत्पादनको क्षमता हालकै स्तरमा कायम गरिएमा थप हुन आउने सङ्ख्यासमेत गरीध्य तथा निम्न स्तरीय प्राविधिक जनशक्ति २०२६।२७ सालमा ५,०९४ पुग्ने अनुमान गरिएको छ । यस प्रकारको जनशक्ति तयार गर्न वढीमा ३ बर्षसम्म मात्र लाग्ने भएकाले चौथो योजनाको आवश्यकता हेरी आगामी बर्षहरूमा पनि तालिम दिइनेछ । २०२६।२७ सम्मको उपर्युक्त सङ्ख्याको विषयअनुसारको वर्गीकरण तल अनुसार छ:-

तालिका नं. ८

मध्य तथा निम्न स्तरीय जनशक्तिको स्थिति

विषय	मध्य स्तरीय	निम्न स्तरीय
सिभिल इञ्जिनियरिङ्ग (ओभरसियर)	४३२	-
मेकानिकल इञ्जिनियरिङ्ग	-	३७२
इलेक्ट्रिकल इञ्जिनियरिङ्ग	-	१५०
रासायनिक र सम्बन्धित शिल्प कला	-	२१६
काष्ठकला	-	४१९
कपडा बुनाइ, अन्य बुनाइ, गहना र जुत्ता बनाउने शिल्प कला	-	७३९
कृषि विज्ञान	-	१,६३७
वन विज्ञान	२३१	३६०
स्वास्थ्य सम्बन्धी	९८	२८६
गृह-विज्ञान	-	१५४
जम्मा	७६१	४,३३३

यस बाहेक, ब्रिटिश गोर्खा फौजमा भर्ना भै काम गर्दा विभिन्न व्यवासयहरूमा दिएको प्राविधिक तालिम पाएका करिब १,००० जना नेपालीहरूको सङ्ख्याले पनि प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्नमा केही मद्दत गर्नेछ ।

यसरी माथि प्रस्तुत विवरणबाट हाल हाम्रो देशमा उच्च स्तरीय र मध्य तथा निम्न स्तरीय जनशक्तिको अनुपात त्यति युक्तिसङ्गत देखिएन । अर्थात् उच्च स्तरीयको सङ्ख्या हेरी तिनबाट गरिने कामलाई बढी फलदायक गराउन जति सङ्ख्यामा मध्य तथा निम्न स्तरीयमा हुनु पर्ने हो त्यति प्राप्त भएको छैन । यसबाट आगामी वर्षहरूमा उच्चस्तरीय भन्दा मध्य तथा निम्न स्तरीय जनशक्ति तालिम गर्नमा बढी तीब्रता ल्याउनु पर्ने कुरा सिद्ध हुन आएको छ । देशका तालिम केन्द्रहरू मध्ये केहीमा तालिमको विषयमा दोहरोपन देखिएको छ र यसले गर्दा केहि विषयमा चाहिनेभन्दा बढी उत्पादन भएको छ भने अन्य आवश्यक विषयमा चाहिने जति सङ्ख्या उत्पादन हुन नसकी कमीको अनुभव भएको छ । तसर्थ चौथो योजनाकालमा तालिमको क्षेत्रमा समन्वय ल्याउनु नितान्त आवश्यक भएको छ ।

स्वास्थ्य सेवाको क्षेत्रमा आधुनिक तरिकाले उपचारमा तालिम पाएका डाक्टर नर्सहरूको सख्या तत्सम्बन्धी सुविधाको लागि पर्याप्छ छैन । यस कारण पुरानो प्रकारको औषधोपचार गर्ने कविराज, वैद्य आदिलाई पनि यथासम्मभव बढी सुविधा र सेवाको मौका भएमा स्वास्थ्य सेवामा थप सहुलियत मिल्ने छ । यस्ता कविराज बैद्य, हकीमहरूको सङ्ख्या हाल देशमा २०० जति अनुमान गरिएको छ ।

चौथो योजनाको लागि आवश्यक प्राविधिक जनशक्तिको अनुमान गर्न चाहिने आधारभूत कुराहरूको अभावमा कुनै वैज्ञानिक प्रक्रियबाट त्यसको अनुमान गर्न संभवन भएन । यस बाहेक उच्च स्तरीय जनशक्ति तयार गर्न ६,७ वर्ष लाग्ने हुँदा हालसम्म जतिलाई तालिम दिन थालिएको छ त्यतिबाटै काम चलाउनसमेत पर्ने भएकोले उच्च स्तरीय जनशक्तिलाई नै उपलब्ध आधार मानी तिनबाट प्रभावकारी रूपमा काम लिन चाहिने मध्य स्तरीय र निम्न स्तरीय प्राविधिक जनशक्तिको अनुमान तल अनुसार तयार गरिएकोछ ।

तालिका नं. ११

चौथो योजनाकालको लागि अनुमानित जनशक्ति

विषय	प्राप्त हुने उच्च स्तरीय	चाहिने	मध्य स्तरीय पाइने	नपुग	दक्ष कामदार निम्न स्तरीय
इञ्जिनियरिङ्ग	७७१	२३१३	१०७९	१२३४	३४,६९५
सिभिल	४०१	१,२०३	६२५	५६८	-
मेकानिकल	१०८	३२४	३२४	-	
इलेक्ट्रिकल	१११	३३३	१२०	२१३	
अन्य	१५१	४५३	-	४५३	
स्वास्थ्य	४६०	९२०	३२२	५९८	१,८४०
शिक्षा	३०८	-	-	-	-
वाणिज्य	९९४	-	-	-	-
कृषि	५०५	८००	-	-	३,२००
वन	११९	२८८	२८८	-	३८०

पशु चिकित्सा	६५	१३०	-	-	२६०

तालिम

चौथो योजना अवधिभित्र तालिम सम्बन्धमा ध्यान दिनु पर्ने पहिलो कुरा हो एउटै विषयमा एक भन्दा बढी तालिम केन्द्रमा तालिम दिइएबाट हुन गएको दोहोरोपन हटाउने र दोस्रो चाहिँ अत्यावश्यक देखिनआएका विषयमा तालिम विस्तारगराउने । गतबर्षहरूको अनुभवबाट माग अथवा आवश्यकता कम भएका विषयमा तालिम दिइएबाट तालिम पाएका मान्छे सुहाउँदो काम नपाइ बेकार रहन जाने र यस प्रकार राष्ट्रिय सम्पत्तिको नोक्सान हुन जानेसमेत सिद्ध भैसकेको छ । यस्तो कुरालाई यथासंभव छिटो रोक्नु अनिवार्य छ । उच्च स्तरीय प्राविधिक जनशक्ति हाल सम्म मित्रराष्ट्रहरूको भरमा मुलुक बाहिर नै तालिम दिइने गरेको छ । दीर्घकालिन आवश्यकताको विचार गर्दा भने यस प्रकारको तालिम सुविधा देशभित्रै उपलब्ध गराउनु पर्ने भएको छ । यस कारण, पाँचौं योजनाकालमा उत्पादन लिन सकिने गरी मेडिकल कजेल र इञ्जिनियरिङ्ग कजेलको स्थापना चौथो योजनाकालमा गरिनेछ । आवश्यक देखिएको विषयमा मध्य तथा निम्न स्तरीय प्राविधिक जनशक्ति प्राप्त गर्न भैरहेको तालिम केन्द्रहरूको क्षमतामा बृद्धि गरिनेछ । तर, यस प्रकारको जनशक्तिको विषय अनुसार माग र पूर्तिको पूर्ण अध्ययन नगरी नयाँ तालिम केन्द्र खोल्ने कुरालाई प्रोत्साहिन गरिने छैन । दक्ष कामदार स्तरको लागि कामभित्रै तालिम दिने र स्तरबृद्धि गर्न तालिम दिनेजस्ता कार्यक्रमहरू बढी प्रभावकारी र छिटो नतिजा दिन सक्ने हुनाले यस्ता कार्यक्रमहरू आवश्यक परेका ठाउँहरूमा कार्यान्वित गरिने छन् ।

रोजागरी

विकास योजनाको सन्दर्भमा श्रमशक्तिको रोजगारी महत्वपूर्ण कुरा हो । आ.क. योजनाको एउटा मुख्य उद्देश्य कामको खोजी गर्ने जनतालाई सुहाउँदो रोजागारी दिने पनि हुनु पर्दछ । नवीनतम अनुमानअनुसार २०२६/२७ सालमा काम गर्ने उमेर अर्थात् १५-५९ वर्षको जनसङ्ख्या ६०,७२,००० पुग्ने अनुमान गरिएको छ । रोजगारी सम्बन्धी सर्वेक्षण नभएकोले देशमा यति जनसङ्ख्या वेरोजगार रहेको छ भन्ने कुरा यकिनसाथ भन्न सकिदैन । तर, कृषि प्रधान अर्थ-व्यवस्थाको स्वाभाविक प्रकृतिअनुसार अर्ध वेकारी यत्रतत्र स्पष्टरूपमा देखिन्छ । आंशिक र लुकेको वेकारीका केहि चिन्हहरू पनि ठाउँ ठाउँमा देखिएका छन् । तालिमी जनशक्तिको सम्बन्धमा प्राविधिक विषयमा तालिम लिएकाहरू बेकार भएको पाइएको छैन तापनि अप्राविधिक वा कला विषयमा अध्ययन गरेका केही व्यक्तिहरूलाई रोजगारी पाउन कठिन पर्दै गएको कुरा त्यससम्बन्धी अध्ययन, सर्वेक्षण आदिबाट देखिएको छ । शिक्षित समुदायमा अप्राविधिक किसिमका कामको खोजी गर्नेहरूको सङ्ख्या अत्युग्र रूपमा बढ्दै छ ।

चौथो योजनाकालमा श्रमशक्तिमा थप हुन जाने जनसङ्ख्याको लागि उपयुक्त कामको आवश्यकता पर्नेछ । बहुसङ्ख्याक जनता कृषिमा निर्भर रहेकाले देशमा अर्ध वेकारी ज्यादै छ । थप हुन जाने श्रमशक्तिको लागि कृषिबाहेक अरू क्षेत्रमा पर्याप्तमात्रामा रोजागरीको सिर्जना हुन नसकेमा जनसाधारणको वेरोजगारीले अप्रिय रूप लिनेछ । शिक्षामा भैरहेको निरन्तर प्रगतिले आउँदा वर्षहरूमा शिक्षित व्यक्तिहरूको सङ्ख्यामा जुन बृद्धि हुने आशा गरिएको छ त्यसको लागि सुहाउँदो कामको व्यवस्था पनि साथसाथै हुनु नितान्त आवश्यक छ । यी सबै कुरालाई हृदयङ्गम गरी अर्ध वेकारी र बेरोजगारीको समस्या समाधान गर्नेतर्फ अग्रसर हुन चौथो योजनाकालमा सबै आर्थिक क्षेत्रहरूमा रोजगारीको सिर्जना हुनेसम्म बढी विस्तार गराइनेछ ।

भाग २

परिच्छेद ५

कृषि

आर्थिक विकासको क्रममा गतिशिलता ल्याउन चाहिने आधारभूत स्थिति तयार गरी उपलब्ध साधन र शक्ति केन्द्रीभूत गरी उत्पादनमा अधिकतम बृद्धि गर्ने चौथो योजनाको अन्तर्निहित उद्देश्यअनुरूप वर्तमान आर्थिक अवस्थामा कृषि क्षेत्रलाई महत्वपूर्ण स्थान दिनु पर्ने कुरा निर्विवाद छ । वास्तवमा विकासको प्रारम्भिक चरण रहेकोमा हाम्रो जस्तो अर्थ व्यवस्थामा कृषि विकासमा नै आर्थिक प्रगति वढी मात्रामा निर्भर गर्दछ । दीर्घकालीन विकासको क्रममा गैर कृषि क्षेत्रको उत्तरोत्तर बृद्धि गर्दै लैजान चाहिने सुदृढ आधार तयार गर्न कृषि विकासमा तीब्रता ल्याउनु अनिवार्य भएको छ ।

विगत केही वर्षहरूमा राष्ट्रिय अर्थ व्यवस्थाको विभिन्न क्षेत्रमा कतिपय विकास कार्यहरू सञ्चालन गरिए तापनि यसबाट कृषि क्षेत्रको आधारभूत स्थितिमा वस्तुतः कुनै परिवर्तन आएको देखिदैन । २०२४।२५ को अनुमानअनुसार कुल राष्ट्रिय उत्पादनको ६६ प्रतिशत कृषि क्षेत्रबाटै उपलब्ध भएको छ । देशमा उपलब्ध कुल जनशक्तिको ९३ प्रतिशत भन्दा वढी जनशक्ति कृषिमा लागेको अनुमान गरिएको छ । साथै देशको निर्यात व्यापारमा पनि कृषिजन्य वस्तुहरूको प्रमुख स्थान रहेको छ । यसमध्ये खाद्य वस्तुको निर्यात मात्र कूल निर्यातको करिब ७० प्रतिशत रहेको अनुमान गरिएको छ । कृषिप्रधान देश भैकन पनि यहाँ खेती गरिने जमिनको उत्पादकत्व निम्न स्तरमा रहेको छ । यसमाथि बढ्दो जनसङ्ख्याबाट खेतीयोग्य जमिनमा निरन्तर थपिदै गएको जनभारले गर्दा कृषिमा लागेको श्रम शक्तिलाई पूर्ण उपयोगी बनाउने समस्या पनि जटिल हुँदै आएको छ । मुख्यतया मौसममा आधारित जीवनयापनको साधन रहेको परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक रूपमा सञ्चालन गर्न कृषि विकासमा जोड दिनु आवश्यक छ ।

कृषि विकासको लक्ष्य हासिल गर्न कृषकहरूको सर्वोपरि महत्व रहने कुरामा ध्यान दिनु जरुरी छ । सरकार तर्फबाट राष्ट्रियस्तारमा उत्पादनका लक्ष्यहरू निर्धारित भएता पनि त्यसको पूर्ति गर्ने कुरा मुख्यतः कृषिमा कार्यरत देशका सम्पूर्ण किसान परिवारको योगदानमा निर्भर गर्दछ । त्यसका निमित्त कृषि विकासमा आधारभूत उपकरण र सुविधाका साथै आफ्नो श्रमको उचित मूल्य कृषकहरूलाई सुलभ गर्नु आवश्यक छ । यसको सन्दर्भमा मात्र सरकारबाट सञ्चालन गरिने कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरूको सार्थकता रहने कुरा स्पष्ट छ ।

कृषि क्षेत्रमा भएको प्रगति

कृषि विकासको निमित्त सरकारतर्फबाट पहिलो पञ्चवर्षीय योजनाकाल देखि नै विशेष जोड दिई आएको छ । फलस्वरूप देशका विभिन्न आवहवामा उपयुक्त हुने कृषिसम्बन्धी विभिन्न क्षेत्रमा अनुसन्धान कार्यहरू सञ्चालन गरी त्यसबाट प्राप्त नतिजा कृषि प्रसारको माध्यमबाट कृषक समक्ष पुऱ्याउने प्रकृया आरम्भ गरिएको छ । यसको अतिरिक्त कृषिमा व्यवस्थामूलक सुधार गर्नेतर्फ दोश्रो योजना अवधिमा भूमिसुधार कार्यक्रम राष्ट्रव्यापी रूपमा कार्यान्वयन गरिएको छ । तर राष्ट्रिय स्तरमा कृषि विकासको लक्ष्य र कार्यक्रम निर्धारण गर्ने कार्य तेस्रो योजनामा मात्र हुन सकेको छ ।

तेस्रो योजनामा कृषि क्षेत्रलाई सर्वोपरी प्राथमिकता दिई त्यसअन्तर्गत खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदेबाली उत्पादनमा ७३ प्रतिशतले बृद्धि गर्ने लक्ष्य निर्धारित गरिएको छ । यसअनुसार २०२१।२२ को अनुमानित खाद्यान्न उत्पादन ३२.७० लाख मेट्रिक टनबाट २०२६/२७ मा ३७.७६ लाख मेट्रिक टन पुऱ्याउने र यसै गरी नगदेबालीको उत्पादनमा २.५५ लाख मेट्रिक टनबाट ३.९० लाख मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेको छ । यी सब उत्पादन बृद्धिको लागि सिँचाइ, माटो ताथा बाली संरक्षण, उन्नत बीउ, रासानिक मल र उन्नत तरिकाहरूको प्रयोग आदि सेवाहरूबाट मात्र संभव हुने भएकोले सबैको लक्ष्यअनुरूप बृद्धि ल्याउने कार्यक्रम तोकिएको छ । योजनाको ४ बर्षको प्रगति हेर्दा खाद्यान्नमा जम्मा १० प्रतिशत बृद्धि हुन सकेको छ । बालीको हिसावबाट विचार गर्दा खाद्यान्नमा गहुँको उत्पादन मात्र लक्ष्यभन्दा कम र नगदेबालीतर्फ तेलहनबाहेक अन्य सबै बालीमा लक्ष्यभन्दा धेरै कम उत्पादन भएको देखिन्छ । विभिन्न बालीमा योजनाको लक्ष्य र बिगत चार वर्षको उपलब्धि निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १

कृषि उत्पादनको लक्ष्य र प्रगति

उत्पादित वस्तु	तेस्रो योजनाको लक्ष्य			प्रगति			(हजार मे.टनमा) प्रतिशत बृद्धि	लक्ष्यको प्रतिशत
	०२१/२२	०२६/२७	२०२२/२३	०२३/२४	०२४/२५	०२५/२६		

खाद्यान्न	३२७०	३७७६	३३५८	३३३८	३४२०	३५९८	१०.०३	६४.८
धान	२२०१	२३६८	२२०७	२२०७	२२१७	२३२२	५.४५	७२.५
मकै	८५४	९१८	८५६	८२४	८७५	९००	५.३९	७१.९
गहुँ, जौ	१५२	४२५	१७५	१८७	२१६	२५६	६८४२	३८.०
कोदो फापर	६३	६५	१२०	१२०	११२	१२०	८४.६२	-
नगदेबाली								
उखु	१२६	२५२	१९२	१४७	१६७	१८८	४९.२१	४९.२
तेलहन	५१	६०	५१	५६	५६	५७	११.३७	६६.६
सुर्ती	९	२४	८.८	५.२	५.४	६.३	-३०	-
सनपाट	३८	५४	३९	३८.४	३९.४	अप्राप्त	-	-

उपर्युक्त तालिकाबाट तेस्रो योजनामा निर्धारित १५ प्रतिशतले खाद्यान्नको उत्पादन बृद्धि गर्ने मूलभूत लक्ष्य अपूर्ण रहने कुरा स्पष्ट छ । यसरी प्रत्येक क्षेत्रमा लक्ष्यअनुसारको बृद्धि हुन नसक्नुमा मुख्यत: प्रत्याशित बृद्धिको लागि आवश्यक सामग्री तथा संगठनको व्यवस्था नहुनु नै हो । यस सम्बन्धमा योजनामा निर्धारित लक्ष्यको तुलनामा विगत ४ वर्षको प्रगति हेर्दा उन्नत बीउ लगाइएको क्षेत्र १३ प्रतिशत र मलखादको प्रयोग करिब १७ प्रतिशत मात्र पुग्न सकेको छ । यसै गरी सिँचाइको सुविधातर्फ पनि लक्ष्यभन्दा निकै कम उपलब्धि भएको छ । कृषि उत्पादनका विभिन्न उपकरण सम्बन्धी कार्यक्रमको लक्ष्य र बिगत ४ वर्षको प्रगति तालिका नं. २ मा दिइएको छ ।

तालिका नं. २

कृषि उपकरणसम्बन्धी लक्ष्य र प्रगति

सि.नं.	कार्यक्रम	एकाइ	तेस्रो योजना को लक्ष्य	प्रगति				लक्ष्यको प्र.श.
			०२६-२७	०२२-२३	०२३-२४	०२४-२५	०२५-२६	
१.	उन्नत बीउ लगाइएको क्षेत्र	हेक्टर	८०००००	१०७५४	२५९९३	५७३०३	१०२६३०	१३
	धान	,,		६३३१	१३४९३	२६०६८	४२५५२	
	गहुँ	,,		४३२६	११३७१	२८०२७	५३७७५	
	मकै	,,		९७	१२०९	३२०८	६३०३	
२.	मलखादको प्रयोग	,,	२२१०००	३१६९	६६७०	१६०००	२४०००	१७
३.	सिँचाइ	,,	१४८०००	६०००	२५०००	१२८५०	१५२४०	३९.९
४.	आवाद गरिएको जग्गा	,,	१३९००	८०४	२८०१	३८७३	४९३१	३५.५
५.	बसोबास गरिएको परिवार सङ्ख्या		६०००	८००	१३७८	१९१३	१९३६	३२.३

खाद्यान्न र नगदेबालीको अतिरिक्त पशुपालन, फलोद्यान, विकासका सम्बन्धमा योजनामा निर्धारित लक्ष्य र प्रगति तालिका नं. ३ मा दिइएको छ ।

तालिका नं. ३

पशुपालन र फलोद्यानसम्बन्धीलक्ष्य प्रगति

विषय	कृषहरूलाई वितरण गर्ने लक्ष्य	०२२।२३ देखि ०२५।२६ सम्मको प्रगति	(सङ्ख्यामा) लक्ष्यको प्रतिशत
सुँगुर	१२,७५६ उन्नत सुँगुर	१,०४०	८.१५
भेडा	३,००० पाठापाठी	४८	१.६
कुखुरा	११,००,००० चल्ला	१,९३,५७७	१७.५९
माछा	१२,५०,००० माछा भुरा	१२,३९,२४१	९९.१४
फलफूल	७,६०,००० बोट कलमी	६,०२,६७६	७९.२९
तरकारी	२,९१,००,००० बेर्ना	२,०९,७५०	.७२

कृषि विकास कार्यका निमित्त देशको विभिन्न आवहवामा उपयुक्त हुने उन्नत बीउ, बाली, बिरुवा, पशुपक्षी, मस्त्य आदिको प्रयोगात्मक अनुसन्धन गर्न र त्यसको उत्पादन गरी कृषकहरूलाई सुलभ गर्ने कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्नका निमित्त कृषिको विभिन्न क्षेत्रमा विभागहरू स्थापना गरिएका छन् । यी विभिन्न विभागहरूका मातहतमा देशका विभिन्न स्थानहरूमा हाल ४ कृषि केन्द्र, ४ कृषि फार्म, २३ फलोद्यान केन्द्र, ४ पशु विकास फार्म, ३ कुखुरा चल्ला उत्पादन केन्द्र, ३४ पशु चिकित्सालाय, ३ चीज उत्पादन केन्द्र, १ दुग्ध प्रशोधन केन्द्र र १० मत्स्य विकास केन्द्रहरू रहेका छन् । कृषि अनुसन्धान कार्य र कृषकहरूका बीचमा निकटतम सम्बन्ध कायम राख्ने उद्देश्यबाट अधिाज्यका ७५ जिललाहर मध्ये ४३ जिल्लामा स्नातक स्तरका कृषि विकास अधिकृतको जिम्मेवारीमा कृषि प्रसार कार्य सञ्चालन गरिएको छ । तालिमको क्षेत्रमा विगत ४ वर्षमा ८०० भन्दा बढीलाई जे.टी.ए. तालिम र १८७० कृषकहरूलाई व्यावहारिक तालिम दिइएको छ । उच्चस्तरीय कृषि विशेषज्ञहरू देशभित्रै तालिम गर्न कृषि कलेजको स्थापना गरिएको छ । यसका साथै कृषकहरूलाई आवश्यक पार्ने ऋण, मल, बीउ, औजार आदि सुलभ गर्न कृषि विकास बैंक, भूमिसुधार अनिवार्य वचत संस्थान र कृषि सप्लाई संस्थानको स्थापना गरिएको छ । दुग्ध व्यवसायलाई पनि व्यावसायिक रुपमा चलाउन एक दुग्ध विकास संस्थानको स्थापना गरीएको छ । यसका अतिरिक्त कृषि कार्यक्रम अनुरूप सिँचाइ सुविधा विकास गर्ने उद्देश्यबाट कृषि मन्त्रालयअन्तर्गत लघु सिचाई विभागको स्थापना गरिएको छ ।

कृषि क्षेत्रको विकासतर्फ हालसम्मको प्रगति र वर्तमान स्थितिलाई ध्यानमा राख्दा कृषि उत्पादन बृद्धि गर्नको निमित्त आवश्यक उपकरण जस्तैः उन्नत बीउ, मलखाद आदिको प्रयोग तथा सिँचाइ सुविधा न्यूनतम स्तरमा रहेको छ । १८,४५,००० हेक्टर आवादी भएको जग्गामध्ये जम्मा, १,०२,६३० हेक्टरमा मात्र उन्नत बीउको प्रयोग हुन सकेको छ र रासायनिक मलको बार्षिक खपत ग्रस २४,००० मे.टन पुगेको छ । त्यस्तै, सिंचाई सुविधा जम्मा १,१७,५०० हेक्टर अर्थात ६ प्रतिशत जग्गामा मात्र पुगेको छ । तर यसमा लघु सिचाई पनि समावेश भएकोले यस प्रकारको सिँचाइ सुविधा स्थायी रूपमा प्राप्त हुने कुरामा शङ्का उठ्नु स्वाभाविकै छ । विगत केही वर्षभित्र कृषि क्षेत्रमा व्यवस्थामूलक सुधार तथा विभिन्न संस्थाहरूको स्थापना भए तापनि यो सबैमा वढी प्रभावकारिताको खाँचो यथावत् नै रहेको छ ।

वर्तमान बाधा अड्चनहरूः

कृषि विकासको कार्यमा हाल आइपरेका वाधा अडचनहरू निम्न अनुसार छन् ।

(क) नेपालको आफ्नै विभिन्न आवहवामा उपयुक्त हुने विभिन्न कृषि पैदावारको उन्नत बीउ पत्ता लगाई आवश्यक अवधिसम्म प्रयोगात्मक रूपमा किसानलाई उपलब्ध हुन नसकेकोले उत्पादन बृद्धिका निम्ति आवश्यक टेवा पुग्न सकेको छैन ।

(ख) सुसङ्गठित प्रशासकीय व्यवस्थाको अभावले गर्दा निकासा भएको बजेट रकम प्रभावकारी ढङ्गबाट उपयोग हुन सकेको छैन । साथै बजेटको निकासा र कर्मचारीहरूको दरवन्दी कार्यक्रमको आधारमा समयमै व्यवस्थित गर्नुपर्ने आवश्यकता विद्यमान नै छ ।

(ग) केन्द्रमा कृषि क्षेत्रअन्तर्गत विभिन्न कार्यका निमित्त बेग्ला बेग्लै विभागहरू रहेका छन् । तर यी विभागहरूको बीचमा पारस्परिक समन्वय र सहयोग सुदृढ हुन सकेको छैन । त्यस्तै जिल्लामा पनि प्रत्येक विभागको आफ्नै प्रशासकीय कार्यालयहरू छन् । एउटै अनुसन्धान फार्ममा पनि केन्द्रमा जस्तै छुट्टाछुट्टै स्वतन्त्र प्रशासकीय कार्यालयहरू छन् । तर, समन्वय, निर्देशन, नियन्त्रण गर्ने अभिभारा भएको कुनै पनि व्यक्ति छैन । वर्तमान प्रसाकीय ढाँचामा आमूल परिवर्तन नभएमा चौथो योजनाकालमा पनि समन्वयको अभाव रही निर्धारित कार्याक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न नसकिने स्पष्ट छ ।

(घ) गाउँ स्तरमा कृषि प्रसार र अरु विकास कार्यलाई सञ्चालित गर्न केही जे.टि.ए.हरूबाहेक कुनै प्रसानिक यन्त्र छैन । परिणामस्वरूप, केन्द्रबाट कृषि विकासको लागि आवश्यक साधन प्रभावकारी ढङ्गबाट गाउँ स्तरसम्म पुऱ्याई कृषक परिवारहरूलाई सुलभ गर्न सकिएको छैन । वास्तवमा सरकारी क्षेत्रको सम्पूर्ण कार्यक्रमको अन्तर्निहित उद्देश्य किसानहरूलाई बढी उत्पादन गर्नमा सक्षम र उत्साहित तुल्याउनु हो । तर, किसानसम्म पुग्ने कुनै प्रभावकारी माध्यमको अभावमा सरकारी स्तरबाट सञ्चालन भएका कृषि विकास कार्यक्रमको प्रभाव गाउँ स्तरमा प्रत्यशित परमा नहुनु अस्वाभाविक होइन ।

(ङ) आयोजना र कार्यक्रमहरू धेरै क्षेत्रमा छरिएका छन् र यसमा समन्वय हुन सकेको छैन तसर्थ यी कार्यहरूबाट एक अर्कालाई आवश्यक टेवा पुग्न सकेको छैन । कृषि विकास बैङ्कको शाखा कार्यालय हुन सक्दछ तर आवश्यक सहयोग नपुगेको हुन सक्छ । कृषि सप्लाई संस्थानको कार्यालय हुन सक्छ तर दक्ष प्रसार कार्यकर्ता नभएको हुन सक्छ अनुसन्धान कार्यहरू केन्द्र वा केही फार्महरूमा मात्र सीमित छन् तर, स्थानीय अवस्थानुसार अपनाउन मिल्ने अनुसन्धान हुन सकेको छैन ।

(च) निर्धारित कार्यक्रमलाई सक्षम ढङ्गबाट सञ्चालन गर्न सक्ने योग्यताको आधारमा मूल्यांकन नभएमा जिम्मेवारीको भावना आउन नसक्ने हुन्छ । प्राविधिक कमचारीहरूले प्रशासनमा बढी समय दिनु पर्दा प्राविधिक ज्ञानबाट बढी उपलब्धि हुन पाएको छैन । यस्तै गाउँ स्तरमा गई काम गर्ने प्रसार कार्यकताहरूको सङ्ख्याका साथै तिनीहरूको तलब, तालिम र अनुभव अपर्याप्त नै देखिन्छ ।

(छ) कृषिसम्बन्धी विभिन्न सरकारी संस्थाहरूको कार्यमा दोहोरोपना देखिएको छ । यसले गर्दा साधनको दुरूपयोग भैरहेछ । अनुमान गरेअनुसार कुनै पनि संस्थानले कृषि विकासको निमित्त चाहिने ऋण र उपकरणहरू उपलब्ध गर्ने प्रभावकारी एजेन्टको रूपमा काम गर्न सकेको छैन । नियन्त्रित ऋणको व्यवस्था छैन र ऋण असुली गर्ने समस्या अझ जटिल भएको छ ।

(ज) कृषि उत्पादनमा अपेक्षित बृद्धि गर्न वास्तविक जोताहाहरूलाई विशेष प्रेात्साहित गर्नु अनिवार्य छ यसका निमित्त उत्पादनका उपकरणहरू सुलभ गर्नुका साथै सही कुत निर्धारण गरी बढी उत्पादनको अधिकांश भाग जोताहाहरूले नै पाउने व्यवस्था मिलाउनु अझ बाँकी नै छ । यसका अतिरिक्त कृषि उपज बिक्री गर्ने बजार, गोदाम घरको व्यवस्था मिलाउनेतर्फ पनि कुनै प्रयास हुन सकेको छैन ।

चौथो योजनामा कृषि विकासको उद्देश्य, नीति र प्राथमिकता

उद्देश्यः

चौथो योजना अवधिमा कृषि क्षेत्रबाट उत्पादनमा अधिकतम बृद्धि गरी निम्नलिखित उद्देश्यहरू प्राप्त गर्ने प्रयास गरिनेछ । यी उद्देश्यहरू पूर्ति गर्न प्रत्येक बालीको उत्पादनमा बृद्धि, प्रत्येक एकाइ जमिनको उत्पादनमा बृद्धि तथा जमिनमा आधारित प्रतिव्यक्ति उत्पादनमा बृद्धि हुनु आवश्यक छ ।

(क) उपभोगको स्तरमा सुधार र बृद्धि गर्ने,

(ख) निर्यातमा बृद्धि गर्ने,

(ग) औद्योगिक कच्चा पदार्थ पर्याप्त मात्रामा उपलब्ध गर्ने,

(घ) बहुसङ्ख्यक जनताको क्रय शक्ति बृद्धि गर्ने,

(ङ) पुँजी निर्माणको निमित्त बचत परिचालनको क्षेत्र र करको विस्तृत आधार तयार पार्ने ।

नीतिः

कृषि क्षेत्रको वर्तमान स्थितिलाई ध्यानमा राखी उपर्युक्त उद्देश्यहरू पूर्ति गर्ने दृष्टिबाट कृषि विकास कार्यमा चौथो योजनाअन्तर्गत निम्नलिखित नीतिहरू अपनाइने छन् :

१. उपलब्ध साधन र शक्तिलाई यत्रतत्र सीमित रूपमा अव्यवस्थित ढङ्गबाट नछरी छानिएका क्षेत्रमा केन्द्रीभूत गरिने छ यसअनुसार निम्न कुराहरूको आधारमा कार्यक्रम निर्धारण गरिनेछः

(क) नेपाल अधिराज्यमा खाद्यान्न, नगदेबाली, फलफूल, मस्त्यपालन, पशुपालन आदि खेतीको निमित्त उपयुक्त क्षेत्रहरू यकिन गरी त्यस अनुसार कृषि क्षेत्रको निर्धारण गर्ने ।

(ख) प्रत्येक वस्तुको उत्पादनको निमित्त उपयुक्त क्षेत्र अथवा जिल्लाको निर्धारित तरिकाबाट छनोट गरी योजनाअनुसार प्रत्येक वस्तुको लक्ष्य हासिल गर्न आवश्यक मात्रामा सेवा र उपकणरहरू उपलब्ध गराउने ।

२. कृषिसम्बन्धी मन्त्रालयअन्तर्गतका विभागहरूको कृषि विकासको निमित्त सञ्चालन गर्ने अनुसन्धान, प्रसार, सिँचाइ आदि सम्बन्धित कार्यक्रमहरूलाई प्रभोवित्पादक तुल्याउन यी कार्यक्रमलाई समन्वयात्मक रूपमा एकीकरण गरिनेछ । यस प्रकार निर्धारित कार्यक्रमको सञ्चालनकालागि केन्द्रमा विभागहरूलाई सुसंगठित गरी प्रशासनिक यन्त्र गाउँ स्तरसम्म पुऱ्याइने छ र कृषि क्षेत्रअन्तर्गत सञ्चालन गरिने सबै प्रसार कार्य एउटा विभागमार्फत सञ्चालन गरी ब्यापक र बढी प्रभावकारी ढङ्गबाट कृषि विकाससम्बन्धी सम्पूर्ण कार्यक्रमको केन्द्र विन्दु गाउँलाई नै बनाउने प्रयास गरिने छ ।

३. कृषि विकासका लागि उन्नत बीउ, मलखाद, उन्नत औजार, बाली संरक्षणका सामग्रीहरू आदि कतिपय सेवाहरू प्रभावकारी ढङ्गबाट गाउँघरमा किसानसम्म पुऱ्याउनु आवश्यक छ । यस कारण हाल रहेका कृषि विकास बैक, कृषि सप्लाई संस्थान, भूमिसुधार बचत संस्थान, सहकारी विभाग आदि विभिन्न सस्थाहरूको कार्यक्रमलाई संगठित रूपमा सञ्चालन गरिनेछ ।

४. कृषि विकास कार्यक्रममा पहिले बजारको समस्या समाधान गर्ने उपाय सोच्नु आवश्यक भएकोले पुनर्गठित सहकारी संस्था पनि राष्ट्रिय स्तरमा गरिनेछ । यसका साथै कृषि क्षेत्रमा बचतको परिचालन गर्न र करको आधारमा विस्तृत गर्न उपयुक्त कूत र मालपोत नीति अपनाउनमा जोड दिइनेछ ।

५. कृषिमा आधारित उद्योगहरूलाई उत्साहित गर्न र कृषि उत्पादनमा समेत विविधीकरण ल्याउन विस्तृत रूपमा संभाव्यता अध्ययन गर्नु आवश्यक छ । जग्गा जोताहालाइनै उचित मूल्यमा सुम्पी यस्ता उद्योगहरूको स्थापनाका निमित्त आवश्यक ऋण र प्राविधिक सेवा तिनीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । त्यस्तै,

खाद्यान्न उत्पादनका साथै फलफूल, तरकारी, दुध तथा अन्य पशुजन्य वस्तुहरूको उत्पादन बढाउन हालसम्भव हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

६. तराई क्षेत्रले भारतमा खाद्यान्न निकासी गर्दा घट्दै जाने मूल्यको सामना गर्ने स्थिति देखा परेकोछ । भविष्यमा तराईको बढी उपजको निम्ति भारतबाहेक अन्य देशहरूमा निकासी बढाउने प्रयास हुनु जरुरी भैसकेको छ । पहाडी क्षेत्रमा पनि बजार विस्तार गर्नुपरेको छ । तर, पहाडमा बस्ने जनताको क्रयशक्ति बृद्धि गर्न सकेमात्र यो संभव हुन्छ । यस कारणले गर्दा पहाडी क्षेत्रमा कृषि विकासको संभावना हेरी लगानी गर्नमा जोड दिइनेछ ।

प्राथमिकताको क्रम

चौथो योजनामा निर्धारित प्राथमिकता अनुसार कृषि कार्यक्रमअन्तर्गत निम्न कुराहरूमा ध्यान दिइनेछ ।

(क) पहिलेनै चालू भैसकेका आयोजनाहरू,

(ख) सम्झौतानुसार विदेशी सहायता उपलब्ध हुने भैसकेका आयोजनाह,

(ग) निर्माण पूरा भैसकेका तर सञ्चालन नभएका आयोजनाहरू,

(घ) वर्तमान आयोजनाहरूलाई अधिकतम रूपमा उपयोगी बनाउने आयोजनाहरू,

(ङ) दुवै नयाँ र चालू आयोजनाहरूको बीचमा एक अर्कासँग सम्बन्ध कामय गर्ने खालका आयोजनाहरू ।

चौथो योजनामा कृषि विकास कार्यक्रम

चौथो योजनाअन्तर्गत कृषि विकाससम्बन्धी निर्धारित उद्देश्यहरू पूरा गर्ने खाद्यान्न र नगदे बालीको उत्पादनमा यथासम्भव बृद्धि ल्याउनु आवश्यक छ । यसका अतिरिक्त पौष्टिक पदार्थहरू पनि बढी मात्रामा उपलब्ध गर्न फलफूल, तरकारी, मासु, दूध, फुल आदिको उत्पादन पनि वढाउन जरुरी भएको छ यस कुरालाई ध्यानमा राखी चौथो योजना अवधिका निमित्त विभिन्न कृषि पैदावारको लक्ष्य र तत्सम्बन्धी आवश्यक उपकरणको व्यवस्था तथा विभागीय कार्यक्रम निर्धारण गरिएको छ जसको विवरण तल दिइएको छ ।

खाद्यान्न

नेपालको जनसङ्ख्या चौथो योजना अवधिमा प्रति वर्ष १.९५ का दरले बृद्धि हुने अनुमान गरिएको छ यस प्रकार बढ्दो आयअनुसार हुने खाद्यान्नको आवश्यकता पूरा गर्ने तथा विगत वर्षहरूमा खास गरी तेस्रो योजना अवधि भित्र खाद्यान्नको उत्पादन प्रतिवर्ष २.५ प्रतिशतका दरले मात्र बृद्धि हुन सकेको परिस्थितिलाई ध्यानमा राखी चौथो योजनामा खाद्यान्नको उत्पादनमा १६ प्रतिशत बृद्धि गर्ने व्यवहारिक लक्ष्य राखिएको छ । यस अनुसार प्रतिवर्ष ३ प्रतिशका दरले बृद्धि हुने अनुमान गरिएको छ । विभिन्न बालीको उत्पादन सम्बन्धी लक्ष्यमा धानको उत्पादन प्रति वर्ष २ प्रतिशत, मकै १.३ प्रतिशत र गहुँ १४.४ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । यो अनुमान मुख्यत: विगत वर्षहरूमा हासिल भएको उपलब्धि र योजना अवधिमा सञ्चालित हुने कार्यक्रममा आधारित रहेको छ । उक्त लक्ष्य बमोजिमको चौथो योजना अवधिमा हुने खाद्यान्न बाली उत्पादन निम्न लिखित तालिकामा दिइएको छ ।

तालिका नं. ४

खाद्यान्न उत्पादनको लक्ष्य

(हजार मे.टन.मा)

उत्पादन गरिने वस्तु	०२६।२७ को अनुमानित उत्पादन	०३१।३२ को लक्ष्य	प्रतिशत बृद्धि	वार्षिक बृद्धि दर
धान	२३५३.८१	२५९८.६०	१०.४०	२.०
मकै	९१८.२१	९८०.१७	६.७४	१.३
गहुँघ	२९६.५९	५८०००	९५.५५	१४.४
कोदो र अन्य	१२०.००	१२०.००	-	-
जम्मा	३६८८.६१	४२७८.७७	१६.००	३.०

खाद्यान्न उत्पादनसम्बन्धी योजनाको लक्ष्य पूरा गर्ने उद्देश्यबाट मुख्यत: उन्नत बीउ, मलखाद, सिँचाइ सुविधा र कृषि प्रसार सेवा प्राथिमकताको आधारमा छानिएका जिल्लाहरूमा केन्द्रीभूत गर्ने नीति अपनाइएको छ । यस प्रकार खाद्यान्न विकासको लागि जिल्लाहरूको छनौट गर्दा, प्रत्येक जिल्लामा उपलब्ध सिँचाइ, यातायात सुविधाका साथै कृषि विकाससम्बन्धी आधारभूत इकाईहरूको व्यवस्था, विकासको संभावना, क्षेत्रीय विकास र उपलब्ध सरकारी सेवाहरू

3 यसमा जौं समेत समावेश गरिएको छ ।

आदि कुरालाई समेत आधार मानिएको छ । यस प्रकार खाद्यान्न बृद्धिको लागि सघन कृषि कार्यक्रम सञ्चालन गरिने जिल्लाहरूको नाम तल दिइएको छ :

सघन खाद्यान्न विकासका लागि छानिएका जिल्लाहरू

तराई र भित्री तराई		पहाड र उपत्यका	
१.	झापा	१.	ईलाम
२.	मोरङ्ग	२.	धनकुटा
३.	सुनसरी	३.	काभ्रे
४.	सप्तरी	४.	काठमाडौं
५.	धनुषा	५.	भक्तपुर
६.	सर्लाही	६.	ललितपुर
७.	बारा	७.	कास्की
८.	पर्सा	८.	स्याङ्जा
९.	रौतहट	९.	तनहुँ
१०.	चितवन	१०.	पाल्पा
११.	मकवानपुर	११.	डोटी
१२.	नवल-परासी	१२.	डडेलधुरा
१३.	रूपन्देही		
१४.	दाडदेउखुरी		
१५.	बाँके		
१६.	कैलाली		

चौथो योजना अवधिमा खाद्यान्न उत्पादनमा १६ प्रतिशत बृद्धि ल्याउन विभिन्न उपकरणहरूबाट हुने योगदान सम्बन्धी अनुमान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

खाद्यान्न उत्पादन हासिल गर्न विभिन्न उपकरणबाट हुने योगदानको अनुमान

(प्रतिशतमा)

सि.नं.	**उपकरण**	**बाली**			
		धान	**गहुँ**	**मकै**	**खाद्यान्न**
१.	रासायनिक मलखाद	४२	२८	२९	३३
२.	उन्नत बीउ	२६	१८	२६	२२
३.	सिँचाइ	२०	१५	२७	१७
४.	बाली संरक्षण सेवा र अन्य	५	२२	१३	१४
५.	अतिरिक्त जमिन	७	१७	५	१४
जम्मा		१००	१००	१००	१००

उपर्युक्त तालिकाअनुसार विभिन्न बालीलाई आवश्यक पर्ने उपकरणहरूको व्यवस्था र तत्सम्बन्धी कार्यक्रम निम्न अनुसार हुनेछ ।

(क) उन्नत बीउः-

कृषि उत्पादन वृद्धि गर्नमा उन्नत बीजको महत्वपूर्ण स्थान रहने हुनाले यसको प्रयोगबाट योजना अवधिमा हुने थप खाद्यान्नको उत्पादनको २२ प्रतिशत पुरा हुने अनुमान गरिएको छ । यसअनुसार योजनाको अन्तिम वर्षमा विभिन्न बालीअन्तर्गत ४,७२,००० हेक्टरमा २५,०२० मेट्रिक टन उन्नत बीउको प्रयोग हुनुपर्ने देखिन आएको छ । यससम्बन्धी कार्यक्रम निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ६

उन्नत बीउको प्रयोग

क्षेत्रः हजार हेक्टरमा

बीउः हजार मेट्रिक मा

	२०२७।२८		२०२८।२९		२०२९।३०		२०३०।३१		२०३१।३२	
बाली	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ

धान										
सघन जिल्ला	८८	४.४	९८	४.९	११८	५.९	१३९	७.००	१४७	७.४
अन्य जिल्ला	१७	.७	२२	१.१	३२	१.६	४१	२.००	५०	२.५
जम्माः	१०५	५.१	१२०	६.०	१५०	७.५	१८०	९.००	१९७	९.९
गहुँः										
सघन जिल्ला	८६.४	६.०	१०२.३	७.२	१२१.९	८.५	१४५.६	१०.२	१७०.०	११.९
अन्य जिल्ला	९.७	०.७	१३.२	०.९	१७.६	१.२	२३.४	१.६	३०.०	२.१
जम्माः	९६.१	६.७	१११.५	८.१	१३९.५	९.७	१६९.०	११.८	२००.०	१४.०
मकै										
सघन जिल्लाः	१३.०	०.१९	२१.०	०.३२	३२.०	०.४८	४६.०	०.६९	५६.०	०.८४
अन्य जिल्ला	२.०	०.०३	४.०	०.०६	८.०	०.१२	१४.०	०.२१	१९.०	०.२८
जम्मा	१५.०	.२२	२५.०	०.३८	४०.०	०.६०	६०.०	०.९०	७५.०	१.१२

उन्नत बीउ वृद्धि गरी पर्याप्त मात्रामा उपलब्ध गर्न आवश्यक व्यवस्था चौथो योजनाको प्रारम्भदेखि नै हुनु जरुरी छ । यस सम्बन्धमा कृषि अनुसन्धान विभाग, कृषि प्रसार विभाग तथा कृषि सप्लाई संस्थानको प्रमुख अभिभारा रहने छ । कृषि शिक्षा तथा अनुसन्धान विभागअन्तर्गत देशका विभिन्न स्थानहरूमा रहेका कृषि केन्द्रहरूमा सञ्चालन गरिने अन्वेषण कार्यबाट उपयुक्त ठहरिएका खाद्यान्न बालीको मूल उन्नत बीउ सरकारी फार्महरूमा उत्पादन गरी सो बीउ रजिष्टर्ड बीउ उत्पादकहरूलाई उपलब्ध गराइनेछ । ती उत्पादकहरूले कृषि अनुसन्धान विभागको प्राविधिक सहयोग र रेखदेख प्राप्त गरी सो बीउबाट उन्नत बीउ उत्पादन गर्नेछन् । यस प्रकार प्रमाणित गरिएको उन्नत बीउ कृषि प्रसार कार्यक्रम अनुरूप कृषि सप्लाई संस्थानले देश भित्रबाट र आवश्यकता अनुसार बाहिरबाट पनि खरिद गरी विक्री वितरण गर्नेछ ।

लक्ष्य वमोजिम निर्धारित गरिएको उन्नत बीउको आवश्यक परिमाणको केही अंश मात्र कृषि सप्लाई संस्थान मार्फत विक्री वितरण गरिनेछ । अधिकांश उन्नत बीउ कृषकहरूबाटै उपलब्ध हुने अनुमान छ । यसको लागि कृषि प्रसार कार्यक्रम व्यापक रूपबाट प्रभावकारी तुल्याउन आवश्यक छ । कृषि सप्लाई संस्थानबाट उपलब्ध गरिने बीउको परिमाण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ७

कृषि सप्लाई संस्थानबाट उपलब्ध गरिने बीउको परिमाण

(मे.ट.मा)

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
धान	४००	६००	८००	११००	१४००
गहुँ	५४६	६८०	१०९२	१३२६	१५१०
मकै	१३६	२०४	३०६	४०८	५१०

(ख) रासायनिक मलखादः

चौथो योजना अवधिमा हुने थप उत्पादनको ३३ प्रतिशत भन्दा वढी अंश रासायनिक मलखादको प्रयोगबाट प्राप्त हुने अनुमान गरिएको छ । यसअनुसार योजनाको अन्तिम वर्षमा विभिन्न बालीका निमित्त न्यूट्रिएन्टको हिसाबले २५,००० मे.ट. रासायनिक मलको प्रयोग गरिनेछ । मलखादको प्रयोग गर्ने कार्यमा खास गरी सिँचाइ सुविधा भएको र उन्नत बीउ प्रयोग गरिने क्षेत्रहरूलाई बढी ध्यान दिइनेछ । साथै नयाँ किसिमको रासायनिक मल बारे आवश्यक ज्ञान किसानहरूमा दिलाउने व्यवस्था कृषि प्रसार विभागबाट गरिनेछ । उक्त कार्यक्रमअनुसार आवश्यक हुने सम्पूर्ण रासायनिक मलखाद आयात गरी कृषि सप्लाई संस्थानमार्फत अन्यत्र उल्लिखित संगठनको माध्यमद्वारा किसानहरूमा पुऱ्याइने व्यवस्था मिलाइएको छ । योजना अवधिमा प्रत्येक वर्ष विभिन्न बालीअन्तर्गत रासायनिक मलखाद प्रयोग गरिने क्षेत्र र परिमाणको अनुमान निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ८

रासायनिक मलखादको प्रयोग गरिने परिमाण

(मे.ट.)

	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
बाली	**परिमाण**	**परिमाण**	**परिमाण**	**परिमाण**	**परिमाण**
धानः					

सघन जिल्ला	३८९२	५९८९	७५३१	९२५८	११३६५
अन्य जिल्ला	५७	१०४	१६६	२३९	३१७
जम्मा:	३९४९	६०९३	७६९७	९४९७	११६८२
गहुँ:					
सघन जिल्ला	३९८२	४६९२	५५६२	६६३४	७७२८
अन्य जिल्ला	४२०	५३६	६८४	८८०	१०९१
जम्मा:	४४०२	५२२८	६२४६	७५१४	८८१९
मकै:					
सघन जिल्ला	८३२	१३९५	२२९४	३३०९	४५०७
अन्य जिल्ला	३९७	५००	६२८	७८२	९५०
जम्मा	१२२९	१८९५	२९२२	४०९१	५४५७

ग) सिँचाइ:

चौथो योजना अवधिमा खाद्यान्न वृद्धि गर्ने कार्यक्रमअन्तर्गत विभिन्न बालीको खेती हुने जम्मा २.४६ लाख हेक्टरमा थप सिँचाइ सुविधा आवश्यक पर्ने अनुमान गरिएको छ । यसबाट थप खाद्यान्न उत्पादनको १७ प्रतिशतभन्दा बढी अंश पूरा हुनसक्ने अनुमान छ । वृहत, ट्यूववेल तथा लघु सिँचाइ आयोजनाहरूको निर्माणबाट योजना अवधि भित्र जम्मा १,८३,६३२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । योजना अवधिमा सञ्चालित हुने सिँचाइ आयोजनाहरूको विस्तृत विवरण सिँचाइ कार्यक्रमअन्तर्गत उल्लेख गरिएको छ ।

(घ) बाली संरक्षण सेवा:

प्रत्येक वर्ष देशको कुल कृषि उत्पादनको करिब १६ प्रतिशत रोग र कीराले नष्ट हुन्छ भन्ने अनुमान गरिएकोछ । यसबाट बाली संरक्षणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सकिएमा कृषि उत्पादनको उपलब्धि सहजै बढाउन सकिने कुरा स्पष्ट छ । तर हालसम्म यस्तो सुविधा आवश्यक प्राविधिक तथा सामग्रीहरूको अभावले गर्दा सीमित मात्रामा मात्र उपलब्ध हुन सकेको छ । चौथो योजना अवधिमा हुने थप खाद्यान्नको करिब १४ प्रतिशत अंश यस प्रकारको बाली संरक्षण कार्यहरूबाट पूर्ति हुने अनुमान गरिएको छ । यसका निमित्त योजना अवधिमा संरक्षण सम्बन्धी सेवामा वृद्धि र व्यापकता ल्याउन आवश्यक व्यवस्था मिलाइने छ । यसअनुसार कृषकहरूलाई बाली संरक्षण सम्बन्धी तालिम, सुपथ मूल्यमा पोलिथिन ब्यागका साथै अन्य आवश्यक सामग्रीहरूको बिक्री वितरण तथा आपत्कालीन बाली संरक्षण आदि कार्यक्रम चालू गरिनेछ । कीटनाशक र रोगनिरोधक औषधीहरू पूर्णतया सरकार तर्फबाट कृषकहरूलाई उपलब्ध गराउन सम्भव नहुने भएकाले यस कार्यमा निजी क्षेत्रलाई आवश्यक प्राविधिक र अन्य सुविधा दिई प्रोत्साहित गरिनेछ । योजना अवधिमा करिब ५४ लाखको बाली संरक्षणसम्बन्धी सामग्रीहरूको खपत हुने. अनुमान गरिएको छ । यस मध्ये कृषि सप्लाई संस्थानमार्फत करिब ३९ लाखको सामग्री उपलब्ध गर्न सकिने अनुमान छ ।

(ङ) कृषि औजार:

चौथो योजनामा कृषि उत्पादन वृद्धि गर्ने कार्यक्रममा उन्नत कृषि औजारको प्रयोगलाई पनि उपयूक्त स्थान दिइएको छ । बीरगञ्जमा कृषि औजार कारखानाको स्थापना भैसकेकोले अब अधिकांश आवश्यकता यस कारखानाबाट पूरा हुने अनुमान गरिएको छ । कृषि औजारको बिक्री वितरण गर्ने कार्यको प्रमुख अभिभारा कृषि सप्लाई संस्थानको रहनेछ । यस संस्थानबाट योजना अवधिमा करिब ७३ लाखको कृषि औजार बिक्री वितरण हुने अनुमान गरिएको छ ।

(च) खेती गरिने थप जमिन:

चौथो योजना अवधिमा खाद्यान्न उत्पादनको लक्ष्य हासिल गर्न २५,००० हेक्टर नयाँ आवाद गरी खास २१, ००० हेक्टरमा खेती गरिनेछ । यसबाट थप उत्पादन लक्ष्यको करिब १४ प्रतिशत पूरा हुने अनुमान गरिएको छ । योजना अवधिमा २५,००० हेक्टर नयाँ जग्गा आवाद गर्ने कार्य पुनर्वास विभागबाट र पुनर्वास कम्पनीबाट सञ्चालन गरिनेछ ।

(छ) खाद्यान्न बाली अनुसन्धान:

खाद्यान्न बालीमा उत्पादन वृद्धि गर्ने उद्देश्य पूर्ति गर्न उन्नत बीउ, मलखाद, औजार, सिँचाइ आदि विभिन्न उपकरणहरूको प्रयोगात्मक अनुसन्धान कार्यक्रमको स्थान महत्वपूर्ण रहन्छ । उन्नत तरिका र उपकरणहरूको प्रयोगबाट उत्पन्न हुने समस्याहरूको निराकरण गरी उत्पादन वृद्धिलाई कायम राख्न पनि अनुसन्धान कार्य जरुरी हुन्छ । यी कुराहरूलाई ध्यानमा राखी योजना अवधिमा सञ्चालन गरिने खाद्यान्न बाली अनुसन्धान कार्यको विवरण कृषि शिक्षा र अनुसन्धान कार्यक्रममा समावेश गरिएको छ ।

नगदेवाली

नेपालमा स्थापित भएका कृषिजन्य उद्योगहरू जस्तैः चिनी, चुरोट, सनपाट आदि कारखानाहरूको सम्भावित खपत, तेस्रो योजनाकालमा भएको प्रगतिको साथै विदेश निकासीको आवश्यकतालाई समेत ध्यानमा राखी चौथो योजना अवधिभित्र नगदेबालीको उत्पादन ४०.३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ । यस अनुसार उखु, सनपाट, सूर्ति र तेलहनमा हुने उत्पादन निम्नलिखित तालिकामा दिइएको छ । योजनाकालमा कपास खेतीयोग्य केही स्थानहरूको सर्वेक्षण पूरा गरी प्रयोगात्मक रूपमा सरकारी कृषि केन्द्रहरूमार्फत आवश्यक अनुसन्धान कार्य पूरा गरिनेछ ।

तालिका नं. ९

नगदेबाली उत्पादन लक्ष्य

(हजार मे.ट. मा)

बाली		२०२६।२७ अनुमानित उत्पादन	२०३१।३२ लक्ष्य	थप वृद्धि	प्रतिशत वृद्धि
१.	उखु	२००.०	३००.०	१००	५०.०
२.	सनपाट	४८.०	६५.०	१७.०	३५.४
३.	सूर्ति	७.५	१०.०	२.५	३३.३
४.	तेलहन	५८.०	६४.८	६.८	११.७
	जम्माः	३१३.५	४३९.८	१२६.३	४०.३

उपर्युक्त बमोजिमको नगदेबालीसम्बन्धी लक्ष्य हासिल गर्न आवश्यक उपकरणहरूको परिमाण निम्न तालिकामा दिइएअनुसार हुने अनुमान गरिएको छ ।

तालिका नं. १०

नगदेबालीका निमित्त विभिन्न उपकरणको आवश्यक परिमाण (२०३१।३२)

सि.नं.	उपकरण बाली	उखु	सनपाट	सूर्ती	तेलहन	जम्मा
१.	खेती गरिने थप जमिन (हेक्टर)	२५२०	२९९४	२०००	३०००	१०,५१४
२.	सिँचाइ	१४००	५२७४	१४५०	१३०००	२१,१२४
३.	उन्नत बीउ (मे.ट.)	१९९००	७२	१२०	१६०	१२,२५२
४.	मलखाद (मे.ट.)	२१२	६६०	३५	८८८	१७,९५

नगदेबालीको निमित्त आवश्यक पर्ने उपकरणहरूको व्यवस्था मिलाउन कृषि र उद्योग वाणिज्यसम्बन्धी मन्त्रालय र विभागहरूको बीचमा पारस्परिक समन्वय रहिरहनु अनिवार्य भएकाले यससम्बन्धी कृषि प्रसार कार्यक्रम त्यसैको आधारमा सञ्चालन गरिने छ ।

नगदेबाली कार्यक्रम भर्खरै प्रारम्भ हुन लागेकोले कार्यक्रमको लागि आवश्यकतानुसार उपयुक्त जातको बीउ र उपकरण कहाँबाट उपलब्ध गर्ने सम्बन्धी सिफारिस कृषि शिक्षा तथा अनुसन्धान विभागबाट व्यवस्था गरिने छ । कार्यक्रमको लागि आवश्यक बीउ र रासायनिक मल कृषि सप्लाई संस्थानमार्फत व्यवस्था हुनेछ । साथै, खाद्यान्न बाली कार्यक्रममा जस्तै नगदेबाली कार्यक्रमका लागि पनि ऋणको व्यवस्था अन्यत्र उल्लिखित संगठनद्वारा पुऱ्याइने छ । यो नौलो कार्यक्रम हुनाको कारण यसमा कृषकवर्गबाट अभिरुचि र सहयोग तुरुन्तै पाउन कठिन पर्न सक्ने भएकाले लक्ष्यहरू व्यावहारिक हुन सक्ने किसिमसँग निर्धारित गरिएका छन् । कार्यक्रमको विस्तृत विवरण निम्न तालिकामा दिइएको छ :

तालिका नं. ११

नगदेबालीको कार्यक्रम

१. **उन्नत बीउले ढाकिने क्षेत्र (हेक्टरमा)**

बाली	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
उखु	११९	५५५	१०२०	१६८०	२५००
सनपाट	५००	१५००	४०००	६५००	८०००
तेलहन	६५०	३२००	६४००	१०९००	१६०००
सूर्ती	३५	१००	२००	३३०	५००

२. **बीउको आवश्यकता (मे.ट.)**

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२

उखु	५६६.३७	२१६५.८६	४८५७.१४	८०००.१६	११९००.९४
सनपाट	४.५०	१३.५०	३६.००	५८.५०	७२.००
तेलहन	६.५०	३२.००	६४.००	१०९.००	१६०.००
सूर्ती (के.जी.)	८.४०	२४.००	४८.००	७९.२०	१२०.००

३. **रासायनिक मलको आवश्यकता**

(मे.ट.मा)

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
उखु	१०.०	३९.०	८७.०	१४३.०	२१२.०
सनपाट	४०.०	१२०.०	३२०.०	५३०.०	६६०.०
तेलहन	३६.०	१७८.०	३६१.०	६०५.०	८८८.०
सूर्ती	२.०	७.०	१४.०	२३.०	३५.०
जम्मा:	८८.०	३४४.०	७८२.०	१३०१.०	१७९५.०

प्रत्येक नगदेबाली उत्पादन कार्यक्रमका निमित्त हाल रहेका कारखानाहरूको समीप्य तथा बढी सम्भावना रहेको क्षेत्रलाई ध्यानमा राखी निम्न बमोजिम जिल्लाहरू तोकिएका छन् ।

सि.नं	बाली	जिल्ला
१.	उखु	बारा, पर्सा, रूपन्देही, कपिलवस्तु, मोरङ्ग, चितवन, कैलाली,
२.	सनपाट	मोरङ्ग, सुनसरी, झापा, सप्तरी
३.	सूर्ती	धनुषा, सिराहा, महोत्तरी, सर्लाही, चितवन, कैलाली, वर्दिया, बाँके, दाङ
४.	तेलहन	सप्तरी, सर्लाही, धनुषा, मकवानपुर, रौतहट, नवलपरासी

नगदेबाली अनुसन्धान: नगदेबालीको प्रयोगात्मक अनुसन्धान कार्य हालसम्म प्रारम्भिक स्थितिमै रहेकोले यसतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । चौथो योजना अवधिमा विभिन्न नगदेबालीको उन्नत बीउ र उत्पादन विधि पहिल्याउन प्रयोगात्मक अनुसन्धान कार्य परवानीपुर तरहरा, भैरहवा, जनकपुर र राप्ती कृषि केन्द्रहरूमा सञ्चालन गरिनेछन् । अनुसन्धानबाट उपयुक्त ठहरिएका उन्नत बीउ उत्पादन गरी कृषकहरूलाई वितरण गर्ने कार्यक्रम पनि राखिएको छ । यससम्बन्धी विवरण कृषि शिक्षा र अनुसन्धान कार्यक्रममा उल्लेख गरिएको छ ।

पशु विकास

नेपालजस्तो पहाडले सम्पन्न देशमा पशु धनको विकासका निमित्त प्रचुर सम्भावना छ । यसका अतिरिक्त मासु, दूध, फुल आदि पशुजन्य पदार्थहरू पौष्टिक आहारा उपलब्ध गर्ने दृष्टिबाट महत्वपूर्ण मानिएका छन् । तर अहिलेसम्म देशमा यी वस्तुहरूको प्रतिव्यक्ति उपभोग धेरै निम्न स्तरमा रहेको छ । साथै यसका निमित्त पनि आयातमा निर्भर रहनु परेको छ । यसकारण पशुधनको विकास कार्यतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । यस कुरालाई दृष्टिगत राखी चौथो योजनाअन्तर्गत हाल पशु विकाससम्बन्धी फार्म र अन्य सेवाहरू उपलब्ध भएका र यसको विकासका सम्भावना भएका जिल्लाहरूमा पशु विकास कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

यस योजनावधिमा पशुजन्य पदार्थको उत्पादन बृद्धि गर्ने कार्यक्रमानुसार मासुको उत्पादन १६ प्रतिशत, दूधको उत्पादन २३ प्रतिशत र फुलको उत्पादन २६ प्रतिशत बृद्धि गर्ने लक्ष्य राखिएको छ । यसअनुसार हुने उत्पादनको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १२

पशुजन्य पदार्थको उत्पादन लक्ष्य

सि.नं.	पदार्थ	एकाइ	०२६।२७ को अनुमानित उत्पादन	०३१।३२ को लक्ष्य	बृद्धि	प्रतिशत बृद्धि
	१	२	३	४	५	६
१.	मासु	मे.ट.	४६,१००	५३,४७५	७,३७५	१६
(क)	राँगो	,,	१९,०००	२३,२००	४,२००	२२.१
(ख)	सुँगुर	,,	४,२००	५,६००	१,४००	३३.३
(ग)	भेडा	,,	२,७००	३,१००	४००	१४.८
(घ)	बाख्रा	,,	२,९००	३,१००	२००	६.९
(ङ)	कुखुरा	,,	७,३००	८,४७५	१,१७५	१६

(च)	अन्य	,,	१०,०००	१०,०००	-	-
२.	दूध	हजार लिटर	५,८२,६००	७,१७,०००	१,३४,४००	२३
(क)	भैंसी	,,	४,००,०००	५,००,०००	१,००,०००	२५
(ख)	गाई	,,	१,७८,०००	२,१२,०००	३४,०००	१९
(ग)	अन्य	,,	४,६००	५,०००	४००	९
			दुग्ध पदार्थ			
(क)	घ्यू तथा नौनी	मे.ट.	९,०००	१२,०००	३,०००	३३
(ख)	पनिर	,,	३७	७५	३८	१००
३.	फुल	हजार	१८,००,०००	२२,७०,०००	४,७०,००	२६

माथि उल्लिखित मासुका लक्ष्य पूरा गर्न योजनाको अन्तिम वर्षमा चाहिने पशु सङ्ख्या तल प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

मासुका निम्ति चाहिने पशु सङ्ख्या

पशु जीव	एकाई	योजनाको लक्ष्य	देश भित्र उपलब्ध हुने	आयात गरिनु पर्ने
राँगो	हजारमा	२३२	१९७	३५
सुंगुर	,,	१४०	१३०	१०
भेडा	,,	२५८	२२८	३०
बाखो	,,	३४४	२८४	६०
कुखुरा	,,	६७८०	६७८०	-

मासुको निर्धारित लक्ष्य पूरा गर्न देशमा उपलब्ध हुने अनुमानित पशु सङ्ख्या, त्यसबाट स्वभावतः हुने खुद बृद्धि तथा पशु विकास कार्यक्रमअन्तर्गत हुने सुधार कार्य तथा उन्नत प्रजननको कारणहरूबाट माथि उल्लिखित सङ्ख्यामा मासुको निमित्त देशभित्र उपलब्ध हुने पशु सङ्ख्या नपुग हुने हुँदा नपुगजति बाहिरबाट आयात गर्नु पर्ने देखिन्छ ।

चरन विकास कार्यक्रम

नेपालको अधिकाँश भागमा पालिएका वस्तुहरूलाई चाहिने सन्तुलित आहारा तथा चरनको व्यवस्था मिलाउने कार्यक्रम अहिलेसम्म संचालित गरिएको छैन । उन्नत पशुपालन कार्यको विस्तार गर्नका निमित्त अन्य सेवाहरूका साथै चरनसम्बन्धी व्यवस्था उपलब्ध हुनु आवश्यक छ । देशको उत्तरी भागमा चरनको अभावले गर्दा परम्परागत पशुपालन व्यवसाय ह्रासोन्मुख हुन गएको छ । यस क्षेत्रमा रहेका खर्कहरूमा चरन विकास गर्नु जरुरी भएको छ ।

यी कुरालाई ध्यानमा राखी योजना अवधिमा उन्नत जातको घाँससम्बन्धी अनुसन्धान र परीक्षण गरी चरन विकास गर्न उन्नत घाँस उत्पादन र वितरण गर्ने कार्यक्रमअन्तरगत ललितपुर, रसुवा, रामेछाप, राप्ती, सुनसरी तथा जुम्लामा चरन विकास केन्द्रहरू स्थापना गरिने छन् । यी केन्द्रहरूमा उन्नत जातका घाँस बीउहरू आयात गरी परीक्षण गरिनेछ र यसका निमित्त उपयुक्त उन्नत घाँस बीउहरू उत्पादन गरी कृषकहरूलाई उपलब्ध गराइनेछ ।

संतुलित आहारा

चौथो योजना अवधिमा उन्नत एवं संतुलित आहारा बढी मात्रामा उपलब्ध गर्ने कार्यक्रम पनि समावेश गरिएको छ । हाल हेटौडामा मात्र यस्तो आहारा उत्पादन केन्द्र स्थापित गरिएको छ । योजना अवधिमा गैर सरकारी क्षेत्रमा अरू चार उत्पादन केन्द्र स्थापित गर्ने लक्ष्य राखिएको छ । यी सबै केन्द्रहरूबाट हुने उत्पादनको परिमाण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १४

(मे.ट.मा)

उत्पादन केन्द्र	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/२
सरकारी क्षेत्र					
हेटौडा	२,५००	२,५००	२,५००	२,५००	२,५००
गैर सरकारी क्षेत्र					
विराटनगर	२,५००	२,५००	२,५००	२,५००	२,५००
नेपालगञ्ज			२,५००	२,५००	२,५००
भैरहवा				२,५००	२,५००
धनगढी				२,५००	२,५००

जम्मा	२,५००	५,०००	७,५००	१२,५००	१२,५००

कृत्रिम गर्भाधान:

पशुविकास गर्न चलाइने नश्ल सुधार कार्यका निम्ति उन्नत साँढे र राँगोहरू पर्याप्त मात्रामा उपलब्ध गर्न कठिनाई पर्ने हुनाले कृत्रिम गर्भाधान गर्ने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । यसबाट स्थानीय जातका पशुहरूबाटै दूध आदि पशुजन्य पदार्थको उत्पादनमा बृद्धि ल्याउन सम्भव हुनेछ । हाल कृत्रिम गर्धाधान गर्ने सुविधा देशका विभिन्न भागमा ७ केन्द्र र ४ उप-केन्द्रबाट उपलब्ध गरिएको छ । चौथो योजनाअर्न्तगत पशु विकासको लक्ष्य पूरा गर्ने दृष्टिकोणबाट कृत्रिम गर्धाभान सेवा बढी व्यापक रूपमा उपलब्ध गर्ने कार्यक्रम समावेश गरिएको छ यस अनुसार हाल स्थापना भएका ३४ र योजनाकालमा स्थापना हुने ७ पशुचिकित्सालयहरूअन्तर्गत रहने गरी सम्पूर्ण कृत्रिम गर्भाधान कार्यक्रमलाई चाहिने विशेषज्ञको व्यवस्था गरिनेछ । यसबाट, १,९८,००० गाई र भैसीमा कृत्रिम गर्भाधान गरिने लक्ष्य निर्धारण गरिएको छ ।

पशु चिकिस्ता

पशुधनको संरक्षणका निमित्त पशु चिकित्सा सेवा उपलब्ध हुनु जरुरी छ । हाल देशमा जम्मा ३४ चिकित्सालयहरू स्थापित भएका छन् । चौथो योजना अवधिमा उत्तरी भेगमा र अन्य पहाडी क्षेत्रमा गरी जम्मा ७ नयाँ चिकित्सालयहरू खोल्ने लक्ष्य राखिएको छ । यी नयाँ चिकित्सालयहरू खास गरी पशुविकास कार्यक्रम सञ्चालन गरिनु पर्ने जिल्लाहरूमा खोलिने छन् । हाल निम्न स्थानहरूमा पशुचिकित्सालयहरू रहेका छन्:

काठमाडौं	वीरगंज	जनकपुर	पोखरा	भैरहवा	वैतडी
राजविराज	विराटनगर	वाग्लुङ	दाँग	जुम्ला	नेपालगञ्ज
डोटी	धुलिखेल	इलाम	ललितपुर	भक्तपुर	त्रिशुली
	पाल्पा	कलैया	भरतपुर	सिन्धुलीगढी	बन्दीपुर
	प्यूठान	कन्चनपुर	ओखलढंङ्गा	भोजपुर	मुस्ताङ
	भद्रपुर	हुम्ला	सुर्खेत	कैलाली	धनकुटा
		जिरी			

योजना अवधिमा निम्न स्थानहरूमा पशु चिकित्सालयहरू स्थापन गरिनेछन् : ताप्लेजुंग, रामेछाप, रसुवा, बाजुरा, रुकुम, संखुवासभा र दार्चुला ।

पशु रोगसम्बन्धी सर्वेक्षण कार्य पनि योजना अवधिमा सञ्चालन गरिनेछ । विभिन्न रोगको नियन्त्रण गर्नका निमित्त काठमाडौं स्थित प्रयोगशालामा भेक्सिन बनाउने कार्य विस्तार गरिनेछ ।

पशु विकास अनुसन्धान तथा तालिम :

नेपालको आवहवामा हुर्कन सक्ने उन्नत जातका वस्तुहरूको परीक्षण, अनुसन्धानबाट उपयुक्त ठहरिएका वस्तुहरू कृषकहरूलाई उपलब्ध गराउने र पशुपालनसम्बन्धी व्यावहारिक तालिम प्रदान गर्ने उद्देश्यबाट ललितपुर, चितौन, सनुसरी र कास्की आदि जिल्लाहरूमा चार बहुउद्देश्यीय पशु विकास केन्द्र स्थापित गरिएका छन् । यसका अतिरिक्त चित्लाङ्ग, पाँचसयखोला र जुम्लामा भेडा बृद्धि केन्द्र स्थापित गरिएका छन् । यी फार्महरूबाट उतपादन हुने गाई, भैसी, साँढे, राँगो, सुँगुर, भेडा, कुखुरा आदिबाट स्थानीय वस्तुहरूको नश्ल सुधार गर्ने कार्य केही मात्रामा पूर्ति भएको छ । यस कार्यलाई अझै व्यापक रूपमा सञ्चालन गर्न चौथो योजना अवधिमा नेपालगंज र ताप्तेजुङ्गमा पशु विकास फर्म स्थापना गरिनेछ । यसका अतिरिक्त पशु विकास कार्य विस्तृत रूपमा सञ्चालन गर्न कृषकहरूलाई पशु विकास सम्बन्धी व्यावारिक तालिम दिने व्यवस्था पनि यी फार्महरूमा गरिनेछ । यी सबै सरकारी फामहरूबाट योजनाको अन्तिम बर्षमा हुने उत्पादनसम्बन्धी विवरण निम्न तालिकामा दिइएकोछ ।

तालिका नं. १५

सरकारी फार्महरूबाट योजनाहरूमा हुने उत्पादन

विवरण	एकाइ	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
बाछावाछी	सङ्ख्या	७५	९०	९७	११३	१५२	५२७
पाडापाडी	,,	१०४	११९	१२८	१५९	२०२	७१२
पाठापाठी	,,	६१६	७४६	१०३४	१३१९	१३७९	५०९४
सुंगुर	,,	९५०	१२१०	१४६०	१८२०	२३१०	७७५०

कुखुरा पालन

पशु विकास गर्ने सन्दर्भमा कुखुरा पालनको महत्वपूर्ण स्थान भएकाले यसको संम्वर्द्धन गर्ने विभिन्न वातावरणमा हुने उन्नत जातका कुखुरा चल्लाहरू उत्पादन गरी विक्री वितरण गर्ने कार्य सञ्चालन गरिएको छ । विगत केही वर्षहरूमा कुखुरा पालन व्यवसायमा खास गरी काठमाडौंमा निजी क्षेत्र विशेष रूपले प्रोत्साहित भएको छ

हाल उन्नत जातका कुखुरा उपलब्ध गर्ने कार्य परवानीपुर, जावलाखेल र विराटनगरमा ३ वटा ह्याचारीहर सञ्चालन भै वर्षेनि करिव १,००,००० चल्ला उत्पादन गरिन्छ । निजी क्षेत्रमा रहेका दुई ह्याचारीबाट पनि १,००,००० चल्ला उत्पादन भएको अनुमान छ ।

चौथो योजनाको कुखुरा मासु र फुलसम्बन्धी लक्ष्य हासिल गर्न योजना अवधिमा पोखरा, नेपालगञ्ज र भैरहवामा एक एक ब्रुडर यूनिट स्थापना गरिनेछ । सरकारी क्षेत्रबाट सम्पूर्ण लक्ष्य प्राप्त गर्न नसकिने भएकाले गैर-सरकारी क्षेत्रको पनि योगदान हुनु जरुरी देखिन आएको छ । तसर्थ गैर-सरकारी क्षेत्रअन्तर्गत एक लाख चल्ला उत्पादन गर्न सकिने क्षमता भएका पाँच ह्याचरी खोल्नु जरुरी हुन आएको छ । योजना अवधिमा सरकारी तथा गैर -सकारी ह्याचरीबाट उत्पादन र विक्री वितरण हुने चल्लाको सङ्ख्या निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १६

चल्लाको उत्पादन र विक्री वितरण

(सङ्ख्या हजारमा)

ह्याचरी	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२
उत्पादन तथा विक्री वितरण					
सरकारी	१००	१००	१००	१००	१००
गैर-सरकारी	१००	२००	३००	४००	६००

दुग्ध उद्योग

चौथो योजनाअन्तर्गत दुग्ध उत्पादनसम्बन्धी लक्ष्यहरू हासिल गर्न कृत्रिम गर्भाधान, चरन विकास र उन्नत आहारा आदि कार्यक्रमबाट योगदान हुने कुरा माथिको कार्यक्रमबाट स्पष्ट हुन्छ । यसका साथै देशमा आधुनिक ढङ्गबाट प्रशोधित दूध र दुग्ध पदार्थहरू व्यावसायिक रूपमा उत्पादन गर्ने उद्देश्यबाट स्थापना भएको र हुने दुग्ध विकास संस्थाहरूबाट बजार सुरक्षित हुने कारणबाट पनि दुग्ध उत्पादन बढ्ने आशा गर्न सकिन्छ । प्रशोधित दूध र चीज, मख्खनजस्ता दुग्ध पदार्थहरूको उत्पादन लक्ष्य मुख्यत: हाल स्थापना भएको संस्थान र सोअन्तर्गत स्थापना हुने अरू केन्द्रमार्फत पूर्ति हुन सक्नेछ । यससम्बन्धी दुग्ध विकास संस्थानको कार्यक्रम तल दिइएको छ :

१. **नगर दुग्ध वितरण आयोजना**

हाल काठमाडौंमा मात्र आधुनिक ढङ्गबाट सङ्कलन, प्रशोधन संरक्षण र बिक्री वितरण गर्ने कार्य १२ लाख लिटर वार्षिक क्षमता भएको केन्द्रीय दुग्धशालाबाट सञ्चालन भैरहेको छ । योजना अवधिमा दूधको बढ्दो मागलाई ध्यानमा राखी यस दुग्धशालाको क्षमतामा बृद्धि गरी ३० लाख लिटर पुऱ्याउने लक्ष्य राखिएको छ । यसका अतिरिक्त देशका अन्य शहरी क्षेत्रहरूमा पनि प्रशोधित दूध उपलब्ध गर्नु आवश्यक भएकाले योजना अवधिमा विराटनगर, नेपालजंग र बीरगन्जमा दुग्धशालाहरू स्थापना गर्ने कार्यक्रम समावेश गरिएको छ । यस अनुसार योजनाको प्रतिबर्ष हुने उत्पादन प्रशोधित दूधको परिमाण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १७

प्रशोधित दूधको उत्पादन लक्ष्य

(हजार लिटरमा)

सि.नं.	आयोजना	०२७/२८	०२८ /२९	०२९/३०	०३० /३१	०३१ /३२
१.	केन्द्रीय दुग्धशाला काठमाडौं	१,२००	१,५००	१,५००	३,०००	३,०००
२.	विराटनगर दग्धशाला	निर्माण	निर्माण	निर्माण	१,५००	१,५००
३.	नेपालगञ्ज दुग्धशाला	-	निर्माण	निर्माण	निर्माण	१,०००
४.	वीरगञ्ज दुग्धशाला	-	-	निर्माण	निर्माण	निर्माण

२. चीज उत्पादन तथा विक्री वितरण

नेपालको उत्तरी भागमा पशुपालन नै प्रमुख व्यवसाय भएकाले यस क्षेत्रमा दुग्ध पदार्थको उत्पादन गर्न निकै सम्भावना छ । अहिलेसम्म नेपालमा लामटाङ्ग, थोदुंग र पिके आदि स्थानमा चीज उत्पादन केन्द्रहरू खोलिएका छन् । ०२६/२७ मा यी कारखानाहरूबाट चीजको उत्पादन २० मे.ट. हुने अनुमान गरिएको छ । चौथो योजनाअन्तर्गत ५ अन्य कारखानाहरू खोलिने छन् र यसबाट चौथो योजनाको अन्त्यसम्म प्रति बर्ष ५० मे.ट. चीज उत्पादन हुने अनुमान गरिएको छ ।

३. **नौनी उत्पादन केन्द्र**

दूध विकास संस्थानबाट ०२६/२७ मा १९ मे.ट. नौनी उत्पादन हुने अनुमान गरिएको छ । योजना अवधिमा देशका विभिन्न सम्भावित स्थानहरूमा २ नौनी उत्पादन केन्द्रको स्थापना गरिनेछ ।

मृत पशुहरूको अवशेष प्रयोग गर्ने आयोजना

श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघबीच भएको सम्झौताअनुसार यो आयोजना हेटौडामा सञ्चालन गरिएको छ । यस आयोजनाबाट खास गरी खेर जाने सिनो सदुपयोग हुनका साथै छाला उद्योगलाई चाहिने कच्चा पदार्थहरूको गुणमा विशेष सुधार ल्याउनका लागि तालिम तथा उत्पादन सुरु गरिने भएको छ । यस प्रकारको उद्योगको लागि आवश्यक कच्चा पदार्थको राम्ररी फ्लेईङ तथा क्योरीङ्ग हुन गई यस व्यवसायमा लाग्ने जनताहरूको आयमा बृद्धि हुन जानेछ । वैज्ञानिक तवरबाट राम्ररी उतारेको र क्योरिङ्ग गरेको छालाको विदेशमा निकासी गर्दा अधिकतम मूल्य प्राप्त हुन जानेछ । यस आयोजनाबाट उत्पादन हुने चीजहरूमध्ये पशुहरूको दानाको लागि चाहिने पौष्टिक पदार्थ जस्तै, मिटकम बोनमिल, मिटमिल, बोनमिल, टेक्निकल फ्याट र हर्न एण्ड हुक मिल फर्टीलाइजर, बोनमिल फर्टीलाइजर कम्पोष्टमल, हुफ् निडल आइल, छाला इत्यादि हुन् । यथाशक्य चाँडो सिनोहरू सङ्कलन गरिने भएकोले पशुधनमा र मानिसहरूमा समेत रोग फैलिने सम्भावना कम हुन जानेछ ।

मत्स्य विकास

नेपालमा उपयुक्त आवहवाको साथै विभिन्न नदीनाला तलाउमा प्रशस्त मात्रामा पानी उपलब्ध भएको र बढ्दो जनसङ्ख्यालाई पौष्टिक पदार्थ उपलब्ध गर्ने दृष्टिबाट मस्त्य विकासतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । हाल देशमा मस्त्य उत्पादनको परिमाणको अनुमान थाहा हुन सकेको छैन तर २०२६/०२७ मा ५६० मे.ट. अतिरिक्त मस्त्य उत्पादन भएको अनुमान गरिएको छ । यसको आधारमा चौथो योजना अवधिभित्र सञ्चालन गर्न सकिने कार्यक्रमलाई ध्यानमा राखी २०३१/३२ मा अतिरिक्त मत्स्य उत्पादन ५६० मे.ट.बाट २,००० मे.ट पुऱ्याउने लक्ष्य राखिएको छ । यसअनुसार विभिन्न स्रोतबाट उपलब्ध हुने माछाको परिमाण निम्न तालिकामा दिइएको छ:

तालिका नं. १८

माछाको उत्पादन लक्ष्य

(मे.ट.मा)

सि.नं.	स्रोत	२०२६/२७ मा अनुमानित बृद्धि	२०३१/३२ मा अतिरिक्त बृद्धि	जम्मा बृद्धि
१.	ताल	१०	१५	२५
२.	नदी	-	२५०	२५०
३.	पोखरी	४००	८००	१२००
४.	व्यावसायिक फार्म	१५०	३७५	५२५
जम्मा		५६०	१४४०	२०००

माछाको अनुमानित उत्पादन पूरा गर्न २०२६/२७ मा माछा भूराको विक्री वितरण जम्मा १० लाख भएकोमा २०३१/३२ मा ४० लाख पुऱ्याउने लक्ष्य राखिएको छ । यसअनुसार सबै मत्स्य भूरा सरकारी मत्स्य केन्द्र र फार्महरूबाट उत्पादन गर्न सम्भव नहुने भएकाले यसमा निजी क्षेत्रलाई पनि आवश्यक प्राविधिक र अन्य सहयोग दिई प्रोत्सहित गरिनेछ । सरकारी मस्त्य केन्द्रबाट कृषकहरूको पोखरीसम्म पुऱ्याउँदा करिव २५ प्रतिशत माछा भूराको मृत्यु हुने अनुमान गरिएको छ । यस्तो क्षतिपूर्ति गर्न निजी क्षेत्रबाट १० लाख माछा भूराको उत्पादन हुनु पर्ने अनुमान गरिएको छ । योजना अवधिमा प्रत्येक वर्ष सरकारी फार्म तथा निजी क्षेत्रबाट हुने माछा भूराको विक्री वितरण निम्न तालिकामा दिइएको छ:

तालिका नं. १९

माछा भूराको विक्री वितरण

(सङ्ख्या हजारमा)

स्रोत	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
सरकारी क्षेत्र	१००	१४५०	१८५०	२५००	३०००
निजी क्षेत्र	-	५०	१५०	५००	१०००
जम्मा	१००	१५००	२०००	३०००	४०००

योजना अवधिमा सरकारबाट संचालित मस्त्य विकास आयोजनाहरूबाट प्रति वर्ष हुने माछाको भूराको उत्पादन निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २०

सरकारी क्षेत्रमा मत्स्य भूराको उत्पादन

(सङ्ख्या हजारमा)

मत्स्य केन्द्र र फार्म		२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/०३१	२०३१/३२
१.	गोदावरी	२५०	११०	८०	१००	१००
२.	जनकपुर	१५०	१७५	२१०	२४०	२७५
३.	पोखरा	३०	५०	८०	१००	१२०
४.	तरहरा	१२५	१७०	२००	२१०	२३०
५.	परवानीपुर	१५०	२००	२२०	२४०	२७०
६.	भैरहवा	८०	१००	१२५	१६०	२००
७.	हेटौडा	३००	४२०	५२५	६००	६००
८.	राप्ती	१००	४००	४६०	५५०	६५०
९.	काठमाडौ	७०	३५०	५००	६००	७५०
१०.	ट्राउट ह्याचरी	-	-	५०	७५	१००
११.	नेपालगञ्ज	-	१०	२०	४०	७५
१२.	राजविराज	-	१०	२०	४०	७५
१३.	पूर्वी तराई	-	-	७५	३००	४००
१४.	पश्चिम तराई	-	-	-	१००	३००
	जम्मा	१२५५	१९९५	२५६५	३३५५	४१४५

उपरोक्तबमोजिम माछा भूराको वितरणबाट योजनाको अन्त्यसम्म १५०० मे.ट भन्दा बढी माछाको उत्पादन हुने अनुमान गरिएको छ। यसबाट योजनाको उत्पादनमा लक्ष्य पूरा गर्न ५०० मे.ट. को कमी रहन जान्छ। यसको पूर्ति सरकारी मत्स्य केन्द्र र फार्महरूबाट हुने उत्पादनका साथै विभिन्न नदीमा दिइने माछाको ठेक्का व्यवस्थाबाट पूरा हुन सक्नेछ। योजना अवधिमा सरकारी मत्स्य केन्द्र र फार्महरूबाट प्रतिवर्ष हुने उत्पादन निम्न तालिकामा दिइएको छ।

तालिका नं. २१
सरकारी मत्स्य केन्द्रबाट हुने माछाको उत्पादन

(,०० के.जी.)

मत्स्य केन्द्र र फार्म		२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/०३२
१.	गोदावारी	२.५	४.०	६.२	७.०	८.०
२.	जनकपुर	४.०	६.०	८.०	९.०	१०.०
३.	पोखरा	६५.०	६०.०	५५.०	५०.०	५०.०
४.	तरहरा	४.०	५.०	५.५	६.०	७.५
५.	परवानीपुर	४.०	५.०	६.०	७.५	८.५
६.	भैरहवा	३.०	४.०	५.०	७.०	९.०
७.	हेटौडा	१५०.०	३००.०	४००.०	४००.०	४५०.०
८.	राप्ती	-	२००.०	३००.०	४००.०	५५०.०
९.	नेपालगञ्ज	-	-	२.०	३.०	४.०
१०.	पूर्वी तराई	-	-	-	३००.०	३००.०
११.	राजविराज	-	-	२.०	३.०	४.०
१२.	पश्चिम तराई	-	-	-	-	१५०.०
	जम्मा	२३२.५	५८४०	७८९.७	११९२.५	१५५१.००

मत्स्य अनुसन्धान र प्रजनन्: मत्स्यपालनको दृष्टिकोणबाट देशको भौगोलिक र जलवायु परिस्थितिअनुसार आवश्यक सर्वेक्षण र अनुसन्धान गरी कार्प, ट्राउट, असला, महासेर आदि स्वदेशी तथा विदेशी उन्नत जातका माछाको प्रजनन् गर्न अधिराज्यका विभिन्न स्थानमा ९ प्रजनन् केन्द्र र व्यावसायिक केन्द्रहरू स्थापित भएका छन्। चौथो योजना अवधिमा २ नयाँ प्रजनन् केन्द्र र २ बृहत् मत्स्य विकास केन्द्र स्थापित गरिने छन्।

फलोद्यान विकास

फलफूल तथा आलुको निर्यात बढी मात्रामा गर्ने सम्भावना भएको र साथै पौष्टिक पदार्थ उपलब्ध गर्ने दृष्टिबाट आन्तरिक खपत पनि बढ्दै जाने भएकाले फलफूल र तरकारीको उत्पादनमा बृद्धि ल्याउनु आवश्यक छ। भौगोलिक दृष्टिबाट नेपालमा विभिन्न हावापनी भएकाले त्यसअनुरूप देशका विभिन्न क्षेत्रमा उपयुक्त फलोद्यानको

विकास गर्ने सम्भावना पर्याप्त छ। यस क्षेत्रमा हालसम्म भएको प्रगति र विकास गर्न सकिने सम्भावनालाई समेत ध्यानमा राखी चौथो योजना अवधिमा फलफूल तरकारी र आलुको उत्पादन लक्ष्य निम्न तालिका बमोजिम निर्धारण गरिएको छ :

तालिका नं. २२

फलोद्यान उत्पादनको लक्ष्य

बाली		२०२६/२७ को स्थिति	२०३१/३२ को लक्ष्य	खुद बृद्धि	प्रतिशत खुद
फलफूल:					
क्षेत्रफल	(हेक्टर)	२१,०००	३०,०००	९,०००	४८.१४
उत्पादन	(मे.ट.)	२,६६,०००	२,७६,०००	१०,०००	३.७५
आलू:					
क्षेत्रफल	(हेक्टर)	४३,८७५	५५,०००	११,१२५	२५.३५
उत्पादन	(मे.ट.)	३,३५,०००	४,३५,०००	१,००,०००	२९.८५
तरकारी बीउ:					
उत्पादन	(मे.ट.)	२०	४०	२०	१००

योजनामा निर्धारित फलोद्यानसम्बन्धी प्रत्येक बालीको उत्पादन लक्ष्य पूरा गर्न आवश्यक पर्ने बीउ, बोट, आदि उपकरणहरूको अनुमान गरिएको छ र सो उपकरण उपलब्ध गर्ने कार्यक्रम पनि निम्नअनुसार निर्धारण गरिएको छ:

फलफूल

फलफूलको उत्पादन योजनामा निर्धारित लक्ष्यअनुसार पूरा गर्न प्रत्येक हेक्टरमा २५० बोट लाग्ने हिसावले योजना अवधिमा थप ९,००० हेक्टरको निम्ति जम्मा २२,५०,००० बोट आवश्यक पर्दछ र बगैंचा लगाउँदा केही बोट मर्ने भएकाले यसका निमित्त ३३ प्रतिशतको हिसावले ७,५०,००० बोट थप गर्दाजम्मा ३०,००,००० बोट आवश्यक हुने अनुमान गरिएको छ। यो आवश्यकता पूरा गर्न देशका विभिन्न स्थानमा सञ्चालित फलोद्यान केन्द्रहरूको साथै निजी क्षेत्रलाई पनि यस प्रकारको खेतीमा आवश्यक प्रोत्साहन र सहुलियत दिई उत्पादन गरिनेछ र यसरी नपुग भएमा आयातबाट पूर्ति गरिनेछ। यसअनुसार प्रत्येक वर्ष उपलब्ध हुने बोट विरुवासम्बन्धी कार्यक्रम निम्न तालिकामा दिइएको छ।

तालिका नं.. २३

चौथो योजना अवधिमा उपलब्ध हुने बोट विरूवा

वर्ष	बोट विरूवाको आवश्यकता	फलोद्यान केन्द्रको उत्पादन	निजी क्षेत्रको उत्पादन	आयात गर्नुपर्ने
२०२७/२८	५,००,०००	१,५०,०००	-	३,५०,०००
२०२८/२९	५,५०,०००	२,००,०००	-	३,५०,०००
२०२९/३०	६,००,०००	५०,०००	५०,०००	३,००,०००
२०३०/३१	६,५०,०००	३,५०,०००	१,००,०००	२,००,०००
२०३१/३२	७,००,०००	४,५०,०००	२,००,०००	५०,०००
जम्मा	३०,००,०००	१४,००,०००	३,५०,०००	१२,५०,०००

आलु:

चौथो योजनाको अन्त्यसम्म आलुको उत्पादनमा १ लाख मेट्रिक टन बृद्धि गर्न ११,१२५ हेक्टर थप जमिनमा खेती गर्नुपर्ने अनुमान गरिएको छ। प्रति हेक्टर १ मे.ट.को दरले आलु बीउ लाग्ने हिसावले थप जग्गाको निमित्त ११,१२५ मे.ट. र केही नोक्सानी हुने परिमाणसमेत गरी जम्मा १२,५०० मे.ट. आलुको बीउ आवश्यक पर्नेछ। यसको पूर्तिका निमित्त न्यूक्लीयस बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। यसअनुसार फलोद्यान विकासको प्राविधिक रेखदेखमा रही रजिष्टर्ड उत्पादकहरूले उन्नत आलुको बीउ उत्पादन गर्नेछन्। मूल उन्नत बीउ फलोद्यान विभाग अन्तर्गत रहेका आलू विकास केन्द्रहरूबाट उत्पादन गरी उपलब्ध गरिनेछ। यस कार्यक्रमका निम्ति आवश्यक मलखाद, र अन्य सामग्रीहरू कृषि सप्लाई संस्थनबाट उपलब्ध गरिनेछ। उक्त कार्यक्रमअनुसार योजनाको तेस्रो वर्ष देखिनै १२,५०० घे.ट. आलु बीउको उत्पादन हुन सक्ने अनुमान गरिएको छ।

तरकारी वीउ:

योजनाअन्तर्गत अनुमान गरिएको थप २० मे.ट. तरकारी बीउको उत्पादन गर्न प्रति हेक्टर ५०० किलोग्राम उत्पादन हुने अनुमानबाट जम्मा ४० हेक्टर जमिनमा तरकारी खेती गर्न आवश्यक छ । यस कार्यका लागि आलु बीउ उत्पादनमा जस्तै न्यूक्लियस बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ र निजी क्षेत्रलाई आवश्यक प्राविधिक र अन्य सहयोग पुऱ्याइने छ । यसअनुसार पहाड र तराईमा प्रत्येक वर्ष तरकारी खेती गरिने कार्यक्रम निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २४

तरकारी बीउ उत्पादन र खेती कार्यक्रम

क्षेत्र	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
पहाड					
क्षेत्रफल (हेक्टर)	४	८	१४	२०	२०
तराई बीउ (मे.ट.न)	२	४	७	१०	१०
तराई					
क्षेत्रफल (हेक्टर)	४	८	१४	२०	२०
तराई बीउ (मे.ट.)	२	४	७	१०	१०

वृहत फलोद्यान विकास:

फलोद्यान उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि वढाई व्यावसायिक स्तरमा विकसित गर्ने उद्देश्यबाट योजना अवधिमा यातायातको सुविधा सुलभ भएका स्थानहरूमा बृहत् फलोद्यान विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसअनुसार पृथ्वी राजमार्ग र अरनिको राजमार्गमा पर्ने स्थानहरूमा ४० हेक्टर भएको दुई फलोद्यान स्थापना गरिनेछ । यसै गरी महेन्द्र राजमार्गको सिमरा जनकपुर खण्डमा पर्ने स्थानमा १२० हेक्टर भएको एक फलोद्यान स्थापना गरिनेछ ।

वागवानी अनुसन्धान:

हाल देशका विभिन्न स्थानमा फलोद्यान विभागअन्तर्गत रहेका केन्द्रहरूमा फलफूल, आलु र तरकारी आदि बालीहरूको उत्पादन बृद्धि गर्ने कार्यमा प्रयोगात्मक अनुसन्धान कार्यक्रम सञ्चालन भरहेको छ । तेस्रो योजना अघि उक्तविभाग अन्तर्गत केन्द्र र नर्सरी गरी १६ तेस्रो योजनामा थप ७ केन्द्रहरू स्थापित भएका छन् । चौथो योजना अवधिमा हुम्ला र मुस्ताङमा पनि नयाँ केन्द्रहरू खोलिने छन् । साथै वागवानी अनुसन्धन कार्यमा योजनाको उत्पादन लक्ष्य हासिल गर्ने दृष्टिबाट सञ्चालन गर्नमा जोड दिइने छ । यसका अतिरिक्त हालसम्म फलफूलको विकास गर्ने सम्बन्धमा कुनै कार्यक्रम सञ्चालन नभएकोले हाल भएकै केन्द्रहरूमा यससम्बन्धी अनुसन्धान कार्य पनि प्रारम्भ गरिनेछ

कृषि शिक्षा र अनुसन्धान

खाद्यान्न र नगदेबाली आदि प्रमुख बालीको खेतीमा -उन्नत बीउ मलखाद, औजार कीटनाशक र रोग निरोधक औषधिहरू तथा सिँचाइ आदि विभिन्न उपकरणहरूको वेग्लावेग्लै र सामुहिक प्रयोगबाट उत्पादन बृद्धिमा हुने प्रभाव यकिन गर्न र त्यसको व्यावहारिक उपयोगिता निर्धारण गर्नका लागि कृषि शिक्षा तथा अनुसन्धान विभाग अन्तर्गत देशका विभिन्न स्थानमा रहेका कृषि केन्द्र र फार्महरूमा अनुसन्धान कार्य सञ्चालित गरिएका छन् । यसका अतिरिक्त कृषि क्षेत्रमा आवश्यक पर्ने प्राविधिज्ञहरू तालिम गर्ने कार्य पनि चालू रहेको छ । चौथो योजना अवधिमा उक्त बिभागअन्तर्गत रहेका विभिन्न शाखाहरूबाट गरने अनुसन्धान कार्यलाई बढी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यस अनुसार उत्पादनमा प्रत्यक्ष प्रभाव पार्न सक्ने अनुसन्धान कार्यलाई वढी प्राथमिकता दिइनेछ । नेपाल अधिराज्यको हावापानीमा विभिन्नता रहेकाले एक स्थानमा गरिएको अन्वेषण तथा परीक्षणको नतिजा सबै स्थानमा लागू हुनसक्ने हुन्छ । यस कारण प्रत्येक कृषि केन्द्र र फार्ममा सबै अनुसन्धान कार्य संयुक्त रूपमा सञ्चालन गरिनेछ । यस प्रकार विभिन्न शाखाबाट सञ्चालित हुने कार्यक्रम तल उल्लेख गरिएको छ ।

(क) **कृषि वनस्पति विज्ञान:** धान गहूँ मकै, जौ आदि खाद्यान्नका अतिरिक्त तेलहन र दलहन बालीको सुधारका निम्ति देशभित्र पाइने र विदेशबाट मगाइएका उन्नत जातका बीउको सङ्कलन, विश्लेषण संरक्षण र जातीय परीक्षणबाट उपयुक्त देखिएका शुद्ध उन्नत बीउको प्रजनन् गर्ने कार्यमा विस्तार गरिनेछ । हाल काठमाडौंमा रहेको बीउ परीक्षण प्रयोगशालाबाट कृषि सप्लाई संस्थान, जिल्ला कृषि विकास कार्यक्रम आदिलाई आवश्यक हुने बीउको नमूना परीक्षण गर्ने कार्य चालू रहेको छ । केन्द्रबाटै सबै ठाउँलाई चाहिने बीउ परीक्षण कार्य हुन नसक्ने भएकोले योजना अवधिमा परवानीपुर, जनकपुर र भैरहवामा रहेका केन्द्रहरूमा पनि यस्तो वीज परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । यसका अतिरिक्त श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघ विशेष कोषको

संयुक्त प्रयासबाट उन्नबालीको वीज विकाश आयोजना सञ्चालन गरिनेछ । यसअन्तर्गत हेटौंडामा एक वीज प्रशोधन केन्द्र स्थापना गरिनेछ । साथै कृषक स्तरमा प्रमाणित बीउको उत्पादन गर्ने कार्यमा आवश्यक प्राविधिक सेवा सुलभ गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) **बाली विज्ञानः** बनस्पति अनुसन्धान कार्यबाट उपयुक्त देखिएका र बिदेशबाट प्राप्त बीउको परिचयात्मक अध्ययन गरी उपयुक्त देखिएका शुद्ध उन्नत बीउबाट देशका विभन्न स्थानमा रहेका कृषि फार्महरूमा मूल बीउको उत्पादन गर्ने कार्य योजनाको लक्ष्यअनुरूप सञ्चालन गरिनेछ । यसका साथै शुद्ध बीउ, मलखाद तथा पानीको प्रयोग आदिसम्बन्धी प्रयोगात्मक परीक्षण गर्ने कार्य पूर्ववत् चालू राखिनेछ । खुमलटार, डोटी, नेपालगञ्ज, जनकपुरमा रहेका कृषि फार्महरू र रामपुर, परवानीपुर, तरहरा र भैरहवामा रहेका कृषि केन्द्रहरूबाट मूल उन्नत बीउ बृद्धि गर्ने कार्यक्रमअन्तर्गत योजनाकालमा प्रत्येक वर्ष विभिन्न बालीको बीउ उत्पादन कार्यक्रम निम्न बमोजिम हुनेछ । यसका साथै पहाडी आवहवा सुहाउँदो उन्नत बीउ बाली विकासको लागि योजनाकालमा पूर्वी पहाडी क्षेत्रमा एक र पश्चिमी पहाडी क्षेत्रमा एक गरी दुई बाली विज्ञान केन्द्रहरू स्थापना गरिनेछन् ।

(मे.ट.)

बाली	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२	जम्मा
धान	१०८	१३०	१४९	१७१	१९२	७५०
गहूँ	३९	४५	५१	५६	६१	२५२
उखु	२००	२३७	२६२	२९९	३३५	१३३३
सूर्ती	.०४	.०५	.०६	.०७	.०८	.३०
तोरी	२.१	२.७	३.२	३.९	४.५	१६.४
सनपाट	.३	.४	.५	.६	.७	२.५

(ग) **एग्री इन्जिनियरिङ्गः** कृषिसम्बन्धी बिभिन्न निर्माण आयोजनाहरूको डिजाइन इष्टिमेट तयार गर्ने र बढी क्षमता भएका तथा उपयुक्त कृषि औजार र मेशिनहरूको अध्ययन अनुसन्धान गर्ने कार्यका अतिरिक्त सिँचाइ गर्ने कुलो, नलकूप, ढल र जल उपयोगसम्बन्धी प्रयोगात्मक अनुसन्धान कार्य पूर्ववत् चालू राखिनेछ । साथै यससम्बन्धमा कृषकहरूलाई आवश्यक प्राविधिक सेवा पनि पुऱ्याइनेछ ।

(घ) **कीट विज्ञान (एन्टोमलोजी):** देशको विभिन्न भागमा उत्पादन हुने बालीमा लाग्ने कीराहरूको सर्वेक्षण, सङ्कलन एवं पहिचान, विनाशकारी कीराहरूको जीवनी तथा सामयिक गतिविधिमा मौसमको असर, विभिन्न विषादीहरूको उपयोग र रासायनिक नियन्त्रण पद्धति आदिसम्बन्धी आवश्यक अनुसन्धान गरी यसबाट प्राप्त नतिजाको आधारमा बाली संरक्षण कार्यलाई सरल एवं प्रभावकारी वनाइ कीराबाट बालीको सुरक्षा गर्ने कार्यमा प्राबिधिक सेवा पनि उपलब्ध गरिनेछ । योजना अवधिभित्र रामपुर, नेपालगञ्ज, राजबिराज, भैरहवा र धनगढीमा संरक्षण शाखा खोलिनेछ । औद्योगिक महत्वका लाभदायक कीराहरूजस्तै माहुरी, रेशम कीरा आदिको अध्ययन कार्य पनि सञ्चालन गरिनेछ । यसका अतिरिक्त विदेशबाट नयाँ खालका कीरा तथा रोगका जीवाणुहरूको प्रबेश रोक्न र देश भित्रै पनि एक स्थानमा सीमित रहेका किराहरूको फैलावट रोक्नका साथै कृषकहरूलाई बाली संरक्षणप्रति बढी अग्रसर गराउनसमेत कानुनी नियन्त्रण पद्धति तथा प्लाइन्ट क्वारेन्टिनको व्यवस्था पनि मिलाइनेछ । योजना कार्यक्रममा प्लान्ट क्वारेन्टिन चेक पोष्ट त्रिभुवन विमानघाट, बीरगञ्ज, नेपालगञ्ज, जोगवनी र भैरहवामा स्थापना गरिनेछ ।

(ङ) **रोग विज्ञान (प्लान्ट प्याथोलोजी):** बाली विरुवामा लाग्ने रोगको नियन्त्रण गर्न र यसबाट हुने उत्पादनको नोक्सानी बचाउन स्थानीय तथा उन्नत बालीहरूमा रोगसम्बन्धी अनुसन्धान कार्य धान, मकै, गहुँ फलफूल, तरकारी,आलु सुन्तला, उखु, सनपाट सूर्ती र चिया आदि बालीमा सञ्चालन गरिनेछ । रोग नियन्त्रणमा सरल कम खर्चिला र प्रभावकारी उपाय तथा साधनहरूको अनुसन्धान, परीक्षण तथा प्रदर्शन गरिनेछ । यस कार्यका निम्ति हाल खुमलटारमा एक प्रयोगशाला रहेको छ र इलाम, विराटनगर, परवानीपुर, जनकपुर तथा पोखरामा बाली संरक्षण केन्द्रहरू खोलिएका छन् । चौथो योजना अवधिमा भेरी, राप्ती, र धवलागिरी अञ्चलमा पनि यस्ता केन्द्रहरू स्थापित गरिनेछन् । रोग नियन्त्रण कार्य कीट विज्ञानसित पनि सम्बन्धित भएकाले देशमा विभिन्न स्थानहरूमा रहने बाली संरक्षण केन्द्रहरूमा दुबैको संयुक्त रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) **माटो विज्ञानः** माटोको उर्वरा शक्तिको संरक्षण र सम्वर्द्धन गर्ने कार्यका निमित्त सर्वप्रथम माटोसम्बन्धी जानकारी हासिल गर्नु जरुरी भएकाले माटो सर्वेक्षण, विश्लेषण र वर्गीकरण गर्ने कार्य प्रारम्भ गरिएको छ । माटोको प्रकार र त्यसमा रहेका विभिन्न तत्वहरूको विश्लेषण गर्न केन्द्रीय प्रयोगशाला स्थापित गरिएको छ ।

चौथो योजना अवधिमा ३४.२७ लाख हेक्टरमा माटो सर्वेक्षण र ४० हजार माटोको नमूना विश्लेषण गरिने छ । धान, मकै, उखु, सनपाट आदि मुख्य बालीहरूको उत्पादनमा रासायनिक र प्रांगारिक मलबाट विभिन्न आवहवामा र विभिन्न प्रकारको माटामा पर्ने असर बारे विभिन्न कृषि केन्द्र र फार्महरूमा परीक्षण गरिनेछ । साथै स्वायल फिजिक्स, स्वायल माइक्रो-वायोलोजी तथा भू-संरक्षणसम्बन्धी अध्ययनहरू पनि प्रारम्भ गरिनेछ । यसका अतिरिक्त श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघ विशेष कोषको संयुक्त प्रयासबाट माटोको उर्वरा शक्ति र मलखाद प्रयोगसम्बनधी अनुसन्धान कार्य देशको मध्यवर्ती भागमा सञ्चालन गरिनेछ । यस कार्यक्रमको पहिलो भागअनुसार विभिन्न आवहवामा र माटो अनुसार मलखाद, बाली विरुवाको परीक्षण र कृषकको खेतीमा नतिजा प्रदर्शनहरू गरिनेछन् र परवानीपुरमा एक माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । कार्यक्रमको दोस्रो भाग अनुसार वैज्ञानिक पद्धतिका दुई पाइलट आयोजना चालू गरिने छन् ।

(छ) **कृषि केन्द्रहरू:** भैरहवा, रामपुर, परवानीपुर, तरहरा आदि ४ स्थानमा उपर्युक्त विभिन्न अनुसन्धान कार्यहरू सञ्चालन गसिएकाछन् । यी केन्द्रहरूमा भैरहेका विभिन्न कार्यक्रम बीच समन्वय स्थापना गर्न चाहिने प्रशासकीय व्यवस्था योजनाको प्रारम्भमा नै गरिनेछ । प्रत्येक केन्द्रमा हुने खास खास कामको विवरण माथि सम्बन्धित विभाग शाखाकै विवरणमा समावेश भैसकेको छ ।

(ज) **कृषि कलेज:** कृषि विकास कार्यका निम्ति आवश्यक पर्ने मध्यम र निम्न स्तरीय प्राविधिज्ञहरूको तालिम गर्ने काम २०१४ सालमा स्थापित कृषि स्कूलबाट भैरहेको र उच्चस्तरीय प्राविधिकहरूका निम्ति विदेशमा निर्भर रही रहनु पर्ने भएकाले देशभित्रै सुविधा उपलब्ध गर्ने उद्देश्यबाट २०२५ सालदेखि कृषि कलेज सञ्चालन गरिएको छ । यसबाट योजना अवधिमा आई. एस्सी. २२५, बि. एस्सी. २५, जे. टि. ए. अपग्रेडिड ३४० तथा जे. टि. ए. ७०० र फिल्ड तालिम ५०० गरी जम्मा १७९० लाई कृषिसम्बन्धी विभिन्न स्तरको तालिम दिने लक्ष्य राखिएको छ ।

कृषि प्रसार

कृषि क्षेत्रमा सञ्चालित विभिन्न अनुसन्धान कार्यबाट उपयुक्त देखिएका उन्नत कृषि प्रणाली कृषकहरूद्वारा अपनाउन लगाउनका निम्ति तरिका एवं नतिजा प्रदर्शन, कृषक तालिम, प्रतियोगिताजस्ता कार्यहरूबाट आवश्यक जानकारी तथा प्राविधिक सहयोग प्रत्येक कृषकलाई सुलभ गर्ने प्रमुख माध्यमको रूपमा कृषि प्रसार कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रमअनतर्गत हाल ४३ जिल्लामा कृषि स्नातक रहेको जिल्ला कृषि विकास कार्यालय रहेको छ । अरु २२ जिल्लाहरूमा दुई देखि चारसम्म माध्यमिक स्तरका कृषि विशेषज्ञहरू रहेका छन् अहिले कृषि प्रसार विभागअन्तर्गत ७०० जे. टि. ए. तथा ९० जे. टी. गरी ७९० जवान र ४३ जना जिल्ला कृषि विकास अधिकृतहरू काम गरिरहेका छन् ।

कृषि प्रसार अहिलेसम्म मुख्यत: खाद्यान्न बालीमा सीमित राखिएको छ । खाद्यान्नको अतिरिक्त फलोद्यान, मत्स्य, पशु विकाससम्बन्धी योजनाका लक्ष्यहरू पूर्ति गर्न यसको प्रसार गर्ने कार्यमा पनि ध्यान दिनु जरुरी भएको छ । त्यसकारण यस योजना अवधिमा कृषि प्रसार कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रत्येक जिल्ला कृषि विकास कार्यालयमा जिल्लाअनुसार निर्धारित गरिएका कृषि विकास कार्यक्रमको आधारमा खाद्यान्न, नगदेबाली, पशुपालन, फलोद्यानसम्बन्धी विषयमा विशेषज्ञहरू उपलब्ध गरिनेछन् । यसका साथै गाउँ स्तरमा गई काम गर्ने प्रसार कार्यकर्ताहरूको सङ्ख्यामा वृद्धि गरी तिनीहरूलाई आवश्यक प्राविधिक सहयोग सम्बन्धित कृषि केन्द्र र कृषि फार्मबाट पनि उपलब्धत्र गर्ने व्यवस्था मिलाइने छ । यस नीति अनुसार खाद्यान्न विकासका लागि छानिएका २८ जिल्लाहरूमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गर्नका लागि यी जिल्लाहरूमा रहेमा कृषि विकास कार्यालयहरूलाई सुदृढ गरिनेछ । यसअनुसार प्रत्येक जिल्लामा तीन गाउँ पञ्चायतलाई एक जे. टि. ए. र प्रत्येक ९ जे. टि. ए. लाई एक जे. टि. का दरले व्यवस्था मिलाई प्रतयेक जिल्ला कृषि विकास कार्यालयमा स्नातक स्तरको एक कृषि विशेषज्ञ रहने छ । यी २८ जिल्लाहरूमा प्रत्येक जे. टि. ए. र जे. टि. को जिम्मामा निर्धारित गाउँ पञ्चायतहरूको नामसमेत तोकी कृषि प्रसारको कार्य सञ्चालन गरिनेछ । उपर्युक्त वमोजिम २८ जिलाहरूमा चाहिने व्यवस्था मिलाई बाँकी हुने जे. टि. ए., जे. टि. र कृषि स्नातकहरूलाई हालसम्म कृषि विकास कार्यालय स्थापना भैसकेका अरु १५ जिल्लाहरूमा र जे. टि. को मात्र व्यवस्था हुन सकेका अरु २२ जिल्लाहरूमा गरी जम्मा ३७ जिल्लाहरूमा निर्धारित कृषि विकास कार्यक्रम बमोजिम विभाजित गरिनेछ । योजनाकालमा तालिम समाप्त भई उपलब्ध हुन आउने कृषि विशेषज्ञहरू पनि सघन कार्यक्रम लागू हुने २८ जिल्लाहरूको खाँचो हेरी अन्य जिल्लाहरूमा खटाइने छन् । साथै जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त हुने विवरणको छानविन गरी वस्तु स्थितिको मूल्यांकन गरी त्यसको आधारमा चाहिने नीति निर्देशन दिन हालसम्म केन्द्रीय कार्यालयमा चाहिने व्यवस्था नभएकोले सो व्यवस्था हुनु जरुरी छ ।

चौथो योजनाअन्तर्गत सञ्चालन गरिने कृषि प्रसार तालिम र प्रदर्शन निम्न तालिकामा दिइएको छ :

तालिका नं. २५

कृषि प्रसार तालिम र प्रदर्शनहरू

		२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
१.	तरिका प्रदर्शन	७,०००	८,०००	९,०००	१०,०००	११,०००
२.	नतिजा प्रदर्शन	३९,००	४,१००	४,३००	४,५००	४,५००
३.	(क)अगुवा कृषक तालिमको सङ्ख्या	२,०००	४,०००	४,५००	५,०००	६,०००
	(ख) तालिमप्राप्त अगुवा कृषकको सङ्ख्या	३०,०००	४०,०००	४५,०००	५०,०००	६०,०००
४.	मौसम अनुसार तालिम पाउने जे. टि., जे.टि.ए.हरूको सङ्ख्या	२००	४००	४००	५००	५००
५.	(क) कृषक दिवसको सङ्ख्या	२५	२७	३०	३२	३५
	(ख) कृषक दिवसमा भाग लिने कृषकहरूको सङ्ख्या	२,५००	२,७००	३,०००	३,२००	३,५००
६.	मेला प्रदर्शन	१५	२०	२५	३०	३५
७.	(क) बढी अन्न उत्पादन प्रतियोगिता हुने जिल्लाको सङ्ख्या	२८	३०	३५	३५	४०
	(ख) जिल्ला प्रतियोगिताको सङ्ख्या	८४	९०	१०५	१०५	१२०
	(ग) राष्ट्रिय प्रतियोगिता	१	१	१	१	१
	(घ) प्रतियोगितामा भाग लिने अनुमानित कृषक सङ्ख्या	९००	१,०००	१,१००	१,२००	१,४००
८.	ग्रामीण युवा कार्यक्रम					
	(क) चारपाते क्लव सङ्ख्या	२०४	३८५	४३१	६०१	७७१
	(ख) तालिम गरिने चारपाते क्लवका सदस्यहरू	३,०६०	५,७७५	६,४६५	९,०१५	११,५६५
९.	कृषि सूचना कार्यक्रम					
	(क) पुस्तक, पुस्तिका, पम्प्लेट पोष्टरहरू प्रकाशन (हजारमा)	१,४००	१,५५०	१,८००	२,६२५	३,१५०
	(ख) कृषि प्रदर्शनी	४	६	६	८	१०

१. तरिका प्रदर्शन

कृषिमा उन्नति ल्याउनलाई कृषकहरूलाई कृषिसम्बन्धी वैज्ञानिक ज्ञान, बालीनाली संरक्षण उपाय, औषधि, यन्त्रहरू प्रयोग र उन्नत तरिबाट खेती पाति गर्ने तरिकाहरू तथा रासायनिक मलहरू, हरियो मल, गोवर तथा कम्पोष्ट मल वनाउने तरिका तथा प्रयोग बारे कृषकहरूको समूहलाई पञ्चायत पञ्चायतमा बसी काम गर्ने जे.टी., जे.टी.ए.हरूले पञ्चायतको कुनै सहयोगी कृषकको खेतमा भेला गराई जि.कृ.वि.अ.को निर्देशनमा ज्ञान उपलब्ध गराउनु यसको उद्देश्य हो । साथै उन्नत तरिकाबाट पशुपंक्षी तथा मस्त्यपालन तथा यी कामहरूको निम्ति सन्तुलित आहारा र रोग आदिबाट संरक्षण गर्ने तरिका र ज्ञान कृषकहरूलाई सिकाइन्छ । पञ्चायतमा बस्ने प्रत्येक जे.टि.ए.ले १० वटा तरिका प्रदर्शन गर्ने छन् जसमध्ये सघन कृषि विकास कार्यक्रम लागू हुने २८ जिल्लाहरूमा हरेक बर्ष धान, गहुँ र मकैबाली सम्बन्धी तरिका प्रदर्शन प्रत्येक पञ्चायतमा कममा एक पटक अनिवार्य रूपले गरिनेछ । अन्य जिल्लाहरूमा जिल्लाको आवहवा अनुसार फलफूल, तरकारी पशुपंक्षी र मत्स्य विकास सम्बन्धी तरिका प्रदर्शन पनि गरिनेछ ।

२. नतिजा प्रदर्शन

अनुसन्धानबाट पत्ता लागेका उन्नत खेतीका तरिकाहरूको महत्व र फाइदा बारे प्रत्यक्ष रूपमा कृषकहरूलाई देखाउन र संझाउन नतिजा प्रदर्शनको आयोजना गरिन्छ । कृषकहरूले सुनेको र देखेको कुराहरूमा भन्दा आफैले गरेको कुरामा बढी विश्वास गर्ने भएकाले उनीहरूकै खेतमा उन्नत बीउ, मल, कीट र रोगनाशक औषधि आदिको

प्रयोग गराई उन्नत खेती तरिका अपनाएमा बढी फाइदा हुने कुराको विश्वास दिलाउन यो कार्यक्रम सबैभन्दा पहिलो र प्रभावकारी कदम भएकोले यसलाई बढी ध्यान दिइएको छ ।

नतिजा प्रदर्शन गराउँदा कृषकहरूलाई स्थानीय जात भन्दा उन्नत जातबाट बढी उब्जा हुन्छ भन्ने कुरा अवगत गराउन स्थानीय र उन्नत जातको बीउ साथै लगाई देखाइन्छ । उन्नत जातको बीउबाट बढी फल्छ भन्ने विश्वास भइसकेका कृषकहरूलाई पनि एउटा जातको बीउ भन्दा अर्को जातको बीउबाट झन बढी फल्छ भन्ने देखाउन ३/४ किसिमका बीउ एकै ठाउँका ३/४ प्लटमा लगाई देखाउने र एउटै जातमा पनि रासायनिक मल भिन्ना–भिन्नै मात्रामा प्रयोग गर्दा सो बालीमा बढी वा घटी उब्जनी हुनसक्छ भन्ने कुरालाई देखाई कृषकहरूलाई रासायनिक मल प्रयोग गर्ने तरिका बारे बढी ज्ञान दिलाइनेछ ।

यस्तो किसिमको नतिजा प्रदर्शन खास गरेर धान, गहुँ, मकै र साथै नगदेबालीमा पनि गरिनेछ नतिजा प्रदर्शन गर्नको लागि उन्नत बीउ, रासायनिक मल, कीट र रोगनाशक औषधिहरू कृषकहरूलाई निःशुल्क उपलब्ध गराइनेछ ।

पञ्चायत, पञ्चायतमा खटिएका जे.टी. र जे.टी.ए.हरूले आफ्नो आफ्नो क्षेत्रमा धान र गहुँ २ देखि ३ वटा र मकैमा पहाडमा ३ वटा र तराईमा १/१ वटा नतिजा प्रदर्शन गर्नेछन् । नगदेबालीमा पनि २ वटाका दरले नतिजा प्रदर्शन गर्नेछन् ।

३. कृषक अगुवा तालिम

गाउँ गाउँमा रहेका जे.टी .र जे.टि.ए. हरूले कृषकहरूलाई कृषिको नयाँ नयाँ ज्ञान र सीप सिकाउन तथा उन्नत किसिमको बीउ विजन, मलखाद, कीट र रोगनाशक औषधि, कृषि औजार पशु पालन आदि विषयहरूमा कृषकहरूलाई ज्ञान दिलाउन र प्रयोगमा ल्याउन प्रगतिशील कृषकहरू छानी धान, गहुँ, मकै, नगदेबाली आदिमा १ दिन देखि ३ दिनसम्मको तालिमको आयोजना गर्ने छन् । यस्तो तालिम एक जे.टी. ए.ले एक वर्षमा सरदर ५ पटक गर्नेछन् र उक्त तालिम दिनको लागि प्रत्येक जे.टी.ए.हरूलाई आवश्यक पर्ने बीउ, मल, औषधि आदि निःशुल्क उपलब्ध गराइनेछ । प्रत्येक तालिममा सरदर १० जवान अगुवा कृषकहरूले तालिम पाउने लक्ष्य राखिएको छ ।

४. मौसमअनुसारको सेवाकालीन तालिम

कृषि अनुसनधानबाट पत्ता लागेका र सिफारिस गरिएका उन्नत बीउ, विजन, मलखाद बालीनाली संरक्षण सम्बन्धी नयाँ औषधिहरू र तिनीहरूको प्रयोग गर्ने विधि र फलोद्यान, मत्स्य पालन, पशुपंक्षी पालनसम्बन्धमा जे.टी.र जे.टी.ए. हरूलाई समय समयमा तालिमको व्यवस्था गरिनेछ । यस्तो तालिम बढीमा ५ दिनसम्मको हुने र अञ्चल अञ्चलमा नै यस विभाग र कृषिका अन्य विभागका प्राविधिकहरू भई तालिम गराउने लक्ष्य राखिएको छ । यस्तो किसिमको तालिम सबै जिल्लामा गराउन समय र साधनले नभ्याउने भएको हुँदा सघन कृषि विकास कार्यक्रम लागू हुने जिल्लाहरूबाट बढीमा ५ जवान जे.टी. र जे.टी.ए.हरू बोलाई तालिम दिइनेछ ।

तालिमको विशेष गरी दुई भाग हुनेछः–

(क) <u>शरदकालिन तालिम</u>: शरद ऋतुमा हुने सबै बालीनाली, फलफूल र अन्य तालिमका साथै श्रव्य-दृश्य तालिम पनि समावेश गरिनेछ । यो तालिम आश्विनदेखि आरम्भ गरी कार्तिकसम्ममा समाप्त हुनेछ ।

(ख) <u>गृष्मकालीन तालिम</u>: यस तालिममा मुख्यतः धान, मकै र गृष्म ऋतुमा हुने अन्य बालीनाली र फलफूल, मत्स्यपालन आदिमा तालिम दिने व्यवस्था गरिनेछ । यो तालिम फाल्गुनदेखि सुरु भई चैत्र सम्ममा समाप्त गरिनेछ ।

५. कृषक दिवस

श्री ५ को सरकारको कृषि फार्म र कृषि केन्द्रहरूमा उन्नत जातको बीउ, उन्नत खेती तरिका, मलखाद प्रयोग, पशुपंक्षी, माछा, फलफूल आदि विषयहरूमा गरिएको अनुसन्धानहरू बारे प्रगतिशील कृषकहरूलाई ज्ञान दिलाउनको लागि कृषक दिवस आयोजना गरिन्छ । कृषकहरूले आफ्नो आँखाले देखेका कुरामा बढी विश्वास गर्ने र अनुकरण पनि गर्ने भएकाले यसको व्यवस्था गरिएको हो यस किसिमको कृषक दिवसबाट कृषकहरूमा बढी प्रभाव पर्न गएको पाइएको छ ।

कृषि फार्म र कृषि केन्द्रहरूको सङ्ख्या सीमित भएको हुँदा अधिराज्यका सबै जिलाका कृषकहरूलाई एकै ठाउँमा भेला गराउन नसकिने भएकोले कृषि फार्म र कृषि केन्द्रमा सजिलैसँग कृषकहरूलाई ल्याउन सकिने जिल्लाहरूका कृषकहरूलाई मात्र कृषि फार्म र कृषि केन्द्रमा ल्याई कृषक दिवस मनाइनेछ । यस्तो कृषक दिवस मनाउँदा जिल्लाबाट आई भाग लिने कृषकको सङ्ख्याभन्दा कृषकको गुणलाई बढी मान्यता दिनु व्यावहारिक भएकाले एक जिल्लाबाट बढीमा १०० जवान प्रगतिशील कृषकहरूलाई मात्र भाग लिन लगाइनेछ । यस्तो किसिमको कृषक दिवस जिल्ला भित्र प्रगतिशील कृषकको फार्ममा पनि मनाइनेछ ।

६. मेला प्रदर्शनी

मेला प्रदर्शनीमा कृषिसम्बन्धी आयोजनाका नमूनाहरू चार्ट, पोष्टर, तस्विर, पुस्तिका आदि प्रदर्शनमा हुन्छ । यसको मुख्य उद्देश्य प्रर्दकहरूको ध्यान आकर्षित गरी अभिरुचि बढाउनु , अवगत गराउनु र उन्नत खेती तरिका अपनाउन उत्साहित गराउनु हो । यस्तो मेला प्रदर्शनीको आयोजनाले कृषकहरूमा नयाँ उत्साह र उमङ्गका साथै प्रतियोगितात्मक भावना पनि जागृत गराउँदछ । यसबाट धेरै कृषकहरूलाई प्रभाव पार्न सकिन्छ । यस्तो किसिमको मेला प्रदर्शनी आयोजना गर्दा बढता समय श्रम र रकमसमेत लाग्नुका साथै कृषि विकास कार्यक्रमको प्रभावै नपरेको वा अरु प्रभाव परेको जिल्लाहरूमा यसको आयोजना गर्न अपठेरो हुने हुँदा साधन र सुविधा उपलब्ध भएको जिल्लाहरूमा मात्र गरिनेछ । उपरोक्त किसिमको मेला प्रदर्शनीमा कृषकहरूलाई भाग लिन लगाउनु आवश्यक छ । तिनीहरूले मौंसम अनुकूल आफैले उब्जाएको बालीनाली सागसब्जी र पालेका गाई वस्तुहरू मेलामा प्रदर्शनको निम्ति र खेतमा मूल्यांकन कमिटीद्वारा प्रत्येक विषयमा प्रथम, द्वितीय र तृतीय हुनेलाई साना साना कृषि औजार तथा कृषि सामग्रीहरू पुरस्कार दिएमा कृषक वर्गमा दिलचस्पी र उत्साह बढाउन सकिन्छ ।

७. बढी अन्न उत्पादन प्रतियोगिता

बढी अन्न उत्पादन प्रतियोगिताको आयोजना कृषि प्रसार कार्यको सिलसिलामा निम्न कुराहरूको निमित्त गरिन्छ:

(क) कृषकहरूलाई उन्नत कृषि पद्धतिमा आकर्षित गर्नु

(ख) यसतर्फ तिनीहरूको अभिरुचि बढाउनु ।

(ग) कृषि प्रसार कार्यमा सक्रिय रूपमा संलग्न गराउने

(घ) खेती उत्पादनमा वृद्धि गराई कृषकहरूमा सन्तुष्टीको भावना लगाउनु र सामाजिक प्रतिष्ठा बढाउनु ।

उक्त उद्देश्य पूर्ति गर्नलाई प्रत्येक वर्ष धान, गहुँ र मकैबालीमा जिल्ला स्तरीय र राष्ट्रिय स्तरमा प्रतियोगिता गराइनेछ ।

जिल्ला प्रतियोगिता गराउँदा हालालाई सबै जिल्लाहरूमा प्रतियोगिता गराउन व्यावहारिक नहुने भएकाले पहाड र तराइका जिल्लाहरूमध्ये उन्नत खेती प्रणालीमा प्रगति गरेका जिल्लाहरूलाई मात्र समावेश गरिनेछ । छानिएका जिल्लाहरूमा जिल्ला प्रतियोगिता हुनेछ र पहिला, दोस्रा र तेस्रा हुनेलाई पुरस्कार दिइनेछ । जिल्ला प्रतियोगिता गराउँदा कम्तीमा १० जवान कृषकले भाग लिनेछन्

अधिराज्यका छानिएका जिल्लाहरूमा जिल्ला प्रतियोगिता हुनु अगाडिनै पहाड र तराईका जिल्लाहरूलाई खाद्यान्नबाली विकास कार्यमा समान रूपमा प्रगति भएका जिल्लाहरू (दुइ या तीन जिल्ला) को भिन्ना भिन्नै समूह वनाइनेछ । जिल्ला स्तरमा प्रथम भएकाहरूमध्ये (पहाड र तराईका भिन्ना भिन्नै)बाट समूह समूहमा प्रतियोगिता हुने सबै समूहको प्रतियोगिता भएपछि एक बालीमा पहिलो, दोस्रो र तेस्रो छुट्याउने काम जिल्लाबाट पठाएको रेकर्डको आधारमा विभागबाटै गरिनेछ । धान, गहुँ र मकैमा गरी पहाडी जिल्लामा ९ जवान र तराईका क्षेत्रबाट ९ जवानले राष्ट्रिय प्रतियोगितामा भाग लिनेछन् । राष्ट्रिय प्रतियोगिताको लागि छानिएका कृषकहरूलाई राष्ट्रिय स्तरमा बढी अन्न फलाउने मानिनेछ र सोका लागि कदर–पत्र (प्रमाण-पत्र) सहित नगद पुरस्कार पनि दिइनेछ ।

८. ग्रामीण युवा कार्यक्रम

ग्रामिण युवाहरूलाई भविष्यको शिक्षित प्रगतिशिल कृषकमा परिणत गर्ने उद्देश्यबाट १० देखि २१ वर्षका तरुण कृषक युवाहरूलाई कृषिको आधुनिक र उन्नत तरिकाहरूबारे व्यावहारिक तालिम प्रदान गर्न ग्रामीण युवा कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यको लागि १० वर्ष देखि २१ वर्षसम्मका ग्रामीण युवा युवतीहरू सदस्य भएको चारपाते क्लब वठन गरी तिनीहरूलाई जे.टि., जे.टि.ए. र तालिमप्राप्त प्रौढ अगुवाहरूको निर्देशन बमोजिम खेतीपाती, पशुपालन, गृह, विज्ञान, लघु उद्योग आदि सम्बन्धमा तालिम दिइन्छ । प्रत्येक क्लबमा धान, गहुँ, मकै, तरकारी आदि बालीको नतिजा प्रदर्शन गराइन्छ र क्लबका सदस्यहरूले प्रयोगात्मक रूपमा जे.टि., जे.टि.ए. र प्रौढ अगुवाहरूका निर्देशन तथा तालिम बमोजिम आफ्नो रूचि, सामर्थ्य र अवस्था सुहाउँदो कृषि परियोजना लिई आफ्नो खेतमा आफ्नै खर्च र महिनेत लगाई काम गर्दै सिक्ने र काम गर्दै कमाउने शैक्षिक सिद्धान बमोजिम काम गर्दछन् । यसका अतिरिक्त तरिका प्रदर्शन, सामुदायिक सेवा, चारपाते कार्यकुशलता दिवस, कृषि परियोजना, भ्रमण र कसेसावारी, आदि कार्यक्रम पनि सञ्चालन गराइन्छ ।

९. कृषि सूचना कार्यक्रम

खेतीमा नयाँ उन्नत प्राविधिक तथ्यहरू कृषकले बुझ्न सक्ने सरल भाषामा लेख र पुस्तक पुस्तिकाहरू प्रकाशन र कृषिसम्बन्धी समाचारहरू, श्रव्य-दृश्य, प्रदर्शनी, चलचित्र, रेडियो प्रसार आदिको माध्यमद्वारा बढीभन्दा बढी कृषकहरूसमक्ष पुऱ्याइने कार्य केन्द्रबाटै सञ्चालन गरिन्छ ।

खाद्य अनुसन्धान

देशमा उपलब्ध खाद्य वस्तुहरूबाट सुलभ हुन सक्ने पौष्टिक तत्वहरूको अनुसन्धान तथा बजारमा पाइने तथा निकासी गरिने विभिन्न खाद्य पदार्थसम्बन्धी स्तर र गुण नियमित रूपमा कायम गर्न आवश्यक व्यवस्था मिलाउन चाहिने प्राविधिक सहयोग समेत पुऱ्याउन खाद्य अनुसन्धान कार्यक्रम सञ्चालन गरिएको छ । यसअनुसार काठमाडौंमा खाद्य प्रयोगशालाको स्थापना भैसकेको छ । उक्त प्रयोगशालामा योजना अवधिमा वढी प्रभावकारी रूपमा अनुसन्धान कार्य सञ्चालन गरिनेछ । यसका अतिरिक्त औद्योगिक फाल्तु पदार्थबाट भोजन उपयोगी पौष्टिक खाना उत्पादन गर्ने तथा खाद्य संरक्षणसम्बन्धी प्रयोगात्मक अनुसन्धान पनि सञ्चालन गरिनेछ । साथै खाद्य तथा पौष्टिक तत्वसम्बन्धी अध्ययन र सर्वेक्षण पनि सञ्चालन गरिनेछ ।

पुनर्वास कार्यक्रम

जनसङ्ख्याको बृद्धि र खेतीयोग्य जमिनको अभावले गर्दा खास गरी देशको पहाडीक्षेत्रमा भूमि माथि बढ्दो जनभार तथा औलो उन्मूलन कार्यको फलस्वरूप अनियन्त्रित रूपमा तराइको जंगल फडानी भई हाल आवादीको विस्तार आदि समस्याले गर्दा पुनर्वास कार्यक्रम अनिवार्य भएको छ । यसका साथै भूतपूर्व सैनिकहरूको निम्ति बसोवासको व्यवस्था र प्रवासी नेपालीहरूको बढ्दो प्रत्यागमनले गर्दा पनि पुनर्वाससम्बन्धी समस्या बढी मात्रामा जटील हुन गएको छ । यस कुरालाई ध्यानमा राखी नेपाल अधिराज्यका अव्यवस्थित सुकुमवासी किसान परिवारहरूलाई व्यवस्थित योजनाबद्ध तथा सुनियोजित तरिकाले वसोवास गराउन २०२१ सालमा नेपाल पुनर्वास कम्पनीको स्थापना भई नवलपुर र खजुरामा करिव ५,००० हेक्टरमा २००० परिवारलाई पुनर्वास गर्ने कार्यक्रम स.चालित भएकोछ । अहिले यस कार्यलाई बढी व्यापक रूपमा सञ्चालन गर्ने उद्देश्यबाट पुनर्वास विभागको पनि स्थापना भएको छ । हजारौंको सख्यामा बसोवास गराउने ठूलठूला पुनर्वास आयोजनाहरू नेपाल पुनर्वास कम्पनीद्वारा सञ्चालन गरिनेछन् । दुईसय परिवारदेखि कम वसोवास गराउने तथा हाल आवादीसम्बन्धी वसोवासको काम पुनर्वास विभागले अंचल वसोवास समितिको माध्यमद्वारा कार्यन्वित गर्नेछ ।

चौथो योजनामा खाद्यान्न उत्पादन बृद्धि गर्ने लक्ष्य हासिल गर्न तथा आवाद गरिने जमिनबाट हुने उत्पादन महत्वपूर्ण हुने कुरा माथि उल्लेख भैसकेको छ । योजना अवधिमा २५,००० हेक्टरमा आवाद गरी ८,००० परिवारलाई वसोवास गराउने लक्ष्य राखिएको छ । यस अनुसार नेपाल पुनर्वास कम्पनी तथा पुनर्वास विभागद्वारा देशका विभिन्न अंचल र जिल्लामा गरिने बसोवाससम्बन्धी कार्यक्रमको विवरण क्रमशः तलका दुई तालिकाहरूमा दिइएको छ ।

तालिका नं. २६

नेपाल पुनर्वास कम्पनीद्वारा सञ्चालित हुने पुनर्वास कार्यक्रम

(आवाद गरिने जग्गा हेक्टरमा)

अञ्चल	जिल्ला	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
महाकाली	कंचनपुर	२५००	१८७५	३७५०	३७५०	-	११८७५
सेती	कैलाली						
भेरी	बाँके, बर्दिया	६२५	५००	१०००	१०००	-	३१२५
मेची	झापा	७५०	११२५	९३७.५	९३७.५	-	३७५०
जम्मा		३८७५	३५००	५६८७.५	५६८७.५	-	१८७५०

तालिका नं.२७

पुनर्वास विभागबाट सञ्चालित हुने पुनर्वास कार्यक्रम

(आवाद गरिने जग्गा हेक्टरमा)

अञ्चल	जिल्ला	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२	जम्मा
लुम्बिनी	कपिलवस्तु, रूपन्देही, नवलपरासी	५००	५००	५००	५००	५००	२,५००
नारायणी	बारा, पर्सा, रौतहट	३१२.५	२५०	२५०	२५०	१८७५५	१,२५०
जनकपुर	सर्लाही	३१२.५	२५०	२५०	२५०	१८७.५	१,२५०
कोशी	मोरङ्ग, सुनसरी	३१२.५	२५०	२५०	२५०	१८७.५	१,२५०

	जम्मा	१४३७.५	१२५०	१२५०	१२५०	१०६२.५	६,२५०

कृषि अर्थसम्बन्धी अध्ययन र अनुसन्धान

कृषि क्षेत्रमा आधारभूत अध्ययन तथा अनुसन्धान कार्यहरूको खाँचोले देशमा कृषि विकासको लागि समुचित रूपमा योजना कार्यक्रमहरू र नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्न गाह्रो हुन गएको छ । हाल कृषि उत्पादनको क्षेत्रफल र उब्जनीको तथ्याङ्क प्राप्य छ । तर, कृषि क्षेत्रमा भएको पुँजी निर्माण, काम गर्ने मौसमी कामदारहरू र तिनीहरूले पाउने ज्याला, विभिन्न पदार्थको बजार, आय बृद्धिअनुसार खाद्यान्नको माग, कृषिको आदान प्रदानसम्बन्धी समस्या र कृषिमा आधारित उद्योगहरूको सम्भावना तथा सरकारबाट सञ्चालित भूमिसुधार र कृषि प्रसार, कृषि शिक्षा तथा अनुसन्धानको प्रभाव आदि विषयहरूको सम्बन्धमा तथ्याङ्कहरूको कमी नै छ । यस कारण चौथो योजनामा यस सम्बन्धी तथ्याङ्कहरूको सङ्कलन गर्ने कार्यक्रम समावेश गरिएको छ ।

कृषि कार्यक्रम र खर्च

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचीमा दिइएको छ निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभाग अन्तर्गत पर्ने खर्चको वाँडफाँट तल दिइएको छ ।

सि.नं..	**आयोजना**	**खर्च (रु. हजारमा)**
१.	कृषि प्रसार	३,८२,००
२.	कृषि शिक्षा र अनुसन्धान	५,४९,००
३.	पशु विकास तथा पशु चिकित्सा	२,४५,००
४.	मत्स्य विकास	१,०२,००
५.	फलोद्यान विकास	१,२९,००
६.	खाद्य अनुसन्धान	३०,००
७.	पुनर्वासः	
	(क) विभाग	२९,००
	(ख) कम्पनी	२,६०,००
८.	कृषि अर्थ	२०,००
९.	दुग्ध विकास	१,२३,००
	जम्मा	१८,६९,००

अनुसूची

कृषिसम्बन्धी आयोजनाहरू

आयोजनाको नाम	स्थिति	लक्ष्य	खर्च (रु.०००)
१	२	३	४
(क) पशु विकास तथा पशु चिकित्सा			२,४५,००
		उत्पादन	
(१) पशु विकास फार्म खुमलटार-	चालू	वाछावाछी १४२ गोटा	४५,००
		पाडापाडी १६६ गोटा	
		भेडाबाखा पाठापाठी २०४ गोटा	
		सुंगुर २००० गोटा	
		दूध ३००००० लिटर	
(२) पशु विकास फार्म रामपुर-	चालू	वाछावाछी ११९ गोटा	१५,००
		पाडापाडी २२९ गोटा	
		सुंगुर १५०० गोटा	
		बाखा पाठापाठी १२० गोटा	
		दूध ३८७८०० लिटर	
		वाछावाछी ११९ गोटा	१५००
		गोरू १५००	
(३) पशु विकास फार्म तरहरा-	चालू	पाडापाडी १६४ गोटा	
		सुँगुर २२०० गोटा	
		बाखा पाठापाठी १२० गोटा	

		दूध २८३००० लिटर	
(४) पशु विकास फार्म पोखरा-	चालू	पाडापाडी ४८ गोटा	१५,००
		भेडाभेडी ९६० गोटा	
		बाखा १५० गोटा	
		सुँगुर ४५० गोटा	
		दूध ४८००० लिटर	
(५) पाँच सय खोला भेडा फार्म नुवाकोट जिल्ला	चालू	भेडा पाठापाठी ८४० गोटा	५,००
		उन उत्पादन २००० के.जी.	
(६) चित्लाङ्ग भेडा बृद्धि केन्द्र	चालू	भेडा पाठापाठी ४०० गोटा	२,५०
(७) जुम्ला भेडा फार्म	चालू	भेडा पाठापाठी १४०० गोटा	२,५०
(८) नेपालगञ्ज पशु विकास फार्म	प्रस्तावित	वाछावाछी ९० गोटा	२५,००
		पाडापाडी ९० गोटा	
		बाखा पाठापाठी १२० गोटा	
		सुँगुर ५४० गोटा	
		दूध १८०००० लिटर	
(९) ताप्लेजुङ्ग पशु विकास फार्म	प्रस्तावित	पाडापाडी १५ गोटा	१७,००
		बाखा पाठापाठी ८४० गोटा	
		सुँगुर ६० गोटा	
		दूध ३०००० लिटर	
(१०) जिरी पशु विकास फार्म	चालू	अप्राप्य	१२,००
(११) कृत्रिम गर्भाधान योजना	चालू	कृत्रिम गर्भाधान गाई	२०,००
		भैंसी १,९८,०००	
(१२) चरन विकास	प्रस्तावित	उन्नत जातको घाँस	१५,००
		बीउ उत्पादन गर्ने केन्द्रको स्थापना गर्ने (खुमलटार, रसुवा, रामेछाप राप्ती, विराटनगर, जुम्ला)	
(१३) सेन्ट्रल ह्याचरी फार्म परवानीपुर	चालू	चल्ला उत्पादन ३००,००० गोटा	१९,००
(१४) काठमाडौं ब्रूडर तथा ह्याचरी फार्म जाउलाखेल	चालू	चल्ला उत्पादन १,००,००० गोटा	८,००
(१५) तरहरा ब्रूडर कम ह्याचरी फार्म	चालू	चल्ला उत्पादन १,००,००० गोटा	७,००
(१६) सिंहदवार पोल्ट्री प्रोजेक्टर	चालू	भ्याक्सिनेसन संख्या ३,००,०००	४,००
(१७) पोल्टी ब्रूडर यूनिट	प्रस्तावित	१०,००० क्षमता भएको ब्रूडर युनिट खोल्ने सङ्ख्या ३ (पोखरा नेपालगञ्ज, भैरहवा)	३,००
(१८) पशु चिकित्सा सेवा (खर्च भवन निर्माणलाई मात्र)	चालू	७ नयाँ, चिकित्सालयहरू खोल्ने (ताप्लेजुंङ्ग रामेछाप, रसुवा, बाजुरा, रुकुम, संखुवासभा, दार्चुला)	१०,००
(१९) (क) पशु चिकित्सा अनुसन्धानशाला काठमाडौं	चालू	अधिराज्यभरलाई चाहिने विभिन्न रोगहरूको भ्याक्सिनेशन तयार गर्ने	११,७५
(ख) डिजीज इन्भेस्टीगेसन यूनिट काठमाडौं–	प्रस्तावित	एक डाईगनोष्टिक लेबोरेटरी स्थापित गरी अञ्चल चिकित्सालयमा रहेका प्रयोगशालाद्वारा पशुपंक्षीमा लाग्ने रोगको संरक्षण र निदान सर्भे गर्ने यथोचित उपचारको व्यवस्था मिलाउने ।	

(२०) कारकस यूटिलाइजेशन प्रोजेक्ट हेटौंडा–	चालू	खेर जाने सिनो र वधशालाबाट प्राप्त उप–उत्पादनहरूबाट खाद आदिको उत्पादन गर्ने र सिनो सदुपयोग तथा छाला उतार्ने क्योरीड, प्रोसेसिंगको तालिम दिने ।	२५
(२१) फिड मिक्सिङ्ग प्लान्ट हेटौडा	चालू	२५०० मे.ट. वार्षिक सन्तुलित दाना आहाराको उत्पादन र विक्री वितरण गर्ने	
(२२) दूग्ध विकास (क) काठमाडौं दुग्ध वितरण केन्द्र	चालू		१,२३,००
		१. क्षमतामा विस्तार गर्ने	४००
		२. बार्षिक उत्पादन क्षमता ३०,००००० लिटरसम्म पुऱ्याउने	
(ख) दुग्ध वितरण केन्द्रहरू	प्रस्तावित		७,८००
१. विराटनगर	,,	१. केन्द्र स्थापना गर्ने	
		२ . बार्षिक उत्पादन क्षमता १५,००,०० लिटर पुऱ्याउने	
२. नेपालगञ्ज	,,	१. चौथो वर्षसम्ममा केन्द्र स्थापना पूरा गर्ने	
		२. १० लाख लिटर दूध प्रतिवर्ष उत्पादन गर्ने	
३. बीरगञ्ज	,,	१. पाँचौ वर्षमा आयोजना पूरा गर्ने	
		२. १० लाख लिटर दूध वार्षिक उत्पादन गर्ने	
ग. चीज उत्पादन केन्द्र	३ चालू ५ प्रस्तावित	१. केन्द्रको स्थापना ५	७००
		२. चीज सेल्टर आवश्यकतानुसार	
		३. चीज उत्पादन बार्षिक ५० मे.ट.	
घ. नौनी उत्पादन केन्द्र (वारा, पर्सा, रौतहट र इलाममध्ये दुई ठाउँमा)	प्रस्तावित	१. केन्द्र स्थापना गर्ने २	३,४००
(ख) मत्स्य विकास	चालू		१,०२,००
१. वाग्मती मत्स्य विकास		क. मस्त्य विकास प्रसार कार्य १५,०० र भूरा वितरण कार्य चालू राख्ने	
		ख. पूर्वी तराईमा कृत्रिम जलाशयको सर्भे गर्ने	
		ग. त्रिशुली र तादी खोलाको अध्ययन पूरा गरी रिपोर्ट तयार गर्ने	
		घ. नारायणी र भोटेकोशीको इकोनोमिकल र वायोलोजिकल अध्ययन गर्ने	
		ङ. असला र महासेरको कृत्रिम प्रजनन र भूरा उत्पादनसम्बन्धी अध्ययन गर्ने ।	
२. गोदावरी मत्स्य विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ५००,०००	५,००
		२. खाने माछा के.जी. २,७७०	

		३. ग्रास कार्प र सिल्भर कार्पको भूरा उत्पादन सङ्ख्या १,४०,०००	
		४. असलाको परीक्षण र कृत्रिम प्रजनन	
३. जनकपुर मस्त्य विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या, ९,६०,०००	६,००
		२. खाने माछा के.जी. ३७००	
		३. प्रसार कार्य गाउँ २००	
		४. सिल्भर कार्प र ग्रास कार्पको कृत्रिम प्रजनन ९०,०००	
		५. स्थानीय माछा सङ्कलन, कृत्रिम जलाशय सर्वेक्षण र तथ्याङ्क सङ्कलन	
४. पोखरा ताल विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ३८०,०००	६००
		२. ट्रायल फिसिंग के.जी. २८०००	
		३. प्रसार कार्य गाउँ १२०	
		४. डुङ्गा बनाउने सङ्ख्या १७	
		५. जनाताको को-अपरेटिभ सोसाइटीको गठन गरी माछा पालन कार्य सिकाउने ।	
		६. माछा उत्पादन के.जी. ३७,०००	
५. मत्स्य प्रजनन तथा वितरण केन्द्र (क) तरहरा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ८९५,०००	४००
		२. खाने माछा के.जी. २८००	
		३. प्रसार कार्य गाउँ २००	
		४. सिल्भर कार्प र ग्रास कार्प भूरा प्रजनन ४००००	
		५. स्थानीय माछा र जलाशय सञ्चालन सर्वेक्षण	
(ख) परवानीपुर	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या १०,००,०००	५००
		२. खाने माछा उत्पादन के.जी. ३१००	
		३. प्रसार कार्य गाउँ २००	
		४. ग्रास कार्प र सिल्भर कार्प भूरा प्रजनन ८०,०००	
		५. स्थानीय माछा सङ्कलन र सर्वेक्षण	
		६. थप पोखरी निर्माण	
(ग) भैरहवा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ६३,००००	४००
		२. खाने माछा उत्पादन के.जी. २८००	
		३. प्रसार कार्य गाउँ २००	
		४. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या ३५०००	
		५. स्थानीय माछा सङ्कलन र जलाशय सर्वेक्षण	
		६. पोखरी निर्माण	
(घ) नेपालगञ्ज	प्रस्तावित	१. सर्वेक्षण, योजना निर्माण पूरा गर्ने	४००

		२. माछा भूरा उत्पादन सङ्ख्या १४५०००	
		३. खाने माछा के.जी. ९००	
		४. प्रसार कार्य गाउँ ८०	
(ङ) राजविराज	प्रस्तावित	१. सर्वेक्षण योजना निर्माण कार्य पूरा गर्ने	४००
		२. माछा भूरा उत्पादन सङ्ख्या १४५०००	
		३. खाने माछा के.जी. ९००	
		४. प्रसार कार्य गाउँ ८०	
(च) काठमाडौं सेन्ट्रल ह्याचरी	चालू	१. निर्माण पूरा गर्ने	४००
		२. माछा भूरा उत्पादन सङ्ख्या १८,५०,०००	
		३. ग्रास र सिल्भर कार्प प्रजनन सङ्ख्या ४२०,०००	
		४. असला र महासेरको प्रजनन परीक्षण	
(छ) ट्राउट ह्याचरी लामटाङ	चालू	१. निर्माण कार्य पूरा गर्ने	५००
		२. कृत्रिम प्रजनन सङ्ख्या २२५०००	
		३. त्रिशुली र अन्य उत्तरी भेगका नदीमा भूरा छोड्ने र बृद्धि अध्ययन गर्ने सङ्ख्या १२५,०००	
६. बृहत् मत्स्य विकास केन्द्र (क) पूर्वी तराई	प्रस्तावित	१. दोस्रो वर्षमा निर्माण पूरा गर्ने ५४.४२ हेक्टर	२०,००
		२. माछा भूरा उत्पादन सङ्ख्या ७७५०००	
		३. खानेमाछा के.जी. ६००००	
(ख) पश्चिम तराई	प्रस्तावित	१. तेस्रो वर्षमा निर्माण पूरा गर्ने ५४.५२ हेक्टर	
		२. माछा भूरा उत्पादन सङ्ख्या ४०००००	
		३. खाने माछा उत्पादन के.जी. १५०००	
७. बृहत् मत्स्य विकास केन्द्र (क) हेटौडा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या २१,५०,०००	१०,००
	,,	२. खाने माछा उत्पादन के.जी. १७००००	
		३. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या २९५०००	
		४. प्रसार कार्य गाउँ ४०	
(ख) राप्ती	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या २०,००,०००	१०,००
		२. खाने माछा उत्पादन के.जी. १४५०००	
		३. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या १६०,०००	

(ग) **फलोद्यान विकास** **१,२९,००**

	विवरण			फलफूल, रुट स्टक सङ्ख्या ००० मा	फलफूल विरुवा, सङ्ख्या ००० मा	तरकारीको बीउ (के.जीं.मा)	आलु मे.ट	
१.	वागवानी अनुसन्धान केन्द्र	कीर्तिपुर	चालू	४,२५	२,२०	२४,०००	-	८,२९
२.	,,	धनकुटा	,,	३,८०	२,२०	१२,५००	५०	५,००
३.	,,	पोखरा	,,	१,२५	१,००	५,०००	२०	४,००
४.	,,	दामन	,,	३,००	२,००	२,०००	-	२,५०
५.	,,	हेलम्वु	,,	१,२५	३७	२५०	२५	२,५०
६.	,,	सतवाझ वैतडी	,,	१,००	६२	२,०००	५	२,५०
७.	,,	जनकपुर	,,	४३	१९	१७,०००	१०	२,२०
८	,,	धुनी वेसी धादिङ्ग	,,	५०	५०	५००	-	२,२५
९.	,,	थाकमार्फा	,,	२५	१५	१५०००	५	२,५०
१०.	,,	त्रिशूली	,,	१५	७५	५००	-	२,२५
११	,,	जुम्ला	,,	१,९०	९५	७००	१८	२,५०
१२	,,	तरहरा	,,	१३,०	१,८०	३०००	१०	४,३९
१३	,,	परवानीपुर	,,	२,००	१,२५	१५००	-	२,७२
१४	,,	यज्ञपुरी भरतपुर	,,	९०	३००	५००००	१००	५,००
१५.	,,	हुम्ला	प्रस्तावित	२५	१२	-	१०	२,५०
१६.	,,	पाल्पा	चालू	१२	१५	२७५	-	२,२५
१७	,,	मुस्तांग	प्रस्तावित	२८	१२	-	१०	२,२५
१८	,,	रसुवा	,,	२८	१२	-	१०	२,२५
१९.	प्लान्ट इन्ट्रोडक्सन सिंहदरवार	गोदावारी	चालू	३८०	१३५	२५००	-	५,००
२०.	फलफूल केन्द्र	ककनी	,,	२२०	१२५	-	३७	३,००
२१.	आलु विकास योजना	इलाम	,,	७०	२३	-	७२०	१६,४०
२२.	,,	कीर्तिपुर	,,	-	-	-	१५०	३,००
२३.	,,	दामन	,,	-	-	-	३७५	४,००
२४.	फलफूल संरक्षण कार्यालय	कीर्तिपुर	,,	३०००० (किलो फल संरक्षण पदार्थ उत्पादन				२,२५
२५.	बृहत् फलोद्यान विकास कार्यक्रम	प्रस्तावित	४० हेक्टर भएको			फलोद्यानको स्थापना गर्ने		३५००
	(क) पृथ्वी राजमार्ग	,,	,,					
	(ख) अरनिको राजमार्ग	,,	,,					
	(ग) सिमरा-जनकपुर (महेन्द्र राजमार्ग)	,,	१२० हेक्टर भएको			फलोद्यान स्थापना गर्ने		

२६.	तरकारीको न्यूक्लीयस बीज बृद्धि योजना यज्ञपुरी, काठमाडौं	प्रस्तावित	-			न्यूक्लीयस तरकारी बीउ उत्पादन ४० हेक्टरमा		२५०

आयोजनाको नाम	स्थिति	लक्ष्य	(खर्च रु.०००)
(घ) कृषि शिक्षा तथा अनुसन्धान			५४९००
१. कृषि वनस्पति विज्ञान			३००
(क) कृषि वनस्पति विज्ञान शाखा	चालू	बोटानीको भवन र ग्रीन हाउस निर्माण ५४.४२ हक्टर जग्गा प्राप्त गर्ने	
(ख) अन्नबाली, सुधार, वाग्मती, नारायणी, जनकपुर, कोशी, भेरी, लुम्बिनी, सेती, सगरमाथा र मेची		१. विभिन्न जातीय २. विभिन्न जातको सङ्कलन र गुणको प्रारम्भिक विश्लेषण सङ्ख्या ४९००	
		३. विभिन्न जातको सङ्कलन १९२०	
		४. सङ्कलित जातको परीक्षण ३८००	
		५. मूल बीउ उत्पादन १९७०० (के.जी.)	
		६. प्रजनन बीउ उत्पादन (के.जी.) १२००	
(ग) बीज परीक्षण तथा विकास (ललितपुर)	चालू	१. २३००० सम्म बीउको नमूना विश्लेषण गर्ने क्षमता बढाउने	
		२. २७०० हेक्टर खेतमा बाली निरीक्षण गर्ने	
		३. १४५०० मे.ट. बीउ प्रमाणित गर्ने	
		४. १५ वटा बीउसम्बन्धी अध्ययन गर्ने	
(घ) विभिन्न बाली सम्बन्धी वनस्पति सङ्कलन, वर्गीकरण तथा विश्लेषण (वाग्मती, नारायणी)	चालू	१. ७५० जातको धान र ५०० प्रकारको झारपात सङ्कलन, वर्गीकरण र विश्लेषण	
		२. ६० प्रकारको कोसे बाली र हरियो मललाई हुने बीउको सर्वेक्षण र विश्लेषण	
(ङ) तेलहन तथा दलहन सुधार (खुमलटार र रामपुर कृषिकेन्द्र)		१. ३५० विभिन्न जातहरूको सर्वेक्षण तथा सङ्कलन	
	प्रस्तावित	२. २७५ जातहरूको विभिन्न गुणको प्रारम्भिक बिश्लेषण	
२ अन्नबालीको बीज विकास आयोजना, काठमाडौं उपत्यका तथा हेटौडा	,,	१. विभिन्न तहका अनाजको बीउ बढी उत्पादन गरी प्रमाणीकरणको व्यवस्था गर्ने,	६८,००
		२. प्रमाणीकरणसम्बन्धी नीति, नियम बनाउे,	
		३. खुमल्टारमा बीउ परीक्षण प्रयोगशाला र हेडौडामा बीउ संस्करण यन्त्र स्थापना गर्ने,	
		४. प्रगतिशील उत्पादकहरू छान्ने तालिम प्राप्त सङ्ख्या:	३५,००
३. कृषि कलेज, जगदम्बा कृषि भवन, पुल्चोक ललितपुर		१. आई.एस्सी. २२५	
	चालू	२. वि.एस्सी २५	
		३. फिल्ड तालिम ५००	

		४. अपग्रेडिङ्ग तालिम ३४०	
		५. जे.टि.ए. ७००	
४. बाली विज्ञान कृषि फार्म		१. परिचयात्मक अध्ययन सङ्ख्या १२०	७२,००
क. खुमलटार		२. परीक्षण २८५	
ख. जनकपुर		३. उन्नतजातको बीउ उत्पादन (मन) २७०००	
ग. नेपालगञ्ज			
घ. डोटी	चालू	४. नगदेबाली विकास (मन) ३६,४०४	
		५. विभिन्न बाली परीक्षण सङ्ख्या ८५	
		६. घुम्ती बाली अध्ययन सङ्ख्या ५	
		७. हरियो मल अध्ययन ७	
		८. कृषि शिक्षा तथा तालिम १५	
		९. कृषि सेवा	१०
		१०. जूटबाली फार्म (मन) ८३१	
		११. पहाडी कृषि फार्म (मन) ६९०	
		१२. जूटबाली फार्म र पहाडी कृषिबाली फार्म थप्ने ।	
५. कृषि इञ्जिनियरिङ्ग		१. निर्माण कार्यको डिजाईन इस्टिमेट रु. २५० लाख	४०,०००
(क) कृषि निर्माण योजना काठमाडौं	चालू	२. पक्का धन्सार डिजाइन १५	
		३. अन्य धन्सार ,, १५	
(ख) कृषि औजार तथा मेसिनरी (अनुसन्धान, मर्मत) योजना काठमाडौं, वीरगञ्ज	चालू	१. सवारी साधनको मर्मत ५००	
		२. ट्रयाक्टर र अन्यको १००	
		३. सिँचाइ स्ट्रक्चर निर्माण र अनुसन्धान २५	
		४. गोदाम घरको नमूना १०	
		५. औजारसम्बन्धी तालिम १६०	
		६. औजार प्रदर्शन ४०	
		७. ड्रायरको नमूना २	
		८. औजार नमूना १५	
(ग) फार्म डेभलपमेन्ट तथा सिँचाइ अनुसन्धान योजना, कृषि फार्म तथा अनुसन्धान केन्द्र	प्रस्तावित	१. गहुँ, मकै र उखु बालीहरूमा सिँचाइ सम्बन्धी अध्ययन १०	
		२. कृषि तालिम १००	
		३. जे.टि.ए. सर्भेयर तालिम ५०	
		४. फार्म ट्यूवेल ३	
		५. फार्म कूलो डिजाइन ५	
६. एन्टोमोलजी अनुसन्धान खुमलटार, विराटनगर र परवानीपुर मात्र	चालू	१. अनुसन्धान सर्वेक्षण हेक्टर २०,०००	२३,००
		२. सङ्कलन परीक्षण (कीरा) २०,०००	
		३. संरक्षण (कीरा) ५००	

		४. रासायनिक परीक्षण अध्ययन, रेशम, मौरी पालन आदि अध्ययन	
		५. बाली संरक्षण शाखा ५	
(क) प्लान्ट क्वोरन्टीन काठमाडौं, वीरगञ्ज, विराटनगर, भैरहवा र नेपालगञ्ज		१. काननीकरण कार्य पूरा गर्ने	१०,००
		२. काठमाडौंमा प्लान्ट क्वारेन्टीन ल्याव शाखा स्थापाना गर्ने ।	
		३. ५ चेकपोष्ट स्थापाना गर्ने	
७. प्लाण्ट व्याथोलजी शाखा		१. रोगको सर्वेक्षण हेक्टर १,००,०००	२२,००
(क) केन्द्रीय प्रयोगशाला खुमलटार	चालू	२. रोग सङ्कलन सङ्ख्या ५,०००	
		३. रोग नियन्त्रण अध्ययन ९७	
		४. रोगसम्बन्धी अध्ययन परीक्षण ५००	
		५. बीउसम्बन्धी रोग अध्ययन १,०००	
		६. प्रकाशन २०	
		७. प्रदर्शन ६०	
		८. तालिम १,०००	
		९. रोग सम्बन्धी सल्लाह १,०००	
(ख) बाली संरक्षण केन्द्र तथा प्रयोगशाला		१. नयाँ केन्द्र स्थापना गर्ने ४	
	चालू	२. क्षेत्रीय प्रयोगशाला स्थापना गर्ने २	
		३. रोग सङ्कलन १,०००	
		४. रोग नियन्त्रण सम्बन्धी अनुसन्धान २०	
		५. प्रदर्शन ४००	
		६. तालिम १००	
		७. आवश्यक सल्लाह २०००	
८. स्वायल साइन्स शाखा			
(क) स्वायल साइन्स केन्द्रीय प्रयोगशाला	चालू	१. २२ जिल्लामा माटो सर्भे गर्ने हेक्टर ३४,२७,९१०	२२,००
		२. माटो विश्लेषण सङ्ख्या ४०,०००	
		३. मलखाद परीक्षण क्षेत्र ३४	
		४. प्रकाशन २५	
(ख) क्षेत्रीय स्वायल फर्टिलिटी शाखा र प्रयोगशाला, (परवानीपुर तरहरा, भैरहवा, रामपुर, जिरी, जनकपुर, नेपालगञ्ज र डोटी)	,,	१. मलखाद परीक्षण (८ केन्द्रमा) २०७	८००
		२. माटो विश्लेषण ३,९००	
(ग) स्वायल फर्टिलिटी रिसर्च एण्ड प्रमोशन अफ फर्टिलाइजर यूज	प्रस्तावित	१. मलखाद परीक्षण-तराई भित्री मधेश र पहाडमा ७ ठाउँ प्रत्येक वर्ष १००० वटा	१,५५,००
		२. पाइलट प्रोजेक्ट	
९. कृषि केन्द्रहरू:	चालू	प्रयोगशाला (परवानीपर) १	६५००
१. परवानीपुर			
२. रामपुर			
३. विराटनगर र जूटबाली फार्म			
४. भैहरवा			

(ङ) कृषि प्रसार				३,८२,००
१. कृषि प्रसार कार्यक्रम	**चालू**	**कार्यक्रम**	**सङ्ख्या**	**३०,००**
		तरिका प्रदर्शन	४५,०००	
		नतीजा प्रदर्शन	२,१३,०००	
		अगुवा कृषक तालिम	२१,५००	
		तालिम प्राप्त अगुवा कृषक	२,२५,०००	
		मौसम अनुसार तालिम पाउने जे.टी. र जे.टी.ए.	२००	
		कृषक दिवस	१४९	
		कृषक दिवसमा भाग लिने कृषकहरू	१४,९००	
		मेला प्रदर्शनी	१२५	
		बढी अन्न उपादन प्रतियोगिता	१६८	
		जिल्ला प्रतियोगिता	५०४	
		राष्ट्रिय प्रतियोगिता	५	
		प्रतियोगितामा भाग लिने अनुमानित कृषकहरू	५,६००	
२. ग्रामीण कृषि युवा कार्यक्रम				१७००
	चालू	पञ्चायत ५११, क्लव ७७१, तालिमी सदस्य ११५६३, प्रौढ अगुवा ७७१, चारपाते अगुवा तालिम २२००, नतिजा प्रदर्शन ९१५३, तालिमी सदस्यद्वारा गरिने व्यक्तिगत परियोजना २६९०८ तरिका प्रदर्शन टीम तालिम ३०८४, जजीङ्गटीम तालिम ३०८४, सामुदायिक सेवा ७१७५, जि.चा. कार्य कुसलता दिवस ११० अं.चा कार्य कुशलता दिवस १३, राष्ट्रिय कार्य कुसशला दिवस ५, बढी सागसब्जी फलाउने आन्दोलन २५,		
३. कृषि सूचना शाखा				१५,००
	चालू	पुस्तिका प्रकाशन ५७०	किसिम	
		पोष्टर प्रकाशन २००	,,	
		रेडियो कार्यक्रम १२४८	पटक	
		चलचित्र तयारगर्ने १२	,,	
		चलचित्र प्रदर्शन ५७०	,,	
		कृषि समाचार ८७००	प्रति	
		कृषि प्रदर्शनी ३४	पटक	
४. गण्डकी कृषि विकास योजना				५०,००
(च) खाद्य अनुसन्धान				३०,००
१. (क) ववरमहल, काठमाडौं	चालू	१. खाद्य अनुसन्धानशालाको निर्माण गर्ने		
		२. खाद्य पदार्थको विश्लेषण चालू राख्ने		
		३. खाद्य नियम लागू गर्ने		
(ख) खाद्य औद्योगिक पाइलट प्लान्ट (वर्कशप) काठमाडौं	१.	उपलब्ध खाद्य कच्चा पदार्थ सफल प्रशोधनको जाँच गर्ने		१५,००

	चालू	२. औद्योगिक फाल्तु पदार्थबाट पौष्टिक खाना बनाउन खोज्ने	
		३. प्राविधिक तालिम दिने र मद्दत गर्ने	
२. खाद्य परीक्षण शाखा झापा	चालू	परीक्षणको काम र तथ्याङ्क	१०,००
	चालू	सङ्कलन र धान कुटानी प्रयोगशालाहरू चालु राख्ने	
३. खाद्य पौष्टिक तत्वसम्बन्धी सर्वेक्षण र अनुसन्धान	प्रस्तावित	१. देशमा खाद्य र पौष्टिक स्थितीको सर्वेक्षण र तथ्याङ्क सङ्कलन	५,००
		२. देशमा उपलब्ध खाद्य पदार्थको पौष्टिक तत्वको विश्लेषण गरी संतुलित योजनाको तर्जुमा गरी प्रचार गर्ने	
(छ) विभागीय कार्यक्रम पुनर्वास			२,९००
१. क्षेत्रीय पुनर्वास योजना कोशी (मोरङ र सुनसरी)	प्रस्तावित	१२५० हेक्टरमा	६,७०
		४५० परिवार	
२. क्षेत्रीय पशु पुनर्वास योजना नारायणी	प्रस्तावि	१२५० हेक्टरमा	६,७५
		४५० परिवार	
३. क्षेत्रीय पुनर्वास योजना लुम्बिनी अञ्चल	प्रस्तावित	२५०० हेक्टरमा	६,८०
		९०० परिवार	
४. क्षेत्रीय पुनर्वास योजना जनकपुर अञ्चल	प्रस्तावित	१२५० हेक्टरमा	६,७५
		४५० परिवार	
५. हाल आवादीको व्यवस्था			२,००
कंपनीको कार्यक्रम			२,६,०००
कञ्चनपुर, कैलाली, बाँके, वर्दिया र झापा गरी चार जिल्लामा बसोवास गराउने	प्रस्तावित	१. वसाउने परिवार सङ्ख्या ६०००	
		२. वितरण हुने जमिन २०४०८ हेक्टर	
ज) कृषि अर्थ सम्बन्धी अध्ययन र अनुसन्धान			२०००
१. कृषिमा काम गर्ने मौसमी कामदार तिनीहरूले पाउने ज्यालासम्बन्धी अध्ययन			
२. कृषिमा हुने पुँजी निर्माणको अध्ययन ।			
३. प्रमुख कृषि उत्पादनहरूको व्यापक अध्ययन ।			
४. ग्रामीण क्षेत्रको परिवारीक सर्वेक्षण(आयस्रोत र उपभोग सम्बन्धी)			
५. कृषिमा आधारित मुख्य उद्योगहरूको सम्भावना र समस्याको अध्ययन ।			
६. भूमि सुधार कार्यक्रमको मूल्यांकन ।			
७. २०२६ को फार्म म्यानेजमेन्ट सर्भेको अन्तिम रिपोर्ट तयार गर्ने ।			
८. कृषि उत्पादनमा कृषि प्रसार कृषि शिक्षा तथा अनुसन्धानको प्रभावसम्बन्धी अध्ययन			
९. फलफूल विकासको सम्भावना, बजार तथा त्यसमा आधारित उद्योग बारे अध्ययन ॥			
१०.पशु धन तथा मस्त्य विकास, पशु धनमा आधारित वस्तुहरूको उत्पादन, बजार आदिको अध्ययन ।			

परिच्छेद ६

कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखन व्यवस्था

कृषि विकास कार्यक्रममा निर्धारित लक्ष्यहरू हासिल गर्ने काम लाखौ किसानहरूको क्षमतामा आधारित रहने कुरा निर्विवाद छ । तर किसानहरूलाई आफ्नो उत्पादन कार्यमा सक्षम र सबल तुल्याउन चाहिने आधुनिक उपकरणको पर्याप्त प्रयोगका लागि चाहिने ऋण सुविधा सरल र सुलभ हुनु नितान्त आवश्यक छ । हाल कृषि ऋण जुटाउनको लागि सहकारी संस्थाहरूका साथै कृषि विकास बैंक र बचत सस्थानका अतिरिक्त वार्ड समितिहरू पनि सम्मिलित रहे तापनि सुसंगठन, कुशल प्रशासन तथा न्यूनतम निर्देशन र नियन्त्रणको कमीले गर्दा कार्य क्षेत्र र जिम्मेवारीमा समेत स्पष्टता नहुँदा ऋण सुविधा पुऱ्याउने मुख्य उद्देश्य पूरा गर्नमा नै अवरोधहरू पैदा हुन गएकोले चौथो योजनाकालमा हालसम्मको वास्तविक अनुभवको आधारमा चौथो योजनाअन्तर्गत सघन कृषि विकास कार्यक्रम लागू हुने जिल्लाहरूमा निम्नलिखितअनुसार कृषि ऋण, उपकरण तथा उत्पादित वस्तुको वेचविखनको व्यवस्था गर्ने उपाय अपनाइने छ:-

१. ग्रामीण स्तरसम्म संस्थागत कृषि ऋणको व्यवस्था र कृषि विकासलाई चाहिने मल, बीउ, औजार आदि उपकरणहरू पुऱ्याउन प्रभावकारी ढङ्गबाट आवश्यक व्यवस्था गर्न अरू नयाँ संस्थाहरूको स्थापना गर्नुभन्दा हालसम्म स्थापना भइसकेका संस्थाहरूलाइनै सबल तुल्याउने हिसावले सहकारी, कृषि विकास बैंक, भूमिसुधार बचत संस्थान, कृषि सप्लाई संस्थान तथा ग्राम समितिहरूद्वारा नै आवश्यक कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।

२. सघन कृषि विकास कार्यक्रम सन्चालन गरिने २८ जिल्लाहरूमा गाउँ पन्चायत स्तरमा अनिवार्य वचतको जिम्मा लिई व्यक्तिगत किसानहरूलाई कृषि ऋण दिने, उन्नत बीउ रासायिनक मल तथा अन्य सानातिना उपकरणहरू विक्री गर्ने काम ग्राम समितिने गर्नेछ । ग्राम समितिबाट यसरी सञ्चालन गरिने सबै लेनदेन वेचविखनको हिसाव किताव राख्ने काम सम्बन्धित गाउँ पञ्चायतको सचिवले गर्नेछ । ग्राम समितिहरूउपर सामान्य रेखदेख निर्देशन पुऱ्याउनको लागि ३४४ ऋण इन्स्पेक्टर र १४ क्षेत्रीय कार्यालयको व्यवस्था भूमिसुधार वचत संस्थानबाट हुनेछ । यसरी ग्राम समितिहरू केही वर्षपछि सक्षम भई स्वचालित रूपमा सन्चालन हुन सकिने अवस्थामा पुगेपछि ग्राम समितिहरूलाई वहुमुखी सहकारी संस्थामा परिणत गरिनेछ, र ग्राम समितिअन्तर्गतको अनिवार्य वचतलाई वचत कर्ताको स्वेच्छाले बहुमुखी सहकारी संस्थाकै शेयर पुँजीमा परिणत गरिनेछ । यसरी ग्राम समिति बहुमुखी सहकारी संस्थामा परिणत भएपछि तल लेखिए अनुसार अन्तर गाउँ पञ्चायत स्तरमा पुनर्गठित रूपमा स्थापना हुने सहकारी संस्थाको सदस्य बन्ने छ । तर अन्तरिम कालमा ग्राम समिति अन्तर गाउँ पन्चायत स्तरीय सहकारी संस्थाको एजेण्टको रूपमा मात्र रही निर्धारित कमिसनको आधारमा अन्तर-गाउँ पञ्चायत स्तरीय सहकारी संस्थान तर्फबाट आफ्नो गाउँ पञ्चायतका किसानहरूलाई उपकरणहरूको वेचबिखन गर्ने काम गर्नेछ । कृषि ऋणको हकमा हाल जस्तै भूमिसुधार वचत संस्थानले ग्राम समितिद्वारा निर्धारित कमिसनको आधारमा सामान्य कृषि उत्पादन ऋण दिनेछ । यसरी ग्राम समितिउपर रेखदेख पुऱ्याउन चाहिने ऋण इन्स्पेक्टरको प्रशासकीय खर्च व्यहोर्न वचत संस्थानलाई श्री ५ को सरकारबाट अनुदान दिइनेछ ।

३. सहकारी विभागद्वारा चौथो योजना अवधिमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूमा स्थापित हुन आएका सहकी संस्थाहरूलाई क्रमिक रूपमा पुनर्गठन गरी एक जिल्लामा आवश्यकता अनुसार बढीमा १० वटा अन्तर–गाउँ पञ्चायत स्तरीय सहकारी संस्था स्थापना गरी सहकारी विभाग तथा कृषि विकास बैंकबाट आवश्यक प्रशासकीय टेवा उपलब्ध गरी निर्देशित रूपमा यी पुनर्गठित संस्थाहरूलाई सञ्चालन गरी विकास गर्ने लक्ष्य राखिएको छ । योजना अवधिमा यस प्रकार खोलिने संस्थाहरूमा सहकारी भावना जागृत गराउनुका साथै सामान्य रेखदेख तथा लेखा परीक्षणको व्यवस्था पुऱ्याउनका लागि सहकारी विभागबाट पुनर्गठित सहकारी संस्थाहरू स्थापना हुने जिल्लाहरूमा सहकारी विभागका सुसंगठित जिल्ला कार्यालयहरू रहनेछन् । यी संस्थाहरूको दैनिक कारोवार सञ्चालन गर्नका लागि कृषि विकास बैंकबाट एकजना तालिमप्राप्त कर्मचारी नियुक्त गरिनेछ, जसले सहकी संस्थाको म्यानेजरको रूपमा काम गर्नेछ । यसरी कृषि विकास बैंकबाट खटिई जाने कर्मचारीहरूको प्रशासकीय खर्चका निमित्त बैकलाई श्री ५ को सरकारबाट अनुदान दिइनेछ । यसरी खडा हुने अन्तर–गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई कृषि ऋण दिने र कृषि सप्लाई संस्थान संस्थानको एजेन्ट भई कृषि उपकरणहरू ग्राम समितिहरूको माध्यमद्वारा किसानहरूमा पुऱ्याउने कामका साथै आफ्नो पञ्चायत क्षेत्र भित्रका कृषि उब्जनीको वेचविखनको काम पनि गर्नेछन् ।

४. जिल्ला स्तरमा कृषि ऋण व्यवस्थाका लागि उक्त कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा कृषि विकास बैंकको शाखा कार्यालय स्थापना गरी सोही शाखाको माध्यमद्वारा जिल्ला भरिका लेनदेन कार्यमा सामान्य रेखदेख पुऱ्याउनका साथै किसानहरूलाई निर्धारित ठूलठूला कार्यहरूकालागि व्यक्तिगत ऋणसमेत दिने कार्य सम्पादन गरिने छ । त्यस्तै कृषि उपकरण तथा वेचविखनको लागि जिल्ला स्तरमा कृषि सप्लाई संस्थानको आफ्नो जिल्ला स्तरीय कार्यालय रहने छन् । गाउँ स्तरमा यी उपकरणहरूको वेचविखनको लागि पुनर्गठित सहकारी संस्थाहरूले यस संस्थानको एजेन्टको रूपमा रही ग्राम समितिहरूको माध्यमद्वारा आफ्नो कार्य सम्पादन गर्नेछन् ।

५. सघन कृषि विकास कार्यक्रम सन्चालन नहुने जिल्लाहरूमा हाल जुन रूपमा काम भई रहेको छ सोही रूपमा चालू रहनेछ ।

(क) सहकारिता

सहकारी व्यवस्थाको प्रारम्भ मुख्यत: प्रथम पञ्चवर्षीय योजनाकालमा भएको थियो । सङ्ख्याको हिसावले सहकारिताको विकास निकै अगाडि बढेको भान हुन्छ, कारण १२ वर्षको अवधिमा सहकारी संस्थाको सङ्ख्या करीब १,३०० पुगेको थियो । वास्तवमा यी संस्थाहरूको विकास जनतामा आएको सहकारिताको भावना वा जनता आफैले सहकारी सिद्धान्त र आदर्शलाई बुझी आफ्नै साधन र क्षमताको आधारमा गठन भएको नभई मुख्यत: सहकारी विभागको प्रयास र सहकारी अनुदानबाट हुँदा सहकारी संस्थाहरूको आफ्नै साधन, सदस्यहरूको कमी, सञ्चालन गर्ने ज्ञान क्षमताको अभाव, आवश्यक निर्देशन नियन्त्रणको अव्यवस्था आदि अनेकन कारणबाट छिटैछिटै स्थापना हुन आएका संस्थाहरूले अपेक्षित रूपमा गुणात्मक विकास गर्न नसक्नु अस्वभाविक थिएन । स्थापना भएका १,३०० सहकारी संस्थाहरूमध्ये कृषिसित सम्बन्धित १,१०० सस्थाहरूमध्ये दुई तिहाई प्राय: निष्कृय र विघटनयोग्य साबित हुने देखिन्छ । बाँकी एक तिहाई पनि सक्षम र सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने कतिपय प्रवर्द्धनका उपायहरू अपनाउनु पर्ने र कतिपयलाई एकीकरण गर्नु पर्ने देखिन्छ । तसर्थ आगामी चैथो योजनाकालमा सहकारी संस्थाहरूको संस्थालाई नवढाई भएका संस्थाहरूलाई पुनर्गठित गरी निर्देशित रूपमा सञ्चालन गर्ने उद्देश्य अपनाइएको छ ।

चौथो योजनाको कार्यक्रम

विगत वर्षहरूको अनुभवबाट तालिमप्राप्त व्यक्तिहरूको कमी, गाउँस्तरमा सहकारी संस्था सञ्चालन गर्न सकिने क्षमता तथा उपलब्ध सीमित साधनको समेत विचार गर्दा तत्कालै अधिराज्यका सम्पूर्ण भागहरूमा एकैपटक सहकारिताले ढाक्न अव्यावहारिक देखिएकाले चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूमा पुराना संस्थाहरूलाई एकीकरण वा पुनर्गठन गरि प्रत्येक जिल्लामा आवश्यकतानुसार बढीमा १० वटासम्म सुव्यवस्थित सहकारी संस्थाहरू कायम गरिने छन् । यसरी कायम हुन आउने प्रत्येक संस्थाहरूले एक भन्दा बढी गाउँ पंचायतहरूलाई ढाक्ने हुँदा यस्तो संस्थालाई अन्तर गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाको रूपमा मानिने छ । माथि उल्लेख गरिएअनुसार यी संस्थाहरूको सञ्चालन आवश्यक अवधिसम्म निर्देशित ढङ्गबाट गरिनेछ यिनीहरूले माथि लेखिए अनुसार मुख्यत: आफ्ना सदस्य किसानहरूलाई ऋण दिने र ग्राम समिति मार्फत कृषि उपकणहरूको वेचविखन तथा कृषि उब्जाको विक्री संस्थागत रुपमा सञ्चालन गरी कृषकहरूलाई उनीहरूको परिश्रमको उचित मूल्य दिलाउनु नै हुनेछ । पछि ग्रामसमितिहरू सहकारी संस्थामा परिणत भएपछि यी अन्तर गाउँ-पञ्चायत स्तरीय संस्थाहरूको सदस्य बन्ने छन् । गाउँस्तरमा सवल सहकी संस्थाहरूले सक्षम ढङ्गबाट काम गर्न थालेपछि अन्तर गाउँ- पञ्चायत स्तरीय संस्थाहरूलाई एकीकरण गरी प्रत्येक जिल्लाको लागि एउटे जिल्ला स्तरीय संस्था भए पर्याप्त हुन आउने छ ।

चौथो योजनाको पहिलो वर्षमा सघन कृषि विकास कार्यक्रम सञ्चालन हुने सबै जिल्लाहरूमा कममा दुई दुई अन्तर गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाहरू हाल भएका संस्थाहरूलाई एकीकरण वा पुनर्गठन गरी स्थापना गरिने छन् । योजनाको अन्तसम्ममा प्रत्येक जिल्लाको आवश्यकता हेरी चाहिने सङ्ख्यामा पुनर्गठित सहकारी संस्थाहरू स्थापना भइसक्ने छन् ।

अधिराज्यका ५६ जिल्लामा पहिले नै सहकारीको काम सुरु भइसकेको छ तापनि चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूलाई प्राथमिकता दिई प्रत्येक जिल्लाका जिल्ला स्तरीय सहकारी कार्यालयहलाई सुदृढ गर्न तालिमप्राप्त योग्य सहकारी इन्स्पेक्टर, लेखापालका साथै अन्य आवश्यक कर्मचीको व्यवस्था गरिने छ । केन्द्रीय कार्यालयमा पनि लेखा परीक्षण शाखालाई अझ बढी सुदृढ गरी कृषि उब्जा वेचविखन सम्बन्धी एक छुट्टै शाखाको व्यवस्था गरिने छ । कारण कृषि उत्पादनमा सहकारी ढङ्गबाट वेच विखन गराई किसानहरूलाई उचित मूल्य दिलाउन नसकेमा उत्पादन वृद्धिमा अवरोध पैदाहुने सम्भावना तिर ध्यान दिनुपर्ने स्थिति देखा परिसकेको छ ।

सहकी प्रशिक्षण केन्द्रमा साविकवमोजिम सहकारी विभागअन्तर्गतका कर्मचारीहरू र सहकारी संस्था संचालकहरूलाई ३ देखि ६ महिनासम्मको सैद्धान्तिक तथा व्यावहारिक तालिम र छोटो अवधिको सेवाकालीन

व्यावहारिक तालिम दिने कार्यक्रम चालू नै रहनेछ । साथै, जिल्ला जिल्लामा घुम्ति तालिम टोलीहरूद्वारा सहकारी संस्थाका कर्मचारी तथा सदस्यहलाई अल्पकालीन व्यावहारिक तालिम दिने व्यवस्था गरिनेछ ।

ख. कृषि सप्लाई संस्थान

चौथो योजनाका लक्ष्यहरूपूरा गर्नमा आवश्यक देखिएका उपकरणहरू मध्ये रासायनिक मल, उन्नत बीउ, कीटाणु र रोगनाशक औषधि तथा उन्नत औजारहरू जुटाउने काममा कृषि सप्लाई संस्थानको महत्वपूर्ण जिम्मेवारी भएकोले यस संस्थानबाट योजनाकालमा विक्री वितरण गरिने विभिन्न उपकरणहरूको परिमाण तलका तालिकाहरूमा दिइएको छ ।

चौथो योजना अवधिमा विक्री वितरण हुने रासायनिक मल प्लान्ट न्यूट्रिएन्टस्

(**मे.ट.मा**)

मल	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
नाइट्रोजन	५,९३०	९,०००	११,०००	१३,०००	१५,०००
फोस्फोरस	२,३६०	४,५००	५,५००	६,५००	७,०००
पोटास	३९०	१,२००	१,६००	२,२००	३,०००

उन्नत बीउको विक्री वितरण गरिने लक्ष्य

(**२०२७। २८–२०३१। ३२**)

बीउ (मे. ट. मा)	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
मकै	१३६	२०४	३०६	४०८	५१०
गहुँ	५४६	७८०	१,०९२	१,३२६	१,५१०
धान	४००	६००	८००	१,१००	१,४००

कृषि औजारहरू, बाली संरक्षणसम्बन्धी सामग्रीहरूको लक्ष्य

(रु. हजारमा)

साल	कृषि औजारहरू	बाली संरक्षण सामग्रीहरू
२०२७– २०२८	७,७५	३,७५
२०२८– २०२९	११,००	५,२५
२०२९– २०३०	१४,२५	७,८०
२०३०– २०३१	१७,५०	१०,००
२०३१– २०३२	२२,२५	१२,५०
	जम्मा ७२,७५	३९,३०

हाल कृषि सप्लाई संस्थानको एक केन्द्रीय कार्यालय र काठमाडौं, वीरगञ्ज, जनकपुर, विराटनगर, भैरहवा, नेपालगञ्ज गरी जम्मा ६ वटा शाखा कार्यालयहरू छन् । चितौन, रौतहट, सर्लाही, सप्तरी, सिरहा, झापा, तौलिहवा, पोखरा, वर्दिया समेत गरी जम्मा ९ वटा डिपोहरू र परासी, दाङ्ग, कैलाली, पाल्पासमेत गरी जम्मा ४ वटा सिजनल विक्री केन्द्रहरू छन् । चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सन्चालन हुने २८ जिल्लाहरूमध्ये हाल संस्थानको डिपो स्थापना भई नसकेका सबै जिल्लाहरूमा डिपोहरूको स्थापना गरिनेछ । यी डिपोहरूले कृषि उपकणहरूको आवश्यक स्टक राखी अन्तर गाउँ–पन्चायत सहकारी संस्था मार्फत ग्राम समितिहरूद्वारा कृषकहरूमा चाहिने रासायनिक मल, उन्नत बीउ, थ्रेसरका साथै आवश्यक अन्य उन्नत औजार तथा पोलिथिन ब्यागलगायत अन्य बाली संरक्षण सामग्रीहरू जुटाउने व्यवस्था गर्नेछन् ।

गोदामघर

दिनदिनै बढ्दो व्यापारको परिमाणले गर्दा काठमाडौं र बीरगञ्जमा गोदामघर निर्माणको काम सुरु गरिएको छ । वर्तमान योजना अवधिमा यी फर्टिलाइजर र सिड वेयर हाउसको निर्माण कार्य पूरा भैसकेपछि कृषि सप्लाई संस्थानको बीरगञ्जमा २,५०० मेट्रिक टन क्षमता भएको, काठमाडौंमा २,००० मेट्रिक टन र भैरहवामा १,००० मेट्रिक टन क्षमता भएको निजी गोदामघरहरू हुनेछन् । चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम लागू हुने २८ जिल्लाहरूमा जिल्लाको आवश्यकताअनुसार चाहिने गोदामघर निर्माण गरिनेछ ।

संस्थानको उपर्युक्त कार्यक्रम सञ्चालन गर्न योजना अवधिमा चाहिने खर्चको विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ ।

कृषि उपकरणहरूको लागि पूँजीको अवश्यकता

(**२०२७/२८ देखि २०३१/३२ तक**)

(रु. हजारमा)

उपकरणहरू	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०।३१	२०३१।३२	जम्मा
रासायनिक मलहरू एन.पी.के	१५०००	२५०००	३१५००	३७२००	४३०००	१५१७००
बीउहरू	१५२०	२१५०	३०४०	४०५०	४९२०	१५६८०
बाली संरक्षण सामग्रीहरू	३७५	५२५	७८०	१०००	१२५०	३९३०
कृषि औजारहरू	७७५	११००	१४२५	१७५०	२२२५	७२७५
जम्मा	१७६७०	२८७७५	३६७४५	४४०००	५१३९५	१७८५८५

गोदाम निर्माणका लागि पुँजीको आवश्यकता

(२०२७। २८–२०३१। ३२)

(रु. हजारमा)

निर्माण	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०।३१	२०३१।३२	जम्मा
स्टोरेज र अरु सुविधाहरू	१०००	१५००	२५००	१८००	१२००	८०००

चौथो योजनामा प्रशासकीय खर्च

(२०२७। २८– २०३१। ३२)

(रु. हजारमा)

२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२	जम्मा
१५००	२१००	२५००	३०००	३६००	१२७००

संस्थानको वार्षिक साधनहरूको आवश्यकता

(२०२७।२८– २०३१।३२)

(रु.हजारमा)

शिर्षक	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१।३२	जम्मा
उपकरणहरू निर्माण	१७६७०	२८७७५	३६७४५	४४०००	५१३९५	१७८५८५
(स्टीरेज)	१०००	१५००	२५००	१८००	१२००	८०००
प्रशासकीय बजेट	१५००	२१००	२५००	३०००	३६००	१२७००
जम्मा	२०१७०	३२३७५	४१७४५	४८८००	५६१९५	१९९२८५

विदेशी मुद्राको अनुमानित आवश्यकता

(२०२७। २८–२०३१। ३२)

साल	**यू. एस. डलर (हजारमा)**
२०२७। २८	१५,८०
२०२८। २९	२५,००
२०२९। ३०	३१,५०
२०३०। ३१	३७,२०
२०३१। ३२	४३,००
जम्मा	१,५२,५०

माथि उल्लिखित कार्यक्रम सन्चालन गर्न चाहिने खर्च रकममध्ये प्रशासकीय खर्चतर्फ पचास प्रतिशत श्री ५ को सरकारको अनुदानबाट व्यहोरिने र गोदाम निर्माणको लागि रकम आन्तरिक साधन र वचत संस्थानबाट व्यहोरिने छ उपकरणहरू किन्न चाहिने रकम आन्तरिक साधन र वचत संस्थानबाट ऋणको रूपमा आवश्यक रकम प्राप्त गरी कार्य सन्चालन गर्ने व्यवस्था मिलाइएको छ। तर त्यस कार्यको लागि आवश्यक विदेशी विनिमयको सुविधा श्री ५ को सरकारका तर्फबाट उपलब्ध गराइनु पर्ने कुरा स्वतः सिद्ध छ।

बेचविखन तथा गोदाम व्यवस्था

हालसम्म कृषि उत्पादनको बेचविखन गर्ने र त्यसलाई चाहिने गोदामको सुविधा दिलाउने कुनै संस्थागत व्यवस्था नहुँदा वास्तविक किसानले आफ्नो परिश्रमको उचित मूल्य पाउन सकेको छैन । बजारको स्थिति हेरी आफ्नो उब्जा सुरक्षित ढङ्गबाट केही समय जोगाई त्यसैको आधारमा ऋण पाउने सुविधा नहुँदा भाउ गिरेको समयमा पनि आफ्नो उब्जा बेचविखन गर्नुपर्ने स्थिति छ । त्यस्तै बढ्दो उत्पादनको लागि बजारको पूरा व्यवस्था नभएमा किसानहरूलाई बढी उत्पादन गर्ने दिशातर्फ अग्रसर गराउन नसकिने हुन्छ । यस किसिमको स्थिति काठमाडौं उपत्यकामा बढेको गहुँको उत्पादनबाट पनि सङ्केत मिल्छ । साथै खाद्यान्नको साविकको बाहिरी बजारमा देखापरेका देखापर्ने सम्भावित परिवर्तनलाई समयमा नै ध्यान पुऱ्याइ अन्यत्र नयाँ नयाँ बजारहरूको खोजी गरी निर्यात व्यापार विस्तार गर्न ठोस उपायहरू नसोचिएमा बजारको अभावको वा घट्दो भाउको बजारलाई हेरी आधुनिक उपकणहरूको बढ्दो प्रयोगबाट उत्पादन बढाउने लक्ष्य नै अव्यावहारिक तथा अप्राप्य हुने सम्भाव्य परिस्थितिको विचार गर्नु नितान्त जरुरी भैसकेको छ । तसर्थ, राष्ट्रिय स्तरमा एक सुसङ्गठित कृषि बेचविखन तथा गोदाम व्यवस्था संस्थान (Agriculture Marketing and Warehousing Corp.) चौथो योजनाकालमा स्थापना गरिनेछ । प्रारम्भिक कालमा प्रस्तावित संस्थाले कृषि वस्तुहरूको बाहिरी बजार विस्तार गर्ने कार्यको साथै कृषकहरूलाई आफ्नो उब्जा सुरक्षित ढङ्गबाट केही समय जगेडा राख्न चाहिने गोदामघरको सुविधा पुऱ्याइनेछ । यसरी संस्थानको गोदाममा सञ्चित रहने कृषि वस्तुको आधारमा कृषकहरूले चाहेमा कृषि विकास बैङ्क, वचत संस्थान वा अन्य वित्तीय संस्थानहबाट समेत ऋण लिन पाउने व्यवस्था भएमा बजारको स्थिति हेरी आफ्नो उत्पादन अनुकूल समयमा बिक्री गर्न सक्ने क्षमता कृषकहरूमा हुनेछ । चौथो योजनाकालमा चाहिने अधिकांश उन्नत बीउ किसानहरू आफैंले उपादन गर्ने भएकाले उन्नत बीउ उत्पादन गर्ने कृषकहलाई चाहिने स्टोरेज सुविधा पनि प्रस्तावित संस्थानबाटै उपलब्ध गराउन सकिनेछ ।

प्रस्तावित संस्थानको लागि चौथो योजनाअन्तर्गत रु.७८ लाखको व्यवस्था गरिएको छ जुन श्री ५ को सरकारको शेयर पुँजीको रूपमा रहनेछ । थप साधनको आवश्यकता भएमा नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, वचत संस्थान तथा अन्य वित्तीय संस्थानहरूबाट पनि शेयर पुँजी जुटाउने व्यवस्था गरिनेछ । संस्थानले आफ्नो कार्यको प्रारम्भ गर्न शुरु देखिनै आफ्नै कार्यको लागि र कृषकहरूलाई पुऱ्याउनु पर्ने सुविधाको हिसाबले देशका उपयूक्त स्थानहरूमा आवश्यकताअनुसार उपलब्ध साधनबाट गोदामघरहरू निर्माण गर्नेछ ।

कृषि ऋण

चौथो योजनाका निर्धारित लक्ष्यहरू हासिल गर्न गैरसरकारी क्षेत्रमा आफ्नो स्रोतबाट परिचालन गरिने साधन वाहेक खाद्यान्न तथा नगदेबालीको लागि चाहिने रासायनिक मल, उन्नत बीउ तथा बाली संरक्षणका सामग्री, फलफूल, आलु तथा तरकारी खेतीको लागि चाहिने बोटविरुवाहरू बीउ तथा अन्य उपकरणहरू कुखुरा, मत्स्य तथा पशुपालनको लागि चाहिने चल्ला, भूरा तथा उन्नत जातको पशु आदि सबै जुटाउन योजनाकालमा रु.२२ करोडको कृषि विकास ऋणको रूपमा कृषक तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई कार्यक्रमअनुरूप ऋणको अवधि मिलाई साधन पुऱ्याउनु पर्ने देखिन्छ । कृषि ऋणसम्बन्धी प्रस्तावित व्यवस्थाअनुसार ऋणका दुई मुख्य स्रोत कृषि विकास बैंक तथा भूमिसुधार वचत संस्थाननै भएको र यी दुई संस्थानहरूबाट योजनाकालमा रु. ४७.५१ करोडभन्दा बढी ऋणको व्यवस्था गर्न नसकिने देखिन्छ । तसर्थ, माथि उल्लेख गरिएका आवश्यकताहरू पूरा गर्न चाहिने अपुँजीगत कृषि विकास ऋण वाहेक कृषि औजार, गोदामघर, ससाना सिँचाइ सुविधाहरू लगायत अन्य पुँजीगत किसिमको गैरसरकारी क्षेत्रका कृषि विकाससम्बन्धी लगानी वृद्धि गर्ने कार्यको लागि रु.२५ करोडभन्दा बढी रकम योजनाकालमा दीर्घकालिन ऋणको रूपमा समेत उपलब्ध गराउन सकिने देखिन्छ । गाउँ घरमा किसानहलाई ऋण जुटाउने कार्यको लागि माथि उल्लेख गरिएअनुसार सघन कार्यक्रम लागू हुने जिल्लाहरूमा भुमिसुधार वचत संस्थानबाट आफ्नो जिल्ला कार्यालय मार्फत ग्राम समितिहरूद्वारा अल्पकालीन कृषि ऋण उपलब्ध गराइने व्यवस्था गरिएको छ । त्यस्तै, कृषि विकास बैंकले पनि सहकारी संस्थाहरूद्वारा कृषक सदस्यहरूलाई ऋण उपलब्ध गराइनुका साथै निर्धारित कार्यको लागि ठूलठूला ऋण आफ्ना जिल्ला कार्यालयहरू मार्फत दिलाउने व्यवस्था गरिएको छ ।

तेस्रो योजनाकालमा कृषि विकास बैंक तथा वचत संस्थानबाट विभिन्न कार्यको लागि उपलब्ध गराइएको ऋणसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

ऋण व्यवस्था

(रु. हजारमा)

		०२३।२४			०२४।२५			०२५।२६			०२६।२७	
	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी
१. कृषि विकास बैंक	३९९०	२०४१	४६०४	३५८८	३४३०	४७६२	८०४७	३५२८	९१९५	५८६५[१]	१७७६[१]	१३३७०[१]

२. वचत संस्थान	८७३७	–	८७३७	१३४२८	८०५८	१४१०७	५३५७	५७१९	१३७४५	१३८२६[२]	४६२८[२]	१६८२४[२]

[१] पहिलो ८ महिनाको मात्र

[२] पहिलो ६ महिनाको मात्र

उपर्युक्त तालिकाअनुसार कृषि विकास बैंकले औसतमा प्रति वर्ष रु. ५८ लाखभन्दा बढी र वचत संस्थानले करिव रु. १ करोड ऋण विभिन्न कार्यका लागि उपलब्ध गराएको देखिन्छ ।

माथि उल्लेख गरिएअनुसार चौथो योजनाकालमा कृषि विकास बैंक तथा वचत संस्थानबाट रु.४७ करोडभन्दा बढी कम ऋणको रूपमा उपलब्ध गराइनेछ । यसको वार्षिक विवरण तल दिइएको छ ।

चौथो योजनाकालमा ऋण व्यवस्था

(रु. करोडमा)

	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२	जम्मा
कृषि विकास बैंक	१.२५	२.००	३.००	४.५०	६.५०	१७.२५
वचत संस्थान	३.४४	४.६४	५.८२	७.३१	९.०५	३०.२६
जम्मा	४.६९	६.६४	८.८२	११.८१	१५.५५	४७.५१

योजनाकालमा निर्धारित ऋण रकम उपलब्ध गर्न चाहिने साधन वचत संस्थानले तलको तालिकामा उल्लेख गरिएका स्रोतहरूबाट पूरा गर्ने अनुमान गरिएको छ ।

अर्थ स्रोतको अनुमान तालिका

सि.नं.	स्रोत वर्ष	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२	जम्मा
१.	वचत रकम	२,७७,२६,३४२					२,७७,२६,३४२
२.	संस्थागत ऋण लगानीबाट फिर्ता भुक्तानी	६५,१९,४४१	३,१०,५९,१६९	२,९२,५५,४७४	३,४६,६९,८६३	५,५०,७८,२५९	१५,६५,८२,२०६
३.	व्यक्तिगत ऋण लगानीबाट फिर्ता भुक्तानी	९३,३८८	२५,००,३६०	६१,३४,५८१	१,१४,३४,६६७	१,७०,७५,४२८	३,७२,३८,४२४
४.	श्री ५ को सरकारलाई दिनुपर्ने व्याज रकमबाट		७०,००,०००	३०,००,०००	३०,००,०००	३०,००,०००	१,६०,००,०००
५.	वित्तीय संस्थानबाट प्राप्त गरिने	१,००,०००[१]	५८,४७,२५१	१,९८,०७,५३६	२,३९,७०,२२८	१,५३,३१,२८६	६,५०,५६,३०१
	जम्मा	३,४४,३९,१७१	४,६४,०६,७८०	५,८१,९७,५९१	७,३०,७४,७५८	९,०४,८४,९७३	३०,२६,०३,२७३

[१] मौज्दातबाट प्राप्त हुने ।

त्यस्तै कृषि विकास बैंकले पनि आवश्यक साधन निम्नलिखित स्रोतबाट उपलब्ध गर्ने अनुमान गरिएको छ ।

पाँच वर्षभित्र आवश्यक पर्ने पुँजी र स्रोत

रु.हजारमा

पूँजीको स्रोत	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
१. **शेयरपूँजी**						
(क) श्री ५ को सरकार		२५,००	२५,००	५०,००		१,००,००
(ख) व्यक्ति तथा संस्था	२५,७०	३१,००	१,५०	२,५०	३,२५	६३,९५
२. **डिपोजिट**	७,००	१०,००	१२,५०	१८,००	२५,००	७२,५०
३. वित्तीय संस्थाबाट लिने ऋण	८०,६४	६१,६७	१,५०,६६	२,०२,१९	३,४०,६४	८,३५,८०
४. ऋण भुक्तानीबाट आउने रकम	१६,६६	७७,३३	१,१५,३४	१,८७,३१	२,९१,११	६,८७,७५
जम्मा	१,३०,००	२,०५,००	३,०५,००	४,६०,००	६,६०,००	१,७६,०,००

कृषि विकास बैंक तथा वचत संस्थानले चौथो योजनामा निर्धारित कृषि क्षेत्रका लक्ष्यहरू हासिल गर्न खाद्यान्न र नगदेबाली, फलफूल र आलु तरकारी खेतीका साथै कुखुरा, मत्स्य तथा पशुपालनलाई माथिको अनुमानअनुसार आवश्यक पर्ने ऋण उचित समयमा पुऱ्याउने हिसाबले आफ्नो वार्षिक कार्यक्रम तयार गरी निर्धारित संस्था तथा समितिहरूको माध्यमद्वारा कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ । यसका लागि माथि उल्लेख गरिए झैं अन्तर गाउँ स्तरीय सहकारी संस्थाहरू निर्देशित रूपमा सञ्चालन गर्न चाहिने कर्मचारीहरूको व्यवस्था मिलाउन कृषि विकास बैंकलाई र ग्राम समितिको कारोवार उपर रेखदेख पुऱ्याउन चाहिने कर्मचीहरूको व्यवस्था मिलाउन वचत संस्थानलाई आफ्नो प्रशासकीय खर्च व्यहार्ने श्री ५ को सरकारको तर्फबाट अनुदान दिन रु. १ करोडको व्यवस्था गरिएको छ ।

खर्च विवरण

चौथो योजनाअन्तर्गत कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखनको व्यवस्था गर्न माथि उल्लेख गरिएको कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल दिइएको छ ।

विवरण	खर्च	(रु. ४०,०० हजारमा)
सहकारिता		
१. (क) सहकारी तालिम केन्द्र	२१४०	
(ख) जिल्ला सहकारी कार्यालय	१८६०	
२. कृषि सप्लाई संस्थान (अनुदान)		१,४३,००
(क) गोदाम घर निर्माण	८,०००	
(ख) प्रशासकीय खर्च	६,३००	
३. कृषि बेचविखन तथा गोदाम व्यवस्था संस्थान (शेयर पुँजी)		७८,००
४. कृषि ऋण व्यवस्था		२०,०००
(क) कृषि विकास बैंकको शेयर पुँजी	१०,०००	
(ख) कृषि विकास बैंक र वचत संस्थान (अनुदान)	१०,०००	
जम्मा		४,६१,००

परिच्छेद ७

सिँचाइ

सिँचाइ सुविधाको विकासका निम्ति देशको जलस्रोत प्रचूर छ । नेपालका ३ मुख्य नदीहरू कोशी, नारायणी कर्णालीले देशको सरहद छाड्नु अगाडि करिब १,४१,१९० वर्ग किलो मिटरको जलाधार क्षेत्र ढाकेको छ जो कि देशका सारा नदीहरूले ढाकेको जलाधार क्षेत्रको ८३ प्रतिशत छ । यी नदीहरूको स्रोत हिमालयबाट पग्ली आएको हिउँ हुँदा यिनीहरूमा निरन्तर पानी भइरहन्छ र हिउँदको सुख्खा पर्ने बेलामा पनि हरेकमा न्यूनतम २१४ क्यूविक मिटर प्रति सेकेण्ड पानी बगेको हुन्छ । यी नदीहरूको जलाधार क्षेत्र बाहिर पर्ने ७ वटा ठूला नदीहरू छन्, जसको जलाधार क्षेत्र १२८० देखि ६४०० वर्ग किलोमिटरको क्षेत्रमा पर्दछ । पश्चिमदेखि पूर्व यी नदीहरू हुन्– शारदा, ववई, राप्ती, बागमती, कमला, कन्काई र मेची । यी नदीहरूको स्रोत हिमालय वा महाभारत श्रृंखलामा भएको हुँदा यिनीहरूमा हमेशा पानी रहन्छ । देशमा अरु धेरै साना साना नदीहरू छन्, जो चुरीया पहाडबाट निस्केका छन् । यी साना नदीहरूमा खास गरी वाणगंगा, तिनाउ, वलान र त्रिजुगाको जलाधार क्षेत्र २५६ देखि ७ वर्ग किलोमिटरमा पर्दछ ।

सिँचाइ विकासमा अहिलेसम्म भएको प्रगति

प्रथम पञ्चवर्षीय योजना सुरु हुनुभन्दा अगाडि सरकारी स्तरबाट जम्मा १४,७०० हेक्टर जग्गामा मात्र सिँचाइको व्यवस्था भएको देखिन्छ । यस योजनाकालमा थप १७,२०० हेक्टर जग्गामा सिँचाइको सुविधा उपलब्ध भएको थियो ।

दोश्रो योजनाअन्तर्गत २६,५०० हेक्टर जमिनमा सिँचाइ सुविधा प्राप्त गराउन सकियो । यसरी तेस्रो योजनाको प्रारम्भ हुनुभन्दा अगाडि ५८,४००० हेक्टर जमिनमा थप सिँचाइको सुविधा उपलब्ध भएको देखिन्छ ।

तेस्रो (पञ्चवर्षीय) योजनाको संशोधित लक्ष्यअनुसार १,४८,००० हेक्टर जमिनमा थप सिँचाइको सुविधा उपलब्ध गर्ने लक्ष्य राखिएको छ । योजनाको ४ वर्षको अवधिमा अर्थात् ०२५।२६ आर्थिक वर्षको अन्त्यसम्म निम्नलिखित योजनाहरूबाट ५९,०९० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराई सकिएको छ ।

१. खगेरी सिँचाइ योजना	६,००० हेक्टर
२. टोखा सिँचाइ योजना	२९० "
३. साँगे पतेनीटार सिँचाइ योजना	५०० "
४. शीसाघाट टार सिँचाइ योजना	३५० "
५. डेडगाउँ टार सिँचाइ योजना	३५० "
६. लघु सिँचाइ सिँचाइ योजना	५१,६०० "
	५९,०९० हेक्टर

चौथो योजनामा सिँचाइ विकाससम्बन्धी उद्देश्य, नीति र प्राथमिकता

उद्देश्य: चौथो योजना अवधिमा सिँचाइ क्षेत्रबाट निम्नलिखित उद्देश्यहरू प्राप्त गर्ने प्रयास गरिनेछ :

(क) कृषि विकास कार्यक्रमको निम्ति आवश्यक मात्रामा सिँचाइ उपलब्ध गराउने ।

(ख) कृषि पैदावारमा स्थायी रूपबाट वृद्धि ल्याई एकभन्दा बढी बाली लगाउन सक्ने स्थिति सम्पन्न गरी अनिश्चित मौसममा रहेको निर्भरता क्रमशः घटाउने ।

नीति र प्राथमिकता

योजनामा निर्दिष्ट उद्देश्यअनुरूप योजना अवधिमा निम्नलिखित नीति र प्राथमिकता निर्धारित गरिएका छनः–

१ विगत केही वर्षहरूमा लघु सिँचाइ कार्यक्रममा विशेष जोड दिईएको हुनाले ठूला र मझौला सिँचाइ आयोजनाहरूमा ध्यान जान सकेको छैन । फेरि सिँचाइको विकासमा हालसम्म भएको प्रगतिमा अधिकांश भाग लघु सिँचाइको रहेकोले यस प्रकारका आयोजनाहरूबाट स्थायी रूपमा सिँचाइ सुविधा उपलब्ध हुन नसक्ने कुरा स्वतः सिद्ध छ । यसका अतिरिक्त ठूलाठूला आयोजनाहरूको निर्माण कार्यका निम्ति हालसम्म वैदेशिक सहायता माथि निर्भर रहनुपर्ने स्थितिले गर्दा कृषि विकासको निमित्त देशमा उपलब्ध सिँचाइ सुविधाको समायोजित विकास सम्भव हुन सकेको छैन । यी कुराहरूलाई दृष्टिगत राखी चौथो योजना अवधिमा श्री ५ को सरकारका तर्फबाट केही ठूला आयोजनाहको कार्यान्वयनमा जोड दिइनेछ ।

२. तेस्रो योजनाकालमा सुरु गरिएका तर समाप्त नभएका आयोजनाहरू केही छन् । जो चौथो योजनाकालमा पूरा गरिनेछन् । यस्ता आयोजनाहरूमध्ये भारत सरकारबाट सोझै निर्माण भईरहेका गण्डक तथा चतरा नहरहरू पनि यस योजनाकालमा समाप्त भई सिँचाइको सुविधा उपलब्ध हुन थाल्नेछ ।

३. भू-गर्भीय जलस्रोतको पनि आवश्यकतानुसार उपयोग गर्ने हेतुले ट्यूववेल आयोजना पनि सञ्चालन गरिनेछ । लघु सिँचाइ आयोजनाहरूलाई पनि योजनावधिमा व्यावहारिक दृष्टिकोणबाट विस्तार गरिनेछ ।

४. पुराना तथा नयाँ आयोजनाहरूको निर्माणका साथसाथै, भविष्यका योजनाहरूको लागि आधार तयार गर्न विभिन्न आयोजनाहरूको संभाव्यता अध्ययन पनि चालू राखिनेछ एवं साविकका आयोजनाहरूको नवीकरण र विस्तार तथा वर्षातको समयमा नदीहरूबाट हुने नोक्सानीबाट बचावट गर्नको लागि नदी नियन्त्रण र रिक्लेमेशनको कार्यक्रम पनि कार्यान्वित गरिनेछ ।

५. देशमा उपलब्ध जलस्रोतको समुचित उपयोग र संरक्षणको लागि चाहिने कानुनी तथा प्रशासकीय व्यवस्था (Water Codes and Water Management) हालसम्म नभएकोले चौथो योजनाकालमा पानीको व्यवस्थापन कार्यअन्तर्गत बाँध, पैन, नहरहरूको निर्माण, सम्भार र सञ्चालन गर्ने काम दक्षतापूर्वक सम्पन्न गर्न कृषि विभाग तथा सिँचाइ विभाग बीच समन्वय कायम गरी एक स्थायी व्यवस्था गरिनेछ ।

६. सिँचाइसम्बन्धी सबै काम पहिले एउटै विभागबाट सञ्चालन गरी आएकोमा हाल मात्र लघु सिँचाइ विभाग र नहर विभाग गरी दुई छुट्टाछुट्टै विभागहरूको स्थापना भएबाट प्रशासकीय खर्च बढ्ने र समन्वय कम हुने भई परस्परको कार्य क्षेत्र समेत व्यवहारमा स्पष्ट नहुने देखिएकाले सिँचाइसम्बन्धी सम्पूर्ण कार्यक्रम सञ्चालन गर्न पहिलेजस्तै एउटै विभाग हुन उपयुक्त देखिन्छ ।

चौथो योजनामा सिंचाई विकास कार्यक्रम

चौथो योजनाअन्तर्गत सिँचाइ विकाससम्बन्धी नीति प्राथमिकताको साथै कृषि उत्पादनको लक्ष्यअनुरूप सिँचाइको लक्ष्य निर्धारण गरिएको छ । यसअनुसार योजनावधि भित्र मात्र जम्मा १८३,६३२ हेक्टर सिँचाइ सुविधा उपलब्ध हुनेछ । यससम्बन्धी कार्यक्रम तल दिइएको छ ।

(क) वृहत सिँचाई कार्यक्रम

योजनाकालमा सञ्चालन हुने सबै आयोजनाहरू योजनावधि भित्रै पूरा नहुने हुनाले योजनाको अन्तिम वर्षमा मात्र यस्ता आयोजनाहरूबाट जम्मा १,४६,७०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । यससम्बन्धी कार्यक्रम तल दिइएको छ ।

१. शारदा सिँचाइ आयोजना

कञ्चनपुर जिल्लाको महेन्द्रनगर नजिक महाकाली नदी (जसलाई भारतमा शारदा भन्छन्) मा धेरै वर्ष अगाडि देखि भारत सरकारले वृहत बाँध बाँधी जलविद्युत एवं सिँचाइको निमित्त पानीको उपयोग गरिरहेको छ । श्री ५ को सरकार र भारत सरकारका बीच यसै सम्बन्धमा भएको सम्झौतानुसार नेपाललाई ४६० क्यूसेक पानी सिँचाइको निमित्त दिन भारत सरकारले हाल सहमति प्रकट गरेको हुँदा यस आयोजनाको तर्जुमा गरिएको छ ।

आयोजनाअन्तर्गत भारत सरकारबाट मुख्य बाँधमा हेड रेगुलेटरको निर्माण हुनेछ र श्री ५ को सरकारबाट नहर प्रणालीको निर्माण गरिनेछ । नहर प्रणालीबाट कञ्चनपुर र केही भाग कैलाली जिल्लाको समेत गरी २५,००० हेक्टर जमिनमा सिँचाइ हुनसक्ने अनुमान गरिएको छ । यसमा रु. १,८०,००,०००।- खर्च लाग्ने हिसाब लगाइएको छ र लक्ष्यअनुसार यस योजनाको अन्तिम वर्षमा निर्माण कार्य समाप्त हुनेछ ।

२. कमला सिँचाइ आयोजना

धनुषा र सिराहा जिल्लाको सिँचाइ समस्या समाधान गर्ने उद्देश्यले यस आयोजनाको सञ्चालन गरिएको हो । यस आयोजनाको प्रारम्भ २०१७ सालतिर भए तापनि बायाँ नहरको निर्माणपछि विभिन्न कारणवश यसमा अरु प्रगति हुन सकेको छैन । चौथो योजनाको तेस्रो वर्षमा मात्र यसको निर्माण कार्य सञ्चालन गर्ने लक्ष्य राखिएको छ । योजनाअन्तर्गत धनुषा जिल्लाको पोर्ताहा गाउँ नजिक कमला नदीमा बाँध बाँधी दुबै किनारबाट नहर निकालिने छ र उपर्यूक्त दुई जिल्लाको करिब २८,००० हेक्टर जमिनमा सिँचाइको सुविधा पुऱ्याइने छ । यसको अनुमानित खर्च रु. ५,५०,००,०००।- छ । यस आयोजनाको सम्भाव्यता प्रतिवेदन तयार भैसकेको छ ।

३. लोहत्तर सिँचाइ आयोजना

'लोहत्तर' नारायणी अञ्चलमा बहने राप्ती नदीको एक शाखा नदी हो । राप्ती दूनको पूर्वी क्षेत्रमा र पश्चिमी क्षेत्रको पनि केही भाग गरी १२,००० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गाउने गी यस आयोजनाको तर्जुमा गरिएको छ । यस आयोजनामा लोहर नदीका अतिरिक्त सानु राप्ती, बुढी राप्ती र डुग्रिया नदीहरूमा समेत हेड्वर्क्स बनाई जम्मा ५१६ क्यूसेक पानीको उपयोग गर्ने कार्यक्रम रहेको छ । यसको संभाव्यता प्रतिवेदन तयार भैसकेको छ जस अनुसार रु. २,९७,५०,०००।- लाग्ने अनुमान गरिएको छ । यस आयोजनाको निर्माण कार्य योजनाको अन्तिम वर्षमा पूरा हुने अनुमान गरिएको छ । यस आयोजनाको समाप्ति पछि खगेरी आयोजनासमेत लिँदा राप्तिदूनको धेरै प्रतिशत कृषियोग्य जमिनमा सिँचाइको सुविधा उपलब्ध हुनेछ ।

४. वाग्मती सिँचाइ आयोजना

मध्य नेपालको मध्यम खालका नदीहरूमध्ये वाग्मती एक मुख्य नदी हो । वाग्मती नदीमा पानी निरन्तर पाई रहिन्छ, जो भरपर्दो खेतीको निमित्त अति आवश्यक हो । महाभारत र चुरीया पर्वत श्रृंखलाहरू पारगर्दै जब वाग्मती तराईको मैदानमा निस्कन्छ त्यहीँ नजिक मङ्गलपुर भन्ने ठाउँमा यस नदीमा बाँध बनाई दायाँ तथा बायाँ दुबै किनारामा हरेकबाट ३४.७ क्युविक मिटर प्रति सेकेण्ड गरी जम्मा ६९.४ क्यूविक मिटर पानी प्रति सेकेण्ड लिइने लक्ष्य छ । यसमा रु. १५ करोड लाग्ने अनुमान गरिएको छ । यसको संभाव्यता प्रतिवेदन तयार भएको छ । योजना अवधिको अन्तिम वर्षमा कार्य सुरु भई जम्मा २५ प्रतिशत निर्माण कार्य पूरा गरिनेछ ।

५. पथरैया सिँचाइ आयोजना

यस आयोजनाअन्तर्गत धनगढीबाट ७२ किलोमिटर उत्तर पूर्वमा पर्ने पथरैया नदीमा बाँध बाँधी सिँचाइको लागि पानी उपलब्ध गराउनु यस आयोजनाको उद्देश्य हो । दायाँ किनाराबाट निकालिने नहरले त्यस क्षेत्रको करिब २,००० हेक्टर जमिनमा सिँचाइको सुविधा दिलाउने छ । यसको लागत एष्टिमेटको अङ्क रु. ३,००,०००।- छ । यस आयोजनाको निर्माण कार्यको प्रारम्भ २०२६।२७ आर्थिक वर्षमा भएको हो । निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

६. वाणगङ्गा सिँचाइ आयोजना

वाणगङ्गा लुम्बिनी अञ्चलको प्रमुख नदीमध्ये एक हो । धेरै समय अगाडि देखि जगदीशपुर रिजर्भ्वायको माध्यमबाट यस नदीको पानी सिँचाइको निमित्त उपयोग भई आएको छ तापनि यस आयोजनाको निर्माणले स्थानीय सिँचाइको स्थितिलाई अरु बलियो बनाउनेछ । कार्यक्रमअन्तर्गत कैलाली वाणगङ्गाको दोभान भन्दा केही तलतिर बाँध निर्माण गरी बढी पानी वहन गर्न सक्ने बनाइनेछ । रिजर्भ्वायरबाट पूर्व र दक्षिणतर्फ नहर लगि करिब ८,००० हेक्टर क्षेत्रमा सिँचाइको सुविधा प्राप्त गराइनेछ । योजनाको निर्माणमा रु. १,५०,००,०००।- खर्च हुने अनुमान गएिको छ । निर्माण कार्य योजनाको पहिलो वर्षदेखि प्रारम्भ गरी अन्तिम वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

७. राप्ती सिँचाइ योजना

बाँके जिल्लामा राप्ती नदी नै एक प्रमुख जलस्रोतको रूपमा रहेको भए तापनि अझसम्म यसको सदुपयोग हुन सकेको छैन । यस सिँचाइ योजना कार्यान्वित भई राप्ती नदीमा रहेको पानीको सदुपयोग हुन गए प्रति वर्ष खाद्य सामग्रीको उत्पादनमा प्रशस्त वृद्धि हुन जाने देखिन्छ ।

यस आयोजनाअन्तर्गत नदीमा मुख्य बाँध नबनाइकन नै इनन्डेसन नहरको निर्माण गर्न सकिने संभावना देखिएकोले यसबाट योजनाको लागतमा निकै नै कमी हुन (Inundation Canal) जानेछ ।

आयोजनाबाट करिब ३,००० हेक्टर जमिनमा सिँचाईको सुविधा उपलब्ध गराउन सकिनेछ र यसका निमित्त रु.४०,००,०००।- खर्च लाग्ने अनुमान गरिएको छ । यस आयोजनाको निर्माण कार्य २०२६/२७ आर्थिक वर्षमा भएको हो र योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

८. चापाकोट टार सिँचाइ योजना

चापाकोट टार गण्डकी अञ्चलको स्याङजा जिल्लामा पर्दछ । योजनाअन्तर्ग दासिंग भन्ने गाउँको ज्यार्दी खोलामा पक्की बाँध र करिब २० माइल लामो मुख्य नहरको निर्माण गरिनेछ र ८० क्यूसेक पानीको उपयोगबाट २,००० हेक्टर जमिनमा सिँचाइको प्रवन्ध हुनेछ । पानीको अभावबाट कोदो र मकै सिमित क्षेत्रमा मात्र उत्पादित भइ हेकोमा सिँचाइको प्रवन्धबाट धान गहुँ र उखुसमेतको उत्पादन हुन सक्नेछ । यसको निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

९. चौर जहारीटार सिँचाइ योजना

यो सिँचाइ योजना रुकुम जिल्लामा पर्दछ । यस आयोजनाको कार्यान्वयन पछि २५० हेक्टर जति जमिनमा सिँचाइको सुविधा प्राप्त गराउन सकिनेछ । यसको अनुमानित खर्च रु. ७,००,०००।- छ ।

यद्यपि यस्तो दूरस्थ कठिन जिल्लामा योजनाको निर्माण खर्च तराईको भन्दा बढी हुन जाने स्वभाविक हुन्छ तापनि यस किसिमको आयोजनाले दुर्गम जिल्ला विकास कार्यक्रममा महत्वपूर्ण भूमिका ओगटेको हुन्छ । रुकुम जस्तो दुर्गम क्षेत्रमा रहेको थोरै भएपनि सिँचाइयोग्य जमिनमा पानीको सुविधा प्राप्त हुनसक्यो भने उत्पादनमा वृद्धि हुन गई स्थानीय आधारमा केही हदसम्म भएपनि खाद्यान्नको समस्या सुल्झन सक्ने स्पष्ट छ ।

यस आयोजनाको सर्वेक्षण कार्य समाप्त गरी डिजाईन तथा लगत ईष्टिमेटको कार्य पूरा गरी निर्माण कार्य २०२६। २७ मा प्रारम्भ गरिएको छ । निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

१०. नवीकरण र विस्तार (चन्द्र नहर समेत)

यस कार्यक्रमअन्तर्गत निर्माण सम्पन्न भइरहेको साविक सिँचाइ आयोजनाहरूमा आवश्यक सुधार र नवीकरण कार्य गरिनेछ, जसबाट आयोजनाहरूको सिँचाइ क्षमता बढी सुचारु रूपले सञ्चालन हुनुको साथै तिनीहरूबाट अपेक्षाकृत थप उपलब्धिहरू हासिल हुन सक्नेछन् ।

यस आयोनजा अन्तर्गत मुख्यतया चन्द्र नहरको पुनर्निर्माण अर्थात् हेडवर्कको जीर्णोद्धार, नहरमा पर्ने स्ट्रक्चरहरूको सुधार नवीकरण तथा मर्मत र नहरको विस्तारसमेत गरिनेछ । यस्तै आवश्यकतानुसार अरु नहरहरूको पनि नवीकरण एवं विस्तार गरिनेछ ।

चन्द्र नहर पुनर्निर्माणसम्बन्धी प्रतिवेदन तयार भइरहेकोछ । यस्तै तिलावे आयोजना, दुधोरा आयोजना, झाँझ आयोजनाको पुनर्निर्माण कार्यहरू पनि यस कार्यक्रमअन्तर्गत पर्दछन् ।

११. नदी नियन्त्रण र रिक्लेमेसन

नेपालमा वर्षाको ठूलो भाग मनसुनको छोटो अवधिभित्रमै वर्सिने हुनाले र देशको भौगोलिक स्थितिको कारणले पनि वर्षात्को समयमा बाढी आउँदा नदीले धार बदल्ने, किनारा काट्ने गरी प्रति वर्ष आवादी बस्तीलाई खतरा पर्नुको साथै अन्नको बालीलाई समेत नोक्सान गर्ने गर्दछ । यसरी बाढीको उपद्रवबाट जग्गा जमिनको संरक्षण गर्नु पनि ज्यादै आवश्यक भएकोले २०२६/२७ आर्थिक वर्षदेखि यो कार्यक्रम लागू गरिँदै आएको छ । यस कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा नदीहरूले गरेको नोक्सानी र तिनको बचाउको लागि उपयूक्त सर्वेक्षण र निर्माण कार्य गरिनेछ । यस कार्यक्रमअन्तर्गत त्रिशूली जलाधार क्षेत्र विकासको दोस्रो चणको रूपमा लिखु खोलाको नियन्त्रण कार्य पनि समावेश गरिएको छ ।

१२. योजना सम्भाव्यता अध्ययन

देशको विभिन्न भागमा छरिएर रहेका जलस्रोतहरूको उपयुक्तता बारे जानकारीका लागि विभिन्न सम्भाव्य आयोजनाहरूको सर्वेक्षण प्रति वर्षको कार्यक्रममा समावेश गरिँदै आएको छ । सर्वेक्षणपछि उपयुक्त ठहरिएका आयोजनाहरूको डिजाइन तथा लगत इष्टिमेट बनाई आयोजनाको पूर्ण प्रतिवेदन तयार गरिन्छ । देशका जलस्रोतहरूको उपयोग गर्ने भरपर्दो आयोजनाहरू तयार हुन सकुन् एवं निर्माणको निमित्त कुनै खास आयोजनाको छनौट गर्नुभन्दा अगाडि त्यसको आर्थिक एवं प्राविधिक पक्षमा पूर्ण जानकारी प्राप्त हुन सकोस् भन्ने यस कार्यक्रमको मुख्य उद्देश्य हो । यसबाट जलस्रोत विकाससम्बन्धी महत्वपूर्ण तथ्यांङ्कको ज्ञान हुनुका साथैलाभदायक एवं व्यावहारिक योजनाको तर्जुमा हुनसक्नेछ । यस कार्यक्रमअन्तर्गत देशभित्र उपलब्ध साधनबाट हुन नसक्ने कार्यहरू (मेडेल स्टडिज) लेवोरेटरी टेस्टस् इत्यादि बिदेशका संस्थाहरूबाट गइन्छ र विदेशी सल्लाहकारहरूको सेवा पनि उपलब्ध गरिन्छ । यस अध्ययन भित्र पर्ने मुख्य आयोजनाहरू निम्नलिखित छन् ।

(क) सुनकोशी तराई योजना

सुनकोशी नदीमा पाईने पानीलाई विशेष ध्यानमा राखी कोशीदेखि नारायणीसम्म तराई क्षेत्रको मध्य र पूर्वी भागको सिँचाइ विकासको सम्भावना बारे सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्नु योजनाको मुख्य कार्यक्रम हो । प्रारम्भिक प्रतिवेदनअनुसार यो योजना सम्भाव्य तथा उपयोगी सिद्ध भएकाले संयुक्त राष्ट्रसंघीय विशेष सहायता कोष र श्री ५ को सरकारको संयुक्त प्रयत्नबाट विस्तृत सर्वेक्षण चालू भईराखेको छ । यस कार्यक्रमबाट ७५,०० कि. वा. विद्युत शक्ति उत्पादन हुने र करिब १ लाख हेक्टर भू-भाग पटनी गर्न सक्ने सिँचाइ आयोजनाको तर्जुमा हुनसक्ने परिकल्पना गरिएको छ ।

(ख) बबई सिँचाइ योजना

बबई नदी भेरी अञ्चलका ठूला नदीहरूमध्ये एक हो । प्रारम्भिक सर्वेक्षणको आधारमा यस योजनाबाट बाँके र वर्दिया जिल्लाको ९१०० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउन सकिने अनुमान गरिएको छ । योजना अवधिभित्र यस आयोजनाको सम्भाव्यता अध्ययन समाप्त गरी पूर्ण प्रतिवेदन तयार पारिने छ ।

(ग) कन्काई सिँचाइ आयोजना

कन्काई मेची र कोशी अञ्चलको प्रमुख नदी हो । प्रारम्भिक सर्वेक्षणअनुसार यस आयोजनाबाट पश्चिमी तटको ४०,५०० हेक्टर र पूर्वी तटको ३२,००० हेक्टर क्षेत्रमा सिँचाइको व्यवस्था हुनसक्ने अनुमान गरिएको छ । योजना अवधिभित्र यसको सम्भाव्यता अधययन समाप्त गरी पूर्ण प्रतिवेदन तयार पारिनेछ ।

(घ) कन्चनदानव सिँचाइ आयोजना

यस आयोजनाबाट कपिलवस्तु र रूपन्देही जिल्लाको २०,००० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउन सक्ने अनुमान गरिएको छ । यस आयोजनाको सर्वेक्षण कार्यमा धेरै प्रगति भैसकेको छ तापनि योजना अवधि भित्र सबै अध्ययन गरी पूर्ण प्रतिवेदन तयार पारिनेछ ।

१३. गण्डक पूर्वी नहर

गण्डक योजनाको दोन शाखा नहरबाट निस्कने नेपाल पूर्वी नहरबाट बारा, पर्सा रौतहट जिल्लाको ६९,६०० हेक्टर जमिनमा सिँचाइको लागि पानी उपलब्ध गराइनेछ । नहरको लम्बाई ८० कि. मि. हुनेछ र उपलब्ध पानीको परिमाण ६०० क्यूसेक हुनेछ । यसको निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा हुने अनुमान गरिको छ ।

१४. गण्डक पश्चिमी नहर

यस नहरको निमित्त मुख्य बाँधमा स्वतन्त्र हेड रेगुलेटरको निर्माण गरिएको छ, जो भारततर्फ वहने मुख्य पश्चिमी नहरभन्दा बेग्लै हो । यस नहरको लम्बाई करिब २९ कि. मि. हुनेछ र यसबाट नवलपरासी जिल्लाको करिब २४,००० हेक्टर जमिनमा सिँचाइको व्यवस्था गर्न सकिनेछ । यस नहरले जमिनको निमित्त २३२ क्यूसेक पानी ल्याउने अनुमान गरिन्छ । यसको निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा हुने अनुमान गरिएको छ ।

१५. चतरा फिल्ड च्यानल आयोजना

यो योजना भारतीय सहायताबाट बन्न लागेको चतरा सिँचाइ योजनाको एक भाग हो । सम्झौता अनुसार भारत सरकारले ५ क्यूसेक्स भन्दा माथिको नहरहरूको निर्माण गर्नेछ र ५ क्यूसेक्स भन्दा मुनिका फिल्ड च्यानलहरू श्री ५ को सरकारबाट निर्माण गर्नुपर्ने भएकाले यस आयोजनाको तर्जुमा भएको छ ।

यस योजनाबाट मोरंग र सुनसरी जिल्लाको ५६,५०० हेक्टर जमिनमा सिँचाइको व्यवस्था हुनेछ र यसमा रु. ७०,००,०००।- खर्च हुने अनुमान गरिएको छ । फिल्ड च्यानलहरूको सङ्ख्या करिब ८०० जति हुनेछ र च्यानलको लम्बाई एक चौथाई माईलदेखि ३ माईलसम्मको हुनेछ । फिल्ड च्यानलसम्बन्धी सर्वेक्षण धेरै समाप्त भइसकेको छ । यसको निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

ख. ट्यूववेल सिँचाइ कार्यक्रम

नदीनालाहरूको पानीबाट सिँचाइको सुविधा प्राप्त गर्न नसकिने क्षेत्रमा भूगर्भीय जलस्रोतको उपयोग हुनु वाञ्छनीय छ । अगाडि नेपालमा खानेपानीको निमित्त सरकारी स्तरबाट केही ट्यूववेल आयोजनाहरू काठमाडौं तराईका केही क्षेत्रमा कार्यान्वित गरिएका थिए र पछि २०२४।२५ तथा २०२५/२६ आर्थिक वर्षमा लघु सिँचाइ योजना कार्यक्रम अन्तर्गत २९ ट्यूववेलहरू जडान गरिए । भूगर्भीय जलस्रोतको आवश्यकीय सर्वेक्षण तथा अनुसनधानबाट प्राप्त हुने तथ्याङ्कहरूको अभावमा पनि उपर्युक्त ट्यूववेलहरूको परिमाण धेरै सन्तोषजनक भएको छ । अझ जलस्रोत सर्वेक्षण विभागबाट हुन लागेको भूगर्मीय जलस्रोत अनुसन्धानको नतिजा निस्कँदै गएपछि ट्यूववेल आयोजना सफल हुन जानेछ ।

ट्यूववेल सिँचाइ आयोजनाका आफ्नै विशेष फाइदाहरू छन् र यो लोकप्रिय पनि हुँदै आएको छ । अतएव सतह सिँचाइको साथै भूगर्भीय जलको उपयोगबाट सिँचाइको सुविधा उपलब्ध गराउनु पनि आर्थिक एवं व्यावहारिक दृष्टिकोणबाट आवश्यक भएको छ ।

कार्यक्रमअनुसार सगरमाथा, जनकपुर, नारायणी र लुम्विनी अञ्चलमा जम्मा २५० ट्यूववेलहरू जडान गरिने छन् र प्रति ट्यूववेलबाट ६० हेक्टर जति सिँचाइ हुने हिसाबबाट सरदर १५,००० हेक्टर क्षेत्रमा सिँचाइको लागि पानी उपलब्ध गराउन सकिनेछ ।

ग. लघु सिँचाइ कार्यक्रम

चौथो योजना अवधिमा सञ्चालन गरिने आयोजनाहरूको विस्तृत सर्वेक्षण नभएको हुँदा हाल विभिन्न अञ्चलका आयोजनाहरूको इष्टिमेट तयार नभएकोले टोपो शीट र प्रारम्भिक सर्वेक्षणका आधारमा योजनाकालमा चौधै अञ्चल गरी जम्मा १८२ आयोजनाहरू सञ्चालन गरी योजना अवधिमा जम्मा २१,९३२ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ । लघु सिँचाइ सम्बन्धी वार्षिक कार्यक्रम निर्धारित गर्दा पुनर्वास कार्यक्रमसित समन्वय कायम गर्ने हिसाबबाट गरिनेछ । हालसम्म सञ्चालन भएका र नयाँ आयोजनाहरूको स्याहार सम्भारको स्थायी व्यवस्थाको अभावमा लघु सिँचाइ सुविधा उपयोगी नहुने हुँदा यसतर्फ ध्यान जानु जरुरी छ ।

सिँचाइ कार्यक्रम र खर्च

चौथो योजनाअन्तर्गत निर्धारित कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवण तल दिइएको छ ।

आयोजना	खर्च (रु. हजारमा)
क) वृहत सिँचाइ आयोजना	१७,३९,००
ख) ट्यूववेल सिँचाइ आयोजना	३,५०,००
ग) लघु सिँचाइ आयोजना	५,००,००
जम्मा	२५,८९,००

तालिका नं. १
सिँचाइ आयोजनाहरू

(खर्च रु. हजारमा)
पटनी क्षेत्र हेक्टरमा

सि.नं	आयोजना	स्थान	आयोजनाको खर्च	पटनी हुने क्षेत्र

			जम्मा खर्च	योजना अवधिमा हुने खर्च	जम्मा पटनी क्षेत्र	योजना अवधि भित्र पटनी हुने क्षेत्र
	१	२	३	४	५	६
१.	शारदा आयोजना	कञ्चनपुर	१८,०००	१८,०००	२५,०००	२५,०००
२.	लोहत्तर आयोजना	चितौन	२९,७५०	२९,७५०	१२,०००	१२,०००
३.	वाग्मती आयोजना	रौतहट सर्लाही				
४.	वाणगङ्गा आयोजना	बारा	१५,००००	३७,५००	८१,०००	
५.	ट्यूववेल आयोजना	कपिलवस्तु	१,४०००	१४,०००	८,०००	८,०००
		सगरमाथा, नारायणी र लुम्बिनी	३५,०००	३५,०००	१५,०००	१५,०००
६.	लघु सिँचाइ	चौधै अञ्चल	५०,०००	५०,०००	२१,९३२	२१,९३२
	चालू आयोजना					
१.	कमला आयोजना	धनुषा, सिराहा	५५,०००	३३,०००	२८,०००	
२.	पथरैया आयोजना	कैलाली	३,०००	२,०००	२,०००	२,०००
३.	राप्ती आयोजना	बाँके	४,०००	३,०००	३,०००	३,०००
४.	चापाकोट टार	स्याङ्गजा	२,०००	२,०००	२,०००	२,०००
५.	चौरजहारी टार	रुकुम	७००	७०००	२५०	२५०
६.	चतरा आयोजना (फिल्ड च्यानल)	मोरङ्ग, सुनसरी	७,०००	६,५००	५६,५००	५६,५००
७.	गण्डक पूर्वीनहर	बारा, पर्सा, रौतहट			२८,२००	२८,०००
८.	गण्डक पश्चिम नहर	नवलपरासी			९,७५०	९,७५०
विविध आयोजना						
१.	योजना संभाव्यता अध्ययन	-	७,५५०	७,५५०		
२.	नदी नियन्त्रण रिक्लेमेसन	-	१०,०००	१०,०००		
३.	नवीकरण र विस्तार	-	१०,०००	१०,०००		
		जम्मा	३,९७,०००	२,५८,९००	२,९२,६३२	१,८३,६३२

परिच्छेद ८

नापी, भूमिसुधार तथा भूमि प्रशासन

पञ्चायती व्यवस्थाले परिकल्पना गरेको वर्ग समन्वयमा आधारित शोषणरहित समाजको श्रृजनाका लागि चाहिने वातावरण क्रमवद्ध तरिकाबाट तयार गर्दै लैजाने नीति अनुरूप रहेको भूमिसुधार कार्यक्रमलाई अझ वढी प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्ने देखिन्छ । हाम्रो आर्थिक व्यवस्था कृषिमा आधारित भएकाले कृषि क्षेत्रमा आधारभूत परिवर्तन गरी कृषक वर्गको आर्थिक स्तर माथि नउठाएसम्म आर्थिक विकासको कार्यक्रम वास्तविक मानेमा सफल हुन नसक्ने स्पष्टै छ । वास्तविक किसानले कृषि पैदावारको न्यायोचित हिस्सा नपाएसम्म कृषिमा आधारभूत पविर्तन नहुने र साथै पञ्चायती व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाजका लागि आवश्यक वातावरणको श्रृजना गर्ने लक्ष्यसमेत अधुरो हुने भएकाले परम्परागत भूमिमा रहेको शोषण अन्त्य गरी कृषकवर्गको आर्थिक स्तर माथि उठाउने, कृषि क्षेत्रमा देखा परेको असन्तुलित जनभार, निष्कृय पुँजी र श्रमलाई गैर कृषि क्षेत्रमा सार्ने तथा आन्तरिक साधनको जगेर्ना गरी उद्योग धन्दाको विकास गर्ने उद्देश्यहरू लिएको भूमिसुधार कार्यक्रमलाई प्राथमिकता साथ लागू गर्नुपर्ने स्वतः स्पष्ट छ ।

भूमिसुधार कार्यक्रम प्रभावकारी छिटो छरितो तरिकाबाट कार्यान्वयन नभएसम्म अन्य कृषि विकास कार्यक्रम पनि प्रभावकारी नहुने हुनाले नापी र भूमि प्रशासन कार्यलाई अझ वढी गतिमा कार्यान्वयन गरी भूमिसूधार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

जग्गावाला, मोही र जग्गाको किसिम समेत भएको लगत तयार नभएमा मोहीयानी हकको स्थाई प्रमाणपत्र वितरण गर्ने काम, हदवन्दी भन्दा बढी जग्गा प्राप्त गरी वितरण गर्ने जस्ता भूमिसुधारका महत्वपूर्ण कार्यहरू लागू हुन नसक्ने र स्थाई तरिकाबाट भूमिको व्यवस्था गर्न पनि नेपाल अधिराज्यका सबैजिल्लाहरूको कित्ता नापी हुनु नितान्त आवश्यक छ । उपरोक्त तथ्यहरूको साथै नापी विभाग, भूमिसुधार विभाग र भूमि विभागको क्षमता र हुनुपर्ने परिवर्तनहरूलाई समेत एकसाथ ध्यानमा राखी चौथो योजनाको लक्ष्य र कार्यक्रम निर्धारित गरिएको छ ।

तेस्रो योजनाको प्रगतिः

नापी विभागअन्तर्गत कित्ता अनुसारको लगत, जग्गाको किसिम, जमिनको उपयोग, जग्गावाला तथा मोहीको लगत आदि तथ्याङ्क लिने सिलसिलामा तेस्रो योजनामा १०,७३,४१८ हेक्टर जग्गाको नापी गर्ने लक्ष्य राखिएकोमा योजनाको चौथो वर्षसम्ममा ७,८२,९९२ हेक्टर जग्गाको नापी पूरा भएको र २२ जिल्लामा संभार नापी कार्य गर्ने लक्ष्य राखिएकोमा १६ जिल्लामा कार्य प्रगति भएको छ । भूमिसुधार कार्यक्रमका निर्धारित लक्ष्यहरूलाई स्थायी रूपमा कायम गर्न भूमि व्यवस्थामा एकरूपता ल्याउनको साथै प्रशासनमा सरलीकरण हुनु आवश्यक छ । यसको लागि केन्द्रमा भूमि विभाग र जिल्लामा भूमि प्रशासन कार्यालयहरू स्थापना गर्दै लैजाने कार्यक्रमअनुसार तेस्रो योजनाको चौथो वर्षसम्ममा १३ जिल्लाहरूमा भूमि प्रशासन कार्यालयको स्थापना भएको छ ।

भूमिसुधार कार्यक्रमअन्तर्गत जमिनको हदवन्दी, कृषि ऋणको निधारण जमिनको वितरण, मोहियानी हक संरक्षण आदि कार्यक्रमहरूमा भएको प्रगति तलको विवरणबाट स्पष्ट हुन्छ ।

सि.नं.	विवरण	एकाई	तेस्रो योजनाको लक्ष्य	तेस्रो योजनाको ४ वर्षको प्रगति
१.	जग्गाको फाँटवारी लिने	थान	८,८९,९२८	११,६३,००५
२.	साहुबाट ऋणको फाँटवारी लिने	थान	५८,०२२	१०,२,४१७
३.	किसानबाट ऋणको लगत लिने	,,	१३५५३६०	१६,२४,९५०
४.	मोहीको लगत भर्ने	,,	१६,६६,३३८	१८,२७,६०५
५.	जोताहाको अस्थाई निस्सा वितरण	,,	१७,८९,०५०	१४,४६,४९६
६.	मोहीको स्थायी प्रमाणपत्र दिने	,,	२०,११,४३	२३,१३६
७.	वार्ड समिति गठन गर्ने	सङ्ख्या	२५,०००	२५,०००
८.	वचत सङ्कलन गर्ने	रु. मा	३०,१३,३१,६९१	९,८२,०५,९५६
९.	ऋण रकम निर्धारण	,,	८,९५,०९,०००	५,०७,४५,४७२
१०.	हदवन्दी भन्दा वढी जग्गा विक्री	हेक्टर	६१,९१३	१६,६८५

चौथो योजनाको उद्देश्य

चौथो योजना अवधिमा शोषणरहित समाजको श्रृजना गर्ने स्थिति तयार गर्ने र उत्पादनमा अधिकतम बृद्धि गर्ने उद्देश्य पूरा गर्न भूमिसुधार कार्यक्रमलाई निम्नलिखित उद्देश्य पूरा गर्ने मूल हिसावले अगाडि वढाइनेछ ।

(क) भूमिसुधार कार्यक्रमलाई अझ वढी प्रभावकारी रूपमा कार्यान्वयन गरी वास्तविक जोताहालाई बढी प्रेरणा दिइनेछ ।

(ख) कृषि विकासको लागि कृषि ऋण, अनुसन्धान, प्रसार र प्रचार कार्यक्रमलगायत भौतिक र अभौतिक उपकरणहरू बढी मात्रामा जुटाई विभिन्न कार्यक्रमहरूसित भूमिसुधार कार्यक्रमका बीच समन्वय स्थापना गरिनेछ ।

(ग) कृषकहरूलाई उपर्युक्त सहयोग पुऱ्याउने संस्थाहरूको सफल विकासको लागि ठोस आधार खडा गरिनेछ ।

विगत वर्षहरूको अनुभवबाट भूमिसुधार कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न प्रशासकीय दक्षता र समन्वयसम्बन्धी प्रश्नहरू देखापरेका छन् । भूमिसुधार विभागबाट केन्द्रीय र क्षेत्रीय कार्यालयहरूमा कामको बोझको वस्तुगत मूल्यांङ्कको आधारमा उपलब्ध जनशक्तिको उपयुक्त विभाजन नभएमा भूमिसुधार कार्यक्रम कमजोर हुने र जनशक्ति र साधनहरूको समेत सदुपयोग नहुने स्पष्ट छ । मोहीयानी हकको स्थायी प्रमाणपत्र दिने, कुत निर्धारण गर्ने आदि कार्यक्रममा ढिलाइ हुनुका साथै वचत सङ्कलन र यसको उपयोग सम्बन्धमा प्रमाणपत्र वितरण र हदवन्दीभन्दा बढी जग्गाको वितरण गर्नमा ढिलाइ हुन गएको छ । कृषि ऋण निर्धारण गर्नमा कठिनाई परेकाले सबै जिल्लामा वास्तविक कृषि ऋणको रकम निर्धारण गर्न सकिएको छैन । साथै कृषि विकासका विभिन्न कार्यक्रमहरू र भूमिसुधार वीच पर्याप्त समन्वय नहुँदा उत्पादनमा वाञ्छनीय परिवर्तन आउन सकेको देखिँदैन ।

चौथो योजनाको लक्ष्य:–

माथि उल्लेख गरिएका उद्देश्यहरू र कठिनाईहरूका साथै विभागहरूको क्षमतासमेतलाई ध्यानमा राखी चौथो योजनाको कार्यक्रम निम्न प्रकार निर्धारण गरिएको छ ।

१. पहिलेका १८ जिल्लाहरूसमेत गरी अधिराज्यका ४४ जिल्लाहरूमा कित्ता नापीको काम समाप्त गरी अरु ४ जिल्लाहरूमा काम सुरु हुनेछ । साथै टिग्रोनोमेट्रिकल सर्भे र टोपोग्राफिकल सर्भे पनि केही जिल्लाहरूमा गरिनेछ ।

२. ३९ जिल्लाहरूमा मोहीयानी हकको स्थायी प्रमाणपत्र वितण गर्ने काम पूरा गरिनेछ ।

३. ३९ जिल्लामा हदवन्दीभन्दा बढी जमिनको यथार्थ क्षेत्रफल निकाली सो जग्गा प्राप्त गरी वितरण गरिनेछ ।

४. ३९ जिल्लामा भूमि प्रशासन कार्यालय स्थापना गरिनेछ र ती जिल्लाहरूमा रहेका भूमिसुधार कार्यालयहरू सोही भूमि प्रशासन कार्यालयहरूमा गाभिनेछन् ।

५. अनिवार्य बचत सङ्कलन र त्यसको प्रभावकारी उपयोगको लागि लेखा परीक्षणको सम्पूर्ण काम पूरा गरी स्थायी व्यवस्था मिलाइनेछ ।

६. मुख्य बालीको ५० प्रतिशतसम्म गर्ने मौजुदा कुत व्यवस्था वा मोहीलाई उत्पादनमा उत्साहित गर्ने खालका अन्य कुनै पनि व्यवस्थालाई योजना अवधिमा ३९ जिल्लामा लागू गरिनेछ ।

७. सबै जिल्लामा कृषि ऋणको वास्तविक परिमाण निर्धारण गरिनेछ र ऋण चुक्ता गर्ने सम्बन्धमा निर्णय गरिनेछ ।

८. सामाजिक न्याय र उत्पादनलाई प्रोत्साहित गर्ने किसिमको भूमि करको निर्धारण गर्न मौजुदा आधारमा परिवर्तन ल्याइनेछ ।

९. वास्तविक जोताहाको हातमा जग्गा हस्तान्तरण गर्ने काममा मद्दत पुऱ्याउन भूमिबाट उद्योगतर्फ पुँजी सारी निजी क्षेत्रमा लगानी वृद्धि गर्ने मोजुदा वित्तीय संस्थाको माध्यमद्वारा आवश्यक वित्तीय व्यवस्था मिलाई आफैं खेती नगर्ने जग्गावालाले आफ्नो जग्गा जोताहालाई बेच्न चाहेमा यसरी बेची प्राप्त हुने रकम पनि खासा खास औद्योगिक कार्यमा लगानी गर्ने भएमा आवश्यक ऋण दिने व्यवस्था मिलाइनेछ । यसरी जग्गावालाले जमिन जोताहालाई बिक्री गर्ने सर्तमा ऋण दिइनेछ र जगा बिक्री भएपछि मात्र यसरी बेचिएको जग्गालाई नै धितो मानी ऋण प्रदान गरिनेछ । मोहीले निश्चित अवधिभित्र किस्तावन्दीमा जमिनको मोल चुक्ता गर्दै गएपछि सम्बन्धित वित्तीय संस्था प्रतिको दायित्व पनि क्रमश: घट्दै जानेछ ।

नापीको कार्यक्रम

(क) कित्ता नापी:

यस आयोजनाले जग्गामा मालपोत लगाउन राम्रो र एकनासको आधार तयार पार्नमा मद्दत दिनेछ । कित्ता नापी समाप्त भएका जिल्लाहरूमा जोताहालाई मोहीयानी हकको स्थायी प्रमाणपत्र दिने आधार तयार हुनको साथै हदवन्दी भन्दा बढी जमिन निश्चित रूपले थाहापाई भूमिहीन किसानलाई जग्गा वितरण बेचबिखन गर्न सक्ने स्थिति बनाउँछ ।

यस योजनाकालमा कित्ता नापीको काम चाँडो समाप्त गर्नुका अतिरिक्त कम खर्चिलो बनाउन नयाँ नयाँ उपायहरू प्रयोगमा ल्याइने छन् । यस्ता उपायहरू मध्ये आर्थि-फोटो नक्साहरू, टेलिस्कोपिक एलिडेड, स्टडिया रड आदि हुन् । यी नयाँ यन्त्रहरूको प्रयोग गर्न नापी गोस्वाराका सबै कर्मचारीहरूलाई तालिम दिने प्रवन्ध हुनेछ ।

चौथो योजनाकालमा कित्ता नापीको काम अरु २६ जिल्लामा अर्थात् अनुमानित ३,३७,९५५ हेक्टरमा पूरा गर्ने र अरु ४ जिल्लामा कित्ता नापीको काम चालू राख्ने लक्ष्य राखिएको छ । यसको विवरण तल दिइएको छ ।

कित्ता नापी समाप्त गरिने जिल्लाहरू

आर्थिक वर्ष	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
	कपिलवस्तु	दाङ्ग	अर्घाखाँची	धनकुटा, दैलेख,	रामेछाप
	रूपन्देही	मकवानपुर	पाँचथर	जाजरकोट	रोल्पा
	मोरङ्ग र	पाल्पा र	तेह्रथुम र	अछाम, प्यूठान,	रुकुम, तनहुँ
	सप्तरी	इलाम	सुर्खेत	सल्यान, गुल्मी, स्याङ्जा र सिन्धुली	र डडेल्धुरा

(ख) ट्रिगोनोमेट्रिकल नापी:–

कित्ता नापी भएका क्षेत्रमा तीन ट्रिगोनोमेट्रिकल कन्ट्रोल चिन्ह लगाई ती कन्ट्रोल चिन्हबाट देशभरि एकनासको विस्तृत रूपले नक्सा बनाउने काम यस आयोजनाअन्तर्गत हुनेछ । अधिराज्यका विभिन्न भागमा सर्भे अफ इन्डियाले खडा गरिएका प्वाइन्टहरूलाई क्रमवद्ध गरिनेछ । कित्ता नापी टोलीका प्रत्येक अमिनलाई आफ्नो सर्भे गर्ने क्षेत्रमा ३ ट्रिगोनोमेट्रिकल कन्ट्रोल चिन्ह हुनेछ । प्रारम्भमा कित्ता नापी गर्ने ७ गोश्वारालाई प्रति वर्ष चाहिनेजति ट्रिमोनोमेट्रिकल कन्ट्रोलको व्यवस्था गरिन्छ ।

यस आयोजनाबाट देशको नापी भएका क्षेत्रको नाप एकै समान हुनेछ । यसबाट एकै सीमाना भएका क्षेत्रहरूमा रिक्त स्थान वा एक क्षेत्र माथि अर्को क्षेत्र दोहोरिने छैन ।

यस योजनाकालमा जम्मा अनुमानित २७२,६८५ हेक्टर जमिनमा ट्रिगोनोमेट्रिकल नापीको काम समाप्त हुनेछ ।

(ग) सम्भार 'मेन्टेनेन्स' नापी:–

एक पटक कित्ता नापी भएका जमिनमा पुनः पुरा नापी गर्ने काम हटाउनका लागि र नाप नक्साहरू राम्रो स्थितिमा राखिछोड्नको निमित्त सम्भार नापीको आवश्यकता पर्दछ । कित्ता नापी समाप्त भएको जिल्लामा दर्ता पुस्तक राम्रोसँग राख्न, नक्साहरूको हेरविचार गर्न र नक्सा ट्रेसिङ गर्ने कामका लागि प्रत्येक भूमि प्रशासन कार्यालयमा एक एक वटा सम्भार (मेन्टनेन्स) शाखा रहनेछ । यस सम्भार (मेन्टेनेन्स) शाखाले जग्गाको खरिद विक्री र अरु कुनै अवस्थाले जग्गाको सिमाना अदलवदल गरी भूमि प्रशासकको आदेशानुसार नयाँ रेकर्ड कायम गर्नेछ र त्यस्ता नक्साका प्रतिलिपिहरू तयार गरी विक्री वितरण गर्नेछ । यसका अतिरिक्त क्षेत्रीय किताब र नक्साहरूको राम्रो हेरविचार र अध्यावधिक राख्ने पनि सम्भार (मेन्टनेन्स) नापी आयोजनाको काम हुनेछ । स्थायी किसिमले ट्रिगोनोमेट्रिकल प्वाइन्टहरू कायम गरी सकेपछि पनि ती प्वाइन्टहरूको सम्भार गर्न बराबर जाँचबुझ गर्नुपर्ने र कुनै अदलीबदली भएमा रिपोर्ट गर्नुपर्ने हुन आउँछ ।

चौथो योजना अवधिभरमा अरु २६ जिल्लामा सम्भार (मेन्टीनेन्स) शाखा रहनेछन् ।

(घ) टोपोग्राफिकल नापी:–

भौगर्भिक सर्भे, स्वाइल सर्भे, वन संरक्षण सर्भे आदिजस्ता कामहरूको निमित्त आधार नक्साको रूपमा टोपोग्राफिकल नक्साको आवश्यकता छ । यस्ता नक्साहरूको लागि अन्यत्र निर्भर गर्नुपरेको र प्राप्त भएका नक्साहरूको सङ्ख्या पनि नपुग छन् । यसका अतिरिक्त यसरी उपलब्ध भएका नक्साहरू अद्यावधिक नहुनुको साथै देशको खाँचोअनुसारका नक्साहरू प्राप्त छैनन् ।

यस कुरालाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघ विशेष कोषको सहयोगले श्री ५ को सरकारले एउटा टोपोग्राफिकल नापी शाखा चौथो योजनाकालमा खडा गर्नेछ । यस शाखाले निम्न बमोजिमको काम गर्नेछ :–

(क) सर्भे अफ इन्डियाले तयार गर्न बाँकी जग्गाको १ इन्च नक्शा तयार गर्न ती इलाकाको टोपोग्राफिकल नापीको काम समाप्त गर्ने ।

(ख) कोलम्बो योजनाअन्तर्गत सर्भे अफ इन्डियाले प्रकाशित गरी आएको नेपालको १ इन्च नक्सासिट आवश्यकताअनुसार पुग्ने गरी पुनः उत्पादन गर्ने र यो सिटहरूलाई अद्यावधिक राख्ने ।

(ग) नेपालको सानोमान (स्केल) को १:२५०,००० को नक्सा खिची प्रकाशित गर्ने ।

(घ) शहरहरूको ठूलो मानको टोपोग्राफिकल नक्शाहरू खिची प्रकाशित गर्ने ।

(ङ) विकास योजनको क्षेत्रको निमित्त नापी गर्ने र नक्सा उत्पादन गर्ने ।

(च) अरु विभागहरू जस्तै भौगर्भिक सर्वेक्षण, माटो सर्वेक्षण, वन सर्वेक्षणबाट नापी गरेका नक्साहरू छाप्ने तथा खिच्ने ।

चौथो योजना अवधिमा अरु ३ वर्षसम्ममा भवन निर्माण कार्य समाप्त गर्नुका साथै आयोजनालाई चाहिने मुख्य मुख्य साधनहरू (यन्त्रहरू) विशेषज्ञको सल्लाह प्राप्त गरी सहयोगी कर्मचारीहरूको तथा सञ्चालनहरूको तालिम समाप्त गरिनेछ । आर्थक वर्ष २०३०।३१ देखि नक्सा उत्पादन कार्य सुरु गरिनेछ ।

(ङ) तालिमः-

विभिन्न किसिमका नापी आयोजनाहरूको काम छिटो छरितो र सक्षम तरिकाबाट सम्पन्न गर्न तालिम प्राप्त कर्मचारीहरूको अति आवश्यक छ । यस कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले आर्थिक वर्ष २०२५।२६ मा एउटा नापी तालिम केन्द्रको स्थापना गरी नापी गोश्वाराहरूका निमित्त चाहिने कर्मचीहरूलाई तालिम दिदै आउनुका साथै उच्च तालिमको लागि पनि विदेशमा पठाइएका छन् । अधिराज्यका कित्ता नापी हुनुका साथै ट्रीगोनोमेट्रीकल नापी, संभार (मेन्टेसनेन्स) नापी र टोपोग्राफिकल नापी हुने भएकाले विभिन्न विषयमा तालिम प्राप्त जनशक्तिको आवश्यकतालाई विचार गरी चौथो योजनाकालमा नापी तालिमको कार्यक्रम विस्तृत गरिनेछ ।

२. भूभि सुधारको कार्यक्रम

(क) अनिवार्य वचतः-

कृषि क्षेत्रबाट साधनको परिचालन गरी कृषि उत्पादन बढाउन चाहिने संस्थागत ऋण उपलब्ध गराउनका साथै कृषि क्षेत्रमा रहेको निष्कृय पुँजी गैर कृषि क्षेत्रमा सार्ने यो कार्यक्रमको मौलिक विशेषता हो । साथै यस कार्यक्रमबाट किसानहरूले आफ्नो मोहियानी हकको संरक्षण गर्न र उनीहरू माथि हुने अनुचित आर्थिक दवाव अन्त गरी सबल र सक्षम हुन मद्दत मिल्दछ । चौथो योजना अवधिमा रु.६ करोड अनिवार्य वचत सङ्कलन गर्न सक्ने अनुमान छ ।

(ख) वचतको सुव्यवस्था र लेखा परीक्षणः-

वचत सङ्कलनले मात्र भूमिसुधारका उद्देश्यहरू प्राप्ति हुँदैनन् । उठेको वचतको सदुपयोग पनि हुनु आवश्यक छ । वचतलाई हिनामिना हुन नदिन वचतको आवश्यक लेखा परीक्षण गरी हिसाब श्रेस्ता व्यवस्थित र अद्यावधिक राख्न चौथो योजना अवधिमा १७,०१९ वडाहरूमा नियमित रूपले वचतको लेखा परीक्षण गर्नेलक्ष्य राखिएको छ।

(ग) मोहीयानी हकको संरक्षण र सुव्यवस्थाः-

वास्तविक जोताहालाई आफुले जोति आएको जग्गामा वढी मेहनत र परिश्रम गराई उत्पादनमा बृद्धि गराउन मोहीयानी हकको संरक्षण र सुरक्षा हुनु आवश्यक छ । हालसम्ममा १४,४६,४९६ सङ्ख्यामा अस्थाई जोताहाको निस्सा र २३,१३६ स्थायी जोताहाको प्रमाणपत्र वितरण गरिएको छ । जग्गाको वास्तविक क्षेत्रफल किटान नहुन्जेलसम्म जग्गाको क्षेत्रफल समेत तोकि हक दिलाउन कानुनतः बाधा पर्ने भएकाले नापी नहुन्जेलसम्मका लागि पुर्जा दिई हाल जोति आएको जग्गाको क्षेपक्रल बमोजिम मोहीको हक कायम गराइएको छ । यसरी हक लाग्ने भएका जोताहाहलाई जग्गावालाहरूले हटाउन नसक्ने कानुनी व्यवस्था छ । चौथो योजना अवधिमा नापीको काम पूरा भएका सबै जिल्लाहरू अन्तर्गतका पञ्चायतहरूमा पूर्व विपरित अस्थायी निस्साको आधारमा अन्य आवश्यक कुराहरू छानबिन गरी स्थायी प्रमाणपत्र दिइनेछ । यसका साथै जग्गावाला र मोहीका बीच अनावश्यक झैं- झगडा कम गर्न उनीहरूका बीच पारस्परिक सहयोग वढाउन जग्गावाला र मोहीका बीच कवुलियत गराउने कार्यक्रमक पनि चालु हुनेछ ।

(घ) कुत निर्धारणः-

मेहनत गरी काम गर्ने किसानलाई उत्पादनको न्यायोचित हिस्सा दिलाउन र उनीहरूलाई प्रोत्साहन दिई जमिनको अधिकतम उत्पादन बढाउन कुत निर्धारण गर्नु अनिवार्य छ । हाल काठमाडौं उपत्यकामा मात्र यस किसिमको कुत निर्धाण भइसकेको छ । काठमाडौ उपत्यका बाहिर कूत निर्धारणको व्यवस्था नभएकाले त्यहाँका किसानहरूमा जमिनमा बढी मेहनत र परिश्रम गरी अधिकतम उत्पादन गर्ने प्रबृत्ति आएको छैन तसर्थ चौथो योजना अवधिमा कित्ता नापी पूर्ण रूपले समाप्त हुने २६ जिल्लाहरूमा ऐन अनुसार कुत दर कायम गरिनेछ ।

(ङ) जग्गा प्राप्ति र वितरणः-

जग्गाको बितरणमा रहेको असमानतालाई न्यून गरी कृषि उत्पादन गर्न र कृषि क्षेत्रमा रहेको निष्कृय पुँजीलाई गैर कृषि क्षेत्रमा लगानी गराउने वातावरण तयार गराउन हदवन्दीभन्दा बढी जमिन राख्न नपाउने व्यवस्था गरिएको छ । हदभन्दा बढी भएको जमिन मोही र भूमिहीन किसानहरूमा प्राथमिकताको आधारमा बिक्री वितरण गर्नेछ । अधिराज्यमा नापीको काम पूरा नभएसम्म के कति जग्गा हदवन्दीभन्दा बढी भयो भन्ने कुरा यकिन गर्न नसकिने हुँदा हदवन्दीभन्दा वढीको जग्गा प्राप्त गरी बितरण गर्नमा कठिनाई परेको थियो । यसकारण चौथो

योजनाकालमा नापीको काम पूर्ण रूपले समाप्त भइ सकिनेमध्ये ३९ जिल्लाहरूमा बढी देखिएको जमिन प्राप्त गरी बिक्री बितरण गरिने कार्यक्रम राखिएको छ ।

(च) ऋण रकम निश्चित :-

परम्परागत ऋण प्रणालीबाट भैरहेको अनुचित शोषणहरूबाट किसानहरूलाई मुक्त गर्न कृषकहरूले लिएको कृषिसम्बन्धी ऋणको वस्तविक ऋण रकम निर्धारित गर्ने काम चालूनै रहनेछ । चौथो योजना अवधिमा तेस्रो योजना अवधिबाट बाँकी हुने अनुमान गरिएको रु.४ करोड कृषि ऋण छुट्याउने उक्त रु. ४ करोडबाट कृषि ऋण ठहरेको जतिमा ऋण निर्धारण गर्ने लक्ष्य छ ।

३. भूमि प्रशासन :-

चौथो योजनाकालसम्ममा कित्ता नापी सम्पूर्ण रूपले समाप्त हुने अरु २६ जिल्लाहरूमा भूमि प्रशासन कार्यालय स्थापना गर्ने लक्ष्य निर्धाण गरिएको छ । यसको बिबरण तल दिइएको छ :-

भूमि प्रशासन लागू हुने जिल्लाहरू

२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
मोरङ्ग	कपिलवस्तु	मकवानपुर	सुर्खेत	धनकुटा
सुन्सरी	रूपन्देही	पाल्पा	दाङ	दैलेख
महोत्तरी	सप्तरी	इलाम	अर्घाखाँची	जाजरकोट
सिराहा			पाँचथर	अछाम
धनुषा			तेह्रथुम	सिन्धुली
चितवन				प्यूठान, सल्यान, गुल्मी, स्यांगजा

माथि उल्लेख गरिएअनुसार यी कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य काम निम्न अनुसार छन्:-

१. भूमि सुधार कार्यक्रम तथा नापीबाट प्राप्त जग्गा, जग्गावाला र मोहीसम्बन्धी लगत तथ्याङ्कलाई शुद्ध र अद्यावधिक राखी भूमिसुधारको कार्यक्रमलाई बलियो आधार कायम राख्ने ।

२. जग्गावाला र मोहीहरूको जग्गामाथिको आ -आफ्नो हक सुविधा र अधिकारपछि परन्तुसम्म संरक्षण गरिदिने ।

३. जग्गा जमिनसम्बन्धी झैं-झगडा कम गराउने किसिमले प्रत्येक जग्गावाला मोहीलाई आ-आफ्नो जग्गाका कित्ता पिच्छेको नक्सासहितको पुर्जा दिई सुगम र सरल तरिकाले जग्गाको कारोवार (Registration of Title) गर्ने ।

४. नापी, भूमिसुधार र भूमि प्रशसान कार्यक्रम र खर्च :-

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचीमा दिइएको छ । निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभागअन्तर्गत पर्ने खर्चको बाँडफाँट तल दिइएको छ।

	कार्यक्रम	खर्च (रु. हजारमा)
१.	नापी	४,९२,००
२.	भूमि सुधार	४,०९००
३.	भूमि प्रशासन×	–जम्मा: ९,०१,००

अनुसूची

नापी, भूमि सुधार तथा भूमि प्रशासन

सि.नं.	आयोजनाको नाम	स्थिति	लक्ष्य	खर्च (रु.हजारमा)
	(क) नापी			४,९२,००
१.	कित्ता नापी	चालू	२६ जिल्ला अर्थात् अनुमानित ३३७९५५ हेक्टर	२,९०,५०
२.	ट्रिगोनोमेट्रिकल नापी	प्रस्तावित	अनुमानित २७२६८५ हेक्टर	५०,७५
३.	मेन्टेन्नेन्स नापी+	चालू	थप २६ जिल्लामा	

× खर्च साधारण बजेटबाट व्यहोरिने ।

\+ खर्च साधारण बजेटबाट व्यहोरिने ।

४.	टोपोग्राफिकल नापी		योजनाको पहिलो तीन वर्षसम्म आयेजनाको लागि चाहिने आधारभूत कार्यहरू जस्तो भवन निर्माण, प्राविधिज्ञहरूको तालिम, मालसामानको उपलब्धिको काम पूरा गरी बाँकि दुई वर्षमा सञ्चालकहरूको तालिम र त्यसपछि एक इञ्चको नक्साहरूको पुनः उत्पादन, आदि ।	१११५०

परिच्छेद ९

वन–वनस्पति

तेस्रो योजनाको प्रगतिः–

तेस्रो योजना अवधिमा सम्पूर्ण वन साधन सर्वेक्षण पूरा गर्न र पूरा भएका क्षेत्रमा कार्य योजना तयार गर्दै लागू गर्ने लक्ष्य राखिएकोमा हालसम्ममा टी.सी.एन को कार्ययोजना पूरा भई लागू भएको छ । त्यस्तै बीरगञ्ज, विराटनगर र कन्चनपुरमा पनि प्रधान वन कार्यालय स्थापना गरी वन कार्य योजना लागू गरिएको छ । चितौन, बाँके र बर्दियामा आर्थिक वर्ष २०२६।२७ मा लागू गर्ने कार्यक्रम छ ।

वन सर्वेक्षणको हकमा तराई क्षेत्रको तथ्याङ्क प्रकाशित भइसकेको र पहाडी क्षेत्रमा मध्यामाञ्चलको तथ्याङ्क सङ्कलन कार्य पूरा भई सकेको छ ।

माटो सर्वेक्षणतर्फ चितौन र बीरगञ्जको माटोको किसिम र भू प्रयोगको सर्वेक्षण प्रतिवेदन प्रकाशित भइसकेको र जनकपुरको प्रतिवेदन पूरा गरिएको छ । बाँके र बर्दिया डिभिजनको माटो र भू प्रयोगको सर्वेक्षण कार्य पनि सम्पन्न भइसकेको छ ।

तेस्रो योजनाअन्तर्गत २००० कि.मि. वन सीमा निर्धारित गर्ने लक्ष्यअनुसार पहिलो ४ वर्षमा १४९३ कि.मि. वन सीमा कायम भएको छ । त्यस्तै ७१३ कि.मि. वन पथ निर्माण गर्ने लक्ष्यअनसार ४ बर्षमा ५४७ कि.मि. पूरा भएको छ । ३६० कि.मि. अग्नि संरक्षण रेखा निर्माण गर्ने लक्ष्यमा हालसम्ममा २३७ कि.मि. तयार भएको छ । ३३१५ हेक्टरमा वृक्षारोपण गर्नु पर्नेमा हालसम्म पुरानो वुट्यानसमेत गाभी ४१५० हेक्टरमा वृक्षारोपण हुन सकेको छ ।

नेपाल फरेष्ट्री इन्स्टिच्यूटमा बर्षको ७० जवान फरेष्टर र ३५ जवान रेन्जरमा प्रशिक्षण दिने कार्यक्रमअनुसार ६१ जवान रेन्जर र ९६ जवान फरेष्टरलाई तालिम दिने काम भएको छ ।

संयुक्त राष्ट्रसंघ विकास आयोजना (यु.एन.डि.पी.) र श्री ५ को सरकारको संयुक्त प्रयासबाट सञ्चालित त्रिशुली जलाधार विकास आयोजनाअन्तर्गत पहिलो चरणको रूपमा प्राविधिक सर्वेक्षण कार्य पूरा गरी डेमोन्स्ट्रेशन र विकास कार्य पनि सुरु गरी केही पूरा पनि गरिएको छ ।

वनस्पति विभागअन्तर्गत शाही औषधि अनुसन्धानशालामा १५० थरीका नेपाली जडिबुटीहरूको ग्रेडेशन कार्य, फर्माकग्नोष्टिक अध्ययन, उनीहरूको स्क्रीनिंगका साथै विश्लेषणात्मक कार्यहरू सम्पन्न गरिनुका अतिरिक्त वाह्य श्रोतबाट विश्लेषण कार्य र गुणहरू छानबिन गर्नको लागि प्राप्त भएको ५० थरीका जडिबुटीहरू, ५०० भन्दा बढी अन्य वस्तुहरूको अधययन र जाँचड्ताल कार्य सम्पन्न भएको छ । यस बाहेक ३२ थरीका नयाँ निर्माण गरिएका औषधिहरूको विधि विधान र परिमाण कार्य (फर्मुलेशन) र उनीहरूको निर्माण गरिँदा पाख पिच्छेको रहनुपर्ने स्तर र गुणहरूको पनि अध्ययन कार्य गरिएको छ । उत्पादन शाखा अन्तर्गत विभिन्न ३२ थरीका औषधिहरू निर्माण गरी अधिराज्य भरी बेचविखन समेत गरिएको छ । यीमध्येमा २ लाख आण्टिवायोटिक क्याप्सुल, विभिन्न प्रकारका सल्फाड्रग, भिटामिन 'सि' समेत गरी ३६ लाख ट्वाब्लेट, १९ लाख सिरप सी सी, २ लाख ५० हजार झोल सीसीहरू उत्पादन गरिएको छ ।

शाही वनस्पति उद्यान गोदावरीलाई मनोरम स्थल र वनस्पति विज्ञानसम्बन्धी पठन पाठनमा समेत योगदान पुऱ्याउने हेतुले उद्यानहरू निर्माण गर्ने सन्दर्भमा दश हजारभन्दा बढी स्वदेशी र विदेशी वोट विरुवाहरू लगाउनका साथै मनोरन्जनको दृष्टिकोणबाट उद्यानहरूको सुधार कार्य सम्पन्न भएको छ । नेपाल अधिराज्य भर प्रारम्भिक वनस्पति सर्वेक्षण कार्य समाप्त गरिनुका साथै सङ्कलन गरिएका बोट विरुवाहरूको नमुनाबाट पच्चीस हजारभन्दा बढी हर्वेरियम सीटहरू तयार पारी सुरक्षित राखिएको छ । वनस्पति सर्वेक्षण कार्यको सिलसिलामा र यिनै सङ्कलित वोट विरुवाका नमुनाका आधारमा नेपालको वनस्पति (ल्फोरा) पुस्तक तयार पार्ने सन्दर्भमा पाँच थरीका नवस्पति सम्बन्धी (फ्लोरा) पुस्तकहरू प्रकाशित भई सकेको छ । नागार्जुन, लाँगटान, जुम्ला, हुम्ला र मध्य नेपालको वनस्पति सम्बन्धी पुस्तकहरू तयार भई छपाईको लागि गईसकेको छ ।

तरहरा विराटनगरामा मेन्था र सर्पगन्धा ४ विगाहामा प्रयोगात्मक खेती भएको छ । वृन्दावन जडिवुटी उद्यान (हेटौडा) मा पनि मेन्था र सर्पगन्धा ३० विगाहामा खेती गरिएको छ दामनमा पाइ,रिथ्रम, बेलाडोना, स्याउ, आलुबखडा गरेर २०० रोपनीमा रोपिएको छ । पाइरिथ्रम २००० के.जी. र बेलाडोमा २०० के.जी. वर्षेनी उपलब्ध भएको छ । टिष्टुङ्गमा पनि केशर पाइरिथ्रम र बेलाडोना गरी जम्मा २०० रोपनीमा लगाइएको छ । यसबाट पनि पाइरिम १००० के.जी. र बेलाडोना २०० के.जी. वर्षेनी प्राप्त भएको छ । मणिचुरमा बेलाडोना मात्र ३०० रोपनीमा लगाइएको छ । शिवपुरीमा पाइथ्रिम, बेलाडोना र डिजीतालिस गरी जम्मा ३०० रोपनीमा रोपिएको छ । यहाँबाट वर्षेनी पाइरिथ्रम १००० के.जीं बेलाडोना १०० के.जी. डिजीतालिस ६००० के.जी उपलब्ध गरिएको छ ।

हालसम्मको अनुभवबाट वैज्ञानिक ढङ्गबाट वन विकास गर्ने कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नमा देखा परेका केही कठिनाइहरू यस प्रकारका छन् :

(क) वन अतिक्रमण गरी अव्यवस्थित ढङ्गले बसोवास गर्नाले वन दिनप्रतिदिन नास हुँदै गएको छ र यो प्रकृया अझै बढ्दो छ ।

(ख) एक ठोस राष्ट्रिय वन नीतिको अभावमा सर्भे, माल, वन, पुनर्वासजस्ता विभागमा पारस्परिक सामन्जस्य नआई सम्बन्धित विभागीय आवश्यकता र कार्य परिधिको मात्र ख्याल गरिन्छ ।

(ग) हर, घरसङ्ग जस्तो व्यवस्था अन्तर्गत जरुरतभन्दा बढी सुविधा, वन भित्रै लकडीको लिलाम गरी ठेकदारहरूलाई जंगलमा अनियन्त्रित रूपमा पस्ने मौका आदिबाट वनको उचित संरक्षण हुनसकेको छैन ।

(घ) बदलिँदो परिस्थिति, मर्मतको अभाव र रेखदेख र हिफाजतको कमीले वन सीमा, वनपथ, अग्नी संरक्षण रेखा उपयोगी भएको देखिदैन ।

(ङ) पहाडका धेरै जंगलहरूमा वन सेवा कायम नभएबाट वन सेवा देशव्यापी हुन सकेको छैन । यसको मुख्य कारण तालिम प्राप्त प्राविधिज्ञहरूको कमी हो ।

चौथो योजनाको उद्देश्य र नीति

जनसाधारणको आवश्यकता पूरा गरी राष्ट्रिय आय वढाउनुका साथै भू संरक्षण, वन जन्तु संरक्षण कार्यमा समेत वनको भूमिका महत्वपूर्ण भएकाले वनको संरक्षण र सम्वर्द्धन वैज्ञानिक तरिकाबाट गरी अधिकतम लाभ उठाउने मुख्य उद्देश्य राखिएको छ । त्यस्तै वनस्पति र जडिवुटीहरूको वैज्ञानिकतवरले अध्ययन, अनुसन्धान तथा प्रयोगगरी जडिबुटीको उत्पादन, प्रशोधन र औषधि निर्माण कार्यमा बृद्धि गरी वनस्पति तथा जडिवुटीको विकास, उत्थान कार्य सञ्चालन गर्नुका अतिरिक्त देशको खपत पूरा गरीवि देशमा पनि अन्तर्राष्ट्रिय स्तरका प्रशोधित जडिबुटी र औषधिहरूको निर्यात बढाई देशको आर्थिक स्थिति सपार्ने उद्देश्य राखिएको छ । तसर्थ वनको वैज्ञानिक बन्दोवस्तको लागि देश भर हालसम्म भइसकेको वन सर्वेक्षणको आधारमा वन कार्य योजना तयार गरी त्यसैको आधारमा मात्र वनको विकास गर्ने मुख्य नीति अपनाइएको छ । वनपथ, अग्नि संरक्षण तथा अरु निर्माण कायक्रम पनि वन कार्य योजना लागू भएका क्षेत्रमा मात्र सीमित गरिनेछ । यसरी वन, विकास कार्य योजना लागू गर्न वन सीमा एकचोटी निर्धारित भइसकेपछि त्यस्मा कुनै प्रकारको परिवर्तन आउन नदिन चाहिने कानूनी व्यवस्था र सुदृढ तथा इमान्दार प्रशासकीय वन्दोवस्त हुनु जरुरी छ । वन भित्र खुल्ला प्रवेश निषेध गरी वन कार्य योजना बमोजिम मात्र वनको सञ्चालन नभएमा वन सम्पदाको विकास भई क्रमशः नाश हुने तथ्य इतिहासले बताई सकेको छ ।

वन सम्पदाको विकास कार्यका साथै पहाडी क्षेत्रहरूमा भूक्षयको प्रकोप ज्यादा भएकाले भू-संरक्षण, वृक्षारोपण गर्ने नीति पनि चौथो योजनाकालमा चालू नै रहनेछ । साथै वन पैदावार र वनस्पतिमा आधारित उद्योग धन्दाको विकास गर्न आवश्यक कच्चा वस्तुको सर्वेक्षण गरी चाहिने तथ्याङ्क सङ्कलन, अध्ययन, अनुसन्धान र उत्पादन कार्य विस्तार गर्नमा बढी ध्यान दिइनेछ ।

वन

चौथो योजनाको कार्यक्रम:

१. पहाडी क्षेत्रको हवाई चित्र योजना अवधिमा पूरा गरिनेछ ।

२. तराईका बाँकी डिभिजनहरू जनकपुर, हनुमाननगर, झापा, कपिलवस्तु र पहाडका २ डिभिजन महाकाली र काठमाडौंको कार्य योजना तयार गरेर ताराईका सबै डिभिजनहरूमा योजनाकाल भित्र कार्य योजना कार्यान्वयन गरिनेछ ।

३. तराईका ३ डिभिजन, चितौन, बाँके र बर्दियाको कार्य योजनाहरू दोहोऱ्याइनेछ ।

४. बाँके, बर्दिया, हनुमाननगर, काठमाडौं, झापा, लुम्बिनी, कपिलवस्तु र एक पहाडी डिभिजनको माटो तथा भू प्रयोगको सर्वेक्षण पूरा गरिनेछ ।

५. काठमाडौंको जलाधार क्षेत्रहरूमा भू संरक्षण कार्य सुरु गरिनेछ । पाँच खालको भू-संरक्षण क्षेत्रमा सबै काम समाप्त गरी मनोरन्जन स्थलमा परिणत गरिनेछ ।

६. सिल्भी-कल्चरल अनुसन्धान, पानी, आवहवासम्बन्धी तथ्याङ्क सङ्कलन, काठ वनस्पतिका नमूना सङ्कलन, काठको श्रेणी छुट्याउने स्तर निर्धारण र काठको नापी गर्ने प्रामाणिक नियम तर्जुमा गर्ने जस्ता कार्यहरू पनि योजना अवधिमा सञ्चालन गरिनेछ ।

७. वन सीमा निर्धारणमा २,५०० माईल (४००० कि.मि.) नयाँ निर्माण र ४००० कि.मि. पुरानो मर्मत गर्ने लक्ष्य छ ।

८. वृक्षारोपण कार्यक्रमलाई अरु विस्तृत र व्यापक बनाउन तराई र पहाडमा गरी ८००० हेक्टर जमिनमा वृक्षारोपण गरिनेछ र गरिएका वृक्षारोपणको रेखदेख, मर्मत संभार गरिनेछ । यस कार्यक्रमअन्तर्गत त्रिशूली जलाधार क्षेत्रको विकासको दोस्रो चरणको रूपमा २००० हेक्टर वनको संरक्षण तथा लिखुखोला उपत्यकाको २,५०० हेक्टरमा वृक्षारोपणको काम पनि समावेश गरिएको छ ।

९. वन पैदावारको उपयोगिता, बजार, माग यिनीहरूलाई उत्पादन गर्ने वन जंगलको क्षमतासम्बन्धी विस्तृत अनुसन्धानको आधारमा वनजंगल समूह मिलाई इकोनमिकल मिल यूनिटको निर्धारण गरिनेछ । यस सम्बन्धमा हेटौडामा एक वन पैदावार विकास केन्द्रको पनि स्थापना गर्ने कार्य लक्ष छ ।

१०. सालको २५ जवान रेञ्जर ७० जवान फरेष्टरलाई तालिम दिने कार्यक्रम चालूनै रहनेछ । वन विशेषज्ञलाई ३ महिनाको अन्तरसेवा तालिम पनि प्रदान गरिनेछ ।

११. दोलखा जिल्लाको जिरीमा वन सुधार, संरक्षण तथा विकास कार्य चालूनै रहनेछ ।

वनस्पति

(क) शाही औषधि अनुसन्धानशाला:

१. बोट विरुवा तथा जडिबुटीहरूमा उपलब्ध हुने मुख्य तत्व र सारबाट औषधिहरूको निर्माण गर्ने कार्य चालू नै रहनेछ ।

२. फर्माकोलजी प्रयोगशालाको विस्तार गरी जडिबुटीहरूको फर्माकोलजीकल स्क्रीनिङ्ग (जाँच पडताल) कार्य पनि चालू नै रहनेछ ।

३. जडिबुटी, तेल, घिउ, मसला र अरु पेय वस्तुहरूको गुण नियन्त्रण (क्वालिटी कन्ट्रोल) कार्य प्रारम्भ गरिनेछ ।

४. नेपालका जडिबुटीहरू सङ्कलन गरी उनीहरूको विश्लेषण विधि, उपयोगितासमेत समावेश गरीअन्तर्राष्ट्रिय स्तरको एक "नेपाल फर्माकोपीया" तयार पार्ने कार्य प्रारम्भ गरिनेछ ।

५. नेपालको ड्रग एक्ट (औषधि ऐन) तयार पारी अधिराज्य भर लागू गराउनमा चाहिने प्राविधिक सहयोग पुऱ्याइनेछ ।

६. मुख्यतया अलकाल्वाएड, ग्लाइको साइड, सापोनिन पदार्थहरू उपलब्ध गर्न सकिने बोट विरुवा तथा जडिबुटीहरूमा विस्तृत अन्वेषण गरी औषधिहरू निर्माण गरिने कार्यमा यस योजनाकालमा बढी जोड दिइनेछ ।

(ख) उत्पादन शाखा

१. १००-१५० थरीका नयाँ औषधिहरू निर्माण गरिनेछ ।

२. जडिबुटीहरूको डिष्टिलेसन, प्रशोधन कार्यहरू गराइनेछ ।

३. नयाँ जडिबुटीहरूबाट उपलब्ध हुन आउने मुख्यसार तथा त्यसबाट नयाँ औषधिहरूको निर्माणतर्फ कार्य चालु राखिनेछ ।

(ग) शाही वनस्पति उद्यान

१. हिमाच्छादित बोट विरुवाहरू (अल्पाइन ल्फोरा) समावेश गरी फुल्चोकी डाँडा वरपर उपयुक्त स्थानमा एक हिमाच्छादित उद्यान (अल्पाइन गार्डेन) निर्मँण गरिनेछन ।

२. एक फिजिक उद्यानको पनि निर्माण गरिनेछ ।

३. आर्बोरिटम (चौडा पाते रुखको बगैचा) पाइनेटम (कोण धारी रुखको बगैचा) लाई विस्तृत गरिनेछ ।

(घ) जडिबुटी उद्यान

१. जनोपयोगी नेपाली तथा अनेपाली नयाँ जडिबुटीहरूको उपयुक्त स्थानहरूमा प्रयोगात्मक रूपमा खेती गराई सफल भएमा उनीहरूको विस्तृत रूपमा खेती गरिनेछ । यसमा हाललाई चाँदमरूवा, मेन्था, बेलाडोना, लेमन ग्रासहरू उल्लेखनीय छन् ।

ङ) वनस्पति सर्वेक्षण तथा हर्वेरियम

१. वायु नियमित तथा स्वचालित (एयरकन्डिशन्ड) फायर प्रूफ हर्वेरियम घर यस योजनाकालमा निर्माण गरिनेछ ।

२. साइटो टयाक्सोनोमिक, इकोलोजिकल, फिजियोलजिकल, माइकोलजिकल प्रयोगशालाहरूको स्थापना गरिनेछ ।

३. अधिराज्यभर सघन वनस्पति सर्भे कार्य सञ्चालन गरी नेपाली बोट विरुवा तथा जडिबुटीहरूको जिउँदो बोट विरुवाहरूको पनि सङ्कलन कार्य गरिनेछ । यसका लागि पूर्व-पश्चिम तथा मध्य-नेपालमा शाखा कार्यालयहरू स्थापना गरिनेछ ।

४. नेपालको वनस्पति (फ्लोरा अफ नेपाल) पूर्ण विवरणका साथ योजना अवधिभित्र तयार गरिनेछ ।

वन तथा वनस्पति कार्यक्रम र खर्च

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचिमा दिइएको छ । निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभागअन्तर्गत पर्ने खर्चको बाँडफाँट तल दिइएको छ ।

सि.नं.	आयोजना	खर्च (रु. हजारमा)
१.	वन	६,११,००
२.	वनस्पति	१,९७,००
जम्मा		८,०८,००

अनुसूचि
वन र वनस्पतिसम्बन्धी आयोजनाहरू

सि.नं.	आयोजनाको नाम	स्थिति	आयोजनाको लक्ष्य	खर्च (रु.हजारमा)
१	२	३	४	५
	(क) वन			६,११,००
			सम्पूर्ण पहाडी क्षेत्रको हवाई चित्र पूरा गर्ने जनकपुर, हनुमाननगर, झापा, कपिलवस्तु, महाकाली र काठमाडौं डिभिजनको कार्य योजना वनाउने ।	१,२५,००
१	फरेष्ट इन्भेन्ट्री म्यानेजमेन्ट देशव्यापी (कार्य योजनाको तयारी)	चालू	चितौन, बाँके, बीर्दीयाको कार्य योजना दोहऱ्याउने ओखर र सटल (कतुवा) बनाउने काठहरूको विस्तृत सर्वेक्षण गर्ने । बाँके, वर्दिया, हनुमाननगर, काठमाडौं, झापा, लुम्विनी कपिलवस्तु र १ पहाडी डिभिजनको माटो तथा भू प्रयोगको सर्वेक्षण गर्ने । काठमाडौं जलाधार क्षेत्रमा भू-सर्वेक्षण कार्य गर्ने । सिल्भीकल्चरल अनुसन्धान गर्ने, काठ र वनस्पतिका नमूनाहरू जम्मा गर्ने, हाइड्रोलजिकल मेटोरोलजीकल तथ्याङ्क उपलब्ध गर्ने । काठको श्रेणी छुट्याउन स्तर कायम गर्ने नाप जाँचका नियमहरू बनाउने । कार्यालय भवन निर्माण गर्ने	
२.	वन कार्य योजनाको कार्यान्वयन	चालू	कार्य योजना तयार भैसकेका डिभिजनहरूमा लागू गर्दै जाने ।	१,९७,००
३.	वृक्षारोपण	चालू	पहाडमा ४००० हेक्टर र तराईमा ४००० हेक्टर क्षेत्रमा वृक्षारोपण गर्ने सुरु वर्षमा करिव १६०० हेक्टर र त्यसपछि प्रत्येक वर्ष १६०० हेक्टरका दरले थप गर्दै वृक्षारोपण क्षेत्रको रेखदेख र सम्भार गरिने ।	६,०,००
४.	वन प्रशिक्षण हेटौडा	चालू	प्रतिवर्ष २५ रेन्जर र ७० फरेष्टरलाई तालिम र प्रशिक्षण गर्ने (रेन्जरको तालिम २ वर्षको हुने) वन प्राविधिज्ञ अधिकृतलाई ३ महीने अन्तर सेवा प्रशासकीय तालिम दिइने छ ।	१४,४४
५.	नागार्जुन शाही जंगलमा कार्य योजना लागू गर्ने	प्रस्तावित	२९ कि.मि. तार वार लगाउने २० वटा फ.गा. चौकी निर्माण गर्ने ४० कि.मि. वनपथ निर्माण गर्ने ८ हेक्टर क्षेत्रमा बृक्षारोपण गर्ने ।	५,७१
६.	वन सीमा निर्धारण	चालू	४००० कि.मि. मा नयाँ निर्माण ४००० कि.मि. मा पुरानो मर्मत	१८,००
७.	वन भवन निर्माण	चालू	प्रधान कार्यालय र अन्तर्गतका कार्यालयहरू र पहाडी डिभिजन अन्तर्गत कार्यालयहरूमा समेत घर निर्माण र मर्मत गरिनेछ ।	२५,००

८.	वन विकास योजना	प्रस्तावित	वन पैदावारको उपयोगिता, बजार, माग, यिनीहरूलाई उत्पादन गर्ने जंगलको क्षमता सम्बन्धी विस्तृत अनुसन्धान जस्को आधारमा वन जंगलहरूको समूह मिलाई इकोनोमिक मिल यूनिटको स्थापना गरिनेछ ।	१,५१,०८
९.	जिरी बहुमुखी योजना जिरी दोलखा	चालू	प्राकृतिक वनमा सिम्भिकल्चर कार्य गर्ने । विभिन्न जातको रुख विरूवाको नर्सरी स्थापना गरी वृक्षारोपण गर्ने । स्थानीय जनातालाई वन महत्व विषय प्रचार प्रसार गराई ज्ञान दिलाउने ।	४,७७
	(ख) वनस्पति			१,९७,००
१	शाही औषधि अनुसन्धानशाला, थापाथली	चालू	जडिबुटी, बोट विरुवाहरूबाट उपलब्ध मुख्य तत्वका सारबाट औषधि निर्मण गरिनेछ । वोसो, तेलहरूको शुद्धिकरण र स्तर कायम गरिनेछ । फर्माकोलजिकल प्रयोगशालाको विस्तार र जडिबुटीहरूको फर्माकोलजिकल स्क्रीनिङ्ग गरिनेछ । कोरा जडिबुटीको प्रशोधन गरेर मात्र निर्यात गरिनेछ । नेपालको फर्माकोपिया तयार गरिनेछ । जडिबुटी, तेल, घिउ, मसला र अरु पेय वस्तुहरूको गुण नियन्त्रण (क्वालिटी कन्ट्रोल) कार्य प्रारम्भ गरिनेछ । नेपालको ड्रग ऐक्ट (औषधि ऐन) तयार पारी अधिराज्यभर लागू गराउने । अल्कोलाइड, ग्लाइकोसाइड, सापोनिन पदार्थहरू उपलब्ध हुने विरुवाहरूको विस्तृत अध्ययन अन्वेषण गरी औषधि निर्माण कार्यमा समावेश गरिनेछ ।	२४,००
२.	उत्पादन शाखा थापाथली	चालू	१००-१५० थरीका औषधिहरूको निर्माण गरिनेछ । जडिबुटीहरूको डिष्टिलेशन प्रशोधन कार्यहरू गरिनेछ । नयाँ जडिबुटीहरूबाट उपलब्ध हुन आउने मुख्यसार तथा त्यसबाट नयाँ औषधिहरूको निर्माणतर्फ कार्य गरिनेछ ।	९४,००
३.	शाही वनस्पति उद्यान गोदावरी	चालू	हिमाच्छादित बोट विरुवाहरू (अल्पाइन ल्फोरा) समावेश गरी फुल्चोकी डाँडा वरपर उपयुक्त स्थानमा एक हिमाच्छादित उद्यान (अल्पाइन गार्डेन) निर्माण गरिनेछ । एक फिजिक उद्यानको निर्माण गरिने छ । आर्वोरिटम (चौडा पाते रुख बगैचा) पाइनेटम (कोणधारी रूखको बगैचा) लाई विस्तृत पारिनेछ ।	१७,००
४.	वनस्पति सर्वेक्षण तथा हर्वेरियम देश व्यापी	चालू	नेपाल अधिराज्यभर सघन वनस्पति सर्वेक्षण गरी वनस्पतिको फैलावटका साथै उनीहरूको आपसमा रहने सम्बन्ध, साइटोट्याक्सोनमी, फाइलोनीको आधारमा अध्ययन गरी नेपालको वनस्पति (ल्फोरा अफ नेपाल) तयार गरिनेछ । एक अत्याधुनिक हर्वेरियम घर पनि निर्माण गरिनेछ	१७,००
५.	जडिबुटी उद्यान देशव्यापी	चालू	जनोपयोगी नेपाली तथा अनेपाली नयाँ जडिबुटीहरूको उपयुक्त स्थानहरूमा प्रयोगात्मक रूपमा खेती गराई सफल भएमा यिनीहरूको विस्तृत रूपमा खेती गरिनेछ । यसमा चाँदमरूवा, मेन्था, बेलोडोना लेमन ग्रसहरू विशेष छन् केशर खेती विस्तृत गरिनेछ ।	२३,००
	(ख) अफिम खेती नारायणी अञ्चल		अफिम र वेलाडोनाको व्यापारिक दृष्टिकोणले विस्तृत खेती गरिनेछ । नारायणी अन्चल वारा, पर्सा जिल्लामा २०० विगाहा जमिनमा अफिम खेती गरिनेछ ।	१५,००
	(ख) बेलाडोना खेती		मुलावारी लाँडटाडमा बेलाडोनाको खेती गरिनेछ ।	७,००

यातायात तथा सञ्चार

परिच्छेद १०

(सडक)

प्रस्तावना

१.१ देशको समुत्थानको प्रक्रियामा हाम्रो जस्तो भूपरिवेष्टित तथा जलमार्गविहीन मुलुकको प्रत्येक विकास कार्यक्रम बाटोको सुव्यवस्था र विस्तारबाट नै बढन् सक्छ । आवागमन जति दुर्गम रहन्छ, त्यति नै मानिस तथा मालसामानको गमनागमन अथवा गति कम रहन्छ । इनमा प्रगति सञ्चार गर्ने शक्ति यातायातमा नै निहित छ । बिकासका बिभिन्न आयोजनाहरू पनि बाटो पात्रमा मात्र परस्परमा सुसम्बन्ध रही पारस्परिक परिपोषण प्राप्त गर्न सक्दछन् । देशको अधिकांश भागहरू पहाड पर्वत तथा खोलानालाहरूको आवागमन गर्ननै मुस्किल तुल्याई दिएको छ, जसको प्रतिकूल असरले कृषि जस्तो सर्वोच्च अधिकार पाएको क्षेत्रमा समेत कुल उत्पादनमा प्रत्याशित बृद्धि नभएको सर्वविदितै छ । तसर्थ, साधारण तर्फ, विभिन्न देशहरूको अनुभव तथा वितेका कैयन हाम्रा अनुभवबाट पनि यातायातको बिकास नभइकन अन्य विकास कार्यहरू हुन सक्ने नभएकोले, यसको विकासलाई अत्यावश्यक भौतिक पूर्वाधारको रूपमा अरूयत्र जस्तै लिएको छ । यसको अलावा यातायातको विकासबाट प्रशासनिक कार्यहरू बीचमा पनि सक्रियता तथा समन्वय आउनुको साथै क्षेत्रीय विषमता घटन गई छरिएर रहेको निष्कृय वचत तथा कृषिमा भार परेको अतिरिक्त श्रम शक्तिको बढ्दो गतिशीलताद्वारा अधिक लाभदायक क्षेत्रहरूमा परिचालन तथा उपयोग हुन जानेछ ।

१.२ सस्तो, छिटो र देशको कुनाकाप्चासम्म यातायातको सुविधाहरू उपलब्ध गराउन सकेमा युगानुगुदेखि परिस्थितिवश ठिँगुरिएर जीवन व्यतीत गरिरहेकाहरूसमेत केवल खाईखेतीको निमित्त मात्र सीमित नभई बजार विनिमयको लागि समेत थप उत्पादन गर्न खोज्ने हुनेछन् । परम्परागत वस्तु-विनिमयको ठाउँ मौद्रीकरणले ग्रहण गर्नेछ । तुलनात्मक लाभको दृष्टिकोणबाट पनि बढी लाभदायक उत्पादनमा अग्रसर भै प्रादेशिक व्यापारको विकासमा ठोस योगदान मिल्छ । स्वदेशमा नै उपलब्ध कच्चा पदार्थमा आधारित औद्योगीकरण गर्न आवश्यक एवं सहायक वातावरण सुजना हुन्छ । यातायातको विकासले अरु केही गर्दै नगरे पनि स्थानीय तथा समयको उपयोगिताको सृजना गरेर राष्ट्रिय आयमा प्रशस्त अभिबृद्धि प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै तवरले गराउँछ ।

खास गरी सडक बिस्तारबाट अन्य क्षेत्रहरूको विकासको निमित्त उपलब्ध हुने फाइदाहररू निम्नानुसार छन्-

(क) बजारहरू विस्तृत हुँदै जानुको साथै बढी आर्थिक दक्षता भएको उत्पादन बढाउन दिलचस्पी बढ्ने,

(ख) कुनाकाप्चा सम्मन् सडक विसतार हुनाले विभिन्न ठाउँमा सुषुप्त अवस्थामा रहेका साधनहरूको विकासद्वारा प्रशस्त जनतालाई नयाँ रोजगारी तथा बसोवास दिलाई राष्ट्रिय आयमा आशातीत उन्नति गर्न सकिने,

(ग) स्वदेशमा नै उपलब्ध कच्चा पदार्थको आधारमा उद्योगहरूको स्थापना हुन सक्ने, भएका उद्योगहरू राम्ररी चल्न सक्ने,

(घ) उत्पादनका सबै किसिमका साधनहरूमा गतिशीलता ल्याई अनुकूलतम उपयोगको मौका जुटाइदिने,

(ङ) नयाँ वस्तीको विकास र उन्नतिको लहर फैलिन आदि ।

१.३ यातायातको जस्तै सञ्चारको पनि महत्व छ र धेरै हदसम्म संचार यातायातकै आवश्यक परिपूरक अँग मान्न सकिन्छ । सञ्चार बढेमा नै यातायातले पूरा फायदा दिएको मान्न सकिन्छ र सञ्चारले नै यातायातको अनुकूलतम उपयोग गर्नमा सहायता गर्दछ । देश विकासको दौडानमा विभिन्न किसिमका सन्देशहरूको माँग हर क्षेत्रमा तथा हर वर्गमा स्थायी रूपले तथा तीब्र गतिले बढ्दै जाने कुरा निर्विवाद छ । सुव्यवस्थित सञ्चारद्वारा यी आवश्यकताहरूको पूर्ति हुन सक्छ । सञ्चारको आधुनिकरणविना आधुनिक जीवनको परिकल्पना असम्भव छ । यातायात तथा सञ्चारको यत्रो महत्व छ तापनि इतिहास भूगोलको दोहोरो मारमा पर्दा वर्ष सुरु भएपछि अझै पनि हाम्रो मुलुक अनेक भागमा टुक्रिन्छ , खोलानालाको बाढी र पहिरोले गर्दा जनता गाउँमा नै गुम्सिन्छ ।

२. **उद्देश्य**

यातायात तथा सञ्चारको समुचित प्रबन्धविना सबै किसिमको देशव्यापी कार्यक्रम सफल हुन नसक्ने भएकाले यिनको यथाशीघ्र तथा बढी से बढी विकास गर्नु परेको हो । चौथो योजनामा यसको विकास-क्रम निम्न उद्देश्यहरूमा आधारित गरिएका छन्-

(क) संवैधानिक व्यवस्था, राष्ट्र, राष्ट्रियता तथा प्रादेशिक अक्षुण्णताको संरक्षण तथा सम्वर्द्धनमा सहायता वा पोषण पुऱ्याउने यातायात तथा सञ्चारको विकासमा बल पुऱ्याउनु,

(ख) सामाजिक, आर्थिक एवम् अन्य विकास कार्यक्रमको निमित्त आवश्यक यातायात तथा सञ्चारको पूर्वाधार खडा गर्नु,

(ग) युगानयुगदेखि गुम्सिएर रहेका कुना काप्चाहरूमा समेत यथाशक्य सर्वत्र क्रमिक रूपमा गरेर भएपनि आधुनिक यातायात तथा संचारको सुविधा पऱ्याउनु,

(घ) यातायात सञ्चार दुवै क्षेत्रको समुचित विकासद्वारा समाजमा गतिशीलता ल्याई सरकारी तथा गैर सरकारी कार्यवाहीमा कार्य दक्षता बढाई विकसको गतिलाई तीव्रतर गराउनु ।

३. **नीति**

सञ्चारलाई भन्दा यातायातलाई प्राथमिकता दिइनेछ । यातायात पनि अनेक किसिमका यस चौथो योजनामा छन्, स्थलमार्ग, जलमार्ग, आकाशमार्ग, रज्जुमार्ग (रोल्वे) तथा लौहमार्ग (रेन्वें) । तर यी सबैलाई समान महत्व दिन सकिन्न । छिटो, दिगो र बढी लाभ दिने खालका यातायातलाई विशेष जोड दिइनेछ ।

नेपाल एक पहाडी मुलुक हुनाले आवश्यक लम्वाई भएको लौहमार्ग (रेल्वे) विकास गर्न हाल साऱ्हैनै मुस्किल देखिन्छ र यस योजना अवधिमा केवल आवश्यक सर्वेक्षण -क्रम जारी रहने छ । हवाई यातायात उपल्ला स्तरका आंशिक जनताले मात्र लाभ लिन सक्ने र विकासमा व्यापक असर पार्न नसक्ने खर्चिलो साधन हो तापनि लाभ लागतको दृष्टिकोणबाट पर्ता खाने सबै ठाउँमा र पर्यटन विकासमा, प्रशासन कार्यमा छिटो छरितोपना ल्याउनमा तथा दुरतापूर्ण विकटता हटाउन सहायता पुऱ्याउने ठाउँहरूमा काम चलाउ व्यवस्था मात्र भएपनि सुरु गरिनेछ । यातायात विकासकमा वहित्रवाहन (मोटर) चल्ने मार्गपछि दोस्रो स्थान यसलाई दिएको छ । नौगम्य जलमार्ग भने हाम्रो यातायातको समस्या समाधन गर्ने किसिमका हाम्रो देशमा कतै छैन । विशेषत: पार्वन्य प्रदेशहरूमा रज्जुमार्ग (रोपवे) को विस्तार कोरा कल्पनामा अतिसय आकर्षक भएता पनि लाभ लागतको कसीमा रति अड्न नसक्ने भएकाले यसमा भर पर्ने कुरै आउन्न । निकट भविष्यको निमित्त यातायातको विकासमा एक मात्र भरपर्दो बिस्तारयोग्य कार्यक्रम स्थलमार्ग (सर्फेसरोड) निर्माण नै हुन आउने भएकाले स्थलमार्गको निर्माणमा जोड दिइनेछ ।

सञ्चार क्षेत्रमा हुलाक सेवा तथा दूरसञ्चार सेवा दुवैको विकासमा ध्यान दिइनेछ । देशको अत्यधिक जनताले उपभोग गर्नसक्ने सञ्चार साधन हुलाक नै हो । बढ्दो शिक्षा तथा यातायात सुविधाले गर्दा यस सेवाको माँग उर्लंदो छ । सेवा गराईमा क्रमोन्नति ल्याउँदै यथाशक्य बढी हुलाकहरू खेाली सेवा सर्वत्र सुलभ पार्ने प्रयास गरिएको छ । अन्तर्राष्ट्रिय जगतसितको बढ्दो सम्बन्धलाई टेवा दिन र उद्योग व्यापार तथा पर्यटनलाई समेत मद्दत पुऱ्याउने हेतुले दूरसञ्चारको विविध प्रकारको विकासमा पनि यथोचित ध्यान पुऱ्याइएको छ ।

सडक विकास

१. **प्राक्कथन:–**

राष्ट्रिय योजना आयोगले यस पञ्चवर्षीय योजनाको मार्ग निर्माण कार्यक्रम वीस वर्षे दीर्घकालीन मार्ग निर्माण कार्यक्रममा आधारित गरेको छ । उक्त दीर्घकालीन कार्यक्रमानुसार देशको सीमित साधन र भौगोलिक कठिनाइँलाई ध्यानमा राखी सबै जिल्ला तथा अञ्चलका सदरमुकामहरूसम्म मोटर चल्ने सडक (अर्थात् हाम्रो नयाँ परिभाषामा मार्ग) निर्मण गर्ने लक्ष्य राखिएको छ । मार्ग विस्तार पूरा हुन समय लिने भएकाले पछि मात्र मार्ग निर्मण हुने जिल्लाहरूमा यातायात विषयमा कुनै विकास कार्य नगरी चुप लाग्नु उपयुक्त नठहरिने देखिएकोले भइरहेको मार्ग निर्माणको साथै सनयाँ तथा पम्परागत बाटाघाटाहरूको निर्माण तथा सुधार पट्टि पनि उचित ध्यान दिइनेछ । यस सन्दर्भमा देशको यावत बाटाघाटाहरूको नक्सासहितको लगत तयार गर्ने पट्टि पनि प्रयास गरिनेछ । प्रशासनमा सुविधा र छरितोपना ल्याउन समस्त वाटाघाटाहरूको तल दिइएअनुसार वर्गीकरण गरिएका छन् ।

मार्ग (वहित्रवाहनहरू चल्ने) हरूको समुचित विकास तथा संरक्षणको निमित्त दिगो र दरिलो व्यवस्थाको आवश्यकतालाई महसुस गरेर अव उप्रान्त मार्ग निर्माण तथा संरक्षणमा हुनुपर्ने न्यूनतम आवश्यकताहरूको राम्रो रेखदेख हुन सकोस् भन्ने हेतुले मार्गहरूलाई तीन किसिममा विभाजन गरिएको छ । हाम्रो अहिलेको अवस्थामा यो भन्दा बढी विस्तारको उपयुक्तता नदेखेर यसो गरिएको हो ।

१. राजमार्ग: राष्ट्रिय दृष्टिकोणबाट सर्वाधिक महत्वपूर्ण ठहरिएका मार्गहरू राजमार्ग हुनेछन् । बखत बखतमा तत्कालीन आवश्यकताअनुसार यस किसिमका मार्गमा हुनुपर्ने चौडाई, मार्गको सतहको बनावट तथा वहन गर्ने क्षमता, मोडहरूमा हुनुपर्ने चौडाई, मोड वा उकालो वरालोमा हनुपर्ने न्यूनतम दृश्य- दूरता, र उकालो वरालोको झुकावको अंश आदि निर्णय गरी कार्यान्वयन गरिनेछ । राजमार्गको निर्माण तथा संरक्षणको कर्तव्य श्री ५ को सरकारको हुनेछ ।

२. मुख्यमार्ग: राजमार्गभन्दा कम महत्वको तर विभिन्न जिल्ला तथा अञ्चलहरू पनि आपसमा आवद्ध गरी स्वत: ठूलो महत्व राख्ने मार्गहरूलाई यस वर्गमा राखिनेछ । यिनको प्राविधिक एवं भौतिक विशेषताहरूको न्यूनतम स्तर श्री ५ को सरकारले तोकिदिएबमोजिम हुनेछ । यिनको संभार तथा मरम्मतको अभिभारा श्री ५ को सरकार वा स्थानीय अधिकारीहरूमा राखिनेछ ।

३. क्षेत्रीय मार्ग: मुख्यमार्गभन्दा साधारणत: कम लम्बाई भएका र एक या दुई जिल्लासम्मको दूरता मात्र छिचोल्ने खालका स्थानीय महत्वका सडकहरूलाई क्षेत्रीय मार्ग भनिने छन् । स्थानको आवश्यकताअनुसार यस्ता सडकहरू कालोपत्रे, (पीच) खण्डास्मित (ग्राभेल) या कच्ची (धुले) हुन सक्नेछन् । यिनको मरम्मत तथा संभारको अभिभारा स्थानीय अधिकारीको नै हुनेछ । श्री ५ को सरकारले यस्ता सडकहरूको पञ्जिका खडा गरी यिनको संरक्षणको निमित्त उपयुक्त कदम चाल्नेछ ।

जतिसुकै प्रयास गरे पनि एक शताब्दीको अनास्था र अकर्मण्यताले बिग्री नासिएको देशको सडक- संहित आवश्यकतानुसार नवनिर्माण पूरा गर्न अझै निकै समय लाग्ने देखिन्छ । नेपाली मात्रमा यथाशक्य सेवा र सहायता पुऱ्याउने योजनाको पुनीत लक्ष्यअनुसार यस योजना अवधिमा हत्तपत्त बहित्रवाहनयोग्य मार्ग नबन्ने कुनाकाप्चाका जनतालाई पनि धेर थोर यातायातको सुविधा पुऱ्याउने हेतुले यस्ता बहित्रवाहन नचल्ने बाटोहरूप्रति पनि यथोचित ध्यान दिने प्रयास भएको छ । यसैको सन्दर्भमा यस्ता बाटाहरूको पनि वर्गीकरण भएको छ । मुस्किलले मानिस हिँड्ने अथवा एकोहरो घोडा या खच्चरसम्म पनि जाने बाटोहरूलाई गोरेटो भनिएको छ । देशमा रहेका धेरै जसो बाटोहरू यस्तै अवस्थामा पुगेका छन् । पहाडतिर यस्ता बाटाहरू ज्यादै ठाडा भीर भिराला भरिपूर्ण छन् । तराई तिर पनि पगदण्डी नामका यस्ता साँगुरा बाटाहरू प्रशस्त छन् । आखिरमा यस्ता बाटाहरको निर्माण तथा संभारको सम्पूर्ण अभिभारा पञ्चायतहरूले नै बोक्नेछन् । हाललाई ज्यादै पिछडिएका स्थानहरूमा आवश्यकताअनुसार यिनको चाहिँदो मरम्मत तथा सुधार घोडेटोमा स्तरोन्नति समेत गरिनेछ ।

दोहोरो घोडा चल्न सक्ने बाटोहरूलाई घोडेटो भनिएको छ । घोडेटोहरू ठाम ठाममा निकै चौडा पनि हुन सक्छन् तापनि आवश्यक पुल पुलेसाहरूको अभाव अथवा ज्यादै ठाडो वरालो उकालो परेकोले वहित्रवाहन चल्न नसक्ने हुन्छन् ।

गाडा तथा जीप सम्म चल्नसक्ने बाटोलाई चक्रेटो भनिएको छ । विशेषत: तराई क्षेत्रमा गाउँ र खेत एकातिर तथा बजार र गाउँ अर्कोतिर जोड्नमा यस्ता बाटाहरूको ठूलो महत्व रहेको तथा रहनेछ । उपयुक्त ठाउँहरूमा यिनको स्तरोन्नति गर्दै सबै समयमा चल्ने क्षेत्रीय मार्ग आर्थिक विकासको साथसाथै स्वत: बन्ने आशा राख्न सकिन्छ ।

२. स्थल मार्गहरूको हालसम्मको प्रगति

२००७ सालसम्ममा देशभर जम्मा ३७६ किलोमिटर सडक मात्र थियो । यसमध्ये कालोपत्रे (पीच) ५ कि.मि. र खण्डास्मित (ग्राभेल) ८३ कि.मि. थियो, बाँकी २८८ कि.मि. केवल कच्ची मात्र थियो ।

प्रथम पञ्चवर्षीय योजना (०१४।१४-०१७।१८) सुरु हुन भन्दा अगाडि नेपाल अधिराज्य भरमा करिव २५९ कि.मि. जति पक्की र ३६५ कि.मि. जति कच्ची गरी जम्मा ६२४ कि.मि. सडक निम्न तालिका अनुसार थिए ।

तालिका नं. (१०-१)

प्रथम (पञ्चवर्षीय) योजना सुरु हुनुभन्दा अघि

नेपाल अधिराज्यमा सडकको स्थिति

(किलोमिटरमा)

सि.नं.	सडकहरू	पक्की[1]	कच्ची	जम्मा
१	नेपालगञ्ज सडक	६	-	६
२.	भीमफेदी -अमलेखगञ्ज	४२	-	४२
३.	त्रिभुवन-राजपथ	१२६	-	१२६
४.	बीरगञ्ज-रक्सौल	५	-	५
५.	जोगवनी-धरान	-	४८	४८
६.	काठमाडौ शहरभित्रका सडकहरू	८०	-	८०
७.	काठमाडौं उपत्यका भित्रका अरू सडकहरू	-	८०	८०
८.	भैरहवा -लुम्बिनी	-	२१	२१
९.	तौलिहवा -लुम्बिनी	-	१९	१९
१०.	भैरहवा -त्रिवेणीघाट	-	८०	८०
११.	हेटौंडा- नारायणघाट	-	८०	८०
१२.	बीरगञ्ज-कलैया	-	१६	१६
१३.	जनकपुर- जलेश्वर	-	२१	२१
	जम्मा	२५९	३६५	६२४

[1] पक्कीमा कालोपत्रे तथा खण्डास्मित दुवै गाभिएको छ ।

प्रथम (पञ्चवर्षीय) योजनामा ४८० किलोमिटर पक्की र ९६० किलोमिटर कच्ची गरी जम्मा १,४४० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखिएकोमा १७० किलोमिटर कालोपत्रे (पीच) १७३ किलोमिटर खण्डास्मित (ग्राभेल), र ५६९ किलोमिटर कच्ची गरी जम्मा ९१२ किलोमिटर सडकको सुधार वा नवनिर्माण हुन सक्यो । यस योजनामा सञ्चालन गरिएका सडक आयोजनाहरू र तिनको प्रगति निम्नअनुसार छनः-

तालिका नं. (१०-२)

प्रथम (पञ्चवर्षीय) योजना (२०१३-१८) को प्रगति

(किलोमिटरमा)

सि.नं.	सडक आयोजनाहरू	कालो पत्रे (पीच)	खण्डास्मित (ग्राभेल)	कच्ची	जम्मा
१.	काठमाडौं -कोदारी राजमार्ग	-	-	१९	१९
२.	हेटौंडा- नारायणगढ सडक	-	८०	-	८०
३.	पाटन-गोदावरी	-	-	१९	१९
४.	काठमाडौं उपत्यकाका अन्य सडकहरू	६४	-	-	६४
५.	जोगवानी-धरान	५३	-	-	५३
६.	कुन्छा- पोखरा	-	-	३१	३१
७.	कान्ति राजपथ	-	-	९६	९६
८.	त्रिभुवन राजपथ	४८	३५	-	८३
९.	लुम्बिनी सडक	-	-	२१	२१
१०.	भैसे-रक्सौल	५	३७	-	४२
११.	सुनौली-पोखरा	-	-	८०	८०
१२.	काठमाडौं-त्रिशूली	-	-	६९	६९
१३.	धनगढी-डँडेलधुरा	-	-	४५	४५
१४.	काठमाडौं- जनकपुर	-	-	१४३	१४३
१५.	कृष्णनगर-प्यूठान	-	-	२४	२४
१६.	नेपालगञ्ज- सुर्खेत	-	-	४३	४३
	जम्मा	**१७०**	**१७३**	**५६९**	**९१२**

आर्थिक वर्ष २०१८/१९ मा पक्कीतर्फ ७७ किलोमिटर र कच्चीतर्फ १०१ किलोमिटर गरी जम्मा १७८ किलोमिटर सडक पूरा गरियो ।

दोस्रो (त्रि-वर्षीय) योजनाकाल (०१९।२०-०२१।२२) मा पनि सडक विकासलाई ठूलो प्राथमिकता दिइयो उक्त योजनामा १,१२० किलोमिटर कच्ची र ३२० किलोमिटर पक्की गरी जम्मा १,४४० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखेकोमा ७१ किलोमिटर पक्की र ८५६ किलोमिटर कच्ची गरी जम्मा ९२७ किलोमिटर सडक निर्माण निम्न आयोजनाहरूबाट गरियो ।

तालिका नं. (१०-३)

दोस्रो (त्रिवर्षीय) योजनाको प्रगति (२०१९-२२)

			(किलोमिटरमा)	
सडक आयोजनाको नाम	कालोपत्रे (पीच)	खण्डास्मित (ग्राभेल)	कच्ची	जम्मा
१. पूर्व पश्चिम राजमार्ग	–	–	६२१	६२१
२. काठमाडौं- कोदारी	९	–	९५	१०४
३. सुनौली- पोखरा	–	१४	१३	२७
४. रक्सौल- भैंसे	–	२४	–	२४
५. काठमाडौं- दक्षिणकाली	–	६	–	६
६. काठमाडौं- वुढानीलकण्ठ	–	–	६	६
७. सिनामुगल- भक्तपुर	–	८	–	८
८. राजविराज- कुनौली	–	५	८	१३
९. वीरगंज- कलैया	–	–	१३	१३

१०. नेपालगञ्ज- गोसाई गाउँ	–	१	–	१
११. तौलीहवा- खुनुवा	–	४	७	११
१२. कोइलावास- घोराही	–	–	६४	६४
१३. रत्नराजपथ (जलकुण्डी- दाङ्ग विमानस्थल)	–	–	२९	२९
जम्मा	९	६२	८५६	९२७

तेस्रो योजना सुरु हुनु अगाडिसम्म २८९ किलोमिटर कालोपत्रे, १४७ किलोमिटर खण्डास्मित र १,३९० किलोमिटर कच्ची गरी जम्मा १,८२६ किलोमिटर सडक हुन आयो ।

तेस्रो योजना अवधि (०२२।२३–०२६।२७) भित्र संशोधित योजनाअनुसार ७५८ किलोमिटर पक्की र ६०७ किलोमिटर कच्ची गरी जम्मा १,३५७% किलोमिटर सडक निर्माण गर्ने लक्ष्य निर्धारित गरियो । उक्त लक्ष्यको दाँजोमा योजनाको अन्तिम वर्षसम्म ४०५ कालोपत्रे, २३० खण्डास्मित, र ४५५ कच्ची गरी जम्मा १,०९० किलोमिटर अर्थात् ८० प्रतिशत सडक निर्माण भयो जुन तल तालिकामा सबिस्तार देखाइएको छ ।

मिटर कच्ची, ११० किलोमिटर खण्डास्मित र ४३ किलोमिटर कालोपत्रे सडक निर्माण गरियो । चौथो योजनाको पहिलो वर्षसम्म सम्पूर्ण लम्वाई २५६ किलोमिटर कालोपत्रसमेत लगाई पूर्ण गरिनेछ । यस सडकको निर्माण कार्य समाप्त भएपछि विकास संभाव्य पूर्वी भागलाई योगदान हुन जानेछ । मुख्यतः मेची, कोशी र जनकपुर अञ्चलका औद्योगिक इलाकाहरूले यस सडकबाट फाइदा उठाउन सक्नेछन् । हाम्रो औद्योगिक मालसामानहरूको आन्तरिक वजार पहिलेको भन्दा विस्तृत हुनेछ र राष्ट्रिय खाद्यान्नको अधिकतम उत्पादन गर्ने क्षमता भएका पूर्वी तराई भाग आपसमा आवद्ध भई स्थानीय निकासी व्यापारको वृद्धि हुनेछ । त्यसवाहेक स्थानीय उद्योग धन्दाहरूलाई आवश्यक सरसामानहरू र कच्चा पदार्थहरूको ढुवानी गर्न पनि यस सडकले सहुलियत प्रदान गर्नेछ । यस सडकमा ठूला तथा साना पुलहरू ११९, उच्चमार्ग (कजवे) ५२ र पुलेसाहरू (कल्भर्ट) १,५०० वटा रहनेछन् ।

महेन्द्र राजमार्गको जनकपुर अञ्चलस्थित २३ किलोमिटर लामो जलेश्वर–जनकपुर भागको कच्ची मार्गलाई चौथो योजनाको पहिलो वर्षमा नै पक्की तुल्याउने क्रम पूरा गरिनेछ । यो आयोजना ०२५।२६ मा नै सुरु गरिएको थियो । यस सडकको निर्माणबाट पूर्वी औद्योगिक इलाकाहरूलाई मद्दत पुग्न जानेछ ।

क (२) कमला पुल :

ढल्केवर–झापाअन्तर्गत पर्ने कमला नदी माथिको पुलसम्वन्धी विगत योजनाहरूमा कुनैपनि उल्लेख भएको देखिँदैन, जसले गर्दा सम्पूर्ण महेन्द्र राजमार्गको उपयोगिता नै घट्न जाने देखिन्छ । तसर्थ यस योजनामा राजमार्गमा पर्ने कमला नदीमा पुल हाल्ने काम पनि सम्पादन गरिनेछ ।

क (३) ढल्केवर–पथलैया खण्ड (सिमरा–जनकपुर) :

महेन्द्र राजमार्गको पूर्वीभाग स्थित सिमरा–जनकपुर खण्डको निर्माण कार्य तेस्रो योजनाकालमा समाप्त गर्ने लक्ष्य रहे तापनि कैयन कारणले गर्दा पथलैयादेखि वाग्मतीसम्मको २८ किलोमिटर कालोपत्रे र बाँकी २६ किलोमिटर सडकको खण्डास्मित रूपमा र अन्य दुईवटा पुलहरू मात्र निर्माण हुन सकेको छ । चतुर्थ योजनामा सो राजमार्गको सबै हिस्साको निर्माण कार्य पूरा गरिनेछ । जम्मा ११७ किलोमिटर लम्वाई भएको यस सडकको निर्माण समाप्त भएपछि जनकपुर र नारायणी अञ्चलका क्षेत्र आपस्तमा जोडिनेछन् । यसवाहेक २०२८ सालमा भारतीय सहायताबाट पूरा गरिने जनकपुर–झापा मार्गको निर्माण कार्यमा सहयेाग मात्र होइन, पूर्व मेचीदेखि काठमाडौंसम्मका जनता आपसमा चिनापर्ची भई संस्कृतिको समेत बढ्दो आदान प्रदानद्वारा छिटो विकास हुनेछ ।

यस राजमार्गको बाग्मतीसम्म ठूला पुलहरू ८, साना पूल तथा पुलेसाहरू (कल्भर्टस्) ७२ वटा रहनेछन् । अरु बाँकी भागमा १७ वटा ठूला पुल र अरु ५० वटा जति साना पुल र पुलेसाहरू रहनुपर्ने अनुमान छ ।

क (४) नारायणगढ–बुटवल :

महेन्द्र राजमार्गको नारायणगढ–बुटवल भागमा वेलायत सरकारको ऋण अनुदान सहायताबाट तेस्रो योजनाको अन्तसम्ममा कच्ची सडक निर्माण गरिने लक्ष्य भएकोमा यस सडकको सम्पूर्ण १२२ किलोमिटरलाई नै चौथो योजनाको आखिरसम्ममा कालोपत्रे बनाइनेछ । यस सडकको निर्माणबाट नारायणी र लुम्बिनी अञ्चल आपसमा आवद्ध हुनुको साथै विकास संभाव्य मध्यक्षेत्रलाई जोड्नेछ ।

क पृथ्वी राजमार्ग :

त्रिभुवन राजपथको नौबिसेबाट धार्के, गल्छी, गजुरीटार, मुगलिङ र दमौली हुँदै पोखरामा गई अन्त हुने यस राजमार्गको निर्माण कार्य चिनीयाँ सहायताबाट ०२३।२४ मा सुरु गरी तेस्रो योजनाको अन्तसम्म कच्ची सडक बनाइने लक्ष्यअनुसार यस सडकको कुल लम्वाई १७६ किलोमिटरमध्ये २० किलोमिटर खण्डास्मित र बाँकी कच्ची गरी

पोखरासम्म नै भाण्डवाहन (ट्रक) चल्न सक्ने अवस्थामा पुऱ्याइयो । यस चौथो योजनाको पूर्वार्द्धमा नै बाँकी सम्पूर्ण लम्वाई खण्डास्मित (ग्राभेल) गरिनेछ ।

यस सडकले बाग्मती, नारायणी र गण्डकी अञ्चलका मध्यवर्ती पहाडी इलाकाहरूलाई जोडी यत्रतत्र माटो सुहाउँदो फलफूल खेतीको अभियान एवं यस्तै विकास कार्यहरूको सञ्चालन गराई स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्ने ढोकाहरू खोलिदिएको छ । साथै ऐतिहसिक पृष्ठभूमि, धार्मिक दृष्टिकोण र प्राकृतिक दृश्यहरूले महत्व भएको बन्दीपुर, गोरखा र मनकामनामाईले पर्यटकहरूलाई आकर्षण गर्नेछन र राष्ट्रिय आयमा समेत अभिवृद्धि गराउन यस सडकले सहयोग पुऱ्याउनेछ ।

क ६.मुख्यमार्ग :

क. धनगढी–डडेलधुरा

कूल लम्वाई १४५ किलोमिटर भएको यस सडकको निर्माण कार्य संयूक्त राज्य अमेरिकाको आंशिक सहायताबाट तेस्रो योजनाको तेस्रो वर्षमा सुरु गरिएको हो । तेस्रो योजनाको अन्तिम वर्षमा तराई र पहाडी भागमा गरी ७ किलोमिटर खण्डास्मित (ग्राभेल) र ६५ कि. मि.सम्म कच्ची बनाइएको छ । चौथो योजनाको चौथो वर्ष ०३१।३२ सम्म यस सडकलाई पूर्ण रूपले खण्डास्मित (ग्राभेल) बनाइनेछ ।

यस सडकको निर्माण भएपछि सुदूर पश्चिमी पहाडका अभावग्रस्त जिल्लाहरू जस्तै डडेलधुराका अतिरिक्त डोटी, वैतडी, अछाम, दार्चुला, बाजुरा तथा बझाङ्गलाई पनि दैनिक उपभोगका वस्तुहरू प्राप्त गराउनुको अतिरिक्त अन्य विकासको मूल फुटाउनमा पनि सहायक हुने देखिन्छ । साथै लेक लेकमा विस्तृत रूपले फलफूलको खेती खास गरी विदेशी मुद्रा आर्जन गर्न सकिने केसर, स्याउ आदिको खेती गर्न सकिने प्रशस्त सम्भावनाहरू छन् त्यस्तै गरी हरेक साल प्रशस्त मात्रामा राजापुर भन्सारभएर मात्र माथिका जिल्लाहरूबाट अन्दाजी ६।७ हजार मन घिउ भारतीय नेपाली ठेकेदारहरूले निकासी गर्दै आएका छन् । धनगढी–डडेलधुरा सडक पूरा भएमा उत्पादक र उपभोक्ता बीच सोझै सम्बन्ध हुनजाने भई स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्नमा निकै मद्दत हुनेछ । यसबाट प्रतिव्यक्तिको आम्दानी बढ्नको साथै राष्ट्रिय आयमा समेत वृद्धि हुने नै छ ।

यस सडकमा अन्दाजी ४३ वटा साना र ठूला पुलहरूको साथै ६० वटा पुलेसाहरू हुनेछन् । यस सडकले डढेलधुराका अनकण्टार वस्तीहरू र भविष्यमा डोटी, वैतडी, अछाम, दार्चुला, बाजुरा तथा बझाङलाई समेत सम्पर्क गर्ने हुनाले धेरै अघिदेखि सुदूर पश्चीमी इलाकाहरूको अवहेलना भएको छ भन्ने कटु धारणालाई मेटाउन आर्थिक वाहेक सामाजिक महत्व पनि छ ।

ख. भक्तपुर–काठमाडौं :

हाल ठिमी भई भक्तपुर जाने यस मार्गबाट प्रतिदिन ५,६४१ जना यात्रुहरू ३१ वटा जति (सर्वयान) बसहरूवाट आवत जावत गर्दछन् । वास्तवमा काठमाडौंका बासिन्दाहरूको निमित्त आवश्यक तरकारी र खाद्यान्न वस्तुहरू प्रशस्त मात्रामा यसैबाट पुऱ्याउँदै आएका छन् । साथै यस बाटोबाट बनेपा, धुलीखेल, पाँचखाल र बाह्रविसेसम्म काठमाडौंको व्यापारमा वृद्धि हुन थालेको छ । तर काठमाडौं र भत्रक्तपुरबीचको बाटो कम क्षमताको हुनुका साथै ज्यादै साँघुरो र अति घुइँचो हुन थालेको छ । यसबाट यात्रुहरूमा अनेकन पीरमर्का पर्नुको साथै दुर्घटना हुने भयहरू पनि उत्पन्न हुन थालेको छ । यसको अलावा बाटोको खराबीले सवारीको चालू खर्च स्वत: बढ्दै गएको छ । जसअनुसार सार्तैल (पेट्रोल) तथा डिजलमा मात्र प्रतिवर्ष . ५,००,०००।- (पाँच लाख) अनावश्यक बढी खर्च भईरहेको अनुमान छ ।

तसर्थ यस सडकको वैकल्पिकको रूपमा योजनाको चौथो बर्षदेखि चिनीयाँ सहायताअन्तर्गत थापाथलीबाट भक्तपुर जाने बाटोको निर्माण जोड तोडका साथ भईरहेको छ । चतुर्थ योजनाको पहिलो वर्षसम्म १३ किलोमिटर लम्वाई भएको यस सडकलाई कालोपत्रे गरिनेछ । यस सडकको निर्माण कार्य पूर्ण भएमा यात्रुहरूलाई पनि आरामदायक हुनेछ, सवारीको चालू खर्चमा पनि कमी हुनेछ, र अप्रत्यक्षतवरबाट राष्ट्रिय आम्दानीमा पनि अभिवृद्धि गराउनेछ ।

ख. महेन्द्र राजमार्गको बाँकी पश्चिमी भाग

यसक्षेत्रअन्तर्गत सुदूर पश्चिमतर्फको बुटवल–कोहलपुर र कोहलपुर–बनवासाको जम्मा सडक ४३७ कि. मि. मध्ये यस योजनाको २०० कि. मि. खण्डास्मित र २३७ कि. मि. कच्ची गरिनेछ ।

तालिका नं. (१०–९)

आयोजनाको नाम	भौतिक			कैफियत
	कालोपत्रे	खण्डास्मित	कच्ची	
१	२	३	४	५

१. बुटवलदेखि पश्चिमतर्फको बाँकी महेन्द्र राजमार्ग	–	२००	२३७	
२. नारायणी पुल र हेटौंडा नारायणगढ सडक सुधार	८३	–	–	
जम्मा :	८३	२००	२३७	

१. बुटवलदेखि पशिचमसम्मको बाँकी पश्चिमी भाग

पहाड र तराई क्षेत्रका कृषि उपजहरू बजार विनिमयको निमित्त नेपालगञ्ज, राजापुर र धनगढीमा मुख्य रूपले ल्याइन्छ । खासगरी यी क्षेत्रहरूले कृषि उपजहरूको निकासी गर्ने केन्द्र र भारतबाट आयात गरिने उपभोग्य वस्तुहरूको आयात गरिने केन्द्रको रूपमा सेवा उपलब्ध गराउँछ । अझ महेन्द्रनगर त बाटोको असुविधाले गर्दा पूर्वपट्टीको तराईसँग सम्पर्क नभई सबै किसिमको व्यापार भारतसँगको सानो बजारमा नै केन्द्रित छ ।

यस क्षेत्रको सम्पूर्ण सडक पूरा भएमा निकासी गर्ने क्षमतामा वृद्धि मात्र हुने नभई भेरी, सेती र महाकाली अञ्चलका अरु इलाकाहरूको साथै राप्ती र लुम्बिनी अञ्चलका तराई भाग आपसमा आवद्ध हुनेछन् । साथै मुलुकको महत्वपूर्ण भागलाई जोडी देशको मुख्य साधन भएको प्रथमत: पूर्व तथा पश्चिम तराईको अनि पहाडी क्षेत्रहरूको अर्थ व्यवस्थालाई एकीकरण गर्ने दृष्टिकोणबाट पनि यस सडकको ठूलो महत्व छ ।

२. **हेटौंडा–नारायणगढ नारायणी पुल**

महेन्द्र राजमार्गको पश्चिमी भागलाई जोड्ने हेटौंडा–नारायणगढ खण्डलाई राजमार्ग स्तरको बनाउन तेस्रो योजनाकालमा सर्वेक्षण कार्य पूरा गरियो । ८३ किलोमिटर लम्बाई भएको यस राजमार्गको निर्माण कार्य ०२७।२८ मा सुरु गरी ०३१।३२ सम्म आवश्यक ठाउँहरूमा सडक तथ पुल पुलेसाहरूको सुधार कार्यसमेत पूरा गरी कालोपत्रे (पीच) हुनेछ । यसको निर्माणबाट विकास संभाव्य पूर्वी भागसँग जोडिने छ र स्थानीय इलाकाको अर्थ व्यवस्थाको विकासमा ठूलो योगदान दिनेछ ।

महेन्द्र राजमार्गमा पर्ने नारयणी नदीमा यातायातको आवागमन चालू राख्ने उपयुक्त व्यवस्था गरिनेछ । हाल सम्म यस नदीमा यदाकदा तरणी (Ferry) सम्म चल्ने गरेको छ । तेस्रो योजना अवधि भित्र यहाँ आवश्यक व्यवस्थाको लागि चाहिने आर्थिक तथा प्राविधिक सर्वेक्षण अन्तिम चरणमा पुगेको छ । चतुर्थ योजनामा प्रतिवेदनअनुसार पुल वा तरणीको निर्माण पूरा गरिनेछ ।

(ग) **विकास–रेखा–मार्ग निर्माण गर्ने** :

नेपालको उत्तरी भाग तमाम पहाडी र दक्षिणी भाग पूरा मैदान भएकाले यी दुई इलाकाको व्यवसाय, उत्पादन, भविष्यको विकास संभाव्यता इत्यादि हर कुरामा विभिन्नता भएकाले उत्तर दक्षिण बाटो बनेमा ठाउँअनुसार आर्थिक दक्षताको आधारमा बढी लाभ दिने उत्पादन मात्र गरेर तराईमा हुन नसक्ने कुराहरू पहाडबाट र पहाडमा हुन नसक्ने कुराहरू तराईबाट परिवहन गर्न सकिनेछ र अन्तरप्रादेशिक व्यापारमा सक्रियता आउनेछ ।

साधारणत: पहाडी क्षेत्र खाद्यान्न अभाव इलाका र तराई वचत इलाका भएकोले र भविष्यमा पनि तुलनात्मक दृष्टिकोणबाट पहाडमा खाद्यान्नभन्दा बढी फाइदा हुने अन्य खेती गर्न प्रोत्साहित गरी स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्न पहाड र तराई जोड्ने बाटोको आवश्यकता स्पष्ट छ ।

चौथो योजनाकालमा पिछडिएका पहाडी र अन्य इलाकाहरूमा समेत विकास कार्यक्रमको सिंहावलोकन गरी क्षेत्रीय विषमता पनि हटाउन तराई र पहाड जोड्ने बाटोको आवश्यकतालाई महसुस गरियो । तदनुरूप देशको हिमाली, पहाडी र तराई भागको साथै पूर्वाञ्चल, मधयमाञ्चल र पश्चिमाञ्चल प्रदेशहरूको प्रतिनिधित्व भएका जिल्लाहरू जस्तै कर्णाली क्षेत्रमा जुम्ला, गण्डकी क्षेत्रमा जोमसोम, बागमती अञ्चल क्षेत्रमा धुन्चे र बाह्रबिसे तथा कोशी अञ्चल क्षेत्रमा खाँदबारीजस्ता केन्द्रहरूमा "प्रादेशिक विकाश कार्यक्रम" प्रारम्भ गर्न सडक सुविधाहरू उपलब्ध गराइने छ । यस्ता सडकहरू जम्मा ८४० किलोमिटरको हुने अनुमान छ । यस मध्ये यस योजना अवधिमा २५४ मिलेमिटर सडक निर्माण हुनेछ । काठमाडौं क्षेत्रमा बाह्रबिसेसम्मको सडक बनिसकेको हुनाले यसवाहेक निम्न आयोजनाहरू लिइनेछन् ।

तालिका नं. (१०–१०)

	(किलोमिटरमा)
सडक आयोजनाको नाम	भौतिक लक्ष्य कालोपत्रे – खण्डास्मित – कच्ची

१. नेपालगञ्ज–जुम्ला (महेन्द्र राजमार्गदेखि सुर्खेतसम्म)	–	७७	–
२. पुतलीखेत–बाग्लुङ–टुकुचे–जोमसोम (पुतलीखेतदेखि वागलुङसम्म)	–	८०	–
३. त्रिशूली–धुन्चे	–	२५	–
४. धरान–धनकुटा–खाँदवारी (धरानदेखि धनकुटासम्म)	–	७२	–
जम्मा :		२५४	

(१) **नेपालगञ्ज–जुम्ला मुख्य मार्ग**

अन्दाजी २५० किलोमिटर लामो हुने यो सडक कोहलपुरबाट सुर्खेत, कालीकोट र दैलेख भै जुम्ला जाने पश्चिमी मूल बाटोको एक भाग हो आवागमनको दृष्टिकोणबाट नेपालगञ्ज र सुर्खेतमा एक एक वटा हवाई मैदानहरू र जुम्लामा एक सानो हवाई मैदान गरी जम्मा ३ वटा हवाई मैदानहरू छन्, तर यसको उपभोग आंशिक जनताले मात्र गर्न पाएका छन् । साथै कम उपज र सीमित खेतीयोग्य जग्गाहरू भएको हुनाले कामको खोजीमा र व्यापार गर्न यस क्षेत्रबाट बराबर सुर्खेत, दाङ र नेपालगञ्जमा आई बस्न थालेका छन् । यसले गर्दा भविष्यमा दैलेख, जुम्ला आदि ठाउँबाट दाङ, सुर्खेत र अझ बढी नेपालगञ्जको नगरमा जनघनत्वको चापले समस्या उत्पन्न गराउने सम्भावना छ । तसर्थ यस बाटोको निर्माणबाट सानातिना विकास परियोजनाहरू स्वतः आउने भै रोजगारीको समस्या पनि केही हदसम्म कमी हुनेछ ।

चतुर्थ योजनामा भेरी अञ्चलको सुर्खेत जिल्लासम्म ७७ किलोमिटर सडक निर्माण हुनेछ । खासगरी पश्चिमी नेपालको व्यापारिक मूल ढोका नेपालगञ्ज भएकाले यस सडकबाट चारैतिर घेरिएको जिल्लाले सुर्खेतमा मात्र सीमित नभई नेपालगञ्जमा पनि आफ्नो व्यापार फैलाउन सक्नेछ ।

(२) **पुतलिखेत–टुकुचे–जोमसोम**

यो सडक सिद्धार्थ राजमार्गको सम्वन्धित श्रृंखलावद्ध भैरहवा, पाल्पा, स्याङजा, पोखरा, वाग्लुङ र टुकुचे भै जोमसोम जाने गण्डकी क्षेत्रको एक मुख्य मार्ग हो । हाल जोमसोममा एउटा सानो हवाई मैदानवाहेक अरु आधुनिक यातायातको साधन छैन । तसर्थ यस क्षेत्रलाई पनि अन्य दुर्गम क्षेत्रहरूजस्तै दुर्गम मानिएको छ । यसको अलावा यो क्षेत्र शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि पछाडी परेको हुनाले स्थानीय वासिन्दाहरूलाई पनि विकास कार्यक्रममा बढी दिलचपी दिलाउन यो बाटोको निर्माण गर्न आवश्यक भएको छ । मुक्तिक्षेत्रजस्तो पवित्र तीर्थस्थल दर्शन गर्न लाखौं तीर्थयात्रीहरूको आवागमन हुनुका साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल पनि भएकाले पर्यटन विकास हुन सक्नेछ । साथै वरिपरिका गाउँहरू पनि स्वतः विकास हुनेछन्

उपयुक्त तथ्यलाई ध्यानमा राखी यस चतुर्थ योजनामा पुतलीखेतदेखि वाग्लुङसम्मको ८० किलोमिटर बाटो निर्माण गरिने लक्ष्य राखिएको छ ।

(३) **त्रिशूली–धुन्चे–गतलाङ**

वाग्मती अञ्चलमा पर्ने धुन्चे क्षेत्रलाई वीरगन्ज, हेटौंडा र त्रिशूलीबाट जोडने योजनाको प्रारम्भिक रूपरेखामा उल्लेख भएको छ । तर कतिपय कठिनाइहरू उत्पन्न भएकाले धुन्चे वैकल्पिक रूपरेखामा उल्लेख भएको छ । तर कतिपय कठिनाईहरू उत्पन्न भएकाले धुन्चे वैकल्पिक रूपमा राखी त्रिशूलीबाट स्याब्रु भै गतलाङ्ग जोडने सडकलाई चौथो योजनामा लिइएको छ । काठमाडौं–गतलाङ्गको कुल लम्वाई १५० किलोमिटर हुनेछ । यसमध्ये काठमाडौंबाट त्रिशूली सम्मको ७० किलोमिटर कच्ची सडक चौथो योजना अवधिमा कालोपत्रे हुनेछ । बाँकीमध्ये चौथो योजनामा चक्रेटोको (जीपेवल) रूपमा त्रिशूलीबाट धुन्चेसम्मको ३५ किलोमिटर सडक मात्र निर्माण गरिनेछ । गोसाईकुण्डजस्तो तीर्थ स्थान पनि यसै क्षेत्रमा भएकाले लाखौं थीर्थयात्रीहरू पर्यटकहरू पनि आकर्षित हुनेछन् । यस उत्तरी भेकमा । वहित्रवाहनयोग्य मार्ग बन्न गएमा अरु विकास हुनुको साथै दुग्ध र फलफूल विकासको पनि धेरै सम्भावना छ । यस बाटोको निर्माणबाट गतलाङ्ग क्षेत्रमा खेर गैरहेको वनसम्पदाले अभावग्रस्त काठमाडौंको बजामा निरन्तर प्रतिवर्ष २० लाख ३० हजार जति घन फीट (क्यू.वि.) काठ निवासी गर्नसक्ने सम्भावना देखिएको छ ।

(४) **धरान–धनकुटा–खाादवारी मुख्यमार्ग**

यस मार्गले उत्तरमा संखुवासभासम्म वहित्रवाहन पुऱ्याई ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, धनकुटा, भोजपुर आदि जिल्लाका वासिन्दाहरूलाई आधुनिक यातायातको सहुलियत सीमित मात्रामा भएपनि प्रदान गर्नेछ । यस क्षेत्रमा हाल तुम्लिङटार स्थित सानो हवाई मैदान वाहेक अरू कुनै आधुनिक यातायातको साधन छैन ।

चतुर्थ योजनामा पूर्वी पहाडको मूल बाटोको रूपमा रहेको धरानदेखि धनकुटासम्म ७२ किलोमिटरको वहित्रवाहन गुड्ने वाटोको निर्माण गरिनेछ । यसबाट कोशी अञ्चलको धनकुटा, तेह्रथुम र सँखुवासभा, मेची अञ्चलको चाप्लेजुंग, सगरमाथा अञ्चलको भोजपुरसमेतको केही हदसम्मको यातायात समस्या समाधान हुनेछ । साथै नेपाल र भारतमा प्रशिद्ध खोकु र छिन्ताङको सुन्तलाले बजार पाई स्थानीय वासिन्दाहरूले जीविकोपार्जनको निमित्त

कृषिको वैकल्पिक रूपमा फलफूलको खेतीले ठूलो स्थान पाउनसक्नेछ । भविष्यमा यो जिल्ला निम्बु प्रजातीय (सिट्रस) फलफूलको खेतीको नमूना स्वरूप भै अन्यत्र जिल्लाहरूमा पनि यसको विकास हुन सक्नेछ । उक्त सडकको निर्माणबाट समीपवर्ती जिल्लाको विकासमा सहयोग पुग्नुको साथै क्षेत्रीय विषमता पनि कम गर्नमा सहायक हुनेछ ।

(घ) अन्तर जिल्ला, जिल्लाभ्यन्तर क्षेत्रीय मार्ग

पूर्वी तराई भागमा महेन्द्र राजमार्गको केही भाग र मध्यवर्ती पहाडी भागमा पृथ्वी राजमार्ग (नौविसे–पोखरा) पनि सेवामा आउन थालिसकेको छ । आर्थिक औचित्यको दृष्टिकोणबाट बढी लाभदायक बनाउन यस्ता मार्गहरूलाई व्यापारिक केन्द्रहरू, घनावस्ती भएको इलाका र बढी उपज हुने क्षेत्रहरूसित जोड्नु पर्दछ । एक जिल्लाहरूबाट अर्को जिल्ला र जिल्ला भित्रै आधुनिक यातायातको सुविधाहरू सामाजिक कारणहरूबाट पनि उपलब्ध गराउनु अति वाञ्छनीय भएको छ । उपयुक्त हाल निर्मित राजमार्गहरू घनावस्ती भएको इलाका, व्यापारिक केन्द्र र उब्जाउ क्षेत्रहरूबाट केही किलोमिटरको दूरीमा पर्दछन् । तसर्थ यस चौथो योजनाकालमा बजार, उब्जाउ जग्गा, बाक्लो वस्ती र राजमार्ग बीचमा राम्रो सम्पर्क स्थापित गराउन केही स-साना मार्गहरूको निर्माण हुन अति आवश्यक भएको छ ।

यसअन्तर्गत बन्ने मार्गहरू पहाडी क्षेत्रमा गोरखा र चौतारा तथा भित्री मधेशमा दाँग, तराईतर्फ झापा, कपिलवस्तु, सप्तरी रौतहटमा पर्न आउँछ । यसको जम्मा लम्बाई १५० किलोमिटर हुनेछ र चतुर्थ योजनामा यसलाई सम्पूर्ण खण्डास्मित (ग्राभेल) गरिनेछ । यिनीहरूको पूर्ण विवरण निम्न प्रकार छ ।

तालिका नं. (१०–११)

	(किलोमिटरमा)
(घ) जिल्ला अन्तर तथा जिल्लाभ्यन्तर सडक आयोजनाको नाम	भौतिक लक्ष्य
१. गोरखा–पृथ्वी राजमार्ग	२५
२. चौतारा–अरनिको राजमार्ग	२६
३. गौर–महेन्द्र राजमार्ग	३३
४. कृष्णनगर–बहादुरगञ्ज–महेन्द्र राजमार्ग	२०
५. दाङ–महेन्द्र राजमार्ग	१६
६. चन्द्रगढी–महेन्द्र राजमार्ग	१६
७. राजमार्ग–महेन्द्र राजमार्ग	१४
जम्मा :	१५०

घ १. गोरखा–पृथ्वी राजमार्ग

हाल गोरखा जिल्लाको उपजले अभावग्रस्त जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ, तनहुँ, लमजुङ, कास्की जिल्लाहरूको आवश्यकतालाई केही हदसम्म पुऱ्याउँदै आएको छ । यातायात साधनको राम्रो विकास भएमा यस जिल्लाको अन्य विकास कार्यक्रमहरूमा परिपूरक हुन जाने भै स्थानीय वासिन्दाहको जीवनस्तमा वृद्धि हुनेछ । साथै गोरखाको आफ्नै ऐतिहासिक पृष्ठभूमिमा र प्राकृतिक सौन्दर्य भएकाले पर्यटन उद्योगको राम्रो विकास हुनसक्ने सम्भावनाहरू छन् ।

यस योजनामा गोरखा सदरमुकामसम्म जोड्ने खण्डास्मित (ग्राभेल) स्तरको पृथ्वी राजमार्गको सहायकको रूपमा निर्माण गरिनेछ । यसको लम्बाई २५ किलोमिटर हुनेछ ।

घ २. चौताराअरनिको राजमार्ग

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारासम्म राम्रो मौसममा जीपसम्म चल्न सक्ने चक्रेटोको निर्माण जनताको श्रमदानबाट बनिसकेको छ । यसै जिल्लाबाट खास गरी काठमाडौंको बजारमा कमी भैरहेको मासु, माछा आदिको समस्यालई केही हदसम्म पूर्ति गर्दै आएको छ । उक्त सडकलाई बाह्रै महिना ठूला ठूला वहित्रवाहन चल्न सक्ने किसिमबाट फराकिलो र पक्की सडकको निर्माण हुन सकेमा यहाँको घिउ तथा अन्य फलफूलले पनि राम्रो बजार पाइ यसको विकासतर्फ स्थानीय वासिन्दाहरू जागृत हुनेछन् । साथै पनीर उद्योगको प्रवर्द्धनमा पनि प्रशस्त सम्भावनाहरू छन् ।

यस योजनामा उक्त सडकलाई चौडा पारी अरनिको राजमार्गको सहायकको रूपमा खण्डास्मित (ग्राभेल) स्तरको सडकमा परिणत गरिनेछ । यसको लम्बाई २६ किलोमिटर हुनेछ ।

घ ३. गौर–महेन्द्र राजमार्ग

यो मार्गमा पर्ने रौतहट जिल्ला ज्यादै उर्वरा छ, तर बजारको अभावले गर्दा स्थानीय उत्पादनहरूको राम्रो विकास र प्रवर्द्धन हुन पाएको छैन । खास गरी बाग्मतीबाट सिंचित भएको हुनाले खाद्यान्न वाहेक उखुजस्ता नगदे बालीको खेती पनि प्रशस्त मात्रामा हुन्छ । तर सुव्यवस्थित बाटोको र बजारभन्दा धेरै टाढा रहेको हुनाले एकदम

अनकण्टार छ । यस योजनामा महेन्द्र राजमार्गको सहायकको रूपमा गौरसम्मको सडक निर्माण गरिनेछ । यसको सम्पूर्ण लम्वाई ३३ किलोमिटर हुनेछ । यसलाई चौथो योजना अवधिमा खण्डास्मित (ग्राभेल) गरिनेछ । यस सडकको निर्माण भएमा स्थानीय उत्पादनले सजिलैसित बजार पाउनेछ । वीरगञ्ज चिनी कारखानाले पनि क्षमताअनुसार चलाउन सजिलैसित उखु पाउन सक्ने सम्भावना छ ।

घ ४. कृष्णनगर–बहादुरगञ्ज–महेन्द्र राजमार्ग

पश्चिमी तराईको व्यापारिक दृष्टिकोणबाट सम्पन्न भएका जिल्लाहरूमा कृष्णनगर र बहादुरगञ्ज शहरहरूको आफ्नै स्थान छ । बस्तीको दृष्टिकोणबाट पनि यी शहरहरू महत्वपूर्ण छन् । खास गरी प्यूठान र अर्घाखाँचीजस्ता पहाडी जिल्लाहरूको आयात निर्यातको मुख्य बाटो पनि यतैतिर छ अतः यहाँबाट यी पहाडी जिल्लाहरूमा मार्गद्वारा सम्पर्क राम्रो गराउन प्रथम आवश्यक भएको छ । निर्यातको हकमा यस जिल्लाहरूबाट प्रशस्त मात्रामा धान, चामलको अतिरिक्त काठ र उखु पनि निकासी गरिन्छ । कृष्णनगरमा मात्र करिब २००० हेक्टर भूमिमा उखुको खेती गरिन्छ । विगत योजनाहरूको कार्यान्वयनबाट यस क्षेत्रमा सानातिना आयोजनाहरू पनि विकसित हुन थालेका छन् । यसबाट पनि यातायातको विकास यस क्षेत्रमा सुव्यवस्थित ढङ्गबाट गरिनु अति आवश्यक हुन आएको छ । तसर्थ यस योजनामा कृष्णनगर देखि बहादुरगञ्ज भै महेन्द्र राजमार्गसम्मको सहायक मार्गको रूपमा खण्डास्मित स्तरमा निर्माण गरिनेछ ताकि भविष्यमा यहाँबाट उत्तरी पहाडी इलाकामा मार्ग बिस्तार गर्न सकियोस् । यसको लम्वाई २० कि. मि. हुनेछ ।

घ ५. दाङ–महेन्द्र राजमार्ग

राप्ती अञ्चलको पश्चिमी भित्री मधेसमा रहेको दाङ जिल्ला सल्यान, प्यूठान, रुकुम र रोल्पाजस्ता पार्वत्य प्रदेशहरूको व्यापारिक केन्द्र रहेको छ । यसै जिल्ला भएर धान चामलका अतिरिक्त प्रशस्त मात्रामा घिउ पनि निकासी गरिन्छ । तर बाटाको अभावले गर्दा स्थानीय उत्पादनहरू कम दाममा बिक्री गरिन्छन् । तसर्थ यस योजनामा दाङबाट महेन्द्र राजमार्ग जोड्न करिब १६ किलोमिटर खण्डास्मित (ग्राभेल) स्तरमा सहायक मार्गको रूपमा निर्माण गरिनेछ । उक्त सडकको निर्माणबाट स्थानीय वस्तुले राम्रो बजार पाउने भई स्थानीय बासिन्दाहरूको जीवनस्तरमा समेत परिवर्तन आउनेछ ।

घ ६. चन्द्रगढी–महेन्द्र राजमार्ग (धुलाबारी)

चन्द्रगढी मेची अञ्चलमा पर्ने झापा जिल्लाको सदरमुकाम हो । वास्तवमा यो जिल्ला नेपाल अधिराज्यको बढी उब्जाउ र सम्पन्न जिल्ला हो । झापा जिल्लाले मात्र कुल उत्पादनको १० प्रतिशत उत्पादन गर्दै आएको अनुमान छ । हाल निर्मित महेन्द्र राजमार्गले आन्तरिक एवं वाह्य व्यापारमा तीव्रता ल्याउने नै छ तर धुलाबारीदेखि दक्षिणपट्टिको सम्पन्न एवं उब्जाउ क्षेत्रलाई सहायक मार्गले नजोडेसम्म उक्त उद्देश्य हासिल गर्न नसकिने स्वतः सिद्ध छ । तसर्थ यस योजनामा चन्द्रगढीदेखि धुलाबारीसम्मको १६ किलोमिटर सडक खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ । उक्त सडकको निर्माणबाट साधनसम्पन्न भएको यस जिल्लामा जूट प्रशोधित उद्योग, कागज उद्योग र अन्य उद्योग खोल्नमा सहायता पुग्न जानेछ ।

घ ७. राजविराज–महेन्द्र राजमार्ग

सगरमाथा अञ्चलको मुख्य केन्द्रको रूपमा राजविाजको ठूलो स्थान छ । चन्द्रनहरजस्ता अन्य सिँचाइ सुविधाहरू उपलब्ध भएको हुनाले यस क्षेत्रको जग्गा बढी उब्जाउ हुनुको साथै यहाँ जनघनत्व पनि ज्यादै छ । धान, चामलका अतिरिक्त यस क्षेत्रबाट प्रशस्त मात्रामा कच्चा सनपाट, तोरी, काठ आदि भारत निकासी गरिन्छ ।

हाल निर्मित महेन्द्र राजमार्ग लाहान हुँदै जाने हुनाले उदयपुर र निकटवर्ती पार्वत्य प्रदेशहरूको उत्पादनले राम्रो बजार पाउने छन् र स्थानीय वासिन्दाहरूको आयमा अभिवृद्धि हुनेछ । तर हरेक वर्ष हुने अन्नाभावको समस्या भने उस्तै रूपमा रहेने देखिन्छ । राजविराजबाट महेन्द्र राजमार्ग भई लाहानलाई जोड्न सकिएमा सहजै तरिकाले अन्नको परिवहन समयमा नै गर्न सकिनेछ । तसर्थ यस योजनामा करिब १४ किलोमिटर सडक खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ ।

ङ १. शहरी सडक

यस आयोजनाअन्तर्गत काठमाडौं उपत्यका र काठमाडौं बाहिरका शहरमा गरी जम्मा २५ किलोमिटर मार्ग कालोपत्रे (पीच) स्तरको निर्माण हुनेछ ।

१ काठमाडौंका शहरी सडक

अनेक दृष्टिकोणबाट काठमाडौं शहरको ज्यादै महत्व छ । मुलुकको राजधानी भएको हुँदा यसको जनसङ्ख्या अपेक्षातीत गतिले प्रतिदिन बढ्दो छ । यस्तैगरी वहित्रवाहन (मोटरगाडीहरू)को सङ्ख्या २०१५ सालको १,८४५ बाट बढेर २०२५ सालसम्म ६,७१० पुग्न गएको अनुमान छ । तर काठमाडौं भित्रका सडकहरूको क्षमताको भने उस्तै रूपले वृद्धि हुन सकेको छैन । तसर्थ यस योजनामा काठमाडौंका सडकको क्षमतामा वृद्धि गराउनको साथै शहर भित्रका केही सडकहरू कालोपत्रे (पीच) स्तरमा क्रमोन्नति गरिनेछन् ।

ङ २. अन्य शहरी सडक

यस आयोजनाअन्तर्गत पोखराको शहरको सडकलाई पनि विशेष ध्यान दिइनेछ । पर्यटन उद्योगको विकासको साथै नेपालको मध्य भाग स्थित पहाडी इलाकाको मुख्य शहरको दृष्टिकोणबाट पोखरा उपत्यकाको ठूलो महत्व भएको हुनाले पोखरा शहरका सडकहरूको सुधार तथा निर्माण ०२८।२९ मा सुरु गरी ०२९।३० मा समाप्त गरिनेछ । सिद्धार्थ राजमार्गको निर्माण कार्य समाप्त भै मनुष्य तथा वहित्रवाहनको गमनागमन भै रहेको र पृथ्वी राजमार्गको समेत निर्माण कार्यको प्रथम चरण प्रायः पूर्ण भैसकेको हुनाले पोखरा सडकको सुधार कार्य हुनु अति नै आवश्यक भएको छ । अन्य केही शहरहरूमा पनि केही सडकलाई आवश्यकतानुसार कालोपत्रे स्तरमा क्रमोन्नति गरिनेछ ।

च. सम्भाव्य अध्ययनबाट निर्णय भएवमोजिम निर्माण हुने सडकहरू

विश्व अधिकोष (World Bank) सहायताअन्तर्गत देशभर सम्भाव्य अथवा आर्थिक एवम् प्राविधिक सर्वेक्षणबाट उचित ठहरिएका सडकहरूमध्ये अग्राधिकारको क्रमानुसार रोजिएको कुनै मार्ग निर्माण सुरु गरी यस योजना अवधिमा १०० किलोमिटर सडकको खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ । खास गरी उक्त सर्वेक्षणमा निम्न सडकहरू समावेश गरिने छन् ।

तालिका नं.(१०–१२)

(च) सम्भाव्य अध्ययनका आयोजनाहरू

सडक आयोजनाको नाम	किलोमिटर "१००"
१. लाहान–ओखलढुङ्गा	
२. काठमाडौं–सिमरा	
३.दाङ्ग–जाजरकोट	
४. झापा–ताप्लेजुङ्ग	
५. नारायणघाट–पृथ्वी राजमार्ग	
६. बनेपा–सिन्धुली–ढल्केवर	
७. भोजपुर–महेन्द्र राजमार्ग	
८. ठोरी–भरतपुर	
९. अन्य सडकहरू	

च १. लाहान–ओखलढुङ्गा

सगरमाथा अञ्चलमा पर्ने यी जिल्लाहरू खास गरी ओखलढुङ्गामा मात्र प्रतिवर्ष ७,६७७ मेट्रिक टन खाद्यान्नको अभाव हुँदै आएको अनुमान छ । यस क्षेत्रका वासिन्दाहरूको निमित्त आर्थिक एवम् सामाजिक दृष्टिकोणबाट लाहान नै मुख्य बजार मानिन्छ ।

पहाडी क्षेत्र खास गरी उदयपुर र ओखलढुङ्गामा आलु एवम् अन्य फलफूल खेतीको उत्पादन खाई खेतीको निमित्त मात्र गरिन्छ । त्यस्तै सोलुखुम्वुमा सञ्चालित पनीर उत्पादन केन्द्रले पनि आफ्नो उत्पादन बढी ढुवानी खर्चले गर्दा बजारसम्म पुऱ्याउन सकेको छैन ।

च २. काठमाडौं–सिमरा

हाल भैरहेको त्रिभुवन राजपथमा सवारीको साथसाथै दुर्घटना पनि धेरै नै वृद्धि हुँदैजाने आशङ्का भएको र बाटो पनि धेरै लामो उकालो वेरालो भएकाले मार्तैल (पेट्रोल) तथा डिजल बढी खर्च हुने, वहित्रवाहनको आयु पनि कम हुने, समय पनि धेरै लिने भएकोले यसको विकल्प अर्को सडक निर्माण गर्न अत्यावश्यक हुन आएको छ । यो नयाँ बाटो पुरानोभन्दा पनि छोटो तथा सुविधाजनक भै किफायत सिद्ध हुनेछ । यसको लम्वाई ३६ किलोमिटर हुनेछ जबकि त्रिभुवन राजपथको लम्वाई १४४ किलोमिटर छ ।

च ३. दाङ्ग–जाजरकोट

यस क्षेत्रको मुख्य बजार कोइलावास भएर भारततर्फ प्रशस्त मात्रामा खाद्यान्न, फलफूल घिउ आदि निकासी गरिन्छ । यातायातको कमीले ल्याएको बढी ढुवानी खर्चले गर्दा सल्यान र जाजरकोटजस्ता अभावग्रस्त जिल्लाहरूमा खाद्यान्न उपलब्ध बडो मुस्किलले गराउँदै आएको छ ।

पहाडी क्षेत्रहरू जस्तै सल्यान र जाजरकोटमा प्रशस्त मात्रामा सुन्तला र यस्तै निकासी योग्य फलफूलको तेती गर्ने धेरै सभावनाहरू छन् । यस सडकको निर्माण सम्भव भएमा सुसंगठित बजारहरूको स्थापना भै स्थानीय वस्तुहरूको उत्पादन निकासीमा आधारित हुनेछन् । यसबाट स्थानीय वासिन्दाहरूको वास्तविक आयमा अभिवृद्धि हुन जानेछ ।

च ४. झापा–ताप्लेजुङ्ग

यस क्षेत्रमा पर्ने झापावाहेक इलाम र ताप्लेजुङ्ग जिल्लाहरू अन्नाभावग्रस्त छन् । प्रत्येक वर्ष इलाममा मात्र वाहिरबाट २,७२८ मेट्रिक टन खाद्यान्न भित्र्याइन्छ । उता झापाबाट वर्षेनि ६०,००० टन खाद्यान्न देश बाहिर निकासी भैरहेको अनुमान छ । स्थल मार्गबाट यी जिल्लाहरूलाई आपसमा जोड्ने मार्ग भएमा उक्त वचत क्षेत्रबाट खाद्यान्न सजिलैसित कम समय र कम मूल्यमा उपलब्ध गराउन सकिने छ ।

यसको अलावा ताप्लेजुङ्गमा जडिबुटीको प्रशोधित केन्द्रको स्थापना सम्भव हुन गई बढी निर्यात मूल्य प्राप्त गर्न सकिनेछ । साथै इलामको आलु विकास केन्द्र, चिया र अन्य फलफुलले भारतमा राम्रो बजार पाउने भै यसको खेती विस्तृत रूपले गर्न सक्ने धेरै सम्भावनाहरू छन् ।

च ५. नारायणघाट–पृथ्वी राजमार्ग (मुगलिङ फाँट)

नारायणी अञ्चलको चितवन जिल्लामा पर्ने नारायणघाट नयाँ व्यापारिक एवं औद्योगिक एवं केन्द्रको रूपमा विकसित हुँदैछ । गोरखा, बन्दीपुर र अन्य जिल्लाहरूबाट नारायणी उपत्यकामा आई बसोबास गर्न थालेका छन । विगत योजनाहरूको कतिपय विकास आयोजनाहरू जस्तै राप्ती उपत्यका विकास पनि यही नै केन्द्रित थियो बन्दिपुर, गोरखा आदि ठाउँहरूको निमित्त मुख्य खाद्यान्न बजारको रूपमा नारयाणघाटले लिएको छ ।

निकासी हुने वस्तुहरू चितवन जिल्लाबाट मुख्यतया तोरी काठ नै छन् । यहाँको काठले काठमाडौं बजारमा भइरहेको इन्धन र टिम्वरको अभावलाई धेरै मात्रामा पूर्ति गरेको छ ।

हाल निर्मित पृथ्वी राजमार्गको मुगलिङ फाँट नारायणघाट बजारबाट २५ किलोमिटरजति टाढा पर्दछ । नारयणघाट बजारबाट मुगलिङ फाँटसम्म जोड्ने एउटा शाखा मार्ग खोल्न सकेमा लुम्विनी, गण्डकी, नारायणी र बाग्मती अञ्चलका जिल्लाहरू आपसमा जोडिने छन् । र वीरगञ्जदेखि पोखरा तथा काठमाडौंदेखि भैरहवाको बीचमा सीधा छड्के बाटो खुल्नेछ । तथा नवलपुर र चितवनका वासिन्दाहरूलाई त्रिभुवन राजपथमा भन्दा सुलभ र छिटो बाटो उपलब्ध हुनेछ । किनकी त्रिभुवन राजपथमा उकालो ओरालोको अतिरिक्त दूरी पनि काठमाडौंसम्म २०० किलोमिटर भन्दा बढी पर्दछ । तर नारायणघाट बजारबाट मुगलिङ फाँटभई पृथ्वी राजमार्गबाट आउँदा करिब १३५ किलोमिटर मात्र पर्दछ । साथै बन्दिपुर, गोरखा, तनहुँ, लमजुङ्ग र पोखराजस्ता पार्वत्य प्रदेशहरूमा अन्नाभावको समयमा चितवन तथा नवलपरासी जिल्लाहरूबाट सजिलैसित चाहिँदो अन्न उचित दाममा उपलब्ध गराउन सकिनेछ ।

च ६. बनेपा–सिन्धुली–ढल्केवर

हाल पूर्वदेखि पश्चिमसम्मका सबै वासिन्दाहरू त्रिभुवन राजपथभएर काठमाडौं आउनेजाने गर्दछन् । यसबाट यात्रुहरूमा हुने असुविधा त छँदैछ, साथै राष्ट्रिय धनको पनि अपव्यय हुन गएको छ । यसर्थ काठमाडौंलाई बनेपा–सिन्धुलीबाट महेन्द्र राजमार्गअन्तर्गत जनकपुरको ढल्केवरसम्म मुख्य मार्ग निर्माण हुन सके देशको पूर्वीय भागबाट काठमाडौं आवतजावत गर्ने यात्रुहरू तथा ल्याइने लगिने मालसमानहरूका लागि सुविधा हुन जानुका साथै त्रिभुवन राजपथमा सवारीको चाप पनि घट्न जानेछ । यसबाट हाल भइरहेको दुर्घटनामा पनि कमी गर्नमा सहायक हुनेछ । जनकपुर अञ्चलका सबै जिल्लाहरूका लागि त यो बाटो हरेक दृष्टिकोणले मुख्य आधार हुन जाने नै छ । खास गरी आर्थिक दृष्टिले त बनेपादेखि ढल्केवरसम्मको सडक निर्माण भएमा धुलिखेल, दोलखा, रामेछाप र अन्य पार्वत्य प्रदेशहरूको व्यापार काठमाडौंको साथै अन्य तराई क्षेत्रमा र भारतीय बजारसम्म विस्तृत हुन सक्नेछ ।

'छ' गोरेटो, घोडेटो तथा चक्रेटोहरू

माथि उल्लेख गरिएका सबै आयोजनाहरूबाट मुलुकको सबै भागमा वहित्रवाहन जाने सडकले ढाक्न सक्ने छैन । तसर्थ, काठमाडौं, तराई र पहाडको वहित्रवाहन जाने केही भागर्ला छोडी धेरैजसो भागमा परंपरागत देखि चलिआएको गोरेटो बाटो घोडा, खच्चर हिंड्ने साना घोडेटो बाटोहरू नै केही दसकसम्म उपयोग हुनेछ । मुलुकभरि हाल यस्ता बाटोहरूको लम्वाई जम्मा १०,००० किलोमिटरजति छ । अधिकांश यहाँका रैथानेहरू वस्तु विनिमय तथा अन्य दैनिक कार्यहरूका निमित्त, गाउँ घर डुल्न, नजिकको बजार गई नून-तेल लत्ता-कपडाहरू किन्न र अरु बेचविखनसमेत गर्न पनि यस्तै बाटोबाट पैदल सफर गर्दछन्

यातायातको दृष्टिकोणबाट पिछडिएका क्षेत्र तथा जिल्लाहरूमा पनि दीर्घकालीन योजनाअनुसार वहित्रवाहन गुड्ने बाटोको निर्माण गरिने नै छ तर सीमित साधनले गर्दा तुरुन्तै यो कार्य सम्पादन गर्न नसकिने र विकट स्थानहरूको यातायातको सुधारको माग र आवश्यकता भने यथावत नै रहने भएकाले यस योजनामा निम्नलिखित विभिन्न जिल्लाहरूको १,६५२ किलोमिटर गोरेटो, घोडेटो तथा चक्रेटोको निर्माण तथा स्तारेन्नति गरिनेछ ।

तालिका नं (१०–१३)

जिल्लाहरू	बाटोहरू	किलोमिटर
१. वर्दिया	(क) चिसापानी–वर्दिया	४५
२. भोजपुर, धनकुटा	(क) चैनपुर–दिंगला	१६

३. गुल्मी	(क) मुसिकोट–रिढीवजार	२०
४. इलाम, तेह्रथुम	(क) लुमेडे –तेह्रथुम	१०
५. दैलेख, सुर्खेत	(क) सुर्खेत–दैलेख	४०
६. सिन्धुलीगढी, दोलखा	(क) चरिकोट–सिमिगाउँ	३५
७. ताप्लेजुङ्ग	(क) मितलुङ्ग–ओलाङ्गचुङ्ग गोला	६४
	(ख) ओखलढुङ्गा–धुन्सा–याङ्गमा	३२
	(ग) धुले–तोप्केगोला	४८
८. संखुवासभा	(क) किमाथाङका–भोटवास – खाँदवारी	९६
	(ख) ताम्फु-हेदाङ्गमा	४६
९. सोलुखुम्वु	(क) सल्लेरी–नाम्चेबजार	९६
१०. दोलखा	(क) चरिकोट–लामोबगर	३२
	(ख) चाँगु–फोपर	२०
११. सिन्धुपाल्चोक, दोलखा	(क) चौतारा–दोलखा	५३
	(ख) सिपा–हेलम्बू	३५
	(ग) बलेफि–गोल्चे	२४
१२. रसुवा, नुवाकोट	(क) त्रिशूली–डाँडा गाउँ	२२
१३. धादिङ्ग	(क)चरङफेदी–लाङ्टाङ	२५
	(ख) छिलुनिलु–सिमाना	४८
१४. गोर्खा	(क) लार्के–आरुघाट	६४
१५. मनाङ	(क) थोचे –लार्के	३२
	(ख) चामे –साततल्ले	४८
१६. मुस्ताङ	(क) कागवेनी–छुसाङ	४०
	(ख) तातोपानी–तिप्लाङ	२४
१७. डोल्पा	(क) ढोरपाटन–डोल्पा	९६
	(ख) छार्का–तुसारे	३०
१८. तिब्रिकोट	(क) तिब्रिकोट–डोल्पा	६४
	(ख) त्रिबेणी–झारल	२४
	(ग) ल्हुम–रिमीछो –पाटन	४०
१९. जुम्ला, मुगु	(क) जुम्ला–रारा	५६
२०. मुगु	(क) रारा–गमगढी	८
२१. हुम्ला	(क) सिमिकोट–वाभा	७२
	(ख) लिमि–मुचु	४८
२२. वझाँङ	(क) चैनपुर–साइपाल–विथरलेक	५६
२३. दार्चुला	(क) व्यास –दार्चुला	५४
	(ख) व्यास –टिंकर	१५
२४. वैतडी–दार्चुला	(क) वैतडी–दार्चुला	८०
	जम्मा :	१,६५२

ज. झोलुङ्गे पुल

आवगमनको दृष्टिकोणबाट पिछडिएका तथा धेरै पातलो वस्ती भएका दुर्गम क्षेत्रहरूमा आर्थिक तथा सामाजिक दुवै किसिमका उपलब्धिहरू प्राप्त गराउन १३ विभिन्न अञ्चलका जिल्लाहरूमा जम्मा २७ वटा झोलुङ्गे पुलहरूको निर्माण गरिनेछ ।

तालिका नं. (१०–१४)

आगामी पञ्चवर्षीय योजनाअन्तर्गत बनाउने प्रस्तावित झोलुङ्गे पुलहरू

सि. नं.	ठाउँको नाम	नदीको नाम	जिल्ला	लम्बाई
१.	पुचीघाट	सुनकोशी	सिन्धुली	४०० फीट

२.	नवलपुर घाट	सुनकोशी	रामेछाप	४५० फीट
३.	–	लामटाङ्गखोला	रसुवा	२२० फीट
४.	शीशाघाट	मादी नदी	तनहूँ	३५० फीट
५.	कुसमा निर	मदी खोला	पर्वत	२६० फीट
६.	शिवालय (गिरी)	खिमती खोला	दोलखा	२०० फीट
७.	पिलवा घाट	पिलवा नदी	संखुवासभा	२६० फीट
८.	सोलु दोभाननिर	दूधकोशी	सोलुखुम्वु	३०० फीट
९.	राइघाट	सुनकोशी	उदयपुर	४५० फीट
१०.	तालु गाउँनिर	भेरी	जाजरकोट	३०० फीट
११.	● तालु गाउँनिर	तमोर	पाँचथर	३३० फीट
१२.	l कावेली र तमोर	कावेली	पाँचथर	२६० फीट
१३.	l पुर्तिघाट	कृष्णागण्डकी	पर्वत	२६० फीट
१४.	l रानीघाट	कृष्णागण्डकी	पाल्पा	५०० फीट
१५.	l उल्लीखोला	वडीगाउँ	गुल्मी	३५० फीट
१६.	–	मरीन खोला	काभ्रेपलाञ्चोक	४०० फीट
१७.	मधुमल्ला	तमोर	तेह्रथुम	३५० फीट
१८.	कलकीटार	कृष्णागण्डकी	गोर्खा	४५० फीट
१९.	सल्लेरी	मुनीखोला	सल्यान	२२० फीट
२०.	चिआंग	बबही	सल्यान	२६० फीट
२१.	नयरामघाट	दूधकोशी	रामेछाप	३५० फीट
२२.	सम्सुदोभान	संसु खोला	उदयपुर	३०० फीट
२३.	रसुवा दोभाग	रसुवा खोला	रसुवा	३०० फीट
२४.	चीरकोटार	कालंगी खोला	बभाङ्ग	२२० फीट
२५.	चौलानी	चौलानी खोला	बैतडी	२६० फीट
२६.	तुमलिंटार	सभाखोला	संखुवासभा	३०० फीट
२७.	रंगा घाट	ठूली भेरी	सुर्खेत	३०० फीट

झ पुल तथा पुलेसाहरूको निर्माण र सुधार

ठाडा र ठूला खोलानालाहरूले ठाउँ ठाउँमा छेडिएको नेपालजस्तो मुलुकमा आवागमनको निमित्त पुलहरूको माग जताततैबाट आउनु स्वभाविकै हो । तर सीमित साधनहरूले गर्दा सबै ठाउँहरूमा एकैचोटी सबै पुलहरूको निर्माण तथा सुधार गर्न नसक्ने स्वतः सिद्ध छ । श्री ५ को सरकारले यस योजना आवधिभित्र आवागमनको घनत्व तथा तर्नमाको विकटता विचार गरी गोरेटो, घोडेटो तथा चक्रेटोहरूमा पर्ने नदीहरूमा निर्धारित स्थानहरूमा पुलहरूको निर्माण हुनेछ । यसको अलावा यस्तै स्थानहरूमा पाइने चल्तीको अरु वैकल्पिक मार्गहरूको विचार पनि गरिनेछ । यसै क्रममा समयले गर्दा जर्जर भएका र बढी आकार र वजनवाला वाहनहरूको बढ्दो चाप खप्न धौ धौ परिरहेका पुलहरूको नयाँ प्रचलित स्तरमा परिणत गर्न काठमाडौं भित्रको बालाजु जाने विष्णुमती पुल, डिल्लीबजारबाट त्रिभुवन विमानस्थल जाने धोवीखोली पुल र अरु दुई ठाउँमा गरी जम्मा ४ वटा पुलहरूको पनि निर्माण गरिनेछ ।

ञ. सुधारिने सडकहरू

मनुष्य तथा मालसामान सबैको आवगमनको सङ्ख्या र वहित्रवाहनहरूको वजन तथा आकारमा समेत वृद्धि भएकाले तेस्रो योजना अवधिमा न्यूनस्तरमा रहेका करिब ४०० किलोमिटर सडकहरूको क्षमता बढाउन चौथो योजना अवधिमा निम्न सडकहरूमा सुधार कार्य गरिनेछ ।

(१) रक्सौल–हेटौंडा र काठमाडौं–हेटौंडा (त्रि. रा. प.)

(२) काठमाडौं–त्रिशूली

(३) अन्य (पद्मरोड, विराटनगर–रंगेलीसडक समेत)

● विश्व बैङ्क सहायताबाट निर्माण हुने अनुमानित ।

ञ १. रक्सौल–हेटौंडा र काठमाडौं–हेटौंडा (त्रि. रा. प.)

काठमाडौंका मूल सडकमा पर्ने यो सडक मानिस र मालसामानहरूको परिवहनको दृष्टिकोणबाट ज्यादै महत्वपूर्ण छ । तेस्रो योजना अवधिभित्र रक्सौल–हेटौंडा सडकलाई ६ मिटरसम्म चौडा पारी कालोपत्रे गर्ने काम समाप्त गरियो । यसमा मोड सुधार, पुलेसो सुधार इत्यादि कार्यहरू यस योजनामा पनि चालू नै रहनेछन् ।

नौविसे–पोखरा सडक (पृथ्वी राजमार्ग) निर्माण कार्य भैरहेबाट यस क्षेत्रमा सवारीको परिमाण वृद्धि हुने हुनाले नौविसे –काठमाडौं खण्डको सडक अझ बढी सुधारिनु आवश्यक भएको छ ।

ञ २. काठमाडौं–त्रिशूली

बाग्मती अञ्चलको विकास संभावनायुक्त मध्य क्षेत्रलाई सहायक सिद्ध हुने यस खण्डास्मित स्तरको सडकमा तेस्रो योजना अवधिभित्र विभिन्न सुधार कार्यहरू भैसकेका छन् । यस चतुर्थ योजनामा यो खण्डास्मित स्तरको सडकलाई कालोपत्रेमा परिणत गरिनेछ ।

ट. विविध

देश विकासको साथसाथै विकास आयोजनाहरूको तयारी गर्ने परिपाटीमा पनि सुधार हुँदै जानु ज्यादै आवश्यक छ । अतः यस अवधिमा नव निर्माणको निमित्त मार्गहरूको अठोट गर्न यथाशक्य सर्वाङ्गपूर्ण अध्ययन टोलीद्वारा गहन अध्ययन गराउने व्यवस्था गरिएको छ । यस अध्ययनको प्राप्त प्रतिवेदनबाट केही मात्रामा यस आयोजनालाई र विशेषतः आगामी पञ्चम (पञ्चवर्षिय) योजना तर्जुमा गर्दा एक भरपर्दो आधार प्राप्त हुने आशा राखिएको छ ।

हाम्रो खाँचोको दाँजोमा पर्याप्त नभए पनि यस योजना अवधिको अन्तसम्म कालोपत्रे सडक मात्र पनि देशमा निकै तैयार हुनेछन् । हाम्रो यो मार्गरूप नयाँ पुँजीको स्याहार संभार पनि यथोचित रूपमा हुन सकेमात्र हाम्रा सन्ततिले यसको फाइदा भोगन सक्ने कुरो स्पष्ट छ । अतः राष्ट्रव्यापी सडक–संहितको संरक्षणको निमित्त विशेष ध्यान दिइएको छ । नयाँ नयाँ खर्चिला तर आवश्यक उपकरणहरू जोगाउ गरी सडक विभागलाई बढ्दो जिम्मेवारी वहन गर्नसक्ने बनाउनेतर्फ यथोचित ध्यान दिइएको छ र आवश्यक उपकरणहरूको व्यवस्था एकतर्थ गरिएको छ ।

हालसम्म मार्ग निर्माणहरू गर्दा विदेशको अनुभवमा आधारित ज्ञात र तज्जताको भरमा नै काम हुन परेकोले निर्माण कार्यमा उपयोग हुने मालसामान यन्त्र तथा प्रविधि पनि तदनुरूप नै हुन परेको छ । सधैं यस्तो व्यवस्था रहनु मुनासिव नभएकाले सथानीय वस्तुहरूको उपयोगिता छानविन गर्ने अभिप्रायले एक वस्तु प्रयोगशाला पनि निर्माण गरिनेछ । यस सुविधाको उचित सदुपयोग भएमा यथाशक्य बढी मात्रामा स्थानीय वस्तुहरूको उयपयोग गरी मार्ग निर्माणको खर्चमा यथेष्ट कम हुनुको साथै विदेशको शोधनान्तर स्थितिमा समेत केही बल दिन सकिनेछ ।

यी कार्यहरू सम्पादन गर्न संयुक्त राष्ट्रसंघीय विशेष कोष तथा आई. डी. ए सित आवश्यक सरसल्लाह गरी अन्तिम निर्णय भैसकेको छ । चतुर्थ योजना अवधिभित्र सबै कार्यक्रम सञ्चालित भै सम्पादन हुने आशा गरिएको छ ।

वित्तीय लगानी

हालसम्मको खर्चको स्थिति :

१. योजनाको प्रारम्भदेखि नै राष्ट्रिय आयोजनाहरूमा लगानीको दृष्टिकोणबाट यातायात विकासलाई बढी प्राथमिकता दिइएको छ । प्रथम योजनामा योजनाको कुल खर्च ३३ करोड मध्ये ११ करोड १५ लाख यातायात तथा सञ्चार विकासको निमित्त छुट्याइएको थियो । जसमध्ये ९ करोड ४९ लाख अर्थात् ८५ प्रतिशत खर्च गरियो । यस अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानी र त्यसको खर्च निम्नअनुसारको देखाइएको छ :

..... ? लागि चाहिने ट्रक सवारी र केन्द्रीय सामग्री प्रयोगशाला तथा कार्यालय विकास आदि

२.०२

जम्मा :८१,३१,००,०००।-

चौथो योजनाअन्तर्गत सडक आयोजनाहरूको भौतिक लक्ष्य

तालिका नं. (१०–२२)

२०२७-२०३२

चौथो योजनाको भौतिक लक्ष्य

आयोजनाहरू	कुल लम्बाई कि. मि.	कालोपत्रे (पीच)	खण्डास्मित (पीच)	कच्ची	जम्मा
१	२	३	४	५	६
क. चालु योजना सम्पादन (अधकल्चो काम) भइरहेको	८६७	४७७	२९४	–	७७१

१. झापा–ढल्केवर–जनकपुर–जलेश्वर	२९४	२५३	–	–	२५३
२. आघधाबार–ढल्केवर	११७	८९	–	–	८९
३. नारायणगढ–बुटवल	१२२	१२२	–	–	१२२
४. पृथ्वी राजमार्ग	१७६	–	१५६	–	१५६
५. धनगढी–डडेलधुरा	१४५	–	१२२	–	१२२
६. काठमाडौं–भक्तपुर	१३	१३	–	–	१३
ख. चालू योजना सम्पादन					
महेन्द्र राजमार्गको खण्ड					
खण्ड काम भइरहेको	५२०	८३	२००	२३७	५२०
१. बुटौल वनवासा	४३७	–	२००	२३७	४३७
२. हेटौंडा–नारायणगढ सडक सुधार	८३	८३	–	–	८३
ग. विकास रेखामार्ग निर्माण	८४०	–	२२९	३५	२६४
१. नेपालगञ्ज–जुम्ला		–		–	
२. पुतलीखेत–वागलुङ्ग टुकुचे– जोमसोम	२८०	–	८०	–	८०
३. त्रिशूली–धुन्चे–गतलांग	१५०	–	–	३५	३५
४. धरान–धनकुटा–खाँदबारी	१६०	–	७२	–	७२
घ. अन्तर–जिल्ला जिल्ला भ्यन्तर सडक	१५०	–	१५०	–	१५०
१. गोरखा–पृथ्वी राजमार्ग	२५	–	२५	–	२५
२. चौतरा–अरनिको राजमार्ग	२६	–	२६	–	२६
३. गौर–महेन्द्र राजमार्ग	३३	–	३३	–	३३
कृष्णनगर–बहादुरगन्ज महेन्द्र राजमार्ग	२०	–	२०	–	२०
दाङ–महेन्द्र राजमार्ग	१६	–	१६	–	१६
चन्द्रगढी–महेन्द्र राजमार्ग	१६	–	१६	–	१६
राजविराज–महेन्द्र राजमार्ग	१४	–	१४	–	१४
४. अन्य	–	–	–	–	–
ङ शहरी सडकहरू	२५	२५	–	–	२५
१. काठमाडौं–उपत्यका	१५	१५	–	–	१५
२. अन्य शहरी सडक	१०	१०	–	–	१०
च. संभाव्य अध्ययनबाट निर्माण गरिने सडकहरू	–	–	१००	–	१००

तालिका नं. (१०–२३)

चौथो योजनामा सडक विकाससम्बन्धी खर्च र त्यसको वार्षिक बाँडफाँट

आयोजनाको नाम	चौथो योजना अवधिमा हुने खर्च	वार्षिक खर्च (रु. लाखमा)				
		०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२

क. चालू आयोजना सम्पादन ३३,०४

१. झापा–ढल्केवर–जनकपुर–जलेश्वर	१२,११	९,००	३,११	–	–	–
२. कमल पुल	८०	–	–	–	–	–
३. पथलैया–ढल्केवर	३,००	६०	८०	८०	८०	–
४.नारायणगढ–बुटवल	७,६५	३,२५	२,२०	२,२०	–	–
५. नौविसे –पोखरा	५,७५	३,२५	२,५०	–	–	–
६. धनगढी–डडेलधुरा	२,८३	१,४१	१,२०	२२	–	–
७. काठमाडौं–भक्तपुर	९०	–	–	–	–	–
ख. चालू आयोजना सम्पादन	२०,३०					
१. बुटवल–वनवासा	१५,३०	१,००	३,००	४,००	४,००	३,३०
२. नारायणी पुल र हेटौंडा–नारायणगढ सडक सुधार	५००	८	२,००	१,००	१,००	९२
ग. विकास रेखामार्ग	९,१८					
१. नेपालगञ्ज–जुम्ला	३,००	–	५	९५	१,००	१,००
२. पुतलीखेत–वाग्लुङ्ग–टुकुचे –जोमसोङ	३,००	–	५	९५	१,००	१,००
३. त्रिशूली–धुन्चे	१८	–	५	१३	–	–
४. धरान–धनकुटा–खाँदबारी	३,००	–	५	९५	१००	१००
घ. जिल्ला स्तरीय यायायात विकास तथा सुधार[ञ]	८,२५					
१. अन्तर जिल्ला						
जिल्लाभ्यन्तर सडक तथा गोरेटो, घोडेटो र चक्रेटो बाटोहरूको विकास	३,१० ९०	४०	९०	९०	९०	९०
	४००					
२. झोलुंगे पुल निर्माण	३,००	७०	६०	६०	५५	५५
६. पुल, पुलेसाहरू	१२,५	३	२५	४७	२५	२५
ङ. शहरी सडक तथा पुलहरू	२,२७					
१. काठमाडौं सडक	१,१२	४०	२०	३०	२२	–
२. अन्य शहरी सडकहरू	५०	१०	१०	१०	१०	१०
३. काठमाडौंका पुलहरू	६५	२२	३८	५	–	–
च. संभाव्य अध्ययनपछि निर्माण गरिने मुख्य मार्गहरू	३,००	५	१०	९०	१,००	९५
१. लाहान–ओखलढुङ्गा	–	–	–	०	–	–
२. काठमाडौं–सिमरा	–	–	–	–	–	–
३. दाङ्ग–जाजरकोट	–	–	–	–	–	–
४. झापा–ताप्लेजुङ्ग	–	–	–	–	–	–
५. बनेपा–सिन्धुली–ढल्केवर	–	–	–	–	–	–
६. भोजपुर–महेन्द्र राजमार्ग						
७. ठोरी–भरतपुर						
८. अन्य सडकहरू	–	–	–	–	–	–
छ. सुधारिने सडकहरू	२,२५					

[ञ] जिल्ला स्तरीय यातायात विकास तथा सुधारअन्तर्गत गोरखा–पृथ्वी राजमार्ग, चौतारा–अरनिको राजमार्ग र गौर–महेन्द्र राजमार्ग तथा अन्य क्षेत्रीय मार्गहरूको रु. ३ करोड १० लाख, खर्च गरिनेछ र गोरेटो, घोडेटो र चक्रेटोअन्तर्गत ९० लाखको रकम वर्दिया , भोजपुर, गुल्मी, इलाम, दैलेख, सिन्धुलीगढी, ताप्लेजुंग, संखुवासभा, सोलुखुम्वु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, गोरखा, मनाङ, मुस्ताङ, डोल्पा, तिब्रिकोट, जुम्ला, मुगु, हुम्ला, बझांग, दार्चुला र बैतडी गरी जम्मा २५ जिल्लाको बाटाहरूको मर्मत सुधारमा खर्च गरिनेछ ।

१. रक्सौल–हेटौंडा	४०	१५	२५	–	–	–
२. हेटौंडा–काठमाडौं	७५	१५	१५	१५	१५	१५
३. काठमाडौं–त्रिशूली	६५	४०	२५	–	–	–
४. अन्य (पद्मरोड, विराटनगर, रंगेली आदि)	४५	९	९	९	९	९
ज. विविध	३,०२					
१. संभाव्य अध्ययन	१,००	६०	२६	५	५	४
२. निर्माण यन्त्र खरिद स्थापना, ट्रक सवारी, केन्द्रीय प्रयोगशाला कार्यालय विकास आदि	२,०२	१,९४	८	–	–	–

नेपाल यातायात संस्थान

यस संस्थानको प्रमुख उद्देश्य परिवहनको क्षेत्रमा अग्रगामी बन्नु हो । तसर्थ यस संस्थानको निम्न नीति छ :

१. स्वस्थ व्यापारिक दृष्टिकोण राखी आफ्नो काम गर्ने,
२. नयाँ नचलेको राजमार्ग वा अन्य मार्गहरूमा समेत आफ्नो पर्तासम्म उठ्ने भाडा लिएर वहित्रवाहन चलाउने,
३. स्वदेशमा नै उत्पादित उपलब्ध हुनसक्ने शक्तिको साधनबाट यथाशक्य देशको यातायात चलाउने ।

उक्त नीतिहरूअनुरूप नेपाल यातायात संस्थानबाट निम्न आयोजनाहरू यस चतुर्थ योजनामा समावेश गरिएका छन् :

१. सुनौली–पोखरा (सिद्धार्थ राजमार्ग) र अन्य राजमार्गहरूमा भाण्डवाहन (ट्रक) सेवा विस्तार गर्ने,
२. लौहमार्ग (रेल्वे) विस्तार (संभाव्य अध्ययनबाट पुष्ट्याइँ भए मात्र)
३. विद्युतयान (ट्रलिवस) सञ्चालन (संभाव्य अध्ययनबाट पुष्ट्याइँ भएमा मात्र)

१. सुनौली–पोखरा (सिद्धार्थ राजमार्ग) र अन्य राजमार्गहरूमा ट्रक सेवा विस्तार गर्ने

निर्माण भईरहेका विभिन्न राजमार्गहरू तयार हुँदै गएपछि यस्ता नयाँ क्षेत्रमा चाहिँदो वहित्रवाहनहरू (मोटर) चलाउने व्यवस्था गरी सरकारको मार्ग निर्माणको लक्ष्य एवम् जनताको माग, मानिसको आवागमनको इच्छा पूरा गर्न कोशिस गरिनेछ । यस आयोजनाले मालसामानको परिवहनमा सरलता ल्याई यातायात सुविधाको अभावलाई कम गर्नेछ ।

विभिन्न अञ्चलहरूमा हुने निर्माण, उद्योग, व्यापार र दैनिक उपभोगका मालसामानहरू छिटो, सस्तो र भरपर्दो तवरले समयमै गन्तव्य स्थानमा परिवहन गराउन यसले आफ्नो संगठनको सुदृढीकरण गरी दक्षता बढाउने छ र अर्कोतिर ढुवानीको भाडा दर मनोमानी नभई स्थितर हुनुको साथै ढुवानी भाडामा एकरूपता आउनेछ ।

वितेका वर्षहरूको अनुभवबाट पञ्चवर्षीय योजना अवधिभित्र तयार हुने राजमार्गहरूको आधारमा चौथो योजना अवधिमा १२५ वटा जति भाण्डवाहन (ट्रक) हरू थपी ट्रकिङ्ग यूनिट एक बलियो अंग बनाई विभिन्न अञ्चलमा हुने निर्माणको लागि पनि दिई समयमै पूरा गरिनेछ ।

२. **लौहमार्ग (रेल्वे) विस्तार**

यातायातका साधनहरूमध्ये लौहमार्ग पनि एक मुख्य साधन मानिएको छ । छिमेकी मुलुकहरूमा लौहमार्ग एक प्रमुख यातायातको साधन भएको छ । तर हाम्रो मुलक पहाडी मुलुक भएकाले लौहमार्ग निर्माण गर्न धेरै खर्च लाग्ने तथा सम्भार संरक्षणमा पनि खर्चिलो र गाह्रो हुने हुनाले नेपाल अधिराज्यमा सिर्फ २ स्थानमा लौहमार्ग चालू छन् यस मध्ये रक्सौलदेखि अमलेखगन्जको (एन. जि. आर.) लध्वन्तर (न्यारो गज) लौहमार्ग समानान्तर स्थलमार्ग बनेपछि टिक्न नसकी बन्द प्रायः भएको छ । जनकपुर–जयनगर लौहमार्ग भने सफलताका साथ चलेको र अरु विस्तारसमेत भएको छ । राजमार्ग विकास क्रमको पृष्ठभूमिमा लौहमार्गको अरु तरक्कीको गुन्जायस नरहेको आभास भए तापनि सम्भाव्य क्षेत्रमा विस्तारको लागि सर्वेक्षण गरिने छ । यससन्दर्भमा रक्सौलदेखि हेटौंडा र तदनन्तर काठमाडौं सम्म महान्तर (ब्रडगेज) लौहमार्ग निर्माण बारे भइरहेको तथा हुने सम्भाव्यता अध्ययन पूरा गरिने छ । साथै जरुरत परेमा महीनाथपुरदेखि चिसापानीसम्म लौहमार्ग विस्तार बारे पनि सम्भाव्यता अध्ययन गरिनेछ ।

६. **विद्युत्यान (ट्रलिबस)**

यो विद्युत् शक्तिबाट सञ्चालन हुने सर्वयान (वस) हो । खास गरी देशमा जल विद्युत शक्तिको प्रदाय बढ्दै आएको र डिजेल, मार्तैल (पेट्रोल) को लागि विदेशमा भर पर्नुपर्ने भएकाले स्वदेशमा नै उपलब्ध विद्युत् शक्तिको उपयोगद्वारा यातायातको विकास गर्न सक्नु अर्थिक दृष्टिकोणबाट धेरै लाभदायक हुने कुरा हो । अतः सर्वप्रथम

काठमाडौं भक्तपुरका बीच ज्यादा यात्रुहरू भएको र यस क्षेत्रमा नयाँ फराकिलो मार्गसमेत बनेकोले विद्युत शक्तिद्वारा चल्ने यस विद्युत्यान (ट्रलिबस) सेवाको स्थापना गर्न आवश्यक सर्वेक्षण गरिनेछ । सर्वेक्षण मुनासिब ठहरिए विद्युत यान सेवा सञ्चालन गर्ने प्रयास हुनेछ । यस अनुभवबाट लाभदायक देखिएमा देशको अरू क्षेत्रहरूमा पनि यस्ता विद्युत्यानको व्यवस्थाको लागि सर्वेक्षणहरू गराइने छन् ।

वित्तीय लगानी

माथि लेखिएका आयोजनाहरू कार्यान्वयनको निमित्त कुल रु. २६ लाख लाग्ने अनुमान छ । यो रकम निम्न आयोजनाहरूमा खर्च गरिनेछ ।

(१) थप भाण्डवाहन (ट्रक) हरू किन्न	२५ लाख
(२) लौहमार्ग (रेल्वे) सर्वेक्षण (रक्सौल–काठमाडौं) र विद्युत्यान (ट्रलिवस) विस्तार सर्वेक्षण गर्न	१ लाख
जम्मा :	२६ लाख

चौथो योजना भित्र उपलब्ध गरिने १२५ वटा भाण्डवाहन (ट्रक) हरूको निमित्त गरिने लगानीको वार्षिक बाँडफाँट यस प्रकार हुनेछ :

तालिका नं. (१०–२४)

आर्थिक वर्ष	ट्रक	खर्चको रकम
२०२७–०२८	३०	६,००,०००
२०२८–०२९	२५	५,००,०००
२०२९–०३०	२५	५,००,०००
२०३०–०३१	३०	६,००,०००
२०३१–०३२	२५	३,००,०००
जम्मा :	१२५	२५,००,०००

११ परिच्छेद

हवाई यातायात

नेपालको अधिकांश दुर्गम तथा सुदूर क्षेत्रहरूलाई सुगम र छिटो आवागमनको सुविधा पुऱ्याउन हवाई सेवाको महत्व दिन प्रतिदिन वृद्धि हुँदै आइरहेको छ पहाडै पहाडले ढाकिएको नेपालजस्तो मुलुकमा सडक यातायातको सुविधा प्रत्येक जिल्लामा छोटो अवधिमा उपलब्ध गर्न मुस्किल रहने कुरा स्पष्ट छ । पहाडी प्रदेशमा सडक निर्माण गर्न सुरुमा प्रशस्त समयको आवश्यकता पर्ने हुँदा पनि सडक सुविधा दिन नसकेसम्म यी प्रदेशहरूलाई हवाइ सेवा पुऱ्याउन आवश्यक भएको छ । यस उसले यस चौथो योजनामा आर्थिक, सामाजिक, प्रशासनिक तथा राष्ट्रिय विकासको दृष्टिकोणबाट आवश्यक देखिएका जिल्लाहरूमा हवाई सेवा उपलब्ध गरी देशको चौतर्फी विकासमा तगारोको पमा खडा रहेको यातायातको कठिनाई दूर गर्ने प्रयास जारी नै रहनेछ ।

हवाई सेवाको क्षेत्रमा विगत केही वर्ष यतादेखि उत्साहवर्द्धक किसिमबाट विकास भएको छ । अहिले हवाई सेवा केवल अधिराज्य भित्र र भारतसित मात्र सीमित रहेको छैन । यसले पाकिस्तान, थाइलैण्ड र रंगूनसँगको हवाई सम्पर्कको माध्यमबाट अन्तराष्ट्रिय जगतमा पनि निकै उत्साहवर्द्धक रूपमा प्रवेश गरेको छ । यसैलाई ध्यानमा राखी हाल मौजुद रहेका केही विमानस्थलहरूलाई मध्यम तथा केही ठुला जेट विमानहरू उडान अवतरण गर्न सकिने किसिमबाट सुधार तथा विस्तार गरिनेछ । केही अन्य विमानस्थलहरूलाई आधुनिक ढङ्गबाट आवश्यकतानुसार सुधार गरी सञ्चार तथा उड्डयन सहायक उपकरणहरू र भवनहरूको सुविधा उपलब्ध गराइनेछ ।

विगत योजना अवधिमा हवाई क्षेत्रमा भएको प्रगति :

प्रथम पञ्चवर्षीय योजना सुरु हुनुभन्दा पहिले अधिराज्यमा काठमाडौं, पोखरा, सिमरा, भैरहवा र विराटनगर गरी जम्मा ५ ठाउँहरूमा मात्र हवाई सेवा चालू थियो तर यी ५ ठाउँहरूमध्ये काठमाडौंको मात्र विमानस्थल पक्की थियो र बाँकी अरु चारैवटा कच्ची रहेको हुँदा वर्षात्को समयमा ती विमानस्थलहरूमा हवाई सेवा चालू गर्न नसकिने थियो ।

प्रथम पञ्चवर्षीय योजना अवधिमा थप ७ स्थानहरूमा कच्ची हवाई मैदानहरू निर्माण गरी हवाई सेवा बढी मात्रामा उपलब्ध गर्ने कार्य सम्पन्न गरियो । यी स्थानहरू भरतपुर, धनगढी, नेपालगञ्ज, दाङ्ग, राजविराज, जनकपुर र पालुंगटार हुन् । यसरी प्रथम पञ्चवर्षीय योजनाको अन्तिम वर्षसम्ममा अधिराज्यभर १२ स्थानमा विमानस्थलहरू निर्माण भई हवाई सेवा चालू गरियो । यसको अलावा नियमित तरिकाले हवाई सेवा चालू गर्न शाही नेपाल वायु सेवा निगमको २०१६ सालमा स्थापना गरियो र काठमाडौ, भैरहवा विराटनगरजस्ता देशका प्रमुख विमानस्थलहरूको सुधार कार्य पनि प्रारम्भ गरिएको थियो ।

दोस्रो (त्रिवर्षीय) योजना अवधिमा ३ नयाँ कच्ची विमानस्थलहरू निर्माण गर्ने लक्ष्य राखिएकोमा झापामा एक कच्ची विमानस्थल निर्माण गरियो र सुर्खेतको विमानस्थल प्रायः समाप्त गरियो । जुम्ला, वागलुंग र जिरी गरी ३ स्थानमा सानु विमानस्थल निर्माण गरियो । यसवाहेक जनकपुर र भैरहवा विमानस्थललाई पक्की गर्ने कार्य धेरै मात्रामा समाप्त गरियो । त्यस्तै विराटनगरको हवाई मैदानको सुधार र २०१२ मिटर (६६०० फीट) लामो गौचर छड्के धावन मार्गको निर्माण निकै मात्रामा समाप्त गरिएको थियो ।

तेस्रो योजनामा हवाई क्षेत्रतर्फ भएको प्रगति साना हवाई मैदानवाहेक अरु लक्ष्यअनुसार भइ रहेको देखिन्छ । तेस्रो योजनाको लक्ष्यअनुसार दोस्रो योजना अवधिमा अपूर्ण रहेका निर्माण कार्यहरू समाप्त गरियो । अन्तराष्ट्रिय विमानस्थलमा परिणत गर्ने लक्ष्यराखी निर्माण गरिएको त्रिभुवन विमानस्थलमा ६६०० x १५० फीटको पक्की धावन मार्ग, प्रवेशपथ (ट्याक्सी वे) प्राङ्गण (एप्रोन), वहित्रवाहन बिसौनी (कार पार्किङ्ग) क्षेत्र, बाटोहरू, यात्रु विश्राम गृहको सुधार कार्यहरू सम्पन्न भएको छ । यस अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक यात्रुहरूको लागि एउटा छुट्टै गृह र वाह्य उडानका यात्रुहरूका लागि पहिलेको यात्रु विश्रामगृहलाई नै विस्तार तथा सुधार गर्ने कार्य सम्पन्न गरिएको छ । यसको साथै वाणयन्त्र कार्यशाला, ट्रान्समीटर, रिसिभर स्टेशन भवन निर्माणको नाप नक्सा र लगत पूरा गरियो । यो योजनाकालमा भैरहवा, विराटनगर, जनकपुर विमानस्थलहरू पक्की गर्ने कार्य पनि पूरा गरियो । यसवाहेक सिमरा, दाङ्ग, झापा, भरतपुर, धनगढी आदि विमानस्थलहरूमा विस्तृत तथा थप सुविधा उपलब्ध गर्ने कार्य पनि सम्पन्न गरियो ।

हवाई विकासतर्फ भएको खर्च :

प्रथम पञ्चवर्षीय योजनामा हवाई सेवासम्बन्धी विभिन्न कार्यमा रु ६० लाख खर्च गर्ने लक्ष्य रहेकोमा जम्मा रु ७०,७१,०००।- खर्च भएको थियो । दोस्रो योजना अवधिमा यसको विकासको लागि रु.२,५०,००००००।- खर्च गर्ने

लक्ष्य लिएकोमा रु. १,५९,९६०००।- खर्च भएको थियो । तेस्रो योजनाको ७ करोड खर्च गर्ने लक्ष्यमध्ये चौथो वर्ष सम्म यस क्षेत्रमा रु. ५,३४,८२,०००।- खर्च भइसकेको अनुमान छ ।

चौथो योजनामा समावेश गरिएका आयोजनाहरू :

चौथो योजनामा विभिन्न किसिमका जम्मा १९ वटा आयोजनाहरू हवाई सेवाको विकासको लागि कार्यान्वयन हुनेछन् । यी आयोजनाहरू मुख्यत: नयाँ विमानस्थलहरूको निर्माण तथा विस्तार गर्ने र भएका विमानस्थलहरूमा सञ्चार तथा उड्डयन सहाय्य (नेभिगेशनलएड) को साथै अन्य थप सुविधा उपलब्ध गर्नेछन् । यी आयोजनाहरू कार्यान्वयन गर्नको लागि योजना अवधिमा जम्मा रु. १६,१०,००,०००।- (सोह्र करोड दश लाख) खर्च गर्ने वित्तीय लक्ष्य रहेकोछ । यस योजना अवधिमा कार्यान्वयन गरिने भएका आयोजनाहरूमध्ये ५ आयोजनाहरू त्रिभुवन विमानस्थल, पोखरा, सिमरा, विराटनगर तथा भैरहवा विमानस्थलहरूको विकासको लागि एशियाली विकास बैंकबाट रु ६०७.०१ लाख ऋण प्राप्त भएको छ र रु. ३५.३५ लाख बराबरको प्राविधिक सहायता पनि प्राप्त हुनेछ ।

१ **त्रिभुवन विमानस्थल :**

यस विमानस्थलमा फोक्कर (ए. एफ–२७), क्यारेभल जेट 'र डि. सि. –९ जस्ता ठूला विमानहको सेवा नियमित रूपबाट चालू भइसकेको छ र यस्तो सेवा निकट भविष्यमा अझ विस्तृत हुँदै जाने हुँदा यसलाई आधुनिक अन्तराष्ट्रिय विमानस्थलमा परिणत गरिनेछ ।

यसअनुसार हालको धावन मार्ग (रनवे) मा १,०३६ मिटर (३,४०० फीट) थप गरी ३,०४८ मिटरको धावन मार्गमा विस्तार गरिनेछ । त्यस वाहेक आन्तरिक र अर्न्तराष्ट्रिय यात्रु विश्राम (टर्मिनल) भवन, नियन्त्रण अट्टालिका (कन्ट्रोल टावर), वहन वस्तु भण्डार (कार्गो टर्मिनल), प्रवेश पथहरू (एप्रोच रोड) वहित्रवाहन बिसौनी (कार पार्किङ्ग एरिया) र विमानशाला आदिको आधुनिक तरिकाबाट निर्माण र ढल तथा पानीको व्यवस्था गर्ने कार्यहरू गरिनेछन् । यी आयोजनाहरूको कार्यान्वयनमा रु. ४,३८,३६,०००।- (चार करोड अड्तिस लाख छत्तिस हजार) जति खर्च हुने अनुमान छ ।

२. **पोखरा, सिमरा र नेपालगञ्ज विमानस्थलहरू :**

यस योजना अवधिमा पोखरा, सिमरा र नेपालगञ्ज तीनै स्थानहरूमा नयाँ विमानस्थलहरू निर्माण गरिनेछन् । नयाँ क्षेत्रमा निर्माण गरिने उक्त विमानस्थलहरूको धावन मार्ग क्रमश: १,५२४,२८६ र १,५२४ मिटर हुनेछ । हाल मौजुद रहेका पोखरा, सिमरा र नेपालगञ्ज कच्ची विमानस्थलहरू विस्तार गर्न उपयुक्त नहुने हुनाले नयाँ क्षेत्रमा निर्माण गर्नु परेको हो । यी विमानस्थलहरूमा प्रवेशपथ (ट्याक्सी वे), यात्रु विश्राम गृह, कर्मचारी आवास गृह, सञ्चार तथा वारुण यन्त्र भवनहरू, इन्धन भण्डार, विमानशाला आदि कुराहरूको निर्माण गरिनेछ ।

पोखरा : नेपालको पहाडी प्रदेशमा त्रिभुवन विमानस्थलपछि अर्को व्यस्त विमानस्थल पोखरा हवाई मैदान नै हो । खास गरी पोखरा उपत्यकामा बढ्दै गएको विकास कार्यहरू र त्यहाँ हवाई सेवा प्रयोग गर्ने मागको उत्तरोत्तर वृद्धिलाई ध्यानमा राख्दा पोखरामा पनि डकोटा– ३ भन्दा ठूला हवाई जहाजको प्रयोग गरिनु आवश्यक भईसकेको छ । यस उसले यहाँ सुहाउँदो ठाउँमा १५२५ मिटर (५,००० फीट) लामो धावन मार्ग भएको । हवाई मैदान निर्माण गर्ने लक्ष्य राखिएको छ । पोखरा हवाई मैदानको विभिन्न कार्यहरूको लागि रु. २,४०,८७,०००।- (दुई करोड चालिस लाख सतासी हजार)योजना अवधिमा खर्च हुने अनुमान छ ।

सिमरा : यो विमानस्थल काठमाडौंबाट सबभन्दा नजिक पर्ने हुँदा त्रिभुवन विमानस्थलको वैकल्पिक विमानस्थलका रूपमा निर्माण गर्नु परेको हो । काठमाडौंमा विमान अवतरण हुन नसकेमा उक्त विमानस्थलमा ओराल्न हुनेगरी प्रयोगमा ल्याइनेछ । यस विमानस्थलको वृहत् निर्माणका लागि चौथो योजनामा रु. २,९७,८२,५०० (दुई करोड सन्तानब्बे लाख बयासी हजार पाँचसय) खर्च हुने अनुमान गरिएको छ ।

नेपालगञ्ज : सुदूर पश्चिम नेपालका विकासको लागि नेपालगञ्जले महत्वपूर्ण स्थान लिएको छ । कारण यो ठाउँ त्यस इलाकाको निकासी, पैठारी गर्ने मुख्य ढोका मात्र नभई विभिन्न विकास आयोजनाहरूको विस्तारको लागि आवश्यक यातायात केन्द्रको रूपमा पनि रहेको छ । खास गरी पश्चिम धनगढी, उत्तर सुर्खेत र पूर्व दाङ्गका हवाई मैदानहरूको साथै त्यस भेकका जम्मैजसो सानु (स्टोल) हवाई सेवाको पनि केन्द्रीय स्थान भएको छ । अत: यस हवाई मैदानलाई आधुनिक ढङ्गबाट पक्की निर्माण गर्नु आवश्यक भएको छ । यस कार्यका लागि चौथो योजनामा १,६०,४५,०००।- (एक करोड साठी लाख पैंतालिस हजार) खर्च हुने कार्यक्रम छ ।

३. **विराटनगर र भैरहवा पक्की विमानस्थलहरू :**

विराटनगर र भैरहवा विमानस्थलहरूको धावन मार्ग (रनवे) १,५२४ मिटरसम्म (५००० फीट) विस्तार गरिनेछ र साथै प्रवेशपथ, यात्रु विश्राम गृह विस्तार र सुधार गरिनेछ । यस कार्यमा विराटनगर विमानस्थलको लागि १,४७,५६,२५०।- (एक करोड सतचालिस लाख छपन्न हजार दुई सय पचास) र भैरहवा विमानस्थलको लागि १,४७,५६,२५०।- गरी जम्मा रु. २,९५,१२,५०० (दुईकरोड पन्चानब्बे लाख बाह्र हजार पाँचसय) चौथो योजनामा खर्च गरिनुपर्ने अनुमान छ ।

४. **तुम्लिङटार कच्ची विमानघाट :**

नेपालको पूर्वी पहाडी भागमा डकोटा हवाईजहाज सेवा चलाउने आवश्यकताअनुसार तुम्लिङटारमा ३,३०० फीटको धावन मार्ग (रनवे) भएको हवाई मैदान निर्माण गर्ने कार्य तेस्रो योजनामा नै सुरु गरिएको हो । यहाँ डकोटा उत्रने विमानस्थल निर्माणको अधुरो कार्यलाई पूरा गर्ने लक्ष्य यस योजना अवधिमा राखिएको छ । यसमा २,६०,०००।- (दुई लाख साठी हजार) खर्च लाग्ने अनुमान गरिएको छ । यो विमानस्थल पूरा भएमा मेची, कोशी र सगरमाथा अञ्चलका दुर्गम जिल्लाहरूमा यातायातको अरु सुविधा प्राप्त हुनेछ ।

५. **सुधार तथा थप सुविधा उपलब्ध गरिने :**

माथि उल्लेखित विमानस्थल वाहेक अन्य विमानस्थलहरूमा (जनकपुर, राजविराज, झापा, पालुंगटार, भरतपुर, तुल्सीपुर, धनगढी र सुर्खेत गरी जम्मा ८) कर्मचारी आवास गृह वारूणयन्त्र भवन र अन्य सञ्चार यन्त्र भवनहरू निर्माण गरी आधुनिक बनाइने छ । यस्ता सुधार कार्यहरूबाट बढी क्षमता भएका वायुयानहरू उडान तथा अवतरण गर्न सक्नेछन् । यी कार्यहरूको लागि जनकपुर विमानस्थलमा ७,७५,०००।- राजविराजमा ४,६५,०००/- झापामा ९,११,५२५।- पालुंगटारमा ८०,०००।- भरतपुरमा १,४०,०००।- दाङ्गमा १,३०,०००।- धनगढीमा ३,४०,०००।- र सुर्खेत विमानस्थलमा ४,३०,०००।- समेत जम्मा रु. ३२,७१,५२५।- (बत्तीस लाख एकहत्तर हजार पाँचसय पच्चीस) खर्च हुने अनुमान छ ।

६. **साना हवाई मैदानहरू (स्टोल एयर स्ट्रीप्स्) :**

नेपालको दुर्गम पहाडी प्रदेशमा ठूला हवाईजहाजहरू उतार्न नसकिने भएकाले यस किसिमका साना हवाई मैदानहको ठूलो महत्व छ । हाल अधिराज्यमा २४ वटा साना हवाई मैदानहरू छन् (विभगद्वारा निर्मित ३ वटा मैदानहरू–जुम्ला, बागलुङ्ग र खोटाङको लामीडाँडा, विभागले सुधार गर्न लागेको अरु २ मैदानहरू– डोटीको दिपायल र अछामको साफेबगर र विभागको विचाराधीनमा आएका जनश्रमदानद्वारा निर्मित कच्ची हवाई मैदानहरू १९ वटा– महेन्द्रनगर, कैलालीको सोल्टार र टिकापुर, घोराही, ढोरपाटन, जोमसोङ, रामपुर, हेटौंडा, रामेछापको गोल्टार, जिरी, धनुषाको रानीबास, चिसापानी हर्दीनाथ, उदयपुरको कुरुले र आमटाए, रुम्जाटार, लुक्ला, कम्पुघाट र हण्डिया । चौथो योजनामा बैतडी बझाङ्ग, हुम्ला, दैलेख, डोल्पा, तिब्रिकोट, बाजुरा, रुकुम र मेची अञ्चलका एक जिल्लामा गी नयाँ ९ वटा र पहिले नै निर्मित जोमसोङमा सुधारसमेत गरी १० ठाउँमा यस्ता साना हवाई मैदानको निर्माण गर्ने लक्ष्य राखिएको छ । उक्त हवाई मैदानहरू निर्माण गर्न रु. ५५,२०,०००।- (पचपन्न लाख बीस हजार) खर्च हुने अनुमान छ । यी हवाई मैदानहरू सर्वेक्षणबाट उपयुक्त ठहरिएका स्थानहरूमा निर्माण गरिने छन् ।

दोस्रो योजनामा यस्ता बीसवटा हवाई मैदानहरू निर्माण गर्ने लक्ष्य लिइएकोमा केवल ४ वटा मात्र निर्माण गर्न सकियो र तेस्रो योजनामा सुरुको लक्ष्य २० भएकोमा लक्ष्य संशोधित भै ११ मात्र राखिएको थियो । तर पनि ४ वटासम्मको मात्र प्रगति हेर्दा उत्साहवर्द्धक देखिएन । यस उसले यस क्षेत्रमा केही कम लक्ष्य राखी शत प्रतिशत प्रगति हासिल गर्ने किसिमबाट योजना तयार गरिएको छ ।

७. **सञ्चार तथा उड्डयन सहाय व्यवस्था :**

यस योजनामा हवाई सेवालाई सुरक्षित र दक्ष तुल्याउन सञ्चार तथा उड्डयन सहाय व्यवस्था सञ्चालन गरिने छ । यस किसिमको सुविधा हाल काठमाडौंलगायत ७ विभिन्न स्थलहरूमा उपलब्ध भइसकेको छ । तर अरु धेरैजसो विमानस्थलहरूमा सञ्चार व्यवस्था हुन बाँकी छ । हाल सञ्चार तथा उड्डयन सहायसम्बन्धी उपकरणहरू स्थापना हुनुपर्ने भएकोले ती सबै विमानस्थलहरूलाई उपलब्ध गराइने छ । यस आयोजनामा रु. ६९,००,०००।- (उन्नान्सत्तरी लाख) खर्च लाग्ने अनुमान गरिएको छ ।

८. **प्रशासकीय भवन :**

धेरै समयदेखि विभागको लागि आवश्यक भैरहेको प्रशासकीय भवन निर्माण कार्य चौथो योजनामा कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । यसको लागि रु. ४,००,०००।- (चार लाख) खर्च हुने अनुमान छ ।

९. **अन्य व्यवस्था :**

विभिन्न हवाई मैदानहरूमा आवश्यक उपस्कर (फर्निचर) हरू, यातायातको साधनहरू र अन्य कल, ज्यावल तथा साधनहरूको पनि छुट्टै व्यवस्था गरिनेछ । यसमा उपस्कर (फर्निचर) को लागि रु. २,५०,०००।-, यातायातका साधनहरूको लागि ४,००,०००।- र सम्भार तथा मरम्मतका सामानहरूको लागि ७,३६,४७५।- गरी जम्मा रु. १३,८६,४७५।- (तेह्र लाख छयासी हजार चारसय पचहत्तर) जति खर्च हुने अनुमान छ ।

१०. **जनशक्ति :**

यी माथि उल्लेखित आयोजनाहरू कर्यान्वयन गर्न २७१ जवान थप विभिन्न किसिमका जनशक्तिको आवश्कता पर्ने भएको देखिन्छ ।

चौथो योजना (०२७–३२) मा सुधार गरिने विमानस्थलहरू

आयोजनाको नाम		धावन मार्गको लम्वाई	

१. त्रिभुवन विमानस्थल	(पक्की	३०४८ मिटर	१०,०००फीट
२. सिमरा "	(पक्की)	२२८६ मिटर	७,५०० "
३. पोखरा "	(पक्की)	१५२४ मिटर	५,००० "
४. भैरहवा "	(पक्की)	" "	५,००० "
५. विराटनगर "	(पक्की)	" "	५,००० "
६. नेपालगञ्ज "	(पक्की)	" "	५,००० "
७. जनकपुर "	(पक्की)	१००६ मिटर	३,३०० "
८. राजविराज "	(कच्ची)	" "	३,३०० "
९. झापा "	"	" "	३,३०० "
१०. पालुंगटार "	"	" "	३,३०० "
११. भरतपुर "	"	" "	३,३०० "
१२. दाङ्ग तुल्सीपुर "	"	" "	३,३०० "
१३. सुर्खेत "	"	" "	३,३०० "
१४. धनगढी "	"	" "	३,३०० "
१५. तुम्लिङटार "	"	" "	३,३०० "
१६. साना हवाई मैदान (स्टोल एयरस्ट्रीप)	"	" "	–

विभिन्न योजनाहरूमा हवाई सेवा विकासको लागि भएको खर्च			
	खर्चको अनुमातित रकम	खर्च भएको रकम	प्रतिशत
प्रथम योजना ०१३–०१८	६०,००,०००।-	७०,७१,०००।-	११८
दोस्रो योजना ०१९–०२२	२,५०,००,०००।-	२,२८,००,०००।-	९१
तेस्रो योजना ०२२–०२७	७,००,००,०००।-	१,८१,०३,९०००।-	
		(चार वर्षको मात्र)	

तेस्रो योजनामा हवाई विकासको लागि भएको खर्च			
आर्थिक वर्ष	बजेट	खर्च भएको रकम	कैफियत
२०२२–०२३	१,१९,१३,०००	१,०५,७७,०००	.....
२०२३–०२४	४९,५३,०००	३०,०६,०००	.....
२०२४–०२५	१४,१४,०००	१५,२८,०००	.....
२०२५–०२६	५८,७३,०००	२९,९३,०००	संशोधित
२०२६–०२७	३,५३,७९,०००	२,७८,३०,०००	अनुमानित
	५,९५,३२,०००	४,५९,३४,०००	

चतुर्थ योजना (२०२७–३२) मा हवाई यातायात विकासको अनुमानित खर्च

क) एशियाई विकास बैंकबाट प्राप्त हुने ऋण रकममा

श्री ५ को सरकारबाट व्यहोरिने रकमको संयुक्त योजना

	एशियाई विकास बैंकबाट व्यहोरिने ऋण रकम	श्री ५ को सरकारबाट व्यहोरिने रकम	(ख) आयोजनामा लाग्ने अन्य अनुमानित खर्च	जम्मा अनुमानित खर्च
१. त्रिभुवन विमानस्थल	२,४६,२०,०००	१,८२,१५,०००	१०,००,०००	४,३८,३५,०००
२. सिमरा "	१,४०,५०,०००	१,५२,१२,५००	५,२०,०००	२,९७,८२,५००
३. पोखरा "	१,१२,८०,०००	१,२१,८७,०००	६,२०,०००	२,४०,८७,०००
४. भैरहवा "	७०,२५,०००	७६,०६,२५०	१,२५,०००	१,४७,५६,२५०
५. विराटनगर "	७०,२५,०००	७६,०६,२५०	१,२५,०००	१,४७,५६,२५०
६. जनकपुर "	–	६,४०,०००	१,३५,०००	७,७५,०००
७. झापा "	–	६,४०,०००	२,७१,५२५	९,११,५२५
८. राजविराज "	–	३,२०,०००	१,४५,०००	७,८५,०००

९. साना हवाई मैदान (स्टोल)	–	५४,००,०००	१,२०,०००	५५,२०,०००
१०. नेपालगञ्ज विमानस्थल	–	३,२०,०००	१,५७,२५,०००	१,६०,४५,०००
११. तुम्लिंगटार "	–	–	२,६०,०००	२,६०,०००
१२. भरतपुर "	–	–	१,४०,०००	१,४०,०००
१३. दाङ्ग	–	–	१,३०,०००	१,३०,०००
१४. धनगढी "	–	–	३,४०,०००	३,४०,०००
१५. पालुङ्टार "	–	–	८०,०००	८०,०००
१६. सुर्खेत "	–	–	४,३०,०००	४,३०,०००
१७. सञ्चार साधन तथा अन्य व्यवस्था	–	–	६९,०००,००	६९,००,०००
१८. प्रशासकीय भवन	–	–	४,००,०००	४,००,०००
१९. बजेट शिर्षक १० अन्तर्गत १ वर्ष भन्दा बढी खप्ने मालसामान उपस्कर २,५०,०००।-, यातायात साधन ४,००,०००।- सम्भार तथा मरम्मतका सामानहरू ७,३६,४७५।-			१३,८६,४७५	१३,८६,४७५
जम्मा :	६,४०,००,०००	६,८१,४७,०००	२,८८,५३,०००	१६,१००,०००

चतुर्थ योजनामा हवाई विकासको लागि गरिने खर्चको वार्षिक बाँडफाँट

आयोजना	श्री ५ को सरकारबाट हेरिने छुट्टै आयोजना	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
१	२	३	४	५	६	७
१. त्रिभुवन विमानस्थल	१०,००,०००	१०,००,०००	––	––	––	––
२. सिमरा	५,२०,०००	––	५,२०,०००	––	––	––
३. पोखरा	६,२०,०००	––	––	––	––	––
४. भैरहवा	१,२५,०००	१,२५,०००	––	––	––	––
५. विराटनगर	१,२५,०००	१,२५,०००	––	––		––
६. भद्रपुर	२,७१,५२५	१४१,५२५	––	––	१,३०,०००	––
७. जनकपुर	१,३५,०००	१,३५,०००	––	––	––	––
८. राजविराज	१,४५,०००	१,४५,०००	––	––	––	––
९. साना हवाई मैदान (स्टोल)	१,२०,०००	१,२०,०००	––	––	––	––
१०. नेपालगञ्ज	१,५७,२५,०००	२०,०००	१८,४०,०००	३६,७५,०००	५१,६५,०००	५०,२५,०००
११. तुम्लिङटार	२,६०,०००	२,६०,०००	––	––	––	––
१२. भरतपुर	१,४०,०००	१,१५,०००	२५,०००	––	––	––
१३. दाङ्ग	१,३०,०००	१,००,०००	––	३०,०००	––	––
१४. धनगढी	३,४०,०००	––	१,१५,०००	––	२,००,०००	२५,०००
१५. पालुङ्गटार	८०,०००	––	––	––	५०,०००	३०,०००
१६. सुर्खेत	४,३०,०००	२,२५,०००	१,७५,०००	––	––	३०,०००
१७. सञ्चार साधन	६९,००,०००	२१,७०,०००	१८,७०,०००	१४,४५,०००	११,२०,०००	२,९५,०००
१८. प्रशासकीय भवन	४,००,०००	४,००,०००	––	––	––	––
१९. बजेट नं. १० अन्तर्गत १ बर्ष भन्दा बढी खप्ने सामान	१३,८६,४७५	६,९५,०००	४,३५,०००	१,९१,४७५	३५,०००	३०,०००

जम्मा	२८८,५३,०००	५७,७६,५२५	५६,००,०००	५३,४१,४७५	६७,००,०००	५४,३५,०००

	एशियाई विकास बैंकबाट व्यहोरिने रकम	श्री ५ को सरकारबाट व्यहोरिने रकम	जम्मा	०२७–२८	०२८–२९	०२९–३०	०३०–३
१. त्रिभुवन विमानस्थल	२,४६,२०,०००	१,८२,१५,०००	४२,८३५,०००	१२८३५०००	१००००००	१००००००	१००००
२. सिमरा	१,४०,५०,०००	१,५२,१२,५००	२९२६२५००	१२१६५०००	६०००००	६०००००	५९७५०
३. पोखरा	१,१२,८०,०००	१,२१,८७,०००	२३४६७०००	८५०००००	५०००००	५०००००	४९६७०
४. भैरहवा	७०,२५,०००	७६,०६,२५०	१४६३१२५०	५०००००	३५०००००	३५०००००	२६३१२
५. विराटनगर	७०,२५,०००	७६,०६,२५०	१४६३१२५०	३१०००००	४०००००	४०००००	३५३१२
६. भद्रपुर		६,४०,०००	६४,००००	४५००००	१९००००		
७. जनकपुर		६,४०,०००	६४००००	६४००००			
८. राजविराज		३,२०,०००	३२००००	३२००००			
९. स्टोल		५४,००,०००	५४०००००	१०८००००	१०८००००	१०८००००	१०८०००
१०. नेपालगञ्ज		३,२०,०००	३२००००	३२००००			
जम्मा :	६,४०,००,०००	६,८१,४७,०००	१३२१४७०००	४४४१००००	२९७७००००	२९५८००००	२७३०७०
क. को जम्मा उतार :			२८८४३०००	५७७६५२५	५६०००००	५३४१४७५	६७००००
कुल जम्मा :			१६१००००००	५०१८६५२५	३५३७०००००	३४९२१४७५	३४००७०

विभिन्न योजनाहरूमा हवाई मैदानहरूको विकास

आयोजना	प्रथम योजना अवधिको उपलब्धि	प्रथम योजनाको उपलब्धि	दोश्रो योजनाको उपलब्धि	तेस्रो योजनाको उपलब्धि	हालसम्मको उपलब्धि
१. पक्की हवाई मैदान	१ वटा : काठमाडौं			३ वटा : बिराटनगर जनकपुर र भैरहवाका साथै त्रिभुवन विमानस्थलको धावनमार्ग ६६०० फीटको बनाइयो ।	४
२. कच्ची हवाई मैदान	४ वटा : पोखरा, भैरहवा, सिमरा र विराटनगर	७ वटा : भरतपुर, धनगढी, नेपालगञ्ज, दाङ्ग, राजविराज, जनकपुर पालुंगटार	१ वटा : झापा	३ वटाः सुर्खेत, मेघौली र तुम्लीङटार (निर्माण भइरहेको)	११
३. साना (स्टोल) हवाई मैदान			३ वटा : जुम्ला, बाग्लुङ र जिरी	३ वटा : खोटाङ्ग, डोटी र अछाम (सुधार कार्य भइरहेका)	५

चौथो योजनामा हवाई मैदानको विकासको लक्ष्य							
आयोजना		तेस्रो योजनाको र अन्तसम्मको स्थिति		चौथो योजनाको लक्ष्य		चौथो योजनाको र अन्त सम्ममा हुने स्थिति	
१.	पक्की हवाई मैदान	४ वटाः	काठमाडौ, जनकपुर, भैरहवार विराटनगर	३ वटाः	सिमरा, पोखरा तथा नेपालगञ्ज साथै सबै पक्की हवाई मैदानहरूको धावन मार्ग बृद्धि गर्ने	७ वटाः	काठमाडौं, विराटनगर, सिमरा, भैरहवा, पोखरा, जनकपुर र नेपालगञ्ज ।
२.	कच्ची हवाई मैदान	११ वटा	सिमरा, पोखरा, नेपालगञ्ज, दाङ, सुर्खेत, भरतपुर, धनगढी, राजविराज, पालुङ्गटार, झापा, मेघौली	१. तुम्लीङ्गटार		९ वटाः	दाङ्ग, सुर्खेत, भरतपुर, धनगढी, राजविराज, पालुंगटार, झापा मेघौली, तुम्लीङटार ।
३.	साना (स्टोल) हवाई मैदान	५ वटाः-	जुम्ला, बाग्लुङ्ग, जिरी खोटाङ्गको लामीडाँडा डोटीको दिपायलमा	१० वटा	वैतडी, बझाङ्ग, हुम्ला, दैलेख, डोल्पा, तिब्रीकोट बाजुरा, रुकुम, जोमसोम मेची अञ्चलको ठाऊँमा	१५	

शाही नेपाल वायुसेवा निगम

हवाई सेवा प्रत्येक राष्ट्रको निमित्त अति आवश्यक सेवा मानिन्छ । तसर्थ श्री ५ को सरकारले पनि हवाई सेवाको निमित्त समयोचित प्राथमिकता दिई कतिपय अन्य सहायताअन्तर्गत हवाईजहाजहरू उपलब्ध गराउने र विमान स्थलहरूको निर्माण गर्ने कदम चाल्दै आएको छ । हालै पनि यस सेवाको विकासका निमित्त श्री ५ को सरकार र एशियाली विकास बैंकको बीच सम्झौता भई करिब १३ करोड रूपैयाँ खर्च हुने आजोयनाहरू कार्यान्वयन हुने भएको छ । हवाई सेवाको महत्वलाई मानेर नै श्री ५ को सरकारले १६ करोड भन्दा बढी खर्च गर्ने कार्यक्रम बनाएको छ ।

शाही नेपाल वायुसेवा निगमको सेवाले दुर्गम क्षेत्रहरूको अत्यावश्यक आवागमनमा सबैको ठूलो सहायता गरेको छ । गत दकमको स्थलमार्गहरूको विकासले केही ततकालीन दुर्गम स्थलहरू हाल सुगम हुन आएका छन् तापनि समय र सुविधाको फायदाले गर्दा यी वायुसेवाहरूले स्थायी रूप लिएका छन् । यसरी वायुसेवाद्वारा जनता लाभान्वित भई आकर्षित भएकोल शाही नेपाल वायुसेवा निगमले आगामी चौथो (पञ्चवर्षीय) योजना अवधिमा आफ्नो आन्तरिक सेवाको उपयुक्त विकास गरी यथाशक्य धेरै नयाँ दुर्गम स्थानहरूमा थप नियमित सेवा चलाउने लक्ष्य राखेको छ

देशको बढ्दो पर्यटन उद्योगलाई अत्यावश्यक टेवा दिनसाथै अन्तर्राष्ट्रिय जगतमा रहेको पारस्परिक सहयोग तथा आफ्नो व्यक्तित्वको सफल अभिपुष्टि क्रम कायम राख्न शाही नेपाल वायुसेवामा समयोचित सुधार र विस्तार गर्नु अत्यावश्यक भएको छ । यस कार्यक्रमबाट विदेशी मुद्राको आर्जनमा विशेष योगदान पनि हुनेछ । यिनै कुराहरूलाई ध्यानमा राखी शाही नेपाल वायुसेवा निगमले चतुर्थ योजना अवधिमा निम्नलिखित आयोजनाहरू कार्यान्वयन गर्ने भएको छ ।

क. मध्यम श्रेणीको जेट विमान खरिद गर्ने,

ख. साना (स्टोल) विमानहरू खरिद गर्ने,

ग. विभिन्न कार्यशालाहरू र प्रशिक्षण व्योमयान (सिमुलेटर) तथा यात्रु सर्वयान (वसहरू) खरिद गर्ने,

घ. आन्तरिक सेवामा डकोटा– ३ मात्रै चलाउँदै आएकोमा विस्तारै योभन्दा राम्रो एभ्रो ७४८ वा यस्तै अरु विमान सेवा चलाइनेछ ।

ङ. वाह्य सेवा तर्फ भइरहेको पटना, कलकत्ता, दिल्ली र ढाकासितको सेवा चालू राखी मध्यम श्रेणीको कुनै जेट विमान खरिद गरी अन्यत्र नयाँ ठाउँमा पनि वाह्य सेवा विस्तार गरिनेछ ।

च. साना विमान खरिद गरी पहाडी तथा हिमाली क्षेत्रहरू जस्तै : रुम्जाटार, लामिडाँडा, लुक्ला वा नाम्चेबजार, डोटी जुम्ला, सुर्खेत, साँफेबगर, जिरी र बाग्लुङ्ग आदि ठाउँहरूमा नियमित सानु हवाई (स्टोल) सेवा चलाइनेछ ।

छ. हाल डिसि– ३ को सम्भार कार्यशाला (मेन्टीनेन्स वर्कशप) मात्र रहेको छ । यस वाहेक चौथो योजनाकालमा १) प्रणोदक (प्रोपेलर) पुनर्नवन कार्यशाला (ओभरल शप), २) गोश्वारा कार्यशाला (जनरल वर्कशप), ३) विद्युत पुनर्नवन कार्यशाला (इलेक्ट्रीकल ओभरहल शप), ४) उपकरण पुनर्नवन (इन्स्टुमेन्टल ओभरहल) को निर्माण गरिनेछ । चालक (पाइलट) हरूको व्यवस्था र यात्रुहरूको सुविधाको निमित्त दुई वटा ठूला सर्वयानहरू (बसहरू) खरिद गरी आवश्यक व्यवस्था पनि गर्ने कार्यक्रम छ साथै माथि लेखिएका जहाजहरूलाई चाहिने पुर्जाहरू पनि खरिद गरिनेछ ।

चालक (पाइलट) हरूको तालिमको निमित्त प्रशिक्षण व्योमयान खरिद गर्न एशियाली विकास बैंक र श्री ५ को सरकारबाट ऋण उपलब्ध गर्ने सम्झौता भैसकेको छ ।

वित्तीय लगानी :

शाही नेपाल वायुसेवा निगम उपर्युक्त कार्यक्रम सञ्चालन गर्न योजना अवधिभित्र जम्मा रु. १२ करोड ३० लाख लगानी गर्नेछ । उक्त रकम निम्नअनुसार खर्च गरिनेछ ।

सि.नं.	आयोजनाको नाम	(रु. हजारमा)
१.	थप हवाई जहाज खरिद गर्न नेपालको स्थितिलाई हेरी कुनै मध्यम श्रेणीको जेट जहाज १, सानो स्टोल जहाज ३ र अतिरिक्त अंगहरू (स्पेयर पार्टस) समेत	१,००,०००
२.	चालक प्रशिक्षण व्योमयान (पाइलट ट्रेनिङ्ग सिमुलेटर)	२,०००
३.	कार्यशाला संभार तथा साधन (वर्कशप इक्विपमेन्ट्स र टुलस)	१०,०००
४.	भूतल प्रयोज्य उपकरण (ग्राउण्ड हान्डिलिङ इक्युपमेन्ट)	५००
५.	बाह्य शक्ति एकब (एक्सटर्नल पावर यूनिट)	३००
६.	आन्तरिक सञ्चार यन्त्र (इन्टरकम इक्वीपमेन्ट)	२५०
७.	भूतल परिवहन (सर्पेस ट्रान्सपोर्ट), १० र थप वहित्र यान ५	१,३००
८.	थप भवन निर्माण	३,५००

	(क) केन्द्रीय कार्यालयमा थप निर्माण	२०,००,०००
	(ख) शाखा कार्यालय भवन	१५,००,०००
९.	चालक (पाइलट) र अभियन्ता (इन्जिनियरहरूको) तालिम निमित्त	२,५००
१०.	हवाई जहाज खरिद गर्न जाँच बुझ गर्ने वारेमा खर्च	१५०
११.	कार्यवाहक पुँजी (वर्किङ्ग क्यापिटल)	२,५००
	कुल जम्मा:	१,२३,०००

उपरोक्त खर्च व्यहोर्ने स्रोतहरू निम्नबमोजिम रहने छन् :

(रु.हजारमा)

(क)	निगमले आफ्नो कारोवारबाट बचत गर्ने एफ-२७ जहाजको क्षतिपूर्ति बापत र डकोटा जहाज विक्रीबाट प्राप्त हुने रकम	४५,०००
(ख)	एशियाली विकास बैंकको सापटी रकम	३,३५०
(ग)	श्री ५ को सकारबाट निगमको पुँजी बढाउन अंश (शेयर) लगानी	१०,०००
(घ)	सापटी (उपयुक्त ठहरिने स्रोतबाट)	६४,६५०
	कूल जम्मा:-	१,२३,०००

हवाई यातायात विकास सम्बन्धी माथि उल्लेख गरिएका सवै कार्यक्रमहरू आपसमा सम्बद्ध छन् । त्यसकारण योजनाको लक्ष्य हासिल गर्न हवाई विभाग र श्री शाही नेपाल वायुसेवा निगम दुवैका योजनाहरू कार्यान्वित हुन आवश्यक छ । कुनै एक योजनाको कार्यान्वयनमा कमी भएमा अर्को आयोजनाको लक्ष्य हासिल हुन नसक्ने कुरा स्पष्टै छ । अतः यी दुवै आयोजनाहरूमा सामञ्जस्यता ल्याई कार्यान्वयन गर्ने प्रयास हुनेछ । शाही नेपाल वायुसेवा निगम स्वचालित संस्था हो तापनि यसको सेवाको महत्वलाई बुझेर श्री ५ को सरकारले यसलाई चाहिँदो संरक्षण तथा सहायता वखत वखतमा दिँदै आएको छ । यस योजना अवधिमा पनि यो परम्परा कायमै रहनेछ । योजनाको दृष्टिकोणबाट यस योजना अवधिमा पनि निगममा श्री ५ को सरकारको १ करोड मात्र खर्च हुने देखिए तापनि अरु चाहिँदो थप रकम अन्यत्रबाट प्राप्त गराउनमा र किसिम किसिमका अरु सहुलियत तथा सहायताहरू प्राप्त गराउनमा श्री ५ को सरकारले देहाएको तत्परता यसको निमित्त ठूलो टेवा सिद्ध भएको छ र हुनेछ ।

१२ परिच्छेद

दूर–सञ्चार

प्राकथन:

नेपालमा सर्वप्रथम दूर सञ्चारको सुरुआत संवत् १९७० मा भएको थियो । संवत् १९७१ तिर काठमाडौदेखि रक्सौल सम्म करिव ११० किलोमिटर लामो सुदुर दूर-वाणीको (ट्रङ्क टेलिफोन) स्थापना गरियो । यसपछि १९९३ मा काठमाडौदेखि धनकुटासम्म ५१८ किलोमिटर लामो दूर-वाणी जडान गरियो । २००७ सालमा फेरि काठमाडौंदेखि पाल्पासम्म २४० किलोमिटर लामो दूर-वाणी तन्तुपथ (लाइन) को विस्तार गरियो । त्यस्तै १९९२ मा २५ तन्तुपथको स्वचालित दूर-वाणीको स्थापना गरियो ।

दूर-वाणी (टेलिफोन) विकासको अर्को अध्याय संवत् २००७ साल देखि २०१५ सम्ममा भयो । संवत् २०१० मा पाल्पादेखि भैरहवासम्म अर्को तन्तुपथ थपियो । यस्तै गरी काठमाडौंदेखि धुलिखेलसम्मको २९ किलोमिट लामो तन्तुपथ तन्क्याइयो र सर्वसाधारणाको निमित्त संवत् २००८ सालमा मात्र १०० तन्तुपथको क्षमता भएको हाते दूर-वाणी विनिमयको स्थापना गरियो । यस्तै गरी २०१३ सालमा ३०० क्षमताको तन्तुपथ विस्तार गरियो ।

आकाशवाणी सेवाको प्रारम्भ नेपालमा २००६ सालमा नै भएको हो । त्यसवेला यस सेवाबाट नेपालका ६ जिल्लाहरू काठमाडौं, नेपालगञ्ज, भैरहवा, इलाम, धनकुटा र विराटनगरबीचमा मात्र सम्पर्क थियो । त्यसपछि २००८ सालमा डोटी, दाङ, जुम्ला, दैलेख, सल्यान, ओखलढुङ्गा, राजविराजमा र २००९ सालमा जलेश्वर, रामेछाप, बन्दीपुर, तेह्रथुम ताप्लेजुंग, तौलिहवा, डडेलधुरा र वैतडीमा पनि आकाशवाणी राखियो । त्यसपछि यसै सालमा वागलुंग, पाल्पा र धनगढीमा अरु ३ वटा केन्द्रहरू खोलियो । त्यस्तै गरी पोखरा, भोजपुर र बीरगञ्जमा नयाँ केन्द्रहरू थपिए ।

दूर-सञ्चारको इतिहास जतिसुकै पुरानो भए तापनि उसबेला सञ्चार त्यस विभागको नियन्त्रणमा थियो, जसले मुलुकको हुलाक सेवामा पनि रेखदेख पुऱ्याउनु पर्दथ्यो । वास्तवमा मुलुकको दूर-सञ्चार उपरको नियन्त्रण, समन्वयन र योजनावद्ध तरिकाले २०१६ सालमा दूर-सञ्चार विभाग खडा भएदेखि नै विकास भएको हो ।

२. <u>वर्तमान स्थिति:</u> प्रथम योजना लागू भएपछि प्रशासन र सुरक्षाको निमित्त मात्र नभई देशको शिक्षा, उद्योग धन्दा, व्यापार तथा जनसाधारणको विभिन्न आवश्यकताहरूमा पूरा विकास गर्न पनि दूर-सञ्चार क्षेत्रमा निक्कै महत्वपूर्ण विकास भयो । तद्नुरूप काठमाडौंमा ३००० तन्तुपथसम्मको क्षमता भएको आधुनिक स्वचालित प्रणालीको व्यवस्था गरियो, जसमध्ये सिंहदवार सचिवालयमा मात्र १२० तन्तुपथको विनिमय कार्यालय तथा काठमाडौमा १००० जन्तुपथ गरी जम्मा १,१२० जडान कार्य सुसम्पन्न भएको थियो ।

३. द्वितीय योजनाकालमा योजना सुरु हुनुभन्दा अघि देशका २८ जिल्लाहरूमा जडान गरेको आकाशवाणी उपकरण काम नलाग्ने भैसकेकाले प्रथम पञ्चवर्षीय योजनाकालमा अधिराज्यका समस्त प्रशासकीय जिल्लाहरूमा नयाँ आकासवाणी यन्त्रहरूको व्यवस्था हुने कार्य सुरु गरी दोस्रो योजनाकालमा यी आकाशवाणी चालु गरिए । यसको अलावा देशका मुख्य ७ जिल्लाहरू काठमाडौं, जलेश्वर, विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय अड्डा खडा गरिनुको साथै अरु ५० वटा शाखा अड्डाहरू (स्याटेलाइट स्टेसनहरू) पनि विभिन्न जिल्लाहरूमा खोलियो । दिल्ली तथा कलकत्तामा २ परिपथ (सरक्यूट) को स्थापना गरी अन्तर्राष्ट्रिय व्यवस्था पनि चालु गरियो साथै खवरको छिटो छिटो आदानप्रदान गर्न २ वटा दूरमुद्रण यन्त्र पनि चालू गरियो ।

दूर-वाणीतर्फ, भक्तपुरमा दूरवाणी विनिमयको स्थापना गरियो । यस्तै गरी काठमाडौं उपत्यकामा सर्व साधारणको निमित्त १२ वटा मण्डप (बुथ) हरूको स्थापना गरियो । साथै, नेपाल-भारत दूर सञ्चार आयोजनाम दूर वाणी मण्डपहरूको स्थापना गर्ने काम पनि सम्पन्न भयो । यसै अवधिभित्र नेपाल पाकिस्तान दूर-सञ्चार आयोजना पनि धेरै मात्रामा पूरा गरियो ।

४. नेपालको तेस्रो योजनामा दूर-वाणीतर्फ काठमाडौंमा भइरहेको १००० तन्तुपथ ज्यादै नै अपर्याप्त भएको हुनाले काठमाडौंमा ४,००० पाटनमा ६०० दूर-वाणी तन्तुपथको विस्तार गरियो । विराटनगरमा ३०० सि.वि. तन्तुपथ स्थापना गर्ने भनिएकोमा अरु १०० वटा थपी ४०० लाइनको विस्तार गरियो । यस्तै गरी काठमाडौं रक्सौल सुदूर (ट्रंक) तन्तुपथ आयोजनाको लक्ष्य शतप्रतिशत हासिल गरियो । वीरगञ्ज दूरवाणी विनियम योजनातर्फ लक्ष्यअनुसार भित्री र बाहिरी संयन्त्रको अनुमान पूरा गरी भवन निर्माणको कार्य ३० प्रतिशत पूरा गरियो । त्यस्तै काठमाडौं-कलकत्ता वितन्तु मुद्रण सेवाअन्तर्गत निर्धारित समयभन्दा अगावै सामानहरू जडान गर्ने कार्य सम्पन्न गरी परीक्षणको रूपमा सेवासमेत चालु गरियो । आकाशवाणीतर्फ योजनाको चौथो वर्षसम्म ५ जिल्लाहरूमा आवश्यक अड्डाहरू स्थापना गर्ने कार्य सम्पन्न भयो । तेस्रो योजना अन्तसम्ममा मुलुकको १४ अञ्चल र प्राय ७५ जिल्लामा नै दूर-सञ्चार उपलब्ध भयो । यस आयोजनाको लक्ष्यअनुसार भएको वार्षिक प्रगति निम्न तालिकामा देखाइएको छ ।

तेस्रो योजना (२०२२-०२७) को
भौतिक लक्ष्य र प्रगति

सि.नं.	आयोजनाको नाम	तेस्रो योजनाको लक्ष्य	०२२-०२३	०२३-२४	०२४-२५	०२५-२६	०२६-२७
			प्रगति	प्रगति	प्रगति	प्रगति	प्रगति (क)
	१	२	३	४	५	५	७
१.	आकाशवाणी	२३	-	-	१२	-	-
२.	काठमाडौं दूरवाणी (टेलिफोन)	-	-	३७२	३२८	४३७	८४९
३.	विराटनगर दूरवाणी	४००	३००	-	-	१००	-
४.	पूर्व पश्चिम अणुतरंग (माइक्रोवेभ) सर्वेक्षण	-	कार्य चालू	कार्य चालू	कार्य चालू	कार्य चालू	कार्य चालू
५.	काडमाडौ- रक्सौल सुदूर तन्तुपथ (ट्रंकलाइन)	-	-	-	-	-	ट्रंकलाइन निर्माणकार्य मा ५० प्रतिशत पूरा
६.	वीरगञ्ज दूरवाणी योजना	-	-	-	-	-	

(क) २०२६ चैत्रसम्मको मात्र ।

५. चतुर्थ योजना (०२७-३२) मा दूर सञ्चार आयोजनाहरूको कार्यान्वयन निम्न लक्ष्यअनुसार हुनेछः-

(क) ७५ जिल्लामा दूर-सञ्चार स्थापना पूर्ण हुने भएकाले यिनको सङ्ख्या वढाउनुमा भन्दा यिनको दक्षताको क्रमोन्नतिमा बढी ध्यान दिने,

(ख) विभिन्न नगरहरूम आवश्यकतानुसार बिभिन्न सञ्चार सेवाहरूको स्थापना तथा विस्तार गर्ने, उपर्युक्त लक्ष्यहरूअनुरुप निम्न आयोजनाहरू समावेश गरिएका छन्:-

सि.नं.	**आयोजनाहरू**	**चौथो योजनाको लक्ष्य**
१.	काठमाडौं दूर-मुद्रण सेवा	स्थापना गर्ने
२.	दूर सञ्चार तालिम केन्द्र	स्थापना गर्ने
३.	भैरहवा- गोरखपुर तथा नेपालगञ्ज लखनौ दूर सञ्चार सेवा	स्थापना गर्ने
४.	स्थानीय दूरवाणी विनिमय	स्वचालित दूर वाणी स्थापना गर्ने
	(क) काठमाडौं	५००० तन्तुपथ
	(ख) भक्तपुर	२०० तन्तुपथ
	(ग) हेटौडा	१०० तन्तुपथ (हाते)
	(घ) मलंगवा	५० ,, ,,
	(ङ) जनकपुर	२०० ,, ,,
	(च) राजविराज	१०० ,, ,,
	(छ) धरान	४०० ,, स्वचालित
	(ज) विराटनगर	२,५०० तन्तुपथ स्वचालित
	(झ) झापा	१०० तन्तुपथ (हाते)
	(ञ) पोखरा	१,५०० ,, ,,
	(ट) भैरहवा	१०० ,, ,,
	(ठ) नेपालगञ्ज	२०० ,, ,,
	(ड) पाटन	४०० ,, स्वाचालित
५.	काठमाडौं-नेपालगञ्ज वितन्तु दूरवाणी सेवा	स्थापना गर्ने
६.	काठमाडौं-भक्तपुर वाहक (क्यारियर)	स्थापना गर्ने
७.	पूर्व पश्चिम अणुतरंग (माइकोवेभ) सञ्चार प्रणाली	स्थापना गर्ने

८.	काठमाडौं-रक्सौल सुदूरवाणी पथ	स्थापना गर्ने
९.	बीरगञ्ज दूरवाणी विनिमय	३०० लाइन

उपरोक्त आयोजनाहरूको वार्षिक कार्यक्रमको लक्ष्य निम्न बमोजिम हुनेछः-

सि.नं.	आयोजनाको नाम	०२७-२८	०२८-२९	०२९ -३०	०३० -३१	०३१ -३२
१.	काठमाडौं दूर मुद्रण (टेलेक्स)	-	प्रारम्भिक कार्य स्थान छनौट, भवन निर्माण र नाप नक्सा	नाप नक्सा लगत अनुमान सरसामान निमित्त आदेश	जडान कार्य	
२.	भैरहवा-गोरखापुर नेपालगञ्ज- लखनौ दूर-सञ्चार सेवा	-	-	-	स्थान छनौट भवन निर्माण नाप नक्सा तथा आदेश	जडान कार्य
३.	स्थानीय दूरवाणी विनिमय					
	(क) काठमाडौं	-	-	स्थान छनौट भवन निर्माण आदेश	नाप नक्सा लगत सामान र आदेश	लगत तयार र आयोजना आदेश
	(ख) पाटन	-	-	,,	जडान कार्य	
	(ग) भक्तपुर	-	भवन निर्माण, केवलको नाप नक्सा आयोजना	सामानको आदेश	जडान कार्य	-
	(घ) हेटौडा	स्थाना छनौट भवन निर्माण योजना	सामानको आदेश नाप नक्सा	जडान कार्य	-	-
	ङ) मलंगवा		स्थान छनौट भवन निर्माण नाप नक्साको आदेश	,,	-	-
	(च) जनकपुर	भवन निर्माण योजना तथा नक्सा	,,	,,	-	-
	(छ) राजविराज	-	भवन निर्माण योजना नाप नक्सा	आदेश लाभ लागत	जडान कार्य	-
	(ज) धरान	स्थान छनौट भवन निर्माण	सामानको आदेश	सामानको आदेश जडान कार्य सुरु	जडान कार्य	-
	(झ) विराटनगर	,,	,,	,,	,,	-
	(ञ) झापा	,,	,,	,,	,,	-
	(ट) पोखरा	-	जग्गा प्राप्ति भवन निर्माण	सामानको आदेश	जडान कार्य	-
	(ठ) भैरहवा	-	भवन निर्माण नाप नक्सा	,,	-	
	(ड) नेपालगञ्ज	जग्गा प्राप्ति वन निर्माण	लागतको आदेश	जडान कार्य	-	
४.	काठमाडौं-नेपालगञ्ज वितन्तु सेवा	सामानको आदेश	जडान	-	जडान कार्य	
५.	काठमाडौं- भक्तपुर क्यारियर	,,	आदेश	जडान	पूरा	

६.	अणुतरंग सञ्चार	जग्गा प्राप्ति भवन निर्माण नापनक्सा लागत	नापनक्सा लागत भवन निर्माण आदेश दिने	जडान कार्य सुरु आदेश दिने	सेवा चालू	सेवा चालू

५. काठमाडौं दूर-मुद्रण:

दूरवाणीको प्रयोग जस्तै दूर- मुद्रण विनिमयमा कलको प्रयोग हुन्छ । कुनै स्थानको वन्द व्यापारमा पर्यटन, उद्योग, होटल व्यवसाय हवाई सेवा जस्ता धन्दाहरूको यथेष्ट बृद्धि भएपछि दूरमुद्राणको आवश्यकता पर्छ । दूरवाणी अथवा दूरलेखा भन्दा दूरमुद्रणद्वारा निम्नलिखित बढी सुविधा उपलब्ध हुन्छ । (क) वढी कुरा आदानप्रदान गर्ने (ख) आदानप्रदान गरिएका कुराहरू छापिएर रहने, (ग) अर्को पक्षको अनुपस्थितिमा पनि कुरा प्रदान गर्न सकिने, (घ) आदान प्रदान गरिएका कुराहरू गोप्य रहने । दूर वाणीभन्दा मुद्रणको स्थापना, खर्च र मर्मत तथा सम्भार खर्च निकै वढी भए तापनि मुद्रणजस्तो विशेष गरी उद्योग र व्यापारसँग सम्बन्धी संस्था वा व्यक्तिले नै प्रयोग गर्ने हुनाले दूर वाणीभन्दा ज्यादा खर्चिलो भए तापनि त्यस्ता संस्था वा व्यक्तिको लागि बढी लाभदायक हुन्छ । काठमाडौंको हालको व्यापार, होटल व्यवसाय, पर्यटन उद्योग इत्यादिको दृष्टिकोणले यहाँ सुरुमा १०० तन्तुपथ क्षमता भएको र पछि ३०० तन्तुपथसम्म वढाउन हुने अर्न्तराष्ट्रिय दूर मुद्रण स्थापना गरिनेछ । यस किसिमको संचार सेवाले नेपालको उद्योग र वाणिज्य विस्तार गर्ने सिलसिलामा विशेष सहायता पुऱ्याई श्री ५ को सरकारको राजस्व प्रत्यक्ष रुपले बृद्धि गर्नेछ ।

५.२ दूर-सञ्चार तालिमकेन्द्र :

नेपालमा गत ८ वर्षदेखि दूर-सञ्चार सेवाको विस्तार द्रुत गतिले भई रहेको छ । स्थानीय टेलिफोन ३०० तन्तुपथबाट ५४०० तन्तुपथ र आकाशवाणी अड्डा २६ बाट ७० हुनुका साथै अन्तराष्ट्रिय सेवासमेत स्थापना भएको छ । यसै क्रमले भविष्यमा पनि दूर-सञ्चार सेवाको विस्तार हुँदै जाने प्रायः निश्चित छ । तसर्थ नयाँ योजनाहरू कार्यान्वयन गर्न र सेवालाई सुचारु रूपले सञ्चालन गर्नको लागि समेत योग्य व्यक्तिको आवश्यकता छ । हाल सेवा विस्तारको दाँजोमा दक्ष प्राविधिकहरूको सङ्ख्या ज्यादै कम छ । यस्तै स्थितिमा नयाँ योजनाहरू प्रभावकारी ढंगले कार्यान्वित गर्न वा चालू सेवा दक्षतापूर्वक सञ्चालन गर्नु सम्भव हुँदैन ।

हाम्रो देशमा दूर-सञ्चार विषयको अध्ययन वा तालिम दिने कुनै संस्था स्थापना भएको छैन र भविष्यमा हुने कुनै योजना बनेको पनि छैन । त्यसकारण दूर-सञ्चार विभागले आफूलाई नै सुहाउँदो किसिमको एक तालिम केन्द्रको स्थापना गर्नु सो विभागलाई परेको समस्या सुल्झाउने एक मात्र उपाय देखिन्छ । यस केन्द्रमा आवश्यकतानुसार विभिन्न विषयको तालिम दिनेछ । सो पाठ्यक्रम एक वर्षदेखि तीन वर्षसम्मको हुनेछ र वर्षमा ३० जवान तयार पारिनेछन् ।

यस योजनाको निमित्त आवश्यक खर्चकोरकम आदि संयुक्त राष्ट्रसंघको विशेष कोषबाट सहायताको रूपमा उपलब्ध गराइनेछ । विशेषज्ञहरूको सेवा तालिमको सामानजस्ता कुराहरू उक्त विशेष कोषबाट उपलब्ध गराइनेछ । स्थानीय खर्च श्री ५ को सरकारको तर्फबाट व्यहोरिनेछ ।

दूरवाणीसम्बन्धी तालिमको बन्दोवस्त हाल चालू भइरहेको अभियान्त्रिकी प्रशिक्षालयअन्तर्गतको एक शाखाको रूपमा काम गरिनेछ । यसबाट छुट्टै तालिम केन्द्र खोल्न लाग्ने प्रशासकीय खर्चमा कटौती हुनेछ र अभियान्त्रिकी प्रशिक्षालय पनि क्षमतापूर्ण मात्रामा चल्ने सिद्ध छ ।

५.३ भैरहवा–गोरखपुर तथा नेपालगन्ज–लखनौ दूरवाणी सेवा :

नेपाल अधिराज्यमा अहिलेसम्म तिब्रिकोटबाहेक अरु सबै जिल्लामा दूर-सञ्चार सेवाको स्थापना भइसकेको छ । तापनि हालसम्म अन्तराष्ट्रिय दूरवाणी र दूरलेखा सेवाको काठमाडौमार्फत मात्र हुने व्यवस्था छ । यसले गर्दा काठमाडौंमा अत्यधिक भार पर्ने भएको छ र अन्य स्थान जति छिटो अन्तर्राष्ट्रिय सेवा उपलब्ध हुनेसक्ने हो त्यति हुन सकेको छैन । दिनदिनै बढ्दै जाने कारोबाबाट यो समस्या झन जटिल हुँदै जाने भएकाले यसको समाधानका लागि देशको पूर्व–पश्चिम भागहरूमा पनि सिधै अन्तर्राष्ट्रिय सञ्चार लेनदेन गर्ने व्यवस्था हुनुपर्छ । हाल पूर्वमा विराटनगर र कलकत्ताको बीच तथा पश्चिममा नेपालन्ज र लखनौको बीच सम्पर्क राख्ने प्रबन्ध हुन आवश्यक छ । यसका निमित्त श्री ५ को सरकार र भारत सरकारका बीच आवश्यक सम्झौता भई भारतमा जे जति बन्दोबस्त गर्नुपर्ने हो सो भारत सरकारको तर्फबाट गरिनेसमेत भई भैरहवा र नेपालगन्जमा आवश्यक निर्माण र सार्वजनिक दूर-सञ्चार कार्यालयको स्थापनाको पनि प्रबन्ध हुनेछ ।

आयोजना पूरा भएपछि खबर लेनदेन गर्ने र कुरा गराउने काम अहिलेको भन्दा धेरै नै छिटो छिटो किसिमले हुनेछ । यसबाट राजस्व यथेष्ट वृद्धि हुन आउने अनुमान गर्न सकिन्छ । फलस्वरूप श्री ५ को सरकारको राजस्व बढाउने प्रयासमा यस आयोजनाले विशेष सहायता पुऱ्याउँछ ।

५.४ स्थानीय दूरवाणी विनिमय:

विभिन्न अञ्चल र जिल्लाहरूमा शहरी क्षेत्रको विकास तथा उद्योग एवं व्यापारमा वृद्धि भइरहेको हुनाले आवश्यकतानुसार यसलाई अझ बढी छिटो र सुगमता प्रदान गर्न सुहाउँदो क्षमता भएको दूरवाणी विनिमयको स्थापना काठमाडौं, पाटन, भक्तपुर, हेटौंडा, मलङ्गवा, जनकपुर, राजविाज, धरान, विराटनगर, झापा, पोखरा, भैरहवा र नेपालगन्ज गरी जम्मा १३ स्थानहरूमा स्थानीय दूरवाणी विनिमय योजनाहरू सञ्चालन गरिनेछ । त्यसमध्ये ३ विनिमय आयोजनाहरू काठमाडौं उपत्यकामा, १ भित्री मधेशमा, ६ पूर्वी तराई भागमा, २ पश्चिमी तराई भागमा र १ पहाडी क्षेत्रमा स्थापना गरिने कार्यक्रम छ ।

काठमाडौं : तेस्रो योजनाको अन्तसम्ममा काठमाडौं मा ५,००० तन्तुपथ र ललितपुर (पाटन) मा ६०० तन्तुपथ गरी काठमाडौं उपत्यकामा जम्मा ५,६०० तन्तुपथको दूरवाणी विस्तार गरियो । सम्वत् २०१७ सालसम्म ३०० तन्तुपथ मात्र दूरवाणी भएको काठमाडौंमा २०२७ अर्थात् १० वर्षभित्र ५,३०० तन्तुपथ वृद्धि गर्न आवश्यक भयो । यसको मुख्य कारण यो मुलुकको राजधानी भएको यहाँ द्रुतगतिले व्यापारिक, सामाजिक एवं अन्य विकास कार्यहरूले गर्दा नै भएको हो । तसर्थ बढ्दै गईरहेको कारोबार र दूरवाणीको बढ्दो मागको दृष्टिकोणबाट यस योजनामा अरु ५,००० तन्तुपथको स्वचालित विनिमयको स्थापना गरिनेछ ।

यसबाट सर्वसाधारणलाई आधुनिक युगको सुविधा उपलब्ध गराउनुका अतिरिक्त उद्योग व्यापार विस्तारमा सहायता पुग्नुको साथै श्री ५ को सरकारको राजस्वमा समेत प्रत्यक्ष रूपले वृद्धि गराउँछ ।

ललितपुर (पाटन) : काठमाडौं उपत्यकाका मुख्य तीन शहरमध्ये पाटन एक भएकोले त्यहाँ हाल भइरहेको ६०० तन्तुपथको विनिमय अपर्याप्त देखिन आएको छ । तसर्थ, यस योजनामा हालको मागअनुसार ४०० तन्तुपथ थप गरिनेछ ।

भक्तपुर–काठमाडौं : उपत्यकाका ३ प्रमुख शहरमध्ये १ शहर गनिएको यो भक्तपुर जिल्ला काठमाडौंबाट करिब १३ किलोमिटर टाढा पर्दछ । साथै व्यापारिक दृष्टिकोणबाट यो शहरको ठूलो महत्व भए पनि आधुनिक दूरवाणीको सुविधा छैन । तसर्थः यस योजनामा २०० तन्तुपथको दूरवाणी विनिमय स्थापना गरी वितरण गरिनेछ ।

हेटौंडाःहेटौंडा नारायणी अञ्चलको प्रमुख औद्योगीक केन्द्रहरूमध्ये एक भएकाले त्यहाँ स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन दूरवाणी विनिमय हुन ज्यादै आवश्यक छ । त्यहाँको जनसङ्ख्या, औद्योगीक तथा व्यापारिक केन्द्रहरूको आधारमा हाललाई त्यहाँ यस योजनामा १०० तन्तुपथ क्षमता भएको दूरवाणी विनिमय स्थापना गरिनेछ ।

मलङ्गवा : प्रास्तावित अणुतरङ्ग सञ्चारको मार्गमा पर्ने भएकाले यस जिल्लामा स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन त्यहाँ एक दूरवाणी विनिमय स्थापना गर्न आवश्यक भएको छ । जनसङ्ख्या र औद्योगीक व्यापारिक स्थितिको आधारमा सो ठाउँमा ५० तन्तुपथको हाते । (म्यानुयल) दूरवाणी विनिमय स्थापना गरिनेछ ।

जनकपुर : यहाँको जनसङ्ख्या, व्यापार र उद्योगधन्दा आदिको दृष्टिकोणबाट त्यस स्थानामा दूरवाणी विनिमय स्थापना हुन अति आवश्यक भएको छ । साथै प्रस्तावित अणुतरङ्ग सञ्चार योजनाको मार्गमा जनकपुर पर्ने भएकाले पनि त्यहाँ दूरवाणी विनिमय स्थापना २०० तन्तुपथ यस योजनामा गरिनेछ ।

राजविराज : प्रस्तावित अणुतरङ्ग सञ्चारको मार्गमा पर्ने भएकाले त्यहाँ स्थानीय सुदूर दूरवाणी सेवा उपलब्ध गराउन दूरवाणी विनिमयको स्थापना हुन आवश्यक भएको छ । तसर्थ यस योजनामा त्यहाँको जनसङ्ख्या व्यापार आदिलाई दृष्टिगत गरी १०० तन्तुपथ क्षमताको हाते विनिमय स्थापना गरिनेछ ।

धरान : व्यापारिक, सामाजिक एवम् उद्योग धन्दाको दृष्टिकोणबाट यसको ठूलो महत्व छ । तसर्थ त्यहाँ सुरुमा ४०० तन्तुपथ क्षमताको दूरवाणीको आवश्यकता पर्दछ । भविष्यमा यसलाई आवश्यकताअनुसार १,००० तन्तुपथसम्म बढाउन हुने स्वचालित विनिमयको स्थापना गरिनेछ ।

विराटनगर : यहाँ ४०० तन्तुपथको (सी. वी.) दूरवाणी विनिमयको स्थापना भएको छ । तर, उद्योग र व्यापारको मुख्य केन्द्र भएकाले त्यहाँ दूरवाणीको माग दिन पर दिन बढ्दै जानु स्वभाविकै हो र ४०० तन्तुपथ ज्यादै अपर्याप्त भई भविष्यमा आवश्यकतानुसार ५,००० तन्तुपथसम्म गराउन हुने स्वचालित विनिमयको स्थापना गरिनेछ ।

झापा : उद्योगधन्दा र व्यापारको दृष्टिकोणले नेपालको प्रमुख शहरमध्ये यो पनि एक भएकाले साथै उक्त ठाउँमा अणुतरंग सञ्चारको अवसानीय अड्डा (टर्मिनल) समेत रहने भएकाले त्यहाँ दूरवाणी विनिमयको सेवा हुन अति आवश्यक भएको छ । तसर्थ, यस योजनामा १०० तन्तुपथको हाते दूरवाणी विनिमयको स्थापना गरिनेछ ।

पोखरा : पर्यटन केन्द्रको प्रमुख स्थान हुनुको साथै सिद्धार्थ राजमार्ग र पृथ्वी राजमार्ग निर्माणले गर्दा त्यहाँको सामाजिक एवम् आर्थिक स्थितिमा निकै परिवर्तन आउँदैछ । तसर्थ, त्यस स्थानमा जनसङ्ख्या, उद्योग आदि सबैको विचार गर्दा दूरवाणी विनिमयको स्थापना हुन आवश्यक छ । यस योजनामा १५० तन्तुपथ क्षमताको दूरवाणी विनिमय स्थापना गरिनेछ ।

भैरहवा : पश्चिमी नेपालको प्रमुख औद्योगीक तथा व्यापारिक केन्द्रहरूमध्ये एक भएकाले त्यहाँको व्यापार, औद्योगीक धन्दा, जनसङ्ख्या आदिको विचार गर्दा हललाई यस योजनामा १०० तन्तुपथको दूरवाणी विनिमय स्थापना गरिने लक्ष्य छ ।

नेपालगन्ज : पश्चिमी नेपालको प्रमुख औद्योगीक एवम् व्यापारिक केन्द्र भएकाले त्यहाँ व्यापार, उद्योग, जनसङ्ख्या आदिको विचार गर्दा स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन आवश्यक भएको छ । तसर्थ, यस चतुर्थ योजनामा २०० तन्तुपथ क्षमताको दूरवाणी विनिमय स्थापना गर्ने लक्ष्य छ ।

५.५ काठमाडौं–नेपालगन्ज वितन्तु दूरवाणी सेवा :

नेपालगन्ज र काठमाडौंका सर्वसाधारण जनतालाई सोझै कुराकानी गराउन एक शक्तिशाली पारेषकको स्थापना गरी एक सुदूर दूरवाणी सेवा उपलब्ध गराउने लक्ष्य छ । यसबाट राजस्वमा निकै वृद्धि हुने अनुमानका साथै उद्योग एवं व्यापारलाई पनि सहायता पुग्न जानेछ । सर्वसाधाण सामाजिक कठिनाइहरू केही हदसम्म समाधान हुनेछ ।

५.६ काठमाडौं–भक्तपुर संवाहक सेवा :

काठमाडौं उपत्यकाको मुख्य शहरमध्ये भक्तपुर एक भएकाले त्यहाँको जनसङ्ख्या, व्यापार र काठमाडौंसँगको सम्बन्ध आदिको विचार गर्दा भक्तपुर विनिमयलाई काठमाडौंसँग जोड्न आवश्यक भएको छ । तसर्थ, यस योजनामा भक्तपुरको विनिमयलाई काठमाडौंसँग जोड्ने एक संवाहक सुदूर तन्तुपथको स्थापना गरिनेछ । जसबाट राजस्वमा पनि निश्चय नै वृद्धि हुनेछ ।

५.७ पूर्व पश्चिम अणुतरङ्ग (माइक्रोवेभ) :

हाल स्थापना भइरहेको सञ्चार तन्तुपथ ज्यादा पुरानो पद्धतिको र माग अनुसार अपर्याप्तसमेत ठहरिएकोले देशमा युग सुहाउँदो किसिमको सुदूर सञ्चार सेवाको स्थापना गर्नु अतिसय आवश्यक भएको छ । तसर्थ, देशको प्रमुख स्थानहरूलाई आपसमा तथा विदेशसँग समेत सम्पर्क राख्न सक्ने गरी अणुतरंग सञ्चार प्रणालीको स्थापना गर्न यो आयोजना तयार गरिएको छ । यसको विशेषता तारको प्रयोग बिना विभिन्न स्थानहरूलाई छुट्टाछुट्टै कुरा गर्न तथा खबरहरूको आदान प्रदान गर्ने प्रणाली उपलब्ध गराउनु हो । यसबाट हालको सुदूर वाणी तन्तुपथको जस्तै दुई कार्यालयको बीच भएको अन्य कार्यालयले सुन्ने अथवा हालको आकाशवाणीको जस्तै एक पटकमा एक क्षेत्रबाट एक जनाले मात्र कुरा गर्न सकिने त्रुटिहरू हट्ने छन् । आयोजनाअनुसार सुरुमा १२० प्रणाली भई भ भविष्यमा आवश्यकतानुसार ६०० प्रणालीसम्म गराउन हुने सामग्री स्थापना गरिनेछ ।

चौथो योजनाकालमा काठमाडौं, वीरगन्ज, जनकपुर, राजविराज, विराटनगर, धरान, झापा, पोखरा र भैरहवामा अणुतरंग सञ्चारका प्रणालीको स्थापना गरिने छ । उच्चस्तरीय श्रेणी तथा बढी क्षमताको पद्धतिबाट सञ्चारको वृद्धि हुने हुनाले अणुतंग सञ्चार सेवाको स्थापनाबाट प्रत्यक्ष रूपले श्री ५ को सरकारको राजस्वमा सारपूर्ण वृद्धि हुने देखिन्छ । पाँच वर्ष भित्रमा अहिलेको सुदूर सेवाको आयमा शत प्रतिशत वृद्धि हुने अनुमान छ ।

५.८ काठमाडौं–रक्सौल सुदुर दूरवाणी तन्तुपथ र वीरगन्ज दूरवाणी विनिमय :

वीरगन्जमा १००० तन्तुपथको स्वचालित विनिमय र काठमाडौंदेखि रक्सौलसम्म संवाहक तन्तुपथको स्थापना गर्ने लक्ष्य छ ।

आयोजनाको कूल खर्च : माथि उल्लेख गरिएका आयोजनाहरू कार्यान्वयन गर्न जम्मा रु. ३६,७,५०,०००।- लाग्ने अनुमान गरिएको छ ।

दूर-सञ्चार क्षेत्रको चौथो योजनाको प्रस्तावित लक्ष्य र खर्च (०२७–३२)

(००० मा)

आयोजनाको नाम	लक्ष्य	खर्च
१. काठमाडौं दूर-मुद्रण (टेलेक्स)	स्थापना गर्ने	११८५
२. भैरहवा तथा गोरखपुर र नेपालगन्ज–लखनौ दूर-सञ्चार सेवा	"	४००
३. स्थानीय दूरवाणी विनिमय		
क. काठमाडौं	५००० तन्तुपथको स्वचालित स्थापना गरी वितरण गर्ने	१०६००
ख. पाटन	४०० तन्तुपथ गरी १००० पुऱ्याउने	११२०
ग. भक्तपुर	२०० लाइन स्थापना गरी वितरण गर्ने	७४०
घ. हेटौंडा हाते (मानुएल)	१०० " "	६५०
ङ. मलंगवा "	५० " "	३९८
च. जनकपुर "	२०० " "	८४०

छ. राजविराज "	१०० " "	६५०
ज. धरान (स्वचालित)	४०० " "	१६७०
झ. विराटनगर "	२५०० " "	२७००
ञ. झापा हाते (मानुएल)	१०० " "	६५०
ट. पोखरा "	१५० लाइन थप गरी वितरण गर्ने	७५०
ठ. भैरहवा "	१५० " "	६५०
ड. नेपालगन्ज "	२०० " "	८४०
४. काठमाडौं–भक्तपुर संवाहक सेवा	संवाहक सुदूर तन्तुपथको स्थापना	२५०
५. काठमाडौं–नेपालगन्ज वितन्तु सेवा	पारेषकको स्थापना गर्ने	५१
६. अणुतरंग (माइक्रोवेभ) सञ्चार	स्थापना गर्ने	१२६०६
७. काठमाडौं–रक्सौल दूरवाणी तन्तुपथ र वीरगन्ज दूरवाणी विनिमय	स्वचालित विनिमय काठमाडौं देखि रक्सौलसम्म संवाहक तन्तुपथको स्थापना	
	जम्मा :	३६७५०

खर्च : हालसम्मको प्रगति :

तेस्रो योजनामा सञ्चारअन्तर्गत दूर संचारमा मात्र २ करोड ३५ लाख २६ हजार छुट्याइएको थियो । यसमध्ये चतुर्थ वर्षसम्म १ करोड ५२ लाख ६१ हजार ६९२ अर्थात् ६५ प्रतिशत खर्च गरियो । यसअन्तर्गत प्रत्येक आयोजनाहरूमा भएको खर्चको विवरण निम्न प्रकारको छ :–

आयोजनाको नाम	०२२।२३ को खर्च	०२३।२४ को खर्च	०२४।२५ को खर्च	०२५।२६ को खर्च	चार वर्षको जम्मा खर्च	०२६।२७ को बजेट
१	२	३	४	५	६	७
१. केन्द्रीय दूरवाणी विनिमय	३०७४०	१२९७६०	९०००१६	११५७६८०	६४३१५२१	६०००००
२. आकाशवाणी विस्तार	–	१२०३६०५	७०९७२८	४९५३५४	२४०८६८७	८०००००
३. विराटनगर सी.वि. दूरवाणी विस्तार	२१४३७७	२१८२९०	२३३२१३	१०७६२०	७७३५००	–
४. मूल काठमाडौं–रक्सौल तन्तुपथ	-	६९०३	१४६१४७७	३७०००००	५२०८३८०	४७६५०००
५. नेपाल–पाकिस्तान दूर-सञ्चार	१७३९९०	९९९०५	४६४४५	–	३०३४०	–
६. नेपाल–भारत दूर-सञ्चार	८१५७२	–	–	–	८१५७२	–
७. काठमाडौं–कलकत्ता दूर मुद्रण सेवा	–	पुरा भएको	तर आर्थिक विवरण प्राप्त नभएको	–	–	४९०००
८. काठमाडौं–दिल्ली दूर रेडिको सेवा	–	खर्च नभएको	–	–	–	१६८१०००
९. विराटनगर–कलकत्ता दूरवाणी सेवा	–	सम्झौता नभएको	–	–	–	८१०००
१०. पूर्व–पश्चिम माइक्रोवेभ	–	कार्यान्वयन बारे	निर्णय नभएको	–	–	२५०२०००
जम्मा :	३५४४१०४	२८६८४६३	३३९२५७१	५४६०६५४	१५२६५६२	१०४७८००

उपर्युक्त तालिकाबाट यस योजनाको चतुर्थ वर्षसम्म १ करोड ५२ लाख ६५ हजार ६९२ अर्थात् ६५ प्रतिशत खर्च भएको पाइन्छ । देश विकासको दौरानमा सञ्चारको बढ्दो माग र आवश्यकतानुसार सम्बन्धित क्षेत्रमा गर्न सकिने खर्चको क्षमता पनि प्रत्येक वर्षमा बढ्दो छ, जसको सारांश यस प्रकार छ :

आर्थिक वर्ष	बजेट रकम	खर्च	प्रतिशत
२०२२।२३	३८,५६,६९०	३५,४४,००४	९२
०२३।२४	३४,१४,७९०	२८,६४,४६३	८४
०२४।२५	३९,७८,०००	३३,९९,५७१	८५
०२५।२६	१,६६,५८,०००	५४,६०,६५४	३३
०२६।२७	१,०४,७८,०००	–	–
	३,८३,८५,४८०	१,५२,६८,६९२	

यस तालिकाअनुसार दूर-सञ्चारको स्वीकृत रकम आयोजनाको सुरुको रकमभन्दा ६३ प्रतिशतले बढेको देखिन्छ, तापनि खर्चको हकमा भने यसरी बढी स्वीकृत भएको रकमको ३९ प्रतिशत मात्र भएको देखिन्छ ।

काठमाडौं–कलकत्ता मुद्रण सेवाको खर्च भएको रकम समावेश भएमा लक्ष्य अनुसार खर्च भएको अनुमान गर्न सकिन्छ ।

यस चतुर्थ आयोजनामा दूर-सञ्चार आयोजनाहरूमा जम्मा ३,६७,५०,००० खर्च गरिनेछ, जसको वार्षिक खर्चको कार्यक्रम निम्न तालिकामा दर्शाइएको छ ।

चौथो योजनाको खर्च वार्षिक बाँडफाँटअनुसार

२०२८–०३२

(०००,मा)

आयोजनाको नाम	चौथो योजनाको खर्च	वार्षिक खर्चको बाँडफाँट				
		०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२
१. काठमाडौं दूर मुद्रण	११८५	–	२९६	५९३	२९६	–
२. भैरहवा तथा गोरखपुर–नेपालगन्ज लखनौ दूर सञ्चार सेवा	४००	–	–	–	२००	२००
३. स्थानीय दूरवाणी विनिमय						
क. काठमाडौं	१०,६००	–	–	१३२५	४१००	४१७५
ख. ललितपुर (पाटन)	१,१२०	–	४००	५००	२२०	–
ग. भक्तपुर	७४०	–	१८५	३७०	१८५	–
घ. हेटौंडा	६५०	१३७	३७६	१३७	–	–
ङ. मलंगवा	३९८	–	१९८	२००	–	–
च. जनकपुर	८४०	२००	४००	२४०	–	
छ. राजविराज	६५०	–	१३७	३७६	१३७	
ज. धरान	१६७०	३००	५७०	५००	३००	
झ. विराटनगर	२७००	४००	११००	१०००	२००	
ञ. झापा	६५०	१३७	३७६	१३७	–	
ट. पोखरा	७५०	–	२००	४००	१५०	
ठ. भैरहवा	६५०	–	१३७	३७६	१३७	
ड. नेपालगन्ज	८४०	२००	४००	२४०		
४. काठमाडौं–भक्तपुर क्यारिएर सेवा	२५०	–	१५०	१००		
५. काठमाडौं–नेपालगन्ज वितंतु सेवा	५१	३०	२१			
६. अणुतरङ्ग सञ्चार (Microwave)	१२६०६	१२६०	२४००	५०००	२४००	१५४६
७. काठमाडौं–रक्सौल दूर वाणी तन्तुपथ र वीरगन्ज दूर वाणी विनिमय						
जम्मा :	३६,७५०					

परिच्छेद १३

हुलाक

देश विकासको पृष्ठभूमिमा हुलाकको स्थान :

राष्ट्रिय योजनाहरूको कार्यान्वयनद्वारा प्रगति पथमा लम्किरहेको आजको नेपालमा पहिलेको अपेक्षा साक्षर तथा शिक्षितको सङ्ख्यामा ठूलो वृद्धि भएको छ । यस्तै देशभित्र र बाहिर भ्रमण तथा जीविकोपार्जन निमित्त अल्पकालीन बसाँइमा जानेहरूको सङ्ख्या र अन्तर्देशीय तथा देशाभ्यान्तरीय बन्दव्यापारमा भएको वृद्धिका साथै अन्य कतिपय कारणले गर्दा हुलाकको आवश्यकता एवं महत्व प्रशस्त बढ्न गएको छ । यातायातमा स्थलमार्गको जस्तै सञ्चार साधनहरूमा आजको नेपाललाई हुलाक सेवाको विकास र सम्वर्द्धनको ज्यादै आवश्यकता छ । सर्वसाधारण जनता पर्यन्त सबैले सजिलैसँग व्यहोर्न सकिने सस्तो शुल्कमा प्राप्त हुँदै आएको यसको सेवाले समाजमा एक अपरिहार्य स्थान जमाई सकेको छ ।

अविकसित यातायात प्रणाली र कठिन धरातल भएको हाम्रो देशमा सरकारी , संस्थागत, पारिवारिक वा वैयक्तिक सम्पर्कको सर्वाधिक सुलभ र व्यापक साधन अझै हुलाक सेवा नै छ । यतिमात्र होइन, देशको अत्यधिक भागहरूको लागि उपर्युक्त कुनै पनि प्रकारको सम्पर्क राख्ने एक मात्र उपलब्ध साधन हुलाक नै छ । यो स्थिति आउँदा केही दशकसम्म पनि कायमै रहने कुरा निर्विवाद छ । साथै हुलाक सेवा कुनै पनि क्षेत्रको अरु विकासको कार्यक्रमहरूको लागि पनि एक आवश्यक पूर्वाधार हुन आउने हुँदा पूर्व योजनाहरूमा जस्तै यस योजनामा पनि हुलाक सेवालाई विस्तार गर्ने कार्यक्रम तीव्र गतिले लैजानु परेको छ ।

ऐतिहासिक सिंहावलोकन :

साँच्चै भन्ने हो भने नेपाल निर्माता श्री ५ बडामहाराज पृथ्वी नारायण शाहद्वारा भएको एकीकरणको सिलसिलामा अत्यावश्यक हुने खबरहरूको आदान प्रदानको निमित्त विरचित व्यवस्थाबाट नै यसको बीजांकुर भई नियमित सेवाको रूपमा हुलाकको विकास हुँदै आएको देखिन्छ । संकीर्ण, टुक्रा टुक्रामा विभाजित भई रहेको रजवाडहरूमा आन्तरिक सञ्चारको ठूलो समस्या हुँदैनथ्यो । तर एकीकरण भई विशाल रूप धारण गरेपछि प्रशासन र राष्ट्रिय सुरक्षाको लागि पनि मुलुकको एक ठाउँबाट अर्को ठाउँसम्म चिठीपत्र, समाचार आदिको आदान प्रदानको निमित्त कुनै नियमित व्यवस्था हुनु जरूरी भयो । यस प्रकार राष्ट्रिय सुरक्षा र प्रशासनको आवश्यकताबाट सर्वप्रथम खडा गरिएको भए तापनि क्रमशः लोक सेवाको रूपमा पनि विकास हुँदै गई एक विपुल राष्ट्रिय प्रणालीको रूप लिई हुलाक सेवा आज एक अत्यावश्यक लोकोपयोगी सेवा हुन गएको छ ।

वर्तमान हुलाक अड्डाको प्रारम्भ बारे ठोस ऐतिहासिक विवेचना गर्दा वि. सं. १९३५ सालमा भएको पाइन्छ । वि. सं. १९३८ सालमा हुलाक गोश्वारा अड्डाको स्थापना भई १,२ र ४ आनाका टिकटहरू सर्वप्रथम प्रकाशित भए र त्यसको ६ वर्षपछि १९४४ सालमा हुलाकपत्रसमेत प्रचलनमा ल्याइए । १९७० सालमा जुम्ला जिल्लावाहेक अन्य ठाउँहरूमा तलव दिई डाँक बोकाउने काम सुरु भयो । १९५७ सालमा बैरंग सेवा र १९९० सालमा धनादेश सेवा प्रायोगिक रूपमा चलाइयो । तर यी दुबै सेवाहरू धेरै दिनसम्म चल्न सकेनन् । यस बेलासम्म विभिन्न दरका टिकटहरू प्रचलनमा आईसकेका थिए तापनि धेरै समयसम्म ती टिकटहरूको बाहिरी जगतमा मान्यता थिएन । अत्यन्त सीमित रूपमा भए पनि भारतसँग अपञ्जिकृत डाँकको आदान प्रदान गर्ने र त्यस छिमेकी देशमा नेपाली टिकटलाई मान्यता दिलाउने उद्देश्यले वि. सं. १९९३ मा नेपाल–भारत द्विदेशीय हुलाक सम्झौता भयो । साथै दुई देशका सिमाना क्षेत्रहरूमा ८ विनिमय हुलाकहरू खोलिए । नेपालको अन्तराष्ट्रिय हुलाक विकासको दिशामा निःसन्देह यो महत्वपूर्ण पाइला थियो । १९९२ सालमा सव इन्स्पेक्टर कार्यालयहरू र १९९७ सालमा ७ हुलाक क्षेत्र (पोष्टल सर्कल) कार्यालयहरू गठन गरेर हुलाक प्रशासनलाई आधुनिक स्वरूप प्रदान गर्नेतर्फ महत्वपूर्ण कार्य गरियो ।

२००७ सालको क्रान्तिपछि हुलाकको विस्तार बढ्दै गयो । २०१३ सालमा नेपाल हुलाक प्रशासनले विश्व हुलाक संघको सदस्यता प्राप्त गऱ्यो र यसको प्रायः दुई वर्षपछि दक्षिणी सीमान्त प्रदेशमा साविकमा थप ८ विनिमय हुलाक खोलिनुका अतिरिक्त भारतसँग सम्पन्न भइरहेको दुई देशीय सम्झौतालाई युगानुकूल बनाउन त्यसमा परिवर्तन गरिनुका साथै पूरक सम्झौताहरू गरिए । २०१६ साल वैशाख १ गतेदेखि विश्व हुलाक संघको सदस्यताको हैसियतबाट नेपालको अन्तर्राष्ट्रिय हुलाक सेवा व्यापक रूपमा चल्यो । राष्ट्रिय एवं अन्तर राष्ट्रिय हुलाक टिकट संकलन (फिलाटेलिक) बजारमा नेपाली टिकटको बिक्री बढाउने उद्देश्यले २०१७ सालमा हुलाक टिकट संकलन कार्यालय (फिलाटेलिक व्यूरो) को स्थापना भयो । यसभन्दा पहिले २०१५ सालम आन्तरिक हवाई डाँक सेवा र २०१६ सालमा अन्तरराष्ट्रिय हवाई डाँक सेवा चलाएर हवाई डाँकको युगमा नेपालले प्रवेश गरेको पनि उल्लेखनीय छ । हुलाक प्रशासनमा बढी दक्षता एवं वैज्ञानिकता ल्याउने उद्देश्यले साविकका पोस्टल सर्कलको सट्टा २०१७ सालमा ७ अञ्चल हुलाक नियन्त्रण कार्यालयहरू गठन गरिए ।

२०१७ सालदेखि हुलाक क्षेत्रमा विकासको गति अझ तीव्र हुँदै गएको छ । त्रि-वर्षीय योजनाअन्तर्गत २०१९ साल मार्गमा हुलाक प्रशिक्षण केन्द्रको स्थापना गरियो । त्यही महिना आन्तरिक डाँकमा शीघ्रता ल्याउने एक उपायको रूपमा तेस्रो व्यक्ति (थर्ड पार्टी) प्रणालीद्वारा अर्थात नेपालको एक भागबाट अर्को भागमा जाने केही डाँकहरू भारतीय लौह (रेल) मार्गद्वारा पठाइने व्यवस्था सुरु गरियो । २०१९ साल पौष १ गते आनतरिक बिमा सेवा चालू भयो । अन्तराष्ट्रिय नियम तथा आधुनिक युग सुहाउँदो हुलाक ऐन २०१९ चैत्र ३० गते पारित भयो । २०२० साल वैशाख १ गतेदेखि अधिराज्यभर पुनः बैरंग सेवा चालू गरियो । नेपाल र भारतका सम्झौताअनुसार २०२२ सालमा वैशाख गतेदेखि अन्तराष्ट्रिय बिमा तथा पुलिन्दा (पार्सल) सेवा चालू भयो र त्यसको परिणामस्वरूप १५० वर्षदेखि चलिरहेको भारतीय दुतावास हुलाक बन्द हुन गयो र यता काठमाडौं वैदेशिक हुलाकको स्थापना भयो । देश, विदेशबाट सतह तथा हवाई मार्गबाट ओइरिने डाँकको समयभित्रै छटनी गरी यथास्थानमा पुनः चलान गर्ने एउटा केन्द्रीय कार्यालयको आवश्यकता परेको हुँदा २०२२ साल आश्विन १ गते डाँक केन्द्रको स्थापना भयो । हुलाक अपराधको रोकथाम गर्ने निवारक कार्यहरू गर्न र परेको अपराधहरूमा कारवाही गरी मुद्दाहरू फर्छ्याउन । २०२३ सालमा हुलाक निरीक्षण कार्यालयको स्थापना गरियो र जिन्सी सम्पूर्तिको लागि २०२३ सालमा हुलाक जिन्सी खानाको स्थापना भयो । सानो तिनो रकमको भुक्तानी सजिलैसँग दिने, लिने सुविधाहरू सर्वसाधारणलाई उपलब्ध गराउने उद्देश्यले २०२३ साल वैशाख १ गतेदेखि हुलाक आदेश सेवाको प्रारम्भ भयो । वितरण (डेलिभरी) हुन नसकेका चिठ्ठी पत्रहरूलाई विशेष किसिमबाट जाँची ठेगानावाला पत्ता लगाई पुनः वितरण (डेलिभरी) गराउने र फछ्र्याउने उद्देश्यले २०२५ सालमा फिर्ता चिठ्ठी केन्द्रको स्थापना भयो ।

विक्रम सम्वत् १९३८ सालमा अधिराज्यभरमा ४३ हुलाक कार्यालयहरू थिए । ७८ दशक पूरा भएपछि प्रथम योजना सुरु हुने समय सम्ममा सो को सङ्ख्या १२४ पुगेको थियो । प्रथम योजनाकालमा अरु २९३ हुलाक कार्यालयहरू थप भए । प्रथम र द्वितीय योजनाहरूको अन्तरिम अवधिमा ४ कार्यालयहरू थपिए । द्वितीय योजनाअन्तर्गत पुनः ३० कार्यालयहरू खोलिए र तेस्रो योजनाकालमा देशका हुलाक सेवाको कार्य शालामा २५५ कार्यालयहरू बढे ।

हालसम्मको स्थिति :

चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि अर्थात् तेस्रो योजनाको अन्तसम्ममा हुलाकको सङ्ख्यात्मक स्थिति निम्न प्रकारको छ :

१. गोश्वारा हुलाक	१
२. मुख्य हुलाक	१४
३. छोटी हुलाक (छोटी) हुलाकका स्तरका विनिमय नगर हुलाकसमेत जोड्दा	९०
४. शाखा हुलाक	१९८
५. अतिरिक्त हुलाक	१५३
६. सहकारी हुलाक	२४४
७. अन्य कार्यालयहरू	२६
	७२६

उपर्युक्त मध्ये २० प्रशासकीय कार्यालयहरू कटाई क्षेत्र क्षेत्रमा हुलाक सेवा दिने जम्मा ७०६ क्षेत्रीय कार्यालयहरू छन् । चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि ५४,३६२ वर्गमिल भित्र नेपालको कुल जनसङ्ख्या १,१०,४४,००० पुग्ने अनुमान गर्न सकिन्छ । यसअनुसार सरदर प्रत्येक हुलाकले १५,६४३ जनसङ्ख्या र ७७ वर्गमिल भूमिको सेवा गरेको देखिन्छ ।

चतुर्थ योजनासम्बन्धी उद्देश्य तथा नीति :

चतुर्थ योजनाको तर्जुमा र कार्यान्वयन सम्बन्धमा निम्नलिखित उद्देश्य तथा नीतिहरू अपनाइएका छन्–

क) बीस वर्षीय दीर्घकालीन योजनामा निहित लक्ष्यअनुरूप उक्त दीर्घकालीन योजनाको प्रथम चरणको रूपमा यस योजनालाई लिने ।

ख) हुलाक सेवाको विस्तारको सन्दर्भमा अतिरिक्त हुलाक खोल्नेतर्फ प्राथमिकता दिने ।

ग) हुलाक सेवालाई आर्थिक आत्मनिर्भरता दिलाउन यथाशक्य प्रयास गर्ने ।

घ) हुलाक घरहरूको निर्माणमा विशेष जोड दिने, र

ङ) हुलाक सेवालाई दक्ष र सुदृढ बनाउने उद्देश्यले सामान्य प्रशासन सेवा भित्रै राखिए तापनि त्यसै भित्र एक छुट्टै सेवा वा समूहको रूपमा यथाशक्य विकास गराउने ।

चतुर्थ योजनामा एक पूर्ण सरकारी हुलाकको बराबर १० अतिरिक्त हुलाकको अनुपातमा हुलाकको विस्तार गर्दै लैजाने नीति अपनाइने छ । यसप्रकार चतुर्थ योजनाकालमा छोटी हुलाक ५, शाखा हुलाक ५० र यी दुबै

वर्गका पूर्ण सरकारी हुलाक भन्दा १० गुणा बढी अर्थात् ५५० अतिरिक्त हुलाक खोल्ने लक्ष्य राखिएको छ । त्यस्तै सरदर वार्षिक ५ वटा गरी जम्मा २५ डाँक डाँक रेखाहरूको विस्तार गरिनेछ । सारांशमा यस योजनामा समावेश हुने आयोजनाहरूको प्रकार र सङ्ख्या निम्नअनुसार हुनेछन् :–

आयोजनाहरू	वर्तमान स्थिति	चतुर्थ योजनाको लक्ष्य	जम्मा
१. छोटी हुलाक	९०	५	९५
२. शाखा हुलाक	१९८	५०	२४८
३. अतिरिक्त हुलाक	१५३	५५०	७०३
४. डाँक रेखा	३७	२५	६२
५. डाँक परिवहन	–	–	–
६. जिन्सी सम्पूर्ति	–	–	–
७. जिन्सी खानाको क्षेत्रीय शाखा	–	२	२
८. जिन्सी कार्याशाला	–	१	१
९. भवन निर्माण	३५	३०	६५
१०. हुलाक टिकट संकलन विकास (फि व्यूरो) क्षेत्रीय शाखासमेत	–	२	२
११. प्रशिक्षण व्यवस्थाको विकास	–	–	–
१२. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना	–	२	२
१३. हुलाक संग्रहालयको स्थापना	–	१	१
१४. सेवा विस्तार र सुधार	–	–	–
१५. अन्तराष्ट्रिय सेवाहरू	–	–	–
१६. घुम्ती निरीक्षक	–	५	५
१७. चालू योजनाको सम्भार	–	–	–

१. **छोटी हुलाक :**

पूर्ण सरकारी र अतिरित्त हुलाकको बीचमा झैं छोटी शाखा र हुलाकको बीचमा पनि एकको बराबर १० अनुपात राखिएको छ । योजना अवधिमा कुनै कुनै अत्यन्त महत्वपूर्ण स्थानमा छोटी हुलाक नै नखोली नहुने स्थिति परिआउँछ र कुनै कुनै शाखा हुलाकको बोझ अति बढ्न गई स्तर वृद्धि गर्नु अति आवश्यक हुन आउँछ । यी सब कुरालाई ध्यानमा राखी विचार गर्दा करिब २० जति नै छोटी हुलाक चाहिने हो तापनि हुलाकको विस्तार यथाशक्य किफायत ढंगले गर्ने उद्देश्यले सरदर वर्षमा १ छोटी हुलाक मात्र खोल्ने गरी ५ छोटी हुलाक खोल्ने लक्ष्य राखिएको छ ।

२. **शाखा हुलाक :**

यस्ता हुलाक विगत योजनामा लगभत १०० वटा खोलिएका थिए तापनि यो भन्दा ज्यादै किफायती हुलाक खोल्ने तर्फ नै जोड दिने पूर्व उल्लिखित नीतिअनुरूप चतुर्थ योजनाकालभरमा केवल ५० शाखा हुलाकको स्थापना गरिनेछ ।

३. **अतिरिक्त हुलाक :**

माथि उल्लेख भैसकेका कारणहरूले गर्दा योजनाकालमा जम्मा ५५० अतिरिक्त हुलाकहरू खोलिने छन् । हुलाकको सङ्ख्या जनसङ्ख्यालाई पुग्दो मात्रामा कायम गर्न ३,००० देखि ५,००० सम्मको जनसङ्ख्याको लागि एउटा हुलाकको सेवा उपलब्ध हुनु पर्ने मानिन्छ । त्यो दृष्टिकोणबाट हेर्दा र हाम्रो पहाडी क्षेत्रमा १० घर यता र १० घर उता गरी ज्यादै छरिएर रहेको आवादीको दृष्टिले गर्दा पनि हुलाकको सङ्ख्यामा यथेष्ट वृद्धि गर्नु परेको छ । यसकारणले चौथो योजनाकालमा सानो खालको अर्ध सरकारी वर्गको ५५० हुलाकको स्थापना गरी सो खाँचोको आंशिक पूर्ति गर्नेतर्फ सक्रिय कार्यक्रम राखिएको छ ।

माथि उल्लेख गरिएका हुलाक विस्तारसम्बन्धी ३ आयोजनाहरू पूरा भएपछि हुलाकको सङ्ख्या १,३११ पुग्न जान्छ । योजनावधि भित्र नै ५४,३६२ वर्गमिल भित्र कुल जनसंख्या १ करोड बीस लाख पुग्ने अनुमान गरिएबमोजिम प्रत्येक ९,१५३ जनसङ्ख्या र सरदर ४१$^{१}/_{२}$ (साढे एकचालिस) वर्गमिल भूमिले १ हुलाक कार्यालयको सेवा प्राप्त गर्न सक्नेछ ।

४. **डाँक रेखा :**

हाम्रो जस्तो स्थानीय स्तरमा विकेन्द्रित प्रशासन भएको प्रणालीमा प्रत्येक स्थानको एकक भित्र र एककहरूको बीचमा समेत छिटो र सोझो मार्गबाट चिठ्ठी पत्रहरूको प्राप्ति र प्रेषण भै सञ्चारको सुगमता हुनु प्रशासन र विकास कार्यहरूको लागि पनि अत्यावश्यक छ । अतः चौथो योजनाकालमा हुलाक कार्यालयहरूको

सङ्ख्यात्मक विस्तार गरिनुका अतिरिक्त डाँक मार्गहरूको दूरी छोट्याउने गरी २५ नयाँ डाँक रेखाहरूको स्थापना गरिनेछ ।

५. डाँक परिवहन :

हाल निर्माणाधीन महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्गसमेत अन्य अञ्चल तथा जिल्ला स्तरीय मार्गहरू धेरैको निर्माण पूरा भैसक्ने हुनाले तयार भई बाह्रै महिना यान परिवहन चल्ने अर्थात् सर्वऋतु सडकहरूमा वहित्रवाहनद्वारा डाँक परिवहन सेवा चलाउने लक्ष्य राखिएको छ । त्यसै गरी दुर्गम पहाडी क्षेत्रहरूमा नयाँ नयाँ साना (स्टोल) विमान स्थलहरूको निर्माण भई हवाई सेवा चल्ने हुँदा ६ नयाँ प्रखण्डहरूमा हवाई परिवहनको सेवा उपलब्ध गराइने लक्ष्य राखिएको छ ।

६. जिन्सी सम्पूर्ति :

हुलाक सेवाको सञ्चालनलाई चाहिने पत्रहरू, टाँचा, छाप, डाँक थैला, ढक, तराजु र काउन्टरका मेशिनहरू आदि अनेकौं सरसामानहरूको सम्पूर्ति गर्न आवश्यक धनराशी उपलब्ध गराइनेछ ।

७. जिन्सीखानाको क्षेत्रीय शाखा :

केन्द्रीय जिन्सी खानामा देशमा ७५ जिल्लामा छरिएका अनेकौं कार्यालयहरूको लागि चाहिने विशाल जिन्सी भण्डार राख्ने समस्याका अतिरिक्त स्वदेश विदेशबाट खरिद गरी ल्याई एकै ठाउँमा थुपारी फेरि देशको अनेकौं विन्दुतर्फ चलाई पठाउन अप्ठ्यारो मात्र होइन असम्भव सिद्ध भएकाले विराटनगर र नेपालगञ्जमा जिन्सीखानाका २ क्षेत्रीय शाखाहरू खोल्ने लक्ष्य राखिएको छ ।

८. जिन्सी कार्यशाला :

कतिपय प्राविधिक सरसामानहरू जस्तै टाँचा, पत्र-मञ्जुषा आदिको सम्पूर्तिमा विदेशी सरकार वा कम्पनीको मात्र भर नपरी शनैः शनैः यसतर्फ दिशातर्फ स्वावलम्वी हुन एक कार्यशाला अर्थात हुलाकको एक जिन्सी उत्पादन केन्द्रको स्थापना हुन आवश्यक छ । चौथो योजनामा सानो रूपमा मात्र यसको स्थापना गरिने हुँदा यसको उत्पादन क्षमता ठूलो हुने छैन । यसलाई एक प्रकारको प्रायोगिक रूपमा चलाइने छ ।

९. भवन निर्माण :

हुलाकहरूको एक मूलभूत खाँचोको रूपमा हुलाक कार्यालयहरूको लागि सरकारी घरको अभाव र भएका थोरै घरहरूमा पनि ठाउँको ज्यादै अपर्याप्तता देखा पर्दछ । उपयुक्त घर र पुग्दो ठाउँको अभावले कार्यालयहरूको दक्षतामा समेत प्रतिकूल असर पारिरहेको छ । लगभग ८० प्रतिशत हुलाकहरू भाडाका घरमा राखिएका छन् । त्यसैले चौथो योजनामा नयाँ हुलाक भवनहरूको निर्माणमा विशेष जोड दिनुपरेको छ । भवन निर्माण परियोजनाअन्तर्गत योजनावधि भित्र काठमाडौंमा ३, सिन्धुपाल्चोकमा १, पर्सामा १, रौतहटमा १, रामेछापमा १, सर्लाहीमा १, भोजपुरमा १, ओखलढुंगामा १, इलाममा १, धनकुटामा १, सुनसरीमा १, गुल्मीमा १, गोरखामा १, स्याङ्जामा १, वाग्लुङमा १, दाङ्गमा १, सल्यानमा १, सुर्खेतमा १, दैलेखमा १, जुम्लामा १, डोटीमा १, वैतडीमा १, डडेलधुरामा १, भक्तपुरमा १, जनकपुरमा १, मोरङमा १, बाँकेमा १ र सिन्धुलीमा १ गरी जम्मा ३० भवनहरू २८ जिल्लामा निर्माण गरिनेछ ।

१०. हुलाक टिकट सङ्कलन (फिलाटेलिक) विकास :

राष्ट्रिय तथा अन्तराष्ट्रिय हुलाक टिकट संकलन बजारहरूमा नेपाली टिकट संकलनकर्ताहरूको माग पूर्ति गरेर विगत तेस्रे योजनाकालमा प्रत्यक्ष रूपबाट परिवर्त्य मुद्रालगायत वार्षिक ३ लाख रूपैयाको आर्जन गर्न सकिएको थियो । नेपाली टिकटको शनैः शनै बढ्दो लोकप्रियतालाई ध्यानमा राखी सुन्दर एवम् आकर्षक टिकटहरूको सुनियोजित प्रकाशन एवम् व्यापक विज्ञापन र प्रचारको साथसाथै सम्बन्धित फोल्डर, पुस्तिका र हुलाक टिकट सङ्कलन विवरणीकाहरूको प्रकाशनजस्ता कार्य गर्दै लगेमा योजनाको अन्तिम चरणसम्ममा वार्षिक हुलाक टिकट सङ्कलन आम्दानी १० लाख पुग्ने अनुमान गर्न सकिन्छ । यो आम्दानी शुद्ध हुलाक सेवाबाट कमाएको राजस्वमा थप आम्दानी हुनेछ । यस योजनाकालको तेस्रो र चौथो चरणमा देशभित्रका हुलाक टिकट सङ्कलनकर्ताहरूको सेवाको लागि क्रमशः पूर्वी र पश्चिमी क्षेत्रमा १।१ गरी साना साना क्षेत्रीय कार्यालयको स्थापना गरिनेछ । योजनाको प्रथम चरणमा नै संयुक्त राष्ट्रसंघीय टिकट विक्रीको लागि द्विपक्षीय सम्झौताद्वारा एकाधिकार दिई सं. रा. संघद्वारा प्रकाशित टिकटको हाम्रो पनि हुलाक टिकट सङ्कलन ठाउँ (फिलाटेलिक काउण्टर) मा विक्री गर्ने व्यवस्था हुनेछ ।

११. प्रशिक्षण व्यवस्था विकास :

चौथो योजनामा हुलाकको सङ्ख्यामा वृद्धि हुने र दक्ष सेवाको लागि तालिमप्राप्त कर्मचारीहरूको खाँचो झन् बढ्ने भएकोले वर्तमान तालिम व्यवस्थाको गुणात्मक र सङ्ख्यात्मक उत्पादकत्वमा वृद्धि गरिनेछ । योजनामा निम्नलिखित कार्यहरू तालिमको क्षेत्रभित्र पर्नेछन् –

(क) पाठ्य पुस्तकको तर्जुमा गरी प्रकाशित गर्ने ।

(ख) करिब ५० जनाको निमित्त ठाउँ भएको छात्रावासको बन्दोबस्त गर्ने ।

(ग) दृश्य श्रव्य (अडियो भिजुअल) सामग्री तथा प्रशिक्षणको लागि आवश्यक पर्ने अन्य सरसामानले सुसज्जित गरी हुलाक प्रशिक्षण केन्द्रको आधुनिकीकरण गर्ने ।

(घ) हुलाक पुस्तकालयको स्थापना गर्ने ।

(ङ) प्रशिक्षणको लागि विशेष किसिमबाट प्रशिक्षित आवश्यक अन्य कर्मचारीहरू र प्रशिक्षकहरू (स्टाफ) को व्यवस्था गर्ने ।

१२. क्षेत्रीय फिर्ती–चिठ्ठी–केन्द्रको स्थापना

तेस्रो योजनामा एक बीजाङ्कुरको रूपमा फिर्ती–चिठ्ठी–केन्द्रको स्थापना गरियो । तर एउटा सानो केन्द्रले सम्पूर्ण अधिराज्यकै फिर्ती चिठ्ठीहरू बारे कारवाही गर्नुपर्ने हुँदा सो गर्न सक्षम सिद्ध हुन सकेन । अतः पूर्वाञ्चल र पश्चिमाञ्चलको निमित्त २ छुट्टाछुट्टै फिर्ती चिठ्ठी केन्द्रहरू स्थापना गर्ने उद्देश्यअनुसार चौथो योजना अवधिभित्र पूर्वाञ्चलको निमित्त विराटनगर र पश्चिमाञ्चलको निमित्त भैरहवामा गरी दुई क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखिएको छ ।

१३. हुलाक संग्रहालयको स्थापना :

हुलाकका मूल्यवान अनुपम प्राचीन ऐतिहासिक महत्व भएका कागज-पत्र वा प्रलेख, टिकट, औजार र सरसामानलाई सुरक्षित रूपमा राख्न यस योजनामा काठमाडौंमा एउटा सानो हुलाक संग्रहालयको स्थापना गरिनेछ ।

१४. सेवा विस्तार र सुधार :

हुलाक सेवालाई लोकोपयोगी बनाउन यस क्षेत्रमा निम्नलिखित कार्यहरू गरिनेछन् –

(क) आन्तरिक विमा पत्रजस्ता पहिले सुरु गरिसकिएका सेवाहरूलाई अझ व्यापक बनाइ यथाशक्य धेरै विन्दुहरूमा सो चलाउने व्यवस्था गर्ने ।

(ख) तेस्रो योजनामा चालू गरी उपयोगी सिद्ध भएको हुलाक आदेश सेवालाई सुदृढ तुल्याई सुव्यापक रूप दिन ।

(ग) आन्तरिक पुलिन्दा सेवालाई अन्तराष्ट्रिय पुलिन्दा सेवाको दाँजोमा सुधार गरी आधुनिकीकरण गर्ने ।

(घ) हुलाक वचत अधिकोष (पोष्टल सेभिङ्ग बैंक) लागू गर्ने दिशातर्फ प्रयोगको रूपमा पहिले सर्वेक्षण गरी प्रतिवेदन तयार गरी केही प्रमुख हुलाकहरूमा सुरुआत गर्ने ।

१५. अन्तर्राष्ट्रिय सेवाहरू :

निम्नलिखित सम्झौताहरू सम्पन्न गर्ने र निम्नलिखित सेवाहरू चौथो योजनाकालमा चालू गर्ने योजना राखिएको छ ।

(क) विश्व हुलाक संघको तत्वावधानमा तयार भएको अन्तराष्ट्रिय विमा पत्र सेवा तथा अन्तराष्ट्रिय पुलिन्दा सेवा सम्बन्धी २ विस्तृत वहुपक्षीय सम्झौताहरूमा प्रवेश गरी पूर्व योजनाकालमा सीमित द्विपक्षीय सम्झौताहरूको आधारमा चलाइएको उपर्युल्लिखित २ अन्तराष्ट्रिय सेवाहरूलाई पूर्णतया व्यापक, विस्तृत र स्वायत्त तुल्याउने ।

(ख) भारतसँग हुलाक आदेश सेवा चलाउने ।

(ग) देशको उत्तर वा दक्षिणतर्फको ३ सीमावर्ती ठाउँहरूमा अन्तराष्ट्रिय डाँक विनिमय गर्ने ३ विनिमय हुलाक कार्यलयहरूको स्थापना गर्ने ।

(घ) भारतसँग द्विपक्षीय सम्झौताको आधारमा धनादेश सेवा चलाउने बारे कारवाही गर्ने ।

१६. घुम्ती निरीक्षण :

हुलाक सेवा कुशल तरिकाबाट सञ्चालन गराउने चौथो योजनाअन्तर्गत निरीक्षणको सिलसिलामा नियमित रूपले भ्रमण गरिरहने कर्तव्य ठेकिएका पाँच निरीक्षकहरूको व्यवस्था गरिनेछ ।

१७. चालू योजना सम्भार :

पूर्व योजनाकालमा सुरु भई चालू रहेको आयोजनाहरूलाई सम्भार गरिनेछ ।

वित्तीय लगानी :

चतुर्थ (पञ्चवर्षीय) योजनामा हुलाक सेवाको विस्तार तथा सुदृढीकरणको निमित्त जम्मा रु. २,४४,५१,०००।- (दुई करोड चवालीस लाख एकाउन्न हजार) खर्च गर्ने लक्ष्य छ । प्रत्येक आयोजनाको सञ्चालनको लागि चाहिने आवश्यक रकम साथै संलग्न छ ।

आयोजनाको नाम	चौथो योजनाको लक्ष्य	रकम (रु. हजारमा)
१. छोटी हुलाक	५	२१०
२. शाखा हुलाक	५०	५,४८६
३. अतिरिक्त हुलाक	५५०	४,६००

४. डाँक रेखा	२५	१,४००
५. डाँक परिवहन	–	१,२००
६. जिन्सी सम्पूर्ति	–	२,५००
७. जिन्सीखानाको क्षेत्रीय शाखा खोल्ने	२२	२००
८. जिन्सी कार्यशाला	१	५००
९. भवन निर्माण	३०	३,०००
१०. हुलाक टिकट संकलन विकास (फि. व्युरोको क्षेत्रीय शाखासमेत)	२	५००
११. प्रशिक्षण व्यवस्थाको विकास	–	२५०
१२. हुलाक संग्रहालयको स्थापना	१	१२५
१३. सेवा विस्तार र सुधार	–	२००
१४. अन्तराष्ट्रिय सेवाहरू	–	३५०
१५. घुम्ती निरीक्षक	–	५०
१६. चालू योजनाको सम्भार गर्ने	–	३,८३०
१७. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना	१	५०
जम्मा :		२,४४,५१

द्रष्टव्य :

यसमध्ये क्रमसङ्ख्या ९ र ११ को आयोजनाहरू मात्र नयाँ आय–व्ययक (बजेट) परिभाषाअनुसार विकास खर्चमा पर्ने भएकोले चौथो योजनाको हुलाक विकास खर्चमा रु. ३२ लाख ५० हजार मात्र देखाइएको छ ।

चतुर्थ योजनामा हुलाकअन्तर्गतको विकास खर्चको बार्षिक वाँडफाँट

०२७–३२

आयोजना	चौथो योजनाको खर्च	खर्चको बार्षिक वांडफांट				
		०२७-२८	०२८-२९	०२९-३०	०३०-३१	०३१-३२
१. हुलाक भवन निर्माण के.	३०,००,०००	४,००,०००	५,००,०००	६,००,०००	७,००,०००	८,००,०००
२. प्रशिक्षण व्यवस्थाको विकास	२,५०,०००	५०,०००	५२,९००	४६,७६४	१५,४६४	८४,८७२
जम्मा :	३२,५०,०००	४,५०,०००	५,५२,९००	६,४६,७६४	७,१५,४६४	८,८४,८७२

चतुर्थ योजनाको वार्षिक कार्यक्रम र वित्तीय लगानी (०२७-३२)

आयोजना	०२७ -२८	०२८ -२९	०२९ -३०	०३० -३१	०
१	२	३	४	५	
१. छोटी हुलाक	-	१	१	१	
रकम	-	१९०९०।९०	३८१८८०	५७२७२।७०	९
२. शाखा हुलाक	८	९	१०	११	
रकम	३१३४८५।६८	६६६१५७।०७	१०५८०१४।१७	१४८९०५६१८	१
३.अतिरिक्त हुलाक	८०	१००	११०	१२०	
रकम	२४३७०८	५४८३४३	८८३४४१।५०	१२४९००३	१६
४. डांक रेखा	३	४	५	६	
रकम	६४६१५।३८	१५०७६९।२२	२५८४६१।५२	३८७६९२	५
५. भवन निर्माण	४	५	६	७	
रकम	४०००००	५०००००	६०००००	७०००००	८
६. जिन्सी सम्पूर्ति	१२ प्रतिशत	१६ प्रतिशत	२० प्रतिशत	२४ प्रतिशत	२
रकम	३०००००	४०००००	५०००००	६०००००	७
७. डांक परिवहन					
(क) जाँचकी थप गर्ने	-	५	१०	१५	
रकम	-	१००००	३००००	६००००	१
(ख) डांक परिवहनका साधन					
(१) मेल मोटर	-	३	३	४	
रकम	-	१३५०००	१३५०००	१८००००	३
(२) मेलस्टार	-	४	५	५	
रकम	-	३००००	३७५००	३७५००	
(३) साईकिल	-	५०	५०	१००	
रकम	-	१७५००	१७५००	३५०००	१
(ग) थप प्रखण्ड र हवाई प्रखण्डहरू					
(१) सतह प्रखण्ड	-	१	१	३	
रकम	-	-	-	-	
(२) हवाई प्रखण्ड	-	१	-	-	
रकम	-	-	-	-	
८. जिन्सीखानाको क्षेत्रीय शाखा खोल्ने	-	-	१	१	
रकम	-	२००००	८००००	८००००	
९. जिन्सी कार्यशाला	-	-	-	१	
रकम	-	-	-	२५००००	३
१० हुलाक टिकट संकलन विकास	१२ प्रतिशत	१६ प्रतिशत	२० प्रतिशत	२४प्रतिशत	२
रकम	३३०००	४४०००	५५०००	६६०००	
क्षेत्रीय शाखा	-	-	-	१	
रकम	-	-	-	७५०००	१
११. प्रशिक्षण व्यवस्थाको विकास					
(क) गुणात्मक	पाठ्य पुस्तकको प्रकाशन	आधुनिक सामग्री द्वारा सुसज्जित पार्ने	पुस्तकालयको स्थापना	छात्रावासको निर्माण प्रारम्भ	छ व्यव
रकम	५०,०००	५०,०००	४०,०००	-	५
(ख) आकारमा वृद्धि	-	एक प्रशिक्षक थप	अरु कर्मचारी थप	३ प्रशिक्षक थप	उच्च पाठ्य
रकम	-	२,९००	६,७६४	१५,४६४	

१२. क्षेत्रीय फिर्ती चिट्ठी केन्द्रको स्थापना	-
रकम	-
१३. हुलाक संग्रहालयको स्थापना	काठमाडौंमा
रकम	४५,००
१४. सेवा विस्तार	आन्तरिक वि सेवा व्यापक
रकम	३५,००
१५. अन्तर्राष्ट्रिय सेवाहरू	-
रकम	-
१६. घुम्ती निरीक्षण	-
रकम	७,६६,००
१७. चालू आर्थिक वर्षको संभार	-
जम्मा :	२२,५०,८०

परिच्छेद १४

नेपाल अभियान्त्रिक प्रशिक्षालय

(नेपाल इन्जिनियरिङ्ग इन्स्टिच्यूट)

१. हाम्रा र हामीजस्तै अरु विकासोन्मुख मुलुकहरूको अनुभवबाट थाहा पाइएअनुसार विकास कार्यहरूको सञ्चालनमा पर्ने अनेकौं समस्याहरूमध्ये निर्माण कार्यहरूका निमित्त अत्यावश्यक प्राविधिक र दक्ष तथा अर्ध-श्रमिकहरूको कमी एक प्रमुख समस्या हुन जान्छ । त्यसबाहेक योजनावद्ध विकासक्रममा कुल लगानीको एक ठूलो भाग निर्माण कार्यमा खर्च हुने हुँदा सम्बन्धित विषयमा शिक्षा तथा तालिम पाएका प्राविधिक र विभिन्न तहका श्रमिकहरूको माग पनि क्रमशः बृद्धि हुँदै जानेछ । हाल हाम्रो मुलुकमा विभिन्न स्तरको निर्माण कार्य सञ्चालन गर्न सक्ने प्राविधिकहरूको त के कुरा निर्माण आयोजनाहरूमा काम गर्ने दक्ष तथा अर्ध-दक्ष श्रमिकहरूको समेत कमी रहन गएको छ । फलस्वरूप योजनाकालमा उपयुक्त कामदार श्रमिकहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेर आयोजनाहरू लक्ष्य भन्दापछि पर्न गएका छन् । त्यसकारण निर्माण कार्यक्रम सुचारु रूपले गर्न समयमा नै प्राविधिक तथा श्रमिकहरूको सङ्ख्या बृद्धि गर्नेतर्फ आवश्यक कदम उठाउन अनिवार्य देखिन्छ । यसतर्फ कैयौं कारणले गर्दा मुलुकभित्रै अल्पकालीन समयमा विशेषतः उच्चस्तरका र साधारणतः अन्य विभिन्न स्तरका प्राविधिक र दक्ष श्रमिकहरूको सङ्ख्या पर्याप्त मात्रामा उपलब्ध गर्न आवश्यक तालिम व्यवस्था मिलाउन नसकिने हुँदा उच्चस्तरका प्राविधिकहरूलाई तालिमको निमित्त विभिन्न शैक्षिक आयोजनाहरूमार्फत विदेशमा तालिम दिन पठाउने व्यवस्था गर्ने गरिआएको छ । यसका साथै निम्न र मध्यमस्तरका प्राविधिकहरूको निमित्त स्वदेशमा नै तालिम व्यवस्था मिलाउने लक्ष्य राखिएबमोजिम केही वर्ष यतादेखि त्यसतर्फ महत्वपूर्ण कदम चालिदैछ ।

२. उपर्युक्त क्रमकै आधारमा २०१८ साल भाद्र १७ गते नेपाल इन्जिनियरिङ्ग इन्स्टिच्यूटको स्थापना गरियो । स्थापना भएदेखि उक्त विद्यापीठमा जानपद अभियान्त्रिकी (सिभिल इन्जिनियरिङ्ग) सम्बन्धी हालसम्म अधिदर्शक (ओभरसियर) स्तरको प्राविधिक तालिम दिने व्यवस्था गरिएको छ । चतुर्थ योजना सुरू हुनुभन्दा अगाडिसम्म यस प्रशिक्षालयबाट ३२१ जवानलाई तालिम उपलब्ध गराई सकेको छ । त्यसबाहेक उक्त प्रशिक्षालयको निमित्त आवश्यक प्रयोगशाला भवन र छात्रावास निर्माण गर्ने कार्य शत प्रतिशत पूरा गरि सकिएको छ । यसका अतिरिक्त विभिन्न कार्यशाला (वर्कसप)हरूका निमित्त आवश्यक छाप्रा (सेड) हरू सरसामानहरू उपलब्ध गराई विद्यापीठलाई बढी सुसज्जित पार्ने तर्फपनि गहकिलो कदम चालिएको छ ।

३. हाम्रो देशमा विकास आयोजनाहरूको परिमाण बृद्धि हुँदै आइरहेको छ । यसअनुसार दक्ष कामदार र प्राविधिकहरूको बढी आवश्यकता हुन आएको छ । तसर्थ आगामी चौथो योजनामा विभिन्न आयोजनाहरूको आवश्यकतानुसार जानपद अभियान्त्रिकीको अलावा विद्युत् दूर सञ्चार र हवाई सम्बन्धी अधिदर्शकहरूको पनि तालिम दिइनेछ । यी तालिमहरूको अवधि ३ वर्षको हुनेछ । विभिन्न विषयहरूमा खास गरी नलकर्मीको (प्लम्बिङ) काम, नल जडानको काम (पाइप फिटिङ) स्यूल उपकरण (हेभि इक्यूप्मेन्ट) सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्नुका साथै काष्ठ कार्यालय र विद्युत कार्यालयहरूलाई उपयोगी हुने शेक्षिक कार्यक्रम तयार गरी सम्बन्धित विषयहरूमा विभिन्न स्तरका प्रवीण कामदारहरू तयार गर्नेछ । साथै आधुनिक यन्त्रहरूसित परिचित तुल्याउन तत्सम्बन्धी ज्ञान दिलाउन पुरानियाहरूलाई उपयुक्त उच्चतरको बढुवाको तालिम र विशेष तालिम पनि दिइनेछ । यसअनुसार प्रतिवर्ष उक्त प्रशिक्षालयले, क्षमताको अनुसार विभिन्न विषयमा तालिम दिई निम्नबमोजिम उपलब्ध गराइनेछ :–

मध्यमस्तर	क्षमता	०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२	जम्मा
१. जानपद अभियान्त्रिकी	६०	४६	५८	४६	६०	६०	२७०
२. विद्युत ,,	६०	-	-	३०	३०	३०	९०
३. दूर-सञ्चार ,,	-	-	-	-	६०	६०	१२०
४. हवाई नियन्त्रण	-	६	६	६	६	६	३०
दक्ष कामदार							
१. डकर्मी र कंक्रीट	-	१२०	१२०	१२०	१२०	१२०	६००
२. लकर्मीको काम	-	१२०	१२०	१२०	१२०	१२०	६००
३. सिकर्मी	-	१२०	१२०	१२०	१२०	१२०	६००
४. टेलिफोन अपरेटर	-	२४	२४	२४	२४	२४	१२०

दूर मुद्रण (टेलेक्स सम्बन्धी)						
१ सेल्स एण्ड एकाउण्टस् क्लर्क	१२	१२	१०	१०	१२	५६
२. टेलिप्रिन्टर अपरेटर	७	७	१०	१०	१०	४४
३. हवाई सम्बन्धी कम्यूनिकेटर	१०	१०	१०	१०	१०	५०
४. हवाई रेडियो प्राविधिक	-	-	-	३६	-	३६

हाल विद्यमान प्राविधिकहरूको र प्रवीण कामदारहरूकको माग केही मात्रामा भए पनि पूर्ति हुन जाने हुँदा सडक, भवन, जलश्रोत र नहरसम्बन्धी निर्माण कार्यको संचालन गर्न सहयोग पुग्ने आशा राखिन्छ । यसरी सम्बन्धित विषयमा तालिमको विस्तार गर्न यस योजनाकालमा उक्त विद्यापीठ भवनमा यन्त्र (मेशिनरी) र कंक्रीट कार्यशाला, माटो जाँच प्रयोगशाला (स्वायल टेष्टिङ्ग लेवोरेटरी) तथा जल विज्ञान प्रयोगशालाको स्थापना गरिनेछ ।

५. चौथो योजनामा यस प्रशिक्षणबाट सम्बन्धित आयोजनाहरूमा रु. २ करोड ३३ लाख रकम खर्च हुने अनुमान छ । यसमध्ये १ करोड ७९ लाख २९ हजार संयुक्त राष्ट्रसंघमार्फत र बाँकी रकम श्री ५ को सरकारबाट प्राप्त गराइने भएको छ ।

परिच्छेद १५

उद्योग

राष्ट्रिय उत्पादन र प्रतिव्यक्ति आयमा द्रुतगतिले विकास गरी देशको आर्थिक विकासको गहकिलो आधार खडा गर्न, कृषिजस्ता प्राथमिक व्यवसायमाथि बढ्दो जनसङ्ख्याको भार कम गरी बढ्दो शिक्षित समुदायलाई समेत लाभप्रद रोजगार दिलाउन र राष्ट्रिय साधनहरूको अत्यधिक सदुपयोग गर्न पनि औद्योगीक विकासको आवश्यकता पर्दछ । एकातिर आर्थिक विकासलाई द्रुततर गर्न औद्योगीक विकास बढी से बढी आवश्यक पर्दछ भने अर्कोतिर नेपालमा औद्योगीक विकासको लागि चाहिने आधार ज्यादै कम विकसित छ । स्वस्थ औद्योगीक विकासको लागि स्वदेशी कच्चा पदार्थको आवश्यकता महसुस गरिएको छ; तर खनिजमा आधारित लाभप्रद उद्योगको कच्चा पदार्थको पत्ता अहिलेसम्म नगण्य रूपमा मात्र लागेको छ । राष्ट्रिय वन साधनको औद्योगीक उपयोगसम्बन्धी भरखरै सुरु गरिँदैछ र कृषि आधारित उद्योगहरू वर्तमान माग नै पूरा गर्न सकिएको छैन । औद्योगीक विकास ठूलो मात्रामा गर्न वजारको अभाव छ; बजार विकासको लागि आवश्यक क्रयशक्तिको विस्तार त समय लाग्ने कुरा हो । यस सम्बन्धमा यातायातमा भैरहेको विकासले अधिराज्यमा भएको बजार भने सुगम हुँदै गएको छ । नेपालजस्तो विकासोन्मुख देशको औद्योगीक विकासका लागि कतिपय कच्चा पदार्थ तथा बजारको निमित्त अन्तर्राष्ट्रिय व्यापार र सुगम पारवहनको आवश्यकता पर्दछ । यसका लागि खास गरेर भारतसँगको व्यापार तथा पारवहन सम्झौता र त्यसको कार्यान्वयन पनि धेरै महत्वपूर्ण हुन्छ । फेरि हाम्रो औद्योगीक विकासको अनुभव ज्यादै छोटो छ र दक्ष व्यवस्थापकहरूको पनि कमी छ । यस्तो कठिन स्थितिलाई सुधार्न यस्तै स्थितिमा पनि औद्योगीकरण गर्ने जो सक्दो प्रयास गत वर्षहरूमा हुँदै आएको छ ।

हालसम्मको प्रगति :

दोस्रो विश्वयुद्धले गर्दा सिर्जना भएको औद्योगीक वस्तुहरूको असाधारण अन्तर्राष्ट्रिय मागको फलस्वरूप त्यसबखत केही उद्योगहरूको स्थापना भै नेपालमा वस्तविक औद्योगीक विकासको प्रारम्भ भयो । तर बलियो आधार नभई सुरू गरिएका कतिपय उद्योगहरू विश्वयुद्ध सँगसँगै हराएर पनि गए । त्यसपछि २०१३ सालमा योजनावद्ध विकासको प्रारम्भ भएको बेलासम्म नेपाललाई औद्योगीकरणको दिशामा लैजाने किसिमको कुनै उल्लेखनीय प्रगति भएन । विगत योजनामा कतिपय उद्योगहरू खोल्ने योजना गरिएका थिए; तीमध्ये अधिकांश उद्योगहरू निजी क्षेत्रमा लक्ष्यित गरिएको थियो, तर निजी क्षेत्रको विकासका लागि आवश्यक आधारभूत कुराहरूको अविकसित स्थिति तथा औद्योगीक नीतिको अनुरूप विस्तृत रूपमा वर्गीकरण निर्धारण नहुनुको कारणले गर्दा धेरैजसो लक्ष्य हासिल भएनन् र खास गरी तेस्रो योजना अवधिमा योजनामा नपरेका र आर्थिक विकासमा कमै मात्र सहायक हुने खालका उद्योगहरूको सङ्ख्यामा वृद्धि हुनगयो ।

सरकारी क्षेत्रमा वीरगन्ज चिनी मल र कृषि औजार कारखाना, जनकपुरमा चुरोट कारखाना र काठमाडौंमा छालाजुत्ता कारखाना र इँटा टायल कारखानाहरू स्थापना गरिए । तेस्रो योजनाको प्राथमिकताअनुसार काठमाडौंमा सिमेन्ट कारखानाको निर्माणको सुरुवात भयो र भैरहवामा सुती कपडा मिलको स्थापनासम्बन्धी प्रारम्भिक कार्यका लागि गैर सरकारी क्षेत्रमा विशेष सुविधाहरू प्रदान गरिन थालियो । दोस्रो योजनामा लक्ष्यित औद्योगीक क्षेत्रहरू पाटन, वालाजु र हेटौंडामा स्थापित गरिए र तेस्रो योजना अवधिमा धरान र नेपालगन्जमा औद्योगीक क्षेत्र स्थापना गर्न प्रारम्भिक कार्यहरूसम्म हुनसके ।

विगत योजनाहरूमा औद्योगीक विकासको आधार सिर्जना गर्ने क्षेत्रमा केही महत्वपूर्ण उपलब्धिहरू भएका छन् । औद्योगीकणको आधारहरूमध्ये एउटा महत्वपूर्ण कुरा कच्चा पदार्थ भएकाले स्वदेशी प्राकृतिक साधनको जानकारी र विकास हुनु आवश्यक छ । यसअन्तर्गत तेस्रो योजनामा तराई र भित्री मधेश क्षेत्रको वन साधनको सर्वेक्षण पूरा गरिएको छ र यसको औद्योगीक उपयोगका सम्भावनाहरू वारेको विस्तृत अध्ययन गर्ने व्यवस्था थालिएको छ । व्यापारिक कृषिको सम्भावना अध्ययनका लागि सहायक हुने अधिराज्यको माटोको सर्वेक्षण गर्न प्रारम्भिक कार्य भएको छ । खनिज साधनको अध्ययन पनि धमाधम गरिँदैछ । कृषि क्षेत्रमा भैरहेको प्रगतिले कृषकवर्गको क्रयशक्ति क्रमशः वृद्धि गर्दै औद्योगीक वस्तुहरूको माग बढाउँदै छ र यातायातको विकासले विभिन्न स्थानहरूमा रहेको बजारलाई नजिक ल्याएको छ ।

गत वर्षहरूमा औद्योगीक सुविधाहरूको सम्वन्धमा बनेका कानुनहरू र यसतर्फ भएका अन्वेषणहरूले पनि भविष्यको औद्योगीक विकासका लागि सहायता पुऱ्याएको छ । औद्योगीक ऋण यस क्षेत्रको विकासको लागि अत्यावश्यक भएकोले नेपाल औद्योगीक विकास कर्पोरेशनको स्थापना गरियो र यस कर्पोरेशनले प्रथम योजना अवधिमा जम्मा रु. ५४३ लाख र दोस्रो योजना अवधिमा जम्मा रु. १३३ लाखको ऋण उपलब्ध गरायो ।

तालिका नं. १

तेस्रो योजना अवधिमा नेपाल औद्योगीक विकास कर्पोरेशनले औद्योगीक व्यवसायहलाई ऋण स्वीकृति तथा विभिन्न मुद्रामा गरेको भुक्तानी

(रु.हजारमा)

आ.व.	ऋण स्वीकृति	ऋण भुक्तानी
२०२२–२३	५०,६६	८१,३४
२०२३–२४	२,९९,२३	८३,६०
२०२४–२५	७७,५८	३८,९१
२०२५–२६	१,४६,०३	१३,२२
२०२६–२७ अ	५,७७,००	१,९३,३८
जम्मा :	११,५०,५०	४,१०,४५

अ **२०२६।२७ सालको अनुमानित ।**

उपर्युक्त ऋण प्रदान गरिएकोमा विदेशी एजेन्सीहरूमार्फत ऋण दिएका उद्योगहरूलाई निम्नलिखित बमोजिमको विदेशी मुद्रा उपयोग गरिएकोछ :–

तालिका नं. २

(रु.हजारमा)

विवरण	२०२२।२३	०२३।२४	०२४।२५	०२५।२६	०२६।२७
जर्मन मार्क	१५,००	१,५७	७९	२२	३५,००
डलर	१,२२	२७	९	–	–
भारतीय रुपियाँ	१०,८२	३९,८९	२१,६०	२,११	१,००,००

यसवाहेक विभिन्न उद्योगहरूको परिचालनमा उक्त कर्पोरेशनका तर्फबाट शेयर लगानी गरी सहयोग गरिएको यसप्रकार छ :–

तालिका नं. ३
इक्वीटी लगानी

(रु.हजारमा)

आ.व.	स्वीकृति	(इक्वीकटीमा) लगानी
२०२२–०२३	६,८०	१२,३०
२०२३–०२४	२७,५०	५,७२
२०२४–०२५	१,५५	३,३९
२०२५–०२६	१३,३१	२,१४
२०२६–०२७		१,००,००
	४६,१६	१,२३,५५

तालिका नं. ४

तेस्रो योजना अवधिमा केही प्रमुख उद्योगहरूले गरेको उत्पादन (उद्योग र वर्षअनुसार)

सि.नं. उद्योगको नाम	एकाई	२०२२–२३	२०२३–२४	२०२४–२५	२०२५–२६	
१. जूट	मे. ट.	१७,३२५	१२,१९१	१२,१७९	१३,९५८	
२. चिनी	"	९,९१२	४,४१०	३,२७९	९,६५६	
३. चुरोट	००० खिल्ली	६,३५,९६४	९,५४,०२१	११,१४,९३६	१६,७६,५७५	२
४. सलाई	ग्रुस		४,६४,५९५	४,२४,४३१	४,६७,९९३	५
५. जुत्ता	जोर	२९,८३८	२०,०९५	२८,६५४	३२,१०२	
प्रशोधित छाला	के.जी.	५८,९७९	५६,९७५	६४,२१९	९९,८१५	
६. स्टेनलेस स्टील	के.जी.	२,३२,०००	३,८१,०००	७,३८,०००	२४,१९,०७१	
७. कपडा	मिटर	१२,९३,४९४	२०९८,००४	२४,९२,६८०	३५,४१,४२३	२
८. चिया	के.जी.	अप्राप्त	अप्राप्त	१३,६४१	१२,१००	
९. फलामको सामान	टन	,,	,,	१,२७९	२,५००	
१०. नाइलनको टाँक	ग्रूस	,,	,,	१,८८,४०९	२,७७,७९१	
११. साबुन	मन	,,	,,	५,७४३	९,०६८	
१२. उन	के.जी.	३५,३००	१४,४४६	३,८४०	११,०६७	
१३. मदिरा	ग्यालन	३०,५६४	४,६५८	११,३७१	५२,७४७	

२०२६।२७ को तथ्यांङ्कहरू पौष महिनासम्मको उत्पादनको आधारमा वार्षिक उत्पादनको अनुमान गरिएको हो ।

चौथो योजना

चौथो योजनाको औद्योगिक नीति र औद्योगिक सुविधा

चौथो योजना चौथो योजनामा औद्योगिक नीति र औद्योगिक सुविधा उद्योगहरूको स्थापनाको निम्ति मुख्य रूपमा निजी क्षेत्रलाई नै प्रोत्साहित गरिने उद्देश्य राखिएको छ । पछि आवश्यकता देखिएमा मात्र कुनै एक वा दुई उद्योगहरू सरकारी क्षेत्रमा खोलिने हुनाले यसबारे अहिले कुनै उद्योगको नाम किटान गरिने छैन । निजी क्षेत्रमा योजना अवधिमा देहाय वमोजिमका उद्योगहरूलाई बढी प्रोत्साहन दिइनेछ :–

(क) स्वदेशी कच्चा पदार्थमध्ये कृषिमा आधारित उद्योगहरू खोलिने छन् जसले औद्योगीकीकरण साथै कृषिको विकासमा समेत सहायता गर्नेछ । यसमा पनि खास तवरले देशको आवश्यकता पूरा गरी निर्यात बढाउने चिया र जूट जस्ता उद्योगहरूलाई बढी प्राथमिकता दिइनेछ ।

(ख) वन पैदावार तथा वनस्पति जस्तो स्वदेशी प्राकृतिक साधनमा आधारित उद्योगहरू स्थापना गरिनेछन् ।

(ग) खनिज जस्तो राष्ट्रिय साधनमा आधारित उद्योगहरू खोलिने छन् । यसमा पनि खास गरेर आधारभूत वस्तुको उत्पादन गर्ने तथा निर्यात बढाउने उद्योगहरूले बढी प्राथमिकता पाउने छन् ।

(घ) सुती कपडा जस्तो ठूलो परिमाणमा आयात गरिने गरेका आवश्यकीय दैनिक उपभोगका साधन उत्पादन गरी आयात घटाउने उद्योगहरूको स्थापना गरिनेछ ।

(ङ) मलखाद, कृषि औजार, सिमेन्ट जस्ता विकासका लागि आधारभूत वस्तुहरू उत्पादन गर्ने उद्योगहरूको स्थापना गरिनेछ ।

अरु प्रकारका उद्योगहरूभन्दा उपर्युक्तवमोजिमका अत्यधिक प्राथमिकता प्राप्त उद्योगहरू स्थापना गर्न निजी क्षेत्रलाई बढी प्रोत्साहित गरिनु आवश्यक छ । उद्योगधन्दा स्थापना गर्दा श्रमप्रधान उद्योगहरूलाई बढी प्राथमिकतासमेत दिइनेछ । यसका निम्ति चौथो योजनाको सुरूमा नै प्रचलित औद्योगीक सुविधा ऐनलाई बढी विस्तृत र स्पष्ट गरी ठूलो र मझौला उत्पादन तथा प्रशोधन उद्योगहरूलाई पनि विभिन्न समूहमा वर्गीकरण गरी प्रत्येक समूहमा पर्ने उद्योगहरूलाई दिइने सुविधाहरू किटानी गरी प्रकाशित गरिनेछ र दीर्घकालीन दृष्टिलाई ध्यानमा राखी एउटा निश्चित र दृढ औद्योगीक नीतिको पालना गरिनेछ । उपर्युक्त बमोजिमका योजनामा प्राथमिकता प्राप्त उद्योगहरूलाई कर सहुलियत, विदेशी मुद्रा र ऋण सुविधाजस्ता सरकारी विभागहरू तथा सरकारी एजेन्सीहरूवाट दिइने सबै सुविधाहरू अरू उद्योगहरू भन्दा स्पष्टरूपमा किटेर बढी मात्रामा दिइने नितिको आधामा कार्यान्वयन गयिरनेछ । यसरी किटानी गरिएका सुविधाहरू उद्योग विभागले अनुमति दिँदा तोकेपछि स्वतः प्राप्त हुने र यसका लागि अन्य सरकारी विभागहरूसँग छुट्टै स्वीकृति लिनु नपर्ने पनि व्यवस्था गरिनेछ । चाँडो औद्योगीक विकास हुन विशेष आर्थिक सहायता वा छुट पाएका उद्योगहरूले आफूले आर्जित गरेको शुद्ध नाफाको केही भाग स्थापित भइराखेकै उद्योगको क्षमता वृद्धिको निम्ति लगानी गर्ने र नयाँ उद्योगहरूमा लगानी गर्ने व्यवस्था गरिनेछ ।

कार्यक्रम

१. औद्योगीक सेवा केन्द्र :–

उद्योगहरूको स्थापना र समुचित विकासको लागि पनि सुनियोजित र समन्वयात्मक तरिकाले विभिन्न सेवाहरू उपलब्ध गराउनु आवश्यक छ । चौथो योजना अवधिमा प्राविधिक सेवा, कन्सलटिंग सेवा, सम्भाव्यता अध्ययन , स्तर नियन्त्रणजस्ता सेवाहरू प्रदान गर्ने कार्य नेपाल औद्योगीक विकास कर्पोरेशनसँग संलग्न गराई वा एउटा नयाँ स्वशासित संस्थाद्वारा गरिनेछ ।

यस संस्थाले सुरूमा निम्न बमोजिमका सेवाहरू प्रदान गर्नेछ :–

(क) सम्भाव्यता अध्ययन तथा प्राविधिक सेवा :– नयाँ उद्योगहरू खोल्ने आयेजनाहरू तयार गर्न यस केन्द्रले स्वदेशी तथा विदेशी विशेषज्ञहरूबाट सरकारका लागि यथाशक्य बढी सम्भाव्यता अध्ययनहरू गरी आयोजना प्रतिवेदनहरू तयार गरी उद्योगपतिहरूलाई उपलब्ध गराउनेछ । साथै चालू मिलहरूको सुधारको लागि अध्ययन सञ्चालन गराई सुझाव दिने कार्य पनि गर्नेछ । यस केन्द्रले उद्योगहरूको मागवमोजिम विभिन्न उद्योगहरूलाई प्राविधिक सरसल्लाह र छोटो अवधिका पूरा समयमा प्रविधिज्ञहरूको सेवासमेत उपलब्ध गराउनेछ ।

(ख) स्तर नियन्त्रण : निर्यातप्रधान वस्तुहरू तथा स्वदेशी उपयोगका वस्तुहरूलगायत सबै औद्योगीक उत्पादनहरूको गुण नियन्त्रण गर्ने व्यवस्थाको सुरूआत यस योजना अवधिमा गरिनेछ । यसको लागि खाद्य अनुसन्धानशाला र शाही औषधी अनुसन्धानशालाजस्ता अहिले रहेका प्रयोगशालाहरूको सहयोगबाट र अवश्यकताअनुसार अन्य प्रयोगशालाहरूसमेत खोली कार्य सञ्चालन गरिनेछ ।

(ग) औद्योगीक साझा सेवा : देशमा रहेका सबै साना ठूला उद्योगहरूको आफ्नै वर्कशप राखी मेशिन औजारहरूको मर्मत गर्नु, प्याकिङ्गको व्यवस्था मिलाउनु, नाप तौलका ठूला मेशिनहरू राखनु आदि कुरा खर्चिलो हुने हुनाले यस प्रकारको सझा सेवा सुपथ मोलमा उपलब्ध गराउन सके उद्योगहरूलाई निकै सहायता पुग्न जानेछ । तसर्थ योजनाकालमा विराटनगरमा आधुनिक उपकरणहरूसमेतको एउटा साझा सेवा केन्द्रको स्थापना गरिनेछ ।

२. **चालू उद्योगहरूको सुधार :–**

योजना अवधिमा चालू सरकारी तथा केही गैर सरकारी उद्योगहरूको सुधार निम्नवमोजिम गरिनेछ :–

(क) चिनी उद्योग :– हाल अधिराज्यमा वीरगन्जको सरकारी मिल र भैरहवा र मोरङ्गमा गैर सरकारी मिल गरी जम्मा तीन मिल छन् । चौथो योजनामा वीरगन्ज चिनी मिलको उत्पादन क्षमतामा ५० प्रतिशत वृद्धि गरी जम्मा १५०० मेट्रिक टनको उत्पादन क्षमतामा पुऱ्याइनेछ । यस्तै भैरहवाको चिनी मिलको क्षमतामा पनि ५० प्रतिशत वृद्धि गरी चिनीमा आत्मनिर्भरतामा पुगिने लक्ष्य राखिएको छ ।

(ख) जनकपुर चुरोट कारखाना :– जनकपुर चुरोट कारखानाको उत्पादन क्षमता प्रतिवर्ष २ अरब खिल्लीबाट ३ अरब खिल्ली पुऱ्याइनेछ ।

(ग) कृषि औजार कारखाना :– वीरगन्ज स्थित सरकारी षेत्रको कृषि औजार कारखानाको उत्पादन क्षमतामा करिब ५० प्रतिशत वृद्धि गरी नयाँ नयाँ किसिमका कृषि औजारहरू पनि त्तपादन गर्न थालिने छन्

(घ) छालाजुत्ता कारखाना :– यस कारखानालाई लाभदायक रूपमा सञ्चालन गर्न यसको उत्पादन क्षमतामा वृद्धि गर्नुको साथै काठमाडौंमा पशुवधशालाको स्थापना गर्नुपर्ने आवश्यक भएको छ । तसर्थ योजना अवधिमा उक्त कारखानाको उत्पादन क्षमतालाई दोब्बर गराइनेछ । साथै काठमाडौंमा गैर सरकारी क्षेत्रमा एउटा पशुवधशाला स्थापना गर्न आवश्यक सुविधाहरू प्रदान गरिनेछ ।

(ङ) इँटा टायल कारखाना :– हरिसिद्धी स्थित यस इँटा टायल कारखानाको उत्पादन क्षमतालाई दोब्बर गरिनेछ ।

(च) जूट उद्योग :– हाल विराटनगरमा रहेका जूट मिलहरूलाई आधुनिकीकरण गरी कार्पेटजस्ता नयाँ उत्पादनहरूसमेत गर्न ऋण तथा अन्य सुविधाहरू उपलब्ध गराइनेछ ।

(छ) चिया उद्योग :– योजना अवधिमा नेपाल चिया विकास कर्पोरेशनले तराईमा चिलिमकोटमा तथा झापा जिल्लामा नै पूर्व-पश्चिम राजमार्गको नजिक अरु थप भूमि जङ्गल उपलब्ध गरी चिया खेती गर्नेछ । पहाडतर्फको चिया निर्यातप्रधान भएकोले इलाम जिलाको कन्याम इलाकामा भूमि उपलब्ध गरी चिया खेती गर्नेछ । साथै गैर सरकारी क्षेत्रमा रहेका चिया वगानहरूलाई पनि बिस्तार गर्न ऋण तथा अन्य सुविधा प्रदान गरिनेछ । उपर्युक्त कर्पोरेशन र निजी क्षेत्र गरी सं. २०३७ सम्ममा बिस्तार गिरिने चिया वगानबाट निर्यातमा निकै वृद्धि गरी नेपालको आन्तरिक चियाको माग पूरा गर्ने लक्ष्य राखिएको छ ।

३. **गैर सरकारी क्षेत्रमा खोलिने उद्योगहरू :–**

योजना अवधिभरमा अधिराज्यमा गैर सरकारी क्षेत्रले खोल्ने उद्योगहरू हालैमा सबै किटेर भन्न सकिने स्थिति छैन । हालमा सम्भाव्य देखिएका उद्योगहरूमध्ये पनि केहीको विस्तृत अध्ययन गर्न बाँकी नै छ र साथै हाल सम्भाव्य नदेखिएका अन्य कतिपय उद्योगहरू पनि पछि सम्भाव्य हुन आउने सम्भावना हुन्छ । यी सबै कुराहरूको विचार गरी हालको अवस्थामा निम्न वमोजिमका उद्योगहरू गैर सरकारी क्षेत्रमा स्थापना गरिने लक्ष्य राखिएको छ ।

तालिका नं. ५

चौथो योजना अवधिमा खोलिने उद्योगहरू

वर्ग (क)	
अ) आयात घटाउने उद्योग	वार्षिक उत्पादन (क्षमता)
सुती कपडा	२,००,००,००० गज
मैदा मिल	९,००० टन
पाइप (फलामको)	३,००० टन
साबुन	२,००० टन
चिनी	दैनिक १,००० टन, उखु क्रसिङ
वियर उद्योग	१८,००,००० बोतल (११ औंसको)
वधशाला र मासु प्रशोन	दैनिक २५ राँगो, २५ सुँगुर, १३० कुखुरा
छाला प्रशोधन	११००० हाइड

सूर्ती प्रशोधन	१२००० टन
चुरोट	१०० करोड खिल्ली
आ) निर्यात प्रधान उद्योग	
जूट	१०,००० टन
फ्रुट क्यानिङ्ग एण्ड प्रिजर्भेशन	४,००० शिशि स्क्वास
	१४,००० शिशि जाम
रोजिन एण्ड टर्पेन्टाइन	२४,००० टन टर्पेन्टाइन
	१०,००० टन रोजिन
स्ट्रवोर्ड	६,००० टन
घिउ प्रशोधन	३०० टन दिनको
अदुवा प्रशोधन	१,५०० टन
इ) आधारभूत उद्योग	
सिमेन्ट	६५,००० टन
फलाम र स्टील	२०,००० टन
इँटा र टायल	४,००,००,०००
वर्ग (ख)	
होटेल	३०६० वेड
वर्ग (ग)	
अ) कृषि	
आधुनिक राइस मिल	२४,००० टन
कोल्ड स्टोरेज	१,००,००० मन (स्टोरेज)
बेकरी उद्योग	३६,००,००० पाउरोटी
वनस्पति घिउ	७,५०० टन
फिड मिक्सीङ्ग प्लान्ट	५०,००० मे.ट.
आ) वन	
पल्प र पेप	१५,००० टन
स-मिल	१०,००,००० क्यू.फि.
प्लाइउड	१,९२,००,००० स्क्वा.फि.
फर्मास्यूटिकल	
इ) खानीमा आधारित	
पेन्ट एण्ड वार्नेस	२०० टन
ग्लास	दिनको २० टन

द्रष्टव्य :

माथि लेखिएका उद्योगहरूको नाम उदाहरणको रूपमा उल्लेख भएको छ र उपर्युक्त वर्गीकरण भित्र पर्ने किसिमका अन्य उद्योगहरूलाई पनि खोल्न अनुमति दिन सकिनेछ ।

४. औद्योगीक लगानी तथा ऋण :–

योजना अवधिमा उद्योगहरूको स्थापना गर्ने कार्यमा मुख्य रूपले गैर सरकारी क्षेत्रलाई सरीक गराउने लक्ष्य राखिएको कुरा माथि उल्लेख भएको छ । यसरी गैर सरकारी क्षेत्रमा औद्योगीक नीतिको अनुकूल उद्योगहरू खोल्ने लगाउन त्यसैअनुसारका सुविधा नीति निर्धारण गर्न औद्योगीक सुविधाको नियमलाई विस्तृत बनाउने कुरा पनि माथि नै उल्लेख भएको छ । त्यसै अनरूप नै ऋण प्रदान गर्ने कार्य नेपाल औद्योगीक विकास कर्पोरेशनले गर्नेछ । आगामी पाँच वर्षको अवधिमा उक्त कर्पोरेशनले उपलब्ध गर्ने ऋण तथा लगानी मोटामोटी तबरले निम्नवमोजिम हुने अनुमान गरिएको छ ।

तालिका नं. ६

नेपाल औद्योगीक विकास कर्पोरेशनको लगानी

(रु.हजारमा)

एकाई	ऋण लगानी	शेयर लगानी
१) सिमेन्ट	२,२८,००	२४,००

२) कपडा	४,००,००	१,००,००
३) पशुधन	२९,५८	७,००
४) प्लाइउड	४३,४५	–
५) अन्य उद्योग (पर्यटन, कागज तथा अन्य उद्योगहरू आदि)	५,००,००	–
जम्मा :	रु. १२,०१,०३	रु. १,३१,००

देशको औद्योगीक विकासमा विशेष योगदान दिन सक्ने आधारभूत तथा सम्भाव्य उद्योगहरू सबैमा गैर सरकारी क्षेत्र अग्रसर हुनेछन् भन्न सकिँदैन । तसर्थ कागज, मलखाद र सिमेन्टजस्ता उद्योगहरूको स्थापनाका निम्ति भविष्यमा गैर सरकारी क्षेत्रमा क्रमशः बेच्दै जाने उद्देश्यसमेत राखी सरकारले स्वदेशी तथा विदेशी उद्योगपतिहरू सँगको संयुक्त प्रयासमा उद्योगहरूको स्थापना गर्ने प्रयास गर्नेछ । यस प्रकारको नयाँ सरकारी लगानीको लागि योजनामा रु. १ करोड ५० लाख रुपियाँ छुट्याइएको छ । यसका अतिरिक्त योजना अवधिमा वीरगन्ज चिनी मिलको गूड (मोलासेस) मा आधारित मद्यसार कारखानाको स्थापना गरिनेछ ।

५. औद्योगीक क्षेत्रहरू :–

देशमा भएको औद्योगीक वस्तुको खपत, औद्योगीक कार्यको अनुभव, क्षेत्रीय विकासको आवश्यकता आदिलाई ध्यानमा राख्दा साना र मझौला उद्योगहरूको विकास गर्ने व्यवस्था गर्न आधारभूत सुविधाहरूले सुसज्जित औद्योगीक क्षेत्रको निकै महत्व छ । यस्ता क्षेत्रहरूले स्थानीय कच्चा पदार्थको उपयोग गरी आयात घटाउने तथा औद्योगीक वातावरणको सृजना गर्ने कार्यमा पनि विशेष महतव राख्ने हुनाले प्रादेशिक विकासमा योगदानसमेत पुऱ्याउन काठमाडौं उपत्यका बाहिरका सम्भाव्य देखिएका स्थानहरूमा बढी सुहुलियत दिनुपर्ने कुरालाई ध्यानमा राखिनेछ । यसअन्तर्गत चौथो योजनामा निम्नलिखित कार्यक्रम राखिएको छ ।

(क) नेपालगन्ज र धरानमा औद्योगीक क्षेत्र स्थापना गर्ने कार्य पूरा गर्ने,

(ख) बुटौल वा पोखरामा अर्को औद्योगीक क्षेत्रको स्थापना कार्य पूरा गर्ने,

(ग) काठमाडौंमा भएको बालाजु औद्योगीक क्षेत्रमा थप २० कोठा निर्माण गर्ने र पाटन औद्योगीक क्षेत्रको पनि विस्तार गर्ने,

(घ) योजनाको तेस्रो वर्षतिर सम्भाव्यता हेरी अन्य एक स्थानमा औद्योगीक क्षेत्र खोली प्रारम्भिक कार्य पूरा गर्ने ।

६. कच्चा पदार्थ विकास योजना :–

हाल नेपालमा सञ्चालित उद्योगहरूमध्ये कतिपय उद्योगहरूको लागि कच्चा पदार्थको अपर्याप्तिको कारणले कठिनाइको सामना गर्नुपरेको छ । यसलाई ध्यानमा राखी योजना अवधिमा जूट, उखु, सुर्ती, तेलहन, कपास खेती, रेशमजस्ता वस्तुको स्तर सुधार तथा अन्वेषण कार्यमा कृषि क्षेत्रसँगको संयुक्त प्रयासमा ठोस कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

७. औद्योगीक तालिम :–

हालसम्म अधिराज्यमा खुलेका केही प्राविधिक प्रशिक्षण केन्द्रहरूमा उद्योगहरूलाई आवश्यक पर्ने विभिन्न विषयमा छोटो अवधिको र मझौला प्रकारको तालिम दिइँदैछ । योजना अवधिमा उपयोगी र आवश्यक विषयमा तालिम दिने काठमाडौं, विराटनगर र हेटौंडा केन्द्रहरूको क्षमताको वृद्धि गरिनेछ । साथै नेपाल औद्योगीक विकास कर्पोरेशनबाट हालसम्म दिइ आएको व्यवस्थापनसम्बन्धी तालिम बढी व्यापक बनाइनेछ ।

८. श्रमिक कल्याण योजना :–

देशको आर्थिक विकासमा श्रमिकहरूको भूमिका ज्यादै महत्वपूर्ण छ । काम गर्ने र गराउनेको बीचमा सौहार्द्धपूर्ण रहेको खण्डमा मात्र देशको चौतर्फी आर्थिक उन्नति सम्भव छ । तसर्थ श्रमिकहरूको हितको देखभाल र उनीहरूलाई सकेसम्म आवश्यक प्रशिक्षण र सुविधाहरू प्रदान गराउने उद्देश्यले योजना अवधिभित्र ठोस कदमहरू चालिनेछन् ।

९. औद्योगीक गतिविधि मूल्यांकनको व्यवस्था :–

सरकारी तथा गैर सरकारी क्षेत्रमा खडा भै राखेका वा भविष्यमा खडा हुनेसमेत सबै प्रकारका उद्योगहरूले गरेको प्रगति र राष्ट्रिय अर्थतन्त्रको विकासमा दिइएको योगदानको स्वतन्त्र तथा तटस्थ विशेषज्ञहरू भएको एउटा समितिद्वारा समय समयमा मूल्यांङ्कन हुने व्यवस्था गरिनेछ, उक्त समितिले श्री ५ को सरकारद्वारा सञ्चालित अन्य औद्योगीक विकास कार्यक्रमहरू तथा सम्बन्धित लागानी र ऋणको सुविधाप्राप्त वित्तीय संस्थाहरूको कार्यको पनि सिंहावलोकन गर्नेछ ।

चौथो योजनामा सरकारी क्षेत्रमा उद्योगमा हुने लगानी

आयोजनाहरू	(रु. लाखमा)

औद्योगीक सेवा केन्द्र	४०
चालू उद्योगहरूको सुधार	५,००
(नयाँ) औद्योगीक लगानी	३,८०
औद्योगीक क्षेत्रहरू	१,५०
कच्चा पदार्थ सुधार अन्वेषण आदि	५
औद्योगीक तालिम	१०
जम्मा :	१०,८५

परिच्छेद १६

घरेलु

नेपालमा अधिकांश कृषकहरू वर्षको केही महिनासम्म मात्र कृषि व्यवसायमा लाग्ने र बाँकी समय बेकार भै रहने गरकाले यो समस्या हटाउन कृषि क्षेत्रमा देखापरेका निस्क्रिय साधन तथा जनशक्तिलाई औद्योगीकरणमा सरिक गराई औद्योगीकरणमा एउटा आधार खडा गर्न र यस प्रकार राष्ट्रिय आयमा समेत वृद्धि गर्नमा घरेलु उद्योगको ठूलो महत्व छ । यसरी घरेलु उद्योगको माध्यमद्वारा बेकार समयको सदुपयोग गरी उत्पादनमा वृद्धि गरी स्थानीय उपभोगका सामानहरूको आवश्यकता पूरा गर्न, ग्रामीण तथा अर्धशहरी क्षेत्रमा छरिएको हस्तकला, कालीगढी आदि सीपलाई एकत्रित गरी हस्तकला तथा ग्रामीण उद्योगको विकास गर्न र देशमा औद्योगीकरणको निम्ति आवश्यक पर्ने अर्ध दक्ष र दक्ष कामदारहरू तयार गर्नमा समेत मद्दत मिल्नेछ । अधिकांश कृषकहरूको फुर्सदको समय सदुपयोग गराई कृषि क्षेत्रमा रहेको निष्कृय साधन तथा जनशक्तिलाई औद्योगीक विकासको बाटोतिर मोडी राष्ट्रिय आयमा वृद्धि गराउनमा घरेलु उद्योगको विकासको ठूलो महत्व छ ।

हालसम्मको प्रगति

२०१३ सालदेखि नै देशमा घरेलु, ग्रामीण तथा साना उद्योगहरूको योजनावद्ध रूपले विकास गर्न विभिन्न कदमहरू श्री ५ को सकारले चाल्दै आएको छ । दोस्रो योजनाको अन्त्यसम्ममा घरेलु केन्द्रहरूको स्थापनामा र स्थानीय व्यक्तिहरूलाई तालिम दिनमा बढी जोड दिइएको थियो । तर ती तालिम प्राप्त व्यक्तिहरूलाई तालिम समाप्त भएपछि आफूहरूले तालिम गरेका ज्ञानको उपयोग नगरी अथवा गर्न नसकी त्यसै बेकार भै खेर गए । कतिपय कारणहरूले गर्दा तालिमप्राप्त व्यक्तिहरूका निम्ति उचित व्यवस्था मिल्न नसकेकाले र तालिमको पनि योजनावद्ध रूपले मागअनुसारको व्यवस्था गर्न नसक्नाले नै एकातिर तालिमप्राप्त व्यक्तिहरू बेकार रहन गए त अर्कोतिर तालिम नै पनि उपयुक्त सिद्ध हुन सकेन । तसर्थ तेस्रो योजनामा यस किसिमका अनमेलहरू नहुन् र सुनियोजित एवं प्रभावकारी ढङ्गले घरेलु तथा ग्रामीण उद्योगहरूको सञ्चालन तथा विकास होस् भन्ने उद्देश्यले विदेशी विशेषज्ञहरूको सहायताद्वारा तयार पारिएका प्रतिवेदन अनुसार कार्यक्रमहरू तयार गरिने । उक्त कार्यक्रम कार्यान्वयन गर्ने विदेशी सहायतामा सम्वद्ध गराइयो । तर सहायताको रकम समयमा र आयोजनाअनुरूप उपलब्ध हुन नसकेबाट कार्यक्रमहरू अधिकांश रूपमा कर्यान्वयन हुन सकेनन् र घरेलु ग्रामीण तथा साना उद्योगहरूको विकासको गति तेस्रो योजनामा पनि एक प्रकारले अवरुद्ध नै रहन गयो ।

चौथो योजना

वास्तवमा तेस्रो योजनाका संशोधित कार्यक्रमहरू योजनाअनुसार कार्यान्वयन हुन नसकेको देखिन्छ । उपयुक्त देखिएका आयोजनाहरूलाई नै समयानुकूल संशोधन गरी सञ्चालन गर्ने र घरेलु तथा ग्रामीण उद्योगहरूको विकास तथा विस्तारको निम्ति चौथो योजना अवधिमा घरेलु उद्योग विभागको कायक्षेत्र तोकी अरु स्पष्ट पारिनु वाञ्छनीय देखिन्छ । विशेषतः काठ, धातु, ढुङ्गा, कागज, माटो, कपडा आदि सम्बन्धी बुट्टा कुँदने, मूर्ति बनाउने, ढलान, सजावटका सामान तयारी गर्ने आदिजस्ता विभिन्न हस्तकला उद्योगहरू, ग्रामीण क्षेत्रमा उपलब्ध स्वदेशी कोरा मालको बढी सदुपयोग गरी आयात घटाउने, ग्रामीण जनजीवनको निमित्त अति आवश्यक उपभोग्य वस्तु तथा निर्यातप्रधानको वन आधारित, कृषि आधारित, जीव आधारित र खानी आधारित ग्रामीण उद्योगहरू र उपर्युक्त उद्योगहरू भित्र नपरेका छालाका जुत्ता, सुटकेस, ब्रिफकेस, रेडियो, ट्रान्सफरमर, विद्युत मोटर मर्मत आदिजस्ता आयात घटाउने तथा सेवा उपलब्ध गराउने किसिमका विभिन्न प्रकारका उद्योगहरूको स्थापना र विकासमा विशेष जोड दिइनेछ । यसरी तेस्रो योजनाको संशोधित कार्यक्रमहरूलाई नै कार्यान्वयन गराउनु पर्ने अवस्था चौथो योजना आएको छ । तर तालिमलाई बढी प्रभावकारी बनाउने, भएका क्षेत्रीय कार्यक्रमहरूलाई नै बढी उपयोगी बनाई गुणात्मक प्रगति गर्ने तथा स्थानीय उपयोगिताको आधारमा मात्र कार्यक्षेत्रका विषयहरू छान्ने जस्ता कदमहरूलाई अंगालेर नियम वमोजिमको पञ्चवर्षीय नीति निर्धारण गरिएको छ ।

नीति

१. स्थानीय कच्चा पदार्थको सर्वेक्षणसमेत गर्दै गएर यस प्रकारको कच्चा पदार्थको उपयोग गर्ने, पम्परागत हस्तकलाको विकास गर्ने तथा स्थानअनुसारको सम्भाव्यताको आधारमा आयात घटाउने र आर्थिक दृष्टिकोणले लाभप्रद हुने उद्योगहरूको विकास गरिनेछ । तर यातायातको विकासको कारण आर्थिक दृष्टिकोणले लाभप्रद नहुने उद्योगहरू जस्तो : (मिल उत्पादित भन्दा महंगो पर्ने र प्रतिस्पर्धा गर्न नसक्ने ठाउँमा कपडा बुन्ने उद्योग) लाई सरकारी सुविधा उपलब्ध गराइने छैन ।

२. योजना अवधिमा नयाँ घरेलु केन्द्रहरू खोल्नुको सट्टा भएका केन्द्रहरूलाई नै उपयोगी र बढी सक्षम बनाउने तिरजोड दिइनेछ ।

३. तालिम कार्यक्रमअन्तर्गत सङ्ख्यामा वृद्धि गर्नेतिर योजनामा ध्यान दिनुको साथै उपयोगको सम्भावनाको आधारमा तालिमको प्रकार र स्तरमा सुधार ल्याउनेतर्फ जोड दिइनेछ ।

कार्यक्रम

घरेलु उद्योगको विकास कार्यक्रम मुख्यतः पाँच क्षेत्रमा विभाजित गरिएको छ ।

१. औद्योगीक तथा तथा प्राविधिक सेवा कार्य
२. ग्रामीण उद्योग योजना
३. तालिम कार्य
४. हस्तकला डिजाइन कार्य
५. बिक्री व्यवस्था

१. औद्योगीक तथा प्राविधिक सेवा कार्य

योजना अवधिमा औद्योगीक सेवा कार्यलाई प्राथमिकता दिइनेछ ।

यस अन्तर्गत निम्न वमोजिमका आयोजनाहरू रहनेछन् :

(क) ऋण, लगानी तथा हायर पर्चेजः– यस कार्यक्रमअन्तर्गत विभिन्न चालू तथा नयाँ उद्योगहरूको स्थापना र विकासको निम्ति सरल ब्याज दरमा आर्थिक ऋण सहायता र किस्तावन्दीमा मेशिन औजार उपलब्ध गराइनेछ । उक्त कार्य गर्न चौथो योजनाको दोस्रो वर्षमा एउटा स्वशासित संस्था ('साना उद्योग आर्थिक व्यवस्था निगम') स्थापना गरी ऋण, लगानी तथा हायर पर्चेजको कार्य यसै संस्थाद्वारा योजनावद्ध रूपले सञ्चालित गराइनेछ ।

लक्ष्यः–

आर्थिक ऋण तथा सहायता रु. १०००००।-
किस्तावन्दीमा मेशिन औजार वितरण रु. १०००००।-

(ख) साना औद्योगीक सेवा :– यस आयोजनाअन्तर्गत सम्भाव्यता अधययन तथा औद्योगीक सर्वेक्षण, आयोजनाको तयारी तथा वितरण, प्राविधिक सरसल्लाह, गुण नियन्त्रण एवं स्तर निर्धारण र साझा सेवा तथा पाइलट उद्योगहरूको स्थापना गर्ने कार्यहरू गरिनेछ । यसमा चौथो योजना अवधिभरको निम्ति निम्न वमोजिमका लक्ष्यहरू राखिएका छन् ।

१) २० विभिन्न उद्योगहरूको सम्भाव्यता अधययनको आधारमा विस्तृत प्रतिवेदन तयार पार्ने ।
२) २० जिल्लाहरूको औद्योगीक सर्वेक्षण ।
३) हस्तकला उद्योगतर्फ ४५, ग्रामीण उद्योगतर्फ ७५ र विविध उद्योगतर्फ ३० गरी जम्मा १५० विभिन्न उद्योगको आयोजनाहरूको तयारी तथा वितरण ।
४) विभिन्न उद्योगहरूको मागअनुसार प्राविधिक सरसल्लाह ।
५) प्रयोगशाला तथा अन्य माध्यमबाट गुण नियन्त्रण एवं स्तर निर्धारण कार्यहरू ।
६) सुती उद्योग साझा सेवाको व्यवस्था एवं सञ्चालन ।
७) ठिमी र भादगाउँमा माटाका भाँडासम्बन्धी साझा सेवा स्थापनाको प्रारम्भिक कार्य र स्वदेशी कोरा माल उपयोग गरी आयात घटाउने खालका केही साना उद्योगहरू पाइलट प्रोजेक्टको रूपमा स्थापना गर्ने ।

२. ग्रामीण उद्योग योजना

देशका विभिन्न भागमा सञ्चालित ग्रामीण उद्योगहरू तथा गलैंचा, पश्मिना, हाते कागज आदि जस्ता खास विशेषता भएका ग्रामीण उद्योगहरूको पुनरुत्थान र ग्रामीण आर्थिक विकासको निमित्त ग्रामीण उद्योग योजना सञ्चालन गरिनेछ । उक्त योजनाअन्तर्गत अधिराज्यका प्रत्येक जिल्लामा स्थानीय विशेषता भएको, स्थानीय आवश्यकता पूर्ति हुने र बहुसंख्यक व्यक्तिहरूलाई रोजगारी प्राप्त हुने खालका मात्र बढीमा ३ व्यावसायिक विषयमा तालिम दिने गरी हाल भएका १० ग्रामीण उद्योग कार्यलयहरू र १३ घरेलु उद्योग, अञ्चल केन्द्रहरूलाई ग्रामीण उद्योग कार्यालयमा परिणत गरी सञ्चालन गरिनेछ । योजना अवधिभरमा १२ केन्द्रहरूमा स्थायी भवनको निर्माण गरिनेछ । योजनाअन्तर्गत तालिम दिने र उत्पादन तथा बिक्री कार्यहरू र निजी तथा संगठित क्षेत्रमा सञ्चालन गराउने, आर्थिक ऋण सहायता तथा विविध औद्योगीक सेवा तथा अनुदान उपलब्ध गराइनेछ । तालिमप्राप्त व्यक्तिहरूको रोजगारीको नीति तथा दैनिक उपभोगका वस्तुहरू उत्पादनसमेत गर्न योजना अवधिभरमा १२ ग्रामीण उद्योग उत्पादन केन्द्रहरूमा आत्मनिर्भर हुने गरी स्थापना गरिनेछ । उक्त कार्य विस्तृत औद्योगीक सर्वेक्षणको आधारमा गरिने भएकोल वर्तमान ग्रामीण उद्योग कार्यालयहरू र अञ्चल केन्द्रहरूको कार्य विषय तथा स्थानसमेतको पुनरावलोकन गरी योजनाको दोस्रो वर्षदेखि मात्र ग्रामीण उद्योग कार्यालयहरूमा क्रमशः परिणत गर्दै लगिनेछ ।

ग्रामीण उद्योग कार्यालयहरूको मुख्य जोड औद्योगीक सेवा तथा औद्योगीक प्रवर्द्धनतर्फ हुनेछ । आयोजनाअन्तर्गत हुने तालिम कार्यक्रमको सञ्चालन स्थानीय आवश्यकताको आधारमा सङ्ख्याभन्दा उपयोगितामा बढी ध्यान दिने गरी प्रारम्भिक खालको एक वर्षीय हुनेछ ।

३. तालिम कार्य

घरेलु उद्योग विभागले २०१३ सालदेखि विभिन्न विषयहरूमा तालिमको व्यवस्था गर्दै आएको छ । तर माथि उल्लेख भएअनुसार यस प्रकारको तालिम व्यवस्थाले घरेलु उद्योगको विकास गर्न र तालिमप्राप्त व्यक्तिहरूलाई सोही विषयको काममा लगाउन कहाँसम्म सफलता प्राप्त भएको छ भने मूल्याङ्कन राम्ररी हुन सकेको छैन । अहिले सम्म प्राप्त भएको अनुभवको आधारमा यसलाई जनशक्तिको खाचो पूर्ति गर्ने र अझै बढी उपयोगिताको अनुरूप बनाउन तालिमको विषय र प्रकामा आमूल सुधार ल्याउनुपर्ने देखिएको छ । तसर्थ चौथो योजनामा सञ्चालन गरिने तालिमको व्यवस्था यस्तै परिवर्तन र सुधारको क्रमको रूपमा नियमअनुसार राखिएको छ ।

(क) प्राविधिक तालिम :– तालिम व्यवस्थाको वर्गीकरण गरी स्तर निर्धारण गर्न पाठ्यक्रम र पाठन पद्धतिमा समेत सुधार गरिनेछ । यसअन्तर्गत निम्न वमोजिमको तालिम व्यवस्था हुनेछ :–

अ) उच्च तालिम (आधारभूत विषय)		
मेकानिकल	साधारण तालिम २ वर्ष	डिप्लोमाको लागि थप १ वर्ष
इलेक्ट्रीकल	”	”
फर्निचर तथा फर्निसिङ्ग	,,	,,
आ) साधारण तालिम		
होजिएरी तथा सिलाइ	२ वर्षे (हालको दुईशाखालाई एउटैमा गाभ्ने)	
छाला, माटो र काष्ठकला	२ वर्षे	
( ) सेवाकालिन तालिम र उत्पादन एकाइमा परिणत		
कपडा, फर्निचर र कागज (६ महिने)	तेस्रो र चौथो वर्षदेखि क्रमशः उत्पादन एकाईमा परिणत गरी त्यहीँ तालिमको व्यवस्था गर्ने ।	
छाला र क्यूरियो (काष्ठकलावाहेक)	तेस्रो र चौथो वर्षमा क्रमशः नेपाल फूटवेयर प्रोडक्टस् प्रा.लि. र नेपाली क्राफ्टस् प्रा.लि.मा गाभ्ने त्यहीँ तालिमको व्यवस्था गर्ने ।	

उपर्युक्त तालिमको व्यवस्था गर्न एउटा भवनको समेत निर्माण गरिनेछ ।

(ख) ग्रामीण उद्योग तालिम

उक्त ग्रामीण उद्योगलाई सुनियोजित ढङ्गमा सञ्चालन गर्न समय समयमा ग्रामीण उद्योगसम्बन्धी विशेष तालिम, सेवाकालीन तालिम, व्यवस्थापन, बिक्रेता, स्रेस्ता तथा लेखा व्यवस्थाजस्ता आधारभूत विषयहरूमा तालिम तथा आधुनिक ज्ञानहरूको आवश्यकता परी नै रहने भएबाट ग्रामीण उद्योगहरूमा संलग्न विभिन्न व्यक्तिहरूलाई त्यस्ता किसिमका तालिम उपलब्ध गराउन पोखरामा ग्रामीण उद्योग प्रशिक्षण केन्द्रद्वारा सेवा उपलब्ध गराइनेछ र आवश्यकनुसार अर्को केन्द्रको सम्भावनाको अध्ययन गरिनेछ । यस्ता किसिमका तालिम कुनै व्यवस्थित पाठ्यक्रमको आधारमा सुनियोजित ढङ्गबाट अल्पकालीन तथा दीर्घकालीन तालिम कार्यको रूपमा सञ्चालन गरिनेछ । उक्त केन्द्रमा हाम्रो देशमा उपयोग हुने गरी छानिएका बढीमा ६ विषयमा मात्र प्राविधिक तालिम उपलब्ध गराइनेछ । यस केन्द्रको खास कार्य ग्रामीण उद्योगहरूको पूरकको रूपमा विकास तथा विस्तारको निम्ति कार्य गर्नु हुनेछ । योजनाअनुसार जिल्लाहरूमा रहने केन्द्रहरू र ग्रामीण उद्योग तालिम केन्द्र समेतको संयुक्त प्रयासमा अधिराज्यका विभिन्न कुनामा रहेका परम्परागत हस्तकलाको विकास गर्न घुम्ती टोलीहरू पठाएर तालिम दिने आवश्यकताअनुसार नयाँ औजारहरू उपलब्ध गराउने कार्य पनि योजना अवधिमा गरिनेछ ।

४. हस्तकला डिजाइन

घरेलु उद्योग विभागअन्तर्गत सञ्चालित विभिन्न उत्पादन प्रशाखाहरू, प्रा. लि. कम्पनीहरू तथा ऋण प्राप्त उद्योगहरू आदिद्वारा उत्पादित सामानहरूको डिजाइन केन्द्रित एवं नियन्त्रित समेत नभई आफ्नै ढङ्गबाट मनलागीमा ग्राहकहको कुनै ध्यान नदिई डिजाइन तयार गरी सामानहरू उत्पादनसमेत गरी आएकाले सामानहरू बिक्री नहुने मात्र नभै उद्योगहरूको भविष्यसमेत राम्रो नभएको हुँदा नेपाली कला तथा संस्कृतिलाई प्रतिविम्बित गर्ने सामानहरूको बढी प्रचार गरी आफ्नो कला र संस्कृतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सजीव तुल्याई राख्ने

समेत उद्देश्यले तयारी चीजहरूको डिजाइन नियन्त्रण गराउन हस्तकला, ग्रामीण र घरेलु सम्बन्धी औजार सामानहरूको अनुसन्धान तथा अन्वेषण गराउने कार्य यस योजनाअन्तर्गत गरिनेछ ।

(क) घरेलु उद्योग विभागअन्तर्गत सञ्चालित उत्पादन प्रशाखाहरूको डिजाइन नियन्त्रण तथा तैयारी– पहिलो वर्ष ।

(ख) त्यस अतिरिक्त प्रा. लि. कम्पनीहरूको समेत डिजाइन नियन्त्रण र तयारी– दोस्रो वर्ष ।

(ग) अनुसन्धानशाला स्थापना– दोस्रो वर्ष ।

(घ) अन्य उद्योगीहरूको लागि डिजाइन तयारी तथा वितरण– तेस्रो वर्ष ।

(ङ) कलात्मक वस्तुहरूको सङ्कलन तथा विभिन्न डिजाइनहरूको नमुना संग्रहालय सथापना र डिजाइन क्याटलग प्रकाशन

	–	चौथो वर्ष ।
डिजाइनहरूको तयारी निम्नवमोजिम हुनेछ :		
विविध विवरण (स्पेशिफिकेशन) सहितका डिजाइन	–	४३० किसिमका
औजार सामानहरूको अनुसन्धान तथा अन्वेषण	–	१० किसिमका

५. बिक्री व्यवस्था

घरेलु उद्योग तथा हस्तकलाको विकासमा उत्पादित वस्तुको बिक्री व्यवस्थाले निकै ठूलो महत्व राख्दछ । बजारमा प्रतिस्पर्धा गर्न बिल्कुलै नसक्ने वस्तुको उत्पादनलाई प्रोत्साहन गरेर यस्ता वस्तुको विकास स्थायी हुन सक्दैन । तर कतिपय यस्ता वस्तुहरू पनि हुन्छन् जसको बिक्री व्यवस्था संगठित रूपमा गर्न सके उत्पादन र मागको बीचको दूरीलाई कम गरेर बजारको वन्दोवस्त गर्न सम्भव हुन्छ । यस कुरालाई ध्यानमा राखी विभागले अधिराज्यमा र अधिराज्य बाहिरसमेत बिक्री हुन सक्ने वस्तुहलाई मात्र उत्पादन गर्न प्रोत्साहन गर्ने र यसरी प्रोत्पसाहित गरिएको वस्तुको बिक्रीको निम्ति निम्न बमोजिमको व्यवस्था गरिनेछ ।

(क) काठमाडौं उपत्यका बाहिरका १३ केन्द्रहरूमा रहने विभागका प्राविधिज्ञहरू सम्बन्धित इलाकामा उत्पादन हुने वस्तुको बजारको अध्ययन गरी निजी क्षेत्रमा नै सहकारीको स्थापना गई आवश्यक ऋणको समेत सहलियत दिएर संगठित रूपमा बजारसम्म पुऱ्याउने प्राविधिक सरसल्लाह र व्यवस्था गरिनेछ । यो कार्य ग्रामीण उद्योग कार्यालयहरूमा समावेश गरिएको छ ।

(ख) काठमाडौं उपत्यकामा सानै इलाकामा धेरै हस्तकलाहरूको काम हुने भएकाले हालसम्म घरेलु बिक्री भण्डारबाट जो सकेको खरिद निजहरूबाट हुने गरेकोमा विभागको विकास कार्यक्रमसँग यसलाई ज्यादै निकट समन्वय ल्याउन आवश्यक भएको छ । हस्तकलाको विकास गर्न नाफाको दृष्टिकोण भन्दा बढी विकासको दृष्टिकोण राख्नुपर्ने भएको र उत्पादकहरूलाई प्राविधिक सरसल्लाह र ऋणसमेत उपलब्ध गराइ विकास गर्ने कार्य विभागले गर्ने भएकाले उत्पादकहरूलाई बजार सहुलियतद्वारा प्रोत्साहित गर्ने विभागीय विकास कार्यक्रमसँगष्को समन्वय ऋण दिइएका उद्योगहरूलाई समेत दृष्टिगत राखी उत्पादित वस्तुहरू खरिद गर्नुपर्ने भएकोले, घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) ले घरेलु उद्योग विभागको सरसल्लाह र निकटतम सम्बन्धमा मात्र यस्तो खरिद कार्य गर्ने प्रबन्ध हुनेछ ।

घरेलु उद्योगमा अनुमानित लगानीको रकम

आयोजनाको नाम	(आयोजनाको अनुमानित लगानी रु. हजारमा)
१) औद्योगीक सेवा कार्य	५०,००
२) ग्रामीण उद्योग योजना	८०,००
३) तालिम कार्य :	
(क) प्राविधिक तालिम	४०,००
(ख) ग्रामीण उद्योग तालिम	३५,००
४) हस्तकला डिजाइन	२२,००
५) बिक्री व्यवस्था	
कुल जम्मा :	२,२७,००

परिच्छेद १७

वाणिज्य

कुनै पनि देशको आर्थिक विकासमा आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको महत्वपूर्ण भूमिका रहन्छ । विकासको बाटोमा लम्किरहेको हाम्रोजस्तो देशले आफ्नो देशको माग आफै पूर्ति गर्न सम्भव छैन । विकासको खाँचो पूर्ति गर्न तथा आफ्नो आवश्यकता कम खर्चमा उपलब्ध गर्ने उद्देश्यको निम्ति आयात गरिनु आवश्यक पर्दछ । यसका निम्ति देशको निर्यात व्यापारमा बृद्धि हुनु जरुरी छ । साथै नेपाली वस्तुको वर्तमान बजार सीमित भएको हुँदा देशमा रहेका कतिपय साधनहरूको विकाससमेत विदेशी व्यापारमा भर पर्दछ । अतएव श्री ५ को सरकारले गत बर्षहरूमा विदेशी व्यापारमा बृद्धि तथा विविधता ल्याउने नीति अपनाउँदै आएको छ ।

हालसम्मको प्रगति

यस नीतिअनुरूप तेस्रो योजनाकालमा समुद्रपारका मुलुकहरूसँगको निकासी, व्यापारमा आशातीत बृद्धि हुनाको साथै विभिन्न मुलुकहरूसित वाणिज्य सम्बन्ध बिस्तार गरिदै छ । तेस्रो योजना सुरु हुनुभन्दा अघिको वर्षमा रु. १ करोड ४४ लाखको निकासी भएकोमा आर्थिक वर्ष २०२२।२३ मा रु.३ करोड १८लाख, २०२३।२४ मा रु.८ करोड १० लाख, २०२४।२५ मा ९ करोड ४८ लाख, २०२५।२६ मा रु. १४ करोड ६० लाख मूल्यको निकासी हुन गई २०२५।२६ सम्म तेस्रो योजनाको पहिलो ४ वर्षमा ३६ करोड ३६ लाख मूल्यको निकासी व्यापार भएको छ । यसमध्ये रु. २५ करोड २४ लाखको पाट र पाटका सामानहरू निकासी हुन गएबाट हाम्रो समुद्रपारको मुलुकहरूसँगको व्यापारमा यी बस्तुहरूको प्राधान्यता रहेको कुरा स्पष्ट हुन्छ ।

चौथो योजनाको लक्ष्य

परम्परागत निकासी वस्तुहरूको अतिरिक्त देशमा उत्पादित अन्य पदार्थहरू तथा तयारी मालसामानहरूको निर्यात बढाउन आवश्यक सुविधा तथा सहुलियत दिई प्रोत्साहित गर्ने श्री ५ को सरकारको नीति रहनेछ । यस नीतिअनुरूप कच्चा पदार्थको रूपमा हाल निकासी भैरहेका वस्तुहरूलाई क्रमशः अर्ध तयारी तयारी रूपमा निकासी गर्नेतर्फ कारवाही गरिनेछ । यसरी चौथो योजना अवधिमा व्यापारमा विविधता ल्याउने नीति अनुरूप समुद्रपारका मुलुकहरूसँगको देशगत र वस्तुगत व्यापारमा अझै बृद्धि गरी निकासी दोव्वर गर्ने लक्ष्य राखिएको छ ।

यस लक्ष्यलाई हासिल गर्न आन्तरिक बजार तथा आन्तरिक उत्पादन क्षमताको विस्तृत अध्ययन गर्ने र निकासीयोग्य वस्तुहरूको उत्पादन बढाई त्यस्ता वस्तुहरूको गुण सुधार गरी एकरूपता ल्याउने, निकासी पूर्व निकासीयोग्य वस्तुहरूको संरक्षणको निमित्त गोदामघरहरूको व्यवस्था गर्ने, निकासी व्यवसायलाई आकर्षण गर्न आवश्यक ऋण तथा अरु सुविधाहरू उपलब्ध गराउने, अत्यावश्यक पैठारीको वस्तुहरूको बिक्री वितरण सरल तुल्याउन स्टोरेज टैकं र गोदामघरको व्यवस्था गर्ने आदि उद्देश्य प्राप्तिको निम्ति निम्नअनुसारका कार्यक्रमहरू लागू गरिनेछ ।

कार्यक्रम

(क) निकासी हुन सक्ने वस्तुहरूको निरूपण गर्न, ती वस्तुहरूको निकासी क्षमता निश्चित गर्न सम्पूर्ण निकासी योग्य वस्तुहरूको वस्तुगत आधारमा छोटो अवधि र लामो अवधिको लागि निकासीको लक्ष्य निर्धारण गर्ने उद्देश्यले एउटा विस्तृत राष्ट्रिय सर्वेक्षण गर्ने ।

(ख) निकासी प्रवर्द्धनको दृष्टिले अन्तर्राष्ट्रिय बजार अवस्थाको निरन्तर अध्ययन गरी नेपालको राष्ट्रिय व्यापारिक हितको विदेशी बजारहरूमा समुचित प्रतिनिधित्व गर्न केही अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रमा नेपाली व्यापार प्रतिनिधिको कार्यालयहरू स्थापना गर्ने ।

(ग) नेपालको भन्सार नीति, कर नीति, र वैदेशिक व्यापार नीतिहरूमा सामञ्जस्यता ल्याई निकासी प्रवर्द्धन सम्बन्धी कदमहरू क्रमशः उठाउँदै जाने ।

(घ) नेपालमा उत्पादित, प्रशोधित वा अर्ध प्रशोधित निकासीयोग्य वस्तुहरू तथा उत्पादन भैरहेका तर निकासी भै नरहेका वा प्रशोधित रूपमा निकासी गर्न सकिने वस्तुहरूलाई लिएर विदेशी बजारमा तिनको निकासी सम्भावना तथा कुन बजार वस्तुगत आधारमा बढी उपयुक्त छ त्यसको अध्ययन गर्ने, तथा वस्तुहरूको निकासी गर्न निर्यातकर्ताहरूलाई प्रोत्साहन दिने र निकासीप्रधान उद्योगहरूको स्थापना गराउने ।

(ङ) निर्यातयोग्य वस्तुमा गुणात्मक स्तर कायम राख्न तथा बृद्धि गर्न स्तर निर्धारण तथा गुण नियन्त्रणको साथै माल विदेशको लागि चलान हुनु अगाडि नै निरीक्षण गर्ने व्यवस्था तथा त्यसको लागि कुनै आवश्यक संगठनात्मक व्यवस्था गर्ने ।

(च) निकासीयोग्य वस्तुहरूको संरक्षण र निकासी प्रवर्द्धनका लागि विराटनगरमा १०,००० टन, वीरगञ्जमा ५,००० टन, भैरहवामा ५,००० टन, जनकपुरमा १,००० टन र नेपालगञ्जमा १,००० टनको गोदाम घरहरू बनाउने ।

(छ) नगदेबालीहरूको उत्पादन कर्ताहरूलाई निजहरूले उत्पादन गरेका सामानहरूको मुनासिव मोल उपलब्ध गराई यस्ता निकासीयोग्य वस्तुहरूको उत्पादनमा बृद्धि ल्याउन प्रोत्साहन दिने उद्देश्यले गोदाम र ऋणको केही स्थानहरूमा व्यवस्था गर्ने ।

(ज) निकासीकर्ताहरूलाई निकासी कार्यमा उत्साहित गर्न आवश्यक ऋण तथा निकासी ग्यारेन्टी प्रदान गर्ने, संगठनात्मक व्यवस्थाको विकास गर्ने तथा यस दिशामा हाल रहेका वित्तीय संस्थाहरूलाई क्रियाशील तुल्याउने ।

(झ) पेट्रोल, डिजेल र मट्टितेल आदि पि.ओ.एल बस्तुहरूको जगेडा राख्न काठमाडौं, वीरगन्ज, विराटनगर, भैरहवा र नेपालगञ्ज समेत ५ ठाउँमा जगेडा राख्ने टैकीहरूको निर्माण गर्ने ।

पुँजी लगानी

माथिको कार्यक्रमसुचारू रूपले सञ्चालन गर्न पञ्चवर्षीय योजना अवधिभरलाई रु. ५ करोडको आवश्यकता पर्नेछ । यसमध्ये गोदाम घरहरूको निर्माणलाई रु. १ करोड, तेल जगेडा राख्ने टैङ्कहरूको निर्माणलाई रु. ३ करोड, निकासीयोग्य वस्तुहरूको सर्वेक्षण तथा सम्वर्द्धन कार्यको निम्ति रु. ८० लाख व्यापारिक प्रवर्द्धन सेवा एवं अन्तर्राष्ट्रिय प्रदर्शनीहरूको निम्ति रु. २० लाख लाग्ने अनुमान गरिएको छ । यसमध्ये रु. ४ करोडको गोदाम घर तथा स्टोरेज टैक निर्माणसम्बन्धी कार्य आन्तरिक ऋणबाट व्यवस्था गरिने भएकोले खास सरकारी लगानी रु. १ करोडको हुनेछ ।

पारवहन सुविधा

भूपरिवेष्टित नेपालको निम्ति समुद्रपारमा मुलुकहरूसँगको व्यापार विस्तारमा पारवहन सुविधाको निकै नै महत्वपूर्ण स्थान छ । पारवाहनको क्षेत्रमा भारतीय वन्दरगाहमा नेपाली वस्तुहरूको सुरक्षाको निम्ति सुविधापूर्ण गोदाम व्यवस्था, भारतीय भूमि र वन्दरगाहमा नेपाली वस्तुहरूको आवागमनको निमित्त यथेष्ट र सरल यातायात सुविधा एवं कार्यविधिहरू अपनाउने, निकासी पैठारी सम्बन्धी पारवहन पद्धति सरलीकरण गर्न स्वशासित पृथ्क बन्दरगाह क्षेत्रलगायत पारवहन वा अरु वैकल्पिक साधन र बाटोको आवश्यकता र उपादेयता माथि ध्यान दिई देशको वैदेशिक व्यापारलाई अधिकतम रूपमा प्रोत्साहित गर्न श्री ५ को सरकारले आवश्यक कदमहरू उठाउने छ ।

व्यापार प्रबर्द्धन सेवाको व्यवस्था

विदेशी व्यापारमा वस्तुगत र देशगत विविधीकरण ल्याउँदै गई विभिन्न देशहरूसँग व्यापारिक सम्बन्ध सुदृढ गर्ने श्री ५ को सरकारको नीति सल तुल्याउन विदेशी बजारसम्बन्धी यथेष्ट ज्ञान र तत्सम्बन्धी अध्ययन एवं जानकारीहरू एकत्रित गरी स्वदेशी व्यापारी तथा व्यापारिक संस्थाहरूलाई नियमित रूपले उपलब्ध गराउन आवश्यक संगठनात्मक व्यवस्थाको सृजना गरिनेछ । यस कार्यमा विदेश स्थित शाही नेपाली दुतावासहरूबाट ठूलो योगदान मिल्न सक्ने हुँदा ती दुतावासहरूलाई यस क्षेत्रमा सक्षम र सक्रिय बनाउने तथा आवश्यकताअनुसार विभिन्न देशहरूमा व्यापार प्रतिनिधि कार्यलयहरूको स्थापना गरिनेछ । यसरी पञ्चवर्षीय योजना अवधिमा व्यापार प्रवर्द्धन केन्द्रको स्थापना गरी व्यापार सूचना सेवाको सृजना एवं विस्तार गरिनेछ । व्यापार प्रवर्द्धनको मूलभूत उद्देश्य प्राप्तिको निम्ति यसै माध्यमद्वारा विदेशी व्यापार तथा अन्तर्राष्ट्रिय बजारसम्बन्धी यथेष्ट जानकारीहरू स्वदेशमा सरकारी तथा गैर सरकारी क्षेत्रहरूलाई उपलब्ध गराइनेछ

व्यापार विकासः सरकारी व्यापार र गैर सकारी क्षेत्र

देशको आन्तरिक व्यापार सुसंगठित रहेमा मात्र विदेशी व्यापारको व्यवस्थित रूपले सञ्चालन सम्पन्न हुने हुँदा आन्तरिक व्यापार अभिबृद्धिको साथै यसलाई विकासको आवश्यकताअनुरूप संगठित गरिनेछ । विदेशी व्यापारको बृद्धिमा गैर सरकारी क्षेत्रबाट हुन सक्ने योगदानलाई ध्यानमा राखी यस क्षेत्रलाई आवश्यक सुविधा तथा सहुलियत दिइनेछ ।

सरकारी क्षेत्रमा रहेको नेशनल ट्रेडिङ्ग लिमिटेडलाई निर्यातोन्मुख तुल्याई देशको निकासी प्रवर्द्धन क्षेत्रमा यस संस्थाको प्रमुख भूमिका गराउनाको साथै सरकारी र गैर सरकारी दुवै क्षेत्रले एक अर्काको पूरकको रूपमा काम गर्नेछन् ।

विकासोन्मुख नेपालको बढ्दो पैठारीका आवश्यकताहरूको परिपूर्तिको निमित्त सरकारी क्षेत्र पनि सक्रिय रहनेछ । तर यस प्रकारको कुनै पनि कदम लिंदा सरकारी र गैर सरकारी क्षेत्रका बीच व्यवहार गरिनेछ ।

वाणिज्य विकास

१. गोदाम घरहरूको निर्माण रु. १ करोड

२. तेल स्टोरेजहरूको निर्माण रु. ३ करोड आन्तरिक ऋण
३. निर्यात प्रवर्द्धन सर्वेक्षण रु. ८० लाख
४. व्यापार प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय प्रदर्शनी रु. २० लाख
कुल लगानी रु. १ करोड
ऋण रु. ४ करोड

परिच्छेद १८

पर्यटन

नेपाल जस्तो विकासोन्मुख देशलाई विकास क्रममा विदेशी मुद्राको बढ्दो परिमाणमा आवश्यकता पर्छ । विदेशी मुद्राको-खास गरेर परिवर्त्य विदेशी मुद्राको- जति महत्व छ यसको आर्जनमा पनि उत्तिकै कठिनाइ छ । नेपालको परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने स्रोत हालमा जम्मा चार प्रकारका छन् । ती हुन- सैनिक सेवा, विदेशी सहायता, व्यापार र पर्यटन उद्योग । यी उल्लेख भएका चारमध्ये अघिल्ला दुई त्यति भरपर्दा नभएकोले हामीले व्यापार र पर्यटन उद्योगमा नै बढी भर पर्नु पर्छ र यी दुवैलाई राष्ट्रको आम्दानी बढाउने देश विकासको लागि आवश्यक पर्ने विदेशी मुद्रा आर्जन गर्ने स्थायी किसिमका महत्वपूर्ण स्रोत मान्नु पर्दछ । तसर्थ बढी से बढी पर्यटन उद्योगको विकास गर्नु आवश्यक भएको छ ।

हालसम्मको प्रगति

नेपालमा पर्यटन उद्योगको विकासको निमित्त २०१४ सालमा पर्यटन विकास समितिको गठन भयो । तर यसरी समितिको माध्यमबाट मात्र पर्यटन उद्योगको राम्रो विकास हुन नसक्ने भएकाले योजनाबद्ध रूपबाट यसको विकास गर्न प्रथम योजनाकालमा एउटा छुट्टै विभाग खडा गरियो । यस विभागको स्थापना भएपछि नेपालले विभिन्न अन्तर्राष्ट्रिय पर्यटन संस्थाहरूको सदस्यता प्राप्त गऱ्यो । गत वर्षहरूमा पर्यटन विकासमा प्रभावकारी असर पार्ने कार्यहरूमध्ये काठमाडौंमा स्थापना भएका विभिन्न स्तरका करिब ८०० होटेल बेडहरू, (जसमध्ये २०६ [६] पाँच ताराका र १८० चार ताराका पनि छन्) विभिन्न ट्राभल एजेन्सीहरूको स्थापना, त्रिभुवन विमानस्थलको क्रमशः हुँदै गएको विकास र विभिन्न विदेशी विमान सेवाको सञ्चालनको साथै शाही नेपाली विमान सेवाको अन्तर्राष्ट्रिय सेवामा भएको बृद्धिकै प्रमुख स्थान छ । पर्यटन विभागद्वारा गरिएको नगरकोट र ककनीजस्ता दर्शनीय स्थानको विकास, दृश्यावलोकन सेवा, पथ प्रदर्शकहरूको तालिमको साथै अन्तर्राष्ट्रिय जगत्मा नेपालको बढ्दो प्रचारजस्ता कार्यहरूले पनि यसको विकासमा निकै महत्वपूर्ण योगदान गरेका छन् ।

नेपालको विदेशी परिवर्त्य मुद्रा आर्जन गर्ने प्रमुख स्रोत भएको पर्यटनबाट आर्थिक वर्ष २०१७।१८ मा रु. ६.९५ लाख विदेशी परिवर्त्य मुद्राको आर्जन भएकोमा आर्थिक वर्ष २०२५/२६ को अन्तसम्ममा रु. १ करोड पर्यटनबाट आर्जन भएको छ । आर्थिक वर्ष २०२१।२२ तथा २०२२/२३ मा क्रमशः १६.२४ लाख तथा रु. ३०.२९ लाख बराबरको परिवर्त्य मुद्रा पर्यटनबाट आर्जन भएकोमा आर्थिक वर्ष २०२३/२४ मा रु.६०.५० लाख आर्जन भएको छ । जुन आर्थिक वर्ष २०२२।२३ को आर्जनभन्दा १०० प्रशित बढी भएको छ । यस किसिमबाट एक वर्ष भित्रमा नै १०० प्रतिशतले बढी परिर्वत्य मुद्रा पर्यटनबाट आर्जन हुनाको मुख्य कारणहरूमा उक्त आर्थिक वर्षमा सुविधाजनक फोकर विमान सेवा चालू गरिनाको साथै होटल अन्नपूर्ण खोलिनु र अन्य होटलमा पनि वासस्थानको राम्रो सुविधा प्रदान हुन सकेबाट पहिलेको अनुपातमा पर्यटकहरूको सङ्ख्यामा धेरै नै बृद्धि हुन गई पर्यटनबाट हुने आर्जनमा पनि ठूलो मात्रामा बृद्धि हो । उक्त आर्जिक वर्ष पछिका वर्षहरूको हकमा आर्थिक वर्ष २०२४/२५ मा बाहेक अन्य वर्षहरूमा पर्यटकहरूको संख्यामा भएको बृद्धिको अनुपातमा नै पर्यटक अन्तर्गत हुने परिवर्त्य मुद्राको भएको आर्जनमा पनि बृद्धि हुँदै गएको छ । आर्थिक वर्ष २०२५/२६ मा पर्यटनबाट रु. १ करोड बराबरको परिर्वत्य मुद्रा आर्जन भएको छ जुन अघिल्लो आर्थिक वर्षको आर्जनभन्दा करिब ४२ प्रतिशत बढी छ । आर्थिक वर्ष २०२६।२७ को पहिलो ५ महिनामा ने.रु. ४८.०० लाख आर्जन भयो र तेस्रो योजनाको अन्तिम आर्थिक वर्ष भित्रमा रु. १.४० करोड जति आर्जन हुने अनुमान थियो । जुन गत आर्थिक वर्षको आर्जन भन्दा ४०. ६ प्रतिशतले बढी हुने देखिन्छ ।

बढ्दै गएको पर्यटकहरूको सङ्ख्या र परिर्वत्य विदेशी मुद्रा आर्जन निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १

आर्थिक वर्ष	पर्यटकको सङ्ख्या	परिवर्त्य मुद्राको आर्जन (रु. लाखमा)
०२१-२२	१०,३५६	१६२४
०२२ -२३	९,१९१	३०.२९
०२३ -२४	१५,५७७	६०.३८

[^] अन्तर्राष्ट्रिय होटेल वर्गीकरणअनुसार पाँच तारा भन्नाले सर्वोत्तम स्तरको होटल र त्यसभन्दा कम तहकालाई चार तारा, तीन तारा आदि भनिने प्रचलन छ ।

०२४ -२५	२०,७३८	८२.५४
०२५ -२६	२८,१८९	१००.००
०२६ -२७ (पहिलो पाँच महिनाको	१६,६०७	४८.००

यसरी बढ्दै गएको पर्यटकहरूको सङ्ख्याको साथै विदेशी मुद्राको आर्जनमा पनि बृद्धि हुँदै आएको छ । यस अवस्थामा यस उद्योगको विकासका निमित्त आवश्यक कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गरी देशको आर्थिक स्थितिमा अझ वढी देन दिन सकोस् भन्ने हेतुले योजना अवधिमा सुनियोजित नीति तथा कार्यक्रम अपनाइएको छ ।

चौथो योजनाको नीति तथा कार्यक्रम

योजनावद्ध किसिमबाट पर्यटन विकास गराउने हेतुले चौथो योजना अवधिको सुरूमा नै एक गुरु योजना तयार गरिनेछ । यसको आधारमा क्रमशः पर्यटक आकर्षण स्थलको निर्माण र विकास गर्ने तथा देशका विभिन्न भागमा पर्यटकहरूको निमित्त सुविधाहरू सिर्जना गरिँदै जानेछ । अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्नुको साथै पार्क, ताल, शिकार र क्रीडास्थल आदि जस्ता आकर्षक ठाउँहरूको विकास गरी पर्यटकहरूलाई पुग्ने, बस्ने र डुल्ने सुविधाहरू उपलब्ध गराउन गैर सरकारी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ ।

पर्यटन उद्योगको विकास सम्बन्धित विभागको कार्यक्रम तथा कार्यान्वयनले मात्र सफल हुन सक्दैन र यसको सफलता विभिन्न विभागहरूको कार्यक्रमसँग संवद्ध भएको हुँदा अन्य विभागहरूको कार्यक्रमहरूसँग पनि पूर्णतया समन्वय कायम गरी विकास गरिनेछ । वास्तवमा पर्यटन उद्योगको विकास सम्बन्धित विभागको भन्दा पनि अन्य विभागहरूको कार्यक्रममा बढी निर्भर गर्दछ ।

गत वर्षहरूको अनुभव र योजना अवधिमा गरिने थप व्यवस्थालाई ध्यानमा राख्दा पाँच वर्षमा प्रतिवर्ष ४० प्रतिशतको दरले नेपाल आउने पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुने अनुमान गरिएको छ । विमान सेवाको सुविधाको साथै अधिराज्यका प्रमुख स्थानहरूमा होटेल आदिको व्यवस्था बढाउँदै लगेमा पर्यटकहरूको आगमनमा बढी प्रोत्साहन मिल्न गई सङ्ख्यामा बृद्धि हुँदै जानेछ ।

तालिका नं. २

आर्थिक वर्ष	पर्यटकको सङ्ख्या	परिवर्त्य मुद्रा आर्जन (रु. लाखमा)
२०२७-२८	४९,०००	१९६
०२८ -२९	६८,०००	२६०
२०२९-३०	९५,०००	३६५
२०३०-३१	१,३०,०००	५००
२०३१-३२	१,८०,०००	७०१

माथिको तालिकाबमोजिम प्रत्येक वर्ष पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुने प्रतिशतको अनुपातमा पर्यटन अन्तर्गत हुने परिवर्त्य मुद्राको आर्जनमा पनि लगभग ४० प्रतिशतको बृद्धि कायम रहेमा चौथो योजनाको अवधिभित्र तालिकामा उल्लेख भएबमोजिम परिवर्त्य मुद्रा आर्जन हुने अनुमान गर्न सकिन्छ । पर्यटकहरूको सङ्ख्यामा धेरै बृद्धि हुने नभएमा मुद्राको आर्जनमा बृद्धि हुन सक्दैन पनि भन्न सकिदैन । नेपालमा पर्यटकहरूको भ्रमणकाललाई लम्ब्याउन सकेमा पर्यटकहरूको सङ्ख्यामा ठूलो बृद्धि नभए तापनि आर्जनमा बृद्धि हुन सक्दछ । पर्यटन विकास योजनाअनुसार पर्यटकहरूलाई आकर्षण गर्ने विभिन्न स्थानहरूको विकास गर्न सकेमा ती सबै स्थानहरूको भ्रमण गर्न पहिलेकोभन्दा बढी समय लाग्न गई पर्यटकहक्के बसाई लंबिने र बसाइँ लम्बिएमा खर्च बढी हुन गई आर्जन बढी हुने स्पष्टै छ । हालको पर्यटन विकास योजनामा पोखरा, लुम्बिनी, नाम्चेबजारको होटेलले भविष्यमा आउने पर्यटकहरूको नेपाल भ्रमण लम्बिदै जाने हुँदा हरेक पर्यटकले ५ दिनसम्म नेपालमा बसेमा हालको ३ दिनको बसाइँ भन्दा लामो हुन गई परिवर्त्य मुद्राको आर्जनमा पनि बृद्धि हुन सक्नेछ । त्यसको साथै परिवर्त्य मुद्राको कालो बजारलाई सक्रिय तुल्याउनमा पर्यटकहरूको पनि हात रहेको हुँदा कालो बजारलाई नियन्त्रण गर्नेतर्फ बढी प्रयास भएमा माथि अनुमान गरेको भन्दा पनि बढी आर्जन हुन सक्ने छ । पर्यटकहरूको सङ्ख्याको साथै उनीहरूको नेपालको भ्रमणको दिनहरूमा पनि बृद्धि भएमा चौथो योजनाको अन्तिम वर्षमा रु. ८-९ करोडको परिवर्त्य मुद्रा आर्जन हुने अनुमान गर्न मिल्ने देखिन्छ ।

नेपालमा आउने पर्यटकहरूमध्ये हालसम्मको अनुभवबाट ८० प्रतिशत भन्दा बढी हवाई मार्गबाट आउने भएकोले चौथो योजनाकालमा पर्यटन विकासको निम्ति हुने महत्वपूर्ण कार्यक्रमहरूमध्ये हवाई विकास कार्यक्रम पनि प्रमुख हुनेछ । यसै अवधिको प्रथम वर्षदेखिनै भारतभएर जम्बोजेट उडान गर्ने भएकाले त्यसबाट बढी मात्रामा

आउने पर्यटकहरू बढी से बढी सङ्ख्यालाई नेपालमा आउने सुविधा प्रदान गर्न हालको सेवामा विशेष सुधार गर्नु पर्ने भएको छ । यसको लागि चौथो योजनाको सुरूका वर्षहरूमा नै काठमाडौं विमानघाटको अरु विस्तार गरी दश हजार फीटको धावनमार्गको निर्माण हुनेछ र यसरी हालको भन्दा ठूलो हवाईजहाज आएपछि आवश्यक पर्ने अन्य आधुनिक सुविधाहरूको पनि व्यवस्था हुनेछ । काठमाडौंको मौसम बराबर खराब हुने भएकाले काठमाडौं नजिकको सिमरा विमान घाटलाई ७५०० फीट लामो धावनमार्गको र आधुनिक सुविधा प्राप्त बनाउने भएकोले पनि बढी पर्यटकहलाई नेपालमा ल्याउन सकिने छ । साथै पोखरा, भैरहवामा समेत बढी सुविधाका विमान स्थलहरू निर्माण हुने भएकाले खास गरेर पोखरा उपत्यका र भैरहवा नजिकको लुम्बिनीको कारणले पर्यटकहरूलाई बढी समयसम्म नेपालमा राख्न सकिनेछ ।

योजना अवधिमा नेपालमा आउने थप पर्यटकहरूको लागि विभिन्न स्तरका होटेलहरूको सुविधामा पनि बृद्धि गर्नु पर्दछ । साथै अधिराज्यका विभिन्न स्थानहरूमा बढी सुविधाका विमान स्थलहरू निर्माण गर्ने कार्यक्रम र नेपालमा बढी समयसम्म पर्यटकहरूलाई राख्ने अभिप्रायअनुरूप काठमाडौं उपत्यकामा भन्दा बाहिर पनि आधुनिक होटेलहरूको आवश्यकता पर्दछ । तसर्थ योजनाकालमा ऋण तथा अन्य सुविधाहरू उपलब्ध गराई काठमाडौं उपत्यकामा विभिन्न स्तरका होटेलहरू खोली चार र पाँच ताराका करिब ६०० बेडका, तीन ताराका १२०० बेडका र दुई ताराका करिब ८०० बेडका गरी जम्मा २६०० होटेल बेडहरूको थप स्थापना गरिनेछ । उपत्यका बाहिर पनि विभिन्न स्थानमा बिभिन्न स्तरका गरी जम्मा ४६० होटेल बेडहरूको थप व्यवस्था गरिने छ । यसरी अधिराज्यको विभिन्न स्थानहरूमा यातायात र होटेलको थप व्यवस्थाको कारण भारतीय पर्यटकहरूको सङ्ख्यामा पनि बृद्धि हुनेछ । साथै योजना अवधिमा भैरहवा-लुम्बिनी बाटोको निर्माण सम्पन्न भई लुम्बिनी क्षेत्रको विकास पनि सम्पन्न गरिनेछ ।

पर्यटन विभागअन्तर्गत आगामी पाँच वर्षहरूमा सञ्चालन गरिने कार्यक्रमहरू निम्नबमोजिम हुनेछन् ।

(१) **पर्यटन विकासको गुरुयोजनाः-** नेपालमा पर्यटन विकासको लागि एउटा दीर्घकालिन गुरुयोजना तयार गरी यसैअनुरूप क्रमबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन गर्दै जाने हेतुले अधिराज्यको पर्यटन विकास संभाव्यताको विस्तृत अध्ययन गरी एउटा गुरुयोजना तया गर्ने कार्य हालै सुरू गरिएको छ । यसअन्तर्गत पर्यटक रुचिका स्थानहरू र प्रत्येकमा गर्नु पर्ने सुधार र सुविधाको व्यवस्थाको यकीन गर्ने, पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न आवश्यक प्रभावकारी प्रचार, यातायात, होटेल व्यवस्था आदि पर्यटन विकाससम्बन्धी विभिन्न कार्यहरू समावेश गरिने छन् । भविष्यका विकास क्रमहरूलाई बढी प्रभावकारी बनउने उद्देश्यले तयार गरिने यस गुरुयोजनाको तर्जुमा गर्ने काममा विदेशी अनुभवी विशेषज्ञहरूलाई संलग्न गरिनेछ ।

पर्यटन उद्योगको व्यवस्थित तथा प्रभावकारी आधारमा विकास गर्न उपर्युक्त बमोजिमको गुरुयोजना सम्बन्धी प्रतिवेदन योजनाको प्रथम वर्षको मध्यतिर मात्र प्राप्त हुन थाल्ने छ । यसरी प्राप्त भएको प्रतिवेदनको आधारमा कतिपय नयाँ आयोजनाहरू योजनामा समावेश गरिनेछन् । तिनै कार्यक्रमहरू योजनाकालमा कार्यान्वित गरिनु पर्ने स्वतः सिद्ध छ । उक्त कार्यहरूमध्ये के कति सरकारी क्षेत्रमा गर्ने र त्यसलाई कति रकम लाग्नेछ भन्न हालको स्थितिमा सम्भव नभएकोले उपर्युक्त गुरूयोजना तयार भएपछि पर्यटन विकासको लागि थप रकमको व्यवस्था गरिने छ ।

(२) **प्रचार तथा विज्ञापनः-** नेपालमा पर्यटकहरूको सङ्ख्या प्रतिवर्ष बृद्धि गर्दै लैजाने नीतिअनुसार नेपालको पर्यटनसम्बन्धी अन्तर्राष्ट्रिय प्रचारमा विशेष बृद्धि गराउने कार्यक्रम राखिएको छ । प्रचारका विभिन्न साधनहरू जस्तै पुस्तक, विज्ञान, चलचित्र, पोष्टर, भ्रमण, अन्तर्राष्ट्रिय सेमिनार तथा सम्मेलन आदिको माध्यमद्वारा नेपालको पुरातात्विक, धार्मिक तथा सांस्कृतिक साथै दर्शनीय स्थानहरू बारे प्रसार गराईनेछ । यस काममा केही मद्दत गर्ने एउटा फोटो ल्याबसमेतको स्थापना गरिनेछ । पुस्तक, पोष्टर तस्विर, चलचित्र आदि पनि बढी आकर्षक तथा नयाँ नयाँ किसिमको बनाउनु पर्ने र ट्रेकिङ्ग रूट पत्ता लगाउनु पर्ने भएकोले प्रत्येक वर्ष विभागकै कर्मचारीद्वारा देशको विभिन्न स्थानको सर्वेक्षण गरी आवश्यक जानकारी राख्ने, फोटो संकलन गर्ने र त्यसको अनुसन्धान गरी प्रचारमा ल्याइनेछ ।

(३) **सूचना केन्द्रको स्थापनाः-** देशभित्र आएका पर्यटकहरूलाई आवश्यक पर्ने सूचना दिन विभागअन्तर्गत रहेका सूचनाकेन्द्रहरूको बिस्तार गर्ने र विभिन्न भाषा बोल्ने रिसेप्सनिष्टहरू राखि सेवा उपलब्ध गराइनेछ । यसको साथै बीरगञ्ज र पोखरामा समेत सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।

(४) <u>काठमाडौं उपत्यका बाहिर पर्यटन केन्द्रको विकासः</u>- नेपाल आउने पर्यटकहरूको लागि खास गरेर काठमाडौं उपत्यकामा र केही मात्रामा पोखरामा मात्र पर्यटन केन्द्रको विकास भएकोमा तेस्रो योजना अवधिमा चितौन, मेघौलीमा निजी क्षेत्रद्वारा वन जन्तु र जङ्गलसम्बन्धी दृश्यावलोकन, यातायात होटेलको व्यवस्था भएको छ । चौथो योजनाकालमा सरकारी सुविधाहरू दिई निजी क्षेत्रमा यातायात, मनोरञ्जन, होटेल आदिले सुसज्जित एउटा केन्द्र सोलुखुम्बुको खुम्जुङ्ग गाउँमा र यस्तै अन्य दुई स्थानहरूमा समेत विकास गरिनेछ ।

(५) **तालिमः-** यस अवधिमा १५० जनालाई पथ प्रदर्शक तालिम दिनुको साथै प्रारम्भिक र माध्यमिक तहका होटेल तथा रेष्टुराँ व्यवस्थासम्बन्धी तालिम पनि प्रदान गरिनेछ ।

(६) **मनोरञ्जनः-** पर्यटकहरूलाई साँझको समय बिताउन मनोरञ्जनको व्यवस्था गर्नु आवश्यक छ । यसको लागि नेपाली कला एवं संस्कृतिमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न संस्कृति विभागसमेतको प्रयासमा कार्य गरिनेछ । साथै काठमाडौंमा "कष्टयूम अफ् नेपाल" नामक एउटा स्थायी प्रदर्शनीको समेत व्यवस्था गरिनेछ ।

अनुमानित लगानीको रकम

(**रु.हजारमा**)

सि.न..	आयोजना	रकम
१.	पर्यटन विकासको गुरूयोजना र विकास	९००
२.	प्रचार तथा विज्ञापन	३७,७६
३.	सूचना केन्द्रको विस्तार	११४
४.	काठमाडौं उपत्यका बाहिर पर्यटन केन्द्रको विकास	---
५.	तालिम	१,००
६.	मनोरञ्जन	११०
	जम्मा :	५०,००

परिच्छेद १९

भौगार्भिक सर्वेक्षण र खानी

देशको औद्योगीक विकासको लागि आवश्यक हुने कच्चा पदार्थहरू मुख्यत: तीन स्रोत (कृषि, वन तथा खनिज) मा आधारित छन् । उक्त तीन प्राकृतिक साधनहरूमध्ये खनिज साधनको विकासको निम्ति लगानी, समय, प्राविधिक ज्ञान र अनुभव बढी मात्रामा आवश्यक पर्दछ र खनिज साधनको माध्यमद्वारा ठूलो परिमाणमा आर्थिक उपार्जन गरी देशको आर्थिक विकासमा ठोस योगदान गर्न सकेको कुरा कतिपय देशहरूको उदाहरणबाट थाहा हुन्छ । नेपालमा खनिज साधनको समुचित विकास हुन नसक्नुको कारण अहिलेसम्म ज्यादै थोरै मात्रामा मात्र लगानी हुन सकेको, भएको लगानी पनि सुनियोजित र निर्णयात्मक परिणाम प्राप्त गर्ने किसिमसँग नगरिएको, दक्ष प्राविधिक जनशक्तिको अभाव र खनिज अन्वेषण कार्यमा आधुनिक उपकरणको प्रयोग नहुनु पनि हो । देशको खनिज साधनको उचित विकास हुन सकेमा स्वदेशमा औद्योगीकरणको लागि उपयोग गर्न विदेशमा कच्चा पदार्थको रूपमा निर्यात गरी विदेशी मुद्राको उपार्जन गर्न सकिने छ ।

हालसम्मको प्रगति

नेपालको खनिज धन पत्ता लगाउने प्रयास राणाकालदेखि सुरू गरिई प्रथम पञ्चवर्षीय योजनादेखि नै योजनावद्ध प्रयास सुरू भए तापनि अहिलेसम्म यस क्षेत्रमा कुनै उल्लेखनीय प्रगति भएको छैन ।

पहिलो योजनामा खानीसम्बन्धी कामको लागि ५० लाख रुपियाँ छुट्याइएको थियो र अमेरिकी र भारतीय सहायता पनि उपलब्ध भएको थियो । केही खनिज मौज्दातहरूको पत्ता लगाई सकेको र त्यसको फैलावट तथा किसिमको नाप जाँच पनि भैसकेकोले यी खानीहरूको काम चाँडै नै सुरू हुनेछ भनी संभाव्य खानीहरू- चून ढुङ्गा, फूलचोकी डाँडाको फलाम, काठमाडौंको उत्तरमा पाइएको अभ्रखको उल्लेख गरिएको थियो । यसका अतिरिक्त परिमाण र गुणको अध्ययनबाट कुनै खानीको काम सुरू गर्नुभन्दा अघि त्यसलाई चाहिने सबै व्यवस्था गरिने कुरा पनि उल्लेख गरिएको थियो ।

पहिलो योजना अवधिमा १९ लाख रुपियाँ खर्च भयो । यसको उपलब्धिमा देशका विभिन्न स्थानमा केही "विकास योग्य खनिज" प्राप्त भएको कुरा उल्लेख गरिएको थियो जसमा फूलचोकी, लाब्दी, ठोसेको फलाम, बाप्सा, अर्खौलेको तामा, रिडी नदीको किनारको सुन, बन्दीपुरको स्लेटका अतिरिक्त अरु ठाउँमा पत्ता लागेको जस्ता, कोवाल्ट, ग्राफाइट, जिप्सम, नून, वेरिल, पेट्रोलियम आदि पनि थिए । लैनचौरमा खानी विभागको भवनको निर्माण कार्य पनि समाप्त प्राय: भएको थियो । प्रथम योजनाको लक्ष्यमा उल्लेख भएअनुसार पत्ता लगाई सकेको खानीको काम चाँडै सुरू हुने र नयाँ खानीको काम सुरू गर्नुभन्दा अघि आवश्यक वस्तुको व्यवस्था मिलाइने काममा विशेष प्रगति हुन सकेन ।

दोस्रो (त्रि-वर्षीय) योजनामा खनिज साधनको विकासको निम्ति छुट्टै शीर्षक नराखी वनस्पति, माटो, जलशक्ति आदि विभिन्न प्राकृतिक साधनको सर्वेक्षणसँग गाभेर राखिएको थियो । दोस्रो योजनाको लक्ष्य भने पहिलो योजनाको जति महत्वकाँक्षी थिएन । योजनामा विभिन्न खानीहरूको विस्तृत सर्वेक्षण गर्ने, केही खानीहरूको "पूर्व लगानी" सर्वेक्षण गर्ने र खनिज प्रयोगशालाको स्थापना गर्ने लक्ष्य राखिएको थियो । "विस्तृत सर्वेक्षण" अन्तर्गत कुलेखानीको तामा, नांव्रे भोर्ले, समर भमर, नेता डारलिं र तमघासको तामा, अर्खौले कोवाल्ट, निकल, काठमाडौं उपत्यकाको ग्याँस, लिग्नाइट र जलस्रोत, गोदावरीको मार्वल, कालीगण्डकी बेंसीको प्लासर सुन इत्यादि तथा पूर्व लगानी सर्वेक्षणअन्तर्गत फूलचोकी, लाब्दी र ठोसेको फलाम, वाग्लुङ्गको तामा र पूर्व १ पश्चिम १ नं को अभ्रख राखिएका थिए ।

दोस्रो योजनामा खानीसम्बन्धी कामको लागि १३ लाख रुपियाँ खर्च गरिएको थियो यसको उपलब्धिमा लैनचौरमा खानी विभागको भवन र खनिज प्रयोगशालाको निर्माण सम्पन्न भएको, दैलेख, सुर्खेतमा तेलको खोजीको काम जारी रहेको, १,००० वर्गमील क्षेत्रको भौगर्भिक सर्वेक्षण भएको, पूर्व १ र २ नं. को अभ्रख खानीको प्रारम्भिक सर्वेक्षण पूरा भएको र विभिन्न स्थानमा नयाँ खानी भेटिएको कुरा उल्लेखनीय थियो ।

तेस्रो योजनामा खानीसम्बन्धी कामको लागि २ करोड रुपियाँ छुट्याइएको थियो र योजना अवधिमा भौगर्भिक सर्वेक्षण कार्यलाई प्राथमिकता दिने र औद्योगीक विकासको निमित्त आधारभूत खनिज पदार्थको खोजीमा उपर्युक्त सर्वेक्षण गरिने भएको थियो । यस योजनाको लक्ष्यमध्ये फलाम उद्योगको सम्भाव्यता बारे फूल्चोकी फलाम खानीको पूर्व लगानी सर्वेक्षण, वन्दीपुर, इलाम र पूर्व ३ नं. को तामा खानीकनो विस्तृत सर्वेक्षण र सवभन्दा लाभ दायक तामा खानीको व्यावसायिक स्तरमा उपयोग गर्न प्रारम्भिक कार्य, सुनका लागि गण्डकी र राप्तीको किनारामा खोज, पूर्व १ नं. र पश्चिम १ नं. को अभ्रखको खानीको व्यवसायिक रूपले उत्पादन सुरू गर्न विस्तृत सर्वेक्षण, प्यूठान, चिसापानीमा तेल र ग्याँसको सम्भावना बारे सर्वेक्षण तथा खनिज पदार्थमा आधारित उद्योगको सम्भाव्यताको अध्ययन पनि समावेश गरिएको थियो ।

तेस्रो योजनाको दोस्रो वर्षसम्म भौगर्भिक सर्वेक्षण तथा खनिज सम्बन्धी सबै काम खानी विभागबाटै भै आएकोमा भौगर्भिक सर्वेक्षण विभाग छुट्टै खडा गरिएकाले यी कामहरू दुई विभागले गर्ने ढुङ्गा, कम्पुघाट र खरी ढुङ्गाको म्याग्नासाइट, वेरिङ्ग खोलाको पाइराइट तथा हेटौंडा कर्रा खोलाको वालुवाको विस्तृत अन्वेषण गर्ने काम भयो । साथै मर्स्याङ्दी र सेती नदीको ब्लासर सुन, लमजुङको नून पानी, लामटाङको अभ्रख पेग्मटाइट र संखुवासभाको अर्धकिमती ढुङ्गा भएको पेग्मटाईटको पनि जाँच भयो । त्यस्तै खरीढुङ्गाको म्याग्नासाईटवाट डेड वर्न्ट म्याग्नासाईट र फ्यूज्ड म्याग्नेसियम फस्फेट फर्टिलाईजर, कर्राखोलाको बालुवाबाट काँच र वेरिंग खोलाको पाइराइटबाट गन्धक वा गन्धक तेजाव उत्पादनबरे प्रारम्भिक सम्भाव्यता अध्ययन गरियो । देशको प्रस्तावित प्रथम सिमेन्ट उद्योग चोभारको चुनढुङ्गा खानीमा आधारित हुने भएको फलस्वरूप भैंसे चुनढुङ्गा खानीमा थप विस्तृत अन्वेषण स्थगित गरियो । त्यस्तै कम्पुघाटको म्याग्नासाईट अशुद्ध ग्रेडको पाइएकोले स्थगित गरी राम्रो सम्भाव्यता देखिएको खरीढुङ्गाको म्याग्नेसाईटको विस्तृत अन्वेषण जारी राखिएको छ । यो चौथो योजनाको पहिलो वर्षसम्ममा समाप्त हुनेछ । गणेश हिमालको जस्ता-शिशा खानीको विस्तृत अन्वेषण नेपाल खानी ऐनअन्तर्गत विदेशी प्राईभेट कम्पनीद्वारा हुँदा गरेअनुसार तेस्रो योजनाको अन्त्यसम्ममा ८ प्रतिशत धातु भएको २ लाख ५० हजार टन प्रमाणित धाउ र १५ लाख टन अर्ध प्रमाणित धाउको अनुमान भयो ।

तेस्रो योजनामा भौगर्भिक सर्वेक्षण विभागअन्तर्गत महाकाली, सेती, गण्डकी, लुम्बिनी आदि विभिन्न अञ्चलमा ८,५०० वर्गमिलमा रिजनल म्यापिंग र ३,००० वर्ग मिलमा रिकनेसन्स म्यापिंग, इलामको सिद्धिखानीको तामा, सोलुखुम्बुको वाप्साको तामा खानीको सर्वेक्षण विभिन्न स्थानमा फस्फेटको खोजी, काठमाडौंको उत्तरी क्षेत्रको पेग्माटाइटको प्रारम्भिक सर्वेक्षण आदि काम भयो ।

विगत तीन योजना अवधिमा विभिन्न भौगोलिक क्षेत्रमा पत्ता लगाई सकेको खानीहरूको सुनियोजित तथा निर्णयात्मक तवरले विस्तृत अन्वेषण नभई एकैपल्ट धेरै क्षेत्रमा नयाँ नयाँ खानी खोज गर्नेतिर ध्यान दिइयो र फलस्वरूप धेरैजसो खानीबारे ठोस निष्कर्ष प्राप्त हुन सकेन । अनुभवी तथा प्रशिक्षित जनशक्तिको कमी हुनु, लक्ष्य अनुसार कार्यक्रमको तर्जुमा नहुनु, प्रयोगशाला सुसज्जित नहुनु तथा अन्य विभिन्न कारणहरूले गर्दा नै धेरैजसो खानीबारे निर्णयात्मक अवन्वेषण तथा मूल्यांकन हुन नसकेको भन्न सकिन्छ । त्यस्तै भौगर्भिक सर्वेक्षण पनि योजनावद्ध रूपमा नभई अधिराज्यभर यत्रतत्र छरिई कही दोहोरोपन कहीँ कुनै कार्य नभईकन रहन गए ।

चौथो योजना

भौगर्भिक सर्वेक्षणसम्बन्धी कार्यको उद्देश्य देशको भौगर्भिक नक्शा तयार गर्ने, क्रमवद्ध रुपबाट देशको खनिज सम्पत्तिको खोज र अनुसन्धान गर्ने तथा भौगर्भिक तथ्यको संकलन गरी प्रकाश गर्ने हुनेछ । चौथो योजनामा यसलाई कार्यान्वित गर्ने नीतिअनुसार भौगर्भिक सर्वेक्षणसम्बन्धी काम गरिने ठाउँको क्षेत्र निर्धारण गर्दा पहिलेका विभिन्न अध्ययनहरूबाट खनिज विकासको बढी सम्भाव्यता भएका क्षेत्रलाई प्राथमिकता दिने, यो काम देशको तोकिएको क्षेत्रमा मात्र गरिने र प्राथमिकता दिइएको क्षेत्रमध्ये केही स्थानमा सघन रुपमा गरिनेछ । खानी विकाससम्बन्धी कार्यको उद्देश्य नेपालका विभिन्न खनिज पदार्थको विस्तृत अन्वेषण गरी गुण परिमाणबारे आवश्यक छानविन र विश्लेषण गर्ने, खनिज र खनिजमा आधारित उद्योगको सम्भाव्यता अध्ययन गर्ने ती उद्योगहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने र त्यस्ता उद्योगको विकास गरी राष्ट्रिय आयमा बृद्धि ल्याउने हुनेछ । यस उद्देश्यलाई कार्यान्वित गर्न चौथो योजनामा भौगर्भिक सर्वेक्षणबाट उपयुक्त देखिएका स्थानमा प्रारम्भिक अन्वेषण जारी राख्नुका साथै हालसम्म प्रारम्भिक रुपमा आशाजनक सम्भावना देखिएका खनिजहरूको उपयोग गर्न बढी सम्भाव्य देखिएका खनिजहरूको निर्णयात्मक प्रतिवेदन तयार गर्ने किसिमका अध्ययन गर्ने काममा विशेष जोड दिइनेछ र केही खानीहरूको औद्योगीक उपयोगको लागि सम्भाव्यता अध्ययनसमेत गरिनेछ ।

असङ्गठित रुपमा थोरै साधनले धेरै क्षेत्रमा सर्वेक्षण र अध्ययन गर्दा केही ठोस उपलब्धि नहुने भएको हुनाले चौथो योजनामा भौगर्भिक सर्वेक्षण तथा खानी विकासको कामलाई विशेष जोड दिई हालसम्मको योजनाहरूमा भन्दा निकै बढी आकांक्षाको र ठोस कार्यक्रमसहितको आयोजनाहरू सञ्चालन गर्ने लक्ष्य राखिएको छ । योजनामा राखिएका विभिन्न खानीहरूको अध्ययनसम्बन्धी आयोजनाहरू सम्भाव्य छन् वा छैनन् भन्ने कुरा निश्चित् रुपले ज्ञान राख्ने प्रयास गरिनेछ र असम्भाव्य आयोजनाहरूलाई लगातार विभिन्न योजनाहरूमा समावेश गर्ने परम्परा हटाउन पनि प्रयास गरिनेछ । आयोजनाहरूको कार्यान्वयनमा आवश्यक पर्ने विदेशी प्राविधिक सहायताको पनि खोज गरिनेछ । साथै भौगर्भिक सर्वेक्षण, खानी खोज तथा खानी अन्वेषणको काममा आधुनिकता ल्याउन प्रयोगशालाको विस्तार तथा आधुनिक उपकरणको आयातसमेत गरिनेछ । चौथो योजनाकालमा खनिज साधनको विकासको निमित्त लगाइने बढी लगानी र प्रयासको फलरुवरुप केही ठोस परिणाम निक्लेला र देशको औद्योगीकरण र विकासमा सहायक होला भन्ने आशा गर्न सकिन्छ ।

खनिज साधनको विकास गर्ने कार्य बढी प्रभावकारी होस् भन्ने हेतुले हाल दुइ विभागमा बाँडिएर रहेका भौगर्भिक सर्वेक्षण विभाग र खानी विभागका कार्यक्रमहरू र कार्य सञ्चालनमा बढी से बढी समन्वय ल्याउन पनि अत्यावश्यक भएको छ । युग्म भौगर्भिक-खनिज अन्वेषणअन्तर्गत एरोम्याग्नेटिक सर्वेक्षण, विस्तृत भौगर्भिक -खनिज अन्वेषणका कार्यहरू अनुभवी विदेशी विशेषज्ञहरूसमेतलाई पूर्णतः संलग्न गराई एउटा छुट्टै अस्थायी आयोजना कार्यालयमार्फत गराउने व्यवस्था हुनेछ । यो कार्यको प्राथमिक जिम्मेवारी हालको भौगर्भिक सर्वेक्षण विभागअन्तर्गत भए तापनि यसमा खानी विभागकोसमेत सहयोग लिइनेछ ।

(क) भौगर्भिक सर्वेक्षण

(१) पश्चिमी तराई (कोइलावास-नेपालगञ्ज) पेट्रोलियम खोजी

पश्चिमी नेपालको कोइलावास र नेपालगञ्जबीचको क्षेत्रमा पेट्रोलियमको खोजीको सन्दर्भमा भू-भौतिक अध्ययन (ग्राविटी म्याग्नेटिक र साइज्मिक सर्वे) को साथसाथै एक्सप्लोरेटरी ड्रिलिंग (Exploratory Drilling) पनि गरिनेछ । नेपालमा पेट्रोलियम पाउन सबभन्दा बढी सम्भावना भएको क्षेत्र पश्चिमी तराईको कोइलावास र धनगढीको बीचको क्षेत्र मानिएको छ । संयुक्त राष्ट्रसंघका तर्फबाट आएका विशेषज्ञहरूबाट पनि नेपालमा खास गरी यो क्षेत्रमा पेट्रोलियम पाइने राम्रो सम्भावना भएको प्रतिवेदन प्राप्त भएको छ । पश्चिमी तराईको खास गरेर कोइलावास नेपालगञ्जको बीचको क्षेत्रको पेट्रोलियम पाइने बढी सम्भावना देखिएकोले चौथो योजनामा यस क्षेत्रमा प्राथमिकता दिई कार्य गरिनेछ । पेट्रोलियमको पत्ता लाग्न सकेमा देशको आवश्यकता पूर्ति गरेर अन्य देशमा निर्यातसमेत गर्न सकिने हुनाले यसले राष्ट्रिय अर्थ व्यवस्थामा ठूलो असर पार्न सक्नेछ । यस कार्यका लागि योजना अवधिमा रु. २ करोड ४० लाख लाग्ने अनुमान गरिएको छ ।

(२) पश्चिमी तराई पेट्रोलियम खोजी, (नेपालगञ्ज-धनगढी) को प्रारम्भिक व्यवस्था

पश्चिमी तराईको नेपालगञ्जदेखि धनगढीसम्मको क्षेत्रको कोइलावासदेखि नेपालगञ्जसम्मको क्षेत्र जति नै पेट्रोलियम पाइने सम्भावना नदेखिए तापनि अन्वेषण योग्य क्षेत्र हो भन्ने विशेषज्ञहरूको राय छ । यस आयोजनाअन्तर्गत चौथो योजनाको उत्तरार्द्धमा कोइलावास-नेपालगञ्ज पेट्रोलियम खोजी र त्यसमा भएको प्रगतिको सन्दर्भमा प्रारम्भिक कार्यहरू गरिनेछन् ।

(३) काठमाडौ उपत्यका ग्याँस खोजी

काठमाडौं उपत्यकामा ग्याँसको भण्डार पाइएमा इन्धनको समस्या पनि केही मात्रामा समाधान हुन सक्नेछ । अहिले पनि केही स्थानमा सीमित मात्रामा ग्याँसको उपयोग इन्धनको रुपमा गरिँदैछ । यस आयोजनाको लागि उपलब्ध गर्नुपर्ने उपकरणहरू पछि अरु आयोजनामा पनि प्रयोग गर्न सकिनेछ । काठमाडौ उपत्यकामा ग्याँसको खोजीको सिलसिलामा भौगर्भिक र भू-राजनैतिक सर्वेक्षण गरी ग्याँस प्राप्तिको लागि ड्रिलिङ्ग पनि गरिनेछ ।

(४) फस्फेटको खोजी

यस आयोजनाअन्तर्गत लुम्बिनी, सेती र महाकाली अञ्चलमा फस्फेट चट्टानको खोजी गरिनेछ । नेपालमा फस्फेटको चट्टान पाइएमा मलखाद (फर्टिलाईजर) बनाउन उपयोगी हुने हुनाले तत्सम्बन्धी कारखाना खोल्न पनि सम्भाव्य भै कृषि विकासमा सहायक हुनेछ ।

(५) रिजनल म्यापिङ्ग

यस आयोजनाअन्तर्गत राप्ती, भेरी, कर्णाली, धौलागिरी अञ्चलको विभिन्न स्थानमा विस्तृत भौगर्भिक सर्वेक्षण (जमिनबाट नै) गरी नक्सा तयार गर्ने काम हुनेछ । यो विस्तृत भौगर्भिक नक्सा तयार गर्ने आयोजना देशको खनिज साधनको विकासको लागि आधारभूत छ ।

(६) रिकन्सेन्स म्यापिङ्ग

यस आयोजनाअन्तर्गत सगरमाथा, कोशी, मेची, महाकाली, सेती, कर्णाली अञ्चलको विभिन्न क्षेत्रहरूको सर्वेक्षण गरी मोटामोटी भौगर्भिक नक्सा बनाउने काम हुनेछ । विस्तृत नक्सा बनाउनको लागि यो आधारभूत सर्वेक्षण हो ।

(७) अन्य विस्तृत भौगर्भिक अध्ययन

भौगर्भिक सर्वेक्षण कार्यक्रमबाट उत्साहवर्द्धक नतिजा आएका क्षेत्रमा (जस्तै धरानमा देखिएको फस्फेट) यथाशक्य छिटो उपयोग हुन सकोस् भनेर विस्तृत अध्ययन गरिँदै जानेछ ।

(८) अनुसन्धान तथा प्रतिवेदन

यस आयोजनाअन्तर्गत प्रयोगशालामा उपयोग गरिने विभिन्न उपकरणहरू उपलब्ध गरिनेछन् । भौगर्भिक सर्वेक्षण कार्यको सन्दर्भमा क्षेत्र (फिल्ड) मा संङ्कलित नमुना र तथ्याङ्कको उपयोगिता बढाउन प्रयोगशालामा विभिन्न उपकरणहरूबाट गहन अध्ययन गर्नु आवश्यक हुन्छ । आधुनिक उपकरणहरूले सुसज्जित प्रयोगशाला कुनै पनि भौगर्भिक सर्वेक्षणको सफल कार्यान्वयनको लागि अत्यावश्यक भएकाले सो आयोजना महत्वपूर्ण छ ।

(ख) एकीकृत (Integrated) भौगर्भिक खनिज अन्वेषण

१. नेपालको एरोम्याग्नेटिक सर्वेक्षण

यस आयोजनाअन्तर्गत नेपालको विभिन्न भू-भागको करिव १,२८,००० वर्ग किलोमिटर (५०,००० वर्गमिल) क्षेत्रको एरोम्याग्नेटिक सर्वेक्षण ठेक्काबाट गरिनेछ । भूगर्भमा खजिनहरू भए नभएको पत्ता लगाउने कुरा सतहबाट भौगर्भिक सर्वेक्षणबाट मात्र गर्दा समय धेरै लाग्ने र व्यावहारिक एवं क्रमबद्धता नहुने हुन्छ । वायुयानबाट एरोम्याग्नेटिक सर्वेक्षण गरी नक्सा तयार गर्दा छोटो समयमा भूगर्भमा फलाम, शीशा, तामाजस्ता खानीहरू जम्मा भएको स्थानमा अमिल्दो (Anomaly) देखिई त्यसको आधारमा पछि सतहबाटै विभिन्न प्रविधिहरू अपनाई विस्तृत खानी खोज एवं अन्वेषण गर्ने स्थान प्राथिमकता क्रम तोकेर गर्न सजिलो हुनेछ । सतहबाट गरिने यस्ता विस्तृत खानी खोज एवं अन्वेषण कार्यहरू पूर्वी तथा पश्चिमी नेपालको चुनिएका क्षेत्रहरूमा चरण चरणमा गरिनेछन् । उपर्युक्त प्रकारको एरोम्याग्नेटिक सर्वेक्षण भैसकेपछि खानीहरूको राम्रो सम्भावना देखिएका क्षेत्रहरूमा विदेशी माइनिङ्ग कम्पनीहरूले पनि विस्तृत खानी खोज एवं अन्वेषण गर्न आउन चाख देखाउने आशा गर्न सकिन्छ ।

(२) पश्चिम नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषण

यस आयोजनाअन्तर्गत पश्चिम नेपालको गण्डकी, धौलागिरी र लुम्बिनी अञ्चलका २५,००० वर्ग किलोमिटर क्षेत्रमा एकीकृत भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक प्रविधिहरू अपनाई खानी खोज गर्ने र पत्ता लागेका सम्भावित खानी क्षेत्रहरूमा विस्तृत अन्वेषण गरिनेछ । यस आयोजनाको प्रस्तावित क्षेत्रभित्र बाग्लुङ, ओखरबोट र आसपासको पुराना प्रख्यात तामा खानीहरू समेत परेकोले तिनीहरूको मुन्तिरका सम्भावित धाउहरू समेत पत्ता लगाउन सजिलो हुनेछ ।

(३) पूर्वी नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषणको प्रारम्भिक व्यवस्था

पश्चिम नेपालमा जस्तै यस आयोजनाअन्तर्गत पूर्वी नेपालको मेची, कोशी तथा सगरमाथा अञ्चलको २५,००० वर्ग किलोमिटर क्षेत्रमा एकीकृत भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक प्रविधिहरू अपनाई खानी खोज गर्ने र पत्ता लागेका सम्भावित खानी क्षेत्रहरूमा विस्तृत अन्वेषण गर्ने कार्यको प्ररम्भिक व्यवस्था मिलाइनेछ ।

(ग) विस्तृत खानी अन्वेषण तथा सम्भाव्यता अध्ययनसम्बन्धी आयोजनाहरू

१. **खरी ढुङ्गाको (सिन्धुपाल्चोक जिल्ला) म्याग्नासाइटको विस्तृत अन्वेषण**

यस क्षेत्रमा गरिएको विस्तृत खानी अन्वेषणको प्रथम चरणको कामबाट शुद्ध र अशुद्ध ग्रेडको गरी जम्मा १० करोड टनभन्दा बढी म्याग्नासाइट भएको अनुमान गरिएको थियो । त्यसैमध्य उच्च ग्रेडको एक करोड टन म्याग्नासाइट "प्रमाणित" गर्ने काम तेस्रो योजनामा नै प्रायः समाप्त भैसकेको छ र चौथो योजनाको पहिलो वर्षमा पूरा हुनेछ । उच्च ग्रेडको म्याग्नासाइटबाट निर्यातको लागि डेढ बर्न्ट म्याग्नासाइट र स्वदेशी प्रयोगको लागि एफएनपी मलखाद उत्पादनमा उपयोग गर्न सकिनेछ ।

(२) **भूतखोला (तनहुँ जिल्ला) र ग्याजी ?(गोरखा जिल्ला) तामाको विस्तृत अन्वेषण**

यस आयोजनाअन्तर्गत प्रथम चरणमा यी दुई स्थानका खानीहरूमा भौगर्भिक, भू- भौतिक तथा भू-रासायनिक पद्धतिको संयुक्त प्रयोग गरी विस्तृत अन्वेषण गरिनेछ र यी दुइ खानीहरूमध्ये उपर्युक्त अन्वेषणको प्रथम चरणको कामबाट बढी सम्भाव्य देखिएका खानीमा थप विस्तृत अन्वेषण गरी धाउको गुण र परिमाण अनुमान गरिनेछ ।

(३) **केमिकल ग्रेडको चुन ढुङ्गाको विस्तृत अन्वेषण (महाभारत श्रृङ्खला)**

यस आयोजनाअन्तर्गत महाभारत श्रृंखलाको विभिन्न स्थानहरूमा पाइएका चुन ढुङ्गाहरूमध्ये केमिकल ग्रेडको चुन ढुङ्गा पहिल्याई त्यसको गुण र परिमाण यकिन गर्ने काम हुनेछ । केमिकल ग्रेडको चुन ढुङ्गा काँच बनाउन, क्याल्सियम साइनामाइट (नाइट्रोजन मलखाद) बनाउन र चिनी मिलको लागि समेत आवश्यक हुन्छ ।

(४) **उत्तर नेपालको पेग्मटाइट अन्वेषण**

यस आयोजनाअन्तर्गत उत्तरी नेपालको विभिन्न स्थानका पेग्माटाइटहरूको विस्तृत अध्ययन गरिनेछ । यसभन्दा अघि गरिएको पेग्मटाइटको अध्ययन यत्रतत्र छरिएको र क्रमबद्ध रुपमा नहुनुको साथै अभ्रखको दृष्टिकोणबाट मात्र गरिएको थियो । प्रस्तावित आयोजनाले पेग्मटाइट सम्बन्धित विभिन्न धातु तथा अधातु खानीहरूको समेत सम्भावनाको विस्तृत अन्वेषण गर्नेछ । यस आयोजनाको लागि आवश्यक ज्ञान, जनशक्ति र अनुभवको दृष्टिकोणबाट यसमा अनुभवी विदेशी विज्ञेषज्ञहरूको समेत उपयोग गर्नु आवश्यक छ ।

(५) **वाप्सा खानी (सोलुखुम्बु जिल्ला) र सिद्धि खानी (इलाम जिल्ला) को तामाको विस्तृत अन्वेषण**

यस आयोजनाअन्तर्गत यी दुइ खानीहरूमा भौगर्भिक सर्वेक्षणबाट आजसम्म भएको अध्ययनको पुनरावलोकन गरी प्रथम चरणमा भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक पद्धतिको संयुक्त प्रयोग गरी विस्तृत

अन्वेषण गरिनेछ र यी दुई खानीमध्ये उपर्युक्त प्रथम चरणको कामबाट वढी सम्भाव्य देखिएको खानीमा थप विस्तृत अन्वेषण गरी धाउ वा धाउहरूको गुण र परिमाणको अनुमान गरिनेछ ।

(६) **भैसे दोभान (मकवानपुर जिल्ला) सिमेन्ट ग्रेड चुन ढुङ्गाको विस्तृत अन्वेषण**

यस खानीमा हालसम्म भएको विस्तृत अन्वेषणबाट "प्रमाणित र अर्ध प्रमाणित" गरी जम्मा ८९ लाख टन सिमेन्ट ग्रेड चुन ढुङ्गाको अनुमान गरिएको थियो । नेपालको पहिलो सिमेन्ट कारखाना (वार्षिक क्षमता-६०,००० टन) काठमाडौं उपत्यकाको चोभारमा स्थापना गर्ने निर्णय भएपछि यस खानीमा थप अन्वेषण गर्ने काम स्थगित गरियो । तर आर्थिक वर्ष २०३१/०३२ सम्ममा नेपालको सिमेन्ट आवश्यकता वार्षिक १,६०,००० टन पुग्ने अनुमान गरिएअनुसार त्यस बेलातिर एक अर्को सिमेन्ट कारखाना स्थापना गर्नुपर्ने आवश्यकता पर्नेछ । यही दोस्रो सिमेन्ट कारखानाको आवश्यकता पूर्ति गर्न यस आयोजनाअन्तर्गत भैंसे दोभानको चुनढुङ्गा खानीमा घटीमा १ करोड टन सिमेन्ट ग्रेड चुन ढुङ्गा "प्रमाणित" गर्न र सिमेन्ट बनाउन आवश्यक उपयुक्त माटोको समेत विस्तृत अन्वेषण गरिनेछ ।

(७) **फस्फेट ढुङ्गाको विस्तृत अन्वेषण**

भौगर्भिक सर्वेक्षण विभागबाट नेपालको विभिन्न स्थानमा गरिने फस्फेट ढुङ्गाको खोजीबाट पत्ता लाग्न आउने फस्फेट ढुङ्गा खानीको विस्तृत अन्वेषण गरी यस आयोजनाअन्तर्गत राशि तथा गुण प्रमाणित गरिनेछ । फस्फेट फर्टिलाइज उद्योग स्थापनाको लागि अत्यावश्यक भएको र आर्थिक गुण र राशिमा पाइएमा निकासी गरी विदेशी मुद्रासमेत आर्जन गर्न सकिने भएकाले यसको विस्तृत अन्वेषण हुनु आवश्यक छ ।

(८) **विविध खानी अन्वेषण**

यस आयोजनाअन्तर्गत पुराना थाहा पाइएका खानीहरू जस्तै बाग्लुङ,ओखरबोट रुकुमकोट जस्तो तामा खानीहरू र अरु पछि थाहा हुन आउने धातु तथा अधातु खानीहरूको प्रारम्भिक अन्वेषणबाट उत्साहजनक देखिएका खानीहरूमा दोस्रो चरणको विस्तृत अन्वेषण गरिनेछ ।

(९) **फिल्ड मेशिनरी उपरकण तथा सरसामानहरू**

यस आयोजनाअन्तर्गत विस्तृत खानी अन्वेषणको लागि आवश्यक पर्ने विभिन्न प्रकारका फिल्ड मेशिनरी, उपकरण तथा सरसामानहरू जस्तै हेभी तथा लाइट ड्रिलिङ्गमेशिन (एक्सीलरीहरू सहित) हाएण्ड ड्रिल, कम्प्रेसर, ट्रक, जीप, सर्वे तथा जियोफिजिकल इन्ट्रुमेन्टस्हरू, क्याम्पिङ्ग, सरसामान इत्यादि पर्दछन् । यी सरसामानहरूको अभावमा कुनै पनि प्रभावकारी विस्तृत खानी अन्वेषण हुन नसक्ने हुनाले यो आयोजना विस्तृत खानी अन्वेषणको एक अत्यन्त महत्वपूर्ण र अभिन्न अङ्ग हो ।

(१०) **प्रयोगशाला तथा अनुसन्धान**

यो एक प्रकारको सेवा आयोजना हो जसअन्तर्गत विभिन्न प्रयोगशालाहरू जस्तै रासायनिक प्रयोगशाला खनिज प्रयोगशाला, धाउ प्रशोधन प्रयोगशाला, भौतिक परीक्षण प्रयोगशाला, ड्राफ्टिङ, डुप्लिकेटिङ्ग र फोटो प्रयोगशाला, मर्मतशाला, खनिज सङ्ग्रहालय, पुस्तकालय इत्यादिको स्थापना, सुदृढीकरण तथा विस्तार पर्दछन् । सुसज्जित एवं समुचित प्रयोगशाला र अनुसन्धानको अभावमा कुनै पनि खानी विकास कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न नसकिने हुनाले यो अति महत्वपूर्ण र अत्यावश्यक आयोजना हो ।

(११) **उद्योग सम्भाव्यता अध्ययन**

यस आयोजनाअन्तर्गत निम्न खनिज आधारित उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछः- (क) खरी ढुङ्गाको म्याग्नासाइट खानीमा आधारित विभिन्न उद्योगहरू तथा भैंसे दोभानको चुन ढुङ्गा खानीमा आधारित सिमेन्ट उद्योगको सम्भाव्यता अध्ययन (ख) फूलचोकीको फलाम खानीमा आधारित फलाम तथा इस्पात उद्योग, हेटौडा कर्राखोलाको बालुवामा आधारित ग्लास उद्योग र वेरिङ्गखोलाको पाइराइटको उपयोगीकरण र नाइट्रोजन मलखाद उद्योगको सम्भाव्यता पुनरावलोकन (ग) रङ्गरोगन, निर्माण ढुङ्गा, सिंहमरमर, कंक्रिट प्रडक्ट , साानासाना चुन तथा सिरामिक्स उद्योग, कृषि चुन, कृषि कीटनाशक औषधि, फर्टिलाइजर ब्लेडिङ्ग उद्योग इत्यादिको सम्भाव्यता अध्ययन (घ) नयाँ पत्ता लाग्न आउने खानीहरूको (जस्तै फस्फेट उपयोगीकरण) सम्भाव्यता अध्ययन । यी सम्भाव्यता अध्ययन आयोजनाहरू तत्सम्बन्धित खानीहरूको विस्तृत अन्वेषणको सँगसँगै समन्वयात्मक तवरले विभिन्न चरणहरूमा गरिनेछन् । सुरूको चरणमा विभागबाट हुने प्रारम्भिक अध्ययनबाट समुचित प्राविधिक तथा आर्थिक पुष्ट्याइँ प्राप्त हुनासाथ उपर्युक्त उद्योगको सम्भाव्यताको यथार्थ तथा विस्तृत अध्ययन गर्न उपयुक्त काविल तथा अनुभवी विदेशी कन्सल्टाएन्टहरूको सेवा प्रयोग गरिनेछ ।

(१२) **खनिज उद्योगलाई प्राविधिक सहयोग :**

यस आयोजनाअन्तर्गत निजी क्षेत्रमा सञ्चालित गरिने सानसाना खानी उद्योगहरूलाई प्राविधिक सरसल्लाह प्रदान गरिनेछ । नेपालमा निजी क्षेत्रमा सञ्चालित खानीमा दक्ष प्राविधिक सरसल्लाहको अभावमा

उत्पादनमा कम हुने, सडक तथा वन जंङ्गलमा हानी नोक्सानी हुने, दुर्घटनाको खतरा हुने इत्यादि भएकाले यो एउटा आवश्यक प्राविधिक सहयोग कार्य हो ।

भौगर्भिक सर्वेक्षण तथा खानी विकासमा हुने अनुमानित लगानी

(क भौगर्भिक सर्वेक्षण

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	पश्चिमी तराई (कोइलावास-नेपालगञ्ज) पेट्रोलियम खोज	२ करोड ४० लाख
२.	पश्चिमी तराई (नेपालगञ्ज-धनगढी) पेट्रोलियम खोजीको प्रारम्भिक व्यवस्था	२ लाख
३.	काठमाडौं उपत्यका ग्याँस खोजी	५० लाख
४.	फस्फेट खोजी	२.५ लाख
५.	रिजनल म्यापिंग	१२ लाख
६.	रिकन्सेन्स म्यापिंग	२.५ लाख
७.	अन्य विस्तृत भौगर्भिक अध्ययन	४०लाख
८.	अनुसन्धान तथा प्रतिवेदन	५० लाख
जम्मा		३ करोड ९९ लाख

(ख) एकीकृत (Integrated) भौगर्भिक -खनिज अन्वेषण

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	नेपालको एरोम्याग्नेटिक सर्वेक्षण	१ करोड २५ लाख
२.	पश्चिम नेपालमा विस्तृत भौगर्भिक अन्वेषण	१ करोड
३.	पूर्वी नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषणको प्रारम्भिक व्यवस्था	२ लाख
	जम्मा :	२ करोड २७ लाख

(ग) विस्तृत खानी अन्वेषण तथा सम्भाव्यता अध्ययनसम्बन्धी आयोजनाहरू

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	खरी ढुङ्गाको (सिन्धुपाल्चोक जिल्ला) म्याग्नासाइटको विस्तृत अन्वेषण	१.५ लाख
२.	भूतखोला (तनहुँ जिल्ला) ग्याजी (गोरखा जिल्ला) को तामाको विस्तृत अन्वेषण	३.५ लाख
३.	केमिकल ग्रेडको चुन ढुङ्गाको विस्तृत अन्वेषण (महाभारत श्रृंखला	२.० लाख
४.	उत्तरी नेपालको पेग्मटाइटको अन्वेषण	१०.० लाख
५.	वाप्सा खानी (सोलुखुम्वु जिल्ला) र सिद्धि खानी (इलाम जिल्ला)को तामाको विस्तृत अन्वेषण	६.०लाख
६.	भैसे दोभान (मकवानपुर जिल्ला) सिमेन्ट ग्रेड चुन ढुङ्गाको विस्तृत अन्वेषण	०.५ लाख
७.	फस्फेट ढुङ्गाको विस्तृत अन्वेषण	२.० लाख
८.	विविध खानी अन्वेषण	६.० लाख
९.	फिल्ड मेशिनरी उपकरण तथा सरसामान	२०.० लाख
१०.	प्रयोगशाला तथा अनुसन्धान	४६.० लाख
११.	उद्योग सम्भाव्यता अध्ययन	२०.५लाख
१२.	खनिज उद्योगलाई प्राविधिक सहयोग	१.०लाख
जम्मा		१ करोड १९लाख

भौगर्भिक सर्वेक्षण तथा खानीमा हुने जम्मा लगानी रु. ७ करोड ४५ लाख ।

परिच्छेद २०

विद्युत

देशको अर्थ व्यवस्था विकसित तुल्याउन आवश्यक पर्ने साधनहरूमा विद्युतशक्तिले एक विशेष महत्वको स्थान लिएको छ । औद्योगीकरण,कृषि विकास र अन्य सेवासम्बन्धी उद्योगहरूको विकासका लागि पनि विद्युत् शक्ति आवश्यक हुन्छ । संसारमा सबैभन्दा कम खर्चिलो विद्युत्शक्तिमध्येको जल विद्युत्को विकासको सम्भाव्यता नेपालमा प्रचुर छ । यसको अनुमानित क्षमता आठ करोड किलोवाट हेको छ । यति धेरै क्षमता हुँदाहुँदै पनि नेपालमा अहिलेसम्मको उत्पादन यस क्षमताको तुलनामा नगण्य रहेको छ । माँगको दृष्टिले हालसम्म सानासाना विद्युत् केन्द्रमात्र स्थापित भएकाले पनि विद्युत्शक्ति महँगो परेको छ र यसको फलस्वरुप खपत पनि थोरै रहेको छ । तर विभिन्न क्षेत्रमा भईरहेको विकासको कारण भविष्यमा विद्युत्शक्तिको माँग बढ्दै गई यो महत्वपूर्ण प्राकृतिक साधनको विकास पनि क्रमशः हुँदै जानेछ ।

हालसम्मको प्रगति

पहिलो योजना प्रारम्भ हुनुभन्दा अगाडि नेपालमा विद्युत् उत्पादन क्षमता जम्मा ६२८० कि.वा. जति थियो जसमध्ये जल विद्युत् क्षमता २०७७ कि.वा. थियो ।

पहिलो योजना अवधिमा त्रिशूली, ठाडोखोला, पनौती, सेती, तिनाउ, आदि नदीहरूमा जल विद्युत् आयोजनाहरू कार्यान्वित गरी २०,००० कि.वा. क्षमताको विद्युत्शक्ति उत्पादन गर्ने लक्ष्य राखिएको थियो । यस्ता कार्यको निम्ति ३ करोड रुपियाँ (योजनाको रकमको ९ प्र.स.) छुट्याइएको थियो । केही आयोजनाहरूमा काम प्रारम्भ भए तापनि पहिलो योजनामा केवल उपत्यकाको टेकु र भक्तपुरमा डिजल केन्द्र स्थापना गर्ने काम भयो र केवल ७५० कि.वा. थप क्षमताको विद्युत् शक्तिको वृद्धि हुनसक्यो । यसका अतिरिक्त कर्णाली, काली नदीहरू र काठमाडौं-हेटौडा वीरगञ्ज प्रसारण लाइनको सर्वेक्षण कार्य पनि प्रारम्भ गरियो । विद्युत् विकास कार्यमा पहिलो योजना अवधिमा लक्ष्यअनुसार उल्लेखनीय प्रगति हुन सकेन । पहिलो र दोस्रो योजनाको बीचको अन्तरिम वर्षमा डिजल केन्द्र स्थापना गरी १०५६ कि.वा. उत्पादन क्षमताको वृद्धि गरियो ।

दोस्रो (त्रि-वर्षीय) योजनामा २२,००० क्षमताको थप विद्युत् शक्ति उपलब्ध गर्ने लक्ष्य राखिएको थियो र विद्युत् विकास कार्यको निम्ति ९.१ करोड रुपियाँ छुट्याइएको थियो । यस योजना अवधिमा पनौती आयोजना, ठाडाखोला आयोजना, त्रिशूली आयोजना लगायत विभिन्न जल विद्युत् आयोजना कार्यान्वयन गर्ने, हेटौंडा, वीरगञ्ज, नेपालगञ्ज, विराटनगरमा जम्मा १०,००० कि.वा. भन्दा अधिकतम क्षमता भएको डिजल केन्द्रहरू स्थापना गर्ने लक्ष्य थियो । यसका अतिरिक्त चार साना डिजल केन्द्र, चार साना जल विद्युत् आयोजना (माइक्रोप्लान्ट) र काठमाडौं-वीरगञ्ज ६६ के.भी. प्रसारण लाइनको निर्माण पनि गरिने भएको थियो । दोस्रो योजनामा पनौती आयोजनाको २४०० कि.वा., पाटन डिजल केन्द्रको १४७० कि.वा. तथा वीरगञ्ज डिजल केन्द्रको ५६० कि.वा. समेत गरी जम्मा ४४३० कि.वा. मात्र विद्युत् क्षमतामा वृद्धि गर्न सकिएको थियो । यसका अतिरिक्त यस योजना अवधिमा काठमाडौं-वीरगञ्ज प्रसारण लाइनको निर्माणमा काम सुरू गरियो र सुनकोशी र कर्णाली आयोजनाहरूको निम्ति सर्वेक्षण कार्य जारी राखियो ।

दोस्रो योजनाको लक्ष्य नेपालको विद्युत् क्षमतामा ६०,००० कि.वा. थप गर्ने थियो र यसका लागि २६ करोड रुपियाँ (योजनाको रकमको १५ प्र.स.) छुट्याइएको थियो । यस योजना अवधिमा त्रिशूलीबाट १८,००० कि.वा., गण्डकबाट १०,००० कि.वा., कोशीबाट ७५०० कि.वा. जल विद्युत शक्ति उपलब्ध गर्ने, मर्स्याङ्दी, काली र कुलेखानीको विस्तृत सर्वेक्षण गरी सबभन्दा संभाव्य एक आयोजना छनौट गरी त्यसको कार्यान्वयनबाट १६,००० कि.वा. थप विद्युत शक्ति उपलब्ध गर्ने , काठमाडौं-हेटौंडा-प्रसारण निर्माण पूरा गरिने, गण्डक-भैरहवा-बुटवल तथा गण्डक-हेटौंडा प्रसारण लाइनको लाइनको सर्वेक्षण पूरा गर्ने, कंकाई आयोजनाको सर्वेक्षण कार्य गर्ने, झापा, इलाम, राजविराजमा सानो डिजल केन्द्रबाट विद्युतीकरण गर्ने, कर्णालीको सर्वेक्षण पूरा गरी निर्माण कार्य पनि पूरा गर्ने लक्ष्य थियो । पछि तेस्रो योजनाको संशोधित लक्ष्य ३६,००० कि.वा.क्षमताको विद्युत शक्ति उपलब्ध गर्ने भनि राखियो जुन तेस्रो योजनाको पुरानो लक्ष्य ६०,००० भन्दा निकै कम थियो । सुनकोशी जल विद्युत आयोजना गण्डक आयोजना, गण्डक-हेटौंडा तथा गण्डक भैरहवा प्रसारण लाइनको निर्माण कार्य तेस्रो योजनामै पूरा गर्ने लक्ष्य राखियो । यसका अतिरिक्त सुनकोशी-रामेछाप-उदयपुरगढी-जनकपुर प्रसारण लाइनको योजना वनाइने कुरा पनि उल्लेख भएको थियो । तेस्रो योजनामा आर्थिक वर्ष २०२६/०२७ को पूर्वार्धसम्ममा त्रिशूलीबाट १२,००० कि.वा., पोखरावाट १,००० कि.वा., हेटौंडा डिजल केन्द्रवाट ४४७० कि.वा., पाटन र विराटनगरको डिजल केन्द्रवाट २४९० कि.वा. समेत गरी विद्युत् शक्ति क्षमतामा १९,९६० कि.वा. वृद्धि भएको छ । त्रिशूली आयोजना र कोशी आयोजनाबाट लक्ष्यअनुसार क्षमतामा वृद्धि हुन नसकेकोले पनि अहिलेसम्मको उपलब्धि तेस्रो

योजनाको संशोधित लक्ष्यको करिव आधी मात्र हुन सकेको हो । यस योजना अवधिमा सुनकोशी आयोजना र धनकुटाको सानो जल विद्युत आयोजनामा पनि काम सुरू भयो । काठमाडौं-वीरगञ्ज ६६ के.भी. प्रसारण लाइनको निर्माण समाप्त प्रायः भयो तथा धरान दुवी प्रसारण लाइनको निर्माण काम सुरू भयो । कुलेखानी आयोजनाको सर्वेक्षण कार्य समाप्त भयो र कन्काई आयोजनाको लागि सर्वेक्षण कार्य चालू नै छ । राजविराजमा कोशीको विद्युत शक्ति उपलब्ध गराइयो तथा जनकपुर, भक्तपुर र भैरहवामा विद्युतीकरणको निम्ति प्रारम्भिक काम थालियो । देशका विभिन्न पर्वतीय क्षेत्रहरूमा सानो जल विद्युत आयोजना (माइक्रोप्लाण्ट) को सर्वेक्षण पनि भयो ।

अहिलेसम्म कार्यान्वित गरिएका विद्युत विकास सम्बन्धी योजनाहरूमध्ये केवल पहिलो योजनालाई मात्र नगण्य उपलब्धिको मान्न सकिन्छ । त्यस योजनामा राखिएका लक्ष्यहरू अत्यधिक महात्वाकाङ्क्षी थिए र समावेश गरिएका धेरै जसो आयोजनाहरूको संभाव्यताको प्राविधिक अथवा आर्थिक अध्ययन गरिएको थिएन । दोस्रो र तेस्रो योजनामा विद्युत विकासमा लक्ष्यअनुसार प्रगति संतोषजनक नै भएको छ भन्न सकिन्छ । यी दुई योजना अवधिमा विद्युत क्षमतामा वृद्धि गर्ने लक्ष्यभन्दा उपलब्धि कम हुनाको मुख्य कारण त्रिशूली, कोशी र गण्डक आयोजनाहरूबाट लक्ष्यअनुसार विद्युत शक्ति प्राप्त हुन नसक्नु हो ।

चौथो योजना

नेपालमा विद्युत शक्ति विकासको उद्देश्य उत्पादनका लागि सम्भाव्यता भएको जलस्रोत साधनबाट देशको आर्थिक विकासको निम्ति आवश्यक विद्युत शक्ति उपलब्ध गराउने, देशको शहरी र ग्रामीण क्षेत्रमा विद्युत शक्तिः उपलब्ध गराई कृषि र औद्योगीक विकासमा सहायता पुऱ्याउने तथा जलस्रोतको समुचित रुपमा उपयोग गरी राष्ट्रिय आयमा वृद्धि ल्याउने हो । यस उद्देश्यलाई कार्यान्वित गर्न चौथो योजनामा निम्नलिखित नीति अपनाइनेछ ।

वाग्मती तथा नारायणी अञ्चलमा योजनाको पूवार्द्धमा विद्युत शक्तिको खपतभन्दा उत्पादन निकै बढी हुने भएकाले औद्योगीक, कृषि र गार्हस्थ्य उपयोगमा वृद्धि ल्याई यस क्षेत्रमा प्रसारण र वितरण प्रणालीमा सुधार ल्याउन प्राथमिकता दिइनेछ । पाचौं योजनामा यस क्षेत्रमा विद्युतको खपत धेरै बढिसक्ने हुनाले चौथो योजनाको अन्तिम वर्षमा कुलेखानी आयोजनाको निर्माण कार्य प्रारम्भ गरिनेछ । खपत बढाउन र विशेषतः शहरी क्षेत्रको ग्राहस्थ्य इन्धनको समस्यालाई पनि ध्यानमा राखी विद्युत शुल्कलाई पनि बढी व्यवहारिक बनाउने प्रयास गरिनेछ । देशको प्रमुख औद्योगीक क्षेत्र पूर्वी तराइको आवश्यकता पूर्तिको लागि कोशीबाट विद्युत शक्ति उपलब्ध गर्नको साथै कन्काई जलविद्युत आयोजनाको निर्माण कार्य पनि यस योजना अवधिमा थालिनेछ । निकट भविष्यमा कर्णाली आयोजना जस्तो ठूलो आयोजना कार्यान्वयन हुने सम्भावना कम भएको हुनाले पश्चिमी तराईको बढ्दो ग्राहस्थ्य तथा औद्योगीक मागको पूर्तिको निम्ति एक मभ्यौलाखालको बबई विद्युत आयोजनाको कार्य पनि चौथो योजनामै सुरू गरिनेछ । उत्पादित विद्युत आयोजनाहरूबाट हाल निकट नपर्ने तराई क्षेत्रको विद्युत शक्तिको मागलाई डिजल केन्द्र तथा अरु व्यवस्था नभएसम्म भारतबाट विजुली किनेर पूरा गरिनेछ । हाल वाग्मती तथा नारायणी क्षेत्रमा जगेडा रहेका डिजल केन्द्रहरूलाई आवश्यक स्थानहरूमा स्थानान्तरण गरी अधिकतम उपयोग गरिएपछि मात्र विदेशी मुद्रा खर्च गरी नयाँ डिजल प्लान्टहरू बाहिरबाट झिकाइने छन् । देशको पहाडी क्षेत्रमा दुई सानो जल विद्युत आयोजना (माइक्रोप्लान्ट) को निर्माण गरिनेछ । यी दुई आयोजनाहरू पश्चिमी नेपालमा (पश्चिम र सुदूर पश्चिममा एक एक) राखिएका छन् । पूर्वी नेपालमा धनकुटामा एक सानो जलविद्युत आयोजनाको निर्माण कार्य तेस्रो योजनामा नै सुरू भैसकेको छ । चौथो योजनाको अन्तसम्म देशको चौध अञ्चलमध्ये बाह्र अञ्चलमा कमसेकम एक एक स्थानमा विद्युत शक्ति उपलब्ध गराउने प्रयास गरिनेछ ।

चौथो योजनामा त्रिशुलीबाट अतिरिक्त ९००० कि. वा., सुनकोशीबाट १०,००० कि. वा., गण्डकबाट १०,००० कि. वा., कोशीबाट ६८०० कि. वा., डिजल केन्द्रहरूबाट ४००० कि. वा. र सानो जलविद्युत आयोजनाबाट ५०० कि. वा. (धनकुटा समेत) गरी जम्मा ४०,३०० कि. वा. थप क्षमताको विद्युत शक्ति उत्पादन गरिनेछ । चौथो योजनामा विद्युत विकासलाई दिइएको महत्व कन्काई, बबई र कुलेखानी जस्ता ६८,००० कि. वा. क्षमता भएका आयोजनाहरूको निर्माण कार्यको सुरूआत गरिने भएको कुराबाट पनि स्पष्ट हुन्छ । यस अवधिमा कार्यान्वयन गरिने आयोजनाहरूको सम्भाव्यता बारे प्राविधिक र आर्थिक अधययन भएको र खपतबको पनि बढी विश्वस्त अनुमान प्राप्त भएकोले विगत योजनाहरूभन्दा चौथो योजनामा लक्ष्य र उपलब्धिमा धेरै फरक नपरी सफलतापूर्वक कार्यान्वित होला भन्ने आशा गर्न सकिन्छ ।

यसरी चौथो योजनामा सुरू गरिने विद्युत शक्ति उत्पादनका नयाँ आयोजनाहरूमा कन्काई, बबई र कुलेखानी छन् । पूर्वी नेपाल स्थित विराटनगर इलाका अधिराज्यको सर्वप्रमुख औद्योगक इलाका रहेको छ र त्यहाँ विद्युत शक्ति सधैं अपर्याप्त र महंगो रहन गएको छ । २०३२ सालमा त्यहाँको विद्युत माग ११,००० कि. वा. नाघ्ने र २०३७ मा झण्डै २०,००० कि. वा. पुग्ने अनुमान गरिएको छ । त्यसलाई सरल मूल्यमा कन्काईले पूरा गर्नेछ । बबई योजना नेपालगन्ज क्षेत्रको पाचौं योजना अवधिमा हुने माग पूरा गर्न चौथो योजना सुरू गरिन लागेको छ । वाग्मती र नारयणी अञ्चलको विद्युत उत्पादन २०३३ साल सम्ममा ३६,५४० कि. वा. पुग्ने र २०३४

सालको पिक लोड माग ३८,४०० कि. वा. हुने भएकाले चौथो योजनाको अन्तिम वर्षमा कुलेखानी जल विद्युत योजना प्रारम्भ गरिनेछ ।

चौथो योजना अवधिमा विद्युत विकासका आयोजनाहरू मुख्यत: पाँच भागमा बाँडिएका छन् । जस्तै: निर्माण, प्रसारण लाईन, सानो जलविद्युत आयोजना, डिजेल केन्द्र आयोजना र सर्वेक्षण । यी पाँच भागमा परेका हरेक आयोजनाहरूको विस्तृत विवरण निम्नअनुसारका छन् –

(क) निर्माण

१. सुनकोशी जलविद्युत आयोजना

यस आयोजनाको निर्माण कार्य तेस्रो योजनादेखि नै चालू छ । यसमा सुनकोशी नदीमा बाँध बाँधी १०,००० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गर्ने र ५७ किलोमिटर लामो प्रसारण लाइनको निर्माण गरिनेछ । यसको निर्माण कार्य चौथो योजनाको देस्रो वर्षमा पूरा भएपछि यसले काठमाडौं उपत्यकाको बढ्दो विद्युत शक्तिको माग पूर्ति गर्न सक्नेछ ।

२. कन्काई जलविद्युत आयोजना (बहुमुखी)

यस आयोजनाअन्तर्गत झापा जिल्लाको कन्काई नदीमा ६० मिटर अग्लो बाँध बाँधी ३०,०० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गरिनेछ । विद्युत शक्ति उत्पादनको अतिरिक्त ४६,००० हेक्टर भूमिमा सिंचाई सुविधा पनि उपलब्ध हुनेछ । वि. सं. २०३२।३३ मा पूरा हुने यस आयोजनाको जम्मा लाग्ने खर्च १० करोडमध्ये चौथो योजना अवधिमा ६ करोड ५० लाख रुपियाँ खर्च गरिनेछ । प्रारम्भिक अनुमानअनुसार यस आयोजनाको निर्माणको खर्च प्रति यूनिट ५२ पैसा र विद्युत शक्तिको मूल्य प्रति यूनिट ५ पैसा हुनेछ । यसबाट देशको औद्योगीक क्षेत्र विराटनगर, इलाम र भद्रपुरमा विद्युत शक्ति उपलब्ध हुनेछ । यसक्षेत्रको विद्युत शक्तिको माग मुख्यत: औद्योगीक उपयोगको लागि भएको र उक्त माग २०३२ मा ११,००० कि. वा. नाघी २०३७ मा झण्डै २०,००० कि. वा पुगिसक्ने भएकोले प्रस्तावित आयोजनाले सरल मूल्यमा उक्त माग पूरा गर्न सक्नेछ ।

३. बबई जलविद्युत आयोजना

यस आयोजनाअन्तर्गत दाङ उपतयकाको पश्चिमी भागको बबई नदीबाट ८००० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गरी नेपालगन्ज तथा दाङ उपत्यकाको निमित्त विभिन्न स्थानमा वितरण गरिनेछ । यसबाट सिंचाई सुविधा पनि उपलब्ध गराइनेछ । कर्णाली जलविद्युत आयोजनाको कार्यान्वयन निकट भविष्यमा पुँजी र बजारको प्रबन्ध नमिल्नाले हुने सम्भावना नदेखिएकाले नेपालगन्जको औद्योगीक माग र अन्य केही क्षेत्रमा आवश्यकता पूर्तिका लागि मभ्यौला खालको आयोजना भएको हुनाले बबई आयोजनालाई कार्यान्वित गर्ने लक्ष्य राखिएको हो । करिब साढे चार करोड रुपियाँको लागतमा चार वर्षको निर्माण कार्यपछि मात्र यो आयोजना पूरा हुनेछ । यस योजना अवधिमा यस आयोजनाको लागि जम्मा रु १ करोड खर्च गर्ने अनुमान गरिएको छ ।

४. कुलेखानी जलविद्युत आयोजना

यस आयोजनाअन्तर्गत कुलेखानी खोलाको पानी ४२५० मिटर लामो सुरुङद्वारा राप्ती नदीमा लगिनेछ र ३२,००० कि. वा. विद्युत उत्पादन गर्न सकिनेछ । यस आयोजनाको लागि जम्मा २४.५ करोड रुपियाँ लाग्नेछ र यसको निर्माणको लागि खर्च १.४३ रुपियाँ प्रति यूनिट तथा उत्पादित विद्युतशक्तिको मूल्य १३ पैसा प्रति यूनिट हुनेछ । वाग्मती तथा नारायणी अञ्चलको बढ्दो गार्हस्थ र औद्योगीक मागलाई ध्यानमा राखी यस आयोजनाको निर्माण कार्य चौथो योजनाको अन्तिम वर्षमा नै प्रारम्भ गरी अर्को योजनामा पूरा गर्ने लक्ष्य राखिएको छ ।

(ख) प्रसारण लाईन

१. गण्डक–हेटौंडा १३२ के. भी. लाईन

गण्डकयोजनाअन्तर्गत १०,००० कि. वा. क्षमताको विद्युत शक्ति नेपाललाई प्राप्त हुनेछ । ६० प्रतिशत लोड फ्याक्टर पुगेपछि गण्डकको पावरहाउस भारतले नेपाललाई गर्ने हस्तान्तरण गै र उपर्युक्त लोड फ्याक्टर नपुगुन्जेलसम्म गण्डकबाट उत्पादित विद्युत नेपालले भारतबाट किनी राखनु पर्नेछ भनी नेपाल भारत बीच भएको गण्डक योजनासम्बन्धी सम्झौतामा उल्लेख भएको छ । यस आयोजनाअन्तर्गतको प्रसारण लाईन निर्माणबाट गण्डकबाट उत्पादित विद्युत शक्ति चितौन उपत्यकामा वितरण गरी हेटौंडा, वीरगन्ज र काठमाडौंको आवश्यकता पूर्तिको लागि ल्याइनेछ ।

२. परासी–बुटवल ३३ के. भी. लाईन

यस आयोजनाअन्तर्गत गण्डकबाट उत्पादित विद्युत शक्ति बुटवलमा ल्याउन प्रसारण लाइनको निर्माण गरिनेछ ।

३. काठमाडौं उपत्यका विद्युतीकरण

यस आयोजनाअन्तर्गत काठमाडौं उपत्यका भित्रका ग्रामीण इलाकाको विद्युतीकरण कार्य गरिनेछ ।

४. कोशी क्षेत्र विद्युतीकरण आयोजनाको प्रसारण लाईन

यस आयोजनाअन्तर्गत कोशी योजनावाट उत्पादित विद्युत शक्तिलाई इटहरी, इनरवा, रंगेली, धरान क्षेत्रमा लैजान प्रसारण लाइनको निर्माण गरिनेछ । यो कार्य तेस्रो योजनाको अन्ततिर सुरू गरिएको हो ।

५. कन्काई–विराटनगर ६६ के. भी. लाईन

उत्पादित विद्युत शक्ति पूर्वाञ्चलको मुख्य खपत क्षेत्र विराटनगरमा लैजान प्रसारण लाइनको निर्माण गरिनेछ । कुल लागत रु. १ कोड १० लाख लाग्ने यो आयोजना २०३२।३३ मा मात्र पूरा हुनेछ ।

६. कन्काई–भद्रपुर ६६ के. भी. प्रसारण लाईन

यस आयोजनाअन्तर्गत कन्काई जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति भद्रपुर क्षेत्रको गार्हस्थ तथा औद्योगीक मागको पूर्तिको लागि लैजान प्रसारण लाईनको निर्माण गरिनेछ ।

७. सिरहा–जनकपुर ३३ के. भी. प्रसारण लाईन

यस आयोजनाअन्तर्गत सिरहा र जनकपुरका बीच प्रसारण लाईन निर्माण गरी विभिन्न स्थानमा विद्युत वितरण गरिनेछ ।

८. काठमाडौं–वीरगन्ज ६६ के. भी. लाईन

यो चालू आयोजना हो र यसको अन्तिम कार्य सवस्टेशन निर्माणसम्बन्धी छ र चौथो योजनाको प्रथम वर्षमा पूरा हुनेछ ।

९. पोखरा–खैरेनी ३३ के. भी. लाईन

यस आयोजनाअन्तर्गत पोखराको विद्युत शक्तिलाई खैरेनीटारको कृषि विकास आयोजनासम्म लगिने छ ।

(ग) विकास रेखाको आधारमा सानो जल विद्युत आयोजना

१. धनकुटा

यस आयोजनाअन्तर्गत धनकुटामा २४० कि. वा. क्षमताको सानो जल विद्युत आयोजना निर्माण गर्ने कार्य तेस्रो योजनामा सुरू गरिएकोमा चौथो योजनामा पूरा गरिनेछ ।

२. वाग्लुङ

यस आयोजनाअन्तर्गत वाग्लुङमा १५० कि. वा. क्षमताको सानो जलविद्युत केन्द्र (माइक्रोप्लान्ट) निर्माण गरी वाग्लुङ तथा निकटवर्ती क्षेत्रको विद्युतीकरण गरिनेछ ।

३. जुम्ला

यस आयोजनाअन्तर्गत सुदूर पश्चिमको जुम्लामा एक सानो जलविद्युत केन्द्र निर्माण गरिनेछ र यो वि. सं. २०३०।०३१ मा पूरा हुनेछ ।

(घ) डिजल केन्द्र आयोजना

१. विराटनगर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत विराटनगरमा हाल हेटौंडामा भएको २९८० कि. वा. क्षमताको डिजल प्लान्ट लगी र एक नयाँ प्लान्टसमेत जडान गर्ने गरी वितरण गरिनेछ । यसबाट चौथो योजना अवधिको सुरूमा हुने विराटनगर क्षेत्रको मागलाई पूर्ति गर्न सहायक हुनेछ ।

२. भरतपुर डिजल केन्द्र

यस आयोजनाको काम चौथो योजनाको दोस्रो वर्षमै समाप्त भई गण्डकबाट विद्युत उपलब्ध नभएसम भरतपुर इलाकाको विद्युत शक्तिको माग पूरा गर्नेछ ।

३. भैरहवा डिजल केन्द्र

यस आयोजनाअन्तर्गत भैरहवामा ५०० कि. वा क्षमताको हाल उपत्यकामा भएको डिजल प्लान्ट लगी विद्युत उत्पादन गर्ने र नपुग विजुली भारतबाट किनी वितरण गर्ने काम हुनेछ ।

४. कृष्णनगर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत कृष्णनगरमा २०० कि. वा. क्षमताको डिजल विद्युत केन्द्र स्थापना गर्ने र भारतबाट समेत विजुली लिई तौलिहवा कृष्णनगरमा वितरण गरिनेछ ।

५. नेपालगन्ज डिजल केन्द्र

बबई आयोजना कार्यान्वित नभएसम्म नेपालगन्जको विद्युत शक्तिको माग पूरा गर्न ५०० कि. वा. को डिजल प्लान्ट चौथो योजनाको सुरूमा स्थापित गरी २०२८।०२९ मा पूरा हुनेछ ।

६. जनकपुर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत हाल उपत्यकामा रहेको ५०० कि. वा. क्षमताको डिजल प्लान्ट स्थापना गरी तथा भारतबाट समेत विजुली किनी जनकपुरमा विद्युतीकरण गरिनेछ । यो काम योजनाको पहिलो वर्षमा नै पूरा हुनेछ ।

७. फतेहपुर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत फतेहपुर, सगरमाथा अञ्चलमा २०० कि. वा. क्षमताको डिजल विद्युत केन्द्र स्थापना गरी ४००० जनतालाई लाभान्वित गरिनेछ । यो आयोजना योजनाको पहिलो वर्षमा पूरा हुनेछ ।

८. महेन्द्रगर विद्युतीकरण आयोजना

यस आयोजनाअन्तर्गत महेन्द्रनगर, महाकाली अञ्चलमा भारतबाट किनी विद्युत शक्ति उपलब्ध गराइनेछ । यसबा करिब ७००० जनता लाभान्वित हुनेछन् र योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

९. तानसेन (पाल्पा) डिजल केन्द्र

यस आयोजनाअन्तर्गत २०० कि. वा. क्षमताको नयाँ डिजल केन्द्र तानसेनमा स्थापना गरिनेछ । सिद्धार्थ राजमार्गको निर्माण समाप्त प्राय: भैसकेको, यो शहर "विकास रेखा" मा पनि परेको र पर्यटन विकासको दृष्टिबाट पनि तानसेनको राम्रो भविष्य भएकोले चौथो योजनाको पूर्वार्द्धमा नै विद्युतीकरणको व्यवस्था गरिनेछ ।

१०. नारायणी अञ्चल विद्युतीकरण

यस आयोजनाले काठमाडौंदेखि वीरगन्जसम्मको विद्युत प्रसारण आयोजना पूरा गर्नुको साथै भएको विद्युत शक्तिको उपयोग गरी नारायणी अञ्चलमा कलैया, वीरगन्ज, सिमरा, परवानीपुर, पथलैया, सुगौली, जितपुर इत्यादि ठाउँहरूमा ११ के. भी. र ४०० भोलटको लाईन निर्माण गरी विद्युत वितरण गर्नेछ ।

(ङ) सर्वेक्षण

१. पुवा खोला, जलविद्युत आयोजना झापाको विस्तृत सर्वेक्षण

कन्काई आयोजना कार्यान्वित भएपछि पूर्वी तराई क्षेत्रमा केही वर्षसम्म विद्युत शक्तिको उत्पादन क्षमता खपतभन्दा बढी हुनेछ । तर दश वर्ष पछिको अवधिमा यस क्षेत्रमा हुने मागको पूर्तिको लागि एक जलविद्युत आयोजना विस्तृत सर्वेक्षण भै सम्भाव्यताको एक प्रतिवेदन तयार भै रहनु वाञ्छनीय भएकाले चौथो योजना पुवाखोला सर्वेक्षण आयोजना समावेश गरिएको छ ।

२. काली गण्डकी विस्तृत सर्वेक्षण (देउघाटको निकटवर्ती क्षेत्रमा)

यस आयोजनाको प्रारम्भिक सर्वेक्षण २०१६ सालमा जापानी विशेषज्ञहरूद्वारा गरिएको थियो देउघाट निर काली गण्डकी नदीको लूपबाट विद्युत शक्ति उत्पादन गरी भविष्यमा पाल्पा, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ्ग आदि स्थानहरूको विद्युतीकरण तथा बाग्मती, नारायणी अञ्चलमा समेत उपयोगको लागि काली गण्डकी नदीको लूप क्षेत्रमा विस्तृत अन्वेषण गरिनेछ ।

३. काली गण्डकी विस्तृत सर्वेक्षण (रिडीको निकटवर्ती क्षेत्रमा)

रिडी बजारनि र काली गण्डकीको लूपबाट विद्युत शक्तिको उत्पादन गरी बाग्लुङ्ग, म्यादी, पर्वत, गुल्मी, अर्घाखाँची जिल्लाहरू तथा पोखरा र निकटवर्ती इलाकाको समेत भविष्यमा हुने मागको पूर्ति गर्न यस आयोजनाअन्तर्गत विस्तृत सर्वेक्षण गरिनेछ ।

४. चमेलिया नदीको प्रारम्भिक सर्वेक्षण

भविष्यमा बैतडी, डडेल्धुरा, दार्चुला, डोटी, कैलाली र कञ्चनपुरको विद्युत शक्तिको आवश्यकता पूर्तिको लागि मभ्यौला खालको एक जल विद्युत आयोजना बनाउन चमेलिया नदीको प्रारम्भिक सर्वेक्षण गरिनेछ ।

५. तमोर तथा अरुण नदीको प्रारम्भिक सर्वेक्षण

भविष्यमा मेची, कोशी र सगरमाथा अञ्चलको पहाडी भागको र विराटनगर क्षेत्रको हुन सक्ने माग पूर्तिको लागि तमोर र अरुण नदीमा जलविद्युत आयोजनाको लागि प्रारम्भिक सर्वेक्षण गरिनेछ ।

६. सानो जलविद्यतु (माइक्रोप्लान्ट) आयोजनाको लागि सर्वेक्षण

यस आयोजनाअन्तर्गत नेपालको पहाडी क्षेत्रका विभिन्न स्थानहरूमा माईक्रोप्लान्ट राख्ने सम्भावनाको सर्वेक्षण गरिनेछ ।

७. नारायणी, मेची १३२ के. भी. प्रसारण लाइनको लागि सर्वेक्षण

नेपालको पूर्व र मध्य भागमा भएको विद्युत वितरण प्रणालीलाई भविष्यमा एकै ग्रिडमा परिणत गर्न नारायणी अञ्चलदेखि मेची अञ्चलसम्म प्रसारण लाईनको लागि सर्वेक्षण गरिनेछ ।

८. बुटवल–पोखरा प्रसारण लाईनको सर्वेक्षण

निकटवर्ती क्षेत्रहरूको बढ्दो मागलाई पूरा गर्न तथा भविष्यमा काली गण्डकी बाट उपलब्ध गर्न सकिने विद्युतको उपयोग गर्न बुटवल पोखरा प्रसारण लाईको सर्वेक्षण गरिनेछ ।

९. बाह्रविसे–रामेछाप–जनकपुर प्रसाण लाईनको सर्वेक्षण

भविष्यमा सुनकोशी आयोजनाबाट उत्पादित वाग्मती नारायणी अञ्चलमा खपत नभएको विद्युत शक्ति जनकपुर लैजान सर्वेक्षण गरिनेछ ।

१०. अनिर्धारित प्रसारण लाईन सर्वेक्षण

यस आयोजनाअन्तर्गत आगामी योजना अवधिमा विभिन्न स्थानमा हुनसक्ने विद्युत शक्तिको माग र केही क्षेत्रको वचतसमेत ध्यानमा राखी प्रसारण लाईनको विभिन्न सर्वेक्षणहरू आवश्यकतानुसार गरिनेछन् ।

विद्युत विकासमा अनुमानित लगानी

(क) निर्माण	(रु.मा)
१. सुनकोशी जलविद्युत आयोजना	५ करोड ७५ लाख
२. कन्काई जलविद्युत आयोजना	६ करोड ५० लाख
३. बबई जलविद्युत आयोजना	१ करोड
४. कुलेखानी जलविद्युत आयोजना	२५ लाख
जम्मा :	१३ करोड ५० लाख
(ख) प्रसारण लाईन	
१. गण्डक–हेटौंडा १३२ के.भी. लाइन	३ करोड १ लाख
२. परासी–बुटवल ३३ के.भी. लाइन	३३ लाख
३. काठमाडौं उपत्यका विद्युतीकरण	५१ लाख
४. कोशी क्षेत्र विद्युतीकरण आयोजनाको प्रसारण लाइन	३५ लाख
५. कन्काई–विराटनगर ६६ के.भी लाइन	३० लाख
६. कन्काई–भद्रपुर ६६ के.भी. लाइन	२५ लाख
७. सिराहा–जनकपुर ३३ के.भी. लाइन	५० लाख
८. काठमाडौं–वीरगन्ज ६६ के.भी. लाइन	१५ लाख
९. पोखरा–खैरेनी ३३ के.भी. लाइन	१० लाख
जम्मा :	५ करोड ५० लाख
(ग) सानो जलविद्युत आयोजना (विकास रेखाको आधारमा छनौट गरिएको)	
१. धनकुटा	११ लाख
२. वाग्लुङ्ग	१६ लाख
३. जुम्ला	२० लाख
जम्मा :	४७ लाख
(घ) डिजल केन्द्र आयोजनाहरू	
१. विराटनगर डिजल केन्द्र आयोजना (एक पुरानो र एक नयाँ प्लान्ट)	४० लाख
२. भरतपुर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट)	३ लाख
३. भैरहवा डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	१८ लाख
४. कृष्णनगर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	१९ लाख
५. नेपालगन्ज डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट वितरणसमेत)	२१ लाख
६. जनकपुर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	२४ लाख
७. फतेहपुर डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट)	३ लाख
८. महेन्द्रनगर विद्युतीकरण आयोजना	१४ लाख
९. तानसेन पाल्पा डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट वितरणसमेत)	१० लाख
१०. नारायणी अञ्चल विद्युतीकरण	३० लाख
जम्मा :	१ करोड ८२ लाख

ò यसमा धेरैजसो विभागसित रहेका पुराना प्लान्टहरू नै काममा लगाइनेछन् ।

(ङ) सर्वेक्षण	
१. पुवाखोला जलविद्युत आयोजना (झापा) को विस्तृत सर्वेक्षण	२० लाख
२. कालीगण्डकी विस्तृत सर्वेक्षण (देउघाटनिर)	२० लाख
३. कालीगण्डकी विस्तृत सर्वेक्षण (रिडी निर)	२० लाख
४. तमोर तथा अरुण नदी सर्वेक्षण (प्रारम्भिक)	१० लाख
५. चमेलिया नदी सर्वेक्षण (प्रारम्भिक)	५ लाख
६. सानो जलविद्युत आयोजना (माइक्रोप्लान्ट) को लागि सर्वेक्षण	४ लाख
७. नारायणी–मेची १३२ के.भी. प्रसारण लाइनको लागि सर्वेक्षण	२५ लाख
८. बुटवल–पोखरा प्रसारण लाइन सर्वेक्षण	५ लाख
९. बाह्रविसे–रामेछाप–जनकपुर प्रसारण लाइन सर्वेक्षण	५ लाख
१०. अनिर्धारित प्रसारण लाइन सर्वेक्षण	१० लाख
जम्मा :	१ करोड २४ लाख
विद्युतको जम्मा :	२२.५३ करोड

अनुसूची १

विराटनगर र निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको अधिकतम मागको अनुमान

निपनकोइ अनुमानअनुसार अधिकतम माग कि. वा. मा उपलब्ध हुने

वर्ष	विराटनगर	धरान	राजविराज	दुहवी	रंगेली	जम्मा	विद्युत शक्ति कि.वा.
०२४।२५	२२६५	१५०	–	–	–	२४१५	
०२५।२६	२७००	१७०	–	–	–	२८७०	
०२६।२७	३३००	२००	–	–	–	३५००	३०००
०२७।२८	३९००	२३०	३३०	४९०	१७०	५१२०	
०२८।२९	४६००	२६०	३६०	५६०	२००	६०००	५९८०
०२९।३०	५५००	३००	४४०	६५०	२२०	७११०	
०३०।३१	६४००	३४०	५००	७४०	२६०	८२४०	८८८०
०३१।३२	७५००	४००	५७०	८५०	३००	९५२०	
०३२।३३	८६००	४५०	६६०	९८०	३४०	११०३०	
०३३।३४	९८००	५२०	७६०	११३०	४००	१२६१०	
०३४।३५	१११००	६००	८७०	१२९०	४५०	१४३१०	
०३५।३६	१२४००	६९०	१०००	१४९०	५२०	१६१००	
०३६।३७	१३७००	७९०	११५०	१७१०	६००	१७९५०	
०३७।३८	१५१००	९००	१३२०	१९६०	६८०	१९९६०	

टिप्पणी :

(१) इलाम क्षेत्रमा पाँच वार्षभित्र २२० कि. वा. को माग हुने र दश वर्षमा ४४० कि. वा. हुने अनुमान छ र भद्रपुर क्षेत्रमा ५ वर्षमा ७०० कि. वा. दश वर्षभित्र १४०० कि. वा. हुने अनुमान छ ।

२) कोशी योजनाबाट प्राप्त हुने विद्युत शक्ति ६८०० कि. वा. छ । यो विद्युत शक्ति नहरबाट जाने पानीबाट उत्पादन हुने हुनाले सबै समय प्राप्त नहुने भन्ने विशेषज्ञहरूको राय छ साथै हेभी सिल्टलोड सिल्ट डिपोजिट समस्याले पनि त्यो विश्वसनीय विद्युत शक्तिको स्रोत नहुन सक्ने देखाइएको छ । त्यसकारण कोशीबाट विद्युत शक्ति उपलब्ध हुँदा डिजल विद्युत उत्पादनलाई सहयोग हुने मात्र देखिन्छ ।

३) हाल मोरङ्ग हाइड्रो कम्पनीबाट चालू रहेको डिजल सेटमध्ये २६० कि. वा. को सेट र विराटनगर जुट मिलको (९०० कि.वा.) डिजल सेट र स्टीम सेट (१४०० कि.वा.) पनि पुरानो भैसकेका छन् ।

४) २०२८।२९ मा विराटनगरमा २९८० कि. वा. विद्युत शक्ति (डिजल) उपलब्ध गराइने र २०३०।३१ मा २९०० कि. वा. विद्युतशक्ति (डिजल) उपलब्ध गराइने लक्ष्य छ ।

५) कन्काई आयोजनाबाट २०३२।३३ मा जलविद्युत उपलब्ध गराइने लक्ष्य राखिएको छ ।

अनुसूची २

काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको अधिकतम मागको अनुमान

वर्ष	निपनकोईको अनुमान अनुसार अधिकतम माग	नेपाल विद्युत कर्पोरेशनको अनुमानअनुसार अधिकतम माग	उपलब्ध तथा उपलब्ध हुने जल विद्युत शक्तिको क्षमता
	(कि.वा.)	(कि.वा.)	(कि.वा.)
०२६–२७	१२,६००	११,५००	१५,५४०
०२७–२८	१४,६००	१३,७००	२१,५४० (त्रिशूलीबाट थप)
०२८–२९	१६,८००	१६,२००	३१,५४० (सुनकोशीबाट थप)
०२९-३०	१९,१००	१८,९००	३६,५४० (गण्डकबाट थप)
०३०–३१	२१,५००	२१,९००	३६,५४०
०३१–३२	२६,३५०	२५,४००	३६,५४०
०३२–३३	२९,२००	२९,२००	३६,५४०
०३३–३४	३२,१००	३३,६००	३६,५४०
०३४–३५	३५,६००	३८,४००	३६,५४०
०३५–३६	३८,८९०	४३,६००	३६,५४०
०३६–३७	४२,५००		
०३७–३८	४६,३००		

टिप्पणी :

(१) निपनकोईको अनुमानमा "काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्र" भन्नाले हेटौंडा वीरगन्ज क्षेत्र र बुटवल भैरहवा क्षेत्रलाई पनि समावेश गरिएको छ ।

२) नेपाल विद्युत कर्पोरेशनको अनुमानमा "काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्र" भन्नाले काठमाडौं उपत्यकाको अतिरिक्त विद्युत कर्पोरेशनले उपलब्ध गराई रहेको बनेपा, त्रिशूली आदि स्थानहरू मात्र समावेश गरिएका छन् ।

३) उपलब्ध जलविद्युत शक्तिको क्षमता विद्युत कर्पोरेशनको अनुमानको आधारमा राखिएको हो । यस अनुमानमा गण्डकबाट १०,००० कि. वा. विद्युत शक्तिमध्ये ५००० कि. वा मात्र विद्युत कर्पोरेशनको परिभाषा अनुसार काठमाडौं तथा निकटवर्ती क्षेत्रमा वितरण गरिने भन्ने छ । हाल उपत्यकामा रहेका केही डिजल प्लान्ट तराईमा लगिने भएकोले र केही जगेडाको रुपमा राखिने भएकोले यसको हिसाब गरिएको छैन ।

४) आर्थिक वर्ष २०३१।३२ देखि कुलेखानी योजना सुरू गर्ने लक्ष्य राखिएको छ ।

अनुसूची ३

नेपालगन्ज तथा निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको
अधिकतम मागको अनुमान
विद्युत विभागको अनुमानअनुसार

वर्ष	निपनकोईको अनुमानअनुसार	साधारण माग कि.वा.औद्योगिक माग कि.वा.	उपलब्ध विद्युत शक्ति कि.वा.
०२४–२५	२६०	–	–
०२५–२६	–	–	–
०२६–२७	–	–	१००
०२७–२८	३३०	६८८	
०२८–२९	४००	७०५	६००
०२९–३०	४८०	८४५	
०३०–३१	५७०	१०१७	
०३१–३२	६९०	१२१६	४०००
०३२–३३	८२०	१३३४	
०३३–३४	९६०	१४७२	
०३४–३५	११३०	१६१९	

०३५–३६	१३२०	१७४१	
०३६–३७	१५१०	१९५९	
०३७–३८	१७४०	२१६७	

टिप्पणी :

(१) निपनकोईको अनुमान विद्युत शक्तिको अधिकतम मागमा पहिलो पाँच वर्षसम्म २५ देखि २० प्रतिशत वृद्धि होला र त्यसपछि १५ देखि २० प्रतिशत वृद्धि होला भनी मानिएको छ र यसबाट हाल भैरहेको मागको अनुमानमा औद्योगीक माग सबै समावेश नभएको देखिन्छ । विद्युत विभागको अनुमानमा दाङ तथा सल्यानको मागको पनि अध्ययन गरिएको छ ।

(२) नेपालगन्जमा निटक भविष्यमा औद्योगीक क्षेत्र पनि खोलिने भएको छ । त्यसको लागि चाहिने विद्युत शक्ति निपनकोईको अनुमानमा समावेश भएको छैन । काठमाडौंको बालाजु औद्योगीक क्षेत्रको अधिकतम माग १२५ कि. वा. जति छ । चौथो योजना अवधिमै नेपालगन्जमा कागज कारखाना खोल्ने सम्भावना भएकोले त्यसको लागि पनि पर्याप्त मात्रामा विद्युत शक्तिको आवश्यकता पर्नेछ ।

(३) २०२८।२९ मा नेपालगन्जमा ५०० कि. वा. विद्युत शक्ति (डिजल) उपलब्ध गराइने लक्ष्य छ ।

(४) २०३३।३४ सम्ममा बबई योजनाबाट ८००० कि. वा. सम्म जल विद्युत शक्ति उपलब्ध गराइने लक्ष्य राखिएको छ ।

परिच्छेद २१

जलस्रोत तथा जलवायु

जलविद्युत तथा सिंचाई आयोजनाको सफल कार्यान्वयनको लागि जलस्रोत सर्वेक्षणसम्बन्धी तथ्याङ्कहरू अत्यावश्यक हुन्छन् । जलविद्युत उत्पादनको लागि डिजाईन अथवा सिंचाईको लागि बाँध र वितरण प्रणालीको डिजाईन तथा सिंचाई हुनसक्ने क्षेत्रको विषयमा उपलब्ध हुने पानीको मात्रा, महिना तथा ऋतुअनुसार हुने घटबढ आदि तथ्याङ्कको अभावमा हुन सक्दैन । प्रत्यक्ष रुपले त्यति लाभप्रद नदेखिए तापनि अप्रत्यक्ष रुपले त पानीसँग सम्बन्धित कुनै पनि विकास आयोजनाको लागि जलस्रोतको तथयाङ्क आधारभूत हो भन्नु अत्युक्ति होइन । यस्ता तथ्याङ्कको अरु महत्वपूर्ण उपयोग पुलको डिजाइन गर्दा तथा बाढीको सम्भावनाको भविष्यवाणी गर्दा पनि हुन्छ । सेडिमेन्टसम्बन्धि तथ्याङ्कको सङ्कलन र अध्ययनबाट बाँध र जलाशय (Dams and Reservoir) निर्माण गर्दा 'सिल्टीङ्ग' (Silting) हटाउन र समुचित डिजाइन गर्न सकिन्छ ।

जलवायु सम्बन्धी तथ्याङ्कको उपयोग मौसम भविष्यवाणी गर्नुको अतिरिक्त कृषि, उड्डयन आदि कार्यको लागि समेत हुन्छ । भौगर्भिक जलस्रोतको क्रमवद्ध तरिकाबाट अन्वेषण र उपयोगीकरणबाट कृषि उत्पादनमा धेरै वृद्धि हुन जान्छ ।

हालसम्मको प्रगति

नेपालमा क्रमवद्ध तरिकाबाट जलस्रोत तथा जलवायु सम्बन्धित तथ्याङ्कको संकलन र अध्ययन गर्ने काम दोस्रो योजनाको प्रारम्भसम्म गरिएको थिएन । दोस्रो योजनामा 'सर्वेक्षण'अन्तर्गत माटो सर्वेक्षण, वन सर्वेक्षण तथा खनिज सर्वेक्षणसँगै जलस्रोत सर्वेक्षण पनि गाभिएको थियो । दास्रो योजनाको लक्ष नदीहरूको जलमापक, तापक्रममापक तथा वर्षामापक केन्द्रहरू देशको विभिन्न स्थानमा स्थापना गर्ने भन्ने थियो । दोस्रो योजनामा ५१ जलमापक केन्द्रहरू स्थापना गरिए तथा जलस्रोत सर्वेक्षणको लागि २६.८ लाख रुपियाँ खर्च गरियो । दोस्रो योजनाको सुरूदेखि तेस्रो योजनाको पूर्वार्द्धसम्म सतह जलस्रोत सर्वेक्षण कार्यको लागि अमेरिकी सहायता पनि उपलब्ध गरियो ।

तेस्रो योजनामा जलस्रोत सर्वेक्षण बेग्लै शीर्षक अन्तर्गत राखिई यस कार्यको लागि १ करोड ४० लाख रुपियाँ छुट्याइयो । तेस्रो योजनाको लक्ष्य ४९ जलमापन केन्द्रहरू स्थापना गर्ने, मौसम अनुसन्धान केन्द्र स्थापना गर्ने, जलगुण तथा सेडिमेन्टसम्बन्धी नमुना सङ्कलन गर्ने, प्रयोगशाला स्थापना गर्ने, मौसम भविष्यवाणी गर्ने काम प्रारम्भ गर्ने तथा काठमाडौं र तराई क्षेत्रमा भौगर्भिक जलस्रोतको उपयोग गर्ने सम्भावना निर्धारण गर्न आवश्यक सर्वेक्षण गर्ने थियो ।

तेस्रो योजनाको संशोधनमा पश्चिमी तराईमा भौगर्भिक जलस्रोतको विस्तृत अन्वेषणको काम थाल्ने, प्रयोगशालाको प्रारम्भिक काम सुरू गर्ने र सेडिमेन्टसम्बन्धी तथ्याङ्क संकलन चालू राख्ने उद्देश्य राखिएको थियो ।

तेस्रो योजनाको उपलब्धिमा सतह जल अन्वेषणमा जलमापन केन्द्र र जलवायुसम्बन्धी केन्द्रहरूको स्थापनामा सन्तोषजनक प्रगति भएको छ । मौसम भविष्यवाणी कार्यको प्रारम्भ पनि यसै योजना अवधिमा गरियो । नेपालको जलस्रोतसम्बनधी तथ्याङ्कको तीन र जलवायुसम्बन्धी तथ्याङ्कको एक गरी जम्मा चार पुस्तिकाको पनि प्रकाशन गरियो । तर तेस्रो योजनामा उल्लेख भएअनुसार डिमेण्टको नमुना सङ्कलन गरी प्रयोगशाला अध्ययन गर्ने सम्बन्धमा नगण्य रुपमा मात्र प्रगति हुन सकेको छ । जलगुणसम्बन्धी प्रयोगशाला पनि स्थापित हुन सकेको छैन । भोगर्भिक जलस्रोत सर्वेक्षणसम्बन्धी कार्यमा लुम्बिनी, भेरी सेती र महाकाली अञ्चलमा प्रारम्भिक तथ्याङ्क संकलन गरियो । पश्चिमी तराईमा यस कार्यको लागि अमेरिकी सरकारबाट सहायता पनि प्राप्त गरी तेस्रो योजनाको अन्तिम वर्षमा लुम्बिनी अञ्चलको रुपन्देही जिल्लामा भौगर्भिक जलस्रोतको विस्तृत अन्वेषण कार्य पनि सुरू गरियो ।

चौथो योजना

जलस्रोत सर्वेक्षणको उद्देश्य नेपालको विभिन्न खोलानालाहरूको जलस्रोतसम्बन्धी तथा भौगर्भिक जलस्रोत सम्बन्धी तथ्याङ्क सङ्कलन गरी नेपालको सम्पूर्ण जलस्रोत साधनको मूल्याङ्कन गर्नु तथा यसरी मूल्याङ्कन गरिएका तथ्याङ्कहरूको विद्युत, खानेपानी तथा सिंचाईजस्ता विकास आयोजनाहरूको कार्यान्वयनको निमित्त आवश्यक मात्रामा उपलब्ध गराउनु हो । जलवायु सर्वेक्षणको उद्देश्य देशभरको जलवायु (वर्षा, तापक्रम र आद्रता आदि) सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने तथा दैनिक रुपले मौसम भविष्यवाणी नर्गे हो । यस उद्देश्यलाई कार्यान्वयन गर्न चौथो योजनामा निम्नलिखित नीति अपनाइने छ । जलस्रोत सम्बन्धी तथ्याङ्कहरू अवश्यक मात्रामा सङ्कलन गर्न प्रादेशिक आधारमा अझ बढी विश्लोषणात्मक रुपले अध्ययन गर्ने काममा अझै बढी जोड दिइने छ । जलवायु सम्बन्धी तथ्याङ्क संकलन गर्न प्रादेशिक आधारमा अरु बढी केन्द्रहरू खोलिने छन् र यसरी जम्मा गरेको तथ्याङ्कलाई विश्लेषणात्मक रुपले अध्ययन गरिनेछ ।

१. सतह जल अन्वेषण

यस आयोजनाअन्तर्गत दोस्रो र तेस्रो योजना अवधिमा स्थापित ५५ जलमापन केन्द्रहरूको संभारको अतिरिक्त थप २० जलमापन केन्द्र, २० उच्चतम जलस्थिति मापन केन्द्र, १० तार मार्ग, १० स्वचालित जल मापन केन्द्र तथा १५ सेडिमेन्ट नमुना संकलन केन्द्र स्थापना गरिनेछ । जलस्रोतसम्बन्धी तथ्याङ्कको वार्षिक प्रकाशन कार्य चालू राख्नाको साथै निकट भविष्यमा जलविद्युत आयोजना निर्माण गरिने नदीहरूबाट सेडिमेन्ट सम्बन्धी तथ्याङ्क सङ्कलनमा जोड दिएर विश्लेषण गरी प्रकाशन पनि गरिनेछ ।

२. यस आयोजनाअन्तर्गत तेस्रो योजना अवधिमा स्थापित ७० जलवायु केन्द्र (तापक्रम, वर्षा मापक आदि) संभारको अतिरिक्त १९३ थप जलवायु केन्द्रहरू नेपालका विभिन्न स्थानमा स्थापित गरिनेछन् । मौसम भविष्यवाणीको कार्यलाई बढी विश्वस्त गाइनेछ ।

३. पश्चिमी तराईको लुम्बिनी भेरी, सेती, महाकाली अञ्चलको भौगर्भिक जलस्रोत अन्वेषण

यो आयोजना तेस्रो योजनाको अन्तदेखि अमेरिकी सहयेगबाट कार्यान्वित भै राखेको छ । चौथो योजनाको पूर्वार्द्धमा यस आयोजनाअन्तर्गत लुम्बिनी अञ्चलको नवलपरासी, कपिलवस्तु, भेरी अञ्चलको बाँके र वर्दिया सेती अञ्चलको कैलाली र महाकाली अञ्चलको कन्चनपुर जिल्लामा भौगर्भिक जल अन्वेषण कार्य हुनेछ । यस आयोजनाबाट प्राप्त तथ्याङ्कहरूको आधारमा भौगर्भिक जलस्रोतको उपयोग भएर नेपालको सुख्खा भाग पश्चिमी तराईमा पानीको लागि मनसुनमा मात्र भरपर्नु नपरी कृषि उत्पादन बढ्न जानेछ ।

४. चितवन र दाङ उपत्यकाको भौगर्भिक जलस्रोतको सर्वेक्षण तथा प्रारम्भिक अन्वेषण

नेपालका मुख्य कृषि क्षेत्रहरूमध्ये यी दुई उपत्यकाहरू पनि जहाँ कृषि उत्पादन बढाउन मुख्य समस्या मध्ये पानीको अभाव पनि एक हो । यस आयोजनाअन्तर्गत यी दुई उपत्यकामा भौगर्भिक जलस्रोतको सर्वेक्षण गरी चौथो योजनाको अन्तातिर प्रारम्भिक अन्वेषण पनि गरिने छ ।

जलस्रोत तथा जलवायुमा अनुमानित लगानी

आयोजनाको नाम	चौथो योजनामा अनुमानित खर्च (रु.मा)
१. सतह जल अन्वेषण	६० लाख
२. जलवायु अन्वेषण	४० लाख
३. पश्चिमी तराइको लुम्बिनी, भेरी, महाकाली, सेती अञ्चलको भौगर्भिक जलस्रोत अन्वेषण	१ करोड ३० लाख
४. चितौन र दाङ उपत्यकाको भौगर्भिक जलस्रोतको सर्वेक्षण तथा प्रारम्भिक अन्वेषण	१० लाख
जम्मा :	२ कोड ४० लाख

परिच्छेद २२

शिक्षा

जनताको गुणात्मक विकास गर्ने कार्यमा शिक्षाको महत्वपूर्ण स्थान छ । देशको सर्वाङ्गीण विकासका लागि चाहिने शिक्षित जनशक्ति तयार गर्नु र जनसाधारणलाई नभई नहुने प्रारम्भिक शिक्षाको व्यवस्था व्यापक गराउनु आज नेपालको शिक्षा विकास क्रममा पहिलो आवश्यकता हुन आएको छ । विगत योजनाहरूमा भएको अनुभव र उपलब्धिबाट वर्तमान शिक्षा प्रणालीमा केही आधारभूत परिवर्तनहरू गर्नुपर्ने कुरा महसुस भएको छ । शिक्षामा परिवर्तन ल्याउनु दुई चार वर्षमा सम्भव हुने नभई यो एक दीर्घकालीन प्रक्रिया हो र यसका लागि जगैदेखि क्रमशः सुधार वा परिवर्तन ल्याउनु पर्दछ । यस दीर्घकालीन उद्देश्यलाई ध्यानमा राखी चौथो योजनामा शिक्षाका सबै क्षेत्रहरूमा देहायवमोजिम व्यवस्था गर्ने लक्ष्य राखिएको छ । अर्थको कमीले गर्दा चाहिने जति लक्ष्य पूर्ति चौथो योजनाभित्र मात्र गर्न गाह्रो पर्ने देखिन्छ । तर चौथो योजनामा अपनाइएका केही सिद्धान्तले भविष्यमा आधारको रूपमा काम गर्ने स्वतः सिद्ध छ ।

प्राथमिक शिक्षा

तेस्रो योजनाकालसम्ममा प्राथमिक शिक्षामा भएको प्रगति निकै उत्साहवर्द्धक छ र हाल अधिराज्यभरिमा प्राथमिक स्कूलहरूको सङ्ख्या करिब ७००० पुगेको छ । प्राथमिक स्कूल जाने उमेरका बालबालिकाहरूमध्ये ३२% लाई प्राथमिक शिक्षाको सहुलियत दिइएको छ । अनिवार्य निःशुल्क प्राथमिक शिक्षा योजना चितवन र झापाका गाउँ पञ्चायतहरूमा र अन्य केहीमा समेत गरी १०७ गाउँ पञ्चायतमा लागू गरिएको छ । अधिराज्यका विभिन्न जिल्लाहरूमा गरीबी १५ वटा नमुना प्राथमिक पाठशालाहरू स्थापना भइसकेका छन् । यस प्रगतिको बाबजुद पनि प्राथमिक शिक्षाको समुचित विकासमा विभिन्न वाधाहरू आइपरेका छन् । सर्वप्रथम पढ्दा पढ्दै बीचैमा स्कूल छाड्ने विद्यार्थीहरूको सङ्ख्या ज्यादा देखिएको छ र यो तल्लो कक्षाहरूमा जयदा र मथिल्लोमा कम हुँदै गएको प्रवृत्ति देखापर्दछ । स्कूलहरूमा आवश्यक सङ्ख्यामा शिक्षक नभएकोले गुणात्मक प्रगति सन्तोषजनक रुपले हुनसकेको छैन । स्कूललाई दिएको सरकारी अनुदानको प्रतिशत अञ्चलअनुसार हेर्दा बढीमा ९३ प्रतिशतसम्म देखिएवाट शिक्षा विकासमा स्थानीय साधनको परिचालन उचित रुपमा भएको देखिँदैन । भएको आम्दानीबाट १७ प्रतिशतदेखि ९८ प्रतिशतसम्म तलबमा मात्र खर्च गर्नुपरेको हुँदा अरु शिक्षा सामग्रीमा खर्च गर्न रकमको अपर्याप्ततासमेत स्पष्ट देखापरेको छ ।

उपर्युक्त कुराहरूलाई मनन् गरी प्राथमिक शिक्षा विकासको सम्बन्धमा श्री ५ को सरकारले केही ठोस नीतिहरू अपनाउनु परेको छ । सीमित साधनहरूले गर्दा अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षाको लक्ष्य आउने १०।१२ वर्षमा पनि पूरा हुने सम्भावना देखिँदैन । चौथो योजनाको अन्त्यसम्ममा स्कूल जाने उमेरका केटाकेटीहरू मध्ये ४५ प्रतिशतलाई पढ्न सुविधा प्रदान गर्ने लक्ष्य राखिएको छ । यो लक्ष्य प्राप्तिको लागि करिब ७००० थप कक्षा र त्यति नै शिक्षकहरूको व्यवस्था गरिनेछ । उत्तरी दुर्गम क्षेत्रहरूमा जनसङ्ख्याको अनुपातमा मात्र स्कूल राख्न व्यावहारिक नभएकोले वस्तीको दूरतालाई समेत ध्यानमा राखी त्यस्ता ठाउँहरूको लागि नयाँ २५० कक्षाहरू खोल्न छुट्टै विशेष व्यवस्था गरिने छ ।

विद्यार्थी कक्षा

वर्ष	जम्मा जनसङ्ख्या	स्कूल जानेको उमेर जनसङ्ख्या (६–१० वर्ष)	प्रा. शिक्षा पाउने विद्यार्थी सङ्ख्या	योजनाकालमा वृद्धि	स्कूल उमेरको प्रतिशत	कक्षा वा शिक्षक सङ्ख्या
०२६।२७	१,१०,४८,०००	१४,३६,०००	५,०३,०००	–	३५%	२०,०००
०३१।३२	१,२१,५६,०००	१५,८०,०००	७,११,०००	२,०८०००	४५%	२७,३००

प्राथमिक शिक्षामा हुने खर्च

१. प्राथमिक स्कूलहरूमा हालसम्म स्कूलमा रहने शिक्षक सङ्ख्याको आधारमा श्री ५ को सरकारको तर्फबाट अनुदान दिइआएको छ । अनुदानको सर्वाधिक भाग शिक्षक तलबमा खर्च भएको छ तापनि शिक्षकहरूलाई दिइ आएको तलव अन्य पेशाहरूको तुलनामा साह्रै कम भएकाले योग्य शिक्षकहरू प्राप्त हुन सकेका छैनन र यसले गर्दा शिक्षाको गुणात्मक विकासमा ठूलो अवरोध उत्पन्न भएको छ । तसर्थ यस योजना अवधिमा दिइने अनुदानको सट्टा क्रमशः स्कूलहरूलाई श्री ५ को सरकारले तालिमप्राप्त शिक्षक उपलब्ध गराई उनीहरूको तलब सरकारबाटै व्यहोर्ने व्यवस्था गरिनेछ । तालिमी शिक्षकहरू पाउन नसकेका स्कूलहरूलाई साविकबमाजिम पाइआएको अनुदान

शिक्षक तलबको ४० प्रतिशत हुने गरी कायम राखिने छ । चौथो योजना अवधिमा तालिमप्राप्त शिक्षकहरूको जम्मा सङ्ख्या १२,३०० पुग्ने देखिन्छ ।

२. भवन निर्माण, शैक्षिक सामग्री र पाठ्यक्रम सुधार

प्राथमिक शिक्षाको विकासका लागि अन्य प्रकारको व्यवस्था गर्न पनि अति आवश्यक भएकाले यस योजना अवधि भित्र स्कूल भवन निर्माण, दुईहजार पाठशालाहरूलाई शैक्षिक सामग्री उपलब्ध गराउने र पाठ्यक्रम सुधारको कार्यक्रमसमेत राखिएको छ ।

३. छात्रवृत्ति

शिक्षा विभागले उत्तरी सीमा क्षेत्रमा सञ्चालन भइराखेका स्कूलका शिक्षकहरूको अभाव पूर्ति गर्न ५ कक्षासम्म पढेका विद्यार्थीहरूलाई नजिकको हाईस्कूल वा तालिम केन्द्रमा सम्मिलित गराउन योजनाकालमा योग्यताको आधारमा छात्रवृत्ति दिई दुर्गम क्षेत्रका लागि शिक्षकहरू उपलब्ध गराउनेछ ।

माध्यमिक शिक्षा

२००७ साल अघि नेपाल अधिराज्यमा जम्मा २२ हाईस्कूल र २०३ मिडिल स्कूलहरू थिए । प्रजातन्त्रको प्रादुर्भाव भएपछि नेपालमा माध्यमिक शिक्षाको विकास द्रुतगतिले हुनथाल्यो । तृतीय योजनाको अन्त्यसम्ममा हाईस्कूलहरूको सङ्ख्या ४४४ र मिडिल स्कूलको सङ्ख्या ५३४ पुग्ने अनुमान गरिएको छ । प्राथमिक शिक्षा पाइरहेका विद्यार्थी सङ्ख्याको करिब १८ प्रतिशत विद्यार्थीहरूले माध्यमिक शिक्षा प्राप्त गरिरहेका छन् । तेस्रो योजना अवधिभरमा शिक्षाको गुणात्मक विकास गर्ने दृष्टिकोणले विभिन्न विषयमा शिक्षाक तालिम कार्यक्रम सञ्चालन गरिएकोले यसबाट गुणात्मक विकास गर्न मद्दत भएको छ । चौथो योजना अवधिमा माध्यमिक विद्यार्थी सङ्ख्या प्राथमिक विद्यार्थी सङ्ख्याको २० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यो सङ्ख्यात्मक लक्ष्य प्राप्त गर्नको अर्थ माध्यमिक शिक्षा धेरैको लागि अन्तिम शिक्षा हुने भएकाले यसलाई सङ्ख्यात्मक विकासभन्दा गुणात्मक विकासमा बढी जोड दिनुपर्ने आवश्यकता अनुभव भएको छ । अतः आगामी योजनाकालमा सकेसम्म माध्यमिक स्कूल खोल्न नियन्त्रण गर्ने र भएका स्कूलहरूलाई व्यवस्थित गरी शिक्षा सञ्चालन गरिनेछ ।

क. माध्यमिक शिक्षामा हुने खर्च

अहिलेसम्मको स्थिति अध्ययन गर्दा माध्यमिक शिक्षालयको खर्चमा २० प्रतिशत मात्र सरकारी आर्थिक सहायताबाट र बाँकी ८० प्रतिशत खर्च जनताले व्यहोरेको देखिन्छ । सरकारी अनुदान कम भएकोले माध्यमिक स्कूल व्यवस्थित रुपले चल्न सकेका छैनन् र कुनै कुनै ठाउँमा अनुदानको दुरुपयोग पनि भएको बुझिन्छ । तसर्थ अनुदानको वर्तमान व्यवस्थालाई खतम गरी चौथो योजनाकालमा माध्यमिक शिक्षालयका शिक्षकहरूको ५० प्रतिशत तलबको रकम आर्थिक सहायताको रुपमा श्री ५ को सरकारले दिनु उचित देखिन्छ । तर शिक्षा विभागले उक्त तलब सोझै शिक्षकहरूको हातमा पार्न आवश्यक मिलाउनु पर्नेछ ।

ख. विभिन्न विषयको तालिम

माध्यमिक स्कूलका शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष बनाउने उद्देश्यले अल्पकालीन तालिमको व्यवस्था गत केही बर्षदेखि गरिँदै आएको छ । यस योजनाकालमा पनि विभिन्न अवधिको लागि लगभग १५०० शिक्षकहरूलाई विज्ञान, गणित, अंग्रेजी, नेपाली तथा सामाजिक शिक्षामा तालिम दिइनेछ ।

ग. स्कूल भवन तथा छात्रावास निर्माण

हाल भएका माध्यमिक स्कूलमध्ये करिब २० प्रतिशत स्कूलहरूको आफ्नो भवन नभएकोले व्यवस्थित रुपले शिक्षा सञ्चालन गर्नमा बाधा परेको छ । आफ्नो भवन नहुने विद्यालयहरूलाई भवन र छात्रावास निर्माण गर्न समेत आवश्यक देखिएकाले क्रमशः ३० वटा स्कूल भवन र ३० वटा छात्रावास बनाउने र उक्त भवन तथा छात्रावास बनाउन लाग्ने जम्मा खर्चको ५० प्रतिशत सरकारबाट आर्थिक सहायताको रुपमा दिइनेछ ।

घ. अन्य

आवश्यक शैक्षिक सामग्री र फर्निचरको अभाव भएका ५०० स्कूलहरूलाई फर्निचर तथा शैक्षिक सामग्री उपलब्ध गराइनेछ । पाठ्यक्रमको सुधार र विकास गर्न एक पाठ्यक्रम विकास समितिको स्थापना गरिनेछ । प्राथमिक तथा माध्यमिक शिक्षाको आवश्यक निरीक्षण तथा निर्देशन गर्न शिक्षा निरीक्षक कार्यालयलाई सुदृढ पारिनेछ । अधिराज्यका प्राथमिक तथा माध्यमिक स्कूलहरूमा राम्रो काम गर्ने शिक्षकहरूलाई प्रोत्साहित गर्ने दृष्टिकोणले प्रोत्साहन पुरस्कार र अरु सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ । शिक्षा विभागद्वारा निहित सिद्धान्तहरूको आधारमा पोत्साहनको कार्यक्रम चलाइनेछ ।

आदर्श विद्यालय बुढानीलकण्ठ

चौथो योजना अवधिमा बुढानीलकण्ठमा विदेशी सहायताबाट एउटा स्तरयुक्त आवासीय आदर्श माध्यमिक विद्यालयको निर्माण गरी पढाइ सुरू गरिनेछ । सम्पूर्ण कक्षामा गरी यस विद्यालयमा करिब ४७० विद्यार्थीहरूले

अध्ययन गर्नेछन् र देशमा नमुनाको रुपमा सञ्चालन गरिने यस विद्यालयमा उपत्यकाका बाहिरका विद्यार्थीहरूलाई पनि उचित स्थान सुरक्षित गरिनेछ ।

माध्यमिक बहु-उद्देश्यीय शिक्षा

चलिरहेको शिक्षा पद्धतिमा प्रवेशिका परीक्षामा उत्तीर्ण भएका छात्रछात्राहरूबाट व्यवसायिक क्षेत्रमा चाहिने कामदारहरूको खाँचो पूरा नहुने र व्यावसायिक ज्ञानको अभावमा उनीहरू स्वावलम्बी नभई सरकारी नोकरीमा मात्र भरपर्ने प्रवृत्ति देखिएकाले सो हटाउन पहिलो, दोस्रो र तेस्रोयोजनाकालमा २९ वटा बहु-उद्देश्यीय विद्यालयहरू स्थापित भएका छन् । बहु-उद्देश्यीय विद्यालयहरूको सञ्चालनमा खर्च बढी लाग्ने भएकाले अधिराज्यभरिमा निकट भविष्यमा चाहिने जति सङ्ख्यामा यस्तो स्कूल सञ्चालन गर्न सम्भव नभएकाले केही बहु-उद्देश्यीय स्कूलहरूमात्र थप गर्ने र कक्षा ९ र १० मा कुनै एक व्यावसायिक विषयलाई अधिराज्यका बढी से बढी माध्यमिक विद्यालयहरूमा समावेश गर्ने बेग्लै व्यवस्था गरिएको छ ।

प्रौढ शिक्षा

देशमा रहेको निरक्षता क्रमशः हटाउने उद्देश्यले प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । तेस्रो योजनाको अन्त्यसम्ममा १ लाख प्रौढहरूलाई साक्षर गराउने लक्ष्य राखिएको छ । साक्षरताको प्रतिशत ११.८ सम्म पुग्ने अनुमान छ । यो कार्यक्रम सञ्चालन गर्न वर्गीय संगठनहरूको सहयोगसमेत लिइएको छ ।

चौथो योजनामा प्रौढ शिक्षालाई बिस्तार गरी साक्षरताको प्रतिशत ११.८ बाट १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यसमा केही भाग प्राथमिक शिक्षा कार्यक्रमबाट पनि पूरा गरिनेछ । अधिराज्यमा हाल ३७ स्थायी प्रौढ शिक्षा केन्द्रहरू छन् । चौथो योजनाकालमा यसको सुदृढीकरण गर्ने र थप ३८ केन्द्रहरू खोलिने छन् ।

उपर्युक्त कार्यक्रमका अतिरिक्त युनेस्कोको सहयोगबाट चितवन जिल्लामा कार्यमूलक प्रौढ शिक्षाको कार्यक्रम एउटा विशेष आयोजनाको रुपमा चलाइनेछ र सो आयोजनाबाट हुने अनुभवको आधारमा भविष्यमा क्रमशः कार्यमूलक प्रौढ शिक्षाको कार्यक्रम अरु क्षेत्रमा आरम्भ गरिनेछ ।

उच्च शिक्षा

बितेका योजनाहरूमा उच्च शिक्षामा बढी सङ्ख्यात्मक प्रगति भएको देखिन्छ । तेस्रो योजनाको सुरूमा भएका २९ कलेजबाट हाल तिनको सङ्ख्या ४० सम्म पुगेको छ । अर्कोतिरबाट हेर्दा एस. एल. सी. पास गर्ने धेरै जसो विद्यार्थीहरूबाट महाविद्यालयमा प्रवेश गर्दछन् र तिनको सबभन्दा ठूलो सङ्ख्या कलात्मक विषयहरूमा नै छ । यस प्रकारको साधारण शिक्षाबाट देशलाई खास फाइदा नहुने देखिएकाले चौथो योजनामा गुणात्मक गराउने दीर्घकालीन लक्ष्य राखी कार्यक्रमहरू तर्जुमा गरिनेछन् । हालको अव्यावसायिक विषयमा उच्च शिक्षातर्फ बढेको बाढीलाई रोक्न माध्यमिक शिक्षादेखि नै व्यवसाय अनुकूल शिक्षा दिने र उच्च शिक्षामा प्रतिभावान् विद्यार्थीहरूलाई मात्र प्रवेश दिने व्यवस्था गर्न जोड दिइनेछ । यो मूल उद्देश्य पूर्ति गर्न निम्नलिखित विशेष कदमहरू चौथो योजनाकालमा चालिनेछन् ।

१. त्रिभुवन विश्वविद्यालयलाई श्री ५ को सरबारबाट उच्च शिक्षा विस्तारमा ठोस नीति निर्धारित गरिदिने
२. योजना अवधिभित्र नयाँ कलेज खोल्नमा साधारणतः नियन्त्रण गर्ने ।
३. एस. एल. सी. पछि विभिन्न व्यावसायिक विषयहरूमा डिप्लोमा र डिग्री दिने संस्थाहरूको स्थापना गर्ने ।
४. विज्ञान शिक्षा सम्बन्धमा एक प्रभावकारी नीति निर्धारित गरी महाविद्यालयहरूमा विज्ञान पढाउने सुविधा विस्तार गर्ने ।

कलेज सुदृढीकरण

मोफसलका कलेजहरूमा सबै विषयहरू पढाउने सुविधा नभएकाले काठमाडौं उपत्यकाका कलेजहरूमा बाहिरका कलेजहरूभन्दा बढी विद्यार्थी सङ्ख्या भएको देखिन्छ । तसर्थ उच्च शिक्षाको प्रादेशिक सुविधा उपलब्ध गराउन चौथो योजना बाहिरका पाँचवटा कलेजहरूलाई सबै विषय समावेश भएको प्रयोगशाला, पुस्तकालय र आवासीय सुविधासमेत भएको सुदृढ क्षेत्रीय कलेजमा परिणत गरिनेछ ।

हालसम्म कलेजहरूलाई दिइआएको आर्थिक सहायता कलेजमा पढाउने विषय, छात्र सङ्ख्या र कलेजको स्तर हेरी दिनुपर्ने भनी नियम बनाई सोहीअनुसार दिइनेछ ।

त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय एक स्वशासित संस्था भएकाले श्री ५ को सरकारको नीति अनुरूप उच्च शिक्षा विकास कार्यक्रम उक्त विश्वविद्यालयले तयार गरी लागू गर्नेछ । आर्थिक सहायतासम्म श्री ५ को सरकारबाट दिइनेछ ।

शिक्षक प्रशिक्षण

प्राथमिक तथा माध्यमिक स्कुलमा पढिरहेका तर तालिम नपाएका शिक्षकहरूलाई प्रशिक्षण दिन अति आवश्यक भएको छ । यस योजनाकालमा जम्मा ६५०० प्राथमिक शिक्षकहरूलाई तालिम दिने व्यवस्था गरिनेछ ।

कलेज अफ एजुकेशन

माध्यमिक शिक्षाको गुणात्मक विकास गर्न सन् १९५६ मा यस कलेजको स्थापना भएको हो । यस संस्थाले तालिम प्राप्त माध्यमिक शिक्षकहरूको उत्पादन गर्दै आइरहेको छ । हाल यसमा आई. एड. र वि. एड. को पढाइ सञ्चालन भइरहेको र वीरगञ्जमा पनि आई. एड. स्तरको पढाइ सञ्चालन गर्न यसको एक एक्सटेन्सनको पनि स्थापना भैसकेको छ । चौथो योजनामा यस महाविद्यालयले ३२० जवान माध्यमिक शिक्षकहरूलाई तालिम दिन सकिनेछ ।

ल्यावोरेटरी स्कूल

यो स्कूल अधिराज्यका माध्यमिक स्कूलमध्ये एक प्रयोगशालाको रुपमा राखिएकाले यसको उचित विकास र सञ्चालन गरिनेछ ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र

यस केन्द्रको स्थापना व्यावसायिक तालिमको दृष्टिमा एउटा राष्ट्रिय आकांक्षाको परिपूर्तिको रुपमा उपस्थित हुन आएको छ । यस केन्द्रमा मूल व्यावसायिक विषयहरू जस्तै– कृषि व्यवसाय, शिक्षा, गृह विज्ञान तथा औद्योगीक शिक्षामा तालिम दिइन्छ । आर्थिक वर्ष २०२३।२४ देखि मात्र आफ्नो कार्य सञ्चालन गर्न थालेको यस केन्द्रले तेस्रो योजनाको अन्त्यसम्ममा २०६ व्यावसायिक प्रशिक्षक, ३७५ डिप्लोमा कोर्ष र ११० विविध विषयमा तालिम प्राप्त व्यक्तिहरू तयार गरेको छ । चौथो योजना अवधिभित्र देशको आवश्यकताअनुसारको मध्यम स्तरका प्राविधिज्ञहरू तयार पार्न एस. एल. सी. पास गर्ने ५०० जवानहरूलाई दुइवर्षे नियमित डिप्लोमा कोर्षको प्रशिक्षण कार्यक्रम राखिएको छ । साथै विभिन्न व्यावसायिक विषयमा जम्मा ५०० जवानलाई सेवा कालीन तालिम दिइनेछ ।

शारीरिक शिक्षा विकास

नेपालमा खेलकूदको स्तर बढाउने उद्देश्यले विद्यार्थी तथा युवाहरूको स्वास्थ्य विकाशको लागि अधिराज्यका विभिन्न प्राथमिक तथा माध्यमिक स्कूल र महाविद्यालयहरूका बीच विभिन्न खेलकूदहरूको वार्षिक प्रतियोगिता गराउँदै आइरहेको छ । यस योजना अवधिभित्र उक्त कार्यक्रमलाई अझै प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

विभिन्न स्कूलहरूमा शारीरिक शिक्षामा तालिमप्राप्त शिक्षकहरूको अभाव पूर्तिका लागि यसमा शिक्षकको तालिममा खर्चको व्यवस्था गरिनेछ । वार्षिक प्रतियोगिताको लागि खेलकूद मैदानको अभाव भएकाले उपयुक्त स्थानमा खेलकूद मैदान निर्माण गरिनेछ । अधिराज्यका विभिन्न स्कूलहरूमा शारीरिक शिक्षा गतिविधिको कुनै सर्वेक्षण नगरिएकाले यस योजना अवधिभित्र केही अञ्चलका स्कूलहरूमा शारीरिक शिक्षा गतिविधिको सर्वेक्षण गरिनेछ ।

परीक्षा सुधार कार्यक्रम

वर्तमान परीक्षा प्रणालीले शिक्षाको क्षेत्रमा ठूलो समस्या उत्पन्न गरको देखिन्छ । साधारणतया विद्यार्थीहरू जसरी भएपनि परीक्षा पास गर्ने मात्र उद्देश्य लिई अगाडि बढिरहेका छन् र यस प्रकार शिक्षाको मूल उद्देश्य नै हनन् भएको देखिन्छ । वर्तमान परीक्षा प्रणालीमा सुधारका लागि लघुकालीन र दीर्घकालीन कार्यक्रमहरू बनाई सोहीअनुसार परीक्षा प्रणालीमा सुधार गर्दै लैजाने कार्यक्रम छ । यस कार्यक्रमअन्तर्गत उन्नत प्रश्नपत्रहरूको विकास, उपयुक्त परीक्षा सञ्चालन गर्ने तरिकाको अन्वेषण र आधुनिक एवं वैज्ञानिक तरिकाले मूल्याङ्कन गरिनेछ र विभिन्न प्रतिक्रियाहरू अनुसन्धान गरी परीक्षा नियन्त्रण कार्यालयलाई आवश्यक प्रबन्ध गर्न सहयोग गरिनेछ ।

साधारण विज्ञान शिक्षा विकास

नेपालका प्राथमिक तथा माध्यमिक स्कूलहरूमा विज्ञान शिक्षाको स्तर ज्यादै कम छ साथै विद्यार्थीहरूलाई विज्ञान शिक्षाको अध्ययन जुन उद्देश्यले गराउनु पर्ने हो सो अनुरुप हुन सकेको छैन । यसै कुरालाई ध्यानमा राखी चौथो योजनामा माध्यमिक स्कूलहरूमा साधारण विज्ञान शिक्षाको अध्ययन उपयोगी, प्रभावशाली तथा प्रयोगात्मक ढङ्गबाट गराउने हेतुले पाठ्यक्रमको सुधार, विज्ञान शिक्षाको तलिम, वैज्ञानिक र शैक्षिक सामानहरूको उत्पादन वितरण एवं आवश्यक अध्ययन र अनुसन्धान गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो । यस कार्यक्रमअन्तर्गत साधारण विज्ञान शिक्षा विकास कार्यक्रमलाई सुनियोजित ढङ्गबाट कार्यान्वित गर्न हरिहर भवन स्थित शिक्षा केन्द्रलाई सुदृढीकरण गरिनेछ । साथै वैज्ञानिक उपकरण तथा शैक्षिक सामग्रीहरू मर्मत तथा सम्भार गर्ने र भविष्यमा साधारण किसिमका वैज्ञानिक सरसामान उत्पादन गर्ने उद्देश्यले सुरू गरिएको ग्लासवर्क, मेटल वर्क, उडवर्क तथा इलेक्ट्रिकल र इलेक्ट्रोनिक वर्कशपहरूमा मेशिनहरू सबै जडान गरी उपकणहरू उत्पादन गर्न सक्ने अवस्थामा पुऱ्याइने, शिक्षकहरूको तालिमका लागि विज्ञान शिक्षा केन्द्रमा एउटा

प्रयोगशालाको स्थापना गर्ने र ५०० माध्यमिक र ८०० प्राथमिक विज्ञान शिक्षकहरूलाई तालिम दिने आदि कार्यक्रमहरू छन् ।

साथै चौथो योजना अवधिमा विज्ञान शिक्षा विकास कार्यक्रम (स्टेप प्रोग्राम) ५० माध्यमिक स्कूलहरूमा पूर्ण रुपले लागू गरिनेछ र यस कार्यक्रमअन्तर्गत १० ग्रेडसम्मको पाठ्यक्रम र विभिन्न किसिमका पुस्तिकाहरू तयार गरी वितरण गरिनेछन् ।

जनक शिक्षा सामग्री केन्द्र

विभिन्न शैक्षिक सामग्रीहरूको उत्पादन एवं वितरणको लागि स्थापना भएको यस केन्द्रले पाठ्य पुस्तकहको विकासमा महतवपूर्ण सहयोग गर्दै आएको छ । चौथो योजनामा सोनोठिमी स्थित केन्द्रको भवनमा प्रेस कोठा तथा कार्यालय भवनको केही विस्तार गरिनेछ ।

संस्कृत इन्स्टिच्यूट

नेपालमा संस्कृत भाषा र ज्ञानको अन्वेषण र सदुपयोगको लागि यस योजनाकालमा संस्कृतको क्षेत्रमा आवश्यक अनुसन्धानको लागि एक संस्कृत इन्स्टिच्यूटको आवश्यक व्यवस्था गरिनेछ ।

योजना तथ्यक्त अनुसन्धान कार्यक्रम

अधिराज्यभरिका विभिन्न प्रकारका शैक्षिक तथ्याङ्क सङ्कलन गर्न र तिनबाट सारिणीकरण गरी वार्षिक तथ्याङ्क जनसाधारणको लागि प्रकाशित गर्ने र सोही तथ्याङ्कहरूको आधारमा योजना तयार गर्न सहायता मिल्ने भएकाले चौथो योजना अवधिमा यो कार्यक्रम शिक्षा मन्त्रालयअन्तर्गत चालू राखिनेछ ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. प्राथमिक शिक्षा	४१,००,०००।
२. माध्यमिक शिक्षा	१,४४,०५,५००।
३. आदर्श विद्यालय बूढानीलकण्ठ	१,००,००,०००।
४. माध्यमिक शिक्षा (बहुउद्देश्यीय)	१,१४,००,७७०।
५. प्रौढ शिक्षा	८०,००,०००।
६. उच्च शिक्षा	२,८०,००,०००।
७. शिक्षक प्रशिक्षण	२,८०,००,०००।
८. राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र (आदर्श बहुउद्देश्यीय विद्यालय समेत)	१,००,७८,०६५।
९. शारीरिक शिक्षा	४,६८,०००।
१०. परीक्षा सुधार कार्यक्रम	१५,००,०००।
११. विज्ञान शिक्षा	२५,००,०००।
१२. जनक शिक्षा सामग्री केन्द्र	५,००,०००।
१३. संस्कृत इन्स्टिच्यूट	५,००,०००।
१४. योजना तथ्याङ्क अनुसन्धान शाखा	३,००,०००।
अनुमानित कुल खर्च:	११,९७,५२,३३५।

परिच्छेद २३

स्वास्थ्य

स्वस्थ तथा सवल जनशक्ति राष्ट्रिय विकासको अमूल्य साधन हो । देशको आर्थिक एवं सामाजिक विकासमा जनताको शारीरिक तथा मानसिक शक्ति निर्भर गर्दछ । स्वस्थ जनवल सृजना गर्न लाग्ने खर्च आर्थिक दृष्टिकोणबाट ज्यादा खर्चिलो देखिए तापनि यसबाट मिल्ने परोक्ष फाइदाबाट देशको आर्थिक विकासमा योगदान मिल्दछ ।

देश निर्माणको लागि स्वास्थ्य एवं योग्य जनवल उपलब्ध गराउनु नै स्वास्थ्य सेवा विकासको मुख्य उद्देश्य हो । देशमा उपलब्ध सीमित आर्थिक एवं प्राविधिक साधनले भ्याएसम्म देशको प्रत्येक भागमा यथाशक्य स्वास्थय सेवाका सुविधाहरू उपलब्ध गराउने श्री ५ को सरकारको दीर्घकालीन नीति छ ।

चौथो योजनाअन्तर्गत स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई मोटामोटी रुपमा प्रतिकारात्मक सेवा, चिकित्सा कार्य तथा शिक्षा र तालिम आदि ३ मुख्य भागमा विभाजित गर्न सकिन्छ । कुनै पनि रोगको उपचारभन्दा रोकथाम कम खर्चिले र सरल हुने हुँदा र खास गरी नेपालको सीमित स्वास्थ्य प्राविधिक एवं आर्थिक साधनलाई ध्यानमा राखी प्रतिकारात्मक सेवालाई प्राथमिकता दिइनेछ । चिकित्सासेवा तर्फ हाल स्थापना भइसकेका संस्थाहरूलाई नै बढी सुसंगठित पारी सञ्चालन गरिनेछ । साथै स्वास्थ्य प्राविधिकहरूको बढ्दो खाँचो पूर्ति गर्न खास गरी मध्यस्तरका कार्यकर्ताहरूको तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

हाल स्वास्थ्य सेवाअन्तर्गत विभिन्न परियोजनाहरू चालू छन् । यी परियोजनाहरूको लक्ष्य पूर्ति गर्न प्रत्येक जिल्लामा बेग्लाबेग्लै स्वास्थ्य कार्यालय तथा प्राविधिज्ञहरू रहेका छन् । यो व्यवस्था हाम्रो सीमित आर्थिक र प्राविधिक साधनलाई ध्यानमा राख्दा ज्यादै महङ्गो सिद्ध भएकाले चौथो योजना अवधिमा प्रतिकारात्मक कार्यमा लागेका सबै स्वास्थ्य आयोजनाहरूलाई केन्द्रीय तहमा एकीकरण गरी बीचको स्तरमा पृथक् पृथक् योजना चालू भए तापनि सञ्चालन तहमा ती सबै कार्यक्रमहरूको एकीकरण गर्नेतर्फ विशेष प्रयास गरिनेछ ।

१. स्वास्थ्य सेवाको ढाँचा

(क) अञ्चल स्वास्थ्य कार्यालय :

विभिन्न अञ्चलको स्थिति अनुसार स्वास्थ्य योजना तयार पार्न, तिनीहरूको लागि आवश्यक औषधि, औजार तथा प्राविधिज्ञहरूको व्यवस्था गर्न तथा अञ्चल स्तरमा प्रतिकारात्मक तथा चिकित्सा सेवामा सामञ्जस्य ल्याउने उद्देश्यले कोशी, जनकपुर, नारायणी, लुम्बिनी र भेरी अञ्चलहरूमा योजना अवधिमा स्वास्थ्य कार्यालयहरू खडा भएका छन् । यी कार्यालयहरूमा आवश्यक अनुसार भवन निर्माण, प्राविधिक तथा अरु सहुलियतहरू उपलब्ध गराई सुसंगठित पारी सञ्चालन गर्नुका साथै सगरमाथा र गण्डकी अञ्चलमा नयाँ कार्यालयहरू खोलिने छन् ।

उपर्युक्त कार्यालयहरूअन्तर्गत अञ्चलको आवश्यकता हेरी ५० देखि १०० शैच्याका अस्पतालहरू रहने छन्, यिनीहरूलाई जिल्लास्तरमा रहने २५ शैच्याका अस्पतालहरूको "रेफरेल" अस्पतालका रुपमा विकास गरिनेछ ।

(ख) जिल्ला स्वास्थ्य कार्यालय

जिल्ला स्तरमा जिल्ला स्वास्थ्य सेवा संगठनले जिल्लाका बढी से बढी जनसङ्ख्यालाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयत्न गर्नेछ । यस पञ्चवर्षीय योजनामा उपर्युक्त ७ अञ्चलका ७ जिल्लामा जिल्लास्तरीय जनस्वास्थ्य कार्यालयहरू खोलिने छन् ।

(ग) हेल्थ पोष्ट

स्थानीय स्तरमा स्वास्थ्य सेवाको सबैभन्दा तल्लो तहमा भौगोलिक स्थिति एवं जनसङ्ख्याको आधारमा हेल्थ पोष्टहरू रहने छन् । हाल औलो उन्मूलन कार्य मध्यमाञ्चलमा धेरै स्थानमा समाप्त भइसकेको छ र सुचारु रुपले चलेका स्वास्थ्य संस्थाहको अभावले गर्दा औलो उत्मूलनलाई 'कन्सोलिडेशन फेज' मा नै राखिछाड्नु परेको छ । पूर्वाञ्चल र केही हदसम्म पश्चिमाञ्चलमा पनि यही नै अवस्था छ । तसर्थ औलो उन्मुलन कार्य समाप्त हुन लागेका ठाउँहरूमा मोटामोटी रुपले २५,००० जनसङ्ख्यालाई १ हेल्थ पोष्टको प्रबन्ध गरी यसैबाट औलोको प्रतिरक्षा तथा हेरचाह, अन्य प्रतिकारात्मक कार्यहरू, साधारण तथा आकस्मिक चिकित्सा कार्य तथा स्वास्थ्य शिक्षा र तथ्याङ्क सङ्कलन आदि कार्यहरू गराउने यस योजनाको मुख्य उद्देश्य रहेको छ । यसबाट औलोको प्रतिरक्षा तथा रेखदेखको लागि छुट्टै कार्यालयको खर्चको बचत हुने र एकै कार्यालयबाट माथि उल्लिखित अन्य विभिन्न कार्यक्रमहरू पनि चालू गराउन सकिनेछ ।

हाल औलो क्षेत्रमा करिब ६२ लाख जनसङ्ख्या बसोवास गरिरहेका छन् । जनसङ्ख्याको आधारमा उक्त औलो क्षेत्रको हेरचाह गर्न करिब २४० हेल्थ पोष्टको आवश्यकता पर्ने छ । यसमध्ये तेस्रो योजनाको अन्त्यसम्ममा हेल्थ पोष्टको सङ्ख्या ३३ पुग्ने हुँदा चौथो योजना अवधिमा थप २०० हेल्थ पोष्टको स्थापना गरिनेछ ।

औलो उन्मूलन कार्य भइरहेको तराई क्षेत्रको साथै देशका अन्य पहाडी क्षेत्रमा पनि स्वास्थ्य सहूलियतहरू प्रदान गर्नु आवश्यक छ । तसर्थ यी क्षेत्रमा पनि प्रतिवर्ष कमसेकम ५ हेल्थपोष्टको हिसाबले चौथो योजनामा २५ हेल्थ पोष्टहरू खडा गरिने छन् । यी हेल्थ पोष्टमा औलोको हेरचाहवाहेक अन्य सबै स्वास्थ्य कार्यहरू माथि उल्लिखित झैं रहनेछन् । पहाडी क्षेत्रमा यातायातको कठिनाइले गर्दा प्रत्येक ८।१० हजार जनसङ्ख्यामा एक हेल्थ पोष्ट राखिने छ । यसरी चौथो योजनामा जम्मा २२५ हेल्थ पोष्टहरूको स्थापना गरिने कार्यक्रम छ ।

हेल्थ पोष्टहरूमा काम गर्ने कर्मचारीहरूलाई आवश्यतानुसार तालिम दिइने छ । स्वास्थ्य सेवाको कुनै सुविधा उपलब्ध नभएका केही दुर्गम स्थानहरूमा मेडिकल अधिकृतसहितका स्वास्थ्य केन्द्रहरू स्थापना गरिने छन् र उनीहरूले प्रतिकारात्मक तथा चिकित्सा कार्य दुबैमा सामञ्जस्य ल्याई जनस्वास्थ्य सहुलियतहरू प्रदान गर्नेछन् ।

प्रतीकारात्मक सेवा :

(क) औलो उन्मूलन :

औलो उन्मूलनतर्फ योजना अवधिमा औलो ग्रसित क्षेत्रहरूमा बसोबास गरेका ६२ लाख जनसङ्ख्या मध्ये ४५ प्रतिशत कन्शोलिडेसन (डि.डि.टी. छर्ने काम बन्द भई रेखदेख गर्ने) अवस्थामा पुगेका र बाँकी ४६ प्रतिशत आक्रमण अवस्थामा (डि.डि.टी. छर्कने कामको अलावा रोगी पत्ता लगाई उपचार गर्ने अवस्था) छन् । अधिराज्यको मध्यमाञ्चल तथा पूर्वाञ्चलमा पर्ने औलो ग्रसित क्षेत्रहरू प्रतिरक्षा अवस्थामा लगिने योजना भएकोमा, स्वास्थ्य संस्थाहरूको विकास गर्न समय लाग्ने हुँदा, सो क्षेत्रलाई रेखदेख अवस्थामै राख्नुपर्ने वाध्यता भई केही क्षेत्रलाई मात्र प्रतिरक्षा अवस्थामा लैजान सकिने छ । यसरी प्रथम आर्थिक वर्षमा सम्पूर्ण औलो ग्रसित क्षेत्रको १० प्रतिशत जनसङ्ख्यालाई प्रतिरक्षा अवस्थामा, करिब ६० प्रतिशत रेखदेख अवस्थामा र ३० प्रतिशत आक्रमण अवस्थामा हुने लक्ष्य राखिएको छ ।

स्वास्थ्य संस्थाहरूको समुचित विकास भएमा योजनाको अन्त्यसम्ममा औलो ग्रसित क्षेत्रको सम्पूर्ण जनसङ्ख्याको ७५ प्रतिशतसम्म प्रतिरक्षा अवस्थामा जाने र बाँकी २५ प्रतिशत रेखदेख अवस्थामा रही रहने र आक्रमण अवस्थामा प्राय: कुनै क्षेत्र पनि नहने लक्ष्य रखिएको छ ।

(ख) कुष्ठ रोग नियन्त्रण :

कुष्ठरोग नियन्त्रण कार्यक्रमअन्तर्गत बाग्मती तथा नारायणी अञ्चलमा रोग पत्ता लगउने तथा स्वास्थ्य संस्थाहरूमा उपचारको व्यवस्था मिलाउने लक्ष्यअनुसार कार्य भएको छ । यस योजनामा बाग्मती र नारायणी अञ्चलका साथै जनकपुर, सगरमाथा, कोशी, मेची र लुम्बिनी अञ्चलमा पनि कार्यक्रम विस्तार गर्दै लैजाने योजना छ । विरामी पत्ता लगाउन स्कूल र जनसङ्ख्या सर्भे, प्रयोगशालामा किटाणुहरूको परीक्षण गर्ने, नयाँ स्वास्थ्य संस्थाहरूमा उपचारको व्यवस्था मिलाउने र सहायक स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम दिने कार्यक्रम छ । खोकना कुष्ठरोगीखानाका समर्थ रोगीहरूलाई क्रमश: पुनर्वास गराउने योजना छ ।

(ग) क्षयरोग नियन्त्रण :

तेस्रो योजनामा प्रतीकात्मक सेवातर्फ क्षयरोग नियन्त्रण परियोजनाअन्तर्गत काठमाडौं उपत्यकामा जन्मे देखिन १५ वर्ष मुनिका बालक बालिकालाई वि. सि. जि. (भ्याक्सीन) दिने र क्षयरोग पत्ता लगाउने कार्य चालू छ । यसअन्तर्गत २,०३,०२१ लाई वि. सि. जि. दिइएको र रोगीहरू पत्ता लगाई उपचार गरिएको छ । बाग्मती अञ्चलमा हाल ६ स्वास्थ्य केन्द्रहरूमा क्षयरोग चिकित्साको व्यवस्था भएको छ । यस योजनामा बाग्मती अञ्चलअन्तर्गत काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा जिल्लामा, नारायणी अञ्चलअन्तर्गत पर्सा र बारामा वि. सि. जी. कार्यक्रम चलाउने, स्कूलमा तथा नवजात शिशु कल्याण केन्द्रमा वि. सि. जी. कार्यक्रम विकास गर्दै लैजाने, क्षयरोग पत्ता लगाउने कार्य विस्तृत गर्ने र सहायक कार्यकर्ताहरूलाई क्षयरोगसम्बन्धी तालिम दिने कार्यक्रम छ । साथै क्षयरोग चिकित्साको कार्यक्रम पनि विस्तृत गर्दै लैजाने लक्ष्य छ ।

(घ) बिफर उन्मूलन :

बिफर उन्मूलन कार्यक्रमअन्तर्गत तेस्रो योजना अवधिमा करिब ५४ लाख मानिसलाई बिफर विरुद्ध खोपाउने काम भएको छ । यस योजनामा १४ अञ्चलमा ८० प्रतिशत जनसङ्ख्यालाई विफर विरुद्ध खोपाउने, नवजात शिशुहरू र यात्रीहरूलाई खोपाउने तथा जनसङ्ख्यालाई समय समयमा पुन: खोपाउने र यो योजना कार्यन्वित गर्न कर्मचारीहरूलाई तालिम दिई खटाउने, भ्याक्सीन ठाउँ ठाउँमा पुऱ्याउने इत्यादि हुनेछ ।

(ङ) परिवार नियोजन तथा मातृ शिशु कल्याण :

परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रमको लक्ष्यअनुसार ६० वटा क्लिनिक खोलिएका छन् । देशमा भएको आर्थिक उत्पादन र जनसङ्ख्या बृद्धिमा सन्तुलन ल्याई जनताको जीवनस्तर वृद्धि गराउनु यस योजनाको मुख्य उद्देश्य हो ।

तेस्रो योजनामा सर्वप्रथम परिवार नियोजन कार्यक्रमलाई राष्ट्रिय योजनाको रुपमा समावेश गरिएको थियो र योजनाको चौथो वर्षदेखि यसलाई परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको रुपमा विस्तृत रुपले चालू गरिएको छ ।

चौथो योजनामा देशका विभिन्न क्षेत्रहरूमा गरी प. नि. मा. शि. क. क्लिनिकहरूको सङ्ख्या २६० र जिल्ला कार्यालयहरूको सङ्ख्या ४० पुऱ्याइने छ । साथै १५ देखि ४५ बर्षसम्मका विवाहित दम्पत्तिमध्ये १५ प्रतिशतलाई परिवार नियोजन सेवा, ५ वर्षसम्मका करिब ४ लाख शिशुहरूलाई स्वास्थोपचार तथा बिफर, बि. सि. जी., पोलियो, डि. पि. टी. भ्याक्सीन र १० वटा गाउँहरूमा प्रसूति सेवा उपलब्ध गराउने यस आयोजनाको कार्यक्रम छ । यसको अलावा विभिन्न तहका स्वास्थ्य कार्यकर्ताहरूको तालिम, केही आवश्यक भवन निर्माण र परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धमा प्रचार प्रसार आदि कार्यक्रमहरू राखिएका छन् ।

चिकित्सा सेवा :

माथि उल्लिखित प्रतिकात्मक सेवालाई प्राथमिकता दिई प्रतिकारात्मक तथा चिकित्सा सेवामा सामञ्जस्य ल्याउने प्रयास गरिनेछ ।

नेपालमा गत केही वर्षयता स्वास्थ्य सेवातर्फ निकै प्रगति भएको देखिए तापनि अन्य विकासोन्मुख देशहरूको दाँजोमा नेपाल यस क्षेत्रमा ज्यादै पिछडिएको पाइन्छ । अधिराज्यमा हाल अस्पतालहरूको सङ्ख्या ५४, तिनीहरूको शैच्या सङ्ख्या १,८७५ र डाक्टरहरूको सङ्ख्या पुग नपुग ३०० मात्र छ । तर हाल यिनीहरू प्राय: काठमाडौं तथा अन्य शहरी क्षेत्रमा केन्द्रित भएको हुँदा, देशका अन्य भागमा चिकित्सा सेवाको सुविधा नगण्य प्राय: मान्न सकिन्छ । तसर्थ जनसङ्ख्याको चिकित्सा सम्बन्धी सहुलियतको बढ्दो मागलाई ध्यानमा राखी चौथो योजनामा भईरहेको केही अस्पतालहरूमा शैया एवं अन्य सुविधाहरूको बृद्धि गर्ने र अञ्चल अस्पतालहरूमा केही हदसम्म विशेष चिकित्सा सहूलियत उपलब्ध गराइने छ । यस अवधिमा नयाँ अस्पताल स्थापना गर्ने कार्यक्रम राखिएको छैन ।

चौथो योजना अवधिमा अस्पतालहरू ३ मुख्य स्तरमा विकास गरिनेछन् । ५० देखि १०० शैच्याका अञ्चल अस्पताल, १५ शैच्याका अस्पतालहरू र २५ शैच्याका अस्पतालहरू प्रत्येक स्तरका अस्पतालहरूमा यथाशक्य एकै ढाँचामा प्राविधिक तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

अस्पताल :

क. वीर अस्पताल

नर्सेज ट्रेनिङ्ग स्कूललाई विस्तृत् तालिमको क्षेत्र र रोगीहरूको बढ्दो सङ्ख्यालाई बढी सेवा प्रदान गर्न यस योजनामा केही आवश्यक शैच्या थप गर्ने लक्ष्य छ । अस्पतालका विभिन्न शाखाको विकास, आवश्यक भवन निर्माण, एक इन्टेन्सीभ कोरोनरी यूनिटको स्थापना र आवश्यक सरसामान र औजारहरूको उपलब्धिको पनि कार्यक्रम छ ।

ख. ५०–१०० शैच्याका अस्पताल

हाल बुटवल, जलेश्वर, पोखरा, विराटनगर, वीरगञ्ज र नेपालगञ्जमा ५० शैच्याका अस्पतालहरू छन् । तर यसमध्ये बुटवल, जलेश्वर, पोखरा अस्पतालहरूमा कतै आवश्यक भवनको कमी छ भने कतै सरसामान तथा प्राविधिकहरूको सुविधा उपलब्ध छैन । त्यस्तै अन्य अस्पतालहरूमा पनि आवश्यक सुविधाहरूको अभाव छ । तसर्थ चौथो योजनामा ५० शैच्याका सबै अस्पतालहरूलाई "रेफरल" अस्पतालको रुपमा विकास गर्न सबैमा आवश्यक प्राविधक एवं सरसामान आदि सुविधाहरू उपलब्ध गराइने छ । विरामीहरूको सङ्ख्यामा ज्यादै वृद्धि भई हालको शैया सङ्ख्या वहुतै अपर्याप्त हुन गएकाले विराटनगर अस्पतालमा ५० शैच्या थप गरी १०० शैच्या अस्पताल र राजविराजमा प्रसूति शैया सहित २५ शैच्या थप गरी ५० शैच्याका अस्पतालहरू सञ्चालन गरिनेछन् ।

ग. २५ शैच्या अस्पताल

हाल २५ शैच्याका अस्पताल ललितपुर, भक्तपुर, गौर र हेटौंडामा छन् । चौथो योजनामा भद्रपुर तथा जनकपुर अस्पतालहरूमा शैच्या थप गरी २५ पुऱ्याइनुका साथै ललितपुर, भक्तपुर, भरतपुर र हेटौंडा अस्पताललाई सुसज्जित र सुदृढ बनाई सञ्चालन गरिनेछ ।

घ. १५ शैच्या अस्पताल

हाल इलाम, कैलाली, दाङ्ग, धनकुटा, रङ्गेली, भोजपुर, डोटी, भैरहवा, धरान, बन्दिपुर, जुम्ला, डडेलधुरा, परासी, तौलीहवा, बाग्लुङ्ग, सर्लाही र कलैयामा १५ शैच्या अस्पतालहरू छन् । तर यिनीहरूमध्ये धेरैजसो आवश्यक प्राविधिक, सरसामान तथा अन्य सुविधाहरूको कमीले गर्दा सुचारु रुपले सञ्चालन हुन सकेका छैनन् ।

चौथो योजनामा यी अस्पतालहरूमा यथाशक्य सुविधाहरू उपलब्ध गराइनेछन् । साथै १५ शैच्याभन्दा कम भएका शिवराज बर्दिया, इनर्वा अस्पतालहरूमा शैच्या तथा अन्य सुविधाहरूमा वृद्धि गरी १५ शैच्याका अस्पतालहरूको रुपमा सञ्चालन गरिनेछ ।

ङ. स्वास्थ्य केन्द्र

योजनावधिमा सामान्यत: नयाँ स्वास्थ्य केन्द्रको स्थापना गर्ने कार्यक्रम छैन । खुलिसकेका स्वास्थ्य केन्द्र र औषधालय (डिस्पेन्सरी) हरूलाई १५ शैच्या अस्पताल वा हेल्थपोष्टमा परिणत गरिनेछ ।

तालिम :

यस योजनामा स्वास्थ्य सेवाका प्रस्तावित कार्यक्रमहरू बढी सुव्यवस्थित एवं योजनाबद्ध रुपमा कार्यान्वित गराउन, यसको निमित्त आवश्यक पर्ने विभिन्न तहका प्राविधिकहरूको उचित शिक्षा तथा तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

आर्थिक तथा प्राविधिक साधन एवं प्रशासकीय दृष्टिकोणबाट अधिराज्यका सबै भागमा हाल डाक्टरहरूको सेवा उपलब्ध गराउन सम्भव छैन । तसर्थ योजना अवधिमा देशमा उपलब्ध हुने डाक्टरहरूको सङ्ख्या प्रस्तावित कार्यक्रमहरूको लागि पर्याप्त नै देखिन्छ । हाल डाक्टरहरूको सङ्ख्या प्राय: चिकित्सा सेवा क्षेत्रमा मात्र भएको हुँदा यस योजनामा जनस्वास्थ्य प्रतीकारात्मक सेवातर्फ डाक्टरहरूको आवश्यक पर्ने भएकाले "पब्लिक हेल्थ ओरियन्टेशन कोर्षहरू" दिलाउने र डाक्टरहरू उपलब्ध गराउन विभिन्न विषयमा उचित स्नातकोत्तर तालिम र अध्ययनको प्रबन्ध गाइनेछ" । विदेशमा विशेषज्ञ तालिमको लागि आवश्यतानुसार मात्र पठाइने छ ।

क. उपचारिका तालिम

चौथो योजनामा थप स्टाफ नर्सहरूको सङ्ख्या २०० हुने अनुमान गरिएको छ । यसको लागि नर्सेज ट्रेनिङ्ग स्कूलमा छात्राहरू क्षमताअनुसार भर्ना गरिनेछन् । साथै उक्त स्कूलमा स्टाफ भवन र शैक्षिक सामग्रीहरू जस्ता केही थप सुविधाहरू पनि उपलब्ध गराइनेछ । स्टाफ नर्स तालिम उच्च शिक्षाको पनि व्यवस्था गरिनेछ । खास गरी प्रादेशिक स्वास्थ्य कार्यक्रम सुदृढ गर्न तथा विभिन्न प्रतीकारात्मक सेवा कार्यहरू सञ्चालन गराउन जनस्वास्थ्य उपचारिका तालिममा विशेष जोड दिइनेछ ।

ख. सहायक स्वास्थ्य कार्यकर्ता

तेस्रो योजना अवधिमा सहायक कार्यकर्ता विद्यालयमा प्रतिवर्ष १०० जना कार्यकर्ता तालिम गर्ने लक्ष्य भएकोमा स्वास्थ्य सेवा विस्तार कार्यक्रममा कटौती भई स्वास्थ्य कार्यकर्ताको माग पनि कम भएकाले प्रतिवर्ष ३० जनालाई तालिम दिइयो ।

यस योजना अवधिमा २२५ हेल्थ पोष्टहरू सञ्चालन गर्ने लक्ष्य भएकाले कम से कम ४५० सहायक कार्यकर्ताहरूको आवश्यकता देखिन्छ । अञ्चल कार्यालय र अस्पतालहरूमा समेत सहायक कार्यकर्ताहरू राख्नुपर्ने हुनाले अरु १५० जति सहायक कार्यकर्ताहरूको जरुरत हुँदा ५ वर्षमा ६०० जति तालिमप्राप्त सहायक कार्यकर्ताहरू उपलब्ध गराउनु पर्नेछ । यसका लागि स्थानीय सहायक स्वास्थ्य कार्यकर्ता विद्यालयमा निर्माण कार्य, छात्रावासको व्यवस्था, कर्मचारीहरूको वृद्धि तथा अरु सहुलियतहरू प्रदान गर्न आवश्यक छ । औलो उन्मूलन संघमा काम गरिहेका मलेरिया इन्स्पेक्टर र सुपरभाइजरहरूको तालिम, पुराना ड्रेसर कम्पाउण्डरहरू, पुराना सहायक कार्यकर्ताहरू र स्वास्थ्य सहायकलाई रिफ्रेसर तालिमको व्यवस्था गर्नुपर्ने हुनाले स्कूलमा हाल उपलब्ध भएको सहुलियतहरूमा वृद्धि गरिनेछ । स्कूलमावाहेक दुइवटा गाउँ पञ्चायतहरूमा छात्राहरूको क्रियात्मक तालिमको लागि "जनस्वास्थ्य अभ्यास क्षेत्र" खोलिनेछ ।

ग. असिष्टेन्ट नर्स मिडवाइफ तालिम

असिष्टेन्ट नर्स मिडवाइफको लागि हाल भरतपुर, विराटनगर नेपालगञ्जमा स्कूलहरू सञ्चालित छन् र हरेक ६।६ महिनामा १५ छात्राहरूको दरले भर्ना लिने क्षमता छ । यसबाट ८०।८५ अ. न. मि. मात्र तालिम हुने भएकोले पाँच वर्षमा ४०० अ. न. मि.हरू उपलब्ध हुन सक्नेछन् । यस योजनाको आखिरी वर्षसम्ममा २२५ हेल्थपोष्ट खोल्न मात्र ५०० अ. न. मि.को आवश्यकता हुने र अस्पताल, अञ्चल स्वास्थ्य कार्यालयहरू इत्यादिका निमित्त २५० अ. न. मि. हरूको जरुरत पर्नेछ । यसवाहेक हाल चालू रहेका अरु स्वास्थ्य संस्थाहरूलाई पनि करिब १५० अ. न. मि. आवश्यक भैरहेकोले योजना अवधिमा जम्मा ९०० अ. न. मि.को आवश्यकता पर्न आउँछ यो थप आवश्यकता परिवार नियोजन कार्यक्रमअन्तर्गत केही अंशमा विदेशमा पठाइने अ. न. मि. छात्राबाट पूर्ति हुने आशा गरिएको छ ।

नेपालगञ्ज तालिम केन्द्रमा हाल आफ्नै भवन नभएको र छात्राहरूको बसोबास र क्लास सञ्चालनमा समेत कठिनाइ महसुस भएकाले उक्त केन्द्रको लागि भवन निर्माण गरिनेछ ।

घ. प्रयोगशाला सहायक तालिम

प्रयोगशाला सञ्चालन गर्न प्राविधिकको ज्यादै कमी महसुस गरी २०२५ सालदेखि स्थानीय केन्द्रीय स्वास्थ्य प्रयोगशालामा तालिम सुरू गरिएको छ । यस कार्यालयलाई यस योजनामा पनि चालू राखिनेछ र ६० जना प्रयोगशाला सहायकलाई तालिम दिइनेछ । यसका साथै ५०० स्वास्थ्य सहायक कार्यकर्ताहरूलाई ३ महिने तालिम र ६० जनालाई ६ महिने तालिम पनि दिइनेछ ।

ङ. एक्सरे टेक्निसियन तालिम

देशभरिमा हाल १४ वटा एक्सरे मेशीन भएकोमा प्राविधिकहरूको कमीले धेरैजसो सुचारु रुपले चलाउन सकिएको छैन र भविष्यमा अरु एक्सरे मेशीन पनि उपलब्ध हुने हुँदा यस योजनामा एक्सरे टेक्निसियनको तालिमको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

५. विविध

क. एपिडिमालोजी शाखा

स्वास्थ्य सेवा निर्देशनालयमा जनस्वास्थ्य सुदृढ गराउन पब्लिक हेल्थ सेक्सनअन्तर्गत एपिडिमालोजी शाखा राखिने कार्यक्रम छ र देशमा प्रचलित सबै किसिमका मुख्य रोगहरूको जाँच पड्तालको कार्य यसको अभिभारामा हुनेछ ।

ख. स्वास्थ्य शिक्षा

योजनावद्ध स्वास्थ्य शिक्षा कार्यक्रम नै जनस्वास्थ्य एवं प्रतीकारात्मक स्वास्थ्य सेवाको टेवा हो भन्नुमा अत्युक्ति हुनेछैन । स्वास्थ्य कार्यक्रमलाई सफलीभूत पार्न जनसाधारणलाई पनि यस कार्यक्रमबारे जानकारी दिनु आवश्यक भएकाले स्कूल स्वास्थ्य शिक्षा तालिम र शैक्षिक सामग्री उत्पादन आदि कार्यक्रमहरू राखिएका छन् । अञ्चल शिक्षा शाखाको पनि विस्तार गरिनेछ ।

ग. केन्द्रीय स्वास्थ्य प्रयोगशाला

यस योजनामा केन्द्रीय स्वास्थ्य प्रयोगशालाको विकास गर्ने कार्यक्रम छ । उक्त प्रयोगशालामा विभिन्न किसिमका कीटाणुहरूको खोज, इम्यूनोलोजी, हिस्ट्रेलजी, रगत तथा खानेकुराहरूको रासायनिक जाँच, प्राविधिज्ञहको तालिम तथा जनस्वास्थ्यसम्बन्धी विभिन्न विषयमा अन्वेषणहरू गरिनेछन् ।

घ. आयुर्वेदी चिकित्सा

हाम्रो जस्तो आधुनिक स्वास्थ्य सेवाको सुविधा व्यापक नभैसकेको मुलुकमा आयुर्वेद चिकित्साको ठूलो स्थान छ । आयुर्वेद चिकित्सालाई प्रोत्साहन दिने नीतिअनुसार आयुर्वेद अनुसन्धानमा जोड दिइनेछ । यसका लागि चाहिने जडीबुटी र अन्य साधनहरूको आवश्यकता हेरी केही जिल्लाहरूमा औषधालयको स्थापना गरिनेछ । आयुर्वेदको शिक्षास्तर बढाउन आयुर्वेद विद्यालयलाई महाविद्यालयमा परिणत गरिनेतर्फ कारवाही गर्नुका साथै औषधिहरूको निर्माण, प्रचार र समयोपयोगी बिक्री वितरणका लागि वैद्यखानालाई पनि आधुनिक सामानहरू उपलब्ध गराइनेछ ।

ङ. होमियो अस्पताल

यस योजनाअन्तर्गत मातृ शिशु कल्याणसहित २५ शैच्याको आयुर्वेद अस्पताल खडा गरी सञ्चालन गरिनेछ ।

च. घुम्ती टोली

स्वास्थ्य सेवाको सहुलियत प्रदान गर्न नसकिएका ठाउँहरूमा विभिन्न घुम्ती टोलीसमेत पठाउने लक्ष्य छ ।

छ. मानसिक चिकित्सालय

यस योजनामा मानसिक चिकित्सालयको स्थापना गर्न जग्गा खरिद गरिनेछ र अन्य निर्माण कार्यहरू विदेशी सहयोबाट हुने भएकोले चौथो योजनाभित्र पूरा हुने आशा गरिएको छ ।

ज. निर्माण र सुधार

केही अस्पताल भवनहरू धेरै पुरानो भई हाल निर्माण अवस्थामा भएकाले आवश्यकता अनुसार तिनको मरम्मत तथा निर्माण गरिनेछ र नयाँ सुविधाहरू प्रदान गरिनेछ ।

झ. मेडिकल कलेज

नेपालमा मेडिकल कलेजको स्थापनाको लागि चौथो योजनामा जग्गा उपलब्ध गर्नुका साथै अन्य आवश्यक व्यवस्था गरिनेछ ।

आयोजनाको लाग अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. जनस्वास्थ्य कार्यालयहरू	
(क) अञ्चल कार्यालय	१२,००,०००

(ख) जिल्ला कार्यालय	१५,४०,०००
(ग) हेल्थ पोष्ट	१,६०,००,०००
२. शिक्षा तथा तालिम	
(क) स्वास्थ्य शिक्षा	१२,२५,०००
(ख) उपचारिका तालिम	४०,००,०००
(ग) अ.न.मि. स्कूल	२३,०५,०००
(घ) अ.हे.व. स्कूल	४०,००,०००
३. सरुवा रोग नियन्त्रणहरू	
(क) औलो उन्मूलन	४,००,००,०००
(ख) बिफर उन्मूलन	१,१०,५०,०००
(ग) क्षयरोग नियन्त्रण	१०,४२,०००
(घ) कुष्ठरोग नियन्त्रण	१३,७०,०००
४. अस्पताल	
(क) वीर अस्पताल	३०,००,०००
(ख) १०० शैया अस्पताल	१०,००,०००
(ग) ५० शैच्या अस्पताल	१७,००,०००
(घ) २५ शैच्या अस्पताल	२०,००,०००
(ङ) १५ शैच्या अस्पताल	१५,३०,०००
५. परिवार नियोजन	४,१०,००,०००
६. केन्द्रीय स्वास्थ्य प्रयोगशाला	५,००,०००
७. अन्य अस्पताल	
(क) मानसिक रोगको अस्पताल	१,५०,०००
(ख) होमियो अस्पताल	४,५०,०००
८. घुम्ती टोली	२,००,०००
९. निर्माण सुधार	१,००,००,०००
१०. आयुर्वेदीय चिकित्सा	१०,००,०००
११. मेडिकल कलेज	५०,००,०००
जम्मा :	१५,१२,६२,०००

परिच्छेद २४

खानेपानी तथा ढल निर्माण

जन समुदायको स्वास्थ्य रक्षा र सरसफाईको लागि स्वच्छ खानेपानीको उपलब्धि र त्यसको राम्रो व्यवस्था हुनु अत्यावश्यक छ । यी दुई कुराको अभावमा बेला बेलामा हैजा, विषमज्वर, अतिसारजस्ता रोगहरू फैलिने सम्भावना रही रहन्छ ।

औचित्यताको दृष्टिकोणबाट पनि उपर्युक्त सेवाहरूलाई साधनले भ्याएसम्म विस्तार गर्नुपर्ने हुनाले देशमा योजनाबद्ध विकासको सूत्रपात भएदेखि नै श्री ५ को सरकारले खानेपानीको बृद्धिमा विभिन्न आयोजनाहरूको कार्यान्वयन गर्दै आएको छ । विभिन्न योजनाकालमा यस क्षेत्रमा भएको उपलब्धि तल तालिकामा प्रस्तुत छ ।

तालिका नं. १

विभिन्न योजनाकालमा भएको खानेपानीको उपलब्धि

योजनाकाल		उपलब्धि (ग्यालेन प्रति दिनमा)
पहिलो योजना	(२०१३-२०१८)	१४,५२,०००
दोस्रो योजना	(२०१९-२०२२)	१४,९५,०००
तेस्रो योजनाको		
तेस्रो वर्षसम्ममा	(२०२३-२०२५)	४९,४८,०००

तेस्रो योजनाको अन्त्यसम्ममा १०,००,००० ग्यालेन पानी प्रतिदिन उपलब्ध हुने अनुमान छ । यसअनुसार सरकारी स्तरबाट निर्मित आयोजनाहरूको सङ्ख्या ५० जति पुग्नेछ र यसबाट लगभग ६,००,००० जनसङ्ख्या लाभान्वित हुनेछ । यस तथ्याङ्कबाट स्पष्ट हुन आउँछ कि एक करोड जनसङ्ख्यामध्ये करिब ६ प्रतिशतले मात्र पाइपद्वारा वितरित खानेपानीको उपयोग गर्ने सुविधा पाएको छ र सरदर प्रतिव्यक्ति खपत १६ ग्यालन प्रतिदिन हुन आउँछ जुन आधुनिक दृष्टिकोणबाट सन्तोषजनक मान्न सकिन्न ।

स्वस्थ समाजको निमित्त अत्यावश्यक शुद्ध, स्वच्छ एवं पर्याप्त खानेपानीको व्यवस्था र ढल प्रणालीको निर्माणजस्तो कार्यक्रमलाई सामाजिक न्यायमा आधारित औचित्यको दृष्टिकोणबाट जतिसुकै विस्तार गर्न सकिने कुरा हो तापनि देशको भौगोलिक अवस्था, यातायातको सुविधा, प्रशासकीय क्षमता, प्राविधिक जनबलको अपर्याप्तता र विगत वर्षहरूमा सामना गर्नुपरेका कतिपय कठिनाईहरूको पृष्ठभूमिमा आगामी योजना अवधिको लागि खानेपानी तथा ढल व्यवस्थाको कार्यक्रमहरू तर्जुमा गरिएको छ । योजना अवधिमा देशमा भएको खानेपानीको स्रोतहरूको यथासम्भव अनुसन्धान एवं सर्वेक्षण गरी सम्भाव्य योजनाहरूको प्रतिवेदन तयार गरिनेछ । खानेपानी एवं ढलसम्बन्धी कार्यक्रमलाई मोटामोटी रुपबाट यस प्रकार विभाजित गरिएको छ :-

१. **नयाँ आयोजनाहरूको निर्माण**

(क) खानेपानी

हालसम्म १४ अञ्चलमध्ये १२ अञ्चलको सदर मुकाममा र ७५ जिल्लामध्ये ३३ जिल्लाको सदरमुकाममा खानेपानीको व्यवस्था भइसकेको अथवा योजना सञ्चालन भइरहेको देखिन्छ । यस योजना अवधिमा अञ्चल सदरमुकाम, जिल्ला सदरमुकाम र गाउँ पञ्चायत स्तरीय गरी जम्मा ३७ वटा खानेपानी आयोजनाहरूको सर्वेक्षण गरी प्रारम्भ गरिनेछ । आगामी योजना अवधिको मुख्य खानेपानी आयोजनाहरू तथा त्यसबाट उपलब्ध हुने पानीको परिमाण, लाभान्वित जनसङ्ख्या, लाग्ने रकम आदिको मोटामोटीको विवरण तल तालिकामा प्रस्तुत छ:-

तालिका नं. २

प्रस्तावित आयोजनाहरू

सि.नं.	आयोजनाको नाम	उपलब्ध हुने पानीको अनुमानित परिमाण (ग्यालन प्रतिदिन)	अनुमानित लाभान्वित जनसङ्ख्या	अनुमानित रकम
१.	ललितपुर खानेपानी आयोजना	२७,००,०००	१,०८,०००	५०,००,०००
२.	भक्तपुर खानेपानी आयोजना	२०,००,०००	८०,०००	३५,००,०००
३.	सुर्खेत खानेपानी आयोजना	१,०५,०००	७,०००	८,५०,०००
४.	दैलेख खानेपानी आयोजना	४५,०००	३,०००	५,००,०००
५.	सल्यान खानेपानी आयोजना	१,०५,००	७,०००	११,००,०००

६.	फुटकर आयोजना			६५,००,०००
७.	वित्तिय आयोजनाहरूको निमित्त			१०,००,०००
	जम्मा:-			१,८४,५०,०००

F **परिशिष्टमा तोकिए अनुसार**

(ख) ढल निकास

चौथो योजनामा खानेपानीको सुविधा उपलब्ध शहरी क्षेत्रहरूमा ढल निकासको लागि प्राथमिकता दिइएको छ । प्राथमिकता क्रमअनुसार ढल निकाससम्बन्धी सर्वेक्षण गरी आयोजनाको प्रतिवेदन तयार गरिनेछ ।

संयुक्त राष्ट्र संघीय विकास कोषको सहायताबाट काठमाडौं उपत्यकामा दीर्घकालीन खानेपानी र ढल निकास आयोजना तयार गर्ने सिलसिलामा एउटा गुरु योजना तैयार गरिनेछ ।

२. **चालू आयोजनाहरूको सञ्चालन**

गत योजना अवधिमा सुरू गरिएका अपूरा आयोजनाहरूलाई यस पञ्चवर्षीय योजनाकालमा पनि तिनीहरूको निर्माण कार्य चालू राखी ती आयोजनाहरू पूरा गरिनेछन् । ती अपूरा आयोजनाहरूको नाम, त्यसबाट उपलब्ध हुने पानीको परिमाण तथा त्यसबाट लाभान्वित हुनसक्ने जनसङ्ख्याको मोटामोटी बिवरण तालिका नं. घ मा प्रस्तुत छ ।

तालिका नं. ३

तेस्रो योजनाबाट चौथो योजनामा सारिने आयोजनाहरू

सि.नं.	आयेनजाको नाम	उपलब्ध हुने पानीको परिमाण	लाभान्वित हुन सक्ने जनसङ्ख्या	लगत इष्टिमेटको अङ्क	चौथो योजनामा लाग्ने आवश्यक रकम
१.	दाङ तुल्सीपुर खा.पा. आयोजना	१,२४,५००	५,५००	७,९२,५८०	७,००,०००
२.	नेपालगञ्ज खा.पा. आयोजना	२,००,०००	९,०००	१४,९३,०००	२,००,०००
३.	भद्रपुर खा.पा. आयोजना	२,००,०००	८,०००	१३,०३,६००	४,००,०००
४.	धनगढी खा.पा. आयोजना	१,४०,०००	२,०००	४,७७,०००	१,००,०००
५.	बनेपा खा.पा. आयोजना	१,५०,०००	१२,०००	७,५२,०००	२,००,०००
६.	महेन्द्रनगर खा.पा. आयोजना	१,८०,०००	१२,०००	१३,२०,०००	१०,००,०००
७.	सुनागुठी,ठेचो, चापागाउँ खा.पा. आयोजना	१,५६,७००	१५,०००	११,२५,२००	४,००,०००
८.	पाल्पा खा.पा. आयोजना	५०,०००	३,०००	२,८७,०००	१,००,०००
९.	बुटवल खस्यौली खा.पा. आयोजना	४,५०,०००	१८,०००	२०,२०,२००	१६,००,०००
१०.	तिराम प्यूठान खा.पा. आयोजना	४,०००	७००	१,२०,२९६	५०,०००
११.	भक्तपुर विस्तार खा.पा. आयोजना	८,००.०००	४०,०००	९,७१,०००	४,००,०००
	जम्मा :	२४,५५,२००	१,२५,९००	१,०६,६१,८७६	५१,५०,०००

यी आयोजनाहरूको समाप्तिपछि २४,५५,२०० ग्यालेन प्रतिदिन पानीको बृद्धि हुने र १,२५,९०० थप जनसङ्ख्याले पानीको सुविधा उपयोग गर्न सक्नेछन् ।

३. सर्वेक्षण एवं आयोजनाको प्रतिवेदन

सकेसम्म धेरै ठाउँहरूमा खानेपानी उपलब्ध गराउन यस योजना अवधिमा विभिन्न क्षेत्रहरूको सर्वेक्षण गरी सम्भाव्य आयोजनाहरूको लगत इष्टिमेट र नक्सासहित प्रतिवेदन तयार गरिनेछ ।

४. अनुसन्धानशालाको स्थापना

पानीको रासायनिक परीक्षण, पानीको स्तर कायम गर्न अपनाउनु पर्ने विभिन्न प्राविधिक अध्ययन, आयोजनाको निमित्त निर्माणको लागि कम खर्चिलो र सम्भार एवं मरमतको लागि सजिलो साधनहरूको तर्जुमा इत्यादि कार्यक्रमहरूको लागि यस योजनाकालमा अनुसन्धानशाला स्थापना गरिनेछ ।

५. विविध

यस पञ्चवर्षीय योजना अवधिमा पानी मिटर, पानी छान्ने (फिल्ट्रेशन) आदिजस्ता सुधार तथा नवीकरणका कामहरू तथा साविक खानेपानी आयोजनाहरूमा आवश्यक देखिएकोमा सम्भार सञ्चालन समेतको आवश्यक व्यवस्था गरिनेछ ।

परिशिष्ट

फुटकर खानेपानी आयोजना

सि.नं	अञ्चल	जिल्ला	आयोजना स्थल
१.	वागमती	काठमाडौं	१ चोभार २. स्यूचाटार
		ललितपुर	१. लुभु
		भक्तपुर	१. दधिकोट
		काभ्रे	१. फलाटे २ रातमाटे ३ देउराली
२.	गण्डकी	काश्की	१. पुरनचौर
		लमजुङ	१ गिलुङ २. याङ्जाकोट
		स्यांजा	१. केरुडाँडा २. दासिङ्ग, दहथुम (भारया)
		पर्वत	१. मल्लाज
३.	धौलागिरी	बाग्लुङ	१. फलेवास
४.	लुम्बिनी	गुल्मी	१. रिधा २ . जुमुङ ३. रुपाकोट
		अर्घाखाँची	१. बलकोट
५.	राप्ती	प्यूठान	१. लुङ
६.	सेती	अछाम	१. रिडीकोट
७.	नारायणी	चितौन	१. नारायणघाट
		पर्सा	१. पशुपति आदर्शनगर
८.	जनकपुर	सिन्धुली	१. माडी २. नेत्रकाली आँपडाँडा
९.	सगरमाथा	भोजपुर	१. भोजपुर
		उदयपुर	१. उदयपुर
१०.	कोशी	मोरङ	१. साकफारा
		तेह्रथुम	१. चुहान डाँडा
		सुनसरी	१. चौकीवारी गाउँ
११.	मेची	पाँचथर	१. फिदिम
		इलाम	१ इलाम बजार

अनुसूची

आयोजनाहरूको लागि अनुमानित खर्च

सि.नं.	आयोजनाको नाम	बिकास खर्च
१.	चालू आयोजनाहरू	४०,६५,२००

२.	नयाँ प्रस्तावित आयोजनाहरू	१,८४,५०,०००
ब[क]	भक्तपुर खानेपानी योजना	३५,००,०००
[ख]	ललितपुर खानेपानी आयोजना	५०,००,०००
ग.	सुर्खेत खानेपानी आयोजना	८,५०,०००
घ.	दैलेख खानेपानी आयोजना	५,००,०००
ङ.	सल्यान खानेपानी आयोजना	११,००,०००
च.	फुटकर खानेपानी आयोजना (२४ जिल्लाहरूमा	६५,००,०००
	विविध आयोजनाहरू	१०,००,०००
३.	अन्य स्थानहरूमा खानेपानी सर्वेक्षण	२,००,०००
४.	ढल निकास सर्वेक्षण (अन्य स्थानहरूमा)	१,००,०००
५.	अनुसन्धानशाला	३,००,०००
६.	काठमाडौं, ललितपुर र भक्तपुरमा खानेपानी तथा ढल निकासको बृहत् आयोजना सर्वेक्षण	९१,४५,०००
७.	सुधार तथा नवीकरण	५०,००,०००
कुल जम्मा :		३,७२,६०,२००

[a] योजनाको तेस्रो बर्षदेखि सुरू गर्ने

[J] योजनाको दोस्रो बर्षदेखि सुरू गर्ने

परिच्छेद २५

पञ्चायत

पञ्चायती व्यवस्था हाम्रो देश सुहाउँदो एक राजनैतिक प्रणाली हुनाको साथै राष्ट्र निर्माणको लागि देशको साधन र स्रोतको परिचालन गर्न तथा देशव्यापी योजना सफलतापूर्वक कार्यान्वित गर्नका लागि महत्वपूर्ण माध्यम पनि भएको कुरा निर्विवाद् छ । विभिन्न गाउँ, जिल्ला र वर्गीय संगठनहरूमा आपसी सहयोग तथा समनवयको भावना जागृत गराई यिनीहरूमा निहित जनशक्ति र साधनको योग्य परिचालनद्वारा बढी प्रभावकारी रुपमा प्रतिनिधित्व गराउन र देश विकास कार्यमा जनताको योगदान बढी मात्रामा उपलब्ध गराउन, लोकसम्मतिको अनुकूल जनहित र सम्पूर्ण जनताको क्रियाशीलता दलबिहीन पञ्चायती प्रणालीको वास्तविक सफलताको लागि अति आवश्यक छ ।

तेस्रो योजनाअन्तर्गत देशमा रहेका अनेकौं स्रोत एवं साधनको अन्वेषण गरी परिचालन गर्नेजस्ता महत्वपूर्ण आयोजनाहरू समेत स्थानीय गाउँपञ्चायतहरूबाट नै उनीहरूकै चाख एवं सुविधामा स्थानीय जनताको मनोभावनाकुल सम्पन्न गराई यस प्रकार देशको आर्थिक तथा सामाजिक समुन्नति गर्ने कार्यमा देशवासीहरूलाई सोझै सरीक गराउने पञ्चायती व्यवस्थाको लक्ष्य रहेकोमा प्रशस्त उपलब्धि भएको छ ।

पञ्चायती ब्यवस्थाको निर्धारित लक्ष्य हासिल गर्न विकेन्द्रीकरणको सिद्धान्तको अनुसरण गरी विभिन्न अञ्चल, जिल्ला तथा गाउँ पञ्चायत स्तरबाट सञ्चालन हुने विभिन्न आयोजना र तिनमा हुने लगानीलाई चौथो योजना अवधिमा बढी महत्व प्रदान गरिनेछ ।

विकास अनुदान

जिल्ला तथा गाउँ पञ्चायतहरूलाई विकास कार्यमा सरीक गराउन स्थानीय प्रयासमा उघाउ पुऱ्याउन विकास अनुदान केन्द्रीय स्तरबाट उपलब्ध गराइनेछ । जिल्लाहरूलाई विकास अनुदान गाउँ पञ्चायत सङ्ख्या र भौगोलिक प्रदेशको आधारमा बाँडिनेछ । क. वर्ग (हिमाली प्रदेश) मा पर्ने जिल्लाहरूलाई आयोजनामा पर्ने खर्चको बढीमा ७५ प्र.स., ख. वर्ग (पहाड)का जिल्लाहरूलाई वढीमा ५० प्र.स. र ग. वर्ग (तराई, काठमाडौं उपत्यका) जिल्लाहरूलाइ बढीमा ३० प्र.श. विकास अनुदान दिइनेछ (तालिका नं. १) । सो वर्गीकरणमा मुस्ताङ, गोरखा, धादिङ जिल्लाहरूबाहेक प्रशासन जिल्लाको एकाई मानिएको छ । मुस्ताङ जिल्लामा टुकुचे र यस उत्तरका गा.पं.हरूले क. वर्गको अनुपातमा र टुकुचे दक्षिणका गा.पं. हरूले ख. वर्गको अनुपातमा विकास अनुदान पाउनेछन् । यसै गरी गोरखा र धादिङ्ग जिल्लाहरूमा जगात र यस उत्तरका गा.पं. क. वर्ग र जगात दक्षिणका गा.पं.हरू ख. वर्गमा मानिनेछन् । यस प्रकारको प्रादेशिक वर्गीकरण बाहेक, कृषि विकास आयोजनाहरूलाई अनुदान बढीमा ७५ प्र.श. सम्म दिन सकिनेछ । जिल्लालाई प्राप्त हुने जम्मा विकास अनुदानमध्ये २० प्र.श. जिल्ला स्तरीय आयोजनालाई र बाँकी ८० प्रतिशत गाउँ पञ्चायतहरूलाई दिइनेछ । विकास अनुदानको प्राथमिकता आयोजना फारमको माध्यमबाट स्थानीय प्रयासको अनुपात र आयोजनाको सम्भाव्यताबाट निर्धारित गरिनेछ । माथि उल्लिखित प्रणालीहरू बाहेक चौथो योजनामा विकास अनुदानको उपयोगमा प्रतिपर्स्धाको स्थिति बसालिने छ । योजनाको प्रथम वर्षमा बढी से बढी गाउँ पञ्चायतका आयोजनाहरू भरि पठाएका जिल्लाहरूलाई प्राथमिकता दिइनेछ । (ताकिला २) योजनाकालको दोस्रो वर्षदेखि प्रत्येक अञ्चलबाट प्रयास र प्रगतिको मूल्याङ्कनको आधारमा एक जिल्ला छनौट गरी १४ जिल्लाहरूलाई विकास अनुदानको लागि प्राथमिकता दिइनेछ ।

तालिका नं. १
जिल्लाहरूको वर्गीकरण

क.वर्ग (७५ प्र.श.)		ख. वर्ग (५० प्र.श.)		ग. वर्ग (३० प्र.श.)	
१.	दार्चुला	१.	बैतडी	१.	कञ्चनपुर
२.	बझाङ	२.	सुर्खेत	२.	कैलाली
३.	बाजुरा	३.	डँडेलधुरा	३.	दाङ देउखुरी
४.	हुम्ला	४.	डोटी	४.	नवलपुर परासी
५.	जुम्ला	५.	अछाम	५.	चितवन
६.	मुगु	६.	दैलेख	६.	वर्दिया
७.	तिब्रिकोट	७.	जाजरकोट	७.	बाँके
८.	डोल्पा	८.	सिन्धुली	८.	कपिलवस्तु

९.	उत्तर मुस्ताङ (टुक्चे उत्तरका गाउँ पञ्चायतलाई मात्र)	९.	रुकुम	९.	रुपन्देही
१०.	मनाङ	१०.	उदयपुर	१०.	पर्सा
११.	रसुवा	११.	सल्यान	११.	बारा
१२.	दोलखा	१२.	रोल्पा	१२.	रौतहट
१३.	सोलुखुम्वु	१३.	म्यार्दी	१३.	महोत्तरी
१४.	संखुवासभा	१४.	बाग्लुङ्ग	१४.	सर्लाही
१५.	ताप्लेजुङ्ग	१५.	प्यूठान	१५.	धनुषा
१६.	उत्तरी गोरखा (जगात उत्तरका गा.मात्र)	१६.	गुल्मी	१६.	सिरहा
१७.	उत्तरी धादिङ्ग (जगात उत्तरका गां.पं. मात्र)	१७.	अर्घाखाँची	१७.	सप्तरी
		१८.	पाल्पा	१८.	सुन्सरी
		१९.	पर्वत	१९.	झापा
		२०.	कास्की	२०.	काठमाडौ
		२१.	लमजुङ्ग	२१.	ललितपुर
		२२.	गोर्खा (जगात दक्षिण)	२२.	भक्तपुर
		२३.	धादिङ्ग (जगात दक्षिण)	२३.	मोरङ
		२४.	तनहुँ		
		२५.	नुवाकोट		
		२६.	मकवानपुर		
		२७.	सिन्धुपाल्चोक		
		२८.	काभ्रे		
		२९.	रामेछाप		
		३०.	ओखलढुङ्गा		
		३१.	खोटाङ्ग		
		३२.	भोजपुर		
		३३.	धनकुटा		
		३४.	तेह्रथुम		
		३५.	पाँचथर		
		३६.	इलाम		
		३७.	स्याङजा		
		३८.	मुस्ताङ्ग (टुकुचे दक्षिण)		

तालिका २

योजनाको प्रथम बर्षमा प्राथिमकता पाउने जिल्लाहरू:-

सि. नं.	जिल्ला	अञ्चल	अनुदानको प्र.श.
१.	दार्चुला	महाकाली	७५
२.	बाजुरा	सेती	७५
३.	तिब्रिकोट	कर्णाली	७५
४.	जाजरकोट	भेरी	५०
५.	रुकुम	राप्ती	५०
६.	वाग्लुङ्ग	धवलागिरी	५०
७.	गोरखा	गण्डकी	५०

८.	गुल्मी	लुम्बिनी	५०
९.	रसुवा	वाग्मती	७५
१०.	पर्सा	नारायणी	२५
११.	सिन्धुली	जनकपुर	५०
१२.	उदयपुर	सगरमाथा	५०
१३.	संखुवासभा	कोशी	७५
१४.	इलाम	मेची	५०

जिरी बहुमुखी विकास योजना

पहाडी जीवनको विकास कार्यक्रमको सिलसिलामा मौजुदा स्थानीय साधनलाई वैज्ञानिक तरिकाले सञ्चालन गर्न आवश्यक साधन, सुविधा र प्राविधिकहरूको ज्ञान उपलब्ध गराई स्थानीय जनतालाई सुकिलो जीवन यापन गराउने उद्देश्यमा जिरी बहुमुखी विकास योजना सञ्चालन भएको छ । यस योजनाअन्तर्गत क्रमबद्ध जीवन विकास निमित्त वन चरण कृषि प्रसार, सहकारिता, स्वास्थ्य सेवा, पशुपालन, गृह विज्ञान, शिक्षा, पञ्चायत आदि मूलभूत विषयका कार्यक्रमहरूलाई समन्वयात्मक तरिकाले सञ्चालन गराइनेछ । यसको नतिजाको आधारमा नेपालका अन्य पहाडी इलाकाको विकासको निमित्त मद्दत मिल्नेछ ।

तालिम कार्यक्रम

विभिन्न तहका स्थानीय पञ्चायतहरूको विकास गरी विकेन्द्रीकरणको सिद्धान्तअनुरुप तिनीहरूलाई देश निर्माणको लागि बढी जिम्मेवारी वहन गर्न सक्ने आवश्यक वातावरण तयार गर्नुका अतिरिक्त साधारण जनतादारीमा रुढीवादी मनोभावनामा परिवर्तन ल्याई उनीहरूमा स्वावलम्वन र आत्मर्निभरताको भावना विकसित गराई राष्ट्रोत्थानको कार्यक्रममा अग्रसर गराउनु वर्तमान पञ्चायती व्यवस्थाको उद्देश्य रहेको छ । राष्ट्र निर्माणको लागि देशको साधन परिचालन गरी देशको आर्थिक तथा सामाजिक उत्थान गर्नुजस्ता कार्यहरूको क्रममा स्थानीय पञ्चायतहरूलाई आवश्यक अधिकारहरू यो व्यवस्थाले सुम्पेको छ । यसर्थ यस्ता गहकिला जिम्मेवारी बहन गरी कर्तव्यनिष्ठ रहनु पर्ने पञ्चायत विकाससम्बन्धी विभिन्न क्षेत्रमा कार्य गर्ने सम्पूर्ण पञ्च तथा कर्मचारीहरू समेतमा कार्य कुशलता बढाई क्षमताको अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्था हुनु अत्यावश्यक भएकाले तालिम कार्यक्रम योजनामा समावेश गरिएको छ ।

तालिम कार्यक्रमलाई विशेषतः दुई भागमा विभाजन गरिएको छ, जसअनुसार स्थापना गरिएको अञ्चल प्रशिक्षण केन्द्रहरूबाट जिल्ला स्तरीय शिक्षा, स्वास्थ्य, हुलाक आदि क्षेत्रहरू र विकेन्द्रीकरण योजना कार्यान्वयन अन्तर्गत स्थानीय स्तरमा कार्य सञ्चालन गर्न नियुक्त हुने अधिकारीहरूलाई तालिम प्रदान गर्ने व्यवस्था छ । अर्को प्रकारको तालिम स्थानीय नेता तथा अरु किसिमका ग्रामीण अगुवाहरूलाई उपलब्ध गराइनेछ । हाल रामपुर, चन्द्रगढी र नेपालगञ्ज प्रशिक्षण केन्द्रबाहेक योजनाकालभर पोखरामा पनि एउटा पञ्चायत प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ । उपर्युक्त संस्थामा तालिम कार्यक्रमका अतिरिक्त देशका कुना कुनामा आवश्यकताअनुसार विभिन्न शिविरको आयोजना गरी ग्रामीण जनतालाई उपयोगी हुने विषयहरूमा तालिम दिने व्यवस्था गरिएको छ । यस्ता तालिम शिविर पुरुषा तथा महिला दुवै वर्गको लागि आयोजना गरिनेछ ।

प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त गर्ने व्यक्तिहरूको संख्या

आर्थिक वर्ष	०२७-२८	०२८-२९	०२९-३०	०३०-३१	०३१-३२	जम्मा
रामपुर	४३६	४२७	३९६	५०९	३६७	२,१३५
चन्द्रगढी	४७४	५६६	४९०	४७२	५२८	२,५३६
नेपालगञ्ज	५७३	५५०	४९७	२६४	५६०	२,४४४
जम्मा :						७,११५

अञ्चल स्तरीय तालिम :– यस योजनाकालमा मेची, नारायणी, भेरी, बाग्मती, गण्डकी, लुम्बिनी तथा महाकाली अञ्चलहरूमा शिविर तथा सम्मेलनद्वारा तालिम दिने व्यवस्था गरिएको छ । एक टोलीले अञ्चल भित्र वर्षमा १० वटा शिविर र दुइवटा सम्मेलनको आयोजना गर्नेछ । यी शिविर सम्मेलनहरूमा जनप्रतिनिधि समेतले भाग लिन पाउने छन् र यस योजनाको वर्षहरूमा विभिन्न ठाउँमा ४५० तालिम शिविर खडा गरी १५,००० व्यक्तिहरूलाई तालिम दिने र ९० वटा सम्मेलनको आयोजना गरी ५,००० व्यक्तिलाई तालिम दिने कार्यक्रम छ ।

जिल्ला स्तरीय :– अञ्चल स्तरीय तालिम लागू नभएका ३६ जिल्लाहरूमा जिल्ला स्तरीय तालिम, जिल्ला स्तरीय शिविर र सम्मेलनको आयोजना गरिनेछ । योजना अवधिमा १८०० तालिम शिविर खडा गरी १८,००० व्यक्तिहरूलाई तालिम दिइनेछ ।

महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्रले यस योजना अवधिमा विभिन्न जिल्लाहरूमा शिविर खडा गरी सघन कार्यक्रम तयारी गरी तालिम दिने व्यवस्था गर्नेछ यस कार्यक्रमअन्तर्गत जम्मा ७४,८२० व्यक्तिहरूले तालिम पाउने छन् ।

यसै योजना अवधिमा जिल्ला तथा विभिन्न गाउँमा महिला तालिम शिविर खडा गरी तालिमको सघन कार्यक्रम चलाइनेछ र अन्य किसिमको तालिमको लागि योग्य प्राविधिज्ञ तथा महिला कार्यकर्ताको कमीलाई पूरा गर्न यस योजनाकालमा महिला कार्यकर्ता, महिला संगठन कार्यकर्ता, स्वयंसेविका र गृह विज्ञानको तालिम (कलेज स्तरको) दिइनेछ । यसक कार्यक्रमअन्तर्गत ८२५ जनाले तालिम पाउनेछन् ।

स्वयंसेवकहरूको सेवा

गाउँ तथा जिल्लाहरूमा सञ्चालन गरिने आयोजनाहरूलाई सुचारु ढङ्गबाट कार्यान्वित गर्नको लागि प्राविधिक ज्ञान भएका स्वयंसेवकलाई दुई दुई वर्षको निमित्त आयोजनाहरूमा पठाइने कार्यक्रम छ । यसको निम्ति पञ्चवर्षीय योजनामा १९२ जना ओभरसियर र इञ्जिनियर स्वयंसेवकहरू माग गर्ने लक्ष्य छ ।

दुर्गमक्षेत्र विकास योजना

लोक कल्याणकारी राज्यको सिद्धान्तमा आधारित पञ्चायती व्यवस्थाले एक करोड नेपालीको सुख सुविधा वृद्धि गराउने काममा चौतर्फी विकास गर्ने प्रयास गर्दै आएको छ । धेरै लामो अवधिसम्म अविकसित अवस्थामा रहेको यस देशलाई सबै कामको मेलो वसाल्न केही समय लाग्नु स्वभाविकै हो । देशका कति यस्ता भागहरू छन् जसलाई प्रत्यक्ष र विशेष ध्यान नदिएमा त्यहाँको विकास हुन अझ धेरै समय लाग्ने हुँदा श्री ५ को सरकारका विभिन्न अङ्गहरूले प्रयास गरिरहेको विकास कार्यमा बढी सहयोग पुऱ्याउन दुर्गम क्षेत्र विकास समितिको गठन गरिएको छ ।

अविकसित क्षेत्रको स्थानीय आवश्यकता पूरा गर्न सीमाक्षेत्रहरूमा तालिम केन्द्रहरू खोल्नु आवश्यक छ । पशुपालन, चरन व्यवस्था, घिउ, दुग्धसार, ऊन तथा ऊनीसामान उत्पादन, खेती विकास, फलोद्यान तथा जडी-बुटीको सम्भार, सङ्कलन, व्यापार तथा काष्ठ कार्य, गृह निर्माण र स्वास्थ्य शिक्षामा तालिम दिन वहुमुखी माध्यमिक शिक्षालय भएको ठाउँमा शिक्षा विभागसँगको सहयोगमा र त्यस्तो शिक्षालय नभएको ठाउँमा गृह पञ्चायत मन्त्रालयको पञ्चायत तालिम शाखाको सहयोगमा तालिम सञ्चालन गरिनेछ । हाल उपलब्ध भएको स्थानीय सुविधा तथा तालिमको आवश्यता हेरी जुम्ला, जोमसोम, जिरी र सल्लेरी वा यस्तै अन्य उपयुक्त ठाउँ भए ती ठाउँमा गरी जम्मा ४ ठाउँमा प्रयोगको रूपमा सञ्चालन गरिनेछ । यी प्रत्येक ठाउँमा ५० जना सम्म बस्न पुग्ने छात्रावासको लागि स्थायी भवन निर्माण गरिनेछ । यी विभिन्न विषयका प्राविधिज्ञहरूलाई पालैसँग दुइ देखि चा महिनाको अवधिसम्म आवश्यकता हेरी ती तालिम केन्द्रहरूमा संलग्न राखी जिल्ला, अञ्चल र प्रत्येक ग्रा. पं. का प्रत्येक वार्डबाट सदस्यहरू नै वा सदस्यहरूले मनोनित गरेका व्यक्तिहरूलाई तालिम केन्द्रमा बोलाई प्रत्येक प्राविधिक क्षेत्रमा व्यावहारिक तालिम दिइनेछ ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. विकास अनुदान	२,००,००,०००
२. जिरी वहुमुखी विकास योजना	१५,००,०००
३. पञ्चायत प्रशिक्षण केन्द्र	
(क) रामपुर	४०,४६,५००
(ख) चन्द्रगढी	१४,१४,०००
(ग) नेपालगञ्ज	३०,५७,५००
(घ) पोखरा (नयाँ आयोजना)	२५,२५,०००
(ङ) तालिम सामग्री उत्पादन	५,१४,०००
४. घुम्ती तालिम	५०,००,०००
(पुरुष महिला घुम्ती तालिम महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्र)	
५. स्वयं सेवक सेवा	२७,०००
६. दुर्गम क्षेत्र विकास (सामाजिक सेवा तर्फ)	३०,००,०००
कुल खर्च :	४,१०,८४,०००

परिच्छेद २६

आवास तथा भौतिक परियोजना

आवास मानिसको एक प्रमुख आवश्यकता हो । देशमा हुने जनसङ्ख्याको वृद्धिको अनुपातमा आवासको समस्या बढ्दै जाने कुरा निर्विवाद छ । तर देशको शहरी क्षेत्रहमा आवगमनको साथ साथै आधुनिक सुविधाहरू पनि विद्यमान भएकोले र यहाँको जनसङ्ख्यामा द्रुततर वृद्धिले गर्दा आवास एक जटिल समस्याको रुपमा पनि देखा पर्न थालेको छ अझ खास गरी राजधानी काठमाडौं र यसका छिमेकी शहर पाटन र भक्तपुरमा यता एक दशकभित्र भएको जनसङ्ख्या वृद्धिले गर्दा आवास समस्या एक विकट समस्याकै रुपमा खडा हुन आएको छ । तेस्रो योजनाको सुरूकै बेलामा पनि काठमाडौं र पाटनमा जम्मा ११,६८२ थप घरहरू आवश्यक देखिएको ठाउँमा विगत केही वर्षभित्र यहाँ भएको जनसङ्ख्याको प्राकृतिक वृद्धि तथा नयाँ आई बस्ने परिवारहरूको निरन्तर वृद्धिले गर्दा घर-परिवार धनत्व देशका अन्य कुनै ठाउँसँग पनि अतुलनीय छ । यस समस्या माथि समयमा नै विचार पुऱ्याउनु सकेनौ भने यस क्षेत्रका मानिस, भूमि तथा जनसेवी साधनहरूको प्रबन्धमा समेत विकट समस्या आई नपर्ला भन्न सकिन्न ।

सिमित साधन र प्रारम्भिक अवस्थाको ख्याल राखी तेस्रो योजनाकालमा आवास कार्यक्रम सानो रूपमा मात्र सञ्चालन गर्ने कुरा उल्लेख भएको थियो । तेस्रो योजनामा उल्लेख भएअनुसार उक्त योजना अवधिमा गरिने यसको कार्य तेस्रो योजनाको संशोधनअनुसार नमुनाको रुपमा १६ आवास घरहरू निर्माण गर्ने निधो भयो । तर एकातिर यसको कमजोरी, प्रशासकीय तथा प्राविधिक क्षमताले यसको लक्ष्य प्राप्तिमा अवरोध पैदा गऱ्यो भने अर्कोतिर प्राय: विदेशीहरूको आवश्यकतामाथि दृष्टिगत राखी भवन निर्माण कार्यमा निजी क्षेत्रले लिएको अभिरूचिबाट निकट भविष्यमा नै शहरहरूमा भौतिक स्वरूपमाथि प्रतिकूल प्रभाव पर्न जान सक्ने हुनाले यसले आफ्नो प्रशासनिक क्षमता बढाउनु र शहरको योजनाबद्ध विकासको लागि भौतिक परियोजना तयार गर्नमा बाध्य हुनपऱ्यो । सोही अनुपरू भवन विभाग आवास तथा भौतिक परियोजना विभागमा परिणत भयो र सुनियोजित शहरी विकासको लागि काठमाडौं उपत्यकाको भौतिक विकास योजना नाम पुस्तक जनसमक्ष प्रस्तुत गरियो ।

चौथो योजनाको कार्यक्रम

उपर्युक्त कुराहरूको व्यवस्था मिलाई देशमा सुनियोजित ढङ्गले शहरहरू बसाउँदै लैजान चौथो योजनाकालमा आवास तथा भौतिक परियोजनाले अनियन्त्रिच ढङ्गले बन्न लागेको शहरहरूमाथि नियन्त्रण गर्न र आधुनिक सुविधाहरू तथा बस्ती घनत्वको अनुकूल उचित स्तरको बसोबास क्षेत्रहरू कायम राख्ने उद्देश्यअन्तर्गत निम्नलिखित कार्यहरू गर्नेछन् :

भौतिक परियोजना :–

सुनियोजित आवास व्यवस्थाको लागि भौतिक परियोजना हुनु अत्यावश्यक छ । तसर्थ बस्ती घनत्व, आधुनिक सुविधाहरू तथा भौतिक वातावरणको अनुकूलतम स्तर कायम गर्न यस योजना अवधिमा तलका आयोजनाहरू सञ्चालन गरिनेछ ।

१. काठमाडौं नेपाल अधिराज्यको राजधानी, श्री ५ को सरकारको प्रशासनको केन्द्र, व्यापारिक केन्द्र तथा प्राचीन र आधुनिक नेपाली कलात्मक वस्तुहरूको पनि भण्डार बनेको हुनाले यहाँ केवल जनसङ्ख्याको मात्र वद्धि नभई सरकारी, गैह्र सरकारी, विदेशी कूटनैतिक व्यक्तिहरू तथा पर्यटकहरूले आफ्ना साथमा ल्याएका सवारीहरूको सङ्ख्याको पनि निकै नै वृद्धि भएको छ । यी सवारीका साधनहरूको वृद्धिअनुसार यसको लागि आवश्यक परिचालन योजना नबनेमा यसबाट मानिसहरूको गत्यात्मकता, बाटोमा परिवहन साधनहरूको परिचालनमा बाधा, विभिन्न प्रकारका दुर्घटनाहरू हुन जाने स्वाभाविक छ । अत: परिचालन योजनाको पूरकको रुपमा यस योजनाकालमा काठमाडौं शहरमा पार्किङ्ग क्षेत्रको निर्माण गरिनेछ
२. विकास क्रम सँगसँग हुँदै जाने नगरिकरणलाई समयमै दृष्टि पुऱ्याउन नसकेमा भविष्यमा यसबाट स्थानीय जनता तथा श्री ५ को सरकारमा समेत विकट समस्या आइलाग्ने कुरा निर्विवाद छ । यस समस्याको रोकथाम गरी शहरहरूको योजनात्मक विकासको लागि यस योजना अवधिमा पोखरा, विराटनगर, धरान, भद्रपुर, नेपालगञ्ज र अरु ठाउँहरूको सुनियोजित ढङ्गबाट विकास तथा सुधार गर्नेतर्फ कदम चालिनेछ
३. देशको धार्मिक तथा ऐतिहासिक महत्वका स्थानहरूको विकास गर्ने सन्दर्भमा यस योजनाकालमा भगवान बुद्धको जन्मस्थल लुम्बिनीको विस्तृत सर्वेक्षण गरी एक योजना तयार पारिनेछ र तदनुरुप नयाँ विकास क्षेत्रमा पिउने पानी आदिको सुविधाहरू नजिकको बसोबास क्षेत्रमा उपलब्ध गराइनेछ ।

आवास :–

यस योजनाकालमा आवास प्रबन्धको लागि देहायका कामहरू सञ्चालन गरिने छन् ।

१. काठमाडौं शहरी क्षेत्रमा भएको बस्ती घनत्व तथा जनसङ्ख्या वृद्धिलाई ध्यानमा राखी यस पञ्चवर्षीय योजनाभित्र कालीमाटीदेखि बालाजुसम्म आवासको लागि विस्तृत सर्वेक्षण गरी त्यहाँ घ निर्माणको लागि आवश्यक सुविधाहको निर्माण गर्ने र मध्यम तथा निम्न वर्गका परिवारहरूलाई सुपथ मोलमा घर निर्माणको लागि जग्गा बिक्री वितरण गरिनेछ ।

२. व्यापार तथा औद्योगीक दृष्टिकोणले महत्वपूर्ण पोखरा, विराटनगर तथा वीरगञ्जमा भौतिक योजनाको गुरुयोजना अनुसार छुट्याइएका क्षेत्रमा नयाँ बसोवासको लागि आवास योजना बनाइनेछ ।

आयोजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. काठमाडौं शहरमा सवारी राख्ने क्षेत्रको निर्माण	५,००,०००
२. पोखरा, विराटनगर, वीरगञ्जको भौतिक विकास योजना र भरतपुर, धरान आदि ठाउँहरूको विकास र सुधार	५,००,०००
३. लुम्बिनी विकास	३,००,०००
४. कालिमाटीदेखि बालाजुसम्मको आवास प्रबन्ध	१,००,००,०००
५. पोखरा, विराटनगर आदि शहरमा आवस व्यवस्था	१५,००,००
जम्मा :	१,२८,००,०००

परिच्छेद २७

सूचना तथा प्रसार

देश विकासको क्रममा चालिने कुनै पनि आर्थिक र सामाजिक योजनाको सफलता नै जनताको सक्रिय सहयोगमा निर्भर गर्दछ । जनतामा नयाँ चेतना, विकासको लहर र जागरण दिलाउन अन्य कुराहरूको अतिरिक्त पनि देशको विकास क्रममा सरकारले उठाएका कार्यक्रम तथा अन्य गतिविधिहरू बोध गराउन आवश्यक छ अझ हाम्रो जस्तो विकट भौगोलिक अवस्था भएको देशको विकासका लागि अन्य कार्यक्रमहरूको अतिरिक्त सूचना प्रसार कार्यको ठूलो महत्व हुनु स्वाभाविक छ ।

तेस्रो योजनामा विकास कार्यक्रमअनुसार जम्मा १३० प्रकारका पुस्तक पुस्तिका, १९ किसिमका फोल्डरहरू र २५ किसिमका दृश्यसम्बन्धी पोष्टरहरू प्रचारमा ल्याइ दिएको थियो । साथै २ वटा कथा चित्र र १९ वटा वृत्तचित्र पनि तयार भएका छन् । यसरी नै दुर्गम क्षेत्रहरूमा घुम्ती टोलीहरू पठाई चित्रहरू प्रदर्शन पनि गरिएको छ । छापाखाना विकासको सिलसिलामा जम्मा ५६,००० पौण्ड मूल्यको मेशीन मगाइएको छ र एक लाइनो मेशीन पनि गोरखापत्रलाई उपलब्ध गराइएको छ । छापाखानालाई राउटिंग मेशीन उपलब्ध भएकोले हालसम्म जम्मा ४,३९० ब्लक र १,६५५ थान फोटो पनि तयार भएको छ ।

यसरी नै प्रसारतर्फ पनि विभिन्न पञ्चायतहरूमा गरी जम्मा ३७४ श्रवण केन्द्रहरूको स्थापना भयो र १०० किलोवाटको सर्टवेभ मिटरसमेत जडान भई प्रसार सेवा सुरू भएको छ । त्यस ट्रान्समिटरबाट प्रसारित कार्यक्रम वाह्य देशहरूबाट पनि राम्ररी सुन्न सकिने भएको केही कर्मचारीहरूलाई रेडियो प्रोग्राम र अरु विषयहरूमा तालिम पनि दिइएको छ ।

चौथो योजनाको कार्यक्रम

क. प्रसार

देशभित्रका कलाकारहरूको प्रतिभालाई बढी से बढी मात्रामा प्रकाशमा ल्याउन र स्थानीय विकास कार्यलाई बढी प्रोत्साहन दिन देशभित्र विभिन्न क्षेत्रीय स्टेशनहरू खोली प्रसारण सेवालाई सुदृढ पार्नु आवश्यक देखिन्छ । काठमाडौंमा हाल चालू १० किलोवाट मिडियम वेभ ट्रान्समीटर एकलाई क्षेत्रीय स्टेशनमा परिणत गर्ने सोही खालको अरू थप १ स्टेशन पश्चिम पहाडमा राखिनेछ ।

ख. सूचना

सूचना क्षेत्रको चौथो योजना अवधिमा निम्नलिखित कार्यक्रमहरू सम्पन्न गरिनेछन् :

१. श्री ५ को सरकारको छापाखाना

नयाँ छापाखानाको कार्यक्रम सञ्चालन गर्ने दक्ष व्यक्ति तयार गर्न आयोजनाको पहिलो वर्षमै प्राविधिकहरूलाई संयुक्त अधिराज्यमा दुई दुई वर्षसम्मको तालिममा पठाइनेछ । चौथो योजनाकालसम्म एक भवनको निर्माणको साथै आवश्यक सामानहरू जडान गरी मुद्रण कार्य चालू हुनेछ ।

२. चलचित्र

नेपालमा यता केही वर्षदेखि उद्योगतर्फ रुचि बढ्दै गएको छ र श्री ५ को सरकारबाट पनि चलचित्रहरू धेरै मात्रामा निर्माण भैसकेका छन् । तर आधुनिक युगको आम सञ्चारको सबभन्दा प्रमुख साधनको रुपमा रहेको यस फिल्म निर्माणको काम विदेशमा गर्दा धेरै महंगो हुन गईरहेकोले र देशलाई यस दिशातर्फ पनि आत्मनिर्भर बनाउन वाञ्छनीय भएको हुँदा चौथो योजनामा पनि यसलाई समावेश गरिएको छ ।

यस आयोजनाको मुख्य उद्देश्य यहीँ नै स्टुडियो तथा लेवोरेटरी निर्माण गरी नेपालमै चलचित्र निर्माण गर्न सकिने स्थिति बनाउनु हो । अहिलेसम्म यस विभागबाट तयार गरिने चलचित्रहरू यहीँ खिची भारतीय लेवोरेटरीमा लगी तयार गरिन्छ । सो सबै काम यहीँ हुने भएपछि खर्च कम हुनुको साथै चलचित्रहरू यथासमयमै निकाल्न सकिनेछ । लेवोरेटरीको निमित्त छुट्टै घर बनाउनु भन्दा त्यसको निमित्त १२ कोठा भएको एक उपयुक्त घको व्यवस्था मिलाउने र प्राविधिकहरूलाई सम्बन्धित काममा विदेशमा तालिम दिलाउने व्यवस्था गरिनेछ ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
सूचना विभाग	
१. चलचित्र निर्माण	रु. २२,००,०००।-
२. छापाखाना	रु. २३,७१,०००।-
जम्मा :	रु.४५,७१,०००।-
प्रसार विभाग	

१. क्षेत्रीय रेडियो स्टेशन (पश्चिम पहाडमा)	रु.३२,००,०००।-
(क) ट्रान्समिटर १ र अन्य मालसामान (भन्सार वाहेक)	रु.२८,००,०००।-
(ख) घर जग्गा	रु. २,५०,०००।-
(ग) निर्माणसम्बन्धी अन्य खर्च	रु.१,५०,०००।-
जम्मा :	रु. ३२,००,०००।-
सूचना विभाग र प्रसार विभाग दुबैको जम्मा :	रु. ७७,७१,०००।-

परिच्छेद २८

प्रशासन सुधार

देशको आर्थिक तथा सामाजिक विकासको निमित्त निर्धारित नीति, निर्णय र निर्देशनलाई कानुनको परिधि भित्र रही न्यायपूर्ण ढङ्गबाट कार्य सञ्चालन गर्न देशमा एक सक्षम, प्रभावकारी तथा जनसेवी प्रशासन यन्त्रको आवश्यकता पर्दछ । यसका अतिरिक्त प्रशासन कार्यको अभूतपूर्व वृद्धिले गर्दा यसलाई योजनाबद्ध तरिकाले सुधार ल्याउन यस योजनाकालका प्रशासन सुधारसम्बन्धि आवश्यक केही आयोजनाहरू सम्मिलित गरिएका छन् ।

तेस्रो योजनाको प्रगति :

तेस्रो योजना अवधिभित्र केन्द्र स्थित प्राय: सबै कार्यालयहरूको संगठन र कार्यविधिको सर्वेक्षण गर्नुको साथै स्थायी प्रकृतिका दरवन्दीहरूलाई स्थायी गर्ने तर्फ विकासका १५०० दरवन्दीहरू मध्ये १२०० दरवन्दीहरूको छानविन भैसकेको छ । प्रशासन सुधार आयोगको प्रतिवेदनमा परेका कतिपय सुझावहरूको कारवाही र कर्मचारी सुधार क्रममा निजामती सेवा नियमावली ऐन र नियमका आवश्यक संशोधन र निर्देशन, नयाँ ढाँचाको कर्मचारी गोप्य प्रतिवेदनको तयारी, वृत्ति विकास योजनाको कार्यान्वयन, पद वर्गीकरण सर्वेक्षणको कार्यान्वयन, कर्मचारी प्रशासन दिग्दर्शन र आचार संहिता पुस्तकहरूको प्रकाशन र वितणर टाइपिष्टहरूको वर्गीकरणजस्ता कार्यहरू सञ्चालन भइसकेका छन् । निजामती किताब खानाको सर्वेक्षण र सक्दो मात्रामा वैज्ञानिक तवरले निजामती किताबखानाको सुधार गरिएको छ । प्रशासनमा बढी कार्यदक्षता ल्याउन सेवा प्रवेश प्रशिक्षण र सेवाकालीन प्रशिक्षण क्रमश: १३० र ७७६ जना राजपत्रांकित कर्मचारीहरूलाई प्रशिक्षण दिइसकेका छन् । यसरी नै राजपत्र अनंकित कर्मचारीतर्फ सहायक प्रशिक्षणमा ४६३ जना, टाइपिङ्गमा ५२९ जना, जिल्ला प्रशिक्षणमा १३७० जना, टाइपिङ्ग व. आ. अन्तर्गतको भत्ताको लागि १००१ जना, संकेत लिपिमा ५५ जना, वर्गिकृत टाइपिङ्ग प्रशिक्षणमा ४८ जना र नेशनल ट्रेडिङ्ग लि. का १५ जना कर्मचारीहरूलाई साधारण व्यवस्थासम्बन्धी प्रशिक्षण पनि दिइएका छन् ।

चौथो योजनाको कार्यक्रम

चौथो योजनामा निम्न प्रकारका आयोजनाहरू राखिएका छन् ।

१. प्रशासकीय प्रशिक्षण

श्री ५ को सरकारको कार्यमा अभूतपूर्व अभिवृद्धिको परिणाम स्वरुप प्रशासनमा पविर्तन तथा योग्य र तालिमप्राप्त कर्मचारीहरूको अभाव पूर्तिका लागि यस योजनाकालसम्ममा देहायका आयोजना सञ्चालन गरी कर्मचारीहरूलाई तालिम दिइनेछ

क. राजपत्रांकिततर्फ प्रशिक्षण

सेवामा प्रवेश गर्ने र गरिरहेका कर्मचारीहरूलाई वस्तुस्थितिको ज्ञान दिन र निहित कर्तव्य उचितपूर्वक वहन गर्न सक्षम तुल्याउन यस योजना अवधिभित्र ५०० जनालाई सेवा प्रवेश प्रशिक्षण २०० जनालाई सेवाकालीन प्रशिक्षण दिइनेछ । यसरी नै विभिन्न विभागहरूबाट सञ्चालन गरिएका सेवा प्रवेश तथा सेवाकालीन प्राविधिक प्रशिक्षणहरूमा प्रशासकीय विषयहरूको अभावपूर्तिको निमित्त उल्लिखित सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षणका विषयहरूबाट परिपूर्ति गर्न सकिनेछ । विशिष्ट तथा प्रथम श्रेणीमा राजपत्रांकित कर्मचारीहरूलाई अधिराज्यका विभिन्न स्थानहरूमा विचारको आदान प्रदानको निमित्त गोष्ठीहरूको आयोजना गरिनेछ ।

ख. राजपत्रअनांकिततर्फ प्रशिक्षण

अधिकृत मूलहरू प्रशासनमा कुशल सहायकको दरकार पर्दछ । तसर्थ यस योजनाभित्र केन्द्रीय सचिवालयका १२०० कर्मचारीहरूलाई सहायक तालिम दिइनेछ । उक्त तालिममा ना. सु. र खदिराहरूलाई नेपाली संकेत लिपि र टाइपिङ्ग प्रशिक्षण पनि समावेश गरिनेछ ।

ग. जिल्ला प्रशिक्षण

जिल्ला र क्षेत्रीय कार्यालयहरूमा अधिकृत मूलक व्यवस्था व्यावहारिक नभएकोले विगत योजनामा झैं उक्त क्षेत्रका कर्मचारीहरूलाई प्रशासकीय प्रशिक्षण र टाइपिङ्ग प्रशिक्षण दिइनेछ । यस सिलसिलामा केन्द्रबाट गएको दुई टोलीले २० जिल्लामा प्रक्षिण दिन सकिनेछ । उक्त टोलीले जिल्ला स्तरीय कार्यालयहरूको ओ. एण्ड एम. सम्बन्धी सर्वेक्षणको प्रतिवेदन पनि तयार गर्नेछ ।

२. निजामती कर्मचारी प्रशासन सुधार

कर्मचारीको योग्यतामा वृद्धि गरी युगानुकूल मनोभावनाको सृजना गर्न र कार्यदक्षता वृद्धि गर्न प्रशासन सुधार सम्बन्धमा देहायका आयोजनाहरू सञ्चालन गरिनेछन् ।

क. कार्य विवरण सर्वेक्षण

प्रत्येक पदको काम कर्तव्य छुट्याई समान कार्य गहनता र योग्यताको आधारमा पदहरू एकै स्तरमा विभाजन गर्न यस सर्वेक्षणबाट धेरै मद्दत हुनेछ । पदहरूको लागि उपयुक्त कर्मचारी खोज्न वा तयार गर्न वा नियुक्ति वा बढुवाको अतिरिक्त यसबाट कर्मचारीहरूलाई कार्य संतोष मिली कार्य दक्षता पनि बढ्नेछ ।

ख. वृत्ति विकास योजना

कार्य विवरण सर्वेक्षणको काम पूरा भएपछि कार्य समूह र पदहरूको लागि आवश्यक आधार निश्चित हुन गई निजामती सेवाका सबै समूहको वृत्ति विकास योजना तयार गरिनेछ ।

ग. कर्मचारीहरूलाई हौसला बढाउने

सेवामा सुरक्षा, कार्य सन्तुष्टि र स्थिरताको भावना पैदा गर्नुको साथै नियुक्ति, सरुवा, बढुवा आदिमा पनि स्वस्थ परम्परा बसाल्न निजामती सेवासम्बन्धी नियमहरू पुनावलोकन वा नयाँ तर्जुमा गरिनेछन् । कर्मचारी तथा निजका आश्रित परिवारका व्यक्तिहरूको जीविका, स्वास्थ्य, शिक्षा, आवास तथा अन्य आवश्यक सहुलियत प्रदान गर्ने सम्बन्धी कुरा पनि निजामती सेवा नियमावलीमा समावेश गरिनेछ ।

घ. कर्मचारीहरूको अवकाश

प्रशासन सेवालाई क्रियाशील बनाउन सेवामा उन्नति तथा अघि बढ्न नसक्ने र असन्तुष्ट कर्मचारीहलाई हटाई नयाँ जोश, नयाँ विचार भएका नवयुवकहरूलाई सेवामा स्थान दिन सेवान्त सुविधामा सुधार गर्न निजामती सेवा नियमावलीमा आवश्यक संशोधन गरिनेछ ।

३. संगठन र कार्यविधि

कर्मचारीहरूको कार्य क्षमता वृद्धि गर्न निजामती सेवाको संगठन र यसको कार्यविधिमा देहाय वमोजिम सुधार गरिनेछन् ।

क. प्रशासन सर्वेक्षण

यसअन्तर्गत श्री ५ को सरकारको केन्द्रीय तथा क्षेत्रीय कर्यालयहरूमा सर्वेक्षण गरी संगठनको कार्यविधिमा अझ सरलीकरण गर्ने उपायहरू, अधिकार प्रत्यायोजन, समन्वय आदि विषयमा अध्ययन गरी सुझाव पेश गरिनेछ ।

ख. प्रशासन सुधार

यसअन्तर्गत प्रशासन सर्वेक्षणको प्रतिवेदनहरू अध्ययन गरी आवश्यक कारवाही गरिनेछ ।

ग. प्रशासनमा जनभवनानुकूल सुधार ल्याउने

समय समयमा हुने प्रशासन विषय चर्चा, सम्मेलन र आयोग तथा विशेषज्ञहबाट दिइएको सुझाव तथा सिफारीसहरू छानविन गरी प्रशासनलाई जनभावनानुकूल सुधार गर्न आवश्यक कदम उठाइनेछ ।

घ. हरिहर भवनमा यस कार्यालयको लागि भौतिक व्यवस्था मिलाउन आवश्यक निर्माण तथा सुधार कार्य गरिनेछ ।

आयोजनाको लागि अनुमानित खर्च

सि.नं.	आयोजनाको नाम	विकास खर्च
१	पद वर्गीकरण आयोजना	रु. २,००,०००।-
२.	सबै मन्त्रालय विभाग र अन्तर्गतका कार्यालयहरूको प्रशासकीय सर्वेक्षण आयोजना	रु. ९०,०००।-
३.	अनुसन्धान तथा प्रशासन योजना	रु. १,००,०००।-
४.	राजपत्रांकित द्वितीय, प्रथम र विशिष्ट श्रेणीको अध्ययन गोष्ठीको आयेाजना	रु. ७५,०००।-
५.	तालिम आयेाजना	रु. १८,३२,०००।-
६.	हरिहर भवन निर्माण सुधार आयोजना	रु. ३,००,०००।-
	जम्मा :	रु. २५,९७,०००।-

परिच्छेद २९

तथ्याङ्क

विकास योजना तर्जुमा गर्न चाहिने प्रमुख आधार नै तथ्याङ्क हो । तथ्याङ्क बिना कुनै पनि योजना तयार गर्न खोज्नु असम्भाव्य चेष्टा भनिदिए हुन्छ । नेपालमा पनि गत योजनाहरूको व्यावहारिकता र सफलताको मात्रा कम हुनाको कारण आवश्यक तथ्याङ्कहरू कै अभाव हो भन्न सकिन्छ । यही अभाव पूर्ति गरी विभिन्न क्षेत्रमा वस्तुस्थितिको सही जानकारी लिन तथ्याङ्क विकास कार्यक्रमलाई समेत गत योजनाहमा पर्याप्त स्थान दिइयो ।

तथ्याङ्क सङ्कलन र विश्लेषणको इतिहास नेपालमा धेरै पुरानो छैन । जनगणनाको परम्परा सम्वत् १९६८ देखि सुरू हुन्छ तापनि कृषि तथ्याङ्क, औद्योगीक तथ्याङ्क र अन्य सामाजिक, आर्थिक तथ्याङ्कहरूको कामको सुरू यही एक दशक भित्रै भएको छ । यस सन्दर्भमा २०१८ सालको जनगणना र कृषि गणना, २०२३ सालको औद्योगीक गणना, २०२१।२२ आर्थिक वर्षदेखिको राष्ट्रिय उत्पादनको अनुमान र २०१३।१४ सालदेखिको आयात निर्यात तथ्याङ्कहरू विशेष उल्लेख्य छन् ।

उपर्युक्त कामहरूमा अझ बढी दक्षता र तीव्रता ल्याउन केन्द्रीय तथ्याङ्क विभागको पहिलेको विषय अनुसारको संगठन प्रणालीलाई तेस्रो योजनाको अन्तिम वर्षमा परिवर्तन गरी यसलाई कार्य मूलक बनाइएको छ र निर्देशनालयलाई महानिर्देशनालयमा विस्तृत गरिएको छ । प्रत्येक क्षेत्रीय कार्यको लागि केन्द्रबाट कर्मचारी पठाई विवरण संकलन गर्ने गरी आएकोमा यो तरिका धेरै खर्चिलो र ज्यालादारीबाट काम गराउन कम भरपर्दो हुन आएकोले अधिराज्यका पचहत्तरै जिल्लामा कार्यालयहरू खोली तिनबाट स्थानीय तथ्याङ्क विवरणहरू बटुली केन्दंमा पठाउने र केन्द्रमा त्यसको सारिणीकरण तथा विश्लेषण गर्ने परम्परा तेस्रो योजनाको अन्तिम वर्षदेखि बसालिएको छ । विभागको बढ्दो संगठन र कार्यक्षेत्रको विस्तारले गर्दा हुन आएको बढी ठाउँको आवश्यकता महसुस गरी विभागको एक नयाँ भवनको निर्माण पनि पूरा गरिएको छ

चौथो योजना

तथ्याङ्कलाई सकभर भरपर्दो गराउने र छिटो उपलब्ध हुने तरिका अपनाउन चौथो योजनाकालमा स्तर निर्धारण, समन्वय र यन्त्रीकरण कामहरू गरिनेछन् । एकै प्रकारका तथ्याङ्कहरू अलग २ संस्था तथा सरकारी कार्यालयहरूबाट निकाल्दा तिनमा भिन्नता देखिन गै स्तरीय गाउन नसकिने र प्रयोक्ताहरूलाईसमेत भ्रम पर्नसक्ने भएकोले कुनै एक संस्थाले संकलन गरेको तथ्याङ्क तथा विवरणहरू अर्कोले पनि संकलन गरी दोहोरो पर्न जाने स्थितिलाई नियन्त्रण गर्ने प्रबन्ध चौथो योजना गरिनेछ । संकलनको काम जुनसुकै विभागले गरे तापनि त्यसको लगत केलाउने, सारिणीकरण गर्ने र स्तर निर्धारण तथा समन्वय गर्ने काम केन्द्रीय तथ्याङ्क विभागबाट हुनेछ । ठूला खालका गणना र सर्वेक्षण भने केन्द्रीय तथ्याङ्कबाट नै गरिनेछन् ।

कार्यक्रम:

१. प्रत्येक १०।१० वर्षमा गरिने राष्ट्रिय जनगणना संवत् २०२८ सालमा गरिनेछ । यस पटकको जनगणना पहिलेकोभन्दा बढी सूचना संकलन हुन सक्ने र अन्तर्राष्ट्रिय दाँजोमा दाँज्न सकिने रुपमा गरिनेछ । हालसम्म देशमा श्रमसम्बन्धी तथ्याङ्कको अभाव भैरहेकोले जनशक्ति योजनामा कठिता पर्न गएको छ । यो अभाव पूर्ति गर्न यस जनगणनामा श्रमसम्बन्धी आवश्यक प्रश्नहरू प्रश्नावलीमा समावेश गरिनेछन् ।

२. हाम्रो देशमा कृषिसम्बन्धी तथ्याङ्कको विशेष महत्व भएकाले कृषि गणना पनि प्रत्येक १०।१० वर्षमा गर्ने परम्परा बसाल्नु पर्ने भएको छ । नेपालमा यसअघि २०१८ सालमा अधिराज्यका १० प्रतिशत गाउँ छनौट गरी पहिलो कृषि गणना गरिएको थियो अब २०२८ सालमा गरिने उक्त गणनालाई अझै भरपर्दो गराउन १५ प्रतिशत गाउँ पञ्चायतका ओडाहरूमा छनौट प्रणालीद्वारा गरिनेछ ।

३. जनसङ्ख्याको आवधिक वृद्धि र तत्सम्बन्धी अरु कुराहरू जान्न प्रत्येक २।२ वर्षमा जनसङ्ख्या सर्वेक्षण गर्नुपर्दछ । येा कार्य योजनाको तेस्रो र पाँचौ वर्षमा गरिनेछ ।

४. माथि लेखिएका कामहरूको अतिरिक्त प्रयोक्ताहरूको आवश्यकतालाई ध्यानमा राखी निम्नलिखित अन्य कामहरू चौथो योजनाकालमा गरिनेछन् ।

(क) पशु धन सर्वेक्षण
(ख) कृषि लगानी सर्वेक्षण
(ग) आन्तरिक व्यापार सर्वेक्षण
(घ) औद्योगीक गणना
(ङ) माछा खेती सर्वेक्षण
(च) पारिवारिक सर्वेक्षण
(छ) राष्ट्रिय उत्पादनको वार्षिक अनुमान ।

५. उपर्युक्त सबै तथ्यहरूको संकलनपछि सकभर छिटो लगत केलाई जनसमक्ष प्रकाशमा ल्याउन आधुनिक प्रकारको लगत केलाउने यन्त्र र तत्सम्बन्धी उपकरणहरू विभागको भवनमा जडान गरिनेछन् ।

अनुमानित खर्च

१. जनगणना	रु. ९७,९०,०००
२. कृषि गणना	रु. ४६,५०,०००
३. जनगणना सर्वेक्षण	रु. ३,००,०००
जम्मा :	रु. १,४७,४०,०००

मूल्यमा २०३१।३२ मा राष्ट्रिय उत्पादन रु. ७८७.३ करोड र २०२१।२२ देखि २०२५।२६ अवधिमा भएको वृद्धि मात्र रु ५३.७ करोड हुने अनुमान छ ।

तालिका १

राष्ट्रिय उत्पादन (जी.डी.पी.)

आर्थिक वर्ष	(२०२१।२२ को मूल्यमा)	रु. १० लाखमा
	राष्ट्रिय उत्पादन	वृद्धि
२०२१।२२	५८,८३	–
२०२२।२३	५८,५६	–२७
२०२३।२४	५८,९६	४०
२०२४।२५	६२,८२	३८६
२०२५।२६+	६४,२०	१३८
२०२६।२७+	६५,६१	१४१

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग+ अनुमानित

त्यस्तै पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन) को अनुमान केन्द्रीय तथ्याङ्क विभाग आर्थिक वर्ष २०२१।२२ देखि २०२४।२५ सम्मको तयार गरिसकेको छ । सो अनुमान प्रचलित बजारको मूल्यमा हुँदा त्यसलाई पनि राष्ट्रिय उत्पादनको अनुमान जस्तै २०२१।२२ को मूल्यमा परिणत गर्न उपयुक्त मूल्य सूचीको अभावमा मेशीनरी रसायनको हकमा भारतका मूल्य सूची र अन्य किसिमको रकममा काठमाडौंको मूल्य सूची प्रयोग गरिएको छ । यस हिसाबले उपर्युक्त अवधिमा प्रचलित मूल्यअनुसार कुल पुँजी निर्माण रु. १००६.७ करोड अनुमान गरिएकोमा २०२१/२२ को मूल्यमा रु. ९२९.९ करोड मात्र देखिन आएको छ । तर केन्द्रीय तथ्याङ्क विभागबाट अनुमान गरिएको पुँजी निर्माणको अङ्क दोहोऱ्याउनु पर्ने र धेरै कुराहरू समावेश गर्न बाँकी नै छ । उदाहरणको लागि मेशनरी अन्तर्गतको अङ्क २०२३/२४ र २०२४/२५ मा घट्न नपर्ने तर सो घटेको कारण पत्ता लगाउनु बाँकी नै छ । साथै मेशिनरीका ढुवानी, जडान आदिमा परेको खर्च पनि जोड्न बाँकी नै छ । सरकी समर्थन तथा अन्य औद्योगीक संस्थाहबाट गरेका निर्माण कार्यहरूको हिसाब हुन पनि बाँकी नै छ । यी सबै कारणहरूको आधारमा २०२१/२२ देखि २०२४/२५ को अवधिमा २०२१/२२ को मूल्य पुँजी निर्माणको रकम रु. ९२९.९ करोडबाट बढी रु. १२५० करोडको अनुमान गरिएको छ ।

तालिका २

पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन)

(रु.१० लाखमा)

आर्थिक वर्ष	मेशीनरी र सामान	श्री ५ को सरकारको निर्माण	आवास घर	पञ्चायत	जम्मा	जम्मा २०२१।२२ मूल्यमा
२०२१।२२	४४	४५.७	१०१.९	१९५.७	१९५.७	१९५.७
२०२२।२३	३३.७	८३.९	१२९.५	९.६	२५६.७	२४४.४
२०२३।२४	१८.३	८९.२	१४२.६	७.२	२५७.३	२३४.०
२०२४।२५	१६.५	१२२.१	१४५.७	१२.७	२९७.०	२५५.८
जम्मा :	११२.५	३४०.९	५१९.७	३३.६	१००६.७	९२९.९

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

उपर्युक्त अनुमानको आधारमा २०२१।२२ देखि २०२५।२६ को अवधिमा एक वर्षको समयान्तरको हिसाबले पुँजी निर्माण र राष्ट्रिय उत्पादन वृद्धिको अनुपात २.३ देखिन आएको छ । चौथो योजनाकालमा २०२६।२७ को दाँजोमा २०२१।२२ को मूल्यमा २० प्रतिशत (अर्थात, सामान्य औसतको हिसाबले वार्षिक ४ प्रतिशत) ले राष्ट्रिय आय बढाउन रु. १३१.२ करोडको वृद्धि हुनुपर्ने देखिन्छ । तेस्रो र चौथो योजनाअन्तर्गत विभिन्न आर्थिक क्षेत्रको लगानीको विभाजन हेर्दा सामान्यत: चौथो योजनामा पुँजी र उत्पादन बीचको अनुपात बढ्ने देखिन्छ, तर विभिन्न

क्षेत्रमा मौजुदा उत्पादन क्षमताको अपूर्ण उपयोगको समेत विचार गर्दा चौथो योजनाकालमा उक्त अनुपात २.५ हुने अनुमान गर्नु अनुपयुक्त देखिँदैन । यस हिसाबले चौथो योजनाअन्तर्गत रु. ३२८ करोडको लगानी हुनुपर्ने देखिन्छ, तर योजनाकालमा सबै क्षेत्रमा गरी जम्मा रु. ३५४ करोड लगानी हुने अनुमान छ, जुन निम्नलिखित स्रोतबाट पूरा हुने अनुमान गरिएको छ ।

लगानीको स्रोत

सरकारी क्षेत्र	–	रु. २१९ करोड
पञ्चायत◆	–	रु. १० करोड
आवास घरहरू	–	रु. ६० करोड
आवास वाहेक अन्य गैर सरकारी क्षेत्र	–	रु. ६५ करोड
जम्मा :		रु. ३५४ करोड

◆आफ्नै साधनबाट हुने लगानी मात्र

यी स्रोतहरू बारेको विवरण अन्यत्र प्रस्तुत भइसकेको छ, तर आवास घर निर्माणको लागि चाहिने अनुमानित रु. ६० करोड स्वत पूर्ति हुन आउने अनुमान छ । यसको लागि कुनै वित्तीय संस्था वा सरकारी स्रोतबाट व्यहोरिने व्यवस्थाको विचार गरिएको छैन ।

परिशिष्ट

परिशिष्ट १

राष्ट्रिय उत्पादनको वृद्धिदर

राष्ट्रिय उत्पादनमा अभिकतम बृद्धि गरी भावी विकासको आधारलाई विस्तार गर्ने चौथो योजनाको अन्तर्निहित उद्देश्यअनुरुप आवश्यक पर्ने र व्यावहारिक दृष्टिकोणबाट उपलब्ध हुन सक्ने साधनको आधारमा विगत योजनाकालदेखि चालू रहेका आयोजनाहरूलाईसमेत ध्यानमा राखी विभिन्न आर्थिक क्षेत्रका भौतिक लक्ष्यहरू तथा तदनुरुपको कार्यक्रम निर्धारित गरिएको छ । यसरी योजनाअन्तर्गत संचालन गरिने कार्यक्रम र त्यसमा हुने सम्पूर्ण लगानीबाट राष्ट्रिय उत्पादनमा के कति बृद्धि हुने हो सो आवश्यक तथ्याङ्कको अभावमा यकिन गन सकिने स्थिति नभए तापनि चौथो योजनाको तर्जुमाकालमा उपलब्ध हुन सकेका तथ्याङ्कको आधारमा तल प्रस्तुत गरिएको विवरणको आधारमा हेर्ने हो भने प्रस्तावित लगानीबाट राष्ट्रिय उत्पादनमा हुने बास्तविक बृद्धि साधारण औसतको हिसाबले वार्षिक चार प्रतिशतका दरले हुन सक्ने देखिन्छ ।

प्रस्तावित लगानीबाट राष्ट्रिय उत्पादनमा हुने वास्तविक बृद्धि सामान्य पुँजी उत्पादन अनुपात (क्यापिटल आउटपुट् रेशियो) को आधारमा गरिएको छ । यस किसिमको सैद्धान्तिक आधारमा आफैं धेरै कमजोरीहरू हुनाका साथै यसको उपयुक्तता वास्तवमा विवादास्मय नै छ । नेपालको मौजुदा अर्थ व्यवस्थाको सन्दर्भमा उपलब्ध राष्ट्रिय उत्पादन तथा पुँजी निर्माणसम्बन्धी तथ्याङ्कले यी दुई बीचको सम्बन्ध वास्तविक रुपले दर्शाउँछ भन्ने अनुमानमा प्रस्तुत सैद्धान्तिक आधारबाट राष्ट्रिय उत्पादनमा हुने बार्षिक औसत बृद्धि दर र त्यसको लागि चाहिने लगानीको मोटामोटी रुपमा भए तापनि केही सङ्ख्यात्मक सङ्केत हुनुका साथै राष्ट्रिय आवधिक विकास योजना र त्यसबाट देशको अर्थ व्यवस्थामा पर्ने प्रभाव बारे केही जानकारी दिलाउँदछ ।

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०२१/२२ देखि २०२४/२५ सम्मको राष्ट्रिय उत्पादन (जी.डी.पी.) को अनुमान गरेको छ । तर चौथो योजनाअन्तर्गत राष्ट्रिय उत्पादनमा हुने बृद्धि चालू तेस्रो योजनाको अन्तिम वर्ष २०२६/२७ को आधारमा गरिनुपर्ने हुँदा आर्थिक बर्ष २०२५/२६ र २०२६/२७ को राष्ट्रिय उत्पादनको जानकारी हुनु आवश्यक भएकाले केन्द्रीय तथ्याङ्क विभागमा यस सम्बन्धमा प्राप्त हुन सकेका तथ्याङ्कहरूको सामान्य विश्लेषण गरी हेर्दा २०२२/२३ देखि २०२४/२५ मा २.२ प्रतिशतले भएको बृद्धि नै बाँकी दुई बर्षमा पनि यथावत् रहने धारणाको आधारमा २०२५/२६ र २०२६/२७ मा वितेको बर्षको दाँजोमा २.२ प्रतिशतले राष्ट्रिय उत्पादन अनुमान गाएिको छ । यस हिसावले २०२१/२२ को मूल्यमा २०३१/३२ मा राष्ट्रिय उत्पादन रु.७८७.३ करोड र २०२१/२२ देखि २०२५/२६ वर्षमा भएको बृद्धि मात्र रु. ५३७ करोड हुने अनुमान छ ।

तालिका १
राष्ट्रिय उत्पादन (जी.डी.पी.)
(२०२१/२२ को मूल्यमा)

(रु.१० लाखमा)

आर्थिक वर्ष	राष्ट्रिय उत्पादन	बृद्धि
२०२१/२२	५८,८३	-
२०२२/२३	५८,५६	- २७
२०२३/२४	५८,९६	४०
२०२४/२५	६२,८२	३८६
२०२५/२६ +	६४,२०	१३८
२०२६/२७ +	६५,६१	१४१

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग + अनुमानित

त्यस्तै पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन) को अनुमान केन्द्रीय तथ्याङ्क विभागले आर्थिक बर्ष २०२१/२२ देखि २०२४/२५ सम्मको तयार गरिसकेको छ । सो अनुमान पनि प्रचलित बजारको मूल्यमा हुँदा त्यसलाई पनि राष्ट्रिय उत्पादनको अनुमान जस्तै २०२१/२२ को मूल्यमा परिणत गर्न उपयुक्त मूल्य सूचीको अभावमा मेशिनरी रसायनको हकमा भारतका मूल्य सूची र अन्य किसिमको रकममा काठमाडौंको मूल्य सूची प्रयोग गरिएको छ । यस हिसावले उपर्युक्त अबधिमा प्रचलित मूल्यअनुसार कूल पुँजी निर्माण रु. १००६.७

करोड अनुमान गरिएकोमा २०२१/२२ को मूल्यमा रु. ९२९.९ करोड मात्र देखिन आएको छ । तर केन्द्रीय तथ्याङ्क विभागबाट अनुमान गरिएको पुँजी निर्माणको अङ्क दोहोऱ्याउनु पर्ने र धेरै कुराहरू समावेश गर्न बाँकी नै छ । उदाहरणको लागि मेशनरी अन्तर्गतको अंक २०२३/२४ र २०२४।२५ मा घट्न नपर्ने तर सो घटेको कारण पत्ता लगाउनु बाँकी नै छ । साथै, मेशिनरीका ढुवानी, जडान आदिमा परेको खर्च पनि जोड्न बाँकी नै छ । सरकारी संस्थान तथा अन्य औद्योगीक संस्थाहरूबाट गरेका निर्माण कार्यहरूको हिसाव हुन पनि बाँकी नै छ । यी सबै कारणहरूको आधारमा २०२१/२२ देखि २०२४/२५ को अवधिमा २०२१/२२ को मूल्य पुँजी निर्माणको रकम रु. ९२९.९ करोडबाट बढी रु. १२५० करोडको अनुमान गरिएको छ ।

तालिका २

पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन)

(रु. १० लाखमा)

आर्थिक वर्ष	मेशिनरी र सामान	श्री ५ को सरकारको निर्माण	आवास घर	पञ्चायत	जम्मा	जम्मा २०२१/२२ मूल्यमा
२०२१/२२	४४	४५.७	१०१.९	४.१	१९५.७	१९५.७
२०२२/२३	३३.७	८३.९	१२९.५	९.६	२५६.७	२४४.४
२०२३/२४	१८.३	८३.२	१४२.६	७.२	२५७.३	२३४.०
२०२४/२५	१६.५	१२२.१	१४५.७	१२.७	२९७.०	२५५.८
जम्मा	११२.५	३४०.९	५१९.७	३३.६	१००६.७	९२९.९

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

उपर्युक्त अनुमानको आधारमा २०२१/२२ देखि २०२५/२६ को अवधिमा एक वर्षको समयान्तरको हिसाबले पुँजी निर्माण र राष्ट्रिय उत्पादन बृद्धिको अनुपात २.३ देखिन आएको छ । चौथो योजनाकालमा २०२६/२७ को दाँजोमा २०२१/२२ को मूल्यमा २० प्रतिशत (अर्थात, सामान्य औसतको हिसावले वार्षिक ४ प्रतिशत) ले राष्ट्रिय आय बढाउन रु. १३१.२ करोडको बृद्धि हुनु पर्ने देखिन्छ । तेस्रो र चौथो योजनाअन्तर्गत विभिन्न आर्थिक क्षेत्रको लगानीको विभाजन हेर्दा सामान्यत: चौथो योजनामा पुँजी र उत्पादन बीचको अनुपात बढ्ने देखिन्छ, तर विभिन्न क्षेत्रमा मौजुदा उत्पादन क्षमताको अपूर्ण उपयोगको समेत विचार गर्दा चौथो योजनाकालमा उक्त अनुपात २.५ हुने अनुमान गर्नु अनुपयुक्त देखिदैन । यस हिसावले चौथो योजनाअन्तर्गत रु. ३२८ करोडको लगानी हुनु पर्ने देखिन्छ । तर योजनाकालमा सबै क्षेत्रमा गरी जम्मा रु. ३५४ करोड लगानी हुने अनुमान छ, जुन निम्नलिखित स्रोतबाट पूरा हुने अनुमान गरिएको छ ।

लगानीको स्रोत

सरकारी क्षेत्र	---	रु. २१९ करोड
पञ्चायतत्र	---	रु. १० करोड
आवास घरहरू	---	रु. ६० करोड
आवास बाहेक अन्य गैर सरकारी क्षेत्र	---	रु. ६५ करोड
जम्मा		रु. ३५४ करोड

त्र आफ्नै साधनबाट हुने लगानी मात्र

यी स्रोतहरू बारेको विवरण अन्यत्र प्रस्तुत भइसकेको छ, तर आवास घर निर्माणको लागि चाहिने अनुमानित रु. ६० करोड स्वत पूर्ति हुन आउने अनुमान छ । यसको लागि कुनै वित्तीय संस्था वा सरकारी स्रोतबाट व्यहोरिने व्यवस्थाको विचार गरिएको छैन ।

प्रस्तुत अभ्यासबाट दुई चार मूलभूत तथ्यउपर गंभीर विचार पुऱ्याउनु पर्ने देखिन्छ । चौथो योजनाकालमा रु. ३५४ करोडको लगानीको कार्य सम्पन्न गर्न आवश्यक नीतिहरू अपनाइए तापनि अर्थ व्यवस्थामा खास विस्तार निकै हुने देखिन्छ । गैर सरकारी क्षेत्रको लागि चाहिने ऋण बृद्धि, राष्ट्र वैंकबाट ऋण लिई व्यहोर्ने घाटा व्यवस्था र विदेशी सहायताबाट व्यहोर्ने स्थानीय खर्च गर्दा कुल लगानीको निकै ठूलो अनुपातमा मौद्रिक कार्यशक्ति बढ्ने देखिन्छ । तर यसबाट देशको शोधनान्तर स्थितिमा प्रतिकूल प्रभाव पर्ने देखिदैन, कारण हालको परिवर्त्य विदेशी मुद्राका साथै भारतीय मुद्राको संचय स्थिति हेर्दा वार्षिक विकासको गतिविधि बढाउन यस किसिमको विस्तारवादी नीति अपनाउनु अनुपयुक्त मान्न सकिदैन । हाल अर्थ व्यवस्थामा देखापरेका बेकारी, अर्ध बेकारी, विभिन्न आर्थिक क्षेत्रमा स्थापित उत्पादन क्षमताको अपूर्ण उपयोग, विकासको क्रममा बढ्दै जाने मौद्रीकरण आदि सबै कुराको विचार गर्दा मूल्य स्थितिमा पनि त्यति प्रतिकूल प्रभाव पर्ला जस्तो देखिदैन । तर

यसका लागि सरकारी तथा गैर सरकारी क्षेत्रमा अनावश्यक खर्च कटाई लगानीयोग्य वचत बढाउनका साथै योजनामा निर्धारित गरिएका कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने तर्फ सक्षम र दृढ हुनु पर्ने देखिन्छ ।

परिशिष्ट २

विकास खर्चको वर्गीकरण

राष्ट्रिय योजना आयोगले विकास खर्चको वर्गीकरण यथार्थ रुपमा गर्न निम्नलिखित आधार तयार गरेको छ । जुन आधारमा अर्थ मन्त्रालयबाट साधारण र विकास खर्चको नयाँ वर्गीकरण गरी २०२७/२८ आर्थिक बर्षदेखि लागू गर्ने भएको छ ।

१. तलका बाहेक कुनै पनि नयाँ लगानी आयोजना (New Investment Project) मा हुने खर्च विकास खर्च मानिनेछ ।

(क) रक्षा

(ख) प्रहरी र आन्तरिक सुरक्षा

(ग) परराष्ट्र सेवा

(घ) स्मारक, सालिक, म्यूजियम, पार्कजस्ता सोझै प्रत्यक्षरुपबाट जन-उपयोगको लागि हुने लगानी र

(ङ) सामान्य प्रशासकीय कामको लागि बन्ने सकारी भवनहरू र किनिने मेशिनरी र औजारहरू ।

२. माथि नं. १ (क देखि ङ सम्मको) मा उल्लेखित कामहरूमा बाहेक मौजुदा आयोजनाहरूका ठूलठूला सुधार कार्यहरूमा लाग्ने खर्चलाई विकास खर्च मानिनेछ ।

३. अनुसन्धान कार्य, विशेष अध्ययन र सर्वेक्षण इत्यादिमा लागेको सबै खर्च विकास खर्च मानिनेछ ।

४. लगानीको रुपमा नभई मुख्यत: सालवसाली खर्चको रुपमा हुने कार्यक्रम र आयोजनाको हकमा यस्ता कार्यक्रम वा आयोजनाले सोझै प्रत्यक्ष रूपबाट उत्पादकत्व बृद्धि गर्ने भएमा मात्र त्यस्ता कार्यक्रम वा आयोजनाको सालवसाली खर्चलाई विकास खर्च मानिनेछ ।

५. कुनै सरकारी अंग वा सँस्थानमा गरिने लगानी र तिनीहरूलाई दिइने ऋणलाई विकास खर्च मानिने छ ।

६. माथि उल्लिखित पाँच कार्यहरूको लागि सरकारी अँगहरूलाई दिईएको अनुदानलाई मात्र विकास खर्च मानिने छ ।

यहाँ यो कुरा स्पष्ट गर्नु आवश्यक छ कि सबै पुँजीगत खर्चलाई विकास खर्च मान्नु हुँदैन, न त सबै सालवसाली खर्चलाई साधारण खर्च मान्नु हुन्छ । यी खर्चहरूलाई विकास या साधारणतर्फ राखिनु पर्ने भन्ने कुरा राष्ट्रिय योजना आयोगको उल्लिखित छ: सूत्रीय निर्देशन र आयोजनाको प्रकृतिमा निर्भर रहन्छ । यस कारणबाट बजेट बर्गीकरणको लागि निम्न लेखिएवमोजिमका सामान्य नियमहरू सावित गरिएको छ :

तल उल्लेखित विषयवाहेक अन्य सबै पुँजीगत खर्चलाई विकास खर्च मानिने छ :

(क) संवैधानिक अंगहरू, जस्तै श्री ५ महाराजाधिराज तथा राजपरिवार, राष्ट्रिय पञ्चायत, महालेखा परीक्षकको विभाग, सर्वोच्च अदालत, लोक सेवा आयोग, निर्वाचन आयोग ।

(ख) साधारण प्रशासन, जस्तै : मन्त्रिपरिषद्, श्री ५ को सरकारको सचिवालय, जिल्ला प्रशासन, प्रहरी, कारागार र विविध ।

(ग) राजस्व प्रशासन, जस्तै मालपोत, भन्सार, अन्त: शुल्क, आय र कर अदालत ।

(घ) टक्सार र एकाउण्टेण्ट जनरल अफिस

(ङ) न्याय प्रशासन

(च) वैदेशिक सेवा

(छ) रक्षा

(ज) खेलकूद र मनोरँजनका सुविधाहरू र सोझै प्रत्यक्ष रुपबाट जन-उपभोगको लागि हुने लगानी जस्तै : पार्क, खेल्ने ठाउँ, प्रतिमा, मन्दिर, संग्रहालय, नाचघर र पुरातत्व आदि ।

(झ) आर्थिक र सामाजिक सेवाहरूको निरीक्षण र निर्देशन गर्न खडा गरिएको केन्द्रीय निर्देशनालयहरू ।

(ञ) मैट्रीक नापतौल योजना ।

निम्न लेखिएका वाहेक अन्य सबै सालवासाली खर्चलाई साधारण खर्च मानिने छ :

(क) तोकिएको अवधि भित्र कार्य समाप्त हुने खास किसिमका स्वास्थ्य सेवाहरू जस्तै : औलो उन्मुलन, विफर उन्मुलन र क्षय रोग उन्मुलन इत्यादि ।

(ख) परिवार नियोजन ।

(ग) भूमिसुधार ।

(घ) खास किसिमका अध्ययन, सर्वेक्षण र अनुसन्धान कार्यक्रम ।

(ङ) प्राविधिक र व्यावसायिक प्रशिक्षण र खास किसिमका तालिम आयोजना ।

(च) कृषि उपकरणहरू जस्तै : मलखाद, वीज इत्यादिको प्रचार तथा प्रसार कार्यक्रम ,

(छ) कृषि प्रसार कार्यक्रम ।

(ज) खास किसिमका क्षेत्रीय विकास आयोजनाहरू जस्तै जिरी वहुमुखी आयोजना, त्रिशुली जलाधा र आयोजना ।

(झ) वित्तीय संस्थानहरू तथा विकास संस्थानहरूलाई गएको ऋण र अनुदान जस्तै नेपाल औद्योगीक विकास कर्पोरेशन, कृषि विकास बैंक, भूमिसुधार वचत संस्थान, कृषि सप्लाई संस्थान र नेपाल पुनर्वास कंपनी ।

माथि उल्लिखित आधारहरू अनुसार हाल विकास बजेटमा परेका साधारण खर्च र हाल साधारण बजेटमा परेका विकास खर्च छुट्याइएको छ । हालको साधारण बजेटमा विकास भनी संबोधन गर्न सकिने खर्चहरू कम परेका छन् । तैपनि यस्तो खर्चहरूलाई विकास तर्फसार्ने सुझाव गरिन्छ । तद्नुसार निम्नलिखित खर्चहरूलाई साधारणबाट विकासमा सारिनु पर्दछ :

हालको साधारण बजेट अनुदान नं. २७: शिक्षा

शैक्षिक संस्थानहरूलाई जाने पूंजीगत अनुदान, श्री ५ को सरकारबाट संचालित शैक्षिक संस्थानहरूमा हुने पूंजीगत खर्च, छात्रवृत्ति र छात्र भत्ता ।

हालको साधारण बजेट अनुदान नं., २८ स्वास्थ्य

गैर सरकारी स्वास्थ्य संस्थानहरूमा जाने पुँजीगत अनुदान, स्थापित अस्पतालहरू, स्वास्थ्य केन्द्र, स्वास्थ्य पोष्ट र क्लिनिकहरूमा हुने पूंजीगत खर्च, हाल भएका स्वास्थ्य प्रशिक्षण केन्द्रहरूमा हुने सवै खर्च र स्वास्थ्य सेवा तालिमको लागि दिइने छात्रवृत्ति र छात्र भत्ता ।

परिशिष्ट ३

प्रादेशिक विकास योजना

कुनै पनि उद्देश्य प्राप्तिलाई अल्प तथा दीर्घकालीन समयावधिसँग संलग्न गराई प्राथमिकताको आधारमा चालिने कार्यक्रम बनाउनु योजनाको मुख्य कार्य हो । साधनको उपलब्धि विभिन्न प्रदेशमा फरक फरक हुने हुनाले विकास कार्यहरूले प्रादेशिक अर्थ व्यवस्थामा महत्वपूर्ण परिवर्तन ल्याउँछ । तसर्थ गतिशिल विकासका लागि अपनाइने कुनै पनि विकास युक्ति (Devlopment Strategy) मा प्रादेशिक आधार (Spatal dimension) को पूरा विचार राख्नु पर्दछ । विकासको अत्याधिक आर्थिक विकास गराउँदै स्रोताहरूको पुनर्वितरण गर्न उपयुक्त प्रादेशिक आधारको आवश्कता पर्दछ ।

व्यापक परिवर्तित आर्थिक तत्वहरूको आधारमा विश्लेषण गर्दा केवल एकमुष्ट आँकडामात्र प्राप्त हुने हुँदा राष्ट्रिय विकास कार्यक्रमहरूलाई प्रादेशिक स्तरमा काम चलाउन र विश्लेषण गर्न कम दक्षता प्रदान गर्छ र फेरि स्थिति निर्धारणसम्बन्धी कुरामा क्षेत्रीय कार्यक्रमहरू सुव्यवस्थित तवरले मिलाउन नसक्ने हुनसक्छ । योजनाको दीर्घकालीन लक्ष्य व्यापक राष्ट्रिय लक्ष्यहरू प्राप्ति गर्नु मात्र नभई विकासको क्रममा केही शिथिलता आउन नदिई विकासका उपादेयताहरूलाई पनि जति सके धेरै भागहरूमा पुऱ्याउन विभिन्न प्रदेशहरूमा निहित स्रोतहरूको विकास गर्नु पनि हो । प्रादेशिक विकास योजना आर्थिक तथा सामाजिक उद्देश्यहरूको समाधान र साथै राष्ट्रिय साधनहरूको योजनाको बाँडफाँट गर्ने तरिकालाई अझ परिस्कृत पार्न अपनाइने व्यापक सिद्धान्त हो । व्यापक प्रादेशिक योजनाले प्रदेशहरूमा छरिएर रहेका आर्थिक तत्वहरूको साथै प्रादेशिक कार्यक्रमहरूको एकीकरण र समस्यायुक्त अस्थाइहरूलाई उचित कार्य व्यवस्थाको निमित्त राष्ट्रिय नीतिहरू स्पष्ट गराउँछ । प्रादेशिक योजनाले खास ठाउँहरूका कार्यक्रमहरूलाई समन्वयात्मक सर्वेक्षण स्थापना गर्नुमार उन्नत भू-उपयोगका लागि नयाँ स्रोतहरू सम्मिश्रण गराएर स्थानीय स्तररसँग सम्बन्धित क्षेत्रीय आर्थिक विश्लेषण र राष्ट्रिय स्तरमा राष्ट्रिय आर्थिक लक्ष्यहरूका बीच महत्वपूण सम्बन्ध कायम गराउँछ ।

राष्ट्रिय उद्देश्यहरू र राष्ट्रिय योजनाको प्रादेशिक पक्षले राष्ट्रिय तथा प्रादेशिक आर्थिक योजनाको बीच रहेको घनिष्टतम सम्बन्ध इङ्गित गर्दछ । राष्ट्रिय योजनाको लक्ष्यहरूको प्राप्तिको लागि बल पुऱ्याउन र निश्चित भौगोलिक क्षेत्रहरूमा उन्नत योजनाको लागि आँकडाहरू संकलन गर्नमा मद्दत गर्न प्रादेशिक योजना एउटा महत्वपूण विधि हो । प्रादेशिक योजनाको तरिकाले चुनिएका ठाउँहरूमा मात्र लगानी प्रयासहरू केन्द्रित गराएर अल्प स्रोतहरूलाई असन्तुलित यत्र तत्र छरिनबाट बनाउँछ । न्यायोचित चरिकाले चुनिएका ठाउँहरूमा विकास कार्यहरू केन्द्रित गर्दा प्रादेशिक योजनाकारहरू लगानी गर्ने वास्तविक स्थान पत्ता लगाउन सक्षम हुनेछन् । अत एव प्रादेशिक तथा राष्ट्रिय योजनाको बीच रहेको मूलभूत फरक नै विस्तृत योजनाको तहको कुरा हो । यस उसले राष्ट्रिय तथा प्रादेशिक उन्नति र विकास भन्नु नै उही क्रियाकलापका पूरक पक्षहरू मात्र हुन् । प्रादेशिक विकास नीतिहरूलाई राष्ट्रिय स्तरमा विस्तृत विकासको साधन मानिनु पर्दछ । जसमा राष्ट्रिय उद्देश्यहरूको प्राप्तिको लागि देशको सम्पूर्ण भागले आफ्नो किसिमले योगदान गर्नेछन् । प्रशस्त प्रादेशिक विभिन्नता भएको र जनताको आर्थिक स्तर पनि निम्न हुनाको कारणले गर्दा सीमित श्रोतको उचित उपयोग गर्न वाध्य रहेको नेपालको लागि प्रादेशिक सिद्धान्त खास महत्वपूर्ण सिद्ध छ ।

(क) प्रादेशिक असमानता

विभिन्न प्राकृतिक स्वरुपले अंगालेको नेपालले तराई, पहाड र हिमाली प्रदेश प्रत्येकको आ-आफ्नो प्रकारको वातावरण भएको तीन व्यापक भौगोलिक प्रदेशलाई अघि सार्छ । तराई प्रदेश भन्नाले भित्री मधेश लगायत देशको दक्षिणी भागमा रहेको कम उचाईको उष्ण समथर भूमि भन्ने जनाउँछ । तराई एक समय औलोले गर्दा बसोबासको लागि अनुपयुक्त प्रदेश थियो, तर यहाँको कृषिस्रोत र घना वनजङ्गलले गर्दा आज आर्थिक दृष्टिकोणले अत्यधिक महवपूर्ण स्थान हुन गएको छ । यातायात तथा तदनुरूप औद्योगीकरणको लागि तुलनात्मक सुविधाले गर्दा पनि यस प्रदेशको महत्व अझ बढेको छ ।

अर्ध-उष्ण भागमा रहेको पहाडी प्रदेश परम्परागत समयदेखि जनसङ्ख्याको केन्द्र रहेको हो । भूमि स्रोतमा पर्याप्त मात्रामा बढ्दो जनसङ्ख्याको भार बोकी निर्वाह मात्र चल्ने किसिमका कृषि पेशा नै पहाडी अर्थ व्यवस्थाको आधार हो । अतिशीतोष्ण लेखकहरू र हिमाली क्षेत्रका भोटहरू लगायत हिमाली प्रदेश विकट वातावरणहरूको

कारणले गर्दा वसोवासको लागि अनुपयुक्त ठाउँ रहिआएको छ । यहाँको अल्प जनसङ्ख्याको मूल पेशा भोटसित वस्तु विनिमय व्यापारको साथै केही कृषि र पशुपालन मात्र हुन् ।

यी भौगोलिक प्रदेशहरू उचाई अनुसार पाईने प्राकृतिक प्रदेशहरू (Ecological Zones) सँग मिल्ने हुनाले यहाँको प्राकृतिक सम्पदामा वस्तुगत यहाँको भिन्नता भएको कुरा स्वतःसिद्ध हुन आउँछ । विभिन्न प्रदेशहरूको जनसङ्ख्या भूमिको अनुपात आदिले पनि प्रादेशिक विभिन्नताको कुरा यथेष्ट मात्रामा पुष्टि गर्छ । देशको सम्पूर्ण क्षेत्रफलको दुई-तिहाई भाग हिमाली र पहाडी प्रदेश छ । यहाँ ६० प्रतिशत जनसङ्ख्या अवस्थित भएपनि देशको आवादी जग्गामध्ये एक तिहाई मात्र हिमाली-पहाडी भागमा पर्दछ र बाँकी आवादी जग्गा तराईमा केन्द्रित रहेको हुनाले सीमित कृषि भूमिमा जनसङ्ख्याको ठूलो चाप परेको स्पष्ट देखा पर्दछ ।

तालिका १

प्रादेशिक असमानता

आधार	पहाड पर्वतहरू	तराई तथा भित्री मधेश	काठमाडौं उपत्यका	नेपाल
१. भू-क्षेत्र (प्रतिशतमा)	७४.८	२४.८	०.४	१००
२. जनसङ्ख्या, २०१८ (प्रतिशतमा)	५८.७	३६.४	४.९	१००
३. जनघनत्व, २०१८ (वर्ग मिलमा)	१५७	२४४	२११०	१७३
४. जन-वृद्धि २००९।११-०१८				
(प्रतिशतमा)	१०.७	१४.६	११.९	१४.०
५. खेती गरिएको भूमि,				
२०२४।२५ (प्रतिशतमा)	३१.८	६५.३	२.९	१२.९८
६. खाद्यान्न (मेट्रिक टन)	२२९,८६९	+५६५, ८५२	–	+३३५,९८३
७. वृहत-उद्योग (प्रतिशत)	–	६२.५	३७.५	१००
८. यातायात				
(क) पक्की सडक (प्रतिशत माइल)	४५.४	३४.४	२०.२	१००
(ख) विमान स्थल (सङ्ख्या)	२	१२	१	१५
९. सामाजिक सेवा (सङ्ख्या)				
(क) शिक्षा (उच्च माध्यमिक पाठशाला+महाविद्यालय)	१५०+७	१२४+११	७४+१८	३४८+३६
(ख) स्वास्थ्य (स्वास्थ्य केन्द्र+अस्पताल)	७०+१८	२४+२५	३+११	९७+५४
१०. विकास आयोजनाहरूको				
२०१३–२७ (प्रतिशतमा)	१४	२८	३४	२२ राष्ट्रव्यापी आयोजनाहरू

यस समस्याको अर्को रूप बढी खाद्यान्न भएको तराई प्रदेश र खाद्यान्न अभाव पहाडहरू जहाँ वहुसंख्यक जनसङ्ख्या वसोवास गरेका छन्) को बीचमा सम्बन्धको कमी हो । यातायातमा हुने बढी खर्चले गर्दा खुद्रा बिक्री तथा प्रदेशहरूको बीच हुने व्यापारलाई हतोत्साहित पारेको छ र सरसामानहरू र सेवाहका चलन चल्ती ठूलो मात्रामा मानिसहरूको आवागमनमा नै भर परेको छ । गर्मीमा भोट जाने भञ्ज्याङ्गहरू हिउँ हित हुने बेला तिब्बतसँग हुने व्यापार र हिउँदमा औलोको प्रभाव कम हुने बेला भारतसँग व्यापार हुने गरेको परम्परागत परिवहन स्थितिमा औलो उन्मूलन कार्य र भोटको व्यापार बन्द भएकोले गत दशकदेखि आमूल परिवर्तन आएको छ । तराईमा भएको औलो उन्मूलन कार्यक्रमले दक्षिणतिरको सम्बन्धलाई मजबुत तुल्याए देशको भारतसँगको अन्तर व्यापारसम्बन्ध महत्वपूर्ण तुल्याएको छ । उत्तर र दक्षिण बीच अघिदेखि रहेको दुईतर्फी वाणिज्य बाटोले नेपाललाई एक महत्वपूर्ण स्थान (Stratgic Location) प्रदान गरेको थियो, तर दक्षिणी बजारहरूको विस्तारले नेपालको भौगोलिक स्थितिको उक्त महत्वलाई क्रमशः घटाउँदै ल्याएको छ ।

तराई (अथवा भारतीय बजारहरू) को बढ्दो प्रभुत्वको कारण तराईमा भएको बढी स्रोतहरूको उपलब्धता मात्र नभई विकास कार्यहरूको क्षेत्रमा तराईको तुलनात्मक सुविधा पनि हुन् । अहिलेको अवस्थामा तराई प्रदेशमा कृषि, वन तथा यातायात क्षेत्रहरूको विकास कार्यहरू द्रुतगतिले वृद्धि हुँदै गइरहेका छन् । ताईमा यातायातको विकासले आवागमन तथा उद्योग र वाणिज्यमा विस्तार ल्याउनु साथै नगरीकरणमा पनि प्रोत्साहन दिएको छ । तराईको आर्थिक उन्नतिमा यस प्रकारको जोडलाई प्रारम्भमा बढी सक्षम प्रदेशको विकास गर्ने दृष्टिकोणको पक्षमा तर्क गर्न सकिन्छ किनकि उपर्युक्त कार्यक्रमहरूबाट हुने आर्थिक लाभहरू पछि गएर अन्य पिछडिएका प्रदेशहरूमा

लगाउन सकिएला । तर यस प्रकारको विकास कार्यको केन्द्रीकरणले देशका अधिकांश भागलाई वेवास्ता गरेको जस्तो देखाउँछ । पहाडमा जनसङ्ख्याको बढी चापले गर्दा त्यहाँको प्राकृतिक सन्तुलन (Ecological balance) लाई नै शोचनीय स्थितिमा पुऱ्याएको छ । विकासको अहिलेको ढाँचाबाट आधारभूत सेवाहरू जुटाउनको लागि पहाडी अर्थ व्यवस्थामा परिआएको कठिनाइमा समेत अझ वृद्धि हुन सक्नुका साथै भविष्यमा यसको अवनतिलाई रोकथाम गर्न वैकल्पिक उपायसम्म पनि प्रदान हुनेछैन । यसले यो कुरा इङ्गित गर्छ कि विकासको प्रारम्भिक अवस्थामा असंख्य असन्तुलित असरहरूले गर्दा प्रादेशिक असमानतालाई झन तीव्रतर रूपमा बढाउँदछ । फेरि औद्योगीकरण थालिने देशहरूमा कुनै क्षेत्रमा मात्र मुख्य मुख्य उद्योगहरूको प्रारम्भिक स्थापनाले गर्दा यिनीहरूको आफ्नै स्वचालन स्वभावले अरु उद्योगहरूलाई पनि त्यहीँ आकर्षित गर्दछ । यो प्रवृत्ति काठमाडौं उपत्यकाको सन्दर्भमा स्पष्ट रूपले देखापर्दछ । जहाँ केन्द्रीय प्रभुतवले गर्दा योजनाकालको सुरूदेखि एक-तिहाई भन्दा बढी विकास आयोजनाहरू एकत्रित भएका छन्

काठमाडौं शहरी क्षेत्रमा मात्र विकासका प्रयासहरू केन्द्रित गर्न तथा ज्यादा तर तराई प्रदेश भित्र भिन्नै प्रकारको विकास कार्यहरूमा जोड दिने दुवै नीतिमा केही सैद्धान्तिक समस्याहरू छन् । बर्तमान अवस्थामा तराई भूमिहिनहरू लागि नभै नखुलेको क्षेत्र हो भन्दा लाभप्रद प्रस्तावना झैं देखिएला तापनि जुनबेला यो "नयाँ मुलुक" मा पनि पूरा आवादी हुनेछ । त्यसबेला भविष्यका लागि के गर्ने ? तरार्यको सीमित क्षेत्र भित्र कृषि, वन जङ्गल तथा औद्योगीक विकासहमा भू-उपयोगको बाँडफाँट गर्न अर्को समस्या छ । त्यस किसिमका विकासको केन्द्रीकरणले जनसङ्ख्याको गत्यात्मकता र खेतिको ढाँचाको जटिलता पार्ने निःसन्देह छ । यदि पहाडबाट तराई भूमिति र जनसङ्ख्या ओर्लिने प्रक्रिया अहिलेकै गतिमा जारी रहयो भने प्रादेशिक असमानताहरूमा झन ठूलो पार्ने गरी पहाडी हिमाली भागको जनसङ्ख्या झन पातलो हुँदै जाने देखिन्छ । अहिलेसम्म भएका विकास कार्यहरूको पुनरावलोकन गर्दा योजनामा निहित लगानीबाट प्राकृतिक फरकहरू झन् बढ्दै जाने देखिन्छ । केही केन्द्रहरूमा मात्र आर्थिक तथा सामाजिक कार्यहरूका अत्यधिक केन्द्रीकरणको अर्थ एकातिर देशका बाँकी भागहरूको आर्थिक विकास कार्यमा रुकावट हुनु तथा पिछडिएका क्षेत्रको सृजना हुँदै जानु र अर्कोतिर शहरी भौतिक समस्याहरूलाई बढावा दिनु हुनेछ । तसर्थ, राष्ट्रिय विकास कार्यक्रमहरूमा उपयुक्त प्रादेशिक नियन्त्रण गरेर पहिलेदेखि भैरहेको असन्तुलनतालाई हटाउँदै लानु नै प्रादेशिक विकासको मुख्य लक्ष्य हुनेछ ।

(ख) प्रादेशिक योजनाका उद्देश्यहरू

प्रादेशिक योजनाले विस्तृत प्रादेशिक ढाँचा तयार पार्दछ जसबाट कुनै खास क्षेत्रीययोजना सम्बन्धी निर्णयहरू लिन सकिन्छ र यसरी प्रदेशहरूलाई महत्वपूर्ण तरिकाबाट प्रभाव पार्न सक्ने राष्ट्रिय नीतिहरूको निर्धारणमा सहायता प्रदान गर्दछ नेपालको राष्ट्रिय योजना निम्नलिखित उद्देश्यहरू पूरा गर्नको निमित्त प्रादेशिक विकास योजनाको ठूलो योगदान देखिन्छ ।

१. अन्तर-प्रादेशिक असमानता घटाउने	२. राष्ट्रिय अर्थ व्यवस्थाको एकीकरण ।
३. प्रभावहीन अर्थ-तन्त्रको जटिल चक्रलार्य तोड्ने	४. आयोजनाहरू बीच असनतुलन हटाउने ।
५. प्रादेशिक आर्थिक ढाँचाको विश्लेषण गर्ने ।	

१. अन्तर-प्रादेशिक असमानता घटाउने ।

देशको साधन र विकास कार्यहरूको दृष्टिकोणबाट उत्तर र दक्षिण (पहाड र तराई) बीच र साथै शहर र गाउँको (काठमाडौं र जिल्लाहरू) बीचको अन्तरलाई पूर्व परिच्छेदले पर्याप्त रूपमा दर्साई सकेको छ । चौथो योजनाको निमित्त विचार गरिएको सन्तुलित विकासको मतलव प्रदेशहरूमा पूरा समानता ल्याउनु होइन । जुनकि साधनको विभिन्नता र आर्थिक सम्भाव्यताको कारणले पनि असम्भव छ । यसको मुख्य उद्देश्य देशको साधन आर्थिक, सामाजिक तथा राजनैतिक आवश्यकताको अनुरुप प्रदेशहरूको बीचमा बढी समानता ल्याउनु हो ।

हाल काठमाडौं तथा पूर्वी तराईको विकासकोनिम्ति जुन जोड दिइएको छ त्यसलाई देशको दीर्घकालीन विकासको निमित्त राम्रो लक्षण मान्न सकिँदैन । किनकि आफ्नो अर्थ व्यवस्थामा निरन्तर वृद्धि हुन सक्ने कुनै मान्य स्थितिमा नेपाल पुग्न सक्ने नसक्ने कुरा धेरै जनसङ्ख्या भएको पहाडी प्रदेशको स्वस्थ आर्थिक विकास माथि निर्भर गर्दछ । प्रादेशिक दृष्टिकोणको ध्येय रहेक प्रदेशमा साधनको समान वितरण गर्ने होइन बरु आर्थिक विकास तथा यसबाट हुने लाभको सामूहिक उपयोग गराउन राम्रो सम्भाव्यता भएको विभिन्न प्रदेशहरूको प्रतिनिधित्व गर्ने खालका क्षेत्रहरूमा विस्तृत स्थानीय योजना प्रारम्भ गर्नु हो । यस किसिमको प्रादेशिक लगानी ढाँचालाई प्रादेशिक विकास योजनाको माध्यमबाट दीर्घकालीन योजनाको रुपमा व्यक्त गर्न सकिन्छ ।

२. राष्ट्रिय अर्थ व्यवस्थाको एकीकरण

एक तर्फ हिमाली तथा पहाडी प्रदेशहरू र अर्कोतर्फ तराई प्रदेशको बीच बढ्दै गईरहेको असमानता आर्थिक एवं राजनैतिक सत्य हुन् र यी भिन्नताहरूलाई घटाउनु अनिवार्य हुन आएको छ । काठमाडौं उपत्यका (जुन पहाडी प्रदेशको एक सानो अङ्ग मात्र हो) वाहेक विकास कार्यहरू धेरैजसो तराई प्रदेशमा सीमित छन् । यी

प्रदेशहरूमा बढी भएका धेरै जसो खाद्यान्नहरू खाद्याभाव भएको पहाडी इलाकाहरूमा पठाउने व्यवस्था गर्नुको सट्टा भारत निर्यात गरिन्छ । तराईको खाद्यान्नहरू सकेसम्म आवश्यक भएको पहाडी क्षेत्रमा पठाउन पर्ने हो तर ती क्षेत्रहरूमा सो खाद्यान्नको साटोमा दिने कुरा भए मात्र व्यापार सम्भव हुन्छ । तर अहिलेको स्थितिमा तराईको दाँजोमा पहाडी क्षेत्रहरूमा विकास कार्यहरू ज्यादै कम भएकोले यी क्षेत्रहरूको आफ्नै उत्पादन पनि कम हुन गई तराईलाई थोरै मात्र चिचवीजहरू दिन सकेको छ । यसकारण पहाडी प्रदेशको साधन सम्भाव्यतालाई पूर्ण तवरले काममा ल्याउनका निमित्त क्रमशः पहाडतर्फ लगानी बढाउनु आवश्यक भएको छ । पहाडी प्रदेशमा विचार पूर्वक छानिएका क्षेत्रहरूलाई तराईको अर्थ व्यवस्थाको फरकमा उक्त क्षेत्रहरूमा विभिन्न प्रकारको साधनको प्रचूर बिकास गराउन मद्दत गर्दछ । जोडिएका दुई देश बीचको घनिष्ट आर्थिक सम्बन्धको अनुरूप तराईमा लगाइने लगानीका ठूलो भाग भारतीय अर्थ व्यवस्थाद्वारा उपयोग गर्ने भएको कारणले पनि यस्तो किसिमको विकास कार्यको स्थानान्तर उचित देखिन्छ र यस वाहेक उत्तर (हिमाली र पहाडी) र दक्षिण (मधेश) का बीच राजनैतिक एकता हासिल गर्ने कार्य पनि विभिन्न भौगोलिक क्षेत्रहरूका क्रमिक आर्थिक सञ्चालनद्वारा नै सफल हुन सक्दछ ।

३. प्रभावहीन अर्थ-तन्त्रको जटिल चक्रलाई तोड्ने

"नयाँ बाटोहरूद्वारा नयाँ बजारहरूको सम्भावना हुन्छ र नयाँ बजारहरूबाट आर्थिक कार्यहरूको साथै जनताको जीवनस्तरमा पनि वृद्धि हुन सक्दछ ।" उपर्युक्त व्यहोराले द्रुततर विकासको निमित्त यातायातको सुविधा अत्यावश्यक छ भन्ने संकेत गर्छ । तर यातायातको सुविधा मात्रले स्वतः आर्थिक विकास हुन्छ भन्ने सोच्नु ठीक होइन । सडकहरूको निर्माणका साथसाथै सो सडकबाट पर्ने प्रादेशिक असरको आद्योपान्त मूल्याङ्कन तथा सो क्षेत्रहरूको लागि आर्थिक कार्यक्रमहरूको पनि साथ साथै योजना गर्नु आवश्यक छ भन्ने कुरालाई नेपालमा अनुभवले पुष्टि गरिसकेको छ । सडक निर्माण र सहयोगी कार्यक्रमहरूको सृजना गर्न समयमा जति धेरै फरक पर्दछ सभ्भार तथा मर्मतका लागि लगाइने खर्च पनि झन् बढी अनुपातमा वृद्धि हुँदै जान्छ ।

अतः एकतर्फ देशको निम्नस्तरको अर्थ व्यवस्थाले गर्दा उत्तर-दक्षिण मूलबाटोहरू बनाउने कार्य औचित्यताको दृष्टिकोणबाट हालको अवस्थामा नभ्याईने र अर्कोतिर, यसरी बाटो नवनाउँदा उचित आर्थिक संचानलको अभावमा उक्त प्रदेशहरू बीचको आर्थिक, राजनैतिक तथा सामाजिक सम्बन्ध कमजो हुनाले आज नेपालको अगाडि एउटा विकट समस्या देखापरको छ । यस समस्याको सोचाइले निम्न लिखित दुई उपसंहारमा पुग्न योगदान दिन्छ ।

(अ) हाल पहाडी प्रदेशमा भइरहेका आर्थिक कार्यविधिहरूलाई ध्यानम राख्ता उत्तर-दक्षिण बाटोजस्ता महत्वपूर्ण आयोजना कार्यान्वयन गर्न उचित नदेखिए तापनि यस आयोजनालाई धेरै समयको निमित्त पछि सार्न सकिँदैन ।

(आ) यदि यी बाटोहरूका आयोजनालाई पहाडी क्षेत्रमा प्रादेशिक आर्थिक कार्यक्रमहरूका योजनाद्वारा परिपूरक गर्न सकिएमा उत्तर-दक्षिण बाटोको योजना कार्यान्वयनले नेपालको विकासमा धेरै ठूलो योगदान दिने छ । यसरी सडक निर्माण र प्रादेशिक आर्थिक कार्यक्रमहरूसम्बन्धी विस्तृत योजना साथ साथ थालिएमा कुनै आर्थिक कार्यक्रम नभएकोले सडक निर्माण नहुनु, सडक निर्माणको अभावमा आर्थिक कार्यक्रमहरू नहुनु जस्ता जटिल चक्रलाई तोड्न सकिनेछ ।

४. आयोजनाहरूका बीच असन्तुलनहरू हटाउने

विभिन्न आयेाजनाहरूको क्षमतामा भएको असन्तुलन हटाउन मुख्य मुख्य तथा एउटा भौगोलिक स्थापना अन्तर्गत अलग अलग आयोजनाहरूको कार्यान्वयन सूची (Scheduling) मा भर पर्छ । स्थिति निर्धारण विचारको अभावले गर्दा वितेका योजनाहरूमा प्रादेशिक कार्यकलापहरूको समन्वय नभई बढी क्षमता र कम उपयोग भएका आयोजनाहरूको असंख्य उदाहरण देखा परेका छन्, जस्तैः पानी नपुग्ने नहरहरू (पोखरा), कम उपयोग भएको विद्युत शक्ति (त्रिशूली), कम सवारी चल्ने सडकहरू (कोदारी सडक) र सडक विनाको विशेष आयोजनाहरू (जिरी) । संस्थासम्बन्धी ढाँचामा पनि आयोजनाहरूको बीच भएको असन्तुलनको कारणले गर्दा साधनहरू खेर गइरहेको पाइन्छ । उदाहरणको लागि कृषि क्षेत्रमा, विभिन्न संस्थाहरूको शाखा कार्यालयहरू एकैठाउँमा सँगसँगै स्थापना नभई दिएकोले यस्तो व्यवस्थाले किसानहरूलाई व्यावहारिक समस्या पारेको छ ।

त्यस्तै राप्ती (पुनर्वास), जिरी (कृषि प्रसार), त्रिशूली (साधन व्यवस्था) जस्ता समस्या-मूलक प्रादेशिक आयोजनाहरूमा पछिबाट क्रमशः अनेक अवलम्बित कार्यकलापहरू थपिए । यी आयेाजनाहरूको प्रारम्भिक अवस्थामा नै विस्तृत प्रादेशिक दृष्टिकोणहरू अपनाइएको भए आफ्नो क्षेत्रभित्र यसले राम्रो सेवाहरू उपलब्ध गराउन समर्थ हुने थियो । कुनै खास स्थानमा भएको लाभदायक आयोजनाका उचित मूल्याङ्कनको निमित्त आवश्यक हुने प्रादेशिक परिगणन तथ्याङ्कको अभाव नै मुख्यतया आयोजनाहरू र कार्यक्रमहरू बीच क्षमतामा हुने असन्तुलनको लक्षण हो । प्रादेशिक योजनाले क्षेत्रीय कार्यक्रमहरूको सिधा परिमाण (Vertical Dimension) लाई

प्रादेशिक तथा स्थानीय परिमाणहरूको प्रशोधन गरी आयोजनाहरू बीचको आपसी समन्वयसम्बन्धी विशेष दृष्टिकोण प्रदान गर्दछ ।

५. प्रादेशिक आर्थिक ढाँचाको विश्लेषण

राष्ट्रिय र प्रादेशिक दुबै स्तरका योजनाकालमा सुधार ल्याउनका लागि आवश्यक जनसङ्ख्याको गतिविधि, लगानी र उत्पादनको सम्बन्ध, व्यापारको ढाँचा, वचत र पुँजी निर्माण जस्ता आवश्यक तथ्याङ्कको धेरै नै अभाव छ । यसवाहेक राष्ट्रियस्तरमा जम्मा गरिएको सम्पूर्णाङ्कले पनि कुनै खास प्रदेशहरूको यथार्थ चित्रण हुनेगरी सूचना दिन सक्दैनन् । प्रत्येक प्रादेशिक अर्थ-तन्त्रमा जन र भौतिक साधनहरूका उपलब्धिमा भिन्नता हुन्छ र यी साधनहरू तथा देशका विभिन्न प्रदेशहरूको लागि सम्भावित सेवा उद्योगहरू र यसको बजारसमेतको राम्ररी अध्ययन तथा मूल्याङ्कन गर्नु अति आवश्यक हुन आएको छ । प्रादेशिक ज्ञान तथा तथ्याङ्कको कमी नै योजना कार्यक्रमहरूको कार्यान्वयन तथा असफलताको बाटोमा मुख्य वाधा हुन आएको छ । अतः उपलब्ध साधनहरूको उपयोग र खोज गर्ने तथा विकासका सम्भाव्यता र यसको बाटोमा आउने तगारोको निदान गर्न सर्वेक्षण कार्यक्रममा जोड दिनु आवश्यक छ । प्रादेशिक सर्वेक्षणद्वारा र जमिनको क्षमता, कृषि क्षमता, पहुँच, अवादी ढाँचा र औद्योगीक स्थापना आदिको अनुसन्धानद्वारा प्रादेशिक योजनाले प्रदेशको वृद्धि सम्भाव्यता र साधनको मूल्याङ्कन प्रक्रियामा शीघ्रता प्रदान गर्दछ । हरेक प्रदेशको आफ्नो किसिमको भौतिक वनावट भएको हुनाले र नेपालमा प्रदेशहरू बीच ठूलो विभिन्नताको कारणले गर्दा यहाँको जमिनको आकृति र यसको उपयोगको ढाँचामा पनि ठूलो अन्तर भएकोले केही छानिएका क्षेत्रहरूमा विस्तृत अनुसन्धान गर्न नेपालको अवस्थामा वहुतै आवश्यक छ । प्रादेशिक विकास योजनाका सिलसिलामा हुने यस्ता खास स्थानहरूको सर्वेक्षणले विभिन्न क्षेत्रहरू बारे सत्य तथ्यहरू पत्ता लगाउनुको साथै विकास योजनाको प्रक्रियालाई समेत सुधार गर्दछ ।

(ग) साधनको बाँडफाँट

प्रादेशिक योजनाद्वारा राष्ट्रिय योजनाको उद्देश्य र यसमा लगाउने लगानीलाई प्रादेशिक तहमा स्थापित गर्ने कार्य गरिन्छ । जसबाट विभिन्न प्रदेश तथा क्षेत्रहरूको उचित विकास भई राष्ट्रिय योजनाको सम्भावित लगानीहरूको उच्चतम फल प्राप्त हुन्छ । प्रत्येक प्रदेशले राष्ट्रिय लक्ष्य प्राप्तिका निमित्त के कस्तो योगदान गर्न सक्दछ भन्ने कुराको निर्धाराण प्रादेशिक अर्थ नीतिमा हुनु पर्दछ, साथै अत्यन्त आवश्यक सामाजिक तथा आर्थिक प्राथमिकतालाई ध्यानमा राखी साधनहरूको प्रयोग कसरी नियमित गरिनु पर्दछ भन्ने पनि विचार गर्नु पर्दछ । राष्ट्रिय योजनाको उद्देश्यहरूमा उल्लेख भएअनुसार सन्तुलित सर्वतोमुखी विकास होस भन्ने हेतुले विकास कार्यको केही भागमा मात्र बढी केन्द्रीकरण हटाएर प्रादेशिक तहमा उचित वितरण हुनु पर्दछ, जसबाट देशका विभिन्न भागहरू समान रुपले विकसित हुन सकुन् ।

साधनहरूको प्रादेशिक वितरण वाँडफाँटको एक महत्वपूर्ण पक्ष हो । यसले प्रत्येक प्रदेशको विकासको गति र यसरी सम्पूर्ण देशकै विकास निर्धारण गर्दछ । क्षेत्रीय दृष्टिकोणको वर्तमान प्रमुखतालाई प्रादेशिक दृष्टिकोणसँग सन्तुलित गर्नु पर्दछ । जसबाट विभिन्न प्रदेशहरूको बीच रही आएको अन्तर घटाउने प्रादेशिक नीति अनुसार लगानीहरूको भौगोलिक वितरण अंकित गर्न सकियोस् । प्रादेशिक विकासको दृष्टिकोणले क्षेत्रीय लगानी तथा स्थानीय ढाँचाको बीचमा समन्वय ल्याई यस्तो क्षेत्रमा गरिने खास योजना माथिको लगानीको प्रादेशिक अर्थ व्यवस्थामा कस्तो असर पर्छ त्यसलाई स्पष्ट गर्नुका साथै यी लगानीहरूबाट हुने आवश्यक गुणक असरहरूको विश्लेषण गर्न स्पष्ट ढाँचा तयार पार्दछ ।

यसले साधन तथा उत्पादन आदिको हिसाबबाट निकालिएको स्थान-निर्धारणमा बलियो वित्तीय नियन्त्रण पुऱ्याउन सक्दछ । तसर्थ आयोजनाहरूको छानविन विभिन्न क्षेत्रहरूले उठाएका कार्यहरूको किसिममा मात्र निर्भर नभई तिनीहरूको सामाजिक, आर्थिक लाभसम्बन्धी मूल्याङ्कन स्थानीय आधारमा पनि हुनु यथाशक्य चाँडो उच्चतम लाभ पर्दछ । यस किसिमको दृष्टिकोण अपनाउन राम्रो प्रादेशिक विश्लेषण हुनु पर्दछ जसबाट हासिल गर्ने प्रयासहरू उपयुक्त स्थानहरू केलाउन र साथै उत्पादक कार्यहरू गराउन सहायताको आवश्यकता परेका स्थानहरूको पनि निर्धारण गर्न सकियोस् । एक पटक सरकारी लगानीको ढाँचा राम्रो सँग बसेपछि आर्थिक एवं वित्तीय (प्रोत्साहन वा) नियन्त्रणद्वारा गैर सरकारी लगानीलाई पनि त्यस दिशातिर प्रोत्साहन गर्न सकिन्छ । विकासको लागि कुनै एउटा प्रदेशको विचार गर्दा त्यहाँ खर्चको लागि पूरक साधनहरू मौजुद छन् छैनन् हेर्नु पर्दछ । यस दृष्टिकोणबाट प्रादेशिक योजनाले विभिन्न क्षेत्रीय कार्यक्रमको स्थानीय समन्वय गराई सरकारी विकास कार्यलाई बढी स्पष्ट पार्दछ ।

प्रादेशिक विकास गर्नुको निमित्त राष्ट्रिय लक्ष्यमा प्रादेशिक कर्यहरू सम्मिलित हुनु पर्दछ । प्रादेशिक नीति तथा कार्यक्रमहरू प्रादेशिक भौतिक सम्मिश्रणको निर्धारणमा आधारित हुनु पर्दछ जुनकि विभिन्न क्षेत्रमा उत्पादन तथा लगानीको रुपमा व्यक्त गरिएको राष्ट्रिय योजनासँग सम्बन्धित हुन्छ । प्रादेशिक अर्थ व्यवस्थाको स्थापना गर्द

विभिन्न प्रदेशहरूको बीच तथा प्रदेश भित्रकै प्राकृतिक आर्थिक सम्बन्धमा जोड दिइनु पर्दछ । यसबाट हासिल गर्न सकिने प्राकृतिक सन्तुलन आर्थिक कार्यक्रम तथा साधनहरूको उपलब्धतामा निर्भर गर्दछ ।

(घ) प्रादेशिक विकास कार्यक्रम

नेपालको प्रादेशिक विकास योजनाको युक्तिमा उत्तर-दक्षिण विकास रेखा (Growth Axis) अथवा भिन्न प्रकारका प्रदेशहरूलाई जोड्न बाटोहरूको परिकल्पना गरिएको छ । विकास रेखाअन्तर्गत रहेका भिन्न प्रकारका साधनहरूलाई (तराई, पहाड तथा हिमालयका) निकटतममा ल्याउँदा आर्थिक स्थिरता आउनुका साथै मालसामान, सेवा तथा मानिसहरूमा बढी अन्तर-प्रादेशिक आवत-जावत गराउन सकिन्छ ।

चौथो योजनामा व्यापक प्रादेशिक विकास कार्यक्रमहरू निम्नलिखित चार विकास रेखाहरू (तालिका २) मा सुरू गरिनेछन् ।

१. कोशी विकास रेखा (विराटनगरदेखि हेदनडमामा) ।
२. गण्डकी विकास रेखा (भैरहवादेखि जोमसोम) ।
३. कर्णाली विकास रेखा (नेपालगञ्जदेखि जुम्ला) ।
४. काठमाडौं विकास रेखा (वीरगन्जदेखि धुन्चे तथा बाहूबिसे) ।

माथि उल्लिखित चार विकास रेखाहरूद्वारा विभिन्न साधनहरूको एकीकरण हुने देखिन्छ किनकि तिनीहरूमा देशको पूर्व-पश्चिम तथा उत्तर दक्षिण दुबै ढाँचाका प्रदेशहरू परेका छन् । प्रत्येक विकास रेखामा कति सडक बनिसकेको छ अथवा हाल बनाउने योजना गरिएको अथवा निर्माण भइरहेको छ । यी सडकहरूले विभिन्न विकास केन्द्रहरूलाई जोड्ने छ जहाँ आयोजनाहरूको केन्द्रीउकरणबाट हुने आर्थिक लाभ हासिल गर्न तथा आर्थिक समुदाय प्रोत्साहन गर्न विकास कार्यहरू केन्द्रित गरिने छन् । यी विकास रेखाहरू विभिन्न किसिमका प्रादेशिक क्षेत्रहरूबाट जाने हुनाले विभिन्न स्थानका विकास केन्द्रहरूले त्यस क्षेत्रका जनताका लागि विक्री तथा सेवा केन्द्रको काम दिन सक्दछ । उपयुक्त रेखा वरिपरिका विभिन्न विकास केन्द्रहरूले कृषिमा परिवर्तन ल्याउन, उद्योगको स्थापना, व्यापार तथा सामाजिक सेवा कार्यक्रम आदिको वृद्धिलाई प्रोत्साहन दिनेछन् ।

केही छानिएका विकास केन्द्रहरूको विस्तृत विकासले समान अवस्था भएका अन्य क्षेत्रहरूलाई पनि उपयुक्त हुने विकास कार्यक्रमहरू तर्जुमा गर्ने तरिका देखाउने प्रदर्शन केन्द्रहरूको काम दिन्छ । यसरी विराटनगर, वीरगन्ज, भैरहवा र नेपालगन्ज आदि क्षेत्रले तराईको परिस्थिति र धनकुटा, पालुंग, पाल्पा, स्याङ्जा र दैलेखले पहाडी प्रदेशहरूको विकासको नमुना प्रस्तुत गर्न सक्दछ । हिमालय प्रदेशमा हेदाङमा, धुन्चे, जोमसोम र जुम्लाबाट दुर्गम क्षेत्रको लागि विकास तरिका प्रदर्शित गर्ने छ । यस किसिमका केन्द्रहरूको विकास गर्नुको मुख्य उद्देश्य तिनीहरूको आसमासका क्षेत्रहरूको भिन्न प्रकारका आवश्यकताहरू पुऱ्याउन बहु-कार्यक्रम युक्त वस्तीको सृजना गर्नु हो ।

विकास केन्द्र सिद्धान्तको सबैभन्दा मुख्य पक्ष यसबाट हुने निश्चित केन्द्रित विकास र केन्द्रबाट वरिपरिका क्षेत्रहरूमा विकास फैलिने सम्भावना हो, अर्थात् गुणक असरको क्रमद्वारा विकास केन्द्रहरूसँग आवद्ध क्षेत्रहरूले केन्द्रीय आर्थिक कार्यक्रमहरू बाट लाभ उठाउन सक्नेछन् । जब देशको अर्थ व्यवस्था पूर्णरूपले एकीकरण हुन्छ र जब सामान एवं साधनको बजार बढी प्रभावकारी हुन्छ विकासका यी केन्द्रहरूबाट उक्त फैलावटको असर देखिन थाल्दछ । त्यस किसिमको विकास स्तम्भ छान्दा वरिपरिका प्रदेशहरूलाई यथाशक्य बढी प्रभावित पार्ने सम्भावना भएका स्थानहरूलाई प्राथमिकता दिईनेछ । विभिन्न प्रदेशका विकास केन्द्रहरूलाई जोड्ने चारवटा विकास रेखाहरू ८० देखि १०० माइलको फरकमा देशभरि फैलिएका हुनाले ती रेखाहरूले आफ्ना आसपासका क्षेत्रहरूलाई असर पार्ने छन् र दुवै तिरबाट सो असर फैलँदै गई बीचमा मिश्रित भई अन्त्यमा सम्पूर्ण देशलाई नै ढाक्न सकिन्छ । परिभाषाको दृष्टिकोणबाट प्रादेशिक विकास एउटा दीर्घकालीन राष्ट्रिय योजनाको रूपमा आएको छ । जस्तै काठमाडौं-पोखरा सडकले दुई विकास रेखा जोड्ने अन्तर-रेखाको कार्य गरी दुवैतिर फैलिँदै गएको विकासको क्रमलाई झन् वृद्धि गराउने छ । हुनत पूर्व-पश्चिम राजमार्गको तराईका चार विकास केन्द्रहरूसँग समान सम्बन्ध छ तापनि यसैगरी यी विकास रेखाहरू बढी घना वस्ती भएका पहाडी क्षेत्रहरूसँग जोडिए पछि बढी लाभ उठाउन सकिनेछ ।

प्रादेशिक योजनाको माध्यमबाट विकास रेखाको विकास गर्नुको मुख्य कारण विकासोन्मुख तराई र पहाडी क्षेत्रको अर्थ व्यवस्थालाई जोड्नु हो । पहाडको आर्थिक आधारको सम्भार तथा विकास गर्नु र उक्त विकासलाई एक क्षेत्रबाट अर्कोमा लैजान उत्तरी प्रदेशहरूमा यस्ता कार्यक्रमको छनौट एवं सुरुआत हुनु पर्दछ जसको दक्षिणी प्रदेशहरूमा माग होस् । राष्ट्रिय अर्थ व्यवस्थाको एकीकरण गर्ने सबैभन्दा राम्रो उपाय व्यापार, श्रम तथा पुँजीको परस्पर लेन-देनको आधारमा विकास रेखाको माध्यमद्वारा देशको उत्तरी तथा दक्षिणी भागलाई एक अर्काको पूरक बनाउनु हो ।

(ङ) समस्यायुक्त स्थानहरू सम्बन्धी नीति

अन्तर प्रादेशिक आर्थिक एकीकरणलाई राष्ट्रिय योजनामा स्पष्ट रुपले समावेश गर्न विकास रेखाहरूको विकासले मूलभूत प्रादेशिक नीति प्रस्तुत गर्दछ । तर आर्थिक विकास एवं सामाजिक न्यायका लागि कटिवद्ध विकास नीतिले विकास रेखाद्वारा नै वर्तमान प्रादेशिक भिन्नताका सबै दुर्गुणहरू हटाउन भनी पर्खिरहन सक्दैन । हिमाली प्रदेशहरूमा जनसङ्ख्या पातलिँदै गएको तथा शहरी क्षेत्रहरूमा बढी घनत्वको साथै अनेक समस्या भएकोले जटिल खास खास स्थानहरूका समस्याहरूमा सुधार लयाउन सहयोगी कार्यक्रमहरूको आवश्यकता पर्दछ ।

(१) **दुर्गम प्रदेश** :

बढी उँचाई तथा अप्ठ्यारो प्राकृतिक स्वरूप भएकाले देशको हिमाली भागमा राम्रो उपयोगमा ल्याउन सकिने जमिन वहुतै सीमित छ । यी हिमाली जिल्लहरूमध्ये धेरैजसोमा कुल जमिनको ५ प्रतिशत भन्दा पनि कममा मात्र खेती गरिएको छ र त्यहाँको कृषि उत्पादनबाट पातलो जनसङ्ख्यालाई पनि वर्षमा केही समयको लागि मात्र जीविका धान्न सकिन्छ । फेरी तिब्बतसँग भएको सानोतिनो व्यापार, जुन पहिले जीवन निर्वाहको मूल साधन थियो, घट्दै गएको हुनाले पनि यो सीमावर्ती क्षेत्रका जनतालाई ठूलो आर्थिक कठिनाइमा पारेको छ । यी आधारभूत समस्याहरूको अलावा ती क्षेत्रहरूमा बस्ने जनता विकसित भागहरू भन्दा ज्यादै नै टाढा रहेका हुनाले राष्ट्रिय जीवनको मुख्य प्रवाहबाट वञ्चित छन् । यी पिछडिएका क्षेत्रहरूको विकास गर्नकालागि आवश्यक कुराहरूमा यातायातको सुविधामा वृद्धि गरी दक्षिणी प्रदेशहरूसँग बढी आवत्-जावत् गराउनु र तिब्बती क्षेत्रहरूसँगको व्यापारलाई जगाउनु हो । हिमालय क्षेत्रको हेदाङ्गमा, धुन्चे, जोमसोम र जुम्ला जस्ताविकास केन्द्रहरू भएका चार विकास रेखाहरूको सिद्धान्तले समान अवस्था भएका अन्य क्षेत्रहरूको विकासका लागि पनि उपयुक्त नीति प्रदान गर्दछ । पहाडी क्षेत्रहरूको लागि सर्वप्रथम यातायात प्रणालीमा सुधार ल्याउने तथा आवश्यक सुविधाहरू पुऱ्याउनेजस्ता आयोजनाहरू लिइनु पर्दछ । बाहिरबाट आएर राम्रोसँग वसोवास गर्न दिन सुकुम्वासीहरूलाई सहायता पनि प्रदान गर्न सकिन्छ र ती सुकुम्वासीहरूलाई आसपासका क्षेत्रहरूमा बढ्दै जाने उद्योगहरूको निम्ति आवश्यक विषयहरूमा तालिमको व्यवस्था हुनु आवश्यक छ ।

(२) **शहरी क्षेत्र** :

शहरी क्षेत्रहरूमा केही अन्य किसिमका समस्याहरू देखा पर्दछन् । विकासको साथ साथै शहरीकरण आउँदछ, किनकि शहरी क्षेत्रले धेरै ठूलो अनुपातमा वचत पुँजी आकर्षित गर्दछ । तर शहरी क्षेत्रमा कार्यक्रमहरू केन्द्रित गरिँदैमा आवश्यकताअनुसारको विकास हुन सक्तैन भन्ने कुरा काठमाडौंको शहरी क्षेत्रमा भइरहेको जनसङ्ख्या अत्यधिक घनत्व तथा जथाभावी बृद्धिबाट नै देखिन्छ । शहरी क्षेत्रहरूको लागि भौतिक योजना बृहत् प्रादेशिक रूपरेखाको सन्दर्भमा विकास गर्नु पर्दछ जसमा शहरी क्षेत्रहरूको साथै वरिपरिका सम्बन्धित ग्रामीण क्षेत्रहरू पनि परून् । वीरगञ्ज, धुन्चे तथा बाह्रविसे विकास रेखाको प्रादेशिक विकास योजना काठमाडौं र यसका आसपासका क्षेत्रहरूको बीच यस किसिमको सम्बन्ध जोड्ने उद्देश्यले तयार पारिएको हो । यसको साथै काठमाडौं उपत्यका भित्रको शहरी क्षेत्रहरूको निमित्त यथाशक्य चाँडो एउटा बढी प्रभावकारी भौतिक वातावरणको सृजना गर्ने नीति तयार पार्नु आवश्यक भएको छ । काठमाडौंका शहरी क्षेत्रको भौतिक विकास योजनाले बढी गैर सरकारी लगानी संलग्न गराउन तथा भविष्यमा हुने जनसङ्ख्या वृद्धिको आधारमा आवास तथा ढल समस्याहरू, पिउने पानी आवश्यक सेवाहरू, आवत जावत तथा पर्यटन र मनोरञ्जनका सुविधाहरूलाई प्राथमिकता दिइनु पर्दछ ।

(३) **पिछडिएका क्षेत्र** :

उत्तर-दक्षिण (पहाड र तराई बीचको) भिन्नताको साथै पूर्वी (कोशी), मध्य (गण्डकी) र पश्चिमी (कर्णाली) क्षेत्रहरूको बीच पनि उत्तिकै ठूलो अन्तर प्रादेशिक विभिन्नता छ । कर्णाली क्षेत्र जहाँ देशको कुल जमिनको ४२ प्रतिशत भाग पर्दछ त्यहाँ केवल २१ प्रतिशत जनसङ्ख्या मात्र छ । कम वर्षा र विस्तृत पहाडी प्रदेशले गर्दा कर्णाली क्षेत्रमा जनसङ्ख्या बहुतै पातलो छ । कर्णाली क्षेत्रमा गण्डकी क्षेत्रमा जस्तै शहरी सहुलियतहरू उपलब्ध छैनन् र साथै यहाँ कोशी क्षेत्रमा जस्तो समय समयमा लाग्ने हाट बजारहरूको पनि कमी छ । तसर्थ देशको सुदूर पश्चिमी भागका पहाड तथा तराई क्षेत्रहरू अन्य समान किसिमका क्षेत्रहरूको दाँजोमा कम विकसित छन् । कर्णाली क्षेत्रको अर्थ व्यवस्थाको विकास गर्न नेपालगञ्ज-जुम्लाको मुख्य विकास रेखा भित्र नपर्ने क्षेत्रहरूको लागि अर्को एउटा विकास रेखा खडा गर्न आवश्यक देखिन्छ ।

यस थप विकास रेखालाई सुदूर पश्चिमी जिल्लाहरूको विकास कार्यक्रमहरू सुचारु रुपले सञ्चालन गराउने साधन बनाउन प्रस्तावित धनगढी-डडेलधुरा सडक सँगै पारिनु पर्दछ । यस विकास रेखालाई टेवा दिन सबैभन्दा प्रभावकारी आर्थिक कार्यक्रमहरूलाई डडेलधुराको जोगबुढा उपत्यका (भित्री मधेश) को विस्तृत विकास र वैतडी जिल्लाको पाटनको लागि आवश्यक आयोजनाहरू सम्मिलित गरिनु पर्दछ ।

तालिका २

प्रादेशिक विकास क्षेत्रहरू

विकास रेखा	विस्तृत क्षेत्र	विकास केन्द्र
क. विराटनगर-हेदाङ्गमा	कोशी क्षेत्र (पूर्वाञ्चल)	१. विराटनगर
		२. धरान
		३. धनकुटा
		४. हेदाङमा
ख. भैरहवा-जोमसोम-	गण्डकी क्षेत्र (मध्यमाञ्चल)	१. भैरहवा
		२. बुटौल
		३. तानसेन
		४. स्याङजा
		५. पोखरा
		६. जोमसोम
ग. नेपालगन्ज-जुम्ला	कर्णालीक्षेत्र (पश्चिमाञ्चल)	१. नेपालगन्ज
		२. सुर्खेत
		३. दैलेख
		४. जुम्ला
घ. वीरगञ्ज-काठमाडौं	शहरी क्षेत्र	१. वीरगञ्ज
		२. हेटौंडा
		३. काठमाडौं-उपत्यका
		४. बाह्रविसे
		५. धुन्चे

बब समाप्त बब

परिच्छेद १

चौथो योजनाको उद्देश्य र नीति

देश विकास निरन्तर जारी रहने एक प्रकृया हो । विकासको उद्देश्य जनकल्याणमा निरन्तर बृद्धि गर्न सक्नु र भविष्यमा विकासको गतिलाई अझ तीव्र गतिमा लैजान चाहिने आधार खडा गर्नु हो । विकासको लक्ष्य पूरा गर्न सर्वप्रथम उत्पादनमा बृद्धि ल्याउनु पर्दछ । तर हाम्रो जस्तो मौजुदा विकासको चरणबाट एकै पटक उत्पादन बढाउने लक्ष्य मात्र कायम गरेर जन आकांक्षा पूरा हुने होइन । उत्पादन बृद्धिका साथै त्यसको न्यायोचित बितरण हुनसक्ने आधारलाई विस्तार गर्नुकासाथै वाह्य संसारसँग विकासको गतिलाई क्रमशः बढाउन चाहिने सरसामग्री तथा प्राविधिक ज्ञान उपलब्ध गर्ने उद्देश्यले पनि व्यापारको विस्तार गर्दै लैजानु नितान्त आवश्यक छ ।

चौथो योजना तर्जुमा गर्ने अवधिसम्म देशले धेरै वर्षको विकास कार्यक्रम सञ्चालन गरेको अनुभव प्राप्त गरेको छ । यस अवधिमा गरिएका आर्थिक तथा सामाजिक उपलब्धिहरूको जगमाथि नै भविष्यको विकास खडा हुने हो । वास्तवमा चौथो योजनाको लागि उपलब्ध गरिने साधनहरूको अधिकांश भाग पनि विगत योजनाकाल देखि चालू रहेका वा प्रारम्भ गरिएका योजनाहरूलाई नै आवश्यक पर्ने हुँदा चौथो योजनाकालमा नयाँ आयोजनाहरूमा हात हाल्नु भन्दा चालू योजनाहरूलाई बढी उपयोगी तुल्याउनु पर्ने स्थिति अन्तर्गत हालसम्म प्राप्त अनुभवको आधारमा भविष्यको विकासको गतिविधिलाई मोड दिने तथा सफल अनुभवहरूलाई अगाडि बढाउने प्रयास आगामी योजनामा सर्वोपरी रहने कुरा स्वतःसिद्ध छ ।

चौथो योजनाको उपलब्धि पनि विगत योजनाहरूको जस्तै विकास कार्यलाई उपलब्ध हुनसक्ने साधनलाई विभिन्न विकास कार्यक्रम र आयोजनामा गरिने लगानीमा निर्भर गर्दछ । कार्यक्रम र आयोजनाहरूको उद्देश्य राष्ट्रिय लक्ष्य र नीतिमा आधारित विभिन्न क्षेत्रीय योजनाहरूको आधारमा निर्धारित गरिनुपर्दछ । तसर्थ, योजना तर्जुमा गर्दा सर्वप्रथम राष्ट्रिय उद्देश्य र नीतिहरू निर्धारित गरी सोही अनुरूप क्षेत्रीय लक्ष्य र नीतिहरूको तर्जुमा गरिनुपर्दछ । साथै यी दुबैको बीचमा पारस्परिक सामञ्जस्य कायम हुनु जरुरी छ ।

चौथो योजनाकालमा उपलब्ध साधनलाई विकास कार्यक्रम तथा आयोजनामा लगानी गर्दा निम्न लिखित उद्देश्यहरू पूर्ति गर्न सहायक हुने किसिमबाट गरिनेछ । देश विकासको लागि वाञ्छनीय उद्देश्यहरू धेरै छन् र सबैको न त व्याख्या गर्न सम्भव छ न त सबैको एकेचोटी परिपूर्ति नै गर्न सकिन्छ । पञ्चायत व्यवस्थासँग आवद्ध तथा संविधानमा निर्दिष्ट लक्ष्यहरूको दृष्टिकोणबाट चौथो योजनाकालमा बढी प्राथमिकता दिनुपर्ने देखिएका केही मूलभूत उद्देश्यहरूबाट निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

१. **उत्पादनमा अधिकतम बृद्धि गर्ने**

जनकल्याणको अभिबृद्धि बढ्दो आर्थिक उन्नतिको आधारमा मात्र हुनसक्छ र यसको लागि देशको सर्वोपरि लक्ष्य उत्पादनमा बृद्धि गर्नु हुनजान्छ । हुनत आर्थिक शोषणको अन्त्य गर्न उत्पादनमा बृद्धि गर्नुको साथै वितरण विनिमय सम्बन्धी संगठन र व्यवस्थामा पनि आवश्यक परिवर्तन गर्नु जरुरी छ । तर, अनुचित आर्थिक दवाव र शोषणका सम्भावना हाम्रो जस्तो गरीब देशमा धेरै मात्रामा रहने हुनाले शोषण र अनुचित आर्थिक दवाबलाई हटाउन सर्वप्रथम गरीबीको मूलजडलाई नै निर्मूल गर्ने हाम्रो प्रयास हुनुपर्दछ । गरीबीको मूल कारण कम उत्पादन भएकोले शोषण रहित समाजको सृजना गर्न सर्वप्रथम उत्पादनमा अधिकतम बृद्धि गर्नु आवश्ययक छ । वर्तमान अर्थ व्यवस्थालाई ठोस आधारमा आधुनिकीकरण गर्ने दृष्टिकोणबाट मात्र होइन योजना र विकास कार्यबाट सर्वसाधारण जनताको सामान्य दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याई विकास कार्यमा जनताको विश्वास र सहयोग बढाउन पनि यो उद्देश्य अपनाउनु उपयुक्त छ । आवश्यक तथ्याङ्कको अभावमा चौथो योजनाअन्तर्गत राष्ट्रिय उत्पादनमा हुने वास्तविक बृद्धि यकिन गर्न सकिने स्थिति नभए तापनि चौथो योजनाको तर्जुमाकालमा उपलब्ध हुनसकेका तथ्याङ्कको आधारमा गरिएको मोटामोटी अनुमानलाई नै आधार मान्ने हो भने प्रस्तावित लगानी र त्यसबाट सम्पन्न हुने आयोजनाहरूबाट योजनाकालमा राष्ट्रिय उत्पादन बर्षिक चार प्रतिशतका दरले बृद्धि हुने सम्भावना देखिन्छ ।[८]

२. **निरन्तर विकासको लागि आवश्यक आधारहरू तयार गर्ने (जस्तै यातायात, सञ्चार, विद्युत, इत्यादी)**

जनसाधारणको जीवनस्तरमा न्यूनतम बृद्धिका साथै दीर्घकालीन विकासको निमित्त आधार पनि तयार गर्ने उद्देश्यले यातायात, विद्युत जस्तो देश विकासको लागि चाहिने साधनहरू ज्यादै अविकिसित अवस्थामा रहेको देशमा भविष्यको लागि विकासको गतिमा तीव्रता ल्याउनुको साथै उत्पादित वस्तुहरूको उचित विक्रीवितरणको व्यवस्था गर्नको लागि पनि विकासका आधारहरू खडा गरिनु पर्दछ, जुन कुरालाई विकासको प्रारम्भिक चरणहरूमा

---

* पूरा विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

बढ्दो मात्रामा ध्यान दिइनुपर्दछ । तसर्थ, चौथो योजनाकालमा कार्यक्रम र आयोजनाहरूको छानवीन गरी लगानी गर्दा तुरून्त उत्पादन वढाई प्रतिव्यक्तिको आय बृद्धि गर्ने उद्देश्य र दीर्घकालीन विकासलाई चाहिने आधार स्थापित गर्ने लक्ष्यबीच उपयुक्त सन्तुलन कायम गर्ने प्रयास गरिएको छ ।

३. अन्तर्राष्ट्रिय व्यापारको बिस्तार तथा विविधीकरण गर्ने

नेपाल भू-परिवेष्ठित देश हुनाको कारण र अर्थ व्यवस्थामा लामो बैदेशिक व्यापारको अनुभव नभएको हुनाले अन्तर्राष्ट्रिय व्यापारको विस्तार र विविधीकरण आर्थिक विकासको एक मुख्य लक्ष्य हुन गएको छ । निर्यात व्यापारमा अपेक्षित बृद्धि र विविधीकरण ल्याउन सकिएमा त्यसबाट आर्थिक विकासमा गतिशीलता आउन सकी बढ्दो विकास कार्यका निमित्त आवश्यक सरसामानहरू आयात गर्ने क्षमतासमेत बढ्न जाने हुन्छ । नेपाल र भारतको बीचमा निकटतम आर्थिक सम्बन्ध कायम रहीरहने भए तापनि व्यापारको निमित्त एउटै देशमा मात्र निर्भर रहनु आर्थिक दृष्टिकोणबाट वाञ्छनीय नभएकोले नेपालको वैदेशिक व्यापारमा अनेकता ल्याउनु जरुरी भएको छ ।

४. विकासको गतिसँग मेलखाने गरी मूल्य बृद्धिमा नियन्त्रण गरी यथासम्भव आर्थिक स्थिरताको वातावरणमा विकासको क्रममा गतिशीलता ल्याउने

आर्थिक विकास र आर्थिक स्थिरतालाई साथै विचार नगरिएमा विकासको प्रतिकूल असर पर्न सक्ने अवस्था उत्पन्न हुन्छ । यसकारण आर्थिक उन्नति हुनुको साथै आर्थिक स्थिरता पनि एक लक्ष्यको रूपमा लिइनु पर्दछ । चौथो योजनाकाल मा उपयुक्त मौद्रिक तथा वित्तीय नीतिहरूको माध्यमबाट देशमा सामान्य आर्थिक स्थिरता कायम गर्न मूल्य बृद्धिमा नियन्त्रण र अन्तर्राष्ट्रिय व्यापार निबन्धनमा समेत सुधार ल्याउन आवश्यक छ । आर्थिक स्थिरताको अर्थ मूल्य स्थिरता मात्र होइन आर्थिक स्थिरताले योजनामा निर्धारित लक्ष्य र उद्देश्य अनुरूप सरकारद्वारा अपनाइने सम्पूर्ण आर्थिक नीतिलाई समेत जनाउँछ । आर्थिक नीतिहरू अनियमित र अस्थिर तरिकाबाट हेरफेर भई रहनाले योजनाबद्ध रूपमा सञ्चालित विकास प्रक्रियामा प्रतिकूल प्रभाव पर्ने तथ्यलाई समेत विचारगर्दा गतिशील विकासलाई आर्थिक स्थिरताको वातावरणमा कायम हुनु जरुरी छ ।

५. श्रम शक्तिको प्रभावकारी उपयोग तथा जनसङ्ख्याको बृद्धिलाई नियन्त्रण गर्ने

आर्थिक विकासको लक्ष्य कायम गर्दा देशमा रहेको श्रमशक्तिको प्रभावकारी उपयोग गर्ने र जनसङ्ख्या बृद्धि दरको गतिलाई पनि आवश्यक नियन्त्रण गर्नेतर्फ पनि ध्यान दिनु जरुरी हुन आएको छ । नेपालको जनसङ्ख्या बृद्धि दर अरु कैयन देशको दाँजोमा कम देखिए तापनि जनसङ्ख्याको तुलनामा उपलब्ध साधन, खास गरी खेतीयोग्य जमिनको अनुपात सन्तोषप्रद छैन । परिवार नियोजन कार्यक्रमबाट यस स्थितिमा सुधार ल्याउन र प्रत्येक व्यक्तिको जीवनस्तर उठाउन मद्दत मिल्नेछ । साथै अत्यधिक मात्रामा श्रमशक्तिको उपयोग गर्ने उद्देश्य पूरा गर्न श्रमप्रधान कार्यविधिहरू अपनाउनाको साथै आर्थिक दृष्टिकोणबाट उपयुक्त देखिएसम्म स्थानीय सामग्रीहरूको उपभोगबाट हुने गुणक प्रभावले गर्दा पनि रोजगारीमा बृद्धि हुन जानेछ । यसका साथै योजनाकालमा कृषिमा बढ्ने उत्पादकत्व बृद्धिबाट प्रत्येक जनशक्तिको प्रभावकारी उपयोग हुन सक्ने गुञ्जायस देखिन्छ । तर कृषि र उद्योग वाणिज्य अन्य निर्माण कार्यमा सरकारी तथा गैर सरकारी लगानीको कृषि क्षेत्रमा श्रमशक्तिको स्थानान्तर बृहत रूपमा गर्न राष्ट्रिय अर्थ व्यवस्थाको आधारभूत ढाँचामा नै विविधीकरण गर्नु आवश्यक छ, जुन आगामी पाँच वर्ष अप्राप्य हुने कुरा स्वतः सिद्धछ ।

६. शोषणरहित समाजको सृजना गर्नमा सहायक हुने स्थिति तयार गर्ने

पञ्चायत व्यवस्थामा कुनै व्यक्ति वा वर्गले कुनै वर्गमाथि अनुचित आवश्यक दवाव दिन नपाउने शोषणरहित समाजको परिकल्पना गरिएको छ । वास्तवमा यो व्यवस्थाको दीर्घकालीन लक्ष्य निश्चय नै चौथो योजनाको पाँच वर्षको छोटो अवधिमा पूरा हुने होइन । तर, प्रत्येक विकास योजना व्यवस्थाको यस निर्दिष्ट लक्ष्यतर्फ देशलाई अघि वढाउने हिसाबले निर्धारित गरी सोही अनुरूप कार्यक्रमको तर्जुमा हुनु आवश्यक छ । यस दृष्टिकोणबाट नै विगत वर्षहरूमा सामाजिक न्याय तथा आर्थिक उन्नतिको लागि भूमिसुधार, मुलुकी ऐनलगायत आधारभूत सडक निर्माणको साथै चौतर्फी विकासको लागि कृषि, उद्योग, शिक्षा, स्वास्थ्य आदि क्षेत्रहरूमा विकासका कार्यक्रमहरू देशव्यापी रूपमा सञ्चालन गरिएका हुन् । चौथो योजना कालमा पनि शोषणरहित समाजको सृजना गर्नमा सहायक हुने स्थिति तयार गर्न चाहिने आधारलाई अझ व्यापक र सुदृढ गरिनेछ ।

उपर्युक्त राष्ट्रिय उद्देश्यहरूको पूर्तिका लागि अपनाउनु पर्ने नीतिका सम्बन्धमा निश्चित रूपमा निम्नलिखित कुराहरू माथि ध्यान दिइनेछ ।

१. आन्तरिक साधनको परिचालन

आगामी पाँच वर्षमा द्रुत गतिले देशको विकास गर्ने र भविष्यमा अझ बढी दरमा विकास गर्न चाहिने आधारभूत स्थितिको श्रृजनासमेत साथ साथै गर्ने हो भने पुँजी निर्माणको दर वा लगानी दरमा यथासम्भव अधिकतम वृद्धि गर्नु अत्यावश्यक छ । यसको निमित्त लगानीयोग्य पुँजी आवश्यक मात्रामा उपलब्ध हुनु जरुरी छ ।

चौथो योजनाकालमा वैदेशिक सहायताको स्थान महत्वपूर्ण रहने भए तापनि विकास खर्चको वृद्धि आन्तरिक साधनको परिचालन मै निर्भर गर्नेछ । वास्तवमा वैदेशिक सहायता माथिको निर्भरता क्रमशः कम गर्दै लैजान पनि आन्तरिक साधनको परिचालनमा वृद्धि गर्नु जरुरी छ । सरकार तर्फबाट सामयिक कदमहरू उठाई आन्तरिक साधनको परिचालनमा प्रत्यक्ष रूपले वृद्धि गर्न सकिन्छ । यसको लागि कर वृद्धिको साथै सालबसाली खर्चमा मितव्ययिता हुनु जरुरी छ । सरकारी औद्योगिक तथा व्यावसायिक संस्थाहरूबाट पनि साधनको परिचालनमा योगदान पुऱ्याउन अत्यावश्यक देखिन आएकोछ ।

निजी क्षेत्रमा पनि वचतको परिचालनमा वृद्धि गर्नु जरुरी छ । यसको लागि संस्थागत सुधार गर्नुको साथै निजी क्षेत्रलाई आफ्नो आम्दानीबाट बढी मात्रामा वचत गर्न प्रोत्साहन गर्ने नीतिहरू अपनाउनु आवश्यक छ । यसका अतिरिक्त परिचालित वचतलाई लगानी गर्ने उपायहरू अहिले भन्दा बढी आकर्षक तथा प्रभावकारी बनाउन जरुरी छ ।

उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देश्यको पूर्तिको लागि लगानीमा वृद्धि गर्नुको साथै लगानीको किसिममा समेत सुहाउँदो परिवर्तन गरी यसको अधिकांश भाग बढी उत्पादनशील क्षेत्रमा लगाउने प्रयास हुनुपर्दछ । हाम्रो वर्तमान आर्थिक अवस्थामा कम लगानीबाट उत्पादनमा छिटो र अधिकतम वृद्धि गर्ने दृष्टिबाट अहिलेको निमित्त कृषि विकासमा नै जोड दिइनु पर्ने तथ्य निर्विवाद छ । शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाको विस्तार क्षेत्रमा बिस्तारवादी नीतिलाई भन्दा उपलब्ध भइरहेको सुविधाहरूको सुदृढीकरण गर्नमा जोड दिई योजनाअन्तर्गतका कार्यक्रमलाई विकासका अन्य क्षेत्रहरूका उद्देश्यहरू पूरा गर्नमा सहायता पुऱ्याउने हिसाबले निर्धारित गरिएको छ । उद्योगतर्फ गैर सरकारी लगानी आकर्षित गर्न सक्ने किसिमको अनुकूल वातावरणको सृजना गर्नेतर्फ बढी ध्यान दिनु बढी उपयुक्त हुनेछ । साथै कृषिजन्य उद्योगहरूलाई उत्साहित गर्नका साथ साथै चौथो योजनाका उद्देश्यहरू अनुरूप औद्योगिक विकास गर्नको लागि हालको नीतिको पुनरावलोकन गरी औद्योगिक प्राथमिकता क्रममा परिवर्तन गर्नु जरुरी हुन आएको छ । यातायात र सञ्चारको क्षेत्रमा पनि थप सुविधाहरूको विकास बिस्तार दीर्घककालीन आवश्यकताको साथै चौथो योजनाअन्तर्गत निर्धारित विभिन्न क्षेत्रीय कार्यक्रमको आवश्यकतालाई ध्यान दिई ठोस र प्रत्यक्ष रूपबाट विकासलाइ सहायक हुने हिंसाबाट निर्धारित गरिनु पर्दछ । साथै विभिन्न क्षेत्रको खर्चमा हरसम्भव मितव्ययी हुन जरुरी छ । तसर्थ भवन निर्माण जस्ता उपरी व्ययमा आवश्यकतानुसार वाञ्छनीय मात्रामा मात्र खर्च गरिनु पर्दछ । एक अर्को सित सम्बन्धित आयोजना र कार्यक्रमको हकमा एक आयोजनाको क्षमता अर्को आयोजनाको क्षमतासित सन्तुलन नभएमा पनि सीमित साधनको दुरूपयोग हुने हुँदा आयोजना र कार्यक्रमहरूको साथै भौगोलिक वा प्रादेशिक दृष्टिकोणबाट पनि के कस्तो सम्बन्ध रहने हो सो कुरा ध्यान दिइनेछ । यसो भएमा चौथो योजनाकालमा कतै क्षमताको अभाव वा कतै क्षमताको प्रचूरताबाट साधनको दुरूपयोग हुने सम्भवना घट्न जानेछ ।

२. सीमित साधनको केन्द्रीकरण

सीमित साधनको अनेकौ आयोजना र कार्यक्रममा तितरवितर हुने गरी छरिँदा साधनको सदुपयोग नहुने हुनाले सीमित साधनको उपयोग उत्पादनमा अधिकतम वृद्धि हुन सक्ने केही क्षेत्रमा केन्द्रीभूत गरिने छ [1] । केही महत्वपूर्ण क्षेत्रहरूमा विकास कार्य केन्द्रीभूत गर्नाले त्यसको परिणामस्वरूप अन्य क्षेत्रहरूमा पनि अनुकूल प्रतिक्रिया पर्न गई त्यसबाट भविष्यमा द्रुततर विकास गर्न व्यापक रूपमा आधार तयार हुन सक्दछ । प्रशासकीय दृष्टिकोणबाट पनि सीमित साधनको केन्द्रीभूत गर्नु आवश्यक देखिन्छ ।

चौथो योजनाकालमा प्रादेशिक दृष्टिकोणबाट विकास कार्य तर्जुमा गर्दा पनि साधन केन्द्रीभूत गर्ने नीतिलाई सर्वोपरि राखिएको छ । अधिराज्यका विभिन्न प्रदेशको विकासको स्तरमा जो असमानता रहेको छ, त्यसलाई कम गर्दै लैजानु पर्ने कुरामा दुइ मत हुन सक्दैन । तर योजनामा प्रादेशिक दृष्टिकोणको अर्थ देशका सबै इलाकाहरूमा समान रूपबाट साधनको बाँडफाँट गर्नु वा समान विकास गर्नु होइन । प्रत्येक क्षेत्रमा उपलब्ध साधन र जनशक्तिको समुचित उपयोग गरी विकास कार्यहरूबाट प्राप्त हुने फल यथाशक्य बढी इलाकाहरूमा पुऱ्याई राष्ट्रिय र प्रादेशिक विकासमा सकभर छिटो सन्तुलन ल्याउने उद्देश्य रहनु आवश्यक छ तापनि विकासको प्रारम्भिक कालमा यी दीर्घकालीन उद्देश्यहरू हासिल गर्नमा सहायक हुने केही कदमहरू मात्र उठाउन सकिने कुरा स्पष्ट छ ।

साधन सीमित रहेको वर्तमान अवस्थामा देशका सबै इलाकालाई समान रूपबाट महत्व दिई समान रूपमा विकास गर्न नसकिने हुनाले चौथो योजनाअन्तर्गत केही चुनिएका प्रदेशमा विकास केन्द्रहरू श्रृजना गर्ने प्रयास गरिने छ । भौगोलिक तथा आर्थिक एवं सामाजिक पृष्ठभूमिमा केही प्रदेशमा विकासको सम्भावना अपेक्षाकृत बढी मात्रामा हुनु स्वभाविक छ । त्यसकारण द्रुततर आर्थिक प्रगतिका निमित्त यस्ता प्रदेशहरू

---

1 परिशिष्ट ३ हेर्नुहोस ।

पहिल्याउन जरुरी छ । तर राष्ट्रिय अर्थ व्यवस्था निरन्तर प्रगति गर्न सक्ने स्थितिमा पुऱ्याउन दुर्गम क्षेत्रको समेत समुचित विकास गर्नुपर्ने कुरा निर्विवाद छ । जनसङ्ख्याको अनुपातमा उपलब्ध साधन कम भएका पहाडी प्रदेशहरूमा बढ्दो जनसङ्ख्यालाई रोजगार दिलाई उनीहरूको आर्थिक जग बलियो पार्न चौथो योजनामा पहाडी क्षेत्रको दीर्घकालीन विकास गर्ने नीति अपनाउनु अनिवार्य भएको छ । यस नीतिको आधारमा प्रादेशिक विकास योजनाको क्रमिक कार्यान्वयनबाट पहाड र तराईको पारस्परिक आर्थिक सम्बन्ध बढाई यथासम्भव दुई क्षेत्रको एकीकरण गर्नेतर्फ ध्यान दिइनेछ । तदनुसार चौथो योजनाकालमा केही चुनिएका इलाकाहरूमा प्रादेशिक विकास कार्यक्रम प्रारम्भ गर्ने सिलसिलामा यस्ता इलाकाहरूको छनौट गर्दा परिवहन तथा अन्य आधारभूत सुविधाहरूको मौजुदा स्थिति र यी सुविधाहरूलाई गर्न सकिने सम्भावना लगायत देशको पहाडी तथा तराई प्रदेशहरूलाई एकीकरण गर्ने नीतिलाई पनि ध्यानमा राखिएको छ ।

३. निजी क्षेत्रमा लगानी गर्ने प्रोत्साहन

आर्थिक विकासको प्रारम्भिक चरणमा रहेको नेपालमा विकास कार्य सञ्चालन गर्न सरकारी क्षेत्रबाट सक्रिय भाग लिनुपरेको छ । सरकारतर्फबाट आधारभूत कुराहरूको श्रृजना गरी निजी क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गर्ने नीति धेरै आकर्षक छ तापनि यदि उक्त आधारभूत कुराहरूको श्रृजनाबाट उत्पन्न अनुकूल लगानीको वातावरणको वावजूद पनि उत्पादनशील लगानीको परिमाण बढेन भने औद्योगिक आयोजनाहरू सोझै सरकारले नै स्थापना गर्नेतर्फ पनि सक्रिय हुनु पर्दछ । तर, यसो गर्दा यस्ता उद्योगहरूमा आइपर्ने व्यवस्था तथा सञ्चालनसम्बन्धी समस्याहरूलाई कुनै हालतमा पनि विर्सन हुन्न । सरकारी क्षेत्रमा रहेका उद्योग व्यवसायहरूको सञ्चालन दक्ष भएन भने उपभोक्ताहरूले अवाञ्छित कठिनाइहरूको भोग गर्नपर्ने सरकारी आयमा ठूलो ह्रास हुने र उल्टो निजी क्षेत्रलाई समेत निरुत्साहित हुने हुन्छ ।

निजी पुँजी नेपालमा नभएको होइन तर भएको पुँजी उत्पादक क्षेत्रमा लगानी हुन पाएको छैन । भूमिसुधार कार्यक्रम लागू भएपछि जग्गावालाहरूबाट कृषिमा लगाई आएको पुँजीले अन्य आर्थिक क्षेत्रमा लगानी गर्ने मौका पाउन नसकी उपलब्ध निजी पुँजीको प्रभावकारी उपयोग हुन नसकेकोले कुनै प्रकारबाट जग्गावालाहरूलाई लगानीको बाटो खोली दिन सकेमा निजी क्षेत्रमा लगानी वृद्धि हुने देखिन्छ । यसको लागि पनि औद्योगिक तथा व्यावसायिक लगानी आकर्षित गर्न सक्ने किसिमको अनुकूल वातावरणको श्रृजना गर्नु पर्ने हुन्छ ।

निजी क्षेत्रमा लगानी वृद्धि गर्ने उद्देश्यले चौथो योजनाकालमा निम्न लिखित उपायहरू अपनाइने छन् ।

(क) नेपाल औद्योगिक विकास करपोरेशनलाई बढी सुसंगठित र प्रभावकारी तुल्याउने,

(ख) नेपालको औद्योगिक नीति र प्राथमिकताहरूको पुनरावलोकन गरी चौथो योजनाको उद्देश्य अनुरूप बढी स्पष्ट तथा प्रभावकारी तुल्याई यसरी निर्धारित प्राथमिकता अनुरूप उद्योगहरूलाई प्रोत्साहित गर्न चाहिने सबै प्रकारका सुविधा सहुलियतहरू स्पष्ट जनाइ सरल र सुलभ गराउने व्यवस्था मिलाउने,

(ग) भावी औद्योगिक विकासको लागि चाहिने विभिन्न प्रकारका तालिम प्राप्त जनशक्तिको आयोजना तयार गरी सोही अनुरूप आवश्यकता अनुसार तालिम कार्यक्रम र सुविधाहरू पुऱ्याउने,

(घ) जग्गावालाहरूले आफ्नो जग्गा जोताहालाई बेच्न चाहेमा त्यस्तो जग्गा धितो रहने गरी खास खास उद्योग कार्यको लागि ऋण सुविधा उपलब्ध गराउने र यसको लागि हालका वित्तीय संस्थाहरूलाई अग्रसर गराउने,

(ङ) हाल स्थापना भइसकेका उद्योगहरूको विकास र बिस्तारको लागि पनि वित्तीय संस्थाहरूको अभिरुचि बढाउने,

(च) घरेलु तथा साना उद्योगहरूको योजनाबद्ध विकास तथा बिस्तारको लागि हालसम्म अपनाई आएको नीति र कार्यक्रमको मूल्याङ्कन गरी छानिएका केही उद्योगहरूलाई प्रभावकारी सहयोग र सहुलियतको आधारमा जुन स्थानको लागि सुहाउँदो हुन्छ सोही अनुसार घरेलु उद्योग व्यावसायलाई प्रोत्साहित गर्ने ।

विगत केही वर्ष यता रकारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट व्यापारको क्षेत्रमा पनि हात हाल्दैछ । व्यापारको क्षेत्रमा सरकारले हात हाल्नुपर्ने दुई मुख्य कारणहरू छन् । प्रथमतः उपभोक्ताहरूलाई सुपथ मूल्यमा उपभोग्य सामानहरू नियमित र पर्याप्त मात्रामा पुऱ्याउने र दोस्रो, उचित नाफा लिई विकास कार्यको लागि खर्च गर्नेगरी सरकारी आम्दानी बढाउने । उपर्युक्त दुई उद्देश्यहरूसित मेल नखाने वा सरकारी सुविधाहरू प्राप्त गरी निजी क्षेत्रसित प्रतिस्पर्धा गर्ने किसिमका सरकारी व्यापारिक व्यवसाय न्यायोचित हुँदैन् । जहाँ निजी क्षेत्र सरकारको नियम बमोजिम सामाजिक हितप्रति उत्तरदायी रही काम गरिहेको छ, त्यहाँ सरकारले असमान आधारमा व्यापारिक क्षेत्रभित्र प्रतिस्पर्धा गर्नु उचित हुँदैन । चौथो योजनाकालमा सरकारी व्यापारिक व्यवसायसम्बन्धी कदमहरू उठाउँदा उपर्युक्त तथ्यलाई ध्यानमा राखिनेछ । वास्तवमा सरकारी र निजी क्षेत्र एउटै प्रक्रियाका दुई अभिन्न अङ्गहरू हुन र देशको आर्थिक विकास दुबै क्षेत्रको उन्नति र योगदानमा आधारित रहन्छ ।

४. व्यापार सम्बन्धी नीति

नेपालको वैदेशिक व्यापारलाई विस्तार गरी व्यापारको किसिममा अनेकता ल्याउने उद्देश्यको अनुरूप चौथो योजनाको लगानी कार्यमा सबभन्दा बढी निर्यातयोग्य बस्तुहरूको उत्पादनमा जोड दिइनेछ । खास गरी कोरा कच्चा वस्तुको तुलनामा प्रशोधित वस्तुहरूको निर्यात मूल्य बढी हुने हुनाले र त्यसबाट आम्दानी बढी मात्रामा बढाउन सकिने हुनाले यसको निम्ति कृषिजन्य उद्योगहरूको स्थापना गर्ने प्रयास हुनु जरुरी हुन आएको छ । नेपालको अन्तर्राष्ट्रिय व्यापार बिस्तार गर्ने सम्बन्धमा नेपाल भारत वाणिज्य सन्धि विषयमा २०२७ सालमा हुने वार्ताको परिणाम महत्वपूर्ण हुनेछ । त्यसकारण यस वार्ताको लागि भारतसित रही आएको आर्थिक सम्बन्धको समुचित पुनरावलोकनको साथै कुन प्राथिमकताको आधारमा सो सम्बन्ध सुदृढ गर्ने भन्ने कुराको पनि निर्धारण गर्नु जरुरी छ ।

निर्यात प्रवर्द्धनको निमित्त आर्थिक दृष्टिकोणबाट उपयुक्त र सामञ्जस्यपूर्ण व्यवस्था गर्न हालको निर्यात बोनस प्रणालीमा सुहाउँदो परिवर्तन गरिनेछ र यसै सन्दर्भमा विदेशी बिनिमय सम्बन्धी निश्चित नीति पनि अपनाइनेछ । यस नीतिअन्तर्गत विदेशी विनिमय कोषको अनुकूलतम स्तर निर्धारित गरी सङ्कलित विदेशी विनिमयको सदुपयोग गर्नेतर्फ कदम चालिनेछ ।

५. चौथो योजनाकालमा सामाजिक न्यायको आधार विस्तार गर्ने र अनुचित आर्थिक दवाव घटाउन अरु बढी प्रभावकारी ढङ्गबाट भूमिसुधार कार्यक्रम सञ्चालन गरी मुख्यतः वास्तविक किसानलाई उत्पादन बढाउने कार्यतिर सक्षम र सबल तुल्याइनेछ । निजी उद्योग तथा अन्य व्यवसायहरूलाई पनि आवश्यक प्रोत्साहन दिनुका साथै सार्वजनिक हितलाई ध्यानमा राखी उत्पादन मूल्य, उत्पादित बस्तुको गुण आदि यथोचित रूपबाट नियमित गरिनेछ । साथै, साना-साना उद्योगहरूको व्यवस्थित ढङ्गबाट विकास र बिस्तार गरी सहकारी संस्थाहरूको पनि आर्थिक क्षमताको आधारमा सुदृढ गरी राष्ट्रिय उत्पादन सम्बन्धमा बढी से वढी जनताले सरिक भई निर्णयात्मक कार्य गर्न सक्षम तुल्याइनेछ । श्री ५ को सरकारको कर व्यवस्थामा पनि बढी न्याय र समानता ल्याई मालपोतको आधारमा समेत समयानुकूल परिवर्तन गरिनेछ । देशको आर्थिक उन्नतिमा जन साधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराउन पञ्चायत प्रणालीको आर्थिक लक्ष्य अनुरूप योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यमा विभिन्न तहका पञ्चायतहरूलाई प्रभावकारी ढङ्गबाट सम्मिलित गराई स्थानीय विकास कार्यमा जनतालाई अझ बढी सक्रिय र क्रियाशील तुल्याउने प्रयत्न गरिनेछ ।

परिच्छेद २
चौथो योजनामा लाग्ने खर्च र त्यसको बाँडफाँड

तेस्रो योजनाको खर्च सम्बन्धी लक्ष्य र प्रगति

तेस्रो योजनामा कुल राष्ट्रिय उत्पादनमा १९ प्रतिशत बृद्धि गर्नका लागि रु. २५० करोड लाग्ने अनुमान गरी सरकारी क्षेत्रमा रु. १७४ करोड, पञ्चायत क्षेत्रमा २४ करोड र गैर सरकारी क्षेत्रमा रु. ५२ करोड खर्च हुने लक्ष्य तोकिएको थियो । तर, श्री ५ को सरकारबाट पञ्चायत क्षेत्रलाई ४ करोडको अनुदान र २ करोड विभिन्न स्वशासित व्यावसायिक संस्थानहरूमा लगानीको रूपमा उपलब्ध गरिने हुनाले विकास बजेटबाट व्यहोर्नु पर्ने रकम रु. १८० करोड पुग्दछ । यसको अतिरिक्त सरकारी वित्तीय संस्थाहरू मार्फत गैर सरकारी क्षेत्रलाई ऋणको रूपमा १५ करोड उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

तेस्रो योजना अवधिमा श्री ५ को सरकारको विकास कार्यक्रमअन्तर्गत पहिलो तीन वर्षमा भएको यथार्थ खर्च, २०२५।२६ को संशोधित अनुमान र २०२६।२७ को अनुमानसमेत गरी करिब १७८ करोड सरकारी क्षेत्रमा खर्च भएको अनुमान गरिएको छ । उक्त योजना अवधिमा पञ्चायत र गैर सरकारी क्षेत्रहरूमा भएको खर्चसम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेको छैन । श्री ५ को सरकारको विकास बजेटअन्तर्गत विभिन्न क्षेत्रमा भएको खर्च सम्बन्धी विवरण तालिका नं. १ मा दिइएको छ ।

तालिका नं. १
तेस्रो योजनाकालमा भएको -खर्च

(रु. हजारमा)

विषय	योजनाको लक्ष्य २०२२-२७	२०२२-२३		२०२३-२४		२०२४-२५		२०२५-२६		२०२६-२७		जम्मा
		अनुमान	यथार्थ +	अनुमान	यथार्थ +	अनुमान	यथार्थ +	अनुमान	यथार्थ +	अनुमान+	अनुमान	खर्च
१. यातायात सञ्चार विद्युत	८७,५०,००	१३०६७८	११७०२७	१५२४५१	११६९३९	१४७३७१	१२८०५६	१७३०३६	१८६८७९	३२४५०४	९२८०४०	८७३३०५
२. कृषि तथा ग्रामीण विकास	३७७५००	६३८८३	५६९६६	१०४७५५	७४३६२	९८५६१	७०६६५	१०११४४	६७०६१	१२८६८५	४९७०२८	३९७७३९
३. उद्योग विकास	१२५०००	२१३२६	२१७२६	१८७५९	१७५०७	२०३३३	१३६२८	१६४९३	१३१४९	२०५७९	९७४९०	८६५८९
४. सामाजिक सेवा	२९२५००	५५०५८	४४९१०	५०६२०	४३७३०	५०२३७	३९३९६	५६१५७२	४४८७२	६७११९	२७९१८६	२३९०२७
५. विविध	७००००	३७८०९	२२३२५	४९८४७	१९८६६	३१५८४	१७७१९	५८१५०	४९०१९	५९२७६	२३६६६६	१६८२०५
६. अन्य (शीर्षक नखुलेको)		१००	१००	५००	५०००	११००	११००	५३४००	५०००	७५००	६२६००	१४२००
जम्मा	१,७४००,०० ग	३०,८८,५४	२६,३०,५४	३७,६९,३२	२७,२८,०४	३४,९१,८६	२६,९५,६४	४५,८३,७५	३६,५९,८०	६०,७६,६३	२,१०,१०,१०	१,७७,९०,६५

\+ राष्ट्रिय योजना आयोगको सचिवालयमा उपलब्ध विवरणमा आधारित ।

ग यसमा पञ्चायतलाई अनुदान रु. ४ करोड र सरकारी संस्थानमा लगानी रु. २ करोड समावेश भएको छैन ।

उपर्युक्त खर्चको रकम श्री ५ को सरकारको विकास बजेटअन्तर्गत परे तापनि त्यसमा साधारण खर्च पनि समावेश भएकोले पूर्णतया विकास खर्चमा मान्नु अनुपयुक्त हुने भएकोले वास्तविक विकास खर्चको यकिन गर्नु जरूरी छ । यसका निमित्त राष्ट्रिय योजना आयोगको सिफारिस बमोजिम अर्थ मन्त्रालयद्वारा अपनाएको विकास खर्च र साधारण खर्चको नयाँ वर्गीकरण अनुसार तेस्रो योजना अवधिमा हुने वास्तविक विकास खर्च जम्मा १४२ करोड हुने अनुमान गरिएको छ । यो अनुमान मुख्यत: २०२५।२६ को बजेट विश्लेषणमा आधारित रहेको छ । प्रचलित परिपाटी र नयाँ वर्गीकरण तेस्रो योजना अवधिको प्रत्येक वर्षमा भएको विकास खर्चको तुलनात्मक विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २
तेस्रो योजना अवधिमा भएको विकास खर्च

(रु.करोडमा)

आर्थिक वर्ष	प्रचलित परिपाटी अनुसार विकास खर्च	नयाँ वर्गीकरण अनुसारको विकास खर्च
२०२२-२३	२६.३	२३.२
२०२३-२४	२७.३	२१.७
२०२४-२५	२७.०	२२.५
२०२५-२६	३६.६	३०.०
२०२६-२७	६०.८	४५.०
जम्मा	१७८.०	१४२.४

उपर्युक्त तालिकाबाट तेस्रो योजना अवधिमा सरकारी क्षेत्रमा भएको वास्तविक विकास खर्च प्रचलित परिपाटी अनुसारको विकास खर्च भन्दा करिब रु.३६ करोड कम हुने देखिन्छ । फेरि राष्ट्रिय उत्पादनमा भएको बृद्धिलाई खर्चसँग सम्बन्धित गर्दा उसमध्ये वास्तविक पूँजी लगानीको परिमाण यकिन गर्नु जरुरी हुन आउँदछ । नयाँ वर्गीकरण अनुसारको विकास खर्चमा सालबसाली खर्च पनि सम्मिलित हुने हुनाले पुँजी लगानीको परिमाण मात्र १४२ करोड भन्दा पनि कम हुने कुरा स्पष्ट छ ।

चौथो योजनामा लाग्ने खर्चको अनुमान गर्दा विकास खर्चको नयाँ वर्गीकरणलाई आधार मानिएको छ । यस अनुसार योजनको पहिलो वर्षदेखि नयाँ वर्गीकरण अनुसार विकास र साधारण बजेटको तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ । यस सम्बन्धमा विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

चौथो योजनाको प्राथिमकता:-

चौथो योजनाको लागि उपलब्ध हुने साधनको अधिकांश भाग विगत योजनामा चालू रहेका र पूरा नभएका आयोजनाहरूका साथै विदेशी सहायतासित सम्बन्धित आयोजनाहरूलाई नै आवश्यक पर्ने कुरालाई ध्यानमा राखी योजनाको उद्देश्य र नीति अनुरूप प्राथिमकता तोकिएको छ । भविष्यमा आर्थिक विकासको गतिमा तीव्रता ल्याउन सकिने आधारभूत स्थिति तयार गर्न सहायक हुने गरी चौथो योजनाअर्न्तगत उत्पादनमा अल्पसमयान्तरमा अधिकतम बृद्धि गर्ने उद्देश्यअनुसार यातायात र सञ्चारजस्ता आधारभूत क्षेत्रको विकास गर्न प्राथिमकता दिइएको छ । आर्थिक विकासको क्रममा गतिशीलता ल्याउनमा यातायातको अभाव एक प्रमुख अवरोधको रूपमा देखापरेको छ । यातायतको पर्याप्त सुविधा विना वृहत रूपमा कृषि र उद्योगको पनि विकास हुन सक्तैन । तसर्थ तेस्रो योजनाकालमा प्रारम्भ गरिएका तर पूरा भैनसकेका आयोजनाहरूका साथै प्रादेशिक विकासको लागि आवश्यक केही नयाँ आयोजनाहरूलाई समेत समावेश गर्नुपर्ने भएकाले चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रमा हुने खर्चको अधिकांश भाग यातायात र सञ्चार सुविधाको विकास कार्यलाई दिइएको छ ।

नेपालजस्तो देशमा जहाँ ९३ प्रतिशत भन्दा बढी जनशक्ति कृषिमा नै लागेका छन्, कृषि विकास महत्वपूर्ण छ र कृषि उत्पादनमा बृद्धि गरिए मात्र बहुसंख्यक जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । विकासको गतिलाई अघि बढाउनुका साथै आइपर्ने अवरोधहरू हटाउन विशेषत: खाद्यान्नको उत्पादनमा बृद्धि गर्नु अनिवार्य हुन्छ । देशमा रहेका उद्योगहरूको निमित्त चाहिने कच्चा पदार्थ पनि कृषि पैदावार नै हुन् । यसकारण योजनामा कृषि विकास कार्यक्रममा महत्वपूर्ण स्थान रहेको छ ।

प्राथमिकताको क्रममा यातायात र कृषि पछि उद्योगलाई स्थान दिइएको छ । उद्योगहरूको विकास गर्ने मुख्य अभिभारा निजी क्षेत्रको भए तापनि केही खास आधारभूत उद्योगहरूको विकास गर्न निजी क्षेत्र पूर्णतया समर्थ नभएमा यस्ता उद्योगहरूमा श्री ५ को सरकारले हात हाल्नेछ । साथै सरकारी क्षेत्रमा स्थापना भैसकेका उद्योगहरूको सुदृढीकरण गर्ने दिशातर्फ यस योजनाकाल मा ठोस सुधार कार्यहरू गरिनेछन् ।

शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवाहरू व्यापक रूपमा विस्तार गर्नु वाञ्छनीय भएतापनि यसबाट सालबसाली पर्ने खर्चको बढ्दो बोझको विचार गरी बिस्तारवादी नीतिभन्दा उपलब्ध सुविधाहरूको सुधार र सुदृढीकरण गर्ने नीति बढी उपयुक्त मानिएको छ

चौथो योजनामा लाग्ने खर्च र त्यसको वाँडफाँट:

उपर्युक्त प्राथमिकताअनुरूप योजनामा निर्धारित विभिन्न क्षेत्रको लक्ष्य र कार्यक्रम पूरा गर्नको निमित्त जम्मा रु.३५४ करोड खर्च निर्धारित गरिएको छ। यसमध्ये सरकारी क्षेत्रमा रु.२५५ करोड, पञ्चायत क्षेत्रमा रु.१२ करोड र गैर-सरकारी क्षेत्रमा रु. ८७ करोड खर्च हुने अनुमान गरिएको छ। योजनामा हुने जम्मा रु.३५४[?] करोड मध्ये रु.२९३ करोड पुँजी लगानीको रूपमा हुनेछ, जसमध्ये सरकारी क्षेत्रमा रु.२१६ करोड, पञ्चायत क्षेत्रमा रु.१२ करोड र गैर-सरकारी क्षेत्रमा रु.६५ करोड हुने अनुमान छ।

योजनामा लाग्ने जम्मा रु.३५४ करोडमध्ये विभिन्न क्षेत्रमा हुने खर्चको वाँडफाँट तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ३

चौथो योजनामा खर्चको वाँडफाँट

(रु. **करोडमा**)

विषय	सरकारी क्षेत्र		पञ्चायत क्षेत्र		गैर-सरकारी क्षेत्र		जम्मा	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१. यातायात र सञ्चार	१०५.०	४१.२	५.२०	४३.३	१५.०	१७.३	१२५.२०	३५.४
२. कृषि, भूमिसुधार, सिँचाइ, वन तथा वनस्पति	६६.२८	२६.०	३.९०	३२.५	४७.०	५४.०	११७.१८	३३.१
३. उद्योग, वाणिज्य विद्युत र खानी	४७.०	१८.४	-	-	२५.०	२८.७	७२.०	२०.०
४. पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवा	३५.२५	१३.८	२.९०	२४.२	-	-	३८.१५	१०.८
५. तथ्याङ्क	१.४७	.६	-	-	-	-	१.४७	.४
जम्मा	२५५.०[Z]	१००[X]	१२.०	१००.	८७.०	१९०.	३५४.०	१००.

सरकारी क्षेत्रमा गरिने खर्च

चौथो योजनामा निर्धारित कुल खर्चमध्ये सरकारी क्षेत्रमा रु. २५५ करोड खर्च हुने अनुमान गरिएको छ। यसका अतिरिक्त श्री ५ को सरकारबाट पञ्चायत क्षेत्रलाई विकास अनुदानको रूपमा रु.२ करोड उपलब्ध गराइने छ। यसरी श्री ५ को सरकारबाट चौथो योजनाको लागि विकास बजेटअन्तर्गत रु.२५७ करोड व्यहोरिने छ।

सरकारी क्षेत्रमा हुने उपर्युक्त खर्चसम्बन्धी लक्ष्यअनुसार योजना अवधिमा प्रति वर्ष औसत ५० करोड भन्दा बढी खर्च गर्नुपर्ने हुन्छ। यो रकम तेस्रो योजना अवधिमा विकास खर्चको नयाँ वर्गीकरण अनुसार प्रतिवर्ष २९ करोड मात्र खर्च हुनसकेको तुलनामा उल्लेखनीय रूपबाट बृद्धि भएको देखिन्छ। तर, आर्थिक वर्ष २०२६।२७ मा रु.४५ करोड खर्च हुन सक्ने अनुमान गरिएको छ। यसको अतिरिक्त प्रशासकीय यन्त्रमा प्रस्तावित सुधारहरू भई यसलाई अरु बढी सुसंगठित र सुव्यवस्थित गर्दै जान सके मात्र बढ्दै जाने योजनाको कार्यक्रमहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्ने क्षमता प्रशासकीय यन्त्रमा सँचय हुनेछ। सरकारी क्षेत्रमा निर्धारित खर्चको रकम जुटाउन आन्तरिक तथा वाह्य स्रोतबाट योजना अवधिमा उपलब्ध हुने साधनको विस्तृत विवरण "वित्तीय साधनको व्यवस्था" सम्बन्धी परिच्छेदमा उल्लेख गरिएको छ।

पञ्चायत क्षेत्रमा हुने खर्च:-

देशको योजनाबद्ध विकास कार्यमा विभिन्न तहका पञ्चायतहरू महत्वपूर्ण माध्यमको .... ?

४. पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवा: ३७,२५,००

पञ्चायत ४,१०,८४न

< यसमा आवास घरमा हुने खर्च समावेश गरिएको छैन।

X यसमा कृषि विकास बैङ्कलाई तथा नेपाल औद्योगिक विकास कर्पोरेशनलाई शेयर पुँजी बढाउन चाहिने रू.२ करोड समावेश गरिएको छ।

Z यस मध्ये २ करोड सरकारी स्रोतबाट प्राप्त गरिनेछ।

	शिक्षा	११,९७,५२	
	स्वास्थ्य	१५,१२,३६	
	खानेपानी	३७,२६०	
	आवास	१२,८००	
	प्रशासन सुधार	२,५९७	
	सूचना तथा प्रसार	७७,७१	
५.	तथ्याङ्क		१४,७००
	जम्मा		२,५७,००,००

पञ्चायत क्षेत्रलाई दिइने रु.२ करोडको विकास अनुदान समेत ।

परिच्छेद ३

वित्तीय साधनको व्यवस्था

चौथो योजनाका निर्धारित लक्ष्यहरू पूरा गर्न चाहिने कुल वित्तीय साधन रु.३५४ करोडमध्ये सरकारी क्षेत्रको विकास कार्यलाई रु.२५५ करोड र सरकारी स्रोतबाट पञ्चायत क्षेत्रको विकास कार्यलाई चाहिने रु.२ करोड समेतको हिसाव गर्दा योजनाकालमा श्री ५ को सरकारबाट जम्मा रु.२५७ करोडको व्यवस्था मिलाउनु पर्ने कुरा माथि उल्लेख भइसकेको छ। उपलब्ध हुनसक्ने साधनका साथै न्यूनतम विकासको आवश्यकता पूरा गर्न चाहिने थप साधन जुटाउने प्रयासबाट योजनाको रूपरेखा तथा विकासका लक्ष्यहरू निर्धारित गरिएका छन्। तसर्थ, साधन परिचालन गर्न अपनाई आएको वर्तमान सरकारी नीति यथावत् रूपमा निश्चित रहने नमानी यसमा आवश्यक परिवर्तन तथा सुधार गर्नु पर्ने आवश्यकतालाई समेत दृष्टिगत राखी योजनाकालमा उपलब्ध हुनसक्ने र हुनु पर्ने वित्तीय साधनको व्यवस्था मिलाइएको छ। गैर-सरकारी तथा पञ्चायत क्षेत्रहरूका निर्धारित उद्देश्य पूरा गर्न उपलब्ध हुनसक्ने साधनको लेखाजोखा गरी चाहिने साधन पूरा हुन आउने कुरा माथि उल्लेख भइसकेको छ।

सरकारी क्षेत्रः–

आर्थिक विकासको क्रममा साधन र लगानीबीच सम्पूर्ण अर्थ व्यवस्थाको दृष्टिकोणले सकभर सन्तुलित स्थिति कायम गर्ने उद्देश्यबाट विचार हुन वाञ्छनीय छ। तर न्यूनतम आवश्यकतालाई ध्यानमा राखी विकासको गतिविधिलाई अगाडि बढाउन चाहिने लगानीको लागि उपलब्ध वचत अपर्याप्त भएमा यसबाट उत्पन्न हुने असन्तुलनबाट अर्थ व्यवस्थामा पर्ने सम्भावित प्रभावको पनि विचार हुनु जरुरी छ। तर, नेपालमा हालसम्म राष्ट्रिय आय तथा शोधनान्तरसम्बन्धी तथ्याङ्कको अभाव हुँदा सम्पूर्ण अर्थ व्यवस्थाको आधारमा वचत र लगानी बारे आवश्यक जानकारी नहुनु स्वाभाविकै हो। यसकारण उपलब्ध तथ्याङ्कको आधारमा कमसेकम वित्तीय सन्तुलन अर्थ व्यवस्थामा कायम होस् भन्ने धारणाबाट चौथो योजनाकालमा सरकारी क्षेत्रको लागि उपलब्ध हुन सक्ने वित्तीय साधनको अनुमान गरिएको छ।

विगत वर्षहरूमा श्री ५ को सरकारको राजस्व र साधारण खर्चमा भएको परिवर्तन, भविष्यमा तिनीहरूमा हुनसक्ने सम्भावित परिवर्तन, राजनैतिक दृष्टिकोणबाट व्यावहारिक हुनसक्ने थप करभारका साथै अर्थ व्यवस्थामा प्रतिकूल प्रभाव नपर्ने गरी सामान्य स्थिरताको उद्देश्य अनुरूप उपयुक्त हुनसक्ने हिसाबले आन्तरिक ऋण, बैदेशिक ऋण तथा घाटा अर्थव्यवस्था तथा सञ्चित विदेशी विनियको सदुपयोग गर्ने आधारमा चौथो योजनाकालमा सरकारी क्षेत्रको विकासका लागि उपलब्ध हुनसक्ने साधनको अुनमान गरिएको छ। विकासको गतिविधिलाई बढाउनका साथै विदेशी सहायता माथिको निर्भरतालाई क्रमशः घटाउँदै लैजाने दीर्घकालिन उद्देश्यअनुरूप चौथो योजनाकालमा विदेशी सहायताको अनुपात वर्तमान स्तरबाट घटाउने प्रयास गरिएको छ। यसकारण साधन र स्रोतको सारांश तल प्रस्तुत गरिएको छ।

चौथो योजनाका लागि साधन

	स्रोत	रु.करोड	प्रतिशत
आन्तरिक स्रोतः		१०८.००	४२.०
(क)	राजस्वको बचत	३३.००	१२.८
(ख)	कर परिवर्तनबाट हुने थप राजस्व	३०.००	११.७
(ग)	आन्तरिक ऋण	१५.००	५.८
(घ)	घाटा अर्थ व्यवस्था	२०.००	७.८
(ङ)	न्यून (शोधानान्तर रकम)	१०.००	३.९
विदेशी सहायत		१४९.००	५८.०
(च)	सहायता	१२९.००	५०.२
(छ)	ऋण	२०.००	७.८
जम्मा		२५७.००	१००.०

(क) राजस्वको बचतः- आर्थिक वर्ष २०२६।२७ को अनुमानित राजस्व रु.४३ करोडबाट चौथो योजनाकालमा वार्षिक ५ प्रतिशतका दरले राजस्वमा बृद्धिहुने र साधारण खर्च वार्षिक १० प्रतिशतका दरले बढ्ने अनुमानको आधारमा विस्तृत रूपले हिसाब गर्दा चौथो योजनाको लागि राजस्वको बचतबाट रु.३३ करोड उपलब्ध हुन आउने देखिन्छ।

आर्थिक वर्ष २०२०।२१ देखि २०२६।२७ सम्मको ७ वर्षको अवधिमा कुल राजस्व वार्षिक १९प्रतिशतले बृद्धि भएको देखिन्छ । यो उल्लेखनीय बृद्धि कर प्रशासनमा सुधार, करको बढी फैलावट र वार्षिक विकासजस्ता अर्थ व्यवस्थाको सामान्य विकासको प्रक्रियाको कारणले भन्दा समय समयमा विभिन्न करहरूमा भएको बृद्धिको कारणबाट सम्भव हुन आएको देखिन्छ । तसर्थ, भविष्यमा हुने राजस्वको बृद्धि दर अनुमान गर्दा अर्थ व्यवस्थाको सामान्य विकासको प्रक्रियाको कारण र कर दरमा भएको बौद्धिका कारणबाट विगत वर्षहरूमा कुन अनुपातले राजस्व बढ्न गएको छ सो छुट्टा छुट्टै रूपमा विश्लेषण हुन जरुरी छ । माथि उल्लेखित ७ वर्षको अवधिमा विकासको प्रक्रियाको कारणले मात्र राजस्वमा वार्षिक ८ प्रतिशत भन्दा बढी दरले बृद्धि भएको देखिदैन । वास्तवमा ८ प्रतिशतका दरले बृद्धि हुनाको कारण पनि त्यस अवधिमा भएको मूल्य बृद्धि देखिन्छ । अनुमानित स्थिर मूल्यको आधारमा हिसाब गर्दा सामान्य बिकासको प्रक्रियाबाट बार्षिक ८ प्रतिशतले मात्र राजस्व बढ्न सकेको देखिन्छ । तसर्थ आर्थिक वर्ष २०२६।२७ को अनुमानित राजस्व रु.४३ करोडको स्तरबाट चौथो योजनाकालमा स्थिर मूल्यको हिसाबले बार्षिक ५ प्रतिशतका दरले राजस्वमा बृद्धिहुने अनुमान बिगत वर्षहरूको अनुभवले हेर्दा आशाबादी मान्नु पर्दछ । राजस्व बृद्धि ५ प्रतिशत भन्दा कम तुल्याउन सकिने कतिपय कारणहरू छन् जुन परिमाणात्मक रूपमा यकिन गर्न सकिदैन । भारतमा कृषि उपजको मूल्य सूची हेर्दा निर्यात क्षेत्रबाट नेपालको राष्ट्रिय आयमा प्रतिकूल प्रभाव परी अन्य क्षेत्रहरूबाट समेत राजस्व बढाउनमा कठिनाई पर्ने सम्भावना छ । त्यस्तै निर्यात व्यापारमा देखा परेका अवरोधका साथै गिफ्ट पार्सल व्यवस्थाको खारेजीले पनि राजस्वमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । तर योजनाकालमा प्रस्तावित बढ्दो लगानीबाट हुने आर्थिक विकासको कारणबाट राजस्वमा अनुकूल प्रभाव पर्ने तथ्यलाई पनि एक साथ विचार गरिनु आवश्यक छ ।

चौथो योजनाको प्रारम्भदेखि राष्ट्रिय योजना आयोगको सिफारिस बमोजिम अर्थ मन्त्रालयले साधारण र विकास खर्चको वर्गीकरण नयाँ परिभाषा अनुसार गर्ने छ[1] । नयाँ परिभाषा अनुसार वर्गीकरण गर्दा विकास बजेट अन्तर्गत परेका कतिपय खर्चका रकमहरू साधारण बजेट अन्तर्गत पर्न आउँछन् । प्रचलित परिपाटी र नयाँ वर्गीकरणको अन्तर उदाहरणको लागि आर्थिक वर्ष २०२५।२६ को आधारमा दर्शाउन सकिन्छ ।

नयाँ वर्गीकरण अनुसार २०२५।२६ को वजेट

(रु, करोडमा)

साधरण वजेट	प्रचलित अनुसार परिभाषा	नयाँ परिभाषा अनुसार
(क) सालवसाली खर्च	२०.१९	२६.९५
(ख) ऋण भुक्तानी	७.१७ २०.९०	४.४५ ३१.४०
विकास वजेट		
(क) सालवसालीको खर्च	६.७६	–
(ख) ऋण भुक्तानी	३.७४	–
(ग) विकास खर्च	३५.३४ ४५.८४	३५.३४ ३४.३४
कुल खर्च	६६.७४	६६.७४

आर्थिक वर्ष २०२०।२१ देखि २०२६/२७ सम्मको ७ वर्षको अवधिमा प्रचलित मूल्यअनुसार साधारण खर्च वार्षिक १२।१३ प्रतिशतले वृद्धि भएको देखिन्छ । तर २०२०/२१ को स्थिर मूल्यअनुसार १० प्रतिशतले मात्र भएको देखिन्छ । चौथो योजनाकालमा २०२६/२७ को स्थिर मूल्यअनुसार साधारण खर्च वार्षिक १० प्रतिशतले अनुमान गरिएको छ । यसका लागि प्रशासकीय क्षमता र मितव्ययितामा वास्तविक रूपले ध्यान दिनु जरुरी छ । तर, साधारण खर्चको ठूलो अनुपात तलव भत्ता नै भएको कुरा स्पष्ट छ । माथि उल्लिखित विवरणको आधारमा चौथो योजनाकालमा कुल राजस्व रु.२४९ करोड र कुल साधारण खर्च रु २१६ करोड हुने अनुमान छ र यस अनुसार चौथो योजनाको लागि राजस्व वचतबाट रु.३३ करोड उपलब्ध हुने आशा गरिएको छ ।

(ख) कर परिवर्तनबाट हुने राजस्वः

प्रचलित करहरूको दरमा परिवर्तन गरी राजस्वमा वृद्धि गर्ने कार्य व्यवहारिक दृष्टिकोणबाट तेस्रो योजनाकालमा भन्दा कठिन हुनेछ । विगत वर्षहरूमा भएको भन्सार, आयकर, विक्रीकर तथा मालपोतको वृद्धिले गर्दा यी करहरूको दरमा परिवर्तन गरी थप राजस्व उपलब्ध गर्ने गुञ्जाइस सीमित देखिन्छ । तर, प्रचलित कर दरमा केही परिवर्तन गर्नुका साथै कर प्रशासनलाई अझ बढी सुदृढ र सक्षम गरी विकासलाई आवश्यक न्यूनतम साधन आन्तरिक स्रोतहरूबाट उपलब्ध गराउन नसकिएमा विकासको गतिमा प्रतिकूल प्रभाव पर्ने वा विदेशी सहायता माथिको निर्भरता बढ्ने कुरा स्वतः सिद्ध छ । आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट विचार गर्दा कृषिबाट राजस्वमा बढी योगदान पुऱ्याउन नसकिने देखिँदैन, तर यसका लागि हालको भूमिकर व्यवस्थालाई वैज्ञानिक आधारमा परिवर्तन

---

[1] विस्तृत विवरण अनुसूचि २ मा प्रस्तुत गन्छि ।

गरी न्यायपूर्ण तुल्याउनु जरुरी छ । त्यस्तै सरकारी स्वामित्व भएका औद्योगिक, व्यवसायिक तथा वित्तीय संस्थानहरूको कार्यकुशलता बढाई मितव्ययिताको आधारमा सक्षम बाट सञ्चालन गरी राजस्वमा आशातीत योगदान पुऱ्याउन अत्यावश्यक देखिन आएको छ । तसर्थ, प्रचलित करको दरमा परिवर्तन, कर प्रशासनमा सुधार सरकारी स्वामित्व भएका संस्थानहरूबाट हुने आर्जनसमेत गरी चौथो योजनाको लागि कुल रु.३० करोड साधन उपलब्ध हुने अनुमान गरिएको छ ।

(ग) आन्तरिक ऋण:

तेस्रो योजनाकालमा उठाइएको रु.५.९ करोडको आन्तरिक ऋणको दाँजोमा चौथो योजनाकालमा रु.१५ करोड उठाउन पर्ने देखिन्छ । देशका वाणिज्य बैङ्कहरू, बिमा कम्पनी तथा सञ्चयकोषजस्ता सरकारी क्षेत्रका वित्तीय संस्थाहरूको हालको स्थितिलाई विस्तार गर्दा चौथो योजनाकालमा आन्तरिक ऋणबाट रु.१५ करोड वा सोभन्दा केही बढी पनि उठाउन सकिने सम्भावना नभएको होइन, तर आन्तरिक ऋणको परिमाण ऋण उठाउन सकिने परिस्थितिले भन्दा सरकारले भविष्यमा कतिसम्म ऋणको भार वहन गर्न सक्छ र आन्तरिक ऋणको दाँजोमा अन्यान्य स्रोतहरूबाट चाहिने साधन जुटाउन पर्ने तुलनात्मक खर्चको हिसाबले निश्चित हुन वाञ्छनीय छ । हाल उपलब्ध लगानी योग्य वचतको विचार गर्दा प्रचलित व्याज तथा ऋणको अवधिसम्बन्धी सर्तहरूले आन्तरिक ऋणबाट साधन परिचालन गर्ने व्यवस्था सरकारी दृष्टिकोणबाट बढी खर्चिलो देखिन आएको छ । यसको साथै ऋणको बदलामा घाटा अर्थ व्यवस्थाबाट साधन जुटाउने तर्फ पनि विचार हुनु आवश्यक छ । घाटा अर्थ व्यवस्थाबाट विकास खर्च पूर्ति गर्ने सम्भावना सीमित भए तापनि वाञ्छनीय सीमा भित्र यस स्रोतबाट साधन जुटाउँदा सरकारलाई पर्ने दायित्व कम हुन्छ ।

(घ) घाटा अर्थ व्यवस्था:

चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रको विकास कार्यको लागि आवश्यक साधन जुटाउन अन्य स्रोतहरूबाट नपुग हुन आउने रकममध्ये रु.२० करोड घाटाको व्यवस्थाबाट पूर्ति गर्ने लक्ष्य राखिएको छ । यसबाट अर्थ व्यवस्थामा असन्तुलन आई प्रतिकूल प्रभाव पर्ने देखिंदैन । गैर-सरकारी क्षेत्रका लागि उपलब्ध तथा आवश्यक साधन सामान्यत: सन्तुलित रहने अनुमान गरिएमा सरकारी क्षेत्रमा उपलब्ध हुने साधन र खर्चबाट अर्थ व्यवस्थाको स्थिति निर्धारित गरिएको हुन्छ । वास्तवमा वाणिज्य बैङ्कहरू साथै अन्य सरकारी संस्थाहरूमा रहेको मौज्दात वचत रकमको विचार गर्दा गैर-सरकारी क्षेत्रमा अत्यधिक साधन उपलब्ध भएको संकेत मिल्दछ । यसकारण सरकारी क्षेत्रको खर्च राजस्वका साथै आन्तरिक ऋणबाट व्यहोरिएमा वित्तीय सन्तुलन भएको मान्नु पर्दछ । त्यस्तै, मालसामान तथा सेवाको रूपमा उपलब्ध हुने वैदेशिक सहायताबाट व्यहोरिने लगानी पनि सन्तुलित मान्नु पर्दछ । तसर्थ वचत र लगानी बीच हुनुपर्ने उपयुक्त सम्बन्ध सम्बन्ध बारे विचार गर्दा एउटै प्रश्न उपर विचार गर्न बाँकी हुन आउँदछ, त्यो हो घाटा अर्थ व्यवस्थाबाट व्यहोरिने लगानीको परिणाम ।

देशको मूल्य तथा शोधनान्तर स्थितिमा पर्ने प्रतिकूल प्रभावले स्वभावत: घाटा अर्थ व्यवस्थाको सीमा निर्धारित गरिएको हुन्छ । मूल्य बढ्ने अनेकन कारणहरूमध्ये घाटा अर्थ व्यवस्था पनि एक हो । तर, प्रस्तावित घाटा रकम मुख्यत: परिवर्त्य विदेशी विनिमयको बढ्दो सञ्चयलाई घटाई सोही अनुपातमा विकासका भौतिक साधनहरू बाहिरबाट जुटाउने हिसाबले खर्च गरिने हुँदा यसबाट आन्तरिक मूल्य स्थितिमा कुनै प्रतिकूल प्रभाव पर्ने सम्भावना देखिँदैन । विगत केही वर्षहरूमा मुद्रा प्रदायमा वृद्धि हुनाको एक मूलभूत कारण विदेशी विनिमयको सञ्चयमा भएको निरन्तर वृद्धि नै हो । वितेका केही वर्षहरूमा भएको विदेशी विनिमयको आर्जनको आधारमा चौथो योजनाकालमा हुने विदेशी विनिमयको आर्जनको अनुमान, हालको सञ्चय र आन्तरिक स्रोतबाट उपलब्ध हुने साधनको परिमाण, बढ्दो विदेशी व्यापारलाई चाहिने न्यूनतम विदेशी विनिमयको सञ्चय, देशको मुद्रा प्रदायको अनुपातमा सञ्चित हुनुपर्ने परिवर्त्य विदेशी विनिमयको परिमाणका साथै चौथो योजनाअन्तर्गत सरकारी क्षेत्रमा सञ्चालन हुने विकास कार्यक्रमको लागि आवश्यक हुने विदेशी विनिमयको परिमाणसमेतको एक साथ विचार गर्दा प्रस्तावित रु.२० करोडको घाटा व्यवस्था विकासको गतिविधिलाई बढाउने दृष्टिकोणबाट आवश्यक देखिन आएको छ ।

(ङ) न्यून:

माथि उल्लेख गरिएका सबै आन्तरिक स्रोतहरूबाट उपलब्ध हुने साधनबाट विभिन्न क्षेत्रअन्तर्गत सञ्चालित हुने विकास आयोजनाहरूलाई चाहिने साधन जुटाउन रु. १० करोड कमी देखिन आएको छ । यसरी न्यून हुन आएको रकम विदेशी मुद्राको सञ्चित रकमबाट थप खर्च व्यहोर्न सकिने सम्भावना भए त्यसैबाट व्यहोरिने छ । साधनको अनुमान गर्दा आज विदेशी मुद्राको सञ्चय हाम्रो निकट भविष्यको आवश्यकताभन्दा बढी देखिन्छ तापनि विदेशी मुद्राको न्यून भए मात्र उक्त सञ्चयबाट खर्च गर्न मिल्ने हुन्छ अन्यथा आवश्यक रकम आन्तरिक साधनको परिचालनबाट नै जुटाउनु पर्ने हुन्छ ।

(च) विदेशी सहायता:

योजनाकालमा ऋण र अनुदान दुबै गरी प्राप्त भएको विदेशी सहायता रु.६५ करोड भनदा बढी हुने देखिँदैन । विदेशी सहायताबाट तेस्रो योजनाकालको पहिलो तीन वर्षमा प्राप्त भएको यथार्थ रकम र चौथो वर्षको संशोधित र अन्तिम वर्षको अनुमानित रकमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । आर्थिक वर्ष २०२५।२६ को तुलनामा २६।२७ मा विदेशी सहायताको अनुमान निकै बढी देखिन्छ तापनि वास्तवमा रु.२७ करोडभन्दा बढी प्राप्त नहुने देखिन्छ ।

विदेशी सहायता

(रु. करोडमा)

विदेशी सहायताको किसिम	यथार्थ २०२२।२३	यथार्थ २०२३।२४	यथार्थ २०२५।२५	संशोधित अनुमान २०२५।२६	अनुमान २०२६।२७	जम्मा
अनुदान	१७.५३	१४.२२	१५.८१	२१.४२	३२.९२	१०१.९०
ऋण	०.३३	०.३७	–	–	१२.५	१.९५
जम्मा	१७.८६	१४.५९	१५.८१	२१.४२	३४.१७	१०३.८५

चौथो योजनाको लागि विदेशी सहायताको रकम अगाडिबाटै अनुमान गर्न निकै कठिन छ तापनि तेस्रो योजनाको अनुभव, योजनाअन्तर्गत सञ्चालित हुने अयोजनाहरूको किसिम, स्थानीय खर्चको लागि उपलब्ध हुने आन्तरिक साधनको परिणाम आदि कतिपय कुराहरूको विचार गरी प्रारम्भिक रूपमा विदेशी सहायताको अनुमान गरिएको छ । यस अनुसार अनुदानको रूपमा रु. १२९ करोड र ऋणको रूपमा २० करोड गरी जम्मा विदेशी सहायता रु.१४९ करोड चौथो योजनाको लागि उपलब्ध हुने आशा गरिएको छ ।

माथिको विवरण अनुसार चौथो योजनाकालमा श्री ५ को सरकारबाट साधारण र विकास खर्चको लागि व्यहोरिनु पर्ने रकम र सो रकम प्राप्त हुने स्रोतहरूको जानकारी प्रस्तुत तालिकाबाट प्राप्त गर्न सकिन्छ । उक्त तालिकाबाट चौथो योजनाकाल मा सरकारी क्षेत्रको सम्पूर्ण वित्तीय स्थितिका साथै खर्च र साधनबीचको सम्बन्ध पनि स्पष्ट हुन्छ ।

चौथो योजना अन्तर्गत सरकारी क्षेत्रको खर्च र साधनका स्रोतहरू

विवरण	रु. करोड	प्रतिशत
खर्च		
(क) साधारण	२१६	४५.७
(ख) विकास	२५७	५४.३
जम्मा खर्च	४७३	१००.००
साधनको स्रोत		
आन्तरिक साधन	३२४	६८.५
(क) राजस्व	२७९	५९.०
(ख) आन्तरिक ऋण	१५	३.२
(ग) घाटा व्यवस्था	२०	४.२
(घ) न्यून	१०	२.१
विदेशी सहायता	१४९	३१.५
(क) अनुदान	१२९	२७.३
(ख) ऋण	२०	४.२
जम्मा	४७३	१००.००

परिच्छेद– ४

जनसङ्ख्या र जनशक्ति

जनसङ्ख्यामा वृद्धि

नेपाल अधिराज्यमा सर्वप्रथम वि. सं. १९६८ सालमा जनगणना भएको हो । वि. सं. १९६८ सालदेखि २०१८ सालसम्म जम्मा ३८,४१,६५० व्यक्तिको अर्थात् ६८.१२ प्रतिशत मात्र वार्षिक वृद्धि देखिन आए तापनि यो अवधिभित्र विभिन्न प्राकृतिक प्रकोप, दुइवटा विश्वयुद्ध, देशमा राजनैतिक उथलपुथल हुनु इत्यादि कारणहरूले गर्दा पनि कम वृद्धि हुन गएको हुनसक्दछ । २०११ साल र २०१८ सालको जनगणनाबाट उपलब्ध भएको जन्म र मृत्युको तथ्याङ्कबाट २.० प्रतिशतको वार्षिक वृद्धि भइरहेको देखिन्छ । २०१८ सालको जनगणनामा मृत्यु (वितेको एक वर्षभित्रको) को लगत गरिएको भए तापनि जन्म तथा मृत्यु दुबैको लगत त्यतिको भरपर्दो छैन । खास गरी मृत्युको लगत जन्मको लगतभन्दा कम भरपर्दो देखिन्छ । विभिन्न जनगणनाहरूबाट प्राप्त जम्मा जनसङ्ख्या तल तालिकामा देखाइएको छ ।

तालिका नं. १

विभिन्न गणनाकालको जम्मा जनसङ्ख्या

वर्ष	जम्मा जनसङ्ख्या
१९६८	५६,३८,७४९
१९७७	५५,७३,७८८
१९८७	५५,३२,५७४
१९९८	६२,८३,६४९
२००९।११	८४,७३,४७८
२०१८	९४,१२,९९६

अनुमानित जनसङ्ख्या

जन्म र मृत्युसम्बन्धी आवश्यक भरपर्दो लगतहरूको अभावमा भविष्यको जनसङ्ख्याको अनुमान गर्नु सजिलो छैन । देशको जनसङ्ख्याको परिवर्तनको प्रवृत्तिको भरपर्दो सूचनाका ज्ञान तथा रूपरेखा निर्धारण गर्न जन्म मृत्युको विश्वसनीय तथ्याङ्क तथा जन्म मृत्युमा विशेष असर पार्ने कार्यक्रमहरूको सम्भाव्य परिणामको ज्ञान भएमा नै हुनसक्ने हो । यस्ता साधनहरू आवश्यक मात्रामा अझ नजुटेकोले जनसङ्ख्याको वैज्ञानिक अध्ययन तथा विश्लेषणमा विशेष कठिनाइको अनुभव हुनु स्वभाविकै हो । तथापि प्राप्त लगतहरूको आधारमा मात्र २०१८ सालदेखि २०३८ सालसम्म लिङ्ग र उमेर ठीक मिलाइएको जन्म दर प्रतिहजार ४० नै कायम रहन्छ र मृत्यु दर घट्दै गई अनुमानित जन्मदर जीवनको प्रत्याशित औसत आयुमा प्रतिवर्ष ०.५ को दरले वृद्धि हुँदै जाने अनुमान गरी २०१८ देखि २०३८ सालसम्मको जनसङ्ख्या अनुमान गरिएको छ । २०१८ को जनगणनाबाट प्राप्त उमेर अनुसार मुत्युदर र जनसङ्ख्या सर्वेक्षण २०२० बाट प्राप्त उमेर अनुसार मृत्युदर, संयुक्त राष्ट्र संघको "मोडेल लाइफ टेबुल्स" मा दिइएको उमेर अनुसारको मृत्युदरसँग दाँजो गरी अनुमान गरिएको हो । उपर्युक्त प्रकारबाट अनुमान गरिएको जनसङ्ख्या तलको तालिकामा दिइएको छ ।

तालिका नं. २

अनुमानित जनसङ्ख्या २०१८–२०३८ सम्म उमेर अनुसार

उमेर वर्ष	२०१८	२०२३	२०२८	२०३३	२०३८
जम्मा	९४१२९९६	१०२७६५३३	११२४७६१६	१२३९२७९४	१३७७७६२
०-४	१४८७७८४	१५६१९३२	१६६८३१३	१८४७०९५	२०९७४६२
४-९	१२६४०९४	१३५४१०२	१४३७५१७	१५५०४३८	१७३१९१७
१०-१४	१०५९९३१	१२२८२१२	१३२०१९०	१४०५७५५	१५२०३६५
१५-१९	८५७३०३	१०२९७७८	११९७०४६	१२९०२९९	१३७७५०७
२०-२४	७९१४६७	८२२९७५	९९२६८९	११५८२७३	१२५२९४६
२५-२९	७७२५२३	७५३०२५	७८७१४१	९५४०४२	१११७९६७
३०-३४	६६८४४५	७३१८८२	७१७७७८	७५४४४०	९१८८५०
३५-३९	५८०७८९	६३०१६३	६९३८२९	६८५४९५	७२४३७४
४०-४४	४७२७४४	५४३२८९	५९४२१६	६५८७२९	६५४६७५
४५-४९	३९४९४३	४३६६३७	५०६२९३	५५८२२७	६२२९३८

५०-५४	३२७४३७	३५७५८६	३९९४३०	४६७२५७	५१९४७१
५५-५९	२५७४४९	२८७८०६	३१८१८०	३५९१५३	४२४०४२
६०-६४	१९६९७९	२१६२३९	२४५२१०	२७४६१८	३१३५३२
६५-६९	१३२२२२	१५४११३	१७२१२१	१९८२५२	२२८२५४
७०-७४	८८४०७	९२४९२	११०१९३	१२५५११	१४७१७७
७५-७९	४२८३८	५२०९९	५६०६६	६८५७४	७९९५५
८०-८४	११४४०	१९५८१	१४७२६	२७५६४	३४८११
८५+	३२११	४६२२	६६७८	९०७२	११०१९

अनुमानित जनसंख्या वृद्धि

माथिको तालिका अनुसार २०१८ सालबाट प्रत्येक ५,५ वर्षहरूमा क्रमशः ८,६३ ५३७; ९,७१,०८३; ११,४५,१७८ र १३,८४४६८ जनसङ्ख्या वृद्धि हुने अनुमान छ । अर्थात् वार्षिक जनसङ्ख्या वृद्धि दर निम्न अवधिमा निम्न अनुसार हुने देखिन्छ ।

अवधि	वार्षिक वृद्धि दर (प्रतिशत)
२०१८-२०२३	१.७८
२०२३-२०२८	१.८१
२०२८-२०३३	१.९५
२०३३-२०३८	२.१४

माथिको तालिकामा देखाइएको वार्षिक जनसङ्ख्या वृद्धिदरमा र तेस्रो योजनाको जनसङ्ख्या र जनशक्ति परिच्छेदमा अनुमान गरिएको वृद्धि दरमा भिन्नता देखिन आएको छ । यस्तो भिन्नता भविष्यको जनसङ्ख्या अनुमान गर्ने भिन्न भिन्न विधि अपनाई गरिएबाट हुनगएको हो । तेस्रो योजनाको उक्त परिच्छेदमा भविष्यको जनसङ्ख्या अनुमानको लागि जनसङ्ख्याको वार्षिक वृद्धिदरको अति सरल वृद्धि हुने अनुमान गरी ५–५ वर्षको अन्तरमा हुने जम्मा जनसङ्ख्याको अनुमान गएिको र ०–१४ वर्ष, १५–५९ वर्ष र ६० + वर्ष उमेरको हदमा अनुमान गरिएको छ । वर्तमान अनुमान प्राप्त हुन सके जति जन्म र मृत्यु लगतको विश्लेषणात्मक अध्ययन गरी "कोहर्ट सरभाइवल" को आधारमा तयार गरिएको हुँदा निःसन्देह नै बढी भरपर्दो हुनआएको छ ।

अनुमानित जनसङ्ख्याको उमेरको वर्गीकरण

जन्म दर घटाउन विशेष प्रयत्न गर्नुपर्ने र धेरै समय लाग्ने तर मृत्यु दर भने विभिन्न प्रतीकारात्मक तथा चिकित्सासम्बन्धी नवीन वैज्ञानिक उपकरण तथा ज्ञानहरूको सुलभ उपलब्धिद्वारा विस्तारै घट्न जाने हुँदा हाम्रो जस्तो विकासोन्मुख देशहरूमा ०–१४ वर्षको उमेरको तहमा केटाकेटीहरू कुल जनसङ्ख्याको ४० प्रतिशतभन्दा केही बढी नै र ६० वर्ष र सोभन्दा माथिको उमेर तहको जनसङ्ख्या ५-६ प्रतिशत जतिभै काम गर्न सक्ने उमेरको तह (१५–५९ वर्ष) मा करिब ५४–५५ प्रतिशत जति जनसङ्ख्या मात्र हुन जाने कुरा इकाफे प्रदेशका धेरै छिमेकी राष्ट्रहरूले पनि अनुभव गरेकै कुरा हो हाम्रो देशमा विभिन्न उमेरको तहमा के कति प्रतिशत जनसङ्ख्या रहेछ तलको तालिकाबाट स्पष्ट हुन्छ ।

तालिका नं..३

विभिन्न उमेरको तहमा पर्ने जनसङ्ख्या प्रतिशतमा

नेपाल २०१८–२०३८ साल

उमेर	२०१८	२०२३	२०२८	२०३३	२०३८
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०
०-१४	४०.४५	४०.३	३९.४	३८.८	३८.७
१५-५९	५४.४	५४.४	५५.१	५५.५	५५.४
६०+	५.१	५.३	५.५	५.७	५.९

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि स्थिर रहेको जनम दर र घट्दै गएको मृत्यु दरको फलस्वरूप अर्ध स्थिर अवस्थामा रहेको हाम्रो जनसङ्ख्यामा काम गर्न सक्ने उमेरको तहमा भएका जनसङ्ख्याको वृद्धि गरी जीविकाको लागि अरुमाथि निर्भर रहनु पर्ने जनसङ्ख्याको प्रतिशत कम गराउन जन्म दर घटाउनु अति आवश्यक हुनआउँछ । तर माथिनै उल्लेख भइसकेको जन्म घटाउन धेरै समय लाग्ने तथा विशेष प्रयत्न गर्नुपर्ने हुन्छ । अनि जस्तोसुकै भगीरथ प्रयत्न गरिए तापनि जन्म दर न यसको सम्भाव्य न्यूनतम नै हुन्छ न सम्भाव्य उच्चतमसम्म नै पुग्दछ । जुनसुकै देशको जुनसुकै देशको जुनसुकै कालको जन्म दरले पनि त्यस देश काल, परिस्थितिको अभिव्यक्ति स्वरूप

यसको वृद्धि तथा ह्रासका कारणहरूको सन्तुलनले निर्धारित गरिएको तहमा स्थिर भएर रहने प्रवृत्ति देखाएको पाइन्छ । त्यसैले जन्म दरले कुनै प्रभावकारी परिवर्तन ल्याउन जनसङ्ख्याको आर्थिक तथा सामाजिक अवस्थाहरू सांस्कृतिक मान्यताहरू तथा जनजीवनप्रतिको आकांक्षाहरूमा नै वाञ्छित परिवर्तन गरिनु पहिलो आवश्यकता हुन आउँछ । यस्तो परिवर्तनबाट प्राप्त सफलताहरूलाई परिवार नियोजन कार्यक्रमले पर्याप्त सघाउ पुऱ्याउन सक्ने स्थितिको सृजना हुनु दोस्रो आवश्यकता ठहर्दछ ।

जनसङ्ख्याको वृद्धिको साथै देशको जनघनत्व पनि बढ्दै जान्छ । हुन त नेपाल अधिराज्यमा १७३.२ व्यक्ति प्रति वर्गमीलमा बस्ने गर्दछन्, तापनि नेपालको भौगोलिक स्थिति र बसोबास गर्न सकिने स्थान तथा खेतीयोग्य जग्गाको दृष्टिकोणले विचार गर्दा जनघनत्व धेरै नै बढी देखिन्छ । विभिन्न वर्षहरूको जनघनत्व तलको तालिकामा देखाइएको छ ।

तालिका नं.४
जनघनत्व वर्गमीलमा
२०१८–२०३८ साल नेपाल

वर्ष	जनघनत्व (प्रति वर्गमीलमा)
२०१८	१७३.२
२०२३	१८९.१
२०२८	२०७.०
२०३३	२२८.०
२०३८	२५३.५

माथिको तालिकाबाट नेपालको जनघनत्व २०१८ सालमा १७३.२ व्यक्ति प्रति वर्गमीलबाट २०३८ सालमा २५३.५ व्यक्ति प्रति वर्गमील पुग्ने अनुमान हुन्छ । विभिन्न प्रदेशहरूको जनघनत्व के कस्तो हुन्छ भन्ने अनुमान तलको तालिकाबाट स्पष्ट हुनआउँछ ।

तालिका नं. ५
जनघनत्व वर्गमीलमा, प्रदेश अनुसार
२०१८–२०३८ साल नेपाल

जनघनत्व र वर्ष **जनघनत्व (वर्गमीलमा)**

प्रदेश	२०१८ साल	२०२३ साल	२०२८ साल	२०३३ साल	२०३८ साल
नेपाल	१७३.२	१८९.१	२०७.०	२२८.०	२५३.५
पूर्व पहाड	१८६.५	२०३.२	२२२.४	२४५.१	२६२.४
पूर्व भित्री मधेश	१०५.९	११८.०	१२९.१	१४२.३	१५८.३
पूर्व तराई	४३२.३	४७२.१	५१६.८	५६९.४	६२२.१
काठमाडौं उपत्यका	२११०.०	२३०९.९	२५२८.१	२७८५.५	३०६९.७
पश्चिम पहाड	१५२.९	१६६.५	१८२.९	२०१.५	२२४.०
सुदूर पश्चिम पहाड	९९.६	१०८.५	११८.८	१३१.८	१४५.४
मध्य भित्री मधेश	१६९.०	१८४.९	२०२.४	२२३.०	२४७.९
पश्चिम तराई	३०६.३	३३०.२	३६१.४	३९८.२	४४२.७
पश्चिम भित्री मधेश	१३८.१	१५८.३	१७३.३	१९१.९	२१२.३
सुदुर पश्चिम तराई	९५.५	१०४.८	११४.७	१२६.४	१४१.५

माथिको तालिकाबाट भित्री मधेश प्रदेशहरू र पश्चिम तराई प्रदेशमा अरु प्रदेशहरूको अपेक्षा कम जनघनत्व भएको देखिन्छ । काठमाडौं उपत्यका प्रदेशको जनघनत्व अरु प्रदेशहरूको दाँजोमा नै धेरै देखिन्छ । देशको राजधानी काठमाडौं शहरको साथै देशका प्रमुख दुई शहरहरू (ललितपुर र भक्तपुर) पनि भएको यस प्रदेशमा जनघनत्व अरु प्रदेशहरूभन्दा केही बढी हुनु स्वाभाविकै भए तापनि बढ्दो शिक्षा, स्वास्थ्य, बसोवास, सांस्कृतिक र मनोरञ्जन जस्तो विभिन्न सामाजिक आर्थिक आवश्यकताहरूको उचित व्यवस्था गर्नु झन् झन् क्लिष्ट हुँदै जाने कुरा स्पष्ट हुन आउँछ

। धेरै जनघनत्व भएका प्रदेशको केही जनसङ्ख्यालाई कम जनघनत्व भएका खास गरी सुदूर पश्चिम तराई र भित्री मधेश प्रदेशहरूमा बसोबास गराउने कार्यक्रमको विकास हुन पनि वाञ्छनीय देखिन्छ ।

माथि उल्लेख भएअनुसार जनसङ्ख्या वृद्धि भएबाट दीर्घकालीन दृष्टिकोणले शिक्षा, स्वास्थ्य, घरवार आदिको सुविधा र आर्थिक विकासका विभिन्न क्षेत्रमा रोजगारीको सुविधा उपलब्ध गराउने समस्या अहिलेको भन्दा धेरै जटिल हुनजाने कुरा स्पष्ट छ । १५–५९ वर्षको उमेरको तहमा २०३८ सालमा २०१८ सालको भन्दा २५ लाख जनसङ्ख्या वृद्धि हुने अनुमान छ । यसले गर्दा हालको आर्थिक व्यवस्थाअनुसार भूमितर्फ जनसङ्ख्याको चापमा प्रशस्त वृद्धि हुन जान्छ र यस चापलाई घटाउन कृषितर्फ नयाँ जग्गा आवाद गर्ने तथा कृषिवाहेक अन्य क्षेत्रहरूमा कामको सुविधामा वृद्धि गर्नुपर्ने हुन्छ ।

जनसङ्ख्या वृद्धिको अनुमान माथि उल्लेख भए झैं भएमा शैक्षिक क्षेत्रमा पनि जनसङ्ख्याको बढ्दो शैक्षिक आवश्यकताहरूको खाँचो पूरा गर्न उत्तरोत्तर कठिन हुँदै जाने कुरा स्पष्ट नै छ । २०२३ सालबाट २०३८ सालसम्ममा प्राथमिक शिक्षाको तहमा स्कूल जाने उमेर (६–११ वर्ष) का केटाकेटीहरूको सङ्ख्या ४१,११९ बढी हुन जाने, माध्यमिक स्कूल जाने तहका जनसङ्ख्याको २५ प्रतिशत र उच्च शिक्षाको तहका जनसङ्ख्याको ३९ प्रतिशत वृद्धि हुने देखिन्छ ।

२०१८ सालको जनगणनामा कुल जनसङ्ख्याको ४८.८५ प्रतिशत र काम गर्न सक्ने उमेर (१५–५९ वर्ष) का जनसङ्ख्याको ८०.४५ प्रतिशत मात्र आर्थिक दृष्टिले काममा भएको देखिएबाट निकट भविष्यमै आर्थिक दृष्टिले काममा लाग्ने जनसङ्ख्यामा प्रभावकारी वृद्धि हुने अनुमान गर्न सकिँदैन । किनभने श्रमशक्तिको प्रभावकारी वृद्धिको लागि नयाँ नयाँ क्षेत्रहरूमा पर्याप्त कामको अवसर प्राप्त हुनु पर्दछ । परिवारको घर धन्दामा लागेका नारीहरू र विद्यार्थीहरूलाई पनि काम गर्न अनुकूल पर्ने किसिमका उद्योग व्यवसायहरूको विकास भएमा मात्र आर्थिक दृष्टिले काममा लाग्ने भै आर्थिक दृष्टिले काममा भएका जनसङ्ख्याको वृद्धि हुनसक्ने सम्भावना स्पष्ट हुने छ । २०१८ सालको जनगणनाले देखाएको अर्को चाखलाग्दो कुरा छ कृषिमा रोजगारीको स्तर । कुल ४३,०६,८३९ आर्थिक दृष्टिले काममा लागेका मध्ये ४०,४०,६०७ कृषि व्यवसायमा लागेकामा अरुलाई काममा लगाउनेहरू केवल ३०,३६५ भएको, निजी काममा लागेकाहरूको सङ्ख्या ३१,९३,२०७ भएको र काम सघाउनेहरूको सङ्ख्या २६३,९३४ भएबाट एकमात्र प्रमुख व्यवसाय भएको भए पनि हाम्रो देशमा कृषि औद्योगिक व्यवसायको रूपमा सञ्चालित नभई जीवन यापनको साधन मात्र भएर रहेको कुरा समेत स्पष्ट हुन आउँछ ।

चौथो योजनाको स्थिति

माथिको विश्लेषणको आधारमा अब चौथो योजनामा पर्ने जनसङ्ख्याको विभिन्न तहको प्रभाव अध्ययन गर्न सकिन्छ । चौथो योजना अवधि अर्थात् २०२७ सालदेखि २०३२ सालसम्म जनसङ्ख्याको उमेर अनुसारको अवस्था तल तालिकामा देखाइए बमोजिम हुनेछ ।

तालिका नं. ६

जनसङ्ख्याको उमेर अनुसार विभाजन

विवरण	०–४	५–१४	१५–५९	६०+	जम्मा
सङ्ख्या	१६,५०,५२०	२७,२४,३५१	६०,७१,७९०	६,००,९९२	१,१०,४७,६५३
२०२७					
प्रतिशत	१४.९४	२४.६६	५४.६६	५.४४	१००.००
सङ्ख्या	१८,०९,९९२	२९,२१,०२८	६७,३६,७२०	६,८८,०१६	१,२१,५५,७५६
२०३२					
प्रतिशत	१४.८९	२४.०३	५५.४२	५.६६	१००.००

उपर्युक्त तालिकाअनुसार चौथो योजना अवधिमा स्कूलजाने उमेर अर्थात् ५–१४ वर्षको समूहमा १,९६,६७७ व्यक्तिहरूको वृद्धि हुने देखिन्छ । तेस्रो योजनाको अन्त्यमा यस समूहमा पर्ने कुल केटाकेटीहरू मध्ये शिक्षाको सहुलियत पाएका करिब ३५ प्रतिशत हुनगएमा आउँदो योजना थप हुनेलाई मात्र त्यस्तो सहुलियत दिन सकेमा पनि जम्माको प्रतिशतको अङ्क ३९.३७ सम्म मात्र पुग्न सक्ने देखिन्छ । यसरी हेर्दा आगामी योजनामा शिक्षाको लक्ष्य खास गरी प्राथमिक र माध्यमिक शिक्षामा निकै बढाउनु पर्ने देखिन्छ ।

श्रम शक्तिको रूपमा लिइने १५ बर्षदेखि र ५९ वर्षसम्मको जनसङ्ख्यामा आगामी ५ वर्षभित्र ६,६४९३० बृद्धि हुनेछ । यस मध्ये आर्थिक दृष्टिले सक्रिय रहने करिब ७९ प्रतिशत अर्थात् ५,२५००० लाई चौथो योजनाकाल मा कामकोसिर्जना गर्नु अनिवार्य छ नत्रभने रोजगारीको अनुपात तेस्रो योजनामा भन्दा पनि घट्न जानेछ । प्रस्तुत सङ्ख्यामा हालसम्मको परम्पराअनुसार काम गरिरहेका १५ बर्ष मुनिका र ५९ बर्ष माथिका व्यक्तिहरूको सङ्ख्या

परेको छैन । कारण, श्रमशक्तिमा उत्पादकत्व बढाउने हेतुले अव त्यस प्रकारको परम्परालाई निरुत्साहित गरी त्यस्ताले गरेको काममा क्रमशः युवक श्रमिकलाई प्रबृत्त गराउने व्यवस्था बसालिनु पर्दछ । त्यसो गर्न नसकिएमा कामको खोजी गर्नेहरूको सङ्ख्या माथिको सङ्ख्या भन्दा अझै बढ्न जानेछ यस बाहेक तेस्रो योजनाको अन्त्यमा काम गर्न सक्ने तर सक्रिय नरहेका करिब ११,३५,४२४ जनसङ्ख्यालाई समेत सक्रिय गराउने महत्वकांक्षी योजना बन्न सकेमा अर्काको भरमा खाई जीवन बिताउनेहरूको सङ्ख्या घट्नेछ र जीवनस्तरमा वास्तविक बृद्धि हुनेछ ।

श्रमशक्तिको व्यवसाय अनुसारको वर्गीकरणले देशको जनसङ्ख्या कुल व्यवसायमा कति परिमाणमा आश्रित छ भन्ने कुरा देखाउँछ र यस्तो वर्गीकरण देश कति मात्रामा विकसित छ भन्ने कुरा देखाउने एउटा मुख्य मापदण्ड पनि हो । २०१८ सालमा भएको राष्ट्रव्यापी जनगणनाअनुसार आर्थिक दृष्टिले काममा लागेको जनसङ्ख्या ४५ लाख ९७ हजारमध्ये ९३.८३ प्रतिशत कृषि व्यवसायमा र बाँकी ६.१७ प्रतिशत मात्र अरु व्यवसायमा संलग्न देखियो । गत ९ वर्षको अवधिमा भएको आर्थिक विकासले कृषिमा मात्र अतिशय निर्भरता भएको हाम्रो अवस्थामा कति सुधार ल्यायो र कति प्रतिशत जनता कृषिबाट अन्य व्यवसायमा सारे भने देखाउन पूर्ण विश्वसनीय तथ्याङ्क छैंन । यस विषयमा भरपर्दे तथ्याङ्क आगामी २०२८ सालमा गरिने राष्ट्रव्यापी जनगणनाबाट प्राप्त हुनेछ तापनि नेपालको आर्थिक अवस्था ज्यादै अविकशित रूपमा भएको र आर्थिक विकासको दर ज्यादै न्यूनतम देखिन आएकोले श्रमशक्तिको व्यावसायिक विभागमा ठोस परिवर्तन आएको विश्वास गर्न सकिने स्थित अवश्यै छैन । चौथो योजनाकालमा हुने थप लगानीबाट कृषि क्षेत्रमा श्रमशक्तिको बढी प्रभावकारी उपयोग हुने गुञ्जायस रहेतापनि कृषि भिन्न क्षेत्रको व्यावसायिक ढाँचामा वाञ्छनीय परिवर्तन नहुने कुरा अन्यत्र उल्लेख भइसकेको छ ।

प्राविधिक जनशक्ति

चौथो योजनाको आधार बर्ष, २०२६।२७ सम्ममा इञ्जिनियरिङ्ग, स्वास्थ्य, शिक्षा, वाणिज्य आदि प्राविधिक र बैज्ञानिक विषयहरूमा हुने उच्च स्तरीय (स्नातक) जनशक्तिको सङ्ख्या २,८९७ पुग्ने अनुमान गरिएको छ । यसमा अरु अप्राविधिक वा कला विषयहरूमा स्नताकोपाधि प्राप्त गर्ने व्यक्तिहरूको सङ्ख्या समेत मिलाउँदा स्नानतक स्तरका मानिसहरको कूल सङ्ख्या ७,६४८ पुग्ने छ । यस बाहेक, चौथो योजना सुरु भैसकेपछि योजनाको चौथो बर्ष सम्ममा क्रमशः उपलब्ध हुने सङ्ख्यालाई पनि योजना अवधिमै काम लगाउँदै जान सकिने भएकोले त्यस्तो थप सङ्ख्या २,३६४ हुने अनुमान छ । यस प्रकारको जनशक्तिको बिषय अनुसार वर्गीकरण तल दिइएको छ :-

तालिका नं. ७

उच्चस्तरीय प्राविधिक जनशक्तिको अनुमान

विषय	२०२६।२७ मा पुग्ने सङ्ख्या	२०२७।२८ देखि २०३०।३१ सम्ममा थप हुने सङ्ख्या	जम्मा
इञ्जिनियरिङ्ग	४६५	३०६	७७१
सिभिल इञ्जिनियरिङ्ग	२६०	१४१	४०१
मेकानिकल इञ्जिनियरिङ्ग	५७	५१	१०८
इलेक्ट्रिकल इञ्जिनियरिङ्ग	८१	३०	१११
अन्य इञ्जिनियरिङ्ग	६७	८४	१५१
स्वास्थ्य	३२६	१३४	४६०
शिक्षा	२४०	६८	३०८
वाणिज्य	७३०	२६४	९९४
कृषि	२६५	२४०	५०५
वन	९९	२०	११९
पशु चिकित्सा	४५	२०	६५
सामान्य विज्ञान	७२७	२८८	१,०१५
कला विषयहरू	४,७५१	१,०२४	५,७५५
जम्मा	७,६४८	२,३६४	१०,०१२

मध्य तथा निम्नस्तरीय प्राविधिक तालिमको सुविधा देश भित्रै उपलब्ध गराउने उद्देश्यले गत योजनाकाल हरूमा विभिन्न प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रहरू खुले । तिनबाट हालसम्म उत्पादन गरिएका तालिम प्राप्त व्यक्तिहरूको सङ्ख्या र २०२६।२७ सालसम्म पनि उत्पादनको क्षमता हालकै स्तरमा कायम गरिएमा थप हुन आउने सङ्ख्यासमेत गरीध्य तथा निम्न स्तरीय प्राविधिक जनशक्ति २०२६।२७ सालमा ५,०९४ पुग्ने अनुमान गरिएको छ । यस प्रकारको जनशक्ति तयार गर्न वढीमा ३ बर्षसम्म मात्र लाग्ने भएकाले चौथो योजनाको आवश्यकता हेरी आगामी बर्षहरूमा पनि तालिम दिइनेछ । २०२६।२७ सम्मको उपर्युक्त सङ्ख्याको विषयअनुसारको वर्गीकरण तल अनुसार छ:-

तालिका नं. ८

मध्य तथा निम्न स्तरीय जनशक्तिको स्थिति

विषय	मध्य स्तरीय	निम्न स्तरीय
सिभिल इञ्जिनियरिङ्ग (ओभरसियर)	४३२	-
मेकानिकल इञ्जिनियरिङ्ग	-	३७२
इलेक्ट्रिकल इञ्जिनियरिङ्ग	-	१५०
रासायनिक र सम्बन्धित शिल्प कला	-	२१६
काष्ठकला	-	४१९
कपडा बुनाइ, अन्य बुनाइ, गहना र जुत्ता बनाउने शिल्प कला	-	७३९
कृषि विज्ञान	-	१,६३७
वन विज्ञान	२३१	३६०
स्वास्थ्य सम्बन्धी	९८	२८६
गृह-विज्ञान	-	१५४
जम्मा	७६१	४,३३३

यस बाहेक, ब्रिटिश गोर्खा फौजमा भर्ना भै काम गर्दा विभिन्न व्यवासयहरूमा दिएको प्राविधिक तालिम पाएका करिब १,००० जना नेपालीहरूको सङ्ख्याले पनि प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्नमा केही मद्दत गर्नेछ ।

यसरी माथि प्रस्तुत विवरणबाट हाल हाम्रो देशमा उच्च स्तरीय र मध्य तथा निम्न स्तरीय जनशक्तिको अनुपात त्यति युक्तिसङ्गत देखिएन । अर्थात् उच्च स्तरीयको सङ्ख्या हेरी तिनबाट गरिने कामलाई बढी फलदायक गराउन जति सङ्ख्यामा मध्य तथा निम्न स्तरीयमा हुनु पर्ने हो त्यति प्राप्त भएको छैन । यसबाट आगामी वर्षहरूमा उच्चस्तरीय भन्दा मध्य तथा निम्न स्तरीय जनशक्ति तालिम गर्नमा बढी तीब्रता ल्याउनु पर्ने कुरा सिद्ध हुन आएको छ । देशका तालिम केन्द्रहरू मध्ये केहीमा तालिमको विषयमा दोहरोपन देखिएको छ र यसले गर्दा केहि विषयमा चाहिनेभन्दा बढी उत्पादन भएको छ भने अन्य आवश्यक विषयमा चाहिने जति सङ्ख्या उत्पादन हुन नसकी कमीको अनुभव भएको छ । तसर्थ चौथो योजनाकालमा तालिमको क्षेत्रमा समन्वय ल्याउनु नितान्त आवश्यक भएको छ ।

स्वास्थ्य सेवाको क्षेत्रमा आधुनिक तरिकाले उपचारमा तालिम पाएका डाक्टर नर्सहरूको सख्या तत्सम्बन्धी सुविधाको लागि पर्याप्छ छैन । यस कारण पुरानो प्रकारको औषधोपचार गर्ने कविराज, वैद्य आदिलाई पनि यथासम्मभव बढी सुविधा र सेवाको मौका भएमा स्वास्थ्य सेवामा थप सहुलियत मिल्ने छ । यस्ता कविराज बैद्य, हकीमहरूको सङ्ख्या हाल देशमा २०० जति अनुमान गरिएको छ ।

चौथो योजनाको लागि आवश्यक प्राविधिक जनशक्तिको अनुमान गर्न चाहिने आधारभूत कुराहरूको अभावमा कुनै वैज्ञानिक प्रक्रियबाट त्यसको अनुमान गर्न संभवन भएन । यस बाहेक उच्च स्तरीय जनशक्ति तयार गर्न ६,७ वर्ष लाग्ने हुँदा हालसम्म जतिलाई तालिम दिन थालिएको छ त्यतिबाटै काम चलाउनसमेत पर्ने भएकोले उच्च स्तरीय जनशक्तिलाई नै उपलब्ध आधार मानी तिनबाट प्रभावकारी रूपमा काम लिन चाहिने मध्य स्तरीय र निम्न स्तरीय प्राविधिक जनशक्तिको अनुमान तल अनुसार तयार गरिएकोछ ।

तालिका नं. ११

चौथो योजनाकालको लागि अनुमानित जनशक्ति

विषय	प्राप्त हुने उच्च स्तरीय	चाहिने	मध्य स्तरीय पाइने	नपुग	दक्ष कामदार निम्न स्तरीय
इञ्जिनियरिङ्ग	७७१	२३१३	१०७९	१२३४	३४,६९५
सिभिल	४०१	१,२०३	६२५	५६८	-
मेकानिकल	१०८	३२४	३२४	-	
इलेक्ट्रिकल	१११	३३३	१२०	२१३	
अन्य	१५१	४५३	-	४५३	
स्वास्थ्य	४६०	९२०	३२२	५९८	१,८४०
शिक्षा	३०८	-	-	-	-
वाणिज्य	९९४	-	-	-	-
कृषि	५०५	८००	-	-	३,२००
वन	११९	२८८	२८८	-	३८०

पशु चिकित्सा	६५	१३०	-	-	२६०

तालिम

चौथो योजना अवधिभित्र तालिम सम्बन्धमा ध्यान दिनु पर्ने पहिलो कुरा हो एउटै विषयमा एक भन्दा बढी तालिम केन्द्रमा तालिम दिइएबाट हुन गएको दोहोरोपन हटाउने र दोस्रो चाहिँ अत्यावश्यक देखिनआएका विषयमा तालिम विस्तारगराउने । गतबर्षहरूको अनुभवबाट माग अथवा आवश्यकता कम भएका विषयमा तालिम दिइएबाट तालिम पाएका मान्छे सुहाउँदो काम नपाइ बेकार रहन जाने र यस प्रकार राष्ट्रिय सम्पत्तिको नोक्सान हुन जानेसमेत सिद्ध भैसकेको छ । यस्तो कुरालाई यथासंभव छिटो रोक्नु अनिवार्य छ । उच्च स्तरीय प्राविधिक जनशक्ति हाल सम्म मित्रराष्ट्रहरूको भरमा मुलुक बाहिर नै तालिम दिइने गरेको छ । दीर्घकालिन आवश्यकताको विचार गर्दा भने यस प्रकारको तालिम सुविधा देशभित्रै उपलब्ध गराउनु पर्ने भएको छ । यस कारण, पाँचौं योजनाकालमा उत्पादन लिन सकिने गरी मेडिकल कजेल र इञ्जिनियरिङ्ग कजेलको स्थापना चौथो योजनाकालमा गरिनेछ । आवश्यक देखिएको विषयमा मध्य तथा निम्न स्तरीय प्राविधिक जनशक्ति प्राप्त गर्न भैरहेको तालिम केन्द्रहरूको क्षमतामा बृद्धि गरिनेछ । तर, यस प्रकारको जनशक्तिको विषय अनुसार माग र पूर्तिको पूर्ण अध्ययन नगरी नयाँ तालिम केन्द्र खोल्ने कुरालाई प्रोत्साहिन गरिने छैन । दक्ष कामदार स्तरको लागि कामभित्रै तालिम दिने र स्तरबृद्धि गर्न तालिम दिनेजस्ता कार्यक्रमहरू बढी प्रभावकारी र छिटो नतिजा दिन सक्ने हुनाले यस्ता कार्यक्रमहरू आवश्यक परेका ठाउँहरूमा कार्यान्वित गरिने छन् ।

रोजागरी

विकास योजनाको सन्दर्भमा श्रमशक्तिको रोजगारी महत्वपूर्ण कुरा हो । आ.क. योजनाको एउटा मुख्य उद्देश्य कामको खोजी गर्ने जनतालाई सुहाउँदो रोजागारी दिने पनि हुनु पर्दछ । नवीनतम अनुमानअनुसार २०२६/२७ सालमा काम गर्ने उमेर अर्थात् १५-५९ वर्षको जनसङ्ख्या ६०,७२,००० पुग्ने अनुमान गरिएको छ । रोजगारी सम्बन्धी सर्वेक्षण नभएकोले देशमा यति जनसङ्ख्या वेरोजगार रहेको छ भन्ने कुरा यकिनसाथ भन्न सकिदैन । तर, कृषि प्रधान अर्थ-व्यवस्थाको स्वाभाविक प्रकृतिअनुसार अर्ध वेकारी यत्रतत्र स्पष्टरूपमा देखिन्छ । आंशिक र लुकेको वेकारीका केहि चिन्हहरू पनि ठाउँ ठाउँमा देखिएका छन् । तालिमी जनशक्तिको सम्बन्धमा प्राविधिक विषयमा तालिम लिएकाहरू बेकार भएको पाइएको छैन तापनि अप्राविधिक वा कला विषयमा अध्ययन गरेका केही व्यक्तिहरूलाई रोजगारी पाउन कठिन पर्दै गएको कुरा त्यससम्बन्धी अध्ययन, सर्वेक्षण आदिबाट देखिएको छ । शिक्षित समुदायमा अप्राविधिक किसिमका कामको खोजी गर्नेहरूको सङ्ख्या अत्युग्र रूपमा बढ्दै छ ।

चौथो योजनाकालमा श्रमशक्तिमा थप हुन जाने जनसङ्ख्याको लागि उपयुक्त कामको आवश्यकता पर्नेछ । बहुसङ्ख्याक जनता कृषिमा निर्भर रहेकाले देशमा अर्ध वेकारी ज्यादै छ । थप हुन जाने श्रमशक्तिको लागि कृषिबाहेक अरू क्षेत्रमा पर्याप्तमात्रामा रोजागरीको सिर्जना हुन नसकेमा जनसाधारणको वेरोजगारीले अप्रिय रूप लिनेछ । शिक्षामा भैरहेको निरन्तर प्रगतिले आउँदा वर्षहरूमा शिक्षित व्यक्तिहरूको सङ्ख्यामा जुन बृद्धि हुने आशा गरिएको छ त्यसको लागि सुहाउँदो कामको व्यवस्था पनि साथसाथै हुनु नितान्त आवश्यक छ । यी सबै कुरालाई हृदयङ्गम गरी अर्ध वेकारी र बेरोजगारीको समस्या समाधान गर्नेतर्फ अग्रसर हुन चौथो योजनाकालमा सबै आर्थिक क्षेत्रहरूमा रोजगारीको सिर्जना हुनेसम्म बढी विस्तार गराइनेछ ।

परिच्छेद ५

कृषि

आर्थिक विकासको क्रममा गतिशिलता ल्याउन चाहिने आधारभूत स्थिति तयार गरी उपलब्ध साधन र शक्ति केन्द्रीभूत गरी उत्पादनमा अधिकतम बृद्धि गर्ने चौथो योजनाको अन्तर्निहित उद्देश्यअनुरूप वर्तमान आर्थिक अवस्थामा कृषि क्षेत्रलाई महत्वपूर्ण स्थान दिनु पर्ने कुरा निर्विवाद छ । वास्तवमा विकासको प्रारम्भिक चरण रहेकोमा हाम्रो जस्तो अर्थ व्यवस्थामा कृषि विकासमा नै आर्थिक प्रगति वढी मात्रामा निर्भर गर्दछ । दीर्घकालीन विकासको क्रममा गैर कृषि क्षेत्रको उत्तरोत्तर बृद्धि गर्दै लैजान चाहिने सुदृढ आधार तयार गर्न कृषि विकासमा तीव्रता ल्याउनु अनिवार्य भएको छ ।

विगत केही वर्षहरूमा राष्ट्रिय अर्थ व्यवस्थाको विभिन्न क्षेत्रमा कतिपय विकास कार्यहरू सञ्चालन गरिए तापनि यसबाट कृषि क्षेत्रको आधारभूत स्थितिमा वस्तुतः कुनै परिवर्तन आएको देखिदैन । २०२४।२५ को अनुमानअनुसार कुल राष्ट्रिय उत्पादनको ६६ प्रतिशत कृषि क्षेत्रबाटै उपलब्ध भएको छ । देशमा उपलब्ध कुल जनशक्तिको ९३ प्रतिशत भन्दा वढी जनशक्ति कृषिमा लागेको अनुमान गरिएको छ । साथै देशको निर्यात व्यापारमा पनि कृषिजन्य वस्तुहरूको प्रमुख स्थान रहेको छ । यसमध्ये खाद्य वस्तुको निर्यात मात्र कूल निर्यातको करिब ७० प्रतिशत रहेको अनुमान गरिएको छ । कृषिप्रधान देश भैकन पनि यहाँ खेती गरिने जमिनको उत्पादकत्व निम्न स्तरमा रहेको छ । यसमाथि बढ्दो जनसङ्ख्याबाट खेतीयोग्य जमिनमा निरन्तर थपिदै गएको जनभारले गर्दा कृषिमा लागेको श्रम शक्तिलाई पूर्ण उपयोगी बनाउने समस्या पनि जटिल हुँदै आएको छ । मुख्यतया मौसममा आधारित जीवनयापनको साधन रहेको परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यावसायिक रूपमा सञ्चालन गर्न कृषि विकासमा जोड दिनु आवश्यक छ ।

कृषि विकासको लक्ष्य हासिल गर्न कृषकहरूको सर्वोपरि महत्व रहने कुरामा ध्यान दिनु जरुरी छ । सरकार तर्फबाट राष्ट्रियस्तारमा उत्पादनका लक्ष्यहरू निर्धारित भएता पनि त्यसको पूर्ति गर्ने कुरा मुख्यतः कृषिमा कार्यरत देशका सम्पूर्ण किसान परिवारको योगदानमा निर्भर गर्दछ । त्यसका निमित्त कृषि विकासमा आधारभूत उपकरण र सुविधाका साथै आफ्नो श्रमको उचित मूल्य कृषकहरूलाई सुलभ गर्नु आवश्यक छ । यसको सन्दर्भमा मात्र सरकारबाट सञ्चालन गरिने कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरूको सार्थकता रहने कुरा स्पष्ट छ ।

कृषि क्षेत्रमा भएको प्रगति

कृषि विकासको निमित्त सरकारतर्फबाट पहिलो पञ्चवर्षीय योजनाकाल देखि नै विशेष जोड दिई आएको छ । फलस्वरूप देशका विभिन्न आवहवामा उपयुक्त हुने कृषिसम्बन्धी विभिन्न क्षेत्रमा अनुसन्धान कार्यहरू सञ्चालन गरी त्यसबाट प्राप्त नतिजा कृषि प्रसारको माध्यमबाट कृषक समक्ष पुऱ्याउने प्रकृया आरम्भ गरिएको छ । यसको अतिरिक्त कृषिमा व्यवस्थामूलक सुधार गर्नेतर्फ दोश्रो योजना अवधिमा भूमिसुधार कार्यक्रम राष्ट्रव्यापी रूपमा कार्यान्वयन गरिएको छ । तर राष्ट्रिय स्तरमा कृषि विकासको लक्ष्य र कार्यक्रम निर्धारण गर्ने कार्य तेस्रो योजनामा मात्र हुन सकेको छ ।

तेस्रो योजनामा कृषि क्षेत्रलाई सर्वोपरी प्राथमिकता दिई त्यसअन्तर्गत खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदेबाली उत्पादनमा ७३ प्रतिशतले बृद्धि गर्ने लक्ष्य निर्धारित गरिएको छ । यसअनुसार २०२१।२२ को अनुमानित खाद्यान्न उत्पादन ३२.७० लाख मेट्रिक टनबाट २०२६/२७ मा ३७.७६ लाख मेट्रिक टन पुऱ्याउने र यसै गरी नगदेबालीको उत्पादनमा २.५५ लाख मेट्रिक टनबाट ३.९० लाख मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेको छ । यी सब उत्पादन बृद्धिको लागि सिँचाइ, माटो ताथा बाली संरक्षण, उन्नत बीउ, रासानिक मल र उन्नत तरिकाहरूको प्रयोग आदि सेवाहरूबाट मात्र संभव हुने भएकोले सबैको लक्ष्यअनुरूप बृद्धि ल्याउने कार्यक्रम तोकिएको छ । योजनाको ४ बर्षको प्रगति हेर्दा खाद्यान्नमा जम्मा १० प्रतिशत बृद्धि हुन सकेको छ । बालीको हिसावबाट विचार गर्दा खाद्यान्नमा गहुँको उत्पादन मात्र लक्ष्यभन्दा कम र नगदेबालीतर्फ तेलहनबाहेक अन्य सबै बालीमा लक्ष्यभन्दा धेरै कम उत्पादन भएको देखिन्छ । विभिन्न बालीमा योजनाको लक्ष्य र बिगत चार वर्षको उपलब्धि निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १

कृषि उत्पादनको लक्ष्य र प्रगति

उत्पादित वस्तु	तेस्रो योजनाको लक्ष्य			प्रगति			(हजार मे.टनमा) प्रतिशत बृद्धि	लक्ष्यको प्रतिशत
	०२१/२२	०२६/२७	२०२२/२३	०२३/२४	०२४/२५	०२५/२६		

खाद्यान्न	३२७०	३७७६	३३५८	३३३८	३४२०	३५९८	१०.०३	६४.८
धान	२२०१	२३६८	२२०७	२२०७	२२१७	२३२२	५.४५	७२.५
मकै	८५४	९१८	८५६	८२४	८७५	९००	५.३९	७१.९
गहुँ, जौ	१५२	४२५	१७५	१८७	२१६	२५६	६८४२	३८.०
कोदो फापर	६३	६५	१२०	१२०	११२	१२०	८४.६२	-
नगदेबाली								
उखु	१२६	२५२	१९२	१४७	१६७	१८८	४९.२१	४९.२
तेलहन	५१	६०	५१	५६	५६	५७	११.३७	६६.६
सुर्ती	९	२४	८.८	५.२	५.४	६.३	-३०	-
सनपाट	३८	५४	३९	३८.४	३९.४	अप्राप्त	-	-

उपर्युक्त तालिकाबाट तेस्रो योजनामा निर्धारित १५ प्रतिशतले खाद्यान्नको उत्पादन बृद्धि गर्ने मूलभूत लक्ष्य अपूर्ण रहने कुरा स्पष्ट छ । यसरी प्रत्येक क्षेत्रमा लक्ष्यअनुसारको बृद्धि हुन नसक्नुमा मुख्यत: प्रत्याशित बृद्धिको लागि आवश्यक सामग्री तथा संगठनको व्यवस्था नहुनु नै हो । यस सम्बन्धमा योजनामा निर्धारित लक्ष्यको तुलनामा विगत ४ वर्षको प्रगति हेर्दा उन्नत बीउ लगाइएको क्षेत्र १३ प्रतिशत र मलखादको प्रयोग करिब १७ प्रतिशत मात्र पुग्न सकेको छ । यसै गरी सिँचाइको सुविधातर्फ पनि लक्ष्यभन्दा निकै कम उपलब्धि भएको छ । कृषि उत्पादनका विभिन्न उपकरण सम्बन्धी कार्यक्रमको लक्ष्य र बिगत ४ वर्षको प्रगति तालिका नं. २ मा दिइएको छ ।

तालिका नं. २

कृषि उपकरणसम्बन्धी लक्ष्य र प्रगति

सि.नं.	कार्यक्रम	एकाइ	तेस्रो योजना को लक्ष्य	प्रगति				लक्ष्यको प्र.श.
			०२६-२७	०२२-२३	०२३-२४	०२४-२५	०२५-२६	
१.	उन्नत बीउ लगाइएको क्षेत्र	हेक्टर	८०००००	१०७५४	२५९९३	५७३०३	१०२६३०	१३
	धान	,,		६३३१	१३४९३	२६०६८	४२५५२	
	गहुँ	,,		४३२६	११३७१	२८०२७	५३७७५	
	मकै	,,		९७	१२०९	३२०८	६३०३	
२.	मलखादको प्रयोग	,,	२२१०००	३१६९	६६७०	१६०००	२४०००	१७
३.	सिँचाइ	,,	१४८०००	६०००	२५०००	१२८५०	१५२४०	३९.९
४.	आवाद गरिएको जग्गा	,,	१३९००	८०४	२८०१	३८७३	४९३१	३५.५
५.	बसोबास गरिएको परिवार सङ्ख्या		६०००	८००	१३७८	१९१३	१९३६	३२.३

खाद्यान्न र नगदेबालीको अतिरिक्त पशुपालन, फलोद्यान, विकासका सम्बन्धमा योजनामा निर्धारित लक्ष्य र प्रगति तालिका नं. ३ मा दिइएको छ ।

तालिका नं. ३

पशुपालन र फलोद्यानसम्बन्धीलक्ष्य प्रगति

विषय	कृषहरूलाई वितरण गर्ने लक्ष्य	०२२।२३ देखि ०२५।२६ सम्मको प्रगति	(सङ्ख्यामा) लक्ष्यको प्रतिशत
सुँगुर	१२,७५६ उन्नत सुँगुर	१,०४०	८.१५
भेडा	३,००० पाठापाठी	४८	१.६
कुखुरा	११,००,००० चल्ला	१,९३,५७७	१७.५९
माछा	१२,५०,००० माछा भुरा	१२,३९,२४१	९९.१४
फलफूल	७,६०,००० बोट कलमी	६,०२,६७६	७९.२९
तरकारी	२,९१,००,००० बेर्ना	२,०९,७५०	.७२

कृषि विकास कार्यका निमित्त देशको विभिन्न आवहवामा उपयुक्त हुने उन्नत बीउ, बाली, बिरुवा, पशुपक्षी, मस्त्य आदिको प्रयोगात्मक अनुसन्धन गर्न र त्यसको उत्पादन गरी कृषकहरूलाई सुलभ गर्ने कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्नका निमित्त कृषिको विभिन्न क्षेत्रमा विभागहरू स्थापना गरिएका छन् । यी विभिन्न विभागहरूका मातहतमा देशका विभिन्न स्थानहरूमा हाल ४ कृषि केन्द्र, ४ कृषि फार्म, २३ फलोद्यान केन्द्र, ४ पशु विकास फार्म, ३ कुखुरा चल्ला उत्पादन केन्द्र, ३४ पशु चिकित्सालाय, ३ चीज उत्पादन केन्द्र, १ दुग्ध प्रशोधन केन्द्र र १० मत्स्य विकास केन्द्रहरू रहेका छन् । कृषि अनुसन्धान कार्य र कृषकहरूका बीचमा निकटतम सम्बन्ध कायम राख्ने उद्देश्यबाट अधिाज्यका ७५ जिललाहर मध्ये ४३ जिल्लामा स्नातक स्तरका कृषि विकास अधिकृतको जिम्मेवारीमा कृषि प्रसार कार्य सञ्चालन गरिएको छ । तालिमको क्षेत्रमा विगत ४ वर्षमा ८०० भन्दा बढीलाई जे.टी.ए. तालिम र १८७० कृषकहरूलाई व्यावहारिक तालिम दिइएको छ । उच्चस्तरीय कृषि विशेषज्ञहरू देशभित्रै तालिम गर्न कृषि कलेजको स्थापना गरिएको छ । यसका साथै कृषकहरूलाई आवश्यक पार्ने ऋण, मल, बीउ, औजार आदि सुलभ गर्न कृषि विकास बैंक, भूमिसुधार अनिवार्य वचत संस्थान र कृषि सप्लाई संस्थानको स्थापना गरिएको छ । दुग्ध व्यवसायलाई पनि व्यावसायिक रुपमा चलाउन एक दुग्ध विकास संस्थानको स्थापना गरीएको छ । यसका अतिरिक्त कृषि कार्यक्रम अनुरूप सिँचाइ सुविधा विकास गर्ने उद्देश्यबाट कृषि मन्त्रालयअन्तर्गत लघु सिचाई विभागको स्थापना गरिएको छ ।

कृषि क्षेत्रको विकासतर्फ हालसम्मको प्रगति र वर्तमान स्थितिलाई ध्यानमा राख्दा कृषि उत्पादन बृद्धि गर्नको निमित्त आवश्यक उपकरण जस्तैः उन्नत बीउ, मलखाद आदिको प्रयोग तथा सिँचाइ सुविधा न्यूनतम स्तरमा रहेको छ । १८,४५,००० हेक्टर आवादी भएको जग्गामध्ये जम्मा, १,०२,६३० हेक्टरमा मात्र उन्नत बीउको प्रयोग हुन सकेको छ र रासायनिक मलको बार्षिक खपत ग्रस २४,००० मे.टन पुगेको छ । त्यस्तै, सिंचाई सुविधा जम्मा १,१७,५०० हेक्टर अर्थात ६ प्रतिशत जग्गामा मात्र पुगेको छ । तर यसमा लघु सिचाई पनि समावेश भएकोले यस प्रकारको सिँचाइ सुविधा स्थायी रूपमा प्राप्त हुने कुरामा शङ्का उठ्नु स्वाभाविकै छ । विगत केही वर्षभित्र कृषि क्षेत्रमा व्यवस्थामूलक सुधार तथा विभिन्न संस्थाहरूको स्थापना भए तापनि यो सबैमा वढी प्रभावकारिताको खाँचो यथावत् नै रहेको छ ।

वर्तमान बाधा अड्चनहरूः

कृषि विकासको कार्यमा हाल आइपरेका वाधा अडचनहरू निम्न अनुसार छन् ।

(क) नेपालको आफ्नै विभिन्न आवहवामा उपयुक्त हुने विभिन्न कृषि पैदावारको उन्नत बीउ पत्ता लगाई आवश्यक अवधिसम्म प्रयोगात्मक रूपमा किसानलाई उपलब्ध हुन नसकेकोले उत्पादन बृद्धिका निम्ति आवश्यक टेवा पुग्न सकेको छैन ।

(ख) सुसङ्गठित प्रशासकीय व्यवस्थाको अभावले गर्दा निकासा भएको बजेट रकम प्रभावकारी ढङ्गबाट उपयोग हुन सकेको छैन । साथै बजेटको निकासा र कर्मचारीहरूको दरवन्दी कार्यक्रमको आधारमा समयमै व्यवस्थित गर्नुपर्ने आवश्यकता विद्यमान नै छ ।

(ग) केन्द्रमा कृषि क्षेत्रअन्तर्गत विभिन्न कार्यका निमित्त बेग्ला बेग्लै विभागहरू रहेका छन् । तर यी विभागहरूको बीचमा पारस्परिक समन्वय र सहयोग सुदृढ हुन सकेको छैन । त्यस्तै जिल्लामा पनि प्रत्येक विभागको आफ्नै प्रशासकीय कार्यालयहरू छन् । एउटै अनुसन्धान फार्ममा पनि केन्द्रमा जस्तै छुट्टाछुट्टै स्वतन्त्र प्रशासकीय कार्यालयहरू छन् । तर, समन्वय, निर्देशन, नियन्त्रण गर्ने अभिभारा भएको कुनै पनि व्यक्ति छैन । वर्तमान प्रसाकीय ढाँचामा आमूल परिवर्तन नभएमा चौथो योजनाकालमा पनि समन्वयको अभाव रही निर्धारित कार्याक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न नसकिने स्पष्ट छ ।

(घ) गाउँ स्तरमा कृषि प्रसार र अरु विकास कार्यलाई सञ्चालित गर्न केही जे.टि.ए.हरूबाहेक कुनै प्रसानिक यन्त्र छैन । परिणामस्वरूप, केन्द्रबाट कृषि विकासको लागि आवश्यक साधन प्रभावकारी ढङ्गबाट गाउँ स्तरसम्म पुऱ्याई कृषक परिवारहरूलाई सुलभ गर्न सकिएको छैन । वास्तवमा सरकारी क्षेत्रको सम्पूर्ण कार्यक्रमको अन्तर्निहित उद्देश्य किसानहरूलाई बढी उत्पादन गर्नमा सक्षम र उत्साहित तुल्याउनु हो । तर, किसानसम्म पुग्ने कुनै प्रभावकारी माध्यमको अभावमा सरकारी स्तरबाट सञ्चालन भएका कृषि विकास कार्यक्रमको प्रभाव गाउँ स्तरमा प्रत्यशित परमा नहुनु अस्वाभाविक होइन ।

(ङ) आयोजना र कार्यक्रमहरू धेरै क्षेत्रमा छरिएका छन् र यसमा समन्वय हुन सकेको छैन तसर्थ यी कार्यहरूबाट एक अर्कालाई आवश्यक टेवा पुग्न सकेको छैन । कृषि विकास बैङ्कको शाखा कार्यालय हुन सक्दछ तर आवश्यक सहयोग नपुगेको हुन सक्छ । कृषि सप्लाई संस्थानको कार्यालय हुन सक्छ तर दक्ष प्रसार कार्यकर्ता नभएको हुन सक्छ अनुसन्धान कार्यहरू केन्द्र वा केही फार्महरूमा मात्र सीमित छन् तर, स्थानीय अवस्थानुसार अपनाउन मिल्ने अनुसन्धान हुन सकेको छैन ।

(च) निर्धारित कार्यक्रमलाई सक्षम ढङ्गबाट सञ्चालन गर्न सक्ने योग्यताको आधारमा मूल्यांकन नभएमा जिम्मेवारीको भावना आउन नसक्ने हुन्छ । प्राविधिक कमचारीहरूले प्रशासनमा बढी समय दिनु पर्दा प्राविधिक ज्ञानबाट बढी उपलब्धि हुन पाएको छैन । यस्तै गाउँ स्तरमा गई काम गर्ने प्रसार कार्यकताहरूको सङ्ख्याका साथै तिनीहरूको तलब, तालिम र अनुभव अपर्याप्त नै देखिन्छ ।

(छ) कृषिसम्बन्धी विभिन्न सरकारी संस्थाहरूको कार्यमा दोहोरोपना देखिएको छ । यसले गर्दा साधनको दुरूपयोग भैरहेछ । अनुमान गरेअनुसार कुनै पनि संस्थानले कृषि विकासको निमित्त चाहिने ऋण र उपकरणहरू उपलब्ध गर्ने प्रभावकारी एजेन्टको रूपमा काम गर्न सकेको छैन । नियन्त्रित ऋणको व्यवस्था छैन र ऋण असुली गर्ने समस्या अझ जटिल भएको छ ।

(ज) कृषि उत्पादनमा अपेक्षित बृद्धि गर्न वास्तविक जोताहाहरूलाई विशेष प्रेात्साहित गर्नु अनिवार्य छ यसका निमित्त उत्पादनका उपकरणहरू सुलभ गर्नुका साथै सही कुत निर्धारण गरी बढी उत्पादनको अधिकांश भाग जोताहाहरूले नै पाउने व्यवस्था मिलाउनु अझ बाँकी नै छ । यसका अतिरिक्त कृषि उपज बिक्री गर्ने बजार, गोदाम घरको व्यवस्था मिलाउनेतर्फ पनि कुनै प्रयास हुन सकेको छैन ।

चौथो योजनामा कृषि विकासको उद्देश्य, नीति र प्राथमिकता

उद्देश्यः

चौथो योजना अवधिमा कृषि क्षेत्रबाट उत्पादनमा अधिकतम बृद्धि गरी निम्नलिखित उद्देश्यहरू प्राप्त गर्ने प्रयास गरिनेछ । यी उद्देश्यहरू पूर्ति गर्न प्रत्येक बालीको उत्पादनमा बृद्धि, प्रत्येक एकाइ जमिनको उत्पादनमा बृद्धि तथा जमिनमा आधारित प्रतिव्यक्ति उत्पादनमा बृद्धि हुनु आवश्यक छ ।

(क) उपभोगको स्तरमा सुधार र बृद्धि गर्ने,

(ख) निर्यातमा बृद्धि गर्ने,

(ग) औद्योगिक कच्चा पदार्थ पर्याप्त मात्रामा उपलब्ध गर्ने,

(घ) बहुसङ्ख्यक जनताको क्रय शक्ति बृद्धि गर्ने,

(ङ) पुँजी निर्माणको निमित्त बचत परिचालनको क्षेत्र र करको विस्तृत आधार तयार पार्ने ।

नीतिः

कृषि क्षेत्रको वर्तमान स्थितिलाई ध्यानमा राखी उपर्युक्त उद्देश्यहरू पूर्ति गर्ने दृष्टिबाट कृषि विकास कार्यमा चौथो योजनाअन्तर्गत निम्नलिखित नीतिहरू अपनाइने छन् :

१. उपलब्ध साधन र शक्तिलाई यत्रतत्र सीमित रूपमा अव्यवस्थित ढङ्गबाट नछरी छानिएका क्षेत्रमा केन्द्रीभूत गरिने छ यसअनुसार निम्न कुराहरूको आधारमा कार्यक्रम निर्धारण गरिनेछः

(क) नेपाल अधिराज्यमा खाद्यान्न, नगदेबाली, फलफूल, मस्त्यपालन, पशुपालन आदि खेतीको निमित्त उपयुक्त क्षेत्रहरू यकिन गरी त्यस अनुसार कृषि क्षेत्रको निर्धारण गर्ने ।

(ख) प्रत्येक वस्तुको उत्पादनको निमित्त उपयुक्त क्षेत्र अथवा जिल्लाको निर्धारित तरिकाबाट छनोट गरी योजनाअनुसार प्रत्येक वस्तुको लक्ष्य हासिल गर्न आवश्यक मात्रामा सेवा र उपकणरहरू उपलब्ध गराउने ।

२. कृषिसम्बन्धी मन्त्रालयअन्तर्गतका विभागहरूको कृषि विकासको निमित्त सञ्चालन गर्ने अनुसन्धान, प्रसार, सिँचाइ आदि सम्बन्धित कार्यक्रमहरूलाई प्रभोवित्पादक तुल्याउन यी कार्यक्रमलाई समन्वयात्मक रूपमा एकीकरण गरिनेछ । यस प्रकार निर्धारित कार्यक्रमको सञ्चालनकालागि केन्द्रमा विभागहरूलाई सुसंगठित गरी प्रशासनिक यन्त्र गाउँ स्तरसम्म पुऱ्याइने छ र कृषि क्षेत्रअन्तर्गत सञ्चालन गरिने सबै प्रसार कार्य एउटा विभागमार्फत सञ्चालन गरी ब्यापक र बढी प्रभावकारी ढङ्गबाट कृषि विकाससम्बन्धी सम्पूर्ण कार्यक्रमको केन्द्र विन्दु गाउँलाई नै बनाउने प्रयास गरिने छ ।

३. कृषि विकासका लागि उन्नत बीउ, मलखाद, उन्नत औजार, बाली संरक्षणका सामग्रीहरू आदि कतिपय सेवाहरू प्रभावकारी ढङ्गबाट गाउँघरमा किसानसम्म पुऱ्याउनु आवश्यक छ । यस कारण हाल रहेका कृषि विकास बैक, कृषि सप्लाई संस्थान, भूमिसुधार बचत संस्थान, सहकारी विभाग आदि विभिन्न सस्थाहरूको कार्यक्रमलाई संगठित रूपमा सञ्चालन गरिनेछ ।

४. कृषि विकास कार्यक्रममा पहिले बजारको समस्या समाधान गर्ने उपाय सोच्नु आवश्यक भएकोले पुनर्गठित सहकारी संस्था पनि राष्ट्रिय स्तरमा गरिनेछ । यसका साथै कृषि क्षेत्रमा बचतको परिचालन गर्न र करको आधारमा विस्तृत गर्न उपयुक्त कूत र मालपोत नीति अपनाउनमा जोड दिइनेछ ।

५. कृषिमा आधारित उद्योगहरूलाई उत्साहित गर्न र कृषि उत्पादनमा समेत विविधीकरण ल्याउन विस्तृत रूपमा संभाव्यता अध्ययन गर्नु आवश्यक छ । जग्गा जोताहालाइनै उचित मूल्यमा सुम्पी यस्ता उद्योगहरूको स्थापनाका निमित्त आवश्यक ऋण र प्राविधिक सेवा तिनीहरूलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । त्यस्तै,

खाद्यान्न उत्पादनका साथै फलफूल, तरकारी, दुध तथा अन्य पशुजन्य वस्तुहरूको उत्पादन बढाउन हालसम्भव हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

६. तराई क्षेत्रले भारतमा खाद्यान्न निकासी गर्दा घट्दै जाने मूल्यको सामना गर्ने स्थिति देखा परेकोछ । भविष्यमा तराईको बढी उपजको निम्ति भारतबाहेक अन्य देशहरूमा निकासी बढाउने प्रयास हुनु जरुरी भैसकेको छ । पहाडी क्षेत्रमा पनि बजार विस्तार गर्नुपरेको छ । तर, पहाडमा बस्ने जनताको क्रयशक्ति बृद्धि गर्न सकेमात्र यो संभव हुन्छ । यस कारणले गर्दा पहाडी क्षेत्रमा कृषि विकासको संभावना हेरी लगानी गर्नमा जोड दिइनेछ ।

प्राथमिकताको क्रम

चौथो योजनामा निर्धारित प्राथमिकता अनुसार कृषि कार्यक्रमअन्तर्गत निम्न कुराहरूमा ध्यान दिइनेछ ।

(क) पहिलेनै चालू भैसकेका आयोजनाहरू,

(ख) सम्झौतानुसार विदेशी सहायता उपलब्ध हुने भैसकेका आयोजनाह,

(ग) निर्माण पूरा भैसकेका तर सञ्चालन नभएका आयोजनाहरू,

(घ) वर्तमान आयोजनाहरूलाई अधिकतम रूपमा उपयोगी बनाउने आयोजनाहरू,

(ङ) दुवै नयाँ र चालू आयोजनाहरूको बीचमा एक अर्कासँग सम्बन्ध कामय गर्ने खालका आयोजनाहरू ।

चौथो योजनामा कृषि विकास कार्यक्रम

चौथो योजनाअन्तर्गत कृषि विकाससम्बन्धी निर्धारित उद्देश्यहरू पूरा गर्ने खाद्यान्न र नगदे बालीको उत्पादनमा यथासम्भव बृद्धि ल्याउनु आवश्यक छ । यसका अतिरिक्त पौष्टिक पदार्थहरू पनि बढी मात्रामा उपलब्ध गर्न फलफूल, तरकारी, मासु, दूध, फुल आदिको उत्पादन पनि वढाउन जरुरी भएको छ यस कुरालाई ध्यानमा राखी चौथो योजना अवधिका निमित्त विभिन्न कृषि पैदावारको लक्ष्य र तत्सम्बन्धी आवश्यक उपकरणको व्यवस्था तथा विभागीय कार्यक्रम निर्धारण गरिएको छ जसको विवरण तल दिइएको छ ।

खाद्यान्न

नेपालको जनसङ्ख्या चौथो योजना अवधिमा प्रति वर्ष १.९५ का दरले बृद्धि हुने अनुमान गरिएको छ यस प्रकार बढ्दो आयअनुसार हुने खाद्यान्नको आवश्यकता पूरा गर्ने तथा विगत वर्षहरूमा खास गरी तेस्रो योजना अवधि भित्र खाद्यान्नको उत्पादन प्रतिवर्ष २.५ प्रतिशतका दरले मात्र बृद्धि हुन सकेको परिस्थितिलाई ध्यानमा राखी चौथो योजनामा खाद्यान्नको उत्पादनमा १६ प्रतिशत बृद्धि गर्ने व्यवहारिक लक्ष्य राखिएको छ । यस अनुसार प्रतिवर्ष ३ प्रतिशका दरले बृद्धि हुने अनुमान गरिएको छ । विभिन्न बालीको उत्पादन सम्बन्धी लक्ष्यमा धानको उत्पादन प्रति वर्ष २ प्रतिशत, मकै १.३ प्रतिशत र गहुँ १४.४ प्रतिशतले बृद्धि हुने अनुमान गरिएको छ । यो अनुमान मुख्यत: विगत वर्षहरूमा हासिल भएको उपलब्धि र योजना अवधिमा सञ्चालित हुने कार्यक्रममा आधारित रहेको छ । उक्त लक्ष्य बमोजिमको चौथो योजना अवधिमा हुने खाद्यान्न बाली उत्पादन निम्न लिखित तालिकामा दिइएको छ ।

तालिका नं. ४

खाद्यान्न उत्पादनको लक्ष्य

(हजार मे.टन.मा)

उत्पादन गरिने वस्तु	०२६।२७ को अनुमानित उत्पादन	०३१।३२ को लक्ष्य	प्रतिशत बृद्धि	वार्षिक बृद्धि दर
धान	२३५३.८१	२५९८.६०	१०.४०	२.०
मकै	९१८.२१	९८०.१७	६.७४	१.३
गहुँघ	२९६.५९	५८०००	९५.५५	१४.४
कोदो र अन्य	१२०.००	१२०.००	-	-
जम्मा	३६८८.६१	४२७८.७७	१६.००	३.०

खाद्यान्न उत्पादनसम्बन्धी योजनाको लक्ष्य पूरा गर्ने उद्देश्यबाट मुख्यत: उन्नत बीउ, मलखाद, सिँचाइ सुविधा र कृषि प्रसार सेवा प्राथिमकताको आधारमा छानिएका जिल्लाहरूमा केन्द्रीभूत गर्ने नीति अपनाइएको छ । यस प्रकार खाद्यान्न विकासको लागि जिल्लाहरूको छनौट गर्दा, प्रत्येक जिल्लामा उपलब्ध सिँचाइ, यातायात सुविधाका साथै कृषि विकाससम्बन्धी आधारभूत इकाईहरूको व्यवस्था, विकासको संभावना, क्षेत्रीय विकास र उपलब्ध सरकारी सेवाहरू

3 यसमा जौं समेत समावेश गरिएको छ ।

आदि कुरालाई समेत आधार मानिएको छ । यस प्रकार खाद्यान्न बृद्धिको लागि सघन कृषि कार्यक्रम सञ्चालन गरिने जिल्लाहरूको नाम तल दिइएको छ :

सघन खाद्यान्न विकासका लागि छानिएका जिल्लाहरू

तराई र भित्री तराई		पहाड र उपत्यका	
१.	झापा	१.	ईलाम
२.	मोरङ्ग	२.	धनकुटा
३.	सुनसरी	३.	काभ्रे
४.	सप्तरी	४.	काठमाडौं
५.	धनुषा	५.	भक्तपुर
६.	सर्लाही	६.	ललितपुर
७.	बारा	७.	कास्की
८.	पर्सा	८.	स्याङ्जा
९.	रौतहट	९.	तनहुँ
१०.	चितवन	१०.	पाल्पा
११.	मकवानपुर	११.	डोटी
१२.	नवल-परासी	१२.	डडेलधुरा
१३.	रूपन्देही		
१४.	दाङदेउखुरी		
१५.	बाँके		
१६.	कैलाली		

चौथो योजना अवधिमा खाद्यान्न उत्पादनमा १६ प्रतिशत बृद्धि ल्याउन विभिन्न उपकरणहरूबाट हुने योगदान सम्बन्धी अनुमान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५

खाद्यान्न उत्पादन हासिल गर्न विभिन्न उपकरणबाट हुने योगदानको अनुमान

(प्रतिशतमा)

सि.नं.	**उपकरण**	**बाली**			
		धान	**गहुँ**	**मकै**	**खाद्यान्न**
१.	रासायनिक मलखाद	४२	२८	२९	३३
२.	उन्नत बीउ	२६	१८	२६	२२
३.	सिँचाइ	२०	१५	२७	१७
४.	बाली संरक्षण सेवा र अन्य	५	२२	१३	१४
५.	अतिरिक्त जमिन	७	१७	५	१४
जम्मा		१००	१००	१००	१००

उपर्युक्त तालिकाअनुसार विभिन्न बालीलाई आवश्यक पर्ने उपकरणहरूको व्यवस्था र तत्सम्बन्धी कार्यक्रम निम्न अनुसार हुनेछ ।

(क) उन्नत बीउः-

कृषि उत्पादन वृद्धि गर्नमा उन्नत बीजको महत्वपूर्ण स्थान रहने हुनाले यसको प्रयोगबाट योजना अवधिमा हुने थप खाद्यान्नको उत्पादनको २२ प्रतिशत पुरा हुने अनुमान गरिएको छ । यसअनुसार योजनाको अन्तिम वर्षमा विभिन्न बालीअन्तर्गत ४,७२,००० हेक्टरमा २५,०२० मेट्रिक टन उन्नत बीउको प्रयोग हुनुपर्ने देखिन आएको छ । यससम्बन्धी कार्यक्रम निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ६

उन्नत बीउको प्रयोग

क्षेत्रः हजार हेक्टरमा

बीउः हजार मेट्रिक मा

	२०२७।२८		२०२८।२९		२०२९।३०		२०३०।३१		२०३१।३२	
बाली	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ	क्षेत्र	बीउ

धान										
सघन जिल्ला	८८	४.४	९८	४.९	११८	५.९	१३९	७.००	१४७	७.४
अन्य जिल्ला	१७	.७	२२	१.१	३२	१.६	४१	२.००	५०	२.५
जम्माः	१०५	५.१	१२०	६.०	१५०	७.५	१८०	९.००	१९७	९.९
गहुँः										
सघन जिल्ला	८६.४	६.०	१०२.३	७.२	१२१.९	८.५	१४५.६	१०.२	१७०.०	११.९
अन्य जिल्ला	९.७	०.७	१३.२	०.९	१७.६	१.२	२३.४	१.६	३०.०	२.१
जम्माः	९६.१	६.७	१११.५	८.१	१३९.५	९.७	१६९.०	११.८	२००.०	१४.०
मकै										
सघन जिल्लाः	१३.०	०.१९	२१.०	०.३२	३२.०	०.४८	४६.०	०.६९	५६.०	०.८४
अन्य जिल्ला	२.०	०.०३	४.०	०.०६	८.०	०.१२	१४.०	०.२१	१९.०	०.२८
जम्मा	१५.०	.२२	२५.०	०.३८	४०.०	०.६०	६०.०	०.९०	७५.०	१.१२

उन्नत बीउ वृद्धि गरी पर्याप्त मात्रामा उपलब्ध गर्न आवश्यक व्यवस्था चौथो योजनाको प्रारम्भदेखि नै हुनु जरुरी छ । यस सम्बन्धमा कृषि अनुसन्धान विभाग, कृषि प्रसार विभाग तथा कृषि सप्लाई संस्थानको प्रमुख अभिभारा रहने छ । कृषि शिक्षा तथा अनुसन्धान विभागअन्तर्गत देशका विभिन्न स्थानहरूमा रहेका कृषि केन्द्रहरूमा सञ्चालन गरिने अन्वेषण कार्यबाट उपयुक्त ठहरिएका खाद्यान्न बालीको मूल उन्नत बीउ सरकारी फार्महरूमा उत्पादन गरी सो बीउ रजिष्टर्ड बीउ उत्पादकहरूलाई उपलब्ध गराइनेछ । ती उत्पादकहरूले कृषि अनुसन्धान विभागको प्राविधिक सहयोग र रेखदेख प्राप्त गरी सो बीउबाट उन्नत बीउ उत्पादन गर्नेछन् । यस प्रकार प्रमाणित गरिएको उन्नत बीउ कृषि प्रसार कार्यक्रम अनुरूप कृषि सप्लाई संस्थानले देश भित्रबाट र आवश्यकता अनुसार बाहिरबाट पनि खरिद गरी विक्री वितरण गर्नेछ ।

लक्ष्य वमोजिम निर्धारित गरिएको उन्नत बीउको आवश्यक परिमाणको केही अंश मात्र कृषि सप्लाई संस्थान मार्फत विक्री वितरण गरिनेछ । अधिकांश उन्नत बीउ कृषकहरूबाटै उपलब्ध हुने अनुमान छ । यसको लागि कृषि प्रसार कार्यक्रम व्यापक रूपबाट प्रभावकारी तुल्याउन आवश्यक छ । कृषि सप्लाई संस्थानबाट उपलब्ध गरिने बीउको परिमाण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ७

कृषि सप्लाई संस्थानबाट उपलब्ध गरिने बीउको परिमाण

(मे.ट.मा)

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
धान	४००	६००	८००	११००	१४००
गहुँ	५४६	६८०	१०९२	१३२६	१५१०
मकै	१३६	२०४	३०६	४०८	५१०

(ख) रासायनिक मलखादः

चौथो योजना अवधिमा हुने थप उत्पादनको ३३ प्रतिशत भन्दा वढी अंश रासायनिक मलखादको प्रयोगबाट प्राप्त हुने अनुमान गरिएको छ । यसअनुसार योजनाको अन्तिम वर्षमा विभिन्न बालीका निमित्त न्यूट्रिएन्टको हिसाबले २५,००० मे.ट. रासायनिक मलको प्रयोग गरिनेछ । मलखादको प्रयोग गर्ने कार्यमा खास गरी सिँचाइ सुविधा भएको र उन्नत बीउ प्रयोग गरिने क्षेत्रहरूलाई बढी ध्यान दिइनेछ । साथै नयाँ किसिमको रासायनिक मल बारे आवश्यक ज्ञान किसानहरूमा दिलाउने व्यवस्था कृषि प्रसार विभागबाट गरिनेछ । उक्त कार्यक्रमअनुसार आवश्यक हुने सम्पूर्ण रासायनिक मलखाद आयात गरी कृषि सप्लाई संस्थानमार्फत अन्यत्र उल्लिखित संगठनको माध्यमद्वारा किसानहरूमा पुऱ्याइने व्यवस्था मिलाइएको छ । योजना अवधिमा प्रत्येक वर्ष विभिन्न बालीअन्तर्गत रासायनिक मलखाद प्रयोग गरिने क्षेत्र र परिमाणको अनुमान निम्न तालिकामा दिइएको छ ।

तालिका नं. ८

रासायनिक मलखादको प्रयोग गरिने परिमाण

(मे.ट.)

	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
बाली	**परिमाण**	**परिमाण**	**परिमाण**	**परिमाण**	**परिमाण**
धानः					

सघन जिल्ला	३८९२	५९८९	७५३१	९२५८	११३६५
अन्य जिल्ला	५७	१०४	१६६	२३९	३१७
जम्मा:	३९४९	६०९३	७६९७	९४९७	११६८२
गहुँ:					
सघन जिल्ला	३९८२	४६९२	५५६२	६६३४	७७२८
अन्य जिल्ला	४२०	५३६	६८४	८८०	१०९१
जम्मा:	४४०२	५२२८	६२४६	७५१४	८८१९
मकै:					
सघन जिल्ला	८३२	१३९५	२२९४	३३०९	४५०७
अन्य जिल्ला	३९७	५००	६२८	७८२	९५०
जम्मा	१२२९	१८९५	२९२२	४०९१	५४५७

ग) सिँचाइ:

चौथो योजना अवधिमा खाद्यान्न वृद्धि गर्ने कार्यक्रमअन्तर्गत विभिन्न बालीको खेती हुने जम्मा २.४६ लाख हेक्टरमा थप सिँचाइ सुविधा आवश्यक पर्ने अनुमान गरिएको छ । यसबाट थप खाद्यान्न उत्पादनको १७ प्रतिशतभन्दा बढी अंश पूरा हुनसक्ने अनुमान छ । वृहत, ट्यूववेल तथा लघु सिँचाइ आयोजनाहरूको निर्माणबाट योजना अवधि भित्र जम्मा १,८३,६३२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । योजना अवधिमा सञ्चालित हुने सिँचाइ आयोजनाहरूको विस्तृत विवरण सिँचाइ कार्यक्रमअन्तर्गत उल्लेख गरिएको छ ।

(घ) बाली संरक्षण सेवा:

प्रत्येक वर्ष देशको कुल कृषि उत्पादनको करिब १६ प्रतिशत रोग र कीराले नष्ट हुन्छ भन्ने अनुमान गरिएकोछ । यसबाट बाली संरक्षणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन सकिएमा कृषि उत्पादनको उपलब्धि सहजै बढाउन सकिने कुरा स्पष्ट छ । तर हालसम्म यस्तो सुविधा आवश्यक प्राविधिक तथा सामग्रीहरूको अभावले गर्दा सीमित मात्रामा मात्र उपलब्ध हुन सकेको छ । चौथो योजना अवधिमा हुने थप खाद्यान्नको करिब १४ प्रतिशत अंश यस प्रकारको बाली संरक्षण कार्यहरूबाट पूर्ति हुने अनुमान गरिएको छ । यसका निमित्त योजना अवधिमा संरक्षण सम्बन्धी सेवामा वृद्धि र व्यापकता ल्याउन आवश्यक व्यवस्था मिलाइने छ । यसअनुसार कृषकहरूलाई बाली संरक्षण सम्बन्धी तालिम, सुपथ मूल्यमा पोलिथिन ब्यागका साथै अन्य आवश्यक सामग्रीहरूको बिक्री वितरण तथा आपत्कालीन बाली संरक्षण आदि कार्यक्रम चालू गरिनेछ । कीटनाशक र रोगनिरोधक औषधीहरू पूर्णतया सरकार तर्फबाट कृषकहरूलाई उपलब्ध गराउन सम्भव नहुने भएकाले यस कार्यमा निजी क्षेत्रलाई आवश्यक प्राविधिक र अन्य सुविधा दिई प्रोत्साहित गरिनेछ । योजना अवधिमा करिब ५४ लाखको बाली संरक्षणसम्बन्धी सामग्रीहरूको खपत हुने. अनुमान गरिएको छ । यस मध्ये कृषि सप्लाई संस्थानमार्फत करिब ३९ लाखको सामग्री उपलब्ध गर्न सकिने अनुमान छ ।

(ङ) कृषि औजार:

चौथो योजनामा कृषि उत्पादन वृद्धि गर्ने कार्यक्रममा उन्नत कृषि औजारको प्रयोगलाई पनि उपयूक्त स्थान दिइएको छ । बीरगञ्जमा कृषि औजार कारखानाको स्थापना भैसकेकोले अब अधिकांश आवश्यकता यस कारखानाबाट पूरा हुने अनुमान गरिएको छ । कृषि औजारको बिक्री वितरण गर्ने कार्यको प्रमुख अभिभारा कृषि सप्लाई संस्थानको रहनेछ । यस संस्थानबाट योजना अवधिमा करिब ७३ लाखको कृषि औजार बिक्री वितरण हुने अनुमान गरिएको छ ।

(च) खेती गरिने थप जमिन:

चौथो योजना अवधिमा खाद्यान्न उत्पादनको लक्ष्य हासिल गर्न २५,००० हेक्टर नयाँ आवाद गरी खास २१, ००० हेक्टरमा खेती गरिनेछ । यसबाट थप उत्पादन लक्ष्यको करिब १४ प्रतिशत पूरा हुने अनुमान गरिएको छ । योजना अवधिमा २५,००० हेक्टर नयाँ जग्गा आवाद गर्ने कार्य पुनर्वास विभागबाट र पुनर्वास कम्पनीबाट सञ्चालन गरिनेछ ।

(छ) खाद्यान्न बाली अनुसन्धान:

खाद्यान्न बालीमा उत्पादन वृद्धि गर्ने उद्देश्य पूर्ति गर्न उन्नत बीउ, मलखाद, औजार, सिँचाइ आदि विभिन्न उपकरणहरूको प्रयोगात्मक अनुसन्धान कार्यक्रमको स्थान महत्वपूर्ण रहन्छ । उन्नत तरिका र उपकरणहरूको प्रयोगबाट उत्पन्न हुने समस्याहरूको निराकरण गरी उत्पादन वृद्धिलाई कायम राख्न पनि अनुसन्धान कार्य जरुरी हुन्छ । यी कुराहरूलाई ध्यानमा राखी योजना अवधिमा सञ्चालन गरिने खाद्यान्न बाली अनुसन्धान कार्यको विवरण कृषि शिक्षा र अनुसन्धान कार्यक्रममा समावेश गरिएको छ ।

नगदेवाली

नेपालमा स्थापित भएका कृषिजन्य उद्योगहरू जस्तैः चिनी, चुरोट, सनपाट आदि कारखानाहरूको सम्भावित खपत, तेस्रो योजनाकालमा भएको प्रगतिको साथै विदेश निकासीको आवश्यकतालाई समेत ध्यानमा राखी चौथो योजना अवधिभित्र नगदेबालीको उत्पादन ४०.३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ । यस अनुसार उखु, सनपाट, सूर्ति र तेलहनमा हुने उत्पादन निम्नलिखित तालिकामा दिइएको छ । योजनाकालमा कपास खेतीयोग्य केही स्थानहरूको सर्वेक्षण पूरा गरी प्रयोगात्मक रूपमा सरकारी कृषि केन्द्रहरूमार्फत आवश्यक अनुसन्धान कार्य पूरा गरिनेछ ।

तालिका नं. ९

नगदेबाली उत्पादन लक्ष्य

(हजार मे.ट. मा)

बाली		२०२६।२७ अनुमानित उत्पादन	२०३१।३२ लक्ष्य	थप वृद्धि	प्रतिशत वृद्धि
१.	उखु	२००.०	३००.०	१००	५०.०
२.	सनपाट	४८.०	६५.०	१७.०	३५.४
३.	सूर्ति	७.५	१०.०	२.५	३३.३
४.	तेलहन	५८.०	६४.८	६.८	११.७
	जम्माः	३१३.५	४३९.८	१२६.३	४०.३

उपर्युक्त बमोजिमको नगदेबालीसम्बन्धी लक्ष्य हासिल गर्न आवश्यक उपकरणहरूको परिमाण निम्न तालिकामा दिइएअनुसार हुने अनुमान गरिएको छ ।

तालिका नं. १०

नगदेबालीका निमित्त विभिन्न उपकरणको आवश्यक परिमाण (२०३१।३२)

सि.नं.	उपकरण बाली	उखु	सनपाट	सूर्ती	तेलहन	जम्मा
१.	खेती गरिने थप जमिन (हेक्टर)	२५२०	२९९४	२०००	३०००	१०,५१४
२.	सिँचाइ	१४००	५२७४	१४५०	१३०००	२१,१२४
३.	उन्नत बीउ (मे.ट.)	१९९००	७२	१२०	१६०	१२,२५२
४.	मलखाद (मे.ट.)	२१२	६६०	३५	८८८	१७,९५

नगदेबालीको निमित्त आवश्यक पर्ने उपकरणहरूको व्यवस्था मिलाउन कृषि र उद्योग वाणिज्यसम्बन्धी मन्त्रालय र विभागहरूको बीचमा पारस्परिक समन्वय रहिरहनु अनिवार्य भएकाले यससम्बन्धी कृषि प्रसार कार्यक्रम त्यसैको आधारमा सञ्चालन गरिने छ ।

नगदेबाली कार्यक्रम भर्खरै प्रारम्भ हुन लागेकोले कार्यक्रमको लागि आवश्यकतानुसार उपयुक्त जातको बीउ र उपकरण कहाँबाट उपलब्ध गर्ने सम्बन्धी सिफारिस कृषि शिक्षा तथा अनुसन्धान विभागबाट व्यवस्था गरिने छ । कार्यक्रमको लागि आवश्यक बीउ र रासायनिक मल कृषि सप्लाई संस्थानमार्फत व्यवस्था हुनेछ । साथै, खाद्यान्न बाली कार्यक्रममा जस्तै नगदेबाली कार्यक्रमका लागि पनि ऋणको व्यवस्था अन्यत्र उल्लिखित संगठनद्वारा पुऱ्याइने छ । यो नौलो कार्यक्रम हुनाको कारण यसमा कृषकवर्गबाट अभिरुचि र सहयोग तुरुन्तै पाउन कठिन पर्न सक्ने भएकाले लक्ष्यहरू व्यावहारिक हुन सक्ने किसिमसँग निर्धारित गरिएका छन् । कार्यक्रमको विस्तृत विवरण निम्न तालिकामा दिइएको छ :

तालिका नं. ११

नगदेबालीको कार्यक्रम

१. **उन्नत बीउले ढाकिने क्षेत्र (हेक्टरमा)**

बाली	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
उखु	११९	५५५	१०२०	१६८०	२५००
सनपाट	५००	१५००	४०००	६५००	८०००
तेलहन	६५०	३२००	६४००	१०९००	१६०००
सूर्ती	३५	१००	२००	३३०	५००

२. **बीउको आवश्यकता (मे.ट.)**

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२

उखु	५६६.३७	२१६५.८६	४८५७.१४	८०००.१६	११९००.९४
सनपाट	४.५०	१३.५०	३६.००	५८.५०	७२.००
तेलहन	६.५०	३२.००	६४.००	१०९.००	१६०.००
सूर्ती (के.जी.)	८.४०	२४.००	४८.००	७९.२०	१२०.००

३. **रासायनिक मलको आवश्यकता**

(मे.ट.मा)

बाली	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
उखु	१०.०	३९.०	८७.०	१४३.०	२१२.०
सनपाट	४०.०	१२०.०	३२०.०	५३०.०	६६०.०
तेलहन	३६.०	१७८.०	३६१.०	६०५.०	८८८.०
सूर्ती	२.०	७.०	१४.०	२३.०	३५.०
जम्मा:	८८.०	३४४.०	७८२.०	१३०१.०	१७९५.०

प्रत्येक नगदेबाली उत्पादन कार्यक्रमका निमित्त हाल रहेका कारखानाहरूको समीप्य तथा बढी सम्भावना रहेको क्षेत्रलाई ध्यानमा राखी निम्न बमोजिम जिल्लाहरू तोकिएका छन् ।

सि.नं	बाली	जिल्ला
१.	उखु	बारा, पर्सा, रूपन्देही, कपिलवस्तु, मोरङ्ग, चितवन, कैलाली,
२.	सनपाट	मोरङ्ग, सुनसरी, झापा, सप्तरी
३.	सूर्ती	धनुषा, सिराहा, महोत्तरी, सर्लाही, चितवन, कैलाली, वर्दिया, बाँके, दाङ
४.	तेलहन	सप्तरी, सर्लाही, धनुषा, मकवानपुर, रौतहट, नवलपरासी

नगदेबाली अनुसन्धान: नगदेबालीको प्रयोगात्मक अनुसन्धान कार्य हालसम्म प्रारम्भिक स्थितिमै रहेकोले यसतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । चौथो योजना अवधिमा विभिन्न नगदेबालीको उन्नत बीउ र उत्पादन विधि पहिल्याउन प्रयोगात्मक अनुसन्धान कार्य परवानीपुर तरहरा, भैरहवा, जनकपुर र राप्ती कृषि केन्द्रहरूमा सञ्चालन गरिनेछन् । अनुसन्धानबाट उपयुक्त ठहरिएका उन्नत बीउ उत्पादन गरी कृषकहरूलाई वितरण गर्ने कार्यक्रम पनि राखिएको छ । यससम्बन्धी विवरण कृषि शिक्षा र अनुसन्धान कार्यक्रममा उल्लेख गरिएको छ ।

पशु विकास

नेपालजस्तो पहाडले सम्पन्न देशमा पशु धनको विकासका निमित्त प्रचुर सम्भावना छ । यसका अतिरिक्त मासु, दूध, फुल आदि पशुजन्य पदार्थहरू पौष्टिक आहारा उपलब्ध गर्ने दृष्टिबाट महत्वपूर्ण मानिएका छन् । तर अहिलेसम्म देशमा यी वस्तुहरूको प्रतिव्यक्ति उपभोग धेरै निम्न स्तरमा रहेको छ । साथै यसका निमित्त पनि आयातमा निर्भर रहनु परेको छ । यसकारण पशुधनको विकास कार्यतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । यस कुरालाई दृष्टिगत राखी चौथो योजनाअन्तर्गत हाल पशु विकाससम्बन्धी फार्म र अन्य सेवाहरू उपलब्ध भएका र यसको विकासका सम्भावना भएका जिल्लाहरूमा पशु विकास कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

यस योजनावधिमा पशुजन्य पदार्थको उत्पादन बृद्धि गर्ने कार्यक्रमानुसार मासुको उत्पादन १६ प्रतिशत, दूधको उत्पादन २३ प्रतिशत र फुलको उत्पादन २६ प्रतिशत बृद्धि गर्ने लक्ष्य राखिएको छ । यसअनुसार हुने उत्पादनको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १२

पशुजन्य पदार्थको उत्पादन लक्ष्य

सि.नं.	पदार्थ	एकाइ	०२६।२७ को अनुमानित उत्पादन	०३१।३२ को लक्ष्य	बृद्धि	प्रतिशत बृद्धि
	१	२	३	४	५	६
१.	मासु	मे.ट.	४६,१००	५३,४७५	७,३७५	१६
(क)	राँगो	,,	१९,०००	२३,२००	४,२००	२२.१
(ख)	सुँगुर	,,	४,२००	५,६००	१,४००	३३.३
(ग)	भेडा	,,	२,७००	३,१००	४००	१४.८
(घ)	बाख्रा	,,	२,९००	३,१००	२००	६.९
(ङ)	कुखुरा	,,	७,३००	८,४७५	१,१७५	१६

(च)	अन्य	,,	१०,०००	१०,०००	-	-
२.	दूध	हजार लिटर	५,८२,६००	७,१७,०००	१,३४,४००	२३
(क)	भैंसी	,,	४,००,०००	५,००,०००	१,००,०००	२५
(ख)	गाई	,,	१,७८,०००	२,१२,०००	३४,०००	१९
(ग)	अन्य	,,	४,६००	५,०००	४००	९
			दुग्ध पदार्थ			
(क)	घ्यू तथा नौनी	मे.ट.	९,०००	१२,०००	३,०००	३३
(ख)	पनिर	,,	३७	७५	३८	१००
३.	फुल	हजार	१८,००,०००	२२,७०,०००	४,७०,००	२६

माथि उल्लिखित मासुका लक्ष्य पूरा गर्न योजनाको अन्तिम वर्षमा चाहिने पशु सङ्ख्या तल प्रस्तुत गरिएको छ ।

तालिका नं. १३

मासुका निम्ति चाहिने पशु सङ्ख्या

पशु जीव	एकाई	योजनाको लक्ष्य	देश भित्र उपलब्ध हुने	आयात गरिनु पर्ने
राँगो	हजारमा	२३२	१९७	३५
सुंगुर	,,	१४०	१३०	१०
भेडा	,,	२५८	२२८	३०
बाखो	,,	३४४	२८४	६०
कुखुरा	,,	६७८०	६७८०	-

मासुको निर्धारित लक्ष्य पूरा गर्न देशमा उपलब्ध हुने अनुमानित पशु सङ्ख्या, त्यसबाट स्वभावतः हुने खुद बृद्धि तथा पशु विकास कार्यक्रमअन्तर्गत हुने सुधार कार्य तथा उन्नत प्रजननको कारणहरूबाट माथि उल्लिखित सङ्ख्यामा मासुको निमित्त देशभित्र उपलब्ध हुने पशु सङ्ख्या नपुग हुने हुँदा नपुगजति बाहिरबाट आयात गर्नु पर्ने देखिन्छ ।

चरन विकास कार्यक्रम

नेपालको अधिकाँश भागमा पालिएका वस्तुहरूलाई चाहिने सन्तुलित आहारा तथा चरनको व्यवस्था मिलाउने कार्यक्रम अहिलेसम्म संचालित गरिएको छैन । उन्नत पशुपालन कार्यको विस्तार गर्नका निमित्त अन्य सेवाहरूका साथै चरनसम्बन्धी व्यवस्था उपलब्ध हुनु आवश्यक छ । देशको उत्तरी भागमा चरनको अभावले गर्दा परम्परागत पशुपालन व्यवसाय ह्रासोन्मुख हुन गएको छ । यस क्षेत्रमा रहेका खर्कहरूमा चरन विकास गर्नु जरुरी भएको छ ।

यी कुरालाई ध्यानमा राखी योजना अवधिमा उन्नत जातको घाँससम्बन्धी अनुसन्धान र परीक्षण गरी चरन विकास गर्न उन्नत घाँस उत्पादन र वितरण गर्ने कार्यक्रमअन्तरगत ललितपुर, रसुवा, रामेछाप, राप्ती, सुनसरी तथा जुम्लामा चरन विकास केन्द्रहरू स्थापना गरिने छन् । यी केन्द्रहरूमा उन्नत जातका घाँस बीउहरू आयात गरी परीक्षण गरिनेछ र यसका निमित्त उपयुक्त उन्नत घाँस बीउहरू उत्पादन गरी कृषकहरूलाई उपलब्ध गराइनेछ ।

संतुलित आहारा

चौथो योजना अवधिमा उन्नत एवं संतुलित आहारा बढी मात्रामा उपलब्ध गर्ने कार्यक्रम पनि समावेश गरिएको छ । हाल हेटौडामा मात्र यस्तो आहारा उत्पादन केन्द्र स्थापित गरिएको छ । योजना अवधिमा गैर सरकारी क्षेत्रमा अरू चार उत्पादन केन्द्र स्थापित गर्ने लक्ष्य राखिएको छ । यी सबै केन्द्रहरूबाट हुने उत्पादनको परिमाण निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. १४

(मे.ट.मा)

उत्पादन केन्द्र	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/२
सरकारी क्षेत्र					
हेटौडा	२,५००	२,५००	२,५००	२,५००	२,५००
गैर सरकारी क्षेत्र					
विराटनगर	२,५००	२,५००	२,५००	२,५००	२,५००
नेपालगञ्ज			२,५००	२,५००	२,५००
भैरहवा				२,५००	२,५००
धनगढी				२,५००	२,५००

जम्मा	२,५००	५,०००	७,५००	१२,५००	१२,५००

कृत्रिम गर्भाधान:

पशुविकास गर्न चलाइने नश्ल सुधार कार्यका निम्ति उन्नत साँढे र राँगोहरू पर्याप्त मात्रामा उपलब्ध गर्न कठिनाई पर्ने हुनाले कृत्रिम गर्भाधान गर्ने कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । यसबाट स्थानीय जातका पशुहरूबाटै दूध आदि पशुजन्य पदार्थको उत्पादनमा बृद्धि ल्याउन सम्भव हुनेछ । हाल कृत्रिम गर्धाधान गर्ने सुविधा देशका विभिन्न भागमा ७ केन्द्र र ४ उप-केन्द्रबाट उपलब्ध गरिएको छ । चौथो योजनाअर्न्तगत पशु विकासको लक्ष्य पूरा गर्ने दृष्टिकोणबाट कृत्रिम गर्धाभान सेवा बढी व्यापक रूपमा उपलब्ध गर्ने कार्यक्रम समावेश गरिएको छ यस अनुसार हाल स्थापना भएका ३४ र योजनाकालमा स्थापना हुने ७ पशुचिकित्सालयहरूअन्तर्गत रहने गरी सम्पूर्ण कृत्रिम गर्भाधान कार्यक्रमलाई चाहिने विशेषज्ञको व्यवस्था गरिनेछ । यसबाट, १,९८,००० गाई र भैसीमा कृत्रिम गर्भाधान गरिने लक्ष्य निर्धारण गरिएको छ ।

पशु चिकिस्ता

पशुधनको संरक्षणका निमित्त पशु चिकित्सा सेवा उपलब्ध हुनु जरुरी छ । हाल देशमा जम्मा ३४ चिकित्सालयहरू स्थापित भएका छन् । चौथो योजना अवधिमा उत्तरी भेगमा र अन्य पहाडी क्षेत्रमा गरी जम्मा ७ नयाँ चिकित्सालयहरू खोल्ने लक्ष्य राखिएको छ । यी नयाँ चिकित्सालयहरू खास गरी पशुविकास कार्यक्रम सञ्चालन गरिनु पर्ने जिल्लाहरूमा खोलिने छन् । हाल निम्न स्थानहरूमा पशुचिकित्सालयहरू रहेका छन्:

काठमाडौं	वीरगंज	जनकपुर	पोखरा	भैरहवा	वैतडी
राजविराज	विराटनगर	वाग्लुङ	दाँग	जुम्ला	नेपालगञ्ज
डोटी	धुलिखेल	इलाम	ललितपुर	भक्तपुर	त्रिशुली
	पाल्पा	कलैया	भरतपुर	सिन्धुलीगढी	बन्दीपुर
	प्यूठान	कन्चनपुर	ओखलढंङ्गा	भोजपुर	मुस्ताङ
	भद्रपुर	हुम्ला	सुर्खेत	कैलाली	धनकुटा
		जिरी			

योजना अवधिमा निम्न स्थानहरूमा पशु चिकित्सालयहरू स्थापन गरिनेछन् : ताप्लेजुंग, रामेछाप, रसुवा, बाजुरा, रुकुम, संखुवासभा र दार्चुला ।

पशु रोगसम्बन्धी सर्वेक्षण कार्य पनि योजना अवधिमा सञ्चालन गरिनेछ । विभिन्न रोगको नियन्त्रण गर्नका निमित्त काठमाडौं स्थित प्रयोगशालामा भेक्सिन बनाउने कार्य विस्तार गरिनेछ ।

पशु विकास अनुसन्धान तथा तालिम :

नेपालको आवहवामा हुर्कन सक्ने उन्नत जातका वस्तुहरूको परीक्षण, अनुसन्धानबाट उपयुक्त ठहरिएका वस्तुहरू कृषकहरूलाई उपलब्ध गराउने र पशुपालनसम्बन्धी व्यावहारिक तालिम प्रदान गर्ने उद्देश्यबाट ललितपुर, चितौन, सनुसरी र कास्की आदि जिल्लाहरूमा चार बहुउद्देश्यीय पशु विकास केन्द्र स्थापित गरिएका छन् । यसका अतिरिक्त चित्लाङ्ग, पाँचसयखोला र जुम्लामा भेडा बृद्धि केन्द्र स्थापित गरिएका छन् । यी फार्महरूबाट उतपादन हुने गाई, भैसी, साँढे, राँगो, सुँगुर, भेडा, कुखुरा आदिबाट स्थानीय वस्तुहरूको नश्ल सुधार गर्ने कार्य केही मात्रामा पूर्ति भएको छ । यस कार्यलाई अझै व्यापक रूपमा सञ्चालन गर्न चौथो योजना अवधिमा नेपालगंज र ताप्तेजुङ्गमा पशु विकास फर्म स्थापना गरिनेछ । यसका अतिरिक्त पशु विकास कार्य विस्तृत रूपमा सञ्चालन गर्न कृषकहरूलाई पशु विकास सम्बन्धी व्यावारिक तालिम दिने व्यवस्था पनि यी फार्महरूमा गरिनेछ । यी सबै सरकारी फामहरूबाट योजनाको अन्तिम बर्षमा हुने उत्पादनसम्बन्धी विवरण निम्न तालिकामा दिइएकोछ ।

तालिका नं. १५

सरकारी फार्महरूबाट योजनाहरूमा हुने उत्पादन

विवरण	एकाइ	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
बाछावाछी	सङ्ख्या	७५	९०	९७	११३	१५२	५२७
पाडापाडी	,,	१०४	११९	१२८	१५९	२०२	७१२
पाठापाठी	,,	६१६	७४६	१०३४	१३१९	१३७९	५०९४
सुंगुर	,,	९५०	१२१०	१४६०	१८२०	२३१०	७७५०

कुखुरा पालन

पशु विकास गर्ने सन्दर्भमा कुखुरा पालनको महत्वपूर्ण स्थान भएकाले यसको संम्वर्द्धन गर्ने विभिन्न वातावरणमा हुने उन्नत जातका कुखुरा चल्लाहरू उत्पादन गरी विक्री वितरण गर्ने कार्य सञ्चालन गरिएको छ । विगत केही वर्षहरूमा कुखुरा पालन व्यवसायमा खास गरी काठमाडौंमा निजी क्षेत्र विशेष रूपले प्रोत्साहित भएको छ

हाल उन्नत जातका कुखुरा उपलब्ध गर्ने कार्य परवानीपुर, जावलाखेल र विराटनगरमा ३ वटा ह्याचारीहर सञ्चालन भै वर्षेनि करिव १,००,००० चल्ला उत्पादन गरिन्छ । निजी क्षेत्रमा रहेका दुई ह्याचारीबाट पनि १,००,००० चल्ला उत्पादन भएको अनुमान छ ।

चौथो योजनाको कुखुरा मासु र फुलसम्बन्धी लक्ष्य हासिल गर्न योजना अवधिमा पोखरा, नेपालगञ्ज र भैरहवामा एक एक ब्रुडर यूनिट स्थापना गरिनेछ । सरकारी क्षेत्रबाट सम्पूर्ण लक्ष्य प्राप्त गर्न नसकिने भएकाले गैर-सरकारी क्षेत्रको पनि योगदान हुनु जरुरी देखिन आएको छ । तसर्थ गैर-सरकारी क्षेत्रअन्तर्गत एक लाख चल्ला उत्पादन गर्न सकिने क्षमता भएका पाँच ह्याचरी खोल्नु जरुरी हुन आएको छ । योजना अवधिमा सरकारी तथा गैर -सकारी ह्याचरीबाट उत्पादन र विक्री वितरण हुने चल्लाको सङ्ख्या निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १६

चल्लाको उत्पादन र विक्री वितरण

(सङ्ख्या हजारमा)

ह्याचरी	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२
उत्पादन तथा विक्री वितरण					
सरकारी	१००	१००	१००	१००	१००
गैर-सरकारी	१००	२००	३००	४००	६००

दुग्ध उद्योग

चौथो योजनाअन्तर्गत दुग्ध उत्पादनसम्बन्धी लक्ष्यहरू हासिल गर्न कृत्रिम गर्भाधान, चरन विकास र उन्नत आहारा आदि कार्यक्रमबाट योगदान हुने कुरा माथिको कार्यक्रमबाट स्पष्ट हुन्छ । यसका साथै देशमा आधुनिक ढङ्गबाट प्रशोधित दूध र दुग्ध पदार्थहरू व्यावसायिक रूपमा उत्पादन गर्ने उद्देश्यबाट स्थापना भएको र हुने दुग्ध विकास संस्थाहरूबाट बजार सुरक्षित हुने कारणबाट पनि दुग्ध उत्पादन बढ्ने आशा गर्न सकिन्छ । प्रशोधित दूध र चीज, मख्खनजस्ता दुग्ध पदार्थहरूको उत्पादन लक्ष्य मुख्यत: हाल स्थापना भएको संस्थान र सोअन्तर्गत स्थापना हुने अरू केन्द्रमार्फत पूर्ति हुन सक्नेछ । यससम्बन्धी दुग्ध विकास संस्थानको कार्यक्रम तल दिइएको छ :

१. **नगर दुग्ध वितरण आयोजना**

हाल काठमाडौंमा मात्र आधुनिक ढङ्गबाट सङ्कलन, प्रशोधन संरक्षण र बिक्री वितरण गर्ने कार्य १२ लाख लिटर वार्षिक क्षमता भएको केन्द्रीय दुग्धशालाबाट सञ्चालन भैरहेको छ । योजना अवधिमा दूधको बढ्दो मागलाई ध्यानमा राखी यस दुग्धशालाको क्षमतामा बृद्धि गरी ३० लाख लिटर पुऱ्याउने लक्ष्य राखिएको छ । यसका अतिरिक्त देशका अन्य शहरी क्षेत्रहरूमा पनि प्रशोधित दूध उपलब्ध गर्नु आवश्यक भएकाले योजना अवधिमा विराटनगर, नेपालजंग र बीरगन्जमा दुग्धशालाहरू स्थापना गर्ने कार्यक्रम समावेश गरिएको छ । यस अनुसार योजनाको प्रतिबर्ष हुने उत्पादन प्रशोधित दूधको परिमाण निम्न तालिकामा दिइएको छ ।

तालिका नं. १७

प्रशोधित दूधको उत्पादन लक्ष्य

(हजार लिटरमा)

सि.नं.	आयोजना	०२७/२८	०२८ /२९	०२९/३०	०३० /३१	०३१ /३२
१.	केन्द्रीय दुग्धशाला काठमाडौं	१,२००	१,५००	१,५००	३,०००	३,०००
२.	विराटनगर दग्धशाला	निर्माण	निर्माण	निर्माण	१,५००	१,५००
३.	नेपालगञ्ज दुग्धशाला	-	निर्माण	निर्माण	निर्माण	१,०००
४.	वीरगञ्ज दुग्धशाला	-	-	निर्माण	निर्माण	निर्माण

२. चीज उत्पादन तथा विक्री वितरण

नेपालको उत्तरी भागमा पशुपालन नै प्रमुख व्यवसाय भएकाले यस क्षेत्रमा दुग्ध पदार्थको उत्पादन गर्न निकै सम्भावना छ । अहिलेसम्म नेपालमा लामटाङ्ग, थोदुंग र पिके आदि स्थानमा चीज उत्पादन केन्द्रहरू खोलिएका छन् । ०२६/२७ मा यी कारखानाहरूबाट चीजको उत्पादन २० मे.ट. हुने अनुमान गरिएको छ । चौथो योजनाअन्तर्गत ५ अन्य कारखानाहरू खोलिने छन् र यसबाट चौथो योजनाको अन्त्यसम्म प्रति बर्ष ५० मे.ट. चीज उत्पादन हुने अनुमान गरिएको छ ।

३. **नौनी उत्पादन केन्द्र**

दूध विकास संस्थानबाट ०२६/२७ मा १९ मे.ट. नौनी उत्पादन हुने अनुमान गरिएको छ । योजना अवधिमा देशका विभिन्न सम्भावित स्थानहरूमा २ नौनी उत्पादन केन्द्रको स्थापना गरिनेछ ।

मृत पशुहरूको अवशेष प्रयोग गर्ने आयोजना

श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघबीच भएको सम्झौताअनुसार यो आयोजना हेटौडामा सञ्चालन गरिएको छ । यस आयोजनाबाट खास गरी खेर जाने सिनो सदुपयोग हुनका साथै छाला उद्योगलाई चाहिने कच्चा पदार्थहरूको गुणमा विशेष सुधार ल्याउनका लागि तालिम तथा उत्पादन सुरु गरिने भएको छ । यस प्रकारको उद्योगको लागि आवश्यक कच्चा पदार्थको राम्ररी फ्लेईङ तथा क्योरीङ्ग हुन गई यस व्यवसायमा लाग्ने जनताहरूको आयमा बृद्धि हुन जानेछ । वैज्ञानिक तवरबाट राम्ररी उतारेको र क्योरिङ्ग गरेको छालाको विदेशमा निकासी गर्दा अधिकतम मूल्य प्राप्त हुन जानेछ । यस आयोजनाबाट उत्पादन हुने चीजहरूमध्ये पशुहरूको दानाको लागि चाहिने पौष्टिक पदार्थ जस्तै, मिटकम बोनमिल, मिटमिल, बोनमिल, टेक्निकल फ्याट र हर्न एण्ड हुक मिल फर्टीलाइजर, बोनमिल फर्टीलाइजर कम्पोष्टमल, हुफ् निडल आइल, छाला इत्यादि हुन् । यथाशक्य चाँडो सिनोहरू सङ्कलन गरिने भएकोले पशुधनमा र मानिसहरूमा समेत रोग फैलिने सम्भावना कम हुन जानेछ ।

मत्स्य विकास

नेपालमा उपयुक्त आवहवाको साथै विभिन्न नदीनाला तलाउमा प्रशस्त मात्रामा पानी उपलब्ध भएको र बढ्दो जनसङ्ख्यालाई पौष्टिक पदार्थ उपलब्ध गर्ने दृष्टिबाट मस्त्य विकासतर्फ पनि ध्यान दिनु जरुरी भएको छ । हाल देशमा मस्त्य उत्पादनको परिमाणको अनुमान थाहा हुन सकेको छैन तर २०२६/०२७ मा ५६० मे.ट. अतिरिक्त मस्त्य उत्पादन भएको अनुमान गरिएको छ । यसको आधारमा चौथो योजना अवधिभित्र सञ्चालन गर्न सकिने कार्यक्रमलाई ध्यानमा राखी २०३१/३२ मा अतिरिक्त मत्स्य उत्पादन ५६० मे.ट.बाट २,००० मे.ट पुऱ्याउने लक्ष्य राखिएको छ । यसअनुसार विभिन्न स्रोतबाट उपलब्ध हुने माछाको परिमाण निम्न तालिकामा दिइएको छ:

तालिका नं. १८

माछाको उत्पादन लक्ष्य

(मे.ट.मा)

सि.नं.	स्रोत	२०२६/२७ मा अनुमानित बृद्धि	२०३१/३२ मा अतिरिक्त बृद्धि	जम्मा बृद्धि
१.	ताल	१०	१५	२५
२.	नदी	-	२५०	२५०
३.	पोखरी	४००	८००	१२००
४.	व्यावसायिक फार्म	१५०	३७५	५२५
जम्मा		५६०	१४४०	२०००

माछाको अनुमानित उत्पादन पूरा गर्न २०२६/२७ मा माछा भूराको विक्री वितरण जम्मा १० लाख भएकोमा २०३१/३२ मा ४० लाख पुऱ्याउने लक्ष्य राखिएको छ । यसअनुसार सबै मत्स्य भूरा सरकारी मत्स्य केन्द्र र फार्महरूबाट उत्पादन गर्न सम्भव नहुने भएकाले यसमा निजी क्षेत्रलाई पनि आवश्यक प्राविधिक र अन्य सहयोग दिई प्रोत्सहित गरिनेछ । सरकारी मस्त्य केन्द्रबाट कृषकहरूको पोखरीसम्म पुऱ्याउँदा करिव २५ प्रतिशत माछा भूराको मृत्यु हुने अनुमान गरिएको छ । यस्तो क्षतिपूर्ति गर्न निजी क्षेत्रबाट १० लाख माछा भूराको उत्पादन हुनु पर्ने अनुमान गरिएको छ । योजना अवधिमा प्रत्येक वर्ष सरकारी फार्म तथा निजी क्षेत्रबाट हुने माछा भूराको विक्री वितरण निम्न तालिकामा दिइएको छ:

तालिका नं. १९

माछा भूराको विक्री वितरण

(सङ्ख्या हजारमा)

स्रोत	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
सरकारी क्षेत्र	१००	१४५०	१८५०	२५००	३०००
निजी क्षेत्र	-	५०	१५०	५००	१०००
जम्मा	१००	१५००	२०००	३०००	४०००

योजना अवधिमा सरकारबाट संचालित मस्त्य विकास आयोजनाहरूबाट प्रति वर्ष हुने माछाको भूराको उत्पादन निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २०

सरकारी क्षेत्रमा मत्स्य भूराको उत्पादन

(सङ्ख्या हजारमा)

मत्स्य केन्द्र र फार्म		२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/०३१	२०३१/३२
१.	गोदावरी	२५०	११०	८०	१००	१००
२.	जनकपुर	१५०	१७५	२१०	२४०	२७५
३.	पोखरा	३०	५०	८०	१००	१२०
४.	तरहरा	१२५	१७०	२००	२१०	२३०
५.	परवानीपुर	१५०	२००	२२०	२४०	२७०
६.	भैरहवा	८०	१००	१२५	१६०	२००
७.	हेटौडा	३००	४२०	५२५	६००	६००
८.	राप्ती	१००	४००	४६०	५५०	६५०
९.	काठमाडौ	७०	३५०	५००	६००	७५०
१०.	ट्राउट ह्याचरी	-	-	५०	७५	१००
११.	नेपालगञ्ज	-	१०	२०	४०	७५
१२.	राजविराज	-	१०	२०	४०	७५
१३.	पूर्वी तराई	-	-	७५	३००	४००
१४.	पश्चिम तराई	-	-	-	१००	३००
	जम्मा	१२५५	१९९५	२५६५	३३५५	४१४५

उपरोक्तबमोजिम माछा भूराको वितरणबाट योजनाको अन्त्यसम्म १५०० मे.ट भन्दा बढी माछाको उत्पादन हुने अनुमान गरिएको छ। यसबाट योजनाको उत्पादनमा लक्ष्य पूरा गर्न ५०० मे.ट. को कमी रहन जान्छ। यसको पूर्ति सरकारी मत्स्य केन्द्र र फार्महरूबाट हुने उत्पादनका साथै विभिन्न नदीमा दिइने माछाको ठेक्का व्यवस्थाबाट पूरा हुन सक्नेछ। योजना अवधिमा सरकारी मत्स्य केन्द्र र फार्महरूबाट प्रतिवर्ष हुने उत्पादन निम्न तालिकामा दिइएको छ।

तालिका नं. २१
सरकारी मत्स्य केन्द्रबाट हुने माछाको उत्पादन

(,०० के.जी.)

मत्स्य केन्द्र र फार्म		२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/०३२
१.	गोदावारी	२.५	४.०	६.२	७.०	८.०
२.	जनकपुर	४.०	६.०	८.०	९.०	१०.०
३.	पोखरा	६५.०	६०.०	५५.०	५०.०	५०.०
४.	तरहरा	४.०	५.०	५.५	६.०	७.५
५.	परवानीपुर	४.०	५.०	६.०	७.५	८.५
६.	भैरहवा	३.०	४.०	५.०	७.०	९.०
७.	हेटौडा	१५०.०	३००.०	४००.०	४००.०	४५०.०
८.	राप्ती	-	२००.०	३००.०	४००.०	५५०.०
९.	नेपालगञ्ज	-	-	२.०	३.०	४.०
१०.	पूर्वी तराई	-	-	-	३००.०	३००.०
११.	राजविराज	-	-	२.०	३.०	४.०
१२.	पश्चिम तराई	-	-	-	-	१५०.०
	जम्मा	२३२.५	५८४०	७८९.७	११९२.५	१५५१.००

मत्स्य अनुसन्धान र प्रजनन्: मत्स्यपालनको दृष्टिकोणबाट देशको भौगोलिक र जलवायु परिस्थितिअनुसार आवश्यक सर्वेक्षण र अनुसन्धान गरी कार्प, ट्राउट, असला, महासेर आदि स्वदेशी तथा विदेशी उन्नत जातका माछाको प्रजनन् गर्न अधिराज्यका विभिन्न स्थानमा ९ प्रजनन् केन्द्र र व्यावसायिक केन्द्रहरू स्थापित भएका छन्। चौथो योजना अवधिमा २ नयाँ प्रजनन् केन्द्र र २ बृहत् मत्स्य विकास केन्द्र स्थापित गरिने छन्।

फलोद्यान विकास

फलफूल तथा आलुको निर्यात बढी मात्रामा गर्ने सम्भावना भएको र साथै पौष्टिक पदार्थ उपलब्ध गर्ने दृष्टिबाट आन्तरिक खपत पनि बढ्दै जाने भएकाले फलफूल र तरकारीको उत्पादनमा बृद्धि ल्याउनु आवश्यक छ। भौगोलिक दृष्टिबाट नेपालमा विभिन्न हावापनी भएकाले त्यसअनुरूप देशका विभिन्न क्षेत्रमा उपयुक्त फलोद्यानको

विकास गर्ने सम्भावना पर्याप्त छ । यस क्षेत्रमा हालसम्म भएको प्रगति र विकास गर्न सकिने सम्भावनालाई समेत ध्यानमा राखी चौथो योजना अवधिमा फलफूल तरकारी र आलुको उत्पादन लक्ष्य निम्न तालिका बमोजिम निर्धारण गरिएको छ :

तालिका नं. २२

फलोद्यान उत्पादनको लक्ष्य

बाली		२०२६/२७ को स्थिति	२०३१/३२ को लक्ष्य	खुद बृद्धि	प्रतिशत खुद
फलफूल:					
क्षेत्रफल	(हेक्टर)	२१,०००	३०,०००	९,०००	४८.१४
उत्पादन	(मे.ट.)	२,६६,०००	२,७६,०००	१०,०००	३.७५
आलू:					
क्षेत्रफल	(हेक्टर)	४३,८७५	५५,०००	११,१२५	२५.३५
उत्पादन	(मे.ट.)	३,३५,०००	४,३५,०००	१,००,०००	२९.८५
तरकारी बीउ:					
उत्पादन	(मे.ट.)	२०	४०	२०	१००

योजनामा निर्धारित फलोद्यानसम्बन्धी प्रत्येक बालीको उत्पादन लक्ष्य पूरा गर्न आवश्यक पर्ने बीउ, बोट, आदि उपकरणहरूको अनुमान गरिएको छ र सो उपकरण उपलब्ध गर्ने कार्यक्रम पनि निम्नअनुसार निर्धारण गरिएको छ:

फलफूल

फलफूलको उत्पादन योजनामा निर्धारित लक्ष्यअनुसार पूरा गर्न प्रत्येक हेक्टरमा २५० बोट लाग्ने हिसावले योजना अवधिमा थप ९,००० हेक्टरको निम्ति जम्मा २२,५०,००० बोट आवश्यक पर्दछ र बगैंचा लगाउँदा केही बोट मर्ने भएकाले यसका निमित्त ३३ प्रतिशतको हिसावले ७,५०,००० बोट थप गर्दाजम्मा ३०,००,००० बोट आवश्यक हुने अनुमान गरिएको छ । यो आवश्यकता पूरा गर्न देशका विभिन्न स्थानमा सञ्चालित फलोद्यान केन्द्रहरूको साथै निजी क्षेत्रलाई पनि यस प्रकारको खेतीमा आवश्यक प्रोत्साहन र सहुलियत दिई उत्पादन गरिनेछ र यसरी नपुग भएमा आयातबाट पूर्ति गरिनेछ । यसअनुसार प्रत्येक वर्ष उपलब्ध हुने बोट विरुवासम्बन्धी कार्यक्रम निम्न तालिकामा दिइएको छ ।

तालिका नं.. २३

चौथो योजना अवधिमा उपलब्ध हुने बोट विरूवा

वर्ष	बोट विरूवाको आवश्यकता	फलोद्यान केन्द्रको उत्पादन	निजी क्षेत्रको उत्पादन	आयात गर्नुपर्ने
२०२७/२८	५,००,०००	१,५०,०००	-	३,५०,०००
२०२८/२९	५,५०,०००	२,००,०००	-	३,५०,०००
२०२९/३०	६,००,०००	५०,०००	५०,०००	३,००,०००
२०३०/३१	६,५०,०००	३,५०,०००	१,००,०००	२,००,०००
२०३१/३२	७,००,०००	४,५०,०००	२,००,०००	५०,०००
जम्मा	३०,००,०००	१४,००,०००	३,५०,०००	१२,५०,०००

आलु:

चौथो योजनाको अन्त्यसम्म आलुको उत्पादनमा १ लाख मेट्रिक टन बृद्धि गर्न ११,१२५ हेक्टर थप जमिनमा खेती गर्नुपर्ने अनुमान गरिएको छ । प्रति हेक्टर १ मे.ट.को दरले आलु बीउ लाग्ने हिसावले थप जग्गाको निमित्त ११,१२५ मे.ट. र केही नोक्सानी हुने परिमाणसमेत गरी जम्मा १२,५०० मे.ट. आलुको बीउ आवश्यक पर्नेछ । यसको पूर्तिका निमित्त न्यूक्लीयस बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ । यसअनुसार फलोद्यान विकासको प्राविधिक रेखदेखमा रही रजिष्टर्ड उत्पादकहरूले उन्नत आलुको बीउ उत्पादन गर्नेछन् । मूल उन्नत बीउ फलोद्यान विभाग अन्तर्गत रहेका आलू विकास केन्द्रहरूबाट उत्पादन गरी उपलब्ध गरिनेछ । यस कार्यक्रमका निम्ति आवश्यक मलखाद, र अन्य सामग्रीहरू कृषि सप्लाई संस्थनबाट उपलब्ध गरिनेछ । उक्त कार्यक्रमअनुसार योजनाको तेस्रो वर्ष देखिनै १२,५०० घे.ट. आलु बीउको उत्पादन हुन सक्ने अनुमान गरिएको छ ।

तरकारी वीउ:

योजनाअन्तर्गत अनुमान गरिएको थप २० मे.ट. तरकारी बीउको उत्पादन गर्न प्रति हेक्टर ५०० किलोग्राम उत्पादन हुने अनुमानबाट जम्मा ४० हेक्टर जमिनमा तरकारी खेती गर्न आवश्यक छ । यस कार्यका लागि आलु बीउ उत्पादनमा जस्तै न्यूक्लियस बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ र निजी क्षेत्रलाई आवश्यक प्राविधिक र अन्य सहयोग पुऱ्याइने छ । यसअनुसार पहाड र तराईमा प्रत्येक वर्ष तरकारी खेती गरिने कार्यक्रम निम्न तालिकामा दिइएको छ ।

तालिका नं. २४

तरकारी बीउ उत्पादन र खेती कार्यक्रम

क्षेत्र	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
पहाड					
क्षेत्रफल (हेक्टर)	४	८	१४	२०	२०
तराई बीउ (मे.ट.न)	२	४	७	१०	१०
तराई					
क्षेत्रफल (हेक्टर)	४	८	१४	२०	२०
तराई बीउ (मे.ट.)	२	४	७	१०	१०

वृहत फलोद्यान विकास:

फलोद्यान उत्पादन कार्यलाई प्रभावकारी रूपमा अघि वढाई व्यावसायिक स्तरमा विकसित गर्ने उद्देश्यबाट योजना अवधिमा यातायातको सुविधा सुलभ भएका स्थानहरूमा बृहत् फलोद्यान विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसअनुसार पृथ्वी राजमार्ग र अरनिको राजमार्गमा पर्ने स्थानहरूमा ४० हेक्टर भएको दुई फलोद्यान स्थापना गरिनेछ । यसै गरी महेन्द्र राजमार्गको सिमरा जनकपुर खण्डमा पर्ने स्थानमा १२० हेक्टर भएको एक फलोद्यान स्थापना गरिनेछ ।

वागवानी अनुसन्धान:

हाल देशका विभिन्न स्थानमा फलोद्यान विभागअन्तर्गत रहेका केन्द्रहरूमा फलफूल, आलु र तरकारी आदि बालीहरूको उत्पादन बृद्धि गर्ने कार्यमा प्रयोगात्मक अनुसन्धान कार्यक्रम सञ्चालन भरहेको छ । तेस्रो योजना अघि उक्तविभाग अन्तर्गत केन्द्र र नर्सरी गरी १६ तेस्रो योजनामा थप ७ केन्द्रहरू स्थापित भएका छन् । चौथो योजना अवधिमा हुम्ला र मुस्ताङमा पनि नयाँ केन्द्रहरू खोलिने छन् । साथै वागवानी अनुसन्धन कार्यमा योजनाको उत्पादन लक्ष्य हासिल गर्ने दृष्टिबाट सञ्चालन गर्नमा जोड दिइने छ । यसका अतिरिक्त हालसम्म फलफूलको विकास गर्ने सम्बन्धमा कुनै कार्यक्रम सञ्चालन नभएकोले हाल भएकै केन्द्रहरूमा यससम्बन्धी अनुसन्धान कार्य पनि प्रारम्भ गरिनेछ

कृषि शिक्षा र अनुसन्धान

खाद्यान्न र नगदेबाली आदि प्रमुख बालीको खेतीमा -उन्नत बीउ मलखाद, औजार कीटनाशक र रोग निरोधक औषधिहरू तथा सिँचाइ आदि विभिन्न उपकरणहरूको वेग्लावेग्लै र सामुहिक प्रयोगबाट उत्पादन बृद्धिमा हुने प्रभाव यकिन गर्न र त्यसको व्यावहारिक उपयोगिता निर्धारण गर्नका लागि कृषि शिक्षा तथा अनुसन्धान विभाग अन्तर्गत देशका विभिन्न स्थानमा रहेका कृषि केन्द्र र फार्महरूमा अनुसन्धान कार्य सञ्चालित गरिएका छन् । यसका अतिरिक्त कृषि क्षेत्रमा आवश्यक पर्ने प्राविधिज्ञहरू तालिम गर्ने कार्य पनि चालू रहेको छ । चौथो योजना अवधिमा उक्त बिभागअन्तर्गत रहेका विभिन्न शाखाहरूबाट गरने अनुसन्धान कार्यलाई बढी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यस अनुसार उत्पादनमा प्रत्यक्ष प्रभाव पार्न सक्ने अनुसन्धान कार्यलाई वढी प्राथमिकता दिइनेछ । नेपाल अधिराज्यको हावापानीमा विभिन्नता रहेकाले एक स्थानमा गरिएको अन्वेषण तथा परीक्षणको नतिजा सबै स्थानमा लागू हुनसक्ने हुन्छ । यस कारण प्रत्येक कृषि केन्द्र र फार्ममा सबै अनुसन्धान कार्य संयुक्त रूपमा सञ्चालन गरिनेछ । यस प्रकार विभिन्न शाखाबाट सञ्चालित हुने कार्यक्रम तल उल्लेख गरिएको छ ।

(क) **कृषि वनस्पति विज्ञान:** धान गहूँ मकै, जौ आदि खाद्यान्नका अतिरिक्त तेलहन र दलहन बालीको सुधारका निम्ति देशभित्र पाइने र विदेशबाट मगाइएका उन्नत जातका बीउको सङ्कलन, विश्लेषण संरक्षण र जातीय परीक्षणबाट उपयुक्त देखिएका शुद्ध उन्नत बीउको प्रजनन् गर्ने कार्यमा विस्तार गरिनेछ । हाल काठमाडौंमा रहेको बीउ परीक्षण प्रयोगशालाबाट कृषि सप्लाई संस्थान, जिल्ला कृषि विकास कार्यक्रम आदिलाई आवश्यक हुने बीउको नमूना परीक्षण गर्ने कार्य चालू रहेको छ । केन्द्रबाटै सबै ठाउँलाई चाहिने बीउ परीक्षण कार्य हुन नसक्ने भएकोले योजना अवधिमा परवानीपुर, जनकपुर र भैरहवामा रहेका केन्द्रहरूमा पनि यस्तो वीज परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । यसका अतिरिक्त श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघ विशेष कोषको

संयुक्त प्रयासबाट उन्नबालीको वीज विकाश आयोजना सञ्चालन गरिनेछ । यसअन्तर्गत हेटौंडामा एक वीज प्रशोधन केन्द्र स्थापना गरिनेछ । साथै कृषक स्तरमा प्रमाणित बीउको उत्पादन गर्ने कार्यमा आवश्यक प्राविधिक सेवा सुलभ गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) **बाली विज्ञानः** बनस्पति अनुसन्धान कार्यबाट उपयुक्त देखिएका र बिदेशबाट प्राप्त बीउको परिचयात्मक अध्ययन गरी उपयुक्त देखिएका शुद्ध उन्नत बीउबाट देशका विभन्न स्थानमा रहेका कृषि फार्महरूमा मूल बीउको उत्पादन गर्ने कार्य योजनाको लक्ष्यअनुरूप सञ्चालन गरिनेछ । यसका साथै शुद्ध बीउ, मलखाद तथा पानीको प्रयोग आदिसम्बन्धी प्रयोगात्मक परीक्षण गर्ने कार्य पूर्ववत् चालू राखिनेछ । खुमलटार, डोटी, नेपालगञ्ज, जनकपुरमा रहेका कृषि फार्महरू र रामपुर, परवानीपुर, तरहरा र भैरहवामा रहेका कृषि केन्द्रहरूबाट मूल उन्नत बीउ बृद्धि गर्ने कार्यक्रमअन्तर्गत योजनाकालमा प्रत्येक वर्ष विभिन्न बालीको बीउ उत्पादन कार्यक्रम निम्न बमोजिम हुनेछ । यसका साथै पहाडी आवहवा सुहाउँदो उन्नत बीउ बाली विकासको लागि योजनाकालमा पूर्वी पहाडी क्षेत्रमा एक र पश्चिमी पहाडी क्षेत्रमा एक गरी दुई बाली विज्ञान केन्द्रहरू स्थापना गरिनेछन् ।

(मे.ट.)

बाली	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२	जम्मा
धान	१०८	१३०	१४९	१७१	१९२	७५०
गहूँ	३९	४५	५१	५६	६१	२५२
उखु	२००	२३७	२६२	२९९	३३५	१३३३
सूर्ती	.०४	.०५	.०६	.०७	.०८	.३०
तोरी	२.१	२.७	३.२	३.९	४.५	१६.४
सनपाट	.३	.४	.५	.६	.७	२.५

(ग) **एग्री इन्जिनियरिङ्गः** कृषिसम्बन्धी बिभिन्न निर्माण आयोजनाहरूको डिजाइन इष्टिमेट तयार गर्ने र बढी क्षमता भएका तथा उपयुक्त कृषि औजार र मेशिनहरूको अध्ययन अनुसन्धान गर्ने कार्यका अतिरिक्त सिँचाइ गर्ने कुलो, नलकूप, ढल र जल उपयोगसम्बन्धी प्रयोगात्मक अनुसन्धान कार्य पूर्ववत् चालू राखिनेछ । साथै यससम्बन्धमा कृषकहरूलाई आवश्यक प्राविधिक सेवा पनि पुऱ्याइनेछ ।

(घ) **कीट विज्ञान (एन्टोमलोजी):** देशको विभिन्न भागमा उत्पादन हुने बालीमा लाग्ने कीराहरूको सर्वेक्षण, सङ्कलन एवं पहिचान, विनाशकारी कीराहरूको जीवनी तथा सामयिक गतिविधिमा मौसमको असर, विभिन्न विषादीहरूको उपयोग र रासायनिक नियन्त्रण पद्धति आदिसम्बन्धी आवश्यक अनुसन्धान गरी यसबाट प्राप्त नतिजाको आधारमा बाली संरक्षण कार्यलाई सरल एवं प्रभावकारी वनाइ कीराबाट बालीको सुरक्षा गर्ने कार्यमा प्राबिधिक सेवा पनि उपलब्ध गरिनेछ । योजना अवधिभित्र रामपुर, नेपालगञ्ज, राजबिराज, भैरहवा र धनगढीमा संरक्षण शाखा खोलिनेछ । औद्योगिक महत्वका लाभदायक कीराहरूजस्तै माहुरी, रेशम कीरा आदिको अध्ययन कार्य पनि सञ्चालन गरिनेछ । यसका अतिरिक्त विदेशबाट नयाँ खालका कीरा तथा रोगका जीवाणुहरूको प्रबेश रोक्न र देश भित्रै पनि एक स्थानमा सीमित रहेका किराहरूको फैलावट रोक्नका साथै कृषकहरूलाई बाली संरक्षणप्रति बढी अग्रसर गराउनसमेत कानुनी नियन्त्रण पद्धति तथा प्लाइन्ट क्वारेन्टिनको व्यवस्था पनि मिलाइनेछ । योजना कार्यक्रममा प्लान्ट क्वारेन्टिन चेक पोष्ट त्रिभुवन विमानघाट, बीरगञ्ज, नेपालगञ्ज, जोगवनी र भैरहवामा स्थापना गरिनेछ ।

(ङ) **रोग विज्ञान (प्लान्ट प्याथोलोजी):** बाली विरुवामा लाग्ने रोगको नियन्त्रण गर्न र यसबाट हुने उत्पादनको नोक्सानी बचाउन स्थानीय तथा उन्नत बालीहरूमा रोगसम्बन्धी अनुसन्धान कार्य धान, मकै, गहुँ फलफूल, तरकारी,आलु सुन्तला, उखु, सनपाट सूर्ती र चिया आदि बालीमा सञ्चालन गरिनेछ । रोग नियन्त्रणमा सरल कम खर्चिला र प्रभावकारी उपाय तथा साधनहरूको अनुसन्धान, परीक्षण तथा प्रदर्शन गरिनेछ । यस कार्यका निम्ति हाल खुमलटारमा एक प्रयोगशाला रहेको छ र इलाम, विराटनगर, परवानीपुर, जनकपुर तथा पोखरामा बाली संरक्षण केन्द्रहरू खोलिएका छन् । चौथो योजना अवधिमा भेरी, राप्ती, र धवलागिरी अञ्चलमा पनि यस्ता केन्द्रहरू स्थापित गरिनेछन् । रोग नियन्त्रण कार्य कीट विज्ञानसित पनि सम्बन्धित भएकाले देशमा विभिन्न स्थानहरूमा रहने बाली संरक्षण केन्द्रहरूमा दुबैको संयुक्त रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) **माटो विज्ञानः** माटोको उर्वरा शक्तिको संरक्षण र सम्वर्द्धन गर्ने कार्यका निमित्त सर्वप्रथम माटोसम्बन्धी जानकारी हासिल गर्नु जरुरी भएकाले माटो सर्वेक्षण, विश्लेषण र वर्गीकरण गर्ने कार्य प्रारम्भ गरिएको छ । माटोको प्रकार र त्यसमा रहेका विभिन्न तत्वहरूको विश्लेषण गर्न केन्द्रीय प्रयोगशाला स्थापित गरिएको छ ।

चौथो योजना अवधिमा ३४.२७ लाख हेक्टरमा माटो सर्वेक्षण र ४० हजार माटोको नमूना विश्लेषण गरिने छ । धान, मकै, उखु, सनपाट आदि मुख्य बालीहरूको उत्पादनमा रासायनिक र प्रांगारिक मलबाट विभिन्न आवहवामा र विभिन्न प्रकारको माटामा पर्ने असर बारे विभिन्न कृषि केन्द्र र फार्महरूमा परीक्षण गरिनेछ । साथै स्वायल फिजिक्स, स्वायल माइक्रो-वायोलोजी तथा भू-संरक्षणसम्बन्धी अध्ययनहरू पनि प्रारम्भ गरिनेछ । यसका अतिरिक्त श्री ५ को सरकार र संयुक्त राष्ट्रसंघ विशेष कोषको संयुक्त प्रयासबाट माटोको उर्वरा शक्ति र मलखाद प्रयोगसम्बनधी अनुसन्धान कार्य देशको मध्यवर्ती भागमा सञ्चालन गरिनेछ । यस कार्यक्रमको पहिलो भागअनुसार विभिन्न आवहवामा र माटो अनुसार मलखाद, बाली विरुवाको परीक्षण र कृषकको खेतीमा नतिजा प्रदर्शनहरू गरिनेछन् र परवानीपुरमा एक माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ । कार्यक्रमको दोस्रो भाग अनुसार वैज्ञानिक पद्धतिका दुई पाइलट आयोजना चालू गरिने छन् ।

(छ) **कृषि केन्द्रहरू:** भैरहवा, रामपुर, परवानीपुर, तरहरा आदि ४ स्थानमा उपर्युक्त विभिन्न अनुसन्धान कार्यहरू सञ्चालन गसिएकाछन् । यी केन्द्रहरूमा भैरहेका विभिन्न कार्यक्रम बीच समन्वय स्थापना गर्न चाहिने प्रशासकीय व्यवस्था योजनाको प्रारम्भमा नै गरिनेछ । प्रत्येक केन्द्रमा हुने खास खास कामको विवरण माथि सम्बन्धित विभाग शाखाकै विवरणमा समावेश भैसकेको छ ।

(ज) **कृषि कलेज:** कृषि विकास कार्यका निम्ति आवश्यक पर्ने मध्यम र निम्न स्तरीय प्राविधिज्ञहरूको तालिम गर्ने काम २०१४ सालमा स्थापित कृषि स्कूलबाट भैरहेको र उच्चस्तरीय प्राविधिकहरूका निम्ति विदेशमा निर्भर रही रहनु पर्ने भएकाले देशभित्रै सुविधा उपलब्ध गर्ने उद्देश्यबाट २०२५ सालदेखि कृषि कलेज सञ्चालन गरिएको छ । यसबाट योजना अवधिमा आई. एस्सी. २२५, बि. एस्सी. २५, जे. टि. ए. अपग्रेडिड ३४० तथा जे. टि. ए. ७०० र फिल्ड तालिम ५०० गरी जम्मा १७९० लाई कृषिसम्बन्धी विभिन्न स्तरको तालिम दिने लक्ष्य राखिएको छ ।

कृषि प्रसार

कृषि क्षेत्रमा सञ्चालित विभिन्न अनुसन्धान कार्यबाट उपयुक्त देखिएका उन्नत कृषि प्रणाली कृषकहरूद्वारा अपनाउन लगाउनका निम्ति तरिका एवं नतिजा प्रदर्शन, कृषक तालिम, प्रतियोगिताजस्ता कार्यहरूबाट आवश्यक जानकारी तथा प्राविधिक सहयोग प्रत्येक कृषकलाई सुलभ गर्ने प्रमुख माध्यमको रूपमा कृषि प्रसार कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रमअनतर्गत हाल ४३ जिल्लामा कृषि स्नातक रहेको जिल्ला कृषि विकास कार्यालय रहेको छ । अरु २२ जिल्लाहरूमा दुई देखि चारसम्म माध्यमिक स्तरका कृषि विशेषज्ञहरू रहेका छन् अहिले कृषि प्रसार विभागअन्तर्गत ७०० जे. टि. ए. तथा ९० जे. टी. गरी ७९० जवान र ४३ जना जिल्ला कृषि विकास अधिकृतहरू काम गरिरहेका छन् ।

कृषि प्रसार अहिलेसम्म मुख्यत: खाद्यान्न बालीमा सीमित राखिएको छ । खाद्यान्नको अतिरिक्त फलोद्यान, मत्स्य, पशु विकाससम्बन्धी योजनाका लक्ष्यहरू पूर्ति गर्न यसको प्रसार गर्ने कार्यमा पनि ध्यान दिनु जरुरी भएको छ । त्यसकारण यस योजना अवधिमा कृषि प्रसार कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न प्रत्येक जिल्ला कृषि विकास कार्यालयमा जिल्लाअनुसार निर्धारित गरिएका कृषि विकास कार्यक्रमको आधारमा खाद्यान्न, नगदेबाली, पशुपालन, फलोद्यानसम्बन्धी विषयमा विशेषज्ञहरू उपलब्ध गरिनेछन् । यसका साथै गाउँ स्तरमा गई काम गर्ने प्रसार कार्यकर्ताहरूको सङ्ख्यामा वृद्धि गरी तिनीहरूलाई आवश्यक प्राविधिक सहयोग सम्बन्धित कृषि केन्द्र र कृषि फार्मबाट पनि उपलब्धत्र गर्ने व्यवस्था मिलाइने छ । यस नीति अनुसार खाद्यान्न विकासका लागि छानिएका २८ जिल्लाहरूमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गर्नका लागि यी जिल्लाहरूमा रहेमा कृषि विकास कार्यालयहरूलाई सुदृढ गरिनेछ । यसअनुसार प्रत्येक जिल्लामा तीन गाउँ पञ्चायतलाई एक जे. टि. ए. र प्रत्येक ९ जे. टि. ए. लाई एक जे. टि. का दरले व्यवस्था मिलाई प्रतयेक जिल्ला कृषि विकास कार्यालयमा स्नातक स्तरको एक कृषि विशेषज्ञ रहने छ । यी २८ जिल्लाहरूमा प्रत्येक जे. टि. ए. र जे. टि. को जिम्मामा निर्धारित गाउँ पञ्चायतहरूको नामसमेत तोकी कृषि प्रसारको कार्य सञ्चालन गरिनेछ । उपर्युक्त वमोजिम २८ जिलाहरूमा चाहिने व्यवस्था मिलाई बाँकी हुने जे. टि. ए., जे. टि. र कृषि स्नातकहरूलाई हालसम्म कृषि विकास कार्यालय स्थापना भैसकेका अरु १५ जिल्लाहरूमा र जे. टि. को मात्र व्यवस्था हुन सकेका अरु २२ जिल्लाहरूमा गरी जम्मा ३७ जिल्लाहरूमा निर्धारित कृषि विकास कार्यक्रम बमोजिम विभाजित गरिनेछ । योजनाकालमा तालिम समाप्त भई उपलब्ध हुन आउने कृषि विशेषज्ञहरू पनि सघन कार्यक्रम लागू हुने २८ जिल्लाहरूको खाँचो हेरी अन्य जिल्लाहरूमा खटाइने छन् । साथै जिल्ला कृषि विकास कार्यालयबाट प्राप्त हुने विवरणको छानविन गरी वस्तु स्थितिको मूल्यांकन गरी त्यसको आधारमा चाहिने नीति निर्देशन दिन हालसम्म केन्द्रीय कार्यालयमा चाहिने व्यवस्था नभएकोले सो व्यवस्था हुनु जरुरी छ ।

चौथो योजनाअन्तर्गत सञ्चालन गरिने कृषि प्रसार तालिम र प्रदर्शन निम्न तालिकामा दिइएको छ :

तालिका नं. २५

कृषि प्रसार तालिम र प्रदर्शनहरू

		२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
१.	तरिका प्रदर्शन	७,०००	८,०००	९,०००	१०,०००	११,०००
२.	नतिजा प्रदर्शन	३९,००	४,१००	४,३००	४,५००	४,५००
३.	(क)अगुवा कृषक तालिमको सङ्ख्या	२,०००	४,०००	४,५००	५,०००	६,०००
	(ख) तालिमप्राप्त अगुवा कृषकको सङ्ख्या	३०,०००	४०,०००	४५,०००	५०,०००	६०,०००
४.	मौसम अनुसार तालिम पाउने जे. टि., जे.टि.ए.हरूको सङ्ख्या	२००	४००	४००	५००	५००
५.	(क) कृषक दिवसको सङ्ख्या	२५	२७	३०	३२	३५
	(ख) कृषक दिवसमा भाग लिने कृषकहरूको सङ्ख्या	२,५००	२,७००	३,०००	३,२००	३,५००
६.	मेला प्रदर्शन	१५	२०	२५	३०	३५
७.	(क) बढी अन्न उत्पादन प्रतियोगिता हुने जिल्लाको सङ्ख्या	२८	३०	३५	३५	४०
	(ख) जिल्ला प्रतियोगिताको सङ्ख्या	८४	९०	१०५	१०५	१२०
	(ग) राष्ट्रिय प्रतियोगिता	१	१	१	१	१
	(घ) प्रतियोगितामा भाग लिने अनुमानित कृषक सङ्ख्या	९००	१,०००	१,१००	१,२००	१,४००
८.	ग्रामीण युवा कार्यक्रम					
	(क) चारपाते क्लव सङ्ख्या	२०४	३८५	४३१	६०१	७७१
	(ख) तालिम गरिने चारपाते क्लवका सदस्यहरू	३,०६०	५,७७५	६,४६५	९,०१५	११,५६५
९.	कृषि सूचना कार्यक्रम					
	(क) पुस्तक, पुस्तिका, पम्प्लेट पोष्टरहरू प्रकाशन (हजारमा)	१,४००	१,५५०	१,८००	२,६२५	३,१५०
	(ख) कृषि प्रदर्शनी	४	६	६	८	१०

१. तरिका प्रदर्शन

कृषिमा उन्नति ल्याउनलाई कृषकहरूलाई कृषिसम्बन्धी वैज्ञानिक ज्ञान, बालीनाली संरक्षण उपाय, औषधि, यन्त्रहरू प्रयोग र उन्नत तरिबाट खेती पाति गर्ने तरिकाहरू तथा रासायनिक मलहरू, हरियो मल, गोवर तथा कम्पोष्ट मल वनाउने तरिका तथा प्रयोग बारे कृषकहरूको समूहलाई पञ्चायत पञ्चायतमा बसी काम गर्ने जे.टी., जे.टी.ए.हरूले पञ्चायतको कुनै सहयोगी कृषकको खेतमा भेला गराई जि.कृ.वि.अ.को निर्देशनमा ज्ञान उपलब्ध गराउनु यसको उद्देश्य हो । साथै उन्नत तरिकाबाट पशुपंक्षी तथा मस्त्यपालन तथा यी कामहरूको निम्ति सन्तुलित आहारा र रोग आदिबाट संरक्षण गर्ने तरिका र ज्ञान कृषकहरूलाई सिकाइन्छ । पञ्चायतमा बस्ने प्रत्येक जे.टि.ए.ले १० वटा तरिका प्रदर्शन गर्ने छन् जसमध्ये सघन कृषि विकास कार्यक्रम लागू हुने २८ जिल्लाहरूमा हरेक बर्ष धान, गहुँ र मकैबाली सम्बन्धी तरिका प्रदर्शन प्रत्येक पञ्चायतमा कममा एक पटक अनिवार्य रूपले गरिनेछ । अन्य जिल्लाहरूमा जिल्लाको आवहवा अनुसार फलफूल, तरकारी पशुपंक्षी र मत्स्य विकास सम्बन्धी तरिका प्रदर्शन पनि गरिनेछ ।

२. नतिजा प्रदर्शन

अनुसन्धानबाट पत्ता लागेका उन्नत खेतीका तरिकाहरूको महत्व र फाइदा बारे प्रत्यक्ष रूपमा कृषकहरूलाई देखाउन र संझाउन नतिजा प्रदर्शनको आयोजना गरिन्छ । कृषकहरूले सुनेको र देखेको कुराहरूमा भन्दा आफैले गरेको कुरामा बढी विश्वास गर्ने भएकाले उनीहरूकै खेतमा उन्नत बीउ, मल, कीट र रोगनाशक औषधि आदिको

प्रयोग गराई उन्नत खेती तरिका अपनाएमा बढी फाइदा हुने कुराको विश्वास दिलाउन यो कार्यक्रम सबैभन्दा पहिलो र प्रभावकारी कदम भएकोले यसलाई बढी ध्यान दिइएको छ ।

नतिजा प्रदर्शन गराउँदा कृषकहरूलाई स्थानीय जात भन्दा उन्नत जातबाट बढी उब्जा हुन्छ भन्ने कुरा अवगत गराउन स्थानीय र उन्नत जातको बीउ साथै लगाई देखाइन्छ । उन्नत जातको बीउबाट बढी फल्छ भन्ने विश्वास भइसकेका कृषकहरूलाई पनि एउटा जातको बीउ भन्दा अर्को जातको बीउबाट झन बढी फल्छ भन्ने देखाउन ३/४ किसिमका बीउ एकै ठाउँका ३/४ प्लटमा लगाई देखाउने र एउटै जातमा पनि रासायनिक मल भिन्ना–भिन्नै मात्रामा प्रयोग गर्दा सो बालीमा बढी वा घटी उब्जनी हुनसक्छ भन्ने कुरालाई देखाई कृषकहरूलाई रासायनिक मल प्रयोग गर्ने तरिका बारे बढी ज्ञान दिलाइनेछ ।

यस्तो किसिमको नतिजा प्रदर्शन खास गरेर धान, गहुँ, मकै र साथै नगदेबालीमा पनि गरिनेछ नतिजा प्रदर्शन गर्नको लागि उन्नत बीउ, रासायनिक मल, कीट र रोगनाशक औषधिहरू कृषकहरूलाई निःशुल्क उपलब्ध गराइनेछ ।

पञ्चायत, पञ्चायतमा खटिएका जे.टी. र जे.टी.ए.हरूले आफ्नो आफ्नो क्षेत्रमा धान र गहुँ २ देखि ३ वटा र मकैमा पहाडमा ३ वटा र तराईमा १/१ वटा नतिजा प्रदर्शन गर्नेछन् । नगदेबालीमा पनि २ वटाका दरले नतिजा प्रदर्शन गर्नेछन् ।

३. कृषक अगुवा तालिम

गाउँ गाउँमा रहेका जे.टी .र जे.टि.ए. हरूले कृषकहरूलाई कृषिको नयाँ नयाँ ज्ञान र सीप सिकाउन तथा उन्नत किसिमको बीउ विजन, मलखाद, कीट र रोगनाशक औषधि, कृषि औजार पशु पालन आदि विषयहरूमा कृषकहरूलाई ज्ञान दिलाउन र प्रयोगमा ल्याउन प्रगतिशील कृषकहरू छानी धान, गहुँ, मकै, नगदेबाली आदिमा १ दिन देखि ३ दिनसम्मको तालिमको आयोजना गर्ने छन् । यस्तो तालिम एक जे.टी. ए.ले एक वर्षमा सरदर ५ पटक गर्नेछन् र उक्त तालिम दिनको लागि प्रत्येक जे.टी.ए.हरूलाई आवश्यक पर्ने बीउ, मल, औषधि आदि निःशुल्क उपलब्ध गराइनेछ । प्रत्येक तालिममा सरदर १० जवान अगुवा कृषकहरूले तालिम पाउने लक्ष्य राखिएको छ ।

४. मौसमअनुसारको सेवाकालीन तालिम

कृषि अनुसनधानबाट पत्ता लागेका र सिफारिस गरिएका उन्नत बीउ, विजन, मलखाद बालीनाली संरक्षण सम्बन्धी नयाँ औषधिहरू र तिनीहरूको प्रयोग गर्ने विधि र फलोद्यान, मत्स्य पालन, पशुपंक्षी पालनसम्बन्धमा जे.टी.र जे.टी.ए. हरूलाई समय समयमा तालिमको व्यवस्था गरिनेछ । यस्तो तालिम बढीमा ५ दिनसम्मको हुने र अञ्चल अञ्चलमा नै यस विभाग र कृषिका अन्य विभागका प्राविधिकहरू भई तालिम गराउने लक्ष्य राखिएको छ । यस्तो किसिमको तालिम सबै जिल्लामा गराउन समय र साधनले नभ्याउने भएको हुँदा सघन कृषि विकास कार्यक्रम लागू हुने जिल्लाहरूबाट बढीमा ५ जवान जे.टी. र जे.टी.ए.हरू बोलाई तालिम दिइनेछ ।

तालिमको विशेष गरी दुई भाग हुनेछः–

(क) <u>शरदकालिन तालिम</u>: शरद ऋतुमा हुने सबै बालीनाली, फलफूल र अन्य तालिमका साथै श्रव्य-दृश्य तालिम पनि समावेश गरिनेछ । यो तालिम आश्विनदेखि आरम्भ गरी कार्तिकसम्ममा समाप्त हुनेछ ।

(ख) <u>गृष्मकालीन तालिम</u>: यस तालिममा मुख्यतः धान, मकै र गृष्म ऋतुमा हुने अन्य बालीनाली र फलफूल, मत्स्यपालन आदिमा तालिम दिने व्यवस्था गरिनेछ । यो तालिम फाल्गुनदेखि सुरु भई चैत्र सम्ममा समाप्त गरिनेछ ।

५. कृषक दिवस

श्री ५ को सरकारको कृषि फार्म र कृषि केन्द्रहरूमा उन्नत जातको बीउ, उन्नत खेती तरिका, मलखाद प्रयोग, पशुपंक्षी, माछा, फलफूल आदि विषयहरूमा गरिएको अनुसन्धानहरू बारे प्रगतिशील कृषकहरूलाई ज्ञान दिलाउनको लागि कृषक दिवस आयोजना गरिन्छ । कृषकहरूले आफ्नो आँखाले देखेका कुरामा बढी विश्वास गर्ने र अनुकरण पनि गर्ने भएकाले यसको व्यवस्था गरिएको हो यस किसिमको कृषक दिवसबाट कृषकहरूमा बढी प्रभाव पर्न गएको पाइएको छ ।

कृषि फार्म र कृषि केन्द्रहरूको सङ्ख्या सीमित भएको हुँदा अधिराज्यका सबै जिलाका कृषकहरूलाई एकै ठाउँमा भेला गराउन नसकिने भएकोले कृषि फार्म र कृषि केन्द्रमा सजिलैसँग कृषकहरूलाई ल्याउन सकिने जिल्लाहरूका कृषकहरूलाई मात्र कृषि फार्म र कृषि केन्द्रमा ल्याई कृषक दिवस मनाइनेछ । यस्तो कृषक दिवस मनाउँदा जिल्लाबाट आई भाग लिने कृषकको सङ्ख्याभन्दा कृषकको गुणलाई बढी मान्यता दिनु व्यावहारिक भएकाले एक जिल्लाबाट बढीमा १०० जवान प्रगतिशील कृषकहरूलाई मात्र भाग लिन लगाइनेछ । यस्तो किसिमको कृषक दिवस जिल्ला भित्र प्रगतिशील कृषकको फार्ममा पनि मनाइनेछ ।

६. मेला प्रदर्शनी

मेला प्रदर्शनीमा कृषिसम्बन्धी आयोजनाका नमूनाहरू चार्ट, पोष्टर, तस्विर, पुस्तिका आदि प्रदर्शनमा हुन्छ । यसको मुख्य उद्देश्य प्रर्दकहरूको ध्यान आकर्षित गरी अभिरुचि बढाउनु , अवगत गराउनु र उन्नत खेती तरिका अपनाउन उत्साहित गराउनु हो । यस्तो मेला प्रदर्शनीको आयोजनाले कृषकहरूमा नयाँ उत्साह र उमङ्गका साथै प्रतियोगितात्मक भावना पनि जागृत गराउँदछ । यसबाट धेरै कृषकहरूलाई प्रभाव पार्न सकिन्छ । यस्तो किसिमको मेला प्रदर्शनी आयोजना गर्दा बढता समय श्रम र रकमसमेत लाग्नुका साथै कृषि विकास कार्यक्रमको प्रभावै नपरेको वा अरु प्रभाव परेको जिल्लाहरूमा यसको आयोजना गर्न अपठेरो हुने हुँदा साधन र सुविधा उपलब्ध भएको जिल्लाहरूमा मात्र गरिनेछ । उपरोक्त किसिमको मेला प्रदर्शनीमा कृषकहरूलाई भाग लिन लगाउनु आवश्यक छ । तिनीहरूले मौंसम अनुकूल आफैले उब्जाएको बालीनाली सागसब्जी र पालेका गाई वस्तुहरू मेलामा प्रदर्शनको निम्ति र खेतमा मूल्यांकन कमिटीद्वारा प्रत्येक विषयमा प्रथम, द्वितीय र तृतीय हुनेलाई साना साना कृषि औजार तथा कृषि सामग्रीहरू पुरस्कार दिएमा कृषक वर्गमा दिलचस्पी र उत्साह बढाउन सकिन्छ ।

७. बढी अन्न उत्पादन प्रतियोगिता

बढी अन्न उत्पादन प्रतियोगिताको आयोजना कृषि प्रसार कार्यको सिलसिलामा निम्न कुराहरूको निमित्त गरिन्छ:

(क) कृषकहरूलाई उन्नत कृषि पद्धतिमा आकर्षित गर्नु

(ख) यसतर्फ तिनीहरूको अभिरुचि बढाउनु ।

(ग) कृषि प्रसार कार्यमा सक्रिय रूपमा संलग्न गराउने

(घ) खेती उत्पादनमा वृद्धि गराई कृषकहरूमा सन्तुष्टीको भावना लगाउनु र सामाजिक प्रतिष्ठा बढाउनु ।

उक्त उद्देश्य पूर्ति गर्नलाई प्रत्येक वर्ष धान, गहुँ र मकैबालीमा जिल्ला स्तरीय र राष्ट्रिय स्तरमा प्रतियोगिता गराइनेछ ।

जिल्ला प्रतियोगिता गराउँदा हालालाई सबै जिल्लाहरूमा प्रतियोगिता गराउन व्यावहारिक नहुने भएकाले पहाड र तराइका जिल्लाहरूमध्ये उन्नत खेती प्रणालीमा प्रगति गरेका जिल्लाहरूलाई मात्र समावेश गरिनेछ । छानिएका जिल्लाहरूमा जिल्ला प्रतियोगिता हुनेछ र पहिला, दोस्रा र तेस्रा हुनेलाई पुरस्कार दिइनेछ । जिल्ला प्रतियोगिता गराउँदा कम्तीमा १० जवान कृषकले भाग लिनेछन्

अधिराज्यका छानिएका जिल्लाहरूमा जिल्ला प्रतियोगिता हुनु अगाडिनै पहाड र तराईका जिल्लाहरूलाई खाद्यान्नबाली विकास कार्यमा समान रूपमा प्रगति भएका जिल्लाहरू (दुइ या तीन जिल्ला) को भिन्ना भिन्नै समूह वनाइनेछ । जिल्ला स्तरमा प्रथम भएकाहरूमध्ये (पहाड र तराईका भिन्ना भिन्नै)बाट समूह समूहमा प्रतियोगिता हुने सबै समूहको प्रतियोगिता भएपछि एक बालीमा पहिलो, दोस्रो र तेस्रो छुट्याउने काम जिल्लाबाट पठाएको रेकर्डको आधारमा विभागबाटै गरिनेछ । धान, गहुँ र मकैमा गरी पहाडी जिल्लामा ९ जवान र तराईका क्षेत्रबाट ९ जवानले राष्ट्रिय प्रतियोगितामा भाग लिनेछन् । राष्ट्रिय प्रतियोगिताको लागि छानिएका कृषकहरूलाई राष्ट्रिय स्तरमा बढी अन्न फलाउने मानिनेछ र सोका लागि कदर–पत्र (प्रमाण-पत्र) सहित नगद पुरस्कार पनि दिइनेछ ।

८. ग्रामीण युवा कार्यक्रम

ग्रामिण युवाहरूलाई भविष्यको शिक्षित प्रगतिशिल कृषकमा परिणत गर्ने उद्देश्यबाट १० देखि २१ वर्षका तरुण कृषक युवाहरूलाई कृषिको आधुनिक र उन्नत तरिकाहरूबारे व्यावहारिक तालिम प्रदान गर्न ग्रामीण युवा कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यको लागि १० वर्ष देखि २१ वर्षसम्मका ग्रामीण युवा युवतीहरू सदस्य भएको चारपाते क्लब वठन गरी तिनीहरूलाई जे.टि., जे.टि.ए. र तालिमप्राप्त प्रौढ अगुवाहरूको निर्देशन बमोजिम खेतीपाती, पशुपालन, गृह, विज्ञान, लघु उद्योग आदि सम्बन्धमा तालिम दिइन्छ । प्रत्येक क्लबमा धान, गहुँ, मकै, तरकारी आदि बालीको नतिजा प्रदर्शन गराइन्छ र क्लबका सदस्यहरूले प्रयोगात्मक रूपमा जे.टि., जे.टि.ए. र प्रौढ अगुवाहरूका निर्देशन तथा तालिम बमोजिम आफ्नो रूचि, सामर्थ्य र अवस्था सुहाउँदो कृषि परियोजना लिई आफ्नो खेतमा आफ्नै खर्च र महिनेत लगाई काम गर्दै सिक्ने र काम गर्दै कमाउने शैक्षिक सिद्धान बमोजिम काम गर्दछन् । यसका अतिरिक्त तरिका प्रदर्शन, सामुदायिक सेवा, चारपाते कार्यकुशलता दिवस, कृषि परियोजना, भ्रमण र कसेसावारी, आदि कार्यक्रम पनि सञ्चालन गराइन्छ ।

९. कृषि सूचना कार्यक्रम

खेतीमा नयाँ उन्नत प्राविधिक तथ्यहरू कृषकले बुझ्न सक्ने सरल भाषामा लेख र पुस्तक पुस्तिकाहरू प्रकाशन र कृषिसम्बन्धी समाचारहरू, श्रव्य-दृश्य, प्रदर्शनी, चलचित्र, रेडियो प्रसार आदिको माध्यमद्वारा बढीभन्दा बढी कृषकहरूसमक्ष पुऱ्याइने कार्य केन्द्रबाटै सञ्चालन गरिन्छ ।

खाद्य अनुसन्धान

देशमा उपलब्ध खाद्य वस्तुहरूबाट सुलभ हुन सक्ने पौष्टिक तत्वहरूको अनुसन्धान तथा बजारमा पाइने तथा निकासी गरिने विभिन्न खाद्य पदार्थसम्बन्धी स्तर र गुण नियमित रूपमा कायम गर्न आवश्यक व्यवस्था मिलाउन चाहिने प्राविधिक सहयोग समेत पुऱ्याउन खाद्य अनुसन्धान कार्यक्रम सञ्चालन गरिएको छ । यसअनुसार काठमाडौंमा खाद्य प्रयोगशालाको स्थापना भैसकेको छ । उक्त प्रयोगशालामा योजना अवधिमा वढी प्रभावकारी रूपमा अनुसन्धान कार्य सञ्चालन गरिनेछ । यसका अतिरिक्त औद्योगिक फाल्तु पदार्थबाट भोजन उपयोगी पौष्टिक खाना उत्पादन गर्ने तथा खाद्य संरक्षणसम्बन्धी प्रयोगात्मक अनुसन्धान पनि सञ्चालन गरिनेछ । साथै खाद्य तथा पौष्टिक तत्वसम्बन्धी अध्ययन र सर्वेक्षण पनि सञ्चालन गरिनेछ ।

पुनर्वास कार्यक्रम

जनसङ्ख्याको बृद्धि र खेतीयोग्य जमिनको अभावले गर्दा खास गरी देशको पहाडीक्षेत्रमा भूमि माथि बढ्दो जनभार तथा औलो उन्मूलन कार्यको फलस्वरूप अनियन्त्रित रूपमा तराइको जंगल फडानी भई हाल आवादीको विस्तार आदि समस्याले गर्दा पुनर्वास कार्यक्रम अनिवार्य भएको छ । यसका साथै भूतपूर्व सैनिकहरूको निम्ति बसोवासको व्यवस्था र प्रवासी नेपालीहरूको बढ्दो प्रत्यागमनले गर्दा पनि पुनर्वाससम्बन्धी समस्या बढी मात्रामा जटील हुन गएको छ । यस कुरालाई ध्यानमा राखी नेपाल अधिराज्यका अव्यवस्थित सुकुमवासी किसान परिवारहरूलाई व्यवस्थित योजनाबद्ध तथा सुनियोजित तरिकाले वसोवास गराउन २०२१ सालमा नेपाल पुनर्वास कम्पनीको स्थापना भई नवलपुर र खजुरामा करिव ५,००० हेक्टरमा २००० परिवारलाई पुनर्वास गर्ने कार्यक्रम स.चालित भएकोछ । अहिले यस कार्यलाई बढी व्यापक रूपमा सञ्चालन गर्ने उद्देश्यबाट पुनर्वास विभागको पनि स्थापना भएको छ । हजारौंको सख्यामा बसोवास गराउने ठूलठूला पुनर्वास आयोजनाहरू नेपाल पुनर्वास कम्पनीद्वारा सञ्चालन गरिनेछन् । दुईसय परिवारदेखि कम वसोवास गराउने तथा हाल आवादीसम्बन्धी वसोवासको काम पुनर्वास विभागले अंचल वसोवास समितिको माध्यमद्वारा कार्यन्वित गर्नेछ ।

चौथो योजनामा खाद्यान्न उत्पादन बृद्धि गर्ने लक्ष्य हासिल गर्न तथा आवाद गरिने जमिनबाट हुने उत्पादन महत्वपूर्ण हुने कुरा माथि उल्लेख भैसकेको छ । योजना अवधिमा २५,००० हेक्टरमा आवाद गरी ८,००० परिवारलाई वसोवास गराउने लक्ष्य राखिएको छ । यस अनुसार नेपाल पुनर्वास कम्पनी तथा पुनर्वास विभागद्वारा देशका विभिन्न अंचल र जिल्लामा गरिने बसोवाससम्बन्धी कार्यक्रमको विवरण क्रमशः तलका दुई तालिकाहरूमा दिइएको छ ।

तालिका नं. २६

नेपाल पुनर्वास कम्पनीद्वारा सञ्चालित हुने पुनर्वास कार्यक्रम

(आवाद गरिने जग्गा हेक्टरमा)

अञ्चल	जिल्ला	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
महाकाली	कंचनपुर	२५००	१८७५	३७५०	३७५०	-	११८७५
सेती	कैलाली						
भेरी	बाँके, बर्दिया	६२५	५००	१०००	१०००	-	३१२५
मेची	झापा	७५०	११२५	९३७.५	९३७.५	-	३७५०
जम्मा		३८७५	३५००	५६८७.५	५६८७.५	-	१८७५०

तालिका नं.२७

पुनर्वास विभागबाट सञ्चालित हुने पुनर्वास कार्यक्रम

(आवाद गरिने जग्गा हेक्टरमा)

अञ्चल	जिल्ला	२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२	जम्मा
लुम्बिनी	कपिलवस्तु, रूपन्देही, नवलपरासी	५००	५००	५००	५००	५००	२,५००
नारायणी	बारा, पर्सा, रौतहट	३१२.५	२५०	२५०	२५०	१८७५५	१,२५०
जनकपुर	सर्लाही	३१२.५	२५०	२५०	२५०	१८७.५	१,२५०
कोशी	मोरङ्ग, सुनसरी	३१२.५	२५०	२५०	२५०	१८७.५	१,२५०

	जम्मा	१४३७.५	१२५०	१२५०	१२५०	१०६२.५	६,२५०

कृषि अर्थसम्बन्धी अध्ययन र अनुसन्धान

कृषि क्षेत्रमा आधारभूत अध्ययन तथा अनुसन्धान कार्यहरूको खाँचोले देशमा कृषि विकासको लागि समुचित रूपमा योजना कार्यक्रमहरू र नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्न गाह्रो हुन गएको छ । हाल कृषि उत्पादनको क्षेत्रफल र उब्जनीको तथ्याङ्क प्राप्य छ । तर, कृषि क्षेत्रमा भएको पुँजी निर्माण, काम गर्ने मौसमी कामदारहरू र तिनीहरूले पाउने ज्याला, विभिन्न पदार्थको बजार, आय बृद्धिअनुसार खाद्यान्नको माग, कृषिको आदान प्रदानसम्बन्धी समस्या र कृषिमा आधारित उद्योगहरूको सम्भावना तथा सरकारबाट सञ्चालित भूमिसुधार र कृषि प्रसार, कृषि शिक्षा तथा अनुसन्धानको प्रभाव आदि विषयहरूको सम्बन्धमा तथ्याङ्कहरूको कमी नै छ । यस कारण चौथो योजनामा यस सम्बन्धी तथ्याङ्कहरूको सङ्कलन गर्ने कार्यक्रम समावेश गरिएको छ ।

कृषि कार्यक्रम र खर्च

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचीमा दिइएको छ निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभाग अन्तर्गत पर्ने खर्चको वाँडफाँट तल दिइएको छ ।

सि.नं..	**आयोजना**	**खर्च (रु. हजारमा)**
१.	कृषि प्रसार	३,८२,००
२.	कृषि शिक्षा र अनुसन्धान	५,४९,००
३.	पशु विकास तथा पशु चिकित्सा	२,४५,००
४.	मत्स्य विकास	१,०२,००
५.	फलोद्यान विकास	१,२९,००
६.	खाद्य अनुसन्धान	३०,००
७.	पुनर्वासः	
	(क) विभाग	२९,००
	(ख) कम्पनी	२,६०,००
८.	कृषि अर्थ	२०,००
९.	दुग्ध विकास	१,२३,००
	जम्मा	१८,६९,००

अनुसूची

कृषिसम्बन्धी आयोजनाहरू

आयोजनाको नाम	स्थिति	लक्ष्य	खर्च (रु.०००)
१	२	३	४
(क) पशु विकास तथा पशु चिकित्सा			२,४५,००
		उत्पादन	
(१) पशु विकास फार्म खुमलटार-	चालू	वाछावाछी १४२ गोटा	४५,००
		पाडापाडी १६६ गोटा	
		भेडाबाखा पाठापाठी २०४ गोटा	
		सुंगुर २००० गोटा	
		दूध ३००००० लिटर	
(२) पशु विकास फार्म रामपुर-	चालू	वाछावाछी ११९ गोटा	१५,००
		पाडापाडी २२९ गोटा	
		सुंगुर १५०० गोटा	
		बाखा पाठापाठी १२० गोटा	
		दूध ३८७८०० लिटर	
		वाछावाछी ११९ गोटा	१५००
		गोरू १५००	
(३) पशु विकास फार्म तरहरा-	चालू	पाडापाडी १६४ गोटा	
		सुँगुर २२०० गोटा	
		बाखा पाठापाठी १२० गोटा	

		दूध २८३००० लिटर	
(४) पशु विकास फार्म पोखरा-	चालू	पाडापाडी ४८ गोटा	१५,००
		भेडाभेडी ९६० गोटा	
		बाखा १५० गोटा	
		सुँगुर ४५० गोटा	
		दूध ४८००० लिटर	
(५) पाँच सय खोला भेडा फार्म नुवाकोट जिल्ला	चालू	भेडा पाठापाठी ८४० गोटा	५,००
		उन उत्पादन २००० के.जी.	
(६) चित्लाङ्ग भेडा बृद्धि केन्द्र	चालू	भेडा पाठापाठी ४०० गोटा	२,५०
(७) जुम्ला भेडा फार्म	चालू	भेडा पाठापाठी १४०० गोटा	२,५०
(८) नेपालगञ्ज पशु विकास फार्म	प्रस्तावित	वाछावाछी ९० गोटा	२५,००
		पाडापाडी ९० गोटा	
		बाखा पाठापाठी १२० गोटा	
		सुँगुर ५४० गोटा	
		दूध १८०००० लिटर	
(९) ताप्लेजुङ्ग पशु विकास फार्म	प्रस्तावित	पाडापाडी १५ गोटा	१७,००
		बाखा पाठापाठी ८४० गोटा	
		सुँगुर ६० गोटा	
		दूध ३०००० लिटर	
(१०) जिरी पशु विकास फार्म	चालू	अप्राप्य	१२,००
(११) कृत्रिम गर्भाधान योजना	चालू	कृत्रिम गर्भाधान गाई	२०,००
		भैंसी १,९८,०००	
(१२) चरन विकास	प्रस्तावित	उन्नत जातको घाँस	१५,००
		बीउ उत्पादन गर्ने केन्द्रको स्थापना गर्ने (खुमलटार, रसुवा, रामेछाप राप्ती, विराटनगर, जुम्ला)	
(१३) सेन्ट्रल ह्याचरी फार्म परवानीपुर	चालू	चल्ला उत्पादन ३००,००० गोटा	१९,००
(१४) काठमाडौं ब्रूडर तथा ह्याचरी फार्म जाउलाखेल	चालू	चल्ला उत्पादन १,००,००० गोटा	८,००
(१५) तरहरा ब्रूडर कम ह्याचरी फार्म	चालू	चल्ला उत्पादन १,००,००० गोटा	७,००
(१६) सिंहदवार पोल्ट्री प्रोजेक्टर	चालू	भ्याक्सिनेसन संख्या ३,००,०००	४,००
(१७) पोल्टी ब्रूडर यूनिट	प्रस्तावित	१०,००० क्षमता भएको ब्रूडर युनिट खोल्ने सङ्ख्या ३ (पोखरा नेपालगञ्ज, भैरहवा)	३,००
(१८) पशु चिकित्सा सेवा (खर्च भवन निर्माणलाई मात्र)	चालू	७ नयाँ, चिकित्सालयहरू खोल्ने (ताप्लेजुंङ्ग रामेछाप, रसुवा, बाजुरा, रुकुम, संखुवासभा, दार्चुला)	१०,००
(१९) (क) पशु चिकित्सा अनुसन्धानशाला काठमाडौं	चालू	अधिराज्यभरलाई चाहिने विभिन्न रोगहरूको भ्याक्सिनेशन तयार गर्ने	११,७५
(ख) डिजीज इन्भेस्टीगेसन यूनिट काठमाडौं–	प्रस्तावित	एक डाईगनोष्टिक लेबोरेटरी स्थापित गरी अञ्चल चिकित्सालयमा रहेका प्रयोगशालाद्वारा पशुपंक्षीमा लाग्ने रोगको संरक्षण र निदान सर्भे गर्ने यथोचित उपचारको व्यवस्था मिलाउने ।	

(२०) कारकस यूटिलाइजेशन प्रोजेक्ट हेटौंडा–	चालू	खेर जाने सिनो र वधशालाबाट प्राप्त उप–उत्पादनहरूबाट खाद आदिको उत्पादन गर्ने र सिनो सदुपयोग तथा छाला उतार्ने क्योरीड, प्रोसेसिंगको तालिम दिने ।	२५
(२१) फिड मिक्सिङ्ग प्लान्ट हेटौडा	चालू	२५०० मे.ट. वार्षिक सन्तुलित दाना आहाराको उत्पादन र विक्री वितरण गर्ने	
(२२) दूग्ध विकास (क) काठमाडौं दुग्ध वितरण केन्द्र	चालू		१,२३,००
		१. क्षमतामा विस्तार गर्ने	४००
		२. बार्षिक उत्पादन क्षमता ३०,००००० लिटरसम्म पुऱ्याउने	
(ख) दुग्ध वितरण केन्द्रहरू	प्रस्तावित		७,८००
१. विराटनगर	,,	१. केन्द्र स्थापना गर्ने	
		२ . बार्षिक उत्पादन क्षमता १५,००,०० लिटर पुऱ्याउने	
२. नेपालगञ्ज	,,	१. चौथो वर्षसम्ममा केन्द्र स्थापना पूरा गर्ने	
		२. १० लाख लिटर दूध प्रतिवर्ष उत्पादन गर्ने	
३. बीरगञ्ज	,,	१. पाँचौ वर्षमा आयोजना पूरा गर्ने	
		२. १० लाख लिटर दूध वार्षिक उत्पादन गर्ने	
ग. चीज उत्पादन केन्द्र	३ चालू ५ प्रस्तावित	१. केन्द्रको स्थापना ५	७००
		२. चीज सेल्टर आवश्यकतानुसार	
		३. चीज उत्पादन बार्षिक ५० मे.ट.	
घ. नौनी उत्पादन केन्द्र (वारा, पर्सा, रौतहट र इलाममध्ये दुई ठाउँमा)	प्रस्तावित	१. केन्द्र स्थापना गर्ने २	३,४००
(ख) मत्स्य विकास	चालू		१,०२,००
१. वाग्मती मत्स्य विकास		क. मस्त्य विकास प्रसार कार्य १५,०० र भूरा वितरण कार्य चालू राख्ने	
		ख. पूर्वी तराईमा कृत्रिम जलाशयको सर्भे गर्ने	
		ग. त्रिशुली र तादी खोलाको अध्ययन पूरा गरी रिपोर्ट तयार गर्ने	
		घ. नारायणी र भोटेकोशीको इकोनोमिकल र वायोलोजिकल अध्ययन गर्ने	
		ङ. असला र महासेरको कृत्रिम प्रजनन र भूरा उत्पादनसम्बन्धी अध्ययन गर्ने ।	
२. गोदावरी मत्स्य विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ५००,०००	५,००
		२. खाने माछा के.जी. २,७७०	

		३. ग्रास कार्प र सिल्भर कार्पको भूरा उत्पादन सङ्ख्या १,४०,०००	
		४. असलाको परीक्षण र कृत्रिम प्रजनन	
३. जनकपुर मस्त्य विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या, ९,६०,०००	६,००
		२. खाने माछा के.जी. ३७००	
		३. प्रसार कार्य गाउँ २००	
		४. सिल्भर कार्प र ग्रास कार्पको कृत्रिम प्रजनन ९०,०००	
		५. स्थानीय माछा सङ्कलन, कृत्रिम जलाशय सर्वेक्षण र तथ्याङ्क सङ्कलन	
४. पोखरा ताल विकास केन्द्र	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ३८०,०००	६००
		२. ट्रायल फिसिंग के.जी. २८०००	
		३. प्रसार कार्य गाउँ १२०	
		४. डुङ्गा बनाउने सङ्ख्या १७	
		५. जनाताको को-अपरेटिभ सोसाइटीको गठन गरी माछा पालन कार्य सिकाउने ।	
		६. माछा उत्पादन के.जी. ३७,०००	
५. मत्स्य प्रजनन तथा वितरण केन्द्र (क) तरहरा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ८९५,०००	४००
		२. खाने माछा के.जी. २८००	
		३. प्रसार कार्य गाउँ २००	
		४. सिल्भर कार्प र ग्रास कार्प भूरा प्रजनन ४००००	
		५. स्थानीय माछा र जलाशय सञ्चालन सर्वेक्षण	
(ख) परवानीपुर	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या १०,००,०००	५००
		२. खाने माछा उत्पादन के.जी. ३१००	
		३. प्रसार कार्य गाउँ २००	
		४. ग्रास कार्प र सिल्भर कार्प भूरा प्रजनन ८०,०००	
		५. स्थानीय माछा सङ्कलन र सर्वेक्षण	
		६. थप पोखरी निर्माण	
(ग) भैरहवा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या ६३,००००	४००
		२. खाने माछा उत्पादन के.जी. २८००	
		३. प्रसार कार्य गाउँ २००	
		४. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या ३५०००	
		५. स्थानीय माछा सङ्कलन र जलाशय सर्वेक्षण	
		६. पोखरी निर्माण	
(घ) नेपालगञ्ज	प्रस्तावित	१. सर्वेक्षण, योजना निर्माण पूरा गर्ने	४००

		२. माछा भूरा उत्पादन सङ्ख्या १४५०००	
		३. खाने माछा के.जी. ९००	
		४. प्रसार कार्य गाउँ ८०	
(ङ) राजविराज	प्रस्तावित	१. सर्वेक्षण योजना निर्माण कार्य पूरा गर्ने	४००
		२. माछा भूरा उत्पादन सङ्ख्या १४५०००	
		३. खाने माछा के.जी. ९००	
		४. प्रसार कार्य गाउँ ८०	
(च) काठमाडौं सेन्ट्रल ह्याचरी	चालू	१. निर्माण पूरा गर्ने	४००
		२. माछा भूरा उत्पादन सङ्ख्या १८,५०,०००	
		३. ग्रास र सिल्भर कार्प प्रजनन सङ्ख्या ४२०,०००	
		४. असला र महासेरको प्रजनन परीक्षण	
(छ) ट्राउट ह्याचरी लामटाङ	चालू	१. निर्माण कार्य पूरा गर्ने	५००
		२. कृत्रिम प्रजनन सङ्ख्या २२५०००	
		३. त्रिशुली र अन्य उत्तरी भेगका नदीमा भूरा छोड्ने र बृद्धि अध्ययन गर्ने सङ्ख्या १२५,०००	
६. बृहत् मत्स्य विकास केन्द्र (क) पूर्वी तराई	प्रस्तावित	१. दोस्रो वर्षमा निर्माण पूरा गर्ने ५४.४२ हेक्टर	२०,००
		२. माछा भूरा उत्पादन सङ्ख्या ७७५०००	
		३. खानेमाछा के.जी. ६००००	
(ख) पश्चिम तराई	प्रस्तावित	१. तेस्रो वर्षमा निर्माण पूरा गर्ने ५४.५२ हेक्टर	
		२. माछा भूरा उत्पादन सङ्ख्या ४०००००	
		३. खाने माछा उत्पादन के.जी. १५०००	
७. बृहत् मत्स्य विकास केन्द्र (क) हेटौडा	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या २१,५०,०००	१०,००
	,,	२. खाने माछा उत्पादन के.जी. १७००००	
		३. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या २९५०००	
		४. प्रसार कार्य गाउँ ४०	
(ख) राप्ती	चालू	१. माछा भूरा उत्पादन सङ्ख्या २०,००,०००	१०,००
		२. खाने माछा उत्पादन के.जी. १४५०००	
		३. ग्रास कार्प र सिल्भर कार्प प्रजनन सङ्ख्या १६०,०००	

(ग) फलोद्यान विकास **१,२९,००**

	विवरण			फलफूल, रुट स्टक सङ्ख्या ००० मा	फलफूल विरुवा, सङ्ख्या ००० मा	तरकारीको बीउ (के.जीं.मा)	आलु मे.ट	
१.	वागवानी अनुसन्धान केन्द्र	कीर्तिपुर	चालू	४,२५	२,२०	२४,०००	-	८,२९
२.	,,	धनकुटा	,,	३,८०	२,२०	१२,५००	५०	५,००
३.	,,	पोखरा	,,	१,२५	१,००	५,०००	२०	४,००
४.	,,	दामन	,,	३,००	२,००	२,०००	-	२,५०
५.	,,	हेलम्बु	,,	१,२५	३७	२५०	२५	२,५०
६.	,,	सतवाझ वैतडी	,,	१,००	६२	२,०००	५	२,५०
७.	,,	जनकपुर	,,	४३	१९	१७,०००	१०	२,२०
८	,,	धुनी वेसी धादिङ्ग	,,	५०	५०	५००	-	२,२५
९.	,,	थाकमार्फा	,,	२५	१५	१५०००	५	२,५०
१०.	,,	त्रिशूली	,,	१५	७५	५००	-	२,२५
११	,,	जुम्ला	,,	१,९०	९५	७००	१८	२,५०
१२	,,	तरहरा	,,	१३,०	१,८०	३०००	१०	४,३९
१३	,,	परवानीपुर	,,	२,००	१,२५	१५००	-	२,७२
१४	,,	यज्ञपुरी भरतपुर	,,	९०	३००	५००००	१००	५,००
१५.	,,	हुम्ला	प्रस्तावित	२५	१२	-	१०	२,५०
१६.	,,	पाल्पा	चालू	१२	१५	२७५	-	२,२५
१७	,,	मुस्तांग	प्रस्तावित	२८	१२	-	१०	२,२५
१८	,,	रसुवा	,,	२८	१२	-	१०	२,२५
१९.	प्लान्ट इन्ट्रोडक्सन सिंहदरवार	गोदावारी	चालू	३८०	१३५	२५००	-	५,००
२०.	फलफूल केन्द्र	ककनी	,,	२२०	१२५	-	३७	३,००
२१.	आलु विकास योजना	इलाम	,,	७०	२३	-	७२०	१६,४०
२२.	,,	कीर्तिपुर	,,	-	-	-	१५०	३,००
२३.	,,	दामन	,,	-	-	-	३७५	४,००
२४.	फलफूल संरक्षण कार्यालय	कीर्तिपुर	,,	३०००० (किलो फल संरक्षण पदार्थ उत्पादन				२,२५
२५.	बृहत् फलोद्यान विकास कार्यक्रम	प्रस्तावित	४० हेक्टर भएको			फलोद्यानको स्थापना गर्ने		३५००
	(क) पृथ्वी राजमार्ग	,,	,,					
	(ख) अरनिको राजमार्ग	,,	,,					
	(ग) सिमरा-जनकपुर (महेन्द्र राजमार्ग)	,,	१२० हेक्टर भएको			फलोद्यान स्थापना गर्ने		

२६.	तरकारीको न्यूक्लीयस बीज बृद्धि योजना यज्ञपुरी, काठमाडौं	प्रस्तावित	-			न्यूक्लीयस तरकारी बीउ उत्पादन ४० हेक्टरमा		२५०

आयोजनाको नाम	स्थिति	लक्ष्य (खर्च रु.०००)	
(घ) कृषि शिक्षा तथा अनुसन्धान			५४९००
१. कृषि वनस्पति विज्ञान			३००
(क) कृषि वनस्पति विज्ञान शाखा	चालू	बोटानीको भवन र ग्रीन हाउस निर्माण ५४.४२ हक्टर जग्गा प्राप्त गर्ने	
(ख) अन्नबाली, सुधार, वाग्मती, नारायणी, जनकपुर, कोशी, भेरी, लुम्बिनी, सेती, सगरमाथा र मेची		१. विभिन्न जातीय २. विभिन्न जातको सङ्कलन र गुणको प्रारम्भिक विश्लेषण सङ्ख्या ४९००	
		३. विभिन्न जातको सङ्कलन १९२०	
		४. सङ्कलित जातको परीक्षण ३८००	
		५. मूल बीउ उत्पादन १९७०० (के.जी.)	
		६. प्रजनन बीउ उत्पादन (के.जी.) १२००	
(ग) बीज परीक्षण तथा विकास (ललितपुर)	चालू	१. २३००० सम्म बीउको नमूना विश्लेषण गर्ने क्षमता बढाउने	
		२. २७०० हेक्टर खेतमा बाली निरीक्षण गर्ने	
		३. १४५०० मे.ट. बीउ प्रमाणित गर्ने	
		४. १५ वटा बीउसम्बन्धी अध्ययन गर्ने	
(घ) विभिन्न बाली सम्बन्धी वनस्पति सङ्कलन, वर्गीकरण तथा विश्लेषण (वाग्मती, नारायणी)	चालू	१. ७५० जातको धान र ५०० प्रकारको झारपात सङ्कलन, वर्गीकरण र विश्लेषण	
		२. ६० प्रकारको कोसे बाली र हरियो मललाई हुने बीउको सर्वेक्षण र विश्लेषण	
(ङ) तेलहन तथा दलहन सुधार (खुमलटार र रामपुर कृषिकेन्द्र)		१. ३५० विभिन्न जातहरूको सर्वेक्षण तथा सङ्कलन	
	प्रस्तावित	२. २७५ जातहरूको विभिन्न गुणको प्रारम्भिक बिश्लेषण	
२ अन्नबालीको बीज विकास आयोजना, काठमाडौं उपत्यका तथा हेटौडा	,,	१. विभिन्न तहका अनाजको बीउ बढी उत्पादन गरी प्रमाणीकरणको व्यवस्था गर्ने,	६८,००
		२. प्रमाणीकरणसम्बन्धी नीति, नियम बनाउे,	
		३. खुमल्टारमा बीउ परीक्षण प्रयोगशाला र हेडौडामा बीउ संस्करण यन्त्र स्थापना गर्ने,	
		४. प्रगतिशील उत्पादकहरू छान्ने तालिम प्राप्त सङ्ख्या:	३५,००
३. कृषि कलेज, जगदम्बा कृषि भवन, पुल्चोक ललितपुर		१. आई.एस्सी. २२५	
	चालू	२. वि.एस्सी २५	
		३. फिल्ड तालिम ५००	

		४. अपग्रेडिङ्ग तालिम ३४०	
		५. जे.टि.ए. ७००	
४. बाली विज्ञान कृषि फार्म		१. परिचयात्मक अध्ययन सङ्ख्या १२०	७२,००
क. खुमलटार		२. परीक्षण २८५	
ख. जनकपुर		३. उन्नतजातको बीउ उत्पादन (मन) २७०००	
ग. नेपालगञ्ज			
घ. डोटी	चालू	४. नगदेबाली विकास (मन) ३६,४०४	
		५. विभिन्न बाली परीक्षण सङ्ख्या ८५	
		६. घुम्ती बाली अध्ययन सङ्ख्या ५	
		७. हरियो मल अध्ययन ७	
		८. कृषि शिक्षा तथा तालिम १५	
		९. कृषि सेवा	१०
		१०. जूटबाली फार्म (मन) ८३१	
		११. पहाडी कृषि फार्म (मन) ६९०	
		१२. जूटबाली फार्म र पहाडी कृषिबाली फार्म थप्ने ।	
५. कृषि इञ्जिनियरिङ्ग		१. निर्माण कार्यको डिजाईन इस्टिमेट रु. २५० लाख	४०,०००
(क) कृषि निर्माण योजना काठमाडौं	चालू	२. पक्का धन्सार डिजाइन १५	
		३. अन्य धन्सार ,, १५	
(ख) कृषि औजार तथा मेसिनरी (अनुसन्धान, मर्मत) योजना काठमाडौं, वीरगञ्ज	चालू	१. सवारी साधनको मर्मत ५००	
		२. ट्रयाक्टर र अन्यको १००	
		३. सिँचाइ स्ट्रक्चर निर्माण र अनुसन्धान २५	
		४. गोदाम घरको नमूना १०	
		५. औजारसम्बन्धी तालिम १६०	
		६. औजार प्रदर्शन ४०	
		७. ड्रायरको नमूना २	
		८. औजार नमूना १५	
(ग) फार्म डेभलपमेन्ट तथा सिँचाइ अनुसन्धान योजना, कृषि फार्म तथा अनुसन्धान केन्द्र	प्रस्तावित	१. गहुँ, मकै र उखु बालीहरूमा सिँचाइ सम्बन्धी अध्ययन १०	
		२. कृषि तालिम १००	
		३. जे.टि.ए. सर्भेयर तालिम ५०	
		४. फार्म ट्यूवेल ३	
		५. फार्म कूलो डिजाइन ५	
६. एन्टोमोलजी अनुसन्धान खुमलटार, विराटनगर र परवानीपुर मात्र	चालू	१. अनुसन्धान सर्वेक्षण हेक्टर २०,०००	२३,००
		२. सङ्कलन परीक्षण (कीरा) २०,०००	
		३. संरक्षण (कीरा) ५००	

		४. रासायनिक परीक्षण अध्ययन, रेशम, मौरी पालन आदि अध्ययन	
		५. बाली संरक्षण शाखा ५	
(क) प्लान्ट क्वोरन्टीन काठमाडौं, वीरगञ्ज, विराटनगर, भैरहवा र नेपालगञ्ज		१. काननीकरण कार्य पूरा गर्ने	१०,००
		२. काठमाडौंमा प्लान्ट क्वारेन्टीन ल्याव शाखा स्थापाना गर्ने ।	
		३. ५ चेकपोष्ट स्थापाना गर्ने	
७. प्लाण्ट व्याथोलजी शाखा		१. रोगको सर्वेक्षण हेक्टर १,००,०००	२२,००
(क) केन्द्रीय प्रयोगशाला खुमलटार	चालू	२. रोग सङ्कलन सङ्ख्या ५,०००	
		३. रोग नियन्त्रण अध्ययन ९७	
		४. रोगसम्बन्धी अध्ययन परीक्षण ५००	
		५. बीउसम्बन्धी रोग अध्ययन १,०००	
		६. प्रकाशन २०	
		७. प्रदर्शन ६०	
		८. तालिम १,०००	
		९. रोग सम्बन्धी सल्लाह १,०००	
(ख) बाली संरक्षण केन्द्र तथा प्रयोगशाला		१. नयाँ केन्द्र स्थापना गर्ने ४	
	चालू	२. क्षेत्रीय प्रयोगशाला स्थापना गर्ने २	
		३. रोग सङ्कलन १,०००	
		४. रोग नियन्त्रण सम्बन्धी अनुसन्धान २०	
		५. प्रदर्शन ४००	
		६. तालिम १००	
		७. आवश्यक सल्लाह २०००	
८. स्वायल साइन्स शाखा			
(क) स्वायल साइन्स केन्द्रीय प्रयोगशाला	चालू	१. २२ जिल्लामा माटो सर्भे गर्ने हेक्टर ३४,२७,९१०	२२,००
		२. माटो विश्लेषण सङ्ख्या ४०,०००	
		३. मलखाद परीक्षण क्षेत्र ३४	
		४. प्रकाशन २५	
(ख) क्षेत्रीय स्वायल फर्टिलिटी शाखा र प्रयोगशाला, (परवानीपुर तरहरा, भैरहवा, रामपुर, जिरी, जनकपुर, नेपालगञ्ज र डोटी)	,,	१. मलखाद परीक्षण (८ केन्द्रमा) २०७	८००
		२. माटो विश्लेषण ३,९००	
(ग) स्वायल फर्टिलिटी रिसर्च एण्ड प्रमोशन अफ फर्टिलाइजर यूज	प्रस्तावित	१. मलखाद परीक्षण-तराई भित्री मधेश र पहाडमा ७ ठाउँ प्रत्येक वर्ष १००० वटा	१,५५,००
		२. पाइलट प्रोजेक्ट	
९. कृषि केन्द्रहरू:	चालू	प्रयोगशाला (परवानीपर) १	६५००
१. परवानीपुर			
२. रामपुर			
३. विराटनगर र जूटबाली फार्म			
४. भैहरवा			

(ङ) कृषि प्रसार				३,८२,००
१. कृषि प्रसार कार्यक्रम	**चालू**	**कार्यक्रम**	**सङ्ख्या**	**३०,००**
		तरिका प्रदर्शन	४५,०००	
		नतीजा प्रदर्शन	२,१३,०००	
		अगुवा कृषक तालिम	२१,५००	
		तालिम प्राप्त अगुवा कृषक	२,२५,०००	
		मौसम अनुसार तालिम पाउने जे.टी. र जे.टी.ए.	२००	
		कृषक दिवस	१४९	
		कृषक दिवसमा भाग लिने कृषकहरू	१४,९००	
		मेला प्रदर्शनी	१२५	
		बढी अन्न उपादन प्रतियोगिता	१६८	
		जिल्ला प्रतियोगिता	५०४	
		राष्ट्रिय प्रतियोगिता	५	
		प्रतियोगितामा भाग लिने अनुमानित कृषकहरू	५,६००	
२. ग्रामीण कृषि युवा कार्यक्रम				१७००
	चालू	पञ्चायत ५११, क्लव ७७१, तालिमी सदस्य ११५६३, प्रौढ अगुवा ७७१, चारपाते अगुवा तालिम २२००, नतिजा प्रदर्शन ९१५३, तालिमी सदस्यद्वारा गरिने व्यक्तिगत परियोजना २६९०८ तरिका प्रदर्शन टीम तालिम ३०८४, जजीङ्गटीम तालिम ३०८४, सामुदायिक सेवा ७१७५, जि.चा. कार्य कुसलता दिवस ११० अं.चा कार्य कुशलता दिवस १३, राष्ट्रिय कार्य कुसशला दिवस ५, बढी सागसब्जी फलाउने आन्दोलन २५,		
३. कृषि सूचना शाखा				१५,००
	चालू	पुस्तिका प्रकाशन ५७०	किसिम	
		पोष्टर प्रकाशन २००	,,	
		रेडियो कार्यक्रम १२४८	पटक	
		चलचित्र तयारगर्ने १२	,,	
		चलचित्र प्रदर्शन ५७०	,,	
		कृषि समाचार ८७००	प्रति	
		कृषि प्रदर्शनी ३४	पटक	
४. गण्डकी कृषि विकास योजना				५०,००
(च) खाद्य अनुसन्धान				३०,००
१. (क) ववरमहल, काठमाडौं	चालू	१. खाद्य अनुसन्धानशालाको निर्माण गर्ने		
		२. खाद्य पदार्थको विश्लेषण चालू राख्ने		
		३. खाद्य नियम लागू गर्ने		
(ख) खाद्य औद्योगिक पाइलट प्लान्ट (वर्कशप) काठमाडौं	१.	उपलब्ध खाद्य कच्चा पदार्थ सफल प्रशोधनको जाँच गर्ने		१५,००

	चालू	२. औद्योगिक फाल्तु पदार्थबाट पौष्टिक खाना बनाउन खोज्ने	
		३. प्राविधिक तालिम दिने र मद्दत गर्ने	
२. खाद्य परीक्षण शाखा झापा	चालू	परीक्षणको काम र तथ्याङ्क	१०,००
	चालू	सङ्कलन र धान कुटानी प्रयोगशालाहरू चालु राख्ने	
३. खाद्य पौष्टिक तत्वसम्बन्धी सर्वेक्षण र अनुसन्धान	प्रस्तावित	१. देशमा खाद्य र पौष्टिक स्थितीको सर्वेक्षण र तथ्याङ्क सङ्कलन	५,००
		२. देशमा उपलब्ध खाद्य पदार्थको पौष्टिक तत्वको विश्लेषण गरी संतुलित योजनाको तर्जुमा गरी प्रचार गर्ने	
(छ) विभागीय कार्यक्रम पुनर्वास			२,९००
१. क्षेत्रीय पुनर्वास योजना कोशी (मोरङ र सुनसरी)	प्रस्तावित	१२५० हेक्टरमा	६,७०
		४५० परिवार	
२. क्षेत्रीय पशु पुनर्वास योजना नारायणी	प्रस्तावि	१२५० हेक्टरमा	६,७५
		४५० परिवार	
३. क्षेत्रीय पुनर्वास योजना लुम्बिनी अञ्चल	प्रस्तावित	२५०० हेक्टरमा	६,८०
		९०० परिवार	
४. क्षेत्रीय पुनर्वास योजना जनकपुर अञ्चल	प्रस्तावित	१२५० हेक्टरमा	६,७५
		४५० परिवार	
५. हाल आवादीको व्यवस्था			२,००
कंपनीको कार्यक्रम			२,६,०००
कञ्चनपुर, कैलाली, बाँके, वर्दिया र झापा गरी चार जिल्लामा बसोवास गराउने	प्रस्तावित	१. वसाउने परिवार सङ्ख्या ६०००	
		२. वितरण हुने जमिन २०४०८ हेक्टर	
ज) कृषि अर्थ सम्बन्धी अध्ययन र अनुसन्धान			२०००
१. कृषिमा काम गर्ने मौसमी कामदार तिनीहरूले पाउने ज्यालासम्बन्धी अध्ययन			
२. कृषिमा हुने पुँजी निर्माणको अध्ययन ।			
३. प्रमुख कृषि उत्पादनहरूको व्यापक अध्ययन ।			
४. ग्रामीण क्षेत्रको परिवारीक सर्वेक्षण(आयस्रोत र उपभोग सम्बन्धी)			
५. कृषिमा आधारित मुख्य उद्योगहरूको सम्भावना र समस्याको अध्ययन ।			
६. भूमि सुधार कार्यक्रमको मूल्यांकन ।			
७. २०२६ को फार्म म्यानेजमेन्ट सर्भेको अन्तिम रिपोर्ट तयार गर्ने ।			
८. कृषि उत्पादनमा कृषि प्रसार कृषि शिक्षा तथा अनुसन्धानको प्रभावसम्बन्धी अध्ययन			
९. फलफूल विकासको सम्भावना, बजार तथा त्यसमा आधारित उद्योग बारे अध्ययन ॥			
१०.पशु धन तथा मस्त्य विकास, पशु धनमा आधारित वस्तुहरूको उत्पादन, बजार आदिको अध्ययन ।			

परिच्छेद ६

कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखन व्यवस्था

कृषि विकास कार्यक्रममा निर्धारित लक्ष्यहरू हासिल गर्ने काम लाखौ किसानहरूको क्षमतामा आधारित रहने कुरा निर्विवाद छ । तर किसानहरूलाई आफ्नो उत्पादन कार्यमा सक्षम र सबल तुल्याउन चाहिने आधुनिक उपकरणको पर्याप्त प्रयोगका लागि चाहिने ऋण सुविधा सरल र सुलभ हुनु नितान्त आवश्यक छ । हाल कृषि ऋण जुटाउनको लागि सहकारी संस्थाहरूका साथै कृषि विकास बैंक र बचत सस्थानका अतिरिक्त वार्ड समितिहरू पनि सम्मिलित रहे तापनि सुसंगठन, कुशल प्रशासन तथा न्यूनतम निर्देशन र नियन्त्रणको कमीले गर्दा कार्य क्षेत्र र जिम्मेवारीमा समेत स्पष्टता नहुँदा ऋण सुविधा पुऱ्याउने मुख्य उद्देश्य पूरा गर्नमा नै अवरोधहरू पैदा हुन गएकोले चौथो योजनाकालमा हालसम्मको वास्तविक अनुभवको आधारमा चौथो योजनाअन्तर्गत सघन कृषि विकास कार्यक्रम लागू हुने जिल्लाहरूमा निम्नलिखितअनुसार कृषि ऋण, उपकरण तथा उत्पादित वस्तुको वेचविखनको व्यवस्था गर्ने उपाय अपनाइने छ:-

१. ग्रामीण स्तरसम्म संस्थागत कृषि ऋणको व्यवस्था र कृषि विकासलाई चाहिने मल, बीउ, औजार आदि उपकरणहरू पुऱ्याउन प्रभावकारी ढङ्गबाट आवश्यक व्यवस्था गर्न अरू नयाँ संस्थाहरूको स्थापना गर्नुभन्दा हालसम्म स्थापना भइसकेका संस्थाहरूलाइनै सवल तुल्याउने हिसावले सहकारी, कृषि विकास बैंक, भूमिसुधार बचत संस्थान, कृषि सप्लाई संस्थान तथा ग्राम समितिहरूद्वारा नै आवश्यक कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।

२. सघन कृषि विकास कार्यक्रम सन्चालन गरिने २८ जिल्लाहरूमा गाउँ पन्चायत स्तरमा अनिवार्य वचतको जिम्मा लिई व्यक्तिगत किसानहरूलाई कृषि ऋण दिने, उन्नत बीउ रासायिनक मल तथा अन्य सानातिना उपकरणहरू विक्री गर्ने काम ग्राम समितिने गर्नेछ । ग्राम समितिबाट यसरी सञ्चालन गरिने सबै लेनदेन वेचविखनको हिसाव किताव राख्ने काम सम्बन्धित गाउँ पञ्चायतको सचिवले गर्नेछ । ग्राम समितिहरूउपर सामान्य रेखदेख निर्देशन पुऱ्याउनको लागि ३४४ ऋण इन्स्पेक्टर र १४ क्षेत्रीय कार्यालयको व्यवस्था भूमिसुधार वचत संस्थानबाट हुनेछ । यसरी ग्राम समितिहरू केही वर्षपछि सक्षम भई स्वचालित रूपमा सन्चालन हुन सकिने अवस्थामा पुगेपछि ग्राम समितिहरूलाई वहुमुखी सहकारी संस्थामा परिणत गरिनेछ, र ग्राम समितिअन्तर्गतको अनिवार्य वचतलाई वचत कर्ताको स्वेच्छाले बहुमुखी सहकारी संस्थाकै शेयर पुँजीमा परिणत गरिनेछ । यसरी ग्राम समिति बहुमुखी सहकारी संस्थामा परिणत भएपछि तल लेखिए अनुसार अन्तर गाउँ पञ्चायत स्तरमा पुनर्गठित रूपमा स्थापना हुने सहकारी संस्थाको सदस्य बन्ने छ । तर अन्तरिम कालमा ग्राम समिति अन्तर गाउँ पन्चायत स्तरीय सहकारी संस्थाको एजेण्टको रूपमा मात्र रही निर्धारित कमिसनको आधारमा अन्तर-गाउँ पञ्चायत स्तरीय सहकारी संस्थान तर्फबाट आफ्नो गाउँ पञ्चायतका किसानहरूलाई उपकरणहरूको वेचबिखन गर्ने काम गर्नेछ । कृषि ऋणको हकमा हाल जस्तै भूमिसुधार वचत संस्थानले ग्राम समितिद्वारा निर्धारित कमिसनको आधारमा सामान्य कृषि उत्पादन ऋण दिनेछ । यसरी ग्राम समितिउपर रेखदेख पुऱ्याउन चाहिने ऋण इन्स्पेक्टरको प्रशासकीय खर्च व्यहोर्न वचत संस्थानलाई श्री ५ को सरकारबाट अनुदान दिइनेछ ।

३. सहकारी विभागद्वारा चौथो योजना अवधिमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूमा स्थापित हुन आएका सहकी संस्थाहरूलाई क्रमिक रूपमा पुनर्गठन गरी एक जिल्लामा आवश्यकता अनुसार बढीमा १० वटा अन्तर–गाउँ पञ्चायत स्तरीय सहकारी संस्था स्थापना गरी सहकारी विभाग तथा कृषि विकास बैंकबाट आवश्यक प्रशासकीय टेवा उपलब्ध गरी निर्देशित रूपमा यी पुनर्गठित संस्थाहरूलाई सञ्चालन गरी विकास गर्ने लक्ष्य राखिएको छ । योजना अवधिमा यस प्रकार खोलिने संस्थाहरूमा सहकारी भावना जागृत गराउनुका साथै सामान्य रेखदेख तथा लेखा परीक्षणको व्यवस्था पुऱ्याउनका लागि सहकारी विभागबाट पुनर्गठित सहकारी संस्थाहरू स्थापना हुने जिल्लाहरूमा सहकारी विभागका सुसंगठित जिल्ला कार्यालयहरू रहनेछन् । यी संस्थाहरूको दैनिक कारोवार सञ्चालन गर्नका लागि कृषि विकास बैंकबाट एकजना तालिमप्राप्त कर्मचारी नियुक्त गरिनेछ, जसले सहकी संस्थाको म्यानेजरको रूपमा काम गर्नेछ । यसरी कृषि विकास बैंकबाट खटिई जाने कर्मचारीहरूको प्रशासकीय खर्चका निमित्त बैकलाई श्री ५ को सरकारबाट अनुदान दिइनेछ । यसरी खडा हुने अन्तर–गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई कृषि ऋण दिने र कृषि सप्लाई संस्थान संस्थानको एजेन्ट भई कृषि उपकरणहरू ग्राम समितिहरूको माध्यमद्वारा किसानहरूमा पुऱ्याउने कामका साथै आफ्नो पञ्चायत क्षेत्र भित्रका कृषि उब्जनीको वेचविखनको काम पनि गर्नेछन् ।

४. जिल्ला स्तरमा कृषि ऋण व्यवस्थाका लागि उक्त कार्यक्रम सञ्चालन हुने जिल्लाहरूमा कृषि विकास बैंकको शाखा कार्यालय स्थापना गरी सोही शाखाको माध्यमद्वारा जिल्ला भरिका लेनदेन कार्यमा सामान्य रेखदेख पुऱ्याउनका साथै किसानहरूलाई निर्धारित ठूलठूला कार्यहरूकालागि व्यक्तिगत ऋणसमेत दिने कार्य सम्पादन गरिने छ । त्यस्तै कृषि उपकरण तथा वेचविखनको लागि जिल्ला स्तरमा कृषि सप्लाई संस्थानको आफ्नो जिल्ला स्तरीय कार्यालय रहने छन् । गाउँ स्तरमा यी उपकरणहरूको वेचविखनको लागि पुनर्गठित सहकारी संस्थाहरूले यस संस्थानको एजेन्टको रूपमा रही ग्राम समितिहरूको माध्यमद्वारा आफ्नो कार्य सम्पादन गर्नेछन् ।

५. सघन कृषि विकास कार्यक्रम सन्चालन नहुने जिल्लाहरूमा हाल जुन रूपमा काम भई रहेको छ सोही रूपमा चालू रहनेछ ।

(क) सहकारिता

सहकारी व्यवस्थाको प्रारम्भ मुख्यत: प्रथम पञ्चवर्षीय योजनाकालमा भएको थियो । सङ्ख्याको हिसावले सहकारिताको विकास निकै अगाडि बढेको भान हुन्छ, कारण १२ वर्षको अवधिमा सहकारी संस्थाको सङ्ख्या करीब १,३०० पुगेको थियो । वास्तवमा यी संस्थाहरूको विकास जनतामा आएको सहकारिताको भावना वा जनता आफैले सहकारी सिद्धान्त र आदर्शलाई बुझी आफ्नै साधन र क्षमताको आधारमा गठन भएको नभई मुख्यत: सहकारी विभागको प्रयास र सहकारी अनुदानबाट हुँदा सहकारी संस्थाहरूको आफ्नै साधन, सदस्यहरूको कमी, सञ्चालन गर्ने ज्ञान क्षमताको अभाव, आवश्यक निर्देशन नियन्त्रणको अव्यवस्था आदि अनेकन कारणबाट छिटैछिटै स्थापना हुन आएका संस्थाहरूले अपेक्षित रूपमा गुणात्मक विकास गर्न नसक्नु अस्वभाविक थिएन । स्थापना भएका १,३०० सहकारी संस्थाहरूमध्ये कृषिसित सम्बन्धित १,१०० सस्थाहरूमध्ये दुई तिहाई प्राय: निष्कृय र विघटनयोग्य साबित हुने देखिन्छ । बाँकी एक तिहाई पनि सक्षम र सुव्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने कतिपय प्रवर्द्धनका उपायहरू अपनाउनु पर्ने र कतिपयलाई एकीकरण गर्नु पर्ने देखिन्छ । तसर्थ आगामी चैथो योजनाकालमा सहकारी संस्थाहरूको संस्थालाई नवढाई भएका संस्थाहरूलाई पुनर्गठित गरी निर्देशित रूपमा सञ्चालन गर्ने उद्देश्य अपनाइएको छ ।

चौथो योजनाको कार्यक्रम

विगत वर्षहरूको अनुभवबाट तालिमप्राप्त व्यक्तिहरूको कमी, गाउँस्तरमा सहकारी संस्था सञ्चालन गर्न सकिने क्षमता तथा उपलब्ध सीमित साधनको समेत विचार गर्दा तत्कालै अधिराज्यका सम्पूर्ण भागहरूमा एकैपटक सहकारिताले ढाक्न अव्यावहारिक देखिएकाले चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूमा पुराना संस्थाहरूलाई एकीकरण वा पुनर्गठन गरि प्रत्येक जिल्लामा आवश्यकतानुसार बढीमा १० वटासम्म सुव्यवस्थित सहकारी संस्थाहरू कायम गरिने छन् । यसरी कायम हुन आउने प्रत्येक संस्थाहरूले एक भन्दा बढी गाउँ पंचायतहरूलाई ढाक्ने हुँदा यस्तो संस्थालाई अन्तर गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाको रूपमा मानिने छ । माथि उल्लेख गरिएअनुसार यी संस्थाहरूको सञ्चालन आवश्यक अवधिसम्म निर्देशित ढङ्गबाट गरिनेछ यिनीहरूले माथि लेखिए अनुसार मुख्यत: आफ्ना सदस्य किसानहरूलाई ऋण दिने र ग्राम समिति मार्फत कृषि उपकणहरूको वेचविखन तथा कृषि उब्जाको विक्री संस्थागत रुपमा सञ्चालन गरी कृषकहरूलाई उनीहरूको परिश्रमको उचित मूल्य दिलाउनु नै हुनेछ । पछि ग्रामसमितिहरू सहकारी संस्थामा परिणत भएपछि यी अन्तर गाउँ-पञ्चायत स्तरीय संस्थाहरूको सदस्य बन्ने छन् । गाउँस्तरमा सवल सहकी संस्थाहरूले सक्षम ढङ्गबाट काम गर्न थालेपछि अन्तर गाउँ- पञ्चायत स्तरीय संस्थाहरूलाई एकीकरण गरी प्रत्येक जिल्लाको लागि एउटे जिल्ला स्तरीय संस्था भए पर्याप्त हुन आउने छ ।

चौथो योजनाको पहिलो वर्षमा सघन कृषि विकास कार्यक्रम सञ्चालन हुने सबै जिल्लाहरूमा कममा दुई दुई अन्तर गाउँ पञ्चायत स्तरीय सहकारी संस्थाहरू हाल भएका संस्थाहरूलाई एकीकरण वा पुनर्गठन गरी स्थापना गरिने छन् । योजनाको अन्तसम्ममा प्रत्येक जिल्लाको आवश्यकता हेरी चाहिने सङ्ख्यामा पुनर्गठित सहकारी संस्थाहरू स्थापना भइसक्ने छन् ।

अधिराज्यका ५६ जिल्लामा पहिले नै सहकारीको काम सुरु भइसकेको छ तापनि चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सञ्चालन गरिने २८ जिल्लाहरूलाई प्राथमिकता दिई प्रत्येक जिल्लाका जिल्ला स्तरीय सहकारी कार्यालयहलाई सुदृढ गर्न तालिमप्राप्त योग्य सहकारी इन्स्पेक्टर, लेखापालका साथै अन्य आवश्यक कर्मचीको व्यवस्था गरिने छ । केन्द्रीय कार्यालयमा पनि लेखा परीक्षण शाखालाई अझ बढी सुदृढ गरी कृषि उब्जा वेचविखन सम्बन्धी एक छुट्टै शाखाको व्यवस्था गरिने छ । कारण कृषि उत्पादनमा सहकारी ढङ्गबाट वेच विखन गराई किसानहरूलाई उचित मूल्य दिलाउन नसकेमा उत्पादन वृद्धिमा अवरोध पैदाहुने सम्भावना तिर ध्यान दिनुपर्ने स्थिति देखा परिसकेको छ ।

सहकी प्रशिक्षण केन्द्रमा साविकवमोजिम सहकारी विभागअन्तर्गतका कर्मचारीहरू र सहकारी संस्था संचालकहरूलाई ३ देखि ६ महिनासम्मको सैद्धान्तिक तथा व्यावहारिक तालिम र छोटो अवधिको सेवाकालीन

व्यावहारिक तालिम दिने कार्यक्रम चालू नै रहनेछ । साथै, जिल्ला जिल्लामा घुम्ति तालिम टोलीहरूद्वारा सहकारी संस्थाका कर्मचारी तथा सदस्यहलाई अल्पकालीन व्यावहारिक तालिम दिने व्यवस्था गरिनेछ ।

ख. कृषि सप्लाई संस्थान

चौथो योजनाका लक्ष्यहरूपूरा गर्नमा आवश्यक देखिएका उपकरणहरू मध्ये रासायनिक मल, उन्नत बीउ, कीटाणु र रोगनाशक औषधि तथा उन्नत औजारहरू जुटाउने काममा कृषि सप्लाई संस्थानको महत्वपूर्ण जिम्मेवारी भएकोले यस संस्थानबाट योजनाकालमा विक्री वितरण गरिने विभिन्न उपकरणहरूको परिमाण तलका तालिकाहरूमा दिइएको छ ।

चौथो योजना अवधिमा विक्री वितरण हुने रासायनिक मल प्लान्ट न्यूट्रिएन्टस्

(**मे.ट.मा**)

मल	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
नाइट्रोजन	५,९३०	९,०००	११,०००	१३,०००	१५,०००
फोस्फोरस	२,३६०	४,५००	५,५००	६,५००	७,०००
पोटास	३९०	१,२००	१,६००	२,२००	३,०००

उन्नत बीउको विक्री वितरण गरिने लक्ष्य

(**२०२७। २८–२०३१। ३२**)

बीउ (मे. ट. मा)	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
मकै	१३६	२०४	३०६	४०८	५१०
गहुँ	५४६	७८०	१,०९२	१,३२६	१,५१०
धान	४००	६००	८००	१,१००	१,४००

कृषि औजारहरू, बाली संरक्षणसम्बन्धी सामग्रीहरूको लक्ष्य

(रु. हजारमा)

साल	कृषि औजारहरू	बाली संरक्षण सामग्रीहरू
२०२७– २०२८	७,७५	३,७५
२०२८– २०२९	११,००	५,२५
२०२९– २०३०	१४,२५	७,८०
२०३०– २०३१	१७,५०	१०,००
२०३१– २०३२	२२,२५	१२,५०
	जम्मा ७२,७५	३९,३०

हाल कृषि सप्लाई संस्थानको एक केन्द्रीय कार्यालय र काठमाडौं, वीरगञ्ज, जनकपुर, विराटनगर, भैरहवा, नेपालगञ्ज गरी जम्मा ६ वटा शाखा कार्यालयहरू छन् । चितौन, रौतहट, सर्लाही, सप्तरी, सिरहा, झापा, तौलिहवा, पोखरा, वर्दिया समेत गरी जम्मा ९ वटा डिपोहरू र परासी, दाङ्ग, कैलाली, पाल्पासमेत गरी जम्मा ४ वटा सिजनल विक्री केन्द्रहरू छन् । चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम सन्चालन हुने २८ जिल्लाहरूमध्ये हाल संस्थानको डिपो स्थापना भई नसकेका सबै जिल्लाहरूमा डिपोहरूको स्थापना गरिनेछ । यी डिपोहरूले कृषि उपकणहरूको आवश्यक स्टक राखी अन्तर गाउँ–पन्चायत सहकारी संस्था मार्फत ग्राम समितिहरूद्वारा कृषकहरूमा चाहिने रासायनिक मल, उन्नत बीउ, थ्रेसरका साथै आवश्यक अन्य उन्नत औजार तथा पोलिथिन ब्यागलगायत अन्य बाली संरक्षण सामग्रीहरू जुटाउने व्यवस्था गर्नेछन् ।

गोदामघर

दिनदिनै बढ्दो व्यापारको परिमाणले गर्दा काठमाडौं र बीरगञ्जमा गोदामघर निर्माणको काम सुरु गरिएको छ । वर्तमान योजना अवधिमा यी फर्टिलाइजर र सिड वेयर हाउसको निर्माण कार्य पूरा भैसकेपछि कृषि सप्लाई संस्थानको बीरगञ्जमा २,५०० मेट्रिक टन क्षमता भएको, काठमाडौंमा २,००० मेट्रिक टन र भैरहवामा १,००० मेट्रिक टन क्षमता भएको निजी गोदामघरहरू हुनेछन् । चौथो योजनाकालमा सघन कृषि विकास कार्यक्रम लागू हुने २८ जिल्लाहरूमा जिल्लाको आवश्यकताअनुसार चाहिने गोदामघर निर्माण गरिनेछ ।

संस्थानको उपर्युक्त कार्यक्रम सञ्चालन गर्न योजना अवधिमा चाहिने खर्चको विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ ।

कृषि उपकरणहरूको लागि पूँजीको अवश्यकता

(**२०२७/२८ देखि २०३१/३२ तक**)

(रु. हजारमा)

उपकरणहरू	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०।३१	२०३१।३२	जम्मा
रासायनिक मलहरू एन.पी.के	१५०००	२५०००	३१५००	३७२००	४३०००	१५१७००
बीउहरू	१५२०	२१५०	३०४०	४०५०	४९२०	१५६८०
बाली संरक्षण सामग्रीहरू	३७५	५२५	७८०	१०००	१२५०	३९३०
कृषि औजारहरू	७७५	११००	१४२५	१७५०	२२२५	७२७५
जम्मा	१७६७०	२८७७५	३६७४५	४४०००	५१३९५	१७८५८५

गोदाम निर्माणका लागि पुँजीको आवश्यकता

(२०२७। २८–२०३१। ३२)

(रु. हजारमा)

निर्माण	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०।३१	२०३१।३२	जम्मा
स्टोरेज र अरु सुविधाहरू	१०००	१५००	२५००	१८००	१२००	८०००

चौथो योजनामा प्रशासकीय खर्च

(२०२७। २८– २०३१। ३२)

(रु. हजारमा)

२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२	जम्मा
१५००	२१००	२५००	३०००	३६००	१२७००

संस्थानको वार्षिक साधनहरूको आवश्यकता

(२०२७।२८– २०३१।३२)

(रु.हजारमा)

शिर्षक	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१।३२	जम्मा
उपकरणहरू निर्माण	१७६७०	२८७७५	३६७४५	४४०००	५१३९५	१७८५८५
(स्टीरेज)	१०००	१५००	२५००	१८००	१२००	८०००
प्रशासकीय बजेट	१५००	२१००	२५००	३०००	३६००	१२७००
जम्मा	२०१७०	३२३७५	४१७४५	४८८००	५६१९५	१९९२८५

विदेशी मुद्राको अनुमानित आवश्यकता

(२०२७। २८–२०३१। ३२)

साल	**यू. एस. डलर (हजारमा)**
२०२७। २८	१५,८०
२०२८। २९	२५,००
२०२९। ३०	३१,५०
२०३०। ३१	३७,२०
२०३१। ३२	४३,००
जम्मा	१,५२,५०

माथि उल्लिखित कार्यक्रम सन्चालन गर्न चाहिने खर्च रकममध्ये प्रशासकीय खर्चतर्फ पचास प्रतिशत श्री ५ को सरकारको अनुदानबाट व्यहोरिने र गोदाम निर्माणको लागि रकम आन्तरिक साधन र वचत संस्थानबाट व्यहोरिने छ उपकरणहरू किन्न चाहिने रकम आन्तरिक साधन र वचत संस्थानबाट ऋणको रूपमा आवश्यक रकम प्राप्त गरी कार्य सन्चालन गर्ने व्यवस्था मिलाइएको छ। तर त्यस कार्यको लागि आवश्यक विदेशी विनिमयको सुविधा श्री ५ को सरकारका तर्फबाट उपलब्ध गराइनु पर्ने कुरा स्वत: सिद्ध छ।

बेचविखन तथा गोदाम व्यवस्था

हालसम्म कृषि उत्पादनको बेचविखन गर्ने र त्यसलाई चाहिने गोदामको सुविधा दिलाउने कुनै संस्थागत व्यवस्था नहुँदा वास्तविक किसानले आफ्नो परिश्रमको उचित मूल्य पाउन सकेको छैन । बजारको स्थिति हेरी आफ्नो उब्जा सुरक्षित ढङ्गबाट केही समय जोगाई त्यसैको आधारमा ऋण पाउने सुविधा नहुँदा भाउ गिरेको समयमा पनि आफ्नो उब्जा बेचविखन गर्नुपर्ने स्थिति छ । त्यस्तै बढ्दो उत्पादनको लागि बजारको पूरा व्यवस्था नभएमा किसानहरूलाई बढी उत्पादन गर्ने दिशातर्फ अग्रसर गराउन नसकिने हुन्छ । यस किसिमको स्थिति काठमाडौं उपत्यकामा बढेको गहुँको उत्पादनबाट पनि सङ्केत मिल्छ । साथै खाद्यान्नको साविकको बाहिरी बजारमा देखापरेका देखापर्ने सम्भावित परिवर्तनलाई समयमा नै ध्यान पुऱ्याइ अन्यत्र नयाँ नयाँ बजारहरूको खोजी गरी निर्यात व्यापार विस्तार गर्न ठोस उपायहरू नसोचिएमा बजारको अभावको वा घट्दो भाउको बजारलाई हेरी आधुनिक उपकणहरूको बढ्दो प्रयोगबाट उत्पादन बढाउने लक्ष्य नै अव्यावहारिक तथा अप्राप्य हुने सम्भाव्य परिस्थितिको विचार गर्नु नितान्त जरुरी भैसकेको छ । तसर्थ, राष्ट्रिय स्तरमा एक सुसङ्गठित कृषि बेचविखन तथा गोदाम व्यवस्था संस्थान (Agriculture Marketing and Warehousing Corp.) चौथो योजनाकालमा स्थापना गरिनेछ । प्रारम्भिक कालमा प्रस्तावित संस्थाले कृषि वस्तुहरूको बाहिरी बजार विस्तार गर्ने कार्यको साथै कृषकहरूलाई आफ्नो उब्जा सुरक्षित ढङ्गबाट केही समय जगेडा राख्न चाहिने गोदामघरको सुविधा पुऱ्याइनेछ । यसरी संस्थानको गोदाममा सञ्चित रहने कृषि वस्तुको आधारमा कृषकहरूले चाहेमा कृषि विकास बैङ्क, वचत संस्थान वा अन्य वित्तीय संस्थानहबाट समेत ऋण लिन पाउने व्यवस्था भएमा बजारको स्थिति हेरी आफ्नो उत्पादन अनुकूल समयमा बिक्री गर्न सक्ने क्षमता कृषकहरूमा हुनेछ । चौथो योजनाकालमा चाहिने अधिकांश उन्नत बीउ किसानहरू आफैंले उपादन गर्ने भएकाले उन्नत बीउ उत्पादन गर्ने कृषकहलाई चाहिने स्टोरेज सुविधा पनि प्रस्तावित संस्थानबाटै उपलब्ध गराउन सकिनेछ ।

प्रस्तावित संस्थानको लागि चौथो योजनाअन्तर्गत रु.७८ लाखको व्यवस्था गरिएको छ जुन श्री ५ को सरकारको शेयर पुँजीको रूपमा रहनेछ । थप साधनको आवश्यकता भएमा नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक, वचत संस्थान तथा अन्य वित्तीय संस्थानहरूबाट पनि शेयर पुँजी जुटाउने व्यवस्था गरिनेछ । संस्थानले आफ्नो कार्यको प्रारम्भ गर्न शुरु देखिनै आफ्नै कार्यको लागि र कृषकहरूलाई पुऱ्याउनु पर्ने सुविधाको हिसाबले देशका उपयूक्त स्थानहरूमा आवश्यकताअनुसार उपलब्ध साधनबाट गोदामघरहरू निर्माण गर्नेछ ।

कृषि ऋण

चौथो योजनाका निर्धारित लक्ष्यहरू हासिल गर्न गैरसरकारी क्षेत्रमा आफ्नो स्रोतबाट परिचालन गरिने साधन वाहेक खाद्यान्न तथा नगदेबालीको लागि चाहिने रासायनिक मल, उन्नत बीउ तथा बाली संरक्षणका सामग्री, फलफूल, आलु तथा तरकारी खेतीको लागि चाहिने बोटविरुवाहरू बीउ तथा अन्य उपकरणहरू कुखुरा, मत्स्य तथा पशुपालनको लागि चाहिने चल्ला, भूरा तथा उन्नत जातको पशु आदि सबै जुटाउन योजनाकालमा रु.२२ करोडको कृषि विकास ऋणको रूपमा कृषक तथा अन्य सम्बन्धित व्यक्तिहरूलाई कार्यक्रमअनुरूप ऋणको अवधि मिलाई साधन पुऱ्याउनु पर्ने देखिन्छ । कृषि ऋणसम्बन्धी प्रस्तावित व्यवस्थाअनुसार ऋणका दुई मुख्य स्रोत कृषि विकास बैंक तथा भूमिसुधार वचत संस्थाननै भएको र यी दुई संस्थानहरूबाट योजनाकालमा रु. ४७.५१ करोडभन्दा बढी ऋणको व्यवस्था गर्न नसकिने देखिन्छ । तसर्थ, माथि उल्लेख गरिएका आवश्यकताहरू पूरा गर्न चाहिने अपुँजीगत कृषि विकास ऋण वाहेक कृषि औजार, गोदामघर, ससाना सिँचाइ सुविधाहरू लगायत अन्य पुँजीगत किसिमको गैरसरकारी क्षेत्रका कृषि विकाससम्बन्धी लगानी वृद्धि गर्ने कार्यको लागि रु.२५ करोडभन्दा बढी रकम योजनाकालमा दीर्घकालिन ऋणको रूपमा समेत उपलब्ध गराउन सकिने देखिन्छ । गाउँ घरमा किसानहलाई ऋण जुटाउने कार्यको लागि माथि उल्लेख गरिएअनुसार सघन कार्यक्रम लागू हुने जिल्लाहरूमा भुमिसुधार वचत संस्थानबाट आफ्नो जिल्ला कार्यालय मार्फत ग्राम समितिहरूद्वारा अल्पकालीन कृषि ऋण उपलब्ध गराइने व्यवस्था गरिएको छ । त्यस्तै, कृषि विकास बैंकले पनि सहकारी संस्थाहरूद्वारा कृषक सदस्यहरूलाई ऋण उपलब्ध गराइनुका साथै निर्धारित कार्यको लागि ठूलठूला ऋण आफ्ना जिल्ला कार्यालयहरू मार्फत दिलाउने व्यवस्था गरिएको छ ।

तेस्रो योजनाकालमा कृषि विकास बैंक तथा वचत संस्थानबाट विभिन्न कार्यको लागि उपलब्ध गराइएको ऋणसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

ऋण व्यवस्था

(रु. हजारमा)

		०२३।२४			०२४।२५			०२५।२६			०२६।२७	
	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी	ऋण	असुली	बाँकी
१. कृषि विकास बैंक	३९९०	२०४१	४६०४	३५८८	३४३०	४७६२	८०४७	३५२८	९१९५	५८६५[१]	१७७६[१]	१३३७०[१]

२. वचत संस्थान	८७३७	–	८७३७	१३४२८	८०५८	१४१०७	५३५७	५७१९	१३७४५	१३८२६[२]	४६२८[२]	१६८२४[२]

[१] पहिलो ८ महिनाको मात्र

[२] पहिलो ६ महिनाको मात्र

उपर्युक्त तालिकाअनुसार कृषि विकास बैंकले औसतमा प्रति वर्ष रु. ५८ लाखभन्दा बढी र वचत संस्थानले करिव रु. १ करोड ऋण विभिन्न कार्यका लागि उपलब्ध गराएको देखिन्छ ।

माथि उल्लेख गरिएअनुसार चौथो योजनाकालमा कृषि विकास बैंक तथा वचत संस्थानबाट रु.४७ करोडभन्दा बढी कम ऋणको रूपमा उपलब्ध गराइनेछ । यसको वार्षिक विवरण तल दिइएको छ ।

चौथो योजनाकालमा ऋण व्यवस्था

(रु. करोडमा)

	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२	जम्मा
कृषि विकास बैंक	१.२५	२.००	३.००	४.५०	६.५०	१७.२५
वचत संस्थान	३.४४	४.६४	५.८२	७.३१	९.०५	३०.२६
जम्मा	४.६९	६.६४	८.८२	११.८१	१५.५५	४७.५१

योजनाकालमा निर्धारित ऋण रकम उपलब्ध गर्न चाहिने साधन वचत संस्थानले तलको तालिकामा उल्लेख गरिएका स्रोतहरूबाट पूरा गर्ने अनुमान गरिएको छ ।

अर्थ स्रोतको अनुमान तालिका

सि.नं.	स्रोत वर्ष	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२	जम्मा
१.	वचत रकम	२,७७,२६,३४२					२,७७,२६,३४२
२.	संस्थागत ऋण लगानीबाट फिर्ता भुक्तानी	६५,१९,४४१	३,१०,५९,१६९	२,९२,५५,४७४	३,४६,६९,८६३	५,५०,७८,२५९	१५,६५,८२,२०६
३.	व्यक्तिगत ऋण लगानीबाट फिर्ता भुक्तानी	९३,३८८	२५,००,३६०	६१,३४,५८१	१,१४,३४,६६७	१,७०,७५,४२८	३,७२,३८,४२४
४.	श्री ५ को सरकारलाई दिनुपर्ने व्याज रकमबाट		७०,००,०००	३०,००,०००	३०,००,०००	३०,००,०००	१,६०,००,०००
५.	वित्तीय संस्थानबाट प्राप्त गरिने	१,००,०००[१]	५८,४७,२५१	१,९८,०७,५३६	२,३९,७०,२२८	१,५३,३१,२८६	६,५०,५६,३०१
	जम्मा	३,४४,३९,१७१	४,६४,०६,७८०	५,८१,९७,५९१	७,३०,७४,७५८	९,०४,८४,९७३	३०,२६,०३,२७३

[१] मौज्दातबाट प्राप्त हुने ।

त्यस्तै कृषि विकास बैंकले पनि आवश्यक साधन निम्नलिखित स्रोतबाट उपलब्ध गर्ने अनुमान गरिएको छ ।

पाँच वर्षभित्र आवश्यक पर्ने पुँजी र स्रोत

रु.हजारमा

पूँजीको स्रोत	०२७/२८	०२८/२९	०२९/३०	०३०/३१	०३१/३२	जम्मा
१. **शेयरपूँजी**						
(क) श्री ५ को सरकार		२५,००	२५,००	५०,००		१,००,००
(ख) व्यक्ति तथा संस्था	२५,७०	३१,००	१,५०	२,५०	३,२५	६३,९५
२. **डिपोजिट**	७,००	१०,००	१२,५०	१८,००	२५,००	७२,५०
३. वित्तीय संस्थाबाट लिने ऋण	८०,६४	६१,६७	१,५०,६६	२,०२,१९	३,४०,६४	८,३५,८०
४. ऋण भुक्तानीबाट आउने रकम	१६,६६	७७,३३	१,१५,३४	१,८७,३१	२,९१,११	६,८७,७५
जम्मा	१,३०,००	२,०५,००	३,०५,००	४,६०,००	६,६०,००	१,७६,०,००

कृषि विकास बैंक तथा वचत संस्थानले चौथो योजनामा निर्धारित कृषि क्षेत्रका लक्ष्यहरू हासिल गर्न खाद्यान्न र नगदेबाली, फलफूल र आलु तरकारी खेतीका साथै कुखुरा, मत्स्य तथा पशुपालनलाई माथिको अनुमानअनुसार आवश्यक पर्ने ऋण उचित समयमा पुऱ्याउने हिसाबले आफ्नो वार्षिक कार्यक्रम तयार गरी निर्धारित संस्था तथा समितिहरूको माध्यमद्वारा कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ । यसका लागि माथि उल्लेख गरिए झैं अन्तर गाउँ स्तरीय सहकारी संस्थाहरू निर्देशित रूपमा सञ्चालन गर्न चाहिने कर्मचारीहरूको व्यवस्था मिलाउन कृषि विकास बैंकलाई र ग्राम समितिको कारोवार उपर रेखदेख पुऱ्याउन चाहिने कर्मचीहरूको व्यवस्था मिलाउन वचत संस्थानलाई आफ्नो प्रशासकीय खर्च व्यहार्ने श्री ५ को सरकारको तर्फबाट अनुदान दिन रु. १ करोडको व्यवस्था गरिएको छ ।

खर्च विवरण

चौथो योजनाअन्तर्गत कृषि ऋण, उपकरण तथा उत्पादनको बेचबिखनको व्यवस्था गर्न माथि उल्लेख गरिएको कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवरण तल दिइएको छ ।

विवरण	खर्च	(रु. ४०,०० हजारमा)
सहकारिता		
१. (क) सहकारी तालिम केन्द्र	२१४०	
(ख) जिल्ला सहकारी कार्यालय	१८६०	
२. कृषि सप्लाई संस्थान (अनुदान)		१,४३,००
(क) गोदाम घर निर्माण	८,०००	
(ख) प्रशासकीय खर्च	६,३००	
३. कृषि बेचविखन तथा गोदाम व्यवस्था संस्थान (शेयर पुँजी)		७८,००
४. कृषि ऋण व्यवस्था		२०,०००
(क) कृषि विकास बैंकको शेयर पुँजी	१०,०००	
(ख) कृषि विकास बैंक र वचत संस्थान (अनुदान)	१०,०००	
जम्मा		४,६१,००

परिच्छेद ७

सिँचाइ

सिँचाइ सुविधाको विकासका निम्ति देशको जलस्रोत प्रचूर छ । नेपालका ३ मुख्य नदीहरू कोशी, नारायणी कर्णालीले देशको सरहद छाड्नु अगाडि करिब १,४१,१९० वर्ग किलो मिटरको जलाधार क्षेत्र ढाकेको छ जो कि देशका सारा नदीहरूले ढाकेको जलाधार क्षेत्रको ८३ प्रतिशत छ । यी नदीहरूको स्रोत हिमालयबाट पग्ली आएको हिउँ हुँदा यिनीहरूमा निरन्तर पानी भइरहन्छ र हिउँदको सुख्खा पर्ने बेलामा पनि हरेकमा न्यूनतम २१४ क्यूविक मिटर प्रति सेकेण्ड पानी बगेको हुन्छ । यी नदीहरूको जलाधार क्षेत्र बाहिर पर्ने ७ वटा ठूला नदीहरू छन्, जसको जलाधार क्षेत्र १२८० देखि ६४०० वर्ग किलोमिटरको क्षेत्रमा पर्दछ । पश्चिमदेखि पूर्व यी नदीहरू हुन्– शारदा, ववई, राप्ती, बागमती, कमला, कन्काई र मेची । यी नदीहरूको स्रोत हिमालय वा महाभारत श्रृंखलामा भएको हुँदा यिनीहरूमा हमेशा पानी रहन्छ । देशमा अरु धेरै साना साना नदीहरू छन्, जो चुरीया पहाडबाट निस्केका छन् । यी साना नदीहरूमा खास गरी वाणगंगा, तिनाउ, वलान र त्रिजुगाको जलाधार क्षेत्र २५६ देखि ७ वर्ग किलोमिटरमा पर्दछ ।

सिँचाइ विकासमा अहिलेसम्म भएको प्रगति

प्रथम पञ्चवर्षीय योजना सुरु हुनुभन्दा अगाडि सरकारी स्तरबाट जम्मा १४,७०० हेक्टर जग्गामा मात्र सिँचाइको व्यवस्था भएको देखिन्छ । यस योजनाकालमा थप १७,२०० हेक्टर जग्गामा सिँचाइको सुविधा उपलब्ध भएको थियो ।

दोश्रो योजनाअन्तर्गत २६,५०० हेक्टर जमिनमा सिँचाइ सुविधा प्राप्त गराउन सकियो । यसरी तेस्रो योजनाको प्रारम्भ हुनुभन्दा अगाडि ५८,४००० हेक्टर जमिनमा थप सिँचाइको सुविधा उपलब्ध भएको देखिन्छ ।

तेस्रो (पञ्चवर्षीय) योजनाको संशोधित लक्ष्यअनुसार १,४८,००० हेक्टर जमिनमा थप सिँचाइको सुविधा उपलब्ध गर्ने लक्ष्य राखिएको छ । योजनाको ४ वर्षको अवधिमा अर्थात् ०२५।२६ आर्थिक वर्षको अन्त्यसम्म निम्नलिखित योजनाहरूबाट ५९,०९० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराई सकिएको छ ।

१. खगेरी सिँचाइ योजना	६,००० हेक्टर
२. टोखा सिँचाइ योजना	२९० "
३. साँगे पतेनीटार सिँचाइ योजना	५०० "
४. शीसाघाट टार सिँचाइ योजना	३५० "
५. डेडगाउँ टार सिँचाइ योजना	३५० "
६. लघु सिँचाइ सिँचाइ योजना	५१,६०० "
	५९,०९० हेक्टर

चौथो योजनामा सिँचाइ विकाससम्बन्धी उद्देश्य, नीति र प्राथमिकता

उद्देश्य: चौथो योजना अवधिमा सिँचाइ क्षेत्रबाट निम्नलिखित उद्देश्यहरू प्राप्त गर्ने प्रयास गरिनेछ :

(क) कृषि विकास कार्यक्रमको निम्ति आवश्यक मात्रामा सिँचाइ उपलब्ध गराउने ।

(ख) कृषि पैदावारमा स्थायी रूपबाट वृद्धि ल्याई एकभन्दा बढी बाली लगाउन सक्ने स्थिति सम्पन्न गरी अनिश्चित मौसममा रहेको निर्भरता क्रमशः घटाउने ।

नीति र प्राथमिकता

योजनामा निर्दिष्ट उद्देश्यअनुरूप योजना अवधिमा निम्नलिखित नीति र प्राथमिकता निर्धारित गरिएका छनः–

१ विगत केही वर्षहरूमा लघु सिँचाइ कार्यक्रममा विशेष जोड दिईएको हुनाले ठूला र मझौला सिँचाइ आयोजनाहरूमा ध्यान जान सकेको छैन । फेरि सिँचाइको विकासमा हालसम्म भएको प्रगतिमा अधिकांश भाग लघु सिँचाइको रहेकोले यस प्रकारका आयोजनाहरूबाट स्थायी रूपमा सिँचाइ सुविधा उपलब्ध हुन नसक्ने कुरा स्वतः सिद्ध छ । यसका अतिरिक्त ठूलाठूला आयोजनाहरूको निर्माण कार्यका निम्ति हालसम्म वैदेशिक सहायता माथि निर्भर रहनुपर्ने स्थितिले गर्दा कृषि विकासको निमित्त देशमा उपलब्ध सिँचाइ सुविधाको समायोजित विकास सम्भव हुन सकेको छैन । यी कुराहरूलाई दृष्टिगत राखी चौथो योजना अवधिमा श्री ५ को सरकारका तर्फबाट केही ठूला आयोजनाहको कार्यान्वयनमा जोड दिइनेछ ।

२. तेस्रो योजनाकालमा सुरु गरिएका तर समाप्त नभएका आयोजनाहरू केही छन् । जो चौथो योजनाकालमा पूरा गरिनेछन् । यस्ता आयोजनाहरूमध्ये भारत सरकारबाट सोझै निर्माण भईरहेका गण्डक तथा चतरा नहरहरू पनि यस योजनाकालमा समाप्त भई सिँचाइको सुविधा उपलब्ध हुन थाल्नेछ ।

३. भू-गर्भीय जलस्रोतको पनि आवश्यकतानुसार उपयोग गर्ने हेतुले ट्यूवेल आयोजना पनि सञ्चालन गरिनेछ । लघु सिँचाइ आयोजनाहरूलाई पनि योजनावधिमा व्यावहारिक दृष्टिकोणबाट विस्तार गरिनेछ ।

४. पुराना तथा नयाँ आयोजनाहरूको निर्माणका साथसाथै, भविष्यका योजनाहरूको लागि आधार तयार गर्न विभिन्न आयोजनाहरूको संभाव्यता अध्ययन पनि चालू राखिनेछ एवं साविकका आयोजनाहरूको नवीकरण र विस्तार तथा वर्षातको समयमा नदीहरूबाट हुने नोक्सानीबाट बचावट गर्नको लागि नदी नियन्त्रण र रिक्लेमेशनको कार्यक्रम पनि कार्यान्वित गरिनेछ ।

५. देशमा उपलब्ध जलस्रोतको समुचित उपयोग र संरक्षणको लागि चाहिने कानुनी तथा प्रशासकीय व्यवस्था (Water Codes and Water Management) हालसम्म नभएकोले चौथो योजनाकालमा पानीको व्यवस्थापन कार्यअन्तर्गत बाँध, पैन, नहरहरूको निर्माण, सम्भार र सञ्चालन गर्ने काम दक्षतापूर्वक सम्पन्न गर्न कृषि विभाग तथा सिँचाइ विभाग बीच समन्वय कायम गरी एक स्थायी व्यवस्था गरिनेछ ।

६. सिँचाइसम्बन्धी सबै काम पहिले एउटै विभागबाट सञ्चालन गरी आएकोमा हाल मात्र लघु सिँचाइ विभाग र नहर विभाग गरी दुई छुट्टाछुट्टै विभागहरूको स्थापना भएबाट प्रशासकीय खर्च बढ्ने र समन्वय कम हुने भई परस्परको कार्य क्षेत्र समेत व्यवहारमा स्पष्ट नहुने देखिएकाले सिँचाइसम्बन्धी सम्पूर्ण कार्यक्रम सञ्चालन गर्न पहिलेजस्तै एउटै विभाग हुन उपयुक्त देखिन्छ ।

चौथो योजनामा सिंचाई विकास कार्यक्रम

चौथो योजनाअन्तर्गत सिँचाइ विकाससम्बन्धी नीति प्राथमिकताको साथै कृषि उत्पादनको लक्ष्यअनुरूप सिँचाइको लक्ष्य निर्धारण गरिएको छ । यसअनुसार योजनावधि भित्र मात्र जम्मा १८३,६३२ हेक्टर सिँचाइ सुविधा उपलब्ध हुनेछ । यससम्बन्धी कार्यक्रम तल दिइएको छ ।

(क) वृहत सिँचाई कार्यक्रम

योजनाकालमा सञ्चालन हुने सबै आयोजनाहरू योजनावधि भित्रै पूरा नहुने हुनाले योजनाको अन्तिम वर्षमा मात्र यस्ता आयोजनाहरूबाट जम्मा १,४६,७०० हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । यससम्बन्धी कार्यक्रम तल दिइएको छ ।

१. शारदा सिँचाइ आयोजना

कञ्चनपुर जिल्लाको महेन्द्रनगर नजिक महाकाली नदी (जसलाई भारतमा शारदा भन्छन्) मा धेरै वर्ष अगाडि देखि भारत सरकारले वृहत बाँध बाँधी जलविद्युत एवं सिँचाइको निमित्त पानीको उपयोग गरिरहेको छ । श्री ५ को सरकार र भारत सरकारका बीच यसै सम्बन्धमा भएको सम्झौतानुसार नेपाललाई ४६० क्यूसेक पानी सिँचाइको निमित्त दिन भारत सरकारले हाल सहमति प्रकट गरेको हुँदा यस आयोजनाको तर्जुमा गरिएको छ ।

आयोजनाअन्तर्गत भारत सरकारबाट मुख्य बाँधमा हेड रेगुलेटरको निर्माण हुनेछ र श्री ५ को सरकारबाट नहर प्रणालीको निर्माण गरिनेछ । नहर प्रणालीबाट कञ्चनपुर र केही भाग कैलाली जिल्लाको समेत गरी २५,००० हेक्टर जमिनमा सिँचाइ हुनसक्ने अनुमान गरिएको छ । यसमा रु. १,८०,००,०००।- खर्च लाग्ने हिसाब लगाइएको छ र लक्ष्यअनुसार यस योजनाको अन्तिम वर्षमा निर्माण कार्य समाप्त हुनेछ ।

२. कमला सिँचाइ आयोजना

धनुषा र सिराहा जिल्लाको सिँचाइ समस्या समाधान गर्ने उद्देश्यले यस आयोजनाको सञ्चालन गरिएको हो । यस आयोजनाको प्रारम्भ २०१७ सालतिर भए तापनि बायाँ नहरको निर्माणपछि विभिन्न कारणवश यसमा अरु प्रगति हुन सकेको छैन । चौथो योजनाको तेस्रो वर्षमा मात्र यसको निर्माण कार्य सञ्चालन गर्ने लक्ष्य राखिएको छ । योजनाअन्तर्गत धनुषा जिल्लाको पोर्ताहा गाउँ नजिक कमला नदीमा बाँध बाँधी दुबै किनारबाट नहर निकालिने छ र उपर्यूक्त दुई जिल्लाको करिब २८,००० हेक्टर जमिनमा सिँचाइको सुविधा पुऱ्याइने छ । यसको अनुमानित खर्च रु. ५,५०,००,०००।- छ । यस आयोजनाको सम्भाव्यता प्रतिवेदन तयार भैसकेको छ ।

३. लोहत्तर सिँचाइ आयोजना

'लोहत्तर' नारायणी अञ्चलमा बहने राप्ती नदीको एक शाखा नदी हो । राप्ती दूनको पूर्वी क्षेत्रमा र पश्चिमी क्षेत्रको पनि केही भाग गरी १२,००० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गाउने गी यस आयोजनाको तर्जुमा गरिएको छ । यस आयोजनामा लोहर नदीका अतिरिक्त सानु राप्ती, बुढी राप्ती र डुग्रिया नदीहरूमा समेत हेड्वर्क्स बनाई जम्मा ५१६ क्यूसेक पानीको उपयोग गर्ने कार्यक्रम रहेको छ । यसको संभाव्यता प्रतिवेदन तयार भैसकेको छ जस अनुसार रु. २,९७,५०,०००।- लाग्ने अनुमान गरिएको छ । यस आयोजनाको निर्माण कार्य योजनाको अन्तिम वर्षमा पूरा हुने अनुमान गरिएको छ । यस आयोजनाको समाप्ति पछि खगेरी आयोजनासमेत लिँदा राप्तिदूनको धेरै प्रतिशत कृषियोग्य जमिनमा सिँचाइको सुविधा उपलब्ध हुनेछ ।

४. वाग्मती सिँचाइ आयोजना

मध्य नेपालको मध्यम खालका नदीहरूमध्ये वाग्मती एक मुख्य नदी हो । वाग्मती नदीमा पानी निरन्तर पाई रहिन्छ, जो भरपर्दो खेतीको निमित्त अति आवश्यक हो । महाभारत र चुरीया पर्वत श्रृंखलाहरू पारगर्दै जब वाग्मती तराईको मैदानमा निस्कन्छ त्यहीँ नजिक मङ्गलपुर भन्ने ठाउँमा यस नदीमा बाँध बनाई दायाँ तथा बायाँ दुबै

किनारामा हरेकबाट ३४.७ क्युविक मिटर प्रति सेकेण्ड गरी जम्मा ६९.४ क्यूविक मिटर पानी प्रति सेकेण्ड लिइने लक्ष्य छ । यसमा रु. १५ करोड लाग्ने अनुमान गरिएको छ । यसको संभाव्यता प्रतिवेदन तयार भएको छ । योजना अवधिको अन्तिम वर्षमा कार्य सुरु भई जम्मा २५ प्रतिशत निर्माण कार्य पूरा गरिनेछ ।

५. पथरैया सिँचाइ आयोजना

यस आयोजनाअन्तर्गत धनगढीबाट ७२ किलोमिटर उत्तर पूर्वमा पर्ने पथरैया नदीमा बाँध बाँधी सिँचाइको लागि पानी उपलब्ध गराउनु यस आयोजनाको उद्देश्य हो । दायाँ किनाराबाट निकालिने नहरले त्यस क्षेत्रको करिब २,००० हेक्टर जमिनमा सिँचाइको सुविधा दिलाउने छ । यसको लागत एष्टिमेटको अङ्क रु. ३,००,०००।- छ । यस आयोजनाको निर्माण कार्यको प्रारम्भ २०२६।२७ आर्थिक वर्षमा भएको हो । निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

६. वाणगङ्गा सिँचाइ आयोजना

वाणगङ्गा लुम्बिनी अञ्चलको प्रमुख नदीमध्ये एक हो । धेरै समय अगाडि देखि जगदीशपुर रिजर्भ्वायको माध्यमबाट यस नदीको पानी सिँचाइको निमित्त उपयोग भई आएको छ तापनि यस आयोजनाको निर्माणले स्थानीय सिँचाइको स्थितिलाई अरु बलियो बनाउनेछ । कार्यक्रमअन्तर्गत कैलाली वाणगङ्गाको दोभान भन्दा केही तलतिर बाँध निर्माण गरी बढी पानी वहन गर्न सक्ने बनाइनेछ । रिजर्भ्वायरबाट पूर्व र दक्षिणतर्फ नहर लगि करिब ८,००० हेक्टर क्षेत्रमा सिँचाइको सुविधा प्राप्त गराइनेछ । योजनाको निर्माणमा रु. १,५०,००,०००।- खर्च हुने अनुमान गएिको छ । निर्माण कार्य योजनाको पहिलो वर्षदेखि प्रारम्भ गरी अन्तिम वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

७. राप्ती सिँचाइ योजना

बाँके जिल्लामा राप्ती नदी नै एक प्रमुख जलस्रोतको रूपमा रहेको भए तापनि अझसम्म यसको सदुपयोग हुन सकेको छैन । यस सिँचाइ योजना कार्यान्वित भई राप्ती नदीमा रहेको पानीको सदुपयोग हुन गए प्रति वर्ष खाद्य सामग्रीको उत्पादनमा प्रशस्त वृद्धि हुन जाने देखिन्छ ।

यस आयोजनाअन्तर्गत नदीमा मुख्य बाँध नबनाइकन नै इनन्डेसन नहरको निर्माण गर्न सकिने संभावना देखिएकोले यसबाट योजनाको लागतमा निकै नै कमी हुन (Inundation Canal) जानेछ ।

आयोजनाबाट करिब ३,००० हेक्टर जमिनमा सिँचाईको सुविधा उपलब्ध गराउन सकिनेछ र यसका निमित्त रु.४०,००,०००।- खर्च लाग्ने अनुमान गरिएको छ । यस आयोजनाको निर्माण कार्य २०२६/२७ आर्थिक वर्षमा भएको हो र योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

८. चापाकोट टार सिँचाइ योजना

चापाकोट टार गण्डकी अञ्चलको स्याङजा जिल्लामा पर्दछ । योजनाअन्तर्ग दासिंग भन्ने गाउँको ज्यार्दी खोलामा पक्की बाँध र करिब २० माइल लामो मुख्य नहरको निर्माण गरिनेछ र ८० क्यूसेक पानीको उपयोगबाट २,००० हेक्टर जमिनमा सिँचाइको प्रवन्ध हुनेछ । पानीको अभावबाट कोदो र मकै सिमित क्षेत्रमा मात्र उत्पादित भइ हेकोमा सिँचाइको प्रवन्धबाट धान गहुँ र उखुसमेतको उत्पादन हुन सक्नेछ । यसको निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

९. चौर जहारीटार सिँचाइ योजना

यो सिँचाइ योजना रुकुम जिल्लामा पर्दछ । यस आयोजनाको कार्यान्वयन पछि २५० हेक्टर जति जमिनमा सिँचाइको सुविधा प्राप्त गराउन सकिनेछ । यसको अनुमानित खर्च रु. ७,००,०००।- छ ।

यद्यपि यस्तो दूरस्थ कठिन जिल्लामा योजनाको निर्माण खर्च तराईको भन्दा बढी हुन जाने स्वभाविक हुन्छ तापनि यस किसिमको आयोजनाले दुर्गम जिल्ला विकास कार्यक्रममा महत्वपूर्ण भूमिका ओगटेको हुन्छ । रुकुम जस्तो दुर्गम क्षेत्रमा रहेको थोरै भएपनि सिँचाइयोग्य जमिनमा पानीको सुविधा प्राप्त हुनसक्यो भने उत्पादनमा वृद्धि हुन गई स्थानीय आधारमा केही हदसम्म भएपनि खाद्यान्नको समस्या सुल्झन सक्ने स्पष्ट छ ।

यस आयोजनाको सर्वेक्षण कार्य समाप्त गरी डिजाईन तथा लगत ईष्टिमेटको कार्य पूरा गरी निर्माण कार्य २०२६। २७ मा प्रारम्भ गरिएको छ । निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा हुनेछ ।

१०. नवीकरण र विस्तार (चन्द्र नहर समेत)

यस कार्यक्रमअन्तर्गत निर्माण सम्पन्न भइरहेको साविक सिँचाइ आयोजनाहरूमा आवश्यक सुधार र नवीकरण कार्य गरिनेछ, जसबाट आयोजनाहरूको सिँचाइ क्षमता बढी सुचारु रूपले सञ्चालन हुनुको साथै तिनीहरूबाट अपेक्षाकृत थप उपलब्धिहरू हासिल हुन सक्नेछन् ।

यस आयोनजा अन्तर्गत मुख्यतया चन्द्र नहरको पुनर्निर्माण अर्थात् हेडवर्कको जीर्णोद्धार, नहरमा पर्ने स्ट्रक्चरहरूको सुधार नवीकरण तथा मर्मत र नहरको विस्तारसमेत गरिनेछ । यस्तै आवश्यकतानुसार अरु नहरहरूको पनि नवीकरण एवं विस्तार गरिनेछ ।

चन्द्र नहर पुनर्निर्माणसम्बन्धी प्रतिवेदन तयार भइरहेकोछ । यस्तै तिलावे आयोजना, दुधोरा आयोजना, झाँझ आयोजनाको पुनर्निर्माण कार्यहरू पनि यस कार्यक्रमअन्तर्गत पर्दछन् ।

११. नदी नियन्त्रण र रिक्लेमेसन

नेपालमा वर्षाको ठूलो भाग मनसुनको छोटो अवधिभित्रमै वसिर्ने हुनाले र देशको भौगोलिक स्थितिको कारणले पनि वर्षात्को समयमा बाढी आउँदा नदीले धार बदल्ने, किनारा काट्ने गरी प्रति वर्ष आवादी बस्तीलाई खतरा पर्नुको साथै अन्नको बालीलाई समेत नोक्सान गर्ने गर्दछ । यसरी बाढीको उपद्रवबाट जग्गा जमिनको संरक्षण गर्नु पनि ज्यादै आवश्यक भएकोले २०२६/२७ आर्थिक वर्षदेखि यो कार्यक्रम लागू गरिँदै आएको छ । यस कार्यक्रम अन्तर्गत देशका विभिन्न भागमा नदीहरूले गरेको नोक्सानी र तिनको बचाउको लागि उपयूक्त सर्वेक्षण र निर्माण कार्य गरिनेछ । यस कार्यक्रमअन्तर्गत त्रिशूली जलाधार क्षेत्र विकासको दोस्रो चणको रूपमा लिखु खोलाको नियन्त्रण कार्य पनि समावेश गरिएको छ ।

१२. योजना सम्भाव्यता अध्ययन

देशको विभिन्न भागमा छरिएर रहेका जलस्रोतहरूको उपयुक्तता बारे जानकारीका लागि विभिन्न सम्भाव्य आयोजनाहरूको सर्वेक्षण प्रति वर्षको कार्यक्रममा समावेश गरिँदै आएको छ । सर्वेक्षणपछि उपयुक्त ठहरिएका आयोजनाहरूको डिजाइन तथा लगत इष्टिमेट बनाई आयोजनाको पूर्ण प्रतिवेदन तयार गरिन्छ । देशका जलस्रोतहरूको उपयोग गर्ने भरपर्दो आयोजनाहरू तयार हुन सकुन् एवं निर्माणको निमित्त कुनै खास आयोजनाको छनौट गर्नुभन्दा अगाडि त्यसको आर्थिक एवं प्राविधिक पक्षमा पूर्ण जानकारी प्राप्त हुन सकोस् भन्ने यस कार्यक्रमको मुख्य उद्देश्य हो । यसबाट जलस्रोत विकाससम्बन्धी महत्वपूर्ण तथ्यांङ्कको ज्ञान हुनुका साथैलाभदायक एवं व्यावहारिक योजनाको तर्जुमा हुनसक्नेछ । यस कार्यक्रमअन्तर्गत देशभित्र उपलब्ध साधनबाट हुन नसक्ने कार्यहरू (मेडेल स्टडिज) लेवोरेटरी टेस्टस् इत्यादि बिदेशका संस्थाहरूबाट गइन्छ र विदेशी सल्लाहकारहरूको सेवा पनि उपलब्ध गरिन्छ । यस अध्ययन भित्र पर्ने मुख्य आयोजनाहरू निम्नलिखित छन् ।

(क) सुनकोशी तराई योजना

सुनकोशी नदीमा पाईने पानीलाई विशेष ध्यानमा राखी कोशीदेखि नारायणीसम्म तराई क्षेत्रको मध्य र पूर्वी भागको सिँचाइ विकासको सम्भावना बारे सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्नु योजनाको मुख्य कार्यक्रम हो । प्रारम्भिक प्रतिवेदनअनुसार यो योजना सम्भाव्य तथा उपयोगी सिद्ध भएकाले संयुक्त राष्ट्रसंघीय विशेष सहायता कोष र श्री ५ को सरकारको संयुक्त प्रयत्नबाट विस्तृत सर्वेक्षण चालू भईराखेको छ । यस कार्यक्रमबाट ७५,०० कि. वा. विद्युत शक्ति उत्पादन हुने र करिब १ लाख हेक्टर भू-भाग पटनी गर्न सक्ने सिँचाइ आयोजनाको तर्जुमा हुनसक्ने परिकल्पना गरिएको छ ।

(ख) <u>बबई सिँचाइ योजना</u>

बबई नदी भेरी अञ्चलका ठूला नदीहरूमध्ये एक हो । प्रारम्भिक सर्वेक्षणको आधारमा यस योजनाबाट बाँके र वर्दिया जिल्लाको ९१०० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउन सकिने अनुमान गरिएको छ । योजना अवधिभित्र यस आयोजनाको सम्भाव्यता अध्ययन समाप्त गरी पूर्ण प्रतिवेदन तयार पारिने छ ।

(ग) <u>कन्काई सिँचाइ आयोजना</u>

कन्काई मेची र कोशी अञ्चलको प्रमुख नदी हो । प्रारम्भिक सर्वेक्षणअनुसार यस आयोजनाबाट पश्चिमी तटको ४०,५०० हेक्टर र पूर्वी तटको ३२,००० हेक्टर क्षेत्रमा सिँचाइको व्यवस्था हुनसक्ने अनुमान गरिएको छ । योजना अवधिभित्र यसको सम्भाव्यता अधययन समाप्त गरी पूर्ण प्रतिवेदन तयार पारिनेछ ।

(घ) <u>कन्चनदानव सिँचाइ आयोजना</u>

यस आयोजनाबाट कपिलवस्तु र रूपन्देही जिल्लाको २०,००० हेक्टर जमिनमा सिँचाइको सुविधा उपलब्ध गराउन सक्ने अनुमान गरिएको छ । यस आयोजनाको सर्वेक्षण कार्यमा धेरे प्रगति भैसकेको छ तापनि योजना अवधि भित्र सबै अध्ययन गरी पूर्ण प्रतिवेदन तयार पारिनेछ ।

१३. गण्डक पूर्वी नहर

गण्डक योजनाको दोन शाखा नहरबाट निस्कने नेपाल पूर्वी नहरबाट बारा, पर्सा रौतहट जिल्लाको ६९,६०० हेक्टर जमिनमा सिँचाइको लागि पानी उपलब्ध गराइनेछ । नहरको लम्बाई ८० कि. मि. हुनेछ र उपलब्ध पानीको परिमाण ६०० क्यूसेक हुनेछ । यसको निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा हुने अनुमान गरिको छ ।

१४. गण्डक पश्चिमी नहर

यस नहरको निमित्त मुख्य बाँधमा स्वतन्त्र हेड रेगुलेटरको निर्माण गरिएको छ, जो भारततर्फ वहने मुख्य पश्चिमी नहरभन्दा बेग्लै हो । यस नहरको लम्बाई करिब २९ कि. मि. हुनेछ र यसबाट नवलपरासी जिल्लाको करिब २४,००० हेक्टर जमिनमा सिँचाइको व्यवस्था गर्न सकिनेछ । यस नहरले जमिनको निमित्त २३२ क्यूसेक पानी ल्याउने अनुमान गरिन्छ । यसको निर्माण कार्य योजनाको दोश्रो वर्षमा पूरा हुने अनुमान गरिएको छ ।

१५. **चतरा फिल्ड च्यानल आयोजना**

यो योजना भारतीय सहायताबाट बन्न लागेको चतरा सिँचाइ योजनाको एक भाग हो । सम्झौता अनुसार भारत सरकारले ५ क्यूसेक्स भन्दा माथिको नहरहरूको निर्माण गर्नेछ र ५ क्यूसेक्स भन्दा मुनिका फिल्ड च्यानलहरू श्री ५ को सरकारबाट निर्माण गर्नुपर्ने भएकाले यस आयोजनाको तर्जुमा भएको छ ।

यस योजनाबाट मोरंग र सुनसरी जिल्लाको ५६,५०० हेक्टर जमिनमा सिँचाइको व्यवस्था हुनेछ र यसमा रु. ७०,००,०००।- खर्च हुने अनुमान गरिएको छ । फिल्ड च्यानलहरूको सङ्ख्या करिब ८०० जति हुनेछ र च्यानलको लम्बाई एक चौथाई माईलदेखि ३ माईलसम्मको हुनेछ । फिल्ड च्यानलसम्बन्धी सर्वेक्षण धेरै समाप्त भइसकेको छ । यसको निर्माण कार्य योजनाको दोस्रो वर्षमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

ख. ट्यूववेल सिँचाइ कार्यक्रम

नदीनालाहरूको पानीबाट सिँचाइको सुविधा प्राप्त गर्न नसकिने क्षेत्रमा भूगर्भीय जलस्रोतको उपयोग हुनु वाञ्छनीय छ । अगाडि नेपालमा खानेपानीको निमित्त सरकारी स्तरबाट केही ट्यूववेल आयोजनाहरू काठमाडौं तराईका केही क्षेत्रमा कार्यान्वित गरिएका थिए र पछि २०२४।२५ तथा २०२५/२६ आर्थिक वर्षमा लघु सिँचाइ योजना कार्यक्रम अन्तर्गत २९ ट्यूववेलहरू जडान गरिए । भूगर्भीय जलस्रोतको आवश्यकीय सर्वेक्षण तथा अनुसनधानबाट प्राप्त हुने तथ्याङ्कहरूको अभावमा पनि उपर्युक्त ट्यूववेलहरूको परिमाण धेरै सन्तोषजनक भएको छ । अझ जलस्रोत सर्वेक्षण विभागबाट हुन लागेको भूगर्मीय जलस्रोत अनुसन्धानको नतिजा निस्कँदै गएपछि ट्यूववेल आयोजना सफल हुन जानेछ ।

ट्यूववेल सिँचाइ आयोजनाका आफ्नै विशेष फाइदाहरू छन् र यो लोकप्रिय पनि हुँदै आएको छ । अतएव सतह सिँचाइको साथै भूगर्भीय जलको उपयोगबाट सिँचाइको सुविधा उपलब्ध गराउनु पनि आर्थिक एवं व्यावहारिक दृष्टिकोणबाट आवश्यक भएको छ ।

कार्यक्रमअनुसार सगरमाथा, जनकपुर, नारायणी र लुम्विनी अञ्चलमा जम्मा २५० ट्यूववेलहरू जडान गरिने छन् र प्रति ट्यूववेलबाट ६० हेक्टर जति सिँचाइ हुने हिसाबबाट सरदर १५,००० हेक्टर क्षेत्रमा सिँचाइको लागि पानी उपलब्ध गराउन सकिनेछ ।

ग. लघु सिँचाइ कार्यक्रम

चौथो योजना अवधिमा सञ्चालन गरिने आयोजनाहरूको विस्तृत सर्वेक्षण नभएको हुँदा हाल विभिन्न अञ्चलका आयोजनाहरूको इष्टिमेट तयार नभएकोले टोपो शीट र प्रारम्भिक सर्वेक्षणका आधारमा योजनाकालमा चौधै अञ्चल गरी जम्मा १८२ आयोजनाहरू सञ्चालन गरी योजना अवधिमा जम्मा २१,९३२ हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ । लघु सिँचाइ सम्बन्धी वार्षिक कार्यक्रम निर्धारित गर्दा पुनर्वास कार्यक्रमसित समन्वय कायम गर्ने हिसाबबाट गरिनेछ । हालसम्म सञ्चालन भएका र नयाँ आयोजनाहरूको स्याहार सम्भारको स्थायी व्यवस्थाको अभावमा लघु सिँचाइ सुविधा उपयोगी नहुने हुँदा यसतर्फ ध्यान जानु जरुरी छ ।

सिँचाइ कार्यक्रम र खर्च

चौथो योजनाअन्तर्गत निर्धारित कार्यक्रम सञ्चालन गर्न चाहिने खर्चको विवण तल दिइएको छ ।

आयोजना	खर्च (रु. हजारमा)
क) वृहत सिँचाइ आयोजना	१७,३९,००
ख) ट्यूववेल सिँचाइ आयोजना	३,५०,००
ग) लघु सिँचाइ आयोजना	५,००,००
जम्मा	२५,८९,००

तालिका नं. १
सिँचाइ आयोजनाहरू

(खर्च रु. हजारमा)
पटनी क्षेत्र हेक्टरमा

सि.नं	आयोजना	स्थान	आयोजनाको खर्च		पटनी हुने क्षेत्र	
			जम्मा खर्च	योजना अवधिमा हुने खर्च	जम्मा पटनी क्षेत्र	योजना अवधि भित्र पटनी हुने क्षेत्र
	१	२	३	४	५	६

१.	शारदा आयोजना	कञ्चनपुर	१८,०००	१८,०००	२५,०००	२५,०००
२.	लोहत्तर आयोजना	चितौन	२९,७५०	२९,७५०	१२,०००	१२,०००
३.	वाग्मती आयोजना	रौतहट सर्लाही				
४.	वाणगङ्गा आयोजना	बारा	१५,००००	३७,५००	८१,०००	
५.	ट्यूववेल आयोजना	कपिलवस्तु	१,४०००	१४,०००	८,०००	८,०००
		सगरमाथा, नारायणी र लुम्बिनी	३५,०००	३५,०००	१५,०००	१५,०००
६.	लघु सिँचाइ	चौधै अञ्चल	५०,०००	५०,०००	२१,९३२	२१,९३२
	चालू आयोजना					
१.	कमला आयोजना	धनुषा, सिराहा	५५,०००	३३,०००	२८,०००	
२.	पथरैया आयोजना	कैलाली	३,०००	२,०००	२,०००	२,०००
३.	राप्ती आयोजना	बाँके	४,०००	३,०००	३,०००	३,०००
४.	चापाकोट टार	स्याङ्गजा	२,०००	२,०००	२,०००	२,०००
५.	चौरजहारी टार	रुकुम	७००	७०००	२५०	२५०
६.	चतरा आयोजना (फिल्ड च्यानल)	मोरङ्ग, सुनसरी	७,०००	६,५००	५६,५००	५६,५००
७.	गण्डक पूर्वीनहर	बारा, पर्सा, रौतहट			२८,२००	२८,०००
८.	गण्डक पश्चिम नहर	नवलपरासी			९,७५०	९,७५०
विविध आयोजना						
१.	योजना संभाव्यता अध्ययन	-	७,५५०	७,५५०		
२.	नदी नियन्त्रण रिक्लेमेसन	-	१०,०००	१०,०००		
३.	नवीकरण र विस्तार	-	१०,०००	१०,०००		
		जम्मा	३,९७,०००	२,५८,९००	२,९२,६३२	१,८३,६३२

परिच्छेद ८

नापी, भूमिसुधार तथा भूमि प्रशासन

पञ्चायती व्यवस्थाले परिकल्पना गरेको वर्ग समन्वयमा आधारित शोषणरहित समाजको श्रृजनाका लागि चाहिने वातावरण क्रमवद्ध तरिकाबाट तयार गर्दै लैजाने नीति अनुरूप रहेको भूमिसुधार कार्यक्रमलाई अझ वढी प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नुपर्ने देखिन्छ । हाम्रो आर्थिक व्यवस्था कृषिमा आधारित भएकाले कृषि क्षेत्रमा आधारभूत परिवर्तन गरी कृषक वर्गको आर्थिक स्तर माथि नउठाएसम्म आर्थिक विकासको कार्यक्रम वास्तविक मानेमा सफल हुन नसक्ने स्पष्टै छ । वास्तविक किसानले कृषि पैदावारको न्यायोचित हिस्सा नपाएसम्म कृषिमा आधारभूत पविर्तन नहुने र साथै पञ्चायती व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाजका लागि आवश्यक वातावरणको श्रृजना गर्ने लक्ष्यसमेत अधुरो हुने भएकाले परम्परागत भूमिमा रहेको शोषण अन्त्य गरी कृषकवर्गको आर्थिक स्तर माथि उठाउने, कृषि क्षेत्रमा देखा परेको असन्तुलित जनभार, निष्कृय पुँजी र श्रमलाई गैर कृषि क्षेत्रमा सार्ने तथा आन्तरिक साधनको जगेर्ना गरी उद्योग धन्दाको विकास गर्ने उद्देश्यहरू लिएको भूमिसुधार कार्यक्रमलाई प्राथमिकता साथ लागू गर्नुपर्ने स्वतः स्पष्ट छ ।

भूमिसुधार कार्यक्रम प्रभावकारी छिटो छरितो तरिकाबाट कार्यान्वयन नभएसम्म अन्य कृषि विकास कार्यक्रम पनि प्रभावकारी नहुने हुनाले नापी र भूमि प्रशासन कार्यलाई अझ वढी गतिमा कार्यान्वयन गरी भूमिसूधार कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

जग्गावाला, मोही र जग्गाको किसिम समेत भएको लगत तयार नभएमा मोहीयानी हकको स्थाई प्रमाणपत्र वितरण गर्ने काम, हदवन्दी भन्दा बढी जग्गा प्राप्त गरी वितरण गर्ने जस्ता भूमिसुधारका महत्वपूर्ण कार्यहरू लागू हुन नसक्ने र स्थाई तरिकाबाट भूमिको व्यवस्था गर्न पनि नेपाल अधिराज्यका सबैजिल्लाहरूको कित्ता नापी हुनु नितान्त आवश्यक छ । उपरोक्त तथ्यहरूको साथै नापी विभाग, भूमिसुधार विभाग र भूमि विभागको क्षमता र हुनुपर्ने परिवर्तनहरूलाई समेत एकसाथ ध्यानमा राखी चौथो योजनाको लक्ष्य र कार्यक्रम निर्धारित गरिएको छ ।

तेस्रो योजनाको प्रगतिः

नापी विभागअन्तर्गत कित्ता अनुसारको लगत, जग्गाको किसिम, जमिनको उपयोग, जग्गावाला तथा मोहीको लगत आदि तथ्याङ्क लिने सिलसिलामा तेस्रो योजनामा १०,७३,४१८ हेक्टर जग्गाको नापी गर्ने लक्ष्य राखिएकोमा योजनाको चौथो वर्षसम्ममा ७,८२,९९२ हेक्टर जग्गाको नापी पूरा भएको र २२ जिल्लामा संभार नापी कार्य गर्ने लक्ष्य राखिएकोमा १६ जिल्लामा कार्य प्रगति भएको छ । भूमिसुधार कार्यक्रमका निर्धारित लक्ष्यहरूलाई स्थायी रूपमा कायम गर्न भूमि व्यवस्थामा एकरूपता ल्याउनको साथै प्रशासनमा सरलीकरण हुनु आवश्यक छ । यसको लागि केन्द्रमा भूमि विभाग र जिल्लामा भूमि प्रशासन कार्यालयहरू स्थापना गर्दै लैजाने कार्यक्रमअनुसार तेस्रो योजनाको चौथो वर्षसम्ममा १३ जिल्लाहरूमा भूमि प्रशासन कार्यालयको स्थापना भएको छ ।

भूमिसुधार कार्यक्रमअन्तर्गत जमिनको हदवन्दी, कृषि ऋणको निधारण जमिनको वितरण, मोहियानी हक संरक्षण आदि कार्यक्रमहरूमा भएको प्रगति तलको विवरणबाट स्पष्ट हुन्छ ।

सि.नं.	विवरण	एकाई	तेस्रो योजनाको लक्ष्य	तेस्रो योजनाको ४ वर्षको प्रगति
१.	जग्गाको फाँटवारी लिने	थान	८,८९,९२८	११,६३,००५
२.	साहुबाट ऋणको फाँटवारी लिने	थान	५८,०२२	१०,२,४१७
३.	किसानबाट ऋणको लगत लिने	,,	१३५५३६०	१६,२४,९५०
४.	मोहीको लगत भर्ने	,,	१६,६६,३३८	१८,२७,६०५
५.	जोताहाको अस्थाई निस्सा वितरण	,,	१७,८९,०५०	१४,४६,४९६
६.	मोहीको स्थायी प्रमाणपत्र दिने	,,	२०,११,४३	२३,१३६
७.	वार्ड समिति गठन गर्ने	सङ्ख्या	२५,०००	२५,०००
८.	वचत सङ्कलन गर्ने	रु. मा	३०,१३,३१,६९१	९,८२,०५,९५६
९.	ऋण रकम निर्धारण	,,	८,९५,०९,०००	५,०७,४५,४७२
१०.	हदवन्दी भन्दा वढी जग्गा विक्री	हेक्टर	६१,९१३	१६,६८५

चौथो योजनाको उद्देश्य

चौथो योजना अवधिमा शोषणरहित समाजको श्रृजना गर्ने स्थिति तयार गर्ने र उत्पादनमा अधिकतम बृद्धि गर्ने उद्देश्य पूरा गर्न भूमिसुधार कार्यक्रमलाई निम्नलिखित उद्देश्य पूरा गर्ने मूल हिसावले अगाडि वढाइनेछ ।

(क) भूमिसुधार कार्यक्रमलाई अझ वढी प्रभावकारी रूपमा कार्यान्वयन गरी वास्तविक जोताहालाई बढी प्रेरणा दिइनेछ ।

(ख) कृषि विकासको लागि कृषि ऋण, अनुसन्धान, प्रसार र प्रचार कार्यक्रमलगायत भौतिक र अभौतिक उपकरणहरू बढी मात्रामा जुटाई विभिन्न कार्यक्रमहरूसित भूमिसुधार कार्यक्रमका बीच समन्वय स्थापना गरिनेछ ।

(ग) कृषकहरूलाई उपर्युक्त सहयोग पुऱ्याउने संस्थाहरूको सफल विकासको लागि ठोस आधार खडा गरिनेछ ।

विगत वर्षहरूको अनुभवबाट भूमिसुधार कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न प्रशासकीय दक्षता र समन्वयसम्बन्धी प्रश्नहरू देखापरेका छन् । भूमिसुधार विभागबाट केन्द्रीय र क्षेत्रीय कार्यालयहरूमा कामको बोझको वस्तुगत मूल्यांङ्कको आधारमा उपलब्ध जनशक्तिको उपयुक्त विभाजन नभएमा भूमिसुधार कार्यक्रम कमजोर हुने र जनशक्ति र साधनहरूको समेत सदुपयोग नहुने स्पष्ट छ । मोहीयानी हकको स्थायी प्रमाणपत्र दिने, कुत निर्धारण गर्ने आदि कार्यक्रममा ढिलाइ हुनुका साथै वचत सङ्कलन र यसको उपयोग सम्बन्धमा प्रमाणपत्र वितरण र हदवन्दीभन्दा बढी जग्गाको वितरण गर्नमा ढिलाइ हुन गएको छ । कृषि ऋण निर्धारण गर्नमा कठिनाई परेकाले सबै जिल्लामा वास्तविक कृषि ऋणको रकम निर्धारण गर्न सकिएको छैन । साथै कृषि विकासका विभिन्न कार्यक्रमहरू र भूमिसुधार वीच पर्याप्त समन्वय नहुँदा उत्पादनमा वाञ्छनीय परिवर्तन आउन सकेको देखिँदैन ।

चौथो योजनाको लक्ष्य:–

माथि उल्लेख गरिएका उद्देश्यहरू र कठिनाईहरूका साथै विभागहरूको क्षमतासमेतलाई ध्यानमा राखी चौथो योजनाको कार्यक्रम निम्न प्रकार निर्धारण गरिएको छ ।

१. पहिलेका १८ जिल्लाहरूसमेत गरी अधिराज्यका ४४ जिल्लाहरूमा कित्ता नापीको काम समाप्त गरी अरु ४ जिल्लाहरूमा काम सुरु हुनेछ । साथै टिग्रोनोमेट्रिकल सर्भे र टोपोग्राफिकल सर्भे पनि केही जिल्लाहरूमा गरिनेछ ।

२. ३९ जिल्लाहरूमा मोहीयानी हकको स्थायी प्रमाणपत्र वितण गर्ने काम पूरा गरिनेछ ।

३. ३९ जिल्लामा हदवन्दीभन्दा बढी जमिनको यथार्थ क्षेत्रफल निकाली सो जग्गा प्राप्त गरी वितरण गरिनेछ ।

४. ३९ जिल्लामा भूमि प्रशासन कार्यालय स्थापना गरिनेछ र ती जिल्लाहरूमा रहेका भूमिसुधार कार्यालयहरू सोही भूमि प्रशासन कार्यालयहरूमा गाभिनेछन् ।

५. अनिवार्य बचत सङ्कलन र त्यसको प्रभावकारी उपयोगको लागि लेखा परीक्षणको सम्पूर्ण काम पूरा गरी स्थायी व्यवस्था मिलाइनेछ ।

६. मुख्य बालीको ५० प्रतिशतसम्म गर्ने मौजुदा कुत व्यवस्था वा मोहीलाई उत्पादनमा उत्साहित गर्ने खालका अन्य कुनै पनि व्यवस्थालाई योजना अवधिमा ३९ जिल्लामा लागू गरिनेछ ।

७. सबै जिल्लामा कृषि ऋणको वास्तविक परिमाण निर्धारण गरिनेछ र ऋण चुक्ता गर्ने सम्बन्धमा निर्णय गरिनेछ ।

८. सामाजिक न्याय र उत्पादनलाई प्रोत्साहित गर्ने किसिमको भूमि करको निर्धारण गर्न मौजुदा आधारमा परिवर्तन ल्याइनेछ ।

९. वास्तविक जोताहाको हातमा जग्गा हस्तान्तरण गर्ने काममा मद्दत पुऱ्याउन भूमिबाट उद्योगतर्फ पुँजी सारी निजी क्षेत्रमा लगानी वृद्धि गर्ने मोजुदा वित्तीय संस्थाको माध्यमद्वारा आवश्यक वित्तीय व्यवस्था मिलाई आफैं खेती नगर्ने जग्गावालाले आफ्नो जग्गा जोताहालाई बेच्न चाहेमा यसरी बेची प्राप्त हुने रकम पनि खासा खास औद्योगिक कार्यमा लगानी गर्ने भएमा आवश्यक ऋण दिने व्यवस्था मिलाइनेछ । यसरी जग्गावालाले जमिन जोताहालाई बिक्री गर्ने सर्तमा ऋण दिइनेछ र जगा बिक्री भएपछि मात्र यसरी बेचिएको जग्गालाई नै धितो मानी ऋण प्रदान गरिनेछ । मोहीले निश्चित अवधिभित्र किस्तावन्दीमा जमिनको मोल चुक्ता गर्दै गएपछि सम्बन्धित वित्तीय संस्था प्रतिको दायित्व पनि क्रमशः घट्दै जानेछ ।

नापीको कार्यक्रम

(क) कित्ता नापी:

यस आयोजनाले जग्गामा मालपोत लगाउन राम्रो र एकनासको आधार तयार पार्नमा मद्दत दिनेछ । कित्ता नापी समाप्त भएका जिल्लाहरूमा जोताहालाई मोहीयानी हकको स्थायी प्रमाणपत्र दिने आधार तयार हुनको साथै हदवन्दी भन्दा बढी जमिन निश्चित रूपले थाहापाई भूमिहीन किसानलाई जग्गा वितरण बेचबिखन गर्न सक्ने स्थिति बनाउँछ ।

यस योजनाकालमा कित्ता नापीको काम चाँडो समाप्त गर्नुका अतिरिक्त कम खर्चिलो बनाउन नयाँ नयाँ उपायहरू प्रयोगमा ल्याइने छन् । यस्ता उपायहरू मध्ये आर्थि-फोटो नक्साहरू, टेलिस्कोपिक एलिडेड, स्टडिया रड आदि हुन् । यी नयाँ यन्त्रहरूको प्रयोग गर्न नापी गोस्वाराका सबै कर्मचारीहरूलाई तालिम दिने प्रवन्ध हुनेछ ।

चौथो योजनाकालमा कित्ता नापीको काम अरु २६ जिल्लामा अर्थात् अनुमानित ३,३७,९५५ हेक्टरमा पूरा गर्ने र अरु ४ जिल्लामा कित्ता नापीको काम चालू राख्ने लक्ष्य राखिएको छ । यसको विवरण तल दिइएको छ ।

कित्ता नापी समाप्त गरिने जिल्लाहरू

आर्थिक वर्ष	२०२७। २८	२०२८। २९	२०२९। ३०	२०३०। ३१	२०३१। ३२
	कपिलवस्तु	दाङ्ग	अर्घाखाँची	धनकुटा, दैलेख,	रामेछाप
	रूपन्देही	मकवानपुर	पाँचथर	जाजरकोट	रोल्पा
	मोरङ्ग र	पाल्पा र	तेह्रथुम र	अछाम, प्यूठान,	रुकुम, तनहुँ
	सप्तरी	इलाम	सुर्खेत	सल्यान, गुल्मी, स्याङ्जा र सिन्धुली	र डडेल्धुरा

(ख) ट्रिगोनोमेट्रिकल नापी:–

कित्ता नापी भएका क्षेत्रमा तीन ट्रिगोनोमेट्रिकल कन्ट्रोल चिन्ह लगाई ती कन्ट्रोल चिन्हबाट देशभरि एकनासको विस्तृत रूपले नक्सा बनाउने काम यस आयोजनाअन्तर्गत हुनेछ । अधिराज्यका विभिन्न भागमा सर्भे अफ इन्डियाले खडा गरिएका प्वाइन्टहरूलाई क्रमवद्ध गरिनेछ । कित्ता नापी टोलीका प्रत्येक अमिनलाई आफ्नो सर्भे गर्ने क्षेत्रमा ३ ट्रिगोनोमेट्रिकल कन्ट्रोल चिन्ह हुनेछ । प्रारम्भमा कित्ता नापी गर्ने ७ गोश्वारालाई प्रति वर्ष चाहिनेजति ट्रिमोनोमेट्रिकल कन्ट्रोलको व्यवस्था गरिन्छ ।

यस आयोजनाबाट देशको नापी भएका क्षेत्रको नाप एकै समान हुनेछ । यसबाट एकै सीमाना भएका क्षेत्रहरूमा रिक्त स्थान वा एक क्षेत्र माथि अर्को क्षेत्र दोहोरिने छैन ।

यस योजनाकालमा जम्मा अनुमानित २७२,६८५ हेक्टर जमिनमा ट्रिगोनोमेट्रिकल नापीको काम समाप्त हुनेछ ।

(ग) सम्भार 'मेन्टेनेन्स' नापी:–

एक पटक कित्ता नापी भएका जमिनमा पुनः पुरा नापी गर्ने काम हटाउनका लागि र नाप नक्साहरू राम्रो स्थितिमा राखिछोड्नको निमित्त सम्भार नापीको आवश्यकता पर्दछ । कित्ता नापी समाप्त भएको जिल्लामा दर्ता पुस्तक राम्रोसँग राख्न, नक्साहरूको हेरविचार गर्न र नक्सा ट्रेसिङ गर्ने कामका लागि प्रत्येक भूमि प्रशासन कार्यालयमा एक एक वटा सम्भार (मेन्टनेन्स) शाखा रहनेछ । यस सम्भार (मेन्टेनेन्स) शाखाले जग्गाको खरिद विक्री र अरु कुनै अवस्थाले जग्गाको सिमाना अदलवदल गरी भूमि प्रशासकको आदेशानुसार नयाँ रेकर्ड कायम गर्नेछ र त्यस्ता नक्साका प्रतिलिपिहरू तयार गरी विक्री वितरण गर्नेछ । यसका अतिरिक्त क्षेत्रीय किताब र नक्साहरूको राम्रो हेरविचार र अध्यावधिक राख्ने पनि सम्भार (मेन्टनेन्स) नापी आयोजनाको काम हुनेछ । स्थायी किसिमले ट्रिगोनोमेट्रिकल प्वाइन्टहरू कायम गरी सकेपछि पनि ती प्वाइन्टहरूको सम्भार गर्न बराबर जाँचबुझ गर्नुपर्ने र कुनै अदलीबदली भएमा रिपोर्ट गर्नुपर्ने हुन आउँछ ।

चौथो योजना अवधिभरमा अरु २६ जिल्लामा सम्भार (मेन्टीनेन्स) शाखा रहनेछन् ।

(घ) टोपोग्राफिकल नापी:–

भौगर्भिक सर्भे, स्वाइल सर्भे, वन संरक्षण सर्भे आदिजस्ता कामहरूको निमित्त आधार नक्साको रूपमा टोपोग्राफिकल नक्साको आवश्यकता छ । यस्ता नक्साहरूको लागि अन्यत्र निर्भर गर्नुपरेको र प्राप्त भएका नक्साहरूको सङ्ख्या पनि नपुग छन् । यसका अतिरिक्त यसरी उपलब्ध भएका नक्साहरू अद्यावधिक नहुनुको साथै देशको खाँचोअनुसारका नक्साहरू प्राप्त छैनन् ।

यस कुरालाई ध्यानमा राखी संयुक्त राष्ट्रसंघ विशेष कोषको सहयोगले श्री ५ को सरकारले एउटा टोपोग्राफिकल नापी शाखा चौथो योजनाकालमा खडा गर्नेछ । यस शाखाले निम्न बमोजिमको काम गर्नेछ :–

(क) सर्भे अफ इन्डियाले तयार गर्न बाँकी जग्गाको १ इन्च नक्शा तयार गर्न ती इलाकाको टोपोग्राफिकल नापीको काम समाप्त गर्ने ।

(ख) कोलम्बो योजनाअन्तर्गत सर्भे अफ इन्डियाले प्रकाशित गरी आएको नेपालको १ इन्च नक्सासिट आवश्यकताअनुसार पुग्ने गरी पुनः उत्पादन गर्ने र यो सिटहरूलाई अद्यावधिक राख्ने ।

(ग) नेपालको सानोमान (स्केल) को १:२५०,००० को नक्सा खिची प्रकाशित गर्ने ।

(घ) शहरहरूको ठूलो मानको टोपोग्राफिकल नक्शाहरू खिची प्रकाशित गर्ने ।

(ङ) विकास योजनको क्षेत्रको निमित्त नापी गर्ने र नक्सा उत्पादन गर्ने ।

(च) अरु विभागहरू जस्तै भौगर्भिक सर्वेक्षण, माटो सर्वेक्षण, वन सर्वेक्षणबाट नापी गरेका नक्साहरू छाप्ने तथा खिच्ने ।

चौथो योजना अवधिमा अरु ३ वर्षसम्ममा भवन निर्माण कार्य समाप्त गर्नुका साथै आयोजनालाई चाहिने मुख्य मुख्य साधनहरू (यन्त्रहरू) विशेषज्ञको सल्लाह प्राप्त गरी सहयोगी कर्मचारीहरूको तथा सञ्चालनहरूको तालिम समाप्त गरिनेछ । आर्थक वर्ष २०३०।३१ देखि नक्सा उत्पादन कार्य सुरु गरिनेछ ।

(ङ) तालिमः-

विभिन्न किसिमका नापी आयोजनाहरूको काम छिटो छरितो र सक्षम तरिकाबाट सम्पन्न गर्न तालिम प्राप्त कर्मचारीहरूको अति आवश्यक छ । यस कुरालाई ध्यानमा राखी श्री ५ को सरकारले आर्थिक वर्ष २०२५।२६ मा एउटा नापी तालिम केन्द्रको स्थापना गरी नापी गोश्वाराहरूका निमित्त चाहिने कर्मचीहरूलाई तालिम दिदै आउनुका साथै उच्च तालिमको लागि पनि विदेशमा पठाइएका छन् । अधिराज्यका कित्ता नापी हुनुका साथै ट्रीगोनोमेट्रीकल नापी, संभार (मेन्टेसनेन्स) नापी र टोपोग्राफिकल नापी हुने भएकाले विभिन्न विषयमा तालिम प्राप्त जनशक्तिको आवश्यकतालाई विचार गरी चौथो योजनाकालमा नापी तालिमको कार्यक्रम विस्तृत गरिनेछ ।

२. भूभि सुधारको कार्यक्रम

(क) अनिवार्य वचतः-

कृषि क्षेत्रबाट साधनको परिचालन गरी कृषि उत्पादन बढाउन चाहिने संस्थागत ऋण उपलब्ध गराउनका साथै कृषि क्षेत्रमा रहेको निष्कृय पुँजी गैर कृषि क्षेत्रमा सार्ने यो कार्यक्रमको मौलिक विशेषता हो । साथै यस कार्यक्रमबाट किसानहरूले आफ्नो मोहियानी हकको संरक्षण गर्न र उनीहरू माथि हुने अनुचित आर्थिक दवाव अन्त गरी सबल र सक्षम हुन मद्दत मिल्दछ । चौथो योजना अवधिमा रु.६ करोड अनिवार्य वचत सङ्कलन गर्न सक्ने अनुमान छ ।

(ख) वचतको सुव्यवस्था र लेखा परीक्षणः-

वचत सङ्कलनले मात्र भूमिसुधारका उद्देश्यहरू प्राप्ति हुँदैनन् । उठेको वचतको सदुपयोग पनि हुनु आवश्यक छ । वचतलाई हिनामिना हुन नदिन वचतको आवश्यक लेखा परीक्षण गरी हिसाब श्रेस्ता व्यवस्थित र अद्यावधिक राख्न चौथो योजना अवधिमा १७,०१९ वडाहरूमा नियमित रूपले वचतको लेखा परीक्षण गर्नेलक्ष्य राखिएको छ।

(ग) मोहीयानी हकको संरक्षण र सुव्यवस्थाः-

वास्तविक जोताहालाई आफुले जोति आएको जग्गामा वढी मेहनत र परिश्रम गराई उत्पादनमा बृद्धि गराउन मोहीयानी हकको संरक्षण र सुरक्षा हुनु आवश्यक छ । हालसम्ममा १४,४६,४९६ सङ्ख्यामा अस्थाई जोताहाको निस्सा र २३,१३६ स्थायी जोताहाको प्रमाणपत्र वितरण गरिएको छ । जग्गाको वास्तविक क्षेत्रफल किटान नहुन्जेलसम्म जग्गाको क्षेत्रफल समेत तोकि हक दिलाउन कानुनतः बाधा पर्ने भएकाले नापी नहुन्जेलसम्मका लागि पुर्जा दिई हाल जोति आएको जग्गाको क्षेपक्रल बमोजिम मोहीको हक कायम गराइएको छ । यसरी हक लाग्ने भएका जोताहाहलाई जग्गावालाहरूले हटाउन नसक्ने कानुनी व्यवस्था छ । चौथो योजना अवधिमा नापीको काम पूरा भएका सबै जिल्लाहरू अन्तर्गतका पञ्चायतहरूमा पूर्व विपरित अस्थायी निस्साको आधारमा अन्य आवश्यक कुराहरू छानबिन गरी स्थायी प्रमाणपत्र दिइनेछ । यसका साथै जग्गावाला र मोहीका बीच अनावश्यक झैं- झगडा कम गर्न उनीहरूका बीच पारस्परिक सहयोग वढाउन जग्गावाला र मोहीका बीच कवुलियत गराउने कार्यक्रमक पनि चालु हुनेछ ।

(घ) कुत निर्धारणः-

मेहनत गरी काम गर्ने किसानलाई उत्पादनको न्यायोचित हिस्सा दिलाउन र उनीहरूलाई प्रोत्साहन दिई जमिनको अधिकतम उत्पादन बढाउन कुत निर्धारण गर्नु अनिवार्य छ । हाल काठमाडौं उपत्यकामा मात्र यस किसिमको कुत निर्धाण भइसकेको छ । काठमाडौ उपत्यका बाहिर कूत निर्धारणको व्यवस्था नभएकाले त्यहाँका किसानहरूमा जमिनमा बढी मेहनत र परिश्रम गरी अधिकतम उत्पादन गर्ने प्रबृत्ति आएको छैन तसर्थ चौथो योजना अवधिमा कित्ता नापी पूर्ण रूपले समाप्त हुने २६ जिल्लाहरूमा ऐन अनुसार कुत दर कायम गरिनेछ ।

(ङ) जग्गा प्राप्ति र वितरणः-

जग्गाको बितरणमा रहेको असमानतालाई न्यून गरी कृषि उत्पादन गर्न र कृषि क्षेत्रमा रहेको निष्कृय पुँजीलाई गैर कृषि क्षेत्रमा लगानी गराउने वातावरण तयार गराउन हदवन्दीभन्दा बढी जमिन राख्न नपाउने व्यवस्था गरिएको छ । हदभन्दा बढी भएको जमिन मोही र भूमिहीन किसानहरूमा प्राथमिकताको आधारमा बिक्री वितरण गर्नेछ । अधिराज्यमा नापीको काम पूरा नभएसम्म के कति जग्गा हदवन्दीभन्दा बढी भयो भन्ने कुरा यकिन गर्न नसकिने हुँदा हदवन्दीभन्दा वढीको जग्गा प्राप्त गरी बितरण गर्नमा कठिनाई परेको थियो । यसकारण चौथो

योजनाकालमा नापीको काम पूर्ण रूपले समाप्त भइ सकिनेमध्ये ३९ जिल्लाहरूमा बढी देखिएको जमिन प्राप्त गरी बिक्री बितरण गरिने कार्यक्रम राखिएको छ ।

(च) ऋण रकम निश्चित :-

परम्परागत ऋण प्रणालीबाट भैरहेको अनुचित शोषणहरूबाट किसानहरूलाई मुक्त गर्न कृषकहरूले लिएको कृषिसम्बन्धी ऋणको वस्तविक ऋण रकम निर्धारित गर्ने काम चालूनै रहनेछ । चौथो योजना अवधिमा तेस्रो योजना अवधिबाट बाँकी हुने अनुमान गरिएको रु.४ करोड कृषि ऋण छुट्याउने उक्त रु. ४ करोडबाट कृषि ऋण ठहरेको जतिमा ऋण निर्धारण गर्ने लक्ष्य छ ।

३. भूमि प्रशासन :-

चौथो योजनाकालसम्ममा कित्ता नापी सम्पूर्ण रूपले समाप्त हुने अरु २६ जिल्लाहरूमा भूमि प्रशासन कार्यालय स्थापना गर्ने लक्ष्य निर्धाण गरिएको छ । यसको बिबरण तल दिइएको छ :-

भूमि प्रशासन लागू हुने जिल्लाहरू

२०२७/२८	२०२८/२९	२०२९/३०	२०३०/३१	२०३१/३२
मोरङ्ग	कपिलवस्तु	मकवानपुर	सुर्खेत	धनकुटा
सुन्सरी	रूपन्देही	पाल्पा	दाङ	दैलेख
महोत्तरी	सप्तरी	इलाम	अर्घाखाँची	जाजरकोट
सिराहा			पाँचथर	अछाम
धनुषा			तेह्रथुम	सिन्धुली
चितवन				प्यूठान, सल्यान, गुल्मी, स्यांगजा

माथि उल्लेख गरिएअनुसार यी कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य काम निम्न अनुसार छन्:-

१. भूमि सुधार कार्यक्रम तथा नापीबाट प्राप्त जग्गा, जग्गावाला र मोहीसम्बन्धी लगत तथ्याङ्कलाई शुद्ध र अद्यावधिक राखी भूमिसुधारको कार्यक्रमलाई बलियो आधार कायम राख्ने ।

२. जग्गावाला र मोहीहरूको जग्गामाथिको आ -आफ्नो हक सुविधा र अधिकारपछि परन्तुसम्म संरक्षण गरिदिने ।

३. जग्गा जमिनसम्बन्धी झैं-झगडा कम गराउने किसिमले प्रत्येक जग्गावाला मोहीलाई आ-आफ्नो जग्गाका कित्ता पिच्छेको नक्सासहितको पुर्जा दिई सुगम र सरल तरिकाले जग्गाको कारोवार (Registration of Title) गर्ने ।

४. नापी, भूमिसुधार र भूमि प्रशसान कार्यक्रम र खर्च :-

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचीमा दिइएको छ । निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभागअन्तर्गत पर्ने खर्चको बाँडफाँट तल दिइएको छ।

	कार्यक्रम	खर्च (रु. हजारमा)
१.	नापी	४,९२,००
२.	भूमि सुधार	४,०९००
३.	भूमि प्रशासन×	–जम्मा: ९,०१,००

अनुसूची

नापी, भूमि सुधार तथा भूमि प्रशासन

सि.नं.	आयोजनाको नाम	स्थिति	लक्ष्य	खर्च (रु.हजारमा)
	(क) नापी			४,९२,००
१.	कित्ता नापी	चालू	२६ जिल्ला अर्थात् अनुमानित ३३७९५५ हेक्टर	२,९०,५०
२.	ट्रिगोनोमेट्रिकल नापी	प्रस्तावित	अनुमानित २७२६८५ हेक्टर	५०,७५
३.	मेन्टेन्नेन्स नापी+	चालू	थप २६ जिल्लामा	

× खर्च साधारण बजेटबाट व्यहोरिने ।

\+ खर्च साधारण बजेटबाट व्यहोरिने ।

४.	टोपोग्राफिकल नापी		योजनाको पहिलो तीन वर्षसम्म आयेजनाको लागि चाहिने आधारभूत कार्यहरू जस्तो भवन निर्माण, प्राविधिज्ञहरूको तालिम, मालसामानको उपलब्धिको काम पूरा गरी बाँकि दुई वर्षमा सञ्चालकहरूको तालिम र त्यसपछि एक इञ्चको नक्साहरूको पुनः उत्पादन, आदि ।	१११५०

परिच्छेद ९

वन–वनस्पति

तेस्रो योजनाको प्रगतिः–

तेस्रो योजना अवधिमा सम्पूर्ण वन साधन सर्वेक्षण पूरा गर्न र पूरा भएका क्षेत्रमा कार्य योजना तयार गर्दै लागू गर्ने लक्ष्य राखिएकोमा हालसम्ममा टी.सी.एन को कार्ययोजना पूरा भई लागू भएको छ । त्यस्तै बीरगञ्ज, विराटनगर र कन्चनपुरमा पनि प्रधान वन कार्यालय स्थापना गरी वन कार्य योजना लागू गरिएको छ । चितौन, बाँके र बर्दियामा आर्थिक वर्ष २०२६।२७ मा लागू गर्ने कार्यक्रम छ ।

वन सर्वेक्षणको हकमा तराई क्षेत्रको तथ्याङ्क प्रकाशित भइसकेको र पहाडी क्षेत्रमा मध्यामाञ्चलको तथ्याङ्क सङ्कलन कार्य पूरा भई सकेको छ ।

माटो सर्वेक्षणतर्फ चितौन र बीरगञ्जको माटोको किसिम र भू प्रयोगको सर्वेक्षण प्रतिवेदन प्रकाशित भइसकेको र जनकपुरको प्रतिवेदन पूरा गरिएको छ । बाँके र बर्दिया डिभिजनको माटो र भू प्रयोगको सर्वेक्षण कार्य पनि सम्पन्न भइसकेको छ ।

तेस्रो योजनाअन्तर्गत २००० कि.मि. वन सीमा निर्धारित गर्ने लक्ष्यअनुसार पहिलो ४ वर्षमा १४९३ कि.मि. वन सीमा कायम भएको छ । त्यस्तै ७१३ कि.मि. वन पथ निर्माण गर्ने लक्ष्यअनसार ४ बर्षमा ५४७ कि.मि. पूरा भएको छ । ३६० कि.मि. अग्नि संरक्षण रेखा निर्माण गर्ने लक्ष्यमा हालसम्ममा २३७ कि.मि. तयार भएको छ । ३३१५ हेक्टरमा वृक्षारोपण गर्नु पर्नेमा हालसम्म पुरानो वुट्यानसमेत गाभी ४१५० हेक्टरमा वृक्षारोपण हुन सकेको छ ।

नेपाल फरेष्ट्री इन्स्टिच्यूटमा बर्षको ७० जवान फरेष्टर र ३५ जवान रेन्जरमा प्रशिक्षण दिने कार्यक्रमअनुसार ६१ जवान रेन्जर र ९६ जवान फरेष्टरलाई तालिम दिने काम भएको छ ।

संयुक्त राष्ट्रसंघ विकास आयोजना (यु.एन.डि.पी.) र श्री ५ को सरकारको संयुक्त प्रयासबाट सञ्चालित त्रिशुली जलाधार विकास आयोजनाअन्तर्गत पहिलो चरणको रूपमा प्राविधिक सर्वेक्षण कार्य पूरा गरी डेमोन्स्ट्रेशन र विकास कार्य पनि सुरु गरी केही पूरा पनि गरिएको छ ।

वनस्पति विभागअन्तर्गत शाही औषधि अनुसन्धानशालामा १५० थरीका नेपाली जडिबुटीहरूको ग्रेडेशन कार्य, फर्माकग्नोष्टिक अध्ययन, उनीहरूको स्क्रीनिंगका साथै विश्लेषणात्मक कार्यहरू सम्पन्न गरिनुका अतिरिक्त वाह्य श्रोतबाट विश्लेषण कार्य र गुणहरू छानबिन गर्नको लागि प्राप्त भएको ५० थरीका जडिबुटीहरू, ५०० भन्दा बढी अन्य वस्तुहरूको अधययन र जाँचड्ताल कार्य सम्पन्न भएको छ । यस बाहेक ३२ थरीका नयाँ निर्माण गरिएका औषधिहरूको विधि विधान र परिमाण कार्य (फर्मुलेशन) र उनीहरूको निर्माण गरिँदा पाख पिच्छेको रहनुपर्ने स्तर र गुणहरूको पनि अध्ययन कार्य गरिएको छ । उत्पादन शाखा अन्तर्गत विभिन्न ३२ थरीका औषधिहरू निर्माण गरी अधिराज्य भरी बेचविखन समेत गरिएको छ । यीमध्येमा २ लाख आण्टिवायोटिक क्याप्सुल, विभिन्न प्रकारका सल्फाड्रग, भिटामिन 'सि' समेत गरी ३६ लाख ट्वाब्लेट, १९ लाख सिरप सी सी, २ लाख ५० हजार झोल सीसीहरू उत्पादन गरिएको छ ।

शाही वनस्पति उद्यान गोदावरीलाई मनोरम स्थल र वनस्पति विज्ञानसम्बन्धी पठन पाठनमा समेत योगदान पुऱ्याउने हेतुले उद्यानहरू निर्माण गर्ने सन्दर्भमा दश हजारभन्दा बढी स्वदेशी र विदेशी वोट विरुवाहरू लगाउनका साथै मनोरन्जनको दृष्टिकोणबाट उद्यानहरूको सुधार कार्य सम्पन्न भएको छ । नेपाल अधिराज्य भर प्रारम्भिक वनस्पति सर्वेक्षण कार्य समाप्त गरिनुका साथै सङ्कलन गरिएका बोट विरुवाहरूको नमुनाबाट पच्चीस हजारभन्दा बढी हर्वेरियम सीटहरू तयार पारी सुरक्षित राखिएको छ । वनस्पति सर्वेक्षण कार्यको सिलसिलामा र यिनै सङ्कलित वोट विरुवाका नमुनाका आधारमा नेपालको वनस्पति (ल्फोरा) पुस्तक तयार पार्ने सन्दर्भमा पाँच थरीका नवस्पति सम्बन्धी (फ्लोरा) पुस्तकहरू प्रकाशित भई सकेको छ । नागार्जुन, लाँगटान, जुम्ला, हुम्ला र मध्य नेपालको वनस्पति सम्बन्धी पुस्तकहरू तयार भई छपाईको लागि गईसकेको छ ।

तरहरा विराटनगरामा मेन्था र सर्पगन्धा ४ विगाहामा प्रयोगात्मक खेती भएको छ । वृन्दावन जडिवुटी उद्यान (हेटौडा) मा पनि मेन्था र सर्पगन्धा ३० विगाहामा खेती गरिएको छ दामनमा पाइ,रिथ्रम, बेलाडोना, स्याउ, आलुबखडा गरेर २०० रोपनीमा रोपिएको छ । पाइरिथ्रम २००० के.जी. र बेलाडोमा २०० के.जी. वर्षेनी उपलब्ध भएको छ । टिष्टुङ्गमा पनि केशर पाइरिथ्रम र बेलाडोना गरी जम्मा २०० रोपनीमा लगाइएको छ । यसबाट पनि पाइरिम १००० के.जी. र बेलाडोना २०० के.जी. वर्षेनी प्राप्त भएको छ । मणिचुरमा बेलाडोना मात्र ३०० रोपनीमा लगाइएको छ । शिवपुरीमा पाइथ्रिम, बेलाडोना र डिजीतालिस गरी जम्मा ३०० रोपनीमा रोपिएको छ । यहाँबाट वर्षेनी पाइरिथ्रम १००० के.जीं बेलाडोना १०० के.जी. डिजीतालिस ६००० के.जी उपलब्ध गरिएको छ ।

हालसम्मको अनुभवबाट वैज्ञानिक ढङ्गबाट वन विकास गर्ने कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नमा देखा परेका केही कठिनाइहरू यस प्रकारका छन् :

(क) वन अतिक्रमण गरी अव्यवस्थित ढङ्गले बसोवास गर्नाले वन दिनप्रतिदिन नास हुँदै गएको छ र यो प्रकृया अझै बढ्दो छ ।

(ख) एक ठोस राष्ट्रिय वन नीतिको अभावमा सर्भे, माल, वन, पुनर्वासजस्ता विभागमा पारस्परिक सामन्जस्य नआई सम्बन्धित विभागीय आवश्यकता र कार्य परिधिको मात्र ख्याल गरिन्छ ।

(ग) हर, घरसङ्ग जस्तो व्यवस्था अन्तर्गत जरुरतभन्दा बढी सुविधा, वन भित्रै लकडीको लिलाम गरी ठेकदारहरूलाई जंगलमा अनियन्त्रित रूपमा पस्ने मौका आदिबाट वनको उचित संरक्षण हुनसकेको छैन ।

(घ) बदलिँदो परिस्थिति, मर्मतको अभाव र रेखदेख र हिफाजतको कमीले वन सीमा, वनपथ, अग्नी संरक्षण रेखा उपयोगी भएको देखिदैन ।

(ङ) पहाडका धेरै जंगलहरूमा वन सेवा कायम नभएबाट वन सेवा देशव्यापी हुन सकेको छैन । यसको मुख्य कारण तालिम प्राप्त प्राविधिज्ञहरूको कमी हो ।

चौथो योजनाको उद्देश्य र नीति

जनसाधारणको आवश्यकता पूरा गरी राष्ट्रिय आय वढाउनुका साथै भू संरक्षण, वन जन्तु संरक्षण कार्यमा समेत वनको भूमिका महत्वपूर्ण भएकाले वनको संरक्षण र सम्वर्द्धन वैज्ञानिक तरिकाबाट गरी अधिकतम लाभ उठाउने मुख्य उद्देश्य राखिएको छ । त्यस्तै वनस्पति र जडिवुटीहरूको वैज्ञानिकतवरले अध्ययन, अनुसन्धान तथा प्रयोगगरी जडिबुटीको उत्पादन, प्रशोधन र औषधि निर्माण कार्यमा बृद्धि गरी वनस्पति तथा जडिवुटीको विकास, उत्थान कार्य सञ्चालन गर्नुका अतिरिक्त देशको खपत पूरा गरीवि देशमा पनि अन्तर्राष्ट्रिय स्तरका प्रशोधित जडिबुटी र औषधिहरूको निर्यात बढाई देशको आर्थिक स्थिति सपार्ने उद्देश्य राखिएको छ । तसर्थ वनको वैज्ञानिक बन्दोवस्तको लागि देश भर हालसम्म भइसकेको वन सर्वेक्षणको आधारमा वन कार्य योजना तयार गरी त्यसैको आधारमा मात्र वनको विकास गर्ने मुख्य नीति अपनाइएको छ । वनपथ, अग्नि संरक्षण तथा अरु निर्माण कायक्रम पनि वन कार्य योजना लागू भएका क्षेत्रमा मात्र सीमित गरिनेछ । यसरी वन, विकास कार्य योजना लागू गर्न वन सीमा एकचोटी निर्धारित भइसकेपछि त्यस्मा कुनै प्रकारको परिवर्तन आउन नदिन चाहिने कानूनी व्यवस्था र सुदृढ तथा इमान्दार प्रशासकीय वन्दोवस्त हुनु जरुरी छ । वन भित्र खुल्ला प्रवेश निषेध गरी वन कार्य योजना बमोजिम मात्र वनको सञ्चालन नभएमा वन सम्पदाको विकास भई क्रमशः नाश हुने तथ्य इतिहासले बताई सकेको छ ।

वन सम्पदाको विकास कार्यका साथै पहाडी क्षेत्रहरूमा भूक्षयको प्रकोप ज्यादा भएकाले भू-संरक्षण, वृक्षारोपण गर्ने नीति पनि चौथो योजनाकालमा चालू नै रहनेछ । साथै वन पैदावार र वनस्पतिमा आधारित उद्योग धन्दाको विकास गर्न आवश्यक कच्चा वस्तुको सर्वेक्षण गरी चाहिने तथ्याङ्क सङ्कलन, अध्ययन, अनुसन्धान र उत्पादन कार्य विस्तार गर्नमा बढी ध्यान दिइनेछ ।

वन

चौथो योजनाको कार्यक्रम:

१. पहाडी क्षेत्रको हवाई चित्र योजना अवधिमा पूरा गरिनेछ ।

२. तराईका बाँकी डिभिजनहरू जनकपुर, हनुमाननगर, झापा, कपिलवस्तु र पहाडका २ डिभिजन महाकाली र काठमाडौंको कार्य योजना तयार गरेर ताराईका सबै डिभिजनहरूमा योजनाकाल भित्र कार्य योजना कार्यान्वयन गरिनेछ ।

३. तराईका ३ डिभिजन, चितौन, बाँके र बर्दियाको कार्य योजनाहरू दोहोऱ्याइनेछ ।

४. बाँके, बर्दिया, हनुमाननगर, काठमाडौं, झापा, लुम्बिनी, कपिलवस्तु र एक पहाडी डिभिजनको माटो तथा भू प्रयोगको सर्वेक्षण पूरा गरिनेछ ।

५. काठमाडौंको जलाधार क्षेत्रहरूमा भू संरक्षण कार्य सुरु गरिनेछ । पाँच खालको भू-संरक्षण क्षेत्रमा सबै काम समाप्त गरी मनोरन्जन स्थलमा परिणत गरिनेछ ।

६. सिल्भी-कल्चरल अनुसन्धान, पानी, आवहवासम्बन्धी तथ्याङ्क सङ्कलन, काठ वनस्पतिका नमूना सङ्कलन, काठको श्रेणी छुट्याउने स्तर निर्धारण र काठको नापी गर्ने प्रामाणिक नियम तर्जुमा गर्ने जस्ता कार्यहरू पनि योजना अवधिमा सञ्चालन गरिनेछ ।

७. वन सीमा निर्धारणमा २,५०० माईल (४००० कि.मि.) नयाँ निर्माण र ४००० कि.मि. पुरानो मर्मत गर्ने लक्ष्य छ ।

८. वृक्षारोपण कार्यक्रमलाई अरु विस्तृत र व्यापक बनाउन तराई र पहाडमा गरी ८००० हेक्टर जमिनमा वृक्षारोपण गरिनेछ र गरिएका वृक्षारोपणको रेखदेख, मर्मत संभार गरिनेछ । यस कार्यक्रमअन्तर्गत त्रिशूली जलाधार क्षेत्रको विकासको दोस्रो चरणको रूपमा २००० हेक्टर वनको संरक्षण तथा लिखुखोला उपत्यकाको २,५०० हेक्टरमा वृक्षारोपणको काम पनि समावेश गरिएको छ ।

९. वन पैदावारको उपयोगिता, बजार, माग यिनीहरूलाई उत्पादन गर्ने वन जंगलको क्षमतासम्बन्धी विस्तृत अनुसन्धानको आधारमा वनजंगल समूह मिलाई इकोनमिकल मिल यूनिटको निर्धारण गरिनेछ । यस सम्बन्धमा हेटौडामा एक वन पैदावार विकास केन्द्रको पनि स्थापना गर्ने कार्य लक्ष छ ।

१०. सालको २५ जवान रेञ्जर ७० जवान फरेष्टरलाई तालिम दिने कार्यक्रम चालूनै रहनेछ । वन विशेषज्ञलाई ३ महिनाको अन्तरसेवा तालिम पनि प्रदान गरिनेछ ।

११. दोलखा जिल्लाको जिरीमा वन सुधार, संरक्षण तथा विकास कार्य चालूनै रहनेछ ।

वनस्पति

(क) शाही औषधि अनुसन्धानशाला:

१. बोट विरुवा तथा जडिबुटीहरूमा उपलब्ध हुने मुख्य तत्व र सारबाट औषधिहरूको निर्माण गर्ने कार्य चालू नै रहनेछ ।

२. फर्माकोलजी प्रयोगशालाको विस्तार गरी जडिबुटीहरूको फर्माकोलजीकल स्क्रीनिङ्ग (जाँच पडताल) कार्य पनि चालू नै रहनेछ ।

३. जडिबुटी, तेल, घिउ, मसला र अरु पेय वस्तुहरूको गुण नियन्त्रण (क्वालिटी कन्ट्रोल) कार्य प्रारम्भ गरिनेछ ।

४. नेपालका जडिबुटीहरू सङ्कलन गरी उनीहरूको विश्लेषण विधि, उपयोगितासमेत समावेश गरीअन्तर्राष्ट्रिय स्तरको एक "नेपाल फर्माकोपीया" तयार पार्ने कार्य प्रारम्भ गरिनेछ ।

५. नेपालको ड्रग एक्ट (औषधि ऐन) तयार पारी अधिराज्य भर लागू गराउनमा चाहिने प्राविधिक सहयोग पुऱ्याइनेछ ।

६. मुख्यतया अलकाल्वाएड, ग्लाइको साइड, सापोनिन पदार्थहरू उपलब्ध गर्न सकिने बोट विरुवा तथा जडिबुटीहरूमा विस्तृत अन्वेषण गरी औषधिहरू निर्माण गरिने कार्यमा यस योजनाकालमा बढी जोड दिइनेछ ।

(ख) उत्पादन शाखा

१. १००-१५० थरीका नयाँ औषधिहरू निर्माण गरिनेछ ।

२. जडिबुटीहरूको डिष्टिलेसन, प्रशोधन कार्यहरू गराइनेछ ।

३. नयाँ जडिबुटीहरूबाट उपलब्ध हुन आउने मुख्यसार तथा त्यसबाट नयाँ औषधिहरूको निर्माणतर्फ कार्य चालु राखिनेछ ।

(ग) शाही वनस्पति उद्यान

१. हिमाच्छादित बोट विरुवाहरू (अल्पाइन ल्फोरा) समावेश गरी फुल्चोकी डाँडा वरपर उपयुक्त स्थानमा एक हिमाच्छादित उद्यान (अल्पाइन गार्डेन) निर्मँण गरिनेछन ।

२. एक फिजिक उद्यानको पनि निर्माण गरिनेछ ।

३. आर्बोरिटम (चौडा पाते रुखको बगैचा) पाइनेटम (कोण धारी रुखको बगैचा) लाई विस्तृत गरिनेछ ।

(घ) जडिबुटी उद्यान

१. जनोपयोगी नेपाली तथा अनेपाली नयाँ जडिबुटीहरूको उपयुक्त स्थानहरूमा प्रयोगात्मक रूपमा खेती गराई सफल भएमा उनीहरूको विस्तृत रूपमा खेती गरिनेछ । यसमा हाललाई चाँदमरूवा, मेन्था, बेलाडोना, लेमन ग्रासहरू उल्लेखनीय छन् ।

ङ) वनस्पति सर्वेक्षण तथा हर्वेरियम

१. वायु नियमित तथा स्वचालित (एयरकन्डिशन्ड) फायर प्रूफ हर्वेरियम घर यस योजनाकालमा निर्माण गरिनेछ ।

२. साइटो टयाक्सोनोमिक, इकोलोजिकल, फिजियोलजिकल, माइकोलजिकल प्रयोगशालाहरूको स्थापना गरिनेछ ।

३. अधिराज्यभर सघन वनस्पति सर्भे कार्य सञ्चालन गरी नेपाली बोट विरुवा तथा जडिबुटीहरूको जिउँदो बोट विरुवाहरूको पनि सङ्कलन कार्य गरिनेछ । यसका लागि पूर्व-पश्चिम तथा मध्य-नेपालमा शाखा कार्यालयहरू स्थापना गरिनेछ ।

४. नेपालको वनस्पति (फ्लोरा अफ नेपाल) पूर्ण विवरणका साथ योजना अवधिभित्र तयार गरिनेछ ।

वन तथा वनस्पति कार्यक्रम र खर्च

योजनाकालमा सञ्चालित गरिने कार्यक्रमको विवरण अनुसूचिमा दिइएको छ । निर्धारित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विभागअन्तर्गत पर्ने खर्चको बाँडफाँट तल दिइएको छ ।

सि.नं.	आयोजना	खर्च (रु. हजारमा)
१.	वन	६,११,००
२.	वनस्पति	१,९७,००
जम्मा		८,०८,००

अनुसूचि
वन र वनस्पतिसम्बन्धी आयोजनाहरू

सि.नं.	आयोजनाको नाम	स्थिति	आयोजनाको लक्ष्य	खर्च (रु.हजारमा)
१	२	३	४	५
	(क) वन			६,११,००
			सम्पूर्ण पहाडी क्षेत्रको हवाई चित्र पूरा गर्ने जनकपुर, हनुमाननगर, झापा, कपिलवस्तु, महाकाली र काठमाडौं डिभिजनको कार्य योजना वनाउने ।	१,२५,००
१	फरेष्ट इन्भेन्ट्री म्यानेजमेन्ट देशव्यापी (कार्य योजनाको तयारी)	चालू	चितौन, बाँके, बीर्दीयाको कार्य योजना दोहऱ्याउने ओखर र सटल (कतुवा) बनाउने काठहरूको विस्तृत सर्वेक्षण गर्ने । बाँके, वर्दिया, हनुमाननगर, काठमाडौं, झापा, लुम्विनी कपिलवस्तु र १ पहाडी डिभिजनको माटो तथा भू प्रयोगको सर्वेक्षण गर्ने । काठमाडौं जलाधार क्षेत्रमा भू-सर्वेक्षण कार्य गर्ने । सिल्भीकल्चरल अनुसन्धान गर्ने, काठ र वनस्पतिका नमूनाहरू जम्मा गर्ने, हाइड्रोलजिकल मेटोरोलजीकल तथ्याङ्क उपलब्ध गर्ने । काठको श्रेणी छुट्याउन स्तर कायम गर्ने नाप जाँचका नियमहरू बनाउने । कार्यालय भवन निर्माण गर्ने	
२.	वन कार्य योजनाको कार्यान्वयन	चालू	कार्य योजना तयार भैसकेका डिभिजनहरूमा लागू गर्दै जाने ।	१,९७,००
३.	वृक्षारोपण	चालू	पहाडमा ४००० हेक्टर र तराईमा ४००० हेक्टर क्षेत्रमा वृक्षारोपण गर्ने सुरु वर्षमा करिव १६०० हेक्टर र त्यसपछि प्रत्येक वर्ष १६०० हेक्टरका दरले थप गर्दै वृक्षारोपण क्षेत्रको रेखदेख र सम्भार गरिने ।	६,०,००
४.	वन प्रशिक्षण हेटौडा	चालू	प्रतिवर्ष २५ रेन्जर र ७० फरेष्टरलाई तालिम र प्रशिक्षण गर्ने (रेन्जरको तालिम २ वर्षको हुने) वन प्राविधिज्ञ अधिकृतलाई ३ महीने अन्तर सेवा प्रशासकीय तालिम दिइने छ ।	१४,४४
५.	नागार्जुन शाही जंगलमा कार्य योजना लागू गर्ने	प्रस्तावित	२९ कि.मि. तार वार लगाउने २० वटा फ.गा. चौकी निर्माण गर्ने ४० कि.मि. वनपथ निर्माण गर्ने ८ हेक्टर क्षेत्रमा बृक्षारोपण गर्ने ।	५,७१
६.	वन सीमा निर्धारण	चालू	४००० कि.मि. मा नयाँ निर्माण ४००० कि.मि. मा पुरानो मर्मत	१८,००
७.	वन भवन निर्माण	चालू	प्रधान कार्यालय र अन्तर्गतका कार्यालयहरू र पहाडी डिभिजन अन्तर्गत कार्यालयहरूमा समेत घर निर्माण र मर्मत गरिनेछ ।	२५,००

८.	वन विकास योजना	प्रस्तावित	वन पैदावारको उपयोगिता, बजार, माग, यिनीहरूलाई उत्पादन गर्ने जंगलको क्षमता सम्बन्धी विस्तृत अनुसन्धान जस्को आधारमा वन जंगलहरूको समूह मिलाई इकोनोमिक मिल यूनिटको स्थापना गरिनेछ ।	१,५१,०८
९.	जिरी बहुमुखी योजना जिरी दोलखा	चालू	प्राकृतिक वनमा सिम्भिकल्चर कार्य गर्ने । विभिन्न जातको रुख विरूवाको नर्सरी स्थापना गरी वृक्षारोपण गर्ने । स्थानीय जनातालाई वन महत्व विषय प्रचार प्रसार गराई ज्ञान दिलाउने ।	४,७७
	(ख) वनस्पति			१,९७,००
१	शाही औषधि अनुसन्धानशाला, थापाथली	चालू	जडिबुटी, बोट विरुवाहरूबाट उपलब्ध मुख्य तत्वका सारबाट औषधि निर्मण गरिनेछ । वोसो, तेलहरूको शुद्धिकरण र स्तर कायम गरिनेछ । फर्माकोलजिकल प्रयोगशालाको विस्तार र जडिबुटीहरूको फर्माकोलजिकल स्क्रीनिङ्ग गरिनेछ । कोरा जडिबुटीको प्रशोधन गरेर मात्र निर्यात गरिनेछ । नेपालको फर्माकोपिया तयार गरिनेछ । जडिबुटी, तेल, घिउ, मसला र अरु पेय वस्तुहरूको गुण नियन्त्रण (क्वालिटी कन्ट्रोल) कार्य प्रारम्भ गरिनेछ । नेपालको ड्रग ऐक्ट (औषधि ऐन) तयार पारी अधिराज्यभर लागू गराउने । अल्कोलाइड, ग्लाइकोसाइड, सापोनिन पदार्थहरू उपलब्ध हुने विरुवाहरूको विस्तृत अध्ययन अन्वेषण गरी औषधि निर्माण कार्यमा समावेश गरिनेछ ।	२४,००
२.	उत्पादन शाखा थापाथली	चालू	१००-१५० थरीका औषधिहरूको निर्माण गरिनेछ । जडिबुटीहरूको डिष्टिलेशन प्रशोधन कार्यहरू गरिनेछ । नयाँ जडिबुटीहरूबाट उपलब्ध हुन आउने मुख्यसार तथा त्यसबाट नयाँ औषधिहरूको निर्माणतर्फ कार्य गरिनेछ ।	९४,००
३.	शाही वनस्पति उद्यान गोदावरी	चालू	हिमाच्छादित बोट विरुवाहरू (अल्पाइन ल्फोरा) समावेश गरी फुल्चोकी डाँडा वरपर उपयुक्त स्थानमा एक हिमाच्छादित उद्यान (अल्पाइन गार्डेन) निर्माण गरिनेछ । एक फिजिक उद्यानको निर्माण गरिने छ । आर्वोरिटम (चौडा पाते रुख बगैचा) पाइनेटम (कोणधारी रूखको बगैचा) लाई विस्तृत पारिनेछ ।	१७,००
४.	वनस्पति सर्वेक्षण तथा हर्वेरियम देश व्यापी	चालू	नेपाल अधिराज्यभर सघन वनस्पति सर्वेक्षण गरी वनस्पतिको फैलावटका साथै उनीहरूको आपसमा रहने सम्बन्ध, साइटोट्याक्सोनमी, फाइलोनीको आधारमा अध्ययन गरी नेपालको वनस्पति (ल्फोरा अफ नेपाल) तयार गरिनेछ । एक अत्याधुनिक हर्वेरियम घर पनि निर्माण गरिनेछ	१७,००
५.	जडिबुटी उद्यान देशव्यापी	चालू	जनोपयोगी नेपाली तथा अनेपाली नयाँ जडिबुटीहरूको उपयुक्त स्थानहरूमा प्रयोगात्मक रूपमा खेती गराई सफल भएमा यिनीहरूको विस्तृत रूपमा खेती गरिनेछ । यसमा चाँदमरूवा, मेन्था, बेलोडोना लेमन ग्रसहरू विशेष छन् केशर खेती विस्तृत गरिनेछ ।	२३,००
	(ख) अफिम खेती नारायणी अञ्चल		अफिम र वेलाडोनाको व्यापारिक दृष्टिकोणले विस्तृत खेती गरिनेछ । नारायणी अन्चल वारा, पर्सा जिल्लामा २०० विगाहा जमिनमा अफिम खेती गरिनेछ ।	१५,००
	(ख) बेलाडोना खेती		मुलावारी लाँडटाडमा बेलाडोनाको खेती गरिनेछ ।	७,००

यातायात तथा सञ्चार

परिच्छेद १०

(सडक)

प्रस्तावना

१.१ देशको समुत्थानको प्रक्रियामा हाम्रो जस्तो भूपरिवेष्टित तथा जलमार्गविहीन मुलुकको प्रत्येक विकास कार्यक्रम बाटोको सुव्यवस्था र विस्तारबाट नै बढन् सक्छ । आवागमन जति दुर्गम रहन्छ, त्यति नै मानिस तथा मालसामानको गमनागमन अथवा गति कम रहन्छ । इनमा प्रगति सञ्चार गर्ने शक्ति यातायातमा नै निहित छ । बिकासका बिभिन्न आयोजनाहरू पनि बाटो पात्रमा मात्र परस्परमा सुसम्बन्ध रही पारस्परिक परिपोषण प्राप्त गर्न सक्दछन् । देशको अधिकांश भागहरू पहाड पर्वत तथा खोलानालाहरूको आवागमन गर्ननै मुस्किल तुल्याई दिएको छ, जसको प्रतिकूल असरले कृषि जस्तो सर्वोच्च अधिकार पाएको क्षेत्रमा समेत कुल उत्पादनमा प्रत्याशित बृद्धि नभएको सर्वविदितै छ । तसर्थ, साधारण तर्फ, विभिन्न देशहरूको अनुभव तथा वितेका कैयन हाम्रा अनुभवबाट पनि यातायातको बिकास नभइकन अन्य विकास कार्यहरू हुन सक्ने नभएकोले, यसको विकासलाई अत्यावश्यक भौतिक पूर्वाधारको रूपमा अरूयत्र जस्तै लिएको छ । यसको अलावा यातायातको विकासबाट प्रशासनिक कार्यहरू बीचमा पनि सक्रियता तथा समन्वय आउनुको साथै क्षेत्रीय विषमता घटन गई छरिएर रहेको निष्कृय वचत तथा कृषिमा भार परेको अतिरिक्त श्रम शक्तिको बढ्दो गतिशीलताद्वारा अधिक लाभदायक क्षेत्रहरूमा परिचालन तथा उपयोग हुन जानेछ ।

१.२ सस्तो, छिटो र देशको कुनाकाप्चासम्म यातायातको सुविधाहरू उपलब्ध गराउन सकेमा युगानुगुदेखि परिस्थितिवश ठिँगुरिएर जीवन व्यतीत गरिरहेकाहरूसमेत केवल खाईखेतीको निमित्त मात्र सीमित नभई बजार विनिमयको लागि समेत थप उत्पादन गर्न खोज्ने हुनेछन् । परम्परागत वस्तु-विनिमयको ठाउँ मौद्रीकरणले ग्रहण गर्नेछ । तुलनात्मक लाभको दृष्टिकोणबाट पनि बढी लाभदायक उत्पादनमा अग्रसर भै प्रादेशिक व्यापारको विकासमा ठोस योगदान मिल्छ । स्वदेशमा नै उपलब्ध कच्चा पदार्थमा आधारित औद्योगीकरण गर्न आवश्यक एवं सहायक वातावरण सुजना हुन्छ । यातायातको विकासले अरु केही गर्दै नगरे पनि स्थानीय तथा समयको उपयोगिताको सृजना गरेर राष्ट्रिय आयमा प्रशस्त अभिबृद्धि प्रत्यक्ष तथा अप्रत्यक्ष दुवै तवरले गराउँछ ।

खास गरी सडक बिस्तारबाट अन्य क्षेत्रहरूको विकासको निमित्त उपलब्ध हुने फाइदाहररू निम्नानुसार छन्-

(क) बजारहरू विस्तृत हुँदै जानुको साथै बढी आर्थिक दक्षता भएको उत्पादन बढाउन दिलचस्पी बढ्ने,

(ख) कुनाकाप्चा सम्मन् सडक विसतार हुनाले विभिन्न ठाउँमा सुषुप्त अवस्थामा रहेका साधनहरूको विकासद्वारा प्रशस्त जनतालाई नयाँ रोजगारी तथा बसोवास दिलाई राष्ट्रिय आयमा आशातीत उन्नति गर्न सकिने,

(ग) स्वदेशमा नै उपलब्ध कच्चा पदार्थको आधारमा उद्योगहरूको स्थापना हुन सक्ने, भएका उद्योगहरू राम्ररी चल्न सक्ने,

(घ) उत्पादनका सबै किसिमका साधनहरूमा गतिशीलता ल्याई अनुकूलतम उपयोगको मौका जुटाइदिने,

(ङ) नयाँ वस्तीको विकास र उन्नतिको लहर फैलिन आदि ।

१.३ यातायातको जस्तै सञ्चारको पनि महत्व छ र धेरै हदसम्म संचार यातायातकै आवश्यक परिपूरक अँग मान्न सकिन्छ । सञ्चार बढेमा नै यातायातले पूरा फायदा दिएको मान्न सकिन्छ र सञ्चारले नै यातायातको अनुकूलतम उपयोग गर्नमा सहायता गर्दछ । देश विकासको दौडानमा विभिन्न किसिमका सन्देशहरूको माँग हर क्षेत्रमा तथा हर वर्गमा स्थायी रूपले तथा तीब्र गतिले बढ्दै जाने कुरा निर्विवाद छ । सुव्यवस्थित सञ्चारद्वारा यी आवश्यकताहरूको पूर्ति हुन सक्छ । सञ्चारको आधुनिकरणविना आधुनिक जीवनको परिकल्पना असम्भव छ । यातायात तथा सञ्चारको यत्रो महत्व छ तापनि इतिहास भूगोलको दोहोरो मारमा पर्दा वर्ष सुरु भएपछि अझै पनि हाम्रो मुलुक अनेक भागमा टुक्रिन्छ , खोलानालाको बाढी र पहिरोले गर्दा जनता गाउँमा नै गुम्सिन्छ ।

२. **उद्देश्य**

यातायात तथा सञ्चारको समुचित प्रबन्धविना सबै किसिमको देशव्यापी कार्यक्रम सफल हुन नसक्ने भएकाले यिनको यथाशीघ्र तथा बढी से बढी विकास गर्नु परेको हो । चौथो योजनामा यसको विकास-क्रम निम्न उद्देश्यहरूमा आधारित गरिएका छन्-

(क) संवैधानिक व्यवस्था, राष्ट्र, राष्ट्रियता तथा प्रादेशिक अक्षुण्णताको संरक्षण तथा सम्वर्द्धनमा सहायता वा पोषण पुऱ्याउने यातायात तथा सञ्चारको विकासमा बल पुऱ्याउनु,

(ख) सामाजिक, आर्थिक एवम् अन्य विकास कार्यक्रमको निमित्त आवश्यक यातायात तथा सञ्चारको पूर्वाधार खडा गर्नु,

(ग) युगानयुगदेखि गुम्सिएर रहेका कुना काप्चाहरूमा समेत यथाशक्य सर्वत्र क्रमिक रूपमा गरेर भएपनि आधुनिक यातायात तथा संचारको सुविधा पऱ्याउनु,

(घ) यातायात सञ्चार दुवै क्षेत्रको समुचित विकासद्वारा समाजमा गतिशीलता ल्याई सरकारी तथा गैर सरकारी कार्यवाहीमा कार्य दक्षता बढाई विकसको गतिलाई तीव्रतर गराउनु ।

३. **नीति**

सञ्चारलाई भन्दा यातायातलाई प्राथमिकता दिइनेछ । यातायात पनि अनेक किसिमका यस चौथो योजनामा छन्, स्थलमार्ग, जलमार्ग, आकाशमार्ग, रज्जुमार्ग (रोल्वे) तथा लौहमार्ग (रेन्वें) । तर यी सबैलाई समान महत्व दिन सकिन्न । छिटो, दिगो र बढी लाभ दिने खालका यातायातलाई विशेष जोड दिइनेछ ।

नेपाल एक पहाडी मुलुक हुनाले आवश्यक लम्वाई भएको लौहमार्ग (रेल्वे) विकास गर्न हाल साऱ्हैनै मुस्किल देखिन्छ र यस योजना अवधिमा केवल आवश्यक सर्वेक्षण -क्रम जारी रहने छ । हवाई यातायात उपल्ला स्तरका आंशिक जनताले मात्र लाभ लिन सक्ने र विकासमा व्यापक असर पार्न नसक्ने खर्चिलो साधन हो तापनि लाभ लागतको दृष्टिकोणबाट पर्ता खाने सबै ठाउँमा र पर्यटन विकासमा, प्रशासन कार्यमा छिटो छरितोपना ल्याउनमा तथा दुरतापूर्ण विकटता हटाउन सहायता पुऱ्याउने ठाउँहरूमा काम चलाउ व्यवस्था मात्र भएपनि सुरु गरिनेछ । यातायात विकासकमा वहित्रवाहन (मोटर) चल्ने मार्गपछि दोस्रो स्थान यसलाई दिएको छ । नौगम्य जलमार्ग भने हाम्रो यातायातको समस्या समाधन गर्ने किसिमका हाम्रो देशमा कतै छैन । विशेषत: पार्वन्य प्रदेशहरूमा रज्जुमार्ग (रोपवे) को विस्तार कोरा कल्पनामा अतिसय आकर्षक भएता पनि लाभ लागतको कसीमा रति अड्न नसक्ने भएकाले यसमा भर पर्ने कुरै आउन्न । निकट भविष्यको निमित्त यातायातको विकासमा एक मात्र भरपर्दो बिस्तारयोग्य कार्यक्रम स्थलमार्ग (सर्फेसरोड) निर्माण नै हुन आउने भएकाले स्थलमार्गको निर्माणमा जोड दिइनेछ ।

सञ्चार क्षेत्रमा हुलाक सेवा तथा दूरसञ्चार सेवा दुवैको विकासमा ध्यान दिइनेछ । देशको अत्यधिक जनताले उपभोग गर्नसक्ने सञ्चार साधन हुलाक नै हो । बढ्दो शिक्षा तथा यातायात सुविधाले गर्दा यस सेवाको माँग उर्लंदो छ । सेवा गराईमा क्रमोन्नति ल्याउँदै यथाशक्य बढी हुलाकहरू खेाली सेवा सर्वत्र सुलभ पार्ने प्रयास गरिएको छ । अन्तर्राष्ट्रिय जगतसितको बढ्दो सम्बन्धलाई टेवा दिन र उद्योग व्यापार तथा पर्यटनलाई समेत मद्दत पुऱ्याउने हेतुले दूरसञ्चारको विविध प्रकारको विकासमा पनि यथोचित ध्यान पुऱ्याइएको छ ।

सडक विकास

१. **प्राक्कथन:–**

राष्ट्रिय योजना आयोगले यस पञ्चवर्षीय योजनाको मार्ग निर्माण कार्यक्रम वीस वर्षे दीर्घकालीन मार्ग निर्माण कार्यक्रममा आधारित गरेको छ । उक्त दीर्घकालीन कार्यक्रमानुसार देशको सीमित साधन र भौगोलिक कठिनाइँलाई ध्यानमा राखी सबै जिल्ला तथा अञ्चलका सदरमुकामहरूसम्म मोटर चल्ने सडक (अर्थात् हाम्रो नयाँ परिभाषामा मार्ग) निर्मण गर्ने लक्ष्य राखिएको छ । मार्ग विस्तार पूरा हुन समय लिने भएकाले पछि मात्र मार्ग निर्मण हुने जिल्लाहरूमा यातायात विषयमा कुनै विकास कार्य नगरी चुप लाग्नु उपयुक्त नठहरिने देखिएकोले भइरहेको मार्ग निर्माणको साथै सनयाँ तथा पम्परागत बाटाघाटाहरूको निर्माण तथा सुधार पट्टि पनि उचित ध्यान दिइनेछ । यस सन्दर्भमा देशको यावत बाटाघाटाहरूको नक्सासहितको लगत तयार गर्ने पट्टि पनि प्रयास गरिनेछ । प्रशासनमा सुविधा र छरितोपना ल्याउन समस्त वाटाघाटाहरूको तल दिइएअनुसार वर्गीकरण गरिएका छन् ।

मार्ग (वहित्रवाहनहरू चल्ने) हरूको समुचित विकास तथा संरक्षणको निमित्त दिगो र दरिलो व्यवस्थाको आवश्यकतालाई महसुस गरेर अव उप्रान्त मार्ग निर्माण तथा संरक्षणमा हुनुपर्ने न्यूनतम आवश्यकताहरूको राम्रो रेखदेख हुन सकोस् भन्ने हेतुले मार्गहरूलाई तीन किसिममा विभाजन गरिएको छ । हाम्रो अहिलेको अवस्थामा यो भन्दा बढी विस्तारको उपयुक्तता नदेखेर यसो गरिएको हो ।

१. राजमार्ग: राष्ट्रिय दृष्टिकोणबाट सर्वाधिक महत्वपूर्ण ठहरिएका मार्गहरू राजमार्ग हुनेछन् । बखत बखतमा तत्कालीन आवश्यकताअनुसार यस किसिमका मार्गमा हुनुपर्ने चौडाई, मार्गको सतहको बनावट तथा वहन गर्ने क्षमता, मोडहरूमा हुनुपर्ने चौडाई, मोड वा उकालो वरालोमा हनुपर्ने न्यूनतम दृश्य- दूरता, र उकालो वरालोको झुकावको अंश आदि निर्णय गरी कार्यान्वयन गरिनेछ । राजमार्गको निर्माण तथा संरक्षणको कर्तव्य श्री ५ को सरकारको हुनेछ ।

२. मुख्यमार्ग: राजमार्गभन्दा कम महत्वको तर विभिन्न जिल्ला तथा अञ्चलहरू पनि आपसमा आवद्ध गरी स्वत: ठूलो महत्व राख्ने मार्गहरूलाई यस वर्गमा राखिनेछ । यिनको प्राविधिक एवं भौतिक विशेषताहरूको न्यूनतम स्तर श्री ५ को सरकारले तोकिदिएबमोजिम हुनेछ । यिनको संभार तथा मरम्मतको अभिभारा श्री ५ को सरकार वा स्थानीय अधिकारीहरूमा राखिनेछ ।

३. क्षेत्रीय मार्ग: मुख्यमार्गभन्दा साधारणत: कम लम्वाई भएका र एक या दुई जिल्लासम्मको दूरता मात्र छिचोल्ने खालका स्थानीय महत्वका सडकहरूलाई क्षेत्रीय मार्ग भनिने छन् । स्थानको आवश्यकताअनुसार यस्ता सडकहरू कालोपत्रे, (पीच) खण्डास्मित (ग्राभेल) या कच्ची (धुले) हुन सक्नेछन् । यिनको मरम्मत तथा संभारको अभिभारा स्थानीय अधिकारीको नै हुनेछ । श्री ५ को सरकारले यस्ता सडकहरूको पञ्जिका खडा गरी यिनको संरक्षणको निमित्त उपयुक्त कदम चाल्नेछ ।

जतिसुकै प्रयास गरे पनि एक शताब्दीको अनास्था र अकर्मण्यताले बिग्री नासिएको देशको सडक- संहित आवश्यकतानुसार नवनिर्माण पूरा गर्न अझै निकै समय लाग्ने देखिन्छ । नेपाली मात्रमा यथाशक्य सेवा र सहायता पुऱ्याउने योजनाको पुनीत लक्ष्यअनुसार यस योजना अवधिमा हत्तपत्त बहित्रवाहनयोग्य मार्ग नबन्ने कुनाकाप्चाका जनतालाई पनि धेर थोर यातायातको सुविधा पुऱ्याउने हेतुले यस्ता बहित्रवाहन नचल्ने बाटोहरूप्रति पनि यथोचित ध्यान दिने प्रयास भएको छ । यसैको सन्दर्भमा यस्ता बाटाहरूको पनि वर्गीकरण भएको छ । मुस्किलले मानिस हिँड्ने अथवा एकोहरो घोडा या खच्चरसम्म पनि जाने बाटोहरूलाई गोरेटो भनिएको छ । देशमा रहेका धेरै जसो बाटोहरू यस्तै अवस्थामा पुगेका छन् । पहाडतिर यस्ता बाटाहरू ज्यादै ठाडा भीर भिराला भरिपूर्ण छन् । तराई तिर पनि पगदण्डी नामका यस्ता साँगुरा बाटाहरू प्रशस्त छन् । आखिरमा यस्ता बाटाहरको निर्माण तथा संभारको सम्पूर्ण अभिभारा पञ्चायतहरूले नै बोक्नेछन् । हाललाई ज्यादै पिछडिएका स्थानहरूमा आवश्यकताअनुसार यिनको चाहिँदो मरम्मत तथा सुधार घोडेटोमा स्तरोन्नति समेत गरिनेछ ।

दोहोरो घोडा चल्न सक्ने बाटोहरूलाई घोडेटो भनिएको छ । घोडेटोहरू ठाम ठाममा निकै चौडा पनि हुन सक्छन् तापनि आवश्यक पुल पुलेसाहरूको अभाव अथवा ज्यादै ठाडो वरालो उकालो परेकोले वहित्रवाहन चल्न नसक्ने हुन्छन् ।

गाडा तथा जीप सम्म चल्नसक्ने बाटोलाई चक्रेटो भनिएको छ । विशेषत: तराई क्षेत्रमा गाउँ र खेत एकातिर तथा बजार र गाउँ अर्कोतिर जोड्नमा यस्ता बाटाहरूको ठूलो महत्व रहेको तथा रहनेछ । उपयुक्त ठाउँहरूमा यिनको स्तरोन्नति गर्दै सबै समयमा चल्ने क्षेत्रीय मार्ग आर्थिक विकासको साथसाथै स्वत: बन्ने आशा राख्न सकिन्छ ।

२. स्थल मार्गहरूको हालसम्मको प्रगति

२००७ सालसम्ममा देशभर जम्मा ३७६ किलोमिटर सडक मात्र थियो । यसमध्ये कालोपत्रे (पीच) ५ कि.मि. र खण्डास्मित (ग्राभेल) ८३ कि.मि. थियो, बाँकी २८८ कि.मि. केवल कच्ची मात्र थियो ।

प्रथम पञ्चवर्षीय योजना (०१४।१४-०१७।१८) सुरु हुन भन्दा अगाडि नेपाल अधिराज्य भरमा करिव २५९ कि.मि. जति पक्की र ३६५ कि.मि. जति कच्ची गरी जम्मा ६२४ कि.मि. सडक निम्न तालिका अनुसार थिए ।

तालिका नं. (१०-१)

प्रथम (पञ्चवर्षीय) योजना सुरु हुनुभन्दा अघि

नेपाल अधिराज्यमा सडकको स्थिति

(किलोमिटरमा)

सि.नं.	सडकहरू	पक्की[1]	कच्ची	जम्मा
१	नेपालगञ्ज सडक	६	-	६
२.	भीमफेदी -अमलेखगञ्ज	४२	-	४२
३.	त्रिभुवन-राजपथ	१२६	-	१२६
४.	बीरगञ्ज-रक्सौल	५	-	५
५.	जोगवनी-धरान	-	४८	४८
६.	काठमाडौ शहरभित्रका सडकहरू	८०	-	८०
७.	काठमाडौं उपत्यका भित्रका अरू सडकहरू	-	८०	८०
८.	भैरहवा -लुम्बिनी	-	२१	२१
९.	तौलिहवा -लुम्बिनी	-	१९	१९
१०.	भैरहवा -त्रिवेणीघाट	-	८०	८०
११.	हेटौँडा- नारायणघाट	-	८०	८०
१२.	बीरगञ्ज-कलैया	-	१६	१६
१३.	जनकपुर- जलेश्वर	-	२१	२१
	जम्मा	२५९	३६५	६२४

[1] पक्कीमा कालोपत्रे तथा खण्डास्मित दुवै गाभिएको छ ।

प्रथम (पञ्चवर्षीय) योजनामा ४८० किलोमिटर पक्की र ९६० किलोमिटर कच्ची गरी जम्मा १,४४० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखिएकोमा १७० किलोमिटर कालोपत्रे (पीच) १७३ किलोमिटर खण्डास्मित (ग्राभेल), र ५६९ किलोमिटर कच्ची गरी जम्मा ९१२ किलोमिटर सडकको सुधार वा नवनिर्माण हुन सक्यो । यस योजनामा सञ्चालन गरिएका सडक आयोजनाहरू र तिनको प्रगति निम्नअनुसार छनः-

तालिका नं. (१०-२)

प्रथम (पञ्चवर्षीय) योजना (२०१३-१८) को प्रगति

(किलोमिटरमा)

सि.नं.	सडक आयोजनाहरू	कालो पत्रे (पीच)	खण्डास्मित (ग्राभेल)	कच्ची	जम्मा
१.	काठमाडौं -कोदारी राजमार्ग	-	-	१९	१९
२.	हेटौंडा- नारायणगढ सडक	-	८०	-	८०
३.	पाटन-गोदावरी	-	-	१९	१९
४.	काठमाडौं उपत्यकाका अन्य सडकहरू	६४	-	-	६४
५.	जोगवानी-धरान	५३	-	-	५३
६.	कुन्छा- पोखरा	-	-	३१	३१
७.	कान्ति राजपथ	-	-	९६	९६
८.	त्रिभुवन राजपथ	४८	३५	-	८३
९.	लुम्बिनी सडक	-	-	२१	२१
१०.	भैसे-रक्सौल	५	३७	-	४२
११.	सुनौली-पोखरा	-	-	८०	८०
१२.	काठमाडौं-त्रिशूली	-	-	६९	६९
१३.	धनगढी-डँडेलधुरा	-	-	४५	४५
१४.	काठमाडौं- जनकपुर	-	-	१४३	१४३
१५.	कृष्णनगर-प्यूठान	-	-	२४	२४
१६.	नेपालगञ्ज- सुर्खेत	-	-	४३	४३
	जम्मा	**१७०**	**१७३**	**५६९**	**९१२**

आर्थिक वर्ष २०१८/१९ मा पक्कीतर्फ ७७ किलोमिटर र कच्चीतर्फ १०१ किलोमिटर गरी जम्मा १७८ किलोमिटर सडक पूरा गरियो ।

दोस्रो (त्रि-वर्षीय) योजनाकाल (०१९।२०-०२१।२२) मा पनि सडक विकासलाई ठूलो प्राथमिकता दिइयो उक्त योजनामा १,१२० किलोमिटर कच्ची र ३२० किलोमिटर पक्की गरी जम्मा १,४४० किलोमिटर सडक निर्माण गर्ने लक्ष्य राखेकोमा ७१ किलोमिटर पक्की र ८५६ किलोमिटर कच्ची गरी जम्मा ९२७ किलोमिटर सडक निर्माण निम्न आयोजनाहरूबाट गरियो ।

तालिका नं. (१०-३)

दोस्रो (त्रिवर्षीय) योजनाको प्रगति (२०१९-२२)

			(किलोमिटरमा)	
सडक आयोजनाको नाम	कालोपत्रे (पीच)	खण्डास्मित (ग्राभेल)	कच्ची	जम्मा
१. पूर्व पश्चिम राजमार्ग	–	–	६२१	६२१
२. काठमाडौं- कोदारी	९	–	९५	१०४
३. सुनौली- पोखरा	–	१४	१३	२७
४. रक्सौल- भैंसे	–	२४	–	२४
५. काठमाडौं- दक्षिणकाली	–	६	–	६
६. काठमाडौं- वुढानीलकण्ठ	–	–	६	६
७. सिनामुगल- भक्तपुर	–	८	–	८
८. राजविराज- कुनौली	–	५	८	१३
९. वीरगंज- कलैया	–	–	१३	१३

१०. नेपालगञ्ज- गोसाई गाउँ	–	१	–	१
११. तौलीहवा- खुनुवा	–	४	७	११
१२. कोइलावास- घोराही	–	–	६४	६४
१३. रत्नराजपथ (जलकुण्डी- दाङ्ग विमानस्थल)	–	–	२९	२९
जम्मा	९	६२	८५६	९२७

तेस्रो योजना सुरु हुनु अगाडिसम्म २८९ किलोमिटर कालोपत्रे, १४७ किलोमिटर खण्डास्मित र १,३९० किलोमिटर कच्ची गरी जम्मा १,८२६ किलोमिटर सडक हुन आयो ।

तेस्रो योजना अवधि (०२२।२३–०२६।२७) भित्र संशोधित योजनाअनुसार ७५८ किलोमिटर पक्की र ६०७ किलोमिटर कच्ची गरी जम्मा १,३५७% किलोमिटर सडक निर्माण गर्ने लक्ष्य निर्धारित गरियो । उक्त लक्ष्यको दाँजोमा योजनाको अन्तिम वर्षसम्म ४०५ कालोपत्रे, २३० खण्डास्मित, र ४५५ कच्ची गरी जम्मा १,०९० किलोमिटर अर्थात् ८० प्रतिशत सडक निर्माण भयो जुन तल तालिकामा सबिस्तार देखाइएको छ ।

मिटर कच्ची, ११० किलोमिटर खण्डास्मित र ४३ किलोमिटर कालोपत्रे सडक निर्माण गरियो । चौथो योजनाको पहिलो वर्षसम्म सम्पूर्ण लम्वाई २५६ किलोमिटर कालोपत्रसमेत लगाई पूर्ण गरिनेछ । यस सडकको निर्माण कार्य समाप्त भएपछि विकास संभाव्य पूर्वी भागलाई योगदान हुन जानेछ । मुख्यतः मेची, कोशी र जनकपुर अञ्चलका औद्योगिक इलाकाहरूले यस सडकबाट फाइदा उठाउन सक्नेछन् । हाम्रो औद्योगिक मालसामानहरूको आन्तरिक वजार पहिलेको भन्दा विस्तृत हुनेछ र राष्ट्रिय खाद्यान्नको अधिकतम उत्पादन गर्ने क्षमता भएका पूर्वी तराई भाग आपसमा आवद्ध भई स्थानीय निकासी व्यापारको वृद्धि हुनेछ । त्यसवाहेक स्थानीय उद्योग धन्दाहरूलाई आवश्यक सरसामानहरू र कच्चा पदार्थहरूको ढुवानी गर्न पनि यस सडकले सहुलियत प्रदान गर्नेछ । यस सडकमा ठूला तथा साना पुलहरू ११९, उच्चमार्ग (कजवे) ५२ र पुलेसाहरू (कल्भर्ट) १,५०० वटा रहनेछन् ।

महेन्द्र राजमार्गको जनकपुर अञ्चलस्थित २३ किलोमिटर लामो जलेश्वर–जनकपुर भागको कच्ची मार्गलाई चौथो योजनाको पहिलो वर्षमा नै पक्की तुल्याउने क्रम पूरा गरिनेछ । यो आयोजना ०२५।२६ मा नै सुरु गरिएको थियो । यस सडकको निर्माणबाट पूर्वी औद्योगिक इलाकाहरूलाई मद्दत पुग्न जानेछ ।

क (२) कमला पुल :

ढल्केवर–झापाअन्तर्गत पर्ने कमला नदी माथिको पुलसम्वन्धी विगत योजनाहरूमा कुनैपनि उल्लेख भएको देखिँदैन, जसले गर्दा सम्पूर्ण महेन्द्र राजमार्गको उपयोगिता नै घट्न जाने देखिन्छ । तसर्थ यस योजनामा राजमार्गमा पर्ने कमला नदीमा पुल हाल्ने काम पनि सम्पादन गरिनेछ ।

क (३) ढल्केवर–पथलैया खण्ड (सिमरा–जनकपुर) :

महेन्द्र राजमार्गको पूर्वीभाग स्थित सिमरा–जनकपुर खण्डको निर्माण कार्य तेस्रो योजनाकालमा समाप्त गर्ने लक्ष्य रहे तापनि कैयन कारणले गर्दा पथलैयादेखि वाग्मतीसम्मको २८ किलोमिटर कालोपत्रे र बाँकी २६ किलोमिटर सडकको खण्डास्मित रूपमा र अन्य दुईवटा पुलहरू मात्र निर्माण हुन सकेको छ । चतुर्थ योजनामा सो राजमार्गको सबै हिस्साको निर्माण कार्य पूरा गरिनेछ । जम्मा ११७ किलोमिटर लम्वाई भएको यस सडकको निर्माण समाप्त भएपछि जनकपुर र नारायणी अञ्चलका क्षेत्र आपस्तमा जोडिनेछन् । यसवाहेक २०२८ सालमा भारतीय सहायताबाट पूरा गरिने जनकपुर–झापा मार्गको निर्माण कार्यमा सहयोग मात्र होइन, पूर्व मेचीदेखि काठमाडौंसम्मका जनता आपसमा चिनापर्ची भई संस्कृतिको समेत बढ्दो आदान प्रदानद्वारा छिटो विकास हुनेछ ।

यस राजमार्गको बाग्मतीसम्म ठूला पुलहरू ८, साना पूल तथा पुलेसाहरू (कल्भर्टस्) ७२ वटा रहनेछन् । अरु बाँकी भागमा १७ वटा ठूला पुल र अरु ५० वटा जति साना पुल र पुलेसाहरू रहनुपर्ने अनुमान छ ।

क (४) नारायणगढ–बुटवल :

महेन्द्र राजमार्गको नारायणगढ–बुटवल भागमा वेलायत सरकारको ऋण अनुदान सहायताबाट तेस्रो योजनाको अन्तसम्ममा कच्ची सडक निर्माण गरिने लक्ष्य भएकोमा यस सडकको सम्पूर्ण १२२ किलोमिटरलाई नै चौथो योजनाको आखिरसम्ममा कालोपत्रे बनाइनेछ । यस सडकको निर्माणबाट नारायणी र लुम्बिनी अञ्चल आपसमा आवद्ध हुनुको साथै विकास संभाव्य मध्यक्षेत्रलाई जोड्नेछ ।

क पृथ्वी राजमार्ग :

त्रिभुवन राजपथको नौविसेबाट धार्के, गल्छी, गजुरीटार, मुगलिङ र दमौली हुँदै पोखरामा गई अन्त हुने यस राजमार्गको निर्माण कार्य चिनीयाँ सहायताबाट ०२३।२४ मा सुरु गरी तेस्रो योजनाको अन्तसम्म कच्ची सडक बनाइने लक्ष्यअनुसार यस सडकको कुल लम्वाई १७६ किलोमिटरमध्ये २० किलोमिटर खण्डास्मित र बाँकी कच्ची गरी

पोखरासम्म नै भाण्डवाहन (ट्रक) चल्न सक्ने अवस्थामा पुऱ्याइयो । यस चौथो योजनाको पूर्वार्द्धमा नै बाँकी सम्पूर्ण लम्वाई खण्डास्मित (ग्राभेल) गरिनेछ ।

यस सडकले बाग्मती, नारायणी र गण्डकी अञ्चलका मध्यवर्ती पहाडी इलाकाहरूलाई जोडी यत्रतत्र माटो सुहाउँदो फलफूल खेतीको अभियान एवं यस्तै विकास कार्यहरूको सञ्चालन गराई स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्ने ढोकाहरू खोलिदिएको छ । साथै ऐतिहसिक पृष्ठभूमि, धार्मिक दृष्टिकोण र प्राकृतिक दृश्यहरूले महत्व भएको बन्दीपुर, गोरखा र मनकामनामाईले पर्यटकहरूलाई आकर्षण गर्नेछन र राष्ट्रिय आयमा समेत अभिवृद्धि गराउन यस सडकले सहयोग पुऱ्याउनेछ ।

क ६.मुख्यमार्ग :

क. धनगढी–डडेलधुरा

कूल लम्वाई १४५ किलोमिटर भएको यस सडकको निर्माण कार्य संयूक्त राज्य अमेरिकाको आंशिक सहायताबाट तेस्रो योजनाको तेस्रो वर्षमा सुरु गरिएको हो । तेस्रो योजनाको अन्तिम वर्षमा तराई र पहाडी भागमा गरी ७ किलोमिटर खण्डास्मित (ग्राभेल) र ६५ कि. मि.सम्म कच्ची बनाइएको छ । चौथो योजनाको चौथो वर्ष ०३१।३२ सम्म यस सडकलाई पूर्ण रूपले खण्डास्मित (ग्राभेल) बनाइनेछ ।

यस सडकको निर्माण भएपछि सुदूर पश्चिमी पहाडका अभावग्रस्त जिल्लाहरू जस्तै डडेलधुराका अतिरिक्त डोटी, वैतडी, अछाम, दार्चुला, बाजुरा तथा बझाङलाई पनि दैनिक उपभोगका वस्तुहरू प्राप्त गराउनुको अतिरिक्त अन्य विकासको मूल फुटाउनमा पनि सहायक हुने देखिन्छ । साथै लेक लेकमा विस्तृत रूपले फलफूलको खेती खास गरी विदेशी मुद्रा आर्जन गर्न सकिने केसर, स्याउ आदिको खेती गर्न सकिने प्रशस्त सम्भावनाहरू छन् त्यस्तै गरी हरेक साल प्रशस्त मात्रामा राजापुर भन्सारभएर मात्र माथिका जिल्लाहरूबाट अन्दाजी ६।७ हजार मन घिउ भारतीय नेपाली ठेकेदारहरूले निकासी गर्दै आएका छन् । धनगढी–डडेलधुरा सडक पूरा भएमा उत्पादक र उपभोक्ता बीच सोझै सम्बन्ध हुनजाने भई स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्नमा निकै मद्दत हुनेछ । यसबाट प्रतिव्यक्तिको आम्दानी बढ्नको साथै राष्ट्रिय आयमा समेत वृद्धि हुने नै छ ।

यस सडकमा अन्दाजी ४३ वटा साना र ठूला पुलहरूको साथै ६० वटा पुलेसाहरू हुनेछन् । यस सडकले डढेलधुराका अनकण्टार वस्तीहरू र भविष्यमा डोटी, वैतडी, अछाम, दार्चुला, बाजुरा तथा बझाङलाई समेत सम्पर्क गर्ने हुनाले धेरै अघिदेखि सुदूर पश्चीमी इलाकाहरूको अवहेलना भएको छ भन्ने कटु धारणालाई मेटाउन आर्थिक वाहेक सामाजिक महत्व पनि छ ।

ख. भक्तपुर–काठमाडौं :

हाल ठिमी भई भक्तपुर जाने यस मार्गबाट प्रतिदिन ५,६४१ जना यात्रुहरू ३१ वटा जति (सर्वयान) बसहरूवाट आवत जावत गर्दछन् । वास्तवमा काठमाडौंका बासिन्दाहरूको निमित्त आवश्यक तरकारी र खाद्यान्न वस्तुहरू प्रशस्त मात्रामा यसैबाट पुऱ्याउँदै आएका छन् । साथै यस बाटोबाट बनेपा, धुलीखेल, पाँचखाल र बाह्रविसेसम्म काठमाडौंको व्यापारमा वृद्धि हुन थालेको छ । तर काठमाडौं र भत्रक्तपुरबीचको बाटो कम क्षमताको हुनुका साथै ज्यादै साँघुरो र अति घुइँचो हुन थालेको छ । यसबाट यात्रुहरूमा अनेकन पीरमर्का पर्नुको साथै दुर्घटना हुने भयहरू पनि उत्पन्न हुन थालेको छ । यसको अलावा बाटोको खराबीले सवारीको चालू खर्च स्वत: बढ्दै गएको छ । जसअनुसार सार्तैल (पेट्रोल) तथा डिजलमा मात्र प्रतिवर्ष . ५,००,०००।- (पाँच लाख) अनावश्यक बढी खर्च भईरहेको अनुमान छ ।

तसर्थ यस सडकको वैकल्पिकको रूपमा योजनाको चौथो बर्षदेखि चिनीयाँ सहायताअन्तर्गत थापाथलीबाट भक्तपुर जाने बाटोको निर्माण जोड तोडका साथ भईरहेको छ । चतुर्थ योजनाको पहिलो वर्षसम्म १३ किलोमिटर लम्वाई भएको यस सडकलाई कालोपत्रे गरिनेछ । यस सडकको निर्माण कार्य पूर्ण भएमा यात्रुहरूलाई पनि आरामदायक हुनेछ, सवारीको चालू खर्चमा पनि कमी हुनेछ, र अप्रत्यक्षतवरबाट राष्ट्रिय आम्दानीमा पनि अभिवृद्धि गराउनेछ ।

ख. महेन्द्र राजमार्गको बाँकी पश्चिमी भाग

यसक्षेत्रअन्तर्गत सुदूर पश्चिमतर्फको बुटवल–कोहलपुर र कोहलपुर–बनवासाको जम्मा सडक ४३७ कि. मि. मध्ये यस योजनाको २०० कि. मि. खण्डास्मित र २३७ कि. मि. कच्ची गरिनेछ ।

तालिका नं. (१०–९)

आयोजनाको नाम	भौतिक			कैफियत
	कालोपत्रे	खण्डास्मित	कच्ची	
१	२	३	४	५

१. बुटवलदेखि पश्चिमतर्फको बाँकी महेन्द्र राजमार्ग	–	२००	२३७	
२. नारायणी पुल र हेटौंडा नारायणगढ सडक सुधार	८३	–	–	
जम्मा :	८३	२००	२३७	

१. बुटवलदेखि पशिचमसम्मको बाँकी पश्चिमी भाग

पहाड र तराई क्षेत्रका कृषि उपजहरू बजार विनिमयको निमित्त नेपालगञ्ज, राजापुर र धनगढीमा मुख्य रूपले ल्याइन्छ । खासगरी यी क्षेत्रहरूले कृषि उपजहरूको निकासी गर्ने केन्द्र र भारतबाट आयात गरिने उपभोग्य वस्तुहरूको आयात गरिने केन्द्रको रूपमा सेवा उपलब्ध गराउँछ । अझ महेन्द्रनगर त बाटोको असुविधाले गर्दा पूर्वपट्टीको तराईसँग सम्पर्क नभई सबै किसिमको व्यापार भारतसँगको सानो बजारमा नै केन्द्रित छ ।

यस क्षेत्रको सम्पूर्ण सडक पूरा भएमा निकासी गर्ने क्षमतामा वृद्धि मात्र हुने नभई भेरी, सेती र महाकाली अञ्चलका अरु इलाकाहरूको साथै राप्ती र लुम्बिनी अञ्चलका तराई भाग आपसमा आवद्ध हुनेछन् । साथै मुलुकको महत्वपूर्ण भागलाई जोडी देशको मुख्य साधन भएको प्रथमत: पूर्व तथा पश्चिम तराईको अनि पहाडी क्षेत्रहरूको अर्थ व्यवस्थालाई एकीकरण गर्ने दृष्टिकोणबाट पनि यस सडकको ठूलो महत्व छ ।

२. **हेटौंडा–नारायणगढ नारायणी पुल**

महेन्द्र राजमार्गको पश्चिमी भागलाई जोड्ने हेटौंडा–नारायणगढ खण्डलाई राजमार्ग स्तरको बनाउन तेस्रो योजनाकालमा सर्वेक्षण कार्य पूरा गरियो । ८३ किलोमिटर लम्बाई भएको यस राजमार्गको निर्माण कार्य ०२७।२८ मा सुरु गरी ०३१।३२ सम्म आवश्यक ठाउँहरूमा सडक तथ पुल पुलेसाहरूको सुधार कार्यसमेत पूरा गरी कालोपत्रे (पीच) हुनेछ । यसको निर्माणबाट विकास संभाव्य पूर्वी भागसँग जोडिने छ र स्थानीय इलाकाको अर्थ व्यवस्थाको विकासमा ठूलो योगदान दिनेछ ।

महेन्द्र राजमार्गमा पर्ने नारयणी नदीमा यातायातको आवागमन चालू राख्ने उपयुक्त व्यवस्था गरिनेछ । हाल सम्म यस नदीमा यदाकदा तरणी (Ferry) सम्म चल्ने गरेको छ । तेस्रो योजना अवधि भित्र यहाँ आवश्यक व्यवस्थाको लागि चाहिने आर्थिक तथा प्राविधिक सर्वेक्षण अन्तिम चरणमा पुगेको छ । चतुर्थ योजनामा प्रतिवेदनअनुसार पुल वा तरणीको निर्माण पूरा गरिनेछ ।

(ग) **विकास–रेखा–मार्ग निर्माण गर्ने** :

नेपालको उत्तरी भाग तमाम पहाडी र दक्षिणी भाग पूरा मैदान भएकाले यी दुई इलाकाको व्यवसाय, उत्पादन, भविष्यको विकास संभाव्यता इत्यादि हर कुरामा विभिन्नता भएकाले उत्तर दक्षिण बाटो बनेमा ठाउँअनुसार आर्थिक दक्षताको आधारमा बढी लाभ दिने उत्पादन मात्र गरेर तराईमा हुन नसक्ने कुराहरू पहाडबाट र पहाडमा हुन नसक्ने कुराहरू तराईबाट परिवहन गर्न सकिनेछ र अन्तरप्रादेशिक व्यापारमा सक्रियता आउनेछ ।

साधारणत: पहाडी क्षेत्र खाद्यान्न अभाव इलाका र तराई वचत इलाका भएकोले र भविष्यमा पनि तुलनात्मक दृष्टिकोणबाट पहाडमा खाद्यान्नभन्दा बढी फाइदा हुने अन्य खेती गर्न प्रोत्साहित गरी स्थानीय वासिन्दाहरूको जीवनस्तर उकास्न पहाड र तराई जोड्ने बाटोको आवश्यकता स्पष्ट छ ।

चौथो योजनाकालमा पिछडिएका पहाडी र अन्य इलाकाहरूमा समेत विकास कार्यक्रमको सिंहावलोकन गरी क्षेत्रीय विषमता पनि हटाउन तराई र पहाड जोड्ने बाटोको आवश्यकतालाई महसुस गरियो । तदनुरूप देशको हिमाली, पहाडी र तराई भागको साथै पूर्वाञ्चल, मधयमाञ्चल र पश्चिमाञ्चल प्रदेशहरूको प्रतिनिधित्व भएका जिल्लाहरू जस्तै कर्णाली क्षेत्रमा जुम्ला, गण्डकी क्षेत्रमा जोमसोम, बागमती अञ्चल क्षेत्रमा धुन्चे र बाह्रबिसे तथा कोशी अञ्चल क्षेत्रमा खाँदबारीजस्ता केन्द्रहरूमा "प्रादेशिक विकाश कार्यक्रम" प्रारम्भ गर्न सडक सुविधाहरू उपलब्ध गराइने छ । यस्ता सडकहरू जम्मा ८४० किलोमिटरको हुने अनुमान छ । यस मध्ये यस योजना अवधिमा २५४ मिलेमिटर सडक निर्माण हुनेछ । काठमाडौं क्षेत्रमा बाह्रबिसेसम्मको सडक बनिसकेको हुनाले यसवाहेक निम्न आयोजनाहरू लिइनेछन् ।

तालिका नं. (१०–१०)

	(किलोमिटरमा)
सडक आयोजनाको नाम	भौतिक लक्ष्य कालोपत्रे – खण्डास्मित – कच्ची

१. नेपालगञ्ज–जुम्ला (महेन्द्र राजमार्गदेखि सुर्खेतसम्म)	–	७७	–
२. पुतलीखेत–बाग्लुङ–टुकुचे–जोमसोम (पुतलीखेतदेखि वागलुङसम्म)	–	८०	–
३. त्रिशूली–धुन्चे	–	२५	–
४. धरान–धनकुटा–खाँदवारी (धरानदेखि धनकुटासम्म)	–	७२	–
जम्मा :		२५४	

(१) **नेपालगञ्ज–जुम्ला मुख्य मार्ग**

अन्दाजी २५० किलोमिटर लामो हुने यो सडक कोहलपुरबाट सुर्खेत, कालीकोट र दैलेख भै जुम्ला जाने पश्चिमी मूल बाटोको एक भाग हो आवागमनको दृष्टिकोणबाट नेपालगञ्ज र सुर्खेतमा एक एक वटा हवाई मैदानहरू र जुम्लामा एक सानो हवाई मैदान गरी जम्मा ३ वटा हवाई मैदानहरू छन्, तर यसको उपभोग आंशिक जनताले मात्र गर्न पाएका छन् । साथै कम उपज र सीमित खेतीयोग्य जग्गाहरू भएको हुनाले कामको खोजीमा र व्यापार गर्न यस क्षेत्रबाट बराबर सुर्खेत, दाङ र नेपालगञ्जमा आई बस्न थालेका छन् । यसले गर्दा भविष्यमा दैलेख, जुम्ला आदि ठाउँबाट दाङ, सुर्खेत र अझ बढी नेपालगञ्जको नगरमा जनघनत्वको चापले समस्या उत्पन्न गराउने सम्भावना छ । तसर्थ यस बाटोको निर्माणबाट सानातिना विकास परियोजनाहरू स्वतः आउने भै रोजगारीको समस्या पनि केही हदसम्म कमी हुनेछ ।

चतुर्थ योजनामा भेरी अञ्चलको सुर्खेत जिल्लासम्म ७७ किलोमिटर सडक निर्माण हुनेछ । खासगरी पश्चिमी नेपालको व्यापारिक मूल ढोका नेपालगञ्ज भएकाले यस सडकबाट चारैतिर घेरिएको जिल्लाले सुर्खेतमा मात्र सीमित नभई नेपालगञ्जमा पनि आफ्नो व्यापार फैलाउन सक्नेछ ।

(२) **पुतलिखेत–टुकुचे–जोमसोम**

यो सडक सिद्धार्थ राजमार्गको सम्वन्धित श्रृंखलावद्ध भैरहवा, पाल्पा, स्याङजा, पोखरा, वाग्लुङ र टुकुचे भै जोमसोम जाने गण्डकी क्षेत्रको एक मुख्य मार्ग हो । हाल जोमसोममा एउटा सानो हवाई मैदानवाहेक अरु आधुनिक यातायातको साधन छैन । तसर्थ यस क्षेत्रलाई पनि अन्य दुर्गम क्षेत्रहरूजस्तै दुर्गम मानिएको छ । यसको अलावा यो क्षेत्र शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि पछाडी परेको हुनाले स्थानीय वासिन्दाहरूलाई पनि विकास कार्यक्रममा बढी दिलचपी दिलाउन यो बाटोको निर्माण गर्न आवश्यक भएको छ । मुक्तिक्षेत्रजस्तो पवित्र तीर्थस्थल दर्शन गर्न लाखौं तीर्थयात्रीहरूको आवागमन हुनुका साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थल पनि भएकाले पर्यटन विकास हुन सक्नेछ । साथै वरिपरिका गाउँहरू पनि स्वतः विकास हुनेछन्

उपयुक्त तथ्यलाई ध्यानमा राखी यस चतुर्थ योजनामा पुतलीखेतदेखि वाग्लुङसम्मको ८० किलोमिटर बाटो निर्माण गरिने लक्ष्य राखिएको छ ।

(३) **त्रिशूली–धुन्चे–गतलाङ**

वाग्मती अञ्चलमा पर्ने धुन्चे क्षेत्रलाई वीरगन्ज, हेटौंडा र त्रिशूलीबाट जोडने योजनाको प्रारम्भिक रूपरेखामा उल्लेख भएको छ । तर कतिपय कठिनाइहरू उत्पन्न भएकाले धुन्चे वैकल्पिक रूपरेखामा उल्लेख भएको छ । तर कतिपय कठिनाईहरू उत्पन्न भएकाले धुन्चे वैकल्पिक रूपमा राखी त्रिशूलीबाट स्याब्रु भै गतलाङ्ग जोडने सडकलाई चौथो योजनामा लिइएको छ । काठमाडौं–गतलाङ्गको कुल लम्वाई १५० किलोमिटर हुनेछ । यसमध्ये काठमाडौंबाट त्रिशूली सम्मको ७० किलोमिटर कच्ची सडक चौथो योजना अवधिमा कालोपत्रे हुनेछ । बाँकीमध्ये चौथो योजनामा चक्रेटोको (जीपेवल) रूपमा त्रिशूलीबाट धुन्चेसम्मको ३५ किलोमिटर सडक मात्र निर्माण गरिनेछ । गोसाईकुण्डजस्तो तीर्थ स्थान पनि यसै क्षेत्रमा भएकाले लाखौं थीर्थयात्रीहरू पर्यटकहरू पनि आकर्षित हुनेछन् । यस उत्तरी भेकमा । वहित्रवाहनयोग्य मार्ग बन्न गएमा अरु विकास हुनुको साथै दुग्ध र फलफूल विकासको पनि धेरै सम्भावना छ । यस बाटोको निर्माणबाट गतलाङ्ग क्षेत्रमा खेर गैरहेको वनसम्पदाले अभावग्रस्त काठमाडौंको बजामा निरन्तर प्रतिवर्ष २० लाख ३० हजार जति घन फीट (क्यू.वि.) काठ निवासी गर्नसक्ने सम्भावना देखिएको छ ।

(४) **धरान–धनकुटा–खाादवारी मुख्यमार्ग**

यस मार्गले उत्तरमा संखुवासभासम्म वहित्रवाहन पुऱ्याई ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, धनकुटा, भोजपुर आदि जिल्लाका वासिन्दाहरूलाई आधुनिक यातायातको सहुलियत सीमित मात्रामा भएपनि प्रदान गर्नेछ । यस क्षेत्रमा हाल तुम्लिङटार स्थित सानो हवाई मैदान वाहेक अरू कुनै आधुनिक यातायातको साधन छैन ।

चतुर्थ योजनामा पूर्वी पहाडको मूल बाटोको रूपमा रहेको धरानदेखि धनकुटासम्म ७२ किलोमिटरको वहित्रवाहन गुड्ने वाटोको निर्माण गरिनेछ । यसबाट कोशी अञ्चलको धनकुटा, तेह्थुम र सँखुवासभा, मेची अञ्चलको चाप्लेजुंग, सगरमाथा अञ्चलको भोजपुरसमेतको केही हदसम्मको यातायात समस्या समाधान हुनेछ । साथै नेपाल र भारतमा प्रशिद्ध खोकु र छिन्ताङको सुन्तलाले बजार पाई स्थानीय वासिन्दाहरूले जीविकोपार्जनको निमित्त

कृषिको वैकल्पिक रूपमा फलफूलको खेतीले ठूलो स्थान पाउनसक्नेछ । भविष्यमा यो जिल्ला निम्बु प्रजातीय (सिट्रस) फलफूलको खेतीको नमूना स्वरूप भै अन्यत्र जिल्लाहरूमा पनि यसको विकास हुन सक्नेछ । उक्त सडकको निर्माणबाट समीपवर्ती जिल्लाको विकासमा सहयोग पुग्नुको साथै क्षेत्रीय विषमता पनि कम गर्नमा सहायक हुनेछ ।

(घ) अन्तर जिल्ला, जिल्लाभ्यन्तर क्षेत्रीय मार्ग

पूर्वी तराई भागमा महेन्द्र राजमार्गको केही भाग र मध्यवर्ती पहाडी भागमा पृथ्वी राजमार्ग (नौविसे–पोखरा) पनि सेवामा आउन थालिसकेको छ । आर्थिक औचित्यको दृष्टिकोणबाट बढी लाभदायक बनाउन यस्ता मार्गहरूलाई व्यापारिक केन्द्रहरू, घनावस्ती भएको इलाका र बढी उपज हुने क्षेत्रहरूसित जोड्नु पर्दछ । एक जिल्लाहरूबाट अर्को जिल्ला र जिल्ला भित्रै आधुनिक यातायातको सुविधाहरू सामाजिक कारणहरूबाट पनि उपलब्ध गराउनु अति वाञ्छनीय भएको छ । उपयुक्त हाल निर्मित राजमार्गहरू घनावस्ती भएको इलाका, व्यापारिक केन्द्र र उब्जाउ क्षेत्रहरूबाट केही किलोमिटरको दूरीमा पर्दछन् । तसर्थ यस चौथो योजनाकालमा बजार, उब्जाउ जग्गा, बाक्लो वस्ती र राजमार्ग बीचमा राम्रो सम्पर्क स्थापित गराउन केही स-साना मार्गहरूको निर्माण हुन अति आवश्यक भएको छ ।

यसअन्तर्गत बन्ने मार्गहरू पहाडी क्षेत्रमा गोरखा र चौतारा तथा भित्री मधेशमा दाँग, तराईतर्फ झापा, कपिलवस्तु, सप्तरी रौतहटमा पर्न आउँछ । यसको जम्मा लम्बाई १५० किलोमिटर हुनेछ र चतुर्थ योजनामा यसलाई सम्पूर्ण खण्डास्मित (ग्राभेल) गरिनेछ । यिनीहरूको पूर्ण विवरण निम्न प्रकार छ ।

तालिका नं. (१०–११)

	(किलोमिटरमा)
(घ) जिल्ला अन्तर तथा जिल्लाभ्यन्तर सडक आयोजनाको नाम	भौतिक लक्ष्य
१. गोरखा–पृथ्वी राजमार्ग	२५
२. चौतारा–अरनिको राजमार्ग	२६
३. गौर–महेन्द्र राजमार्ग	३३
४. कृष्णनगर–बहादुरगञ्ज–महेन्द्र राजमार्ग	२०
५. दाङ–महेन्द्र राजमार्ग	१६
६. चन्द्रगढी–महेन्द्र राजमार्ग	१६
७. राजमार्ग–महेन्द्र राजमार्ग	१४
जम्मा :	१५०

घ १. गोरखा–पृथ्वी राजमार्ग

हाल गोरखा जिल्लाको उपजले अभावग्रस्त जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ, तनहुँ, लमजुङ, कास्की जिल्लाहरूको आवश्यकतालाई केही हदसम्म पुऱ्याउँदै आएको छ । यातायात साधनको राम्रो विकास भएमा यस जिल्लाको अन्य विकास कार्यक्रमहरूमा परिपूरक हुन जाने भै स्थानीय वासिन्दाहको जीवनस्तमा वृद्धि हुनेछ । साथै गोरखाको आफ्नै ऐतिहासिक पृष्ठभूमिमा र प्राकृतिक सौन्दर्य भएकाले पर्यटन उद्योगको राम्रो विकास हुनसक्ने सम्भावनाहरू छन् ।

यस योजनामा गोरखा सदरमुकामसम्म जोड्ने खण्डास्मित (ग्राभेल) स्तरको पृथ्वी राजमार्गको सहायकको रूपमा निर्माण गरिनेछ । यसको लम्बाई २५ किलोमिटर हुनेछ ।

घ २. चौताराअरनिको राजमार्ग

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारासम्म राम्रो मौसममा जीपसम्म चल्न सक्ने चक्रेटोको निर्माण जनताको श्रमदानबाट बनिसकेको छ । यसै जिल्लाबाट खास गरी काठमाडौंको बजारमा कमी भैरहेको मासु, माछा आदिको समस्यालई केही हदसम्म पूर्ति गर्दै आएको छ । उक्त सडकलाई बाह्रै महिना ठूला ठूला वहित्रवाहन चल्न सक्ने किसिमबाट फराकिलो र पक्की सडकको निर्माण हुन सकेमा यहाँको घिउ तथा अन्य फलफूलले पनि राम्रो बजार पाइ यसको विकासतर्फ स्थानीय वासिन्दाहरू जागृत हुनेछन् । साथै पनीर उद्योगको प्रवर्द्धनमा पनि प्रशस्त सम्भावनाहरू छन् ।

यस योजनामा उक्त सडकलाई चौडा पारी अरनिको राजमार्गको सहायकको रूपमा खण्डास्मित (ग्राभेल) स्तरको सडकमा परिणत गरिनेछ । यसको लम्बाई २६ किलोमिटर हुनेछ ।

घ ३. गौर–महेन्द्र राजमार्ग

यो मार्गमा पर्ने रौतहट जिल्ला ज्यादै उर्वरा छ, तर बजारको अभावले गर्दा स्थानीय उत्पादनहरूको राम्रो विकास र प्रवर्द्धन हुन पाएको छैन । खास गरी बाग्मतीबाट सिंचित भएको हुनाले खाद्यान्न वाहेक उखुजस्ता नगदे बालीको खेती पनि प्रशस्त मात्रामा हुन्छ । तर सुव्यवस्थित बाटोको र बजारभन्दा धेरै टाढा रहेको हुनाले एकदम

अनकण्टार छ । यस योजनामा महेन्द्र राजमार्गको सहायकको रूपमा गौरसम्मको सडक निर्माण गरिनेछ । यसको सम्पूर्ण लम्वाई ३३ किलोमिटर हुनेछ । यसलाई चौथो योजना अवधिमा खण्डास्मित (ग्राभेल) गरिनेछ । यस सडकको निर्माण भएमा स्थानीय उत्पादनले सजिलैसित बजार पाउनेछ । वीरगञ्ज चिनी कारखानाले पनि क्षमताअनुसार चलाउन सजिलैसित उखु पाउन सक्ने सम्भावना छ ।

घ ४. कृष्णनगर–बहादुरगञ्ज–महेन्द्र राजमार्ग

पश्चिमी तराईको व्यापारिक दृष्टिकोणबाट सम्पन्न भएका जिल्लाहरूमा कृष्णनगर र बहादुरगञ्ज शहरहरूको आफ्नै स्थान छ । बस्तीको दृष्टिकोणबाट पनि यी शहरहरू महत्वपूर्ण छन् । खास गरी प्यूठान र अर्घाखाँचीजस्ता पहाडी जिल्लाहरूको आयात निर्यातको मुख्य बाटो पनि यतैतिर छ अतः यहाँबाट यी पहाडी जिल्लाहरूमा मार्गद्वारा सम्पर्क राम्रो गराउन प्रथम आवश्यक भएको छ । निर्यातको हकमा यस जिल्लाहरूबाट प्रशस्त मात्रामा धान, चामलको अतिरिक्त काठ र उखु पनि निकासी गरिन्छ । कृष्णनगरमा मात्र करिब २००० हेक्टर भूमिमा उखुको खेती गरिन्छ । विगत योजनाहरूको कार्यान्वयनबाट यस क्षेत्रमा सानातिना आयोजनाहरू पनि विकसित हुन थालेका छन् । यसबाट पनि यातायातको विकास यस क्षेत्रमा सुव्यवस्थित ढङ्गबाट गरिनु अति आवश्यक हुन आएको छ । तसर्थ यस योजनामा कृष्णनगर देखि बहादुरगञ्ज भै महेन्द्र राजमार्गसम्मको सहायक मार्गको रूपमा खण्डास्मित स्तरमा निर्माण गरिनेछ ताकि भविष्यमा यहाँबाट उत्तरी पहाडी इलाकामा मार्ग बिस्तार गर्न सकियोस् । यसको लम्वाई २० कि. मि. हुनेछ ।

घ ५. दाङ–महेन्द्र राजमार्ग

राप्ती अञ्चलको पश्चिमी भित्री मधेसमा रहेको दाङ जिल्ला सल्यान, प्यूठान, रुकुम र रोल्पाजस्ता पार्वत्य प्रदेशहरूको व्यापारिक केन्द्र रहेको छ । यसै जिल्ला भएर धान चामलका अतिरिक्त प्रशस्त मात्रामा घिउ पनि निकासी गरिन्छ । तर बाटाको अभावले गर्दा स्थानीय उत्पादनहरू कम दाममा बिक्री गरिन्छन् । तसर्थ यस योजनामा दाङबाट महेन्द्र राजमार्ग जोड्न करिब १६ किलोमिटर खण्डास्मित (ग्राभेल) स्तरमा सहायक मार्गको रूपमा निर्माण गरिनेछ । उक्त सडकको निर्माणबाट स्थानीय वस्तुले राम्रो बजार पाउने भई स्थानीय बासिन्दाहरूको जीवनस्तरमा समेत परिवर्तन आउनेछ ।

घ ६. चन्द्रगढी–महेन्द्र राजमार्ग (धुलाबारी)

चन्द्रगढी मेची अञ्चलमा पर्ने झापा जिल्लाको सदरमुकाम हो । वास्तवमा यो जिल्ला नेपाल अधिराज्यको बढी उब्जाउ र सम्पन्न जिल्ला हो । झापा जिल्लाले मात्र कुल उत्पादनको १० प्रतिशत उत्पादन गर्दै आएको अनुमान छ । हाल निर्मित महेन्द्र राजमार्गले आन्तरिक एवं वाह्य व्यापारमा तीव्रता ल्याउने नै छ तर धुलाबारीदेखि दक्षिणपट्टिको सम्पन्न एवं उब्जाउ क्षेत्रलाई सहायक मार्गले नजोडेसम्म उक्त उद्देश्य हासिल गर्न नसकिने स्वतः सिद्ध छ । तसर्थ यस योजनामा चन्द्रगढीदेखि धुलाबारीसम्मको १६ किलोमिटर सडक खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ । उक्त सडकको निर्माणबाट साधनसम्पन्न भएको यस जिल्लामा जूट प्रशोधित उद्योग, कागज उद्योग र अन्य उद्योग खोल्नमा सहायता पुग्न जानेछ ।

घ ७. राजविराज–महेन्द्र राजमार्ग

सगरमाथा अञ्चलको मुख्य केन्द्रको रूपमा राजविाजको ठूलो स्थान छ । चन्द्रनहरजस्ता अन्य सिँचाइ सुविधाहरू उपलब्ध भएको हुनाले यस क्षेत्रको जग्गा बढी उब्जाउ हुनुको साथै यहाँ जनघनत्व पनि ज्यादै छ । धान, चामलका अतिरिक्त यस क्षेत्रबाट प्रशस्त मात्रामा कच्चा सनपाट, तोरी, काठ आदि भारत निकासी गरिन्छ ।

हाल निर्मित महेन्द्र राजमार्ग लाहान हुँदै जाने हुनाले उदयपुर र निकटवर्ती पार्वत्य प्रदेशहरूको उत्पादनले राम्रो बजार पाउने छन् र स्थानीय वासिन्दाहरूको आयमा अभिवृद्धि हुनेछ । तर हरेक वर्ष हुने अन्नाभावको समस्या भने उस्तै रूपमा रहेने देखिन्छ । राजविराजबाट महेन्द्र राजमार्ग भई लाहानलाई जोड्न सकिएमा सहजै तरिकाले अन्नको परिवहन समयमा नै गर्न सकिनेछ । तसर्थ यस योजनामा करिब १४ किलोमिटर सडक खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ ।

ङ १. शहरी सडक

यस आयोजनाअन्तर्गत काठमाडौं उपत्यका र काठमाडौं बाहिरका शहरमा गरी जम्मा २५ किलोमिटर मार्ग कालोपत्रे (पीच) स्तरको निर्माण हुनेछ ।

१ काठमाडौंका शहरी सडक

अनेक दृष्टिकोणबाट काठमाडौं शहरको ज्यादै महत्व छ । मुलुकको राजधानी भएको हुँदा यसको जनसङ्ख्या अपेक्षातीत गतिले प्रतिदिन बढ्दो छ । यस्तैगरी वहित्रवाहन (मोटरगाडीहरू)को सङ्ख्या २०१५ सालको १,८४५ बाट बढेर २०२५ सालसम्म ६,७१० पुग्न गएको अनुमान छ । तर काठमाडौं भित्रका सडकहरूको क्षमताको भने उस्तै रूपले वृद्धि हुन सकेको छैन । तसर्थ यस योजनामा काठमाडौंका सडकको क्षमतामा वृद्धि गराउनको साथै शहर भित्रका केही सडकहरू कालोपत्रे (पीच) स्तरमा क्रमोन्नति गरिनेछन् ।

ङ २. अन्य शहरी सडक

यस आयोजनाअन्तर्गत पोखराको शहरको सडकलाई पनि विशेष ध्यान दिइनेछ । पर्यटन उद्योगको विकासको साथै नेपालको मध्य भाग स्थित पहाडी इलाकाको मुख्य शहरको दृष्टिकोणबाट पोखरा उपत्यकाको ठूलो महत्व भएको हुनाले पोखरा शहरका सडकहरूको सुधार तथा निर्माण ०२८।२९ मा सुरु गरी ०२९।३० मा समाप्त गरिनेछ । सिद्धार्थ राजमार्गको निर्माण कार्य समाप्त भै मनुष्य तथा वहित्रवाहनको गमनागमन भै रहेको र पृथ्वी राजमार्गको समेत निर्माण कार्यको प्रथम चरण प्रायः पूर्ण भैसकेको हुनाले पोखरा सडकको सुधार कार्य हुनु अति नै आवश्यक भएको छ । अन्य केही शहरहरूमा पनि केही सडकलाई आवश्यकतानुसार कालोपत्रे स्तरमा क्रमोन्नति गरिनेछ ।

च. सम्भाव्य अध्ययनबाट निर्णय भएवमोजिम निर्माण हुने सडकहरू

विश्व अधिकोष (World Bank) सहायताअन्तर्गत देशभर सम्भाव्य अथवा आर्थिक एवम् प्राविधिक सर्वेक्षणबाट उचित ठहरिएका सडकहरूमध्ये अग्राधिकारको क्रमानुसार रोजिएको कुनै मार्ग निर्माण सुरु गरी यस योजना अवधिमा १०० किलोमिटर सडकको खण्डास्मित (ग्राभेल) स्तरमा निर्माण गरिनेछ । खास गरी उक्त सर्वेक्षणमा निम्न सडकहरू समावेश गरिने छन् ।

तालिका नं.(१०–१२)

(च) सम्भाव्य अध्ययनका आयोजनाहरू

सडक आयोजनाको नाम	किलोमिटर "१००"
१. लाहान–ओखलढुङ्गा	
२. काठमाडौं–सिमरा	
३.दाङ्ग–जाजरकोट	
४. झापा–ताप्लेजुङ्ग	
५. नारायणघाट–पृथ्वी राजमार्ग	
६. बनेपा–सिन्धुली–ढल्केवर	
७. भोजपुर–महेन्द्र राजमार्ग	
८. ठोरी–भरतपुर	
९. अन्य सडकहरू	

च १. लाहान–ओखलढुङ्गा

सगरमाथा अञ्चलमा पर्ने यी जिल्लाहरू खास गरी ओखलढुङ्गामा मात्र प्रतिवर्ष ७,६७७ मेट्रिक टन खाद्यान्नको अभाव हुँदै आएको अनुमान छ । यस क्षेत्रका वासिन्दाहरूको निमित्त आर्थिक एवम् सामाजिक दृष्टिकोणबाट लाहान नै मुख्य बजार मानिन्छ ।

पहाडी क्षेत्र खास गरी उदयपुर र ओखलढुङ्गामा आलु एवम् अन्य फलफूल खेतीको उत्पादन खाई खेतीको निमित्त मात्र गरिन्छ । त्यस्तै सोलुखुम्वुमा सञ्चालित पनीर उत्पादन केन्द्रले पनि आफ्नो उत्पादन बढी ढुवानी खर्चले गर्दा बजारसम्म पुऱ्याउन सकेको छैन ।

च २. काठमाडौं–सिमरा

हाल भैरहेको त्रिभुवन राजपथमा सवारीको साथसाथै दुर्घटना पनि धेरै नै वृद्धि हुँदैजाने आशङ्का भएको र बाटो पनि धेरै लामो उकालो वेरालो भएकाले मार्तैल (पेट्रोल) तथा डिजल बढी खर्च हुने, वहित्रवाहनको आयु पनि कम हुने, समय पनि धेरै लिने भएकोले यसको विकल्प अर्को सडक निर्माण गर्न अत्यावश्यक हुन आएको छ । यो नयाँ बाटो पुरानोभन्दा पनि छोटो तथा सुविधाजनक भै किफायत सिद्ध हुनेछ । यसको लम्वाई ३६ किलोमिटर हुनेछ जबकि त्रिभुवन राजपथको लम्वाई १४४ किलोमिटर छ ।

च ३. दाङ्ग–जाजरकोट

यस क्षेत्रको मुख्य बजार कोइलावास भएर भारततर्फ प्रशस्त मात्रामा खाद्यान्न, फलफूल घिउ आदि निकासी गरिन्छ । यातायातको कमीले ल्याएको बढी ढुवानी खर्चले गर्दा सल्यान र जाजरकोटजस्ता अभावग्रस्त जिल्लाहरूमा खाद्यान्न उपलब्ध बडो मुस्किलले गराउँदै आएको छ ।

पहाडी क्षेत्रहरू जस्तै सल्यान र जाजरकोटमा प्रशस्त मात्रामा सुन्तला र यस्तै निकासी योग्य फलफूलको तेती गर्ने धेरै सभावनाहरू छन् । यस सडकको निर्माण सम्भव भएमा सुसंगठित बजारहरूको स्थापना भै स्थानीय वस्तुहरूको उत्पादन निकासीमा आधारित हुनेछन् । यसबाट स्थानीय वासिन्दाहरूको वास्तविक आयमा अभिवृद्धि हुन जानेछ ।

च ४. झापा–ताप्लेजुङ्ग

यस क्षेत्रमा पर्ने झापावाहेक इलाम र ताप्लेजुङ्ग जिल्लाहरू अन्नाभावग्रस्त छन् । प्रत्येक वर्ष इलाममा मात्र वाहिरबाट २,७२८ मेट्रिक टन खाद्यान्न भित्र्याइन्छ । उता झापाबाट वर्षेनि ६०,००० टन खाद्यान्न देश बाहिर निकासी भैरहेको अनुमान छ । स्थल मार्गबाट यी जिल्लाहरूलाई आपसमा जोड्ने मार्ग भएमा उक्त वचत क्षेत्रबाट खाद्यान्न सजिलैसित कम समय र कम मूल्यमा उपलब्ध गराउन सकिने छ ।

यसको अलावा ताप्लेजुङ्गमा जडिबुटीको प्रशोधित केन्द्रको स्थापना सम्भव हुन गई बढी निर्यात मूल्य प्राप्त गर्न सकिनेछ । साथै इलामको आलु विकास केन्द्र, चिया र अन्य फलफुलले भारतमा राम्रो बजार पाउने भै यसको खेती विस्तृत रूपले गर्न सक्ने धेरै सम्भावनाहरू छन् ।

च ५. नारायणघाट–पृथ्वी राजमार्ग (मुगलिङ फाँट)

नारायणी अञ्चलको चितवन जिल्लामा पर्ने नारायणघाट नयाँ व्यापारिक एवं औद्योगिक एवं केन्द्रको रूपमा विकसित हुँदैछ । गोरखा, बन्दीपुर र अन्य जिल्लाहरूबाट नारायणी उपत्यकामा आई बसोबास गर्न थालेका छन । विगत योजनाहरूको कतिपय विकास आयोजनाहरू जस्तै राप्ती उपत्यका विकास पनि यही नै केन्द्रित थियो बन्दिपुर, गोरखा आदि ठाउँहरूको निमित्त मुख्य खाद्यान्न बजारको रूपमा नारयाणघाटले लिएको छ ।

निकासी हुने वस्तुहरू चितवन जिल्लाबाट मुख्यतया तोरी काठ नै छन् । यहाँको काठले काठमाडौं बजारमा भइरहेको इन्धन र टिम्वरको अभावलाई धेरै मात्रामा पूर्ति गरेको छ ।

हाल निर्मित पृथ्वी राजमार्गको मुगलिङ फाँट नारायणघाट बजारबाट २५ किलोमिटरजति टाढा पर्दछ । नारयणघाट बजारबाट मुगलिङ फाँटसम्म जोड्ने एउटा शाखा मार्ग खोल्न सकेमा लुम्विनी, गण्डकी, नारायणी र बाग्मती अञ्चलका जिल्लाहरू आपसमा जोडिने छन् । र वीरगञ्जदेखि पोखरा तथा काठमाडौंदेखि भैरहवाको बीचमा सीधा छड्के बाटो खुल्नेछ । तथा नवलपुर र चितवनका वासिन्दाहरूलाई त्रिभुवन राजपथमा भन्दा सुलभ र छिटो बाटो उपलब्ध हुनेछ । किनकी त्रिभुवन राजपथमा उकालो ओरालोको अतिरिक्त दूरी पनि काठमाडौंसम्म २०० किलोमिटर भन्दा बढी पर्दछ । तर नारायणघाट बजारबाट मुगलिङ फाँटभई पृथ्वी राजमार्गबाट आउँदा करिब १३५ किलोमिटर मात्र पर्दछ । साथै बन्दिपुर, गोरखा, तनहुँ, लमजुङ्ग र पोखराजस्ता पार्वत्य प्रदेशहरूमा अन्नाभावको समयमा चितवन तथा नवलपरासी जिल्लाहरूबाट सजिलैसित चाहिँदो अन्न उचित दाममा उपलब्ध गराउन सकिनेछ ।

च ६. बनेपा–सिन्धुली–ढल्केवर

हाल पूर्वदेखि पश्चिमसम्मका सबै वासिन्दाहरू त्रिभुवन राजपथभएर काठमाडौं आउनेजाने गर्दछन् । यसबाट यात्रुहरूमा हुने असुविधा त छँदैछ, साथै राष्ट्रिय धनको पनि अपव्यय हुन गएको छ । यसर्थ काठमाडौंलाई बनेपा–सिन्धुलीबाट महेन्द्र राजमार्गअन्तर्गत जनकपुरको ढल्केवरसम्म मुख्य मार्ग निर्माण हुन सके देशको पूर्वीय भागबाट काठमाडौं आवतजावत गर्ने यात्रुहरू तथा ल्याइने लगिने मालसमानहरूका लागि सुविधा हुन जानुका साथै त्रिभुवन राजपथमा सवारीको चाप पनि घट्न जानेछ । यसबाट हाल भइरहेको दुर्घटनामा पनि कमी गर्नमा सहायक हुनेछ । जनकपुर अञ्चलका सबै जिल्लाहरूका लागि त यो बाटो हरेक दृष्टिकोणले मुख्य आधार हुन जाने नै छ । खास गरी आर्थिक दृष्टिले त बनेपादेखि ढल्केवरसम्मको सडक निर्माण भएमा धुलिखेल, दोलखा, रामेछाप र अन्य पार्वत्य प्रदेशहरूको व्यापार काठमाडौंको साथै अन्य तराई क्षेत्रमा र भारतीय बजारसम्म विस्तृत हुन सक्नेछ ।

'छ' गोरेटो, घोडेटो तथा चक्रेटोहरू

माथि उल्लेख गरिएका सबै आयोजनाहरूबाट मुलुकको सबै भागमा वहित्रवाहन जाने सडकले ढाक्न सक्ने छैन । तसर्थ, काठमाडौं, तराई र पहाडको वहित्रवाहन जाने केही भागर्ला छोडी धेरैजसो भागमा परंपरागत देखि चलिआएको गोरेटो बाटो घोडा, खच्चर हिंड्ने साना घोडेटो बाटोहरू नै केही दसकसम्म उपयोग हुनेछ । मुलुकभरि हाल यस्ता बाटोहरूको लम्वाई जम्मा १०,००० किलोमिटरजति छ । अधिकांश यहाँका रैथानेहरू वस्तु विनिमय तथा अन्य दैनिक कार्यहरूका निमित्त, गाउँ घर डुल्न, नजिकको बजार गई नून-तेल लत्ता-कपडाहरू किन्न र अरु बेचविखनसमेत गर्न पनि यस्तै बाटोबाट पैदल सफर गर्दछन्

यातायातको दृष्टिकोणबाट पिछडिएका क्षेत्र तथा जिल्लाहरूमा पनि दीर्घकालीन योजनाअनुसार वहित्रवाहन गुड्ने बाटोको निर्माण गरिने नै छ तर सीमित साधनले गर्दा तुरुन्तै यो कार्य सम्पादन गर्न नसकिने र विकट स्थानहरूको यातायातको सुधारको माग र आवश्यकता भने यथावत नै रहने भएकाले यस योजनामा निम्नलिखित विभिन्न जिल्लाहरूको १,६५२ किलोमिटर गोरेटो, घोडेटो तथा चक्रेटोको निर्माण तथा स्तारेन्नति गरिनेछ ।

तालिका नं (१०–१३)

जिल्लाहरू	बाटोहरू	किलोमिटर
१. वर्दिया	(क) चिसापानी–वर्दिया	४५
२. भोजपुर, धनकुटा	(क) चैनपुर–दिंगला	१६

३. गुल्मी	(क) मुसिकोट–रिढीवजार	२०
४. इलाम, तेह्रथुम	(क) लुमेडे –तेह्रथुम	१०
५. दैलेख, सुर्खेत	(क) सुर्खेत–दैलेख	४०
६. सिन्धुलीगढी, दोलखा	(क) चरिकोट–सिमिगाउँ	३५
७. ताप्लेजुङ्ग	(क) मितलुङ्ग–ओलाङ्गचुङ्ग गोला	६४
	(ख) ओखलढुङ्गा–धुन्सा–याङ्गमा	३२
	(ग) धुले–तोप्केगोला	४८
८. संखुवासभा	(क) किमाथाङका–भोटवास – खाँदवारी	९६
	(ख) ताम्फु-हेदाङ्गमा	४६
९. सोलुखुम्वु	(क) सल्लेरी–नाम्चेबजार	९६
१०. दोलखा	(क) चरिकोट–लामोबगर	३२
	(ख) चाँगु–फोपर	२०
११. सिन्धुपाल्चोक, दोलखा	(क) चौतारा–दोलखा	५३
	(ख) सिपा–हेलम्बू	३५
	(ग) बलेफि–गोल्चे	२४
१२. रसुवा, नुवाकोट	(क) त्रिशूली–डाँडा गाउँ	२२
१३. धादिङ्ग	(क)चरङफेदी–लाङ्टाङ	२५
	(ख) छिलुनिलु–सिमाना	४८
१४. गोर्खा	(क) लार्के–आरुघाट	६४
१५. मनाङ	(क) थोचे –लार्के	३२
	(ख) चामे –साततल्ले	४८
१६. मुस्ताङ	(क) कागवेनी–छुसाङ	४०
	(ख) तातोपानी–तिप्लाङ	२४
१७. डोल्पा	(क) ढोरपाटन–डोल्पा	९६
	(ख) छार्का–तुसारे	३०
१८. तिब्रिकोट	(क) तिब्रिकोट–डोल्पा	६४
	(ख) त्रिबेणी–झारल	२४
	(ग) ल्हुम–रिमीछो –पाटन	४०
१९. जुम्ला, मुगु	(क) जुम्ला–रारा	५६
२०. मुगु	(क) रारा–गमगढी	८
२१. हुम्ला	(क) सिमिकोट–वाभा	७२
	(ख) लिमि–मुचु	४८
२२. वझाँङ	(क) चैनपुर–साइपाल–विथरलेक	५६
२३. दार्चुला	(क) व्यास –दार्चुला	५४
	(ख) व्यास –टिंकर	१५
२४. वैतडी–दार्चुला	(क) वैतडी–दार्चुला	८०
	जम्मा :	१,६५२

ज. झोलुङ्गे पुल

आवगमनको दृष्टिकोणबाट पिछडिएका तथा धेरै पातलो वस्ती भएका दुर्गम क्षेत्रहरूमा आर्थिक तथा सामाजिक दुवै किसिमका उपलब्धिहरू प्राप्त गराउन १३ विभिन्न अञ्चलका जिल्लाहरूमा जम्मा २७ वटा झोलुङ्गे पुलहरूको निर्माण गरिनेछ ।

तालिका नं. (१०–१४)

आगामी पञ्चवर्षीय योजनाअन्तर्गत बनाउने प्रस्तावित झोलुङ्गे पुलहरू

सि. नं.	ठाउँको नाम	नदीको नाम	जिल्ला	लम्बाई
१.	पुचीघाट	सुनकोशी	सिन्धुली	४०० फीट

२.	नवलपुर घाट	सुनकोशी	रामेछाप	४५० फीट
३.	–	लामटाङ्गखोला	रसुवा	२२० फीट
४.	शीशाघाट	मादी नदी	तनहूँ	३५० फीट
५.	कुसमा निर	मदी खोला	पर्वत	२६० फीट
६.	शिवालय (गिरी)	खिमती खोला	दोलखा	२०० फीट
७.	पिलवा घाट	पिलवा नदी	संखुवासभा	२६० फीट
८.	सोलु दोभाननिर	दूधकोशी	सोलुखुम्बु	३०० फीट
९.	राइघाट	सुनकोशी	उदयपुर	४५० फीट
१०.	तालु गाउँनिर	भेरी	जाजरकोट	३०० फीट
११.	● तालु गाउँनिर	तमोर	पाँचथर	३३० फीट
१२.	l कावेली र तमोर	कावेली	पाँचथर	२६० फीट
१३.	l पुर्तिघाट	कृष्णागण्डकी	पर्वत	२६० फीट
१४.	l रानीघाट	कृष्णागण्डकी	पाल्पा	५०० फीट
१५.	l उल्लीखोला	वडीगाउँ	गुल्मी	३५० फीट
१६.	–	मरीन खोला	काभ्रेपलाञ्चोक	४०० फीट
१७.	मधुमल्ला	तमोर	तेह्रथुम	३५० फीट
१८.	कलकीटार	कृष्णागण्डकी	गोर्खा	४५० फीट
१९.	सल्लेरी	मुनीखोला	सल्यान	२२० फीट
२०.	चिआंग	बबही	सल्यान	२६० फीट
२१.	नयरामघाट	दूधकोशी	रामेछाप	३५० फीट
२२.	सम्सुदोभान	संसु खोला	उदयपुर	३०० फीट
२३.	रसुवा दोभाग	रसुवा खोला	रसुवा	३०० फीट
२४.	चीरकोटार	कालंगी खोला	बभाङ्ग	२२० फीट
२५.	चौलानी	चौलानी खोला	बैतडी	२६० फीट
२६.	तुमलिंटार	सभाखोला	संखुवासभा	३०० फीट
२७.	रंगा घाट	ठूली भेरी	सुर्खेत	३०० फीट

झ पुल तथा पुलेसाहरूको निर्माण र सुधार

ठाडा र ठूला खोलानालाहरूले ठाउँ ठाउँमा छेडिएको नेपालजस्तो मुलुकमा आवागमनको निमित्त पुलहरूको माग जताततैबाट आउनु स्वभाविकै हो । तर सीमित साधनहरूले गर्दा सबै ठाउँहरूमा एकैचोटी सबै पुलहरूको निर्माण तथा सुधार गर्न नसक्ने स्वतः सिद्ध छ । श्री ५ को सरकारले यस योजना आवधिभित्र आवागमनको घनत्व तथा तर्नमाको विकटता विचार गरी गोरेटो, घोडेटो तथा चक्रेटोहरूमा पर्ने नदीहरूमा निर्धारित स्थानहरूमा पुलहरूको निर्माण हुनेछ । यसको अलावा यस्तै स्थानहरूमा पाइने चल्तीको अरु वैकल्पिक मार्गहरूको विचार पनि गरिनेछ । यसै क्रममा समयले गर्दा जर्जर भएका र बढी आकार र वजनवाला वाहनहरूको बढ्दो चाप खप्न धौ धौ परिरहेका पुलहरूको नयाँ प्रचलित स्तरमा परिणत गर्न काठमाडौं भित्रको बालाजु जाने विष्णुमती पुल, डिल्लीबजारबाट त्रिभुवन विमानस्थल जाने धोवीखोली पुल र अरु दुई ठाउँमा गरी जम्मा ४ वटा पुलहरूको पनि निर्माण गरिनेछ ।

ञ. सुधारिने सडकहरू

मनुष्य तथा मालसामान सबैको आवगमनको सङ्ख्या र वहित्रवाहनहरूको वजन तथा आकारमा समेत वृद्धि भएकाले तेस्रो योजना अवधिमा न्यूनस्तरमा रहेका करिब ४०० किलोमिटर सडकहरूको क्षमता बढाउन चौथो योजना अवधिमा निम्न सडकहरूमा सुधार कार्य गरिनेछ ।

(१) रक्सौल–हेटौंडा र काठमाडौं–हेटौंडा (त्रि. रा. प.)

(२) काठमाडौं–त्रिशूली

(३) अन्य (पद्मरोड, विराटनगर–रंगेलीसडक समेत)

● विश्व बैङ्क सहायताबाट निर्माण हुने अनुमानित ।

ञ १. रक्सौल–हेटौंडा र काठमाडौं–हेटौंडा (त्रि. रा. प.)

काठमाडौंका मूल सडकमा पर्ने यो सडक मानिस र मालसामानहरूको परिवहनको दृष्टिकोणबाट ज्यादै महत्वपूर्ण छ । तेस्रो योजना अवधिभित्र रक्सौल–हेटौंडा सडकलाई ६ मिटरसम्म चौडा पारी कालोपत्रे गर्ने काम समाप्त गरियो । यसमा मोड सुधार, पुलेसो सुधार इत्यादि कार्यहरू यस योजनामा पनि चालू नै रहनेछन् ।

नौविसे–पोखरा सडक (पृथ्वी राजमार्ग) निर्माण कार्य भैरहेबाट यस क्षेत्रमा सवारीको परिमाण वृद्धि हुने हुनाले नौविसे –काठमाडौं खण्डको सडक अझ बढी सुधारिनु आवश्यक भएको छ ।

ञ २. काठमाडौं–त्रिशूली

बाग्मती अञ्चलको विकास संभावनायुक्त मध्य क्षेत्रलाई सहायक सिद्ध हुने यस खण्डास्मित स्तरको सडकमा तेस्रो योजना अवधिभित्र विभिन्न सुधार कार्यहरू भैसकेका छन् । यस चतुर्थ योजनामा यो खण्डास्मित स्तरको सडकलाई कालोपत्रेमा परिणत गरिनेछ ।

ट. विविध

देश विकासको साथसाथै विकास आयोजनाहरूको तयारी गर्ने परिपाटीमा पनि सुधार हुँदै जानु ज्यादै आवश्यक छ । अतः यस अवधिमा नव निर्माणको निमित्त मार्गहरूको अठोट गर्न यथाशक्य सर्वाङ्गपूर्ण अध्ययन टोलीद्वारा गहन अध्ययन गराउने व्यवस्था गरिएको छ । यस अध्ययनको प्राप्त प्रतिवेदनबाट केही मात्रामा यस आयोजनालाई र विशेषतः आगामी पञ्चम (पञ्चवर्षिय) योजना तर्जुमा गर्दा एक भरपर्दो आधार प्राप्त हुने आशा राखिएको छ ।

हाम्रो खाँचोको दाँजोमा पर्याप्त नभए पनि यस योजना अवधिको अन्तसम्म कालोपत्रे सडक मात्र पनि देशमा निकै तैयार हुनेछन् । हाम्रो यो मार्गरूप नयाँ पुँजीको स्याहार संभार पनि यथोचित रूपमा हुन सकेमात्र हाम्रा सन्ततिले यसको फाइदा भोगन सक्ने कुरो स्पष्ट छ । अतः राष्ट्रव्यापी सडक–संहितको संरक्षणको निमित्त विशेष ध्यान दिइएको छ । नयाँ नयाँ खर्चिला तर आवश्यक उपकरणहरू जोगाउ गरी सडक विभागलाई बढ्दो जिम्मेवारी वहन गर्नसक्ने बनाउनेतर्फ यथोचित ध्यान दिइएको छ र आवश्यक उपकरणहरूको व्यवस्था एकतर्थ गरिएको छ ।

हालसम्म मार्ग निर्माणहरू गर्दा विदेशको अनुभवमा आधारित ज्ञात र तज्जताको भरमा नै काम हुन परेकोले निर्माण कार्यमा उपयोग हुने मालसामान यन्त्र तथा प्रविधि पनि तदनुरूप नै हुन परेको छ । सधैं यस्तो व्यवस्था रहनु मुनासिव नभएकाले सथानीय वस्तुहरूको उपयोगिता छानविन गर्ने अभिप्रायले एक वस्तु प्रयोगशाला पनि निर्माण गरिनेछ । यस सुविधाको उचित सदुपयोग भएमा यथाशक्य बढी मात्रामा स्थानीय वस्तुहरूको उयपयोग गरी मार्ग निर्माणको खर्चमा यथेष्ट कम हुनुको साथै विदेशको शोधनान्तर स्थितिमा समेत केही बल दिन सकिनेछ ।

यी कार्यहरू सम्पादन गर्न संयुक्त राष्ट्रसंघीय विशेष कोष तथा आई. डी. ए सित आवश्यक सरसल्लाह गरी अन्तिम निर्णय भैसकेको छ । चतुर्थ योजना अवधिभित्र सबै कार्यक्रम सञ्चालित भै सम्पादन हुने आशा गरिएको छ ।

वित्तीय लगानी

हालसम्मको खर्चको स्थिति :

१. योजनाको प्रारम्भदेखि नै राष्ट्रिय आयोजनाहरूमा लगानीको दृष्टिकोणबाट यातायात विकासलाई बढी प्राथमिकता दिइएको छ । प्रथम योजनामा योजनाको कुल खर्च ३३ करोड मध्ये ११ करोड १५ लाख यातायात तथा सञ्चार विकासको निमित्त छुट्याइएको थियो । जसमध्ये ९ करोड ४९ लाख अर्थात् ८५ प्रतिशत खर्च गरियो । यस अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानी र त्यसको खर्च निम्नअनुसारको देखाइएको छ :

..... ? लागि चाहिने ट्रक सवारी र केन्द्रीय सामग्री प्रयोगशाला तथा कार्यालय विकास आदि

२.०२

जम्मा :८१,३१,००,०००।-

चौथो योजनाअन्तर्गत सडक आयोजनाहरूको भौतिक लक्ष्य

तालिका नं. (१०–२२)

२०२७-२०३२

चौथो योजनाको भौतिक लक्ष्य

आयोजनाहरू	कुल लम्बाई कि. मि.	कालोपत्रे (पीच)	खण्डास्मित (पीच)	कच्ची	जम्मा
१	२	३	४	५	६
क. चालु योजना सम्पादन (अधकल्चो काम) भइरहेको	८६७	४७७	२९४	–	७७१

१. झापा–ढल्केवर–जनकपुर–जलेश्वर	२९४	२५३	–	–	२५३
२. आघधाबार–ढल्केवर	११७	८९	–	–	८९
३. नारायणगढ–बुटवल	१२२	१२२	–	–	१२२
४. पृथ्वी राजमार्ग	१७६	–	१५६	–	१५६
५. धनगढी–डडेलधुरा	१४५	–	१२२	–	१२२
६. काठमाडौं–भक्तपुर	१३	१३	–	–	१३
ख. चालू योजना सम्पादन					
महेन्द्र राजमार्गको खण्ड					
खण्ड काम भइरहेको	५२०	८३	२००	२३७	५२०
१. बुटौल वनवासा	४३७	–	२००	२३७	४३७
२. हेटौंडा–नारायणगढ सडक सुधार	८३	८३	–	–	८३
ग. विकास रेखामार्ग निर्माण	८४०	–	२२९	३५	२६४
१. नेपालगञ्ज–जुम्ला		–		–	
२. पुतलीखेत–वागलुङ्ग टुकुचे– जोमसोम	२८०	–	८०	–	८०
३. त्रिशूली–धुन्चे–गतलांग	१५०	–	–	३५	३५
४. धरान–धनकुटा–खाँदबारी	१६०	–	७२	–	७२
घ. अन्तर–जिल्ला जिल्ला भ्यन्तर सडक	१५०	–	१५०	–	१५०
१. गोरखा–पृथ्वी राजमार्ग	२५	–	२५	–	२५
२. चौतरा–अरनिको राजमार्ग	२६	–	२६	–	२६
३. गौर–महेन्द्र राजमार्ग	३३	–	३३	–	३३
कृष्णनगर–बहादुरगन्ज महेन्द्र राजमार्ग	२०	–	२०	–	२०
दाङ–महेन्द्र राजमार्ग	१६	–	१६	–	१६
चन्द्रगढी–महेन्द्र राजमार्ग	१६	–	१६	–	१६
राजविराज–महेन्द्र राजमार्ग	१४	–	१४	–	१४
४. अन्य	–	–	–	–	–
ङ शहरी सडकहरू	२५	२५	–	–	२५
१. काठमाडौं–उपत्यका	१५	१५	–	–	१५
२. अन्य शहरी सडक	१०	१०	–	–	१०
च. संभाव्य अध्ययनबाट निर्माण गरिने सडकहरू	–	–	१००	–	१००

तालिका नं. (१०–२३)

चौथो योजनामा सडक विकाससम्बन्धी खर्च र त्यसको वार्षिक बाँडफाँट

आयोजनाको नाम	चौथो योजना अवधिमा हुने खर्च	वार्षिक खर्च (रु. लाखमा)				
		०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२

क. चालू आयोजना सम्पादन ३३,०४

१. झापा–ढल्केवर–जनकपुर–जलेश्वर	१२,११	९,००	३,११	–	–	–
२. कमल पुल	८०	–	–	–	–	–
३. पथलैया–ढल्केवर	३,००	६०	८०	८०	८०	–
४.नारायणगढ–बुटवल	७,६५	३,२५	२,२०	२,२०	–	–
५. नौविसे –पोखरा	५,७५	३,२५	२,५०	–	–	–
६. धनगढी–डडेलधुरा	२,८३	१,४१	१,२०	२२	–	–
७. काठमाडौं–भक्तपुर	९०	–	–	–	–	–
ख. चालू आयोजना सम्पादन	२०,३०					
१. बुटवल–वनवासा	१५,३०	१,००	३,००	४,००	४,००	३,३०
२. नारायणी पुल र हेटौंडा–नारायणगढ सडक सुधार	५००	८	२,००	१,००	१,००	९२
ग. विकास रेखामार्ग	९,१८					
१. नेपालगञ्ज–जुम्ला	३,००	–	५	९५	१,००	१,००
२. पुतलीखेत–वाग्लुङ्ग–टुकुचे –जोमसोङ	३,००	–	५	९५	१,००	१,००
३. त्रिशूली–धुन्चे	१८	–	५	१३	–	–
४. धरान–धनकुटा–खाँदबारी	३,००	–	५	९५	१००	१००
घ. जिल्ला स्तरीय यायायात विकास तथा सुधार[ञ]	८,२५					
१. अन्तर जिल्ला						
जिल्लाभ्यन्तर सडक तथा गोरेटो, घोडेटो र चक्रेटो बाटोहरूको विकास	३,१० ९०	४०	९०	९०	९०	९०
	४००					
२. झोलुंगे पुल निर्माण	३,००	७०	६०	६०	५५	५५
६. पुल, पुलेसाहरू	१२,५	३	२५	४७	२५	२५
ङ. शहरी सडक तथा पुलहरू	२,२७					
१. काठमाडौं सडक	१,१२	४०	२०	३०	२२	–
२. अन्य शहरी सडकहरू	५०	१०	१०	१०	१०	१०
३. काठमाडौंका पुलहरू	६५	२२	३८	५	–	–
च. संभाव्य अध्ययनपछि निर्माण गरिने मुख्य मार्गहरू	३,००	५	१०	९०	१,००	९५
१. लाहान–ओखलढुङ्गा	–	–	–	०	–	–
२. काठमाडौं–सिमरा	–	–	–	–	–	–
३. दाङ्ग–जाजरकोट	–	–	–	–	–	–
४. झापा–ताप्लेजुङ्ग	–	–	–	–	–	–
५. बनेपा–सिन्धुली–ढल्केवर	–	–	–	–	–	–
६. भोजपुर–महेन्द्र राजमार्ग						
७. ठोरी–भरतपुर						
८. अन्य सडकहरू	–	–	–	–	–	–
छ. सुधारिने सडकहरू	२,२५					

[ञ] जिल्ला स्तरीय यातायात विकास तथा सुधारअन्तर्गत गोरखा–पृथ्वी राजमार्ग, चौतारा–अरनिको राजमार्ग र गौर–महेन्द्र राजमार्ग तथा अन्य क्षेत्रीय मार्गहरूको रु. ३ करोड १० लाख, खर्च गरिनेछ र गोरेटो, घोडेटो र चक्रेटोअन्तर्गत ९० लाखको रकम वर्दिया , भोजपुर, गुल्मी, इलाम, दैलेख, सिन्धुलीगढी, ताप्लेजुंग, संखुवासभा, सोलुखुम्वु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, गोरखा, मनाङ, मुस्ताङ, डोल्पा, तिब्रिकोट, जुम्ला, मुगु, हुम्ला, बझांग, दार्चुला र बैतडी गरी जम्मा २५ जिल्लाको बाटाहरूको मर्मत सुधारमा खर्च गरिनेछ ।

१. रक्सौल–हेटौंडा	४०	१५	२५	–	–	–
२. हेटौंडा–काठमाडौं	७५	१५	१५	१५	१५	१५
३. काठमाडौं–त्रिशूली	६५	४०	२५	–	–	–
४. अन्य (पद्मरोड, विराटनगर, रंगेली आदि)	४५	९	९	९	९	९
ज. विविध	३,०२					
१. संभाव्य अध्ययन	१,००	६०	२६	५	५	४
२. निर्माण यन्त्र खरिद स्थापना, ट्रक सवारी, केन्द्रीय प्रयोगशाला कार्यालय विकास आदि	२,०२	१,९४	८	–	–	–

नेपाल यातायात संस्थान

यस संस्थानको प्रमुख उद्देश्य परिवहनको क्षेत्रमा अग्रगामी बन्नु हो । तसर्थ यस संस्थानको निम्न नीति छ :

१. स्वस्थ व्यापारिक दृष्टिकोण राखी आफ्नो काम गर्ने,
२. नयाँ नचलेको राजमार्ग वा अन्य मार्गहरूमा समेत आफ्नो पर्तासम्म उठ्ने भाडा लिएर वहित्रवाहन चलाउने,
३. स्वदेशमा नै उत्पादित उपलब्ध हुनसक्ने शक्तिको साधनबाट यथाशक्य देशको यातायात चलाउने ।

उक्त नीतिहरूअनुरूप नेपाल यातायात संस्थानबाट निम्न आयोजनाहरू यस चतुर्थ योजनामा समावेश गरिएका छन् :

१. सुनौली–पोखरा (सिद्धार्थ राजमार्ग) र अन्य राजमार्गहरूमा भाण्डवाहन (ट्रक) सेवा विस्तार गर्ने,
२. लौहमार्ग (रेल्वे) विस्तार (संभाव्य अध्ययनबाट पुष्ट्याइँ भए मात्र)
३. विद्युतयान (ट्रलिवस) सञ्चालन (संभाव्य अध्ययनबाट पुष्ट्याइँ भएमा मात्र)

१. सुनौली–पोखरा (सिद्धार्थ राजमार्ग) र अन्य राजमार्गहरूमा ट्रक सेवा विस्तार गर्ने

निर्माण भईरहेका विभिन्न राजमार्गहरू तयार हुँदै गएपछि यस्ता नयाँ क्षेत्रमा चाहिँदो वहित्रवाहनहरू (मोटर) चलाउने व्यवस्था गरी सरकारको मार्ग निर्माणको लक्ष्य एवम् जनताको माग, मानिसको आवागमनको इच्छा पूरा गर्न कोशिस गरिनेछ । यस आयोजनाले मालसामानको परिवहनमा सरलता ल्याई यातायात सुविधाको अभावलाई कम गर्नेछ ।

विभिन्न अञ्चलहरूमा हुने निर्माण, उद्योग, व्यापार र दैनिक उपभोगका मालसामानहरू छिटो, सस्तो र भरपर्दो तवरले समयमै गन्तव्य स्थानमा परिवहन गराउन यसले आफ्नो संगठनको सुदृढीकरण गरी दक्षता बढाउने छ र अर्कोतिर ढुवानीको भाडा दर मनोमानी नभई स्थितर हुनुको साथै ढुवानी भाडामा एकरूपता आउनेछ ।

वितेका वर्षहरूको अनुभवबाट पञ्चवर्षीय योजना अवधिभित्र तयार हुने राजमार्गहरूको आधारमा चौथो योजना अवधिमा १२५ वटा जति भाण्डवाहन (ट्रक) हरू थपी ट्रकिङ्ग यूनिट एक बलियो अंग बनाई विभिन्न अञ्चलमा हुने निर्माणको लागि पनि दिई समयमै पूरा गरिनेछ ।

२. **लौहमार्ग (रेल्वे) विस्तार**

यातायातका साधनहरूमध्ये लौहमार्ग पनि एक मुख्य साधन मानिएको छ । छिमेकी मुलुकहरूमा लौहमार्ग एक प्रमुख यातायातको साधन भएको छ । तर हाम्रो मुलक पहाडी मुलुक भएकाले लौहमार्ग निर्माण गर्न धेरै खर्च लाग्ने तथा सम्भार संरक्षणमा पनि खर्चिलो र गाह्रो हुने हुनाले नेपाल अधिराज्यमा सिर्फ २ स्थानमा लौहमार्ग चालू छन् यस मध्ये रक्सौलदेखि अमलेखगन्जको (एन. जि. आर.) लध्वन्तर (न्यारो गज) लौहमार्ग समानान्तर स्थलमार्ग बनेपछि टिक्न नसकी बन्द प्रायः भएको छ । जनकपुर–जयनगर लौहमार्ग भने सफलताका साथ चलेको र अरु विस्तारसमेत भएको छ । राजमार्ग विकास क्रमको पृष्ठभूमिमा लौहमार्गको अरु तरक्कीको गुन्जायस नरहेको आभास भए तापनि सम्भाव्य क्षेत्रमा विस्तारको लागि सर्वेक्षण गरिने छ । यससन्दर्भमा रक्सौलदेखि हेटौंडा र तदनन्तर काठमाडौं सम्म महान्तर (ब्रडगेज) लौहमार्ग निर्माण बारे भइरहेको तथा हुने सम्भाव्यता अध्ययन पूरा गरिने छ । साथै जरुरत परेमा महीनाथपुरदेखि चिसापानीसम्म लौहमार्ग विस्तार बारे पनि सम्भाव्यता अध्ययन गरिनेछ ।

६. **विद्युत्यान (ट्रलिबस)**

यो विद्युत् शक्तिबाट सञ्चालन हुने सर्वयान (वस) हो । खास गरी देशमा जल विद्युत शक्तिको प्रदाय बढ्दै आएको र डिजेल, मार्तैल (पेट्रोल) को लागि विदेशमा भर पर्नुपर्ने भएकाले स्वदेशमा नै उपलब्ध विद्युत् शक्तिको उपयोगद्वारा यातायातको विकास गर्न सक्नु अर्थिक दृष्टिकोणबाट धेरै लाभदायक हुने कुरा हो । अतः सर्वप्रथम

काठमाडौं भक्तपुरका बीच ज्यादा यात्रुहरू भएको र यस क्षेत्रमा नयाँ फराकिलो मार्गसमेत बनेकोले विद्युत शक्तिद्वारा चल्ने यस विद्युत्यान (ट्रलिबस) सेवाको स्थापना गर्न आवश्यक सर्वेक्षण गरिनेछ । सर्वेक्षण मुनासिब ठहरिए विद्युत यान सेवा सञ्चालन गर्ने प्रयास हुनेछ । यस अनुभवबाट लाभदायक देखिएमा देशको अरू क्षेत्रहरूमा पनि यस्ता विद्युत्यानको व्यवस्थाको लागि सर्वेक्षणहरू गराइने छन् ।

वित्तीय लगानी

माथि लेखिएका आयोजनाहरू कार्यान्वयनको निमित्त कुल रु. २६ लाख लाग्ने अनुमान छ । यो रकम निम्न आयोजनाहरूमा खर्च गरिनेछ ।

(१) थप भाण्डवाहन (ट्रक) हरू किन्न	२५ लाख
(२) लौहमार्ग (रेल्वे) सर्वेक्षण (रक्सौल–काठमाडौं) र विद्युत्यान (ट्रलिवस) विस्तार सर्वेक्षण गर्न	१ लाख
जम्मा :	२६ लाख

चौथो योजना भित्र उपलब्ध गरिने १२५ वटा भाण्डवाहन (ट्रक) हरूको निमित्त गरिने लगानीको वार्षिक बाँडफाँट यस प्रकार हुनेछ :

तालिका नं. (१०–२४)

आर्थिक वर्ष	ट्रक	खर्चको रकम
२०२७–०२८	३०	६,००,०००
२०२८–०२९	२५	५,००,०००
२०२९–०३०	२५	५,००,०००
२०३०–०३१	३०	६,००,०००
२०३१–०३२	२५	३,००,०००
जम्मा :	१२५	२५,००,०००

परिच्छेद ११

हवाई यातायात

नेपालको अधिकांश दुर्गम तथा सुदूर क्षेत्रहरूलाई सुगम र छिटो आवागमनको सुविधा पुऱ्याउन हवाई सेवाको महत्व दिन प्रतिदिन वृद्धि हुँदै आइरहेको छ पहाडै पहाडले ढाकिएको नेपालजस्तो मुलुकमा सडक यातायातको सुविधा प्रत्येक जिल्लामा छोटो अवधिमा उपलब्ध गर्न मुस्किल रहने कुरा स्पष्ट छ । पहाडी प्रदेशमा सडक निर्माण गर्न सुरुमा प्रशस्त समयको आवश्यकता पर्ने हुँदा पनि सडक सुविधा दिन नसकेसम्म यी प्रदेशहरूलाई हवाइ सेवा पुऱ्याउन आवश्यक भएको छ । यस उसले यस चौथो योजनामा आर्थिक, सामाजिक, प्रशासनिक तथा राष्ट्रिय विकासको दृष्टिकोणबाट आवश्यक देखिएका जिल्लाहरूमा हवाई सेवा उपलब्ध गरी देशको चौतर्फी विकासमा तगारोको पमा खडा रहेको यातायातको कठिनाई दूर गर्ने प्रयास जारी नै रहनेछ ।

हवाई सेवाको क्षेत्रमा विगत केही वर्ष यतादेखि उत्साहवर्द्धक किसिमबाट विकास भएको छ । अहिले हवाई सेवा केवल अधिराज्य भित्र र भारतसित मात्र सीमित रहेको छैन । यसले पाकिस्तान, थाइलैण्ड र रंगूनसँगको हवाई सम्पर्कको माध्यमबाट अन्तराष्ट्रिय जगतमा पनि निकै उत्साहवर्द्धक रूपमा प्रवेश गरेको छ । यसैलाई ध्यानमा राखी हाल मौजुद रहेका केही विमानस्थलहरूलाई मध्यम तथा केही ठुला जेट विमानहरू उडान अवतरण गर्न सकिने किसिमबाट सुधार तथा विस्तार गरिनेछ । केही अन्य विमानस्थलहरूलाई आधुनिक ढङ्गबाट आवश्यकतानुसार सुधार गरी सञ्चार तथा उड्डयन सहायक उपकरणहरू र भवनहरूको सुविधा उपलब्ध गराइनेछ ।

विगत योजना अवधिमा हवाई क्षेत्रमा भएको प्रगति :

प्रथम पञ्चवर्षीय योजना सुरु हुनुभन्दा पहिले अधिराज्यमा काठमाडौं, पोखरा, सिमरा, भैरहवा र विराटनगर गरी जम्मा ५ ठाउँहरूमा मात्र हवाई सेवा चालू थियो तर यी ५ ठाउँहरूमध्ये काठमाडौंको मात्र विमानस्थल पक्की थियो र बाँकी अरु चारैवटा कच्ची रहेको हुँदा वर्षात्को समयमा ती विमानस्थलहरूमा हवाई सेवा चालू गर्न नसकिने थियो ।

प्रथम पञ्चवर्षीय योजना अवधिमा थप ७ स्थानहरूमा कच्ची हवाई मैदानहरू निर्माण गरी हवाई सेवा बढी मात्रामा उपलब्ध गर्ने कार्य सम्पन्न गरियो । यी स्थानहरू भरतपुर, धनगढी, नेपालगञ्ज, दाङ्ग, राजविराज, जनकपुर र पालुंगटार हुन् । यसरी प्रथम पञ्चवर्षीय योजनाको अन्तिम वर्षसम्ममा अधिराज्यभर १२ स्थानमा विमानस्थलहरू निर्माण भई हवाई सेवा चालू गरियो । यसको अलावा नियमित तरिकाले हवाई सेवा चालू गर्न शाही नेपाल वायु सेवा निगमको २०१६ सालमा स्थापना गरियो र काठमाडौ, भैरहवा विराटनगरजस्ता देशका प्रमुख विमानस्थलहरूको सुधार कार्य पनि प्रारम्भ गरिएको थियो ।

दोस्रो (त्रिवर्षीय) योजना अवधिमा ३ नयाँ कच्ची विमानस्थलहरू निर्माण गर्ने लक्ष्य राखिएकोमा झापामा एक कच्ची विमानस्थल निर्माण गरियो र सुर्खेतको विमानस्थल प्रायः समाप्त गरियो । जुम्ला, वागलुंग र जिरी गरी ३ स्थानमा सानु विमानस्थल निर्माण गरियो । यसवाहेक जनकपुर र भैरहवा विमानस्थललाई पक्की गर्ने कार्य धेरै मात्रामा समाप्त गरियो । त्यस्तै विराटनगरको हवाई मैदानको सुधार र २०१२ मिटर (६६०० फीट) लामो गौचर छड्के धावन मार्गको निर्माण निकै मात्रामा समाप्त गरिएको थियो ।

तेस्रो योजनामा हवाई क्षेत्रतर्फ भएको प्रगति साना हवाई मैदानवाहेक अरु लक्ष्यअनुसार भइ रहेको देखिन्छ । तेस्रो योजनाको लक्ष्यअनुसार दोस्रो योजना अवधिमा अपूर्ण रहेका निर्माण कार्यहरू समाप्त गरियो । अन्तराष्ट्रिय विमानस्थलमा परिणत गर्ने लक्ष्यराखी निर्माण गरिएको त्रिभुवन विमानस्थलमा ६६०० x १५० फीटको पक्की धावन मार्ग, प्रवेशपथ (ट्याक्सी वे) प्राङ्गण (एप्रोन), वहित्रवाहन बिसौनी (कार पार्किङ्ग) क्षेत्र, बाटोहरू, यात्रु विश्राम गृहको सुधार कार्यहरू सम्पन्न भएको छ । यस अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक यात्रुहरूको लागि एउटा छुट्टै गृह र वाह्य उडानका यात्रुहरूका लागि पहिलेको यात्रु विश्रामगृहलाई नै विस्तार तथा सुधार गर्ने कार्य सम्पन्न गरिएको छ । यसको साथै वाणयन्त्र कार्यशाला, ट्रान्समीटर, रिसिभर स्टेशन भवन निर्माणको नाप नक्सा र लगत पूरा गरियो । यो योजनाकालमा भैरहवा, विराटनगर, जनकपुर विमानस्थलहरू पक्की गर्ने कार्य पनि पूरा गरियो । यसवाहेक सिमरा, दाङ्ग, झापा, भरतपुर, धनगढी आदि विमानस्थलहरूमा विस्तृत तथा थप सुविधा उपलब्ध गर्ने कार्य पनि सम्पन्न गरियो ।

हवाई विकासतर्फ भएको खर्च :

प्रथम पञ्चवर्षीय योजनामा हवाई सेवासम्बन्धी विभिन्न कार्यमा रु ६० लाख खर्च गर्ने लक्ष्य रहेकोमा जम्मा रु ७०,७१,०००।- खर्च भएको थियो । दोस्रो योजना अवधिमा यसको विकासको लागि रु.२,५०,००००००।- खर्च गर्ने

लक्ष्य लिएकोमा रु. १,५९,९६०००।- खर्च भएको थियो । तेस्रो योजनाको ७ करोड खर्च गर्ने लक्ष्यमध्ये चौथो वर्ष सम्म यस क्षेत्रमा रु. ५,३४,८२,०००।- खर्च भइसकेको अनुमान छ ।

चौथो योजनामा समावेश गरिएका आयोजनाहरू :

चौथो योजनामा विभिन्न किसिमका जम्मा १९ वटा आयोजनाहरू हवाई सेवाको विकासको लागि कार्यान्वयन हुनेछन् । यी आयोजनाहरू मुख्यत: नयाँ विमानस्थलहरूको निर्माण तथा विस्तार गर्ने र भएका विमानस्थलहरूमा सञ्चार तथा उड्डयन सहाय्य (नेभिगेशनलएड) को साथै अन्य थप सुविधा उपलब्ध गर्नेछन् । यी आयोजनाहरू कार्यान्वयन गर्नको लागि योजना अवधिमा जम्मा रु. १६,१०,००,०००।- (सोह्र करोड दश लाख) खर्च गर्ने वित्तीय लक्ष्य रहेकोछ । यस योजना अवधिमा कार्यान्वयन गरिने भएका आयोजनाहरूमध्ये ५ आयोजनाहरू त्रिभुवन विमानस्थल, पोखरा, सिमरा, विराटनगर तथा भैरहवा विमानस्थलहरूको विकासको लागि एशियाली विकास बैंकबाट रु ६०७.०१ लाख ऋण प्राप्त भएको छ र रु. ३५.३५ लाख बराबरको प्राविधिक सहायता पनि प्राप्त हुनेछ ।

१ **त्रिभुवन विमानस्थल :**

यस विमानस्थलमा फोक्कर (ए. एफ–२७), क्यारेभल जेट 'र डि. सि. –९ जस्ता ठूला विमानहको सेवा नियमित रूपबाट चालू भइसकेको छ र यस्तो सेवा निकट भविष्यमा अझ विस्तृत हुँदै जाने हुँदा यसलाई आधुनिक अन्तराष्ट्रिय विमानस्थलमा परिणत गरिनेछ ।

यसअनुसार हालको धावन मार्ग (रनवे) मा १,०३६ मिटर (३,४०० फीट) थप गरी ३,०४८ मिटरको धावन मार्गमा विस्तार गरिनेछ । त्यस वाहेक आन्तरिक र अर्न्तराष्ट्रिय यात्रु विश्राम (टर्मिनल) भवन, नियन्त्रण अट्टालिका (कन्ट्रोल टावर), वहन वस्तु भण्डार (कार्गो टर्मिनल), प्रवेश पथहरू (एप्रोच रोड) वहित्रवाहन बिसौनी (कार पार्किङ्ग एरिया) र विमानशाला आदिको आधुनिक तरिकाबाट निर्माण र ढल तथा पानीको व्यवस्था गर्ने कार्यहरू गरिनेछन् । यी आयोजनाहरूको कार्यान्वयनमा रु. ४,३८,३६,०००।- (चार करोड अड्तिस लाख छत्तिस हजार) जति खर्च हुने अनुमान छ ।

२. **पोखरा, सिमरा र नेपालगञ्ज विमानस्थलहरू :**

यस योजना अवधिमा पोखरा, सिमरा र नेपालगञ्ज तीनै स्थानहरूमा नयाँ विमानस्थलहरू निर्माण गरिनेछन् । नयाँ क्षेत्रमा निर्माण गरिने उक्त विमानस्थलहरूको धावन मार्ग क्रमश: १,५२४,२८६ र १,५२४ मिटर हुनेछ । हाल मौजुद रहेका पोखरा, सिमरा र नेपालगञ्ज कच्ची विमानस्थलहरू विस्तार गर्न उपयुक्त नहुने हुनाले नयाँ क्षेत्रमा निर्माण गर्नु परेको हो । यी विमानस्थलहरूमा प्रवेशपथ (ट्याक्सी वे), यात्रु विश्राम गृह, कर्मचारी आवास गृह, सञ्चार तथा वारुण यन्त्र भवनहरू, इन्धन भण्डार, विमानशाला आदि कुराहरूको निर्माण गरिनेछ ।

पोखरा : नेपालको पहाडी प्रदेशमा त्रिभुवन विमानस्थलपछि अर्को व्यस्त विमानस्थल पोखरा हवाई मैदान नै हो । खास गरी पोखरा उपत्यकामा बढ्दै गएको विकास कार्यहरू र त्यहाँ हवाई सेवा प्रयोग गर्ने मागको उत्तरोत्तर वृद्धिलाई ध्यानमा राख्दा पोखरामा पनि डकोटा– ३ भन्दा ठूला हवाई जहाजको प्रयोग गरिनु आवश्यक भईसकेको छ । यस उसले यहाँ सुहाउँदो ठाउँमा १५२५ मिटर (५,००० फीट) लामो धावन मार्ग भएको । हवाई मैदान निर्माण गर्ने लक्ष्य राखिएको छ । पोखरा हवाई मैदानको विभिन्न कार्यहरूको लागि रु. २,४०,८७,०००।- (दुई करोड चालिस लाख सतासी हजार)योजना अवधिमा खर्च हुने अनुमान छ ।

सिमरा : यो विमानस्थल काठमाडौंबाट सबभन्दा नजिक पर्ने हुँदा त्रिभुवन विमानस्थलको वैकल्पिक विमानस्थलका रूपमा निर्माण गर्नु परेको हो । काठमाडौंमा विमान अवतरण हुन नसकेमा उक्त विमानस्थलमा ओराल्न हुनेगरी प्रयोगमा ल्याइनेछ । यस विमानस्थलको वृहत् निर्माणका लागि चौथो योजनामा रु. २,९७,८२,५०० (दुई करोड सन्तानब्बे लाख बयासी हजार पाँचसय) खर्च हुने अनुमान गरिएको छ ।

नेपालगञ्ज : सुदूर पश्चिम नेपालका विकासको लागि नेपालगञ्जले महत्वपूर्ण स्थान लिएको छ । कारण यो ठाउँ त्यस इलाकाको निकासी, पैठारी गर्ने मुख्य ढोका मात्र नभई विभिन्न विकास आयोजनाहरूको विस्तारको लागि आवश्यक यातायात केन्द्रको रूपमा पनि रहेको छ । खास गरी पश्चिम धनगढी, उत्तर सुर्खेत र पूर्व दाङ्गका हवाई मैदानहरूको साथै त्यस भेकका जम्मैजसो सानु (स्टोल) हवाई सेवाको पनि केन्द्रीय स्थान भएको छ । अत: यस हवाई मैदानलाई आधुनिक ढङ्गबाट पक्की निर्माण गर्नु आवश्यक भएको छ । यस कार्यका लागि चौथो योजनामा १,६०,४५,०००।- (एक करोड साठी लाख पैंतालिस हजार) खर्च हुने कार्यक्रम छ ।

३. **विराटनगर र भैरहवा पक्की विमानस्थलहरू :**

विराटनगर र भैरहवा विमानस्थलहरूको धावन मार्ग (रनवे) १,५२४ मिटरसम्म (५००० फीट) विस्तार गरिनेछ र साथै प्रवेशपथ, यात्रु विश्राम गृह विस्तार र सुधार गरिनेछ । यस कार्यमा विराटनगर विमानस्थलको लागि १,४७,५६,२५०।- (एक करोड सतचालिस लाख छपन्न हजार दुई सय पचास) र भैरहवा विमानस्थलको लागि १,४७,५६,२५०।- गरी जम्मा रु. २,९५,१२,५०० (दुईकरोड पन्चानब्बे लाख बाह्र हजार पाँचसय) चौथो योजनामा खर्च गरिनुपर्ने अनुमान छ ।

४. **तुम्लिङटार कच्ची विमानघाट :**

नेपालको पूर्वी पहाडी भागमा डकोटा हवाईजहाज सेवा चलाउने आवश्यकताअनुसार तुम्लिङटारमा ३,३०० फीटको धावन मार्ग (रनवे) भएको हवाई मैदान निर्माण गर्ने कार्य तेस्रो योजनामा नै सुरु गरिएको हो । यहाँ डकोटा उत्रने विमानस्थल निर्माणको अधुरो कार्यलाई पूरा गर्ने लक्ष्य यस योजना अवधिमा राखिएको छ । यसमा २,६०,०००।- (दुई लाख साठी हजार) खर्च लाग्ने अनुमान गरिएको छ । यो विमानस्थल पूरा भएमा मेची, कोशी र सगरमाथा अञ्चलका दुर्गम जिल्लाहरूमा यातायातको अरु सुविधा प्राप्त हुनेछ ।

५. **सुधार तथा थप सुविधा उपलब्ध गरिने :**

माथि उल्लेखित विमानस्थल वाहेक अन्य विमानस्थलहरूमा (जनकपुर, राजविराज, झापा, पालुंगटार, भरतपुर, तुल्सीपुर, धनगढी र सुर्खेत गरी जम्मा ८) कर्मचारी आवास गृह वारूणयन्त्र भवन र अन्य सञ्चार यन्त्र भवनहरू निर्माण गरी आधुनिक बनाइने छ । यस्ता सुधार कार्यहरूबाट बढी क्षमता भएका वायुयानहरू उडान तथा अवतरण गर्न सक्नेछन् । यी कार्यहरूको लागि जनकपुर विमानस्थलमा ७,७५,०००।- राजविराजमा ४,६५,०००/- झापामा ९,११,५२५।- पालुंगटारमा ८०,०००।- भरतपुरमा १,४०,०००।- दाङ्गमा १,३०,०००।- धनगढीमा ३,४०,०००।- र सुर्खेत विमानस्थलमा ४,३०,०००।- समेत जम्मा रु. ३२,७१,५२५।- (बत्तीस लाख एकहत्तर हजार पाँचसय पच्चीस) खर्च हुने अनुमान छ ।

६. **साना हवाई मैदानहरू (स्टोल एयर स्ट्रीप्स्) :**

नेपालको दुर्गम पहाडी प्रदेशमा ठूला हवाईजहाजहरू उतार्न नसकिने भएकाले यस किसिमका साना हवाई मैदानहको ठूलो महत्व छ । हाल अधिराज्यमा २४ वटा साना हवाई मैदानहरू छन् (विभगद्वारा निर्मित ३ वटा मैदानहरू–जुम्ला, बागलुङ्ग र खोटाङको लामीडाँडा, विभागले सुधार गर्न लागेको अरु २ मैदानहरू– डोटीको दिपायल र अछामको साफेबगर र विभागको विचाराधीनमा आएका जनश्रमदानद्वारा निर्मित कच्ची हवाई मैदानहरू १९ वटा– महेन्द्रनगर, कैलालीको सोल्टार र टिकापुर, घोराही, ढोरपाटन, जोमसोङ, रामपुर, हेटौंडा, रामेछापको गोल्टार, जिरी, धनुषाको रानीबास, चिसापानी हर्दीनाथ, उदयपुरको कुरुले र आमटाए, रुम्जाटार, लुक्ला, कम्पुघाट र हण्डिया । चौथो योजनामा बैतडी बझाङ्ग, हुम्ला, दैलेख, डोल्पा, तिब्रिकोट, बाजुरा, रुकुम र मेची अञ्चलका एक जिल्लामा गी नयाँ ९ वटा र पहिले नै निर्मित जोमसोङमा सुधारसमेत गरी १० ठाउँमा यस्ता साना हवाई मैदानको निर्माण गर्ने लक्ष्य राखिएको छ । उक्त हवाई मैदानहरू निर्माण गर्न रु. ५५,२०,०००।- (पचपन्न लाख बीस हजार) खर्च हुने अनुमान छ । यी हवाई मैदानहरू सर्वेक्षणबाट उपयुक्त ठहरिएका स्थानहरूमा निर्माण गरिने छन् ।

दोस्रो योजनामा यस्ता बीसवटा हवाई मैदानहरू निर्माण गर्ने लक्ष्य लिइएकोमा केवल ४ वटा मात्र निर्माण गर्न सकियो र तेस्रो योजनामा सुरुको लक्ष्य २० भएकोमा लक्ष्य संशोधित भै ११ मात्र राखिएको थियो । तर पनि ४ वटासम्मको मात्र प्रगति हेर्दा उत्साहवर्द्धक देखिएन । यस उसले यस क्षेत्रमा केही कम लक्ष्य राखी शत प्रतिशत प्रगति हासिल गर्ने किसिमबाट योजना तयार गरिएको छ ।

७. **सञ्चार तथा उड्डयन सहाय व्यवस्था :**

यस योजनामा हवाई सेवालाई सुरक्षित र दक्ष तुल्याउन सञ्चार तथा उड्डयन सहाय व्यवस्था सञ्चालन गरिने छ । यस किसिमको सुविधा हाल काठमाडौंलगायत ७ विभिन्न स्थलहरूमा उपलब्ध भइसकेको छ । तर अरु धेरैजसो विमानस्थलहरूमा सञ्चार व्यवस्था हुन बाँकी छ । हाल सञ्चार तथा उड्डयन सहायसम्बन्धी उपकरणहरू स्थापना हुनुपर्ने भएकोले ती सबै विमानस्थलहरूलाई उपलब्ध गराइने छ । यस आयोजनामा रु. ६९,००,०००।- (उन्नान्सत्तरी लाख) खर्च लाग्ने अनुमान गरिएको छ ।

८. **प्रशासकीय भवन :**

धेरै समयदेखि विभागको लागि आवश्यक भैरहेको प्रशासकीय भवन निर्माण कार्य चौथो योजनामा कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । यसको लागि रु. ४,००,०००।- (चार लाख) खर्च हुने अनुमान छ ।

९. **अन्य व्यवस्था :**

विभिन्न हवाई मैदानहरूमा आवश्यक उपस्कर (फर्निचर) हरू, यातायातको साधनहरू र अन्य कल, ज्यावल तथा साधनहरूको पनि छुट्टै व्यवस्था गरिनेछ । यसमा उपस्कर (फर्निचर) को लागि रु. २,५०,०००।-, यातायातका साधनहरूको लागि ४,००,०००।- र सम्भार तथा मरम्मतका सामानहरूको लागि ७,३६,४७५।- गरी जम्मा रु. १३,८६,४७५।- (तेह्र लाख छयासी हजार चारसय पचहत्तर) जति खर्च हुने अनुमान छ ।

१०. **जनशक्ति :**

यी माथि उल्लेखित आयोजनाहरू कर्यान्वयन गर्न २७१ जवान थप विभिन्न किसिमका जनशक्तिको आवश्कता पर्ने भएको देखिन्छ ।

चौथो योजना (०२७–३२) मा सुधार गरिने विमानस्थलहरू

आयोजनाको नाम		धावन मार्गको लम्वाई	

१. त्रिभुवन विमानस्थल	(पक्की	३०४८ मिटर	१०,०००फीट
२. सिमरा "	(पक्की)	२२८६ मिटर	७,५०० "
३. पोखरा "	(पक्की)	१५२४ मिटर	५,००० "
४. भैरहवा "	(पक्की)	" "	५,००० "
५. विराटनगर "	(पक्की)	" "	५,००० "
६. नेपालगञ्ज "	(पक्की)	" "	५,००० "
७. जनकपुर "	(पक्की)	१००६ मिटर	३,३०० "
८. राजविराज "	(कच्ची)	" "	३,३०० "
९. झापा "	"	" "	३,३०० "
१०. पालुंगटार "	"	" "	३,३०० "
११. भरतपुर "	"	" "	३,३०० "
१२. दाङ्ग तुल्सीपुर "	"	" "	३,३०० "
१३. सुर्खेत "	"	" "	३,३०० "
१४. धनगढी "	"	" "	३,३०० "
१५. तुम्लिङटार "	"	" "	३,३०० "
१६. साना हवाई मैदान (स्टोल एयरस्ट्रीप)	"	" "	–

विभिन्न योजनाहरूमा हवाई सेवा विकासको लागि भएको खर्च			
	खर्चको अनुमातित रकम	खर्च भएको रकम	प्रतिशत
प्रथम योजना ०१३–०१८	६०,००,०००।-	७०,७१,०००।-	११८
दोस्रो योजना ०१९–०२२	२,५०,००,०००।-	२,२८,००,०००।-	९१
तेस्रो योजना ०२२–०२७	७,००,००,०००।-	१,८१,०३,९०००।-	
		(चार वर्षको मात्र)	

तेस्रो योजनामा हवाई विकासको लागि भएको खर्च			
आर्थिक वर्ष	बजेट	खर्च भएको रकम	कैफियत
२०२२–०२३	१,१९,१३,०००	१,०५,७७,०००	.....
२०२३–०२४	४९,५३,०००	३०,०६,०००	.....
२०२४–०२५	१४,१४,०००	१५,२८,०००	.....
२०२५–०२६	५८,७३,०००	२९,९३,०००	संशोधित
२०२६–०२७	३,५३,७९,०००	२,७८,३०,०००	अनुमानित
	५,९५,३२,०००	४,५९,३४,०००	

चतुर्थ योजना (२०२७–३२) मा हवाई यातायात विकासको अनुमानित खर्च

क) एशियाई विकास बैंकबाट प्राप्त हुने ऋण रकममा

श्री ५ को सरकारबाट व्यहोरिने रकमको संयुक्त योजना

	एशियाई विकास बैंकबाट व्यहोरिने ऋण रकम	श्री ५ को सरकारबाट व्यहोरिने रकम	(ख) आयोजनामा लाग्ने अन्य अनुमानित खर्च	जम्मा अनुमानित खर्च
१. त्रिभुवन विमानस्थल	२,४६,२०,०००	१,८२,१५,०००	१०,००,०००	४,३८,३५,०००
२. सिमरा "	१,४०,५०,०००	१,५२,१२,५००	५,२०,०००	२,९७,८२,५००
३. पोखरा "	१,१२,८०,०००	१,२१,८७,०००	६,२०,०००	२,४०,८७,०००
४. भैरहवा "	७०,२५,०००	७६,०६,२५०	१,२५,०००	१,४७,५६,२५०
५. विराटनगर "	७०,२५,०००	७६,०६,२५०	१,२५,०००	१,४७,५६,२५०
६. जनकपुर "	–	६,४०,०००	१,३५,०००	७,७५,०००
७. झापा "	–	६,४०,०००	२,७१,५२५	९,११,५२५
८. राजविराज "	–	३,२०,०००	१,४५,०००	७,८५,०००

९. साना हवाई मैदान (स्टोल)	–		५४,००,०००	१,२०,०००	५५,२०,०००
१०. नेपालगञ्ज विमानस्थल	–		३,२०,०००	१,५७,२५,०००	१,६०,४५,०००
११. तुम्लिंगटार "	–		–	२,६०,०००	२,६०,०००
१२. भरतपुर "	–		–	१,४०,०००	१,४०,०००
१३. दाङ्ग	–		–	१,३०,०००	१,३०,०००
१४. धनगढी "	–		–	३,४०,०००	३,४०,०००
१५. पालुङ्टार "	–		–	८०,०००	८०,०००
१६. सुर्खेत "	–		–	४,३०,०००	४,३०,०००
१७. सञ्चार साधन तथा अन्य व्यवस्था	–		–	६९,०००,००	६९,००,०००
१८. प्रशासकीय भवन	–		–	४,००,०००	४,००,०००
१९. बजेट शिर्षक १० अन्तर्गत १ वर्ष भन्दा बढी खप्ने मालसामान उपस्कर २,५०,०००।-, यातायात साधन ४,००,०००।- सम्भार तथा मरम्मतका सामानहरू ७,३६,४७५।-				१३,८६,४७५	१३,८६,४७५
जम्मा :	६,४०,००,०००		६,८१,४७,०००	२,८८,५३,०००	१६,१००,०००

चतुर्थ योजनामा हवाई विकासको लागि गरिने खर्चको वार्षिक बाँडफाँट

आयोजना	श्री ५ को सरकारबाट हेरिने छुट्टै आयोजना	२०२७।२८	२०२८।२९	२०२९।३०	२०३०।३१	२०३१।३२
१	२	३	४	५	६	७
१. त्रिभुवन विमानस्थल	१०,००,०००	१०,००,०००	––	––	––	––
२. सिमरा	५,२०,०००	––	५,२०,०००	––	––	––
३. पोखरा	६,२०,०००	––	––	––	––	––
४. भैरहवा	१,२५,०००	१,२५,०००	––	––	––	––
५. विराटनगर	१,२५,०००	१,२५,०००	––	––		––
६. भद्रपुर	२,७१,५२५	१४१,५२५	––	––	१,३०,०००	––
७. जनकपुर	१,३५,०००	१,३५,०००	––	––	––	––
८. राजविराज	१,४५,०००	१,४५,०००	––	––	––	––
९. साना हवाई मैदान (स्टोल)	१,२०,०००	१,२०,०००	––	––	––	––
१०. नेपालगञ्ज	१,५७,२५,०००	२०,०००	१८,४०,०००	३६,७५,०००	५१,६५,०००	५०,२५,०००
११. तुम्लिङटार	२,६०,०००	२,६०,०००	––	––	––	––
१२. भरतपुर	१,४०,०००	१,१५,०००	२५,०००	––	––	––
१३. दाङ्ग	१,३०,०००	१,००,०००	––	३०,०००	––	––
१४. धनगढी	३,४०,०००	––	१,१५,०००	––	२,००,०००	२५,०००
१५. पालुङ्गटार	८०,०००	––	––	––	५०,०००	३०,०००
१६. सुर्खेत	४,३०,०००	२,२५,०००	१,७५,०००	––	––	३०,०००
१७. सञ्चार साधन	६९,००,०००	२१,७०,०००	१८,७०,०००	१४,४५,०००	११,२०,०००	२,९५,०००
१८. प्रशासकीय भवन	४,००,०००	४,००,०००	––	––	––	––
१९. बजेट नं. १० अन्तर्गत १ बर्ष भन्दा बढी खप्ने सामान	१३,८६,४७५	६,९५,०००	४,३५,०००	१,९१,४७५	३५,०००	३०,०००

जम्मा	२८८,५३,०००	५७,७६,५२५	५६,००,०००	५३,४१,४७५	६७,००,०००	५४,३५,०००

	एशियाई विकास बैंकबाट व्यहोरिने रकम	श्री ५ को सरकारबाट व्यहोरिने रकम	जम्मा	०२७–२८	०२८–२९	०२९–३०	०३०–३
१. त्रिभुवन विमानस्थल	२,४६,२०,०००	१,८२,१५,०००	४२,८३५,०००	१२८३५०००	१००००००	१००००००	१००००००
२. सिमरा	१,४०,५०,०००	१,५२,१२,५००	२९२६२५००	१२१६५०००	६०००००	६०००००	५९७५०
३. पोखरा	१,१२,८०,०००	१,२१,८७,०००	२३४६७०००	८५०००००	५०००००	५०००००	४९६७०
४. भैरहवा	७०,२५,०००	७६,०६,२५०	१४६३१२५०	५०००००	३५०००००	३५०००००	२६३१२५
५. विराटनगर	७०,२५,०००	७६,०६,२५०	१४६३१२५०	३१०००००	४०००००	४०००००	३५३१२५
६. भद्रपुर		६,४०,०००	६४,००००	४५००००	१९००००		
७. जनकपुर		६,४०,०००	६४००००	६४००००			
८. राजविराज		३,२०,०००	३२००००	३२००००			
९. स्टोल		५४,००,०००	५४०००००	१०८००००	१०८००००	१०८००००	१०८०००
१०. नेपालगञ्ज		३,२०,०००	३२००००	३२००००			
जम्मा :	६,४०,००,०००	६,८१,४७,०००	१३२१४७०००	४४४१००००	२९७७००००	२९५८००००	२७३०७०
क. को जम्मा उतार :			२८८४३०००	५७७६५२५	५६०००००	५३४१४७५	६७००००
कुल जम्मा :			१६१००००००	५०१८६५२५	३५३७०००००	३४९२१४७५	३४००७०

विभिन्न योजनाहरूमा हवाई मैदानहरूको विकास

आयोजना	प्रथम योजना अवधिको उपलब्धि	प्रथम योजनाको उपलब्धि	दोश्रो योजनाको उपलब्धि	तेस्रो योजनाको उपलब्धि	हालसम्मको उपलब्धि
१. पक्की हवाई मैदान	१ वटा : काठमाडौं			३ वटा : बिराटनगर जनकपुर र भैरहवाका साथै त्रिभुवन विमानस्थलको धावनमार्ग ६६०० फीटको बनाइयो ।	४
२. कच्ची हवाई मैदान	४ वटा : पोखरा, भैरहवा, सिमरा र विराटनगर	७ वटा : भरतपुर, धनगढी, नेपालगञ्ज, दाङ्ग, राजविराज, जनकपुर पालुंगटार	१ वटा : झापा	३ वटाः सुर्खेत, मेघौली र तुम्लीङटार (निर्माण भइरहेको)	११
३. साना (स्टोल) हवाई मैदान			३ वटा : जुम्ला, बाग्लुङ र जिरी	३ वटा : खोटाङ्ग, डोटी र अछाम (सुधार कार्य भइरहेका)	५

चौथो योजनामा हवाई मैदानको विकासको लक्ष्य							
आयोजना		तेस्रो योजनाको र अन्तसम्मको स्थिति		चौथो योजनाको लक्ष्य		चौथो योजनाको र अन्त सम्ममा हुने स्थिति	
१.	पक्की हवाई मैदान	४ वटाः	काठमाडौ, जनकपुर, भैरहवार विराटनगर	३ वटाः	सिमरा, पोखरा तथा नेपालगञ्ज साथै सबै पक्की हवाई मैदानहरूको धावन मार्ग बृद्धि गर्ने	७ वटाः	काठमाडौं, विराटनगर, सिमरा, भैरहवा, पोखरा, जनकपुर र नेपालगञ्ज ।
२.	कच्ची हवाई मैदान	११ वटा	सिमरा, पोखरा, नेपालगञ्ज, दाङ, सुर्खेत, भरतपुर, धनगढी, राजविराज, पालुङ्गटार, झापा, मेघौली	१. तुम्लीङ्गटार		९ वटाः	दाङ्ग, सुर्खेत, भरतपुर, धनगढी, राजविराज, पालुंगटार, झापा मेघौली, तुम्लीङटार ।
३.	साना (स्टोल) हवाई मैदान	५ वटाः-	जुम्ला, बाग्लुङ्ग, जिरी खोटाङ्गको लामीडाँडा डोटीको दिपायलमा	१० वटा	वैतडी, बझाङ्ग, हुम्ला, दैलेख, डोल्पा, तिब्रीकोट बाजुरा, रुकुम, जोमसोम मेची अञ्चलको ठाऊँमा	१५	

शाही नेपाल वायुसेवा निगम

हवाई सेवा प्रत्येक राष्ट्रको निमित्त अति आवश्यक सेवा मानिन्छ । तसर्थ श्री ५ को सरकारले पनि हवाई सेवाको निमित्त समयोचित प्राथमिकता दिई कतिपय अन्य सहायताअन्तर्गत हवाईजहाजहरू उपलब्ध गराउने र विमान स्थलहरूको निर्माण गर्ने कदम चाल्दै आएको छ । हालै पनि यस सेवाको विकासका निमित्त श्री ५ को सरकार र एशियाली विकास बैंकको बीच सम्झौता भई करिब १३ करोड रूपैयाँ खर्च हुने आजोयनाहरू कार्यान्वयन हुने भएको छ । हवाई सेवाको महत्वलाई मानेर नै श्री ५ को सरकारले १६ करोड भन्दा बढी खर्च गर्ने कार्यक्रम बनाएको छ ।

शाही नेपाल वायुसेवा निगमको सेवाले दुर्गम क्षेत्रहरूको अत्यावश्यक आवागमनमा सबैको ठूलो सहायता गरेको छ । गत दकमको स्थलमार्गहरूको विकासले केही ततकालीन दुर्गम स्थलहरू हाल सुगम हुन आएका छन् तापनि समय र सुविधाको फायदाले गर्दा यी वायुसेवाहरूले स्थायी रूप लिएका छन् । यसरी वायुसेवाद्वारा जनता लाभान्वित भई आकर्षित भएकोल शाही नेपाल वायुसेवा निगमले आगामी चौथो (पञ्चवर्षीय) योजना अवधिमा आफ्नो आन्तरिक सेवाको उपयुक्त विकास गरी यथाशक्य धेरै नयाँ दुर्गम स्थानहरूमा थप नियमित सेवा चलाउने लक्ष्य राखेको छ

देशको बढ्दो पर्यटन उद्योगलाई अत्यावश्यक टेवा दिनसाथै अन्तर्राष्ट्रिय जगतमा रहेको पारस्परिक सहयोग तथा आफ्नो व्यक्तित्वको सफल अभिपुष्टि क्रम कायम राख्न शाही नेपाल वायुसेवामा समयोचित सुधार र विस्तार गर्नु अत्यावश्यक भएको छ । यस कार्यक्रमबाट विदेशी मुद्राको आर्जनमा विशेष योगदान पनि हुनेछ । यिनै कुराहरूलाई ध्यानमा राखी शाही नेपाल वायुसेवा निगमले चतुर्थ योजना अवधिमा निम्नलिखित आयोजनाहरू कार्यान्वयन गर्ने भएको छ ।

क. मध्यम श्रेणीको जेट विमान खरिद गर्ने,

ख. साना (स्टोल) विमानहरू खरिद गर्ने,

ग. विभिन्न कार्यशालाहरू र प्रशिक्षण व्योमयान (सिमुलेटर) तथा यात्रु सर्वयान (वसहरू) खरिद गर्ने,

घ. आन्तरिक सेवामा डकोटा– ३ मात्रै चलाउँदै आएकोमा विस्तारै योभन्दा राम्रो एभ्रो ७४८ वा यस्तै अरु विमान सेवा चलाइनेछ ।

ङ. वाह्य सेवा तर्फ भइरहेको पटना, कलकत्ता, दिल्ली र ढाकासितको सेवा चालू राखी मध्यम श्रेणीको कुनै जेट विमान खरिद गरी अन्यत्र नयाँ ठाउँमा पनि वाह्य सेवा विस्तार गरिनेछ ।

च. साना विमान खरिद गरी पहाडी तथा हिमाली क्षेत्रहरू जस्तै : रुम्जाटार, लामिडाँडा, लुक्ला वा नाम्चेबजार, डोटी जुम्ला, सुर्खेत, साँफेबगर, जिरी र बाग्लुङ्ग आदि ठाउँहरूमा नियमित सानु हवाई (स्टोल) सेवा चलाइनेछ ।

छ. हाल डिसि– ३ को सम्भार कार्यशाला (मेन्टीनेन्स वर्कशप) मात्र रहेको छ । यस वाहेक चौथो योजनाकालमा १) प्रणोदक (प्रोपेलर) पुनर्नवन कार्यशाला (ओभरल शप), २) गोश्वारा कार्यशाला (जनरल वर्कशप), ३) विद्युत पुनर्नवन कार्यशाला (इलेक्ट्रीकल ओभरहल शप), ४) उपकरण पुनर्नवन (इन्स्टुमेन्टल ओभरहल) को निर्माण गरिनेछ । चालक (पाइलट) हरूको व्यवस्था र यात्रुहरूको सुविधाको निमित्त दुई वटा ठूला सर्वयानहरू (बसहरू) खरिद गरी आवश्यक व्यवस्था पनि गर्ने कार्यक्रम छ साथै माथि लेखिएका जहाजहरूलाई चाहिने पुर्जाहरू पनि खरिद गरिनेछ ।

चालक (पाइलट) हरूको तालिमको निमित्त प्रशिक्षण व्योमयान खरिद गर्न एशियाली विकास बैंक र श्री ५ को सरकारबाट ऋण उपलब्ध गर्ने सम्झौता भैसकेको छ ।

वित्तीय लगानी :

शाही नेपाल वायुसेवा निगम उपर्युक्त कार्यक्रम सञ्चालन गर्न योजना अवधिभित्र जम्मा रु. १२ करोड ३० लाख लगानी गर्नेछ । उक्त रकम निम्नअनुसार खर्च गरिनेछ ।

सि.नं.	आयोजनाको नाम	(रु. हजारमा)
१.	थप हवाई जहाज खरिद गर्न नेपालको स्थितिलाई हेरी कुनै मध्यम श्रेणीको जेट जहाज १, सानो स्टोल जहाज ३ र अतिरिक्त अंगहरू (स्पेयर पार्टस) समेत	१,००,०००
२.	चालक प्रशिक्षण व्योमयान (पाइलट ट्रेनिङ्ग सिमुलेटर)	२,०००
३.	कार्यशाला संभार तथा साधन (वर्कशप इक्विपमेन्ट्स र टुलस)	१०,०००
४.	भूतल प्रयोज्य उपकरण (ग्राउण्ड हान्डिलिङ इक्युपमेन्ट)	५००
५.	बाह्य शक्ति एकब (एक्सटर्नल पावर यूनिट)	३००
६.	आन्तरिक सञ्चार यन्त्र (इन्टरकम इक्वीपमेन्ट)	२५०
७.	भूतल परिवहन (सर्पेस ट्रान्सपोर्ट), १० र थप वहित्र यान ५	१,३००
८.	थप भवन निर्माण	३,५००

	(क) केन्द्रीय कार्यालयमा थप निर्माण	२०,००,०००
	(ख) शाखा कार्यालय भवन	१५,००,०००
९.	चालक (पाइलट) र अभियन्ता (इन्जिनियरहरूको) तालिम निमित्त	२,५००
१०.	हवाई जहाज खरिद गर्न जाँच बुझ गर्ने वारेमा खर्च	१५०
११.	कार्यवाहक पुँजी (वर्किङ्ग क्यापिटल)	२,५००
	कुल जम्मा:	१,२३,०००

उपरोक्त खर्च व्यहोर्ने स्रोतहरू निम्नबमोजिम रहने छन् :

(रु.हजारमा)

(क)	निगमले आफ्नो कारोवारबाट बचत गर्ने एफ-२७ जहाजको क्षतिपूर्ति बापत र डकोटा जहाज विक्रीबाट प्राप्त हुने रकम	४५,०००
(ख)	एशियाली विकास बैंकको सापटी रकम	३,३५०
(ग)	श्री ५ को सकारबाट निगमको पुँजी बढाउन अंश (शेयर) लगानी	१०,०००
(घ)	सापटी (उपयुक्त ठहरिने स्रोतबाट)	६४,६५०
	कूल जम्मा:-	१,२३,०००

हवाई यातायात विकास सम्बन्धी माथि उल्लेख गरिएका सवै कार्यक्रमहरू आपसमा सम्बद्ध छन् । त्यसकारण योजनाको लक्ष्य हासिल गर्न हवाई विभाग र श्री शाही नेपाल वायुसेवा निगम दुवैका योजनाहरू कार्यान्वित हुन आवश्यक छ । कुनै एक योजनाको कार्यान्वयनमा कमी भएमा अर्को आयोजनाको लक्ष्य हासिल हुन नसक्ने कुरा स्पष्टै छ । अतः यी दुवै आयोजनाहरूमा सामञ्जस्यता ल्याई कार्यान्वयन गर्ने प्रयास हुनेछ । शाही नेपाल वायुसेवा निगम स्वचालित संस्था हो तापनि यसको सेवाको महत्वलाई बुझेर श्री ५ को सरकारले यसलाई चाहिँदो संरक्षण तथा सहायता वखत वखतमा दिँदै आएको छ । यस योजना अवधिमा पनि यो परम्परा कायमै रहनेछ । योजनाको दृष्टिकोणबाट यस योजना अवधिमा पनि निगममा श्री ५ को सरकारको १ करोड मात्र खर्च हुने देखिए तापनि अरु चाहिँदो थप रकम अन्यत्रबाट प्राप्त गराउनमा र किसिम किसिमका अरु सहुलियत तथा सहायताहरू प्राप्त गराउनमा श्री ५ को सरकारले देहाएको तत्परता यसको निमित्त ठूलो टेवा सिद्ध भएको छ र हुनेछ ।

परिच्छेद १२

दूर–सञ्चार

प्राकथन:

नेपालमा सर्वप्रथम दूर सञ्चारको सुरुआत संवत् १९७० मा भएको थियो । संवत् १९७१ तिर काठमाडौदेखि रक्सौल सम्म करिव ११० किलोमिटर लामो सुदुर दूर-वाणीको (ट्रङ्क टेलिफोन) स्थापना गरियो । यसपछि १९९३ मा काठमाडौदेखि धनकुटासम्म ५१८ किलोमिटर लामो दूर-वाणी जडान गरियो । २००७ सालमा फेरि काठमाडौंदेखि पाल्पासम्म २४० किलोमिटर लामो दूर-वाणी तन्तुपथ (लाइन) को विस्तार गरियो । त्यस्तै १९९२ मा २५ तन्तुपथको स्वचालित दूर-वाणीको स्थापना गरियो ।

दूर-वाणी (टेलिफोन) विकासको अर्को अध्याय संवत् २००७ साल देखि २०१५ सम्ममा भयो । संवत् २०१० मा पाल्पादेखि भैरहवासम्म अर्को तन्तुपथ थपियो । यस्तै गरी काठमाडौंदेखि धुलिखेलसम्मको २९ किलोमिट लामो तन्तुपथ तन्क्याइयो र सर्वसाधारणाको निमित्त संवत् २००८ सालमा मात्र १०० तन्तुपथको क्षमता भएको हाते दूर-वाणी विनिमयको स्थापना गरियो । यस्तै गरी २०१३ सालमा ३०० क्षमताको तन्तुपथ विस्तार गरियो ।

आकाशवाणी सेवाको प्रारम्भ नेपालमा २००६ सालमा नै भएको हो । त्यसवेला यस सेवाबाट नेपालका ६ जिल्लाहरू काठमाडौं, नेपालगञ्ज, भैरहवा, इलाम, धनकुटा र विराटनगरबीचमा मात्र सम्पर्क थियो । त्यसपछि २००८ सालमा डोटी, दाङ, जुम्ला, दैलेख, सल्यान, ओखलढुङ्गा, राजविराजमा र २००९ सालमा जलेश्वर, रामेछाप, बन्दीपुर, तेह्रथुम ताप्लेजुंग, तौलिहवा, डडेलधुरा र वैतडीमा पनि आकाशवाणी राखियो । त्यसपछि यसै सालमा वागलुंग, पाल्पा र धनगढीमा अरु ३ वटा केन्द्रहरू खोलियो । त्यस्तै गरी पोखरा, भोजपुर र बीरगञ्जमा नयाँ केन्द्रहरू थपिए ।

दूर-सञ्चारको इतिहास जतिसुकै पुरानो भए तापनि उसबेला सञ्चार त्यस विभागको नियन्त्रणमा थियो, जसले मुलुकको हुलाक सेवामा पनि रेखदेख पुऱ्याउनु पर्दथ्यो । वास्तवमा मुलुकको दूर-सञ्चार उपरको नियन्त्रण, समन्वयन र योजनावद्ध तरिकाले २०१६ सालमा दूर-सञ्चार विभाग खडा भएदेखि नै विकास भएको हो ।

२. <u>वर्तमान स्थिति:</u> प्रथम योजना लागू भएपछि प्रशासन र सुरक्षाको निमित्त मात्र नभई देशको शिक्षा, उद्योग धन्दा, व्यापार तथा जनसाधारणको विभिन्न आवश्यकताहरूमा पूरा विकास गर्न पनि दूर-सञ्चार क्षेत्रमा निक्कै महत्वपूर्ण विकास भयो । तद्नुरूप काठमाडौंमा ३००० तन्तुपथसम्मको क्षमता भएको आधुनिक स्वचालित प्रणालीको व्यवस्था गरियो, जसमध्ये सिंहदवार सचिवालयमा मात्र १२० तन्तुपथको विनिमय कार्यालय तथा काठमाडौमा १००० जन्तुपथ गरी जम्मा १,१२० जडान कार्य सुसम्पन्न भएको थियो ।

३. द्वितीय योजनाकालमा योजना सुरु हुनुभन्दा अघि देशका २८ जिल्लाहरूमा जडान गरेको आकाशवाणी उपकरण काम नलाग्ने भैसकेकाले प्रथम पञ्चवर्षीय योजनाकालमा अधिराज्यका समस्त प्रशासकीय जिल्लाहरूमा नयाँ आकासवाणी यन्त्रहरूको व्यवस्था हुने कार्य सुरु गरी दोस्रो योजनाकालमा यी आकाशवाणी चालु गरिए । यसको अलावा देशका मुख्य ७ जिल्लाहरू काठमाडौं, जलेश्वर, विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय अड्डा खडा गरिनुको साथै अरु ५० वटा शाखा अड्डाहरू (स्याटेलाइट स्टेसनहरू) पनि विभिन्न जिल्लाहरूमा खोलियो । दिल्ली तथा कलकत्तामा २ परिपथ (सरक्यूट) को स्थापना गरी अन्तर्राष्ट्रिय व्यवस्था पनि चालु गरियो साथै खवरको छिटो छिटो आदानप्रदान गर्न २ वटा दूरमुद्रण यन्त्र पनि चालू गरियो ।

दूर-वाणीतर्फ, भक्तपुरमा दूरवाणी विनिमयको स्थापना गरियो । यस्तै गरी काठमाडौं उपत्यकामा सर्व साधारणको निमित्त १२ वटा मण्डप (बुथ) हरूको स्थापना गरियो । साथै, नेपाल-भारत दूर सञ्चार आयोजनाम दूर वाणी मण्डपहरूको स्थापना गर्ने काम पनि सम्पन्न भयो । यसै अवधिभित्र नेपाल पाकिस्तान दूर-सञ्चार आयोजना पनि धेरै मात्रामा पूरा गरियो ।

४. नेपालको तेस्रो योजनामा दूर-वाणीतर्फ काठमाडौंमा भइरहेको १००० तन्तुपथ ज्यादै नै अपर्याप्त भएको हुनाले काठमाडौंमा ४,००० पाटनमा ६०० दूर-वाणी तन्तुपथको विस्तार गरियो । विराटनगरमा ३०० सि.वि. तन्तुपथ स्थापना गर्ने भनिएकोमा अरु १०० वटा थपी ४०० लाइनको विस्तार गरियो । यस्तै गरी काठमाडौं रक्सौल सुदूर (ट्रंक) तन्तुपथ आयोजनाको लक्ष्य शतप्रतिशत हासिल गरियो । वीरगञ्ज दूरवाणी विनियम योजनातर्फ लक्ष्यअनुसार भित्री र बाहिरी संयन्त्रको अनुमान पूरा गरी भवन निर्माणको कार्य ३० प्रतिशत पूरा गरियो । त्यस्तै काठमाडौं-कलकत्ता वितन्तु मुद्रण सेवाअन्तर्गत निर्धारित समयभन्दा अगावै सामानहरू जडान गर्ने कार्य सम्पन्न गरी परीक्षणको रूपमा सेवासमेत चालु गरियो । आकाशवाणीतर्फ योजनाको चौथो वर्षसम्म ५ जिल्लाहरूमा आवश्यक अड्डाहरू स्थापना गर्ने कार्य सम्पन्न भयो । तेस्रो योजना अन्तसम्ममा मुलुकको १४ अञ्चल र प्राय ७५ जिल्लामा नै दूर-सञ्चार उपलब्ध भयो । यस आयोजनाको लक्ष्यअनुसार भएको वार्षिक प्रगति निम्न तालिकामा देखाइएको छ ।

तेस्रो योजना (२०२२-०२७) को
भौतिक लक्ष्य र प्रगति

सि.नं.	आयोजनाको नाम	तेस्रो योजनाको लक्ष्य	०२२-०२३	०२३-२४	०२४-२५	०२५-२६	०२६-२७
			प्रगति	प्रगति	प्रगति	प्रगति	प्रगति (क)
	१	२	३	४	५	५	७
१.	आकाशवाणी	२३	-	-	१२	-	-
२.	काठमाडौं दूरवाणी (टेलिफोन)	-	-	३७२	३२८	४३७	८४९
३.	विराटनगर दूरवाणी	४००	३००	-	-	१००	-
४.	पूर्व पश्चिम अणुतरंग (माइक्रोवेभ) सर्वेक्षण	-	कार्य चालू	कार्य चालू	कार्य चालू	कार्य चालू	कार्य चालू
५.	काडमाडौ- रक्सौल सुदूर तन्तुपथ (ट्रंकलाइन)	-	-	-	-	-	ट्रंकलाइन निर्माणकार्य मा ५० प्रतिशत पूरा
६.	वीरगञ्ज दूरवाणी योजना	-	-	-	-	-	

(क) २०२६ चैत्रसम्मको मात्र ।

५. चतुर्थ योजना (०२७-३२) मा दूर सञ्चार आयोजनाहरूको कार्यान्वयन निम्न लक्ष्यअनुसार हुनेछः-

(क) ७५ जिल्लामा दूर-सञ्चार स्थापना पूर्ण हुने भएकाले यिनको सङ्ख्या वढाउनुमा भन्दा यिनको दक्षताको क्रमोन्नतिमा बढी ध्यान दिने,

(ख) विभिन्न नगरहरूम आवश्यकतानुसार बिभिन्न सञ्चार सेवाहरूको स्थापना तथा विस्तार गर्ने, उपर्युक्त लक्ष्यहरूअनुरुप निम्न आयोजनाहरू समावेश गरिएका छन्:-

सि.नं.	**आयोजनाहरू**	**चौथो योजनाको लक्ष्य**
१.	काठमाडौं दूर-मुद्रण सेवा	स्थापना गर्ने
२.	दूर सञ्चार तालिम केन्द्र	स्थापना गर्ने
३.	भैरहवा- गोरखपुर तथा नेपालगञ्ज लखनौ दूर सञ्चार सेवा	स्थापना गर्ने
४.	स्थानीय दूरवाणी विनिमय	स्वचालित दूर वाणी स्थापना गर्ने
	(क) काठमाडौं	५००० तन्तुपथ
	(ख) भक्तपुर	२०० तन्तुपथ
	(ग) हेटौडा	१०० तन्तुपथ (हाते)
	(घ) मलंगवा	५० ,, ,,
	(ङ) जनकपुर	२०० ,, ,,
	(च) राजविराज	१०० ,, ,,
	(छ) धरान	४०० ,, स्वचालित
	(ज) विराटनगर	२,५०० तन्तुपथ स्वचालित
	(झ) झापा	१०० तन्तुपथ (हाते)
	(ञ) पोखरा	१,५०० ,, ,,
	(ट) भैरहवा	१०० ,, ,,
	(ठ) नेपालगञ्ज	२०० ,, ,,
	(ड) पाटन	४०० ,, स्वाचालित
५.	काठमाडौं-नेपालगञ्ज वितन्तु दूरवाणी सेवा	स्थापना गर्ने
६.	काठमाडौं-भक्तपुर वाहक (क्यारियर)	स्थापना गर्ने
७.	पूर्व पश्चिम अणुतरंग (माइकोवेभ) सञ्चार प्रणाली	स्थापना गर्ने

८.	काठमाडौं-रक्सौल सुदूरवाणी पथ	स्थापना गर्ने
९.	बीरगञ्ज दूरवाणी विनिमय	३०० लाइन

उपरोक्त आयोजनाहरूको वार्षिक कार्यक्रमको लक्ष्य निम्न बमोजिम हुनेछः-

सि.नं.	आयोजनाको नाम	०२७-२८	०२८-२९	०२९ -३०	०३० -३१	०३१ -३२
१.	काठमाडौं दूर मुद्रण (टेलेक्स)	-	प्रारम्भिक कार्य स्थान छनौट, भवन निर्माण र नाप नक्सा	नाप नक्सा लगत अनुमान सरसामान निमित्त आदेश	जडान कार्य	
२.	भैरहवा-गोरखापुर नेपालगञ्ज- लखनौ दूर-सञ्चार सेवा	-	-	-	स्थान छनौट भवन निर्माण नाप नक्सा तथा आदेश	जडान कार्य
३.	स्थानीय दूरवाणी विनिमय					
	(क) काठमाडौं	-	-	स्थान छनौट भवन निर्माण आदेश	नाप नक्सा लगत सामान र आदेश	लगत तयार र आयोजना आदेश
	(ख) पाटन	-	-	,,	जडान कार्य	
	(ग) भक्तपुर	-	भवन निर्माण, केवलको नाप नक्सा आयोजना	सामानको आदेश	जडान कार्य	-
	(घ) हेटौडा	स्थाना छनौट भवन निर्माण योजना	सामानको आदेश नाप नक्सा	जडान कार्य	-	-
	ङ) मलंगवा		स्थान छनौट भवन निर्माण नाप नक्साको आदेश	,,	-	-
	(च) जनकपुर	भवन निर्माण योजना तथा नक्सा	,,	,,	-	-
	(छ) राजविराज	-	भवन निर्माण योजना नाप नक्सा	आदेश लाभ लागत	जडान कार्य	-
	(ज) धरान	स्थान छनौट भवन निर्माण	सामानको आदेश	सामानको आदेश जडान कार्य सुरु	जडान कार्य	-
	(झ) विराटनगर	,,	,,	,,	,,	-
	(ञ) झापा	,,	,,	,,	,,	-
	(ट) पोखरा	-	जग्गा प्राप्ति भवन निर्माण	सामानको आदेश	जडान कार्य	-
	(ठ) भैरहवा	-	भवन निर्माण नाप नक्सा	,,	-	
	(ड) नेपालगञ्ज	जग्गा प्राप्ति वन निर्माण	लागतको आदेश	जडान कार्य	-	
४.	काठमाडौं-नेपालगञ्ज वितन्तु सेवा	सामानको आदेश	जडान	-	जडान कार्य	
५.	काठमाडौं- भक्तपुर क्यारियर	,,	आदेश	जडान	पूरा	

६.	अणुतरंग सञ्चार	जग्गा प्राप्ति भवन निर्माण नापनक्सा लागत	नापनक्सा लागत भवन निर्माण आदेश दिने	जडान कार्य सुरु आदेश दिने	सेवा चालू	सेवा चालू

५. काठमाडौं दूर-मुद्रण:

दूरवाणीको प्रयोग जस्तै दूर- मुद्रण विनिमयमा कलको प्रयोग हुन्छ । कुनै स्थानको वन्द व्यापारमा पर्यटन, उद्योग, होटल व्यवसाय हवाई सेवा जस्ता धन्दाहरूको यथेष्ट बृद्धि भएपछि दूरमुद्राणको आवश्यकता पर्छ । दूरवाणी अथवा दूरलेखा भन्दा दूरमुद्रणद्वारा निम्नलिखित बढी सुविधा उपलब्ध हुन्छ । (क) वढी कुरा आदानप्रदान गर्ने (ख) आदानप्रदान गरिएका कुराहरू छापिएर रहने, (ग) अर्को पक्षको अनुपस्थितिमा पनि कुरा प्रदान गर्न सकिने, (घ) आदान प्रदान गरिएका कुराहरू गोप्य रहने । दूर वाणीभन्दा मुद्रणको स्थापना, खर्च र मर्मत तथा सम्भार खर्च निकै वढी भए तापनि मुद्रणजस्तो विशेष गरी उद्योग र व्यापारसँग सम्बन्धी संस्था वा व्यक्तिले नै प्रयोग गर्ने हुनाले दूर वाणीभन्दा ज्यादा खर्चिलो भए तापनि त्यस्ता संस्था वा व्यक्तिको लागि बढी लाभदायक हुन्छ । काठमाडौंको हालको व्यापार, होटल व्यवसाय, पर्यटन उद्योग इत्यादिको दृष्टिकोणले यहाँ सुरुमा १०० तन्तुपथ क्षमता भएको र पछि ३०० तन्तुपथसम्म वढाउन हुने अर्न्तराष्ट्रिय दूर मुद्रण स्थापना गरिनेछ । यस किसिमको संचार सेवाले नेपालको उद्योग र वाणिज्य विस्तार गर्ने सिलसिलामा विशेष सहायता पुऱ्याई श्री ५ को सरकारको राजस्व प्रत्यक्ष रुपले बृद्धि गर्नेछ ।

५.२ दूर-सञ्चार तालिमकेन्द्र :

नेपालमा गत ८ वर्षदेखि दूर-सञ्चार सेवाको विस्तार द्रुत गतिले भई रहेको छ । स्थानीय टेलिफोन ३०० तन्तुपथबाट ५४०० तन्तुपथ र आकाशवाणी अड्डा २६ बाट ७० हुनुका साथै अन्तराष्ट्रिय सेवासमेत स्थापना भएको छ । यसै क्रमले भविष्यमा पनि दूर-सञ्चार सेवाको विस्तार हुँदै जाने प्रायः निश्चित छ । तसर्थ नयाँ योजनाहरू कार्यान्वयन गर्न र सेवालाई सुचारु रूपले सञ्चालन गर्नको लागि समेत योग्य व्यक्तिको आवश्यकता छ । हाल सेवा विस्तारको दाँजोमा दक्ष प्राविधिकहरूको सङ्ख्या ज्यादै कम छ । यस्तै स्थितिमा नयाँ योजनाहरू प्रभावकारी ढंगले कार्यान्वित गर्न वा चालू सेवा दक्षतापूर्वक सञ्चालन गर्नु सम्भव हुँदैन ।

हाम्रो देशमा दूर-सञ्चार विषयको अध्ययन वा तालिम दिने कुनै संस्था स्थापना भएको छैन र भविष्यमा हुने कुनै योजना बनेको पनि छैन । त्यसकारण दूर-सञ्चार विभागले आफूलाई नै सुहाउँदो किसिमको एक तालिम केन्द्रको स्थापना गर्नु सो विभागलाई परेको समस्या सुल्झाउने एक मात्र उपाय देखिन्छ । यस केन्द्रमा आवश्यकतानुसार विभिन्न विषयको तालिम दिनेछ । सो पाठ्यक्रम एक वर्षदेखि तीन वर्षसम्मको हुनेछ र वर्षमा ३० जवान तयार पारिनेछन् ।

यस योजनाको निमित्त आवश्यक खर्चकोरकम आदि संयुक्त राष्ट्रसंघको विशेष कोषबाट सहायताको रूपमा उपलब्ध गराइनेछ । विशेषज्ञहरूको सेवा तालिमको सामानजस्ता कुराहरू उक्त विशेष कोषबाट उपलब्ध गराइनेछ । स्थानीय खर्च श्री ५ को सरकारको तर्फबाट व्यहोरिनेछ ।

दूरवाणीसम्बन्धी तालिमको बन्दोवस्त हाल चालू भइरहेको अभियान्त्रिकी प्रशिक्षालयअन्तर्गतको एक शाखाको रूपमा काम गरिनेछ । यसबाट छुट्टै तालिम केन्द्र खोल्न लाग्ने प्रशासकीय खर्चमा कटौती हुनेछ र अभियान्त्रिकी प्रशिक्षालय पनि क्षमतापूर्ण मात्रामा चल्ने सिद्ध छ ।

५.३ भैरहवा–गोरखपुर तथा नेपालगन्ज–लखनौ दूरवाणी सेवा :

नेपाल अधिराज्यमा अहिलेसम्म तिब्रिकोटबाहेक अरु सबै जिल्लामा दूर-सञ्चार सेवाको स्थापना भइसकेको छ । तापनि हालसम्म अन्तराष्ट्रिय दूरवाणी र दूरलेखा सेवाको काठमाडौमार्फत मात्र हुने व्यवस्था छ । यसले गर्दा काठमाडौंमा अत्यधिक भार पर्ने भएको छ र अन्य स्थान जति छिटो अन्तर्राष्ट्रिय सेवा उपलब्ध हुनेसक्ने हो त्यति हुन सकेको छैन । दिनदिनै बढ्दै जाने कारोबाबाट यो समस्या झन जटिल हुँदै जाने भएकाले यसको समाधानका लागि देशको पूर्व–पश्चिम भागहरूमा पनि सिधै अन्तर्राष्ट्रिय सञ्चार लेनदेन गर्ने व्यवस्था हुनुपर्छ । हाल पूर्वमा विराटनगर र कलकत्ताको बीच तथा पश्चिममा नेपालन्ज र लखनौको बीच सम्पर्क राख्ने प्रबन्ध हुन आवश्यक छ । यसका निमित्त श्री ५ को सरकार र भारत सरकारका बीच आवश्यक सम्झौता भई भारतमा जे जति बन्दोबस्त गर्नुपर्ने हो सो भारत सरकारको तर्फबाट गरिनेसमेत भई भैरहवा र नेपालगन्जमा आवश्यक निर्माण र सार्वजनिक दूर-सञ्चार कार्यालयको स्थापनाको पनि प्रबन्ध हुनेछ ।

आयोजना पूरा भएपछि खबर लेनदेन गर्ने र कुरा गराउने काम अहिलेको भन्दा धेरै नै छिटो छिटो किसिमले हुनेछ । यसबाट राजस्व यथेष्ट वृद्धि हुन आउने अनुमान गर्न सकिन्छ । फलस्वरूप श्री ५ को सरकारको राजस्व बढाउने प्रयासमा यस आयोजनाले विशेष सहायता पुऱ्याउँछ ।

५.४ स्थानीय दूरवाणी विनिमय:

विभिन्न अञ्चल र जिल्लाहरूमा शहरी क्षेत्रको विकास तथा उद्योग एवं व्यापारमा वृद्धि भइरहेको हुनाले आवश्यकतानुसार यसलाई अझ बढी छिटो र सुगमता प्रदान गर्न सुहाउँदो क्षमता भएको दूरवाणी विनिमयको स्थापना काठमाडौं, पाटन, भक्तपुर, हेटौंडा, मलङ्गवा, जनकपुर, राजविाज, धरान, विराटनगर, झापा, पोखरा, भैरहवा र नेपालगन्ज गरी जम्मा १३ स्थानहरूमा स्थानीय दूरवाणी विनिमय योजनाहरू सञ्चालन गरिनेछ । त्यसमध्ये ३ विनिमय आयोजनाहरू काठमाडौं उपत्यकामा, १ भित्री मधेशमा, ६ पूर्वी तराई भागमा, २ पश्चिमी तराई भागमा र १ पहाडी क्षेत्रमा स्थापना गरिने कार्यक्रम छ ।

काठमाडौं : तेस्रो योजनाको अन्तसम्ममा काठमाडौं मा ५,००० तन्तुपथ र ललितपुर (पाटन) मा ६०० तन्तुपथ गरी काठमाडौं उपत्यकामा जम्मा ५,६०० तन्तुपथको दूरवाणी विस्तार गरियो । सम्वत् २०१७ सालसम्म ३०० तन्तुपथ मात्र दूरवाणी भएको काठमाडौंमा २०२७ अर्थात् १० वर्षभित्र ५,३०० तन्तुपथ वृद्धि गर्न आवश्यक भयो । यसको मुख्य कारण यो मुलुकको राजधानी भएको यहाँ द्रुतगतिले व्यापारिक, सामाजिक एवं अन्य विकास कार्यहरूले गर्दा नै भएको हो । तसर्थ बढ्दै गईरहेको कारोबार र दूरवाणीको बढ्दो मागको दृष्टिकोणबाट यस योजनामा अरु ५,००० तन्तुपथको स्वचालित विनिमयको स्थापना गरिनेछ ।

यसबाट सर्वसाधारणलाई आधुनिक युगको सुविधा उपलब्ध गराउनुका अतिरिक्त उद्योग व्यापार विस्तारमा सहायता पुग्नुको साथै श्री ५ को सरकारको राजस्वमा समेत प्रत्यक्ष रूपले वृद्धि गराउँछ ।

ललितपुर (पाटन) : काठमाडौं उपत्यकाका मुख्य तीन शहरमध्ये पाटन एक भएकोले त्यहाँ हाल भइरहेको ६०० तन्तुपथको विनिमय अपर्याप्त देखिन आएको छ । तसर्थ, यस योजनामा हालको मागअनुसार ४०० तन्तुपथ थप गरिनेछ ।

भक्तपुर–काठमाडौं : उपत्यकाका ३ प्रमुख शहरमध्ये १ शहर गनिएको यो भक्तपुर जिल्ला काठमाडौंबाट करिब १३ किलोमिटर टाढा पर्दछ । साथै व्यापारिक दृष्टिकोणबाट यो शहरको ठूलो महत्व भए पनि आधुनिक दूरवाणीको सुविधा छैन । तसर्थः यस योजनामा २०० तन्तुपथको दूरवाणी विनिमय स्थापना गरी वितरण गरिनेछ ।

हेटौंडाःहेटौंडा नारायणी अञ्चलको प्रमुख औद्योगीक केन्द्रहरूमध्ये एक भएकाले त्यहाँ स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन दूरवाणी विनिमय हुन ज्यादै आवश्यक छ । त्यहाँको जनसङ्ख्या, औद्योगीक तथा व्यापारिक केन्द्रहरूको आधारमा हाललाई त्यहाँ यस योजनामा १०० तन्तुपथ क्षमता भएको दूरवाणी विनिमय स्थापना गरिनेछ ।

मलङ्गवा : प्रास्तावित अणुतरङ्ग सञ्चारको मार्गमा पर्ने भएकाले यस जिल्लामा स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन त्यहाँ एक दूरवाणी विनिमय स्थापना गर्न आवश्यक भएको छ । जनसङ्ख्या र औद्योगीक व्यापारिक स्थितिको आधारमा सो ठाउँमा ५० तन्तुपथको हाते । (म्यानुयल) दूरवाणी विनिमय स्थापना गरिनेछ ।

जनकपुर : यहाँको जनसङ्ख्या, व्यापार र उद्योगधन्दा आदिको दृष्टिकोणबाट त्यस स्थानामा दूरवाणी विनिमय स्थापना हुन अति आवश्यक भएको छ । साथै प्रस्तावित अणुतरङ्ग सञ्चार योजनाको मार्गमा जनकपुर पर्ने भएकाले पनि त्यहाँ दूरवाणी विनिमय स्थापना २०० तन्तुपथ यस योजनामा गरिनेछ ।

राजविराज : प्रस्तावित अणुतरङ्ग सञ्चारको मार्गमा पर्ने भएकाले त्यहाँ स्थानीय सुदूर दूरवाणी सेवा उपलब्ध गराउन दूरवाणी विनिमयको स्थापना हुन आवश्यक भएको छ । तसर्थ यस योजनामा त्यहाँको जनसङ्ख्या व्यापार आदिलाई दृष्टिगत गरी १०० तन्तुपथ क्षमताको हाते विनिमय स्थापना गरिनेछ ।

धरान : व्यापारिक, सामाजिक एवम् उद्योग धन्दाको दृष्टिकोणबाट यसको ठूलो महत्व छ । तसर्थ त्यहाँ सुरुमा ४०० तन्तुपथ क्षमताको दूरवाणीको आवश्यकता पर्दछ । भविष्यमा यसलाई आवश्यकताअनुसार १,००० तन्तुपथसम्म बढाउन हुने स्वचालित विनिमयको स्थापना गरिनेछ ।

विराटनगर : यहाँ ४०० तन्तुपथको (सी. वी.) दूरवाणी विनिमयको स्थापना भएको छ । तर, उद्योग र व्यापारको मुख्य केन्द्र भएकाले त्यहाँ दूरवाणीको माग दिन पर दिन बढ्दै जानु स्वभाविकै हो र ४०० तन्तुपथ ज्यादै अपर्याप्त भई भविष्यमा आवश्यकतानुसार ५,००० तन्तुपथसम्म गराउन हुने स्वचालित विनिमयको स्थापना गरिनेछ ।

झापा : उद्योगधन्दा र व्यापारको दृष्टिकोणले नेपालको प्रमुख शहरमध्ये यो पनि एक भएकाले साथै उक्त ठाउँमा अणुतरंग सञ्चारको अवसानीय अड्डा (टर्मिनल) समेत रहने भएकाले त्यहाँ दूरवाणी विनिमयको सेवा हुन अति आवश्यक भएको छ । तसर्थ, यस योजनामा १०० तन्तुपथको हाते दूरवाणी विनिमयको स्थापना गरिनेछ ।

पोखरा : पर्यटन केन्द्रको प्रमुख स्थान हुनुको साथै सिद्धार्थ राजमार्ग र पृथ्वी राजमार्ग निर्माणले गर्दा त्यहाँको सामाजिक एवम् आर्थिक स्थितिमा निकै परिवर्तन आउँदैछ । तसर्थ, त्यस स्थानमा जनसङ्ख्या, उद्योग आदि सबैको विचार गर्दा दूरवाणी विनिमयको स्थापना हुन आवश्यक छ । यस योजनामा १५० तन्तुपथ क्षमताको दूरवाणी विनिमय स्थापना गरिनेछ ।

भैरहवा : पश्चिमी नेपालको प्रमुख औद्योगीक तथा व्यापारिक केन्द्रहरूमध्ये एक भएकाले त्यहाँको व्यापार, औद्योगीक धन्दा, जनसङ्ख्या आदिको विचार गर्दा हललाई यस योजनामा १०० तन्तुपथको दूरवाणी विनिमय स्थापना गरिने लक्ष्य छ ।

नेपालगन्ज : पश्चिमी नेपालको प्रमुख औद्योगीक एवम् व्यापारिक केन्द्र भएकाले त्यहाँ व्यापार, उद्योग, जनसङ्ख्या आदिको विचार गर्दा स्थानीय तथा सुदूर दूरवाणी सेवा उपलब्ध गराउन आवश्यक भएको छ । तसर्थ, यस चतुर्थ योजनामा २०० तन्तुपथ क्षमताको दूरवाणी विनिमय स्थापना गर्ने लक्ष्य छ ।

५.५ काठमाडौं–नेपालगन्ज वितन्तु दूरवाणी सेवा :

नेपालगन्ज र काठमाडौंका सर्वसाधारण जनतालाई सोझै कुराकानी गराउन एक शक्तिशाली पारेषकको स्थापना गरी एक सुदूर दूरवाणी सेवा उपलब्ध गराउने लक्ष्य छ । यसबाट राजस्वमा निकै वृद्धि हुने अनुमानका साथै उद्योग एवं व्यापारलाई पनि सहायता पुग्न जानेछ । सर्वसाधाण सामाजिक कठिनाइहरू केही हदसम्म समाधान हुनेछ ।

५.६ काठमाडौं–भक्तपुर संवाहक सेवा :

काठमाडौं उपत्यकाको मुख्य शहरमध्ये भक्तपुर एक भएकाले त्यहाँको जनसङ्ख्या, व्यापार र काठमाडौंसँगको सम्बन्ध आदिको विचार गर्दा भक्तपुर विनिमयलाई काठमाडौंसँग जोड्न आवश्यक भएको छ । तसर्थ, यस योजनामा भक्तपुरको विनिमयलाई काठमाडौंसँग जोड्ने एक संवाहक सुदूर तन्तुपथको स्थापना गरिनेछ । जसबाट राजस्वमा पनि निश्चय नै वृद्धि हुनेछ ।

५.७ पूर्व पश्चिम अणुतरङ्ग (माइक्रोवेभ) :

हाल स्थापना भइरहेको सञ्चार तन्तुपथ ज्यादा पुरानो पद्धतिको र माग अनुसार अपर्याप्तसमेत ठहरिएकोले देशमा युग सुहाउँदो किसिमको सुदूर सञ्चार सेवाको स्थापना गर्नु अतिसय आवश्यक भएको छ । तसर्थ, देशको प्रमुख स्थानहरूलाई आपसमा तथा विदेशसँग समेत सम्पर्क राख्न सक्ने गरी अणुतरंग सञ्चार प्रणालीको स्थापना गर्न यो आयोजना तयार गरिएको छ । यसको विशेषता तारको प्रयोग बिना विभिन्न स्थानहरूलाई छुट्टाछुट्टै कुरा गर्न तथा खबरहरूको आदान प्रदान गर्ने प्रणाली उपलब्ध गराउनु हो । यसबाट हालको सुदूर वाणी तन्तुपथको जस्तै दुई कार्यालयको बीच भएको अन्य कार्यालयले सुन्ने अथवा हालको आकाशवाणीको जस्तै एक पटकमा एक क्षेत्रबाट एक जनाले मात्र कुरा गर्न सकिने त्रुटिहरू हट्ने छन् । आयोजनाअनुसार सुरुमा १२० प्रणाली भई भ भविष्यमा आवश्यकतानुसार ६०० प्रणालीसम्म गराउन हुने सामग्री स्थापना गरिनेछ ।

चौथो योजनाकालमा काठमाडौं, वीरगन्ज, जनकपुर, राजविराज, विराटनगर, धरान, झापा, पोखरा र भैरहवामा अणुतरंग सञ्चारका प्रणालीको स्थापना गरिने छ । उच्चस्तरीय श्रेणी तथा बढी क्षमताको पद्धतिबाट सञ्चारको वृद्धि हुने हुनाले अणुतंग सञ्चार सेवाको स्थापनाबाट प्रत्यक्ष रूपले श्री ५ को सरकारको राजस्वमा सारपूर्ण वृद्धि हुने देखिन्छ । पाँच वर्ष भित्रमा अहिलेको सुदूर सेवाको आयमा शत प्रतिशत वृद्धि हुने अनुमान छ ।

५.८ काठमाडौं–रक्सौल सुदुर दूरवाणी तन्तुपथ र वीरगन्ज दूरवाणी विनिमय :

वीरगन्जमा १००० तन्तुपथको स्वचालित विनिमय र काठमाडौंदेखि रक्सौलसम्म संवाहक तन्तुपथको स्थापना गर्ने लक्ष्य छ ।

आयोजनाको कूल खर्च : माथि उल्लेख गरिएका आयोजनाहरू कार्यान्वयन गर्न जम्मा रु. ३६,७,५०,०००।- लाग्ने अनुमान गरिएको छ ।

दूर-सञ्चार क्षेत्रको चौथो योजनाको प्रस्तावित लक्ष्य र खर्च (०२७–३२)

(००० मा)

आयोजनाको नाम	लक्ष्य	खर्च
१. काठमाडौं दूर-मुद्रण (टेलेक्स)	स्थापना गर्ने	११८५
२. भैरहवा तथा गोरखपुर र नेपालगन्ज–लखनौ दूर-सञ्चार सेवा	"	४००
३. स्थानीय दूरवाणी विनिमय		
क. काठमाडौं	५००० तन्तुपथको स्वचालित स्थापना गरी वितरण गर्ने	१०६००
ख. पाटन	४०० तन्तुपथ गरी १००० पुऱ्याउने	११२०
ग. भक्तपुर	२०० लाइन स्थापना गरी वितरण गर्ने	७४०
घ. हेटौंडा हाते (मानुएल)	१०० " "	६५०
ङ. मलंगवा "	५० " "	३९८
च. जनकपुर "	२०० " "	८४०

छ. राजविराज "	१०० " "	६५०
ज. धरान (स्वचालित)	४०० " "	१६७०
झ. विराटनगर "	२५०० " "	२७००
ञ. झापा हाते (मानुएल)	१०० " "	६५०
ट. पोखरा "	१५० लाइन थप गरी वितरण गर्ने	७५०
ठ. भैरहवा "	१५० " "	६५०
ड. नेपालगन्ज "	२०० " "	८४०
४. काठमाडौं–भक्तपुर संवाहक सेवा	संवाहक सुदूर तन्तुपथको स्थापना	२५०
५. काठमाडौं–नेपालगन्ज वितन्तु सेवा	पारेषकको स्थापना गर्ने	५१
६. अणुतरंग (माइक्रोवेभ) सञ्चार	स्थापना गर्ने	१२६०६
७. काठमाडौं–रक्सौल दूरवाणी तन्तुपथ र वीरगन्ज दूरवाणी विनिमय	स्वचालित विनिमय काठमाडौं देखि रक्सौलसम्म संवाहक तन्तुपथको स्थापना	
	जम्मा :	३६७५०

खर्च : हालसम्मको प्रगति :

तेस्रो योजनामा सञ्चारअन्तर्गत दूर संचारमा मात्र २ करोड ३५ लाख २६ हजार छुट्याइएको थियो । यसमध्ये चतुर्थ वर्षसम्म १ करोड ५२ लाख ६१ हजार ६९२ अर्थात् ६५ प्रतिशत खर्च गरियो । यसअन्तर्गत प्रत्येक आयोजनाहरूमा भएको खर्चको विवरण निम्न प्रकारको छ :–

आयोजनाको नाम	०२२।२३ को खर्च	०२३।२४ को खर्च	०२४।२५ को खर्च	०२५।२६ को खर्च	चार वर्षको जम्मा खर्च	०२६।२७ को बजेट
१	२	३	४	५	६	७
१. केन्द्रीय दूरवाणी विनिमय	३०७४०	१२९७६०	९०००१६	११५७६८०	६४३१५२१	६०००००
२. आकाशवाणी विस्तार	–	१२०३६०५	७०९७२८	४९५३५४	२४०८६८७	८०००००
३. विराटनगर सी.वि. दूरवाणी विस्तार	२१४३७७	२१८२९०	२३३२१३	१०७६२०	७७३५००	–
४. मूल काठमाडौं–रक्सौल तन्तुपथ	-	६९०३	१४६१४७७	३७०००००	५२०८३८०	४७६५०००
५. नेपाल–पाकिस्तान दूर-सञ्चार	१७३९९०	९९९०५	४६४४५	–	३०३४०	–
६. नेपाल–भारत दूर-सञ्चार	८१५७२	–	–	–	८१५७२	–
७. काठमाडौं–कलकत्ता दूर मुद्रण सेवा	–	पुरा भएको	तर आर्थिक विवरण प्राप्त नभएको	–	–	४९०००
८. काठमाडौं–दिल्ली दूर रेडिको सेवा	–	खर्च नभएको	–	–	–	१६८१०००
९. विराटनगर–कलकत्ता दूरवाणी सेवा	–	सम्झौता नभएको	–	–	–	८१०००
१०. पूर्व–पश्चिम माइक्रोवेभ	–	कार्यान्वयन बारे	निर्णय नभएको	–	–	२५०२०००
जम्मा :	३५४४१०४	२८६८४६३	३३९२५७१	५४६०६५४	१५२६५६२	१०४७८००

उपर्युक्त तालिकाबाट यस योजनाको चतुर्थ वर्षसम्म १ करोड ५२ लाख ६५ हजार ६९२ अर्थात् ६५ प्रतिशत खर्च भएको पाइन्छ । देश विकासको दौरानमा सञ्चारको बढ्दो माग र आवश्यकतानुसार सम्बन्धित क्षेत्रमा गर्न सकिने खर्चको क्षमता पनि प्रत्येक वर्षमा बढ्दो छ, जसको सारांश यस प्रकार छ :

आर्थिक वर्ष	बजेट रकम	खर्च	प्रतिशत
२०२२।२३	३८,५६,६९०	३५,४४,००४	९२
०२३।२४	३४,१४,७९०	२८,६४,४६३	८४
०२४।२५	३९,७८,०००	३३,९९,५७१	८५
०२५।२६	१,६६,५८,०००	५४,६०,६५४	३३
०२६।२७	१,०४,७८,०००	–	–
	३,८३,८५,४८०	१,५२,६८,६९२	

यस तालिकाअनुसार दूर-सञ्चारको स्वीकृत रकम आयोजनाको सुरुको रकमभन्दा ६३ प्रतिशतले बढेको देखिन्छ, तापनि खर्चको हकमा भने यसरी बढी स्वीकृत भएको रकमको ३९ प्रतिशत मात्र भएको देखिन्छ ।

काठमाडौं–कलकत्ता मुद्रण सेवाको खर्च भएको रकम समावेश भएमा लक्ष्य अनुसार खर्च भएको अनुमान गर्न सकिन्छ ।

यस चतुर्थ आयोजनामा दूर-सञ्चार आयोजनाहरूमा जम्मा ३,६७,५०,००० खर्च गरिनेछ, जसको वार्षिक खर्चको कार्यक्रम निम्न तालिकामा दर्शाइएको छ ।

चौथो योजनाको खर्च वार्षिक बाँडफाँटअनुसार

२०२८–०३२

(०००,मा)

आयोजनाको नाम	चौथो योजनाको खर्च	वार्षिक खर्चको बाँडफाँट				
		०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२
१. काठमाडौं दूर मुद्रण	११८५	–	२९६	५९३	२९६	–
२. भैरहवा तथा गोरखपुर–नेपालगन्ज लखनौ दूर सञ्चार सेवा	४००	–	–	–	२००	२००
३. स्थानीय दूरवाणी विनिमय						
क. काठमाडौं	१०,६००	–	–	१३२५	४१००	४१७५
ख. ललितपुर (पाटन)	१,१२०	–	४००	५००	२२०	–
ग. भक्तपुर	७४०	–	१८५	३७०	१८५	–
घ. हेटौंडा	६५०	१३७	३७६	१३७	–	–
ङ. मलंगवा	३९८	–	१९८	२००	–	–
च. जनकपुर	८४०	२००	४००	२४०	–	
छ. राजविराज	६५०	–	१३७	३७६	१३७	
ज. धरान	१६७०	३००	५७०	५००	३००	
झ. विराटनगर	२७००	४००	११००	१०००	२००	
ञ. झापा	६५०	१३७	३७६	१३७	–	
ट. पोखरा	७५०	–	२००	४००	१५०	
ठ. भैरहवा	६५०	–	१३७	३७६	१३७	
ड. नेपालगन्ज	८४०	२००	४००	२४०		
४. काठमाडौं–भक्तपुर क्यारिएर सेवा	२५०	–	१५०	१००		
५. काठमाडौं–नेपालगन्ज वितंतु सेवा	५१	३०	२१			
६. अणुतरङ्ग सञ्चार (Microwave)	१२६०६	१२६०	२४००	५०००	२४००	१५४६
७. काठमाडौं–रक्सौल दूर वाणी तन्तुपथ र वीरगन्ज दूर वाणी विनिमय						
जम्मा :	३६,७५०					

परिच्छेद १३

हुलाक

देश विकासको पृष्ठभूमिमा हुलाकको स्थान :

राष्ट्रिय योजनाहरूको कार्यान्वयनद्वारा प्रगति पथमा लम्किरहेको आजको नेपालमा पहिलेको अपेक्षा साक्षर तथा शिक्षितको सङ्ख्यामा ठूलो वृद्धि भएको छ। यस्तै देशभित्र र बाहिर भ्रमण तथा जीविकोपार्जन निमित्त अल्पकालीन बसाँइमा जानेहरूको सङ्ख्या र अन्तर्देशीय तथा देशाभ्यान्तरीय बन्दव्यापारमा भएको वृद्धिका साथै अन्य कतिपय कारणले गर्दा हुलाकको आवश्यकता एवं महत्व प्रशस्त बढ्न गएको छ। यातायातमा स्थलमार्गको जस्तै सञ्चार साधनहरूमा आजको नेपाललाई हुलाक सेवाको विकास र सम्वर्द्धनको ज्यादै आवश्यकता छ। सर्वसाधारण जनता पर्यन्त सबैले सजिलैसँग व्यहोर्न सकिने सस्तो शुल्कमा प्राप्त हुँदै आएको यसको सेवाले समाजमा एक अपरिहार्य स्थान जमाई सकेको छ।

अविकसित यातायात प्रणाली र कठिन धरातल भएको हाम्रो देशमा सरकारी , संस्थागत, पारिवारिक वा वैयक्तिक सम्पर्कको सर्वाधिक सुलभ र व्यापक साधन अझै हुलाक सेवा नै छ। यतिमात्र होइन, देशको अत्यधिक भागहरूको लागि उपर्युक्त कुनै पनि प्रकारको सम्पर्क राख्ने एक मात्र उपलब्ध साधन हुलाक नै छ। यो स्थिति आउँदा केही दशकसम्म पनि कायमै रहने कुरा निर्विवाद छ। साथै हुलाक सेवा कुनै पनि क्षेत्रको अरु विकासको कार्यक्रमहरूको लागि पनि एक आवश्यक पूर्वाधार हुन आउने हुँदा पूर्व योजनाहरूमा जस्तै यस योजनामा पनि हुलाक सेवालाई विस्तार गर्ने कार्यक्रम तीव्र गतिले लैजानु परेको छ।

ऐतिहासिक सिंहावलोकन :

साँच्चै भन्ने हो भने नेपाल निर्माता श्री ५ बडामहाराज पृथ्वी नारायण शाहद्वारा भएको एकीकरणको सिलसिलामा अत्यावश्यक हुने खबरहरूको आदान प्रदानको निमित्त विरचित व्यवस्थाबाट नै यसको बीजांकुर भई नियमित सेवाको रूपमा हुलाकको विकास हुँदै आएको देखिन्छ। संकीर्ण, टुक्रा टुक्रामा विभाजित भई रहेको रजवाडहरूमा आन्तरिक सञ्चारको ठूलो समस्या हुँदैनथ्यो। तर एकीकरण भई विशाल रूप धारण गरेपछि प्रशासन र राष्ट्रिय सुरक्षाको लागि पनि मुलुकको एक ठाउँबाट अर्को ठाउँसम्म चिठीपत्र, समाचार आदिको आदान प्रदानको निमित्त कुनै नियमित व्यवस्था हुनु जरूरी भयो। यस प्रकार राष्ट्रिय सुरक्षा र प्रशासनको आवश्यकताबाट सर्वप्रथम खडा गरिएको भए तापनि क्रमशः लोक सेवाको रूपमा पनि विकास हुँदै गई एक विपुल राष्ट्रिय प्रणालीको रूप लिई हुलाक सेवा आज एक अत्यावश्यक लोकोपयोगी सेवा हुन गएको छ।

वर्तमान हुलाक अड्डाको प्रारम्भ बारे ठोस ऐतिहासिक विवेचना गर्दा वि. सं. १९३५ सालमा भएको पाइन्छ। वि. सं. १९३८ सालमा हुलाक गोश्वारा अड्डाको स्थापना भई १,२ र ४ आनाका टिकटहरू सर्वप्रथम प्रकाशित भए र त्यसको ६ वर्षपछि १९४४ सालमा हुलाकपत्रसमेत प्रचलनमा ल्याइए। १९७० सालमा जुम्ला जिल्लावाहेक अन्य ठाउँहरूमा तलव दिई डाँक बोकाउने काम सुरु भयो। १९५७ सालमा बैरंग सेवा र १९९० सालमा धनादेश सेवा प्रायोगिक रूपमा चलाइयो। तर यी दुबै सेवाहरू धेरै दिनसम्म चल्न सकेनन्। यस बेलासम्म विभिन्न दरका टिकटहरू प्रचलनमा आईसकेका थिए तापनि धेरै समयसम्म ती टिकटहरूको बाहिरी जगतमा मान्यता थिएन। अत्यन्त सीमित रूपमा भए पनि भारतसँग अपञ्जिकृत डाँकको आदान प्रदान गर्ने र त्यस छिमेकी देशमा नेपाली टिकटलाई मान्यता दिलाउने उद्देश्यले वि. सं. १९९३ मा नेपाल–भारत द्विदेशीय हुलाक सम्झौता भयो। साथै दुई देशका सिमाना क्षेत्रहरूमा ८ विनिमय हुलाकहरू खोलिए। नेपालको अन्तराष्ट्रिय हुलाक विकासको दिशामा निःसन्देह यो महत्वपूर्ण पाइला थियो। १९९२ सालमा सव इन्स्पेक्टर कार्यालयहरू र १९९७ सालमा ७ हुलाक क्षेत्र (पोष्टल सर्कल) कार्यालयहरू गठन गरेर हुलाक प्रशासनलाई आधुनिक स्वरूप प्रदान गर्नेतर्फ महत्वपूर्ण कार्य गरियो।

२००७ सालको क्रान्तिपछि हुलाकको विस्तार बढ्दै गयो। २०१३ सालमा नेपाल हुलाक प्रशासनले विश्व हुलाक संघको सदस्यता प्राप्त गऱ्यो र यसको प्रायः दुई वर्षपछि दक्षिणी सीमान्त प्रदेशमा साविकमा थप ८ विनिमय हुलाक खोलिनुका अतिरिक्त भारतसँग सम्पन्न भइरहेको दुई देशीय सम्झौतालाई युगानुकूल बनाउन त्यसमा परिवर्तन गरिनुका साथै पूरक सम्झौताहरू गरिए। २०१६ साल वैशाख १ गतेदेखि विश्व हुलाक संघको सदस्यताको हैसियतबाट नेपालको अन्तर्राष्ट्रिय हुलाक सेवा व्यापक रूपमा चल्यो। राष्ट्रिय एवं अन्तर राष्ट्रिय हुलाक टिकट संकलन (फिलाटेलिक) बजारमा नेपाली टिकटको बिक्री बढाउने उद्देश्यले २०१७ सालमा हुलाक टिकट संकलन कार्यालय (फिलाटेलिक व्यूरो) को स्थापना भयो। यसभन्दा पहिले २०१५ सालम आन्तरिक हवाई डाँक सेवा र २०१६ सालमा अन्तरराष्ट्रिय हवाई डाँक सेवा चलाएर हवाई डाँकको युगमा नेपालले प्रवेश गरेको

पनि उल्लेखनीय छ । हुलाक प्रशासनमा बढी दक्षता एवं वैज्ञानिकता ल्याउने उद्देश्यले साविकका पोस्टल सर्कलको सट्टा २०१७ सालमा ७ अञ्चल हुलाक नियन्त्रण कार्यालयहरू गठन गरिए ।

२०१७ सालदेखि हुलाक क्षेत्रमा विकासको गति अझ तीव्र हुँदै गएको छ । त्रि-वर्षीय योजनाअन्तर्गत २०१९ साल मार्गमा हुलाक प्रशिक्षण केन्द्रको स्थापना गरियो । त्यही महिना आन्तरिक डाँकमा शीघ्रता ल्याउने एक उपायको रूपमा तेस्रो व्यक्ति (थर्ड पार्टी) प्रणालीद्वारा अर्थात नेपालको एक भागबाट अर्को भागमा जाने केही डाँकहरू भारतीय लौह (रेल) मार्गद्वारा पठाइने व्यवस्था सुरु गरियो । २०१९ साल पौष १ गते आनतरिक बिमा सेवा चालू भयो । अन्तराष्ट्रिय नियम तथा आधुनिक युग सुहाउँदो हुलाक ऐन २०१९ चैत्र ३० गते पारित भयो । २०२० साल वैशाख १ गतेदेखि अधिराज्यभर पुनः बैरंग सेवा चालू गरियो । नेपाल र भारतका सम्झौताअनुसार २०२२ सालमा वैशाख गतेदेखि अन्तराष्ट्रिय बिमा तथा पुलिन्दा (पार्सल) सेवा चालू भयो र त्यसको परिणामस्वरूप १५० वर्षदेखि चलिरहेको भारतीय दुतावास हुलाक बन्द हुन गयो र यता काठमाडौं वैदेशिक हुलाकको स्थापना भयो । देश, विदेशबाट सतह तथा हवाई मार्गबाट ओइरिने डाँकको समयभित्रै छटनी गरी यथास्थानमा पुनः चलान गर्ने एउटा केन्द्रीय कार्यालयको आवश्यकता परेको हुँदा २०२२ साल आश्विन १ गते डाँक केन्द्रको स्थापना भयो । हुलाक अपराधको रोकथाम गर्ने निवारक कार्यहरू गर्न र परेको अपराधहरूमा कारवाही गरी मुद्दाहरू फर्छ्याउन । २०२३ सालमा हुलाक निरीक्षण कार्यालयको स्थापना गरियो र जिन्सी सम्पूर्तिको लागि २०२३ सालमा हुलाक जिन्सी खानाको स्थापना भयो । सानो तिनो रकमको भुक्तानी सजिलैसँग दिने, लिने सुविधाहरू सर्वसाधारणलाई उपलब्ध गराउने उद्देश्यले २०२३ साल वैशाख १ गतेदेखि हुलाक आदेश सेवाको प्रारम्भ भयो । वितरण (डेलिभरी) हुन नसकेका चिठ्ठी पत्रहरूलाई विशेष किसिमबाट जाँची ठेगानावाला पत्ता लगाई पुनः वितरण (डेलिभरी) गराउने र फछ्र्याउने उद्देश्यले २०२५ सालमा फिर्ता चिठ्ठी केन्द्रको स्थापना भयो ।

विक्रम सम्वत् १९३८ सालमा अधिराज्यभरमा ४३ हुलाक कार्यालयहरू थिए । ७८ दशक पूरा भएपछि प्रथम योजना सुरु हुने समय सम्ममा सो को सङ्ख्या १२४ पुगेको थियो । प्रथम योजनाकालमा अरु २९३ हुलाक कार्यालयहरू थप भए । प्रथम र द्वितीय योजनाहरूको अन्तरिम अवधिमा ४ कार्यालयहरू थपिए । द्वितीय योजनाअन्तर्गत पुनः ३० कार्यालयहरू खोलिए र तेस्रो योजनाकालमा देशका हुलाक सेवाको कार्य शालामा २५५ कार्यालयहरू बढे ।

हालसम्मको स्थिति :

चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि अर्थात् तेस्रो योजनाको अन्तसम्ममा हुलाकको सङ्ख्यात्मक स्थिति निम्न प्रकारको छ :

१. गोश्वारा हुलाक	१
२. मुख्य हुलाक	१४
३. छोटी हुलाक (छोटी) हुलाकका स्तरका विनिमय नगर हुलाकसमेत जोड्दा	९०
४. शाखा हुलाक	१९८
५. अतिरिक्त हुलाक	१५३
६. सहकारी हुलाक	२४४
७. अन्य कार्यालयहरू	२६
	७२६

उपर्युक्त मध्ये २० प्रशासकीय कार्यालयहरू कटाई क्षेत्र क्षेत्रमा हुलाक सेवा दिने जम्मा ७०६ क्षेत्रीय कार्यालयहरू छन् । चतुर्थ योजना सुरु हुनुभन्दा अगाडि ५४,३६२ वर्गमिल भित्र नेपालको कुल जनसङ्ख्या १,१०,४४,००० पुग्ने अनुमान गर्न सकिन्छ । यसअनुसार सरदर प्रत्येक हुलाकले १५,६४३ जनसङ्ख्या र ७७ वर्गमिल भूमिको सेवा गरेको देखिन्छ ।

चतुर्थ योजनासम्बन्धी उद्देश्य तथा नीति :

चतुर्थ योजनाको तर्जुमा र कार्यान्वयन सम्बन्धमा निम्नलिखित उद्देश्य तथा नीतिहरू अपनाइएका छन्–

क) बीस वर्षीय दीर्घकालीन योजनामा निहित लक्ष्यअनुरूप उक्त दीर्घकालीन योजनाको प्रथम चरणको रूपमा यस योजनालाई लिने ।

ख) हुलाक सेवाको विस्तारको सन्दर्भमा अतिरिक्त हुलाक खोल्नेतर्फ प्राथमिकता दिने ।

ग) हुलाक सेवालाई आर्थिक आत्मनिर्भरता दिलाउन यथाशक्य प्रयास गर्ने ।

घ) हुलाक घरहरूको निर्माणमा विशेष जोड दिने, र

ङ) हुलाक सेवालाई दक्ष र सुदृढ बनाउने उद्देश्यले सामान्य प्रशासन सेवा भित्रै राखिए तापनि त्यसै भित्र एक छुट्टै सेवा वा समूहको रूपमा यथाशक्य विकास गराउने ।

चतुर्थ योजनामा एक पूर्ण सरकारी हुलाकको बराबर १० अतिरिक्त हुलाकको अनुपातमा हुलाकको विस्तार गर्दै लैजाने नीति अपनाइने छ। यसप्रकार चतुर्थ योजनाकालमा छोटी हुलाक ५, शाखा हुलाक ५० र यी दुबै वर्गका पूर्ण सरकारी हुलाक भन्दा १० गुणा बढी अर्थात् ५५० अतिरिक्त हुलाक खोल्ने लक्ष्य राखिएको छ। त्यस्तै सरदर वार्षिक ५ वटा गरी जम्मा २५ डाँक डाँक रेखाहरूको विस्तार गरिनेछ। सारांशमा यस योजनामा समावेश हुने आयोजनाहरूको प्रकार र सङ्ख्या निम्नअनुसार हुनेछन् :–

आयोजनाहरू	वर्तमान स्थिति	चतुर्थ योजनाको लक्ष्य	जम्मा
१. छोटी हुलाक	९०	५	९५
२. शाखा हुलाक	१९८	५०	२४८
३. अतिरिक्त हुलाक	१५३	५५०	७०३
४. डाँक रेखा	३७	२५	६२
५. डाँक परिवहन	–	–	–
६. जिन्सी सम्पूर्ति	–	–	–
७. जिन्सी खानाको क्षेत्रीय शाखा	–	२	२
८. जिन्सी कार्याशाला	–	१	१
९. भवन निर्माण	३५	३०	६५
१०. हुलाक टिकट संकलन विकास (फि व्यूरो) क्षेत्रीय शाखासमेत	–	२	२
११. प्रशिक्षण व्यवस्थाको विकास	–	–	–
१२. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना	–	२	२
१३. हुलाक संग्रहालयको स्थापना	–	१	१
१४. सेवा विस्तार र सुधार	–	–	–
१५. अन्तराष्ट्रिय सेवाहरू	–	–	–
१६. घुम्ती निरीक्षक	–	५	५
१७. चालू योजनाको सम्भार	–	–	–

१. छोटी हुलाक :

पूर्ण सरकारी र अतिरित्त हुलाकको बीचमा झैं छोटी शाखा र हुलाकको बीचमा पनि एकको बराबर १० अनुपात राखिएको छ। योजना अवधिमा कुनै कुनै अत्यन्त महत्वपूर्ण स्थानमा छोटी हुलाक नै नखोली नहुने स्थिति परिआउँछ र कुनै कुनै शाखा हुलाकको बोझ अति बढ्न गई स्तर वृद्धि गर्नु अति आवश्यक हुन आउँछ। यी सब कुरालाई ध्यानमा राखी विचार गर्दा करिब २० जति नै छोटी हुलाक चाहिने हो तापनि हुलाकको विस्तार यथाशक्य किफायत ढंगले गर्ने उद्देश्यले सरदर वर्षमा १ छोटी हुलाक मात्र खोल्ने गरी ५ छोटी हुलाक खोल्ने लक्ष्य राखिएको छ।

२. शाखा हुलाक :

यस्ता हुलाक विगत योजनामा लगभत १०० वटा खोलिएका थिए तापनि यो भन्दा ज्यादै किफायती हुलाक खोल्ने तर्फ नै जोड दिने पूर्व उल्लिखित नीतिअनुरूप चतुर्थ योजनाकालभरमा केवल ५० शाखा हुलाकको स्थापना गरिनेछ।

३. अतिरिक्त हुलाक :

माथि उल्लेख भैसकेका कारणहरूले गर्दा योजनाकालमा जम्मा ५५० अतिरिक्त हुलाकहरू खोलिने छन्। हुलाकको सङ्ख्या जनसङ्ख्यालाई पुग्दो मात्रामा कायम गर्न ३,००० देखि ५,००० सम्मको जनसङ्ख्याको लागि एउटा हुलाकको सेवा उपलब्ध हुनु पर्ने मानिन्छ। त्यो दृष्टिकोणबाट हेर्दा र हाम्रो पहाडी क्षेत्रमा १० घर यता र १० घर उता गरी ज्यादै छरिएर रहेको आवादीको दृष्टिले गर्दा पनि हुलाकको सङ्ख्यामा यथेष्ट वृद्धि गर्नु परेको छ। यसकारणले चौथो योजनाकालमा सानो खालको अर्ध सरकारी वर्गको ५५० हुलाकको स्थापना गरी सो खाँचोको आंशिक पूर्ति गर्नेतर्फ सक्रिय कार्यक्रम राखिएको छ।

माथि उल्लेख गरिएका हुलाक विस्तारसम्बन्धी ३ आयोजनाहरू पूरा भएपछि हुलाकको सङ्ख्या १,३११ पुग्न जान्छ। योजनावधि भित्र नै ५४,३६२ वर्गमिल भित्र कुल जनसंख्या १ करोड बीस लाख पुग्ने अनुमान गरिएबमोजिम प्रत्येक ९,१५३ जनसङ्ख्या र सरदर ४१$^{१}/_{२}$ (साढे एकचालिस) वर्गमिल भूमिले १ हुलाक कार्यालयको सेवा प्राप्त गर्न सक्नेछ।

४. डाँक रेखा :

हाम्रो जस्तो स्थानीय स्तरमा विकेन्द्रित प्रशासन भएको प्रणालीमा प्रत्येक स्थानको एकक भित्र र एककहरूको बीचमा समेत छिटो र सोझो मार्गबाट चिठ्ठी पत्रहरूको प्राप्ति र प्रेषण भै सञ्चारको सुगमता हुनु प्रशासन र विकास कार्यहरूको लागि पनि अत्यावश्यक छ। अतः चौथो योजनाकालमा हुलाक कार्यालयहरूको सङ्ख्यात्मक विस्तार गरिनुका अतिरिक्त डाँक मार्गहरूको दूरी छोट्याउने गरी २५ नयाँ डाँक रेखाहरूको स्थापना गरिनेछ।

५. डाँक परिवहन :

हाल निर्माणाधीन महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्गसमेत अन्य अञ्चल तथा जिल्ला स्तरीय मार्गहरू धेरैको निर्माण पूरा भैसक्ने हुनाले तयार भई बाह्रै महिना यान परिवहन चल्ने अर्थात् सर्वऋतु सडकहरूमा वहित्रवाहनद्वारा डाँक परिवहन सेवा चलाउने लक्ष्य राखिएको छ। त्यसै गरी दुर्गम पहाडी क्षेत्रहरूमा नयाँ नयाँ साना (स्टोल) विमान स्थलहरूको निर्माण भई हवाई सेवा चल्ने हुँदा ६ नयाँ प्रखण्डहरूमा हवाई परिवहनको सेवा उपलब्ध गराइने लक्ष्य राखिएको छ।

६. जिन्सी सम्पूर्ति :

हुलाक सेवाको सञ्चालनलाई चाहिने पत्रहरू, टाँचा, छाप, डाँक थैला, ढक, तराजु र काउन्टरका मेशिनहरू आदि अनेकौं सरसामानहरूको सम्पूर्ति गर्न आवश्यक धनराशी उपलब्ध गराइनेछ।

७. जिन्सीखानाको क्षेत्रीय शाखा :

केन्द्रीय जिन्सी खानामा देशमा ७५ जिल्लामा छरिएका अनेकौं कार्यालयहरूको लागि चाहिने विशाल जिन्सी भण्डार राख्ने समस्याका अतिरिक्त स्वदेश विदेशबाट खरिद गरी ल्याई एकै ठाउँमा थुपारी फेरि देशको अनेकौं विन्दुतर्फ चलाई पठाउन अप्ठ्यारो मात्र होइन असम्भव सिद्ध भएकाले विराटनगर र नेपालगञ्जमा जिन्सीखानाका २ क्षेत्रीय शाखाहरू खोल्ने लक्ष्य राखिएको छ।

८. जिन्सी कार्यशाला :

कतिपय प्राविधिक सरसामानहरू जस्तै टाँचा, पत्र-मञ्जुषा आदिको सम्पूर्तिमा विदेशी सरकार वा कम्पनीको मात्र भर नपरी शनैः शनैः यसतर्फ दिशातर्फ स्वावलम्वी हुन एक कार्यशाला अर्थात हुलाकको एक जिन्सी उत्पादन केन्द्रको स्थापना हुन आवश्यक छ। चौथो योजनामा सानो रूपमा मात्र यसको स्थापना गरिने हुँदा यसको उत्पादन क्षमता ठूलो हुने छैन। यसलाई एक प्रकारको प्रायोगिक रूपमा चलाइने छ।

९. भवन निर्माण :

हुलाकहरूको एक मूलभूत खाँचोको रूपमा हुलाक कार्यालयहरूको लागि सरकारी घरको अभाव र भएका थोरै घरहरूमा पनि ठाउँको ज्यादै अपर्याप्तता देखा पर्दछ। उपयुक्त घर र पुग्दो ठाउँको अभावले कार्यालयहरूको दक्षतामा समेत प्रतिकूल असर पारिरहेको छ। लगभग ८० प्रतिशत हुलाकहरू भाडाका घरमा राखिएका छन्। त्यसैले चौथो योजनामा नयाँ हुलाक भवनहरूको निर्माणमा विशेष जोड दिनुपरेको छ। भवन निर्माण परियोजनाअन्तर्गत योजनावधि भित्र काठमाडौंमा ३, सिन्धुपाल्चोकमा १, पर्सामा १, रौतहटमा १, रामेछापमा १, सर्लाहीमा १, भोजपुरमा १, ओखलढुंगामा १, इलाममा १, धनकुटामा १, सुनसरीमा १, गुल्मीमा १, गोरखामा १, स्याङ्जामा १, वाग्लुङमा १, दाङ्गमा १, सल्यानमा १, सुर्खेतमा १, दैलेखमा १, जुम्लामा १, डोटीमा १, वैतडीमा १, डडेलधुरामा १, भक्तपुरमा १, जनकपुरमा १, मोरङमा १, बाँकेमा १ र सिन्धुलीमा १ गरी जम्मा ३० भवनहरू २८ जिल्लामा निर्माण गरिनेछ।

१०. हुलाक टिकट सङ्कलन (फिलाटेलिक) विकास :

राष्ट्रिय तथा अन्तराष्ट्रिय हुलाक टिकट संकलन बजारहरूमा नेपाली टिकट संकलनकर्ताहरूको माग पूर्ति गरेर विगत तेस्रे योजनाकालमा प्रत्यक्ष रूपबाट परिवर्त्य मुद्रालगायत वार्षिक ३ लाख रूपैयाको आर्जन गर्न सकिएको थियो। नेपाली टिकटको शनैः शनै बढ्दो लोकप्रियतालाई ध्यानमा राखी सुन्दर एवम् आकर्षक टिकटहरूको सुनियोजित प्रकाशन एवम् व्यापक विज्ञापन र प्रचारको साथसाथै सम्बन्धित फोल्डर, पुस्तिका र हुलाक टिकट सङ्कलन विवरणीकाहरूको प्रकाशनजस्ता कार्य गर्दै लगेमा योजनाको अन्तिम चरणसम्ममा वार्षिक हुलाक टिकट सङ्कलन आम्दानी १० लाख पुग्ने अनुमान गर्न सकिन्छ। यो आम्दानी शुद्ध हुलाक सेवाबाट कमाएको राजस्वमा थप आम्दानी हुनेछ। यस योजनाकालको तेस्रो र चौथो चरणमा देशभित्रका हुलाक टिकट सङ्कलनकर्ताहरूको सेवाको लागि क्रमशः पूर्वी र पश्चिमी क्षेत्रमा १।१ गरी साना साना क्षेत्रीय कार्यालयको स्थापना गरिनेछ। योजनाको प्रथम चरणमा नै संयुक्त राष्ट्रसंघीय टिकट विक्रीको लागि द्विपक्षीय सम्झौताद्वारा एकाधिकार दिई सं. रा. संघद्वारा प्रकाशित टिकटको हाम्रो पनि हुलाक टिकट सङ्कलन ठाउँ (फिलाटेलिक काउण्टर) मा विक्री गर्ने व्यवस्था हुनेछ।

११. प्रशिक्षण व्यवस्था विकास :

चौथो योजनामा हुलाकको सङ्ख्यामा वृद्धि हुने र दक्ष सेवाको लागि तालिमप्राप्त कर्मचारीहरूको खाँचो झन् बढ्ने भएकोले वर्तमान तालिम व्यवस्थाको गुणात्मक र सङ्ख्यात्मक उत्पादकत्वमा वृद्धि गरिनेछ । योजनामा निम्नलिखित कार्यहरू तालिमको क्षेत्रभित्र पर्नेछन् –

(क) पाठ्य पुस्तकको तर्जुमा गरी प्रकाशित गर्ने ।

(ख) करिब ५० जनाको निमित्त ठाउँ भएको छात्रावासको बन्दोबस्त गर्ने ।

(ग) दृश्य श्रव्य (अडियो भिजुअल) सामग्री तथा प्रशिक्षणको लागि आवश्यक पर्ने अन्य सरसामानले सुसज्जित गरी हुलाक प्रशिक्षण केन्द्रको आधुनिकीकरण गर्ने ।

(घ) हुलाक पुस्तकालयको स्थापना गर्ने ।

(ङ) प्रशिक्षणको लागि विशेष किसिमबाट प्रशिक्षित आवश्यक अन्य कर्मचारीहरू र प्रशिक्षकहरू (स्टाफ) को व्यवस्था गर्ने ।

१२. क्षेत्रीय फिर्ती–चिठ्ठी–केन्द्रको स्थापना

तेस्रो योजनामा एक बीजाङ्कुरको रूपमा फिर्ती–चिठ्ठी–केन्द्रको स्थापना गरियो । तर एउटा सानो केन्द्रले सम्पूर्ण अधिराज्यकै फिर्ती चिठ्ठीहरू बारे कारवाही गर्नुपर्ने हुँदा सो गर्न सक्षम सिद्ध हुन सकेन । अतः पूर्वाञ्चल र पश्चिमाञ्चलको निमित्त २ छुट्टाछुट्टै फिर्ती चिठ्ठी केन्द्रहरू स्थापना गर्ने उद्देश्यअनुसार चौथो योजना अवधिभित्र पूर्वाञ्चलको निमित्त विराटनगर र पश्चिमाञ्चलको निमित्त भैरहवामा गरी दुई क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रहरूको स्थापना गर्ने लक्ष्य राखिएको छ ।

१३. हुलाक संग्रहालयको स्थापना :

हुलाकका मूल्यवान अनुपम प्राचीन ऐतिहासिक महत्व भएका कागज-पत्र वा प्रलेख, टिकट, औजार र सरसामानलाई सुरक्षित रूपमा राख्न यस योजनामा काठमाडौंमा एउटा सानो हुलाक संग्रहालयको स्थापना गरिनेछ ।

१४. सेवा विस्तार र सुधार :

हुलाक सेवालाई लोकोपयोगी बनाउन यस क्षेत्रमा निम्नलिखित कार्यहरू गरिनेछन् –

(क) आन्तरिक विमा पत्रजस्ता पहिले सुरु गरिसकिएका सेवाहरूलाई अझ व्यापक बनाइ यथाशक्य धेरै विन्दुहरूमा सो चलाउने व्यवस्था गर्ने ।

(ख) तेस्रो योजनामा चालू गरी उपयोगी सिद्ध भएको हुलाक आदेश सेवालाई सुदृढ तुल्याई सुव्यापक रूप दिन ।

(ग) आन्तरिक पुलिन्दा सेवालाई अन्तराष्ट्रिय पुलिन्दा सेवाको दाँजोमा सुधार गरी आधुनिकीकरण गर्ने ।

(घ) हुलाक वचत अधिकोष (पोष्टल सेभिङ्ग बैंक) लागू गर्ने दिशातर्फ प्रयोगको रूपमा पहिले सर्वेक्षण गरी प्रतिवेदन तयार गरी केही प्रमुख हुलाकहरूमा सुरुआत गर्ने ।

१५. अन्तर्राष्ट्रिय सेवाहरु :

निम्नलिखित सम्झौताहरू सम्पन्न गर्ने र निम्नलिखित सेवाहरू चौथो योजनाकालमा चालू गर्ने योजना राखिएको छ ।

(क) विश्व हुलाक संघको तत्वावधानमा तयार भएको अन्तराष्ट्रिय विमा पत्र सेवा तथा अन्तराष्ट्रिय पुलिन्दा सेवा सम्बन्धी २ विस्तृत वहुपक्षीय सम्झौताहरूमा प्रवेश गरी पूर्व योजनाकालमा सीमित द्विपक्षीय सम्झौताहरूको आधारमा चलाइएको उपर्युल्लिखित २ अन्तराष्ट्रिय सेवाहरूलाई पूर्णतया व्यापक, विस्तृत र स्वायत्त तुल्याउने ।

(ख) भारतसँग हुलाक आदेश सेवा चलाउने ।

(ग) देशको उत्तर वा दक्षिणतर्फको ३ सीमावर्ती ठाउँहरूमा अन्तराष्ट्रिय डाँक विनिमय गर्ने ३ विनिमय हुलाक कार्यलयहरूको स्थापना गर्ने ।

(घ) भारतसँग द्विपक्षीय सम्झौताको आधारमा धनादेश सेवा चलाउने बारे कारवाही गर्ने ।

१६. घुम्ती निरीक्षण :

हुलाक सेवा कुशल तरिकाबाट सञ्चालन गराउने चौथो योजनाअन्तर्गत निरीक्षणको सिलसिलामा नियमित रूपले भ्रमण गरिरहने कर्तव्य ठेकिएका पाँच निरीक्षकहरूको व्यवस्था गरिनेछ ।

१७. चालू योजना सम्भार :

पूर्व योजनाकालमा सुरु भई चालू रहेको आयोजनाहरूलाई सम्भार गरिनेछ ।

वित्तीय लगानी :

चतुर्थ (पञ्चवर्षीय) योजनामा हुलाक सेवाको विस्तार तथा सुदृढीकरणको निमित्त जम्मा रु. २,४४,५१,०००।- (दुई करोड चवालीस लाख एकाउन्न हजार) खर्च गर्ने लक्ष्य छ । प्रत्येक आयोजनाको सञ्चालनको लागि चाहिने आवश्यक रकम साथै संलग्न छ ।

आयोजनाको नाम	चौथो योजनाको लक्ष्य	रकम (रू. हजारमा)
१. छोटी हुलाक	५	२१०
२. शाखा हुलाक	५०	५,४८६
३. अतिरिक्त हुलाक	५५०	४,६००
४. डाँक रेखा	२५	१,४००
५. डाँक परिवहन	–	१,२००
६. जिन्सी सम्पूर्ति	–	२,५००
७. जिन्सीखानाको क्षेत्रीय शाखा खोल्ने	२२	२००
८. जिन्सी कार्यशाला	१	५००
९. भवन निर्माण	३०	३,०००
१०. हुलाक टिकट संकलन विकास (फि. व्युरोको क्षेत्रीय शाखासमेत)	२	५००
११. प्रशिक्षण व्यवस्थाको विकास	–	२५०
१२. हुलाक संग्रहालयको स्थापना	१	१२५
१३. सेवा विस्तार र सुधार	–	२००
१४. अन्तराष्ट्रिय सेवाहरू	–	३५०
१५. घुम्ती निरीक्षक	–	५०
१६. चालू योजनाको सम्भार गर्ने	–	३,८३०
१७. क्षेत्रीय फिर्ती चिठ्ठी केन्द्रको स्थापना	१	५०
जम्मा :		२,४४,५१

द्रष्टव्य :

यसमध्ये क्रमसङ्ख्या ९ र ११ को आयोजनाहरू मात्र नयाँ आय–व्ययक (बजेट) परिभाषाअनुसार विकास खर्चमा पर्ने भएकोले चौथो योजनाको हुलाक विकास खर्चमा रु. ३२ लाख ५० हजार मात्र देखाइएको छ ।

चतुर्थ योजनामा हुलाकअन्तर्गतको विकास खर्चको बार्षिक वाँडफाँट

०२७–३२

आयोजना	चौथो योजनाको खर्च	खर्चको बार्षिक वांडफांट				
		०२७-२८	०२८-२९	०२९-३०	०३०-३१	०३१-३२
१. हुलाक भवन निर्माण के.	३०,००,०००	४,००,०००	५,००,०००	६,००,०००	७,००,०००	८,००,०००
२. प्रशिक्षण व्यवस्थाको विकास	२,५०,०००	५०,०००	५२,९००	४६,७६४	१५,४६४	८४,८७२
जम्मा :	३२,५०,०००	४,५०,०००	५,५२,९००	६,४६,७६४	७,१५,४६४	८,८४,८७२

चतुर्थ योजनाको वार्षिक कार्यक्रम र वित्तीय लगानी (०२७-३२)

आयोजना	०२७ -२८	०२८ -२९	०२९ -३०	०३० -३१	०३१ -३२	जम्मा
१	२	३	४	५	६	७
१. छोटी हुलाक	-	१	१	१	२	५
रकम	-	१९०९०।९०	३८१८८०	५७२७२।७०	९५४५४।५०	२१००००
२. शाखा हुलाक	८	९	१०	११	१२	५०
रकम	३१३४८५।६८	६६६१५७।०७	१०५८०१४।१७	१४८९०५६१८	१९५९२५५	५४,८६०,००
३.अतिरिक्त हुलाक	८०	१००	११०	१२०	१४०	५५०
रकम	२४३७०८	५४८३४३	८८३४४१।५०	१२४९००३	१६७५४९२।५०	४६०००००
४. डांक रेखा	३	४	५	६	७	२५
रकम	६४६१५।३८	१५०७६९।२२	२५८४६१।५२	३८७६९२	५३८४६१।५०	१४०००००
५. भवन निर्माण	४	५	६	७	८	३०
रकम	४०००००	५०००००	६०००००	७०००००	८०००००	३०,००,०००
६. जिन्सी सम्पूर्ति	१२ प्रतिशत	१६ प्रतिशत	२० प्रतिशत	२४ प्रतिशत	२८ प्रतिशत	१०० प्रतिशत
रकम	३०००००	४०००००	५०००००	६०००००	७०००००	२५,००,०००
७. डांक परिवहन						
(क) जाँचकी थप गर्ने	-	५	१०	१५	२०	५०
रकम	-	१००००	३००००	६००००	१०००००	२०,००,००
(ख) डांक परिवहनका साधन						
(१) मेल मोटर	-	३	३	४	५	१५
रकम	-	१३५०००	१३५०००	१८००००	२२५०००	६,७५,०००
(२) मेलस्टार	-	४	५	५	६	२०
रकम	-	३००००	३७५००	३७५००	४५०००	१५,००,००
(३) साईकिल	-	५०	५०	१००	३०००	५००
रकम	-	१७५००	१७५००	३५०००	१०५०००	१,७५,०००
(ग) थप प्रखण्ड र हवाई प्रखण्डहरू						
(१) सतह प्रखण्ड	-	१	१	३	५	१०
रकम	-	-	-	-	-	-
(२) हवाई प्रखण्ड	-	१	-	-	१	६
रकम	-	-	-	-	-	-

८. जिन्सीखानाको क्षेत्रीय शाखा खोल्ने	-	-	१	१	१	२
रकम	-	२००००	८००००	८००००	२००००	२,००,०००
९. जिन्सी कार्यशाला	-	-	-	१	१	१
रकम	-	-	-	२५००००	२५००००	५,००,०००
१० हुलाक टिकट संकलन विकास	१२ प्रतिशत	१६ प्रतिशत	२० प्रतिशत	२४प्रतिशत	२८प्रतिशत	१०० प्रतिशत
रकम	३३०००	४४०००	५५०००	६६०००	७७०००	२,२५,०००
क्षेत्रीय शाखा	-	-	-	१	१	२
रकम	-	-	-	७५०००	१५००००	२,७५,०००
११. प्रशिक्षण व्यवस्थाको विकास						
(क) गुणात्मक	पाठ्य पुस्तकको प्रकाशन	आधुनिक सामग्री द्वारा सुसज्जित पार्ने	पुस्तकालयको स्थापना	छात्रावासको निर्माण प्रारम्भ	छात्रावासको व्यवस्था पूरा गर्ने	
रकम	५०,०००	५०,०००	४०,०००	-	५०,०००	१,९०,०००
(ख) आकारमा बृद्धि	-	एक प्रशिक्षक थप	अरु कर्मचारी थप	३ प्रशिक्षक थप	उच्च र निम्न २ पाठ्यक्रम चलाउने	
रकम	-	२,९००	६,७६४	१५,४६४	३४,८७२	६०,०००
१२. क्षेत्रीय फिर्ती चिट्ठी केन्द्रको स्थापना	-	-	-	विराटनगरमा शाखा	भैरहवामा शाखा	२
रकम	-	-	-	१६,५००	३३,५००	५०,०००
१३. हुलाक संग्रहालयको स्थापना	काठमाडौंमा स्थापना	-	-	-	-	१
रकम	४५,०००	२०,०००	२०,०००	२०,०००	२०,०००	१,२५,०००
१४. सेवा विस्तार	आन्तरिक विमा पत्र सेवा व्यापक गर्ने	हुलाक आर्दश सेवालाई व्यापक गर्ने	आन्तरिक पुलिन्दा सेवाको आधुनिकीकरण गर्ने	वचत बैंक प्रणाली सम्बन्धी सर्वेक्षण र प्रतिवेदन	बचत बैंक प्रणाली लागू केही प्रमुख कार्यालयमा गर्ने	
रकम	३५,०००	३५,०००	२०,०००	१०,०००	१०,०००	२,००,०००
१५. अन्तर्राष्ट्रिय सेवाहरू	-	सीमावर्ती २ ठाउँमा विनिमय हुलाक खोल्ने	भारतीय हुलाक आदेश र धनादेश सेवा चलाउन कारवाई गर्ने	क. उल्लिखित सेवाहरू चलाउन अरु कारवाही गर्ने ख. विश्व हुलाक संघको विमा पुलिन्दा सेवा संभैतामा प्रवेश गर्ने	विनिमय हुलाकको स्थापनासमेत अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विकास कार्य गर्ने	२०००००

रकम	-	५०,०००	५०,००००	१००,०००	१,५०,०००	३,५०,०००
१६. घुम्ती निरीक्षण	-	१	१	१	२	५
रकम	७,६६,०००	४,५४५।४५	९,०९०।९०	१३,६३६।३५	२२,७२७।२५	५०,०००
१७. चालू आर्थिक वर्षको संभार	-	७,६६,०००	७,६६,०००	७०,६६,०००	७,६६,०००	३८,३०,०००
जम्मा :	२२,५०,८०९।०६	३४,४९,३०५	४५,६४,९५३।८९	६२,८,१२५	७९,७७७९	२,४४,५१,०००

परिच्छेद १४

नेपाल अभियान्त्रिक प्रशिक्षालय

(नेपाल इन्जिनियरिङ्ग इन्स्टिच्यूट)

१. हाम्रा र हामीजस्तै अरु विकासोन्मुख मुलुकहरूको अनुभवबाट थाहा पाइएअनुसार विकास कार्यहरूको सञ्चालनमा पर्ने अनेकौं समस्याहरूमध्ये निर्माण कार्यहरूका निमित्त अत्यावश्यक प्राविधिक र दक्ष तथा अर्ध-श्रमिकहरूको कमी एक प्रमुख समस्या हुन जान्छ। त्यसबाहेक योजनाबद्ध विकासक्रममा कुल लगानीको एक ठूलो भाग निर्माण कार्यमा खर्च हुने हुँदा सम्बन्धित विषयमा शिक्षा तथा तालिम पाएका प्राविधिक र विभिन्न तहका श्रमिकहरूको माग पनि क्रमशः बृद्धि हुँदै जानेछ। हाल हाम्रो मुलुकमा विभिन्न स्तरको निर्माण कार्य सञ्चालन गर्न सक्ने प्राविधिकहरूको त के कुरा निर्माण आयोजनाहरूमा काम गर्ने दक्ष तथा अर्ध-दक्ष श्रमिकहरूको समेत कमी रहन गएको छ। फलस्वरूप योजनाकालमा उपयुक्त कामदार श्रमिकहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेर आयोजनाहरू लक्ष्य भन्दापछि पर्न गएका छन्। त्यसकारण निर्माण कार्यक्रम सुचारु रूपले गर्न समयमा नै प्राविधिक तथा श्रमिकहरूको सङ्ख्या बृद्धि गर्नेतर्फ आवश्यक कदम उठाउन अनिवार्य देखिन्छ। यसतर्फ कैयौं कारणले गर्दा मुलुकभित्रै अल्पकालीन समयमा विशेषतः उच्चस्तरका र साधारणतः अन्य विभिन्न स्तरका प्राविधिक र दक्ष श्रमिकहरूको सङ्ख्या पर्याप्त मात्रामा उपलब्ध गर्न आवश्यक तालिम व्यवस्था मिलाउन नसकिने हुँदा उच्चस्तरका प्राविधिकहरूलाई तालिमको निमित्त विभिन्न शैक्षिक आयोजनाहरूमार्फत विदेशमा तालिम दिन पठाउने व्यवस्था गर्ने गरिआएको छ। यसका साथै निम्न र मध्यमस्तरका प्राविधिकहरूको निमित्त स्वदेशमा नै तालिम व्यवस्था मिलाउने लक्ष्य राखिएबमोजिम केही वर्ष यतादेखि त्यसतर्फ महत्वपूर्ण कदम चालिदैछ।

२. उपर्युक्त क्रमकै आधारमा २०१८ साल भाद्र १७ गते नेपाल इन्जिनियरिङ्ग इन्स्टिच्यूटको स्थापना गरियो। स्थापना भएदेखि उक्त विद्यापीठमा जानपद अभियान्त्रिकी (सिभिल इन्जिनियरिङ्ग) सम्बन्धी हालसम्म अधिदर्शक (ओभरसियर) स्तरको प्राविधिक तालिम दिने व्यवस्था गरिएको छ। चतुर्थ योजना सुरू हुनुभन्दा अगाडिसम्म यस प्रशिक्षालयबाट ३२१ जवानलाई तालिम उपलब्ध गराई सकेको छ। त्यसबाहेक उक्त प्रशिक्षालयको निमित्त आवश्यक प्रयोगशाला भवन र छात्रावास निर्माण गर्ने कार्य शत प्रतिशत पूरा गरि सकिएको छ। यसका अतिरिक्त विभिन्न कार्यशाला (वर्कसप)हरूका निमित्त आवश्यक छाप्रा (सेड) हरू सरसामानहरू उपलब्ध गराई विद्यापीठलाई बढी सुसजिज्त पार्ने तर्फपनि गहकिलो कदम चालिएको छ।

३. हाम्रो देशमा विकास आयोजनाहरूको परिमाण बृद्धि हुँदै आइरहेको छ। यसअनुसार दक्ष कामदार र प्राविधिकहरूको बढी आवश्यकता हुन आएको छ। तसर्थ आगामी चौथो योजनामा विभिन्न आयोजनाहरूको आवश्यकतानुसार जानपद अभियान्त्रिकीको अलावा विद्युत् दूर सञ्चार र हवाई सम्बन्धी अधिदर्शकहरूको पनि तालिम दिइनेछ। यी तालिमहरूको अवधि ३ वर्षको हुनेछ। विभिन्न विषयहरूमा खास गरी नलकर्मीको (प्लम्बिङ) काम, नल जडानको काम (पाइप फिटिङ) स्यूल उपकरण (हेभि इक्यूप्मेन्ट) सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्नुका साथै काष्ठ कार्यालय र विद्युत कार्यालयहरूलाई उपयोगी हुने शेक्षिक कार्यक्रम तयार गरी सम्बन्धित विषयहरूमा विभिन्न स्तरका प्रवीण कामदारहरू तयार गर्नेछ। साथै आधुनिक यन्त्रहरूसित परिचित तुल्याउन तत्सम्बन्धी ज्ञान दिलाउन पुरानियाहरूलाई उपयुक्त उच्चतरको बढुवाको तालिम र विशेष तालिम पनि दिइनेछ। यसअनुसार प्रतिवर्ष उक्त प्रशिक्षालयले, क्षमताको अनुसार विभिन्न विषयमा तालिम दिई निम्नबमोजिम उपलब्ध गराइनेछ :–

मध्यमस्तर	क्षमता	०२७।२८	०२८।२९	०२९।३०	०३०।३१	०३१।३२	जम्मा
१. जानपद अभियान्त्रिकी	६०	४६	५८	४६	६०	६०	२७०
२. विद्युत ,,	६०	-	-	३०	३०	३०	९०
३. दूर-सञ्चार ,,	-	-	-	-	६०	६०	१२०
४. हवाई नियन्त्रण	-	६	६	६	६	६	३०
दक्ष कामदार							
१. डकर्मी र कंक्रीट	-	१२०	१२०	१२०	१२०	१२०	६००
२. लकर्मीको काम	-	१२०	१२०	१२०	१२०	१२०	६००
३. सिकर्मी	-	१२०	१२०	१२०	१२०	१२०	६००
४. टेलिफोन अपरेटर	-	२४	२४	२४	२४	२४	१२०

दूर मुद्रण (टेलेक्स सम्बन्धी)						
१ सेल्स एण्ड एकाउण्टस् क्लर्क	१२	१२	१०	१०	१२	५६
२. टेलिप्रिन्टर अपरेटर	७	७	१०	१०	१०	४४
३. हवाई सम्बन्धी कम्यूनिकेटर	१०	१०	१०	१०	१०	५०
४. हवाई रेडियो प्राविधिक	-	-	-	३६	-	३६

हाल विद्यमान प्राविधिकहरूको र प्रवीण कामदारहरूकको माग केही मात्रामा भए पनि पूर्ति हुन जाने हुँदा सडक, भवन, जलश्रोत र नहरसम्बन्धी निर्माण कार्यको संचालन गर्न सहयोग पुग्ने आशा राखिन्छ। यसरी सम्बन्धित विषयमा तालिमको विस्तार गर्न यस योजनाकालमा उक्त विद्यापीठ भवनमा यन्त्र (मेशिनरी) र कंक्रीट कार्यशाला, माटो जाँच प्रयोगशाला (स्वायल टेष्टिङ्ग लेवोरेटरी) तथा जल विज्ञान प्रयोगशालाको स्थापना गरिनेछ।

५. चौथो योजनामा यस प्रशिक्षणबाट सम्बन्धित आयोजनाहरूमा रु. २ करोड ३३ लाख रकम खर्च हुने अनुमान छ। यसमध्ये १ करोड ७९ लाख २९ हजार संयुक्त राष्ट्रसंघमार्फत र बाँकी रकम श्री ५ को सरकारबाट प्राप्त गराइने भएको छ।

परिच्छेद १५

उद्योग

राष्ट्रिय उत्पादन र प्रतिव्यक्ति आयमा द्रुतगतिले विकास गरी देशको आर्थिक विकासको गहकिलो आधार खडा गर्न, कृषिजस्ता प्राथमिक व्यवसायमाथि बढ्दो जनसङ्ख्याको भार कम गरी बढ्दो शिक्षित समुदायलाई समेत लाभप्रद रोजगार दिलाउन र राष्ट्रिय साधनहरूको अत्यधिक सदुपयोग गर्न पनि औद्योगीक विकासको आवश्यकता पर्दछ। एकातिर आर्थिक विकासलाई द्रुततर गर्न औद्योगीक विकास बढी से बढी आवश्यक पर्दछ भने अर्कोतिर नेपालमा औद्योगीक विकासको लागि चाहिने आधार ज्यादै कम विकसित छ। स्वस्थ औद्योगीक विकासको लागि स्वदेशी कच्चा पदार्थको आवश्यकता महसुस गरिएको छ; तर खनिजमा आधारित लाभप्रद उद्योगको कच्चा पदार्थको पत्ता अहिलेसम्म नगण्य रूपमा मात्र लागेको छ। राष्ट्रिय वन साधनको औद्योगीक उपयोगसम्बन्धी भरखरै सुरु गरिँदैछ र कृषि आधारित उद्योगहरू वर्तमान माग नै पूरा गर्न सकिएको छैन। औद्योगीक विकास ठूलो मात्रामा गर्न वजारको अभाव छ; बजार विकासको लागि आवश्यक क्रयशक्तिको विस्तार त समय लाग्ने कुरा हो। यस सम्बन्धमा यातायातमा भैरहेको विकासले अधिराज्यमा भएको बजार भने सुगम हुँदै गएको छ। नेपालजस्तो विकासोन्मुख देशको औद्योगीक विकासका लागि कतिपय कच्चा पदार्थ तथा बजारको निमित्त अन्तर्राष्ट्रिय व्यापार र सुगम पारवहनको आवश्यकता पर्दछ। यसका लागि खास गरेर भारतसँगको व्यापार तथा पारवहन सम्झौता र त्यसको कार्यान्वयन पनि धेरै महत्वपूर्ण हुन्छ। फेरि हाम्रो औद्योगीक विकासको अनुभव ज्यादै छोटो छ र दक्ष व्यवस्थापकहरूको पनि कमी छ। यस्तो कठिन स्थितिलाई सुधार्न यस्तै स्थितिमा पनि औद्योगीकरण गर्ने जो सक्दो प्रयास गत वर्षहरूमा हुँदै आएको छ।

हालसम्मको प्रगति :

दोस्रो विश्वयुद्धले गर्दा सिर्जना भएको औद्योगीक वस्तुहरूको असाधारण अन्तर्राष्ट्रिय मागको फलस्वरूप त्यसबखत केही उद्योगहरूको स्थापना भै नेपालमा वस्तविक औद्योगीक विकासको प्रारम्भ भयो। तर बलियो आधार नभई सुरू गरिएका कतिपय उद्योगहरू विश्वयुद्ध सँगसँगै हराएर पनि गए। त्यसपछि २०१३ सालमा योजनावद्ध विकासको प्रारम्भ भएको बेलासम्म नेपाललाई औद्योगीकरणको दिशामा लैजाने किसिमको कुनै उल्लेखनीय प्रगति भएन। विगत योजनामा कतिपय उद्योगहरू खोल्ने योजना गरिएका थिए; तीमध्ये अधिकांश उद्योगहरू निजी क्षेत्रमा लक्ष्यित गरिएको थियो, तर निजी क्षेत्रको विकासका लागि आवश्यक आधारभूत कुराहरूको अविकसित स्थिति तथा औद्योगीक नीतिको अनुरूप विस्तृत रूपमा वर्गीकरण निर्धारण नहुनुको कारणले गर्दा धेरैजसो लक्ष्य हासिल भएनन् र खास गरी तेस्रो योजना अवधिमा योजनामा नपरेका र आर्थिक विकासमा कमै मात्र सहायक हुने खालका उद्योगहरूको सङ्ख्यामा वृद्धि हुनगयो।

सरकारी क्षेत्रमा वीरगन्ज चिनी मल र कृषि औजार कारखाना, जनकपुरमा चुरोट कारखाना र काठमाडौंमा छालाजुत्ता कारखाना र इँटा टायल कारखानाहरू स्थापना गरिए। तेस्रो योजनाको प्राथमिकताअनुसार काठमाडौंमा सिमेन्ट कारखानाको निर्माणको सुरुवात भयो र भैरहवामा सुती कपडा मिलको स्थापनासम्बन्धी प्रारम्भिक कार्यका लागि गैर सरकारी क्षेत्रमा विशेष सुविधाहरू प्रदान गरिन थालियो। दोस्रो योजनामा लक्ष्यित औद्योगीक क्षेत्रहरू पाटन, वालाजु र हेटौंडामा स्थापित गरिए र तेस्रो योजना अवधिमा धरान र नेपालगन्जमा औद्योगीक क्षेत्र स्थापना गर्न प्रारम्भिक कार्यहरूसम्म हुनसके।

विगत योजनाहरूमा औद्योगीक विकासको आधार सिर्जना गर्ने क्षेत्रमा केही महत्वपूर्ण उपलब्धिहरू भएका छन्। औद्योगीकणको आधारहरूमध्ये एउटा महत्वपूर्ण कुरा कच्चा पदार्थ भएकाले स्वदेशी प्राकृतिक साधनको जानकारी र विकास हुनु आवश्यक छ। यसअन्तर्गत तेस्रो योजनामा तराई र भित्री मधेश क्षेत्रको वन साधनको सर्वेक्षण पूरा गरिएको छ र यसको औद्योगीक उपयोगका सम्भावनाहरू वारेको विस्तृत अध्ययन गर्ने व्यवस्था थालिएको छ। व्यापारिक कृषिको सम्भावना अध्ययनका लागि सहायक हुने अधिराज्यको माटोको सर्वेक्षण गर्न प्रारम्भिक कार्य भएको छ। खनिज साधनको अध्ययन पनि धमाधम गरिँदैछ। कृषि क्षेत्रमा भैरहेको प्रगतिले कृषकवर्गको क्रयशक्ति क्रमशः वृद्धि गर्दै औद्योगीक वस्तुहरूको माग बढाउँदै छ र यातायातको विकासले विभिन्न स्थानहरूमा रहेको बजारलाई नजिक ल्याएको छ।

गत वर्षहरूमा औद्योगीक सुविधाहरूको सम्वन्धमा बनेका कानुनहरू र यसतर्फ भएका अन्वेषणहरूले पनि भविष्यको औद्योगीक विकासका लागि सहायता पुऱ्याएको छ। औद्योगीक ऋण यस क्षेत्रको विकासको लागि अत्यावश्यक भएकोले नेपाल औद्योगीक विकास कर्पोरेशनको स्थापना गरियो र यस कर्पोरेशनले प्रथम योजना अवधिमा जम्मा रु. ५४३ लाख र दोस्रो योजना अवधिमा जम्मा रु. १३३ लाखको ऋण उपलब्ध गरायो।

तालिका नं. १

तेस्रो योजना अवधिमा नेपाल औद्योगीक विकास कर्पोरेशनले औद्योगीक व्यवसायहलाई ऋण स्वीकृति तथा विभिन्न मुद्रामा गरेको भुक्तानी

(रु.हजारमा)

आ.व.	ऋण स्वीकृति	ऋण भुक्तानी
२०२२–२३	५०,६६	८१,३४
२०२३–२४	२,९९,२३	८३,६०
२०२४–२५	७७,५८	३८,९१
२०२५–२६	१,४६,०३	१३,२२
२०२६–२७ अ	५,७७,००	१,९३,३८
जम्मा :	११,५०,५०	४,१०,४५

अ **२०२६।२७ सालको अनुमानित ।**

उपर्युक्त ऋण प्रदान गरिएकोमा विदेशी एजेन्सीहरूमार्फत ऋण दिएका उद्योगहरूलाई निम्नलिखित बमोजिमको विदेशी मुद्रा उपयोग गरिएकोछ :–

तालिका नं. २

(रू.हजारमा)

विवरण	२०२२।२३	०२३।२४	०२४।२५	०२५।२६	०२६।२७
जर्मन मार्क	१५,००	१,५७	७९	२२	३५,००
डलर	१,२२	२७	९	–	–
भारतीय रुपियाँ	१०,८२	३९,८९	२१,६०	२,११	१,००,००

यसवाहेक विभिन्न उद्योगहरूको परिचालनमा उक्त कर्पोरेशनका तर्फबाट शेयर लगानी गरी सहयोग गरिएको यसप्रकार छ :–

तालिका नं. ३
इक्वीटी लगानी

(रू.हजारमा)

आ.व.	स्वीकृति	(इक्वीकटीमा) लगानी
२०२२–०२३	६,८०	१२,३०
२०२३–०२४	२७,५०	५,७२
२०२४–०२५	१,५५	३,३९
२०२५–०२६	१३,३१	२,१४
२०२६–०२७		१,००,००
	४६,१६	१,२३,५५

तालिका नं. ४

तेस्रो योजना अवधिमा केही प्रमुख उद्योगहरूले गरेको उत्पादन (उद्योग र वर्षअनुसार)

सि.नं. उद्योगको नाम	एकाई	२०२२–२३	२०२३–२४	२०२४–२५	२०२५–२६	
१. जूट	मे. ट.	१७,३२५	१२,१९१	१२,१७९	१३,९५८	
२. चिनी	”	९,९१२	४,४१०	३,२७९	९,६५६	
३. चुरोट	००० खिल्ली	६,३५,९६४	९,५४,०२१	११,१४,९३६	१६,७६,५७५	२
४. सलाई	ग्रुस		४,६४,५९५	४,२४,४३१	४,६७,९९३	५
५. जुत्ता	जोर	२९,८३८	२०,०९५	२८,६५४	३२,१०२	
प्रशोधित छाला	के.जी.	५८,९७९	५६,९७५	६४,२१९	९९,८१५	
६. स्टेनलेस स्टील	के.जी.	२,३२,०००	३,८१,०००	७,३८,०००	२४,१९,०७१	
७. कपडा	मिटर	१२,९३,४९४	२०९८,००४	२४,९२,६८०	३५,४१,४२३	२
८. चिया	के.जी.	अप्राप्त	अप्राप्त	१३,६४१	१२,१००	
९. फलामको सामान	टन	,,	,,	१,२७९	२,५००	
१०. नाइलनको टाँक	ग्रूस	,,	,,	१,८८,४०९	२,७७,७९१	
११. साबुन	मन	,,	,,	५,७४३	९,०६८	
१२. उन	के.जी.	३५,३००	१४,४४६	३,८४०	११,०६७	
१३. मदिरा	ग्यालन	३०,५६४	४,६५८	११,३७१	५२,७४७	

२०२६।२७ को तथ्यांङ्कहरू पौष महिनासम्मको उत्पादनको आधारमा वार्षिक उत्पादनको अनुमान गरिएको हो ।

चौथो योजना

चौथो योजनाको औद्योगिक नीति र औद्योगिक सुविधा

चौथो योजना चौथो योजनामा औद्योगिक नीति र औद्योगिक सुविधा उद्योगहरूको स्थापनाको निम्ति मुख्य रूपमा निजी क्षेत्रलाई नै प्रोत्साहित गरिने उद्देश्य राखिएको छ। पछि आवश्यकता देखिएमा मात्र कुनै एक वा दुई उद्योगहरू सरकारी क्षेत्रमा खोलिने हुनाले यसबारे अहिले कुनै उद्योगको नाम किटान गरिने छैन। निजी क्षेत्रमा योजना अवधिमा देहाय वमोजिमका उद्योगहरूलाई बढी प्रोत्साहन दिइनेछ :–

(क) स्वदेशी कच्चा पदार्थमध्ये कृषिमा आधारित उद्योगहरू खोलिने छन् जसले औद्योगीकीकरण साथै कृषिको विकासमा समेत सहायता गर्नेछ। यसमा पनि खास तवरले देशको आवश्यकता पूरा गरी निर्यात बढाउने चिया र जूट जस्ता उद्योगहरूलाई बढी प्राथमिकता दिइनेछ।

(ख) वन पैदावार तथा वनस्पति जस्तो स्वदेशी प्राकृतिक साधनमा आधारित उद्योगहरू स्थापना गरिनेछन्।

(ग) खनिज जस्तो राष्ट्रिय साधनमा आधारित उद्योगहरू खोलिने छन्। यसमा पनि खास गरेर आधारभूत वस्तुको उत्पादन गर्ने तथा निर्यात बढाउने उद्योगहरूले बढी प्राथमिकता पाउने छन्।

(घ) सुती कपडा जस्तो ठूलो परिमाणमा आयात गरिने गरेका आवश्यकीय दैनिक उपभोगका साधन उत्पादन गरी आयात घटाउने उद्योगहरूको स्थापना गरिनेछ।

(ङ) मलखाद, कृषि औजार, सिमेन्ट जस्ता विकासका लागि आधारभूत वस्तुहरू उत्पादन गर्ने उद्योगहरूको स्थापना गरिनेछ।

अरु प्रकारका उद्योगहरूभन्दा उपर्युक्तवमोजिमका अत्यधिक प्राथमिकता प्राप्त उद्योगहरू स्थापना गर्न निजी क्षेत्रलाई बढी प्रोत्साहित गरिनु आवश्यक छ। उद्योगधन्दा स्थापना गर्दा श्रमप्रधान उद्योगहरूलाई बढी प्राथमिकतासमेत दिइनेछ। यसका निम्ति चौथो योजनाको सुरूमा नै प्रचलित औद्योगीक सुविधा ऐनलाई बढी विस्तृत र स्पष्ट गरी ठूलो र मझौला उत्पादन तथा प्रशोधन उद्योगहरूलाई पनि विभिन्न समूहमा वर्गीकरण गरी प्रत्येक समूहमा पर्ने उद्योगहरूलाई दिइने सुविधाहरू किटानी गरी प्रकाशित गरिनेछ र दीर्घकालीन दृष्टिलाई ध्यानमा राखी एउटा निश्चित र दृढ औद्योगीक नीतिको पालना गरिनेछ। उपर्युक्त बमोजिमका योजनामा प्राथमिकता प्राप्त उद्योगहरूलाई कर सहुलियत, विदेशी मुद्रा र ऋण सुविधाजस्ता सरकारी विभागहरू तथा सरकारी एजेन्सीहरूवाट दिइने सबै सुविधाहरू अरू उद्योगहरू भन्दा स्पष्टरूपमा किटेर बढी मात्रामा दिइने नितिको आधामा कार्यान्वयन गयिरनेछ। यसरी किटानी गरिएका सुविधाहरू उद्योग विभागले अनुमति दिँदा तोकेपछि स्वतः प्राप्त हुने र यसका लागि अन्य सरकारी विभागहरूसँग छुट्टै स्वीकृति लिनु नपर्ने पनि व्यवस्था गरिनेछ। चाँडो औद्योगीक विकास हुन विशेष आर्थिक सहायता वा छुट पाएका उद्योगहरूले आफूले आर्जित गरेको शुद्ध नाफाको केही भाग स्थापित भइराखेकै उद्योगको क्षमता वृद्धिको निम्ति लगानी गर्ने र नयाँ उद्योगहरूमा लगानी गर्ने व्यवस्था गरिनेछ।

कार्यक्रम

१. औद्योगीक सेवा केन्द्र :–

उद्योगहरूको स्थापना र समुचित विकासको लागि पनि सुनियोजित र समन्वयात्मक तरिकाले विभिन्न सेवाहरू उपलब्ध गराउनु आवश्यक छ। चौथो योजना अवधिमा प्राविधिक सेवा, कन्सलटिंग सेवा, सम्भाव्यता अध्ययन , स्तर नियन्त्रणजस्ता सेवाहरू प्रदान गर्ने कार्य नेपाल औद्योगीक विकास कर्पोरेशनसँग संलग्न गराई वा एउटा नयाँ स्वशासित संस्थाद्वारा गरिनेछ।

यस संस्थाले सुरूमा निम्न बमोजिमका सेवाहरू प्रदान गर्नेछ :–

(क) सम्भाव्यता अध्ययन तथा प्राविधिक सेवा :– नयाँ उद्योगहरू खोल्ने आयेजनाहरू तयार गर्न यस केन्द्रले स्वदेशी तथा विदेशी विशेषज्ञहरूबाट सरकारका लागि यथाशक्य बढी सम्भाव्यता अध्ययनहरू गरी आयोजना प्रतिवेदनहरू तयार गरी उद्योगपतिहरूलाई उपलब्ध गराउनेछ। साथै चालू मिलहरूको सुधारको लागि अध्ययन सञ्चालन गराई सुझाव दिने कार्य पनि गर्नेछ। यस केन्द्रले उद्योगहरूको मागवमोजिम विभिन्न उद्योगहरूलाई प्राविधिक सरसल्लाह र छोटो अवधिका पूरा समयमा प्रविधिज्ञहरूको सेवासमेत उपलब्ध गराउनेछ।

(ख) स्तर नियन्त्रण : निर्यातप्रधान वस्तुहरू तथा स्वदेशी उपयोगका वस्तुहरूलगायत सबै औद्योगीक उत्पादनहरूको गुण नियन्त्रण गर्ने व्यवस्थाको सुरूआत यस योजना अवधिमा गरिनेछ। यसको लागि खाद्य अनुसन्धानशाला र शाही औषधी अनुसन्धानशालाजस्ता अहिले रहेका प्रयोगशालाहरूको सहयोगबाट र अवश्यकताअनुसार अन्य प्रयोगशालाहरूसमेत खोली कार्य सञ्चालन गरिनेछ।

(ग) औद्योगीक साझा सेवा : देशमा रहेका सबै साना ठूला उद्योगहरूको आफ्नै वर्कशप राखी मेशिन औजारहरूको मर्मत गर्नु, प्याकिङ्गको व्यवस्था मिलाउनु, नाप तौलका ठूला मेशिनहरू राखनु आदि कुरा खर्चिलो हुने हुनाले यस प्रकारको सझा सेवा सुपथ मोलमा उपलब्ध गराउन सके उद्योगहरूलाई निकै सहायता पुग्न जानेछ । तसर्थ योजनाकालमा विराटनगरमा आधुनिक उपकरणहरूसमेतको एउटा साझा सेवा केन्द्रको स्थापना गरिनेछ ।

२. चालू उद्योगहरुको सुधार :–

योजना अवधिमा चालू सरकारी तथा केही गैर सरकारी उद्योगहरूको सुधार निम्नवमोजिम गरिनेछ :–

(क) चिनी उद्योग :– हाल अधिराज्यमा वीरगन्जको सरकारी मिल र भैरहवा र मोरङ्गमा गैर सरकारी मिल गरी जम्मा तीन मिल छन् । चौथो योजनामा वीरगन्ज चिनी मिलको उत्पादन क्षमतामा ५० प्रतिशत वृद्धि गरी जम्मा १५०० मेट्रिक टनको उत्पादन क्षमतामा पुऱ्याइनेछ । यस्तै भैरहवाको चिनी मिलको क्षमतामा पनि ५० प्रतिशत वृद्धि गरी चिनीमा आत्मनिर्भरतामा पुगिने लक्ष्य राखिएको छ ।

(ख) जनकपुर चुरोट कारखाना :– जनकपुर चुरोट कारखानाको उत्पादन क्षमता प्रतिवर्ष २ अरब खिल्लीबाट ३ अरब खिल्ली पुऱ्याइनेछ ।

(ग) कृषि औजार कारखाना :– वीरगन्ज स्थित सरकारी षेत्रको कृषि औजार कारखानाको उत्पादन क्षमतामा करिब ५० प्रतिशत वृद्धि गरी नयाँ नयाँ किसिमका कृषि औजारहरू पनि त्तपादन गर्न थालिने छन्

(घ) छालाजुत्ता कारखाना :– यस कारखानालाई लाभदायक रूपमा सञ्चालन गर्न यसको उत्पादन क्षमतामा वृद्धि गर्नुको साथै काठमाडौंमा पशुवधशालाको स्थापना गर्नुपर्ने आवश्यक भएको छ । तसर्थ योजना अवधिमा उक्त कारखानाको उत्पादन क्षमतालाई दोब्बर गराइनेछ । साथै काठमाडौंमा गैर सरकारी क्षेत्रमा एउटा पशुवधशाला स्थापना गर्न आवश्यक सुविधाहरू प्रदान गरिनेछ ।

(ङ) इँटा टायल कारखाना :– हरिसिद्धी स्थित यस इँटा टायल कारखानाको उत्पादन क्षमतालाई दोब्बर गरिनेछ ।

(च) जूट उद्योग :– हाल विराटनगरमा रहेका जूट मिलहरूलाई आधुनिकीकरण गरी कार्पेटजस्ता नयाँ उत्पादनहरूसमेत गर्न ऋण तथा अन्य सुविधाहरू उपलब्ध गराइनेछ ।

(छ) चिया उद्योग :– योजना अवधिमा नेपाल चिया विकास कर्पोरेशनले तराईमा चिलिमकोटमा तथा झापा जिल्लामा नै पूर्व-पश्चिम राजमार्गको नजिक अरु थप भूमि जङ्गल उपलब्ध गरी चिया खेती गर्नेछ । पहाडतर्फको चिया निर्यातप्रधान भएकोले इलाम जिलाको कन्याम इलाकामा भूमि उपलब्ध गरी चिया खेती गर्नेछ । साथै गैर सरकारी क्षेत्रमा रहेका चिया वगानहरूलाई पनि बिस्तार गर्न ऋण तथा अन्य सुविधा प्रदान गरिनेछ । उपर्युक्त कर्पोरेशन र निजी क्षेत्र गरी सं. २०३७ सम्ममा बिस्तार गिरिने चिया वगानबाट निर्यातमा निकै वृद्धि गरी नेपालको आन्तरिक चियाको माग पूरा गर्ने लक्ष्य राखिएको छ ।

३. गैर सरकारी क्षेत्रमा खोलिने उद्योगहरु :–

योजना अवधिभरमा अधिराज्यमा गैर सरकारी क्षेत्रले खोल्ने उद्योगहरू हालैमा सबै किटेर भन्न सकिने स्थिति छैन । हालमा सम्भाव्य देखिएका उद्योगहरूमध्ये पनि केहीको विस्तृत अध्ययन गर्न बाँकी नै छ र साथै हाल सम्भाव्य नदेखिएका अन्य कतिपय उद्योगहरू पनि पछि सम्भाव्य हुन आउने सम्भावना हुन्छ । यी सबै कुराहरूको विचार गरी हालको अवस्थामा निम्न वमोजिमका उद्योगहरू गैर सरकारी क्षेत्रमा स्थापना गरिने लक्ष्य राखिएको छ ।

तालिका नं. ५

चौथो योजना अवधिमा खोलिने उद्योगहरू

वर्ग (क)	
अ) आयात घटाउने उद्योग	वार्षिक उत्पादन (क्षमता)
सुती कपडा	२,००,००,००० गज
मैदा मिल	९,००० टन
पाइप (फलामको)	३,००० टन
साबुन	२,००० टन
चिनी	दैनिक १,००० टन, उखु क्रसिङ
वियर उद्योग	१८,००,००० बोतल (११ औंसको)
वधशाला र मासु प्रशोन	दैनिक २५ राँगो, २५ सुँगुर, १३० कुखुरा
छाला प्रशोधन	११००० हाइड

सूर्ती प्रशोधन	१२००० टन
चुरोट	१०० करोड खिल्ली
आ) निर्यात प्रधान उद्योग	
जूट	१०,००० टन
फ्रुट क्यानिङ्ग एण्ड प्रिजर्भेशन	४,००० शिशि स्क्वास
	१४,००० शिशि जाम
रोजिन एण्ड टर्पेन्टाइन	२४,००० टन टर्पेन्टाइन
	१०,००० टन रोजिन
स्ट्रवोर्ड	६,००० टन
घिउ प्रशोधन	३०० टन दिनको
अदुवा प्रशोधन	१,५०० टन
इ) आधारभूत उद्योग	
सिमेन्ट	६५,००० टन
फलाम र स्टील	२०,००० टन
इँटा र टायल	४,००,००,०००
वर्ग (ख)	
होटेल	३०६० वेड
वर्ग (ग)	
अ) कृषि	
आधुनिक राइस मिल	२४,००० टन
कोल्ड स्टोरेज	१,००,००० मन (स्टोरेज)
बेकरी उद्योग	३६,००,००० पाउरोटी
वनस्पति घिउ	७,५०० टन
फिड मिक्सीङ्ग प्लान्ट	५०,००० मे.ट.
आ) वन	
पल्प र पेप	१५,००० टन
स-मिल	१०,००,००० क्यू.फि.
प्लाइउड	१,९२,००,००० स्क्वा.फि.
फर्मास्यूटिकल	
इ) खानीमा आधारित	
पेन्ट एण्ड वार्नेस	२०० टन
ग्लास	दिनको २० टन

द्रष्टव्य :

माथि लेखिएका उद्योगहरूको नाम उदाहरणको रूपमा उल्लेख भएको छ र उपर्युक्त वर्गीकरण भित्र पर्ने किसिमका अन्य उद्योगहरूलाई पनि खोल्न अनुमति दिन सकिनेछ ।

४. औद्योगीक लगानी तथा ऋण :–

योजना अवधिमा उद्योगहरूको स्थापना गर्ने कार्यमा मुख्य रूपले गैर सरकारी क्षेत्रलाई सरीक गराउने लक्ष्य राखिएको कुरा माथि उल्लेख भएको छ । यसरी गैर सरकारी क्षेत्रमा औद्योगीक नीतिको अनुकूल उद्योगहरू खोल्ने लगाउन त्यसैअनुसारका सुविधा नीति निर्धारण गर्न औद्योगीक सुविधाको नियमलाई विस्तृत बनाउने कुरा पनि माथि नै उल्लेख भएको छ । त्यसै अनरूप नै ऋण प्रदान गर्ने कार्य नेपाल औद्योगीक विकास कर्पोरेशनले गर्नेछ । आगामी पाँच वर्षको अवधिमा उक्त कर्पोरेशनले उपलब्ध गर्ने ऋण तथा लगानी मोटामोटी तबरले निम्नवमोजिम हुने अनुमान गरिएको छ ।

तालिका नं. ६

नेपाल औद्योगीक विकास कर्पोरेशनको लगानी

(रु.हजारमा)

एकाई	ऋण लगानी	शेयर लगानी
१) सिमेन्ट	२,२८,००	२४,००

२) कपडा	४,००,००	१,००,००
३) पशुधन	२९,५८	७,००
४) प्लाइउड	४३,४५	–
५) अन्य उद्योग (पर्यटन, कागज तथा अन्य उद्योगहरू आदि)	५,००,००	–
जम्मा :	रु. १२,०१,०३	रु. १,३१,००

देशको औद्योगीक विकासमा विशेष योगदान दिन सक्ने आधारभूत तथा सम्भाव्य उद्योगहरू सबैमा गैर सरकारी क्षेत्र अग्रसर हुनेछन् भन्न सकिँदैन । तसर्थ कागज, मलखाद र सिमेन्टजस्ता उद्योगहरूको स्थापनाका निम्ति भविष्यमा गैर सरकारी क्षेत्रमा क्रमशः बेच्दै जाने उद्देश्यसमेत राखी सरकारले स्वदेशी तथा विदेशी उद्योगपतिहरू सँगको संयुक्त प्रयासमा उद्योगहरूको स्थापना गर्ने प्रयास गर्नेछ । यस प्रकारको नयाँ सरकारी लगानीको लागि योजनामा रु. १ करोड ५० लाख रुपियाँ छुट्याइएको छ । यसका अतिरिक्त योजना अवधिमा वीरगन्ज चिनी मिलको गूड (मोलासेस) मा आधारित मद्यसार कारखानाको स्थापना गरिनेछ ।

५. औद्योगीक क्षेत्रहरु :–

देशमा भएको औद्योगीक वस्तुको खपत, औद्योगीक कार्यको अनुभव, क्षेत्रीय विकासको आवश्यकता आदिलाई ध्यानमा राख्दा साना र मझौला उद्योगहरूको विकास गर्ने व्यवस्था गर्न आधारभूत सुविधाहरूले सुसज्जित औद्योगीक क्षेत्रको निकै महत्व छ । यस्ता क्षेत्रहरूले स्थानीय कच्चा पदार्थको उपयोग गरी आयात घटाउने तथा औद्योगीक वातावरणको सृजना गर्ने कार्यमा पनि विशेष महतव राख्ने हुनाले प्रादेशिक विकासमा योगदानसमेत पुऱ्याउन काठमाडौं उपत्यका बाहिरका सम्भाव्य देखिएका स्थानहरूमा बढी सुहुलियत दिनुपर्ने कुरालाई ध्यानमा राखिनेछ । यसअन्तर्गत चौथो योजनामा निम्नलिखित कार्यक्रम राखिएको छ ।

(क) नेपालगन्ज र धरानमा औद्योगीक क्षेत्र स्थापना गर्ने कार्य पूरा गर्ने,

(ख) बुटौल वा पोखरामा अर्को औद्योगीक क्षेत्रको स्थापना कार्य पूरा गर्ने,

(ग) काठमाडौंमा भएको बालाजु औद्योगीक क्षेत्रमा थप २० कोठा निर्माण गर्ने र पाटन औद्योगीक क्षेत्रको पनि विस्तार गर्ने,

(घ) योजनाको तेस्रो वर्षतिर सम्भाव्यता हेरी अन्य एक स्थानमा औद्योगीक क्षेत्र खोली प्रारम्भिक कार्य पूरा गर्ने ।

६. कच्चा पदार्थ विकास योजना :–

हाल नेपालमा सञ्चालित उद्योगहरूमध्ये कतिपय उद्योगहरूको लागि कच्चा पदार्थको अपर्याप्तिको कारणले कठिनाइको सामना गर्नुपरेको छ । यसलाई ध्यानमा राखी योजना अवधिमा जूट, उखु, सुर्ती, तेलहन, कपास खेती, रेशमजस्ता वस्तुको स्तर सुधार तथा अन्वेषण कार्यमा कृषि क्षेत्रसँगको संयुक्त प्रयासमा ठोस कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

७. औद्योगीक तालिम :–

हालसम्म अधिराज्यमा खुलेका केही प्राविधिक प्रशिक्षण केन्द्रहरूमा उद्योगहरूलाई आवश्यक पर्ने विभिन्न विषयमा छोटो अवधिको र मझौला प्रकारको तालिम दिइँदैछ । योजना अवधिमा उपयोगी र आवश्यक विषयमा तालिम दिने काठमाडौं, विराटनगर र हेटौंडा केन्द्रहरूको क्षमताको वृद्धि गरिनेछ । साथै नेपाल औद्योगीक विकास कर्पोरेशनबाट हालसम्म दिइ आएको व्यवस्थापनसम्बन्धी तालिम बढी व्यापक बनाइनेछ ।

८. श्रमिक कल्याण योजना :–

देशको आर्थिक विकासमा श्रमिकहरूको भूमिका ज्यादै महत्वपूर्ण छ । काम गर्ने र गराउनेको बीचमा सौहार्द्धपूर्ण रहेको खण्डमा मात्र देशको चौतर्फी आर्थिक उन्नति सम्भव छ । तसर्थ श्रमिकहरूको हितको देखभाल र उनीहरूलाई सकेसम्म आवश्यक प्रशिक्षण र सुविधाहरू प्रदान गराउने उद्देश्यले योजना अवधिभित्र ठोस कदमहरू चालिनेछन् ।

९. औद्योगीक गतिविधि मूल्यांकनको व्यवस्था :–

सरकारी तथा गैर सरकारी क्षेत्रमा खडा भै राखेका वा भविष्यमा खडा हुनेसमेत सबै प्रकारका उद्योगहरूले गरेको प्रगति र राष्ट्रिय अर्थतन्त्रको विकासमा दिइएको योगदानको स्वतन्त्र तथा तटस्थ विशेषज्ञहरू भएको एउटा समितिद्वारा समय समयमा मूल्यांङ्कन हुने व्यवस्था गरिनेछ, उक्त समितिले श्री ५ को सरकारद्वारा सञ्चालित अन्य औद्योगीक विकास कार्यक्रमहरू तथा सम्बन्धित लागानी र ऋणको सुविधाप्राप्त वित्तीय संस्थाहरूको कार्यको पनि सिंहावलोकन गर्नेछ ।

चौथो योजनामा सरकारी क्षेत्रमा उद्योगमा हुने लगानी

आयोजनाहरू	(रु. लाखमा)

औद्योगीक सेवा केन्द्र	४०
चालू उद्योगहरूको सुधार	५,००
(नयाँ) औद्योगीक लगानी	३,८०
औद्योगीक क्षेत्रहरू	१,५०
कच्चा पदार्थ सुधार अन्वेषण आदि	५
औद्योगीक तालिम	१०
जम्मा :	१०,८५

परिच्छेद १६

घरेलु

नेपालमा अधिकांश कृषकहरू वर्षको केही महिनासम्म मात्र कृषि व्यवसायमा लाग्ने र बाँकी समय बेकार भै रहने गरकाले यो समस्या हटाउन कृषि क्षेत्रमा देखापरेका निस्क्रिय साधन तथा जनशक्तिलाई औद्योगीकरणमा सरिक गराई औद्योगीकरणमा एउटा आधार खडा गर्न र यस प्रकार राष्ट्रिय आयमा समेत वृद्धि गर्नमा घरेलु उद्योगको ठूलो महत्व छ। यसरी घरेलु उद्योगको माध्यमद्वारा बेकार समयको सदुपयोग गरी उत्पादनमा वृद्धि गरी स्थानीय उपभोगका सामानहरूको आवश्यकता पूरा गर्न, ग्रामीण तथा अर्धशहरी क्षेत्रमा छरिएको हस्तकला, कालीगढी आदि सीपलाई एकत्रित गरी हस्तकला तथा ग्रामीण उद्योगको विकास गर्न र देशमा औद्योगीकरणको निम्ति आवश्यक पर्ने अर्ध दक्ष र दक्ष कामदारहरू तयार गर्नमा समेत मद्दत मिल्नेछ। अधिकांश कृषकहरूको फुर्सदको समय सदुपयोग गराई कृषि क्षेत्रमा रहेको निष्कृय साधन तथा जनशक्तिलाई औद्योगीक विकासको बाटोतिर मोडी राष्ट्रिय आयमा वृद्धि गराउनमा घरेलु उद्योगको विकासको ठूलो महत्व छ।

हालसम्मको प्रगति

२०१३ सालदेखि नै देशमा घरेलु, ग्रामीण तथा साना उद्योगहरूको योजनावद्ध रूपले विकास गर्न विभिन्न कदमहरू श्री ५ को सकारले चाल्दै आएको छ। दोस्रो योजनाको अन्त्यसम्ममा घरेलु केन्द्रहरूको स्थापनामा र स्थानीय व्यक्तिहरूलाई तालिम दिनमा बढी जोड दिइएको थियो। तर ती तालिम प्राप्त व्यक्तिहरूलाई तालिम समाप्त भएपछि आफूहरूले तालिम गरेका ज्ञानको उपयोग नगरी अथवा गर्न नसकी त्यसै बेकार भै खेर गए। कतिपय कारणहरूले गर्दा तालिमप्राप्त व्यक्तिहरूका निम्ति उचित व्यवस्था मिल्न नसकेकाले र तालिमको पनि योजनावद्ध रूपले मागअनुसारको व्यवस्था गर्न नसक्नाले नै एकातिर तालिमप्राप्त व्यक्तिहरू बेकार रहन गए त अर्कोतिर तालिम नै पनि उपयुक्त सिद्ध हुन सकेन। तसर्थ तेस्रो योजनामा यस किसिमका अनमेलहरू नहुन् र सुनियोजित एवं प्रभावकारी ढङ्गले घरेलु तथा ग्रामीण उद्योगहरूको सञ्चालन तथा विकास होस् भन्ने उद्देश्यले विदेशी विशेषज्ञहरूको सहायताद्वारा तयार पारिएका प्रतिवेदन अनुसार कार्यक्रमहरू तयार गरिने। उक्त कार्यक्रम कार्यान्वयन गर्ने विदेशी सहायतामा सम्वद्ध गराइयो। तर सहायताको रकम समयमा र आयोजनाअनुरूप उपलब्ध हुन नसकेबाट कार्यक्रमहरू अधिकांश रूपमा कर्यान्वयन हुन सकेनन् र घरेलु ग्रामीण तथा साना उद्योगहरूको विकासको गति तेस्रो योजनामा पनि एक प्रकारले अवरुद्ध नै रहन गयो।

चौथो योजना

वास्तवमा तेस्रो योजनाका संशोधित कार्यक्रमहरू योजनाअनुसार कार्यान्वयन हुन नसकेको देखिन्छ। उपयुक्त देखिएका आयोजनाहरूलाई नै समयानुकूल संशोधन गरी सञ्चालन गर्ने र घरेलु तथा ग्रामीण उद्योगहरूको विकास तथा विस्तारको निम्ति चौथो योजना अवधिमा घरेलु उद्योग विभागको कायक्षेत्र तोकी अरु स्पष्ट पारिनु वाञ्छनीय देखिन्छ। विशेषतः काठ, धातु, ढुङ्गा, कागज, माटो, कपडा आदि सम्बन्धी बुट्टा कुँदने, मूर्ति बनाउने, ढलान, सजावटका सामान तयारी गर्ने आदिजस्ता विभिन्न हस्तकला उद्योगहरू, ग्रामीण क्षेत्रमा उपलब्ध स्वदेशी कोरा मालको बढी सदुपयोग गरी आयात घटाउने, ग्रामीण जनजीवनको निमित्त अति आवश्यक उपभोग्य वस्तु तथा निर्यातप्रधानको वन आधारित, कृषि आधारित, जीव आधारित र खानी आधारित ग्रामीण उद्योगहरू र उपर्युक्त उद्योगहरू भित्र नपरेका छालाका जुत्ता, सुटकेस, ब्रिफकेस, रेडियो, ट्रान्सफरमर, विद्युत मोटर मर्मत आदिजस्ता आयात घटाउने तथा सेवा उपलब्ध गराउने किसिमका विभिन्न प्रकारका उद्योगहरूको स्थापना र विकासमा विशेष जोड दिइनेछ। यसरी तेस्रो योजनाको संशोधित कार्यक्रमहरूलाई नै कार्यान्वयन गराउनु पर्ने अवस्था चौथो योजना आएको छ। तर तालिमलाई बढी प्रभावकारी बनाउने, भएका क्षेत्रीय कार्यक्रमहरूलाई नै बढी उपयोगी बनाई गुणात्मक प्रगति गर्ने तथा स्थानीय उपयोगिताको आधारमा मात्र कार्यक्षेत्रका विषयहरू छान्ने जस्ता कदमहरूलाई अंगालेर नियम वमोजिमको पञ्चवर्षीय नीति निर्धारण गरिएको छ।

नीति

१. स्थानीय कच्चा पदार्थको सर्वेक्षणसमेत गर्दै गएर यस प्रकारको कच्चा पदार्थको उपयोग गर्ने, पम्परागत हस्तकलाको विकास गर्ने तथा स्थानअनुसारको सम्भाव्यताको आधारमा आयात घटाउने र आर्थिक दृष्टिकोणले लाभप्रद हुने उद्योगहरूको विकास गरिनेछ। तर यातायातको विकासको कारण आर्थिक दृष्टिकोणले लाभप्रद नहुने उद्योगहरू जस्तो : (मिल उत्पादित भन्दा महंगो पर्ने र प्रतिस्पर्धा गर्न नसक्ने ठाउँमा कपडा बुन्ने उद्योग) लाई सरकारी सुविधा उपलब्ध गराइने छैन।

२. योजना अवधिमा नयाँ घरेलु केन्द्रहरू खोल्नुको सट्टा भएका केन्द्रहरूलाई नै उपयोगी र बढी सक्षम बनाउने तिरजोड दिइनेछ।

३. तालिम कार्यक्रमअन्तर्गत सङ्ख्यामा वृद्धि गर्नेतिर योजनामा ध्यान दिनुको साथै उपयोगको सम्भावनाको आधारमा तालिमको प्रकार र स्तरमा सुधार ल्याउनेतर्फ जोड दिइनेछ ।

कार्यक्रम

घरेलु उद्योगको विकास कार्यक्रम मुख्यतः पाँच क्षेत्रमा विभाजित गरिएको छ ।

१. औद्योगीक तथा तथा प्राविधिक सेवा कार्य
२. ग्रामीण उद्योग योजना
३. तालिम कार्य
४. हस्तकला डिजाइन कार्य
५. बिक्री व्यवस्था

१. औद्योगीक तथा प्राविधिक सेवा कार्य

योजना अवधिमा औद्योगीक सेवा कार्यलाई प्राथमिकता दिइनेछ ।

यस अन्तर्गत निम्न वमोजिमका आयोजनाहरू रहनेछन् :

(क) ऋण, लगानी तथा हायर पर्चेजः– यस कार्यक्रमअन्तर्गत विभिन्न चालू तथा नयाँ उद्योगहरूको स्थापना र विकासको निम्ति सरल ब्याज दरमा आर्थिक ऋण सहायता र किस्तावन्दीमा मेशिन औजार उपलब्ध गराइनेछ । उक्त कार्य गर्न चौथो योजनाको दोस्रो वर्षमा एउटा स्वशासित संस्था ('साना उद्योग आर्थिक व्यवस्था निगम') स्थापना गरी ऋण, लगानी तथा हायर पर्चेजको कार्य यसै संस्थाद्वारा योजनावद्ध रूपले सञ्चालित गराइनेछ ।

लक्ष्यः–

आर्थिक ऋण तथा सहायता रु. १०००००।-

किस्तावन्दीमा मेशिन औजार वितरण रु. १०००००।-

(ख) साना औद्योगीक सेवा :– यस आयोजनाअन्तर्गत सम्भाव्यता अधययन तथा औद्योगीक सर्वेक्षण, आयोजनाको तयारी तथा वितरण, प्राविधिक सरसल्लाह, गुण नियन्त्रण एवं स्तर निर्धारण र साझा सेवा तथा पाइलट उद्योगहरूको स्थापना गर्ने कार्यहरू गरिनेछ । यसमा चौथो योजना अवधिभरको निम्ति निम्न वमोजिमका लक्ष्यहरू राखिएका छन् ।

१) २० विभिन्न उद्योगहरूको सम्भाव्यता अधययनको आधारमा विस्तृत प्रतिवेदन तयार पार्ने ।
२) २० जिल्लाहरूको औद्योगीक सर्वेक्षण ।
३) हस्तकला उद्योगतर्फ ४५, ग्रामीण उद्योगतर्फ ७५ र विविध उद्योगतर्फ ३० गरी जम्मा १५० विभिन्न उद्योगको आयोजनाहरूको तयारी तथा वितरण ।
४) विभिन्न उद्योगहरूको मागअनुसार प्राविधिक सरसल्लाह ।
५) प्रयोगशाला तथा अन्य माध्यमबाट गुण नियन्त्रण एवं स्तर निर्धारण कार्यहरू ।
६) सुती उद्योग साझा सेवाको व्यवस्था एवं सञ्चालन ।
७) ठिमी र भादगाउँमा माटाका भाँडासम्बन्धी साझा सेवा स्थापनाको प्रारम्भिक कार्य र स्वदेशी कोरा माल उपयोग गरी आयात घटाउने खालका केही साना उद्योगहरू पाइलट प्रोजेक्टको रूपमा स्थापना गर्ने ।

२. ग्रामीण उद्योग योजना

देशका विभिन्न भागमा सञ्चालित ग्रामीण उद्योगहरू तथा गलैंचा, पश्मिना, हाते कागज आदि जस्ता खास विशेषता भएका ग्रामीण उद्योगहरूको पुनरुत्थान र ग्रामीण आर्थिक विकासको निमित्त ग्रामीण उद्योग योजना सञ्चालन गरिनेछ । उक्त योजनाअन्तर्गत अधिराज्यका प्रत्येक जिल्लामा स्थानीय विशेषता भएको, स्थानीय आवश्यकता पूर्ति हुने र बहुसंख्यक व्यक्तिहरूलाई रोजगारी प्राप्त हुने खालका मात्र बढीमा ३ व्यावसायिक विषयमा तालिम दिने गरी हाल भएका १० ग्रामीण उद्योग कार्यलयहरू र १३ घरेलु उद्योग, अञ्चल केन्द्रहरूलाई ग्रामीण उद्योग कार्यालयमा परिणत गरी सञ्चालन गरिनेछ । योजना अवधिभरमा १२ केन्द्रहरूमा स्थायी भवनको निर्माण गरिनेछ । योजनाअन्तर्गत तालिम दिने र उत्पादन तथा बिक्री कार्यहरू र निजी तथा संगठित क्षेत्रमा सञ्चालन गराउने, आर्थिक ऋण सहायता तथा विविध औद्योगीक सेवा तथा अनुदान उपलब्ध गराइनेछ । तालिमप्राप्त व्यक्तिहरूको रोजगारीको नीति तथा दैनिक उपभोगका वस्तुहरू उत्पादनसमेत गर्न योजना अवधिभरमा १२ ग्रामीण उद्योग उत्पादन केन्द्रहरूमा आत्मनिर्भर हुने गरी स्थापना गरिनेछ । उक्त कार्य विस्तृत औद्योगीक सर्वेक्षणको आधारमा गरिने भएकोल वर्तमान ग्रामीण उद्योग कार्यालयहरू र अञ्चल केन्द्रहरूको कार्य विषय तथा स्थानसमेतको पुनरावलोकन गरी योजनाको दोस्रो वर्षदेखि मात्र ग्रामीण उद्योग कार्यालयहरूमा क्रमशः परिणत गर्दै लगिनेछ ।

ग्रामीण उद्योग कार्यालयहरूको मुख्य जोड औद्योगीक सेवा तथा औद्योगीक प्रवर्द्धनतर्फ हुनेछ। आयोजनाअन्तर्गत हुने तालिम कार्यक्रमको सञ्चालन स्थानीय आवश्यकताको आधारमा सङ्ख्याभन्दा उपयोगितामा बढी ध्यान दिने गरी प्रारम्भिक खालको एक वर्षीय हुनेछ।

३. तालिम कार्य

घरेलु उद्योग विभागले २०१३ सालदेखि विभिन्न विषयहरूमा तालिमको व्यवस्था गर्दै आएको छ। तर माथि उल्लेख भएअनुसार यस प्रकारको तालिम व्यवस्थाले घरेलु उद्योगको विकास गर्न र तालिमप्राप्त व्यक्तिहरूलाई सोही विषयको काममा लगाउन कहाँसम्म सफलता प्राप्त भएको छ भने मूल्याङ्कन राम्ररी हुन सकेको छैन। अहिले सम्म प्राप्त भएको अनुभवको आधारमा यसलाई जनशक्तिको खाचो पूर्ति गर्ने र अझै बढी उपयोगिताको अनुरूप बनाउन तालिमको विषय र प्रकामा आमूल सुधार ल्याउनुपर्ने देखिएको छ। तसर्थ चौथो योजनामा सञ्चालन गरिने तालिमको व्यवस्था यस्तै परिवर्तन र सुधारको क्रमको रूपमा नियमअनुसार राखिएको छ।

(क) प्राविधिक तालिम :– तालिम व्यवस्थाको वर्गीकरण गरी स्तर निर्धारण गर्न पाठ्यक्रम र पाठन पद्धतिमा समेत सुधार गरिनेछ। यसअन्तर्गत निम्न वमोजिमको तालिम व्यवस्था हुनेछ :–

अ) उच्च तालिम (आधारभूत विषय)		
मेकानिकल	साधारण तालिम २ वर्ष	डिप्लोमाको लागि थप १ वर्ष
इलेक्ट्रीकल	”	”
फर्निचर तथा फर्निसिङ्ग	,,	,,
आ) साधारण तालिम		
होजिएरी तथा सिलाइ	२ वर्षे (हालको दुईशाखालाई एउटैमा गाभ्ने)	
छाला, माटो र काष्ठकला	२ वर्षे	
( ) सेवाकालिन तालिम र उत्पादन एकाइमा परिणत		
कपडा, फर्निचर र कागज (६ महिने)	तेस्रो र चौथो वर्षदेखि क्रमशः उत्पादन एकाईमा परिणत गरी त्यहीँ तालिमको व्यवस्था गर्ने।	
छाला र क्यूरियो (काष्ठकलावाहेक)	तेस्रो र चौथो वर्षमा क्रमशः नेपाल फूटवेयर प्रोडक्टस् प्रा.लि. र नेपाली क्राफ्टस् प्रा.लि.मा गाभ्ने त्यहीँ तालिमको व्यवस्था गर्ने।	

उपर्युक्त तालिमको व्यवस्था गर्न एउटा भवनको समेत निर्माण गरिनेछ।

(ख) ग्रामीण उद्योग तालिम

उक्त ग्रामीण उद्योगलाई सुनियोजित ढङ्गमा सञ्चालन गर्न समय समयमा ग्रामीण उद्योगसम्बन्धी विशेष तालिम, सेवाकालीन तालिम, व्यवस्थापन, बिक्रेता, स्रेस्ता तथा लेखा व्यवस्थाजस्ता आधारभूत विषयहरूमा तालिम तथा आधुनिक ज्ञानहरूको आवश्यकता परी नै रहने भएबाट ग्रामीण उद्योगहरूमा संलग्न विभिन्न व्यक्तिहरूलाई त्यस्ता किसिमका तालिम उपलब्ध गराउन पोखरामा ग्रामीण उद्योग प्रशिक्षण केन्द्रद्वारा सेवा उपलब्ध गराइनेछ र आवश्यकनुसार अर्को केन्द्रको सम्भावनाको अध्ययन गरिनेछ। यस्ता किसिमका तालिम कुनै व्यवस्थित पाठ्यक्रमको आधारमा सुनियोजित ढङ्गबाट अल्पकालीन तथा दीर्घकालीन तालिम कार्यको रूपमा सञ्चालन गरिनेछ। उक्त केन्द्रमा हाम्रो देशमा उपयोग हुने गरी छानिएका बढीमा ६ विषयमा मात्र प्राविधिक तालिम उपलब्ध गराइनेछ। यस केन्द्रको खास कार्य ग्रामीण उद्योगहरूको पूरकको रूपमा विकास तथा विस्तारको निम्ति कार्य गर्नु हुनेछ। योजनाअनुसार जिल्लाहरूमा रहने केन्द्रहरू र ग्रामीण उद्योग तालिम केन्द्र समेतको संयुक्त प्रयासमा अधिराज्यका विभिन्न कुनामा रहेका परम्परागत हस्तकलाको विकास गर्न घुम्ती टोलीहरू पठाएर तालिम दिने आवश्यकताअनुसार नयाँ औजारहरू उपलब्ध गराउने कार्य पनि योजना अवधिमा गरिनेछ।

४. हस्तकला डिजाइन

घरेलु उद्योग विभागअन्तर्गत सञ्चालित विभिन्न उत्पादन प्रशाखाहरू, प्रा. लि. कम्पनीहरू तथा ऋण प्राप्त उद्योगहरू आदिद्वारा उत्पादित सामानहरूको डिजाइन केन्द्रित एवं नियन्त्रित समेत नभई आफ्नै ढङ्गबाट मनलागीमा ग्राहकहको कुनै ध्यान नदिई डिजाइन तयार गरी सामानहरू उत्पादनसमेत गरी आएकाले सामानहरू बिक्री नहुने मात्र नभै उद्योगहरूको भविष्यसमेत राम्रो नभएको हुँदा नेपाली कला तथा संस्कृतिलाई प्रतिविम्वित गर्ने सामानहरूको बढी प्रचार गरी आफ्नो कला र संस्कृतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सजीव तुल्याई राख्ने

समेत उद्देश्यले तयारी चीजहरूको डिजाइन नियन्त्रण गराउन हस्तकला, ग्रामीण र घरेलु सम्बन्धी औजार सामानहरूको अनुसन्धान तथा अन्वेषण गराउने कार्य यस योजनाअन्तर्गत गरिनेछ ।

(क) घरेलु उद्योग विभागअन्तर्गत सञ्चालित उत्पादन प्रशाखाहरूको डिजाइन नियन्त्रण तथा तैयारी– पहिलो वर्ष ।

(ख) त्यस अतिरिक्त प्रा. लि. कम्पनीहरूको समेत डिजाइन नियन्त्रण र तयारी– दोस्रो वर्ष ।

(ग) अनुसन्धानशाला स्थापना– दोस्रो वर्ष ।

(घ) अन्य उद्योगीहरूको लागि डिजाइन तयारी तथा वितरण– तेस्रो वर्ष ।

(ङ) कलात्मक वस्तुहरूको सङ्कलन तथा विभिन्न डिजाइनहरूको नमुना संग्रहालय सथापना र डिजाइन क्याटलग प्रकाशन

	–	चौथो वर्ष ।
डिजाइनहरूको तयारी निम्नवमोजिम हुनेछ :		
विविध विवरण (स्पेशिफिकेशन) सहितका डिजाइन	–	४३० किसिमका
औजार सामानहरूको अनुसन्धान तथा अन्वेषण	–	१० किसिमका

५. बिक्री व्यवस्था

घरेलु उद्योग तथा हस्तकलाको विकासमा उत्पादित वस्तुको बिक्री व्यवस्थाले निकै ठूलो महत्व राख्दछ । बजारमा प्रतिस्पर्धा गर्न बिल्कुलै नसक्ने वस्तुको उत्पादनलाई प्रोत्साहन गरेर यस्ता वस्तुको विकास स्थायी हुन सक्दैन । तर कतिपय यस्ता वस्तुहरू पनि हुन्छन् जसको बिक्री व्यवस्था संगठित रूपमा गर्न सके उत्पादन र मागको बीचको दूरीलाई कम गरेर बजारको वन्दोवस्त गर्न सम्भव हुन्छ । यस कुरालाई ध्यानमा राखी विभागले अधिराज्यमा र अधिराज्य बाहिरसमेत बिक्री हुन सक्ने वस्तुहलाई मात्र उत्पादन गर्न प्रोत्साहन गर्ने र यसरी प्रोत्पसाहित गरिएको वस्तुको बिक्रीको निम्ति निम्न बमोजिमको व्यवस्था गरिनेछ ।

(क) काठमाडौं उपत्यका बाहिरका १३ केन्द्रहरूमा रहने विभागका प्राविधिज्ञहरू सम्बन्धित इलाकामा उत्पादन हुने वस्तुको बजारको अध्ययन गरी निजी क्षेत्रमा नै सहकारीको स्थापना गई आवश्यक ऋणको समेत सहलियत दिएर संगठित रूपमा बजारसम्म पुऱ्याउने प्राविधिक सरसल्लाह र व्यवस्था गरिनेछ । यो कार्य ग्रामीण उद्योग कार्यालयहरूमा समावेश गरिएको छ ।

(ख) काठमाडौं उपत्यकामा सानै इलाकामा धेरै हस्तकलाहरूको काम हुने भएकाले हालसम्म घरेलु बिक्री भण्डारबाट जो सकेको खरिद निजहरूबाट हुने गरेकोमा विभागको विकास कार्यक्रमसँग यसलाई ज्यादै निकट समन्वय ल्याउन आवश्यक भएको छ । हस्तकलाको विकास गर्न नाफाको दृष्टिकोण भन्दा बढी विकासको दृष्टिकोण राख्नुपर्ने भएको र उत्पादकहरूलाई प्राविधिक सरसल्लाह र ऋणसमेत उपलब्ध गराइ विकास गर्ने कार्य विभागले गर्ने भएकाले उत्पादकहरूलाई बजार सहुलियतद्वारा प्रोत्साहित गर्ने विभागीय विकास कार्यक्रमसँगष्को समन्वय ऋण दिइएका उद्योगहरूलाई समेत दृष्टिगत राखी उत्पादित वस्तुहरू खरिद गर्नुपर्ने भएकोले, घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) ले घरेलु उद्योग विभागको सरसल्लाह र निकटतम सम्बन्धमा मात्र यस्तो खरिद कार्य गर्ने प्रबन्ध हुनेछ ।

घरेलु उद्योगमा अनुमानित लगानीको रकम

आयोजनाको नाम	(आयोजनाको अनुमानित लगानी रु. हजारमा)
१) औद्योगीक सेवा कार्य	५०,००
२) ग्रामीण उद्योग योजना	८०,००
३) तालिम कार्य :	
(क) प्राविधिक तालिम	४०,००
(ख) ग्रामीण उद्योग तालिम	३५,००
४) हस्तकला डिजाइन	२२,००
५) बिक्री व्यवस्था	
कुल जम्मा :	२,२७,००

परिच्छेद १७

वाणिज्य

कुनै पनि देशको आर्थिक विकासमा आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको महत्वपूर्ण भूमिका रहन्छ। विकासको बाटोमा लम्किरहेको हाम्रोजस्तो देशले आफ्नो देशको माग आफै पूर्ति गर्न सम्भव छैन। विकासको खाँचो पूर्ति गर्न तथा आफ्नो आवश्यकता कम खर्चमा उपलब्ध गर्ने उद्देश्यको निम्ति आयात गरिनु आवश्यक पर्दछ। यसका निम्ति देशको निर्यात व्यापारमा बृद्धि हुनु जरुरी छ। साथै नेपाली वस्तुको वर्तमान बजार सीमित भएको हुँदा देशमा रहेका कतिपय साधनहरूको विकाससमेत विदेशी व्यापारमा भर पर्दछ। अतएव श्री ५ को सरकारले गत बर्षहरूमा विदेशी व्यापारमा बृद्धि तथा विविधता ल्याउने नीति अपनाउँदै आएको छ।

हालसम्मको प्रगति

यस नीतिअनुरूप तेस्रो योजनाकालमा समुद्रपारका मुलुकहरूसँगको निकासी, व्यापारमा आशातीत बृद्धि हुनाको साथै विभिन्न मुलुकहरूसित वाणिज्य सम्बन्ध बिस्तार गरिदै छ । तेस्रो योजना सुरु हुनुभन्दा अघिको वर्षमा रु. १ करोड ४४ लाखको निकासी भएकोमा आर्थिक वर्ष २०२२।२३ मा रु.३ करोड १८लाख, २०२३।२४ मा रु.८ करोड १० लाख, २०२४।२५ मा ९ करोड ४८ लाख, २०२५।२६ मा रु. १४ करोड ६० लाख मूल्यको निकासी हुन गई २०२५।२६ सम्म तेस्रो योजनाको पहिलो ४ वर्षमा ३६ करोड ३६ लाख मूल्यको निकासी व्यापार भएको छ। यसमध्ये रु. २५ करोड २४ लाखको पाट र पाटका सामानहरू निकासी हुन गएबाट हाम्रो समुद्रपारको मुलुकहरूसँगको व्यापारमा यी बस्तुहरूको प्राधान्यता रहेको कुरा स्पष्ट हुन्छ।

चौथो योजनाको लक्ष्य

परम्परागत निकासी वस्तुहरूको अतिरिक्त देशमा उत्पादित अन्य पदार्थहरू तथा तयारी मालसामानहरूको निर्यात बढाउन आवश्यक सुविधा तथा सहुलियत दिई प्रोत्साहित गर्ने श्री ५ को सरकारको नीति रहनेछ। यस नीतिअनुरूप कच्चा पदार्थको रूपमा हाल निकासी भैरहेका वस्तुहरूलाई क्रमशः अर्ध तयारी तयारी रूपमा निकासी गर्नेतर्फ कारवाही गरिनेछ। यसरी चौथो योजना अवधिमा व्यापारमा विविधता ल्याउने नीति अनुरूप समुद्रपारका मुलुकहरूसँगको देशगत र वस्तुगत व्यापारमा अझै बृद्धि गरी निकासी दोव्वर गर्ने लक्ष्य राखिएको छ।

यस लक्ष्यलाई हासिल गर्न आन्तरिक बजार तथा आन्तरिक उत्पादन क्षमताको विस्तृत अध्ययन गर्ने र निकासीयोग्य वस्तुहरूको उत्पादन बढाई त्यस्ता वस्तुहरूको गुण सुधार गरी एकरूपता ल्याउने, निकासी पूर्व निकासीयोग्य वस्तुहरूको संरक्षणको निमित्त गोदामघरहरूको व्यवस्था गर्ने, निकासी व्यवसायलाई आकर्षण गर्न आवश्यक ऋण तथा अरु सुविधाहरू उपलब्ध गराउने, अत्यावश्यक पैठारीको वस्तुहरूको विक्री वितरण सरल तुल्याउन स्टोरेज टैकं र गोदामघरको व्यवस्था गर्ने आदि उद्देश्य प्राप्तिको निम्ति निम्नअनुसारका कार्यक्रमहरू लागू गरिनेछ।

कार्यक्रम

(क) निकासी हुन सक्ने वस्तुहरूको निरूपण गर्न, ती वस्तुहरूको निकासी क्षमता निश्चित गर्न सम्पूर्ण निकासी योग्य वस्तुहरूको वस्तुगत आधारमा छोटो अवधि र लामो अवधिको लागि निकासीको लक्ष्य निर्धारण गर्ने उद्देश्यले एउटा विस्तृत राष्ट्रिय सर्वेक्षण गर्ने।

(ख) निकासी प्रवर्द्धनको दृष्टिले अन्तर्राष्ट्रिय बजार अवस्थाको निरन्तर अध्ययन गरी नेपालको राष्ट्रिय व्यापारिक हितको विदेशी बजारहरूमा समुचित प्रतिनिधित्व गर्न केही अन्तर्राष्ट्रिय व्यापारिक केन्द्रमा नेपाली व्यापार प्रतिनिधिको कार्यालयहरू स्थापना गर्ने।

(ग) नेपालको भन्सार नीति, कर नीति, र वैदेशिक व्यापार नीतिहरूमा सामञ्जस्यता ल्याई निकासी प्रवर्द्धन सम्बन्धी कदमहरू क्रमशः उठाउँदै जाने।

(घ) नेपालमा उत्पादित, प्रशोधित वा अर्ध प्रशोधित निकासीयोग्य वस्तुहरू तथा उत्पादन भैरहेका तर निकासी भै नरहेका वा प्रशोधित रूपमा निकासी गर्न सकिने वस्तुहरूलाई लिएर विदेशी बजारमा तिनको निकासी सम्भावना तथा कुन बजार वस्तुगत आधारमा बढी उपयुक्त छ त्यसको अध्ययन गर्ने, तथा वस्तुहरूको निकासी गर्न निर्यातकर्ताहरूलाई प्रोत्साहन दिने र निकासीप्रधान उद्योगहरूको स्थापना गराउने।

(ङ) निर्यातयोग्य वस्तुमा गुणात्मक स्तर कायम राख्न तथा बृद्धि गर्न स्तर निर्धारण तथा गुण नियन्त्रणको साथै माल विदेशको लागि चलान हुनु अगाडि नै निरीक्षण गर्ने व्यवस्था तथा त्यसको लागि कुनै आवश्यक संगठनात्मक व्यवस्था गर्ने।

(च) निकासीयोग्य वस्तुहरूको संरक्षण र निकासी प्रवर्द्धनका लागि विराटनगरमा १०,००० टन, वीरगञ्जमा ५,००० टन, भैरहवामा ५,००० टन, जनकपुरमा १,००० टन र नेपालगञ्जमा १,००० टनको गोदाम घरहरू बनाउने ।

(छ) नगदेबालीहरूको उत्पादन कर्ताहरूलाई निजहरूले उत्पादन गरेका सामानहरूको मुनासिव मोल उपलब्ध गराई यस्ता निकासीयोग्य वस्तुहरूको उत्पादनमा बृद्धि ल्याउन प्रोत्साहन दिने उद्देश्यले गोदाम र ऋणको केही स्थानहरूमा व्यवस्था गर्ने ।

(ज) निकासीकर्ताहरूलाई निकासी कार्यमा उत्साहित गर्न आवश्यक ऋण तथा निकासी ग्यारेन्टी प्रदान गर्ने, संगठनात्मक व्यवस्थाको विकास गर्ने तथा यस दिशामा हाल रहेका वित्तीय संस्थाहरूलाई क्रियाशील तुल्याउने ।

(झ) पेट्रोल, डिजेल र मट्टितेल आदि पि.ओ.एल बस्तुहरूको जगेडा राख्न काठमाडौं, वीरगन्ज, विराटनगर, भैरहवा र नेपालगञ्ज समेत ५ ठाउँमा जगेडा राख्ने टैकीहरूको निर्माण गर्ने ।

पुँजी लगानी

माथिको कार्यक्रमसुचारू रूपले सञ्चालन गर्न पञ्चवर्षीय योजना अवधिभरलाई रु. ५ करोडको आवश्यकता पर्नेछ । यसमध्ये गोदाम घरहरूको निर्माणलाई रु. १ करोड, तेल जगेडा राख्ने टैङ्कहरूको निर्माणलाई रु. ३ करोड, निकासीयोग्य वस्तुहरूको सर्वेक्षण तथा सम्वर्द्धन कार्यको निम्ति रु. ८० लाख व्यापारिक प्रवर्द्धन सेवा एवं अन्तर्राष्ट्रिय प्रदर्शनीहरूको निम्ति रु. २० लाख लाग्ने अनुमान गरिएको छ । यसमध्ये रु. ४ करोडको गोदाम घर तथा स्टोरेज टैक निर्माणसम्बन्धी कार्य आन्तरिक ऋणबाट व्यवस्था गरिने भएकोले खास सरकारी लगानी रु. १ करोडको हुनेछ ।

पारवहन सुविधा

भूपरिवेष्टित नेपालको निम्ति समुद्रपारमा मुलुकहरूसँगको व्यापार विस्तारमा पारवहन सुविधाको निकै नै महत्वपूर्ण स्थान छ । पारवाहनको क्षेत्रमा भारतीय वन्दरगाहमा नेपाली वस्तुहरूको सुरक्षाको निम्ति सुविधापूर्ण गोदाम व्यवस्था, भारतीय भूमि र वन्दरगाहमा नेपाली वस्तुहरूको आवागमनको निमित्त यथेष्ट र सरल यातायात सुविधा एवं कार्यविधिहरू अपनाउने, निकासी पैठारी सम्बन्धी पारवहन पद्धति सरलीकरण गर्न स्वशासित पृथ्क बन्दरगाह क्षेत्रलगायत पारवहन वा अरु वैकल्पिक साधन र बाटोको आवश्यकता र उपादेयता माथि ध्यान दिई देशको वैदेशिक व्यापारलाई अधिकतम रूपमा प्रोत्साहित गर्न श्री ५ को सरकारले आवश्यक कदमहरू उठाउने छ ।

व्यापार प्रबर्द्धन सेवाको व्यवस्था

विदेशी व्यापारमा वस्तुगत र देशगत विविधीकरण ल्याउँदै गई विभिन्न देशहरूसँग व्यापारिक सम्बन्ध सुदृढ गर्ने श्री ५ को सरकारको नीति सल तुल्याउन विदेशी बजारसम्बन्धी यथेष्ट ज्ञान र तत्सम्बन्धी अध्ययन एवं जानकारीहरू एकत्रित गरी स्वदेशी व्यापारी तथा व्यापारिक संस्थाहरूलाई नियमित रूपले उपलब्ध गराउन आवश्यक संगठनात्मक व्यवस्थाको सृजना गरिनेछ । यस कार्यमा विदेश स्थित शाही नेपाली दुतावासहरूबाट ठूलो योगदान मिल्न सक्ने हुँदा ती दुतावासहरूलाई यस क्षेत्रमा सक्षम र सक्रिय बनाउने तथा आवश्यकताअनुसार विभिन्न देशहरूमा व्यापार प्रतिनिधि कार्यलयहरूको स्थापना गरिनेछ । यसरी पञ्चवर्षीय योजना अवधिमा व्यापार प्रवर्द्धन केन्द्रको स्थापना गरी व्यापार सूचना सेवाको सृजना एवं विस्तार गरिनेछ । व्यापार प्रवर्द्धनको मूलभूत उद्देश्य प्राप्तिको निम्ति यसै माध्यमद्वारा विदेशी व्यापार तथा अन्तर्राष्ट्रिय बजारसम्बन्धी यथेष्ट जानकारीहरू स्वदेशमा सरकारी तथा गैर सरकारी क्षेत्रहरूलाई उपलब्ध गराइनेछ

व्यापार विकासः सरकारी व्यापार र गैर सकारी क्षेत्र

देशको आन्तरिक व्यापार सुसंगठित रहेमा मात्र विदेशी व्यापारको व्यवस्थित रूपले सञ्चालन सम्पन्न हुने हुँदा आन्तरिक व्यापार अभिबृद्धिको साथै यसलाई विकासको आवश्यकताअनुरूप संगठित गरिनेछ । विदेशी व्यापारको बृद्धिमा गैर सरकारी क्षेत्रबाट हुन सक्ने योगदानलाई ध्यानमा राखी यस क्षेत्रलाई आवश्यक सुविधा तथा सहुलियत दिइनेछ ।

सरकारी क्षेत्रमा रहेको नेशनल ट्रेडिङ्ग लिमिटेडलाई निर्यातोन्मुख तुल्याई देशको निकासी प्रवर्द्धन क्षेत्रमा यस संस्थाको प्रमुख भूमिका गराउनाको साथै सरकारी र गैर सरकारी दुवै क्षेत्रले एक अर्काको पूरकको रूपमा काम गर्नेछन् ।

विकासोन्मुख नेपालको बढ्दो पैठारीका आवश्यकताहरूको परिपूर्तिको निमित्त सरकारी क्षेत्र पनि सक्रिय रहनेछ । तर यस प्रकारको कुनै पनि कदम लिंदा सरकारी र गैर सरकारी क्षेत्रका बीच व्यवहार गरिनेछ ।

वाणिज्य विकास

१. गोदाम घरहरूको निर्माण रु. १ करोड

२. तेल स्टोरेजहरूको निर्माण रु. ३ करोड आन्तरिक ऋण
३. निर्यात प्रवर्द्धन सर्वेक्षण रु. ८० लाख
४. व्यापार प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय प्रदर्शनी रु. २० लाख
कुल लगानी रु. १ करोड
ऋण रु. ४ करोड

परिच्छेद १८

पर्यटन

नेपाल जस्तो विकासोन्मुख देशलाई विकास क्रममा विदेशी मुद्राको बढ्दो परिमाणमा आवश्यकता पर्छ। विदेशी मुद्राको-खास गरेर परिवर्त्य विदेशी मुद्राको- जति महत्व छ यसको आर्जनमा पनि उत्तिकै कठिनाइ छ। नेपालको परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने स्रोत हालमा जम्मा चार प्रकारका छन्। ती हुन- सैनिक सेवा, विदेशी सहायता, व्यापार र पर्यटन उद्योग। यी उल्लेख भएका चारमध्ये अघिल्ला दुई त्यति भरपर्दा नभएकोले हामीले व्यापार र पर्यटन उद्योगमा नै बढी भर पर्नु पर्छ र यी दुवैलाई राष्ट्रको आम्दानी बढाउने देश विकासको लागि आवश्यक पर्ने विदेशी मुद्रा आर्जन गर्ने स्थायी किसिमका महत्वपूर्ण स्रोत मान्नु पर्दछ। तसर्थ बढी से बढी पर्यटन उद्योगको विकास गर्नु आवश्यक भएको छ।

हालसम्मको प्रगति

नेपालमा पर्यटन उद्योगको विकासको निमित्त २०१४ सालमा पर्यटन विकास समितिको गठन भयो। तर यसरी समितिको माध्यमबाट मात्र पर्यटन उद्योगको राम्रो विकास हुन नसक्ने भएकाले योजनाबद्ध रूपबाट यसको विकास गर्न प्रथम योजनाकालमा एउटा छुट्टै विभाग खडा गरियो। यस विभागको स्थापना भएपछि नेपालले विभिन्न अन्तर्राष्ट्रिय पर्यटन संस्थाहरूको सदस्यता प्राप्त गऱ्यो। गत वर्षहरूमा पर्यटन विकासमा प्रभावकारी असर पार्ने कार्यहरूमध्ये काठमाडौंमा स्थापना भएका विभिन्न स्तरका करिब ८०० होटेल बेडहरू, (जसमध्ये २०६ [६] पाँच ताराका र १८० चार ताराका पनि छन्) विभिन्न ट्राभल एजेन्सीहरूको स्थापना, त्रिभुवन विमानस्थलको क्रमशः हुँदै गएको विकास र विभिन्न विदेशी विमान सेवाको सञ्चालनको साथै शाही नेपाली विमान सेवाको अन्तर्राष्ट्रिय सेवामा भएको बृद्धिकै प्रमुख स्थान छ। पर्यटन विभागद्वारा गरिएको नगरकोट र ककनीजस्ता दर्शनीय स्थानको विकास, दृश्यावलोकन सेवा, पथ प्रदर्शकहरूको तालिमको साथै अन्तर्राष्ट्रिय जगत्मा नेपालको बढ्दो प्रचारजस्ता कार्यहरूले पनि यसको विकासमा निकै महत्वपूर्ण योगदान गरेका छन्।

नेपालको विदेशी परिवर्त्य मुद्रा आर्जन गर्ने प्रमुख स्रोत भएको पर्यटनबाट आर्थिक वर्ष २०१७।१८ मा रु. ६.९५ लाख विदेशी परिवर्त्य मुद्राको आर्जन भएकोमा आर्थिक वर्ष २०२५/२६ को अन्तसम्ममा रु. १ करोड पर्यटनबाट आर्जन भएको छ। आर्थिक वर्ष २०२१।२२ तथा २०२२/२३ मा क्रमशः १६.२४ लाख तथा रु. ३०.२९ लाख बराबरको परिवर्त्य मुद्रा पर्यटनबाट आर्जन भएकोमा आर्थिक वर्ष २०२३/२४ मा रु.६०.५० लाख आर्जन भएको छ। जुन आर्थिक वर्ष २०२२।२३ को आर्जनभन्दा १०० प्रशित बढी भएको छ। यस किसिमबाट एक वर्ष भित्रमा नै १०० प्रतिशतले बढी परिवर्त्य मुद्रा पर्यटनबाट आर्जन हुनाको मुख्य कारणहरूमा उक्त आर्थिक वर्षमा सुविधाजनक फोकर विमान सेवा चालू गरिनाको साथै होटल अन्नपूर्ण खोलिनु र अन्य होटलमा पनि वासस्थानको राम्रो सुविधा प्रदान हुन सकेबाट पहिलेको अनुपातमा पर्यटकहरूको सङ्ख्यामा धेरै नै बृद्धि हुन गई पर्यटनबाट हुने आर्जनमा पनि ठूलो मात्रामा बृद्धि हो। उक्त आर्जिक वर्ष पछिका वर्षहरूको हकमा आर्थिक वर्ष २०२४/२५ मा बाहेक अन्य वर्षहरूमा पर्यटकहरूको संख्यामा भएको बृद्धिको अनुपातमा नै पर्यटक अन्तर्गत हुने परिवर्त्य मुद्राको भएको आर्जनमा पनि बृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०२५/२६ मा पर्यटनबाट रु. १ करोड बराबरको परिवर्त्य मुद्रा आर्जन भएको छ जुन अघिल्लो आर्थिक वर्षको आर्जनभन्दा करिब ४२ प्रतिशत बढी छ। आर्थिक वर्ष २०२६।२७ को पहिलो ५ महिनामा ने.रु. ४८.०० लाख आर्जन भयो र तेस्रो योजनाको अन्तिम आर्थिक वर्ष भित्रमा रु. १.४० करोड जति आर्जन हुने अनुमान थियो। जुन गत आर्थिक वर्षको आर्जन भन्दा ४०. ६ प्रतिशतले बढी हुने देखिन्छ।

बढ्दै गएको पर्यटकहरूको सङ्ख्या र परिवर्त्य विदेशी मुद्रा आर्जन निम्न तालिकामा देखाइएको छ।

तालिका नं. १

आर्थिक वर्ष	पर्यटकको सङ्ख्या	परिवर्त्य मुद्राको आर्जन (रु. लाखमा)
०२१-२२	१०,३५६	१६२४
०२२ -२३	९,१९१	३०.२९
०२३ -२४	१५,५७७	६०.३८
०२४ -२५	२०,७३८	८२.५४

---

^ अन्तर्राष्ट्रिय होटेल वर्गीकरणअनुसार पाँच तारा भन्नाले सर्वोत्तम स्तरको होटल र त्यसभन्दा कम तहकालाई चार तारा, तीन तारा आदि भनिने प्रचलन छ।

०२५ -२६	२८,१८९	१००.००
०२६ -२७ (पहिलो पाँच महिनाको	१६,६०७	४८.००

यसरी बढ्दै गएको पर्यटकहरूको सङ्ख्याको साथै विदेशी मुद्राको आर्जनमा पनि बृद्धि हुँदै आएको छ। यस अवस्थामा यस उद्योगको विकासका निमित्त आवश्यक कार्यक्रमहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गरी देशको आर्थिक स्थितिमा अझ वढी देन दिन सकोस् भन्ने हेतुले योजना अवधिमा सुनियोजित नीति तथा कार्यक्रम अपनाइएको छ।

चौथो योजनाको नीति तथा कार्यक्रम

योजनावद्ध किसिमबाट पर्यटन विकास गराउने हेतुले चौथो योजना अवधिको सुरूमा नै एक गुरु योजना तयार गरिनेछ। यसको आधारमा क्रमशः पर्यटक आकर्षण स्थलको निर्माण र विकास गर्ने तथा देशका विभिन्न भागमा पर्यटकहरूको निमित्त सुविधाहरू सिर्जना गरिँदै जानेछ। अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्नुको साथै पार्क, ताल, शिकार र क्रीडास्थल आदि जस्ता आकर्षक ठाउँहरूको विकास गरी पर्यटकहरूलाई पुग्ने, बस्ने र डुल्ने सुविधाहरू उपलब्ध गराउन गैर सरकारी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ।

पर्यटन उद्योगको विकास सम्बन्धित विभागको कार्यक्रम तथा कार्यान्वयनले मात्र सफल हुन सक्दैन र यसको सफलता विभिन्न विभागहरूको कार्यक्रमसँग संवद्ध भएको हुँदा अन्य विभागहरूको कार्यक्रमहरूसँग पनि पूर्णतया समन्वय कायम गरी विकास गरिनेछ। वास्तवमा पर्यटन उद्योगको विकास सम्बन्धित विभागको भन्दा पनि अन्य विभागहरूको कार्यक्रममा बढी निर्भर गर्दछ।

गत वर्षहरूको अनुभव र योजना अवधिमा गरिने थप व्यवस्थालाई ध्यानमा राख्दा पाँच वर्षमा प्रतिवर्ष ४० प्रतिशतको दरले नेपाल आउने पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुने अनुमान गरिएको छ। विमान सेवाको सुविधाको साथै अधिराज्यका प्रमुख स्थानहरूमा होटेल आदिको व्यवस्था बढाउँदै लगेमा पर्यटकहरूको आगमनमा बढी प्रोत्साहन मिल्न गई सङ्ख्यामा बृद्धि हुँदै जानेछ।

तालिका नं. २

आर्थिक वर्ष	पर्यटकको सङ्ख्या	परिवर्त्य मुद्रा आर्जन (रु. लाखमा)
२०२७-२८	४९,०००	१९६
०२८ -२९	६८,०००	२६०
२०२९-३०	९५,०००	३६५
२०३०-३१	१,३०,०००	५००
२०३१-३२	१,८०,०००	७०१

माथिको तालिकाबमोजिम प्रत्येक वर्ष पर्यटकहरूको सङ्ख्यामा बृद्धि हुने प्रतिशतको अनुपातमा पर्यटन अन्तर्गत हुने परिवर्त्य मुद्राको आर्जनमा पनि लगभग ४० प्रतिशतको बृद्धि कायम रहेमा चौथो योजनाको अवधिभित्र तालिकामा उल्लेख भएबमोजिम परिवर्त्य मुद्रा आर्जन हुने अनुमान गर्न सकिन्छ। पर्यटकहरूको सङ्ख्यामा धेरै बृद्धि हुने नभएमा मुद्राको आर्जनमा बृद्धि हुन सक्दैन पनि भन्न सकिदैन। नेपालमा पर्यटकहरूको भ्रमणकाललाई लम्ब्याउन सकेमा पर्यटकहरूको सङ्ख्यामा ठूलो बृद्धि नभए तापनि आर्जनमा बृद्धि हुन सक्दछ। पर्यटन विकास योजनाअनुसार पर्यटकहरूलाई आकर्षण गर्ने विभिन्न स्थानहरूको विकास गर्न सकेमा ती सबै स्थानहरूको भ्रमण गर्न पहिलेकोभन्दा बढी समय लाग्न गई पर्यटकहक्के बसाई लंबिने र बसाइँ लम्बिएमा खर्च बढी हुन गई आर्जन बढी हुने स्पष्टै छ। हालको पर्यटन विकास योजनामा पोखरा, लुम्बिनी, नाम्चेबजारको होटेलले भविष्यमा आउने पर्यटकहरूको नेपाल भ्रमण लम्बिदै जाने हुँदा हरेक पर्यटकले ५ दिनसम्म नेपालमा बसेमा हालको ३ दिनको बसाइँ भन्दा लामो हुन गई परिवर्त्य मुद्राको आर्जनमा पनि बृद्धि हुन सक्नेछ। त्यसको साथै परिवर्त्य मुद्राको कालो बजारलाई सक्रिय तुल्याउनमा पर्यटकहरूको पनि हात रहेको हुँदा कालो बजारलाई नियन्त्रण गर्नेतर्फ बढी प्रयास भएमा माथि अनुमान गरेको भन्दा पनि बढी आर्जन हुन सक्ने छ। पर्यटकहरूको सङ्ख्याको साथै उनीहरूको नेपालको भ्रमणको दिनहरूमा पनि बृद्धि भएमा चौथो योजनाको अन्तिम वर्षमा रु. ८-९ करोडको परिवर्त्य मुद्रा आर्जन हुने अनुमान गर्न मिल्ने देखिन्छ।

नेपालमा आउने पर्यटकहरूमध्ये हालसम्मको अनुभवबाट ८० प्रतिशत भन्दा बढी हवाई मार्गबाट आउने भएकोले चौथो योजनाकालमा पर्यटन विकासको निम्ति हुने महत्वपूर्ण कार्यक्रमहरूमध्ये हवाई विकास कार्यक्रम पनि प्रमुख हुनेछ। यसै अवधिको प्रथम वर्षदेखिनै भारतभएर जम्बोजेट उडान गर्ने भएकाले त्यसबाट बढी मात्रामा आउने पर्यटकहरू बढी से बढी सङ्ख्यालाई नेपालमा आउने सुविधा प्रदान गर्न हालको सेवामा विशेष सुधार गर्नु

पर्ने भएको छ। यसको लागि चौथो योजनाको सुरूका वर्षहरूमा नै काठमाडौं विमानघाटको अरु विस्तार गरी दश हजार फीटको धावनमार्गको निर्माण हुनेछ र यसरी हालको भन्दा ठूलो हवाईजहाज आएपछि आवश्यक पर्ने अन्य आधुनिक सुविधाहरूको पनि व्यवस्था हुनेछ। काठमाडौंको मौसम बराबर खराब हुने भएकाले काठमाडौं नजिकको सिमरा विमान घाटलाई ७५०० फीट लामो धावनमार्गको र आधुनिक सुविधा प्राप्त बनाउने भएकोले पनि बढी पर्यटकहलाई नेपालमा ल्याउन सकिने छ। साथै पोखरा, भैरहवामा समेत बढी सुविधाका विमान स्थलहरू निर्माण हुने भएकाले खास गरेर पोखरा उपत्यका र भैरहवा नजिकको लुम्बिनीको कारणले पर्यटकहरूलाई बढी समयसम्म नेपालमा राख्न सकिनेछ।

योजना अवधिमा नेपालमा आउने थप पर्यटकहरूको लागि विभिन्न स्तरका होटेलहरूको सुविधामा पनि बृद्धि गर्नु पर्दछ। साथै अधिराज्यका विभिन्न स्थानहरूमा बढी सुविधाका विमान स्थलहरू निर्माण गर्ने कार्यक्रम र नेपालमा बढी समयसम्म पर्यटकहरूलाई राख्ने अभिप्रायअनुरूप काठमाडौं उपत्यकामा भन्दा बाहिर पनि आधुनिक होटेलहरूको आवश्यकता पर्दछ। तसर्थ योजनाकालमा ऋण तथा अन्य सुविधाहरू उपलब्ध गराई काठमाडौं उपत्यकामा विभिन्न स्तरका होटेलहरू खोली चार र पाँच ताराका करिव ६०० बेडका, तीन ताराका १२०० बेडका र दुई ताराका करिब ८०० बेडका गरी जम्मा २६०० होटेल बेडहरूको थप स्थापना गरिनेछ। उपत्यका बाहिर पनि विभिन्न स्थानमा बिभिन्न स्तरका गरी जम्मा ४६० होटेल बेडहरूको थप व्यवस्था गरिने छ। यसरी अधिराज्यको विभिन्न स्थानहरूमा यातायात र होटेलको थप व्यवस्थाको कारण भारतीय पर्यटकहरूको सङ्ख्यामा पनि बृद्धि हुनेछ। साथै योजना अवधिमा भैरहवा-लुम्बिनी बाटोको निर्माण सम्पन्न भई लुम्बिनी क्षेत्रको विकास पनि सम्पन्न गरिनेछ।

पर्यटन विभागअन्तर्गत आगामी पाँच वर्षहरूमा सञ्चालन गरिने कार्यक्रमहरू निम्नबमोजिम हुनेछन्।

(१) **पर्यटन विकासको गुरूयोजनाः-** नेपालमा पर्यटन विकासको लागि एउटा दीर्घकालिन गुरुयोजना तयार गरी यसैअनुरूप क्रमबद्ध रूपमा विकास कार्यक्रमहरू सञ्चालन गर्दै जाने हेतुले अधिराज्यको पर्यटन विकास संभाव्यताको विस्तृत अध्ययन गरी एउटा गुरुयोजना तया गर्ने कार्य हालै सुरू गरिएको छ। यसअन्तर्गत पर्यटक रुचिका स्थानहरू र प्रत्येकमा गर्नु पर्ने सुधार र सुविधाको व्यवस्थाको यकीन गर्ने, पर्यटकहरूलाई नेपालमा आकर्षित गर्न आवश्यक प्रभावकारी प्रचार, यातायात, होटेल व्यवस्था आदि पर्यटन विकाससम्बन्धी विभिन्न कार्यहरू समावेश गरिने छन् । भविष्यका विकास क्रमहरूलाई बढी प्रभावकारी बनउने उद्देश्यले तयार गरिने यस गुरुयोजनाको तर्जुमा गर्ने काममा विदेशी अनुभवी विशेषज्ञहरूलाई संलग्न गरिनेछ।

पर्यटन उद्योगको व्यवस्थित तथा प्रभावकारी आधारमा विकास गर्न उपर्युक्त बमोजिमको गुरुयोजना सम्बन्धी प्रतिवेदन योजनाको प्रथम वर्षको मध्यतिर मात्र प्राप्त हुन थाल्ने छ। यसरी प्राप्त भएको प्रतिवेदनको आधारमा कतिपय नयाँ आयोजनाहरू योजनामा समावेश गरिनेछन्। तिनै कार्यक्रमहरू योजनाकालमा कार्यान्वित गरिनु पर्ने स्वतः सिद्ध छ। उक्त कार्यहरूमध्ये के कति सरकारी क्षेत्रमा गर्ने र त्यसलाई कति रकम लाग्नेछ भन्न हालको स्थितिमा सम्भव नभएकोले उपर्युक्त गुरूयोजना तयार भएपछि पर्यटन विकासको लागि थप रकमको व्यवस्था गरिने छ।

(२) **प्रचार तथा विज्ञापनः-** नेपालमा पर्यटकहरूको सङ्ख्या प्रतिवर्ष बृद्धि गर्दै लैजाने नीतिअनुसार नेपालको पर्यटनसम्बन्धी अन्तर्राष्ट्रिय प्रचारमा विशेष बृद्धि गराउने कार्यक्रम राखिएको छ। प्रचारका विभिन्न साधनहरू जस्तै पुस्तक, विज्ञान, चलचित्र, पोष्टर, भ्रमण, अन्तर्राष्ट्रिय सेमिनार तथा सम्मेलन आदिको माध्यमद्वारा नेपालको पुरातात्विक, धार्मिक तथा सांस्कृतिक साथै दर्शनीय स्थानहरू बारे प्रसार गराईनेछ। यस काममा केही मद्दत गर्ने एउटा फोटो ल्याबसमेतको स्थापना गरिनेछ। पुस्तक, पोष्टर तस्विर, चलचित्र आदि पनि बढी आकर्षक तथा नयाँ नयाँ किसिमको बनाउनु पर्ने र ट्रेकिङ्ग रूट पत्ता लगाउनु पर्ने भएकोले प्रत्येक वर्ष विभागकै कर्मचारीद्वारा देशको विभिन्न स्थानको सर्वेक्षण गरी आवश्यक जानकारी राख्ने, फोटो संकलन गर्ने र त्यसको अनुसन्धान गरी प्रचारमा ल्याइनेछ।

(३) **सूचना केन्द्रको स्थापनाः-** देशभित्र आएका पर्यटकहरूलाई आवश्यक पर्ने सूचना दिन विभागअन्तर्गत रहेका सूचनाकेन्द्रहरूको बिस्तार गर्ने र विभिन्न भाषा बोल्ने रिसेप्सनिष्टहरू राखि सेवा उपलब्ध गराइनेछ। यसको साथै बीरगञ्ज र पोखरामा समेत सूचना केन्द्रहरूको स्थापना गरिनेछ।

(४) <u>काठमाडौं उपत्यका बाहिर पर्यटन केन्द्रको विकासः-</u> नेपाल आउने पर्यटकहरूको लागि खास गरेर काठमाडौं उपत्यकामा र केही मात्रामा पोखरामा मात्र पर्यटन केन्द्रको विकास भएकोमा तेस्रो योजना अवधिमा चितौन, मेघौलीमा निजी क्षेत्रद्वारा वन जन्तु र जङ्गलसम्बन्धी दृश्यावलोकन, यातायात होटेलको ब्यवस्था भएको छ। चौथो योजनाकालमा सरकारी सुविधाहरू दिई निजी क्षेत्रमा यातायात, मनोरञ्जन, होटेल आदिले सुसज्जित एउटा केन्द्र सोलुखुम्बुको खुम्जुङ्ग गाउँमा र यस्तै अन्य दुई स्थानहरूमा समेत विकास गरिनेछ।

(५) **तालिमः–** यस अवधिमा १५० जनालाई पथ प्रदर्शक तालिम दिनुको साथै प्रारम्भिक र माध्यमिक तहका होटेल तथा रेष्टुराँ व्यवस्थासम्बन्धी तालिम पनि प्रदान गरिनेछ ।

(६) **मनोरञ्जनः–** पर्यटकहरूलाई साँझको समय बिताउन मनोरञ्जनको व्यवस्था गर्नु आवश्यक छ । यसको लागि नेपाली कला एवं संस्कृतिमा आधारित कार्यक्रमहरू सञ्चालन गर्न संस्कृति विभागसमेतको प्रयासमा कार्य गरिनेछ । साथै काठमाडौंमा "कष्टयूम अफ् नेपाल" नामक एउटा स्थायी प्रदर्शनीको समेत व्यवस्था गरिनेछ ।

अनुमानित लगानीको रकम

(रू.हजारमा)

सि.न..	आयोजना	रकम
१.	पर्यटन विकासको गुरूयोजना र विकास	९००
२.	प्रचार तथा विज्ञापन	३७,७६
३.	सूचना केन्द्रको विस्तार	११४
४.	काठमाडौं उपत्यका बाहिर पर्यटन केन्द्रको विकास	---
५.	तालिम	१,००
६.	मनोरञ्जन	११०
	जम्मा :	५०,००

परिच्छेद १९

भौगार्भिक सर्वेक्षण र खानी

देशको औद्योगीक विकासको लागि आवश्यक हुने कच्चा पदार्थहरू मुख्यत: तीन स्रोत (कृषि, वन तथा खनिज) मा आधारित छन् । उक्त तीन प्राकृतिक साधनहरूमध्ये खनिज साधनको विकासको निम्ति लगानी, समय, प्राविधिक ज्ञान र अनुभव बढी मात्रामा आवश्यक पर्दछ र खनिज साधनको माध्यमद्वारा ठूलो परिमाणमा आर्थिक उपार्जन गरी देशको आर्थिक विकासमा ठोस योगदान गर्न सकेको कुरा कतिपय देशहरूको उदाहरणबाट थाहा हुन्छ । नेपालमा खनिज साधनको समुचित विकास हुन नसक्नुको कारण अहिलेसम्म ज्यादै थोरै मात्रामा मात्र लगानी हुन सकेको, भएको लगानी पनि सुनियोजित र निर्णयात्मक परिणाम प्राप्त गर्ने किसिमसँग नगरिएको, दक्ष प्राविधिक जनशक्तिको अभाव र खनिज अन्वेषण कार्यमा आधुनिक उपकरणको प्रयोग नहुनु पनि हो । देशको खनिज साधनको उचित विकास हुन सकेमा स्वदेशमा औद्योगीकरणको लागि उपयोग गर्न विदेशमा कच्चा पदार्थको रूपमा निर्यात गरी विदेशी मुद्राको उपार्जन गर्न सकिने छ ।

हालसम्मको प्रगति

नेपालको खनिज धन पत्ता लगाउने प्रयास राणाकालदेखि सुरू गरिई प्रथम पञ्चवर्षीय योजनादेखि नै योजनाबद्ध प्रयास सुरू भए तापनि अहिलेसम्म यस क्षेत्रमा कुनै उल्लेखनीय प्रगति भएको छैन ।

पहिलो योजनामा खानीसम्बन्धी कामको लागि ५० लाख रुपियाँ छुट्याइएको थियो र अमेरिकी र भारतीय सहायता पनि उपलब्ध भएको थियो । केही खनिज मौज्दातहरूको पत्ता लगाई सकेको र त्यसको फैलावट तथा किसिमको नाप जाँच पनि भैसकेकोले यी खानीहरूको काम चाँडै नै सुरू हुनेछ भनी संभाव्य खानीहरू- चून ढुङ्गा, फूलचोकी डाँडाको फलाम, काठमाडौंको उत्तरमा पाइएको अभ्रखको उल्लेख गरिएको थियो । यसका अतिरिक्त परिमाण र गुणको अध्ययनबाट कुनै खानीको काम सुरू गर्नुभन्दा अघि त्यसलाई चाहिने सबै व्यवस्था गरिने कुरा पनि उल्लेख गरिएको थियो ।

पहिलो योजना अवधिमा १९ लाख रुपियाँ खर्च भयो । यसको उपलब्धिमा देशका विभिन्न स्थानमा केही "विकास योग्य खनिज" प्राप्त भएको कुरा उल्लेख गरिएको थियो जसमा फूलचोकी, लाब्दी, ठोसेको फलाम, बाप्सा, अर्खौलेको तामा, रिडी नदीको किनारको सुन, बन्दीपुरको स्लेटका अतिरिक्त अरु ठाउँमा पत्ता लागेको जस्ता, कोवाल्ट, ग्राफाइट, जिप्सम, नून, वेरिल, पेट्रोलियम आदि पनि थिए । लैनचौरमा खानी विभागको भवनको निर्माण कार्य पनि समाप्त प्राय: भएको थियो । प्रथम योजनाको लक्ष्यमा उल्लेख भएअनुसार पत्ता लगाई सकेको खानीको काम चाँडै सुरू हुने र नयाँ खानीको काम सुरू गर्नुभन्दा अघि आवश्यक वस्तुको व्यवस्था मिलाइने काममा विशेष प्रगति हुन सकेन ।

दोस्रो (त्रि-वर्षीय) योजनामा खनिज साधनको विकासको निम्ति छुट्टै शीर्षक नराखी वनस्पति, माटो, जलशक्ति आदि विभिन्न प्राकृतिक साधनको सर्वेक्षणसँग गाभेर राखिएको थियो । दोस्रो योजनाको लक्ष्य भने पहिलो योजनाको जति महत्वकाँक्षी थिएन । योजनामा विभिन्न खानीहरूको विस्तृत सर्वेक्षण गर्ने, केही खानीहरूको "पूर्व लगानी" सर्वेक्षण गर्ने र खनिज प्रयोगशालाको स्थापना गर्ने लक्ष्य राखिएको थियो । "विस्तृत सर्वेक्षण" अन्तर्गत कुलेखानीको तामा, नांव्रे भोर्ले, समर भमर, नेता डारलिं र तमघासको तामा, अर्खौले कोवाल्ट, निकल, काठमाडौं उपत्यकाको ग्याँस, लिग्नाइट र जलस्रोत, गोदावरीको मार्वल, कालीगण्डकी बेंसीको प्लासर सुन इत्यादि तथा पूर्व लगानी सर्वेक्षणअन्तर्गत फूलचोकी, लाब्दी र ठोसेको फलाम, वाग्लुङ्गको तामा र पूर्व १ पश्चिम १ नं को अभ्रख राखिएका थिए ।

दोस्रो योजनामा खानीसम्बन्धी कामको लागि १३ लाख रुपियाँ खर्च गरिएको थियो यसको उपलब्धिमा लैनचौरमा खानी विभागको भवन र खनिज प्रयोगशालाको निर्माण सम्पन्न भएको, दैलेख, सुर्खेतमा तेलको खोजीको काम जारी रहेको, १,००० वर्गमील क्षेत्रको भौगर्भिक सर्वेक्षण भएको, पूर्व १ र २ नं. को अभ्रख खानीको प्रारम्भिक सर्वेक्षण पूरा भएको र विभिन्न स्थानमा नयाँ खानी भेटिएको कुरा उल्लेखनीय थियो ।

तेस्रो योजनामा खानीसम्बन्धी कामको लागि २ करोड रुपियाँ छुट्याइएको थियो र योजना अवधिमा भौगर्भिक सर्वेक्षण कार्यलाई प्राथमिकता दिने र औद्योगीक विकासको निमित्त आधारभूत खनिज पदार्थको खोजीमा उपर्युक्त सर्वेक्षण गरिने भएको थियो । यस योजनाको लक्ष्यमध्ये फलाम उद्योगको सम्भाव्यता बारे फूल्चोकी फलाम खानीको पूर्व लगानी सर्वेक्षण, वन्दीपुर, इलाम र पूर्व ३ नं. को तामा खानीकनो विस्तृत सर्वेक्षण र सवभन्दा लाभ दायक तामा खानीको व्यावसायिक स्तरमा उपयोग गर्न प्रारम्भिक कार्य, सुनका लागि गण्डकी र राप्तीको किनारामा खोज, पूर्व १ नं. र पश्चिम १ नं. को अभ्रखको खानीको व्यवसायिक रूपले उत्पादन सुरू गर्न विस्तृत सर्वेक्षण, प्यूठान, चिसापानीमा तेल र ग्याँसको सम्भावना बारे सर्वेक्षण तथा खनिज पदार्थमा आधारित उद्योगको सम्भाव्यताको अध्ययन पनि समावेश गरिएको थियो ।

तेस्रो योजनाको दोस्रो वर्षसम्म भौगर्भिक सर्वेक्षण तथा खनिज सम्बन्धी सबै काम खानी विभागबाटै भै आएकोमा भौगर्भिक सर्वेक्षण विभाग छुट्टै खडा गरिएकाले यी कामहरू दुई विभागले गर्ने ढुङ्गा, कम्पुघाट र खरी ढुङ्गाको म्याग्नासाइट, वेरिङ्ग खोलाको पाइराइट तथा हेटौंडा कर्रा खोलाको वालुवाको विस्तृत अन्वेषण गर्ने काम भयो। साथै मर्स्याङ्दी र सेती नदीको ब्लासर सुन, लमजुङको नून पानी, लामटाङको अभ्रख पेग्मटाइट र संखुवासभाको अर्धकिमती ढुङ्गा भएको पेग्मटाईटको पनि जाँच भयो। त्यस्तै खरीढुङ्गाको म्याग्नासाईटवाट डेड वर्न्ट म्याग्नासाईट र फ्यूज्ड म्याग्नेसियम फस्फेट फर्टिलाईजर, कर्राखोलाको बालुवाबाट काँच र वेरिंग खोलाको पाइराइटबाट गन्धक वा गन्धक तेजाव उत्पादनबरे प्रारम्भिक सम्भाव्यता अध्ययन गरियो। देशको प्रस्तावित प्रथम सिमेन्ट उद्योग चोभारको चुनढुङ्गा खानीमा आधारित हुने भएको फलस्वरूप भैंसे चुनढुङ्गा खानीमा थप विस्तृत अन्वेषण स्थगित गरियो। त्यस्तै कम्पुघाटको म्याग्नासाईट अशुद्ध ग्रेडको पाइएकोले स्थगित गरी राम्रो सम्भाव्यता देखिएको खरीढुङ्गाको म्याग्नेसाईटको विस्तृत अन्वेषण जारी राखिएको छ। यो चौथो योजनाको पहिलो वर्षसम्ममा समाप्त हुनेछ। गणेश हिमालको जस्ता-शिशा खानीको विस्तृत अन्वेषण नेपाल खानी ऐनअन्तर्गत विदेशी प्राईभेट कम्पनीद्वारा हुँदा गरेअनुसार तेस्रो योजनाको अन्त्यसम्ममा ८ प्रतिशत धातु भएको २ लाख ५० हजार टन प्रमाणित धाउ र १५ लाख टन अर्ध प्रमाणित धाउको अनुमान भयो।

तेस्रो योजनामा भौगर्भिक सर्वेक्षण विभागअन्तर्गत महाकाली, सेती, गण्डकी, लुम्बिनी आदि विभिन्न अञ्चलमा ८,५०० वर्गमिलमा रिजनल म्यापिंग र ३,००० वर्ग मिलमा रिकनेसन्स म्यापिंग, इलामको सिद्धिखानीको तामा, सोलुखुम्बुको वाप्साको तामा खानीको सर्वेक्षण विभिन्न स्थानमा फस्फेटको खोजी, काठमाडौंको उत्तरी क्षेत्रको पेग्माटाइटको प्रारम्भिक सर्वेक्षण आदि काम भयो।

विगत तीन योजना अवधिमा विभिन्न भौगोलिक क्षेत्रमा पत्ता लगाई सकेको खानीहरूको सुनियोजित तथा निर्णयात्मक तवरले विस्तृत अन्वेषण नभई एकैपल्ट धेरै क्षेत्रमा नयाँ नयाँ खानी खोज गर्नेतिर ध्यान दिइयो र फलस्वरूप धेरैजसो खानीबारे ठोस निष्कर्ष प्राप्त हुन सकेन। अनुभवी तथा प्रशिक्षित जनशक्तिको कमी हुनु, लक्ष्य अनुसार कार्यक्रमको तर्जुमा नहुनु, प्रयोगशाला सुसज्जित नहुनु तथा अन्य विभिन्न कारणहरूले गर्दा नै धेरैजसो खानीबारे निर्णयात्मक अवन्वेषण तथा मूल्यांकन हुन नसकेको भन्न सकिन्छ। त्यस्तै भौगर्भिक सर्वेक्षण पनि योजनावद्ध रूपमा नभई अधिराज्यभर यत्रतत्र छरिई कही दोहोरोपन कहीँ कुनै कार्य नभईकन रहन गए।

चौथो योजना

भौगर्भिक सर्वेक्षणसम्बन्धी कार्यको उद्देश्य देशको भौगर्भिक नक्शा तयार गर्ने, क्रमवद्ध रुपबाट देशको खनिज सम्पत्तिको खोज र अनुसन्धान गर्ने तथा भौगर्भिक तथ्यको संकलन गरी प्रकाश गर्ने हुनेछ । चौथो योजनामा यसलाई कार्यान्वित गर्ने नीतिअनुसार भौगर्भिक सर्वेक्षणसम्बन्धी काम गरिने ठाउँको क्षेत्र निर्धारण गर्दा पहिलेका विभिन्न अध्ययनहरूबाट खनिज विकासको बढी सम्भाव्यता भएका क्षेत्रलाई प्राथमिकता दिने, यो काम देशको तोकिएको क्षेत्रमा मात्र गरिने र प्राथमिकता दिइएको क्षेत्रमध्ये केही स्थानमा सघन रुपमा गरिनेछ। खानी विकाससम्बन्धी कार्यको उद्देश्य नेपालका विभिन्न खनिज पदार्थको विस्तृत अन्वेषण गरी गुण परिमाणबारे आवश्यक छानविन र विश्लेषण गर्ने, खनिज र खनिजमा आधारित उद्योगको सम्भाव्यता अध्ययन गर्ने ती उद्योगहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने र त्यस्ता उद्योगको विकास गरी राष्ट्रिय आयमा बृद्धि ल्याउने हुनेछ। यस उद्देश्यलाई कार्यान्वित गर्न चौथो योजनामा भौगर्भिक सर्वेक्षणबाट उपयुक्त देखिएका स्थानमा प्रारम्भिक अन्वेषण जारी राख्नुका साथै हालसम्म प्रारम्भिक रुपमा आशाजनक सम्भावना देखिएका खनिजहरूको उपयोग गर्न बढी सम्भाव्य देखिएका खनिजहरूको निर्णयात्मक प्रतिवेदन तयार गर्ने किसिमका अध्ययन गर्ने काममा विशेष जोड दिइनेछ र केही खानीहरूको औद्योगीक उपयोगको लागि सम्भाव्यता अध्ययनसमेत गरिनेछ।

असङ्गठित रुपमा थोरै साधनले धेरै क्षेत्रमा सर्वेक्षण र अध्ययन गर्दा केही ठोस उपलब्धि नहुने भएको हुनाले चौथो योजनामा भौगर्भिक सर्वेक्षण तथा खानी विकासको कामलाई विशेष जोड दिई हालसम्मको योजनाहरूमा भन्दा निकै बढी आकांक्षाको र ठोस कार्यक्रमसहितको आयोजनाहरू सञ्चालन गर्ने लक्ष्य राखिएको छ। योजनामा राखिएका विभिन्न खानीहरूको अध्ययनसम्बन्धी आयोजनाहरू सम्भाव्य छन् वा छैनन् भन्ने कुरा निश्चित् रुपले ज्ञान राख्ने प्रयास गरिनेछ र असम्भाव्य आयोजनाहरूलाई लगातार विभिन्न योजनाहरूमा समावेश गर्ने परम्परा हटाउन पनि प्रयास गरिनेछ। आयोजनाहरूको कार्यान्वयनमा आवश्यक पर्ने विदेशी प्राविधिक सहायताको पनि खोज गरिनेछ। साथै भौगर्भिक सर्वेक्षण, खानी खोज तथा खानी अन्वेषणको काममा आधुनिकता ल्याउन प्रयोगशालाको विस्तार तथा आधुनिक उपकरणको आयातसमेत गरिनेछ। चौथो योजनाकालमा खनिज साधनको विकासको निमित्त लगाइने बढी लगानी र प्रयासको फलरुवरुप केही ठोस परिणाम निक्लेला र देशको औद्योगीकरण र विकासमा सहायक होला भन्ने आशा गर्न सकिन्छ।

खनिज साधनको विकास गर्ने कार्य बढी प्रभावकारी होस् भन्ने हेतुले हाल दुइ विभागमा बाँडिएर रहेका भौगर्भिक सर्वेक्षण विभाग र खानी विभागका कार्यक्रमहरू र कार्य सञ्चालनमा बढी से बढी समन्वय ल्याउन पनि अत्यावश्यक भएको छ। युग्म भौगर्भिक-खनिज अन्वेषणअन्तर्गत एरोम्याग्नेटिक सर्वेक्षण, विस्तृत भौगर्भिक -खनिज अन्वेषणका कार्यहरू अनुभवी विदेशी विशेषज्ञहरूसमेतलाई पूर्णतः संलग्न गराई एउटा छुट्टै अस्थायी आयोजना कार्यालयमार्फत गराउने व्यवस्था हुनेछ। यो कार्यको प्राथमिक जिम्मेवारी हालको भौगर्भिक सर्वेक्षण विभागअन्तर्गत भए तापनि यसमा खानी विभागकोसमेत सहयोग लिइनेछ।

(क) भौगर्भिक सर्वेक्षण

(१) पश्चिमी तराई (कोइलावास-नेपालगञ्ज) पेट्रोलियम खोजी

पश्चिमी नेपालको कोइलावास र नेपालगञ्जबीचको क्षेत्रमा पेट्रोलियमको खोजीको सन्दर्भमा भू-भौतिक अध्ययन (ग्राविटी म्याग्नेटिक र साइज्मिक सर्वे) को साथसाथै एक्सप्लोरेटरी ड्रिलिंग (Exploratory Drilling) पनि गरिनेछ। नेपालमा पेट्रोलियम पाउन सबभन्दा बढी सम्भावना भएको क्षेत्र पश्चिमी तराईको कोइलावास र धनगढीको बीचको क्षेत्र मानिएको छ । संयुक्त राष्ट्रसंघका तर्फबाट आएका विशेषज्ञहरूबाट पनि नेपालमा खास गरी यो क्षेत्रमा पेट्रोलियम पाइने राम्रो सम्भावना भएको प्रतिवेदन प्राप्त भएको छ। पश्चिमी तराईको खास गरेर कोइलावास नेपालगञ्जको बीचको क्षेत्रको पेट्रोलियम पाइने बढी सम्भावना देखिएकोले चौथो योजनामा यस क्षेत्रमा प्राथमिकता दिई कार्य गरिनेछ। पेट्रोलियमको पत्ता लाग्न सकेमा देशको आवश्यकता पूर्ति गरेर अन्य देशमा निर्यातसमेत गर्न सकिने हुनाले यसले राष्ट्रिय अर्थ व्यवस्थामा ठूलो असर पार्न सक्नेछ। यस कार्यका लागि योजना अवधिमा रु. २ करोड ४० लाख लाग्ने अनुमान गरिएको छ।

(२) पश्चिमी तराई पेट्रोलियम खोजी, (नेपालगञ्ज-धनगढी) को प्रारम्भिक व्यवस्था

पश्चिमी तराईको नेपालगञ्जदेखि धनगढीसम्मको क्षेत्रको कोइलावासदेखि नेपालगञ्जसम्मको क्षेत्र जति नै पेट्रोलियम पाइने सम्भावना नदेखिए तापनि अन्वेषण योग्य क्षेत्र हो भन्ने विशेषज्ञहरूको राय छ। यस आयोजनाअन्तर्गत चौथो योजनाको उत्तरार्द्धमा कोइलावास-नेपालगञ्ज पेट्रोलियम खोजी र त्यसमा भएको प्रगतिको सन्दर्भमा प्रारम्भिक कार्यहरू गरिनेछन्।

(३) काठमाडौ उपत्यका ग्याँस खोजी

काठमाडौं उपत्यकामा ग्याँसको भण्डार पाइएमा इन्धनको समस्या पनि केही मात्रामा समाधान हुन सक्नेछ। अहिले पनि केही स्थानमा सीमित मात्रामा ग्याँसको उपयोग इन्धनको रुपमा गरिँदैछ। यस आयोजनाको लागि उपलब्ध गर्नुपर्ने उपकरणहरू पछि अरु आयोजनामा पनि प्रयोग गर्न सकिनेछ। काठमाडौ उपत्यकामा ग्याँसको खोजीको सिलसिलामा भौगर्भिक र भू-राजनैतिक सर्वेक्षण गरी ग्याँस प्राप्तिको लागि ड्रिलिङ्ग पनि गरिनेछ।

(४) फस्फेटको खोजी

यस आयोजनाअन्तर्गत लुम्बिनी, सेती र महाकाली अञ्चलमा फस्फेट चट्टानको खोजी गरिनेछ। नेपालमा फस्फेटको चट्टान पाइएमा मलखाद (फर्टिलाईजर) बनाउन उपयोगी हुने हुनाले तत्सम्बन्धी कारखाना खोल्न पनि सम्भाव्य भै कृषि विकासमा सहायक हुनेछ।

(५) रिजनल म्यापिङ्ग

यस आयोजनाअन्तर्गत राप्ती, भेरी, कर्णाली, धौलागिरी अञ्चलको विभिन्न स्थानमा विस्तृत भौगर्भिक सर्वेक्षण (जमिनबाट नै) गरी नक्सा तयार गर्ने काम हुनेछ। यो विस्तृत भौगर्भिक नक्सा तयार गर्ने आयोजना देशको खनिज साधनको विकासको लागि आधारभूत छ।

(६) रिकन्सेन्स म्यापिङ्ग

यस आयोजनाअन्तर्गत सगरमाथा, कोशी, मेची, महाकाली, सेती, कर्णाली अञ्चलको विभिन्न क्षेत्रहरूको सर्वेक्षण गरी मोटामोटी भौगर्भिक नक्सा बनाउने काम हुनेछ। विस्तृत नक्सा बनाउनको लागि यो आधारभूत सर्वेक्षण हो।

(७) अन्य विस्तृत भौगर्भिक अध्ययन

भौगर्भिक सर्वेक्षण कार्यक्रमबाट उत्साहवर्द्धक नतिजा आएका क्षेत्रमा (जस्तै धरानमा देखिएको फस्फेट) यथाशक्य छिटो उपयोग हुन सकोस् भनेर विस्तृत अध्ययन गरिँदै जानेछ।

(८) अनुसन्धान तथा प्रतिवेदन

यस आयोजनाअन्तर्गत प्रयोगशालामा उपयोग गरिने विभिन्न उपकरणहरू उपलब्ध गरिनेछन्। भौगर्भिक सर्वेक्षण कार्यको सन्दर्भमा क्षेत्र (फिल्ड) मा संङ्कलित नमुना र तथ्याङ्कको उपयोगिता बढाउन प्रयोगशालामा विभिन्न उपकरणहरूबाट गहन अध्ययन गर्नु आवश्यक हुन्छ। आधुनिक उपकरणहरूले सुसज्जित प्रयोगशाला कुनै पनि भौगर्भिक सर्वेक्षणको सफल कार्यान्वयनको लागि अत्यावश्यक भएकाले सो आयोजना महत्वपूर्ण छ।

(ख) एकीकृत (Integrated) भौगर्भिक खनिज अन्वेषण

१. नेपालको एरोम्याग्नेटिक सर्वेक्षण

यस आयोजनाअन्तर्गत नेपालको विभिन्न भू-भागको करिव १,२८,००० वर्ग किलोमिटर (५०,००० वर्गमिल) क्षेत्रको एरोम्याग्नेटिक सर्वेक्षण ठेक्काबाट गरिनेछ। भूगर्भमा खजिनहरू भए नभएको पत्ता लगाउने कुरा सतहबाट भौगर्भिक सर्वेक्षणबाट मात्र गर्दा समय धेरै लाग्ने र व्यावहारिक एवं क्रमबद्धता नहुने हुन्छ। वायुयानबाट एरोम्याग्नेटिक सर्वेक्षण गरी नक्सा तयार गर्दा छोटो समयमा भूगर्भमा फलाम, शीशा, तामाजस्ता खानीहरू जम्मा भएको स्थानमा अमिल्दो (Anomaly) देखिई त्यसको आधारमा पछि सतहबाटै विभिन्न प्रविधिहरू अपनाई विस्तृत खानी खोज एवं अन्वेषण गर्ने स्थान प्राथिमकता क्रम तोकेर गर्न सजिलो हुनेछ। सतहबाट गरिने यस्ता विस्तृत खानी खोज एवं अन्वेषण कार्यहरू पूर्वी तथा पश्चिमी नेपालको चुनिएका क्षेत्रहरूमा चरण चरणमा गरिनेछन्। उपर्युक्त प्रकारको एरोम्याग्नेटिक सर्वेक्षण भैसकेपछि खानीहरूको राम्रो सम्भावना देखिएका क्षेत्रहरूमा विदेशी माइनिङ्ग कम्पनीहरूले पनि विस्तृत खानी खोज एवं अन्वेषण गर्न आउन चाख देखाउने आशा गर्न सकिन्छ।

(२) पश्चिम नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषण

यस आयोजनाअन्तर्गत पश्चिम नेपालको गण्डकी, धौलागिरी र लुम्बिनी अञ्चलका २५,००० वर्ग किलोमिटर क्षेत्रमा एकीकृत भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक प्रविधिहरू अपनाई खानी खोज गर्ने र पत्ता लागेका सम्भावित खानी क्षेत्रहरूमा विस्तृत अन्वेषण गरिनेछ। यस आयोजनाको प्रस्तावित क्षेत्रभित्र बाग्लुङ, ओखरबोट र आसपासको पुराना प्रख्यात तामा खानीहरू समेत परेकोले तिनीहरूको मुन्तिरका सम्भावित धाउहरू समेत पत्ता लगाउन सजिलो हुनेछ।

(३) पूर्वी नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषणको प्रारम्भिक व्यवस्था

पश्चिम नेपालमा जस्तै यस आयोजनाअन्तर्गत पूर्वी नेपालको मेची, कोशी तथा सगरमाथा अञ्चलको २५,००० वर्ग किलोमिटर क्षेत्रमा एकीकृत भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक प्रविधिहरू अपनाई खानी खोज गर्ने र पत्ता लागेका सम्भावित खानी क्षेत्रहरूमा विस्तृत अन्वेषण गर्ने कार्यको प्ररम्भिक व्यवस्था मिलाइनेछ।

(ग) विस्तृत खानी अन्वेषण तथा सम्भाव्यता अध्ययनसम्बन्धी आयोजनाहरू

१. खरी ढुङ्गाको (सिन्धुपाल्चोक जिल्ला) म्याग्नासाइटको विस्तृत अन्वेषण

यस क्षेत्रमा गरिएको विस्तृत खानी अन्वेषणको प्रथम चरणको कामबाट शुद्ध र अशुद्ध ग्रेडको गरी जम्मा १० करोड टनभन्दा बढी म्याग्नासाइट भएको अनुमान गरिएको थियो। त्यसैमध्य उच्च ग्रेडको एक करोड टन म्याग्नासाइट "प्रमाणित" गर्ने काम तेस्रो योजनामा नै प्रायः समाप्त भैसकेको छ र चौथो योजनाको पहिलो वर्षमा पूरा हुनेछ। उच्च ग्रेडको म्याग्नासाइटबाट निर्यातको लागि डेढ बर्न्ट म्याग्नासाइट र स्वदेशी प्रयोगको लागि एफएनपी मलखाद उत्पादनमा उपयोग गर्न सकिनेछ।

(२) भूतखोला (तनहुँ जिल्ला) र ग्याजी ?(गोरखा जिल्ला) तामाको विस्तृत अन्वेषण

यस आयोजनाअन्तर्गत प्रथम चरणमा यी दुई स्थानका खानीहरूमा भौगर्भिक, भू- भौतिक तथा भू-रासायनिक पद्धतिको संयुक्त प्रयोग गरी विस्तृत अन्वेषण गरिनेछ र यी दुइ खानीहरूमध्ये उपर्युक्त अन्वेषणको प्रथम चरणको कामबाट बढी सम्भाव्य देखिएका खानीमा थप विस्तृत अन्वेषण गरी धाउको गुण र परिमाण अनुमान गरिनेछ।

(३) केमिकल ग्रेडको चुन ढुङ्गाको विस्तृत अन्वेषण (महाभारत श्रृङ्खला)

यस आयोजनाअन्तर्गत महाभारत श्रृंखलाको विभिन्न स्थानहरूमा पाइएका चुन ढुङ्गाहरूमध्ये केमिकल ग्रेडको चुन ढुङ्गा पहिल्याई त्यसको गुण र परिमाण यकिन गर्ने काम हुनेछ। केमिकल ग्रेडको चुन ढुङ्गा काँच बनाउन, क्याल्सियम साइनामाइट (नाइट्रोजन मलखाद) बनाउन र चिनी मिलको लागि समेत आवश्यक हुन्छ।

(४) उत्तर नेपालको पेग्मटाइट अन्वेषण

यस आयोजनाअन्तर्गत उत्तरी नेपालको विभिन्न स्थानका पेग्माटाइटहरूको विस्तृत अध्ययन गरिनेछ। यसभन्दा अघि गरिएको पेग्मटाइटको अध्ययन यत्रतत्र छरिएको र क्रमबद्ध रुपमा नहुनुको साथै अभ्रखको दृष्टिकोणबाट मात्र गरिएको थियो। प्रस्तावित आयोजनाले पेग्मटाइट सम्बन्धित विभिन्न धातु तथा अधातु खानीहरूको समेत सम्भावनाको विस्तृत अन्वेषण गर्नेछ। यस आयोजनाको लागि आवश्यक ज्ञान, जनशक्ति र अनुभवको दृष्टिकोणबाट यसमा अनुभवी विदेशी विज्ञेषज्ञहरूको समेत उपयोग गर्नु आवश्यक छ।

(५) वाप्सा खानी (सोलुखुम्बु जिल्ला) र सिद्धि खानी (इलाम जिल्ला) को तामाको विस्तृत अन्वेषण

यस आयोजनाअन्तर्गत यी दुइ खानीहरूमा भौगर्भिक सर्वेक्षणबाट आजसम्म भएको अध्ययनको पुनरावलोकन गरी प्रथम चरणमा भौगर्भिक, भू-भौतिक तथा भू-रासायनिक पद्धतिको संयुक्त प्रयोग गरी विस्तृत

अन्वेषण गरिनेछ र यी दुई खानीमध्ये उपर्युक्त प्रथम चरणको कामबाट वढी सम्भाव्य देखिएको खानीमा थप विस्तृत अन्वेषण गरी धाउ वा धाउहरूको गुण र परिमाणको अनुमान गरिनेछ ।

(६) भैसे दोभान (मकवानपुर जिल्ला) सिमेन्ट ग्रेड चुन ढुङ्गाको विस्तृत अन्वेषण

यस खानीमा हालसम्म भएको विस्तृत अन्वेषणबाट "प्रमाणित र अर्ध प्रमाणित" गरी जम्मा ८९ लाख टन सिमेन्ट ग्रेड चुन ढुङ्गाको अनुमान गरिएको थियो । नेपालको पहिलो सिमेन्ट कारखाना (वार्षिक क्षमता-६०,००० टन) काठमाडौं उपत्यकाको चोभारमा स्थापना गर्ने निर्णय भएपछि यस खानीमा थप अन्वेषण गर्ने काम स्थगित गरियो । तर आर्थिक वर्ष २०३१/०३२ सम्ममा नेपालको सिमेन्ट आवश्यकता वार्षिक १,६०,००० टन पुग्ने अनुमान गरिएअनुसार त्यस बेलातिर एक अर्को सिमेन्ट कारखाना स्थापना गर्नुपर्ने आवश्यकता पर्नेछ । यही दोस्रो सिमेन्ट कारखानाको आवश्यकता पूर्ति गर्न यस आयोजनाअन्तर्गत भैंसे दोभानको चुनढुङ्गा खानीमा घटीमा १ करोड टन सिमेन्ट ग्रेड चुन ढुङ्गा "प्रमाणित" गर्न र सिमेन्ट बनाउन आवश्यक उपयुक्त माटोको समेत विस्तृत अन्वेषण गरिनेछ ।

(७) फस्फेट ढुङ्गाको विस्तृत अन्वेषण

भौगर्भिक सर्वेक्षण विभागबाट नेपालको विभिन्न स्थानमा गरिने फस्फेट ढुङ्गाको खोजीबाट पत्ता लाग्न आउने फस्फेट ढुङ्गा खानीको विस्तृत अन्वेषण गरी यस आयोजनाअन्तर्गत राशि तथा गुण प्रमाणित गरिनेछ । फस्फेट फर्टिलाइज उद्योग स्थापनाको लागि अत्यावश्यक भएको र आर्थिक गुण र राशिमा पाइएमा निकासी गरी विदेशी मुद्रासमेत आर्जन गर्न सकिने भएकाले यसको विस्तृत अन्वेषण हुनु आवश्यक छ ।

(८) विविध खानी अन्वेषण

यस आयोजनाअन्तर्गत पुराना थाहा पाइएका खानीहरू जस्तै बाग्लुङ,ओखरबोट रुकुमकोट जस्तो तामा खानीहरू र अरु पछि थाहा हुन आउने धातु तथा अधातु खानीहरूको प्रारम्भिक अन्वेषणबाट उत्साहजनक देखिएका खानीहरूमा दोस्रो चरणको विस्तृत अन्वेषण गरिनेछ ।

(९) फिल्ड मेशिनरी उपरकण तथा सरसामानहरु

यस आयोजनाअन्तर्गत विस्तृत खानी अन्वेषणको लागि आवश्यक पर्ने विभिन्न प्रकारका फिल्ड मेशिनरी, उपकरण तथा सरसामानहरू जस्तै हेभी तथा लाइट ड्रिलिङ्गमेशिन (एक्सीलरीहरू सहित) हाएण्ड ड्रिल, कम्प्रेसर, ट्रक, जीप, सर्वे तथा जियोफिजिकल इन्ट्रुमेन्टस्हरू, क्याम्पिङ्ग, सरसामान इत्यादि पर्दछन् । यी सरसामानहरूको अभावमा कुनै पनि प्रभावकारी विस्तृत खानी अन्वेषण हुन नसक्ने हुनाले यो आयोजना विस्तृत खानी अन्वेषणको एक अत्यन्त महत्वपूर्ण र अभिन्न अङ्ग हो ।

(१०) प्रयोगशाला तथा अनुसन्धान

यो एक प्रकारको सेवा आयोजना हो जसअन्तर्गत विभिन्न प्रयोगशालाहरू जस्तै रासायनिक प्रयोगशाला खनिज प्रयोगशाला, धाउ प्रशोधन प्रयोगशाला, भौतिक परीक्षण प्रयोगशाला, ड्राफ्टिङ, डुप्लिकेटिङ्ग र फोटो प्रयोगशाला, मर्मतशाला, खनिज सङ्ग्रहालय, पुस्तकालय इत्यादिको स्थापना, सुदृढीकरण तथा विस्तार पर्दछन् । सुसज्जित एवं समुचित प्रयोगशाला र अनुसन्धानको अभावमा कुनै पनि खानी विकास कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न नसकिने हुनाले यो अति महत्वपूर्ण र अत्यावश्यक आयोजना हो ।

(११) उद्योग सम्भाव्यता अध्ययन

यस आयोजनाअन्तर्गत निम्न खनिज आधारित उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछः- (क) खरी ढुङ्गाको म्याग्नासाइट खानीमा आधारित विभिन्न उद्योगहरू तथा भैंसे दोभानको चुन ढुङ्गा खानीमा आधारित सिमेन्ट उद्योगको सम्भाव्यता अध्ययन (ख) फूलचोकीको फलाम खानीमा आधारित फलाम तथा इस्पात उद्योग, हेटौडा कर्राखोलाको बालुवामा आधारित ग्लास उद्योग र वेरिङ्गखोलाको पाइराइटको उपयोगीकरण र नाइट्रोजन मलखाद उद्योगको सम्भाव्यता पुनरावलोकन (ग) रङ्गरोगन, निर्माण ढुङ्गा, सिंहमरमर, कंक्रिट प्रडक्ट , साानासाना चुन तथा सिरामिक्स उद्योग, कृषि चुन, कृषि कीटनाशक औषधि, फर्टिलाइजर ब्लेडिङ्ग उद्योग इत्यादिको सम्भाव्यता अध्ययन (घ) नयाँ पत्ता लाग्न आउने खानीहरूको (जस्तै फस्फेट उपयोगीकरण) सम्भाव्यता अध्ययन । यी सम्भाव्यता अध्ययन आयोजनाहरू तत्सम्बन्धित खानीहरूको विस्तृत अन्वेषणको सँगसँगै समन्वयात्मक तवरले विभिन्न चरणहरूमा गरिनेछन् । सुरूको चरणमा विभागबाट हुने प्रारम्भिक अध्ययनबाट समुचित प्राविधिक तथा आर्थिक पुष्ट्याइँ प्राप्त हुनासाथ उपर्युक्त उद्योगको सम्भाव्यताको यथार्थ तथा विस्तृत अध्ययन गर्न उपयुक्त काविल तथा अनुभवी विदेशी कन्सल्टाएन्टहरूको सेवा प्रयोग गरिनेछ ।

(१२) खनिज उद्योगलाई प्राविधिक सहयोग :

यस आयोजनाअन्तर्गत निजी क्षेत्रमा सञ्चालित गरिने सानसाना खानी उद्योगहरूलाई प्राविधिक सरसल्लाह प्रदान गरिनेछ । नेपालमा निजी क्षेत्रमा सञ्चालित खानीमा दक्ष प्राविधिक सरसल्लाहको अभावमा

उत्पादनमा कम हुने, सडक तथा वन जंङ्गलमा हानी नोक्सानी हुने, दुर्घटनाको खतरा हुने इत्यादि भएकाले यो एउटा आवश्यक प्राविधिक सहयोग कार्य हो ।

भौगर्भिक सर्वेक्षण तथा खानी विकासमा हुने अनुमानित लगानी

(क भौगर्भिक सर्वेक्षण

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	पश्चिमी तराई (कोइलावास-नेपालगञ्ज) पेट्रोलियम खोज	२ करोड ४० लाख
२.	पश्चिमी तराई (नेपालगञ्ज-धनगढी) पेट्रोलियम खोजीको प्रारम्भिक व्यवस्था	२ लाख
३.	काठमाडौं उपत्यका ग्याँस खोजी	५० लाख
४.	फस्फेट खोजी	२.५ लाख
५.	रिजनल म्यापिंग	१२ लाख
६.	रिकन्सेन्स म्यापिंग	२.५ लाख
७.	अन्य विस्तृत भौगर्भिक अध्ययन	४०लाख
८.	अनुसन्धान तथा प्रतिवेदन	५० लाख
जम्मा		३ करोड ९९ लाख

(ख) एकीकृत (Integrated) भौगर्भिक -खनिज अन्वेषण

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	नेपालको एरोम्याग्नेटिक सर्वेक्षण	१ करोड २५ लाख
२.	पश्चिम नेपालमा विस्तृत भौगर्भिक अन्वेषण	१ करोड
३.	पूर्वी नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषणको प्रारम्भिक व्यवस्था	२ लाख
	जम्मा :	२ करोड २७ लाख

(ग) विस्तृत खानी अन्वेषण तथा सम्भाव्यता अध्ययनसम्बन्धी आयोजनाहरू

सि.नं.	आयोजनाको नाम	अनुमानित लागत (रु.मा)
१.	खरी ढुङ्गाको (सिन्धुपाल्चोक जिल्ला) म्याग्नासाइटको विस्तृत अन्वेषण	१.५ लाख
२.	भूतखोला (तनहुँ जिल्ला) ग्याजी (गोरखा जिल्ला) को तामाको विस्तृत अन्वेषण	३.५ लाख
३.	केमिकल ग्रेडको चुन ढुङ्गाको विस्तृत अन्वेषण (महाभारत श्रृंखला	२.० लाख
४.	उत्तरी नेपालको पेग्मटाइटको अन्वेषण	१०.० लाख
५.	वाप्सा खानी (सोलुखुम्वु जिल्ला) र सिद्धि खानी (इलाम जिल्ला)को तामाको विस्तृत अन्वेषण	६.०लाख
६.	भैसे दोभान (मकवानपुर जिल्ला) सिमेन्ट ग्रेड चुन ढुङ्गाको विस्तृत अन्वेषण	०.५ लाख
७.	फस्फेट ढुङ्गाको विस्तृत अन्वेषण	२.० लाख
८.	विविध खानी अन्वेषण	६.० लाख
९.	फिल्ड मेशिनरी उपकरण तथा सरसामान	२०.० लाख
१०.	प्रयोगशाला तथा अनुसन्धान	४६.० लाख
११.	उद्योग सम्भाव्यता अध्ययन	२०.५लाख
१२.	खनिज उद्योगलाई प्राविधिक सहयोग	१.०लाख
जम्मा		१ करोड १९लाख

भौगर्भिक सर्वेक्षण तथा खानीमा हुने जम्मा लगानी रु. ७ करोड ४५ लाख ।

परिच्छेद २०
विद्युत

देशको अर्थ व्यवस्था विकसित तुल्याउन आवश्यक पर्ने साधनहरूमा विद्युतशक्तिले एक विशेष महत्वको स्थान लिएको छ। औद्योगीकरण,कृषि विकास र अन्य सेवासम्बन्धी उद्योगहरूको विकासका लागि पनि विद्युत् शक्ति आवश्यक हुन्छ। संसारमा सबैभन्दा कम खर्चिलो विद्युत्शक्तिमध्येको जल विद्युत्को विकासको सम्भाव्यता नेपालमा प्रचुर छ। यसको अनुमानित क्षमता आठ करोड किलोवाट हेको छ। यति धेरै क्षमता हुँदाहुँदै पनि नेपालमा अहिलेसम्मको उत्पादन यस क्षमताको तुलनामा नगण्य रहेको छ। माँगको दृष्टिले हालसम्म सानासाना विद्युत् केन्द्रमात्र स्थापित भएकाले पनि विद्युत्शक्ति महँगो परेको छ र यसको फलस्वरुप खपत पनि थोरै रहेको छ। तर विभिन्न क्षेत्रमा भईरहेको विकासको कारण भविष्यमा विद्युत्शक्तिको माँग बढ्दै गई यो महत्वपूर्ण प्राकृतिक साधनको विकास पनि क्रमशः हुँदै जानेछ।

हालसम्मको प्रगति

पहिलो योजना प्रारम्भ हुनुभन्दा अगाडि नेपालमा विद्युत् उत्पादन क्षमता जम्मा ६२८० कि.वा. जति थियो जसमध्ये जल विद्युत् क्षमता २०७७ कि.वा. थियो।

पहिलो योजना अवधिमा त्रिशूली, ठाडोखोला, पनौती, सेती, तिनाउ, आदि नदीहरूमा जल विद्युत् आयोजनाहरू कार्यान्वित गरी २०,००० कि.वा. क्षमताको विद्युत्शक्ति उत्पादन गर्ने लक्ष्य राखिएको थियो। यस्ता कार्यको निम्ति ३ करोड रुपियाँ (योजनाको रकमको ९ प्र.स.) छुट्याइएको थियो। केही आयोजनाहरूमा काम प्रारम्भ भए तापनि पहिलो योजनामा केवल उपत्यकाको टेकु र भक्तपुरमा डिजल केन्द्र स्थापना गर्ने काम भयो र केवल ७५० कि.वा. थप क्षमताको विद्युत् शक्तिको वृद्धि हुनसक्यो। यसका अतिरिक्त कर्णाली, काली नदीहरू र काठमाडौं-हेटौडा वीरगञ्ज प्रसारण लाइनको सर्वेक्षण कार्य पनि प्रारम्भ गरियो। विद्युत् विकास कार्यमा पहिलो योजना अवधिमा लक्ष्यअनुसार उल्लेखनीय प्रगति हुन सकेन। पहिलो र दोस्रो योजनाको बीचको अन्तरिम वर्षमा डिजल केन्द्र स्थापना गरी १०५६ कि.वा. उत्पादन क्षमताको वृद्धि गरियो।

दोस्रो (त्रि-वर्षीय) योजनामा २२,००० क्षमताको थप विद्युत् शक्ति उपलब्ध गर्ने लक्ष्य राखिएको थियो र विद्युत् विकास कार्यको निम्ति ९.१ करोड रुपियाँ छुट्याइएको थियो। यस योजना अवधिमा पनौती आयोजना, ठाडाखोला आयोजना, त्रिशूली आयोजना लगायत विभिन्न जल विद्युत् आयोजना कार्यान्वयन गर्ने, हेटौंडा, वीरगञ्ज, नेपालगञ्ज, विराटनगरमा जम्मा १०,००० कि.वा. भन्दा अधिकतम क्षमता भएको डिजल केन्द्रहरू स्थापना गर्ने लक्ष्य थियो। यसका अतिरिक्त चार साना डिजल केन्द्र, चार साना जल विद्युत् आयोजना (माइक्रोप्लान्ट) र काठमाडौं-वीरगञ्ज ६६ के.भी. प्रसारण लाइनको निर्माण पनि गरिने भएको थियो। दोस्रो योजनामा पनौती आयोजनाको २४०० कि.वा., पाटन डिजल केन्द्रको १४७० कि.वा. तथा वीरगञ्ज डिजल केन्द्रको ५६० कि.वा. समेत गरी जम्मा ४४३० कि.वा. मात्र विद्युत् क्षमतामा वृद्धि गर्न सकिएको थियो। यसका अतिरिक्त यस योजना अवधिमा काठमाडौं-वीरगञ्ज प्रसारण लाइनको निर्माणमा काम सुरू गरियो र सुनकोशी र कर्णाली आयोजनाहरूको निम्ति सर्वेक्षण कार्य जारी राखियो।

दोस्रो योजनाको लक्ष्य नेपालको विद्युत् क्षमतामा ६०,००० कि.वा. थप गर्ने थियो र यसका लागि २६ करोड रुपियाँ (योजनाको रकमको १५ प्र.स.) छुट्याइएको थियो। यस योजना अवधिमा त्रिशूलीबाट १८,००० कि.वा., गण्डकबाट १०,००० कि.वा., कोशीबाट ७५०० कि.वा. जल विद्युत शक्ति उपलब्ध गर्ने, मर्स्याङ्दी, काली र कुलेखानीको विस्तृत सर्वेक्षण गरी सबभन्दा संभाव्य एक आयोजना छनौट गरी त्यसको कार्यान्वयनबाट १६,००० कि.वा. थप विद्युत शक्ति उपलब्ध गर्ने , काठमाडौं-हेटौंडा-प्रसारण निर्माण पूरा गरिने, गण्डक-भैरहवा-बुटवल तथा गण्डक-हेटौंडा प्रसारण लाइनको लाइनको सर्वेक्षण पूरा गर्ने, कंकाई आयोजनाको सर्वेक्षण कार्य गर्ने, झापा, इलाम, राजविराजमा सानो डिजल केन्द्रबाट विद्युतीकरण गर्ने, कर्णालीको सर्वेक्षण पूरा गरी निर्माण कार्य पनि पूरा गर्ने लक्ष्य थियो। पछि तेस्रो योजनाको संशोधित लक्ष्य ३६,००० कि.वा.क्षमताको विद्युत शक्ति उपलब्ध गर्ने भनि राखियो जुन तेस्रो योजनाको पुरानो लक्ष्य ६०,००० भन्दा निकै कम थियो। सुनकोशी जल विद्युत आयोजना गण्डक आयोजना, गण्डक-हेटौंडा तथा गण्डक भैरहवा प्रसारण लाइनको निर्माण कार्य तेस्रो योजनामै पूरा गर्ने लक्ष्य राखियो। यसका अतिरिक्त सुनकोशी-रामेछाप-उदयपुरगढी-जनकपुर प्रसारण लाइनको योजना वनाइने कुरा पनि उल्लेख भएको थियो। तेस्रो योजनामा आर्थिक वर्ष २०२६/०२७ को पूर्वार्धसम्ममा त्रिशूलीबाट १२,००० कि.वा., पोखरावाट १,००० कि.वा., हेटौंडा डिजल केन्द्रवाट ४४७० कि.वा., पाटन र विराटनगरको डिजल केन्द्रवाट २४९० कि.वा. समेत गरी विद्युत् शक्ति क्षमतामा १९,९६० कि.वा. वृद्धि भएको छ। त्रिशूली आयोजना र कोशी आयोजनाबाट लक्ष्यअनुसार क्षमतामा वृद्धि हुन नसकेकोले पनि अहिलेसम्मको उपलब्धि तेस्रो योजनाको संशोधित लक्ष्यको करिव आधी मात्र हुन सकेको हो। यस योजना अवधिमा सुनकोशी आयोजना र

धनकुटाको सानो जल विद्युत आयोजनामा पनि काम सुरू भयो । काठमाडौं-वीरगञ्ज ६६ के.भी. प्रसारण लाइनको निर्माण समाप्त प्रायः भयो तथा धरान दुवी प्रसारण लाइनको निर्माण काम सुरू भयो । कुलेखानी आयोजनाको सर्वेक्षण कार्य समाप्त भयो र कन्काई आयोजनाको लागि सर्वेक्षण कार्य चालू नै छ । राजविराजमा कोशीको विद्युत शक्ति उपलब्ध गराइयो तथा जनकपुर, भक्तपुर र भैरहवामा विद्युतीकरणको निम्ति प्रारम्भिक काम थालियो । देशका विभिन्न पर्वतीय क्षेत्रहरूमा सानो जल विद्युत आयोजना (माइक्रोप्लाण्ट) को सर्वेक्षण पनि भयो ।

अहिलेसम्म कार्यान्वित गरिएका विद्युत विकास सम्बन्धी योजनाहरूमध्ये केवल पहिलो योजनालाई मात्र नगण्य उपलब्धिको मान्न सकिन्छ । त्यस योजनामा राखिएका लक्ष्यहरू अत्यधिक महात्वाकाङ्क्षी थिए र समावेश गरिएका धेरै जसो आयोजनाहरूको संभाव्यताको प्राविधिक अथवा आर्थिक अध्ययन गरिएको थिएन । दोस्रो र तेस्रो योजनामा विद्युत विकासमा लक्ष्यअनुसार प्रगति संतोषजनक नै भएको छ भन्न सकिन्छ । यी दुई योजना अवधिमा विद्युत क्षमतामा वृद्धि गर्ने लक्ष्यभन्दा उपलब्धि कम हुनाको मुख्य कारण त्रिशूली, कोशी र गण्डक आयोजनाहरूबाट लक्ष्यअनुसार विद्युत शक्ति प्राप्त हुन नसक्नु हो ।

चौथो योजना

नेपालमा विद्युत शक्ति विकासको उद्देश्य उत्पादनका लागि सम्भाव्यता भएको जलस्रोत साधनबाट देशको आर्थिक विकासको निम्ति आवश्यक विद्युत शक्ति उपलब्ध गराउने, देशको शहरी र ग्रामीण क्षेत्रमा विद्युत शक्तिः उपलब्ध गराई कृषि र औद्योगीक विकासमा सहायता पुऱ्याउने तथा जलस्रोतको समुचित रुपमा उपयोग गरी राष्ट्रिय आयमा वृद्धि ल्याउने हो । यस उद्देश्यलाई कार्यान्वित गर्न चौथो योजनामा निम्नलिखित नीति अपनाइनेछ ।

वाग्मती तथा नारायणी अञ्चलमा योजनाको पूवार्द्धमा विद्युत शक्तिको खपतभन्दा उत्पादन निकै बढी हुने भएकाले औद्योगीक, कृषि र गार्हस्थ्य उपयोगमा वृद्धि ल्याई यस क्षेत्रमा प्रसारण र वितरण प्रणालीमा सुधार ल्याउन प्राथमिकता दिइनेछ । पाचौं योजनामा यस क्षेत्रमा विद्युतको खपत धेरै बढिसक्ने हुनाले चौथो योजनाको अन्तिम वर्षमा कुलेखानी आयोजनाको निर्माण कार्य प्रारम्भ गरिनेछ । खपत बढाउन र विशेषतः शहरी क्षेत्रको ग्राहस्थ्य इन्धनको समस्यालाई पनि ध्यानमा राखी विद्युत शुल्कलाई पनि बढी व्यवहारिक बनाउने प्रयास गरिनेछ । देशको प्रमुख औद्योगीक क्षेत्र पूर्वी तराइको आवश्यकता पूर्तिको लागि कोशीबाट विद्युत शक्ति उपलब्ध गर्नको साथै कन्काई जलविद्युत आयोजनाको निर्माण कार्य पनि यस योजना अवधिमा थालिनेछ । निकट भविष्यमा कर्णाली आयोजना जस्तो ठूलो आयोजना कार्यान्वयन हुने सम्भावना कम भएको हुनाले पश्चिमी तराईको बढ्दो ग्राहस्थ्य तथा औद्योगीक मागको पूर्तिको निम्ति एक मभ्यौलाखालको बबई विद्युत आयोजनाको कार्य पनि चौथो योजनामै सुरू गरिनेछ । उत्पादित विद्युत आयोजनाहरूबाट हाल निकट नपर्ने तराई क्षेत्रको विद्युत शक्तिको मागलाई डिजल केन्द्र तथा अरु व्यवस्था नभएसम्म भारतबाट विजुली किनेर पूरा गरिनेछ । हाल वाग्मती तथा नारायणी क्षेत्रमा जगेडा रहेका डिजल केन्द्रहरूलाई आवश्यक स्थानहरूमा स्थानान्तरण गरी अधिकतम उपयोग गरिएपछि मात्र विदेशी मुद्रा खर्च गरी नयाँ डिजल प्लान्टहरू बाहिरबाट भिकाइने छन् । देशको पहाडी क्षेत्रमा दुई सानो जल विद्युत आयेाजना (माइक्रोप्लान्ट) को निर्माण गरिनेछ । यी दुई आयोजनाहरू पश्चिमी नेपालमा (पश्चिम र सुदूर पश्चिममा एक एक) राखिएका छन् । पूर्वी नेपालमा धनकुटामा एक सानो जलविद्युत आयोजनाको निर्माण कार्य तेस्रो योजनामा नै सुरू भैसकेको छ । चौथो योजनाको अन्तसम्म देशको चौध अञ्चलमध्ये बाह्र अञ्चलमा कमसेकम एक एक स्थानमा विद्युत शक्ति उपलब्ध गराउने प्रयास गरिनेछ ।

चौथो योजनामा त्रिशुलीबाट अतिरिक्त ९००० कि. वा., सुनकोशीबाट १०,००० कि. वा., गण्डकबाट १०,००० कि. वा., कोशीबाट ६८०० कि. वा., डिजल केन्द्रहरूबाट ४००० कि. वा. र सानो जलविद्युत आयोजनाबाट ५०० कि. वा. (धनकुटा समेत) गरी जम्मा ४०,३०० कि. वा. थप क्षमताको विद्युत शक्ति उत्पादन गरिनेछ । चौथो योजनामा विद्युत विकासलाई दिइएको महत्व कन्काई, बबई र कुलेखानी जस्ता ६८,००० कि. वा. क्षमता भएका आयोजनाहरूको निर्माण कार्यको सुरूआत गरिने भएको कुराबाट पनि स्पष्ट हुन्छ । यस अवधिमा कार्यान्वयन गरिने आयोजनाहरूको सम्भाव्यता बारे प्राविधिक र आर्थिक अधययन भएको र खपतबको पनि बढी विश्वस्त अनुमान प्राप्त भएकोले विगत योजनाहरूभन्दा चौथो योजनामा लक्ष्य र उपलब्धिमा धेरै फरक नपरी सफलतापूर्वक कार्यान्वित होला भन्ने आशा गर्न सकिन्छ ।

यसरी चौथो योजनामा सुरू गरिने विद्युत शक्ति उत्पादनका नयाँ आयोजनाहरूमा कन्काई, बबई र कुलेखानी छन् । पूर्वी नेपाल स्थित विराटनगर इलाका अधिराज्यको सर्वप्रमुख औद्योगक इलाका रहेको छ र त्यहाँ विद्युत शक्ति सधैं अपर्याप्त र महंगो रहन गएको छ । २०३२ सालमा त्यहाँको विद्युत माग ११,००० कि. वा. नाघ्ने र २०३७ मा झण्डै २०,००० कि. वा. पुग्ने अनुमान गरिएको छ । त्यसलाई सरल मूल्यमा कन्काईले पूरा गर्नेछ । बबई योजना नेपालगन्ज क्षेत्रको पाचौं योजना अवधिमा हुने माग पूरा गर्न चौथो योजना सुरू गरिन लागेको छ । वाग्मती र नारयणी अञ्चलको विद्युत उत्पादन २०३३ साल सम्ममा ३६,५४० कि. वा. पुग्ने र २०३४

सालको पिक लोड माग ३८,४०० कि. वा. हुने भएकाले चौथो योजनाको अन्तिम वर्षमा कुलेखानी जल विद्युत योजना प्रारम्भ गरिनेछ ।

चौथो योजना अवधिमा विद्युत विकासका आयोजनाहरू मुख्यत: पाँच भागमा बाँडिएका छन् । जस्तै: निर्माण, प्रसारण लाईन, सानो जलविद्युत आयोजना, डिजेल केन्द्र आयोजना र सर्वेक्षण । यी पाँच भागमा परेका हरेक आयोजनाहरूको विस्तृत विवरण निम्नअनुसारका छन् –

(क) निर्माण

१. सुनकोशी जलविद्युत आयोजना

यस आयोजनाको निर्माण कार्य तेस्रो योजनादेखि नै चालू छ । यसमा सुनकोशी नदीमा बाँध बाँधी १०,००० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गर्ने र ५७ किलोमिटर लामो प्रसारण लाइनको निर्माण गरिनेछ । यसको निर्माण कार्य चौथो योजनाको देस्रो वर्षमा पूरा भएपछि यसले काठमाडौं उपत्यकाको बढ्दो विद्युत शक्तिको माग पूर्ति गर्न सक्नेछ ।

२. कन्काई जलविद्युत आयोजना (बहुमुखी)

यस आयोजनाअन्तर्गत झापा जिल्लाको कन्काई नदीमा ६० मिटर अग्लो बाँध बाँधी ३०,०० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गरिनेछ । विद्युत शक्ति उत्पादनको अतिरिक्त ४६,००० हेक्टर भूमिमा सिंचाई सुविधा पनि उपलब्ध हुनेछ । वि. सं. २०३२।३३ मा पूरा हुने यस आयोजनाको जम्मा लाग्ने खर्च १० करोडमध्ये चौथो योजना अवधिमा ६ करोड ५० लाख रुपियाँ खर्च गरिनेछ । प्रारम्भिक अनुमानअनुसार यस आयोजनाको निर्माणको खर्च प्रति यूनिट ५२ पैसा र विद्युत शक्तिको मूल्य प्रति यूनिट ५ पैसा हुनेछ । यसबाट देशको औद्योगीक क्षेत्र विराटनगर, इलाम र भद्रपुरमा विद्युत शक्ति उपलब्ध हुनेछ । यसक्षेत्रको विद्युत शक्तिको माग मुख्यत: औद्योगीक उपयोगको लागि भएको र उक्त माग २०३२ मा ११,००० कि. वा. नाघी २०३७ मा झण्डै २०,००० कि. वा पुगिसक्ने भएकोले प्रस्तावित आयोजनाले सरल मूल्यमा उक्त माग पूरा गर्न सक्नेछ ।

३. बबई जलविद्युत आयोजना

यस आयोजनाअन्तर्गत दाङ उपतयकाको पश्चिमी भागको बबई नदीबाट ८००० कि. वा. क्षमताको विद्युत शक्ति उत्पादन गरी नेपालगन्ज तथा दाङ उपत्यकाको निमित्त विभिन्न स्थानमा वितरण गरिनेछ । यसबाट सिंचाई सुविधा पनि उपलब्ध गराइनेछ । कर्णाली जलविद्युत आयोजनाको कार्यान्वयन निकट भविष्यमा पुँजी र बजारको प्रबन्ध नमिल्नाले हुने सम्भावना नदेखिएकाले नेपालगन्जको औद्योगीक माग र अन्य केही क्षेत्रमा आवश्यकता पूर्तिका लागि मभ्यौला खालको आयोजना भएको हुनाले बबई आयोजनालाई कार्यान्वित गर्ने लक्ष्य राखिएको हो । करिब साढे चार करोड रुपियाँको लागतमा चार वर्षको निर्माण कार्यपछि मात्र यो आयोजना पूरा हुनेछ । यस योजना अवधिमा यस आयोजनाको लागि जम्मा रु १ करोड खर्च गर्ने अनुमान गरिएको छ ।

४. कुलेखानी जलविद्युत आयोजना

यस आयोजनाअन्तर्गत कुलेखानी खोलाको पानी ४२५० मिटर लामो सुरुङद्वारा राप्ती नदीमा लगिनेछ र ३२,००० कि. वा. विद्युत उत्पादन गर्न सकिनेछ । यस आयोजनाको लागि जम्मा २४.५ करोड रुपियाँ लाग्नेछ र यसको निर्माणको लागि खर्च १.४३ रुपियाँ प्रति यूनिट तथा उत्पादित विद्युतशक्तिको मूल्य १३ पैसा प्रति यूनिट हुनेछ । वाग्मती तथा नारायणी अञ्चलको बढ्दो गार्हस्थ र औद्योगीक मागलाई ध्यानमा राखी यस आयोजनाको निर्माण कार्य चौथो योजनाको अन्तिम वर्षमा नै प्रारम्भ गरी अर्को योजनामा पूरा गर्ने लक्ष्य राखिएको छ ।

(ख) प्रसारण लाईन

१. गण्डक–हेटौंडा १३२ के. भी. लाईन

गण्डकयोजनाअन्तर्गत १०,००० कि. वा. क्षमताको विद्युत शक्ति नेपाललाई प्राप्त हुनेछ । ६० प्रतिशत लोड फ्याक्टर पुगेपछि गण्डकको पावरहाउस भारतले नेपाललाई गर्ने हस्तान्तरण गै र उपर्युक्त लोड फ्याक्टर नपुगुन्जेलसम्म गण्डकबाट उत्पादित विद्युत नेपालले भारतबाट किनी राखनु पर्नेछ भनी नेपाल भारत बीच भएको गण्डक योजनासम्बन्धी सम्झौतामा उल्लेख भएको छ । यस आयोजनाअन्तर्गतको प्रसारण लाईन निर्माणबाट गण्डकबाट उत्पादित विद्युत शक्ति चितौन उपत्यकामा वितरण गरी हेटौंडा, वीरगन्ज र काठमाडौंको आवश्यकता पूर्तिको लागि ल्याइनेछ ।

२. परासी–बुटवल ३३ के. भी. लाईन

यस आयोजनाअन्तर्गत गण्डकबाट उत्पादित विद्युत शक्ति बुटवलमा ल्याउन प्रसारण लाइनको निर्माण गरिनेछ ।

३. काठमाडौं उपत्यका विद्युतीकरण

यस आयोजनाअन्तर्गत काठमाडौं उपत्यका भित्रका ग्रामीण इलाकाको विद्युतीकरण कार्य गरिनेछ ।

४. कोशी क्षेत्र विद्युतीकरण आयोजनाको प्रसारण लाईन

यस आयोजनाअन्तर्गत कोशी योजनावाट उत्पादित विद्युत शक्तिलाई इटहरी, इनरवा, रंगेली, धरान क्षेत्रमा लैजान प्रसारण लाइनको निर्माण गरिनेछ । यो कार्य तेस्रो योजनाको अन्ततिर सुरू गरिएको हो ।

५. कन्काई–विराटनगर ६६ के. भी. लाईन

उत्पादित विद्युत शक्ति पूर्वाञ्चलको मुख्य खपत क्षेत्र विराटनगरमा लैजान प्रसारण लाइनको निर्माण गरिनेछ । कुल लागत रु. १ कोड १० लाख लाग्ने यो आयोजना २०३२।३३ मा मात्र पूरा हुनेछ ।

६. कन्काई–भद्रपुर ६६ के. भी. प्रसारण लाईन

यस आयोजनाअन्तर्गत कन्काई जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति भद्रपुर क्षेत्रको गार्हस्थ तथा औद्योगीक मागको पूर्तिको लागि लैजान प्रसारण लाईनको निर्माण गरिनेछ ।

७. सिरहा–जनकपुर ३३ के. भी. प्रसारण लाईन

यस आयोजनाअन्तर्गत सिरहा र जनकपुरका बीच प्रसारण लाईन निर्माण गरी विभिन्न स्थानमा विद्युत वितरण गरिनेछ ।

८. काठमाडौं–वीरगन्ज ६६ के. भी. लाईन

यो चालू आयोजना हो र यसको अन्तिम कार्य सवस्टेशन निर्माणसम्बन्धी छ र चौथो योजनाको प्रथम वर्षमा पूरा हुनेछ ।

९. पोखरा–खैरेनी ३३ के. भी. लाईन

यस आयोजनाअन्तर्गत पोखराको विद्युत शक्तिलाई खैरेनीटारको कृषि विकास आयोजनासम्म लगिने छ ।

(ग) विकास रेखाको आधारमा सानो जल विद्युत आयोजना

१. धनकुटा

यस आयोजनाअन्तर्गत धनकुटामा २४० कि. वा. क्षमताको सानो जल विद्युत आयोजना निर्माण गर्ने कार्य तेस्रो योजनामा सुरू गरिएकोमा चौथो योजनामा पूरा गरिनेछ ।

२. वाग्लुङ

यस आयोजनाअन्तर्गत वाग्लुङमा १५० कि. वा. क्षमताको सानो जलविद्युत केन्द्र (माइक्रोप्लान्ट) निर्माण गरी वाग्लुङ तथा निकटवर्ती क्षेत्रको विद्युतीकरण गरिनेछ ।

३. जुम्ला

यस आयोजनाअन्तर्गत सुदूर पश्चिमको जुम्लामा एक सानो जलविद्युत केन्द्र निर्माण गरिनेछ र यो वि. सं. २०३०।०३१ मा पूरा हुनेछ ।

(घ) डिजल केन्द्र आयोजना

१. विराटनगर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत विराटनगरमा हाल हेटौंडामा भएको २९८० कि. वा. क्षमताको डिजल प्लान्ट लगी र एक नयाँ प्लान्टसमेत जडान गर्ने गरी वितरण गरिनेछ । यसबाट चौथो योजना अवधिको सुरूमा हुने विराटनगर क्षेत्रको मागलाई पूर्ति गर्न सहायक हुनेछ ।

२. भरतपुर डिजल केन्द्र

यस आयोजनाको काम चौथो योजनाको दोस्रो वर्षमै समाप्त भई गण्डकबाट विद्युत उपलब्ध नभएसम भरतपुर इलाकाको विद्युत शक्तिको माग पूरा गर्नेछ ।

३. भैरहवा डिजल केन्द्र

यस आयोजनाअन्तर्गत भैरहवामा ५०० कि. वा क्षमताको हाल उपत्यकामा भएको डिजल प्लान्ट लगी विद्युत उत्पादन गर्ने र नपुग विजुली भारतबाट किनी वितरण गर्ने काम हुनेछ ।

४. कृष्णनगर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत कृष्णनगरमा २०० कि. वा. क्षमताको डिजल विद्युत केन्द्र स्थापना गर्ने र भारतबाट समेत विजुली लिई तौलिहवा कृष्णनगरमा वितरण गरिनेछ ।

५. नेपालगन्ज डिजल केन्द्र

बबई आयोजना कार्यान्वित नभएसम्म नेपालगन्जको विद्युत शक्तिको माग पूरा गर्न ५०० कि. वा. को डिजल प्लान्ट चौथो योजनाको सुरूमा स्थापित गरी २०२८।०२९ मा पूरा हुनेछ ।

६. जनकपुर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत हाल उपत्यकामा रहेको ५०० कि. वा. क्षमताको डिजल प्लान्ट स्थापना गरी तथा भारतबाट समेत विजुली किनी जनकपुरमा विद्युतीकरण गरिनेछ । यो काम योजनाको पहिलो वर्षमा नै पूरा हुनेछ ।

७. फतेहपुर डिजल केन्द्र

यस आयोजनाअन्तर्गत फतेहपुर, सगरमाथा अञ्चलमा २०० कि. वा. क्षमताको डिजल विद्युत केन्द्र स्थापना गरी ४००० जनतालाई लाभान्वित गरिनेछ। यो आयोजना योजनाको पहिलो वर्षमा पूरा हुनेछ।

८. महेन्द्रगर विद्युतीकरण आयोजना

यस आयोजनाअन्तर्गत महेन्द्रनगर, महाकाली अञ्चलमा भारतबाट किनी विद्युत शक्ति उपलब्ध गराइनेछ। यसबा करिब ७००० जनता लाभान्वित हुनेछन् र योजनाको दोस्रो वर्षमा पूरा हुनेछ।

९. तानसेन (पाल्पा) डिजल केन्द्र

यस आयोजनाअन्तर्गत २०० कि. वा. क्षमताको नयाँ डिजल केन्द्र तानसेनमा स्थापना गरिनेछ। सिद्धार्थ राजमार्गको निर्माण समाप्त प्राय: भैसकेको, यो शहर "विकास रेखा" मा पनि परेको र पर्यटन विकासको दृष्टिबाट पनि तानसेनको राम्रो भविष्य भएकोले चौथो योजनाको पूर्वार्द्धमा नै विद्युतीकरणको व्यवस्था गरिनेछ।

१०. नारायणी अञ्चल विद्युतीकरण

यस आयोजनाले काठमाडौंदेखि वीरगन्जसम्मको विद्युत प्रसारण आयोजना पूरा गर्नुको साथै भएको विद्युत शक्तिको उपयोग गरी नारायणी अञ्चलमा कलैया, वीरगन्ज, सिमरा, परवानीपुर, पथलैया, सुगौली, जितपुर इत्यादि ठाउँहरूमा ११ के. भी. र ४०० भोलटको लाईन निर्माण गरी विद्युत वितरण गर्नेछ।

(ङ) सर्वेक्षण

१. पुवा खोला, जलविद्युत आयोजना झापाको विस्तृत सर्वेक्षण

कन्काई आयोजना कार्यान्वित भएपछि पूर्वी तराई क्षेत्रमा केही वर्षसम्म विद्युत शक्तिको उत्पादन क्षमता खपतभन्दा बढी हुनेछ। तर दश वर्ष पछिको अवधिमा यस क्षेत्रमा हुने मागको पूर्तिको लागि एक जलविद्युत आयोजना विस्तृत सर्वेक्षण भै सम्भाव्यताको एक प्रतिवेदन तयार भै रहनु वाञ्छनीय भएकाले चौथो योजना पुवाखोला सर्वेक्षण आयोजना समावेश गरिएको छ।

२. काली गण्डकी विस्तृत सर्वेक्षण (देउघाटको निकटवर्ती क्षेत्रमा)

यस आयोजनाको प्रारम्भिक सर्वेक्षण २०१६ सालमा जापानी विशेषज्ञहरूद्वारा गरिएको थियो देउघाट निर काली गण्डकी नदीको लूपबाट विद्युत शक्ति उत्पादन गरी भविष्यमा पाल्पा, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ्ग आदि स्थानहरूको विद्युतीकरण तथा बाग्मती, नारायणी अञ्चलमा समेत उपयोगको लागि काली गण्डकी नदीको लूप क्षेत्रमा विस्तृत अन्वेषण गरिनेछ।

३. काली गण्डकी विस्तृत सर्वेक्षण (रिडीको निकटवर्ती क्षेत्रमा)

रिडी बजारनि र काली गण्डकीको लूपबाट विद्युत शक्तिको उत्पादन गरी बाग्लुङ्ग, म्यादी, पर्वत, गुल्मी, अर्घाखाँची जिल्लाहरू तथा पोखरा र निकटवर्ती इलाकाको समेत भविष्यमा हुने मागको पूर्ति गर्न यस आयोजनाअन्तर्गत विस्तृत सर्वेक्षण गरिनेछ।

४. चमेलिया नदीको प्रारम्भिक सर्वेक्षण

भविष्यमा बैतडी, डडेल्धुरा, दार्चुला, डोटी, कैलाली र कञ्चनपुरको विद्युत शक्तिको आवश्यकता पूर्तिको लागि मभ्यौला खालको एक जल विद्युत आयोजना बनाउन चमेलिया नदीको प्रारम्भिक सर्वेक्षण गरिनेछ।

५. तमोर तथा अरुण नदीको प्रारम्भिक सर्वेक्षण

भविष्यमा मेची, कोशी र सगरमाथा अञ्चलको पहाडी भागको र विराटनगर क्षेत्रको हुन सक्ने माग पूर्तिको लागि तमोर र अरुण नदीमा जलविद्युत आयोजनाको लागि प्रारम्भिक सर्वेक्षण गरिनेछ।

६. सानो जलविद्यतु (माइक्रोप्लान्ट) आयोजनाको लागि सर्वेक्षण

यस आयोजनाअन्तर्गत नेपालको पहाडी क्षेत्रका विभिन्न स्थानहरूमा माईक्रोप्लान्ट राख्ने सम्भावनाको सर्वेक्षण गरिनेछ।

७. नारायणी, मेची १३२ के. भी. प्रसारण लाइनको लागि सर्वेक्षण

नेपालको पूर्व र मध्य भागमा भएको विद्युत वितरण प्रणालीलाई भविष्यमा एकै ग्रिडमा परिणत गर्न नारायणी अञ्चलदेखि मेची अञ्चलसम्म प्रसारण लाईनको लागि सर्वेक्षण गरिनेछ।

८. बुटवल–पोखरा प्रसारण लाईनको सर्वेक्षण

निकटवर्ती क्षेत्रहरूको बढ्दो मागलाई पूरा गर्न तथा भविष्यमा काली गण्डकी बाट उपलब्ध गर्न सकिने विद्युतको उपयोग गर्न बुटवल पोखरा प्रसारण लाईको सर्वेक्षण गरिनेछ।

९. बाह्रविसे–रामेछाप–जनकपुर प्रसाण लाईनको सर्वेक्षण

भविष्यमा सुनकोशी आयोजनाबाट उत्पादित वाग्मती नारायणी अञ्चलमा खपत नभएको विद्युत शक्ति जनकपुर लैजान सर्वेक्षण गरिनेछ।

१०. अनिर्धारित प्रसारण लाईन सर्वेक्षण

यस आयोजनाअन्तर्गत आगामी योजना अवधिमा विभिन्न स्थानमा हुनसक्ने विद्युत शक्तिको माग र केही क्षेत्रको वचतसमेत ध्यानमा राखी प्रसारण लाईनको विभिन्न सर्वेक्षणहरू आवश्यकतानुसार गरिनेछन् ।

विद्युत विकासमा अनुमानित लगानी

(क) निर्माण	(रु.मा)
१. सुनकोशी जलविद्युत आयोजना	५ करोड ७५ लाख
२. कन्काई जलविद्युत आयोजना	६ करोड ५० लाख
३. बबई जलविद्युत आयोजना	१ करोड
४. कुलेखानी जलविद्युत आयोजना	२५ लाख
जम्मा :	१३ करोड ५० लाख
(ख) प्रसारण लाईन	
१. गण्डक–हेटौंडा १३२ के.भी. लाइन	३ करोड १ लाख
२. परासी–बुटवल ३३ के.भी. लाइन	३३ लाख
३. काठमाडौं उपत्यका विद्युतीकरण	५१ लाख
४. कोशी क्षेत्र विद्युतीकरण आयोजनाको प्रसारण लाइन	३५ लाख
५. कन्काई–विराटनगर ६६ के.भी लाइन	३० लाख
६. कन्काई–भद्रपुर ६६ के.भी. लाइन	२५ लाख
७. सिराहा–जनकपुर ३३ के.भी. लाइन	५० लाख
८. काठमाडौं–वीरगन्ज ६६ के.भी. लाइन	१५ लाख
९. पोखरा–खैरेनी ३३ के.भी. लाइन	१० लाख
जम्मा :	५ करोड ५० लाख
(ग) सानो जलविद्युत आयोजना (विकास रेखाको आधारमा छनौट गरिएको)	
१. धनकुटा	११ लाख
२. वाग्लुङ्ग	१६ लाख
३. जुम्ला	२० लाख
जम्मा :	४७ लाख
(घ) डिजल केन्द्र आयोजनाहरू	
१. विराटनगर डिजल केन्द्र आयोजना (एक पुरानो र एक नयाँ प्लान्ट)	४० लाख
२. भरतपुर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट)	३ लाख
३. भैरहवा डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	१८ लाख
४. कृष्णनगर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	१९ लाख
५. नेपालगन्ज डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट वितरणसमेत)	२१ लाख
६. जनकपुर डिजल केन्द्र आयोजना (पुरानो प्लान्ट वितरणसमेत)	२४ लाख
७. फतेहपुर डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट)	३ लाख
८. महेन्द्रनगर विद्युतीकरण आयोजना	१४ लाख
९. तानसेन पाल्पा डिजल केन्द्र आयोजना (नयाँ प्लान्ट वितरणसमेत)	१० लाख
१०. नारायणी अञ्चल विद्युतीकरण	३० लाख
जम्मा :	१ करोड ८२ लाख

ò यसमा धेरैजसो विभागसित रहेका पुराना प्लान्टहरू नै काममा लगाइनेछन् ।

(ङ) सर्वेक्षण	
१. पुवाखोला जलविद्युत आयोजना (झापा) को विस्तृत सर्वेक्षण	२० लाख
२. कालीगण्डकी विस्तृत सर्वेक्षण (देउघाटनिर)	२० लाख
३. कालीगण्डकी विस्तृत सर्वेक्षण (रिडी निर)	२० लाख
४. तमोर तथा अरुण नदी सर्वेक्षण (प्रारम्भिक)	१० लाख
५. चमेलिया नदी सर्वेक्षण (प्रारम्भिक)	५ लाख
६. सानो जलविद्युत आयोजना (माइक्रोप्लान्ट) को लागि सर्वेक्षण	४ लाख
७. नारायणी–मेची १३२ के.भी. प्रसारण लाइनको लागि सर्वेक्षण	२५ लाख
८. बुटवल–पोखरा प्रसारण लाइन सर्वेक्षण	५ लाख
९. बाह्रविसे–रामेछाप–जनकपुर प्रसारण लाइन सर्वेक्षण	५ लाख
१०. अनिर्धारित प्रसारण लाइन सर्वेक्षण	१० लाख
जम्मा :	१ करोड २४ लाख
विद्युतको जम्मा :	२२.५३ करोड

अनुसूची १

विराटनगर र निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको अधिकतम मागको अनुमान

निपनकोइ अनुमानअनुसार अधिकतम माग कि. वा. मा उपलब्ध हुने

वर्ष	विराटनगर	धरान	राजविराज	दुहवी	रंगेली	जम्मा	विद्युत शक्ति कि.वा.
०२४।२५	२२६५	१५०	–	–	–	२४१५	
०२५।२६	२७००	१७०	–	–	–	२८७०	
०२६।२७	३३००	२००	–	–	–	३५००	३०००
०२७।२८	३९००	२३०	३३०	४९०	१७०	५१२०	
०२८।२९	४६००	२६०	३६०	५६०	२००	६०००	५९८०
०२९।३०	५५००	३००	४४०	६५०	२२०	७११०	
०३०।३१	६४००	३४०	५००	७४०	२६०	८२४०	८८८०
०३१।३२	७५००	४००	५७०	८५०	३००	९५२०	
०३२।३३	८६००	४५०	६६०	९८०	३४०	११०३०	
०३३।३४	९८००	५२०	७६०	११३०	४००	१२६१०	
०३४।३५	१११००	६००	८७०	१२९०	४५०	१४३१०	
०३५।३६	१२४००	६९०	१०००	१४९०	५२०	१६१००	
०३६।३७	१३७००	७९०	११५०	१७१०	६००	१७९५०	
०३७।३८	१५१००	९००	१३२०	१९६०	६८०	१९९६०	

टिप्पणी :

(१) इलाम क्षेत्रमा पाँच वार्षभित्र २२० कि. वा. को माग हुने र दश वर्षमा ४४० कि. वा. हुने अनुमान छ र भद्रपुर क्षेत्रमा ५ वर्षमा ७०० कि. वा. दश वर्षभित्र १४०० कि. वा. हुने अनुमान छ ।

२) कोशी योजनाबाट प्राप्त हुने विद्युत शक्ति ६८०० कि. वा. छ । यो विद्युत शक्ति नहरबाट जाने पानीबाट उत्पादन हुने हुनाले सबै समय प्राप्त नहुने भन्ने विशेषज्ञहरूको राय छ साथै हेभी सिल्टलोड सिल्ट डिपोजिट समस्याले पनि त्यो विश्वसनीय विद्युत शक्तिको स्रोत नहुन सक्ने देखाइएको छ । त्यसकारण कोशीबाट विद्युत शक्ति उपलब्ध हुँदा डिजल विद्युत उत्पादनलाई सहयोग हुने मात्र देखिन्छ ।

३) हाल मोरङ्ग हाइड्रो कम्पनीबाट चालू रहेको डिजल सेटमध्ये २६० कि. वा. को सेट र विराटनगर जुट मिलको (९०० कि.वा.) डिजल सेट र स्टीम सेट (१४०० कि.वा.) पनि पुरानो भैसकेका छन् ।

४) २०२८।२९ मा विराटनगरमा २९८० कि. वा. विद्युत शक्ति (डिजल) उपलब्ध गराइने र २०३०।३१ मा २९०० कि. वा. विद्युतशक्ति (डिजल) उपलब्ध गराइने लक्ष्य छ ।

५) कन्काई आयोजनाबाट २०३२।३३ मा जलविद्युत उपलब्ध गराइने लक्ष्य राखिएको छ ।

अनुसूची २

काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको अधिकतम मागको अनुमान

वर्ष	निपनकोईको अनुमान अनुसार अधिकतम माग	नेपाल विद्युत कर्पोरेशनको अनुमानअनुसार अधिकतम माग	उपलब्ध तथा उपलब्ध हुने जल विद्युत शक्तिको क्षमता
	(कि.वा.)	(कि.वा.)	(कि.वा.)
०२६–२७	१२,६००	११,५००	१५,५४०
०२७–२८	१४,६००	१३,७००	२१,५४० (त्रिशूलीबाट थप)
०२८–२९	१६,८००	१६,२००	३१,५४० (सुनकोशीबाट थप)
०२९-३०	१९,१००	१८,९००	३६,५४० (गण्डकबाट थप)
०३०–३१	२१,५००	२१,९००	३६,५४०
०३१–३२	२६,३५०	२५,४००	३६,५४०
०३२–३३	२९,२००	२९,२००	३६,५४०
०३३–३४	३२,१००	३३,६००	३६,५४०
०३४–३५	३५,६००	३८,४००	३६,५४०
०३५–३६	३८,८९०	४३,६००	३६,५४०
०३६–३७	४२,५००		
०३७–३८	४६,३००		

टिप्पणी :

(१) निपनकोईको अनुमानमा "काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्र" भन्नाले हेटौंडा वीरगन्ज क्षेत्र र बुटवल भैरहवा क्षेत्रलाई पनि समावेश गरिएको छ ।

२) नेपाल विद्युत कर्पोरेशनको अनुमानमा "काठमाडौं उपत्यका तथा निकटवर्ती क्षेत्र" भन्नाले काठमाडौं उपत्यकाको अतिरिक्त विद्युत कर्पोरेशनले उपलब्ध गराई रहेको बनेपा, त्रिशूली आदि स्थानहरू मात्र समावेश गरिएका छन् ।

३) उपलब्ध जलविद्युत शक्तिको क्षमता विद्युत कर्पोरेशनको अनुमानको आधारमा राखिएको हो । यस अनुमानमा गण्डकबाट १०,००० कि. वा. विद्युत शक्तिमध्ये ५००० कि. वा मात्र विद्युत कर्पोरेशनको परिभाषा अनुसार काठमाडौं तथा निकटवर्ती क्षेत्रमा वितरण गरिने भन्ने छ । हाल उपत्यकामा रहेका केही डिजल प्लान्ट तराईमा लगिने भएकोले र केही जगेडाको रुपमा राखिने भएकोले यसको हिसाब गरिएको छैन ।

४) आर्थिक वर्ष २०३१।३२ देखि कुलेखानी योजना सुरू गर्ने लक्ष्य राखिएको छ ।

अनुसूची ३

नेपालगन्ज तथा निकटवर्ती क्षेत्रमा विद्युत शक्तिको
अधिकतम मागको अनुमान
विद्युत विभागको अनुमानअनुसार

वर्ष	निपनकोईको अनुमानअनुसार	साधारण माग कि.वा.औद्योगिक माग कि.वा.	उपलब्ध विद्युत शक्ति कि.वा.
०२४–२५	२६०	–	–
०२५–२६	–	–	–
०२६–२७	–	–	१००
०२७–२८	३३०	६८८	
०२८–२९	४००	७०५	६००
०२९–३०	४८०	८४५	
०३०–३१	५७०	१०१७	
०३१–३२	६९०	१२१६	४०००
०३२–३३	८२०	१३३४	
०३३–३४	९६०	१४७२	
०३४–३५	११३०	१६१९	
०३५–३६	१३२०	१७४१	
०३६–३७	१५१०	१९५९	

०३७–३८	१७४०	२१६७	

टिप्पणी :

(१) निपनकोईको अनुमान विद्युत शक्तिको अधिकतम मागमा पहिलो पाँच वर्षसम्म २५ देखि २० प्रतिशत वृद्धि होला र त्यसपछि १५ देखि २० प्रतिशत वृद्धि होला भनी मानिएको छ र यसबाट हाल भैरहेको मागको अनुमानमा औद्योगीक माग सबै समावेश नभएको देखिन्छ। विद्युत विभागको अनुमानमा दाङ तथा सल्यानको मागको पनि अध्ययन गरिएको छ।

(२) नेपालगन्जमा निटक भविष्यमा औद्योगीक क्षेत्र पनि खोलिने भएको छ। त्यसको लागि चाहिने विद्युत शक्ति निपनकोईको अनुमानमा समावेश भएको छैन। काठमाडौंको बालाजु औद्योगीक क्षेत्रको अधिकतम माग १२५ कि. वा. जति छ। चौथो योजना अवधिमै नेपालगन्जमा कागज कारखाना खोल्ने सम्भावना भएकोले त्यसको लागि पनि पर्याप्त मात्रामा विद्युत शक्तिको आवश्यकता पर्नेछ।

(३) २०२८।२९ मा नेपालगन्जमा ५०० कि. वा. विद्युत शक्ति (डिजल) उपलब्ध गराइने लक्ष्य छ।

(४) २०३३।३४ सम्ममा बबई योजनाबाट ८००० कि. वा. सम्म जल विद्युत शक्ति उपलब्ध गराइने लक्ष्य राखिएको छ।

परिच्छेद २१

जलस्रोत तथा जलवायु

जलविद्युत तथा सिंचाई आयोजनाको सफल कार्यान्वयनको लागि जलस्रोत सर्वेक्षणसम्बन्धी तथ्याङ्कहरू अत्यावश्यक हुन्छन् । जलविद्युत उत्पादनको लागि डिजाईन अथवा सिंचाईको लागि बाँध र वितरण प्रणालीको डिजाईन तथा सिंचाई हुनसक्ने क्षेत्रको विषयमा उपलब्ध हुने पानीको मात्रा, महिना तथा ऋतुअनुसार हुने घटबढ आदि तथ्याङ्कको अभावमा हुन सक्दैन । प्रत्यक्ष रुपले त्यति लाभप्रद नदेखिए तापनि अप्रत्यक्ष रुपले त पानीसँग सम्बन्धित कुनै पनि विकास आयोजनाको लागि जलस्रोतको तथयाङ्क आधारभूत हो भन्नु अत्युक्ति होइन । यस्ता तथ्याङ्कको अरु महत्वपूर्ण उपयोग पुलको डिजाइन गर्दा तथा बाढीको सम्भावनाको भविष्यवाणी गर्दा पनि हुन्छ । सेडिमेन्टसम्बन्धि तथ्याङ्कको सङ्कलन र अध्ययनबाट बाँध र जलाशय (Dams and Reservoir) निर्माण गर्दा 'सिल्टीङ्ग' (Silting) हटाउन र समुचित डिजाइन गर्न सकिन्छ ।

जलवायु सम्बन्धी तथ्याङ्कको उपयोग मौसम भविष्यवाणी गर्नुको अतिरिक्त कृषि, उड्डयन आदि कार्यको लागि समेत हुन्छ । भौगर्भिक जलस्रोतको क्रमवद्ध तरिकाबाट अन्वेषण र उपयोगीकरणबाट कृषि उत्पादनमा धेरै वृद्धि हुन जान्छ ।

हालसम्मको प्रगति

नेपालमा क्रमवद्ध तरिकाबाट जलस्रोत तथा जलवायु सम्बन्धित तथ्याङ्कको संकलन र अध्ययन गर्ने काम दोस्रो योजनाको प्रारम्भसम्म गरिएको थिएन । दोस्रो योजनामा 'सर्वेक्षण'अन्तर्गत माटो सर्वेक्षण, वन सर्वेक्षण तथा खनिज सर्वेक्षणसँगै जलस्रोत सर्वेक्षण पनि गाभिएको थियो । दास्रो योजनाको लक्ष नदीहरूको जलमापक, तापक्रममापक तथा वर्षामापक केन्द्रहरू देशको विभिन्न स्थानमा स्थापना गर्ने भन्ने थियो । दोस्रो योजनामा ५१ जलमापक केन्द्रहरू स्थापना गरिए तथा जलस्रोत सर्वेक्षणको लागि २६.८ लाख रुपियाँ खर्च गरियो । दोस्रो योजनाको सुरूदेखि तेस्रो योजनाको पूर्वार्द्धसम्म सतह जलस्रोत सर्वेक्षण कार्यको लागि अमेरिकी सहायता पनि उपलब्ध गरियो ।

तेस्रो योजनामा जलस्रोत सर्वेक्षण बेग्लै शीर्षक अन्तर्गत राखिई यस कार्यको लागि १ करोड ४० लाख रुपियाँ छुट्याइयो । तेस्रो योजनाको लक्ष्य ४९ जलमापन केन्द्रहरू स्थापना गर्ने, मौसम अनुसन्धान केन्द्र स्थापना गर्ने, जलगुण तथा सेडिमेन्टसम्बन्धी नमुना सङ्कलन गर्ने, प्रयोगशाला स्थापना गर्ने, मौसम भविष्यवाणी गर्ने काम प्रारम्भ गर्ने तथा काठमाडौं र तराई क्षेत्रमा भौगर्भिक जलस्रोतको उपयोग गर्ने सम्भावना निर्धारण गर्न आवश्यक सर्वेक्षण गर्ने थियो ।

तेस्रो योजनाको संशोधनमा पश्चिमी तराईमा भौगर्भिक जलस्रोतको विस्तृत अन्वेषणको काम थाल्ने, प्रयोगशालाको प्रारम्भिक काम सुरू गर्ने र सेडिमेन्टसम्बन्धी तथ्याङ्क संकलन चालू राख्ने उद्देश्य राखिएको थियो ।

तेस्रो योजनाको उपलब्धिमा सतह जल अन्वेषणमा जलमापन केन्द्र र जलवायुसम्बन्धी केन्द्रहरूको स्थापनामा सन्तोषजनक प्रगति भएको छ । मौसम भविष्यवाणी कार्यको प्रारम्भ पनि यसै योजना अवधिमा गरियो । नेपालको जलस्रोतसम्बनधी तथ्याङ्कको तीन र जलवायुसम्बन्धी तथ्याङ्कको एक गरी जम्मा चार पुस्तिकाको पनि प्रकाशन गरियो । तर तेस्रो योजनामा उल्लेख भएअनुसार डिमेण्टको नमुना सङ्कलन गरी प्रयोगशाला अध्ययन गर्ने सम्बन्धमा नगण्य रुपमा मात्र प्रगति हुन सकेको छ । जलगुणसम्बन्धी प्रयोगशाला पनि स्थापित हुन सकेको छैन । भोगर्भिक जलस्रोत सर्वेक्षणसम्बन्धी कार्यमा लुम्बिनी, भेरी सेती र महाकाली अञ्चलमा प्रारम्भिक तथ्याङ्क संकलन गरियो । पश्चिमी तराईमा यस कार्यको लागि अमेरिकी सरकारबाट सहायता पनि प्राप्त गरी तेस्रो योजनाको अन्तिम वर्षमा लुम्बिनी अञ्चलको रुपन्देही जिल्लामा भौगर्भिक जलस्रोतको विस्तृत अन्वेषण कार्य पनि सुरू गरियो ।

चौथो योजना

जलस्रोत सर्वेक्षणको उद्देश्य नेपालको विभिन्न खोलानालाहरूको जलस्रोतसम्बन्धी तथा भौगर्भिक जलस्रोत सम्बन्धी तथ्याङ्क सङ्कलन गरी नेपालको सम्पूर्ण जलस्रोत साधनको मूल्याङ्कन गर्नु तथा यसरी मूल्याङ्कन गरिएका तथ्याङ्कहरूको विद्युत, खानेपानी तथा सिंचाईजस्ता विकास आयोजनाहरूको कार्यान्वयनको निमित्त आवश्यक मात्रामा उपलब्ध गराउनु हो । जलवायु सर्वेक्षणको उद्देश्य देशभरको जलवायु (वर्षा, तापक्रम र आद्रता आदि) सम्बन्धी तथ्याङ्क उपलब्ध गराउने तथा दैनिक रुपले मौसम भविष्यवाणी नर्गे हो । यस उद्देश्यलाई कार्यान्वयन गर्न चौथो योजनामा निम्नलिखित नीति अपनाइने छ । जलस्रोत सम्बन्धी तथ्याङ्कहरू अवश्यक मात्रामा सङ्कलन गर्न प्रादेशिक आधारमा अझ बढी विश्लोषणात्मक रुपले अध्ययन गर्ने काममा अझै बढी जोड दिइने छ । जलवायु सम्बन्धी तथ्याङ्क संकलन गर्न प्रादेशिक आधारमा अरु बढी केन्द्रहरू खोलिने छन् र यसरी जम्मा गरेको तथ्याङ्कलाई विश्लेषणात्मक रुपले अध्ययन गरिनेछ ।

१. सतह जल अन्वेषण

यस आयोजनाअन्तर्गत दोस्रो र तेस्रो योजना अवधिमा स्थापित ५५ जलमापन केन्द्रहरूको संभारको अतिरिक्त थप २० जलमापन केन्द्र, २० उच्चतम जलस्थिति मापन केन्द्र, १० तार मार्ग, १० स्वचालित जल मापन केन्द्र तथा १५ सेडिमेन्ट नमुना संकलन केन्द्र स्थापना गरिनेछ। जलस्रोतसम्बन्धी तथ्याङ्कको वार्षिक प्रकाशन कार्य चालू राख्नाको साथै निकट भविष्यमा जलविद्युत आयोजना निर्माण गरिने नदीहरूबाट सेडिमेन्ट सम्बन्धी तथ्याङ्क सङ्कलनमा जोड दिएर विश्लेषण गरी प्रकाशन पनि गरिनेछ।

२. यस आयोजनाअन्तर्गत तेस्रो योजना अवधिमा स्थापित ७० जलवायु केन्द्र (तापक्रम, वर्षा मापक आदि) संभारको अतिरिक्त १९३ थप जलवायु केन्द्रहरू नेपालका विभिन्न स्थानमा स्थापित गरिनेछन्। मौसम भविष्यवाणीको कार्यलाई बढी विश्वस्त गाइनेछ।

३. पश्चिमी तराईको लुम्बिनी भेरी, सेती, महाकाली अञ्चलको भौगर्भिक जलस्रोत अन्वेषण

यो आयोजना तेस्रो योजनाको अन्तदेखि अमेरिकी सहयेगबाट कार्यान्वित भै राखेको छ। चौथो योजनाको पूर्वार्द्धमा यस आयोजनाअन्तर्गत लुम्बिनी अञ्चलको नवलपरासी, कपिलवस्तु, भेरी अञ्चलको बाँके र वर्दिया सेती अञ्चलको कैलाली र महाकाली अञ्चलको कन्चनपुर जिल्लामा भौगर्भिक जल अन्वेषण कार्य हुनेछ। यस आयोजनाबाट प्राप्त तथ्याङ्कहरूको आधारमा भौगर्भिक जलस्रोतको उपयोग भएर नेपालको सुख्खा भाग पश्चिमी तराईमा पानीको लागि मनसुनमा मात्र भरपर्नु नपरी कृषि उत्पादन बढ्न जानेछ।

४. चितवन र दाङ उपत्यकाको भौगर्भिक जलस्रोतको सर्वेक्षण तथा प्रारम्भिक अन्वेषण

नेपालका मुख्य कृषि क्षेत्रहरूमध्ये यी दुई उपत्यकाहरू पनि जहाँ कृषि उत्पादन बढाउन मुख्य समस्या मध्ये पानीको अभाव पनि एक हो। यस आयोजनाअन्तर्गत यी दुई उपत्यकामा भौगर्भिक जलस्रोतको सर्वेक्षण गरी चौथो योजनाको अन्तातिर प्रारम्भिक अन्वेषण पनि गरिने छ।

जलस्रोत तथा जलवायुमा अनुमानित लगानी

आयोजनाको नाम	चौथो योजनामा अनुमानित खर्च (रु.मा)
१. सतह जल अन्वेषण	६० लाख
२. जलवायु अन्वेषण	४० लाख
३. पश्चिमी तराइको लुम्बिनी, भेरी, महाकाली, सेती अञ्चलको भौगर्भिक जलस्रोत अन्वेषण	१ करोड ३० लाख
४. चितौन र दाङ उपत्यकाको भौगर्भिक जलस्रोतको सर्वेक्षण तथा प्रारम्भिक अन्वेषण	१० लाख
जम्मा :	२ कोड ४० लाख

परिच्छेद २२
शिक्षा

जनताको गुणात्मक विकास गर्ने कार्यमा शिक्षाको महत्वपूर्ण स्थान छ। देशको सर्वाङ्गीण विकासका लागि चाहिने शिक्षित जनशक्ति तयार गर्नु र जनसाधारणलाई नभई नहुने प्रारम्भिक शिक्षाको व्यवस्था व्यापक गराउनु आज नेपालको शिक्षा विकास क्रममा पहिलो आवश्यकता हुन आएको छ। विगत योजनाहरूमा भएको अनुभव र उपलब्धिबाट वर्तमान शिक्षा प्रणालीमा केही आधारभूत परिवर्तनहरू गर्नुपर्ने कुरा महसुस भएको छ। शिक्षामा परिवर्तन ल्याउनु दुई चार वर्षमा सम्भव हुने नभई यो एक दीर्घकालीन प्रक्रिया हो र यसका लागि जगैदेखि क्रमशः सुधार वा परिवर्तन ल्याउनु पर्दछ। यस दीर्घकालीन उद्देश्यलाई ध्यानमा राखी चौथो योजनामा शिक्षाका सबै क्षेत्रहरूमा देहायबमोजिम व्यवस्था गर्ने लक्ष्य राखिएको छ। अर्थको कमीले गर्दा चाहिने जति लक्ष्य पूर्ति चौथो योजनाभित्र मात्र गर्न गाह्रो पर्ने देखिन्छ। तर चौथो योजनामा अपनाइएका केही सिद्धान्तले भविष्यमा आधारको रूपमा काम गर्ने स्वतः सिद्ध छ।

प्राथमिक शिक्षा

तेस्रो योजनाकालसम्ममा प्राथमिक शिक्षामा भएको प्रगति निकै उत्साहवर्द्धक छ र हाल अधिराज्यभरिमा प्राथमिक स्कूलहरूको सङ्ख्या करिब ७००० पुगेको छ। प्राथमिक स्कूल जाने उमेरका बालबालिकाहरूमध्ये ३२% लाई प्राथमिक शिक्षाको सहुलियत दिइएको छ। अनिवार्य निःशुल्क प्राथमिक शिक्षा योजना चितवन र झापाका गाउँ पञ्चायतहरूमा र अन्य केहीमा समेत गरी १०७ गाउँ पञ्चायतमा लागू गरिएको छ। अधिराज्यका विभिन्न जिल्लाहरूमा गरीबी १५ वटा नमुना प्राथमिक पाठशालाहरू स्थापना भइसकेका छन्। यस प्रगतिको बाबजुद पनि प्राथमिक शिक्षाको समुचित विकासमा विभिन्न बाधाहरू आइपरेका छन्। सर्वप्रथम पढ्दा पढ्दै बीचैमा स्कूल छाड्ने विद्यार्थीहरूको सङ्ख्या ज्यादा देखिएको छ र यो तल्लो कक्षाहरूमा जयदा र मथिल्लोमा कम हुँदै गएको प्रवृत्ति देखापर्दछ। स्कूलहरूमा आवश्यक सङ्ख्यामा शिक्षक नभएकोले गुणात्मक प्रगति सन्तोषजनक रुपले हुनसकेको छैन। स्कूललाई दिएको सरकारी अनुदानको प्रतिशत अञ्चलअनुसार हेर्दा बढीमा ९३ प्रतिशतसम्म देखिएबाट शिक्षा विकासमा स्थानीय साधनको परिचालन उचित रुपमा भएको देखिँदैन। भएको आम्दानीबाट १७ प्रतिशतदेखि ९८ प्रतिशतसम्म तलबमा मात्र खर्च गर्नुपरेको हुँदा अरु शिक्षा सामग्रीमा खर्च गर्न रकमको अपर्याप्ततासमेत स्पष्ट देखापरेको छ।

उपर्युक्त कुराहरूलाई मनन् गरी प्राथमिक शिक्षा विकासको सम्बन्धमा श्री ५ को सरकारले केही ठोस नीतिहरू अपनाउनु परेको छ। सीमित साधनहरूले गर्दा अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षाको लक्ष्य आउने १०।१२ वर्षमा पनि पूरा हुने सम्भावना देखिँदैन। चौथो योजनाको अन्त्यसम्ममा स्कूल जाने उमेरका केटाकेटीहरू मध्ये ४५ प्रतिशतलाई पढ्न सुविधा प्रदान गर्ने लक्ष्य राखिएको छ। यो लक्ष्य प्राप्तिको लागि करिब ७००० थप कक्षा र त्यति नै शिक्षकहरूको व्यवस्था गरिनेछ। उत्तरी दुर्गम क्षेत्रहरूमा जनसङ्ख्याको अनुपातमा मात्र स्कूल राख्न व्यावहारिक नभएकोले वस्तीको दूरतालाई समेत ध्यानमा राखी त्यस्ता ठाउँहरूको लागि नयाँ २५० कक्षाहरू खोल्न छुट्टै विशेष व्यवस्था गरिने छ।

विद्यार्थी कक्षा

वर्ष	जम्मा जनसङ्ख्या	स्कूल जानेको उमेर जनसङ्ख्या (६–१० वर्ष)	प्रा. शिक्षा पाउने विद्यार्थी सङ्ख्या	योजनाकालमा वृद्धि	स्कूल उमेरको प्रतिशत	कक्षा वा शिक्षक सङ्ख्या
०२६।२७	१,१०,४८,०००	१४,३६,०००	५,०३,०००	–	३५%	२०,०००
०३१।३२	१,२१,५६,०००	१५,८०,०००	७,११,०००	२,०८०००	४५%	२७,३००

प्राथमिक शिक्षामा हुने खर्च

१. प्राथमिक स्कूलहरूमा हालसम्म स्कूलमा रहने शिक्षक सङ्ख्याको आधारमा श्री ५ को सरकारको तर्फबाट अनुदान दिइआएको छ। अनुदानको सर्वाधिक भाग शिक्षक तलबमा खर्च भएको छ तापनि शिक्षकहरूलाई दिइ आएको तलव अन्य पेशाहरूको तुलनामा साह्रै कम भएकाले योग्य शिक्षकहरू प्राप्त हुन सकेका छैनन र यसले गर्दा शिक्षाको गुणात्मक विकासमा ठूलो अवरोध उत्पन्न भएको छ। तसर्थ यस योजना अवधिमा दिइने अनुदानको सट्टा क्रमशः स्कूलहरूलाई श्री ५ को सरकारले तालिमप्राप्त शिक्षक उपलब्ध गराई उनीहरूको तलब सरकारबाटै व्यहोर्ने व्यवस्था गरिनेछ। तालिमी शिक्षकहरू पाउन नसकेका स्कूलहरूलाई साविकबमाजिम पाइआएको अनुदान

शिक्षक तलबको ४० प्रतिशत हुने गरी कायम राखिने छ। चौथो योजना अवधिमा तालिमप्राप्त शिक्षकहरूको जम्मा सङ्ख्या १२,३०० पुग्ने देखिन्छ।

२. भवन निर्माण, शैक्षिक सामग्री र पाठ्यक्रम सुधार

प्राथमिक शिक्षाको विकासका लागि अन्य प्रकारको व्यवस्था गर्न पनि अति आवश्यक भएकाले यस योजना अवधि भित्र स्कूल भवन निर्माण, दुईहजार पाठशालाहरूलाई शैक्षिक सामग्री उपलब्ध गराउने र पाठ्यक्रम सुधारको कार्यक्रमसमेत राखिएको छ।

३. छात्रवृत्ति

शिक्षा विभागले उत्तरी सीमा क्षेत्रमा सञ्चालन भइराखेका स्कूलका शिक्षकहरूको अभाव पूर्ति गर्न ५ कक्षासम्म पढेका विद्यार्थीहरूलाई नजिकको हाईस्कूल वा तालिम केन्द्रमा सम्मिलित गराउन योजनाकालमा योग्यताको आधारमा छात्रवृत्ति दिई दुर्गम क्षेत्रका लागि शिक्षकहरू उपलब्ध गराउनेछ।

माध्यमिक शिक्षा

२००७ साल अघि नेपाल अधिराज्यमा जम्मा २२ हाईस्कूल र २०३ मिडिल स्कूलहरू थिए। प्रजातन्त्रको प्रादुर्भाव भएपछि नेपालमा माध्यमिक शिक्षाको विकास द्रुतगतिले हुनथाल्यो। तृतीय योजनाको अन्त्यसम्ममा हाईस्कूलहरूको सङ्ख्या ४४४ र मिडिल स्कूलको सङ्ख्या ५३४ पुग्ने अनुमान गरिएको छ। प्राथमिक शिक्षा पाइरहेका विद्यार्थी सङ्ख्याको करिब १८ प्रतिशत विद्यार्थीहरूले माध्यमिक शिक्षा प्राप्त गरिरहेका छन्। तेस्रो योजना अवधिभरमा शिक्षाको गुणात्मक विकास गर्ने दृष्टिकोणले विभिन्न विषयमा शिक्षाक तालिम कार्यक्रम सञ्चालन गरिएकोले यसबाट गुणात्मक विकास गर्न मद्दत भएको छ। चौथो योजना अवधिमा माध्यमिक विद्यार्थी सङ्ख्या प्राथमिक विद्यार्थी सङ्ख्याको २० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। यो सङ्ख्यात्मक लक्ष्य प्राप्त गर्नको अर्थ माध्यमिक शिक्षा धेरैको लागि अन्तिम शिक्षा हुने भएकाले यसलाई सङ्ख्यात्मक विकासभन्दा गुणात्मक विकासमा बढी जोड दिनुपर्ने आवश्यकता अनुभव भएको छ। अतः आगामी योजनाकालमा सकेसम्म माध्यमिक स्कूल खोल्न नियन्त्रण गर्ने र भएका स्कूलहरूलाई व्यवस्थित गरी शिक्षा सञ्चालन गरिनेछ।

क. माध्यमिक शिक्षामा हुने खर्च

अहिलेसम्मको स्थिति अध्ययन गर्दा माध्यमिक शिक्षालयको खर्चमा २० प्रतिशत मात्र सरकारी आर्थिक सहायताबाट र बाँकी ८० प्रतिशत खर्च जनताले व्यहोरेको देखिन्छ। सरकारी अनुदान कम भएकोले माध्यमिक स्कूल व्यवस्थित रुपले चल्न सकेका छैनन् र कुनै कुनै ठाउँमा अनुदानको दुरुपयोग पनि भएको बुझिन्छ। तसर्थ अनुदानको वर्तमान व्यवस्थालाई खतम गरी चौथो योजनाकालमा माध्यमिक शिक्षालयका शिक्षकहरूको ५० प्रतिशत तलबको रकम आर्थिक सहायताको रुपमा श्री ५ को सरकारले दिनु उचित देखिन्छ। तर शिक्षा विभागले उक्त तलब सोझै शिक्षकहरूको हातमा पार्न आवश्यक मिलाउनु पर्नेछ।

ख. विभिन्न विषयको तालिम

माध्यमिक स्कूलका शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष बनाउने उद्देश्यले अल्पकालीन तालिमको व्यवस्था गत केही बर्षदेखि गरिँदै आएको छ। यस योजनाकालमा पनि विभिन्न अवधिको लागि लगभग १५०० शिक्षकहरूलाई विज्ञान, गणित, अंग्रेजी, नेपाली तथा सामाजिक शिक्षामा तालिम दिइनेछ।

ग. स्कूल भवन तथा छात्रावास निर्माण

हाल भएका माध्यमिक स्कूलमध्ये करिब २० प्रतिशत स्कूलहरूको आफ्नो भवन नभएकोले व्यवस्थित रुपले शिक्षा सञ्चालन गर्नमा बाधा परेको छ। आफ्नो भवन नहुने विद्यालयहरूलाई भवन र छात्रावास निर्माण गर्न समेत आवश्यक देखिएकाले क्रमशः ३० वटा स्कूल भवन र ३० वटा छात्रावास बनाउने र उक्त भवन तथा छात्रावास बनाउन लाग्ने जम्मा खर्चको ५० प्रतिशत सरकारबाट आर्थिक सहायताको रुपमा दिइनेछ।

घ. अन्य

आवश्यक शैक्षिक सामग्री र फर्निचरको अभाव भएका ५०० स्कूलहरूलाई फर्निचर तथा शैक्षिक सामग्री उपलब्ध गराइनेछ। पाठ्यक्रमको सुधार र विकास गर्न एक पाठ्यक्रम विकास समितिको स्थापना गरिनेछ। प्राथमिक तथा माध्यमिक शिक्षाको आवश्यक निरीक्षण तथा निर्देशन गर्न शिक्षा निरीक्षक कार्यालयलाई सुदृढ पारिनेछ। अधिराज्यका प्राथमिक तथा माध्यमिक स्कूलहरूमा राम्रो काम गर्ने शिक्षकहरूलाई प्रोत्साहित गर्ने दृष्टिकोणले प्रोत्साहन पुरस्कार र अरु सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ। शिक्षा विभागद्वारा निहित सिद्धान्तहरूको आधारमा पोत्साहनको कार्यक्रम चलाइनेछ।

आदर्श विद्यालय बुढानीलकण्ठ

चौथो योजना अवधिमा बुढानीलकण्ठमा विदेशी सहायताबाट एउटा स्तरयुक्त आवासीय आदर्श माध्यमिक विद्यालयको निर्माण गरी पढाइ सुरू गरिनेछ। सम्पूर्ण कक्षामा गरी यस विद्यालयमा करिब ४७० विद्यार्थीहरूले

अध्ययन गर्नेछन् र देशमा नमुनाको रुपमा सञ्चालन गरिने यस विद्यालयमा उपत्यकाका बाहिरका विद्यार्थीहरूलाई पनि उचित स्थान सुरक्षित गरिनेछ ।

माध्यमिक बहु-उद्देश्यीय शिक्षा

चलिरहेको शिक्षा पद्धतिमा प्रवेशिका परीक्षामा उत्तीर्ण भएका छात्रछात्राहरूबाट व्यवसायिक क्षेत्रमा चाहिने कामदारहरूको खाँचो पूरा नहुने र व्यावसायिक ज्ञानको अभावमा उनीहरू स्वावलम्बी नभई सरकारी नोकरीमा मात्र भरपर्ने प्रवृत्ति देखिएकाले सो हटाउन पहिलो, दोस्रो र तेस्रोयोजनाकालमा २९ वटा बहु-उद्देश्यीय विद्यालयहरू स्थापित भएका छन् । बहु-उद्देश्यीय विद्यालयहरूको सञ्चालनमा खर्च बढी लाग्ने भएकाले अधिराज्यभरिमा निकट भविष्यमा चाहिने जति सङ्ख्यामा यस्तो स्कूल सञ्चालन गर्न सम्भव नभएकाले केही बहु-उद्देश्यीय स्कूलहरूमात्र थप गर्ने र कक्षा ९ र १० मा कुनै एक व्यावसायिक विषयलाई अधिराज्यका बढी से बढी माध्यमिक विद्यालयहरूमा समावेश गर्ने बेग्लै व्यवस्था गरिएको छ ।

प्रौढ शिक्षा

देशमा रहेको निरक्षता क्रमशः हटाउने उद्देश्यले प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । तेस्रो योजनाको अन्त्यसम्ममा १ लाख प्रौढहरूलाई साक्षर गराउने लक्ष्य राखिएको छ । साक्षरताको प्रतिशत ११.८ सम्म पुग्ने अनुमान छ । यो कार्यक्रम सञ्चालन गर्न वर्गीय संगठनहरूको सहयोगसमेत लिइएको छ ।

चौथो योजनामा प्रौढ शिक्षालाई बिस्तार गरी साक्षरताको प्रतिशत ११.८ बाट १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यसमा केही भाग प्राथमिक शिक्षा कार्यक्रमबाट पनि पूरा गरिनेछ । अधिराज्यमा हाल ३७ स्थायी प्रौढ शिक्षा केन्द्रहरू छन् । चौथो योजनाकालमा यसको सुदृढीकरण गर्ने र थप ३८ केन्द्रहरू खोलिने छन् ।

उपर्युक्त कार्यक्रमका अतिरिक्त युनेस्कोको सहयोगबाट चितवन जिल्लामा कार्यमूलक प्रौढ शिक्षाको कार्यक्रम एउटा विशेष आयोजनाको रुपमा चलाइनेछ र सो आयोजनाबाट हुने अनुभवको आधारमा भविष्यमा क्रमशः कार्यमूलक प्रौढ शिक्षाको कार्यक्रम अरु क्षेत्रमा आरम्भ गरिनेछ ।

उच्च शिक्षा

बितेका योजनाहरूमा उच्च शिक्षामा बढी सङ्ख्यात्मक प्रगति भएको देखिन्छ । तेस्रो योजनाको सुरूमा भएका २९ कलेजबाट हाल तिनको सङ्ख्या ४० सम्म पुगेको छ । अर्कोतिरबाट हेर्दा एस. एल. सी. पास गर्ने धेरै जसो विद्यार्थीहरूबाट महाविद्यालयमा प्रवेश गर्दछन् र तिनको सबभन्दा ठूलो सङ्ख्या कलात्मक विषयहरूमा नै छ । यस प्रकारको साधारण शिक्षाबाट देशलाई खास फाइदा नहुने देखिएकाले चौथो योजनामा गुणात्मक गराउने दीर्घकालीन लक्ष्य राखी कार्यक्रमहरू तर्जुमा गरिनेछन् । हालको अव्यावसायिक विषयमा उच्च शिक्षातर्फ बढेको बाढीलाई रोक्न माध्यमिक शिक्षादेखि नै व्यवसाय अनुकूल शिक्षा दिने र उच्च शिक्षामा प्रतिभावान् विद्यार्थीहरूलाई मात्र प्रवेश दिने व्यवस्था गर्न जोड दिइनेछ । यो मूल उद्देश्य पूर्ति गर्न निम्नलिखित विशेष कदमहरू चौथो योजनाकालमा चालिनेछन् ।

१. त्रिभुवन विश्वविद्यालयलाई श्री ५ को सरबारबाट उच्च शिक्षा विस्तारमा ठोस नीति निर्धारित गरिदिने
२. योजना अवधिभित्र नयाँ कलेज खोल्नमा साधारणतः नियन्त्रण गर्ने ।
३. एस. एल. सी. पछि विभिन्न व्यावसायिक विषयहरूमा डिप्लोमा र डिग्री दिने संस्थाहरूको स्थापना गर्ने ।
४. विज्ञान शिक्षा सम्बन्धमा एक प्रभावकारी नीति निर्धारित गरी महाविद्यालयहरूमा विज्ञान पढाउने सुविधा विस्तार गर्ने ।

कलेज सुदृढीकरण

मोफसलका कलेजहरूमा सबै विषयहरू पढाउने सुविधा नभएकाले काठमाडौं उपत्यकाका कलेजहरूमा बाहिरका कलेजहरूभन्दा बढी विद्यार्थी सङ्ख्या भएको देखिन्छ । तसर्थ उच्च शिक्षाको प्रादेशिक सुविधा उपलब्ध गराउन चौथो योजना बाहिरका पाँचवटा कलेजहरूलाई सबै विषय समावेश भएको प्रयोगशाला, पुस्तकालय र आवासीय सुविधासमेत भएको सुदृढ क्षेत्रीय कलेजमा परिणत गरिनेछ ।

हालसम्म कलेजहरूलाई दिइआएको आर्थिक सहायता कलेजमा पढाउने विषय, छात्र सङ्ख्या र कलेजको स्तर हेरी दिनुपर्ने भनी नियम बनाई सोहीअनुसार दिइनेछ ।

त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय एक स्वशासित संस्था भएकाले श्री ५ को सरकारको नीति अनुरूप उच्च शिक्षा विकास कार्यक्रम उक्त विश्वविद्यालयले तयार गरी लागू गर्नेछ । आर्थिक सहायतासम्म श्री ५ को सरकारबाट दिइनेछ ।

शिक्षक प्रशिक्षण

प्राथमिक तथा माध्यमिक स्कुलमा पढिरहेका तर तालिम नपाएका शिक्षकहरूलाई प्रशिक्षण दिन अति आवश्यक भएको छ। यस योजनाकालमा जम्मा ६५०० प्राथमिक शिक्षकहरूलाई तालिम दिने व्यवस्था गरिनेछ।

कलेज अफ एजुकेशन

माध्यमिक शिक्षाको गुणात्मक विकास गर्न सन् १९५६ मा यस कलेजको स्थापना भएको हो। यस संस्थाले तालिम प्राप्त माध्यमिक शिक्षकहरूको उत्पादन गर्दै आइरहेको छ। हाल यसमा आई. एड. र वि. एड. को पढाइ सञ्चालन भइरहेको र वीरगञ्जमा पनि आई. एड. स्तरको पढाइ सञ्चालन गर्न यसको एक एक्सटेन्सनको पनि स्थापना भैसकेको छ। चौथो योजनामा यस महाविद्यालयले ३२० जवान माध्यमिक शिक्षकहरूलाई तालिम दिन सकिनेछ।

ल्यावोरेटरी स्कूल

यो स्कूल अधिराज्यका माध्यमिक स्कूलमध्ये एक प्रयोगशालाको रुपमा राखिएकाले यसको उचित विकास र सञ्चालन गरिनेछ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र

यस केन्द्रको स्थापना व्यावसायिक तालिमको दृष्टिमा एउटा राष्ट्रिय आकांक्षाको परिपूर्तिको रुपमा उपस्थित हुन आएको छ। यस केन्द्रमा मूल व्यावसायिक विषयहरू जस्तै– कृषि व्यवसाय, शिक्षा, गृह विज्ञान तथा औद्योगीक शिक्षामा तालिम दिइन्छ। आर्थिक वर्ष २०२३।२४ देखि मात्र आफ्नो कार्य सञ्चालन गर्न थालेको यस केन्द्रले तेस्रो योजनाको अन्त्यसम्ममा २०६ व्यावसायिक प्रशिक्षक, ३७५ डिप्लोमा कोर्ष र ११० विविध विषयमा तालिम प्राप्त व्यक्तिहरू तयार गरेको छ। चौथो योजना अवधिभित्र देशको आवश्यकताअनुसारको मध्यम स्तरका प्राविधिज्ञहरू तयार पार्न एस. एल. सी. पास गर्ने ५०० जवानहरूलाई दुइवर्षे नियमित डिप्लोमा कोर्षको प्रशिक्षण कार्यक्रम राखिएको छ। साथै विभिन्न व्यावसायिक विषयमा जम्मा ५०० जवानलाई सेवा कालीन तालिम दिइनेछ।

शारीरिक शिक्षा विकास

नेपालमा खेलकूदको स्तर बढाउने उद्देश्यले विद्यार्थी तथा युवाहरूको स्वास्थ्य विकाशको लागि अधिराज्यका विभिन्न प्राथमिक तथा माध्यमिक स्कूल र महाविद्यालयहरूका बीच विभिन्न खेलकूदहरूको वार्षिक प्रतियोगिता गराउँदै आइरहेको छ। यस योजना अवधिभित्र उक्त कार्यक्रमलाई अझै प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ।

विभिन्न स्कूलहरूमा शारीरिक शिक्षामा तालिमप्राप्त शिक्षकहरूको अभाव पूर्तिका लागि यसमा शिक्षकको तालिममा खर्चको व्यवस्था गरिनेछ। वार्षिक प्रतियोगिताको लागि खेलकूद मैदानको अभाव भएकाले उपयुक्त स्थानमा खेलकूद मैदान निर्माण गरिनेछ। अधिराज्यका विभिन्न स्कूलहरूमा शारीरिक शिक्षा गतिविधिको कुनै सर्वेक्षण नगरिएकाले यस योजना अवधिभित्र केही अञ्चलका स्कूलहरूमा शारीरिक शिक्षा गतिविधिको सर्वेक्षण गरिनेछ।

परीक्षा सुधार कार्यक्रम

वर्तमान परीक्षा प्रणालीले शिक्षाको क्षेत्रमा ठूलो समस्या उत्पन्न गरको देखिन्छ। साधारणतया विद्यार्थीहरू जसरी भएपनि परीक्षा पास गर्ने मात्र उद्देश्य लिई अगाडि बढिरहेका छन् र यस प्रकार शिक्षाको मूल उद्देश्य नै हनन् भएको देखिन्छ। वर्तमान परीक्षा प्रणालीमा सुधारका लागि लघुकालीन र दीर्घकालीन कार्यक्रमहरू बनाई सोहीअनुसार परीक्षा प्रणालीमा सुधार गर्दै लैजाने कार्यक्रम छ। यस कार्यक्रमअन्तर्गत उन्नत प्रश्नपत्रहरूको विकास, उपयुक्त परीक्षा सञ्चालन गर्ने तरिकाको अन्वेषण र आधुनिक एवं वैज्ञानिक तरिकाले मूल्याङ्कन गरिनेछ र विभिन्न प्रतिक्रियाहरू अनुसन्धान गरी परीक्षा नियन्त्रण कार्यालयलाई आवश्यक प्रबन्ध गर्न सहयोग गरिनेछ।

साधारण विज्ञान शिक्षा विकास

नेपालका प्राथमिक तथा माध्यमिक स्कूलहरूमा विज्ञान शिक्षाको स्तर ज्यादै कम छ साथै विद्यार्थीहरूलाई विज्ञान शिक्षाको अध्ययन जुन उद्देश्यले गराउनु पर्ने हो सो अनुरुप हुन सकेको छैन। यसै कुरालाई ध्यानमा राखी चौथो योजनामा माध्यमिक स्कूलहरूमा साधारण विज्ञान शिक्षाको अध्ययन उपयोगी, प्रभावशाली तथा प्रयोगात्मक ढङ्गबाट गराउने हेतुले पाठ्यक्रमको सुधार, विज्ञान शिक्षाको तलिम, वैज्ञानिक र शैक्षिक सामानहरूको उत्पादन वितरण एवं आवश्यक अध्ययन र अनुसन्धान गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। यस कार्यक्रमअन्तर्गत साधारण विज्ञान शिक्षा विकास कार्यक्रमलाई सुनियोजित ढङ्गबाट कार्यान्वित गर्न हरिहर भवन स्थित शिक्षा केन्द्रलाई सुदृढीकरण गरिनेछ। साथै वैज्ञानिक उपकरण तथा शैक्षिक सामग्रीहरू मर्मत तथा सम्भार गर्ने र भविष्यमा साधारण किसिमका वैज्ञानिक सरसामान उत्पादन गर्ने उद्देश्यले सुरू गरिएको ग्लासवर्क, मेटल वर्क, उडवर्क तथा इलेक्ट्रिकल र इलेक्ट्रोनिक वर्कशपहरूमा मेशिनहरू सबै जडान गरी उपकणहरू उत्पादन गर्न सक्ने अवस्थामा पुऱ्याइने, शिक्षकहरूको तालिमका लागि विज्ञान शिक्षा केन्द्रमा एउटा

प्रयोगशालाको स्थापना गर्ने र ५०० माध्यमिक र ८०० प्राथमिक विज्ञान शिक्षकहरूलाई तालिम दिने आदि कार्यक्रमहरू छन् ।

साथै चौथो योजना अवधिमा विज्ञान शिक्षा विकास कार्यक्रम (स्टेप प्रोग्राम) ५० माध्यमिक स्कूलहरूमा पूर्ण रुपले लागू गरिनेछ र यस कार्यक्रमअन्तर्गत १० ग्रेडसम्मको पाठ्यक्रम र विभिन्न किसिमका पुस्तिकाहरू तयार गरी वितरण गरिनेछन् ।

जनक शिक्षा सामग्री केन्द्र

विभिन्न शैक्षिक सामग्रीहरूको उत्पादन एवं वितरणको लागि स्थापना भएको यस केन्द्रले पाठ्य पुस्तकहको विकासमा महतवपूर्ण सहयोग गर्दै आएको छ । चौथो योजनामा सोनोठिमी स्थित केन्द्रको भवनमा प्रेस कोठा तथा कार्यालय भवनको केही विस्तार गरिनेछ ।

संस्कृत इन्स्टिच्यूट

नेपालमा संस्कृत भाषा र ज्ञानको अन्वेषण र सदुपयोगको लागि यस योजनाकालमा संस्कृतको क्षेत्रमा आवश्यक अनुसन्धानको लागि एक संस्कृत इन्स्टिच्यूटको आवश्यक व्यवस्था गरिनेछ ।

योजना तथ्याङ्क अनुसन्धान कार्यक्रम

अधिराज्यभरिका विभिन्न प्रकारका शैक्षिक तथ्याङ्क सङ्कलन गर्न र तिनबाट सारिणीकरण गरी वार्षिक तथ्याङ्क जनसाधारणको लागि प्रकाशित गर्ने र सोही तथ्याङ्कहरूको आधारमा योजना तयार गर्न सहायता मिल्ने भएकाले चौथो योजना अवधिमा यो कार्यक्रम शिक्षा मन्त्रालयअन्तर्गत चालू राखिनेछ ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. प्राथमिक शिक्षा	४१,००,०००।
२. माध्यमिक शिक्षा	१,४४,०५,५००।
३. आदर्श विद्यालय बूढानीलकण्ठ	१,००,००,०००।
४. माध्यमिक शिक्षा (बहुउद्देश्यीय)	१,१४,००,७७०।
५. प्रौढ शिक्षा	८०,००,०००।
६. उच्च शिक्षा	२,८०,००,०००।
७. शिक्षक प्रशिक्षण	२,८०,००,०००।
८. राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र (आदर्श बहुउद्देश्यीय विद्यालय समेत)	१,००,७८,०६५।
९. शारीरिक शिक्षा	४,६८,०००।
१०. परीक्षा सुधार कार्यक्रम	१५,००,०००।
११. विज्ञान शिक्षा	२५,००,०००।
१२. जनक शिक्षा सामग्री केन्द्र	५,००,०००।
१३. संस्कृत इन्स्टिच्यूट	५,००,०००।
१४. योजना तथ्याङ्क अनुसन्धान शाखा	३,००,०००।
अनुमानित कुल खर्च:	११,९७,५२,३३५।

परिच्छेद २३

स्वास्थ्य

स्वस्थ तथा सवल जनशक्ति राष्ट्रिय विकासको अमूल्य साधन हो । देशको आर्थिक एवं सामाजिक विकासमा जनताको शारीरिक तथा मानसिक शक्ति निर्भर गर्दछ । स्वस्थ जनवल सृजना गर्न लाग्ने खर्च आर्थिक दृष्टिकोणबाट ज्यादा खर्चिलो देखिए तापनि यसबाट मिल्ने परोक्ष फाइदाबाट देशको आर्थिक विकासमा योगदान मिल्दछ ।

देश निर्माणको लागि स्वास्थ्य एवं योग्य जनवल उपलब्ध गराउनु नै स्वास्थ्य सेवा विकासको मुख्य उद्देश्य हो । देशमा उपलब्ध सीमित आर्थिक एवं प्राविधिक साधनले भ्याएसम्म देशको प्रत्येक भागमा यथाशक्य स्वास्थय सेवाका सुविधाहरू उपलब्ध गराउने श्री ५ को सरकारको दीर्घकालीन नीति छ ।

चौथो योजनाअन्तर्गत स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई मोटामोटी रुपमा प्रतिकारात्मक सेवा, चिकित्सा कार्य तथा शिक्षा र तालिम आदि ३ मुख्य भागमा विभाजित गर्न सकिन्छ । कुनै पनि रोगको उपचारभन्दा रोकथाम कम खर्चिले र सरल हुने हुँदा र खास गरी नेपालको सीमित स्वास्थ्य प्राविधिक एवं आर्थिक साधनलाई ध्यानमा राखी प्रतिकारात्मक सेवालाई प्राथमिकता दिइनेछ । चिकित्सासेवा तर्फ हाल स्थापना भइसकेका संस्थाहरूलाई नै बढी सुसंगठित पारी सञ्चालन गरिनेछ । साथै स्वास्थ्य प्राविधिकहरूको बढ्दो खाँचो पूर्ति गर्न खास गरी मध्यस्तरका कार्यकर्ताहरूको तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

हाल स्वास्थ्य सेवाअन्तर्गत विभिन्न परियोजनाहरू चालू छन् । यी परियोजनाहरूको लक्ष्य पूर्ति गर्न प्रत्येक जिल्लामा बेग्लाबेग्लै स्वास्थ्य कार्यालय तथा प्राविधिज्ञहरू रहेका छन् । यो व्यवस्था हाम्रो सीमित आर्थिक र प्राविधिक साधनलाई ध्यानमा राख्दा ज्यादै महङ्गो सिद्ध भएकाले चौथो योजना अवधिमा प्रतिकारात्मक कार्यमा लागेका सबै स्वास्थ्य आयोजनाहरूलाई केन्द्रीय तहमा एकीकरण गरी बीचको स्तरमा पृथक् पृथक् योजना चालू भए तापनि सञ्चालन तहमा ती सबै कार्यक्रमहरूको एकीकरण गर्नेतर्फ विशेष प्रयास गरिनेछ ।

१. स्वास्थ्य सेवाको ढाँचा

(क) अञ्चल स्वास्थ्य कार्यालय :

विभिन्न अञ्चलको स्थिति अनुसार स्वास्थ्य योजना तयार पार्न, तिनीहरूको लागि आवश्यक औषधि, औजार तथा प्राविधिज्ञहरूको व्यवस्था गर्न तथा अञ्चल स्तरमा प्रतिकारात्मक तथा चिकित्सा सेवामा सामञ्जस्य ल्याउने उद्देश्यले कोशी, जनकपुर, नारायणी, लुम्बिनी र भेरी अञ्चलहरूमा योजना अवधिमा स्वास्थ्य कार्यालयहरू खडा भएका छन् । यी कार्यालयहरूमा आवश्यक अनुसार भवन निर्माण, प्राविधिक तथा अरु सहुलियतहरू उपलब्ध गराई सुसंगठित पारी सञ्चालन गर्नुका साथै सगरमाथा र गण्डकी अञ्चलमा नयाँ कार्यालयहरू खोलिने छन् ।

उपर्युक्त कार्यालयहरूअन्तर्गत अञ्चलको आवश्यकता हेरी ५० देखि १०० शैच्याका अस्पतालहरू रहने छन्, यिनीहरूलाई जिल्लास्तरमा रहने २५ शैच्याका अस्पतालहरूको "रेफरेल" अस्पतालका रुपमा विकास गरिनेछ ।

(ख) जिल्ला स्वास्थ्य कार्यालय

जिल्ला स्तरमा जिल्ला स्वास्थ्य सेवा संगठनले जिल्लाका बढी से बढी जनसङ्ख्यालाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयत्न गर्नेछ । यस पञ्चवर्षीय योजनामा उपर्युक्त ७ अञ्चलका ७ जिल्लामा जिल्लास्तरीय जनस्वास्थ्य कार्यालयहरू खोलिने छन् ।

(ग) हेल्थ पोष्ट

स्थानीय स्तरमा स्वास्थ्य सेवाको सबैभन्दा तल्लो तहमा भौगोलिक स्थिति एवं जनसङ्ख्याको आधारमा हेल्थ पोष्टहरू रहने छन् । हाल औलो उन्मूलन कार्य मध्यमाञ्चलमा धेरै स्थानमा समाप्त भइसकेको छ र सुचारु रुपले चलेका स्वास्थ्य संस्थाहको अभावले गर्दा औलो उत्मूलनलाई 'कन्सोलिडेशन फेज' मा नै राखिछाड्नु परेको छ । पूर्वाञ्चल र केही हदसम्म पश्चिमाञ्चलमा पनि यही नै अवस्था छ । तसर्थ औलो उन्मुलन कार्य समाप्त हुन लागेका ठाउँहरूमा मोटामोटी रुपले २५,००० जनसङ्ख्यालाई १ हेल्थ पोष्टको प्रबन्ध गरी यसैबाट औलोको प्रतिरक्षा तथा हेरचाह, अन्य प्रतिकारात्मक कार्यहरू, साधारण तथा आकस्मिक चिकित्सा कार्य तथा स्वास्थ्य शिक्षा र तथ्याङ्क सङ्कलन आदि कार्यहरू गराउने यस योजनाको मुख्य उद्देश्य रहेको छ । यसबाट औलोको प्रतिरक्षा तथा रेखदेखको लागि छुट्टै कार्यालयको खर्चको बचत हुने र एकै कार्यालयबाट माथि उल्लिखित अन्य विभिन्न कार्यक्रमहरू पनि चालू गराउन सकिनेछ ।

हाल औलो क्षेत्रमा करिब ६२ लाख जनसङ्ख्या बसोवास गरिरहेका छन् । जनसङ्ख्याको आधारमा उक्त औलो क्षेत्रको हेरचाह गर्न करिब २४० हेल्थ पोष्टको आवश्यकता पर्ने छ । यसमध्ये तेस्रो योजनाको अन्त्यसम्ममा हेल्थ पोष्टको सङ्ख्या ३३ पुग्ने हुँदा चौथो योजना अवधिमा थप २०० हेल्थ पोष्टको स्थापना गरिनेछ ।

औलो उन्मूलन कार्य भइरहेको तराई क्षेत्रको साथै देशका अन्य पहाडी क्षेत्रमा पनि स्वास्थ्य सहूलियतहरू प्रदान गर्नु आवश्यक छ । तसर्थ यी क्षेत्रमा पनि प्रतिवर्ष कमसेकम ५ हेल्थपोष्टको हिसाबले चौथो योजनामा २५ हेल्थ पोष्टहरू खडा गरिने छन् । यी हेल्थ पोष्टमा औलोको हेरचाहवाहेक अन्य सबै स्वास्थ्य कार्यहरू माथि उल्लिखित झैं रहनेछन् । पहाडी क्षेत्रमा यातायातको कठिनाइले गर्दा प्रत्येक ८।१० हजार जनसङ्ख्यामा एक हेल्थ पोष्ट राखिने छ । यसरी चौथो योजनामा जम्मा २२५ हेल्थ पोष्टहरूको स्थापना गरिने कार्यक्रम छ ।

हेल्थ पोष्टहरूमा काम गर्ने कर्मचारीहरूलाई आवश्यतानुसार तालिम दिइने छ । स्वास्थ्य सेवाको कुनै सुविधा उपलब्ध नभएका केही दुर्गम स्थानहरूमा मेडिकल अधिकृतसहितका स्वास्थ्य केन्द्रहरू स्थापना गरिने छन् र उनीहरूले प्रतिकारात्मक तथा चिकित्सा कार्य दुबैमा सामञ्जस्य ल्याई जनस्वास्थ्य सहुलियतहरू प्रदान गर्नेछन् ।

प्रतीकारात्मक सेवा :

(क) औलो उन्मूलन :

औलो उन्मूलनतर्फ योजना अवधिमा औलो ग्रसित क्षेत्रहरूमा बसोबास गरेका ६२ लाख जनसङ्ख्या मध्ये ४५ प्रतिशत कन्शोलिडेसन (डि.डि.टी. छर्ने काम बन्द भई रेखदेख गर्ने) अवस्थामा पुगेका र बाँकी ४६ प्रतिशत आक्रमण अवस्थामा (डि.डि.टी. छर्कने कामको अलावा रोगी पत्ता लगाई उपचार गर्ने अवस्था) छन् । अधिराज्यको मध्यमाञ्चल तथा पूर्वाञ्चलमा पर्ने औलो ग्रसित क्षेत्रहरू प्रतिरक्षा अवस्थामा लगिने योजना भएकोमा, स्वास्थ्य संस्थाहरूको विकास गर्न समय लाग्ने हुँदा, सो क्षेत्रलाई रेखदेख अवस्थामै राख्नुपर्ने वाध्यता भई केही क्षेत्रलाई मात्र प्रतिरक्षा अवस्थामा लैजान सकिने छ । यसरी प्रथम आर्थिक वर्षमा सम्पूर्ण औलो ग्रसित क्षेत्रको १० प्रतिशत जनसङ्ख्यालाई प्रतिरक्षा अवस्थामा, करिब ६० प्रतिशत रेखदेख अवस्थामा र ३० प्रतिशत आक्रमण अवस्थामा हुने लक्ष्य राखिएको छ ।

स्वास्थ्य संस्थाहरूको समुचित विकास भएमा योजनाको अन्त्यसम्ममा औलो ग्रसित क्षेत्रको सम्पूर्ण जनसङ्ख्याको ७५ प्रतिशतसम्म प्रतिरक्षा अवस्थामा जाने र बाँकी २५ प्रतिशत रेखदेख अवस्थामा रही रहने र आक्रमण अवस्थामा प्रायः कुनै क्षेत्र पनि नहने लक्ष्य रखिएको छ ।

(ख) कुष्ठ रोग नियन्त्रण :

कुष्ठरोग नियन्त्रण कार्यक्रमअन्तर्गत बाग्मती तथा नारायणी अञ्चलमा रोग पत्ता लगउने तथा स्वास्थ्य संस्थाहरूमा उपचारको व्यवस्था मिलाउने लक्ष्यअनुसार कार्य भएको छ । यस योजनामा बाग्मती र नारायणी अञ्चलका साथै जनकपुर, सगरमाथा, कोशी, मेची र लुम्बिनी अञ्चलमा पनि कार्यक्रम विस्तार गर्दै लैजाने योजना छ । बिरामी पत्ता लगाउन स्कूल र जनसङ्ख्या सर्भे, प्रयोगशालामा किटाणुहरूको परीक्षण गर्ने, नयाँ स्वास्थ्य संस्थाहरूमा उपचारको व्यवस्था मिलाउने र सहायक स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम दिने कार्यक्रम छ । खोकना कुष्ठरोगीखानाका समर्थ रोगीहरूलाई क्रमशः पुनर्वास गराउने योजना छ ।

(ग) क्षयरोग नियन्त्रण :

तेस्रो योजनामा प्रतीकात्मक सेवातर्फ क्षयरोग नियन्त्रण परियोजनाअन्तर्गत काठमाडौं उपत्यकामा जन्मे देखिन १५ वर्ष मुनिका बालक बालिकालाई वि. सि. जि. (भ्याक्सीन) दिने र क्षयरोग पत्ता लगाउने कार्य चालू छ । यसअन्तर्गत २,०३,०२१ लाई वि. सि. जि. दिइएको र रोगीहरू पत्ता लगाई उपचार गरिएको छ । बाग्मती अञ्चलमा हाल ६ स्वास्थ्य केन्द्रहरूमा क्षयरोग चिकित्साको व्यवस्था भएको छ । यस योजनामा बाग्मती अञ्चलअन्तर्गत काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा जिल्लामा, नारायणी अञ्चलअन्तर्गत पर्सा र बारामा वि. सि. जी. कार्यक्रम चलाउने, स्कूलमा तथा नवजात शिशु कल्याण केन्द्रमा वि. सि. जी. कार्यक्रम विकास गर्दै लैजाने, क्षयरोग पत्ता लगाउने कार्य विस्तृत गर्ने र सहायक कार्यकर्ताहरूलाई क्षयरोगसम्बन्धी तालिम दिने कार्यक्रम छ । साथै क्षयरोग चिकित्साको कार्यक्रम पनि विस्तृत गर्दै लैजाने लक्ष्य छ ।

(घ) बिफर उन्मूलन :

बिफर उन्मूलन कार्यक्रमअन्तर्गत तेस्रो योजना अवधिमा करिब ५४ लाख मानिसलाई बिफर विरुद्ध खोपाउने काम भएको छ । यस योजनामा १४ अञ्चलमा ८० प्रतिशत जनसङ्ख्यालाई विफर विरुद्ध खोपाउने, नवजात शिशुहरू र यात्रीहरूलाई खोपाउने तथा जनसङ्ख्यालाई समय समयमा पुनः खोपाउने र यो योजना कार्यान्वित गर्न कर्मचारीहरूलाई तालिम दिई खटाउने, भ्याक्सीन ठाउँ ठाउँमा पुऱ्याउने इत्यादि हुनेछ ।

(ङ) परिवार नियोजन तथा मातृ शिशु कल्याण :

परिवार नियोजन तथा मातृ शिशु कल्याण कार्यक्रमको लक्ष्यअनुसार ६० वटा क्लिनिक खोलिएका छन् । देशमा भएको आर्थिक उत्पादन र जनसङ्ख्या वृद्धिमा सन्तुलन ल्याई जनताको जीवनस्तर वृद्धि गराउनु यस योजनाको मुख्य उद्देश्य हो ।

तेस्रो योजनामा सर्वप्रथम परिवार नियोजन कार्यक्रमलाई राष्ट्रिय योजनाको रुपमा समावेश गरिएको थियो र योजनाको चौथो वर्षदेखि यसलाई परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको रुपमा विस्तृत रुपले चालू गरिएको छ ।

चौथो योजनामा देशका विभिन्न क्षेत्रहरूमा गरी प. नि. मा. शि. क. क्लिनिकहरूको सङ्ख्या २६० र जिल्ला कार्यालयहरूको सङ्ख्या ४० पुऱ्याइने छ । साथै १५ देखि ४५ वर्षसम्मका विवाहित दम्पत्तिमध्ये १५ प्रतिशतलाई परिवार नियोजन सेवा, ५ वर्षसम्मका करिब ४ लाख शिशुहरूलाई स्वास्थोपचार तथा बिफर, बि. सि. जी., पोलियो, डि. पि. टी. भ्याक्सीन र १० वटा गाउँहरूमा प्रसूति सेवा उपलब्ध गराउने यस आयोजनाको कार्यक्रम छ । यसको अलावा विभिन्न तहका स्वास्थ्य कार्यकर्ताहरूको तालिम, केही आवश्यक भवन निर्माण र परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धमा प्रचार प्रसार आदि कार्यक्रमहरू राखिएका छन् ।

चिकित्सा सेवा :

माथि उल्लिखित प्रतिकात्मक सेवालाई प्राथमिकता दिई प्रतिकारात्मक तथा चिकित्सा सेवामा सामञ्जस्य ल्याउने प्रयास गरिनेछ ।

नेपालमा गत केही वर्षयता स्वास्थ्य सेवातर्फ निकै प्रगति भएको देखिए तापनि अन्य विकासोन्मुख देशहरूको दाँजोमा नेपाल यस क्षेत्रमा ज्यादै पिछडिएको पाइन्छ । अधिराज्यमा हाल अस्पतालहरूको सङ्ख्या ५४, तिनीहरूको शैच्या सङ्ख्या १,८७५ र डाक्टरहरूको सङ्ख्या पुग नपुग ३०० मात्र छ । तर हाल यिनीहरू प्राय: काठमाडौं तथा अन्य शहरी क्षेत्रमा केन्द्रित भएको हुँदा, देशका अन्य भागमा चिकित्सा सेवाको सुविधा नगण्य प्राय: मान्न सकिन्छ । तसर्थ जनसङ्ख्याको चिकित्सा सम्बन्धी सहुलियतको बढ्दो मागलाई ध्यानमा राखी चौथो योजनामा भईरहेको केही अस्पतालहरूमा शैया एवं अन्य सुविधाहरूको वृद्धि गर्ने र अञ्चल अस्पतालहरूमा केही हदसम्म विशेष चिकित्सा सहूलियत उपलब्ध गराइने छ । यस अवधिमा नयाँ अस्पताल स्थापना गर्ने कार्यक्रम राखिएको छैन ।

चौथो योजना अवधिमा अस्पतालहरू ३ मुख्य स्तरमा विकास गरिनेछन् । ५० देखि १०० शैच्याका अञ्चल अस्पताल, १५ शैच्याका अस्पतालहरू र २५ शैच्याका अस्पतालहरू प्रत्येक स्तरका अस्पतालहरूमा यथाशक्य एकै ढाँचामा प्राविधिक तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

अस्पताल :

क. वीर अस्पताल

नर्सेज ट्रेनिङ्ग स्कूललाई विस्तृत् तालिमको क्षेत्र र रोगीहरूको बढ्दो सङ्ख्यालाई बढी सेवा प्रदान गर्न यस योजनामा केही आवश्यक शैच्या थप गर्ने लक्ष्य छ । अस्पतालका विभिन्न शाखाको विकास, आवश्यक भवन निर्माण, एक इन्टेन्सीभ कोरोनरी यूनिटको स्थापना र आवश्यक सरसामान र औजारहरूको उपलब्धिको पनि कार्यक्रम छ ।

ख. ५०–१०० शैच्याका अस्पताल

हाल बुटवल, जलेश्वर, पोखरा, विराटनगर, वीरगञ्ज र नेपालगञ्जमा ५० शैच्याका अस्पतालहरू छन् । तर यसमध्ये बुटवल, जलेश्वर, पोखरा अस्पतालहरूमा कतै आवश्यक भवनको कमी छ भने कतै सरसामान तथा प्राविधिकहरूको सुविधा उपलब्ध छैन । त्यस्तै अन्य अस्पतालहरूमा पनि आवश्यक सुविधाहरूको अभाव छ । तसर्थ चौथो योजनामा ५० शैच्याका सबै अस्पतालहरूलाई "रेफरल" अस्पतालको रुपमा विकास गर्न सबैमा आवश्यक प्राविधक एवं सरसामान आदि सुविधाहरू उपलब्ध गराइने छ । विरामीहरूको सङ्ख्यामा ज्यादै वृद्धि भई हालको शैया सङ्ख्या वहुतै अपर्याप्त हुन गएकाले विराटनगर अस्पतालमा ५० शैच्या थप गरी १०० शैच्या अस्पताल र राजविराजमा प्रसूति शैया सहित २५ शैच्या थप गरी ५० शैच्याका अस्पतालहरू सञ्चालन गरिनेछन् ।

ग. २५ शैच्या अस्पताल

हाल २५ शैच्याका अस्पताल ललितपुर, भक्तपुर, गौर र हेटौंडामा छन् । चौथो योजनामा भद्रपुर तथा जनकपुर अस्पतालहरूमा शैच्या थप गरी २५ पुऱ्याइनुका साथै ललितपुर, भक्तपुर, भरतपुर र हेटौंडा अस्पताललाई सुसज्जित र सुदृढ बनाई सञ्चालन गरिनेछ ।

घ. १५ शैच्या अस्पताल

हाल इलाम, कैलाली, दाङ्ग, धनकुटा, रङ्गेली, भोजपुर, डोटी, भैरहवा, धरान, बन्दिपुर, जुम्ला, डडेलधुरा, परासी, तौलीहवा, बाग्लुङ्ग, सर्लाही र कलैयामा १५ शैच्या अस्पतालहरू छन् । तर यिनीहरूमध्ये धेरैजसो आवश्यक प्राविधिक, सरसामान तथा अन्य सुविधाहरूको कमीले गर्दा सुचारु रुपले सञ्चालन हुन सकेका छैनन् । चौथो योजनामा यी अस्पतालहरूमा यथाशक्य सुविधाहरू उपलब्ध गराइनेछन् । साथै १५ शैच्याभन्दा कम भएका शिवराज बर्दिया, इनर्वा अस्पतालहरूमा शैच्या तथा अन्य सुविधाहरूमा वृद्धि गरी १५ शैच्याका अस्पतालहरूको रुपमा सञ्चालन गरिनेछ ।

ङ. स्वास्थ्य केन्द्र

योजनावधिमा सामान्यत: नयाँ स्वास्थ्य केन्द्रको स्थापना गर्ने कार्यक्रम छैन । खुलिसकेका स्वास्थ्य केन्द्र र औषधालय (डिस्पेन्सरी) हरूलाई १५ शैच्या अस्पताल वा हेल्थपोष्टमा परिणत गरिनेछ ।

तालिम :

यस योजनामा स्वास्थ्य सेवाका प्रस्तावित कार्यक्रमहरू बढी सुव्यवस्थित एवं योजनाबद्ध रुपमा कार्यान्वित गराउन, यसको निमित्त आवश्यक पर्ने विभिन्न तहका प्राविधिकहरूको उचित शिक्षा तथा तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

आर्थिक तथा प्राविधिक साधन एवं प्रशासकीय दृष्टिकोणबाट अधिराज्यका सबै भागमा हाल डाक्टरहरूको सेवा उपलब्ध गराउन सम्भव छैन । तसर्थ योजना अवधिमा देशमा उपलब्ध हुने डाक्टरहरूको सङ्ख्या प्रस्तावित कार्यक्रमहरूको लागि पर्याप्त नै देखिन्छ । हाल डाक्टरहरूको सङ्ख्या प्राय: चिकित्सा सेवा क्षेत्रमा मात्र भएको हुँदा यस योजनामा जनस्वास्थ्य प्रतीकारात्मक सेवातर्फ डाक्टरहरूको आवश्यक पर्ने भएकाले "पब्लिक हेल्थ ओरियन्टेशन कोर्षहरू" दिलाउने र डाक्टरहरू उपलब्ध गराउन विभिन्न विषयमा उचित स्नातकोत्तर तालिम र अध्ययनको प्रबन्ध गाइनेछ" । विदेशमा विशेषज्ञ तालिमको लागि आवश्यतानुसार मात्र पठाइने छ ।

क. उपचारिका तालिम

चौथो योजनामा थप स्टाफ नर्सहरूको सङ्ख्या २०० हुने अनुमान गरिएको छ । यसको लागि नर्सेज ट्रेनिङ्ग स्कूलमा छात्राहरू क्षमताअनुसार भर्ना गरिनेछन् । साथै उक्त स्कूलमा स्टाफ भवन र शैक्षिक सामग्रीहरू जस्ता केही थप सुविधाहरू पनि उपलब्ध गराइनेछ । स्टाफ नर्स तालिम उच्च शिक्षाको पनि व्यवस्था गरिनेछ । खास गरी प्रादेशिक स्वास्थ्य कार्यक्रम सुदृढ गर्न तथा विभिन्न प्रतीकारात्मक सेवा कार्यहरू सञ्चालन गराउन जनस्वास्थ्य उपचारिका तालिममा विशेष जोड दिइनेछ ।

ख. सहायक स्वास्थ्य कार्यकर्ता

तेस्रो योजना अवधिमा सहायक कार्यकर्ता विद्यालयमा प्रतिवर्ष १०० जना कार्यकर्ता तालिम गर्ने लक्ष्य भएकोमा स्वास्थ्य सेवा विस्तार कार्यक्रममा कटौती भई स्वास्थ्य कार्यकर्ताको माग पनि कम भएकाले प्रतिवर्ष ३० जनालाई तालिम दिइयो ।

यस योजना अवधिमा २२५ हेल्थ पोष्टहरू सञ्चालन गर्ने लक्ष्य भएकाले कम से कम ४५० सहायक कार्यकर्ताहरूको आवश्यकता देखिन्छ । अञ्चल कार्यालय र अस्पतालहरूमा समेत सहायक कार्यकर्ताहरू राख्नुपर्ने हुनाले अरु १५० जति सहायक कार्यकर्ताहरूको जरुरत हुँदा ५ वर्षमा ६०० जति तालिमप्राप्त सहायक कार्यकर्ताहरू उपलब्ध गराउनु पर्नेछ । यसका लागि स्थानीय सहायक स्वास्थ्य कार्यकर्ता विद्यालयमा निर्माण कार्य, छात्रावासको व्यवस्था, कर्मचारीहरूको बृद्धि तथा अरु सहुलियतहरू प्रदान गर्न आवश्यक छ । औलो उन्मूलन संघमा काम गरिहेका मलेरिया इन्स्पेक्टर र सुपरभाइजरहरूको तालिम, पुराना ड्रेसर कम्पाउण्डरहरू, पुराना सहायक कार्यकर्ताहरू र स्वास्थ्य सहायकलाई रिफ्रेसर तालिमको व्यवस्था गर्नुपर्ने हुनाले स्कूलमा हाल उपलब्ध भएको सहुलियतहरूमा वृद्धि गरिनेछ । स्कूलमावाहेक दुइवटा गाउँ पञ्चायतहरूमा छात्राहरूको क्रियात्मक तालिमको लागि "जनस्वास्थ्य अभ्यास क्षेत्र" खोलिनेछ ।

ग. असिष्टेन्ट नर्स मिडवाइफ तालिम

असिष्टेन्ट नर्स मिडवाइफको लागि हाल भरतपुर, विराटनगर नेपालगञ्जमा स्कूलहरू सञ्चालित छन् र हरेक ६।६ महिनामा १५ छात्राहरूको दरले भर्ना लिने क्षमता छ । यसबाट ८०।८५ अ. न. मि. मात्र तालिम हुने भएकोले पाँच वर्षमा ४०० अ. न. मि.हरू उपलब्ध हुन सक्नेछन् । यस योजनाको आखिरी वर्षसम्ममा २२५ हेल्थपोष्ट खोल्न मात्र ५०० अ. न. मि.को आवश्यकता हुने र अस्पताल, अञ्चल स्वास्थ्य कार्यालयहरू इत्यादिका निमित्त २५० अ. न. मि. हरूको जरुरत पर्नेछ । यसवाहेक हाल चालू रहेका अरु स्वास्थ्य संस्थाहरूलाई पनि करिब १५० अ. न. मि. आवश्यक भैरहेकोले योजना अवधिमा जम्मा ९०० अ. न. मि.को आवश्यकता पर्न आउँछ यो थप आवश्यकता परिवार नियोजन कार्यक्रमअन्तर्गत केही अंशमा विदेशमा पठाइने अ. न. मि. छात्राबाट पूर्ति हुने आशा गरिएको छ ।

नेपालगञ्ज तालिम केन्द्रमा हाल आफ्नै भवन नभएको र छात्राहरूको बसोबास र क्लास सञ्चालनमा समेत कठिनाइ महसुस भएकाले उक्त केन्द्रको लागि भवन निर्माण गरिनेछ ।

घ. प्रयोगशाला सहायक तालिम

प्रयोगशाला सञ्चालन गर्न प्राविधिकको ज्यादै कमी महसुस गरी २०२५ सालदेखि स्थानीय केन्द्रीय स्वास्थ्य प्रयोगशालामा तालिम सुरू गरिएको छ । यस कार्यालयलाई यस योजनामा पनि चालू राखिनेछ र ६० जना प्रयोगशाला सहायकलाई तालिम दिइनेछ । यसका साथै ५०० स्वास्थ्य सहायक कार्यकर्ताहरूलाई ३ महिने तालिम र ६० जनालाई ६ महिने तालिम पनि दिइनेछ ।

ङ. एक्सरे टेक्निसियन तालिम

देशभरिमा हाल १४ वटा एक्सरे मेशीन भएकोमा प्राविधिकहरूको कमीले धेरैजसो सुचारु रुपले चलाउन सकिएको छैन र भविष्यमा अरु एक्सरे मेशीन पनि उपलब्ध हुने हुँदा यस योजनामा एक्सरे टेक्निसियनको तालिमको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

५. विविध

क. एपिडिमालोजी शाखा

स्वास्थ्य सेवा निर्देशनालयमा जनस्वास्थ्य सुदृढ गराउन पब्लिक हेल्थ सेक्सनअन्तर्गत एपिडिमालोजी शाखा राखिने कार्यक्रम छ र देशमा प्रचलित सबै किसिमका मुख्य रोगहरूको जाँच पड्तालको कार्य यसको अभिभारामा हुनेछ ।

ख. स्वास्थ्य शिक्षा

योजनाबद्ध स्वास्थ्य शिक्षा कार्यक्रम नै जनस्वास्थ्य एवं प्रतीकारात्मक स्वास्थ्य सेवाको टेवा हो भन्नुमा अत्युक्ति हुनेछैन । स्वास्थ्य कार्यक्रमलाई सफलीभूत पार्न जनसाधारणलाई पनि यस कार्यक्रमबारे जानकारी दिनु आवश्यक भएकाले स्कूल स्वास्थ्य शिक्षा तालिम र शैक्षिक सामग्री उत्पादन आदि कार्यक्रमहरू राखिएका छन् । अञ्चल शिक्षा शाखाको पनि विस्तार गरिनेछ ।

ग. केन्द्रीय स्वास्थ्य प्रयोगशाला

यस योजनामा केन्द्रीय स्वास्थ्य प्रयोगशालाको विकास गर्ने कार्यक्रम छ । उक्त प्रयोगशालामा विभिन्न किसिमका कीटाणुहरूको खोज, इम्यूनोलोजी, हिस्ट्रेलजी, रगत तथा खानेकुराहरूको रासायनिक जाँच, प्राविधिज्ञहको तालिम तथा जनस्वास्थ्यसम्बन्धी विभिन्न विषयमा अन्वेषणहरू गरिनेछन् ।

घ. आयुर्वेदी चिकित्सा

हाम्रो जस्तो आधुनिक स्वास्थ्य सेवाको सुविधा व्यापक नभैसकेको मुलुकमा आयुर्वेद चिकित्साको ठूलो स्थान छ । आयुर्वेद चिकित्सालाई प्रोत्साहन दिने नीतिअनुसार आयुर्वेद अनुसन्धानमा जोड दिइनेछ । यसका लागि चाहिने जडीबुटी र अन्य साधनहरूको आवश्यकता हेरी केही जिल्लाहरूमा औषधालयको स्थापना गरिनेछ । आयुर्वेदको शिक्षास्तर बढाउन आयुर्वेद विद्यालयलाई महाविद्यालयमा परिणत गरिनेतर्फ कारवाही गर्नुका साथै औषधिहरूको निर्माण, प्रचार र समयोपयोगी बिक्री वितरणका लागि वैद्यखानालाई पनि आधुनिक सामानहरू उपलब्ध गराइनेछ ।

ङ. होमियो अस्पताल

यस योजनाअन्तर्गत मातृ शिशु कल्याणसहित २५ शैच्याको आयुर्वेद अस्पताल खडा गरी सञ्चालन गरिनेछ ।

च. घुम्ती टोली

स्वास्थ्य सेवाको सहुलियत प्रदान गर्न नसकिएका ठाउँहरूमा विभिन्न घुम्ती टोलीसमेत पठाउने लक्ष्य छ ।

छ. मानसिक चिकित्सालय

यस योजनामा मानसिक चिकित्सालयको स्थापना गर्न जग्गा खरिद गरिनेछ र अन्य निर्माण कार्यहरू विदेशी सहयोबाट हुने भएकोले चौथो योजनाभित्र पूरा हुने आशा गरिएको छ ।

ज. निर्माण र सुधार

केही अस्पताल भवनहरू धेरै पुरानो भई हाल निर्माण अवस्थामा भएकाले आवश्यकता अनुसार तिनको मरम्मत तथा निर्माण गरिनेछ र नयाँ सुविधाहरू प्रदान गरिनेछ ।

झ. मेडिकल कलेज

नेपालमा मेडिकल कलेजको स्थापनाको लागि चौथो योजनामा जग्गा उपलब्ध गर्नुका साथै अन्य आवश्यक व्यवस्था गरिनेछ ।

आयोजनाको लाग अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. जनस्वास्थ्य कार्यालयहरू	
(क) अञ्चल कार्यालय	१२,००,०००
(ख) जिल्ला कार्यालय	१५,४०,०००
(ग) हेल्थ पोष्ट	१,६०,००,०००
२. शिक्षा तथा तालिम	
(क) स्वास्थ्य शिक्षा	१२,२५,०००

(ख) उपचारिका तालिम	४०,००,०००
(ग) अ.न.मि. स्कूल	२३,०५,०००
(घ) अ.हे.व. स्कूल	४०,००,०००
३. सरुवा रोग नियन्त्रणहरू	
(क) औलो उन्मूलन	४,००,००,०००
(ख) बिफर उन्मूलन	१,१०,५०,०००
(ग) क्षयरोग नियन्त्रण	१०,४२,०००
(घ) कुष्ठरोग नियन्त्रण	१३,७०,०००
४. अस्पताल	
(क) वीर अस्पताल	३०,००,०००
(ख) १०० शैया अस्पताल	१०,००,०००
(ग) ५० शैच्या अस्पताल	१७,००,०००
(घ) २५ शैच्या अस्पताल	२०,००,०००
(ङ) १५ शैच्या अस्पताल	१५,३०,०००
५. परिवार नियोजन	४,१०,००,०००
६. केन्द्रीय स्वास्थ्य प्रयोगशाला	५,००,०००
७. अन्य अस्पताल	
(क) मानसिक रोगको अस्पताल	१,५०,०००
(ख) होमियो अस्पताल	४,५०,०००
८. घुम्ती टोली	२,००,०००
९. निर्माण सुधार	१,००,००,०००
१०. आयुर्वेदीय चिकित्सा	१०,००,०००
११. मेडिकल कलेज	५०,००,०००
जम्मा :	१५,१२,६२,०००

परिच्छेद २४

खानेपानी तथा ढल निर्माण

जन समुदायको स्वास्थ्य रक्षा र सरसफाईको लागि स्वच्छ खानेपानीको उपलब्धि र त्यसको राम्रो व्यवस्था हुनु अत्यावश्यक छ। यी दुई कुराको अभावमा बेला बेलामा हैजा, विषमज्वर, अतिसारजस्ता रोगहरू फैलिने सम्भावना रही रहन्छ।

औचित्यताको दृष्टिकोणबाट पनि उपर्युक्त सेवाहरूलाई साधनले भ्याएसम्म विस्तार गर्नुपर्ने हुनाले देशमा योजनाबद्ध विकासको सूत्रपात भएदेखि नै श्री ५ को सरकारले खानेपानीको बृद्धिमा विभिन्न आयोजनाहरूको कार्यान्वयन गर्दै आएको छ। विभिन्न योजनाकालमा यस क्षेत्रमा भएको उपलब्धि तल तालिकामा प्रस्तुत छ।

तालिका नं. १

विभिन्न योजनाकालमा भएको खानेपानीको उपलब्धि

योजनाकाल		उपलब्धि (ग्यालेन प्रति दिनमा)
पहिलो योजना	(२०१३-२०१८)	१४,५२,०००
दोस्रो योजना	(२०१९-२०२२)	१४,९५,०००
तेस्रो योजनाको		
तेस्रो वर्षसम्ममा	(२०२३-२०२५)	४९,४८,०००

तेस्रो योजनाको अन्त्यसम्ममा १०,००,००० ग्यालेन पानी प्रतिदिन उपलब्ध हुने अनुमान छ। यसअनुसार सरकारी स्तरबाट निर्मित आयोजनाहरूको सङ्ख्या ५० जति पुग्नेछ र यसबाट लगभग ६,००,००० जनसङ्ख्या लाभान्वित हुनेछ। यस तथ्याङ्कबाट स्पष्ट हुन आउँछ कि एक करोड जनसङ्ख्यामध्ये करिब ६ प्रतिशतले मात्र पाइपद्वारा वितरित खानेपानीको उपयोग गर्ने सुविधा पाएको छ र सरदर प्रतिव्यक्ति खपत १६ ग्यालन प्रतिदिन हुन आउँछ जुन आधुनिक दृष्टिकोणबाट सन्तोषजनक मान्न सकिन्न।

स्वस्थ समाजको निमित्त अत्यावश्यक शुद्ध, स्वच्छ एवं पर्याप्त खानेपानीको व्यवस्था र ढल प्रणालीको निर्माणजस्तो कार्यक्रमलाई सामाजिक न्यायमा आधारित औचित्यको दृष्टिकोणबाट जतिसुकै विस्तार गर्न सकिने कुरा हो तापनि देशको भौगोलिक अवस्था, यातायातको सुविधा, प्रशासकीय क्षमता, प्राविधिक जनबलको अपर्याप्तता र विगत वर्षहरूमा सामना गर्नुपरेका कतिपय कठिनाईहरूको पृष्ठभूमिमा आगामी योजना अवधिको लागि खानेपानी तथा ढल व्यवस्थाको कार्यक्रमहरू तर्जुमा गरिएको छ। योजना अवधिमा देशमा भएको खानेपानीको स्रोतहरूको यथासम्भव अनुसन्धान एवं सर्वेक्षण गरी सम्भाव्य योजनाहरूको प्रतिवेदन तयार गरिनेछ। खानेपानी एवं ढलसम्बन्धी कार्यक्रमलाई मोटामोटी रुपबाट यस प्रकार विभाजित गरिएको छ :-

१. नयँ आयोजनाहरुको निर्माण

(क) खानेपानी

हालसम्म १४ अञ्चलमध्ये १२ अञ्चलको सदर मुकाममा र ७५ जिल्लामध्ये ३३ जिल्लाको सदरमुकाममा खानेपानीको व्यवस्था भइसकेको अथवा योजना सञ्चालन भइरहेको देखिन्छ। यस योजना अवधिमा अञ्चल सदरमुकाम, जिल्ला सदरमुकाम र गाउँ पञ्चायत स्तरीय गरी जम्मा ३७ वटा खानेपानी आयोजनाहरूको सर्वेक्षण गरी प्रारम्भ गरिनेछ। आगामी योजना अवधिको मुख्य खानेपानी आयोजनाहरू तथा त्यसबाट उपलब्ध हुने पानीको परिमाण, लाभान्वित जनसङ्ख्या, लाग्ने रकम आदिको मोटामोटीको विवरण तल तालिकामा प्रस्तुत छ:-

तालिका नं. २

प्रस्तावित आयोजनाहरु

सि.नं.	आयोजनाको नाम	उपलब्ध हुने पानीको अनुमानित परिमाण (ग्यालन प्रतिदिन)	अनुमानित लाभान्वित जनसङ्ख्या	अनुमानित रकम
१.	ललितपुर खानेपानी आयोजना	२७,००,०००	१,०८,०००	५०,००,०००
२.	भक्तपुर खानेपानी आयोजना	२०,००,०००	८०,०००	३५,००,०००
३.	सुर्खेत खानेपानी आयोजना	१,०५,०००	७,०००	८,५०,०००
४.	दैलेख खानेपानी आयोजना	४५,०००	३,०००	५,००,०००

५.	सल्यान खानेपानी आयोजना	१,०५,००	७,०००	११,००,०००
६.	फुटकर आयोजना			६५,००,०००
७.	वित्तिय आयोजनाहरूको निमित्त			१०,००,०००
	जम्मा:-			१,८४,५०,०००

F **परिशिष्टमा तोकिए अनुसार**

(ख) ढल निकास

चौथो योजनामा खानेपानीको सुविधा उपलब्ध शहरी क्षेत्रहरूमा ढल निकासको लागि प्राथमिकता दिइएको छ । प्राथमिकता क्रमअनुसार ढल निकाससम्बन्धी सर्वेक्षण गरी आयोजनाको प्रतिवेदन तयार गरिनेछ ।

संयुक्त राष्ट्र संघीय विकास कोषको सहायताबाट काठमाडौं उपत्यकामा दीर्घकालीन खानेपानी र ढल निकास आयोजना तयार गर्ने सिलसिलामा एउटा गुरु योजना तैयार गरिनेछ ।

२. चालू आयोजनाहरुको सञ्चालन

गत योजना अवधिमा सुरू गरिएका अपूरा आयोजनाहरूलाई यस पञ्चवर्षीय योजनाकालमा पनि तिनीहरूको निर्माण कार्य चालू राखी ती आयोजनाहरू पूरा गरिनेछन् । ती अपूरा आयोजनाहरूको नाम, त्यसबाट उपलब्ध हुने पानीको परिमाण तथा त्यसबाट लाभान्वित हुनसक्ने जनसङ्ख्याको मोटामोटी बिवरण तालिका नं. घ मा प्रस्तुत छ ।

तालिका नं. ३

तेस्रो योजनाबाट चौथो योजनामा सारिने आयोजनाहरू

सि.नं.	आयेनजाको नाम	उपलब्ध हुने पानीको परिमाण	लाभान्वित हुन सक्ने जनसङ्ख्या	लगत इष्टिमेटको अङ्क	चौथो योजनामा लाग्ने आवश्यक रकम
१.	दाङ तुल्सीपुर खा.पा. आयोजना	१,२४,५००	५,५००	७,९२,५८०	७,००,०००
२.	नेपालगञ्ज खा.पा. आयोजना	२,००,०००	९,०००	१४,९३,०००	२,००,०००
३.	भद्रपुर खा.पा. आयोजना	२,००,०००	८,०००	१३,०३,६००	४,००,०००
४.	धनगढी खा.पा. आयोजना	१,४०,०००	२,०००	४,७७,०००	१,००,०००
५.	बनेपा खा.पा. आयोजना	१,५०,०००	१२,०००	७,५२,०००	२,००,०००
६.	महेन्द्रनगर खा.पा. आयोजना	१,८०,०००	१२,०००	१३,२०,०००	१०,००,०००
७.	सुनागुठी,ठेचो, चापागाउँ खा.पा. आयोजना	१,५६,७००	१५,०००	११,२५,२००	४,००,०००
८.	पाल्पा खा.पा. आयोजना	५०,०००	३,०००	२,८७,०००	१,००,०००
९.	बुटवल खस्यौली खा.पा. आयोजना	४,५०,०००	१८,०००	२०,२०,२००	१६,००,०००
१०.	तिराम प्यूठान खा.पा. आयोजना	४,०००	७००	१,२०,२९६	५०,०००
११.	भक्तपुर विस्तार खा.पा. आयोजना	८,००.०००	४०,०००	९,७१,०००	४,००,०००
	जम्मा :	२४,५५,२००	१,२५,९००	१,०६,६१,८७६	५१,५०,०००

यी आयोजनाहरूको समाप्तिपछि २४,५५,२०० ग्यालेन प्रतिदिन पानीको बृद्धि हुने र १,२५,९०० थप जनसङ्ख्याले पानीको सुविधा उपयोग गर्न सक्नेछन् ।

३. सर्वेक्षण एवं आयोजनाको प्रतिवेदन

सकेसम्म धेरै ठाउँहरूमा खानेपानी उपलब्ध गराउन यस योजना अवधिमा विभिन्न क्षेत्रहरूको सर्वेक्षण गरी सम्भाव्य आयोजनाहरूको लगत इष्टिमेट र नक्सासहित प्रतिवेदन तयार गरिनेछ ।

४. अनुसन्धानशालाको स्थापना

पानीको रासायनिक परीक्षण, पानीको स्तर कायम गर्न अपनाउनु पर्ने विभिन्न प्राविधिक अध्ययन, आयोजनाको निमित्त निर्माणको लागि कम खर्चिलो र सम्भार एवं मरमतको लागि सजिलो साधनहरूको तर्जुमा इत्यादि कार्यक्रमहरूको लागि यस योजनाकालमा अनुसन्धानशाला स्थापना गरिनेछ ।

५. विविध

यस पञ्चवर्षीय योजना अवधिमा पानी मिटर, पानी छान्ने (फिल्ट्रेशन) आदिजस्ता सुधार तथा नवीकरणका कामहरू तथा साविक खानेपानी आयोजनाहरूमा आवश्यक देखिएकोमा सम्भार सञ्चालन समेतको आवश्यक व्यवस्था गरिनेछ ।

परिशिष्ट

फुटकर खानेपानी आयोजना

सि.नं	अञ्चल	जिल्ला	आयोजना स्थल
१.	वागमती	काठमाडौं	१ चोभार २. स्यूचाटार
		ललितपुर	१. लुभु
		भक्तपुर	१. दधिकोट
		काभ्रे	१. फलाटे २ रातमाटे ३ देउराली
२.	गण्डकी	काश्की	१. पुरनचौर
		लमजुङ	१ गिलुङ २. याङ्जाकोट
		स्यांजा	१. केरुडाँडा २. दासिङ्ग, दहथुम (भारया)
		पर्वत	१. मल्लाज
३.	धौलागिरी	बाग्लुङ	१. फलेवास
४.	लुम्बिनी	गुल्मी	१. रिधा २ . जुमुङ ३. रुपाकोट
		अर्घाखाँची	१. बलकोट
५.	राप्ती	प्यूठान	१. लुङ
६.	सेती	अछाम	१. रिडीकोट
७.	नारायणी	चितौन	१. नारायणघाट
		पर्सा	१. पशुपति आदर्शनगर
८.	जनकपुर	सिन्धुली	१. माडी २. नेत्रकाली आँपडाँडा
९.	सगरमाथा	भोजपुर	१. भोजपुर
		उदयपुर	१. उदयपुर
१०.	कोशी	मोरङ	१. साकफारा
		तेह्रथुम	१. चुहान डाँडा
		सुनसरी	१. चौकीवारी गाउँ
११.	मेची	पाँचथर	१. फिदिम
		इलाम	१ इलाम बजार

अनुसूची

आयोजनाहरूको लागि अनुमानित खर्च

सि.नं.	आयोजनाको नाम	बिकास खर्च
१.	चालू आयोजनाहरू	४०,६५,२००
२.	नयाँ प्रस्तावित आयोजनाहरू	१,८४,५०,०००
ब[a]क.	भक्तपुर खानेपानी योजना	३५,००,०००
ख[J].	ललितपुर खानेपानी आयोजना	५०,००,०००
ग.	सुर्खेत खानेपानी आयोजना	८,५०,०००
घ.	दैलेख खानेपानी आयोजना	५,००,०००
ङ.	सल्यान खानेपानी आयोजना	११,००,०००
च.	फुटकर खानेपानी आयोजना (२४ जिल्लाहरूमा	६५,००,०००
	विविध आयोजनाहरू	१०,००,०००
३.	अन्य स्थानहरूमा खानेपानी सर्वेक्षण	२,००,०००
४.	ढल निकास सर्वेक्षण (अन्य स्थानहरूमा)	१,००,०००
५.	अनुसन्धानशाला	३,००,०००
६.	काठमाडौं, ललितपुर र भक्तपुरमा खानेपानी तथा ढल निकासको बृहत् आयोजना सर्वेक्षण	९१,४५,०००
७.	सुधार तथा नवीकरण	५०,००,०००
कुल जम्मा :		३,७२,६०,२००

a योजनाको तेस्रो बर्षदेखि सुरू गर्ने

J योजनाको दोस्रो बर्षदेखि सुरू गर्ने

परिच्छेद २५

पञ्चायत

पञ्चायती व्यवस्था हाम्रो देश सुहाउँदो एक राजनैतिक प्रणाली हुनाको साथै राष्ट्र निर्माणको लागि देशको साधन र स्रोतको परिचालन गर्न तथा देशव्यापी योजना सफलतापूर्वक कार्यान्वित गर्नका लागि महत्वपूर्ण माध्यम पनि भएको कुरा निर्विवाद् छ। विभिन्न गाउँ, जिल्ला र वर्गीय संगठनहरूमा आपसी सहयोग तथा समनवयको भावना जागृत गराई यिनीहरूमा निहित जनशक्ति र साधनको योग्य परिचालनद्वारा बढी प्रभावकारी रुपमा प्रतिनिधित्व गराउन र देश विकास कार्यमा जनताको योगदान बढी मात्रामा उपलब्ध गराउन, लोकसम्मतिको अनुकूल जनहित र सम्पूर्ण जनताको क्रियाशीलता दलबिहीन पञ्चायती प्रणालीको वास्तविक सफलताको लागि अति आवश्यक छ।

तेस्रो योजनाअन्तर्गत देशमा रहेका अनेकौं स्रोत एवं साधनको अन्वेषण गरी परिचालन गर्नेजस्ता महत्वपूर्ण आयोजनाहरू समेत स्थानीय गाउँपञ्चायतहरूबाट नै उनीहरूकै चाख एवं सुविधामा स्थानीय जनताको मनोभावनाकुल सम्पन्न गराई यस प्रकार देशको आर्थिक तथा सामाजिक समुन्नति गर्ने कार्यमा देशवासीहरूलाई सोझै सरीक गराउने पञ्चायती व्यवस्थाको लक्ष्य रहेकोमा प्रशस्त उपलब्धि भएको छ।

पञ्चायती ब्यवस्थाको निर्धारित लक्ष्य हासिल गर्न विकेन्द्रीकरणको सिद्धान्तको अनुसरण गरी विभिन्न अञ्चल, जिल्ला तथा गाउँ पञ्चायत स्तरबाट सञ्चालन हुने विभिन्न आयोजना र तिनमा हुने लगानीलाई चौथो योजना अवधिमा बढी महत्व प्रदान गरिनेछ।

विकास अनुदान

जिल्ला तथा गाउँ पञ्चायतहरूलाई विकास कार्यमा सरीक गराउन स्थानीय प्रयासमा उघाउ पुऱ्याउन विकास अनुदान केन्द्रीय स्तरबाट उपलब्ध गराइनेछ। जिल्लाहरूलाई विकास अनुदान गाउँ पञ्चायत सङ्ख्या र भौगोलिक प्रदेशको आधारमा बाँडिनेछ। क. वर्ग (हिमाली प्रदेश) मा पर्ने जिल्लाहरूलाई आयोजनामा पर्ने खर्चको बढीमा ७५ प्र.स., ख. वर्ग (पहाड)का जिल्लाहरूलाई वढीमा ५० प्र.स. र ग. वर्ग (तराई, काठमाडौं उपत्यका) जिल्लाहरूलाइ बढीमा ३० प्र.श. विकास अनुदान दिइनेछ (तालिका नं. १)। सो वर्गीकरणमा मुस्ताङ, गोरखा, धादिङ जिल्लाहरूबाहेक प्रशासन जिल्लाको एकाई मानिएको छ। मुस्ताङ जिल्लामा टुकुचे र यस उत्तरका गा.पं.हरूले क. वर्गको अनुपातमा र टुकुचे दक्षिणका गा.पं. हरूले ख. वर्गको अनुपातमा विकास अनुदान पाउनेछन्। यसै गरी गोरखा र धादिङ्ग जिल्लाहरूमा जगात र यस उत्तरका गा.पं. क. वर्ग र जगात दक्षिणका गा.पं.हरू ख. वर्गमा मानिनेछन् । यस प्रकारको प्रादेशिक वर्गीकरण बाहेक, कृषि विकास आयोजनाहरूलाई अनुदान बढीमा ७५ प्र.श. सम्म दिन सकिनेछ। जिल्लालाई प्राप्त हुने जम्मा विकास अनुदानमध्ये २० प्र.श. जिल्ला स्तरीय आयोजनालाई र बाँकी ८० प्रतिशत गाउँ पञ्चायतहरूलाई दिइनेछ। विकास अनुदानको प्राथमिकता आयोजना फारमको माध्यमबाट स्थानीय प्रयासको अनुपात र आयोजनाको सम्भाव्यताबाट निर्धारित गरिनेछ। माथि उल्लिखित प्रणालीहरू बाहेक चौथो योजनामा विकास अनुदानको उपयोगमा प्रतिपर्स्धाको स्थिति बसालिने छ। योजनाको प्रथम वर्षमा बढी से बढी गाउँ पञ्चायतका आयोजनाहरू भरि पठाएका जिल्लाहरूलाई प्राथमिकता दिइनेछ। (ताकिला २) योजनाकालको दोस्रो वर्षदेखि प्रत्येक अञ्चलबाट प्रयास र प्रगतिको मूल्याङ्कनको आधारमा एक जिल्ला छनौट गरी १४ जिल्लाहरूलाई विकास अनुदानको लागि प्राथमिकता दिइनेछ।

तालिका नं. १
जिल्लाहरूको वर्गीकरण

क.वर्ग (७५ प्र.श.)		ख. वर्ग (५० प्र.श.)		ग. वर्ग (३० प्र.श.)	
१.	दार्चुला	१.	बैतडी	१.	कञ्चनपुर
२.	बझाङ	२.	सुर्खेत	२.	कैलाली
३.	बाजुरा	३.	डँडेलधुरा	३.	दाङ देउखुरी
४.	हुम्ला	४.	डोटी	४.	नवलपुर परासी
५.	जुम्ला	५.	अछाम	५.	चितवन
६.	मुगु	६.	दैलेख	६.	वर्दिया
७.	तिब्रिकोट	७.	जाजरकोट	७.	बाँके
८.	डोल्पा	८.	सिन्धुली	८.	कपिलवस्तु

९.	उत्तर मुस्ताङ (टुक्चे उत्तरका गाउँ पञ्चायतलाई मात्र)	९.	रुकुम	९.	रुपन्देही
१०.	मनाङ	१०.	उदयपुर	१०.	पर्सा
११.	रसुवा	११.	सल्यान	११.	बारा
१२.	दोलखा	१२.	रोल्पा	१२.	रौतहट
१३.	सोलुखुम्बु	१३.	म्यार्दी	१३.	महोत्तरी
१४.	संखुवासभा	१४.	बाग्लुङ्ग	१४.	सर्लाही
१५.	ताप्लेजुङ्ग	१५.	प्यूठान	१५.	धनुषा
१६.	उत्तरी गोरखा (जगात उत्तरका गा.मात्र)	१६.	गुल्मी	१६.	सिरहा
१७.	उत्तरी धादिङ्ग (जगात उत्तरका गां.पं. मात्र)	१७.	अर्घाखाँची	१७.	सप्तरी
		१८.	पाल्पा	१८.	सुन्सरी
		१९.	पर्वत	१९.	झापा
		२०.	कास्की	२०.	काठमाडौ
		२१.	लमजुङ्ग	२१.	ललितपुर
		२२.	गोर्खा (जगात दक्षिण)	२२.	भक्तपुर
		२३.	धादिङ्ग (जगात दक्षिण)	२३.	मोरङ
		२४.	तनहुँ		
		२५.	नुवाकोट		
		२६.	मकवानपुर		
		२७.	सिन्धुपाल्चोक		
		२८.	काभ्रे		
		२९.	रामेछाप		
		३०.	ओखलढुङ्गा		
		३१.	खोटाङ्ग		
		३२.	भोजपुर		
		३३.	धनकुटा		
		३४.	तेह्रथुम		
		३५.	पाँचथर		
		३६.	इलाम		
		३७.	स्याङजा		
		३८.	मुस्ताङ्ग (टुकुचे दक्षिण)		

तालिका २

योजनाको प्रथम बर्षमा प्राथिमकता पाउने जिल्लाहरू:-

सि. नं.	जिल्ला	अञ्चल	अनुदानको प्र.श.
१.	दार्चुला	महाकाली	७५
२.	बाजुरा	सेती	७५
३.	तिब्रिकोट	कर्णाली	७५
४.	जाजरकोट	भेरी	५०
५.	रुकुम	राप्ती	५०
६.	वाग्लुङ्ग	धवलागिरी	५०
७.	गोरखा	गण्डकी	५०

८.	गुल्मी	लुम्बिनी	५०
९.	रसुवा	वाग्मती	७५
१०.	पर्सा	नारायणी	२५
११.	सिन्धुली	जनकपुर	५०
१२.	उदयपुर	सगरमाथा	५०
१३.	संखुवासभा	कोशी	७५
१४.	इलाम	मेची	५०

जिरी बहुमुखी विकास योजना

पहाडी जीवनको विकास कार्यक्रमको सिलसिलामा मौजुदा स्थानीय साधनलाई वैज्ञानिक तरिकाले सञ्चालन गर्न आवश्यक साधन, सुविधा र प्राविधिकहरूको ज्ञान उपलब्ध गराई स्थानीय जनतालाई सुकिलो जीवन यापन गराउने उद्देश्यमा जिरी बहुमुखी विकास योजना सञ्चालन भएको छ। यस योजनाअन्तर्गत क्रमबद्ध जीवन विकास निमित्त वन चरण कृषि प्रसार, सहकारिता, स्वास्थ्य सेवा, पशुपालन, गृह विज्ञान, शिक्षा, पञ्चायत आदि मूलभूत विषयका कार्यक्रमहरूलाई समन्वयात्मक तरिकाले सञ्चालन गराइनेछ। यसको नतिजाको आधारमा नेपालका अन्य पहाडी इलाकाको विकासको निमित्त मद्दत मिल्नेछ।

तालिम कार्यक्रम

विभिन्न तहका स्थानीय पञ्चायतहरूको विकास गरी विकेन्द्रीकरणको सिद्धान्तअनुरुप तिनीहरूलाई देश निर्माणको लागि बढी जिम्मेवारी वहन गर्न सक्ने आवश्यक वातावरण तयार गर्नुका अतिरिक्त साधारण जनतादारीमा रुढीवादी मनोभावनामा परिवर्तन ल्याई उनीहरूमा स्वावलम्वन र आत्मर्निभरताको भावना विकसित गराई राष्ट्रोत्थानको कार्यक्रममा अग्रसर गराउनु वर्तमान पञ्चायती व्यवस्थाको उद्देश्य रहेको छ। राष्ट्र निर्माणको लागि देशको साधन परिचालन गरी देशको आर्थिक तथा सामाजिक उत्थान गर्नुजस्ता कार्यहरूको क्रममा स्थानीय पञ्चायतहरूलाई आवश्यक अधिकारहरू यो व्यवस्थाले सुम्पेको छ। यसर्थ यस्ता गहकिला जिम्मेवारी बहन गरी कर्तव्यनिष्ठ रहनु पर्ने पञ्चायत विकाससम्बन्धी विभिन्न क्षेत्रमा कार्य गर्ने सम्पूर्ण पञ्च तथा कर्मचारीहरू समेतमा कार्य कुशलता बढाई क्षमताको अभिबृद्धि गर्न आवश्यक तालिमको व्यवस्था हुनु अत्यावश्यक भएकाले तालिम कार्यक्रम योजनामा समावेश गरिएको छ।

तालिम कार्यक्रमलाई विशेषतः दुई भागमा विभाजन गरिएको छ, जसअनुसार स्थापना गरिएको अञ्चल प्रशिक्षण केन्द्रहरूबाट जिल्ला स्तरीय शिक्षा, स्वास्थ्य, हुलाक आदि क्षेत्रहरू र विकेन्द्रीकरण योजना कार्यान्वयन अन्तर्गत स्थानीय स्तरमा कार्य सञ्चालन गर्न नियुक्त हुने अधिकारीहरूलाई तालिम प्रदान गर्ने व्यवस्था छ। अर्को प्रकारको तालिम स्थानीय नेता तथा अरु किसिमका ग्रामीण अगुवाहरूलाई उपलब्ध गराइनेछ। हाल रामपुर, चन्द्रगढी र नेपालगञ्ज प्रशिक्षण केन्द्रबाहेक योजनाकालभर पोखरामा पनि एउटा पञ्चायत प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ। उपर्युक्त संस्थामा तालिम कार्यक्रमका अतिरिक्त देशका कुना कुनामा आवश्यकताअनुसार विभिन्न शिविरको आयोजना गरी ग्रामीण जनतालाई उपयोगी हुने विषयहरूमा तालिम दिने व्यवस्था गरिएको छ। यस्ता तालिम शिविर पुरुषा तथा महिला दुवै वर्गको लागि आयोजना गरिनेछ।

प्रशिक्षण केन्द्रबाट तालिम प्राप्त गर्ने व्यक्तिहरूको संख्या

आर्थिक वर्ष	०२७-२८	०२८-२९	०२९-३०	०३०-३१	०३१-३२	जम्मा
रामपुर	४३६	४२७	३९६	५०९	३६७	२,१३५
चन्द्रगढी	४७४	५६६	४९०	४७२	५२८	२,५३६
नेपालगञ्ज	५७३	५५०	४९७	२६४	५६०	२,४४४
जम्मा :						७,११५

अञ्चल स्तरीय तालिम :– यस योजनाकालमा मेची, नारायणी, भेरी, बाग्मती, गण्डकी, लुम्बिनी तथा महाकाली अञ्चलहरूमा शिविर तथा सम्मेलनद्वारा तालिम दिने व्यवस्था गरिएको छ। एक टोलीले अञ्चल भित्र वर्षमा १० वटा शिविर र दुइवटा सम्मेलनको आयोजना गर्नेछ। यी शिविर सम्मेलनहरूमा जनप्रतिनिधि समेतले भाग लिन पाउने छन् र यस योजनाको वर्षहरूमा विभिन्न ठाउँमा ४५० तालिम शिविर खडा गरी १५,००० व्यक्तिहरूलाई तालिम दिने र ९० वटा सम्मेलनको आयोजना गरी ५,००० व्यक्तिलाई तालिम दिने कार्यक्रम छ।

जिल्ला स्तरीय :– अञ्चल स्तरीय तालिम लागू नभएका ३६ जिल्लाहरूमा जिल्ला स्तरीय तालिम, जिल्ला स्तरीय शिविर र सम्मेलनको आयेाजना गरिनेछ। योजना अवधिमा १८०० तालिम शिविर खडा गरी १८,००० व्यक्तिहरूलाई तालिम दिइनेछ।

महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्रले यस योजना अवधिमा विभिन्न जिल्लाहरूमा शिविर खडा गरी सघन कार्यक्रम तयारी गरी तालिम दिने व्यवस्था गर्नेछ यस कार्यक्रमअन्तर्गत जम्मा ७४,८२० व्यक्तिहरूले तालिम पाउने छन् ।

यसै योजना अवधिमा जिल्ला तथा विभिन्न गाउँमा महिला तालिम शिविर खडा गरी तालिमको सघन कार्यक्रम चलाइनेछ र अन्य किसिमको तालिमको लागि योग्य प्राविधिज्ञ तथा महिला कार्यकर्ताको कमीलाई पूरा गर्न यस योजनाकालमा महिला कार्यकर्ता, महिला संगठन कार्यकर्ता, स्वयंसेविका र गृह विज्ञानको तालिम (कलेज स्तरको) दिइनेछ । यसक कार्यक्रमअन्तर्गत ८२५ जनाले तालिम पाउनेछन् ।

स्वयंसेवकहरुको सेवा

गाउँ तथा जिल्लाहरूमा सञ्चालन गरिने आयोजनाहरूलाई सुचारु ढङ्गबाट कार्यान्वित गर्नको लागि प्राविधिक ज्ञान भएका स्वयंसेवकलाई दुई दुई वर्षको निमित्त आयोजनाहरूमा पठाइने कार्यक्रम छ । यसको निम्ति पञ्चवर्षीय योजनामा १९२ जना ओभरसियर र इञ्जिनियर स्वयंसेवकहरू माग गर्ने लक्ष्य छ ।

दुर्गमक्षेत्र विकास योजना

लोक कल्याणकारी राज्यको सिद्धान्तमा आधारित पञ्चायती व्यवस्थाले एक करोड नेपालीको सुख सुविधा वृद्धि गराउने काममा चौतर्फी विकास गर्ने प्रयास गर्दै आएको छ । धेरै लामो अवधिसम्म अविकसित अवस्थामा रहेको यस देशलाई सबै कामको मेलो वसाल्न केही समय लाग्नु स्वभाविकै हो । देशका कति यस्ता भागहरू छन् जसलाई प्रत्यक्ष र विशेष ध्यान नदिएमा त्यहाँको विकास हुन अझ धेरै समय लाग्ने हुँदा श्री ५ को सरकारका विभिन्न अङ्गहरूले प्रयास गरिरहेको विकास कार्यमा बढी सहयोग पुऱ्याउन दुर्गम क्षेत्र विकास समितिको गठन गरिएको छ ।

अविकसित क्षेत्रको स्थानीय आवश्यकता पूरा गर्न सीमाक्षेत्रहरूमा तालिम केन्द्रहरू खोल्नु आवश्यक छ । पशुपालन, चरन व्यवस्था, घिउ, दुग्धसार, ऊन तथा ऊनीसामान उत्पादन, खेती विकास, फलोद्यान तथा जडी-बुटीको सम्भार, सङ्कलन, व्यापार तथा काष्ठ कार्य, गृह निर्माण र स्वास्थ्य शिक्षामा तालिम दिन वहुमुखी माध्यमिक शिक्षालय भएको ठाउँमा शिक्षा विभागसँगको सहयोगमा र त्यस्तो शिक्षालय नभएको ठाउँमा गृह पञ्चायत मन्त्रालयको पञ्चायत तालिम शाखाको सहयोगमा तालिम सञ्चालन गरिनेछ । हाल उपलब्ध भएको स्थानीय सुविधा तथा तालिमको आवश्यता हेरी जुम्ला, जोमसोम, जिरी र सल्लेरी वा यस्तै अन्य उपयुक्त ठाउँ भए ती ठाउँमा गरी जम्मा ४ ठाउँमा प्रयोगको रूपमा सञ्चालन गरिनेछ । यी प्रत्येक ठाउँमा ५० जना सम्म बस्न पुग्ने छात्रावासको लागि स्थायी भवन निर्माण गरिनेछ । यी विभिन्न विषयका प्राविधिज्ञहरूलाई पालैसँग दुइ देखि चा महिनाको अवधिसम्म आवश्यकता हेरी ती तालिम केन्द्रहरूमा संलग्न राखी जिल्ला, अञ्चल र प्रत्येक ग्रा. पं. का प्रत्येक वार्डबाट सदस्यहरू नै वा सदस्यहरूले मनोनित गरेका व्यक्तिहरूलाई तालिम केन्द्रमा बोलाई प्रत्येक प्राविधिक क्षेत्रमा व्यावहारिक तालिम दिइनेछ ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. विकास अनुदान	२,००,००,०००
२. जिरी वहुमुखी विकास योजना	१५,००,०००
३. पञ्चायत प्रशिक्षण केन्द्र	
(क) रामपुर	४०,४६,५००
(ख) चन्द्रगढी	१४,१४,०००
(ग) नेपालगञ्ज	३०,५७,५००
(घ) पोखरा (नयाँ आयोजना)	२५,२५,०००
(ङ) तालिम सामग्री उत्पादन	५,१४,०००
४. घुम्ती तालिम	५०,००,०००
(पुरुष महिला घुम्ती तालिम महिला कार्य प्रशिक्षण तथा प्रसार केन्द्र)	
५. स्वयं सेवक सेवा	२७,०००
६. दुर्गम क्षेत्र विकास (सामाजिक सेवा तर्फ)	३०,००,०००
कुल खर्च :	४,१०,८४,०००

परिच्छेद २६

आवास तथा भौतिक परियोजना

आवास मानिसको एक प्रमुख आवश्यकता हो । देशमा हुने जनसङ्ख्याको वृद्धिको अनुपातमा आवासको समस्या बढ्दै जाने कुरा निर्विवाद छ । तर देशको शहरी क्षेत्रहमा आवगमनको साथ साथै आधुनिक सुविधाहरू पनि विद्यमान भएकोले र यहाँको जनसङ्ख्यामा द्रुततर वृद्धिले गर्दा आवास एक जटिल समस्याको रुपमा पनि देखा पर्न थालेको छ अझ खास गरी राजधानी काठमाडौं र यसका छिमेकी शहर पाटन र भक्तपुरमा यता एक दशकभित्र भएको जनसङ्ख्या वृद्धिले गर्दा आवास समस्या एक विकट समस्याकै रुपमा खडा हुन आएको छ । तेस्रो योजनाको सुरूकै बेलामा पनि काठमाडौं र पाटनमा जम्मा ११,६८२ थप घरहरू आवश्यक देखिएको ठाउँमा विगत केही वर्षभित्र यहाँ भएको जनसङ्ख्याको प्राकृतिक वृद्धि तथा नयाँ आई बस्ने परिवारहरूको निरन्तर वृद्धिले गर्दा घर-परिवार धनत्व देशका अन्य कुनै ठाउँसँग पनि अतुलनीय छ । यस समस्या माथि समयमा नै विचार पुऱ्याउनु सकेनौ भने यस क्षेत्रका मानिस, भूमि तथा जनसेवी साधनहरूको प्रबन्धमा समेत विकट समस्या आई नपर्ला भन्न सकिन्न ।

सिमित साधन र प्रारम्भिक अवस्थाको ख्याल राखी तेस्रो योजनाकालमा आवास कार्यक्रम सानो रूपमा मात्र सञ्चालन गर्ने कुरा उल्लेख भएको थियो । तेस्रो योजनामा उल्लेख भएअनुसार उक्त योजना अवधिमा गरिने यसको कार्य तेस्रो योजनाको संशोधनअनुसार नमुनाको रुपमा १६ आवास घरहरू निर्माण गर्ने निधो भयो । तर एकातिर यसको कमजोरी, प्रशासकीय तथा प्राविधिक क्षमताले यसको लक्ष्य प्राप्तिमा अवरोध पैदा गऱ्यो भने अर्कोतिर प्रायः विदेशीहरूको आवश्यकतामाथि दृष्टिगत राखी भवन निर्माण कार्यमा निजी क्षेत्रले लिएको अभिरूचिबाट निकट भविष्यमा नै शहरहरूमा भौतिक स्वरूपमाथि प्रतिकूल प्रभाव पर्न जान सक्ने हुनाले यसले आफ्नो प्रशासनिक क्षमता बढाउनु र शहरको योजनाबद्ध विकासको लागि भौतिक परियोजना तयार गर्नमा बाध्य हुनपऱ्यो । सोही अनुपरू भवन विभाग आवास तथा भौतिक परियोजना विभागमा परिणत भयो र सुनियोजित शहरी विकासको लागि काठमाडौं उपत्यकाको भौतिक विकास योजना नाम पुस्तक जनसमक्ष प्रस्तुत गरियो ।

चौथो योजनाको कार्यक्रम

उपर्युक्त कुराहरूको व्यवस्था मिलाई देशमा सुनियोजित ढङ्गले शहरहरू बसाउँदै लैजान चौथो योजनाकालमा आवास तथा भौतिक परियोजनाले अनियन्त्रिच ढङ्गले बन्न लागेको शहरहरूमाथि नियन्त्रण गर्न र आधुनिक सुविधाहरू तथा बस्ती घनत्वको अनुकूल उचित स्तरको बसोबास क्षेत्रहरू कायम राख्ने उद्देश्यअन्तर्गत निम्नलिखित कार्यहरू गर्नेछन् :

भौतिक परियोजना :–

सुनियोजित आवास व्यवस्थाको लागि भौतिक परियोजना हुनु अत्यावश्यक छ । तसर्थ बस्ती घनत्व, आधुनिक सुविधाहरू तथा भौतिक वातावरणको अनुकूलतम स्तर कायम गर्न यस योजना अवधिमा तलका आयोजनाहरू सञ्चालन गरिनेछ ।

१. काठमाडौं नेपाल अधिराज्यको राजधानी, श्री ५ को सरकारको प्रशासनको केन्द्र, व्यापारिक केन्द्र तथा प्राचीन र आधुनिक नेपाली कलात्मक वस्तुहरूको पनि भण्डार बनेको हुनाले यहाँ केवल जनसङ्ख्याको मात्र वद्धि नभई सरकारी, गैह्र सरकारी, विदेशी कूटनैतिक व्यक्तिहरू तथा पर्यटकहरूले आफ्ना साथमा ल्याएका सवारीहरूको सङ्ख्याको पनि निकै नै वृद्धि भएको छ । यी सवारीका साधनहरूको वृद्धिअनुसार यसको लागि आवश्यक परिचालन योजना नबनेमा यसबाट मानिसहरूको गत्यात्मकता, बाटोमा परिवहन साधनहरूको परिचालनमा बाधा, विभिन्न प्रकारका दुर्घटनाहरू हुन जाने स्वाभाविक छ । अतः परिचालन योजनाको पूरकको रुपमा यस योजनाकालमा काठमाडौं शहरमा पार्किङ्ग क्षेत्रको निर्माण गरिनेछ

२. विकास क्रम सँगसँग हुँदै जाने नगरिकरणलाई समयमै दृष्टि पुऱ्याउन नसकेमा भविष्यमा यसबाट स्थानीय जनता तथा श्री ५ को सरकारमा समेत विकट समस्या आइलाग्ने कुरा निर्विवाद छ । यस समस्याको रोकथाम गरी शहरहरूको योजनात्मक विकासको लागि यस योजना अवधिमा पोखरा, विराटनगर, धरान, भद्रपुर, नेपालगञ्ज र अरु ठाउँहरूको सुनियोजित ढङ्गबाट विकास तथा सुधार गर्नेतर्फ कदम चालिनेछ

३. देशको धार्मिक तथा ऐतिहासिक महत्वका स्थानहरूको विकास गर्ने सन्दर्भमा यस योजनाकालमा भगवान बुद्धको जन्मस्थल लुम्बिनीको विस्तृत सर्वेक्षण गरी एक योजना तयार पारिनेछ र तदनुरुप नयाँ विकास क्षेत्रमा पिउने पानी आदिको सुविधाहरू नजिकको बसोबास क्षेत्रमा उपलब्ध गराइनेछ ।

आवास :–

यस योजनाकालमा आवास प्रबन्धको लागि देहायका कामहरू सञ्चालन गरिने छन् ।

१. काठमाडौं शहरी क्षेत्रमा भएको बस्ती घनत्व तथा जनसङ्ख्या वृद्धिलाई ध्यानमा राखी यस पञ्चवर्षीय योजनाभित्र कालीमाटीदेखि बालाजुसम्म आवासको लागि विस्तृत सर्वेक्षण गरी त्यहाँ घ निर्माणको लागि आवश्यक सुविधाहको निर्माण गर्ने र मध्यम तथा निम्न वर्गका परिवारहरूलाई सुपथ मोलमा घर निर्माणको लागि जग्गा बिक्री वितरण गरिनेछ ।

२. व्यापार तथा औद्योगीक दृष्टिकोणले महत्वपूर्ण पोखरा, विराटनगर तथा वीरगञ्जमा भौतिक योजनाको गुरुयोजना अनुसार छुट्याइएका क्षेत्रमा नयाँ बसोवासको लागि आवास योजना बनाइनेछ ।

आयोजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
१. काठमाडौं शहरमा सवारी राख्ने क्षेत्रको निर्माण	५,००,०००
२. पोखरा, विराटनगर, वीरगञ्जको भौतिक विकास योजना र भरतपुर, धरान आदि ठाउँहरूको विकास र सुधार	५,००,०००
३. लुम्बिनी विकास	३,००,०००
४. कालिमाटीदेखि बालाजुसम्मको आवास प्रबन्ध	१,००,००,०० ०
५. पोखरा, विराटनगर आदि शहरमा आवस व्यवस्था	१५,००,००
जम्मा :	१,२८,००,०००

परिच्छेद २७

सूचना तथा प्रसार

देश विकासको क्रममा चालिने कुनै पनि आर्थिक र सामाजिक योजनाको सफलता नै जनताको सक्रिय सहयोगमा निर्भर गर्दछ। जनतामा नयाँ चेतना, विकासको लहर र जागरण दिलाउन अन्य कुराहरूको अतिरिक्त पनि देशको विकास क्रममा सरकारले उठाएका कार्यक्रम तथा अन्य गतिविधिहरू बोध गराउन आवश्यक छ अझ हाम्रो जस्तो विकट भौगोलिक अवस्था भएको देशको विकासका लागि अन्य कार्यक्रमहरूको अतिरिक्त सूचना प्रसार कार्यको ठूलो महत्व हुनु स्वाभाविक छ।

तेस्रो योजनामा विकास कार्यक्रमअनुसार जम्मा १३० प्रकारका पुस्तक पुस्तिका, १९ किसिमका फोल्डरहरू र २५ किसिमका दृश्यसम्बन्धी पोष्टरहरू प्रचारमा ल्याइ दिएको थियो। साथै २ वटा कथा चित्र र १९ वटा वृत्तचित्र पनि तयार भएका छन्। यसरी नै दुर्गम क्षेत्रहरूमा घुम्ती टोलीहरू पठाई चित्रहरू प्रदर्शन पनि गरिएको छ। छापाखाना विकासको सिलसिलामा जम्मा ५६,००० पौण्ड मूल्यको मेशीन मगाइएको छ र एक लाइनो मेशीन पनि गोरखापत्रलाई उपलब्ध गराइएको छ। छापाखानालाई राउटिंग मेशीन उपलब्ध भएकोले हालसम्म जम्मा ४,३९० ब्लक र १,६५५ थान फोटो पनि तयार भएको छ।

यसरी नै प्रसारतर्फ पनि विभिन्न पञ्चायतहरूमा गरी जम्मा ३७४ श्रवण केन्द्रहरूको स्थापना भयो र १०० किलोवाटको सर्टवेभ मिटरसमेत जडान भई प्रसार सेवा सुरू भएको छ। त्यस ट्रान्समिटरबाट प्रसारित कार्यक्रम वाह्य देशहरूबाट पनि राम्ररी सुन्न सकिने भएको केही कर्मचारीहरूलाई रेडियो प्रोग्राम र अरु विषयहरूमा तालिम पनि दिइएको छ।

चौथो योजनाको कार्यक्रम

क. प्रसार

देशभित्रका कलाकारहरूको प्रतिभालाई बढी से बढी मात्रामा प्रकाशमा ल्याउन र स्थानीय विकास कार्यलाई बढी प्रोत्साहन दिन देशभित्र विभिन्न क्षेत्रीय स्टेशनहरू खोली प्रसारण सेवालाई सुदृढ पार्नु आवश्यक देखिन्छ। काठमाडौंमा हाल चालू १० किलोवाट मिडियम वेभ ट्रान्समीटर एकलाई क्षेत्रीय स्टेशनमा परिणत गर्ने सोही खालको अरू थप १ स्टेशन पश्चिम पहाडमा राखिनेछ।

ख. सूचना

सूचना क्षेत्रको चौथो योजना अवधिमा निम्नलिखित कार्यक्रमहरू सम्पन्न गरिनेछन् :

१. श्री ५ को सरकारको छापाखाना

नयाँ छापाखानाको कार्यक्रम सञ्चालन गर्ने दक्ष व्यक्ति तयार गर्न आयोजनाको पहिलो वर्षमै प्राविधिकहरूलाई संयुक्त अधिराज्यमा दुई दुई वर्षसम्मको तालिममा पठाइनेछ। चौथो योजनाकालसम्म एक भवनको निर्माणको साथै आवश्यक सामानहरू जडान गरी मुद्रण कार्य चालू हुनेछ।

२. चलचित्र

नेपालमा यता केही वर्षदेखि उद्योगतर्फ रुचि बढ्दै गएको छ र श्री ५ को सरकारबाट पनि चलचित्रहरू धेरै मात्रामा निर्माण भैसकेका छन्। तर आधुनिक युगको आम सञ्चारको सबभन्दा प्रमुख साधनको रुपमा रहेको यस फिल्म निर्माणको काम विदेशमा गर्दा धेरै महंगो हुन गईरहेकोले र देशलाई यस दिशातर्फ पनि आत्मनिर्भर बनाउन वाञ्छनीय भएको हुँदा चौथो योजनामा पनि यसलाई समावेश गरिएको छ।

यस आयोजनाको मुख्य उद्देश्य यहीँ नै स्टुडियो तथा लेवोरेटरी निर्माण गरी नेपालमै चलचित्र निर्माण गर्न सकिने स्थिति बनाउनु हो। अहिलेसम्म यस विभागबाट तयार गरिने चलचित्रहरू यहीँ खिची भारतीय लेवोरेटरीमा लगी तयार गरिन्छ। सो सबै काम यहीँ हुने भएपछि खर्च कम हुनुको साथै चलचित्रहरू यथासमयमै निकाल्न सकिनेछ। लेवोरेटरीको निमित्त छुट्टै घर बनाउनु भन्दा त्यसको निमित्त १२ कोठा भएको एक उपयुक्त घको व्यवस्था मिलाउने र प्राविधिकहरूलाई सम्बन्धित काममा विदेशमा तालिम दिलाउने व्यवस्था गरिनेछ।

योजनाको लागि अनुमानित खर्च

आयोजनाको नाम	विकास खर्च
सूचना विभाग	
१. चलचित्र निर्माण	रु. २२,००,०००।-
२. छापाखाना	रु. २३,७१,०००।-
जम्मा :	रु.४५,७१,०००।-
प्रसार विभाग	
१. क्षेत्रीय रेडियो स्टेशन (पश्चिम पहाडमा)	रु.३२,००,०००।-
(क) ट्रान्समिटर १ र अन्य मालसामान (भन्सार वाहेक)	रु.२८,००,०००।-
(ख) घर जग्गा	रु. २,५०,०००।-
(ग) निर्माणसम्बन्धी अन्य खर्च	रु.१,५०,०००।-
जम्मा :	रु. ३२,००,०००।-
सूचना विभाग र प्रसार विभाग दुबैको जम्मा :	रु. ७७,७१,०००।-

परिच्छेद २८

प्रशासन सुधार

देशको आर्थिक तथा सामाजिक विकासको निमित्त निर्धारित नीति, निर्णय र निर्देशनलाई कानुनको परिधि भित्र रही न्यायपूर्ण ढङ्गबाट कार्य सञ्चालन गर्न देशमा एक सक्षम, प्रभावकारी तथा जनसेवी प्रशासन यन्त्रको आवश्यकता पर्दछ। यसका अतिरिक्त प्रशासन कार्यको अभूतपूर्व वृद्धिले गर्दा यसलाई योजनाबद्ध तरिकाले सुधार ल्याउन यस योजनाकालका प्रशासन सुधारसम्बन्धि आवश्यक केही आयोजनाहरू सम्मिलित गरिएका छन्।

तेस्रो योजनाको प्रगति :

तेस्रो योजना अवधिभित्र केन्द्र स्थित प्राय: सबै कार्यालयहरूको संगठन र कार्यविधिको सर्वेक्षण गर्नुको साथै स्थायी प्रकृतिका दरवन्दीहरूलाई स्थायी गर्ने तर्फ विकासका १५०० दरवन्दीहरू मध्ये १२०० दरवन्दीहरूको छानविन भैसकेको छ। प्रशासन सुधार आयोगको प्रतिवेदनमा परेका कतिपय सुझावहरूको कारवाही र कर्मचारी सुधार क्रममा निजामती सेवा नियमावली ऐन र नियमका आवश्यक संशोधन र निर्देशन, नयाँ ढाँचाको कर्मचारी गोप्य प्रतिवेदनको तयारी, वृत्ति विकास योजनाको कार्यान्वयन, पद वर्गीकरण सर्वेक्षणको कार्यान्वयन, कर्मचारी प्रशासन दिग्दर्शन र आचार संहिता पुस्तकहरूको प्रकाशन र वितणर टाइपिष्टहरूको वर्गीकरणजस्ता कार्यहरू सञ्चालन भइसकेका छन्। निजामती किताब खानाको सर्वेक्षण र सक्दो मात्रामा वैज्ञानिक तवरले निजामती किताबखानाको सुधार गरिएको छ। प्रशासनमा बढी कार्यदक्षता ल्याउन सेवा प्रवेश प्रशिक्षण र सेवाकालीन प्रशिक्षण क्रमश: १३० र ७७६ जना राजपत्रांकित कर्मचारीहरूलाई प्रशिक्षण दिइसकेका छन्। यसरी नै राजपत्र अनंकित कर्मचारीतर्फ सहायक प्रशिक्षणमा ४६३ जना, टाइपिङ्गमा ५२९ जना, जिल्ला प्रशिक्षणमा १३७० जना, टाइपिङ्ग व. आ. अन्तर्गतको भत्ताको लागि १००१ जना, संकेत लिपिमा ५५ जना, वर्गिकृत टाइपिङ्ग प्रशिक्षणमा ४८ जना र नेशनल ट्रेडिङ्ग लि. का १५ जना कर्मचारीहरूलाई साधारण व्यवस्थासम्बन्धी प्रशिक्षण पनि दिइएका छन्।

चौथो योजनाको कार्यक्रम

चौथो योजनामा निम्न प्रकारका आयोजनाहरु राखिएका छन्।

१. प्रशासकीय प्रशिक्षण

श्री ५ को सरकारको कार्यमा अभूतपूर्व अभिवृद्धिको परिणाम स्वरुप प्रशासनमा पविर्तन तथा योग्य र तालिमप्राप्त कर्मचारीहरूको अभाव पूर्तिका लागि यस योजनाकालसम्ममा देहायका आयोजना सञ्चालन गरी कर्मचारीहरूलाई तालिम दिइनेछ

क. राजपत्रांकिततर्फ प्रशिक्षण

सेवामा प्रवेश गर्ने र गरिरहेका कर्मचारीहरूलाई वस्तुस्थितिको ज्ञान दिन र निहित कर्तव्य उचितपूर्वक वहन गर्न सक्षम तुल्याउन यस योजना अवधिभित्र ५०० जनालाई सेवा प्रवेश प्रशिक्षण २०० जनालाई सेवाकालीन प्रशिक्षण दिइनेछ। यसरी नै विभिन्न विभागहरूबाट सञ्चालन गरिएका सेवा प्रवेश तथा सेवाकालीन प्राविधिक प्रशिक्षणहरूमा प्रशासकीय विषयहरूको अभावपूर्तिको निमित्त उल्लिखित सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षणका विषयहरूबाट परिपूर्ति गर्न सकिनेछ। विशिष्ट तथा प्रथम श्रेणीमा राजपत्रांकित कर्मचारीहरूलाई अधिराज्यका विभिन्न स्थानहरूमा विचारको आदान प्रदानको निमित्त गोष्ठीहरूको आयोजना गरिनेछ।

ख. राजपत्रअनांकिततर्फ प्रशिक्षण

अधिकृत मूलहरू प्रशासनमा कुशल सहायकको दरकार पर्दछ। तसर्थ यस योजनाभित्र केन्द्रीय सचिवालयका १२०० कर्मचारीहरूलाई सहायक तालिम दिइनेछ। उक्त तालिममा ना. सु. र खदिराहरूलाई नेपाली संकेत लिपि र टाइपिङ्ग प्रशिक्षण पनि समावेश गरिनेछ।

ग. जिल्ला प्रशिक्षण

जिल्ला र क्षेत्रीय कार्यालयहरूमा अधिकृत मूलक व्यवस्था व्यावहारिक नभएकोले विगत योजनामा झैं उक्त क्षेत्रका कर्मचारीहरूलाई प्रशासकीय प्रशिक्षण र टाइपिङ्ग प्रशिक्षण दिइनेछ। यस सिलसिलामा केन्द्रबाट गएको दुई टोलीले २० जिल्लामा प्रक्षिण दिन सकिनेछ। उक्त टोलीले जिल्ला स्तरीय कार्यालयहरूको ओ. एण्ड एम. सम्बन्धी सर्वेक्षणको प्रतिवेदन पनि तयार गर्नेछ।

२. निजामती कर्मचारी प्रशासन सुधार

कर्मचारीको योग्यतामा वृद्धि गरी युगानुकूल मनोभावनाको सृजना गर्न र कार्यदक्षता वृद्धि गर्न प्रशासन सुधार सम्बन्धमा देहायका आयोजनाहरू सञ्चालन गरिनेछन्।

क. कार्य विवरण सर्वेक्षण

प्रत्येक पदको काम कर्तव्य छुट्याई समान कार्य गहनता र योग्यताको आधारमा पदहरू एकै स्तरमा विभाजन गर्न यस सर्वेक्षणबाट धेरै मद्दत हुनेछ । पदहरूको लागि उपयुक्त कर्मचारी खोज्न वा तयार गर्न वा नियुक्ति वा बढुवाको अतिरिक्त यसबाट कर्मचारीहरूलाई कार्य संतोष मिली कार्य दक्षता पनि बढ्नेछ ।

ख. वृत्ति विकास योजना

कार्य विवरण सर्वेक्षणको काम पूरा भएपछि कार्य समूह र पदहरूको लागि आवश्यक आधार निश्चित हुन गई निजामती सेवाका सबै समूहको वृत्ति विकास योजना तयार गरिनेछ ।

ग. कर्मचारीहरूलाई हौसला बढाउने

सेवामा सुरक्षा, कार्य सन्तुष्टि र स्थिरताको भावना पैदा गर्नुको साथै नियुक्ति, सरुवा, बढुवा आदिमा पनि स्वस्थ परम्परा बसाल्न निजामती सेवासम्बन्धी नियमहरू पुनावलोकन वा नयाँ तर्जुमा गरिनेछन् । कर्मचारी तथा निजका आश्रित परिवारका व्यक्तिहरूको जीविका, स्वास्थ्य, शिक्षा, आवास तथा अन्य आवश्यक सहुलियत प्रदान गर्ने सम्बन्धी कुरा पनि निजामती सेवा नियमावलीमा समावेश गरिनेछ ।

घ. कर्मचारीहरूको अवकाश

प्रशासन सेवालाई क्रियाशील बनाउन सेवामा उन्नति तथा अघि बढ्न नसक्ने र असन्तुष्ट कर्मचारीहलाई हटाई नयाँ जोश, नयाँ विचार भएका नवयुवकहरूलाई सेवामा स्थान दिन सेवान्त सुविधामा सुधार गर्न निजामती सेवा नियमावलीमा आवश्यक संशोधन गरिनेछ ।

३. संगठन र कार्यविधि

कर्मचारीहरूको कार्य क्षमता वृद्धि गर्न निजामती सेवाको संगठन र यसको कार्यविधिमा देहाय वमोजिम सुधार गरिनेछन् ।

क. प्रशासन सर्वेक्षण

यसअन्तर्गत श्री ५ को सरकारको केन्द्रीय तथा क्षेत्रीय कर्यालयहरूमा सर्वेक्षण गरी संगठनको कार्यविधिमा अझ सरलीकरण गर्ने उपायहरू, अधिकार प्रत्यायोजन, समन्वय आदि विषयमा अध्ययन गरी सुझाव पेश गरिनेछ ।

ख. प्रशासन सुधार

यसअन्तर्गत प्रशासन सर्वेक्षणको प्रतिवेदनहरू अध्ययन गरी आवश्यक कारवाही गरिनेछ ।

ग. प्रशासनमा जनभवनानुकूल सुधार ल्याउने

समय समयमा हुने प्रशासन विषय चर्चा, सम्मेलन र आयोग तथा विशेषज्ञहबाट दिइएको सुझाव तथा सिफारीसहरू छानविन गरी प्रशासनलाई जनभावनानुकूल सुधार गर्न आवश्यक कदम उठाइनेछ ।

घ. हरिहर भवनमा यस कार्यालयको लागि भौतिक व्यवस्था मिलाउन आवश्यक निर्माण तथा सुधार कार्य गरिनेछ ।

आयोजनाको लागि अनुमानित खर्च

सि.नं.	आयोजनाको नाम	विकास खर्च
१	पद वर्गीकरण आयोजना	रु. २,००,०००।-
२.	सबै मन्त्रालय विभाग र अन्तर्गतका कार्यालयहरूको प्रशासकीय सर्वेक्षण आयोजना	रु. ९०,०००।-
३.	अनुसन्धान तथा प्रशासन योजना	रु. १,००,०००।-
४.	राजपत्रांकित द्वितीय, प्रथम र विशिष्ट श्रेणीको अध्ययन गोष्ठीको आयेाजना	रु. ७५,०००।-
५.	तालिम आयेाजना	रु. १८,३२,०००।-
६.	हरिहर भवन निर्माण सुधार आयोजना	रु. ३,००,०००।-
	जम्मा :	रु. २५,९७,०००।-

परिच्छेद २९

तथ्याङ्क

विकास योजना तर्जुमा गर्न चाहिने प्रमुख आधार नै तथ्याङ्क हो । तथ्याङ्क बिना कुनै पनि योजना तयार गर्न खोज्नु असम्भाव्य चेष्टा भनिदिए हुन्छ । नेपालमा पनि गत योजनाहरूको व्यावहारिकता र सफलताको मात्रा कम हुनाको कारण आवश्यक तथ्याङ्कहरू कै अभाव हो भन्न सकिन्छ । यही अभाव पूर्ति गरी विभिन्न क्षेत्रमा वस्तुस्थितिको सही जानकारी लिन तथ्याङ्क विकास कार्यक्रमलाई समेत गत योजनाहमा पर्याप्त स्थान दिइयो ।

तथ्याङ्क सङ्कलन र विश्लेषणको इतिहास नेपालमा धेरै पुरानो छैन । जनगणनाको परम्परा सम्वत् १९६८ देखि सुरू हुन्छ तापनि कृषि तथ्याङ्क, औद्योगीक तथ्याङ्क र अन्य सामाजिक, आर्थिक तथ्याङ्कहरूको कामको सुरू यही एक दशक भित्रै भएको छ । यस सन्दर्भमा २०१८ सालको जनगणना र कृषि गणना, २०२३ सालको औद्योगीक गणना, २०२१।२२ आर्थिक वर्षदेखिको राष्ट्रिय उत्पादनको अनुमान र २०१३।१४ सालदेखिको आयात निर्यात तथ्याङ्कहरू विशेष उल्लेख्य छन् ।

उपर्युक्त कामहरूमा अझ बढी दक्षता र तीव्रता ल्याउन केन्द्रीय तथ्याङ्क विभागको पहिलेको विषय अनुसारको संगठन प्रणालीलाई तेस्रो योजनाको अन्तिम वर्षमा परिवर्तन गरी यसलाई कार्य मूलक बनाइएको छ र निर्देशनालयलाई महानिर्देशनालयमा विस्तृत गरिएको छ । प्रत्येक क्षेत्रीय कार्यको लागि केन्द्रबाट कर्मचारी पठाई विवरण संकलन गर्ने गरी आएकोमा यो तरिका धेरै खर्चिलो र ज्यालादारीबाट काम गराउन कम भरपर्दो हुन आएकोले अधिराज्यका पचहत्तरै जिल्लामा कार्यालयहरू खोली तिनबाट स्थानीय तथ्याङ्क विवरणहरू बटुली केन्दंमा पठाउने र केन्द्रमा त्यसको सारिणीकरण तथा विश्लेषण गर्ने परम्परा तेस्रो योजनाको अन्तिम वर्षदेखि बसालिएको छ । विभागको बढ्दो संगठन र कार्यक्षेत्रको विस्तारले गर्दा हुन आएको बढी ठाउँको आवश्यकता महसुस गरी विभागको एक नयाँ भवनको निर्माण पनि पूरा गरिएको छ

चौथो योजना

तथ्याङ्कलाई सकभर भरपर्दो गराउने र छिटो उपलब्ध हुने तरिका अपनाउन चौथो योजनाकालमा स्तर निर्धारण, समन्वय र यन्त्रीकरण कामहरू गरिनेछन् । एकै प्रकारका तथ्याङ्कहरू अलग २ संस्था तथा सरकारी कार्यालयहरूबाट निकाल्दा तिनमा भिन्नता देखिन गै स्तरीय गाउन नसकिने र प्रयोक्ताहरूलाईसमेत भ्रम पर्नसक्ने भएकोले कुनै एक संस्थाले संकलन गरेको तथ्याङ्क तथा विवरणहरू अर्कोले पनि संकलन गरी दोहोरो पर्न जाने स्थितिलाई नियन्त्रण गर्ने प्रबन्ध चौथो योजना गरिनेछ । संकलनको काम जुनसुकै विभागले गरे तापनि त्यसको लगत केलाउने, सारिणीकरण गर्ने र स्तर निर्धारण तथा समन्वय गर्ने काम केन्द्रीय तथ्याङ्क विभागबाट हुनेछ । ठूला खालका गणना र सर्वेक्षण भने केन्द्रीय तथ्याङ्कबाट नै गरिनेछन् ।

कार्यक्रमः

१. प्रत्येक १०।१० वर्षमा गरिने राष्ट्रिय जनगणना संवत् २०२८ सालमा गरिनेछ । यस पटकको जनगणना पहिलेकोभन्दा बढी सूचना संकलन हुन सक्ने र अन्तर्राष्ट्रिय दाँजोमा दाँज्न सकिने रुपमा गरिनेछ । हालसम्म देशमा श्रमसम्बन्धी तथ्याङ्कको अभाव भैरहेकोले जनशक्ति योजनामा कठिता पर्न गएको छ । यो अभाव पूर्ति गर्न यस जनगणनामा श्रमसम्बन्धी आवश्यक प्रश्नहरू प्रश्नावलीमा समावेश गरिनेछन् ।

२. हाम्रो देशमा कृषिसम्बन्धी तथ्याङ्कको विशेष महत्व भएकाले कृषि गणना पनि प्रत्येक १०।१० वर्षमा गर्ने परम्परा बसाल्नु पर्ने भएको छ । नेपालमा यसअघि २०१८ सालमा अधिराज्यका १० प्रतिशत गाउँ छनौट गरी पहिलो कृषि गणना गरिएको थियो अब २०२८ सालमा गरिने उक्त गणनालाई अझै भरपर्दो गराउन १५ प्रतिशत गाउँ पञ्चायतका ओडाहरूमा छनौट प्रणालीद्वारा गरिनेछ ।

३. जनसङ्ख्याको आवधिक वृद्धि र तत्सम्बन्धी अरु कुराहरू जान्न प्रत्येक २।२ वर्षमा जनसङ्ख्या सर्वेक्षण गर्नुपर्दछ । यो कार्य योजनाको तेस्रो र पाँचौ वर्षमा गरिनेछ ।

४. माथि लेखिएका कामहरूको अतिरिक्त प्रयोक्ताहरूको आवश्यकतालाई ध्यानमा राखी निम्नलिखित अन्य कामहरू चौथो योजनाकालमा गरिनेछन् ।

(क) पशु धन सर्वेक्षण (ख) कृषि लगानी सर्वेक्षण
(ग) आन्तरिक व्यापार सर्वेक्षण (घ) औद्योगीक गणना
(ङ) माछा खेती सर्वेक्षण (च) पारिवारिक सर्वेक्षण
(छ) राष्ट्रिय उत्पादनको वार्षिक अनुमान ।

५. उपर्युक्त सबै तथ्यहरूको संकलनपछि सकभर छिटो लगत केलाई जनसमक्ष प्रकाशमा ल्याउन आधुनिक प्रकारको लगत केलाउने यन्त्र र तत्सम्बन्धी उपकरणहरू विभागको भवनमा जडान गरिनेछन् ।

अनुमानित खर्च

१. जनगणना	रु. ९७,९०,०००
२. कृषि गणना	रु. ४६,५०,०००
३. जनगणना सर्वेक्षण	रु. ३,००,०००
जम्मा :	रु. १,४७,४०,०००

मूल्यमा २०३१।३२ मा राष्ट्रिय उत्पादन रु. ७८७.३ करोड र २०२१।२२ देखि २०२५।२६ अवधिमा भएको वृद्धि मात्र रु ५३.७ करोड हुने अनुमान छ ।

तालिका १

राष्ट्रिय उत्पादन (जी.डी.पी.)

आर्थिक वर्ष	(२०२१।२२ को मूल्यमा)	रु. १० लाखमा
	राष्ट्रिय उत्पादन	वृद्धि
२०२१।२२	५८,८३	–
२०२२।२३	५८,५६	–२७
२०२३।२४	५८,९६	४०
२०२४।२५	६२,८२	३८६
२०२५।२६+	६४,२०	१३८
२०२६।२७+	६५,६१	१४१

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग+ अनुमानित

त्यस्तै पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन) को अनुमान केन्द्रीय तथ्याङ्क विभाग आर्थिक वर्ष २०२१।२२ देखि २०२४।२५ सम्मको तयार गरिसकेको छ । सो अनुमान प्रचलित बजारको मूल्यमा हुँदा त्यसलाई पनि राष्ट्रिय उत्पादनको अनुमान जस्तै २०२१।२२ को मूल्यमा परिणत गर्न उपयुक्त मूल्य सूचीको अभावमा मेशीनरी रसायनको हकमा भारतका मूल्य सूची र अन्य किसिमको रकममा काठमाडौंको मूल्य सूची प्रयोग गरिएको छ । यस हिसाबले उपर्युक्त अवधिमा प्रचलित मूल्यअनुसार कुल पुँजी निर्माण रु. १००६.७ करोड अनुमान गरिएकोमा २०२१/२२ को मूल्यमा रु. ९२९.९ करोड मात्र देखिन आएको छ । तर केन्द्रीय तथ्याङ्क विभागबाट अनुमान गरिएको पुँजी निर्माणको अङ्क दोहोऱ्याउनु पर्ने र धेरै कुराहरू समावेश गर्न बाँकी नै छ । उदाहरणको लागि मेशनरी अन्तर्गतको अङ्क २०२३/२४ र २०२४/२५ मा घट्न नपर्ने तर सो घटेको कारण पत्ता लगाउनु बाँकी नै छ । साथै मेशिनरीका ढुवानी, जडान आदिमा परेको खर्च पनि जोड्न बाँकी नै छ । सरकी समर्थन तथा अन्य औद्योगीक संस्थाहबाट गरेका निर्माण कार्यहरूको हिसाब हुन पनि बाँकी नै छ । यी सबै कारणहरूको आधारमा २०२१/२२ देखि २०२४/२५ को अवधिमा २०२१/२२ को मूल्य पुँजी निर्माणको रकम रु. ९२९.९ करोडबाट बढी रु. १२५० करोडको अनुमान गरिएको छ ।

तालिका २

पुँजी निर्माण (ग्रस क्यापिटल फर्मेशन)

(रु.१० लाखमा)

आर्थिक वर्ष	मेशीनरी र सामान	श्री ५ को सरकारको निर्माण	आवास घर	पञ्चायत	जम्मा	जम्मा २०२१।२२ मूल्यमा
२०२१।२२	४४	४५.७	१०१.९	१९५.७	१९५.७	१९५.७
२०२२।२३	३३.७	८३.९	१२९.५	९.६	२५६.७	२४४.४
२०२३।२४	१८.३	८९.२	१४२.६	७.२	२५७.३	२३४.०
२०२४।२५	१६.५	१२२.१	१४५.७	१२.७	२९७.०	२५५.८
जम्मा :	११२.५	३४०.९	५१९.७	३३.६	१००६.७	९२९.९

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

उपर्युक्त अनुमानको आधारमा २०२१।२२ देखि २०२५।२६ को अवधिमा एक वर्षको समयान्तरको हिसाबले पुँजी निर्माण र राष्ट्रिय उत्पादन वृद्धिको अनुपात २.३ देखिन आएको छ । चौथो योजनाकालमा २०२६।२७ को दाँजोमा २०२१।२२ को मूल्यमा २० प्रतिशत (अर्थात, सामान्य औसतको हिसाबले वार्षिक ४ प्रतिशत) ले राष्ट्रिय आय बढाउन रु. १३१.२ करोडको वृद्धि हुनुपर्ने देखिन्छ । तेस्रो र चौथो योजनाअन्तर्गत विभिन्न आर्थिक क्षेत्रको लगानीको विभाजन हेर्दा सामान्यत: चौथो योजनामा पुँजी र उत्पादन बीचको अनुपात बढ्ने देखिन्छ, तर विभिन्न क्षेत्रमा मौजुदा उत्पादन क्षमताको अपूर्ण उपयोगको समेत विचार गर्दा चौथो योजनाकालमा उक्त अनुपात २.५

हुने अनुमान गर्नु अनुपयुक्त देखिँदैन । यस हिसाबले चौथो योजनाअन्तर्गत रु. ३२८ करोडको लगानी हुनुपर्ने देखिन्छ, तर योजनाकालमा सबै क्षेत्रमा गरी जम्मा रु. ३५४ करोड लगानी हुने अनुमान छ, जुन निम्नलिखित स्रोतबाट पूरा हुने अनुमान गरिएको छ ।

लगानीको स्रोत

सरकारी क्षेत्र	–	रु. २१९ करोड
पञ्चायत♦	–	रु. १० करोड
आवास घरहरू	–	रु. ६० करोड
आवास वाहेक अन्य गैर सरकारी क्षेत्र	–	रु. ६५ करोड
जम्मा :		रु. ३५४ करोड

♦आफ्नै साधनबाट हुने लगानी मात्र

यी स्रोतहरू बारेको विवरण अन्यत्र प्रस्तुत भइसकेको छ, तर आवास घर निर्माणको लागि चाहिने अनुमानित रु. ६० करोड स्वत पूर्ति हुन आउने अनुमान छ । यसको लागि कुनै वित्तीय संस्था वा सरकारी स्रोतबाट व्यहोरिने व्यवस्थाको विचार गरिएको छैन ।